कौटिल्यको अर्थशास्त्र

नेपाली-भाषानुवाद

संस्कृत-मूलसहित

सम्पादक

पंडितराज सोमनाथ शर्मा

अनुवादक

केशवराज अर्याल

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति विभाग

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति विभाग
काठमाडौं, नेपाल

शर्तबमोजिम सर्वाधिकार प्रकाशकमा सुरक्षित
प्रथम संस्करण, २०२४ वि० सं०

मुद्रक
बालकृष्ण शास्त्री
ज्योतिष प्रकाश प्रेस,
कालभैरव मार्ग, वाराणसी–१

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव
कुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

श्री५ महाराजाधिराज (कुलपति)—बाट

बक्सेको सन्देश

हिमवत्खण्डले साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिइआएको विशेष योगदानको महत्त्वलाई सबैले बुझेकै छन्—

ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्न आएका व्यवधानलाई अब पन्छाएर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ—

यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमशः पूर्ति हुनेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिनेछ भन्ने आशा गर्दछु।

प्रकाशकीय

श्री केशवराज अर्यालले गर्नुभएको श्री चाणक्याचार्यको कौटिल्य अर्थशास्त्रको अनुवाद नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान संस्कृति विभागको त्रिवर्षीय योजनानुसार भएको हो। यस्तो अपूर्व ग्रन्थको यस्तो पूर्ण रूपले हाम्रो भाषामा अनुवाद भएको थिएन। अझ यसमा संस्कृत मूलसमेत भएकोले विशेष गड़ेर अध्ययन गर्नेहरूको निंति पनि उपयोगी हुन गएको छ। यस्तो गहन विषयको पनि यस्तो सरल अनुवाद गर्नु श्री अर्यालज्यूको प्रशंसनीय कार्य हो।

के ऐतिहासिक के सामाजिक के अर्थशास्त्री सबै विद्यामा रुचि राख्नेहरूलाई यस ग्रन्थबाट ठूलो लाभ होला भन्ने मलाई लाग्दछ। यस्ता ग्रन्थको अनुवादले नेपाली भाषा धनी मात्र होइन गौरवान्वित पनि हुन्छ भन्ने मेरो धारणा छ।

काठमाडौं
२०२४ पौष १ गते

—बालकृष्ण सम
का. मु. उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रस्तावना

परमार्थ र पुरुषार्थ—

प्राचीन आर्यहरूको निर्देशनमा प्रत्यक्ष र परोक्ष यस्ता दुइथरी जगत्को वर्णन पाइन्छ। वर्तमान प्रत्यक्ष-जगत् दृश्यरूपमा सबैको अगाडि विद्यमानै छ, प्रत्येक जनजीवन यसैसंग सम्बद्ध छ। यो जीवनको प्रारम्भ र समाप्तिको पूर्व र उत्तरकालमा बेहोरिने परोक्ष-जगत् अदृश्य छ तापनि यो जीवनको आदि र अन्त त्यससंग शृङ्खलित भएर रहेको छ। सो शृङ्खला नतोडिएसम्म ग्रह-मण्डलको झैं प्राणि-मण्डलको दृश्य र अदृश्यपथ लिएर अविच्छिन्न यात्रा चलिरहन्छ। यो यात्रा कहिले टुङ्गिने हो अनिश्चित छ। यो यात्रामा दृश्य भागमा र अदृश्यभागमा श्रेय र प्रेय यी दुइ उपादेय लक्ष्य छन्। प्रेयलाई लक्ष्य गरेर दृश्य यात्रा चल्दछ, अदृश्य यात्राको लक्ष्य श्रेय मानिएको छ। प्रेयभन्दा श्रेय चिरस्थायी विशुद्ध लक्ष्य मानिएको पनि छ।

दृश्य यात्रामा कटु मधुर आस्वादको सङ्घर्ष चलिरहने हुँदा मधुर आस्वादको मात्रा बढी गराउन पुरुषार्थ, अदृश्य यात्रा चोखा आनन्दमय बनोस् भनि परमार्थ साध्य भएको छ। यी दुइको साधनामा कोही कुनैतर्फ ढल्कन्छन्। वास्तवमा यी दुवै उपादेय छन्, तर दायाँ हातमा श्रेयःसाधन परमार्थ लिएमा, बायाँ हातमा प्रेयःसाधन पुरुषार्थ पनि हुनुपर्दछ। प्रेयःसाधना अगाडि लाएर आखिरमा श्रेयसाधनातर्फ विशेष दृष्टि दिएमा यो जीवनयात्राको दुवै पाखो उज्यालो बन्दछ। अगाडिको बाटोमा पाइने विविध आस्वादले वाक्क हुनशके पछाडिको बाटो आनन्दमय बनाउन श्रद्धा बढ्दछ।

श्रेयोमार्गको चरम सीमा, नाना आस्वादको घेराबाट छुट्टी पाएर आनन्दघन अवस्थामा विश्रान्ति हो, यही सच्चा विश्राम चौथो अन्तिम कक्षाको साध्य मानिएको छ। प्रेयोमार्गको साध्य हो इच्छापूर्तिको सुख, यो तेस्रो कक्षामा गनिएको छ। तेस्रो कक्षाका साध्यको साधन स्वार्थ-साधना हो। चौथो कक्षाको साध्यको साधनामा प्रधान बीज र चारै कक्षालाई उज्वल निर्मल गराउने सर्वप्रधान साधन एक अदृश्य शक्ति छ, जो सबैले धारण गरिने, सबैलाई धारण गर्ने मूल तत्त्व मानिएको छ। त्यो अदृश्य शक्तिको साधनालाई उपयोगी आचार विचार निष्ठा नियमहरू आर्ष-प्रतिभाबाट उद्बुद्ध उपदेशद्वारा प्रकाशित छन्।

आर्य-शास्त्रहरूमा यी चारै थरी साधन साध्य विषयलाई लिएर प्रशस्त विवेचन पाइन्छ। साध्य-साधनहरूमध्ये कसैले कुनैमा विशेष प्रकाश दिएका भएपनि यी साधन साध्यको क्रमिक, चरम कक्षामा सबैको दृष्टि सहमत छ।

साधनको बलविना साध्यको सिद्धि दुर्बल हुने हुनाले कुनै आचार्य सबैको मूल श्रेयः–साधनको विवरण विश्लेषणतर्फ लागे, तिनको उपदेश धर्मशास्त्र कहलाएको छ। कुनै आचार्य ऐहिक प्रिय हित-साधनको विशेष विवरणतर्फ लागे, तिनको उपदेश अर्थशास्त्र कहलाएको छ, धर्मशास्त्रले अदृश्य शक्तिका उत्पादक विषयको, अर्थशास्त्रले दृश्य-शक्त्युत्पादक विषयको विशेषरूपले विवेचन गरेको देखिए पनि, धर्मशास्त्रमा पनि अर्थशास्त्रीय विषय व्यवहाराध्यायमा र अर्थशास्त्रमा पनि धर्म अर्थ काम यी तीनलाई उपादेय रूपले देखाइएको हुनाले यी दुवै विभागको परस्परमा सम्बन्ध दुवैतर्फबाट सिद्ध हुन्छ।

अर्थशास्त्रमा छल कपट आदि अधार्मिक प्रयोग पनि वैयक्तिक स्वार्थ दृष्टिले देखाइएका भएपनि यस्तो प्रयोग धार्मिक सत्पुरुषउपर नगर्नू भनि स्पष्ट भनेकोले धर्मलाई सर्व-मूर्धन्य मानेको सिद्ध हुन्छ। धर्मशास्त्रमा अर्थशास्त्रीय व्यावहारिक विषयको निरूपण गरे तापनि कुनै विषयमा धर्मशास्त्रीय र अर्थशास्त्रीय उपदेश विभिन्न भई फाटेमा धर्मसँग विरोध नपारीकन व्यवहार चलाउनुपर्दछ भनि "अर्थशास्त्रात्तु बलवद्धर्मशास्त्रमिति स्थितिः" भन्ने याज्ञवल्क्यको स्पष्ट उपदेश हुनाले अर्थको भन्दा धर्मको कक्षा उच्च छ।

पुरुषार्थ र परमार्थलाई लक्ष्य गरी खडा भएका अर्थशास्त्र र धर्मशास्त्रको परम्परा अति प्राचीन कालदेखि चलिआएको छ। करालकालको ग्रासमा परी दुवैतर्फमा शास्त्रका धेरै नाश विनाशले हानि गराए पनि वर्तमान समयसम्म पनि उपलब्ध ग्रन्थबाट प्राप्त प्राचीन उपदेशक शास्त्रकारको नामनिर्देशनबाट धर्मशास्त्रीय झैं अर्थशास्त्रीय उपदेशको परम्परा पनि प्राचीन सिद्ध हुन्छ।

अर्थशास्त्र—

विकासक्रमको परम्परामा नदीको धार झैं जनसमाजको धारा विभिन्न शाखा भएर फैलिँदै जाँदा नियमहरूकै आधारमा सामाजिक स्थिति सुव्यवस्थित रहने हुनाले नियमको बागडोर हातमा लिएर व्यवस्था गर्ने नियन्ताको आवश्यकता पर्दछ। जनसमाजको विभाग जति ठूलो रूपमा छ, उति बढी अधिकार लिएर नियन्ताले व्यक्तिविशेषलाई होइन, समस्त जनसमाजलाई

चाहिँदो गाँस वास सुरक्षाको प्रवन्ध गर्ने जिम्मेवारी वहन गर्नुपर्दछ। यही ऐहिक स्वार्थको मुख्य प्रयोजन निर्देशन गर्ने शास्त्र "अर्थशास्त्र" कहलाएको छ।

"अर्थोऽभिधेयरैवस्तुप्रयोजननिवृत्तिषु" आदि कोशानुसार नानार्थ भएको अर्थ-शब्दार्थ धन सम्पत्ति प्रसिद्ध हुनाले आपात दृष्टिवाट धन सम्पत्ति कमाउने बढाउने व्यवस्थाको शास्त्र नै अर्थशास्त्र हो भन्ने बुझिन्छ, यही दृष्टिले होला, पाश्चात्य शैलीमा धन सम्पत्ति कमाउने, जोगाउने, बढाउने, उपाय, तरीकाहरू देखाउने शास्त्रलाई अर्थशास्त्र भनि व्यवहार गरिएको पनि देखिन्छ; परन्तु प्राच्य आचार्यहरूले धन धान्य आदि सम्पत्ति कमाउने बढ़ाउने उपायहरूमा कृषि पशुपालन वाणिज्यहरूलाई प्रधान मानेर तिनको निर्देशन गर्ने शास्त्रलाई जीवनवृत्तिको साधनोपदेश भनि "वार्ता शास्त्र" भन्ने अर्कै प्रस्थान मानेका छन्।

अर्थशास्त्रकार प्राच्य आचार्यहरूले "मनुष्याणां वृत्तिरर्थः मनुष्यवती भूमि रित्यर्थः पृथिव्या लाभे रक्षणेंचेदं शास्त्रं प्रवृत्तम्" भनि अर्थशब्दार्थ स्वयं स्पष्ट गरिएको छ। अर्थात् मनुष्यहरूको जीवन निर्वाह गराउने, अन्नादिले सम्पन्न भएर मनुष्यहरूको सुख-निवास बनेको, भूमि नै अर्थ-शब्दार्थ हो, त्यस्तो भूमि अप्राप्तलाई प्राप्त गर्ने, प्राप्तलाई सुव्यवस्थाद्वारा सुरक्षित पार्ने, सुरक्षित भूमि सदुपयोगमा ल्याउने मार्गको निर्देशन गर्ने शास्त्र नै अर्थशास्त्र हो भनि शास्त्रकारैले भनेका हुनाले अर्को अर्थ गर्ने अवसर नै छैन।

गन्तव्य—पुग्नुपर्ने लक्ष्यमा पुऱ्याउने व्यापार नी धातुको अर्थ हुनाले जीवन-निर्वाह गराउने भई मनुष्यनिवास हुने भूमि प्राप्त र सुरक्षित पारी त्यसबाट साध्य हुने सामूहिक आनन्दमय जीवनरूप मुख्य उद्देश्यमा पुग्याइदिने बाटो यस शास्त्रले बताउँछ भनि यसलाई नीतिशास्त्र पनि भन्दछन्। उद्देश्य गरिने लक्ष्य, चोखो र दागी पनि हुन्छ, चोखो लक्ष्यमा पुग्याइदिने सोझो बाटो, धर्मनीतिले, दागी लक्ष्यमा पुग्न बनाइएको बाङ्गो जटिल बाटो कूटनीतिले समाउने गर्छ, जसो भएपनि नीतिको राम्रो प्रयोगले लक्ष्यमा पुऱ्याइदिने हुन्छ। कुटुम्ब समाजको व्यवहारमा झैं एक राष्ट्रको अरु राष्ट्रसंगको व्यवहारमा पनि साधन बन्ने साम दान भेद दण्ड यी उपायको प्रयोगद्वारा अप्राप्तको प्राप्ति, प्राप्तको सुरक्षा, सुरक्षितको असल उपयोगमा सम्बन्ध गराएर जनसमाजलाई सुखोपभोग दिलाउनुरूप मुख्य लक्ष्यतिर हिंडाउने हुनाले अर्थशास्त्रलाई "नीति-शास्त्र" भनि भन्न र, ती उपायमध्यमा प्रबल अन्तिम उपाय दण्डको विभीषिकाद्वारा लक्ष्यतिर पुऱ्याइदिने हुनाले "दण्डनीति शास्त्र" भनि भन्न पनि उपपत्तिसाथको व्यवहार पाइन्छ। अतः अर्थशास्त्र,

नीतिशास्त्र, दण्डनीतिशास्त्र यी तीनै शब्द पर्याय बनेर यही एक शास्त्रलाई बुझाउने गर्दछन् ।

"यथा पिण्डे तथा ब्रह्माण्डे" यो नियमबमोजीम शरीरभित्रका तत्त्वहरूको परस्परमा सन्धि विग्रह आदि नैतिक गुणको प्रयोग उपयोगबाट निष्कर्षरूपमा स्वास्थ्य, अस्वास्थ्य, उदय, अस्त-सम्मको उपलब्धि भएझैं सोभन्दा बढी मात्राका कुटुम्ब, परिवार, ग्राम, नगर, राष्ट्र, द्वीप, विश्व-सम्म पनि थोरै धेरै मात्रा मात्र हो, परस्पर समन्वय र सङ्घर्षबाट अनेक हानि-लाभ भइरहन्छन् । अणुदेखि लिएर ब्रह्माण्डसम्ममा यस्तो गतिविधि छ ।

क्रिया-प्रतिक्रियाकै क्रमानुक्रममा सृष्टि स्थिति लयको परम्परा बसेको छ । सृष्टिको शुरूमा नै अणुहरूको परस्पर सङ्घर्ष चल्दछ । सो सङ्घर्ष सम अवस्थामा चलून्जेल उदय र स्थिति, विषम परिस्थितिसंग हुँदा नाश विनाश संहार पनि हुनेगर्दछ । यस्तै गरी गुण धर्मको पनि क्रिया-प्रतिक्रिया रूप सङ्घर्षकै आधारमा धर्म-अधर्म, अर्थ-अनर्थ, इष्ट-अनिष्ट, हित-अहित, नय-अपनय, प्रिय-अप्रिय, संयोग-वियोग, वृद्धि-क्षय, आदि-अन्त, यस्ता द्वन्द्वात्मक परिवर्तन हुँदै रहन्छन् । यस्तै परिवर्तनले गर्दा विश्व अनेक रसमय विचित्र आस्वाद दिने भएको छ ।

सङ्घर्षरहित एकरस विश्‍व बनाउन चाहनेले पनि यस्तो त बौद्धिक अन्तर्विश्व मात्र पाएर बाह्य विश्वलाई अरु सरह नाना रसमय नै स्वीकार गर्दछन् । यो परिस्थिति पूर्व युगदेखि चरम युगसम्म पनि उस्तै हो । कुनै दृष्टिमा पनि विश्व अपरिवर्तनशील स्थिर अटल भएको छैन । वास्तवमा काम क्रोध लोभ मोह राग द्वेष-को अञ्जन लागेको आँखाले हेर्दा विश्वको उही विषय पनि उही क्षणमा सुल्टो उल्टो पनि बनेर हित-अहित, अहित-हित, अर्थ-अनर्थ, अनर्थ-अर्थ, इष्ट-अनिष्ट, अनिष्ट-इष्ट भएर अनेकात्मक भासमान छ । यो परिस्थितिमा दृष्टि दिँदा सन्धि विग्रहादि नैतिक क्रिया-प्रतिक्रियाबाट हुने परिवर्तन विश्वव्यापी छ भन्ने सिद्धान्त बन्दछ ।

विवेकरसको धारामा धोइएको सङ्कल्पअनुसार बनेको अन्तर्विश्वमा लागू हुने आध्यात्मिकशास्त्र श्रेयःसाधनको बाटो देखाउने परमार्थ-शास्त्र भएझैं, दृश्यविश्वको परिस्थितिको पृष्ठभूमिमा लागू भई व्यावहारिक बनेको अर्थशास्त्र प्रेयःसाधनको मार्ग निर्देशन गर्ने पुरुषार्थ-शास्त्र हो । अतः अर्थशास्त्र व्यवहारशास्त्र पुरुषार्थशास्त्र नीतिशास्त्र जे भनेपनि उही हो भन्ने निष्कर्षमा पुगिन्छ ।

अर्थशास्त्रको परम्परा—

आर्यजातिको सर्वप्रथम व्यवहारको समेत दर्पण भएको वैदिक वाङ्मयमा सुर-असुर दुइ वर्गको नैतिक सङ्घर्षका कथानक उक्तिहरू विप्रकीर्णरूपमा प्रशस्त पाइनाले वैदिक युगकै जनसमाजमा अर्थशास्त्र अङ्कुरित, पुष्पित, फलित थियो भन्ने सिद्ध हुन्छ। थोरै धेरै मात्राको मात्र फरक हो, जनजीवन अर्थशास्त्रसँग नित्यसम्बद्ध छ।

आर्षयुगको प्राचीन महान् वाङ्मय बनेको महाभारतमा धर्म, अर्थ, काम, मोक्ष यी चारै साधन साध्य विषयहरूको विवरण विश्लेषण पूर्ण मात्रामा पाइन्छ। यसैले,—

"धर्मे चार्थे च कामे च मोक्षे च भरतर्षभ।
यदिहास्ति तदन्यत्र, यन्नेहास्ति न तत्क्वचित्॥"

अर्थात्—धर्म, अर्थ, काम, मोक्ष यी चारै विषयमा यहाँ लेखिएका कुरा अन्त पाइन्छन्, यहाँ नभएको कुरा अन्यत्र कहीं पाइँदैन, भन्ने उच्च घोषणा गरिएको छ।

आध्यात्मिक श्रेयःसाधन पारमार्थिक विषयहरूझैं व्यावहारिक प्रेयःसाधन पुरुषार्थरूप नैतिक विषयहरू पनि यसमा ओतप्रोत भएर भरिएका छन्। धर्मशास्त्रीय झैं अर्थशास्त्रीय मूलतत्त्व पनि प्रशस्त मात्रामा पल्लवित, विकसित, फलित देखिनाले अर्थशास्त्रको मूलस्रोत पनि यस सर्वोच्च वाङ्मय गिरिशिखरबाट अनेक धारारूपले प्रभावित भएको पाइन्छ।

प्राचीनतर सामाजिक जीवनको दर्पण बनेको रामायणमा पनि अर्थशास्त्रीय विषय कम मात्रामा छैन। यो सबै विचार गर्दा धार्मिक आध्यात्मिक शास्त्रहरूको परम्परा झैं अर्थशास्त्रीय परम्परा पनि अति प्राचीन कालदेखि चलेर आएको हो भन्ने विषयमा यिनै प्राचीन वाङ्मयहरू मुक्तकण्ठ भई निर्देशन गर्दछन्।

पैतामह तन्त्र—

महाभारतको राजधर्मानुशासन पर्वको सूत्राध्याय-नामक ५९ अध्यायमा राजनीति शास्त्रको उद्भव विषयमा यस्तो वर्णन छ—पूर्वसमयमा राजा राजधर्म राजदण्ड आदिको व्यवस्था नहुँदा पनि प्रजाजन परस्परबाट सबै सुरक्षित सुव्यवस्थित रहेका थिए। समयको परिवर्तनशीलताले गर्दा राग

द्वेष लोभ मोह मद मात्सर्य आदि दोषको उदयले परस्परमा विक्षोभ हुन लागेको देखिँदा प्रजावर्गलाई नियमन गर्ने व्यवस्था गर्नु आवश्यक भयो भन्ने देवताहरूको प्रार्थना सुनी ब्रह्माले लोकको कल्याणको खातिर १ लाख अध्याय भएको एक महान् शास्त्रको निर्माण गर्नुभयो, जसभित्र आन्वीक्षिकी त्रयी वार्ता दण्डनीति यी चारै किसिमका विद्याहरू थिए, यही महान् ग्रन्थ "पैतामह तन्त्र" भन्ने नामले प्रसिद्ध भयो। यही शास्त्रानुसार सुमार्गमा चलन अनुप्रेरित भएर प्रजाजन सुव्यवस्थित रहन लाग्यो।

विशालाक्ष तन्त्र---

सो पैतामह तन्त्र अति विशाल हुनाले त्यसको ग्रहण धारण गर्नु कालक्रमले क्षीणशक्ति भएका जनतालाई दुष्कर देखेर त्यसको सारांश रूपमा विशालाक्ष भगवान् शङ्करले १० हजार अध्याय भएको "विशालाक्ष तन्त्र"को निर्माण गर्नुभयो। याज्ञवल्क्य स्मृतिको विश्वरूपाचार्य-कृत बालक्रीडा-नामक व्याख्यामा विशालाक्षका अनेक वाक्य उद्धृत पनि छन्।

बाहुदन्तक तन्त्र—

सो विशालाक्ष तन्त्रको सारसंग्रह गरेर बाहुदन्तीपुत्र–वहुदन्त ऐरावत हात्तीकी अधिष्ठात्री बाहुदन्ती–अदितिका पुत्र इन्द्रले ५ हजार अध्याय भएको "बाहुदन्तकतन्त्र"को निर्माण गर्नुभयो।

बार्हस्पत्य तन्त्र---

सो बाहुदन्तकतन्त्रको सार संग्रह गरेर बृहस्पतिले ३ हजार अध्याय भएको "बार्हस्पत्य तन्त्र"को रचना गर्नुभयो।

औशनस तन्त्र---

त्योभन्दा पनि छोटकरी रूपमा उशना—शुक्राचार्यले १ हजार अध्याय भएको "औशनस तन्त्र"को रचना गर्नुभयो।

दैवयुगमा सुर र असुर वर्गको प्रतिद्वन्द्वी भावको राज्य चली यिनीहरूको नैतिक सङ्घर्ष हुँदा कहिले कुनै वर्ग विजयी हुने पारस्परिक क्षोभको समयमा देवराज-इन्द्र, सुरवर्गका आचार्य बृहस्पति, असुरवर्गका आचार्य शुक्र पनि नीतिशास्त्रका प्रवर्तक बन्नु समयप्राप्त पनि भयो।

अति प्राचीन विशाल पैतामहतन्त्र लुप्त विलुप्त भएर होला त्यसको निर्देशन नदेखिएपनि अरु विशालाक्ष, बाहुदन्ती पुत्र—इन्द्र, बृहस्पति, शुक्र आदिका अर्थशास्त्रीय विभिन्न सिद्धान्तहरू कौटल्यले आफ्नो अर्थशास्त्रमा ठाउँ-ठाउँमा देखाइएका हुनाले सो समयसम्म पनि ती अर्थशास्त्रीय ग्रन्थहरू श्रवण मनन गोचर रहेछन् भन्ने अवगत हुन्छ ।

कौटलीय अर्थशास्त्रमा विशेष गरी सुर-असुर दुइ दलका पूज्य आचार्य बृहस्पति र शुक्रलाई मुख्य आचार्य मानेर ग्रन्थको आदिमा वन्दना गरी ऐलेसम्मका पूर्वाचार्यहरूले बनाइएका अर्थशास्त्रहरूको आलोचन गरेर तिनका विषयको सार-सङ्कलन यसमा गरिएको छ भनि स्पष्ट भनेको र, 'इति बार्हस्पत्याः, इति औशनसा, इति आचार्याः' भनि ठाउँ-ठाउँमा तिनका अनुयायी अरु अस्पष्ट आचार्यहरूको र यीबाहेक स्पष्ट नाम लिइएका भरद्वाज, पराशर, पिशुन, कौणपदन्त, वातव्याधिहरूका विभिन्न सिद्धान्तहरूको निर्देशन पनि ठाउँ-ठाउँमा गरिएको देखिनाले यी विभिन्न आचार्यका अर्थशास्त्रीय उपदेशहरू कौटल्यका समयमा उपलब्ध रहेछन् भन्ने कुरा सिद्ध हुन्छ ।

यी आचार्यहरूका कृति विषयमा यतिसम्म ज्ञात हुन्छ कि—

(क) बृहस्पतिको नाम भएको 'बार्हस्पत्य अर्थशास्त्र' भन्ने ग्रन्थ मुद्रित भएको उपलब्ध छ । यसमा भएका वाक्यहरू प्राचीन शैलीका देखिन्छन्, तथापि यो ग्रन्थ बहुतै सानो स्वरूपमा उपलब्ध हुनाले बृहस्पतिको अर्थशास्त्रबाट उद्धृत गरिएको सानो नमुनामात्र जस्तो देखिन्छ । बृहस्पतिका नैतिक उपदेशहरू महाभारतमा पाइन्छन् ।

(ख) शुक्रको नाम भएको 'शुक्रनीति' भन्ने ग्रन्थ मुद्रित भएको उपलब्ध छ । यसमा श्लोकरूप रचनामा अर्थशास्त्रीय विषयहरू प्रशस्त देखिन्छन्, तथापि यो ग्रन्थमा प्राचीन रचना सुहाउँदो प्रौढि नदेखिएको र शतघ्नी—तोप बन्दूक, अग्निचूर्ण—बारूद आदि अर्वाचीन विषयको पनि अनुप्रवेश देखिनाले प्राचीन शुक्रनीतिका विषयको अर्वाचीन सङ्कलन हो कि जस्तो छ ।

(ग) भारद्वाज—महाभारतको "तमुवाच भरद्वाजो ज्येष्ठः पुत्रो बृहस्पतेः" (अनुशासन पर्व ३० अध्याय २४ श्लोक) भन्ने वाक्यबाट बृहस्पतिका छोरा हुन् यिनी पनि नीतिशास्त्रका उपदेशक भएको बुझिन्छ । यिनको स्वतन्त्र ग्रन्थ ऐले उपलब्ध छैन ।

(घ) **कौणपदन्त**—भनि ठूलो दाँत भएको हुनाले होला भीष्मलाई निर्देश गरेको हो भन्ने धारणा छ। यिनको स्वतन्त्र अर्थशास्त्रीय ग्रन्थ उपलब्ध नभएपनि महाभारतमा भीष्मले राजनीति विषयमा ठाउँ-ठाउँमा गरेको उपदेश धेरै मात्रामा हुनाले यी पनि अर्थशास्त्राचार्य हुन्।

(ङ) **पिशुन**—भनि उनको स्वभावलाई लिएर नारदलाई भनेको भनि भन्दछन्। यिनको पनि अर्थशास्त्रीय ग्रन्थ स्वतन्त्र नपाइएपनि नारदस्मृतिमा अर्थशास्त्रीय विषयहरू धेरै मात्रामा हुनाले र महाभारतमा पनि यिनका नैतिक उपदेश धेरै हुनाले यी पनि अर्थशास्त्रीय आचार्य हुन् भन्ने सिद्ध हुन्छ।

(च) **वातव्याधि**—भनि उद्धवलाई निर्देश गरेको भनिन्छ। भकभके बोली हुनाले होला यिनलाई त्यसो भनेको। शिशुपाल वध-काव्यमा पनि श्रीकृष्णको नैतिक मन्त्रणा-प्रसङ्गमा पवनव्याधि भनेर उद्धवलाई निर्देश गरिएको छ। यादव-राज्यमा उद्धवको विशिष्ट साचिव्य हुनाले, कृष्णको नैतिक कार्यमा सहयोगी उद्धव बृहस्पतिका शिष्य भनि भनिएका हुनाले पनि विशिष्ट अर्थशास्त्रवेत्ता भएको देखिन्छ। यिनको पनि स्वतन्त्र रचना उपलब्ध छैन।

महाभारतमा ठाउँ-ठाउँमा बृहस्पति, शुक्र, भारद्वाज, नारद, उद्धव, भीष्मका र कणिक, विदुर, धौम्य, विदुला आदिका नैतिक उपदेशहरू कथानकसंग शृङ्खलित भएर रहेका छन्। त्यस महान् उपवनबाट विभिन्न वाक्य-पुष्पहरूको चयन गरेमा हृदयमा धारण गर्दा सौभाग्यको गौरव बढाउने थरी थरी अनेक मालाहरू तयार हुने हुन्छन्॥

ऋषिकुलमा रही निःस्वार्थ भावले अध्ययन-अध्यापनको परम्परा अविच्छिन्न राखी वेद-वेदाङ्गहरू मात्र होइन, लोकोपयोगी राजधर्म दण्डनीति वार्ता आदि समेत समस्त आर्यविद्याको संरक्षण र प्रचार गर्ने ब्राह्मणादि विद्वद्वृन्दको असामान्य परिश्रमले गर्दा जनता प्रबुद्ध भएर तिनको गौरवपूर्ण कृपाको चिरऋणी भइरहेको छ। तिनबाट लोकले पाएको अनन्त शाखा गरी फैलिएको आलोक अविच्छिन्न भएकोले मानववर्ग सच्चा चेतन कहलाएको छ।

यस्तो शृंखलित अनुक्रममा महाभारतको कालसंममा अनेक अर्थशास्त्रका आचार्यहरू भएझैं यसपछि पनि राज्यव्यवस्थाको परम्परा चलिरहेकै हुनाले त्यससंग सम्बद्ध अर्थशास्त्र-राजनीतिशास्त्रको मनन परिशीलन अनुभव

विचारको सङ्ग्रथन पनि चलिरहेकै हुनुपर्दछ। कति नयाँ नयाँ आचार्य भए हुनन्, तिनका नवीन विचारपूर्ण ग्रन्थहरू पनि बन्दै रहेका हुनन्, तर तिनलाई विच्छिन्न भएको इतिहासले औंल्याएर देखाउन शकेन। फाटफुट नैतिक सङ्ग्रहरूबाहेक विवेकको कसौटीमा घोटिएका ग्रन्थरत्नहरू गणनाक्रममा उत्रन पाएनन्।

कौटलीय अर्थशास्त्र—

विक्रमाब्दको आरम्भ हुनुभन्दा २०० वर्ष अगाडिको समयमा मगध प्रदेशको महान् नन्दवंशको राज्य उन्मूलन गरी मौर्य चन्द्रगुप्तको राज्यशासन खडा भयो। यसरी राजसत्ताको महान् परिवर्तनमा अद्वितीय विद्याबुद्धिले सम्पन्न नीतिविद्याधुरन्धर विष्णुगुप्त नामक ब्राह्मणको विशिष्ट कौशल मुख्य आधार थियो। यिनले आफ्नो अगाध राजनीति-विद्वत्ताको परिचय दिएर उत्तर काललाई अविस्मरणीय कीर्तिको प्रतीक रूप कौटलीय अर्थशास्त्रको निर्माण गरी संस्कृत वाङ्मयको एक महान् ग्रन्थरत्न लोकलाई दिएका छन्। यो ग्रन्थ आफ्नो विशिष्टताले अद्वितीय भई विश्वप्रसिद्ध छ।

ग्रन्थकारको परिचय——

यो अर्थशास्त्रका कर्ता चाणक्य कौटल्य विष्णुगुप्त आदि नामले प्रसिद्ध छन्। यिनको विशेष परिचयलाई कामन्दकीय नीतिसारको आरम्भमा—

> "वंशे विशालवंश्यानामृषीणामिव भूयसाम्।
> अप्रतिग्राहकाणां यो बभूव भुवि विश्रुतः॥ १॥
> जातवेदा इवार्चिष्मान् वेदान् वेदविदांवरः।
> योऽधीतवान् सुचतुरश्चतुरोऽप्येकवेदवत्॥ २॥
> यस्याभिचारवज्रेण वज्रज्वलन तेजसः।
> पपात मूलतः श्रीमान् सुपर्वा नन्दपर्वत॥ ३॥
> एकाकी मन्त्रशक्त्या यः शक्त्या शक्तिधरोपमः।
> आजहार नृचन्द्राय चन्द्रगुप्ताय मेदिनीम्॥ ४॥
> नीति शास्त्रामृतं श्रीमानर्थशास्त्रमहोदध्वेः।
> समुद्दध्रे नमस्तस्मै विष्णुगुप्ताय वेधसे॥ ५॥"

भनि लेखेकोबाट ऋषितुल्य सदाचारी ब्राह्मण कुलका चारै वेदका विद्वान् विष्णुगुप्तले आफ्नो मन्त्रशक्ति र प्रयोगबाट नन्दराज्य उन्मूलित गरी

चन्द्रगुप्तलाई राज्यमा प्रतिष्ठित गरे। उनले नीतिशास्त्ररूप समुद्रको मन्थन गरेर अमृत समान नीतिशास्त्रको निर्माण गरे भन्ने कुरा ज्ञात हुन्छ। यसबाट यो नवीन अर्थशास्त्रका कर्ता विष्णुगुप्त हुन्, यिनले नै नन्दकुलको ध्वंस गरी चन्द्रगुप्तलाई मगधको राज्यमा प्रतिष्ठित गराए भन्ने कुरा स्पष्ट हुन्छ।

यही अर्थशास्त्रको प्रथमाध्यायको अन्त्यमा—

“सुखग्रहणविज्ञेयं तत्वार्थपदनिश्चितम्।
कौटल्येन कृतं शास्त्रं विमुक्तग्रन्थविस्तरम् ॥”

फेरि अन्तिम १५० अध्यायको अन्त्यमा—

“येन शस्त्रं च शास्त्रं च नन्दराजगता च भूः।
अमर्षेणोद्धृतान्याशु तेन शास्त्रमिदं कृतम् ॥”

भनि ग्रन्थकारले नै लेखेकोबाट पनि सोही कुरा सिद्ध हुन्छ। यिनै विष्णुगुप्तको निर्देशक नामान्तर कौटल्य हो। कामन्दकीय नीतिसारको व्याख्या जयमङ्गलामा “कौटल्य इति गोत्रनिबन्धना विष्णुगुप्तस्य संज्ञा” भनि, त्यसैमा–“विष्णुगुप्त इति सांस्कारिकी संज्ञा, चाणक्यः कौटल्य इति द्वे जन्मभूमिगोत्रनिवन्धने” भनि, भनेकोबाट उनको खास नाम विष्णुगुप्त हो, चाणक्य यो चणकका छोरा हुनाले जन्ममूलक नाम हो, कौटल्य यो कुटलगोत्रमा पैदा भएका हुनाले गोत्रमूलक नाम हो भन्ने जानिन्छ।

“अथ स्यात्कुटलो गोत्रकृत्यषौ पुंसि तत्पुनः। विद्यादाभरणेऽथ त्रिः कुटिलं कुञ्चिते भवेत्।” भनि गोत्रप्रवर्तक ऋषिमा ‘कुटल’ भन्ने नाम हुनाले कौटल्य यो गोत्रकृत नाम हो भन्ने कुराको समर्थन हुन्छ।

कुनै ग्रन्थ पुस्तकहरूमा ‘कौटिल्य’ यस्तो इकार भएको पनि पाठ पाइन्छ। सो तिनको नैतिक कुटिल प्रकृति देखेर त्यस्तो प्रचलन भएको हुनुपर्दछ। मुद्राराक्षस-नाटकमा “कौटिल्यः कुटिलमतिः स एष येन, क्रोधाग्नौ प्रसभमदाहि नन्दवंशः” भनि कौटिल्य शव्दको निर्देश छ। अतः गोत्रप्रवर्तक कुटलका वंशज हुनाले कौटल्य यही नाम विशुद्ध प्रतीत हुन्छ। कामन्दक वी. सी. प्रथम शताव्दीका हुनाले विष्णुगुप्त यिनीभन्दा धेरै टाढाका होइनन्। विष्णुगुप्तको नाम पञ्चतन्त्रमा पनि लिइएको छ।

आफै ग्रन्थकारले “स्वयमेव विष्णुगुप्तश्चकार सूत्रं च भाष्यं च” भनि आफ्नो नाम विष्णुगुप्त भनि स्पष्ट गरेका छन्।

“सर्व शास्त्राण्यनुक्रम्य प्रयोगानुपलभ्य च।

कौटल्येन नरेन्द्रार्थे शासनस्य विधिः स्मृतः॥” (२ अधि.१० अध्या.) भनि कौटल्य यो गोत्रप्रयुक्त नामान्तर पनि देखाएका छन्।

यो ग्रन्थमा प्रकरण-प्रकरणको आरम्भमा छोटकरीमा विषय निर्देश गर्ने सूत्रवाक्य र पछिका त्यसको भाष्य व्याख्यान रूप विवरण पनि छ, यी दुवै उनैका रचना हुन्।

“दृष्ट्वा विप्रतिपत्तिं बहुधा शास्त्रेषु भाष्यकाराणाम्।
स्वयमेव विष्णुगुप्तश्चकार सूत्रं च भाष्यं च॥”

अर्थात् अरु आचार्यका सूत्रहरूको व्याख्या गर्दा भाष्यकारहरूले धेरै विसंवाद गराएको देखिनाले मूलकारको यही आशय हो भन्न सन्देह गराएको हुँदा मेरोमा त्यसो नहोस् भनि सूत्र भाष्य दुवै विष्णुगुप्त आफैले बनाएको हो भनि भनेका हुनाले पूर्ववर्ती आचार्यका सूत्र र तिनका विभिन्न भाष्यकार भएझैं उनैले त्यसो नहुन दिन सूत्रको भाष्य समेत लेखेको भन्ने स्पष्ट हुन्छ।

ग्रन्थकारको समय र कृति—

मौर्य चन्द्रगुप्तको राज्यकाल विक्रम पूर्व २६४ वा वी.सी ३२१ हो। यिनका छोरा बिम्बसार, नाति अशोक हुन् भन्ने प्रसिद्धै छ। यिनै मौर्य चन्द्रगुप्तलाई राज्यमा प्रतिष्ठित पार्ने विष्णुगुप्तकौटल्यले उनैका निमित्त यो राज्य शासन-विधान बनाएको भनि पूर्वोक्त श्लोकबाट स्पष्ट हुनाले मौर्य चन्द्रगुप्तकै समसामायिक विष्णुगुप्तलौटल्यको यो वि.णू.···वी.सी ३००–३२१ रचना हो भन्ने स्पष्ट छ।

नवं शरावं सलिलस्य पूर्णं सुसंस्कृतं दर्भ कृतोत्तरीयम्।
तत्तस्य माभ् न्नरकं च गच्छेद् यो भर्तृ पिण्डस्य कृते न युध्येत्॥
(१०–३)

यो यिनले लेखेको श्लोक भासले आफ्नो नाटकमा उद्धृत गरेको हुनाले यिनी भासभन्दा पूर्ववर्ती भई सोही समय समर्थित हुन्छ।

यसको व्याख्याकार भट्ट स्वामीले ‘धातुकौटलीय’ भन्ने ग्रन्थको नाम लिएको देखिनाले धातुविद्या विषयक सो ग्रन्थ पनि यिनले बनाएको रहेछ भन्ने बुझिन्छ।

कौटलीय अर्थशास्त्रको सम्बन्धमा प्राच्य पाश्चात्य आदि धेरै विद्वानहरूले गौरवगान प्रशस्त गरेका छन्।

विन्टरनीज कीथ जाली भन्ने प्राच्यविद्याका आलोचक पाश्चात्य विद्वान्ले भने यिनीउपर यस्ता विपरीत तर्क पनि गरेका छन्—

(१) कौटल्यले पाटलिपुत्रको नामै नलिएको हुनाले चन्द्रगुप्तको साम्राज्यमा चाणक्यको अधिष्ठातृभाव भएको थिएन।

(२) यो ग्रन्थमा सानातिना राज्यतन्त्रको प्रबन्ध मात्र विषय छ, साम्राज्य तन्त्रको वर्णन यसमा छैन।

(३) चन्द्रगुप्तको समयमा कौटल्य भन्ने व्यक्तिविशेष कुनै प्रसिद्ध थिएनन्, भएदेखि चन्द्रगुप्तको राज्यवर्णन गर्ने मेगस्थनीजले यिनको पनि निर्देशन गर्नुपर्दथ्यो, कौटल्य वा चाणक्यको नामै लिएको देखिँदैन।

(४) यस ग्रन्थमा 'इति कौटिलयः' भनि वारंवार तृतीय पुरुषको रूपमा नाम लिइएका कौटल्य यो अर्थशास्त्रका ग्रन्थकार होइनन्।

(५) योगवृत्तको ६ अध्यायमा "एकैश्वर्यममात्यः कारयेदिति कौटल्यः" भनि कौटल्यको मत देखाएर "नैवमिति भारद्वाजः" भनि भारद्वाजले काटेको देखाउनाले पनि कौटल्य ग्रन्थकार होइनन्।

यस्ता तर्कहरू निःसार हुनाले अड्न शक्तैनन्, किनकि—

(१) पटलिपुत्रको नाम लिने प्रसङ्ग नपरेको हुँदा त्यो नाम नलिएको भए पनि कौटल्यले मगधको नाम कौशेय (रेशमी) वस्त्रहरूको प्रसङ्गमा लिएकै छन्।

येन शस्त्रं च शास्त्रं च नन्दराजगता च भूः।
समुद्धृतान्यमर्षेण तेन शास्त्रमिदं कृतम्॥
कौटल्येन नरेन्द्रार्थे शासनस्य विधिः स्मृतः॥

भनेर नन्दराज्यउन्मूलन गर्ने कौटल्यले नरेन्द्र—चन्द्रगुप्तको निमित्त यो राज्यशासनविधान बनाएको भनि ग्रन्थकारले स्पष्टै भनेका हुनाले त्यस राज्यमा प्रतिष्ठा थिएन भनि भन्न साहसपूर्ण हुन्छ।

कौटल्यका अरुभन्दा नजीकका कामन्दकले पनि—

"एकाकी मन्त्रशक्त्या यः शक्त्या शक्ति धरोपमः।
आजहार नृचन्द्राय चन्द्रगुप्ताय मेदिनीम्॥"

भनेर चन्द्रगुप्तलाई राज्यमा प्रतिष्ठित पार्ने कौटल्य हुन् भनि भनेका छन्।

(२) यो अर्थशास्त्रमा बताइएका नैतिक विषयहरू क्षुद्रराज्यहरूलाईझैं महान् साम्राज्यलाई पनि उपयोगी रूपमा देखाइएका छन् यो पनि यस

ग्रन्थको महत्त्व छ। यसैमा चक्रवर्ती राज्यको पनि क्षेत्र देखाइएको छ। द्वादश-राजमण्डलसँग सम्बद्ध राजतन्त्रको वर्णन गर्ने यो ग्रन्थ क्षुद्रराज्यको व्यवस्थामात्र हो भनि भन्नु युक्तिसंगत हुँदैन।

(३) मेगस्थनीजको प्राचीन लेख छिन्नभिन्न भई पाइएका अंश जतिको मात्र भाषान्तरमा अनुवाद पाइनाले कति प्रामाणिक कुरा पनि उनको लेखोद्धारमा नदेखिने हुँदा कौटल्यको नाम लिएको देखिँदैन भन्दैमा सो व्यक्ति नै थिएनन् भनौं भने, कति यस्ता प्रमाणसिद्ध विषय पनि असिद्ध हुन आउने हुनन्।

(४) अरुको मत काटेर आफ्नो मत सिद्धान्त रूपमा देखाउँदा ग्रन्थकारले आफूलाई तृतीय पुरुषको रूपमा देखाउनु काश्यप चरकसंहिता आदि धेरै प्राचीन ग्रन्थकारको सम्प्रदायमा देखिनाले यसबाट उनी ग्रन्थकार होइनन् भन्नु युक्तिसिद्ध हुँदैन।

(५) आफ्नो मत भारद्वाजको मतसंग अमिल्दो देखाउन कौटल्यको मत भारद्वाजले मानेका छैनन् भन्दैमा कौटल्य ग्रन्थकार होइनन् भन्नु वारंवार 'इति कौटल्य' भनि आफ्नो सिद्धान्त स्पष्ट देखाएका हुनाले यिनी ग्रन्थकार भएको स्पष्टै देखिँदा युक्तिसंगत हुँदैन।

आचार्य चाणक्य–कौटल्य एक असाधारण विद्वान्, नैतिक-प्रतिभा-सम्पन्न, कार्यकुशल, अनुभवी व्यक्ति थिए भन्ने कुरा उनको विषय निरूपणबाट स्पष्ट हुन्छ। उनको निर्मल विचार, गम्भीर उक्ति, नैतिक सर्वतोमुखी दृष्टिले कर्तव्यपथमा चर्को प्रकाश दिलाउँछ। उनका सद्विचारको कसीमा घोटिएका प्रत्येक वर्ण सुवर्णका अलङ्कारझैं हृदयमा पहिरनेहरू बाहिरमात्र होइन, भित्र पनि सुशोभित हुन्छन्। कौटलीयको लेख अति प्रौढ र गहन विषयले भरिएको हुनाले संस्कृत वाङ्मयमा यो ग्रन्थ अति चहकीलो रत्नसमान मानिएको छ।

यसैले यसका धेरै व्याख्यान, अनुवाद र विचारपूर्ण आलोचनाहरू भएका देखिन्छन्—

(१) प्रतिपद्पञ्जिका नाम भएको भट्टस्वामिकृत प्राचीन संस्कृत व्याख्या। यसका केही २–८ संम मात्रको अंश मद्रास राजकीय ग्रन्थमालामा प्रकाशित, खण्डित छ।

(२) नयचन्द्रिका नामक माधव यज्वकृत संस्कृत व्याख्या ७ को ३ देखि ५२–४ संम मात्रको खण्डित छ।

(३) गणपति शास्त्रिकृत अर्वाचीन संस्कृत व्याख्या त्रिवेन्द्रम् संस्कृत सिरीजमा मुद्रित सन् १९२९-मा प्रकाशित छ ।

यस्तै भाषान्तरमा पनि धेरै विद्वान्हरूले अनुवाद आलोचना आदि गरेका छन् ।

श्री ५ सरकार **महेन्द्र वीर विक्रम शाहदेवको** असाधारण विद्याप्रेमको रसायन पाएर फष्टाइरहेको नेपाली भाषाको विकास-क्रममा यस्तो महत्त्वपूर्ण प्राचीन ग्रन्थको पनि अनुवाद हुनु सर्वसाधारण-जनले रसास्वाद लिन उपयोगी हुनेछ भनि नेपाली भाषामा अनुवाद गरिएको छ ।

यो अनुवाद लेखको सम्पादनमा सहाय लेखक श्री केशवराज शर्मा एम० ए०-को प्रशस्त आभार मानेको छु ।

यस्तै निम्नलिखित ग्रन्थहरूबाट पनि चाहिँदो सहायता पाएको छु—

श्री० म० म० गणपति शास्त्रिकृत कौटलीयको संस्कृत व्याख्या,

वाराणसी पण्डित पुस्तकालयबाट प्रकाशित हिन्दी अनुवाद सहित कौटलीय अर्थशास्त्र,

वाराणसी विद्याभवन संस्कृत ग्रन्थमाला प्रकाशित हिन्दी व्याख्या सहित कौटिलीय अर्थशास्त्र ।

विक्रमाब्द २०२१
विजयादशमी

विद्वान्हरूको विधेय
सोमनाथ शर्मा

अग्रलेख

आर्यशास्त्रमा आध्यात्मिक र व्यावहारिक दुइ विभाग छन्। आत्मसम्बन्धी सुधार परिशीलन विचार चिन्तन तत्त्वान्वेषण आदि प्रधान भएका ग्रन्थहरू आध्यात्मिक विभागमा पर्दछन्। यस विषयको श्रवण मनन निदिध्यासनबाट आन्तरिक शुद्धि सन्तुष्टि शान्तिद्वारा ऐहिक र पारलौकिक पनि कल्याण मिल्ने हुन्छ। यस लोकव्यवहारलाई सुखी समृद्ध र यथासम्भव पूर्ण उज्ज्वल गराउने ज्ञान विज्ञान प्रयत्न उद्योग सुजीवनका साधनहरूको प्रकाश दिलाउने ग्रन्थहरू व्यावहारिक विभागमा पर्दछन्। व्यावहारिक विषयको परिज्ञान भई समुचित मार्गमा चलेर वाह्य सुख सन्तोष पाउनाले आध्यात्मिक विचारलाई पनि सहारा मिल्ने हुन्छ। बाह्य व्यवहारको अज्ञान अविवेकबाट पर्न आउने आघातले अन्तःकरण विचलित हुनलागेमा आध्यात्मिक चिन्तन स्थिर रहन शक्तैन। अतः व्यावहारिक विषयहरूको राम्रो ज्ञानबाट माझिएको विवेकले सहित आचार विचार प्रयत्न व्यवस्थाहरू समुज्ज्वल भएर लोकोपयोगी बन्दछन्।

प्रवृत्तिमार्गको जीवनमा व्यावहारिक विषयहरूको राम्रो ज्ञान अति उपादेय हुन्छ। त्यसमा पनि जनतालाई राम्रो बाटो देखाई सुख शान्ति दिलाउने कामको अधिकारमा रहेकालाई सत्य प्रिय हित स्वार्थको साधना निमित्त समाउनुपर्ने मार्गको परिचय राम्ररी हुनुपर्दछ। राम्रो बाटोको अनुसरण गर्न नशकेमा अनेक आघात प्रत्यांघातले जीवनलाई र हृदयलाई पनि विचलित पारी कल्याणबाट वञ्चित गराउने हुन्छ।

सामाजिक परिस्थितिमा रहने जनको समाजसँग घनिष्ठ सम्बन्ध हुन्छ। समाजभित्र विभिन्न प्रकृतिको संमिश्रण हुनाले परस्परमा अनुकूल भाव बराबर परिआउँछन्। तिनलाई विवेक विचारले सम्हालेर कर्तव्यनिष्ठ बन्नुपर्दछ। नैतिक विषयहरूको परिज्ञानले त्यस मार्गमा राम्रो प्रकाश दिलाउने हुन्छ भन्ने उद्देश्य राखेर प्राचीन आचार्यहरूले नीतिशास्त्र राजधर्महरूको पनि प्रशस्त उपदेश दिएका छन्। यस विषयका ग्रन्थहरू लौकिक कल्याणको मार्गदर्शक हुन्। आर्यहरूको दृष्टि केवल वाह्य विषयमा मात्र सीमित नभई व्यावहारिक पारमार्थिक दोहोरै कल्याणलाई लक्ष्य गरेर परस्पर समन्वय भावनासाथ कसैले कुनै विषयमा विशेष प्रकाश दिएका छन्।

परमार्थशास्त्र झैं व्यावहारिक स्वार्थशास्त्र पनि जटिल र गहन हुनाले जेमा पनि परिमार्जित अन्तःकरणको विशेष उपयोगिता हुने हुँदा कुनै आचार्यको व्यावहारिक विषय निरूपण पनि गम्भीर विचारले परिपूर्ण पाइन्छ। विद्याको जग बलियो भएर खडा भएको विचार-भवनमा अनेक तत्त्वरत्नहरू जडिएर शोभा बढेको पाइन्छ। कोरा शास्त्रको ज्ञानभन्दा प्रयोगात्मक अनुभवी ज्ञान अति चहकीलो हुन्छ। अनुभवको कसीमा घोटिएका सुवर्णरेखाहरू त्यसको मूल्याङ्कनमा अवलम्बन हुन्छन्। प्रयोगात्मक परिज्ञान मर्मस्पर्शी भएर अरूलाई पनि गम्भीर वेदी गराउने बन्दछ।

"कालः कलयतामहम्"—विश्वलाई सञ्चालन गर्ने महान् काल स्वरूप म हुँ भन्ने दैवी वाणीअनुसार सर्वनियन्ताको रूपमा रहेको कालले विश्वचक्रलाई घुमाइराखेको छ। यो काल तत्त्वको न ता आदि न ता अन्त पत्ता लाग्दछ। यसको गतिविधि पनि यस्तै छ भनि ठहऱ्याउन शकिंदैन। यसको एक हातमा सृष्टिशक्ति, अर्को हातमा संहारशक्ति हुनाले यिनै शक्तिको प्रयोगबाट कहिले कुनै कुरा बन्दैजाने, कहिले कुनै कुरा बिग्रँदै जानेपनि हुन्छन्। यसैले आजसम्म कति बनायो कति बिगाऱ्यो यसको लेखाजोखा केही गर्न शकिंदैन। विश्वमा अनेक परिवर्तन गराउने यही हो। यो काल आफूपनि निरन्तर गतिशील हुनाले अरुलाई पनि स्थिर रहन दिंदैन। समयको गतिअनुसार लोकको परिस्थिति पनि बदलिंदैजाने गर्दछ। वैदिककालको परिस्थिति पौराणिककालमा, पौराणिककालको परिस्थिति ऐतिहासिककालमा बदलियो। ऐतिहासिकमा पनि प्राचीन रूपरेखाभन्दा अर्वाचीन रूपरेखा केही न केही विभिन्न हुँदै आइरहेछ। परिस्थितिको परिवर्तन साथसाथ लोकको मानसिक व्यावहारिक सामाजिक आर्थिक नैतिक व्यवस्था पनि विभिन्न बन्दछ। समयको गतिको चित्रण इतिहासरूप दर्पणमा निहालेर हेरेमा देखिन्छ। आफ्नै वैयक्तिक लामो आयुको अनुभवमा पनि कति परिवर्तन पाइन्छ भन्ने विश्वको अनादि अनन्त आयुमा कति परिवर्तन भइरहेछन्—यसमा तर्क आफै मूक छ। अतीतलाई वर्तमानले झैं वर्तमानलाई पनि भविष्यले कति कस्तो परिवर्तन गराउनेछ यो कुरा अचिन्त्य छ।

अस्तु धेरै पर किन, आजभन्दा दुइ हजार वर्ष पहिले मगध देशमा नन्दकुलको महान्साम्राज्य अस्ताएर मौर्यकुलको नवीन राज्य शासन खडा भयो। यो परिवर्तनमा एक वृद्धविद्वान्को नैतिकज्ञान विशेषरूपले मार्गदर्शक बन्यो। नया त्यो साम्राज्यमा के कस्तो व्यवस्था थियो भन्ने ज्ञानलाई इतिहासलेभन्दा कौटलीय अर्थशास्त्रको अध्ययन परिशीलनले बढी प्रकाश दिनेछ।

विशिष्टतम आचार्यहरूमध्यमा आर्य कौटल्य पनि एक प्रमुख हुन्, जसले आफ्नो प्रायोगिक कार्यद्वारा नैतिक ज्ञानलाई उज्ज्वल ज्योति गराएर समाजलाई प्रकाश दिएका छन्। उनको अर्थशास्त्रमा धेरै गम्भीर विचार पाइन्छन्। लेखमा पनि विषयको गाम्भीर्य–सुहाउँदो प्रौढ़ता पाइन्छ। समयले व्यवहारको परिस्थिति बदलिनेहुँदा अतीतकालको विचार तात्कालिक भई ऐल्हेकालाई केही अलमल्याउने पनि हुनशक्तछ। तथापि अर्थशास्त्र पूर्वापर वारंवार अध्ययन गरेर मनन गर्न योग्य देखिन्छ जसमा प्रत्येक विषयमा भित्रसम्म पुगेका उनका विचार पाइन्छन्। नयाँ राज्यको आर्जन र अर्जित वा परम्परागत राज्यको सुव्यवस्था के-कस्तो गर्नुपर्दछ भन्ने विषयमा धेरै प्रकाश पाइन्छ।

हुन त भौतिक वैज्ञानिक विकासले दूरातिदूरसंम सम्पर्क बढ़ी विश्व नै एकात्मक बनेको वर्तमान समय-सुहाउँदो व्यवस्थाको दाँजोमा परिमितै देखिए पनि त्यस बखतको सीमित प्रदेशमा भएको राज्य-व्यवस्था कति सुव्यवस्थित सुख-शान्तिप्रद रहेछ, नैतिक दृष्टि कति बलियो चतुरस्र रहेछ भन्ने कुरा यस ग्रन्थका विषयको अनुशीलन-अनुसन्धानबाट विदित हुनशक्तछ। प्राच्य वाङ्मयमा यसको उच्च स्थान छ। लेखमा प्रौढ़ता, विषयमा गम्भीरता, विचारमा सूक्ष्मता विशिष्ट परिमाणमा हुनाले विद्वान्हरूको हृदयलाई आकर्षण गर्ने शक्ति यसमा धेरै मात्रामा छ।

यस ग्रन्थको सरसरी अध्ययनबाट त्यस बखतमा यस-यस विषयमा यस्तो-यस्तो व्यवस्था रहेछ भन्ने कुरा जनाउन आफ्नो शक्तिले भेट्टाएका विषयको केही निर्देशन गरिन्छ।

विषय सङ्कलन

राजर्षिको कर्तव्य (प्रकरण १, ३)

राजाले काम क्रोध लोभ मोह मद मात्सर्यरूप भित्री शत्रुलाई दमन गरेर इन्द्रियलाई वशमा राख्नुपर्दछ। इन्द्रियलाई वशमा राख्ननशके चतुःसमुद्रपर्यन्तको राज्य पनि नष्ट हुन्छ। बूढ़ापाकाको सम्पर्कले बुद्धि, चेवाहरूद्वारा दृष्टि उज्ज्वल पारी उद्योगीपनले योगक्षेम (अप्राप्तको प्राप्ति, प्राप्तको रक्षा), अनुशासनले स्वधर्मस्थापन, विद्याद्वारा विनयको सिद्धि गर्नुपर्दछ। आफू

मर्यादामा रहेर अरूलाई पनि मर्यादामा राख्नुपर्दछ। राजाले मर्यादा नाघेर काम गर्न लागेमा गुरु मन्त्रीहरूले एकान्तमा संझाई मर्यादा स्थापन गराउनुपर्दछ।

राजाले जितेन्द्रिय भएर परस्त्री परद्रव्यको इच्छा, अर्काको वृथा हिंसा गर्न हुँदैन। ज्यादा निद्रा, चाञ्चल्य, झूटो व्यवहार, दुर्जनको सङ्ग, अधर्म अनर्थ हुने काम, गर्न हुँदैन। धर्म अर्थ काम यी तीनै कुरालाई परस्पर सम्बद्ध गराएर विषयको उपभोग गर्नुपर्दछ। धर्म वा अर्थ वा काम एकापट्टिमात्र लागेर अर्कोचाहींको हानि गर्न हुँदैन।

राजाले दण्डको प्रयोग उचित रीतिसंग गरेमा प्रजामा पनि धर्म अर्थ कामको सिद्धि हुन्छ। दण्ड व्यवस्था राम्रो नगरेमा माछाको चाला लिएर बलीयाले निर्धालाई पीडा गर्ने हुन्छ। धर्म दण्डद्वारा चारै वर्ण आश्रमको रक्षा गर्दै लोकको पालन गर्नुपर्दछ।

वर्णसङ्कर धर्मसङ्करबाट लोकको नाश हुने हुनाले राजाले प्रजाजनमा स्वधर्म बिग्रन दिन हुँदैन। आर्यमर्यादा वैदिक वर्णाश्रमको स्थितिबाट सुरक्षित भएको लोक सुखशान्ति सम्पन्न भई दुःखी हुँदैन।

राजाले प्रजाहरूको सुख र हितमा विशेष ध्यान दिनुपर्दछ। प्रजा सुखी भएमा आफू सुखी हुने, प्रजाको हित नै आफ्नो हित संझी आफ्नो प्रिय हितभन्दा बढ़ी प्रजाको प्रिय हित ठहऱ्याएर प्रजालाई प्रिय हित दिलाउने काममा नित्य तत्पर रहनुपर्दछ। (प्रकरण १६)

त्रिवर्ग सेवा (प्रकरण ३)

राजधर्ममा धर्म अर्थ काम यी तीनै विषयको सेवा गर्नु आवश्यक मानिएको छ। धर्मलाई सर्वप्रधान मानेर संरक्षण गर्ने व्यवस्था मिलाई व्यावहारिक हित स्वरूप अर्थ सिद्धि गराउँदै, काम—विषयोपभोग पनि गर्दै गरी यी त्रिवर्गको सिद्धि गर्ने कुरा लेखिएको छ। राजाले धर्म अर्थ काम यी तीनै विषयलाई परस्परमा विरोध नपर्ने गरी व्यवहार गर्नुपर्दछ। तीनै कुरालाई उचित मात्रामा चलाएर त्रिवर्गसिद्धि गर्नु राजधर्मको मुख्य लक्ष्य हो। राजाले विषयोपभोगको आनन्द पनि लिनुपर्दछ, तर त्यसबाट धर्म र अर्थसंग विरोध पर्न दिन हुँदैन। (प्रकरण ३)

इन्द्रियलाई आफ्नो वशमा राखी धर्मलाई शिरमा, अर्थलाई हातमा लिएर विषयभोग पनि गर्दै राज्यमा सुव्यवस्था चलाउने राजा राजर्षि जस्तो संमान पाई यशस्वी हुन्छन्।

त्रिवर्गमध्यमा धर्मको स्थान ऊचो मानिएको छ। स्वधर्म पालनबाट स्वर्ग र अनन्त सुख पनि मिल्दछ। धर्मको मर्यादा भङ्ग भएमा कर्मसङ्कर वर्णसङ्कर भई लोकको नाश हुन्छ। अतः राजाले धर्ममर्यादाको पालन गर्नुपर्दछ। धर्मको रीति स्थिति व्यवस्थित रहेमा लोक दुःखरहित सुखी बन्दछ। (प्रकरण १)

ग्रन्थकारले नैतिक दृष्टि लिएर चौधौं औपनिषद अधिकरणमा मन्त्र तन्त्र जड़ीबूटी विधान आदिद्वारा शत्रुपक्षलाई गुप्त घात गर्ने, अनेक उत्पात विघ्न वाधा पीड़ा हानि गराउने विषालु प्रयोग, अद्भुत मायाजाल देखाउने प्रयोग र त्यसका साथै शत्रुपक्षबाट आफ्नो पक्षमा गरिएका त्यस्ता प्रयोगको प्रतिक्रिया गर्ने उपायहरू पनि देखाइएका छन् तापनि यस्ता मन्त्र औषधहरूका प्रयोग शत्रुलाई नाश पारेर स्वजनहरूको पालन रक्षा गर्नालाई उपयोगी भएमा गर्नुपर्दछ (प्रकरण १८७), शत्रुउपर त्यस्तो प्रयोग गर्नेले शत्रतर्फबाट आफ्नो पक्षमा गरिएका त्यस्ता प्रयोगलाई शमन गर्ने प्रतिक्रिया पनि जान्नुर्दछ भनि विषालु प्रयोग र तिनका प्रतीकारहरू पनि (प्रकरण १७७) हरूमा देखाइएका छन्।

यस्ता विषालु प्रयोगहरू छन् तापनि वर्ण जातिहरूको रक्षाका निमित्त गुप्तघात विषादि प्रयोगको काम गर्नुपरेमा यस्तो प्रयोग अधर्मी पुरुषप्रति मात्र गर्नू, खराप काम पनि अधर्मको नाशमा उपयोगी हुन्छ भनि (प्रकरण १७७) भनेका हुनाले अधर्मी प्रयोग धर्मरक्षार्थ अधर्मीउपरमात्रै गर्नुहुने देखाई अर्थशास्त्र धर्मको विरोध नगरीकन बाटो देखाउने हो भन्ने स्पष्ट हुन्छ।

राजाको दैनिक कृत्य (राजप्रणिधि प्रकरण १६)

राजा जाँगरिला उत्थानशील भएमा कर्मचारीहरू पनि जाँगरिला हुन्छन्। राजा असावधान भएमा अरु पनि त्यसै भएर काम बिगार्दछन् त्यस्तालाई शत्रुले फुटाउन पनि शक्तछ अतः राजाले सदा सर्वदा जागरूक रहनुपर्दछ।

दिन रातको ८।८ भाग लगाई दिनको पहिलो भागमा आत्मरक्षाको प्रबन्ध गराई राज्यको आय-व्यय सुन्ने गर्नू, दोस्रो भागमा पौर जानपदहरूको काम हेर्नू, तेस्रो भागमा स्नान भोजन अध्ययन गर्नू, चौथो भागमा धनको आमदानी लिने, अध्यक्षहरूलाई काम खटाउने, पाँचौं भागमा मन्त्रिपरिषद्संग सरसल्लाह गर्ने, चरहरूको गुप्त कुरा सुन्ने, छैटौं भागमा स्वच्छन्द विहार गर्ने अथवा काम परेमा मन्त्रणा गर्ने, सातौं भागमा हात्ती घोड़ा रथ

सैनिकहरूको रेखदेख गर्ने, आठौं भागमा सेनापतिलाई साथमा लिएर सन्धि विग्रह आदिको विचार गर्नू ।

रातको पहिलो भागमा गुप्तचरहरूलाई भेट्ने, दोस्रो भागमा स्नान भोजन अध्ययन गरी, तेस्रो भागमा गीत वाद्य सुन्ने आनन्द लिई चौथो पाँचौं २ भागमा सुत्नू , छैटौं भागमा बाजाको आवाजमा बिउँझी शास्त्र र अगाडि गर्नुपर्ने कामको विचार गर्नू । सातौं भागमा मन्त्रीहरूसंग सल्लाह र गुप्तचरहरूलाई खटाउने काम गर्नू । आठौं भागमा गुरुपुरोहित ऋत्विजहरूबाट स्वस्ति वाचन गराउनू । वैद्य भान्से ज्योतिषीहरूलाई भेट्नू । दुहुनी गाई बहरलाई प्रदक्षिणा गरेर सभागृहमा जानू ।

सभागृहमा गएर आफ्नो आफ्नो निवेदन गर्न आउनेलाई ढोका खुला गरी राखेर सबैको निवेदन सुन्नू । त्यसमा पनि देवता, आश्रम, वैदिक, पशु, पुण्यस्थान, बाल, वृद्ध, रोगी, दुःखी अनाथ स्त्रीहरूको काम पहिले हेरिदिने गर्नू । जरूरी विषय परिआएमा त्यसको तुरुन्त प्रबन्ध गर्नू । अग्निशाला-पूजाहोमहरू गर्ने ठाउँमा गुरु पुरोहित साथमा लिएर विद्वान् तपस्वीहरूको काम आदरसाथ सुन्नू । छल कपट गर्नेहरूको व्यवहार एकलैले नहेरी अरु मन्त्री आदि सहित भएर हेर्नू ।

राजाको व्रत उत्थान, यज्ञ अनुशासन हो । प्रजाको सुख र हितलाई राजाले आफ्नो सुख हित संझेर सदासर्वदा उत्थानशील हुनुपर्दछ ।

राजाको आत्मरक्षा (प्रकरण १८)

राजा शय्याबाट उठ्नेबित्तिकै हतियार लिएका स्त्रीजनहरूले वरिपरि पहरा दिनुपर्दछ । दोस्रो खण्डमा पगरी कञ्चुक (चुङ्गा) पहिरेका, वर्षवर-नपुंसक, दरबारभित्रका कर्मचारीहरू, तेस्रो खण्डमा कूजा बाउन्ने किरातीहरू, चौथो खण्डमा मन्त्री नातादार भाला लिएका ढोकेहरू रहने गर्नू ।

राजाका हजुरिया अङ्गरक्षक सैनिकहरू बाबु-बराज्यूका पालादेखिका कुलीन शिक्षित राजभक्त कामको अनुभव भएकालाई बनाउनू । विदेशीलाई र स्वदेशी भए पनि आफूलाई पहिले बिगार गरी चिढ्याइएकालाई पनि नबनाउनू । अन्तःपुरमा खटिएका सैनिकहरूले राजाको र अन्तःपुरको रक्षामा तत्पर रहनुपर्दछ ।

राजाको खाने पीउने वस्तु बनाउने भान्सेले गुप्त सुरक्षित ठाउँमा स्वादीलो हुने गरी पकाउने तयार पार्ने गर्नुपर्दछ । राजाले खानुभन्दा पहिले आगोमा हालेर पक्षीहरूलाई खान दिएर मात्र खाने गर्नुपर्दछ । बासी बिग्रे सड़ेको

नखानू। विष परेको छ कि भन्ने शङ्का हटाउन जाची अरुलाई खुवाएर मात्र खाने गर्नुपर्दछ।

विष परेको वस्तु आगोमा हाल्दा चटचट अवाज आउने हुन्छ। आगाको ज्वाला धूवाँ पनि नीलो देखिन्छ। विष परेको अन्नको वाफ मयूरको घाँटी जस्तो छिरिबिरे नीलो रङ्गको हुन्छ। चाँडै नै सेलाउँछ पनि। मिचिएको जस्तो, विरूप, सीता नछुट्टिएको, गिजगिजिएको पनि हुन्छ। झोलरूप वस्तुमा परेको छाया चाहिंदोभन्दा सानो वा ठूलो देखिने नीलो धर्सा पनि देखिने हुन्छ, विष परेको रसमा नीलो धर्सा दूधमा रातो धर्सा, मही र पानीमा कालो धर्सा, दहीमा नीलो धर्सा, महमा सेतो धर्सा देखिने, रसीलो वस्तु चाँडै सेलाउने, नरम वस्तु धूलो हुने, साह्रो वस्तु नरम हुने, कुनै नरम वस्तु साह्रो हुने, रङ बदलिएको, नजीकमा परेका कीराहरू मर्ने पनि हुन्छ। ओढ्ने ओछ्याउनेमा विष परेको भए कालो चक्का टाटो देखिन्छ। रौं भूवा हुने वस्तुको रौं भूवा झर्ने हुन्छ। धातुका भाँडा मणिका पात्रमा मयल परेको हुन्छ, रङ ओजन चमक कम हुने हुन्छ।

विष दिने मानिसको मुख कालो सुक्खा हुने, बोल्दा अड्कने, त्यसैपनि पसिना आउने, वारंवार हाइ गर्ने थरथर काम्ने, हिंड्दा लड्ने, कसैले बोल्दा आफैलाई भनेको हो कि भनि झस्केर हेर्ने, एक ठाउँमा अड़िएर बसी नरहने हुन्छ।

विषविद्या जान्ने र विषको औषधि गर्ने वैद्य पनि राजाको साथमा रहने गर्नुपर्दछ।

हजाम श्रृङ्गार गराउनेहरूले पनि आफूले नुहाई हात सफा गरी, छाप बन्दी गरी राखेको आफूलाई चाहिने सामानहरू अन्तःपुरका अधिकारीबाट लिएर काम गर्ने गर्नू।

राजालाई स्नान गराउने, मर्दन गर्ने, बिछाउना लाउने, लुगा सफा गर्ने, माला गाँथ्ने, सेवा गर्ने काम दासीहरूले गर्नू। कपड़ा मालाहरू पहिले आफ्नो आँखामा टाँसेर, चन्दन अङ्गराग आदि आफ्नो छाती बाँहामा घसी हेरेर मात्र पहिराउने गर्नू।

चटकी कसरतीहरूले पनि शस्त्र आगो विषहरू बाहेक गरी अरु सामान लिएर राजालाई विनोद गराउनू। यिनका बाजाहरू र राजाका घोड़ा रथ हात्तीका साज भूषणहरू पनि कामको समयमा मात्र बाहिर झिक्ने गरी भित्रै अन्तःपुरमा राख्ने गर्नुपर्दछ। राजाको सवारीका यान वाहनहरू आप्त

विश्वासी मानिसको अध्यक्षतामा राख्नू। सवारीका नाउमा पनि विश्वासी जन राख्नू। अरुको नाउमा गाँसिएको र हावाको भरमा चल्ने नाउमा नचढ्नू। पानी पोखरीहरूमा पस्न पनि माझीहरूलाई पहिले जाँच्न लगाई नजीकमा अङ्गरक्षक सैनिकहरू राखेर मात्र पस्नू। सिकारको वनमा पनि विश्वासी सिकारी र सिकारी कुकुरहरूबाट सबैतिर जाँच गराएर मात्र राजाले प्रवेश गर्नुपर्दछ।

कुनै सिद्ध तपस्वीहरूको दर्शन गर्न पनि विश्वासी शस्त्रधारीहरू साथमा लिएर जाने, सामन्तका दूतहरूसंग भेट गर्दा पनि मन्त्रिपरिषद् साथमा लिएर भेट्ने, सेनाको छाउनीमा जाँदा पनि राजाले आफ्नो पनि तयारीसाथ घोड़ा हात्ती रथहरूमा चढ़ेर जाने गर्नुपर्दछ।

सड़कको बाटो गरी जाँदा आउँदा सड़कको दायाँ बायाँ पुलिसहरूबाट रक्षा गराई, हतियार लिएका अङ्ग-भङ्ग भएका जोगीजङ्गमहरू पर हटाएर जाने गर्नू। मानिसको घुइँचो हूलमा नपस्नू। कुनै यात्रा समाज उत्सवहरूमा जानुपर्दा पनि शस्त्रधारी सैनिकहरू वरिपरि राखेर जाने गर्नुपर्दछ।

मन्त्री आदिको व्यवस्था (प्रकरण ६, ७)

राज्यसम्बन्धी सबै काम राजा एकलैले गरेर हुन नशक्ने हुँदा सहायताको निमित्त अमात्य(राजकार्यका सहाय)हरू खड़ा गर्नुपर्दछ। अमात्यहरू कुनै बुद्धि प्रतिभा कुशलता आदि सर्वगुणसम्पन्न बौद्धिक सहायता दिने धीसचिव—मन्त्रीहरू र कामको सहायता दिने गुणी कार्य-सचिवहरू खड़ा गर्नुपर्दछ।

अमात्यहरू खड़ा गर्दा आफूले योग्यता चरित्रहरू जानिएको हुनाले विश्वासयोग्य सहाध्यायीलाई अमात्य बनाउनू भन्ने भारद्वाज, त्यसरी संगै खेलेका मन पेट पाएकाले राजालाई हेप्ने हुन्छन् आफ्नो भित्री गोप्य मर्म बुझेका साथीलाई बनाउनु पर्दछ त्यस्ताले बिगार गर्दैनन् भन्ने विशालाक्ष, त्यस्ता भित्री मर्म बुझेकाले राजाले राम्रो नराम्रो जे गर्दा पनि हो हो गर्दछन् अतः राजालाई प्राण सङ्कट परेको मौकामा बचाउनेलाई बनाउनु पर्दछ भन्ने पराशर, सङ्कटमा बचाउनु ता भक्ति हो बौद्धिक योग्यता होइन, काम लाउँदा भनेबमोजीम गर्नेलाई बनाउनुपर्दछ भन्ने पिशुन-नारद। कामगरेर मात्र हुँदैन, अमात्यमा हुनुपर्ने गुण चाहिन्छ अतः बाबु बराज्यूको पालादेखिका जाने बुझेकालाई बनाउनु पर्दछ त्यस्तालेकहिल्यै धोका दिँदैनन् भन्ने कौणपदन्त-भीष्म, त्यस्ता पुरानाहरू आफै मालिकजस्ता बनेर

राजाका अनुयायी हुँदैनन्। अतः नीतिशास्त्र जान्ने नयाँलाई बनाएमा तिनीहरू राजाको अदपमा रहन्छन् भन्ने वातव्याधि-उद्धव, शास्त्र जानेर मात्र काम जान्ने हुँदैन विद्या भएका पनि काम गर्दा लत्रने हुन्छन् अतः कुल बुद्धि सुचरित्र शूरता राजभक्ति भएकालाई अमात्य बनाउनुपर्दछ भन्ने बाहुदन्तीपुत्र-इन्द्र, यी सबै कुरा योग्य हुन् सबै कुरा हेरी काम गर्ने शक्ति जाँगर विशेष देखिएकालाई अमात्य बनाउनुपर्दछ भन्ने कौटल्यको सिद्धान्त छ।

अमात्यमा हुनुपर्ने गुणले परिपूर्ण उत्तम, चौथाइ गुण कम हुने मध्यम, आधामात्र गुण हुने निम्न यस्ता तीन किसिमका अमात्य हुन्छन्।

सर्वप्रथम अमात्य तुल्याइनेको खान्दान, इलम, शिक्षा, बुद्धि, कुशलता, जाँगर, धृष्टता, प्रतिभा, भक्ति, चालचलनको पवित्रता, दृढ़ता आदि सबै जाँची बुझी नियुक्ति गर्नुपर्दछ। मुख्य मन्त्री र पुरोहितलाई साथ लिएर अमात्यहरूलाई हरतरहबाट जाँचेर पवित्र इमान्दार ठहरिएकालाई कार्यमा नियुक्त गर्नू।

उच्च कर्मचारीहरूलाई राजा मन्त्रीहरूले चालचलन नियम आदि राम्ररी जाचेर नियुक्त गर्नुपर्दछ। नियुक्त भएपछि पनि तिनीहरूले इमानदारीसाथ काम गरे नगरेको कुरा चरहरूद्वारा बुझदैगर्ने गर्नुपर्दछ।

कण्टकशोधन विभागका अधिकारीहरूले पनि राजकर्मचारीहरूले प्रजालाई पीर वाधा पारेको, घूस आदि स्वार्थमा लागी काम अन्यथा पारेको, सरकारी आय व्ययमा गोलमाल पारेको बुझी त्यस्तालाई दण्ड गर्नुपर्नेलाई दण्ड र कामबाट बर्खास्त गर्नुपर्नेलाई बर्खास्त गर्न सूचना गर्नुपर्दछ।

मन्त्रणा (प्रकरण ११)

मन्त्रिपरिषद्‌मा १२ जना अमात्य हुन्छन् भन्ने मनुका अनुयायीहरू, १६ जना भन्ने बृहस्पतिका अनुयायीहरू, २० जना भन्ने शुक्रका अनुयायीहरू भन्दछन्। कामको सामर्थ्यअनुसार अमात्य हुनुपर्दछ भन्ने कौटल्यको सिद्धान्त छ। इन्द्रको मन्त्रिपरिषद्‌मा हजार ऋषिहरू थिए। तिनीहरू नै उनका आँखा हुन्, यसैले इन्द्रलाई सहस्राक्ष भन्दछन्। मन्त्रिपरिषद्‌का एक प्रधानमन्त्री अध्यक्ष हुन्छन्।

मन्त्रीहरूसंगको मन्त्रणा गुप्त हुनुपर्दछ। यो काम हुन आँटेको छ भन्ने अगिबाट कसैले थाहा नपाऊन्। काम भइसकेपछि थाहा पाइने गर्नुपर्दछ। मन्त्रणा गर्ने ठाउँमा बोलाइएको बाहेक अरु पस्न हुँदैन। दूत अमात्य स्वामीहरूको मुखको चेहरा इसारा आदिबाट पनि मन्त्रणा खुल्ने हुनाले मन्त्रणालाई अति गुप्त राख्नुपर्दछ।

मन्त्रणा गुप्त रहनु पर्ने हुनाले अत्यन्त गोप्य कुरा राजाले एक्लै विचार गर्नुपर्दछ, मन्त्रीका पनि मन्त्री(सल्लाहकार)हरू, उनका पनि अरु मन्त्री हुने हुनाले अरु कसैसंग सल्लाह नगरी आफ्नै मनको राय लिनु बेस भनि भन्ने भरद्वाज, राजाको कार्य प्रत्यक्ष परोक्ष अनुमेय पनि हुनाले सबै विषयमा एकलैले अठोट गर्न शकिँदैन अतः मन्त्रीहरूको पनि कुरा सुनी सबैको राय लिनुपर्दछ भन्ने विशालाक्ष, यस्तो ता मन्त्र ज्ञान गर्ने बाटो मात्र हो मन्त्ररक्षा हुने होइन अतः अर्कै विषय प्रसङ्गको उस्तै कुरा मात्र गरेर मन्त्रीको राय बुझ्नुपर्दछ भन्ने पराशरानुयायीहरू, यसो गर्दा जस्तै छोपछाप पारे पनि बुद्धिमान्ले पत्ता लाइहाल्दछन् अतः जुन विषयमा जो विज्ञ छ त्यो विषयमा उसकै मात्र राय लिने गर्नुपर्दछ भन्ने पिशुन-नारद, यसो गर्दा धेरै काम हुनाले कुन कससँग पनि अनवस्था हुने हुनाले र दुइजनासंग मात्र मन्त्रणा गरे ती दुइजना मिलेर कुबाटो देखाउने सम्भव पनि हुनाले एक विषयमा तीन वा चार जनासंग मन्त्रणा गर्ने गरेमा मन्त्रणा राम्रो र सुरक्षित पनि हुन्छ। देश काल कार्य हेरेर यौटासंग वा दुइटासंग, वा आफू एकलैले मन्त्रणा गर्नुपर्दछ, जतिसंग मन्त्रणा गर्नु छ ती सबैसंग एकै बाजि वा प्रत्येकसंग अलग मन्त्रणा गर्नुपर्दछ, तर कुराको अठोट हुनासाथ काम गरिहाल्नुपर्दछ। अनुपस्थितसंग लेखोटद्वारा पनि विचार हुनशक्तछ भन्ने कौटल्यको भनाइ छ।

आफ्नो मनको रहस्य पराइले थाहा नपाउने, अर्काको रहस्य पनि आफूले थाहा पाउने गर्नुपर्दछ।

जरूरी काम पर्न आएमा सबै मन्त्रीहरूलाई बोलाई सोध्नुपर्दछ। धेरै जनाको पक्ष जुन हुन्छ सो लिनुपर्दछ।

गुप्तचरको व्यवस्था (प्रकरण ७, ९, ७९)

राजाले सबै कर्मचारीहरू र प्रजाजनहरूको, शत्रुपक्षको पनि भित्री चाल चलन र आफूप्रति कर्मचारी प्रजाहरूको प्रेम अनुराग भए नभएको बुझ्न, अरु विशेष काम गराउन, शत्रु पक्षमा गुप्त प्रयोगहरू गराउन पनि गूढ पुरुष-चरहरू खड़ा गर्नुपर्दछ। ती चरहरूमा अर्काको मनको कुरा बुझ्न शक्ने चलाक धृष्ट छात्रको रूप लिएको कापटिक, जोगी भएर फेरि घरबार गरेको इमानदार बुद्धिमान् उदास्थित, कुटुम्बीरूप भएको गृहपति, बनियाको रूप लिएको वैदेहक, तपस्वी महात्मा जस्तो बनेको तापस यस्ता ५ किसिमका मुख्य चर बनाउनुपर्दछ। यिनका अधीन भई काम गर्ने अरु पनि हुन्छन् यस्ता पाँच थरी चरका पाँच संस्था हुन्छन्। तापसचाहीं मठको महन्त

जस्ता बनेर अनेक शास्त्र पढ्ने छात्र बनेका चरहरूलाई ठाउँ ठाउँ हाल खबर बुझ्न पठाउने, तिनीहरूद्वारा अनेक प्रयोगका काम कुरा गर्न लाउने गर्दछन् । यिनै छात्र रूपमा घुम्ने फिर्ने तापसका अधीन सागिर्दजस्ता चरहरूलाई सत्री (मठ सदावर्तमा रहने) भनि भन्दछन् ।

यी सबै चरहरू इमानदार, चलाक जोसंग पनि मिल्नशक्ने धृष्ठ विद्या पनि पढ़ेका हुन्छन् । यिनीहरूले सबैतिर ठूलाहरूसंग पनि सम्पर्क गरी बाहिर पनि घुम्दै हाल खबर बुझेर आफ्ना आफ्ना प्रधानद्वारा राजाकहाँ थाहा दिने गर्दछन् । यी चरविभागका अध्यक्षलाई संस्थाध्यक्ष भन्दछन् ।

राजा र मुख्य मन्त्रीहरूका पनि निजी चरहरू हुन्छन् । चरहरूमा एक फाँटको कुरा अर्को फाँटले थाहा नपाउने गर्नुपर्दछ । चरहरूबाट आएको विशेष खबर तीन तरफबाट उस्तै मिल्दो आएमा त्यसमा राजाको विश्वास हुने हुन्छ । चरहरूले बनावटी झुट्टा खबर दिएको थाह भएमा त्यस्तो खबर दिनेलाई गुप्त चालबाट हप्काउने रोक्ने सजाय गर्ने गर्नुपर्दछ ।

सिद्ध संन्यासी आदि बनेका आफ्नातर्फका चरहरू शत्रुपट्टि मिले झैं गरी दुवैतिरबाट वेतन पाउँदै शत्रु पक्षमा जासूसी गर्ने मानिसलाई तिन्का जहान बच्चा आफ्नो अधीनमा राखी शत्रु पक्षमा पठाएर काम लाउनू । तिनले आफूपट्टिको हुँदो गरे नगरेको बुझ्दै गर्नुपर्छ । यस्तै किसिमका आफूकहाँ शत्रुले पठाएका आफ्नै जस्ता बनेका उभय वेतन दुवैतिरबाट वेतन खाने चर पनि हुन्छन्, तिनलाई यो यो हो भनि बुझेर तिनीहरू के के गर्दछन् पत्ता लाई त्यसको प्रतिक्रिया गर्नुपर्दछ ।

प्रत्यक्ष भेट नहुने चरहरूसंग गुप्त सङ्केत गुप्त भाषाद्वारा खबर लिने दिने गर्नुपर्दछ । चरहरूलाई खानपिन वेतनहरू दिने काम पनि गुप्त गरी अर्कै द्वारा गराउनुपर्दछ ।

कुब्ज वामन आदि र सीप भएका चलाक स्त्रीरूप चरलाई भित्र अन्तःपुरमा, बनिया रूप चरलाई किलामा, सिद्ध तपस्वी रूप चरलाई देशको सीमानातिर, उदासी रूप चरलाई देशभित्र, जङ्गली जातिका चरलाई राज्यको सीमातिर खटाएर हालखबर लिनू ।

राजाले आफूउपर प्रजाको प्रेम भए नभएको, कोही विरोधी भएको पनि बुझ्न जन समाजहरूमा स्त्रीचरहरू पठाएर राजालाई निको मान्ने र नमान्ने दुइ दल भएर वादविवाद गराउँदा को कतापट्टि लाग्ने रहेछ बुझिन्छ ।

राजासँग रिसाएर डराएर हेंला गरिएर विमुख भई विरोधी भएका

को को छन्, शत्रुपक्षमा लाग्ने को को छन्, सच्चा राजभक्त को को छन्, सबै कुरा चरहरूद्वारा बुझ्दैगर्नुपर्दछ।

कण्टकशोधनको विषयमा पनि दुष्ट बदमास अपराधीहरू र घूस खाने गुप्तजीविका गर्ने अन्यायी कर्मचारीहरू पत्ता लाउन चरहरूलाई काम लाउनु पर्दछ।

खराब काम गर्ने, दुष्ट, राजविरोधी, शत्रुपक्षीहरूउपर कड़ा प्रयोग घातहरू गर्ने तीक्ष्ण, विष प्रयोगहरू गर्ने रसद नाम भएका पनि उग्र दलका चर हुन्छन्, तिनलाई त्यस्तै मारण आदि कड़ा गुप्त प्रयोगमा लगाउनुपर्दछ।

राजदूत (प्रकरण १२)

प्रकाश भएर राजाको सन्देश अरु राष्ट्रमा पुऱ्याउने दूत पनि हुन्छन्। तिनीहरू पनि बुद्धिमान् इमानदार राजभक्त गुण सम्पन्न हुनुपर्दछ। दूतहरूमा निसृष्टार्थ-जसलाई विषयको बोध गराएमा ठीक ठाक गरी काम मिलाउने हुन्छन् त्यस्ता सर्वगुणसम्पन्न दूत उत्तम हुन्छन्। दोस्रा कक्षाका दूत परिमितार्थ-चाहिंदो कुरा मात्र गर्ने आधा गुण भएका हुन्छन्। तेस्रो कक्षाका दूत शासनहर अर्थात् केवल भनेको सन्देश ओहर दोहरसंम गर्ने हुन्छन्।

दूतले राजाको सन्देश कस्तै प्राण सङ्कटसम्म परे पनि जस्ताको तस्तो भन्नुपर्दछ। सन्देश भन्ने सुन्नेको भनाइ चेष्टा आकृति प्रश्न उत्तर आशय प्रसन्नता अप्रसन्नता राम्ररी बुझ्ने गर्नुपर्दछ। आफ्नोपट्टिको रहस्य कुरा खुस्काउन हुँदैन। आफ्नो पक्षको र शत्रु मित्र पक्षको कुरा विचार गरेर सन्धिको रक्षा गर्नु, आफ्नो पक्षको रवाफ देखाएर नलत्रनु, मित्र बढ़ाउनु, आफ्नो पक्षको फायदा गराउनु आदि दूतको कर्तव्य हुन्छ।

उच्च कर्मचारीहरू

कार्यमा कुशल सुयोग्य विश्वासपात्र सच्चरित्र ठहऱ्याएकालाई विभाग विभागको अध्यक्ष बनाउनुपर्दछ।

फौजी विभागका प्रमुखहरू सैनिक व्यायाम परिश्रम विशेष गर्ने नशक्ने भएपछि त्यस्तालाई उत्तराध्यक्ष (सहाय अध्यक्ष) बनाएर अरु विभागमा राखी काम लगाउनू।

उच्च कक्षाका प्रमुखहरू—

धर्मस्थ—देवानी व्यवहारसम्बन्धी न्यायाधीश
समाहर्ता—सरकारी आयहरू असुल तहसील हुने प्रबन्ध गर्ने

सन्निधाता—सरकारी आय असुल तहसील भएको नगद जिनिसहरू बुझी राजकोश कुप्यागार भाण्डागार आदिमा राखेर सुरक्षा गर्ने

प्रदेष्टा—कण्टकशोधन-फौजदारी विभागका न्यायाधीश

राष्ट्रपाल—राष्ट्रको रक्षा गर्ने पुलिस विभागका प्रमुख

अन्तपाल—सीमा चौकी विभागका प्रमुख

दुर्गपाल—किल्लाको रक्षा प्रबन्ध गर्ने

पौर व्यावहारिक—नगर र नागरिकसम्बन्धी बन्दोवस्त गर्ने प्रमुख

दौवारिक—राजद्वारको संरक्षण गर्ने प्रमुख

कार्मान्तिक—खानि आदिका कारखानाहरूको हेरचाह गर्ने प्रमुख

अक्षपटलाध्यक्ष—सरकारी आय व्ययको बहीखाता तयार पार्ने प्रमुख

विवीताध्यक्ष—गौचर प्रदेशको रेखदेख गर्ने प्रमुख

अक्षशालाध्यक्ष—टकसार विभागका अध्यक्ष

वन (हस्तिवन द्रव्य वन आदि) को निरीक्षण संरक्षण गर्ने प्रमुख विभागाध्यक्ष

यी माथिल्लो कक्षाका प्रमुख अधिकारी हुन्छन्।

अरु एकेक विभागका अध्यक्ष पनि धेरै हुन्छन्—

कोशाध्यक्ष—राजकोशको रक्षा गर्ने

आकराध्यक्ष—खानिविभागका प्रमुख

पौतवाध्यक्ष—नाप तौलको माना पाथि' तलाजू ढकहरूको बन्दोबस्त निरीक्षण गर्ने

सुवर्णाध्यक्ष—सुन चाँदीको माल बनाउने कामको विभागाध्यक्ष

सौवर्णिक—सुन चाँदीको माल बनाउने कामको अध्यक्ष

पण्याध्यक्ष—राजकीय पण्य (बिक्री हुने) वस्तुको प्रबन्ध गर्ने

संस्थाध्यक्ष—बजारको विभागाध्यक्ष,
किंवा चरविभागको अध्यक्ष

कोष्ठागाराध्यक्ष—सरकारी अन्न भण्डारको अध्यक्ष

कुप्याध्यक्ष—जिन्सी भण्डारको अध्यक्ष

आयुधागाराध्यक्ष—अस्त्र शस्त्रहरू रहने भवनको अध्यक्ष

देवताध्यक्ष—देवमन्दिरका धनसम्पत्तिका प्रमुख रक्षक

शुल्काध्यक्ष—सरकारी महसूल चुङ्गीहरू उठाउने अध्यक्ष

नावध्यक्ष—नाउ घाट आदिको निरीक्षण गर्ने विभागाध्यक्ष

सीताध्यक्ष—खेतीसम्बन्धी विभागाध्यक्ष

सूत्राध्यक्ष—धागो कात्ने बुन्ने विभागको अध्यक्ष
लवणाध्यक्ष—नून बनाउने खरीद् विक्री गर्ने विभागको अध्यक्ष
सुराध्यक्ष—मद्यविभागको अध्यक्ष
सूनाध्यक्ष—पशुवधको विभागाध्यक्ष
गणिकाध्यक्ष—वेश्यासम्बन्धी बन्दोवस्त गर्ने अध्यक्ष
द्यूताध्यक्ष—जूवासम्बन्धी बन्दोबस्त गर्ने अध्यक्ष
मुद्राध्यक्ष—सरकारी छाप निस्सा दिने प्रमुख
गोध्यक्ष—दोपाया-चौपायासम्बन्धी प्रमुख निरीक्षक

सेनातर्फका प्रमुखहरू—

सेनापति—सेनाविभागका सर्वप्रमुख अध्यक्ष
नायक—१।२ हजार पैदल सेनाका अध्यक्ष
हस्त्यध्यक्ष—हात्तीहरूको विभागाध्यक्ष
अश्वाध्यक्ष—घोड़ाहरूको अध्यक्ष
रथाध्यक्ष—रथविभागको अध्यक्ष
पत्त्यध्यक्ष—पैदल सैनिकहरूको अध्यक्ष

यस्तै काम काम अनुसारका सुयोग्य अध्यक्ष नियुक्त हुन्छन् ।

यिनीहरूभन्दा मनिका अधीनस्थ कर्मचारीहरू—

गणक—हिसाब गर्ने ।
निबन्धक—बहीखाता गर्ने
लेखक—लेख्ने
रूपदर्शक—माल जाँच्ने
रक्षक—पालोपहरा गर्ने
शोधक—झाडबढार गर्ने

इत्यादि मध्यम र निम्नश्रेणीका कर्मचारी योग्यतानुसार नियुक्त हुन्छन् ।

जनपदको निर्माण (प्रकरण १२)

मानिसहरू विदेशबाट ल्याएर अथवा आफ्नै देशमा बढ़ी भएका ठाउँबाट झिकी ल्याएर उजार भएको पुरानै ठाउँमा, वा नया ठाउँमा जनपद-मानिसहरूको वस्ति बसाउनू ।

कोश दुइ कोशको फरक पारी एक गाउँको अर्को गाउँलाई भर हारगुहार हुने गरी गाउँहरू बसाउनू । एक गाउँमा १०० देखि ५०० संम घर परिवार रहने गराउनू । गाउँको चौहद्दी सीमाना नदी पहाड वन खाडल पूल बाँध सीमल शमी वर पिपल आदि धेरै समयसंम रहने वृक्ष आदिबाट गराउनू ।

१० गाउँको एक वर्ग-समुदाय गराएर संग्रहण-भन्ने ठूलो सदर गाउँ, ४०० गाउँको एक वर्ग गराएर द्रोणमुख-भन्ने सदर उपनगर, ८०० गाउँको एक वर्ग गराएर स्थानीय वा निगम भन्ने प्रधान नगर बसाउनू।

यसरी नगर, उपनगर, ठूलो गाउँ, सामान्य गाउँहरू भएको मानिसहरूको बस्ति भएको देशको मुख्य भाग जनपद कहलाउँछ।

जनपदको किनारामा बाहिरको प्रदेशमा जाने भित्रपट्टि पस्ने ढोका जस्ता अन्तपालदुर्ग-सीमारक्षक किल्ला चौकीहरू चाहिने जति बनाउनू। यी किल्लहरूको हेरचाह गर्ने रक्षक अधिकारी पुरुष अन्तपाल सीमारक्षक कहलाउँछ। भित्रबाट बाहिर निस्कनेहरूले मुद्राध्यक्षबाट छापको निस्सा लिएर आउने गर्दछन्। तिनलाई छाड़िदिने र बाहिरबाट भित्र पस्नेलाई जाँचेर पस्नदिने कामको अधिकार अन्तपाललाई हुन्छ। यसबाट परचक्रीहरू भित्र पस्न नपाउने र भित्रका चोर बदमासहरू भागेर बाहिर जान नपाउने हुन्छन्।

वरिपरि एक किल्लादेखि अर्को किल्लासंम बिचका भागभागमा सिकारी शबर पुलिन्द (जङ्गली निम्न जाति), चाण्डाल वनवासीहरूलाई बसाएर रक्षा हिफाजत गराउनू।

गौचर वनहरू (प्रकरण २०)

खेती नहुने जमीनमा पशुहरूको चरनका निमित्त विवीत–घाँस पानी भएको गौचर छाड़िदिनू।

स्थावर जङ्गमहरूको सुरक्षा हुने प्रबन्ध गरी ब्राह्मणहरूले यज्ञ याग गर्ने वन, तपस्वीहरूका निमित्त तपोवन पनि गौकोश जति विस्तृत पारेर छोड़िदिनू।

राजाको विहार विनोदका निमित्त गौकोश अति फराकिलो प्रदेशमा चारैतिर खाई पर्खालहरूले सुरक्षित पारी एक ढोकाबाट मात्र भित्र पस्न हुने गरी काँढा नभएका मीठो फलका बोटहरू फूलका झाँगहरू प्रशस्त भएको नगहिरा जलाशयहरू भएको शान्त मृग चौपायाहरू भएको, दाह्रा नंग्रा उखेलिएका बाघ, हथिनी हात्तीका छावाहरू भएको मृग वन पनि बनाउनू।

त्यसको नजीकै मिल्दो ठाउँ अनुसार देशान्तरहरूबाट ल्याइएका आएका अतिथि-पाहुना मृग पशुहरू रहने अर्को मृग वन र, असल जातका काठहरू हुने द्रव्यवन, त्यसकै नजीकमा काठहरू तयार गर्ने कारखाना–कार्यालयहरू पनि बनाउनू।

जनपद-जनको बस्ति भएको ठाउँदेखि पर राज्यको छेउपट्टि हात्ती हुने हस्तिवन बनाउनू। सो वनको रक्षा गर्ने प्रबन्ध गर्नू। हस्तिवनको प्रदेशमा नदी नाला पहाड सीम जमीनहरू पनि पार्नुपर्दछ। हात्तीवनको रक्षक अधिकारीले अरु पालेहरूलाई समेत काम लाएर वनको सुरक्षा गराउनुपर्दछ। त्यहाँबाट हात्तीहरू निस्के पसेको याद गर्दै पाले माहुते फाँद हाल्ने टहलुवा सीमारक्षकहरूलाई समेत साथ लिएर अध्यक्षले हात्ती वनको सुरक्षा गर्नुपर्दछ। हात्ती मार्नेलाई ज्यान सजाय हुने गर्नुपर्दछ। आफै मरेकाको दाँत ल्याएर बुझाउनेलाई इनाम दिने गर्नुपर्दछ। हात्ती वनका रक्षकहरूले ५।७ सघुवा हस्तिनीहरू लिएर वनमा घुम्दै यहाँ यति हात्ती छन् भन्ने याद गरी असल नअसल बथानियाँ एकले मत्ता बच्चा ढोई यस्ता यति छन् भनि लगत गर्दै गर्नू।

किल्लानिर्माण (प्रकरण २१)

जनपद—बस्तिप्रदेशदेखि पर चारै दिशामा देशको सुरक्षा गराउने किल्लाहरू बनाउनुपर्दछ। सो किल्ला वरिपरि नदी नाला बिचमा टापुजस्तो परेको वा वरिपरि पहाड़ भएको वा मरुभूमि-निर्जन प्रदेश भएको वा वन जङ्गल आदि भएको प्राकृतिक किल्ला हुनु बेस हुन्छ। जनपदको मध्य भागमा स्थानीय-मूल सहर राजधानी गराउनू। सो स्थानीय असल ठाउँ पारी नदीको सङ्गम भएको ठाउँमा वा ठूलो ताल दहहरूको नजीकमा बाटुलो वा लामचो वा चारपाटे गरी बनाउनू। त्यहाँ सबै चाहिने माल समानहरूको बजार पनि बसाउनू।

सो मूल राजधानीको बाहिर वरिपरि ४।४ हातको फरक गरी ५६।४८।४० हात चौड़ा गहीरा खाई ईंट पत्थरको गाह्रो लाएर पक्का गरी बनाई पानी भर्नू। सो खाईभन्दा १६ हात पर २४ हात अगलो, त्यसको दोबर चौड़ाइ भएको वप्र-माटाको ढिस्कोले वरिपरि घेर्नू। सो ढिस्कालाई बलियो खँदिलो पारी त्यसमाथि १२ हातदेखि २४ हातसंम उचाइ, उचाइको आधा चौड़ाइ भएको ईंटको पर्खाल बनाई घेरा दिनू। सो पर्खालमा मिलाई बिच बिचमा अगला बुर्जाघर अटालीहरू पनि बनाउनू। माथि चढ़ने सिंढी भित्री भागमा गराउनू। पर्खालको टाउकामा बनेका बुर्जाघरहरूमा शस्त्रधारी सैनिकहरू लुकेर बस्ने, बाहिरपट्टिबाट कोही शत्रु आउन लागेमा शत्रुको गतिविधि हेरी प्रतिक्रिया गर्ने प्रबन्ध गराउनू। किल्लाको ढोका बलीयो गराई सुरक्षित पार्नू। त्यसबाट निस्केर ओर्ली बाहिर आउने गराउनू। किल्लाबाट खाईमा पानी लिन आउने सुरुङबाटो पनि बनाउनू।

खाईभन्दा बाहिरपट्टि वरिपरि अनेक किसिमका शस्त्रअस्त्र कुनै जमीनमा गड़ेका, कुनै खड़ा रहेका, कहीं ठूला ठूला गहीरा खाडल खनी माथिबाट घाँस पातले छोपी राख्नुपर्दछ। कदाचित् कुनै शत्रु बाहिरबाट किल्लातर्फ आउनलाग्दा सो विकट ठाउँमा अनेक गोता खाने र खाइ पर्खालबाट भित्र पस्न नशक्ने भई राजधानीको सुरक्षा हुने हुन्छ।

राजधानी (प्रकरण २२)

किलाभित्र राजधानीमा पूर्व-पश्चिम लामा तीन, उत्तर-दक्षिण लामा तीन सड़क १२ हात चौड़ा गरी बनाउनू। सड़कका आखीरमा एकेक दिशामा तीन तीन गरी किल्लामा पस्ने र बाहिर निस्कने १२ ढोका हुन्छन्। सो भित्री भागमा पीउने पानीका जलाशयहरू र मैला पानी बाहिर जाने ढलहरू पनि बनाउनू।

सो राजधानीमा त्यहाँ रहने सबै वर्णलाई जीविका उपभोगका निमित्त चाहिने वस्तुहरू भरपूर रहनुपर्दछ।

किल्लाभित्र राजधानीको भूमि ठाड़ो तेर्सो तीन-तीन भाग गरेर नौ खण्डको कल्पना गर्नू। ती भागमध्ये उत्तरपट्टिको बीचको भागमा पूर्व वा उत्तर मुहुड़ा गरी अन्तःपुर राजभवन बनाउनू। त्यसदेखि ईशानपट्टिको भागमा गुरु पुरोहितहरूले यज्ञ याग आदि गर्ने ठाउँ, जलाशय, मन्त्रीहरू बस्ने भवन बनाउनू। आग्नेयपट्टिको भागमा भान्साघर, हात्ती रहने घर, अन्नको गोदाम-भण्डारघर, बनाउनू। यहाँदेखि बाहिरपट्टि सुगन्ध माल्य अन्न रसका बजार गराउनू। पूर्वपट्टि मुख्य-मुख्य कालिगड़हरू र क्षत्रियहरू बस्ने, आग्नेयपट्टि अन्नहरूको गोदाम, सरकारी आय व्ययको हरहिसाब गर्ने भवन, सुन चाँदीका मालहरू तयार गर्ने बजार, नैर्ऋत्यपट्टि जिन्सी सामानको भण्डार, हतियारहरू राख्ने घर बनाउनू। त्यसदेखि बाहिरपट्टि सहरको हेरचाह बन्दोबस्त गर्ने, अन्नहरूको व्यापार गर्ने, खानिसम्बन्धी कामको प्रबन्ध गर्ने, सेनाका अध्यक्षहरू बस्ने ठाउँ, पक्वान्न मांस मद्यको बजार, वेश्या नट नर्तक आदि रहने ठाउँ, वैश्य जातिहरू रहने ठाउँ दक्षिणपट्टि बनाउनू। नैर्ऋत्य भागमा ऊँट गधाहरू राख्ने ठाउँ, घर आदि बनाउन कर्मीहरू बस्ने ठाउँ, वायव्य भागमा सवारीका यान रथहरू रहने घर बनाउनू। पश्चिम भागमा ऊन धागो बाँस छालाको काम गर्ने, कवच हतियारका दाप खोलहरू बनाउने कालिगड़हरू र शूद्रहरू रहने ठाउँ गराउनू। वायव्यपट्टि बजार घर औषधालय, ईशानपट्टि ढुकुटी घर र गाई घोड़ाहरू रहने ठाउँ बनाउनू।

त्यसदेखि बाहिर धातुहरूको काम गर्ने र रत्नहरूको काम गर्ने कालीगड़हरू र ब्राह्मणहरू उत्तरपट्टि बस्ने गर्नू। नगरका देवता राजकुलका देवताहरूका मन्दिर उत्तर भागमा रहने गराउनू।

बिच बिचका अवकाशस्थानहरूमा धोबी तन्तुवाय तान लाउने, तुन्नवाय-कपड़ा बुन्ने विदेशी व्यापारीहरू रहने गराउनू।

सहरको माझमा दुर्गा विष्णु जयन्त इन्द्र शिव कुवेर अश्विनीकुमार लक्ष्मीहरूका मन्दिर बनाउनू।

मूल राजधानीको पूर्वपट्टि इन्द्र देवता भएको, दक्षिणपट्टि यम देवता भएको, पश्चिमपट्टि स्वामी कार्तिक देवता भएको, उत्तरपट्टि ब्रह्मा देवता भएको ढोका ४ दिशामा बनाउनू।

खाईभन्दा बाहिर ४०० हात पर चैत्य-प्रसिद्ध वृक्ष, पुण्यस्थान, वन बाँधहरू र दिशा दिशामा देवताका मन्दिर पनि बनाउनू।

श्मशान उत्तर वा पूर्वपट्टि, ब्राह्मणको दक्षिणपट्टि गराएर तोकिएको ठाउँभन्दा अन्यत्र दाह आदि गरेमा २५० दण्ड गर्ने गर्नू।

पाखण्ड चाण्डालहरू श्मशानको नजीकै बस्ने गराउनू।

कामदारहरूलाई कामअनुसार चाहिने जमीन दिएर सीमाना बाँधिदिनू। ती जमीनहरूमा फलफूलका बगैचा, धान हुने खेत, अन्नका गोदाम विक्री हुने वस्तुको सञ्चय हुने ठाउँ पनि सरकारबाट अनुमति लिएर बनाउन दिनू।

अन्न, स्नेह, क्षार, लवण, औषधि, शुक्खा तर्कारी, भूसा, सुकुटी, घाँस, काठ, धातु, छाला, गोल, नसा, विष, सीङ, बाँस, पोका, गतिला काठ, हतियार, कवच, पत्थरहरू धेरै वर्षलाई पुग्ने गरी जम्मा राख्नू। नयाँ आएपछि पुरानालाई बदल्ने गर्नू।

हात्ती घोड़ा रथ पैदल सेनाहरू धेरै जना मुख्य प्रधान गराई किल्लामा राख्नू।

जुवारी ठग नट नर्तकहरू नगर राष्ट्रको हानि गर्ने हुनाले यस्तालाई देशमा नराख्नू, राखे पनि जनपदको छेउछाउमा राख्नू। यिनलाई कर पनि तिराउनू।

राजभवन अन्तःपुरको प्रबन्ध (प्रकरण १७)

वास्तुविद्या जान्नेले असल ठहऱ्याएको ठाउँमा वरिपरि खाई र पर्खालले घेरेर बलियो ढोका बनाई भित्रपट्टि धेरै खण्ड भएको अन्तःपुर बनाउनू। त्यस-

भित्र राजा बस्ने भवन अतिगुप्त सुरक्षित गराउनू। भित्रपट्टि सुरुङको बाटो, कहीं मोहगृह-भित्र पस्ता अलमलिने घर, पनि बनाउनू। राजाको सुत्ने खोपी यन्त्रद्वारा तला उचाल्न ओराल्न हुने पनि गराउनू। राजाको भवनमा वरिपरि सर्प विषहरूको बाधा नहुने गराउन बिरालो मजूर न्याउरीहरू छोड़िराख्नू। त्यसले सर्पको दोहोलो हुन्छ। सुगा मैना भृङ्गराज कन्याङकुरुङ च्याखुराहरू पनि छोड़िराख्नू। सर्प विषको शङ्का भएमा बिरालो मैना भृङ्गराजहरू कराउने, कन्याङकुरुङ छटपटाउने, च्याखुराको आँखा रातो हुने लत्रङ्ग पर्ने, कोइली मर्ने हुन्छ। यसबाट विषको शङ्का मानी तुरन्त प्रतिक्रिया गर्नुपर्दछ।

राजाको शयनगृहको पछाडिपट्टि रानीहरू रहने खण्ड, बाहिरपट्टि राजकुमार राजकुमारीहरू रहने खण्ड, अगाड़िपट्टि राजाले श्रृङ्गार गर्ने खण्ड, मन्त्रीहरूसंग गुप्तमन्त्रणा गर्ने खण्ड, राजकुमार र विभागीय प्रधान अधिकारीहरू आएर काम गर्ने खण्ड बनाउनू। अर्को खण्डमा अन्तःपुरको रक्षा गर्ने सेनाहरू रहिरहने गर्नुपर्दछ।

राजाले रानीहरूसँग भेट गर्न पनि उनको खण्डमा जाँदा धोका हुने सम्भव हुनाले आफ्नै खण्डमा बोलाउने गर्नू। भित्रिया बूढ़ीपाकी स्त्रीहरूद्वारा तिनीहरूमाथि पनि निगरानी गराउनुपर्दछ। रानीहरूलाई बाहिरिया मानिसहरूसंग, जोगी भिकारीहरूसंग पनि सम्बन्ध गर्न नदिनू। उनका माइती खलकलाई पनि सुत्केरी भएको बेरामी भएको आदि विशेष मौकाबाहेक भेटघाट गर्न नदिनू। सुसारेहरूले पनि सफा सुघर भएर लुगा गहनाहरू फेरेर रानीहरूको दर्शन गर्ने गर्नू।

८० वर्ष भएका पुरुषहरू र ५० वर्ष भएका स्त्रीहरूले बाबु आमा जस्ता बनेर अन्तःपुरमा रहने मानिसहरूको चालचलन जाच बुझ गर्ने गरून्। भित्रका मानिसको बाहिरका मानिससँग जावत आवत सम्पर्क हुन नदिनू। भित्रैकाले पनि आफ्नो आफ्नो ठाउँमा बस्ने गर्नुपर्दछ।

भित्रका मालहरू बाहिर निकास्ता, बाहिरका माल भित्र ल्याउँदा पनि के किन कहाँबाट भनि जाचबुझ गरेरमात्र छाड़ि दिने गर्नू, किंवा छाप बन्दी गरेर ल्याउने लाउने गराउनू।

जनपदसम्बन्धी व्यवस्था (प्रकरण ५४-५५)

समाहर्ताले सम्पूर्ण जनपदको रेखदेख गर्नुपर्दछ। समूचा जनपदलाई चार विभाग गरेर एकेक भागमा पर्ने गाउँहरू उत्तम मध्यम कनिष्ठ कक्षाका

यति यति छन् भन्ने लगत खड़ा गरी तिनमा कर माफि भएका गाउँ यति, सैनिक भर्तीहरू दिने यति, प्रतिकर-साल बसाली सरकारलाई आउने नियत कर अन्न पशु जिनिस नगद बेठीहरू यति भन्ने लगत खड़ा राख्नू ।

समाहर्ताको अधीनमा रहेर जनपदको एकेक चतुर्थांशको रेख-देख व्यवस्था गर्ने अधिकारी पुरुष स्थानिक, सोभन्दा मनिका १० वा ४ गाउँको रेख-देख गर्ने अधिकारी पुरुष गोप कहलाउँछन् ।

गोपले आफ्नो अधिकारका गाउँहरूको चौहद्दी सीमाना यो, त्यसमा खेती भएको यति खेती नहुने जमीन यति, धानखेत बगैचा फलबारी वन घडेरी ठूला रूख मन्दिर पूल बाध तलाउ धर्मशाला पौशाला पुण्यस्थान वनजर बाटोहरू यति यति, मालपोत रकमहरू आउने यति माफी भएको यति, अन्नहरूको सहायता दिनुपर्ने यति, गाउँ गाउँका घरहरू यति, तिनमा कर तिर्ने यति नतिर्ने यति भनि सबै विषयको लगत खड़ा गर्नुपर्दछ ।

ती गाउँहरूमा चार वर्णमा यो यो वर्णका मानिस यति, किसान, गाई आदि पशु पालक, बनिया, कालीगड़ मजदूर दासहरू यति, दोपाया चौपाया यति, वष वर्षमा आउने नगदी कर वेठी चुङ्गी सैनिक भर्ती यति, भनि सरकारलाई आउने सबै विषयको लगत खड़ा गर्नुपर्दछ ।

गाउँ गाउँमा कति कति परिवार छन्, तिनमा स्त्री पुरुष बालक बूढ़ा यति, तिनको कामधन्दा चरित्र जीविकाको आय परिवारको भरणपोषणको खर्च यति छ भन्ने कुरा सबै गोपले जान्नु बुझ्नुपर्दछ ।

यही किसिमसँग स्थानिकले आफ्नो रेखदेखका जनपदको चतुर्थांश भागको माथि भनेका सबै विषय जानी बुझी आफ्नो इलाकाभरको रेख-देख गरी व्यवस्था मिलाउनुपर्दछ ।

गोप र स्थानिकको देखरेखमा रहेका ठाउँहरूमा प्रदेश-कण्टकशोधन गर्ने अधिकारीहरूले त्यहाँका कण्टक जस्ता प्रजालाई दुःख बाधा दिने दुष्टहरूलाई दमन गर्ने काम, गोप र स्थानिकको वहीमा लेखिएबमोजिम सरकारी तीरो भरो नगर्नेसंम बल गरेर असुल गराउने काम, सरकारी आय उठाउन लागेका गोप र स्थानिकका मानिसहरूलाई मदत दिने काम गर्नुपर्दछ ।

समाहर्ताले काम लाएका गृहस्थरूप लिएका चरहरू जुन जुन गाउँमा बुझ्नलागेका छन् तिनीहरूले ती गाउँको घर परिवार जमीनहरूको लगत जान्नुपर्दछ । गाउँका जमीनको परिमाण आउने कर, करको माफी त्यहाँका निवासीहरूको जाति घर, कामको पेशा, जनसंख्या, तिनको आयव्यय पनि जान्नुपर्दछ । त्यो गाउँबाट बाहिर गएका, बाहिरबाट त्यहाँ आएका, बाहिर जानेहरू

कुन कामले कहाँ गएका हुन्, नट नर्त्तक गुण्डा जुवारे पुरुषहरू र खराप स्त्रीहरू त्यहाँ भए तिनीहरू किन कहाँबाट त्यहाँ आएका हुन् त्यहाँ तिनको चाल चलन कस्तो छ सो पनि बुझ्ने गर्नुपर्दछ ।

जनपदभित्र काम काजको हानि गराउने गरी विलासस्थान बगैचा आदि विनोदस्थानहरू बनाउन नदिनू ।

गाउँका खेत्तीवालहरूको कामकाजमा वाधा गराउने गरी नटुआ गाउने बजाउने कत्थक चटकीहरूलाई गाउँमा रहन नदिनू ।

खर्च गराउने खेलवाड़हरू पनि देशमा विशेष हुन नदिनू। सर्वसाधारण सोखसयल गर्ने ठाउँ नाच तमासा हेर्ने ठाउँ पनि जनपदमा नराख्नू।

केही उद्योग धन्दाहरू खोलेर देशको उन्नति गर्ने सुजात सङ्घ (राम्रो-उद्देश्य भएका मानिसको सङ्घ) बाहेक अरू किसिमको मानिसको दुर्जात सङ्घ सङ्गठन जनपदमा रहन नदिनू

देशको उत्थानको काम गर्नेबाहेक धेरैजनाको सङ्गठन देशमा हुन नदिनू ।

राजाका प्रियजन, अधिकारी पुरुष, चोर डाकू, अन्तपाल (चौकीदार) र भयङ्कर जनावर आदिबाट प्रजालाई बाधा पीड़ा हुन नपाउने व्यवस्था गरी देशको रक्षा गर्नुपर्छ ।

द्रव्यवन, हस्तिवन, पूल बाँध, खानिका कामहरू पनि अगिदेखि भइरहेको पनि बिग्रन नदिनू। नयाँ नयाँ पनि खड़ा गर्दैजानू ।

दण्ड वेठी बेगारी करको वृद्धले खेतीलाई हानि हुने गर्न हुँदैन ।

व्यापारका निमित्त आवत जावत गर्ने बाटाहरूको सुधार गर्दैरहनू ।

समाहर्ता गोप स्थानिकहरूले आफ्नो आफ्नो इलाकामा रहने मानिस स्त्री पुरुष बाल वृद्ध यति तिनको जीविका यो भन्ने पनि लेखाजोखा राख्नुपर्दछ ।

आफ्नो आफ्नो इलाकाबाट बाहिर गएका र अन्तबाट आएका पनि मानिसहरूको हिसाब लिने गर्नू। परदेश जानेहरू पनि यो यस कामले गएको भन्ने याद राख्नू ।

आफ्नो आफ्नो इलाकाका जमीन खेत खानि बाध पूल कार्खानाहरू यस्ता यति छन् भन्ने कुरा पनि जान्नुपर्दछ ।

समाहर्तातर्फका मानिसहरू अनेक रूप बनेर त्यहाँ हामित्रका मानिसहरू असल नअसल अरुलाई दुःख दिने दुष्ट यो यो छन् भन्ने पता लाउने गर्नू।

नगरको व्यवस्था (५६ प्रकरण)

नागरिक अर्थात् नगरको अध्यक्षले समाहर्ताले जनपदको झैं नगर-सम्बन्धी देखरेख हेरविचार गर्नुपर्दछ।

नगर ठूलो भए चार भाग लाएर एकेक भागमा एकेक स्थानिकलाई नियुक्त गरेर तीद्वारा नगराध्यक्षले नगरको हेरविचार गर्ने, स्थानिक गोपहरूले नागरिकको काममा सहायता गर्ने गर्नुपर्दछ।

नगरमा रहने मानिस स्त्रीपुरुष सबैको संख्या जाति कुल नाम काम पेशा तिनको आय व्ययहरू पनि नागरिकले जान्नुबुझ्नुपर्दछ।

कुनै धर्मशालाहरूको देखरेख गर्नेले बस्न आएका धर्म यात्री बटुवाहरूलाई नागरिकलाई खबर दिएर बसाउने गर्नू। चिने जानेका तपस्वी श्रोत्रियहरूलाई पनि बसाउनू।

कालीगड़हरूले जानेबुझेका कालीगड़हरूलाई व्यापारीले त्यस्तै व्यापारीहरूलाई आफ्ना आफ्ना ठाउँमा बसाउनू। जान पहिचान नभएका व्यापारीहरू किन्न वा बेच्न भनि आएकालाई भने गोप स्थानिकहरूलाई सूचना दिएर राख्नुपर्दछ।

शौण्डिक (मद्य बेच्ने), पाकेको मासु पक्वान्न बेच्ने, रूपाजीवा (वेश्या)हरू चिने जानेका आएमा त्यस्तै ठाउँमा राख्ने गर्नू।

कुनै मानिस ज्यादा खर्चालु अथवा साहसी काम गर्ने देखिएमा गोप स्थानिकलाई सूचना दिनुपर्दछ।

कुनै व्यक्ति गुप्त गरेर आफ्नो अपराध दबाउन, दुष्ट रोगहरूको औषधि गराउन आएमा घरपतिले गोप स्थानिकहरूलाई जाहेर गर्नुपर्दछ।

कुनै मानिस बाहिर गएमा वा बाहिरबाट आएमा पनि गृहपतिले जाहेर गर्ने गर्नुपर्दछ। नत्र राति केही गोलमाल परेमा गृहपतिलाई दोष लाग्दछ, राति केही गोलमाल भएन भने गृहपतिले ३ पण दण्ड दिनुपर्दछ।

सहरमा ओहरदोहर गर्नेहरू कुनै देवालय पुण्यस्थान वन श्मशानमा बसेको घाउ चोट लागेको मुख छोपर हिंड़ेको नयाँ आएको थकाइ मानिरहेको नौलो देखिएमा त्यसको खोजखबर लिनू।

शून्य ठाउँ भट्टी खानेकुरा बेच्ने ठाउँ पकाएको मासु बेच्ने ठाउँ जूवाको अखाड़ा जोगीहरू बस्ने ठाउँमा नागरिकले आफ्ना गुप्तचरद्वारा निगरानी गराउने गर्नू।

ग्रीष्मऋतुको बेहान बेलुका बाहेक बिचको भागमा आगाको बचाउ गराउनुपर्दछ, किंवा पकाउने आदि काम घरबाहिर गराउनू। मध्याह्नमा पाँच घड़ीसंम आगो बाली राख्नेलाई चौथाइ पण दण्ड गर्नू।

गृहपतिहरूले ग्रीष्मऋतुमा आफ्ना घरमा र देवालय भण्डारघरहरूमा पनि आगाको भय बचाउन पानी भरेका घड़ाहरू, नाउ, भरेङ, कोदालो, नाङ्लो, अंकुश, परालहरू तान्ने टागो, पानी भर्ने थैलाहरू, राख्ने गर्नुपर्दछ। नराखेमा चौथाइ पण दण्ड गर्नू।

ग्रीष्मऋतुमा परालहरूका घर छाप्राहरू हटाइदिनुपर्दछ। आगो फूकी काम गरी जीविका गर्ने वा आगो निभाउने काम गर्नेहरूलाई एकै ठाउँमा रहने प्रबन्ध गर्नुपर्दछ।

कहीं आगो लागेको देखेर पनि गृहस्वामी सहायताका निमित्त दौड़ेर नगएमा ५४ पण, भाड़ामा बस्ने पनि दौड़ेर नगएमा ६ पण दण्ड गर्नू।

अर्कोको घरमा जानी जानी आगो सल्काइदिनेलाई आगैमा जलाएर खरानी पारिदिनू।

कसैले बेहोसी गरेर आगो लागेमा ५४ पण दण्ड गर्नू।

रथ चल्ने सड़कमा धूलो कसिंगर मिल्काएमा पणको अष्टमांश, सड़कमा फोहोर हीलो पानी मिल्काएमा चौथाइ पण, मूल राजमार्गमा त्यो मिल्काएमा त्यसको दोबर दण्ड, पुण्यस्थान पानीघाट देवमन्दिर सरकारी घरहरूमा मलमूत्र फ्याँकेमा उत्तरोत्तर बढ़ी पण दण्ड गर्नू। रोग लागेर आतस परेर गरेको भए दण्ड हुँदैन।

मरेका बिरालो कुकुर न्याउरी सदरभित्र मिल्काउनेलाई तीन पण, मरेका गधा ऊँट खचर घोड़ा अरू पशु मिल्काएमा ६ पण, मानिसको मुर्दा मिल्काएमा ५० पण दण्ड गर्नू।

मुर्दा लैजाने बाटो बदलेमा मुर्दा निकाल्ने ढोका बदली निकासेमा पूर्वसाहस दण्ड गर्नू, त्यस्तो गर्न लागेको देखेर पनि नरोक्ने पालेलाई २०० पण दण्ड गर्नू। तोकिएको मशानबाहेक अन्त लगी मुर्दा गाड़े वा जलाएमा १२ पण दण्ड गर्नू।

रात अढ़ाइ घण्टा बितेपछि र अढ़ाइ घण्टा रात बाँकि हुँदा प्रहरको सूचना दिने बाजा बजाइदिने सो बिचमा मानिसको आवत-जावत बन्द हुन्छ। सो बाजा सुनेपछि पहिलो वा पछिल्लो पहरमा राजदरबारको यताउता कोही घुम्ने देखिएमा सवा पण दण्ड गर्नू। दोस्रो र बिचको पहरमा त्यसरी घुम्नेलाई दोबर अढ़ाइ पण दण्ड गर्नू।

सहरबाहिर राति त्यसरी घुमेमा चोर ठहरिई ४ पण दण्ड हुन्छ। बेटाइमभा हिंडने मानिस नाम जात काम कारणहरू सोधपृछ गर्नू।

ढुकुटीघरनिर वा रक्षाको पर्खालमा चढ़ेको देखिएमा ५०० पण दण्ड गर्नू।

वेसमयमा हिंडने मानिस सुत्केरिको सेवा वैद्यहरू लिन मसार मुर्दा लैजान लागेमा दण्ड्य हुँदैन्। मानिस जंमा गर्न सरकारी बिगुलहरू बजेमा, सरकारी अनुमतिले भएको नाटकहरू हेर्न गएमा, कहीं आगो लागेर सहायता निमित्त जानलागेमा, नागरिक अधिकारीबाट अनुमतिपत्र लिएकोमा दण्ड हुँदैन्।

सबैका निमित्त खुला भएको उत्सवको रातमा पनि स्त्री वा पुरुष भेष बदलेर हिंड़ेको, जोगी भई हिंड़ेको हातमा लाठो हतियार लिएर हिंड़ेको देखिएमा सोधपृछ गरी जाच्नू। पुलिस(रक्षी)हरूले रोक्नुपर्नेलाई नरोक्ने, नरोक्नपुर्नेलाई रोक्ने गरेमा दोबर दण्ड गर्नू।

राति सजीव वा निर्जीवबाट भएको केही खराबी जाहेर नगर्ने र बेहोसी गर्ने नागरिकलाई दोषअनुसार दण्ड हुन्छ।

पानीघाट बाटो गुप्तीबाटो पर्खालहरूको जाच, चोरी भएको हराएको बिर्सेको मालहरूको खोज तलास रक्षा पनि रक्षकहरूले गर्नुपर्दछ।

वास्तुक(घरवस्ति)सम्वन्धी व्यवस्था (१६ प्रकरण)

घर बनाउँदा छिमेकीलाई बाधा हुने गरी तिनसँग राय सलाह मिलाई बनाउनुपर्दछ।

दुइ घरको बिचमा ३ पाद (फूट) जति अन्तर हुनुपर्दछ। परस्पर घरको बलेसीको बिचमा ४ अँगुल अन्तर अवश्य हुनुपर्दछ।

घर बनाउँदा कसैको निकास बन्द हुने गरी बनाउन हुँदैन। भरेङ सिंढ़ी पनाली रछानहरू बनाउँदा छिमेकीलाई हिंड्ने मानिसहरूलाई बाधा नहुने गरी बनाउनुपर्दछ। अरूलाई बाधा हुने गरी बनाएमा प्रथमसाहस दण्ड गर्नू। अर्कोको गाह्रोमा पानी पर्ने गरी बाधा दिएमा १२ पण, मल मूत्रले हानि गराएमा २४ पण दण्ड गर्नू। वर्षाको समयमा आफ्नो आफ्नो घरको ढल पनाली खोली सफा राख्नुपर्दछ।

चली रहेको पानीको निकास रोक्ने र अनुचित गरी पानीको निकास चलाउनेलाई प्रथमसाहस दण्ड हुन्छ। अर्कोको जमीनमा घर पूल बाँध इनार

देवालयहरू नयाँ बनाउनेलाई र धार्मिक स्थान बन्धक विक्री गर्ने गराउनेलाई मध्यमसाहस दण्ड, यस्तो हुन लागेको देखी सुनीकन पनि चूपचाप बसीरहनेलाई उभयसाहस दण्ड हुन्छ। भत्के बिग्रेको धर्मस्थान जीर्णोद्धार गरी बनाउनेलाई दण्ड हुँदैन्। कोही बाँध पूल कूवा इनार आदिको हकदार स्वामी कोही नभएमा सो धर्मस्थान कायम गर्न चाहने गाउँलेहरूले भत्केबिग्रेको जीर्णोद्धार गरिदिन्।

जमीनको साँध सीमा विषयमा झगड़ा भएमा संधियार र गाउँका बूढ़ापाकाहरूले ठेगान लगाइदिनू। तिनको राय फरक-फरक भएमा धेरै जनाले भनेबमोजीम गर्नू।

खेतको विषयमा पनि झगड़ा परे नजीकका गाउँका बूढ़ापाकाहरूले साँध छुट्याइदिनू।

साँध सीमाना विगार्ने हरण गर्नेलाई १००० पण दण्ड गर्नू। कसैका घर खेतको साँधसिमानाहरू बिग्रेमा वा अस्पष्ट भएमा सरकारले सीमाना सच्याइदिनू।

एकै घरमा धेरै थरी बसेमा आगन मलमूत्र स्थान ढिकी जाँतोको ठाउँमा सबैको बराबर अधिकार हुन्छ। एक घरमा अनेक थरी बसेमा एकले अर्कोलाई सहायता दिनु आवश्यक भएकोमा नदिनेलाई र एक थरीले अर्कोलाई बाधा दिएमा १२ पण, एकले अर्काको काम बिगारिदिएमा २४ पण दण्ड गर्नू।

घर थोत्रो भत्कने गराएर वा गाड़ा हतियारहरू बेठाउँमा खड़ा राखेर वा नदेखिने गरी खाडल खनी भउखारो पारी दिएर कसैको हिंसा हुन आएमा फौजदारीको सजाय हुन्छ। घोड़ा बयलहरू दौड़ाउँदा, काठ ढुंगा लट्ठी वाणहरू चलाउँदा, हात्ती घोड़ाहरूसँग ठक्कर लगाई अर्कोलाई पीड़ा गराएमा दण्ड गर्नू। हटहट भन्दाभन्दै त्यसो हुन गएमा भने दण्ड हुँदैन।

आफ्नो हकको जमीनको सीमावरिपरि फलामको कीला गाड़ी तारले घेरी आफ्नो सीमा छुट्टाई त्यसभित्र घर बनाउनू। आफूले घर बनाउँदा अर्कोको जगा चाप्न हुँदैन्।

अर्कोको गाह्रोभन्दा बिचमा २।३ हात जति फरक पारी आफ्नो घरको गाह्रो लगाउनू।

घर बनाउँदा रछान पानीको ढल मलसूत्र गर्ने ठाउँ पनि बनाउनुपर्दछ। यो सबै व्यवस्था नगरी घर बनाउनेलाई दण्ड गर्नू।

घर बनाउँदा प्रकाश हावा आउने गरी बनाउनू। मूल सड़कहरूपट्टि

झ्यालहरू इच्छामाफिक बनाउनू। अरु किसिमसँग छिमेकीहरूलाई वाधा हुने गरी घर बनाउन हुँदैन्। अर्काको घरको गाह्रो भित्तामा पानी खस्ने मल-मूत्र पर्ने गरेमा २४ पण दण्ड गर्नू।

अर्काको जमीन जबर्दस्ती मिची बनाएमा चोरीको सजाय हुन्छ।

चलीरहेको साबिक पानीढल रोक्नेलाई पूर्वसाहस दण्ड हुन्छ। कर तिर्नेहरूले कर तिर्नेहरूलाई नै घर जमीन बिक्री वन्धक दिनू, कर नतिर्ने गरी नदिनू।

कसैको घरमा बसेको भाड़ावाललाई घरपतिले छोड़िदेऊ भन्दा पनि नछोड़ी बसीरहनेलाई १२ पण दण्ड गर्नू। कुनै घरपतिले समय समयमा भाड़ाहरू तिरीरहने किरायावाललाई घरबाट जबर्दस्ती निकालेमा १२ पण दण्ड गर्नू।

भाड़ावालले गालीगोप्ता चोरीडाका स्त्रीमा बलात्कार गर्ने, जबर्दस्ती गरी भनेभन्दा बढ़ी ठाउँ भोग गरेको भएमा घरपतिले निकाल्न हुन्छ।

भाड़ावालले आफ्नू खुसी घर छोड़ेमा पनि बाँकि भाड़ा तिर्नुपर्दछ।

(प्रकरण ८८)

अर्काको घरमा खबर नदिई दिउँसो पसेमा पूर्वसाहस दण्ड, राति पसेमा मध्यमसाहस, दिउँसो वा राति हतियार लिएर पसेमा उत्तमसाहस दण्ड गर्नू।

भिक्षुक, फेरीवाला बनिया, नसा लागेको, उन्मत्तहरू र केही आपत्तिमा परेका वा कुनै आफ्नै बन्धुबान्धवहरू र बराबर आउनेजाने गरेका पनि भित्र पसेमा दण्ड हुँदैन। यस्तै पनि हुँदैन भनि रोक्ता रोक्तै पसेमा भने दण्ड हुन्छ।

१ पहर रात बितेपछि आफ्नै भए पनि पर्खालमा चढ्नेलाई पूर्वसाहस, अर्काको पर्खालमा चढ्नेलाई मध्यमसाहस दण्ड हुन्छ।

कुनै गाउँ घर बगैचाहरूको पर्खाल बारहरू फोर्ने भत्काउनेलाई पनि मध्यमसाहस दण्ड हुन्छ।

धेरै जना मिलेर हिंड्ने व्यापारीदल गाउँमा बस्न आएमा आफ्नो माल-सामान यो यति छ भनि खोलेर बताएमा बस्न दिनू। गाउँभित्र बस्ता तिनको केही माल गाउँभित्रै चोरिएमा गाउँबाट बाहिर गएको छैन भने गाउँको स्वामीले खोजी पत्ता लाइदिनुपर्दछ। गाउँको छेउछाउमा चोरिएको हराएको भए विवीताध्यक्ष(गौचरप्रदेशको अध्यक्ष)ले, वनजर प्रदेशमा हराएको भए

चोररज्जुक(चोर पक्रने)ले पत्ता लगाई दिलाइदिनुपर्दछ। यसरी चोर पत्ता लाउन ग्रामवासीहरूले मदत पनि दिनुपर्दछ।

चारैतिर रोक्का गर्दा पनि चोरिएको हराएको माल पत्ता लागेन भने वरपरका ५।१० गाउँ मिलेर त्यो भर्ना दिनुपर्दछ।

बजारको व्यवस्था (प्रकरण ३४)

बजारको विभागाध्यले स्थलमा जलमा हुने अनेक किसिमका पण्य-(विक्रीका वस्तु)हरू जलमार्ग वा स्थलमार्ग आएको बाटाको परिस्थिति, असल कमसल वस्तु, लोकलाई चाहा हुने नहुने आदि सबै कुरा बुझेर चाँड़ो खपत हुने वा नहुने पनि विचार गरी मालको भाउ बसाल्ने व्यवस्था गर्नुपर्दछ।

जुन वस्तु विक्रीका निमित्त धेरै आउने हुन्छ त्यस्तो वस्तु एकै ठाउँमा जंमा गरेर भाउ बसालिदिनुपर्दछ।

आफ्नै देशमा पैदा भएका सरकारी विक्रीका वस्तुहरू एकै ठाउँबाट विक्री हुने, विदेशबाट आएका वस्तुहरू अनेक ठाउँमा विक्री हुने गराउनू।

स्वदेशी वा विदेशी वस्तुहरू प्रजाहरूलाई सुखसुविधा हुने गरी विक्री हुने बन्दोबस्त गर्नू।

धेरै लाभ हुने भए पनि प्रजालाई दुःख हुने गरी विक्री गर्न गराउन हुँदैन।

सदै सर्वसाधारणलाई चाहिने विक्रीका वस्तुहरू यो समयमा मात्र बेच्नू भन्ने बन्देज र हानथाप हुन पनि नदिनू।

सरकारी बिक्रीका वस्तुहरू दिनदिनै भण्डारबाट लिएर व्यापारीहरूले दिनभर वेची दिनान्तमा बाँकि माल र बिक्रीको दाम पनि सरकारी अध्यक्षलाई बुझाउने गर्नू।

७७ प्रकरण—

बजारका अध्यक्षले बजारमा नापतौलका मानापाथी काँटाढकहरूमा व्यापारीले घटीबढ़ी पार्न नपाउने गरी याद विचार गर्दै नापतौल फरक पार्नेलाई दण्ड गर्नू।

व्यापारीहरूले आफ्नो गूटबन्दी गरेर मिली बिक्रीको माल एकहट्टी गरेर लिई रोक्के, भाउ घटीबढ़ी पारेर किन्ने बेच्नेलाई १ हजार दण्ड गर्नू।

नापतौल फरक पारेमा हातको चलाकी गरी छकाएमा २०० र बढ़ी दोष भएमा बढ़ी दण्ड गर्नू ।

अनाज स्नेह (घीउतेलहरू) क्षार नून सुगन्ध औषधिहरूमा त्यस्तै किसिमको अर्को वस्तु मिसाएर वेचेमा ११ पण दण्ड गर्नू ।

कुनै सरकारी अध्यक्षले बजारियासंग मिलेर व्यापार गरेमा त्यसबाट उठाएको लाभ सरकारको हुन्छ, उसले लिन पाउँदैन ।

व्यापारीले सरकारबाट अनुमति नलिईकन कुनै माल एकहट्टी जंमा गरेमा सो माल सरकारी गोदाममा जंमा गर्नू ।

अन्न आदि वस्तुको बिक्री गर्दा प्रजाहरूलाई सुख सुविधा हुने विचार गरेर गर्ने गर्नू ।

सरकारबाट तोकिदिएको भाउमा माल लिएर बिक्री गर्दा व्यापारीले आफ्नो जीविकानिमित्त स्वदेशी वस्तुमा सयकड़ा पाँच, विदेशी मालमा सयकड़ा दश आफूले मुनाफा लिई बिक्री गर्ने गर्नू । त्यसभन्दा घटीबढ़ी पारी किनबेच गरेमा सयकड़ा पाँच बढ़ाएमा २०० त्यसभन्दा बढ़ी गराएमा पनि त्यही अनुपातले बढ़ी दण्ड हुन्छ ।

व्यापारीहरू मिलेर एकहट्टी गरी माल जंमा गरी वेच्ने गर्न नपाउने कुरामा व्यापारका अध्यक्षले ध्यान दिनू ।

व्यापारीहरूकहाँ माल धेरै जंमा भएकोमा केही विपत्ति पर्न आयो भने बजारको अध्यक्षले तिनलाई चाहिने सहायता दिनू ।

सरकारी बिक्रीका वस्तु धेरै जंमा भएमा सो सबै वस्तु एउटै व्यापारीको जिम्मामा दिनू । उसले त्यो वेची नसकी अरुले वेच्न नपाउने प्रबन्ध गर्नू ।

सरकारले वेच्न दिएको माल लिने व्यापारीले रोजिन्दाको आफ्नो मजूरी लिएर प्रजाहरूलाई पीड़ा बाधा नहुने गरी बिक्री गर्दै आएको द्रव्य संस्था(व्यापारविभाग)को अध्यक्षलाई बुझाउने गर्नू ।

मालको मोल राख्ने व्यवस्थामा अधिकारी पुरुषले हालेको दाश (मूलधन) तयार भएको माल, महशूल साहुको व्याज बाटाको भाड़ा, अरु पनि तत्सम्बन्धी खर्च सबै जोरेर अर्थशास्त्रको ज्ञाता अध्यक्षले मालको मूल्य व्यवस्था गर्नुपर्दछ ।

भूमिसम्बन्धी व्यवस्था (प्रकरण १९)

कर पोत तिर्नेहरूलाई तयारी खेत एक पुस्ताभर खान पाउने गरी दिनू ।

बनाउनुपर्ने बाँझो जमीन पोत तिर्नेहरूलाई नझिक्ने गरी दिनू।

गुरु पुरोहित ऋत्विक श्रोत्रियहरूलाई ब्रह्मदेय (दानदातव्यको) जमीन दण्ड कर षष्ठांश (मालपोत) माफी गरी सन्तान दरसन्तानसंम खान पाउने गरी दिनू।

विभागका अध्यक्ष, गणक (हिसाब गर्ने) आदि कर्मचारी, गोप, स्थानिक, अनीकस्थ (हस्तिशिक्षक), चिकित्सक (वैद्य), अश्वदमक (घोड़ा-सधाउने), जङ्घाफरिक (पैदल दौड़ाहा), हरूलाई बिक्री गर्न बन्धक राख्न नपाउने खानमात्र पाउने गरी जमीन दिनू।

खेती गर्न भनि लिएको जमीन कृषक(किसान)ले खनजोत खेती नगरेमा त्यसबाट खोसेर अर्को खेती गर्नेलाई दिनू, अथवा ग्रामभृतक (गाउँमा पालिएका) वैदेह (बनिया)हरूलाई खेती गर्न दिनू।

खेती गर्ने कबोल गरेर लिएको जमीन खेती नगरी बाझो राख्नेबाट बाली नोक्सानी भर्ना लिनू।

खेती गर्न भनि जमीन लिएर आफूले सामान जुटाउन नशक्नेलाई सरकारबाट अन्न पशु नगदको सहायता दिएर खेती गराउनू। तिनले त्यो लिएको सहायताको रकम सुविधासंग बुझाउनू। कृषकहरूलाई सहायता दिंदा दिंदै राजकोशमा धक्का पर्ने नगरी दिनुपर्दछ।

खेतीका निमित्त चाहिने बाँध कूलोहरू सरकारले बनाइदिनू। अरुले आफै मिलेर बनाउन लागेमा त्यसलाई चाहिने जमीन बाटो काठ आदि जो चाहिने सामानको मदत सरकारले दिनू।

कसैले पुण्यस्थान बगैचाहरू बनाउन लागेमा पनि सरकारले जमीन सामानहरू दिएर सहायता गर्नू।

धेरै जना मिलेर पूल बाँधहरू बनाउन लागेमा त्यसमा सामेल नभएर छलछाम गर्ने भाग्नेहरूबाट ज्यामी बयलहरू सरकारले जबर्दस्ती लिएर काम गराउनू। त्यसरी भाग्नेले बाँध पूल तयार भएपछि पाइने फायदा पाउँदैन।

बाँध पूलहरू बाद्धा पाइएका माछा हाँस कमल आदि बिक्री हुने वस्तुमा सरकारको हक हुन्छ।

खेती नहुने ठाउँमा पशुहरूका निमित्त गौचर छोड़िदिनू।

(प्रकरण ४५)

खेती विभागको अध्यक्षले कृषिशास्त्र जानी सोअनुसार समय ठाउँ मिल्दो गरी बीउहरूको प्रबन्ध गरेर खेती गर्न लगाउनू।

सरकारी जमीनमा दास ज्यालादार कैदभुक्तानगर्न काम गर्ने बन्दी बेठीहरूद्वारा खेती गराएर आएको बाली भित्र्याउनू। पराल पनि खेतमा नछोडनू।

सबै किसिमका अन्न फूलफल तर्कारी कन्दमूल लहरे वस्तु क्षौम (सन जूट) कपास आदिका बीउहरू समयमा जोर्ने काम, खेतीका उपकरण यन्त्र हलो बयल आदि जो चाहिने सामानको अटकाउ नहुने गरी, कर्मी लोहार खन्ने डोरीबाँट्ने आदिसंग सम्पर्क राखेर काम लाउने गरी राम्रो प्रबन्ध मिलाई खेती गराउनू।

कुनै कर्मचारीको दोषले खेतीमा नोकसानी हुन आएमा त्यस्तो दोषीबाट त्यो नोक्सानी भराउनू।

खेत कुर्ने गाईगोरुपालो र अरु पनि काम गर्नेलाई त्यसको परिश्रम-अनुसार भत्ता वेतन पाउने प्रबन्ध खेती विभागाध्यक्षले गर्नू।

(९० प्रकरण)

कुनै श्रोत्रिय ब्राह्मणहरूले खेती गर्न नशकेर गरिदेऊ भन्न आएमा समाहर्तातर्फका मानिसहरूले मदत दिई रोपिदिनू।

कृषकहरूले रोपाइ गर्न नशकेमा, हेलचेक्र्याइ गरेर ध्यान नदिई खेती बिगारेमा नोक्सानी भएको दोबर दण्ड हुनेछ भनेर लेखापढी गरी बिउ दिई समाहर्ताले आफ्ना मानिसद्वारा रोपाउनू। फसल तयार भएपछि हरियो वा पाकेको अन्नहरूमा उनीहरूलाई हात हाल्न नदिनू। किन्तु देवता पितृको कामलाई र गाईको निमित्त हातले लुछेर लिन संम दिनू। भिक्षुक ग्रामभृतक अर्थात् गाउँबाट पालिने समाहर्ताका सहायक कर्मचारी नाउ धोबी आदिका निमित्त राशि मूल (धानको रासको तलको धूलो मिसिएको थिग्रेनी अन्न) छोड़िदिनू।

कृषकहरूले कर-भारबाट बच्न आफ्नै खेतीको अन्न लुकाए छिपाएमा लुकाएछिपाएजतिको ८ गुना दण्ड गर्नू।

सामाजिक व्यवस्था

(५९ प्रकरण)

स्त्रीजाति १२ वर्ष भएपछि, पुरुषजाति १६ वर्ष भएपछि प्राप्तव्यवहार (बालिग) हुन्छ। प्राप्तव्यवहार भइसकेका स्त्री वा पुरुष जातिले आफूले गर्नुपर्ने काम नगरेमा स्त्रीजातिलाई १२ पण, पुरुषजातिलाई २४ पण दण्ड हुन्छ।

प्रकरण १९मा—

नाबालकको धन सम्पत्ति तिनीहरू समर्थ (बालिग) नहुन्जेल गाउँका बुढ़ापाकाले जिंमा लिई रक्षा गरिदिई समर्थ भएपछि तिनलाई बुझाइदिनू।

देवतालाई चढ़ाएको धन माल पनि गाउँका बूढ़ापाकाले जिंमा लिई रक्षा गरिदिनू।

आमा बाबु नाबालक भाइहरू विवाह नभएका छोरी वेटी बहिनी विधवाहरूलाई आफू समर्थ भएर पनि पालन पोषण नगर्नेलाई १२ पण दण्ड गर्नू। पतित भएकालाई भने नपालेमा दण्ड हुँदैन। आफ्नी आमालाई भने पतित भए पनि भरणपोषण गर्नैपर्दछ।

जहानबच्चाहरूको थितिविति नलाई घरद्वार छोड़ी जोगी भई हिंडनेलाई र स्त्रीलाई जोगिनी तुल्याउनेलाई पनि पूर्वसाहस (२५०) दण्ड गर्नू।

विरक्त भोगमा असमर्थ भएपछि संन्यास लिन चाहनेले धर्मस्थ न्यायाधीशसंग अनुमति लिएर मात्र घरद्वार छोड़ी हिड्न हुन्छ, अनुमति नलिईकन छोड़ी गएमा दण्ड हुन्छ।

बालक बूढ़ा रोगी दुःखी अनाथहरूलाई र सन्तान नभएकी स्त्रीजातिलाई, अनाथ स्त्रीका सन्तानलाई पनि सरकारले भरण-पोषण गरिदिनू।

(प्रकरण १९मा)—

दास बाधा चाकरहरू र छोरा नाती आदि पनि आफ्ना रक्षकको आज्ञामा नचल्ने भएमा त्यस्तालाई सरकारले तह लाइदिनुपर्दछ।

बाल वृद्ध रोगी अनाथ स्त्री सुत्केरीका बालबच्चाहरूलाई पनि राजाले संरक्षण हुने व्यवस्था गरिदिनू।

(६६ प्रकरण)

ज्याला लिएर काम नगर्ने ज्यामीलाई १२ पण दण्ड हुन्छ। काम नगर्नाको कारण केही नभन्ने ज्यामीलाई छेकथुन गरेर काम गर्न लाउनू।

ज्यामी अह्राएको काम गर्न नशक्ने भएमा, अयोग्य काम भएमा, कुनै रोगले असमर्थ भएमा काम नगर्ने ज्यामीलाई दण्ड हुँदैन। त्यसलाई दिनुपर्ने ज्याला दिएर छोड़िदिई अर्कोलाई काम लाउन हुन्छ।

विनाकारण ज्यामीले काम नगरेमा, ज्यामीले काम गर्छु भन्दैमा मालिकले काम छुटाएमा पनि १२।१२ पण दण्ड गर्नू।

पेशकी ज्याला लिइसकेपछि ज्यामीले काम गर्नैपर्दछ। मनमानी गरी काम छोड्न हुँदैन।

ठाउँ समय फरक पारेर काममा अन्यथा गरेमा ज्यामीले काम गरेको ठह्र्दैन ।

स्वामीले लाएको कामभन्दा बढ़ी काम ज्यामीले गरेमा सो बढ़ी कामको केही ज्याला दिनुपर्दछ।

समयको व्यवहार (प्रकरण २४, ३५)

सरकारी आय-व्यय आदि लेखिने बहीखाताहरू राजाको राज्याभिषेकको दिनदेखि उठान गरेर वर्षमा र अरु सरकारी व्यवहारहरूमा पनि यो समयमा यो भएको भनि देखाउन गणना हुन्छ। सोहीअनुसार वर्ष महिना पक्ष तिथि यी चारलाई व्युष्ट भन्दछन्। सोही बहीखाताहरूमा लेखिन्छ।

१ वर्षमा ४।४ महिनाको एक विभाग गरी वर्षा हेमन्त ग्रीष्म यस्ता तीन भाग हुन्छन्। सिंह कन्या तुला वृश्चिक यी ४ सौरमासको वर्षा ऋतु, धनु मकर कुम्भ मीन यी ४ सौरमासको हेमन्त काल, मेष वृष मिथुन कर्कट यी ४ सौरमासको ग्रीष्म काल हुन्छ।

प्रत्येक ४ महिने कालको विभागमा ८ पक्ष हुन्छन्। ती पक्षमध्यमा तेस्रो र सातौं पक्षमा १।१ दिन-तिथि घटेर १४।१४ दिन हुन्छन्। अत १२ महिनामा ६ दिन घटी भएर ३५४ दिनको वर्ष-चान्द्रवर्ष हुन्छ।

अढ़ाइ-अढ़ाइ वर्षमा चान्द्रमास अधिकमास शुक्ल प्रतिपददेखि उठेर अमावस्यासंम ३० दिनको हुन्छ।

यहीअनुसार बहीखा आदिमा राज्य वर्ष लिएर अमुक राजाको यति वर्ष यति महिना यति पक्ष यति तिथिमा फलानाबाट आएको यति, वा फलानाके गएको यति यसकिसिमसंग लेखिने हुन्छ।

वार्षिक आय-व्ययको हिसाबको जाच आषाढ़ पूर्णिमामा अक्षपटलाध्यक्षकहाँ उपस्थित भएर गराउनुपर्दछ। अर्थात् हिसाब किताबको साल तमामी सो दिनमा हुने हुन्छ। सो दिनमा हिसाब बुझाउन नआउने वा आए पनि बहीखाता र बाँकि धन नलिएर आउनेलाई भर्ना गर्नुपर्नेको दशगुना दण्ड हुन्छ। ठूलो कर्मचारी आएर अधीनस्थ कर्मचारी नआएमा २५०, अधीन कर्मचारी आएर मुख्य कर्मचारी नआएमा वा उसको दोष भएमा अरुको दुगुना दण्ड हुन्छ।

अनुजीवी राजकर्मचारीहरूको कर्तव्य (प्रकरण ९१, ९२)

लोकको व्यवहार जान्ने राजसेवकले अमात्य द्रव्य प्रकृतिहरूले सम्पन्न गुणी राजालाई उनका प्रिय हितैषी पुरुषको मार्फत आश्रय गर्नुपर्दछ। यस्ता भनेजस्ता राजा नपाएमा अमात्य प्रकृति द्रव्यले सम्पन्न नभए पनि चित्तलाई आकर्षण गर्ने गुण भएका राजाको आश्रय गर्नुपर्दछ, आत्मगुण नभएकाको आश्रय नगर्नू।

कुनै विषयमा सोधनी भई आफ्नो विचार प्रकट गर्न पाउने अवसर आएमा राजाको समक्षमा धर्म र अर्थले सङ्गत भएको राम्रो विचार प्रकट गर्नुपर्दछ। राजाले काम क्रोध आदिको वश भई कसैलाई अनुचित दण्ड प्रयोग गर्न लागेमा राजसेवकले संझाउने चेष्टा गर्नुपर्छ।

राजाका अनुजीवी-आश्रितले अधिकारी जनका निमित्त तोकिएको ठाउँमा अनुमति लिएर बस्ने गर्नुपर्दछ। राजाको ज्यादा नजीक ज्यादा टाढ़ा पनि नहुने गरी बस्नुपर्दछ। नियत उचित ठाउँभन्दा माथि चढ्न झगड़ा आक्षेपहरू गर्न हुँदैन्, परोक्षमा (पछिल्तिर) पनि विश्वास नपर्ने झुट्टा कुरा गर्न हुँदैन्। हाँसो ठट्टाको समयमा पनि अवाज आउने गरी हाँस्नु, थूक्नु, अश्लील विषय पनि गर्न हुँदैन। राजाको नजीकमा बसेर अरुसंग खुसखुस कुरा गर्न हुँदैन। हल्लाको कुरा पनि गर्न हुन्न। राजाको जस्तो र उद्धत चटकीको जस्तो वेष नगर्नू। कुनै रत्न आदि पाउन अनुरोध पनि नगर्नू। आँखाँ टेढो पारेर ओठ बंग्याएर, आँखेभौं तर्काएर पनि कुरा नगर्नू। राजाले बोल्न लागेमा कुरा काटेर बोल्न हुँदैन। बलियाको आड़ भएकासंग विरोध र स्त्रीजन, स्त्रीहरूका निरीक्षक, सामन्तका दूत, राजाका द्वेषी, उदासीन, राजाबाट अनादृत, खराब मानिसहरूसंग मैत्रीसम्बन्ध गर्न हुँदैन। कुनै अप्रिय कुरामा ढिपी गर्ने, दलबन्दी गर्ने हुन हुँदैन।

अमात्य आदि अनुजीवीहरूले राजालाई काम लाग्ने कुरा तुरुन्त गर्नू। आफ्नो बारेमा केही कुरा गर्नुपरेमा राजाका प्रिय हितैषीहरूलाई बिचमा राखेर धर्म अर्थले सङ्गत आवश्यक कुरा गर्नू। राजाले सोधनी गरेमा प्रिय र हित कुरा गर्नू। प्रिय भए पनि अहित कुरा नगर्नू। सुनिने मौकामा अप्रिय भए पनि हित कुरा गर्नू। राजाले जवाफ दिएपछि चुप्प लाग्नू। राजाका विरोधीको बयान नगर्नू। राजसेवकले आफ्नो रक्षामा विशेष ध्यान दिएर राजाको अनुकूल र हितप्रिय बन्ने प्रयत्न गर्नुपर्दछ। राजाको खराब हुने कुरा अरुद्वारा सुनाउनू, आफ्नैले नभन्नू। राजसेवकले कस्तै परे पनि सहनशील भएर रहनुपर्दछ।

पैदल सैनिक हात्ती घोड़ा रथहरूले औंसी पूर्णिमाको पर्वदिन बाहेक अरु दिनमा बेहान बाहिर मैदानमा गएर शस्त्र चलाउने सीप व्यायाम-कवायतहरू गर्ने गर्नुपर्दछ। यी चतुरङ्ग सेनाको विषयमा राजाले सदा ध्यान दिएर तिनको कौशल हेर्ने गर्नुपर्दछ। सैनिक अभ्यासहरू हेरिसकेपछि शस्त्र कवचहरू राजमुद्राले चिन्हित गरी शस्त्रागारमा रखाउनुपर्दछ।

सरकारी छाप लागेको अनुमति नपाईकन सैनिकहरूले पनि सशस्त्र हुन हुँदैन। अरु बखतमा सैनिकहरूले पनि अशस्त्र भएर हिंड्नुपर्दछ। सैनिकहरूले शस्त्र कवचहरू हराए बिगारे भने त्यसको दुगुना तिर्नुपर्दछ। आयुधागारमा रहने शस्त्र बिग्रे नाशिएकाको गणना गराउनू। आफ्नो बचाउखातिर सशस्त्र भएर परदेशबाट आएका व्यापारीदलका शस्त्रहरू अन्तपालले लिएर राख्नू। सरकारी निस्सासाथको अनुभनि पाएकाहरूले शस्त्र लिएर हिंड्न हुन्छ।

युद्धयात्रा गर्नुपर्ने मौकामा राजाले सेनाहरू सङ्गठित पार्नुपर्दछ। व्यापारी जस्ता बनेका गुप्तचरहरूले युद्धका सामानहरू युद्ध सकिएपछि दाम दुगुना लिने कबोल गराई युद्धयात्राको समयमा सैनिकहरूलाई शस्त्रास्त्रादि उधारो दिनू।

भृत्यभरण—कर्मचारीको पालनपोषण वेतन-(प्रकरण ९१)

दुर्ग जनपदहरूबाट राजालाई आउने आमदानीको चतुर्थांश जति मन्त्री पुरोहित आदि राजकर्मचारीहरूको वेतनहरू दिएर भरणपोषण आदि काममा खर्च गर्ने गर्नू। त्यतिले नपुग्ने भएमा जतिसम्म खर्च गरी कामकाज चल्ने हुन्छ, त्यति खर्च गनू। वास्तवमा आयको स्वरूप हेरेर अर्थसाध्य काममा र धर्ममा बाधा नहुने गराउनू।

कौटल्यले तजवीज गरेको वार्षिक वेतनको व्यवस्था यस्तो छ—

४८००० पण पाउने—आचार्य (गुरु), पुरोहित, ऋत्विज, मन्त्री, सेनापति, युवराज, राजमाता, राजमहिषीहरू।

२४००० पण पाउने—राजद्वारका प्रमुख, अन्तःपुरका प्रमुख, प्रशास्ता—प्रधान न्यायाधीश, समाहर्ता–राजस्व असुलतहसील विभागका अध्यक्ष, सन्निधाता–राजकोशविभागका अध्यक्षहरू।

१२००० पण पाउने—युवराजबाहेक अरु राजकुमार, राजमहिषीबाहेक अरु रानी, सेनानायक, पौरव्यावहारिक–नगर र नागरिकहरूको व्यवहारको यादविचार गर्ने, कार्मान्तिक–खेतीविभाग द्रव्यवनविभाग सम्बन्धी कार्यालयको अध्यक्ष, मन्त्रिपरिषद्—प्रमुख मन्त्रीबाहेक मन्त्रिपरिषद्का १२ अमात्य, राष्ट्रपाल–राष्ट्ररक्षक–पुलिसविभागको प्रमुख, अन्तपाल—सीमा-किल्लाविभागका प्रमुखहरू।

८००० पण पाउने–शिल्पिवर्गका प्रमुख, हात्ती घोड़ा रथ विभागका अध्यक्ष, प्रदेष्टा—कण्टकशोधनका प्रमुखहरू ।

४००० पण पाउने–पत्ति—पैदल सैनिक हात्ती घोड़ा रथ एकेक विभागका प्रमुख, द्रव्यवन हस्तिवनका प्रमुख रक्षकहरू ।

२००० पण पाउने—रथिक—रथचर्या-शिक्षक, अनीकस्थ—गजशिक्षक, चिकित्सक–प्रधान वैद्य, अश्वदमक–अश्वशिक्षक, बर्धकि–कर्मीनाइके, योनिपोषक-कुखुरा बनेल आदि पाल्ने कामका प्रमुखहरू ।

१००० पण पाउने—कार्तान्तिक–सामुद्रिक जानी भविष्य बताउने, नैमित्तिक–शकुनविद्या जान्ने, मौहूर्तिक–ज्योतिषी, पौराणिक–पुराण जान्ने, सूत–सारथि, मागध–स्तुतिपाठक–भाट, पुरोहितपुरुष–पुरोहितका अधीनस्थ, सर्वाध्यक्ष–सुरा-मद्य, सूना–पशुवधस्थान, सूत्र–सूत आदि विभागका प्रमुख-अध्यक्षहरू ।

५०० पण पाउने—चित्रकार आदि शिल्पी, पादात–पैदल सैनिक, संख्यायक हिसाब गर्ने, लेखक–बही आदि लेख्ने आदि ।

२५० पण पाउने—कुशीलव–नट-नर्तकहरू । यिनका बाजावालहरू ता तिनको दोबर पाउने हुन्छन् ।

१२० पण पाउने—कालीगडहरू ।

६० पण पाउने—चौपाया दोपायाका टहलुवा, सेवक, सुसारे, पाले, मजदूर बाँध्ने आदि ।

आर्य—सत्पुरुष, युक्तारोहक–बदमास हात्ती घोड़ाहरू चढ़ेर सधाउने, माणवक-पढ्ने छात्र किंवा चोरहरू पक्राउने पुरानो चोर, शैलखनक–पहाड़-खन्ने वा पत्थरको कालीगड, सर्वोपस्थायी-सबैलाई रिझाउने गवैया आदि, कला जान्ने, विद्वान्हरू, यथायोग्य ५०० देखि १००० पणसंम वेतन आदर मान पाउने हुन्छन् ।

मझौला गति भएको दूत–सन्देश लैजानेले १ योजनदेखि १० योजनसंम १० पण, १० योजनदेखि १०० योजनसंम २० पण प्रतियोजनको वेतन पाउँछ ।

राजसूय आदि यज्ञमा बोलाइएका विद्वान्लाई अरु उस्तै विद्वान्कोभन्दा तिगुना वेतन दिनुपर्दछ । राज-सूययज्ञमा राजाको रथ हाँक्ने सारथिलाई १००० वार्षिक वेतन दिनुपर्दछ ।

चरसंस्थाका कापटिक–छात्र, उदास्थित–भिक्षु, गृहपति–गृहस्थ, वैदेहक-बनियाको रूप लिने चरलाई वार्षिक १००० पण वेतन, ग्रामभृतक–गाउँको रक्षाका निमित्त नियुक्त अधिकारी, सत्री-छात्र बनेका चर, तीक्ष्ण–कड़ा काम गर्ने चर, रसद–विष प्रयोग गर्ने चर, भिक्षुकी रूप लिएका चरलाई वार्षिक ५०० वेतन, चरसंस्थाका अधीन कर्मचारीहरूलाई वार्षिक २५० पण वेतन र विशेष परिश्रम गर्नेले परिश्रमअनुसार बढ्ता वेतन पाउनुपर्दछ ।

उपर्युक्त कर्मचारीहरूमा १०० जना वा २००० जना कामदारका प्रमुख अध्यक्ष बनाइएकाले भत्ता वेतन पाएर आफ्ना कर्मचारीहरूलाई सरकारी आदेशको पालन गराई योग्य काममा लगाउनुपर्दछ । तिनबाट राम्रो काम नभएमा राजभवन-किल्ला-राष्ट्रको रक्षा-हेरचाह गर्ने काममा लाउनुपर्दछ । कर्मचारीहरूका वर्ग-वर्गहरू मुख्य पुरुषका अधीनमा रहने गर्नुपर्दछ । तिनका मुख्य पुरुष पनि अनेक हुन्छन् ।

सरकारी काम गर्दा गर्दै मरेका राजकर्मचारीका स्वास्नी-छोराहरूले भत्ता र वेतन पाउने हुन्छन् । तिनका बालक-बूढ़ा-रोगीहरूलाई राजाले हेरचाहको अनुग्रह गर्नुपर्दछ । कर्मचारीहरू मरेमा रोगी भएमा तिनका, घरमा सुत्केरी भएमा पनि तिनलाई धन दिएर आदर गर्नुपर्दछ; राजकोश भरपूर नभएमा नगद द्रव्य थोरै दिएर जिनिस-पशु-जमीनहरू दिनुपर्दछ । खाली ठाउँमा नयाँ बस्ति बसाउन चाहने राजाले नगद द्रव्य दिएर सहायता गर्नुपर्दछ, गाउँको आयबाट व्यवहार चलाउनुपर्ने हुनाले नयाँ बस्ति बस्नेहरूलाई गाउँ जमीन दिन हुँदैन ।

यस प्रकारसंग स्थायी वेतन पाउने र अरु पनि कामदारहरूलाई विद्या र काम हेरेर भत्ता वेतन बढ़ी दिने गर्नु पर्दछ । ६० पण वेतन पाउनेलाई १ आढक अन्न भत्ता दिने हिसाबले नगदअनुसार भत्ता दिने गर्नुपर्दछ ।

कोशाभिसंहरण—राजकोश बढ़ाउने उपाय (प्रकरण ९०)

राजकोशमा धन-माल कम भई आर्थिक सङ्कट परेको समयमा राजाले निम्नलिखित उपायद्वारा नगद-अन्नहरू जंमा गरेर राजकोश बढ़ाउनु पर्दछ—

वर्षा-कुलोको पानी प्रशस्त भएर अन्नको उब्जा धेरै भएको प्रदेशबाट उत्पन्न अन्नको तृतीयांश वा चतुर्थांश, किंवा त्यहाँ उपभोग गरेर जगेरा रहने अन्नअनुसार धेरै थोरै अन्न मागेर राजकोशमा भर्नू ।

किल्ला पूल बाँध बाटो बनाउन, नयाँ बस्ति बसाउन, खानि द्रव्यवन हस्तिवनको काम गर्न लागेका, देशको छेउछाउमा बस्ने, थोरै उत्पादन भएकाहरूसंग नमाग्नू ।

नयाँ घरबास गर्न लागेकालाई भने बरु सरकारले नै अन्न-पशु-नगद-हरू दिएर सहायता गर्नुपर्दछ ।

नयाँ घरवास गर्नेका उब्जाबाट अन्न लिन चाहे पनि तिनको खानाखर्च र बीउहरू परसारेर चौथाइजति अन्न सरकारले नगद दिई किनेर लिनू ।

वनमा पैदा भएको नाभो आदि र वैदिक ब्राह्मणहरूको अन्न नलिनू । उनीहरूलाई चाहिंदोभन्दा बढ़ी भए सरकारले किनेर लिन हुन्छ ।

निम्नलिखित नियमानुसार कोश बढ़ाउने विशेष कर लिनू—

(क) कृषकसम्बन्धी कर-नियम—

समाहर्ता—राजस्व तहसील गर्ने प्रमुखका अधीनस्थ कर्मचारीहरूले अन्नहरूको फसल पूरा तयार भएपछि, उत्पन्न अन्नको चतुर्थांश $\frac{१}{४}$, वनैया अन्न रूवो लाहा सन भूवा रेशम औषधि सुगन्धी चन्दन आदि फूल फल शाक काठ बाँस आलो वा सुकाएको मासु-हरूमा षष्ठांश $\frac{१}{६}$, हात्तीदाँत छाला-हरूमा आधा $\frac{१}{२}$ राजकरको रूपमा लिनू ।

(ख) व्यापारीसम्बन्धी कर-नियम—

सुन चाँदो हीरा मोती मणि मूँगा घोड़ा हात्तीको विक्रीमा पचाशौं भाग $\frac{१}{५०}$, धागो वस्त्र तामा पित्तल काँस सुगन्ध औषधि मद्यहरूको विक्रीमा चालीसौं भाग $\frac{१}{४०}$, अन्न घ्यू तेल आदि रस, फलामहरूको विक्रीमा र गाडामा माल लादेर गरेको विक्रीमा तीसौं भाग $\frac{१}{३०}$, काँचका व्यापारी र ठूलाठूला कालीगडहरूको उपार्जनमा बीसौं भाग $\frac{१}{२०}$, सानातिना कालीगड र वेश्या पाल्नेहरूको आर्जनमा दशांश $\frac{१}{१०}$, काठ बाँस पत्थर माटाका भाँड़ा पकान्न हरियो शाग आदिको विक्रीमा पञ्चांश $\frac{१}{५}$, नट नर्तक वेश्या-हरूको आर्जनमा आधा $\frac{१}{२}$ कर लिनू ।

कोही बनियाहरू आफू केही काम धन्दा नगरेझैं गरेर अर्काको माल लिएर सुटुक्क विक्री गर्ने हुन्छन्, तिनको त्यो अपराध हुनाले त्यस्ता केही रोजगार नदेखिने बनियाहरूबाट दण्डरूपमा मूठगिन्ती १।१ कौड़ी लिनू । राजकर नबुझाई अन्न आदि आफूखुसी विक्री गर्नेलाई २५० दण्ड गर्नू ।

(ग) योनिपोषकसम्बन्धी कर-नियम—

कुखुरा सुंगुरहरू पाल्नेहरूले आफूले बढ़ाएकाबाट आधा, भेड़ा बाख्रा आदि क्षुद्र पशु पाल्नेहरूबाट बढ़ेकोमा षष्ठांश $\frac{१}{६}$, गाई गोरू राङो भैंसी खच्चर गधा ऊँट पाल्नेबाट बढ़ेकोमा दशांश $\frac{१}{१०}$ कर लिनू। वेश्या पाल्नेहरूले रूपवती राजदासीहरू पोषेर तिनको कमाइबाट राजकोश बढ़ाउनू।

यसरी विशेष कर बढ़ाउने काम एक पटकमात्र गर्नू, नदोहऱ्याउनू। यसरी कर उठाउने काम नगरेमा समाहर्ताले यस कामलाई चाहियो भनेर नगरवासी-जनपदवासीहरू सँग मागेर जंमा गर्नू। यसरी मगनी गर्दा अगिबाटै सङ्केत दिइराखेका समाहर्तापट्टिका मानिसहरूले पहिले धेरै दिनू, अनि अरु देशवासीहरूसंग माग्नू। थोरै दिनेहरूलाई कापटिकचरहरूद्वारा निन्दा गराउनू। धनी ठालू पुरुषहरूसंग धनअनुसार धेरै माग्नू। जस-जसले जति दिन्छन् लिनू। धेरै दिने उदारहरूलाई मान, छाता, पगरी, भूषणहरू दिएर सरकारले आदर गर्नू।

पाखण्डीहरूको द्रव्य, सङ्घको द्रव्य, जसको हातमा जिम्मा राखेको छ, त्यो मऱ्यो वा त्यसको घर डढ्यो भनेर त्यो द्रव्य सरकारमा बुझाउनू।

देवताहरूको मठ-मन्दिरको हेरचाह गर्ने अध्यक्षले किल्लाका राष्ट्रका देवताहरूको जगेरा धन एकत्र जंमा गरेर सरकारलाई दिनू। फलानो पुण्य तीर्थमा जमीनबाट देवता निस्केका छन्, फलानो वृक्षमा देवता बसेर कुवेलामा फलफूल दिएका छन्, भन्ने हल्ला चलाएर जनको मेला यात्रा उत्सव गराएर चढ़ाएको धन जंमा गर्नू। फलानो रूखहरूमा राक्षस बसेको छ, शान्ति नगरे मानिस खानेछ भनेर शान्ति-स्वतिको बहाना गरी, कुनै इनारमा सुरुङद्वारा नागको मूर्ति नाचेको देखाएर पनि द्रव्य जंमा गराई सरकारलाई दिनू।

किंवा व्यापारी बनेको चरले व्यापार बढ़ाएर विश्वास दिलाई अरुको धन नासो धरोट लिएर अथवा विदेशबाट समेत माल ल्याउँछु भनेर ऋण लिएर धन जंमा गरी राति चोरी गराएर धन सरकारमा बुझाउनू।

यस्तै अनेक कपटी उपायबाट पनि सरकारले धन जंमा गर्नुपर्दछ। यसरी ठग्ने अधर्मी प्रयोगहरू धार्मिक सज्जनउपर नगर्नू। अधार्मिकमाथिमात्र गर्नुपर्दछ।

राजविरोधीहरूलाई रूपवती स्त्रीहरूद्वारा फसाएर सिद्ध-सिद्धेनी जस्तो बनेका चरहरूद्वारा अनेक बहाना गरी दोषी बनाएर पनि तिनको धन लिनू। यस्ता राम्रा नराम्रा अनेक उपाय-मार्गबाट धन जंमा गरेर पनि राजकोश भरपूर पार्नु पर्दछ।

लब्धप्रशमन—पाएको राज्यको बन्दोबस्त (प्रकरण १७६)

अर्काको भूमि विजय गरी पाएको वा बाबु-बराज्यूको पालाको आफ्नो भूमि अर्काको हातमा परेको केही उपायले आफूले फर्काई लिएकोमा शत्रुको दोषलाई आफ्नो गुणले उछिनेर, शत्रुको गुणलाई पनि आफ्नो गुण बढ़ी गराएर बिर्साउने पारी प्रजाहरूलाई सुविस्ता दिई आफूतिर ढल्काउनुपर्दछ। आफूपट्टिको कुनै दोषले अगि अर्काको हातमा परेको भए त्यस्तो दोष फेरि आफूबाट नहुने अगिकोभन्दा गुण बढ़ी देखाउने यत्न गर्नुपर्दछ।

प्रजाको स्वधर्ममा बाधा दिन हुँदैन। आफूले नयाँ अनुग्रह गरी केही रकमहरू माफी गरिदिने, बढ़ी सुख सुविधा दिने, गरेर यो पो बेस भन्ने पार्नु पर्दछ। अगि भइरहेको चालचलन फरक पारिदिएमा आफ्नाले पनि पराइले पनि विश्वास गर्दैनन्। अतः शील वेष भाषा आचार मिल्दो गराउनुपर्दछ। नयाँ प्राप्त भूमिमा हुने गरेका यात्रा-उत्सव-पर्व-चाडहरूमा प्रेम गर्ने गर्नुपर्दछ। मालपोत-करहरू केही घटाइदिने, रक्षामा विशेष प्रबन्ध गर्ने, बढ़ी हेरचार गर्ने गर्नुपर्दछ।

त्यस भूमिका देवता-आश्रमहरूलाई र धार्मिक-विद्वान्-शूर-गुणी पुरुषहरूलाई आदर सत्कार भूमि द्रव्य परिहार—रकम माफी गरिदिने, बन्धनमा परेकालाई छोड़िदिने, दीन-अनाथ-रोगीहरूलाई सहायता अनुग्रह गर्ने, पर्वदिनमा स्त्री-पशु, बाल-पशुको बध रोक्ने, अधर्मको व्यवहार रोकेर धार्मिक व्यवहार चलाइदिने गर्नुपर्दछ।

खराब मानिस म्लेच्छहरू र शत्रुले लिएका मन्त्री पुरोहित, किल्लाका राष्ट्रका मुख्य पुरुषहरूलाई ठाउँ सारी छरिएर बस्ने गराउनू। शत्रुले थुनेर राखेका स्वदेशीहरूलाई खाली भएका ठाउँमा नियुक्त गरिदिनू।

देश-नगर-ग्राम-जाति-सङ्घका मुख्य पुरुषहरूसंग मिलेर सत्रीचरहरू-द्वारा शत्रुको अगिको चाल नअसल, आफूपट्टिको ऐलहेको चाल असल देखाउँदै तपाईंहरू भाग्यवान् हुनुहुँदो रहेछ भन्ने प्रचार गराउनू।

शत्रुपट्टिको खान्दान पुरुष, प्रत्यन्त अटवीप्रदेशमा रहेको मानिस कुनै समर्थ योग्य देखिएमा त्यस्तालाई नअसल जमीन अथवा असलै जमीन पनि अलिकति–चतुर्थांशजति दिएर बसाउनू। तिनीहरूले देशमा देशवासीमा केही विगार गर्न लागेमा ती विगार गरिएका मानिसहरूद्वारा तिनीहरूलाई बदला दिलाउनू।

अगि शत्रुको जुन दोषले गर्दा परिवर्तन्न भयो त्यो दोष आफ्नोतर्फबाट नहुने र जुन आफ्नो गुणले गर्दा आफूलाई लाभ भयो त्यो गुण बढ़ाउने गर्नू। बाबुको पालाको गुमेको भूमि शत्रुबाट फर्काइलिएकोमा जुन दोषले गर्दा बाबुको हातबाट गुमेको हो त्यो दोष आफूबाट नहुने गर्नू। बाबुको पालाको गुण भए त्यो गुण प्रकाशपथमा ल्याउनू।

फौजी व्यवस्था विषयमा पनि उस बखतको परिस्थिति मिल्दो गरी सेनाको व्यूह-निर्माण, विभिन्न व्यूहको स्वरूप, तिनको उपयोग, तिनको तालीम आदि र युद्धका प्रभेदहरूको पनि निरूपण राम्रो लेखिएकोछ।

नैतिक विषयमा पनि सन्धि-विग्रह आदि षड्गुण, प्रभु-मन्त्र-उत्साह शक्ति, तिनबाट हुने लाभहरूको प्रदर्शन पनि राम्रो गरिएको छ। सन्धि विग्रह यान आदिका भेद-उपभेदहरू र यस्तो अवसर-परिस्थितिमा यस्तो नीतिको उपयोग गर्नू इत्यादि धेरै विस्तृत निरूपण यसमा गरिएको छ।

यी सबै प्रतिपादित विषयहरूको विवेचनमा सबै मुख्य अङ्ग-उपाङ्गहरूमा राम्रो दृष्टि पुगेको देखिनाले ग्रन्थकारको विवेकपूर्ण दृष्टि तात्कालिक मात्र नभई चिरकाल बहुदेशलाई मिल्दो गरी चतुरस्र गम्भीर प्रौढ़ कक्षाको मानिन्छ।

कौटिल्यको अर्थशास्त्र

संस्कृत-मूलसहित नेपाली-भाषानुवाद

चाणक्य-सूत्रावली

र

सूक्तिरत्नमाला

॥ श्रीहरिः ॥

श्रीविष्णुगुप्ताभिधचाणक्याचार्यविरचितं—

कौटिलीयं-अर्थशास्त्रम्

विनयाधिकारिकं प्रथममधिकरणम्

प्रथमोऽध्यायः ।

(संक्षिप्तग्रन्थानुक्रमो राजवृत्तिश्च)

ॐ नमः शुक्रबृहस्पतिभ्याम् ।

पृथिव्या लाभे पालने च यावन्त्यर्थशास्त्राणि पूर्वाचार्यैः प्रस्थापितानि प्रायशस्तानि संहृत्यैकमिदमर्थशास्त्रं कृतम् ।

तस्यायं प्रकरणाधिकरणसमुद्देशः—

विद्यासमुद्देशः । वृद्धसंयोगः । इन्द्रियजयः । अमात्योत्पत्तिः । मंत्रिपुरोहितोत्पत्तिः । उपाधिभिः शौचाशौचज्ञानममात्यानाम् । गूढपुरुषोत्पत्तिः । गूढपुरुषप्रणिधिः । स्वविषये कृत्याकृत्यपक्षरक्षणम् । परविषये कृत्याकृत्यपक्षोपग्रहः । मन्त्राधिकारः । दूतप्रणिधिः । राजपुत्ररक्षणम् । अवरुद्धवृत्तम् । अवरुद्धे वृत्तिः । राजप्रणिधिः । निशान्तप्रणिधिः । आत्मरक्षितकम् । इति विनयाधिकारिकं प्रथममधिकरणम् ।

जनपदनिवेशः । भूमिछिद्रविधानम् । दुर्गविधानम् । दुर्गनिवेशः । सन्निधातृनिचयकर्म । समाहर्तृसमुदयप्रस्थापनम् । अक्षपटले गाणनिक्याधिकारः । समुदयस्य युक्तापहृतस्य प्रत्यानयनम् । उपयुक्तपरीक्षा । शासनाधिकारः । कोशप्रवेश्यरत्नपरीक्षा । आकरकर्मान्तप्रवर्तनम् । अक्षशालायां सुवर्णाध्यक्षः । विशिखायां सौवर्णिकप्रचारः । कोष्ठागाराध्यक्षः । पण्याध्यक्षः । कुप्याध्यक्षः । आयुधागाराध्यक्षः ।

तुलामानपौतवम् । देशकालमानम् । शुल्काध्यक्षः । सूत्राध्यक्षः । सीताध्यक्षः । सुराध्यक्षः । सूनाध्यक्षः । गणिकाध्यक्षः । नावध्यक्षः । गोऽध्यक्षः । अश्वाध्यक्षः । हस्त्यध्यक्षः । रथाध्यक्षः । पत्त्यध्यक्षः । सेनापतिप्रचारः । मुद्राध्यक्षः । विवीताध्यक्षः । समाहर्तृप्रचारः । गृहपतिवैदेहकतापसव्यञ्जनाः प्रणिधयः । नागरिकप्रणिधिः । इत्यध्यक्षप्रचारो नाम द्वितीयमधिकरणम् ।

व्यवहारस्थापना । विवादपदनिबन्धः । विवाहसंयुक्तम् । दायविभागः । वास्तुकम् । समयस्यानपाकर्म । ऋणादानम् । औपनिधिकम् । दासकर्मकरकल्पः । सम्भूयसमुत्थानम् । विक्रीतक्रीतानुशयः । दत्तस्यानपाकर्म । अस्वामिविक्रयः । स्वस्वामिसम्बन्धः । साहसम् । वाक्पारुष्यम् । दण्डपारुष्यम् । द्यूतसमाह्वयम् । प्रकीर्णकानि । इति धर्मस्थीयं तृतीयमधिकरणम् ।

कारुकरक्षणम् । वैदेहकरक्षणम् । उपनिपातप्रतीकारः । गूढाजीविनां रक्षा । सिद्धव्यञ्जनैर्माणवप्रकाशनम् । शंकारूपकर्माभिग्रहः । आशुमृतकपरीक्षा । वाक्यकर्मानुयोगः । सर्वाधिकरणरक्षणम् । एकाङ्गवधनिष्क्रयः । शुद्धश्चित्रश्च दण्डकल्पः । कन्याप्रकर्म । अतिचारदण्डः । इति कण्टकशोधनं चतुर्थमधिकरणम् ।

दाण्डकर्मिकम् । कोशाभिसंहरणम् । भृत्यभरणीयम् । अनुजीविवृत्तम् । समयाचारिकम् । राज्यप्रतिसन्धानम् । एकैश्वर्यम् । इति योगवृत्तं पञ्चममधिकरणम् ।

प्रकृतिसम्पदः । शमव्यायामिकम् । इति मण्डलयोनिः षष्ठमधिकरणम् ।

षाड्गुण्यसमुद्देशः । क्षयस्थानवृद्धिनिश्चयः । संश्रयवृत्तिः । समहीनज्यायसां गुणाभिनिवेशः । हीनसन्धयः । विगृह्यासनम् । सन्धायासनम् । विगृह्य यानम् । सन्धाय यानम् । सम्भूय प्रयाणम् ।

यातव्यामित्रयोरभिग्रहचिन्ता । क्षयलोभविरागहेतवः । प्रकृतीनां सामवायिकविपरिमर्शः । संहितप्रयाणिकम् । परिपणितापरिपणितापसृताश्च सन्धयः । द्वैधीभाविकाः सन्धिविक्रमाः । यातव्यवृत्तिः । अनुग्राह्यमित्रविशेषाः । मित्रहिरण्यभूमिकर्मसन्धयः । पार्ष्णिग्राहचिन्ता । हीनशक्तिपूरणम् । बलवता विगृह्योपरोधहेतवः । दण्डोपनतवृत्तम् । दण्डोपनायिवृत्तम् । सन्धिकर्म । सन्धिमोक्षः । मध्यमचरितम् । उदासीनचरितम् । मण्डलचरितम् । इति षाड्गुण्यं सप्तममधिकरणम् ।

प्रकृतिव्यसनवर्गः । राजराज्ययोर्व्यसनचिन्ता । पुरुषव्यसनवर्गः । पीडनवर्गः । स्तम्भनवर्गः । कोशसंगवर्गः । बलव्यसनवर्गः । मित्रव्यसनवर्गः । इति व्यसनाधिकारिकमष्टममधिकरणम् ।

शक्तिदेशकालबलाबलज्ञानम् । यात्राकालाः । बलोपादानकालाः । सन्नाहगुणाः । प्रतिबलकर्म । पश्चात्कोपचिन्ता । बाह्याभ्यन्तरप्रकृतिकोपप्रतीकारः । क्षयव्ययलाभविपरिमर्शः । बाह्याभ्यन्तराश्चापदः । दूष्यशत्रुसंयुक्ता अर्थानर्थसंशययुक्ताः तासामुपायविकल्पजाः सिद्धयः । इत्यभियास्यत्कर्म नवममधिकरणम् ।

स्कन्धावारनिवेशः । स्कन्धावारप्रयाणम् । बलव्यसनावस्कन्दकालरक्षणम् । कूटयुद्धविकल्पाः । स्वसैन्योत्साहनम् । स्वबलान्यबलव्यायोगः । युद्धभूमयः । पत्त्यश्वरथहस्तिकर्माणि । पक्षकक्षोरस्यानां बलाग्रतो व्यूहविभागः । सारफल्गुबलविभागः । पत्त्यश्वरथहस्तियुद्धानि । दण्डभोगमण्डलासंहतव्यूहव्यूहनम् । तस्य प्रतिव्यूहस्थापनम् । इति सांग्रामिकं दशममधिकरणम् ।

भेदोपादानानि । उपांशुदण्डः । इति संघवृत्तमेकादशमधिकरणम् ।

दूतकर्म । मन्त्रयुद्धम् । सेनामुख्यवधः । मण्डलप्रोत्साहनम् । शस्त्राग्निरसप्रणिधयः । वीवधासारप्रसारवधः । योगातिसन्धानम् । दण्डातिसन्धानम् । एकविजयः । इत्याबलीयसं द्वादशमधिकरणम् ।

उपजापः । योगवामनम् । अपसर्पप्रणिधिः । पर्युपासनकर्म । अवमर्दः । लब्धप्रशमनम् । इति दुर्गलम्भोपायस्त्रयोदशमधिकरणम् ।

परघातप्रयोगः । प्रलम्भनम् । स्वबलोपघातप्रतीकारः । इत्यौपनिषदिकं चतुर्दशमधिकरणम् ।

तन्त्रयुक्तयः । इति तन्त्रयुक्तिः पञ्चदशमधिकरणम् ।

शास्त्रसमुद्देशः पञ्चदशाधिकरणानि सपञ्चाशदध्यायशतं साशीतिप्रकरणशतं षट्श्लोकसहस्राणि ।

सुखग्रहणविज्ञेयं तत्त्वार्थपदनिश्चयम् ।
कौटिल्येन कृतं शास्त्रं विमुक्तग्रन्थविस्तरम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमाधिकरणे
राजवृत्तिर्नाम प्रथमोऽध्यायः ॥ १ ॥

नेपाली भाषानुवाद

प्रथम अधिकरण—विनयाधिकारिक

(शिक्षा विषयक)

अध्याय १

संक्षिप्त विषयानुक्रम (प्रकरण र अधिकरणको निर्णय)

[सबै व्यावहारिक कार्य व्यवस्थामा सर्व प्रथम विद्यावृद्धहरूको उपदेशबाट विद्या ग्रहण गरी इन्द्रियहरूको दमन गरेर सुशिक्षित भई राजाले सुयोग्य सहायक लिएर गर्नुपर्ने राजकार्यको पूर्वभूमिका-स्वरूप सुशिक्षा र सहाय सम्पत्तिको निरूपण यो प्रथम अधिकरणमा गरिन्छ ।]

मङ्गलाचरण = ॐ नमः शुक्रबृहस्पतिभ्याम्
(शुक्राचार्य र बृहस्पतिलाई नमस्कार)

पृथिवीको प्राप्ति र प्राप्त पृथिवीको राम्रो गरी पालन गर्ने विषयमा प्राचीन आचार्यहरूद्वारा अर्थशास्त्रसम्वन्धी उपदेश जति गरिएका छन् प्रायः ती सबैको विषय-सङ्कलन गरेर यो अर्थशास्त्र बनाइएको छ ।

(अर्थ—भनेको मनुष्यहरूको जीवनवृत्तिरूप स्वार्थ हो, अतः अर्थशब्दबाट मनुष्यको जीवन निर्वाह गर्ने निवासले सम्पन्न भएको भूमि बुझिन्छ। यस्तो अर्थको मूलस्वरूप बनेको भूमिको प्राप्तिआर्जन र प्राप्त भूमिको पालन-सुव्यवस्थासाथ रक्षण गर्ने उपायमार्गको प्रदर्शन गर्ने शास्त्र नै अर्थशास्त्र हो। अर्थशास्त्रमा समुचित व्यावहारिक स्वार्थको सिद्धि गर्ने प्रक्रियाको निरूपण हुन्छ।

यस्तो अर्थशास्त्रको परम्परामा प्रथम उपदेशक आचार्य बृहस्पति र शुक्र यी यस शास्त्रका मूल प्रवर्तक आचार्य हुन्। अरू पनि यस शास्त्रका आचार्य भए। प्राचीन[१] आचार्यहरूका उपदेश र कुनै अवान्तर विषयमा तिनका मतभेद समेतको अनुसन्धान गरेर कुनै विषयमा आफ्नो विभिन्न दृष्टिकोण-विचार विशेष समेत देखाउँदै चाणक्य भन्ने प्रसिद्ध नामान्तर भएका कुटल-वंशमा उत्पन्न हुनाले कौटल्य भन्ने नामान्तरले पनि प्रसिद्ध, विष्णुगुप्त-नामक आचार्यले प्राचीन शैलीको प्रौढ संस्कृत भाषामा महत्वपूर्ण रचना गरिएको अर्थशास्त्र "कौटलीय-अर्थशास्त्र" भनी प्रसिद्ध र सर्वसमादृत पनि छ, सो सर्वसाधारणलाई भरसक सुबोध भई उपयोगी होस् भन्ने उद्देश्यले नेपाली भाषामा अनुवाद गरिएको छ।)

विषयानुक्रम[२] =

अर्थशास्त्रका अधिकरण—प्रधान विषय-विभाग र प्रकरण—अवान्तर विषयविभागको नामानुक्रम यस्तो छ—

प्रथमाधिकरण विनयाधिकारिक(शिक्षासम्बन्धी)मा—

१. प्रकरण—आन्वीक्षिकी त्रयी वार्ता दण्डनीति यी विद्याको निरूपण।
२. " विद्यावृद्धहरूसँग सम्पर्क।
३. " इन्द्रियहरूलाई आफ्नो अधीनमा राख्नु।

---

[१] यही ग्रन्थमा ठाउँ ठाउँमा मतभेद देखाउँदा आफूभन्दा प्राचीन आचार्य बृहस्पति, शुक्र, पराशर, भारद्वाज, विशालाक्ष, कौणपदन्त-भीष्म, पिशुन-नारद वातव्याधि-उद्धव, बाहुदन्तीपुत्र इन्द्रहरूको नामनिर्देश र अरू नाम नलिएका आचार्यहरूको सङ्केत पनि गरिएको छ।

[२] ग्रन्थकारले नै आरम्भमा देखाइएको विषयानुक्रमबाट यो यो अधिकरणमा यति विषयको निरूपण यस ग्रन्थमा गरिएको छ भन्ने आगेबाटै अवगत हुने हुन्छ। महाभारतमा पनि आरम्भमा अनुक्रमणिकाध्याय हुनाले यो प्राचीन सम्प्रदाय रहेछ [illegible] नन्छ।

४. प्रकरण—अमात्य खडा गर्नु ।
५. ” मन्त्री पुरोहितहरूको नियुक्ति ।
६. ” अमात्यहरूमा पवित्रता भए नभएको जाँच गर्नु ।
७. ” गुप्तचरहरूको नियुक्ति ।
८. ” गुप्तचरहरूलाई काम लगाउनु ।
९. ” आफ्नो राज्यका फुटाउन सकिने र नसिकने वर्गको रक्षा ।
१०. ” अर्को राज्यका फुटाउन सकिने र नसकिने वर्गलाई हात लिनु ।
११. ” गुप्त मन्त्रणको विषय ।
१२. ” दूतहरूलाई काममा खटाउनु ।
१३. ” राजपुत्रवाट राजाको रक्षा गर्नु ।
१४. ” थुनिएका राजकुमारको व्यवहार ।
१५. ” थुनिएका राजकुमारमा व्यवहार ।
१६. ” राजाको आफ्नो कर्तव्य-कर्म ।
१७. ” अन्तःपुरको बन्दोबस्त ।
१८. ” राजाको आत्मरक्षा ।

द्वितीयाधिकरण अध्यक्ष प्रचार(अध्यक्षहरूको कार्य-व्यवस्था)मा—

१. ” जनपद-बस्ति बसाउनु ।
२. ” भूमिच्छिद्र—जोत्नअयोग्य भूमिको व्यवस्था ।
३. ” दुर्ग—किल्ला बनाउनु ।
४. ” दुर्गभित्रको व्यवस्था ।
५. ” सन्निधाता(खजाञ्ची)ले धनको रक्षा गर्ने काम ।
६. ” समाहर्ता(राजस्व तहसील गर्ने)ले राजकरहरू उठाउने काम ।
७. ” आय-व्ययको बही खातामा हिसाब गर्नेको काम ।
८. ” अधिकारीहरूले हरेको राजधन फिर्ता लिने व्यवस्था ।
९. ” उपयुक्त अधिकारीहरूमाथि नियुक्त मुख्यहरूको परीक्षा ।
१०. ” राजशासन लेख्ने व्यवस्था ।
११. ” ढुकुटी दाखिल हुने रत्नहरूको जाँच ।
१२. ” खानिका वस्तुहरूको कार्यालय-सम्बन्धी व्यवस्था ।
१३. ” अक्षशाला(टकसार)मा सुवर्णाध्यक्षको काम ।
१४. ” बजारमा सुनको काम गर्नेको व्यवस्था ।
१५. ” कोष्ठागार(राजभण्डार)का अध्यक्षको काम ।

१६. " पण्याध्यक्ष(सरकारी बिक्रीका वस्तुविभागका अध्यक्ष)को काम ।
१७. " कुप्याध्यक्ष(जिन्सी भण्डारका अध्यक्ष)को काम ।
१८. " आयुधागार(शस्त्रभण्डार)का अध्यक्षको काम ।
१९. " तलाजु माना-पाथी जाँच्ने अध्यक्षको काम ।
२०. " देश कालको परिमाण ।
२१. " भन्सार-विभागका अध्यक्षको काम ।
२२. " धागो कपडा-विभागका अध्यक्षको काम ।
२३. " खेती-विभागका अध्यक्षको काम ।
२४. " मद्य-विभागका अध्यक्षको काम ।
२५. " भक्ष्य प्राणीको वध गर्ने विभागका अध्यक्षको काम ।
२६. " वेश्या-विभागका अध्यक्षको काम ।
२७. " नाउ-विभागका अध्यक्षको काम ।
२८. " गाई भैंसी आदिको विभागका अध्यक्षको काम ।
२९. " घोडा-विभागका अध्यक्षको काम ।
३०. " हात्ती-विभागका अध्यक्षको काम ।
३१. " रथ-विभागका अध्यक्षको काम ।
३२. " पैदल सेनाका अध्यक्षको काम ।
३३. " सेनापतिको काम ।
३४. " टकसारका अध्यक्षको काम ।
३५. " गोचर-प्रदेशका अध्यक्षको काम ।
३६. " समाहर्ता(राजस्व तहसीलगर्ने अध्यक्ष)को काम ।
३७. " गृहस्थ बनिया जोगी जस्ता बनेका गुप्तचरको काम ।
३८. " नगरका रक्षक पुलिसको काम ।

तृतीय अधिकरण धर्मस्थीय(न्यायाधीशसम्बन्धी)मा—

१. " व्यवहार(मुद्दा) खड़ा गर्ने व्यवस्था ।
२. " झगडाको विषयसम्बन्धी व्यवस्था ।
३. " स्त्री पुरुषको विवाहसम्बन्धी व्यवस्था ।
४. " अंशबण्डासम्बन्धी व्यवस्था ।
५. " घर घडेरीसम्बन्धी व्यवस्था ।
६. " स्थितिरीति पालन गर्ने व्यवस्था ।
७. " ऋण लिनदिनसम्बन्धी व्यवस्था ।
८. " उपनिधि–नासो धरोटसम्बन्धी व्यवस्था ।

९. " नोकर चाकर कामदारसम्बन्धी व्यवस्था ।
१०. " धेरै जना मिलेर काम गर्ने विषयको व्यवस्था ।
११. " किनबेच गरेको फिर्ता हुने नहुने व्यवस्था ।
१२. " दिइएको वस्तु द्रव्य फिर्ता नगरेकोमा व्यवस्था ।
१३. " हक नहुनेले बिक्री गरेकोमा व्यवस्था ।
१४. " वस्तु र स्वामीको सम्बन्धमा व्यवस्था ।
१५. " साहस (चोरी डाँका बलात्कार) विषयमा व्यवस्था ।
१६. " वाक्पारुष्य (गालीगोप्ता) विषयमा व्यवस्था ।
१७. " दण्डपारुष्य(मारपीट) विषयमा व्यवस्था ।
१८. " जूवासम्बन्धी व्यवस्था ।
१९. " फुटकर ।

चतुर्थ अधिकरण कण्टकशोधन (देशलाई पीडा दिनेलाई तह लाउने)मा—

१. " कालीगडहरूबाट रक्षा गर्ने व्यवस्था ।
२. " व्यापारीहरूबाट रक्षा गर्ने व्यवस्था ।
३. " उपतिपात(दैवी विपत्ति)को प्रतिक्रिया ।
४. " गुप्तजीविका गर्नेहरूबाट रक्षा ।
५. " सिद्ध जस्ता बनेका गुप्तचरद्वारा दुष्टहरू पत्ता लाउनु ।
६. " शङ्का, सबूद, कामबाट चोर पक्रनु ।
७. " अकस्मात् मरेकाको लास-जाँच ।
८. " सोधपूछ र पिटपाटबाट चोरको ठेगान लाउनु ।
९. " सबै अड्डाखानाहरूको रक्षा व्यवस्था ।
१०. " एक अङ्गको वध-दण्डको सट्टा धन-दण्ड ।
११. " शास्ति नदिएर वा दिएर वध गर्ने दण्ड ।
१२. " कन्याउपरको बलात्कारको दण्ड ।
१३. " अत्याचारको दण्ड ।

पञ्चम अधिकरण योगवृत्त(गुप्तवध विषय)मा—

१. " गुप्त हत्याको प्रयोग ।
२. " ढुकुटी बढाउने व्यवस्था ।
३. " नोकर चाकरको पालन गर्ने व्यवस्था ।
४. " मौका हेरी राज-कर्मचारीहरूले गर्ने व्यवहार ।
५. " कर्मचारीहरूको व्यवस्थासम्बन्धी कुरा ।

६. " राजाउपर सङ्कट परेमा मन्त्रीहरूले गर्नुपर्ने काम ।
७. " राजकुमार एकको आधिपत्य ।

षष्ठ अधिकरण मण्डलयोनि(राजमण्डलसम्बन्धी विषय)मा—

१. " अमात्य आदि प्रकृतिहरूमा चाहिने गुणहरू ।
२. " शान्ति र उद्योगसम्बन्धी कुरा ।

सातौं अधिकरण षाड्गुण्यसमुद्देश(सन्धि विग्रह आदिको वर्णन)मा—

१. " सन्धि विग्रह आदि षड्गुणको संक्षिप्त परिचय ।
२. " क्षय(घटति), स्थान(अडान), वृद्धि(बढति)को निरूपण ।
३. " बलियाको आड लिनु ।
४. " समान, दुर्वल, वलवान्ले गर्ने षड्गुणको प्रयोग ।
५. " दुर्बलले गर्ने सन्धिहरू ।
६. " विरोध गरी चुप लागेर बस्नु ।
७. " सन्धि गरेर चुप लाग्नु ।
८. " विरोध गरेर अभियान गर्नु ।
९. " सन्धि गरेर अभियान गर्नु ।
१०. " धेरै जना मिलेर अभियान गर्नु ।
११. " यातव्य-शत्रु र अमित्रप्रति अभियानको विचार ।
१२. " प्रजाजनमा क्षय, लोभ, वैराग्य हुनाका कारणहरू ।
१३. " विजिगीपुसँग मिल्ने राजाहरूमा ठूलो सानोपनाको विचार ।
१४. " विजिगीषु र शत्रु मिलेर अर्कोमाथि अभियान गर्नु ।
१५. " कबोल गरेको र नगरेको सन्धि र हटेर गएकासँग सन्धि ।
१६. " दोधारे सन्धि र विरोध ।
१७. " यातव्य बनेको विजिगीपुले गर्ने व्यवहार ।
१८. " सहायता दिनुपर्ने मित्रहरूको वर्णन ।
१९. " मित्रता, हिरण्य, भूमि, काम निमित्तका सन्धिहरू ।
२०. " पार्ष्णिग्राह बनेको विजिगीषुले गर्ने कामको विचार ।
२१. " कम भएका प्रभु-मन्त्र—उत्साह-शक्ति बढाउने विषय ।
२२. " बलियोसँग विरोध परेकाले अड्ने उपायहरू ।
२३. " दण्डोपनत(शत्रुले दबाइएको)ले गर्ने व्यवहार ।
२४. " दण्डोपनायि(शत्रुलाई दबाउने)ले गर्ने व्यवहार ।
२५. " सन्धि बलियो पार्ने काम ।

२६. ” सन्धि-भङ्ग गर्नु ।
२७. ” मध्यम राजाप्रति विजिगीषुको व्यवहार ।
२८. ” उदासीन राजाप्रति विजिगीषुको व्यवहार ।
२९. ” राजमण्डलप्रति विजिगीषुको व्यवहार ।

अष्टम अधिकरण व्यसनाधिकारिक(सङ्कट विषयक)मा—

१. ” स्वामी अमात्य आदि प्रकृति-वर्गमा पर्ने सङ्कटहरू ।
२. ” राजा राज्य अमात्यादिमा पर्ने सङ्कटको ठूलो सानोपनाको विचार ।
३. ” पुरुषमा हुने व्यसनहरूको ठूलो सानोपनाको विचार ।
४. ” आगो पानी आदिबाट हुने पीडाको निरूपण ।
५. ” राष्ट्रका मुख्य पुरुषहरूले सरकारी आय रोकने विषय ।
६. ” राष्ट्रका मुख्य पुरुषहरूले सरकारी आय खाइदिने विषय ।
७. ” फौजी सङ्कटको विषय ।
८. ” मित्र-सम्बन्धी सङ्कटको विषय ।

नवम अधिकरण अभियास्यत्कर्म(अभियानगर्नेले गर्ने बन्दोबस्त)मा—

१. ” शक्ति देश कालको बलाबल विचार ।
२. ” अभियान गर्ने समय ।
३. ” सेनाको तयारी गर्ने प्रबन्ध ।
४. ” सेना जम्मा गर्नामा गुण ।
५. ” शत्रुको सेनालाई दबाउने आफ्नो सेना गराउनु ।
६. ” पार्ष्णिग्राहले पछाडिपट्टि गर्ने पीडाको विचार ।
७. ” बाहिरिया भित्रिया प्रकृतिहरू चिढिएमा गर्ने प्रतिक्रिया ।
८. ” जन धनको खति र लाभमा ठूलो सानोपनाको विचार ।
९. ” बाहिरी भित्री विपत्तिहरूको प्रतिक्रिया ।
१०. ” शत्रुले उठाइएका भित्रका विरोधी र स्वयं शत्रुले उठाइने विपत्तिहरू ।
११. ” अर्थ अनर्थ सन्देह गराउने विपत्तिहरू ।
१२. ” ती विपत्तिहरू हटाउने उपायद्वारा प्रतिक्रिया ।

दशम अधिकरण साङ्ग्रामिक(युद्धसम्बन्धी व्यवस्था)मा

१. ” स्कन्धावार(छाउनी)को रचना ।
२. ” स्कन्धावार (छाउनी) बाट यात्रा ।
३. ” फौजी सङ्कट र विपरीत देशकालमा सेनाको रक्षा ।

४. " कपटी युद्धका प्रकारहरू ।
५. " आफ्ना सैन्यहरूलाई उत्साह बढाइदिनु ।
६. " शत्रुको सेनालाई भन्दा आफ्नो सेनालाई सुविधा गराउनु ।
७. " युद्ध गर्न अनुकूल हुने ठाउँहरू ।
८. " पैदल घोड़ा रथ हात्तीले गर्ने कामहरू ।
९. " पखेटा कोखा छातीको भागमा बाँडेर फौजी व्यूह बनाउनु ।
१०. " गतिलो र निर्गतिलो फौज अलग अलग राख्नु ।
११. " पैदल घोडा रथ हात्तीका युद्धहरू ।
१२. " दण्ड,···मण्डल, असंहत व्यूहहरू बनाउनु ।
१३. " शत्रुको व्यूहको बदला दिने आफ्नो व्यूह बनाउनु ।

एकादश अधिकरण सङ्घवृत्त (सेनाको सङ्गठन) विषयमा—

१. " सङ्घलाई फुटाउने प्रयोग ।
२. " गुप्त रीतले वध ।

द्वादश अधिकरण आवलीयस(निर्धोले गर्ने उपाय)मा—

१. " दूतले गर्नुपर्ने काम ।
२. " मन्त्रयुद्ध—मन्त्रणा गरेर युद्ध गर्ने उपाय ।
३. " सेनाको मुख्यलाई मार्नु ।
४ " राजमण्डललाई उचाल्नु ।
५ " शस्त्र आगो विषको प्रयोग गर्ने गुप्तचरको काम ।
६. " अनाज, घाँसपात, इन्धन, मित्रको सहायताहरू आउन रोकिदिनु ।
७. " कपटी प्रयोग गरेर शत्रुलाई दबाउनु ।
८. " वध बाधा लूटपीटहरूबाट शत्रुलाई दबाउनु ।
९. " सहाय नलिई एक्लै विजिगीषुले शत्रुको विजय गर्नु ।

त्रयोदश अधिकरण दुर्गलम्भोपाय(शत्रुको किल्ला लिने उपाय)मा—

१. " शत्रुदलमा भेदनीतिको प्रयोग ।
२. " कपटी वेष गरेका चरद्वारा शत्रुलाई किल्लाबाट निकाल्नु ।
३. " शत्रुको देशमा गुप्तचरहरू पठाएर बसाउनु ।
४. " शत्रुको किल्लावरिपरि आफ्नो सेनाले घेरा हाल्नु ।
५. " शत्रुको किल्लाभित्र हमला गर्नु ।
६. " शत्रुको किल्ला आफ्नो हातमा पारेर त्यसको बन्दोबस्त गर्नु ।

चतुर्दश अधिकरण औपनिषद(गुप्तविष प्रयोग आदि)मा—

१. " शत्रुलाई मार्ने प्रयोगहरू।
२. " शत्रुलाई छकाउने अद्भुत प्रयोगहरू।
३. " आफ्नो पक्षमा शत्रुले गरेका विष आदि प्रयोगको प्रतिक्रिया।

पञ्चदश अधिकरण तन्त्रयुक्ति(शास्त्रीय उपपत्ति)मा

१. " तन्त्रयुक्ति—अर्थशास्त्रसम्बन्धी उपपत्तिहरू।

यो अर्थशास्त्रको छोटकरी स्वरूप यस्तो छ—१५ अधिकरण, १५० अध्याय, १८० प्रकरण; सबै जम्मा ग्रन्थसंख्या ३२ अक्षरको १ श्लोकको हिसाबले ६००० श्लोक हुन्छ।

[कुनै अध्यायभित्र अनेक प्रकरण पनि परेका हुनाले अध्याय र प्रकरणको संख्या घटी बढी हुनगएको छ।]

सुकुमार बुद्धि भएका जनले जान्न बुझ्न सकिने गहकीला विषय देखाउने अर्थ र पद सुहाउँदो गरी मिलेको नचाहिंदो ग्रन्थविस्तार नभएको यो अर्थशास्त्र कौटल्यले रचना गरिएको हो।

(यस अध्यायमा छोटकरी रूपमा देखाइएका विषयहरूको संग्रह, सम्पूर्ण अर्थशास्त्रको सारांश रूप भएको हुनाले यो अध्याय, राजाले गर्नुपर्ने कामकाज, बन्दोबस्त-व्यवहारहरूको दिग्दर्शन रूप भएको छ।)

अथ द्वितीयोऽध्यायः।

१ प्रथमे प्रकरणे—विद्यासमुद्देशः, आन्वीक्षिकीस्थापना च।

आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्चेति विद्याः।

त्रयी वार्ता दण्डनीतिश्चेति मानवाः। त्रयीविशेषो ह्यान्वीक्षिकीति।

वार्ता दण्डनीतिश्चेति बार्हस्पत्याः।

संवरणमात्रं हि त्रयी लोकयात्राविद इति। दण्डनीतिरेका विद्येत्यौशनसाः। तस्यां हि सर्वविद्यारम्भाः प्रतिबद्धा इति।

चतस्र एव विद्या इति कौटिल्यः। ताभिर्धर्माधर्मौ यद्विद्यात्तद्विद्यानां विद्यात्वम्। सांख्यं योगो लौकायतं चेत्यान्वीक्षिकी।

धर्माधर्मौ त्रय्याम् । अर्थानर्थौ वार्तायाम् । नयानयौ दण्डनीत्याम् । बलाबले चैतासां हेतुभिरन्वीक्षमाणा लोकस्योपकरोति । व्यसनेऽभ्युदये च बुद्धिमवस्थापयति । प्रज्ञावाक्यवैशारद्यं च करोति ।

प्रदीपः सर्वविद्यानामुपायः सर्वकर्मणाम् ।
आश्रयः सर्वधर्माणां शश्वदान्वीक्षिकी मता ॥१॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमे अधिकरणे विद्यासमुद्देशे
आन्वीक्षिकी स्थापनानाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १ (विद्याको वर्णन)

(क) आन्वीक्षिकी-तर्क-विद्याका स्थानहरू

आन्वीक्षिकी त्रयी वार्ता दण्डनीति यी चार थरीका विद्या छन् ।

व्याख्या = अन्वीक्षा—भनेको उपपत्तिहरूसाथ वस्तुतत्वको विचार गर्नु हो। सो अन्वीक्षा प्रधान भएको विद्या आन्वीक्षिकी हो । यस विद्या विभागभित्र आध्यात्मिक दर्शन र तर्क विद्या, पदार्थ विज्ञानहरू पर्दछन् । त्रयी भनेको स्तुति प्रधान भएको छन्दमा बाँधिएको ऋग्वेद, यज्ञकर्म प्रधान भएको छन्दोरहित यजुर्वेद, गीति प्रधान भएको ऋक् मन्त्र स्वरूप सामवेद, यी तीन हुन्, शान्ति पुष्टि गर्ने कर्म विशेष प्रधान भएको अथर्ववेद त्रयीभित्रै पर्ने हुनाले अलग मानिएको छैन। वृत्ति अर्थात् जीवन निर्वाहको साधन भएका कृषि पशुपालन वाणिज्य सम्बन्धी विशेष ज्ञान गराउने विद्या वार्ता हो। राजदण्ड प्रधान भएर लोकलाई मर्यादामा चलाउने राजनीति-विद्या नै दण्डनीति हो । यिनै चार मूल प्रस्थानहरूको ज्ञान व्यावहारिक र पारमार्थिक कल्याणको साधन हुनाले मूल विद्या यी चार मानिएका छन् ।

मतविशेष—(क) त्रयी वार्ता दण्डनीति यी तीन नै विद्या हुन् (आन्वीक्षिकी त त्रयीकै विषयको विचार विमर्शस्वरूप हुनाले त्रयीविद्याकै अन्तर्गत हुन्छ, अलग विद्या होइन) भनी मनुका अनुयायीहरू भन्दछन् ।

(ख) वार्ता र दण्डनीति यिनै दुइ प्रधान विद्या हुन् (लोकको सुजीवनोचित भद्रव्यवहारको साधन भएको ज्ञान यिनै दुइबाट हुन्छ । निर्मल लोक

व्यवहारमा निपुण भएकालाई नास्तिक्यको अपवाद लाग्न नदिई आस्तिकपनाको परिधिभित्र पार्ने हुनाले त्रयी लौकिक विद्याको प्रस्थान विशेष भित्र मानिंदैन।) भनी बृहस्पतिका अनुयायीहरू भन्दछन्।

(ग) दण्डनीति नै एक प्रधान विद्या हो। आन्वीक्षिकी त्रयी वार्ता यी सबै विद्याको योग-क्षेम अर्थात् अलब्ध लाभ र लब्ध परिपालनको आधारभूत यही दण्डनीति हो—भनी शुक्राचार्यका अनुयायीहरू भन्दछन्।

कौटल्य भन्दछन्—आन्वीक्षिकी त्रयी वार्ता दण्डनीति यी चारै मूल विद्या हुन्। पुरुषार्थ स्वरूप धर्म र अर्थलाई ज्ञान गराउने हुनु नै विद्याको रूप हो; सो तत्व यी चारै विद्यामा समानरूपले रहेको छ। प्रकृति र पुरुषको विवेक गराउने महर्षि कपिलले उपदेश गरिएको सांख्यशास्त्र[1], चित्तलाई विषयपट्टिबाट विमुख गराएर इष्टतत्वको धारणा,-ध्यान,-समाधिमा अभिमुख गराउने विषयको प्रतिपादन गर्ने महेश्वरले उपदेश गरिएको योगशास्त्र,[2] असल लोकव्यवहारको ज्ञान गराउने···गार्ग्यहरूले उपदेश गरिएको न्यायशास्त्र (व्यावहारिक न्यायोपदेशक) लोकायत[3] यी तीन आन्वीक्षिकी विद्या हुन्।

तीन वेदमा—अध्ययन यज्ञ आदि अधिकार भेदले व्यवस्थित भएको धर्म, अभक्ष्य भक्षणादि निषिद्ध कर्मरूप अधर्म यी दुइ विषय कर्तव्य अकर्तव्य रूपले मुख्य गरेर बताइएका छन्। वार्ता-शास्त्रमा—समयमा गरेको बीउ रोप्नु आदि प्रयत्नबाट प्राप्त हुने फलस्वरूप अर्थ, र बेबखतमा गरेको प्रयत्नबाट फलप्राप्त नहुनु स्वरूप अनर्थ यी दुइ विषय; दण्डनीति शास्त्रमा—सन्धि व्यावहारिक योग क्षेम गराउने, आफूभन्दा बलिष्ठसंग सन्धि गर्नु आदि नय-सुनीति र योगक्षेसमा हानि गराउने आफूभन्दा बलियासंग विरोध गर्नु आदि अनय-कुनीति यी दुइ विषय प्रधानरूपले बताइएका छन्।

आन्वीक्षिकी शास्त्रले यी सबै विषयमा कुनचाहीं बलवान कुनचाहीं दुर्बल भन्ने कुरा उपपत्ति कारणहरूद्वारा विचार विमर्श गर्दै लोकलाई दुःखावस्थामा र सुखावस्थामा पनि बुद्धिलाई ठाउँमा राखेर उचित विचार वचन काममा लगाएर मन वाक् शरीरलाई निर्मल बनाई लोकको विशेष उपकार गर्दछ। अतः—

आन्वीक्षिकी शास्त्र सब विद्याका गहन विषयमा उज्यालो देखाउने बत्ती, सबै कामको उठानदेखि बैठानसम्म बुद्धिलाई प्रतिभायुक्त बनाउने साधन, लौकिक वैदिक सबै धर्महरूको विचारद्वारा राम्रो बाटो देखाउने आधार मानिएको छ।

अथ तृतीयोऽध्यायः ।

१ प्रथमे प्रकरणे—विद्यासमुद्देशः, त्रयीस्थापना च ।

सामर्ग्यजुर्वेदास्त्रयस्त्रयी । अथर्ववेदेतिहासवेदौ च वेदाः । शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दोविचितिर्ज्योतिषमिति चाङ्गानि ।

एष त्रयीधर्मश्चतुर्णां वर्णानामाश्रमाणां च स्वधर्मस्थापनादौपकारिकः । स्वधर्मो ब्राह्मणस्याध्ययनमध्यापनं यजनं दानं प्रतिग्रहश्चेति । क्षत्रियस्याध्ययनं यजनं दानं शस्त्राजीवो भूतरक्षणं च । वैश्यस्याध्ययनं यजनं दानं कृषिपाशुपाल्ये वणिज्या च । शूद्रस्य द्विजातिशुश्रूषा वार्ता कारुकुशीलवकर्म च ।

गृहस्थस्य स्वकर्माजीवस्तुल्यैरसमानर्षिभिर्वैवाह्यमृतुगामित्वं देवपित्रतिथिभृत्येषु त्यागः शेषभोजनं च । ब्रह्मचारिणः स्वाध्यायोऽग्निकार्याभिषेकौ भैक्षव्रतत्वमाचार्ये प्राणान्तिकी वृत्तिस्तदभावे गुरुपुत्रे सब्रह्मचारिणि वा । वानप्रस्थस्य ब्रह्मचर्यं भूमौ शय्या जटाऽजिनधारणमग्निहोत्राभिषेकौ देवतापित्रतिथिपूजा वन्यश्चाहारः । परिव्राजकस्य संयतेन्द्रियत्वमनारम्भो निष्किंचनत्वं संगत्यागो भैक्षमनेकत्रारण्ये वासो बाह्यमाभ्यन्तरं च शौचम् । सर्वेषामहिंसा सत्यं शौचमनसूयानृशंस्यं क्षमा च ।

स्वधर्मः स्वर्गायानन्त्याय च । तस्यातिक्रमे लोकः संकरादुच्छेद्येत ।

तस्मात्स्वधर्मं भूतानां राजा न व्यभिचारयेत् ।
स्वधर्मं सन्दधानो हि प्रेत्य चेह च नन्दति ॥ १ ॥
व्यवस्थितार्यमर्यादः कृतवर्णाश्रमस्थितिः ।
त्रय्या हि रक्षितो लोकः प्रसीदति न सीदति ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे विद्यासमुद्देशप्रकरणे त्रयीस्थापना नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १

(ख) (तीनवेदको महत्व)

ऋग्वेद, यजुर्वेद, सामवेद यी तीन त्रयी हुन्। अथर्व वेद, इतिहास वेद पनि वेदका विभाग विशेष हुन्। वर्णको स्थान, प्रयत्न उच्चारण आदिको उपदेश गर्ने कात्यायन आदिद्वारा रचित शिक्षा शास्त्र १, यज्ञ यागहरूको क्रमिक विधानको उपदेश गर्ने आश्वलायन आदिले रचित कल्पशास्त्र २, शब्दको शुद्धिको उपदेश गर्ने पाणिनि आदिले रचित व्याकरणशास्त्र ३, शब्दार्थको निर्वचन गर्ने यास्क रचित निरुक्तशास्त्र४, छन्दको उपदेश गर्ने पिङ्गल आदिले रचित छन्दःशास्त्र ५, ग्रहगति आदिको प्रतिपादन गर्ने ब्रह्मादि निर्मित ज्योतिषशास्त्र ६, यी छः वेदका अङ्ग हुन्।

साङ्ग तीन वेदले उपदेश गरिएको धर्म, ब्राह्मण आदि चार वर्ण, र ब्रह्मचर्य आदि चार आश्रमलाई कर्तव्य मार्गमा प्रवर्तन गराउने हुनाले उपकारी छ।

ब्राह्मणको स्वधर्म—पढनु, पढाउनु, यज्ञ गर्नु यज्ञ गराउनु, दान दिनु दान लिनु यी हुन्। क्षत्रियको स्वधर्म—पढनु, यज्ञ गर्नु, दान दिनु शस्त्र धारण गरेर जीविका गर्नु, प्राणीहरूको रक्षा गर्नु यी हुन्। वैश्यको स्वधर्म—पढ्नु, यज्ञ गर्नु, दान दिनु, खेती गर्नु, पशुपालन गर्नु, व्यापार गर्नु यी हुन्। शूद्रको स्वधर्म—ब्राह्मण, क्षत्रिय, वैश्य यी द्विजातिको सेवा गर्नु, वार्ता-खेती पशुपालन, वाणिज्य कालीगड़ी काम, नाच्नु, गाउनु यी हुन्।

गृहस्थआश्रमको स्वधर्म—आफ्नो कामबाट जीविका गर्नु, आफू सुहाउँदा गोत्रप्रवर समान नभएकासंग वैवाहिक सम्बन्ध गर्नु, ऋतुसमयमा मात्र स्त्रीसङ्गम गर्नु, देवता पितृ अतिथि भृत्यहरूलाई दिएर शेष खानु—यी हुन्। ब्रह्मचर्याश्रमको स्वधर्म—त्रिकालस्नान, वेदाध्ययन, अग्निसेवा, भिक्षाबाट जीवन निर्वाह गर्नु, व्रत नियममा रहनु, त्यसमा नैष्ठिक ब्रह्मचारीले जीवनभर गुरुकुलमा, गुरु नभएमा गुरुपुत्र वा सतीर्ध्यको साथमा रहनु, उपकुर्वाणले समावर्तन गरी गृहस्थाश्रममा जानु यो स्वधर्म हो। वानप्रस्थ आश्रमको स्वधर्म—ब्रह्मचर्यमा रहनु, भूइँमा सुत्नु, जटामृगचर्म धारण गर्नु, त्रिकालस्नान, सायं प्रातः अग्निको होम, देवता, पितृ, अतिथिको पूजा, वनमा हुने कन्दमूल फल आहार यी हुन्।

संन्यासाश्रमको स्वधर्म—इन्द्रियलाई रोक्नु, कुनै उद्योग नगर्नु, अकिञ्चन रहनु, सबैको सङ्ग छोडिदिनु, अनेक घरमा भिक्षा मागेर जीवन अड्याउनु, वनमा बस्नु, बाहिर भित्र पनि पवित्र हुनु यी हुन् । हिंसा नगर्नु, सत्य बोल्नु, पवित्र रहनु, कसैमाथि पनि रिस नगर्नु, क्रूर नहुनु, सहनशील हुनु, यी सबै वर्णाश्रमले पालन गर्नुपर्ने साधारण धर्म हुन् ।

स्वधर्मले स्वर्गलाभ र अक्षय सुखको प्राप्ति पनि हुन्छ । स्वधर्मको लङ्घन गरेमा कर्मसाङ्कर्य वर्णसाङ्कर्यबाट लोकको नाश हुन्छ । अर्थात् वर्ण धर्म, आश्रम धर्म आफू आफूलाई नियत भएअनुसार भक्ति श्रद्धापूर्वक आफ्नो कुलपरम्परागत धर्म सम्झेर गरिरहेमा यो लोकमा र परलोकमा पनि कल्याण हुने हुन्छ । अव्यवस्था गरेर जसले जेसुकै मार्ग लिने गरेमा वर्णको व्यवस्था, कर्मको व्यवस्था संकीर्ण भएर त्यसबाट हुने कल्याणको सट्टामा अकल्याण हुने हुन्छ ।

यसकारण राजाले लोकको आफ्नो आफ्नो स्वधर्म डग्न नदिने गर्नू । स्वधर्मको पालन गर्ने गराउने राजाले यो लोकमा र परलोकमा पनि आनन्द पाउँदछ ।

वर्ण आश्रम सदाचारको मर्यादा पालन गर्ने व्यवस्था बाँधेर वर्णाश्रमको स्थिति कायम गरिराख्ने जन वेदमार्गबाट सुरक्षित भएर आनन्दी भइरहन्छ । कहिल्यै बिग्रँदैन ।

अथ चतुर्थोऽध्यायः ।

१ प्रथमे प्रकरणे–विद्यासमुद्देशे वार्ता-दण्डनीतिस्थापना ।

कृषिपाशुपाल्ये वणिज्या च वार्ता, धान्यपशुहिरण्यकुप्यविष्टिप्रदानादौपकारिकी । तया स्वपक्षं परपक्षं च वशीकरोति दंडकोशाभ्याम् ।

आन्वीक्षकीत्रयीवार्तानां योगक्षेमसाधको दंडः । तस्य नीतिर्दण्डनीतिः । अलब्धलाभार्था लब्धपरिरक्षिणी रक्षितविवर्धनी वृद्धस्य तीर्थेषु प्रतिपादनी च । तस्यामायत्ता लोकयात्रा । तस्माल्लोकयात्रार्थी नित्यमुद्यतदंडः स्यात् ।

न ह्येवंविधं वशोपनयनमस्ति भूतानां यथा दंड इत्याचार्याः । नेति कौटिल्यः । तीक्ष्णदंडो हि भूतानामुद्वेजनीयः । मृदुदंडः परि-

भूयते । यथार्हदंडः पूज्यः । सुविज्ञातप्रणीतो हि दंडः प्रजाः धर्मार्थकामैर्योजयति । दुष्प्रणीतः कामक्रोधाभ्यामज्ञानाद्वानप्रस्थपरिव्राजकानपि कोपयति । किमङ्ग पुनर्गृहस्थान् । अप्रणीतो हि मात्स्यन्यायमुद्भावयति । बलीयानबलं हि ग्रसते दंडधराभावे । तेन गुप्तः प्रभवतीति ।

चतुर्वर्णाश्रमो लोको राज्ञा दंडेन पालितः ।
स्वधर्मकर्माभिरतो वर्तते स्वेषु वर्त्मसु ॥ १ ॥

इति विनयाधिकारिके प्रथमेऽधिकरणे विद्यासमुद्देशे वार्ता-दंडनीतिस्थापनानाम चतुर्थोऽध्यायः ॥ ४ ॥ इति विद्यासमुद्देशः ।

अध्याय ४

प्रकरण—१

(ग) वार्ता र दण्डनीतिको महत्व ।

कृषि(खेती)सम्बन्धी कामहरूको प्रतिपादन गर्ने शास्त्र पराशर आदिले बताएको छ । गाई, घोड़ा, हात्ती आदि पशुपालनसम्बन्धी उपदेश गर्न शास्त्र गौतम, शालिहोत्र, पालकाप्य आदिले बताएको छ । वाणिज्य—क्रय-विक्रय व्यवहारको उपदेश गर्ने शास्त्र विदेहराज आदिबाट उपदेश गरिएको छ । कृषि पशुपालन, वाणिज्य यी तीन रूपमा रहेको वार्ताशास्त्र–जीवननिर्वाहको साधनोपदेश गर्ने भएर अनाज, पशु, नगद, जिन्सी वस्तुहरूको उत्पादन र कर्मकार ज्यामीहरू, मजदूरहरूलाई काम दिनु इत्यादिद्वारा लोकलाई प्रत्यक्ष उपकार गर्ने भएको छ । यही वार्ताद्वारा अन्नादिबाट कोश र सेना सञ्चय गराएर आफ्नो पक्ष र पराइको पक्षलाई राजाले वशमा राख्तछ ।

आन्वीक्षिकी त्रयी वार्ता यी सबैलाई योगक्षेम दिलाउने दण्ड नै मुख्य उपाय हो, त्यो सम्बन्धी नीति नै दण्डनीति हो, यसबाट अप्राप्त विषयको प्राप्ति, प्राप्त विषयको रक्षा, रक्षा गरिएकालाई बढाउनु, बढाइएकालाई तीर्थ अर्थात् योग्यकाममा उपयोग गर्नु, यी सुफल हुन्छन् । दण्डनीतिकै आधारमा लोक व्यवहार चलेको छ । अतः लोक व्यवहार राम्रो गरी चलिरहोस् भन्ने अभिलाषा राख्ने राजाले सदा सर्वदा दण्डनीति जाग्रत राख्नुपर्दछ ।

समस्त प्राणीहरूलाई तह्मा राख्ने दण्डनीति जस्तो अर्को कुनै छैन भनी आचार्यहरू भन्दछन् । कौटल्य भन्दछन् कि यसरी दण्डलाई प्रधानता दिनु उचित हुँदैन । किनभने चर्को दण्ड दिने राजा प्राणीहरूलाई अत्याउने हुन्छ । फितलो दण्ड दिने राजालाई सबैले हेप्तछन् । ठीक नाप तौल मिलाएर उचित दण्ड दिने राजा नै पूज्य हुन्छ । शास्त्र आदिको विचार गरेर जानी बुझी प्रयोग गरिएको दण्डले प्रजाहरूलाई धर्म, अर्थ, काम यी त्रिवर्गको योग गराउँछ । काम, क्रोध, अज्ञानको वशमा परी मनपर्दो गरी प्रयोग गरिएको दण्डले घरबार छोडेर वनमा बस्ने र सर्वत्यागी सन्यासीहरूलाई समेत चिढाउँछ भने गृहस्थलाई किन चिढाउँदैन । दण्ड गर्ने व्यवस्था नभएमा मात्स्यन्याय--माछाको चाल चलेर बलियाले निर्धालाई दबाउने हुन्छ, दण्डधारी राजा नभएमा बलियाले दुर्बललाई खाइदिन्छ । त्यही दण्डबाट सुरक्षित भएर निर्धो पनि बलियो बन्दछ ।

चार वर्ण, चार आश्रम भएको यो लोक, राजाबाट दण्डकै आधारमा रक्षा-पालन गरिने हुनाले आफ्नो धर्म कर्ममा लागिरहेर आफ्नो वासस्थानमा आनन्दसाथ बसिरहन्छ । दण्डधारी कोही नभएमा आफ्नो घरमा पनि बस्न पाउनु दुर्लभ हुन्छ ।

अथ पञ्चमोऽध्यायः ।

२ द्वितीये प्रकरणे—वृद्ध (गुरु-शिष्य) संयोगः ।

तस्माद्दण्डमूलास्तिस्रो विद्याः । विनयमूलो दण्डः प्राणभृतां योगक्षेमावहः । कृतकः स्वाभाविकश्च विनयः ।

क्रिया हि द्रव्यं विनयति नाद्रव्यम् । शुश्रूषाश्रवणग्रहणधारणविज्ञानोहापोहतत्त्वाभिनिविष्टबुद्धिं विद्या विनयति नेतरम् । विद्यानां तु यथास्वमाचार्यप्रामाण्याद्विनयो नियमश्च ।

वृत्तचौलकर्मा लिपिं संख्यानं चोपयुंजीत । वृत्तोपनयनस्त्रयीमान्वीक्षिकीं च शिष्टेभ्यः, वार्तामध्यक्षेभ्यः, दण्डनीतिं वक्तृप्रयोक्तृभ्यः ।

ब्रह्मचर्यं चाषोडशाद्वर्षात् । अतो गोदानं दारकर्म चास्य । अस्य नित्यश्च विद्यावृद्धसंयोगो विनयवृद्ध्यर्थं, तन्मूलत्वाद्विनयस्य । पूर्व-

महर्भागं हस्त्यश्वरथप्रहरणविद्यासु विनयं गच्छेत् । पश्चिममितिहासश्रवणे ।

पुराणमितिवृत्तमाख्यायिकोदाहरणं धर्मशास्त्रमर्थशास्त्रं चेतीतिहासः । शेषमहोरात्रभागमपूर्वग्रहणं गृहीतपरिचयं च कुर्यात् । अगृहीतानामाभीक्ष्ण्यश्रवणं च । श्रुताद्धि प्रज्ञोपजायते प्रज्ञया योगो योगादात्मवत्तेति विद्यासामर्थ्यम् ।

विद्याविनीतो राजा हि प्रजानां विनये रतः ।
अनन्यां पृथिवीं भुंक्ते सर्वभूतहिते रतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे वृद्धसंयोगो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

अध्याय ५

प्रकरण—२

ज्ञानवृद्धहरूसँग सम्पर्क ।

चार वर्ण आश्रम भएको लोकलाई दण्डको आधारमा पालन गरिने हुनाले आन्वीक्षिकी, त्रयी, वार्ता, दण्डनीति रूप सबै विद्याको मूल आधार दण्ड हो । दण्डको आधार विनय–सुशिक्षा हो । सुशिक्षाका आधारमा चलाएको दण्डले प्राणीहरूको योगक्षेम गराउँछ । विनय अर्थात् भद्रता कृत्रिम र स्वाभाविक दुइ प्रकारको हुन्छ । (स्वभावसिद्ध विनय भएकालाई ज्ञानवृद्धहरूको उपदेश आदि कृत्रिम उपायले अति विनीत गराउँदछ) ।

सुपात्रलाई नै उपदेश आदि क्रियाले विनीत गराउँदछ, कुपात्रलाई उपदेशले पनि विनीत गराउन सक्तैन, सुन्ने चाहना, मन दिएर सुन्नु, सुनेको कुरा बुझ्नु, बुझेको कुरा मनमा लिइराख्नु, मनमा लिएको कुरालाई लिएर साध्य साधनहरूको विवेक राख्नु, नभनेको कुरा पनि अडकल गर्नु, युक्तिबाट सिद्ध नभएको कुरा छोडिदिनु, तत्व कुरामा दृढ हुनु, यति गुणले सम्पन्न भएको पुरुषलाई विद्याले सुशिक्षित बनाउँछ । ती गुण नभएकालाई विद्याले पनि शिक्षित गराउन सक्तैन । विभिन्न विद्याका उपदेशक आचार्यहरूले भनेबमोजिम चलनाले शिष्यमा विनीतपना र विनीतको सदाचार नियम पनि उत्पन्न हुन्छ ।

३ वा ५ वर्षमा चूडा कर्म भएपछि अक्षर अङ्कको अध्ययन गराउनुपर्दछ । उपनयन–व्रतबन्ध भएपछि असल विद्वान्हरूबाट त्रयी वेद र आन्वीक्षिकी विद्या, त्यस-त्यस विषयका विशेषज्ञहरूबाट वार्ता–(कृषि, पशुपालन, वाणिज्य, विद्या) र दण्ड विषयको व्याख्यान र प्रयोगमा निपुणहरूबाट दण्डनीति विद्या पनि सिक्नुपर्दछ ।

सोह्र वर्षसम्म ब्रह्मचर्य पालन गरी, अनि केशान्त कर्म गरी विवाहकर्म गर्नुपर्दछ । विद्यावृद्धहरूसँग सम्पर्क सहवास हुनु सुशिक्षा बढाउनलाई आवश्यक छ । विद्वान्हरूको सहवास नै विनयको मूल कारण हो । दिनको पूर्वभागमा हात्ती, घोडा, रथहरू चढ्ने हतियार चलाउने विषयमा तालिम लिने, दिनको उत्तरार्ध भागमा इतिहासहरू सुन्ने काम गर्नू ।

इतिहास भनेको—पुराण, रामायण, महाभारत आदिको पूर्वकथानक, दिव्य मानुष्य आदि चरित्रका उपाख्यान, उदाहरण अर्थात् न्याय देखाउने मीमांसा आदि धर्मशास्त्र, अर्थशास्त्र यी हुन् । यिनको पनि शिक्षा लिनू । दिन रातका अरू बाँकी भागमा नयाँ-नयाँ कुरा सुन्ने, जान्ने, तिनको चिन्तन गर्ने, राम्ररी नजानिएका विषयलाई बारम्बार सुन्ने पनि गर्नुपर्दछ । सुन्नाले बुद्धि बढ्दछ, बुद्धि बढ्नाले शास्त्रबमोजिम चल्नामा श्रद्धा हुन्छ, शास्त्रोक्त विषयमा श्रद्धा हुनाले विशाल हृदय बन्दछ । विद्याको शक्तिबाट यी फल हुन्छन् ।

विद्या पढेर सुशिक्षित भएका राजाले प्रजालाई पनि सुमार्गमा चल्ने तालिम दिएर समस्त प्राणीको हितकारी भई पृथिवीको एकछत्र राज्य भोग गर्दछन् ।

अथ षष्ठोऽध्यायः ।

३ तृतीये प्रकरणे—इन्द्रियजयः कामादि षड्रिपुवर्जनं च ।

विद्याविनयहेतुरिन्द्रियजयः कामक्रोधलोभमानमदहर्षत्यागात्कार्यः । कर्णत्वगक्षिजिह्वाघ्राणेन्द्रियाणां शब्दस्पर्शरूपरसगन्धेष्वविप्रतिपत्तिरिन्द्रियजयः शास्त्रानुष्ठानं वा । कृत्स्नं हि शास्त्रमिन्द्रियजयः ।

तद्विरुद्धवृत्तिरवश्येन्द्रियश्चातुरन्तोऽपि राजा सद्यो विनश्यति । यथा दाण्डक्यो नाम भोजः कामाद्ब्राह्मणकन्यामभिमन्यमानः

सबन्धुराष्ट्रो विननाश । करालश्च वैदेहः । कोपाज्जनमेजयो ब्राह्मणेषु विक्रान्तः, तालजंघश्च भृगुषु । लोभादैलश्चातुर्वर्ण्यमत्याहारयमाणः, सौवीरश्चाजबिन्दुः । मानाद्रावणः परदारानप्रयच्छन् । दुर्योधनो राज्यादंशं च । मदाड्डम्भोद्भवो भूतावमानी हैहयश्चार्जुनः । हर्षाद्वातापिरगस्त्यमत्यासादयन्, वृष्णिसंघश्च द्वैपायनमिति ।

एते चान्ये च बहवः शत्रुषड्वर्गमाश्रिताः ।
सबन्धुराष्ट्रा राजानो विनेशुरजितेन्द्रियाः ॥ १ ॥
शत्रुषड्वर्गमुत्सृज्य जामदग्न्यो जितेन्द्रियः ।
अम्बरीषश्च नाभागो बुभुजाते चिरं महीम् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
अरिषड्वर्गत्यागो नाम षष्ठोऽध्यायः ॥ ६ ॥

अध्याय ६

प्रकरण ३

(क) इन्द्रियलाई वशमा राखेर काम क्रोधादिको त्याग

विद्या र विनयको सम्पादन गर्न काम, क्रोध, लोभ, मै हूँ भन्नेपना, धन विद्याको घमण्ड, इष्ट कुरा पाएर मस्त हुनु यी छः वटा भित्री शत्रुलाई हटाएर इन्द्रियलाई वशमा राख्नुपर्दछ, इन्द्रियजय भनेको कर्ण, त्वचा, चक्षु, जिह्वा, घ्राण, यी इन्द्रियका शब्द, स्पर्श, रूप, रस, गन्ध यी विषयमा नचाहिंदो व्यापार नहुनु किंवा यी इन्द्रियका यी विषयमा शास्त्रले भनेबमोजिम मात्र प्रवृत्ति हुनु हो। समस्त शास्त्रले यसो गर्नू भनेको जति इन्द्रियजयको विवरण हो।

शास्त्रका विरुद्ध व्यवहार गर्ने इन्द्रियलाई वशमा राख्न नसक्ने छ भने चार समुद्रसम्मको राजा भए पनि बिग्रन्छ। जस्तै—

(क) ओजकुलका दाण्डक्य भन्ने राजा कामवश भएर ब्राह्मणकी कन्यामा आसक्त भएर अपहरण गर्दा उनका पिताको शापले बन्धुवर्ग राज्य समेत नष्ट भए, यस्तै विदेह देशका राजा कराल भन्ने पनि ब्राह्मणीमा कामासक्त हुँदा ब्राह्मणको शापले नष्ट भए।

(ख) जन्मेजय राजा अश्वमेध यज्ञमा ब्राह्मणहरूसँग क्रोधले कलह गर्दा शापले नष्ट भए। यस्तै तालजङ्घ भन्ने राजा भृगुहरूमा क्रोधले जाइलाग्दा नष्ट भए।

(ग) पुरुरवा राजा लोभले चार वर्ण प्रजावाट धेरै धन लिंदा नष्ट भए। सौवीर देशका अजविन्दु राजा पनि लोभले नष्ट भए।

(घ) अभिमानले गर्दा रावण रामचन्द्रकी प्रिया सीतालाई हरेर नफर्काउँदा नष्ट भयो। त्यस्तै दुर्योधन पनि गर्वले पाण्डवहरूको राज्य-भाग नदिंदा नष्ट भयो।

(ङ) मदले दम्भोद्भव भन्ने राजा सबै प्रजाहरूलाई हमला गर्दा नर-नारायणबाट युद्धमा मारियो। हैहयवंशका राजा कार्तवीर्य मदले परशुरामका पिता जामदग्निउपर अपराध गर्दा परशुरामबाट मारिए।

(च) ज्यादा हर्षले उम्लेर वातापि भन्ने दानव अगस्त्यलाई छकाउँदा उनको शापले नष्ट भयो। यस्तै यादव कुल हर्षले उर्लेर व्यासलाई छकाउन खोज्दा उनको शापले नष्ट भयो।

यी र यस्तै अरू पनि धेरै राजाहरू काम, क्रोध आदि भित्री छः शत्रुका वशमा परेर जितेन्द्रिय नहुँदा बन्धु-परिवारसहित नष्ट भएका छन्।

यी काम क्रोधादि छः शत्रुपट्टि नलागी जितेन्द्रिय भएका हुनाले परशुराम, अम्बरीष, नाभागहरूले चिरकालसम्म पृथिवीको उपभोग गरे।

अथ सप्तमोऽध्यायः।

३ तृतीये प्रकरणे—इन्द्रियजयो राजर्षिव्यवहारश्च।

तस्मादरिषड्वर्गत्यागेनेन्द्रियजयं कुर्वीत। वृद्धसंयोगेन प्रज्ञां, चारेण चक्षुरुत्थानेन योगक्षेमसाधनं, कार्यानुशासनेन स्वधर्मस्थापनं, विनयं विद्योपदेशेन, लोकप्रियत्वमर्थसंयोगेन, हितेन वृत्तिम्।

एवं वश्येन्द्रियः परस्त्रीद्रव्यहिंसाश्च वर्जयेत्। स्वप्नं लौल्यमनृतमुद्धतवेषत्वमनर्थसंयोगं च। अधर्मसंयुक्तमनर्थसंयुक्तं च व्यवहारम्।

धर्मार्थाविरोधेन कामं सेवेत। न निःसुखः स्यात्। समं वा त्रिवर्गमन्योन्यानुबन्धनम्। एको ह्यत्यासेवितो धर्मार्थकामानामा-

त्मानमितरौ च पीडयति । 'अर्थ एव प्रधान' इति कौटिल्यः । अर्थमूलौ हि धर्मकामाविति ।

मर्यादां स्थापयेदाचार्यानमात्यान् वा । य एनमपायस्थानेभ्यो वारयेयुः । छायानालिकाप्रतोदेन वा रहसि प्रमाद्यन्तमभितुदेयुः ।

सहायसाध्यं राजत्वं चक्रमेकं न वर्तते ।
कुर्वीत सचिवांस्तस्मात्तेषां च शृणुयान्मतम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे राजर्षिवृत्तं नाम सप्तमोऽध्यायः ॥ ७ ॥

अध्याय ७

प्रकरण ३

(ख) इन्द्रियलाई वशमा राख्नु र राजर्षिको व्यवहार ।

अतः राजाले काम, क्रोध आदि शत्रु छःको वर्ग हटाएर इन्द्रियको विजय, ज्ञानवृद्धहरूको सङ्गमले बुद्धिको विकास, चरहरूद्वारा आफ्नो र शत्रुको राष्ट्रलाई प्रत्यक्ष गर्ने शक्ति, उद्योगशील भएर योग र छेमको साधन, प्रत्येक काम यसरी गर भन्ने आज्ञा दिएर प्रजामा स्वधर्मको स्थापन, विद्याको उपदेशद्वारा सुशिक्षा, धनको सदुपयोग गरेर लोकको आफूमा प्रेम, सबैको हित हुने गरेर लोकव्यवहार गर्ने हुनुपर्दछ ।

यस्तै इन्द्रियहरू आफ्नो वशमा राखेर परस्त्रीमा आसक्ति, पराइको द्रव्यमा लोभ, हिंसा, चाहिंदोभन्दा बढी निद्रा, अस्थिरपना, असत्य, उद्धतवेष, अर्थ(धन)को दुरुपयोग, अधर्म, अनर्थ हुने व्यवहार पनि छोड्नुपर्छ ।

धर्मशास्त्र र अर्थशास्त्र दुवैमा विरोध नपर्ने गरी काम (विषयभोग) गर्नुपर्दछ । बिलकुलै सुखको त्याग पनि गर्न हुँदैन अथवा धर्म, अर्थ, काम यी तीनै पुरुषार्थमा एकको अर्कासँग सम्बन्ध रहने, विरोध नपर्ने गरी समान रूपमा तीनै कुराको साधनामा लाग्नुपर्दछ । धर्म, अर्थ, काम यी तीनमा एकपट्टि मात्र ढल्केर अर्कोलाई बाधा गर्नुहुँदैन ।

(धर्म, अर्थ, काम यी त्रिवर्गमध्यमा अर्थ (धन-दौलत) नै मुख्य हो, धर्म र काम दुवैको मूल आधार अर्थ नै छ भनी कौटिल्य भन्दछन् ।)

राजाले गुरुहरू र अमात्य(मन्त्री)लाई पनि आफ्नो मर्यादा—(सीमा-बन्धन) जस्तो गराउनुपर्दछ । तिनीहरूले नै राजालाई कुबाटो लाग्न लागेमा सुबाटो देखाएर अनर्थ(हानि)बाट बचाउँछन् । राजाले असावधान भएर कुबाटो लिन लाएमा ती गुरु मंत्रीहरूले छायाँ-घडीहरूले जनाउ दिँदै गरेझैं गरी एकान्तमा जनाउ दिँदै सावधान गराउन् ।

एक पाङ्ग्राले मात्र रथ नचलेझैं राज्य पनि केवल एक्लै राजाबाट मात्रै चल्दैन, अर्को पाङ्ग्राजस्ता सहाय बन्ने गुरु अमात्यहरू पनि चाहिन्छन् । राजाले सबैको कुरा सुन्नुपर्दछ ।

अथ अष्टमोऽध्यायः ।

४ चतुर्थे प्रकरणे—अमात्यनियोगः ।

सहाध्यायिनोऽमात्यान्कुर्वीत दृष्टशौचसामर्थ्यत्वादिति भारद्वाजः । ते ह्यस्य विश्वास्या भवन्तीति ।

नेति विशालाक्षः । सहक्रीडितत्वात्परिभवन्त्येनम् । ये ह्यस्य गुह्यसधर्माणस्तानमात्यान्कुर्वीत । समानशीलव्यसनत्वात् । ते ह्यस्य मर्मज्ञत्वभयान्नापराध्यन्तीति । साधारण एष दोष इति पराशरः । तेषामपि मर्मज्ञत्वभयात्कृताकृतान्यनुवर्तेत ।

यावद्भ्यो गुह्यमाचष्टे जनेभ्यः पुरुषाधिपः ।
अवशः कर्मणा तेन वश्यो भवति तावताम् ॥ १ ॥

य एनमापत्सु प्राणाबाधयुक्तास्वनुगृह्णीयुस्तानमात्यान् कुर्वीत । दृष्टानुरागत्वात् इति । नेति पिशुनः—भक्तिरेषा न बुद्धिगुणः । संख्यातार्थेषु कर्मसु नियुक्ता ये यथाऽऽदिष्टमर्थं सविशेषं वा कुर्युस्तानमात्यान्कुर्वीत । दृष्टगुणत्वादिति ।

नेति कोणपदन्तः । अन्यैरमात्यगुणैरयुक्ता ह्येते । पितृपैतामहानमात्यान्कुर्वीत । दृष्टापदानत्वात्ते ह्येनमपचरन्तमपि न त्यजन्ति,

सगन्धत्वात् । अमानुषेष्वपि चैतत् दृश्यते । गावो ह्यसगन्धं गोगणमतिक्रम्य सगन्धेष्वेवावतिष्ठन्ते इति ।

नेति वातव्याधिः । ते ह्यस्य सर्वमवगृह्य स्वामिवत्प्रचरन्तीति । तस्मान्नीतिविदो नवानमात्यान्कुर्वीत । नवास्तु यमस्थाने दंडधरं मन्यमाना नापराध्यन्तीति ।

नेति वाहुदन्तीपुत्रः । शास्त्रविददृष्टकर्मा कर्मसु विषादं गच्छेत् । अभिजनप्रज्ञाशौचशौर्यानुरागयुक्तानमात्यान्कुर्वीत । गुणप्राधान्यादिति ।

सर्वमुपपन्नमिति कौटिल्यः । कार्यसामर्थ्याद्धि पुरुषसामर्थ्यं कल्प्यते । सामर्थ्यतश्च—

विभज्यामात्यविभवं देशकालौ च कर्म च ।
अमात्याः सर्व एवैते कार्याः स्युर्न तु मंत्रिणः ।। २ ।।

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
अमात्यनियोगो नाम अष्टमोऽध्यायः ।। ८ ।।

अध्याय ८

प्रकरण ४

कार्य सचिव खड़ा गर्नु ।

मतभेद—

(१) अमात्य अर्थात् कार्यसचिवहरू कस्ता वनाउने भन्ने विषयमा आफू-सँगसँगै पढेर शिक्षित भएको, हृदयको पवित्रता सामर्थ्य जाने बुझेको हुनाले यस्तालाई अमात्य बनाउनुपर्दछ । तिनी विश्वासी, भरपर्दा हुन्छन् भनी भारद्वाज भन्दछन् ।

(२) विशालाक्ष(शङ्कर) भन्दछन् कि—त्यो ठीक हुन्न, सँग पढेकाहरूले सँगै खेलवहाड़ गरेका हुनाले राजालाई हेप्ने हुन्छन् अतः आफ्नो गोप्य कुरामा साथ दिएकालाई अमात्य बनाउनुपर्दछ । तिनीहरूको र राजाको शील, स्वभाव, व्यसन एकै हुनाले तिनीहरू मतमिल्दा हुन्छन् । तिनीहरू आफ्नो पनि मर्म कुरा खुल्ला भन्ने डरले राजाको बिगार गर्दैनन् ।

(३) त्यो दोष ता राजा र तिनीहरूको समानै हुन्छ । तिनीहरूले पनि राजाको मर्म बुझेका हुनाले तिनबाट मर्म खुल्ला भन्ने डरले त्यस्ता अमात्यले राम्रो नराम्रो जस्तो गरे पनि राजाले हो भन्नुपर्ने हुन्छ । यस विषयमा यसो भनेको छ—

राजाले जतिसँग आफ्नो गोप्य मर्म कुरा भन्दछ त्यो कामले त्यतिको वशमा रहनुपर्दछ ।

अतः आफूलाई प्राणसङ्कट परेको वखतमा जसले दया माया गरेका छन्, तिनलाई अमात्य बनाउनुपर्दछ । तिनको आफूप्रति प्रेम देखिसकिएको भनी पराशर भन्दछन् ।

(४) पिशुन (नारद) भन्दछन्—त्यो ठीक होइन, प्राणसंकटमा राजाको रक्षा गर्नु ता भक्ति पो हो, बुद्धिको गुण होइन, त्यसबाट बुद्धिमान् भन्न सकिँदैन । अतः यसबाट यति आमदानी हुन्छ भनी ठेगान भएको काममा लगाउँदा जसले भनेबमोजिम काम गर्दछन् अथवा त्यसमाथि बढ्ता लाभसमेत गराउँछन् त्यसलाई अमात्य बनाउनुपर्दछ । तिनको गुण आफूले देखिएको हुन्छ ।

(५) कौणपदन्त (भीष्म) भन्दछन् कि—त्यसो होइन । तिनमा धन कमाउनुबाहेक अमात्यमा चाहिनुपर्ने विश्वासीपन अनुराग आदि अरू गुण हुँदैन । अतः बाबु बराज्यूका पालादेखिकालाई अमात्य बनाउनुपर्दछ । तिनीहरूमा रहने खानदानी गुणको अनुभव भइसकेको हुन्छ । त्यस्ता मानिसहरू राजाले केही बिगार गरे पनि राम्रो जाँच पहिचान भएका हुनाले राजालाई छोड्ने हुँदैनन् ।

मानिसबाहेक पशु आदिमा पनि यो कुरा देखिन्छ—गाईहरू आफ्नो परिचय नभएको बथान छोडेर परिचय भएकै बथानमा बस्तछन् ।

(६) वातव्याधि (उद्धव) भन्दछन् कि—राम्रो हिमचिम परिचय भएकाहरू आफै मालिकजस्ता भएर सबै सम्पत्तिमा हात हालेर अदब नमान्ने हुन्छन् ।

अतः नीतिविद्यामा निपुण नयाँ मानिसलाई अमात्य बनाउनुपर्दछ । नयाँ मानिसले राजालाई यमराजजस्तै दण्डधारी ठानेर अपराध गर्दैनन् ।

वाहुदन्तीपुत्र (इन्द्र) भन्दछन् कि—त्यसो होइन, तिनीहरू शास्त्र जानेको भए पनि कामकाज देखेसुनेको अनुभव नहुनाले काम गर्दाखेरि अलमल्ल पर्ने हुन्छन् । अतः खान्दान, तीखो बुद्धि, पवित्रता (इमान्दारी), शूरता, अनुराग (भक्ति) भएकालाई अमात्य बनाउनू । तिनीहरूमा चाहिने गुण प्रधान भएको हुन्छ । कौटिल्य भन्दछन् कि—यो सबै कुरा ठीक हो, काम गर्ने

शक्ति र योग्यताबाट पुरुषमा सामर्थ्य भएको मानिन्छ ।

अमात्यमा चाहिनुपर्ने गुण, देश, काल, काम, सबै विचार गरेर अमात्य अर्थात् कार्यसचिव बनाउन हुन्छ, मन्त्री अर्थात् धीसचिव (मन्त्रणा गर्ने) भने राम्रो विचार नगरी बनाउन हुँदैन। मन्त्रीमा सबै गुण भरपूर हुनुपर्दछ ।

अथ नवमोध्यायः ।

५ पंचमे प्रकरणे—मंत्रिपुरोहितनियोगः ।

जानपदोऽभिजातः स्ववग्रहः कृतशिल्पश्चक्षुष्मान् प्राज्ञो धारयिष्णुर्दक्षो वाग्मी प्रगल्भः प्रतिपत्तिमानुत्साहप्रभावयुक्तः क्लेशसहः शुचिर्मैत्रो दृढभक्तिः शीलबलारोग्यसत्त्वसंयुक्तः स्तम्भचापल्यवर्जितः संप्रियो वैराणामकर्तेत्यमात्यसम्पत् । अतः पादार्धगुणहीनौ मध्यमावरौ ।

तेषां जनपदमवग्रहं चाप्ततः परीक्षेत । समानविद्येभ्यः शिल्पं शास्त्रचक्षुष्मत्तां च । कर्मारम्भेषु प्रज्ञां धारयिष्णुतां दाक्ष्यं च । कथायोगेषु वाग्मित्वं प्रागल्भ्यं प्रतिभानवत्त्वं च । आपद्युत्साहप्रभावौ क्लेशसहत्वं च । संव्यवहाराच्छौचं मैत्रतां दृढभक्तित्वं च । संवासिभ्यः शीलबलारोग्यसत्त्वयोगमस्तम्भमचापल्यं च, प्रत्यक्षतः संप्रियत्वमवैरित्वं ।

प्रत्यक्षपरोक्षानुमेया हि राजवृत्तिः । स्वयंदृष्टं प्रत्यक्षम् । परोपदिष्टं परोक्षम् । कर्मसु कृतेनाकृतावेक्षणमनुमेयम् । अयौगपद्यात्तु कर्मणामनेकत्वादनेकस्थानत्वाच्चदेशकालात्ययो माभूदित परोक्षममात्यैः कारयेदित्यमात्यकर्म ।

पुरोहितमुदितोदितकुलशीलं षडङ्गे वेदे दैवे निमित्ते दण्डनीत्यां च अभिविनीतमापदां दैवमानुषीणामथर्वभिरुपायैश्च प्रतिकर्तारं कुर्वीत । तमाचार्यं शिष्यः पितरं पुत्रो भृत्यः स्वामिनमिव चानुवर्तेत ।

ब्राह्मणेनैधितं क्षत्रं मंत्रिमंत्राभिमंत्रितम् ।
जयत्यजितमत्यन्तं शास्त्रानुगमशस्त्रितम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
मंत्रिपुरोहितनियोगो नाम नवमोऽध्यायः ॥ ९ ॥

अध्याय ९

प्रकरण ५

मन्त्री र पुरोहित खड़ा गर्ने विषय ।

मन्त्री—

(धीसचिव अर्थात् बुद्धि मन्त्रणाद्वारा राजालाई सहायता दिने प्रधानमन्त्री) १. जानपद (देशको नागरिक), २. असल कुलमा पैदा भएको, ३. बन्धु-बान्धव बेस भएको, ४. हात्ती, घोडा, रथ चढ्न, अस्त्र चलाउन, युद्धको कौशल, संगीत आदि विद्यामा सुशिक्षित, ५. अर्थशास्त्रमा राम्रो दृष्टि भएको, ६. तीखो बुद्धि भएको, ७. अघिको कुरा सम्झने, ८. छिटो काम गर्ने, ९. मीठो युक्तिसंगत कुरा गर्न सिपालु, १०. धृष्ट, ११. तुरुन्त काम सम्हालेर जवाफ दिन सक्ने, १२. उत्साही, १३. प्रभाव भएको, १४. परिश्रम गर्न सक्ने, १५. पवित्र (इमानदार), १६. सबैसँग स्नेहको व्यवहार गर्ने, १७. मालिक राजाको दृढ़ भक्त, १८. असल चरित्र, १९. शारीरिक बल, २०. आरोग्य, २१. धैर्य भएको, २२. स्तम्भ पक्ष पर्नु वा घमण्ड चञ्चलपना नभएको, २३. सौम्य आकार देखिने, २४. वैर-भाव नदेखाउने, २५. रिसउठ्तो नभएको, यस्ता गुणले सम्पन्न (भरपूर) हुनुपर्दछ । यी गुणहरूमा चौथाइ-जति कम भएको भए मध्यम कक्षाको र आधा गुण भएको भए निम्न कक्षाको मन्त्री हुन्छ ।

यी गुणमध्यमा जनपद (जन्मस्थान), अवग्रह(बन्धुबान्धव)हरू विश्वासी-जनबाट बुझ्नुपर्दछ । इल्म, शास्त्रको ज्ञान, उनका सहाध्यायीबाट बुझिन्छ । काम गर्दाखेरि तीखो बुद्धि, स्मरणशक्ति, छिटोपना भए नभएको, कुराकानीबाट राम्रो बोल्ने शक्ति, दृष्टता, प्रतिभाशक्ति र आपत्तिको समयमा उत्साहीपन, प्रभाव, परिश्रम, सहने शक्ति, र व्यवहारबाट पवित्रता, प्रेमीपन, दृढभक्ति, सहवासीहरूबाट चरित्र, बल, आरोग्य, धैर्य, घमण्ड नहुनु, चञ्चल

नहुनु, यी गुणको पारख हुन्छ। सौम्य अनुहार, रिसउठ्तो नहुनु, यी गुण आफैले हेर्दा देखिन्छ।

राजाको व्यवहार कुनै प्रत्यक्ष, कुनै परोक्ष, कुनै अनुमेय हुन्छ। आफैले खास देखेको प्रत्यक्ष, अर्कोले भनेर थाहा पाइने परोक्ष, काम गरेकोबाट नगरेको पनि अड्डाम गरिने अनुमेय हुन्छ। सबै काम एकैपटक परिनआउने, काम पनि धेरै थरी हुने, सो काम अनेक ठाउँमा गर्नुपर्ने पनि हुनाले कामको ठाउँ समय नगुजारी गर्नुपर्ने ठाउँ र समयमा काम हुने गराउन्। सबै काम राजाले स्वयं गर्न असम्भव हुँदा गर्नुपर्ने सबै काम उचित ठाउँ र समयमा हुने गराउन्। आफ्नो आँखापछिल्तिरको अमात्यहरूद्वारा पनि गराउनुपर्दछ। यसैले मन्त्री अमात्यहरू खड़ा गर्नु आवश्यक हुन्छ।

पुरोहित—

भनेबमोजिम शास्त्रज्ञान, उत्तम कुलको जन्म, सच्चरित्र भएका, ६ अङ्गसहित वेद, ज्योतिषशास्त्र, शकुनशास्त्र दण्डनीतिशास्त्रहरूमा सुशिक्षित, दैवी र मानुष आपत्ति पर्नआएमा अथर्व मन्त्रको प्रयोग र साम दानादि उपायद्वारा तुरुन्त प्रतिक्रिया गर्न सक्ने पुरोहित खड़ा गर्नुपर्दछ, यस्ता पुरोहितको गुरुको, छोराले बाबुको, भृत्यले मालिकको झैं राजाले आदर गर्नुपर्छ। गुणसम्पन्न पुरोहितरूप ब्राह्मणले बढाइएका, भनेजस्ता मन्त्रीको सर-सल्लाहले सुसंस्कृत, शास्त्रमाफिक चल्ने क्षत्रिय राजाले शस्त्र नचलाईकनै नयाँ भूमि अवश्य जित्तछन्।

अथ दशमोऽध्यायः।

६ षष्ठे प्रकरणे—उपधाभिः शौचाशौचज्ञानममात्यानाम्।

मंत्रिपुरोहितसखः सामान्येष्वधिकरणेषु स्थापयित्वाऽमात्यानुपधाभिः शौचयेत्।

पुरोहितमयाज्ययाजनाध्यापने नियुक्तममृष्यमाणं राजा अवक्षिपेत्। स सत्रिभिः शपथपूर्वकमेकैकममात्यमुपजापयेत्—'अधार्मिकोऽयं राजा साधुधार्मिकमन्यमस्य तत्कुलीनमवरुद्धं कुल्यमेकप्रग्रहं सामन्त-

माटविकमौपपादिकं वा प्रतिपादयामः । सर्वेषामेतद्रोचते कथं वा तवे'ति । प्रत्याख्याने शुचिरिति धर्मोपधा ।

सेनापतिरसत्प्रतिग्रहेणावक्षिप्तः सत्त्रिभिरेकैकममात्यमुपजापयेल्लोभनीयेनार्थेन राजविनाशाय । सर्वेषामेतद्रोचते कथं वा तवेति । प्रत्याख्याने शुचिरित्यर्थोपधा ।

परिव्राजिका लब्धविश्वासा अन्तःपुरे कृतसत्कारा महामात्रमेकैकमुपजपेत्—'राजमहिषी त्वां कामयते कृतसमागमोपाया महानर्थश्च ते भविष्यती'ति । प्रत्याख्याने शुचिरिति कामोपधा ।

प्रवहणनिमित्तमेकोऽमात्यः सर्वानमात्यानावाहयेत् । तेनोद्वेगेन राजा तानवरुंध्यात् । कापटिकच्छात्रः पूर्वावरुद्धस्तेषामर्थमानावक्षिप्तमेकैकममात्यमुपजयेत्—'असत्प्रवृत्तोऽयं राजा । सहसैनं हत्वाऽन्यं प्रतिपादयामः । सर्वेषामेतद्रोचते कथं वा तवेति' । प्रत्याख्याने शुचिरिति भयोपधा ।

तत्र धर्मोपधाशुद्धान्धर्मस्थीयकण्टकशोधनेषु स्थापयेत् । अर्थोपधाशुद्धान्समाहर्तृसंनिधातृनिचयकर्मसु । कामोपधाशुद्धान्बाह्याभ्यन्तरविहाररक्षासु । भयोपधाशुद्धानासन्नकार्येषु राज्ञः । सर्वोपधाशुद्धान्मंत्रिणः कुर्यात् । सर्वत्राशुचीन्खनिद्रव्यहस्तिवनकर्मान्तेषूपयोजयेत् ।

त्रिवर्गभयसंशुद्धानमात्यान्स्वेषु कर्मसु ॥
अधिकुर्याद्यथाशौचमित्याचार्या व्यवस्थिताः ॥ १ ॥
न त्वेव कुर्यादात्मानं देवीं वा लक्ष्मीश्वरः ॥
शौचहेतोरमात्यानामेतत्कौटिल्यदर्शनम् ॥ २ ॥
न दूषणमदुष्टस्य विषेणेवाम्भसश्चरेत् ॥
कदाचिद्धि प्रदुष्टस्य नाधिगम्येत भेषजम् ॥ ३ ॥
कृता च कलुषा बुद्धिरुपधाभिश्चतुर्विधा ॥
नागत्वाऽन्तर्निवर्तेत स्थिता सत्त्ववतां धृतौ ॥ ४ ॥

तस्माद्बाह्यमधिष्ठानं कृत्वा कार्ये चतुर्विधे ।
शौचाशौचममात्यानां राजा मार्गेत सत्रिभिः ॥ ५ ॥

इति कौटिलीय अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे अमात्यशौचाशौचपरीक्षानाम दशमोऽध्यायः ॥ १० ॥

अध्याय १०

प्रकरण ६

अमात्यहरूमा पवित्रता भए नभएको परीक्षा ।

अमात्य बनाइने मानिसलाई पहिले साधारण अड्डाखानाको काममा राखी प्रधान मन्त्री र पुरोहितको मदत लिएर अनेक छल गरेर गुप्त चालसँग तिनमा पवित्रता भए नभएको यसरी जाँच गर्नुपर्दछ —

(क) राजाले पुरोहितलाई यज्ञ गराउन नहुने चण्डाल आदि नीचलाई यज्ञ गराऊ भन्दा अनुचित आज्ञाले रिसाए भने तिनलाई खारेज गरिदिनू । यसरी तिरस्कार गरिएका पुरोहितले सत्री अर्थात् मठका चेला जम्मा बनेका गुप्तचरहरूलाई प्रत्येक अमात्यकहाँ पठाएर किरिया हालेर यस्तो फुटाउने कुरा गर्न लाउनू—हेर, यी राजा अधर्मी छन्, धर्मविरुद्ध काम गराउँछन्, यिनलाई हटाएर यिनका ठाउँमा अर्कै धर्मात्मा थुनिएका राजकुमारलाई, वा यिनकै कुलका सबैले बेस मानिएकालाई, वा सामन्त रजौटालाई, वा जङ्गलका नायकलाई वा वरपरका कुनै बेस मानिसलाई हामी सबै मिलेर खड़ा गरौं, यो कुरा सबैलाई निको लागेको छ, तपाईं के भन्नुहुन्छ, भन्न लाउनू । यसो भन्दा यस्तो हुन्न म सहमत छैन भनी अमात्यले भनेमा यो मानिस इमान भएको रहेछ भनी ठहऱ्याउनू, यस्तो धर्मोपधा अर्थात् धर्मको छलले गरेको परीक्षा हो ।

(ख) सेनापतिलाई मान गर्न नहुनेलाई मान गर भनी अह्राउनू, त्यो गर्न नमानेपछि अपमान गरेर पदबाट खसालिदिनू; सो अपमानित सेनापतिले सत्री चरहरू प्रत्येक अमात्यकहाँ पठाएर धनको लोभ देखाएर यस्तो अविवेकी राजा राख्न हुन्न, अर्कै खड़ा गरौं, सबैलाई यो कुरा ठीक लागेको छ, तपाईं के भन्नुहुन्छ भनी भन्दा, यो कुरा हुँदैन भनी नमानेमा यो अमात्य राजाको इमानदार रहेछ भन्ने ठहऱ्याउनू, यस्तो आर्थिक बहानाको परीक्षा हो ।

(ग) अन्तःपुरमा जाने आउने आदर पाउने गरेको कुनै विश्वास पार्ने जोगिनीले महामात्य (अमात्य) एकेककहाँ गएर, तपाईंलाई महारानीले चाहनुहुन्छ, भेट गर्ने बाटो खोज्नुहुन्छ, त्यसबाट तपाईंलाई ठूलो लाभ हुनेछ, तपाईं के भन्नुहुन्छ, भनी भन्दा त्यो अमात्यले यो काम हुँदैन भनी मञ्जूर नगरेमा यो अमात्य पवित्र हृदय भएको रहेछ भन्ने ठहऱ्याउनू । यस्तो कामोपधा अर्थात् कामनाको बहानाले गरेको जाँच हो ।

(घ) राजाको गफमा रहेको यौटा अमात्यले प्रवहण (नाउको बिहार) गर्ने भनी अरू अमात्यहरूलाई बोलाउनू, यसबाट राजा झोकिएर ती बिहार गर्ने सबै अमात्यहरूलाई थुन्नू, त्यो थुनामा अर्कै केही निमित्तले अगिबाटैदेखि थुनिरहेको कपटी गुप्तचरले धन र मानको हानि भएका प्रत्येक अमात्यसँग मिलेर, यो राजा कुचाल चल्दछ, यसबाट हामीलाई सर्वदा डर छ, हामी सबै मिलेर यसलाई सिद्ध्याऔं, अर्कैलाई खड़ा गरौं, सबैजना बेस हो भन्दछन्, तपाईं के भन्नुहुन्छ, भन्दा नमाने अमात्यलाई चोखो ठहऱ्याउनू । यस्तो भयको बहानाले गरेको जाँच हो ।

यसरी धार्मिक बहानाको जाँचमा चोखो ठहरिएकालाई धर्मस्थीय (धर्मसभासम्बन्धी) पदमा र कण्टकशोधन (दुष्ट-दमनसम्बन्धी) पदमा नियुक्त गर्नू । आर्थिक बहानाको जाँचमा चोखा देखिएकालाई समाहर्ता (राजस्व तहसील गर्ने) वा सन्निधाता (राजस्व ढुकुटी दाखिल गरी रक्षा गर्ने) अध्यक्ष-पदमा नियुक्त गर्नू । कामको बहानाको जाँचमा चोखो ठहरिएकालाई राजाको भित्री बाहिरी बिहार गर्ने ठाउँको रक्षा गर्ने काममा नियुक्त गर्नू । भयको बहानाको जाँचमा चोखो ठहरिएकालाई राजाको आफ्नो रक्षा गर्ने हजुरिया-काममा नियुक्त गर्नू । सबै किसिमको परीक्षामा चोखो ठहरिएकालाई मन्त्री-पदमा नियुक्त गर्नू । चारै किसिमका जाँचमा चोखा नठहरिएका अमात्यहरूलाई खानीको, असल जातका रूखहरूको वनको, हात्तीको वनको, कारखानाहरूमा काम लाउनू ।

धर्म, अर्थ, काम यी चार किसिमका परीक्षामा चोखा ठहरिएका अमात्यहरूलाई आपनो पवित्रताअनुसारको काममा नियुक्त गर्नू भनी आचार्यहरूले व्यवस्था बाँधेका छन् ।

कौटिल्यको विचार यस्तो छ—राजाले आफूलाई र रानीलाई लक्ष्य गराएर अमात्यहरूको पवित्रता जाँच्नु उचित हुँदैन । अदोषी अमात्य आदिलाई छल गरेर पनि दोषी बनाउनु पानीमा विष मिसाएजस्तो हुन्छ, गर्न हुँदैन । अदोषी मानिस पनि छल गर्दा कदाचित् दोषी बन्यो भने त्यसलाई सम्हाल्ने औषधि नै छैन ।

अकार्थमा यसरी चारै किसिमका बहानाले सच्चा हृदय भएका अमात्यहरूको बुद्धि कदाचित धमिलिनगयो भने अहितको सीमासम्म नपुगीकन फर्कंदैन।

यस कारण राजाले यी चारै किसिमका जाली परीक्षा गर्दा सत्री गुप्तचरद्वारा बाहिरिया नै लक्ष्य गराएर अमात्यहरूमा पवित्रता भए नभएको बुझ्ने परीक्षा गर्नुपर्दछ।

अथैकादशोऽध्यायः।

७ सप्तमे प्रकरणे—गूढपुरुषनियोगः।

उपधाभिः शुद्धोऽमात्यवर्गो गूढपुरुषानुत्पादयेत्। कापटिकोदास्थितगृहपतिकवैदेहकतापसव्यञ्जनान् सत्रितीक्ष्णरसदभिक्षुकीश्च।

परमर्मज्ञः प्रगल्भः छात्रः कापटिकः। तमर्थमानाभ्यामुत्साह्य मन्त्री ब्रूयात्—राजानं मां च प्रमाणं कृत्वा यस्य यदकुशलं तत्तदानीमेव प्रत्यादिशेति।

प्रव्रज्याप्रत्यवसितः प्रज्ञाशौचयुक्त उदास्थितः। स वार्ताकर्मप्रदिष्टायां भूमौ प्रभूतहिरण्यान्तेवासी कर्म कारयेत्। कर्मफलाच्च सर्वप्रव्रजितानां ग्रासाच्छादनावसथान् प्रतिविदध्यात्। वृत्तिकामांश्चोपजपेत्—एतेनैव वेषेण राजार्थश्चरितव्यो भक्तवेतनकाले चोपस्थातव्यमिति। सर्वप्रव्रजिताश्च स्वं स्वं वर्गमुपजपेयुः।

कर्षको वृत्तिक्षीणः प्रज्ञाशौचयुक्तो गृहपतिकव्यञ्जनः। स कृषिकर्मप्रदिष्टायां भूमाविति समानं पूर्वेण।

वाणिजको वृत्तिक्षीणः प्रज्ञाशौचयुक्तो वैदेहकव्यञ्जनः। स वणिक्कर्मप्रदिष्टायां भूमौ इति समानं पूर्वेण।

मुण्डो जटिलो वा वृत्तिकामस्तापसव्यंजनः। स नगराभ्याशे प्रभूतमुण्डजटिलान्तेवासी शाकं यवसमुष्टिं वा मासद्विमासान्तरं प्रकाशमश्नीयात्। गूढमिष्टमाहारम्। वैदेहकान्तेवासिनश्चैनं समिद्ध-

योगैरर्चयेयुः । शिष्याश्चास्यावेदयेयुरसौ सिद्धः सामेधिक इति । समेधाशास्तिभिश्चाभिगतानामङ्गविद्यया शिष्यसंज्ञाभिश्च कर्माण्यभिजनेऽवसितान्यादिशेत् ।

अल्पलाभमग्निदाहं चोरभयं दूष्यवधं तुष्टदानं विदेशप्रवृत्तिज्ञानं 'इदमद्य श्वो वा राजा करिष्यतीति' ।

तदस्य गूढाः सत्रिणश्च सम्पादयेयुः । सत्त्वप्रज्ञावाक्यशक्तिसम्पन्नानां राजभाग्यमनुव्याहरेत् मंत्रिसंयोगं च । मन्त्री चैषां वृत्तिकर्मभ्यां वियतेत । ये च कारणादभिक्रुद्धास्तानर्थमानाभ्यां शमयेत् । अकारणक्रुद्धान तूष्णींदण्डेन राजद्विष्टकारिणश्च ।

पूजिताश्चार्थमानाभ्यां राज्ञा राजोपजीविनाम् ।
जानीयुः शौचमित्येताः पंच संस्थाः प्रकीर्तिताः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे गूढपुरुषनियोगी नाम एकादशोऽध्यायः ॥ ११ ॥

अध्याय ११

प्रकरण ७

गुप्तचर खटाउनु

जाँचमा ठहरिएर स्थिर भएका अमात्यहरूले थरी थरी गुप्तचरहरू नियुक्त गर्नुपर्दछ । कापटिक–कपटी छात्र जस्मा, उदास्थित—उदासीन त्यागी, जोगी जस्मा, गृहपति–गृहस्थ जस्मा, वैदेहक–बनिया जस्मा, तापस—तपस्वी जस्मा, सत्री–अनेक विद्या पढ्ने मठहरूका छात्र जस्मा र तीक्ष्ण–ज्यान माया मारेर हत्या आदि कडा काम गर्ने साहसी, रसद–विषको प्रयोग गर्ने, भिक्षुकी—जोगिनीहरूलाई पनि गुप्तचरको काममा राख्नू ।

(क) **कापटिक**—भनेका अर्काको मर्म (गोप्य कुरा) बुझ्न सक्ने, धीटो, छात्र हुन् । त्यस्तालाई धन र मानद्वारा उत्साह दिएर मन्त्रीले, राजालाई र मलाई प्रमाण मानेर जहाँ जसको जे नराम्रो काम देख्तछौ त्यो तुरुन्त मलाई भन्नू भनी अह्राउनू ।

(ख) उदास्थित—भनेका चौथो आश्रम लिएर त्यसको ब्रत पालन गर्न नसकी फर्केका, बुद्धि र इमान भएका, जोगीजस्ता हुन्। त्यस्ताले धेरै धन र चेलाहरूद्वारा काम गराउनू। त्यसबाट आएको लाभबाट सबै सन्यासी जोगीहरूको खाने, लाउने, बस्ने, बन्दोवस्त गरिदिनू। वृत्ति चाहने-हरूलाई तिमीहरूले यही वेषमा रहेर राज्यभित्रको र पर-राज्यको पनि हालखबर बुझ्दै भत्ता वेतन लिने वेलामा आएर सबै हाल बताउनू, भनी अह्राएर सबैतिर चियो गर्न लाउनू। ती सन्यासी जोगीहरूले आफ्ना-आफ्ना जाति या वर्गलाई पनि चियो गर्न लाउनू।

(ग) गृहपति—भनेका खेतीवाल, राम्रो जीविका नभएका, बुद्धि र इमान भएका हुन्। त्यस्ताले खेती गर्नेहरू रहेको ठाउँमा घुम्दै हालखबर बुझ्दै भन्नआउने गर्नू।

(घ) वैदेहक—भनेका जीविकाको बाटो नभएका बुद्धि र इमान भएका बनियाको भेष गरेका हुन्। तिनले व्यापारीहरू भएको ठाउँमा घुम्दै हालखबर बुझी ल्याउने गर्नू।

(ङ) तापस—भनेका मुडुलो वा लट्टा पालेका वृत्ति चाहने तपस्वी-जम्मा बनेका हुन्। तिनीहरूले शहरको नजिकैमा अखाडा बनाएर धेरै मुडुला र जटा पालेका चेलाहरू राखेर महिना दुइ महिनामा सागपात वा जौ देखाएर खाने, भित्र-भित्र इच्छामाफिक मीठो खाने गर्नू। बनियाको वृत्ति गर्ने चेलाहरूले तिनीलाई ठूलो सिद्धि पाएका भनी सम्मान गर्नू। चेलाहरू यताउति घुम्दै, यिनी योगी जे भने पनि जान्ने सिद्ध हुन् भनी बयान गर्ने गरून्। आउने मानिसको शरीरको लक्षणबाट यसो भएको, यसो हुनेछ भन्ने कुरा शिष्यहरूद्वारा बुझेर भन्नू।

लाभ हुने, आगो लाग्ने, चोर लाग्ने, राजद्रोहीको वध हुने, इनाम पाउने कुरा र विदेशका हालखबरहरू पनि भन्ने गर्नू। आजभोलि यस्तो हुनेछ, राजाले यसो गर्नेछन् भन्नू।

चेलाहरूले त्यो भनेको कुरा मिल्दो गराइदिनू। धैर्य बुद्धि भएका वोलक्कड शक्ति भएका मानिसहरूलाई राजाबाट लाभ हुने, मन्त्रीहरूसँग भेट हुने कुरा पनि गर्नू। मन्त्रीले यस्तालाई जीवनवृत्ति र काम दिने विशेष यत्न गर्नू। केही कारणले राजादेखि चिढिएका मानिसहरू पत्ता लाएर त्यस्तालाई धन-मान दिएर शान्त गराउनू। विनाकारण रिसाएको र राजद्रोह गर्नेहरूलाई पनि गुप्त वध गराउनू।

राजाबाट धन मान पाएका कापटिक, उदास्थित, गृहपति, वैदेहक, तापस यी पाँच किसिमका गुप्तचर विभागले अमात्य आदि कर्मचारीहरूको पवित्र चाल-चलन भए नभएको बराबर बुझी खबर दिने गर्नू ।

अथ द्वादशोऽध्यायः ।

८ अष्टमे प्रकरणे—गूढ़पुरुषप्रणिधिः

ये चाप्यसम्बन्धिनोऽवश्यं भर्तव्यास्ते लक्षणमङ्गविद्यां जन्मकविद्यां मायागतमाश्रमधर्मं निमित्तमन्तरचक्रमित्यधीयानाः सत्रिणः संसर्गविद्या वा। ये जनपदे शूरास्त्यक्तात्मानो हस्तिनं व्यालं वा द्रव्यहेतोः प्रतियोधयेयुस्ते तीक्ष्णाः । ये वन्धुषु निःस्नेहाः क्रूराश्चालसाश्च ते रसदाः । परिव्राजिका वृत्तिकामा दरिद्रा विधवा प्रगल्भा ब्राह्मण्यन्तःपुरे कृतसत्कारा महामात्रकुलान्यधिगच्छेत् । एतया मुण्डा वृषल्यो व्याख्याताः । इति संचाराः ।

तान् राजा स्वविषये मंत्रिपुरोहितसेनापतियुवराजदौवारिकान्तवशिकप्रशास्तृसमाहर्तृसन्निधातृप्रदेष्टृनायकपौरव्यावहारिककार्मान्तिकमंत्रिपरिषदध्यक्षदण्डदुर्गान्तपालाटविकेषु श्रद्धेयदेशवेषशिल्पभाषाभिजनापदेशान् भक्तितः सामर्थ्ययोगाच्चापसर्पयेत् ।

तेषां बाह्यं चारं छत्रभृंगारव्यजनपादुकासनयानवाहनोपग्राहिणः तीक्ष्णा विद्युः । ते सत्रिणः संस्थास्वर्पयेयुः ।

सूदारालिकस्नापकसंवाहकास्तरककल्पकप्रसाधकोदकपरिचारका रसदाः कुब्जवामनकिरातमूकबधिरजडान्धच्छद्मानो नटनर्तकगायनवादकवाग्जीवनकुशीलवाः स्त्रियश्चाभ्यन्तरं चारं विद्युः । तं भिक्षुक्यः संस्थास्वर्पयेयुः । संस्थानामन्तेवासिनः संज्ञालिपिभिश्चारसंचारं कुर्युः । न चान्योन्यं संस्थास्ते वा विद्युः ।

भिक्षुकीप्रतिषेधे द्वाःस्थपरम्परा मातृपितृव्यंजनाः शिल्पकारिकाः कुशीलवा दास्यो वा गीतपाठ्यभाण्डगूढलेख्यसंज्ञाभिर्वा चारं

निर्हारयेयुः । दीर्घरोगोन्मादग्निरसविसर्गेण वा गूढनिर्गमनम् । त्रयाणमेकवाक्ये संप्रत्ययः ।

तेषामभीक्ष्णविनिपाते तूष्णीं दण्डः प्रतिषेधो वा । कण्टकशोधनोक्ताश्चापसर्पाः परेषु कृतवेतना वसेयुः सम्पातनिश्चारार्थम् । त उभयवेतनाः ।

गृहीतपुत्रदारांश्च कुर्यादुभयवेतनान् ।
ताँश्चारिप्रहितान्विद्यात्तेषां शौचं च तद्विधैः ॥ १ ॥

एवं शत्रौ च मित्रे च मध्यमे चावपेच्चरान् ।
उदासीने च तेषां च तीर्थेष्वष्टादशस्वपि ॥ २ ॥

अन्तर्गृहचरास्तेषां कुब्जवामनवंचकाः ।
शिल्पवत्यः स्त्रियो मूकाश्चित्राश्च म्लेच्छजातयः ॥ ३ ॥

दुर्गेषु वणिजः संस्था दुर्गान्ते सिद्धतापसाः ।
कर्षकोदास्थिता राष्ट्रे राष्ट्रान्ते व्रजवासिनः ॥ ४ ॥

वने वनचराः कार्याः श्रमणाटविकादयः ।
परप्रवृत्तिज्ञानार्थं शीघ्राश्चारपरम्पराः ॥ ५ ॥

परस्य चैते बोद्धव्यास्तादृशैरेव तादृशाः ।
चारसंचारिणः संस्था गूढाश्च गूढसंज्ञिताः ॥ ६ ॥

अकृत्यान्कृत्यपक्षीयैर्दर्शितान्कार्यहेतुभिः ।
परापसर्पज्ञानार्थं मुख्यानन्तेषु वासयेत् ॥ ७ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
गूढपुरुषप्रणिधिर्नाम द्वादशोऽध्यायः ॥ १२ ॥

* * *

अध्याय १२

प्रकरण ८

गुप्तचरको नियुक्ति

(अघिल्लो प्रकरणमा कापटिक आदि पाँच संस्था बनेका गुप्तचरहरूलाई राजा र प्रधान मन्त्रीले सम्वन्ध राखेर दान मान गरी काम लाउने विषय भनियो । अरू सत्री आदि गुप्तचरको ता मन्त्रीसँग नभई राजासँगै सम्वन्ध भई राजालाई नै खवर दिने कुरा यस प्रकरणमा भनिन्छ ।)

(क) **सत्री**—नामक गुप्तचरहरू खास राजासँग सम्वन्ध भएर पालिएका हुन्छन्, तिनीहरू सामुद्रिक आदि लक्षण-शास्त्र, शिक्षा व्याकरण आदि वा जीउ हेरेर शुभाशुभ बताउने, अङ्ग-विद्या, वशीकरण आदि जम्भक नामक दैत्यले वनाएको विद्या, माया अर्थात् इन्द्रजाल, आश्रमको धर्म, शकुनबाट शुभाशुभ बताउने शकुन-विद्या, अन्तरचक्र अर्थात् वृहत्संहिता ८७ अध्यायमा भनेको पक्षीहरूद्वारा शुभाशुभ थाहा पाउने पक्षिशास्त्र आदि जान्ने, वा नृत्य गीत आदि सर्वसाधारणसँग सम्बन्ध राख्ने संसर्गविद्या पढी रहेका हुन्छन् ।

(ख) तीक्ष्ण—भनिनेहरू आफ्नो जीउको पनि माया नगर्ने, शूरा, द्रव्यको निमित्त हात्ती बाघ आदि हिंस्रक जन्तुहरूसँग पनि लडभिड गर्ने हुन्छन् ।

(ग) **रसद**—भनिनेहरू बन्धुबान्धवसा पनि माया नराख्ने, क्रूर प्रकृति भएका, विष प्रयोग पनि गर्ने, उत्साह नभएका हुन्छन् ।

(घ) परिव्राजिका—सन्यासिनीचाहीं वृत्ति चाहने, दरिद्र, विधवा, धृष्ट, ब्राह्मण कुलमा पैदा भएकी, अन्तःपुरमा पनि मान पाउने, अमात्य आदि प्रधान पुरुषकहाँ बराबर जाने हुन्छिन् । यस्तै मुण्डा (बौद्ध भिक्षुकी), वृषली-(शूद्रा) हरू पनि चर बनेर घुम्ने हुन्छन् ।

सत्री आदि चरहरूको व्यवहार यस्तो हुन्छ, यिनीहरू यताउती घुमिरहने हुनाले गुप्तचरहरूलाई "सञ्चार" पनि भन्दछन् ।

यस्ता सञ्चार जनहरूलाई राजाले आफ्नो देशमा १ मन्त्री, २ पुरोहित, ३ सेनापति, ४ युवराज, ५ दौवारिक (राजद्वारको प्रधान निरीक्षक) ६ अन्तर्वासिक (अन्तःपुरको मुख्य अधिकारी), ७ प्रशास्ता (छाउनीको रक्षक), ८ समाहर्ता, (राजस्व तहसील गर्ने), ९ सन्निधाता, (राजकोशको

प्रधान रक्षक), १० प्रदेष्टा (कण्टकशोधनको मुख्य अधिकारी), ११ नायक (एक दुइ हजार पैदल सेनाको नेता), १२ पौरव्यावहारिक (शहरको मुख्य पुरुष) १३ कार्मान्तिक (खानि आदि कार्यालयको अधिकारी), १४ मन्त्रिपरिषद् (मन्त्रिसभा)को अध्यक्ष, १५ दण्डपाल (सैन्य सेनामुखहरूको नेता), १६ दुर्गपाल (किल्लाको रक्षक), १७ अन्तपाल (राज्यसीमाको रक्षक), १८ आटविक (जङ्गली दलको प्रधान), यतिलाई अष्टादश तीर्थ (अठार मुख्य पुरुष) भन्दछन्, यिनीहरूकहाँ श्रद्धा विश्वासलाग्दो देश, वेष, सीप, भाषा, खान्दानको व्यवहार गर्ने तुल्याएर भक्ति र शक्तिअनुसार जासूसी गर्ने गरी खटाउनू ।

यी सञ्चारहरूमध्यमा तीक्ष्णहरूले मन्त्रीहरूको छाता, झारी, पंखा, खराउ, आसन, यान वाहनहरू लिएर समातेर पछि लागी तिनको बाहिरिया गतिविधि वुझ्नू । तिनले बुझेको कुरा सत्रीहरूले गुप्तचर संस्थामा जाहेर गर्नू ।

रसदहरू भान्से, खानेकुरा तयार गर्ने, स्नान गराउने, संवाहक (मसाज गर्ने), आस्तरक (बिछ्यौना लाउने), कत्थक (हजाम), प्रसाधक (सिंगार्ने) पानी बोक्ने काम गर्ने भएर, कूजा, बाउन्ने, किराती, लाटो, बहिरो, गोज्याङ्ग्रो अन्धोजस्तो बनेर, नट (नकल गर्ने), नर्तक (नाच्ने), गायक (गाउने), वादक (बजाउने), वाग्जीवन (पुरानो कुरा भन्ने), कुशीलव (उफ्रने नाचने आदि खेल गर्ने) बनेर, यस्तै स्वास्नीमानिसहरू पनि भित्रको जासूसी गरून् । तिनीहरूले दिएको खबर भिक्षुकीहरूले गुप्तचर विभागमा जाहेर गर्नू । गुप्तचर संस्थाका अन्तेवासी(सागिर्द)हरूले सङ्केती बोली ईशारा अक्षरहरूद्वारा भित्री बाहिरी खबर राजाकहाँ पुऱ्याउने गरून् । तिनका संस्था (फाँट) हरूले पनि परस्परको काम खबर परस्परले (एकले गरेको अर्काले) पनि थाहा नपाउने गर्नुपर्दछ ।

भिक्षुकीहरूले राजदरवारमा भित्र पस्न नपाउने भएमा बाहिरी ढोकेले भित्री ढोकेलाई गरी परम्परासँग राजाकहाँ खबर पुऱ्याउनू । नभए, अन्तःपुरका सेवकहरूको आमा बाबु हूँ भन्ने बूढा बूढीद्वारा वा भित्रको सेवाको सीप भएकाहरू, खेल तमाशा देखाउनेहरू, दासीहरूद्वारा, किंवा गीत श्लोकहरूद्वारा वा भाँडाहरूमा लुकाएर हालेका गुप्त लेख संकेतहरूद्वारा हालखबर भित्र पुऱ्याउने गर्नू । दीर्घरोग, उन्माद, ग्रहपीडाको वहाना गरेर वा आगो, विष आदिको प्रयोगबाट अन्तःपुरमा खलबल मचिएको मौकामा गुप्तचरहरू सुटुक्क बाहिर निस्कने गर्नू । गुप्तचरहरूबाट आएको खबर तीनजनापट्टिबाट उस्तै मिलन आएमा पत्यार गर्नू ।

जसबाट आएको खबर धेरै पटक अमिल्दो वनावटी देखिएमा त्यस्तो झुट्टा खबर दिनेलाई गुप्त सजाय गर्नू, किंवा त्यस्तो खबर दिने चरलाई खारेज गर्नू। कण्टकशोधन अधिकरणमा पछि भनिएबमोजिमका चरहरू आफूकहाँबाट निकालिएझैं भएर शत्रुकहाँ जागिर खाएर बस्ने चर आफ्नातर्फका चरहरूलाई सञ्चालन गर्दै रहने हुन्छन्, तिनीहरू उभय वेतन अर्थात् यताको पनि शत्रुपट्टिको पनि वेतन पाउने दोभासे हुन्छन्।

ती दोहरा वेतन खानेहरूका जहानवच्चा आफ्ना अधीनमा राखेर तिनलाई शत्रुकहाँ बस्न पठाउनुपर्दछ। यस्तै शत्रुले पठाएका आफूकहाँ रहने पनि हुन्छन्। शत्रुकहाँ रहने आफ्ना चर र आफूकहाँ रहने शत्रुका चरहरूको पनि राम्रो नराम्रो व्यवहार त्यस्तै किसिमका अरू चरबाट पत्ता लाउने गर्नुपर्दछ।

यस्तै गरी शत्रु, मित्र, मध्यम, उदासीन राजाहरूकहाँ र तिनीहरूका मन्त्री, पुरोहित, सेनापति आदि १८ किसिमका अधिकारी पुरुषहरूमा आफ्नातर्फका चरहरू पठाउने गर्नुपर्दछ। तिनीहरूका घरभित्र पनि आफ्नातर्फका कूजा, बाउन्ने, ठग, कालिगड, लाटा, म्लेच्छ स्त्रीहरू आदि थरी थरी चरहरू पठाउनुपर्दछ।

किल्लाहरूमा, राजधानी आदि ठूला शहरहरूमा बनियाको रूपमा, दुर्गका सीमानाहरूमा सिद्ध तपस्वीको रूपमा, राज्यमा किसान, त्यागी, जोगीको रूपमा र राष्ट्रको सीमानामा गोठालाको रूपमा गुप्तचरहरू र वनमा बौद्ध भिक्षु, जङ्गली जन आदि वनमा घुम्नेहरू पनि वरिपरि घुमाउँदै शत्रुपट्टिको सबै हाल खबरहरू चाँडो चाँडो आउने गरी चेवाहरूको ताँती बसाल्नुपर्दछ।

यस्तै गरी आफ्नो देशमा घुम्ने रहने गुप्त र प्रकाश रूपका शत्रुपट्टिका चर, कापटिक चर, कापटिक उदास्थित सत्री तीक्ष्ण आदि पनि आफ्नापट्टिका त्यस्तै चरहरूद्वारा पत्ता लाउने गर्नुपर्दछ।

जतिसुकै लोभ्याए पनि शत्रुले आफ्नो गफमा लिन नसकिने आफ्नापट्टिका विश्वास्य मानिसलाई कारण र कर्तव्य सबै बुझाई शत्रुपट्टिका गुप्तचरहरू पत्ता लाउन आफ्ना राष्ट्रका सीमानाहरूमा राख्नुपर्दछ।

अथ त्रयोदशोऽध्यायः

९ नवमे प्रकरणे—स्वराज्ये कृत्याकृत्यपक्षरक्षणम्

गूढ़पुरुषप्रणिधिः कृतमहामात्रापसर्पः पौरजानपदानपसर्पयेत् । सत्रिणो द्वन्द्विनस्तीर्थसभाशालापूराजनसमवायेषु विवादं कुर्युः—'सर्वगुणसम्पन्नश्चायं राजा श्रूयते । न चास्य कश्चिद्गुणो दृश्यते । यः पौरजानपदान् दण्डकराभ्यां पीडयतीति' । तत्र येऽनुप्रशंसेयुस्तानितरस्तं च प्रतिषेधयेत्—

'मात्स्यन्यायाभिभूता प्रजा मनुं वैवस्वतं राजानं चक्रिरे । धान्यषड्भागं पण्यदशभागं हिरण्यं चास्य भागधेयं कल्पयामासुः । तेन भृता राजानः प्रजानां योगक्षेमवहाः तेषां किल्विषं दण्डकरा हरन्ति, योगक्षेमवहाश्च प्रजानाम् । तस्मादुञ्छषड्भागमारण्यका अपि निवपन्ति—'तस्यैतद्भागधेयं योऽस्मान् गोपायतीति ।' इन्द्रयमस्थानमेतत् राजानः प्रत्यक्षहेडप्रसादाः । तानवमन्यमानान् दैवोऽपि दण्डः स्पृशति । तस्माद्राजानो नावमन्तव्याः । इति क्षुद्रकान् प्रतिषेधयेत् ।

किंवदन्तीं च विद्युः । ये चास्य धान्यपशुहिरण्यान्याजीवन्ति तैरुपकुर्वन्ति, अभ्युदये वा कुपितं बन्धुं राष्ट्रं वा व्यावर्तयन्त्यमित्रमाटविकं वा वा प्रतिषेधयन्ति, तेषां मुण्डजटिलव्यंजनास्तुष्टातुष्टत्वं विद्युः । तुष्टानर्थमानाभ्यां पूजयेत् ।

असन्तुष्टांस्तांस्तुष्टिहेतोस्त्यागेन साम्ना च प्रसादयेत् । परस्पराद्वा भेदयेदेनान्सामन्ताटविकतत्कुलीनावरुद्धेभ्यश्च । तथाऽप्यतुष्यतो दण्डकरसाधनाधिकारेण वा जनपदविद्वेषं ग्राहयेत् । विद्विष्टानुपांशुदण्डेन जनपदकोपेन वा साधयेत् । गुप्तपुत्रदारानाकरकर्मान्तेषु वा वासयेत्, परेषामास्पदभयात् ।

क्रुद्धलुब्धभीतावमानिनस्तु परेषां कृत्याः । तेषां कार्तान्तिकनैमित्तिकमौहूर्तिकव्यंजनाः परस्पराभिसम्बन्धममित्रप्रतिसम्बन्धं वा

विद्युः । तुष्टानर्थमानाभ्यां पूजयेत् । अतुष्टान् सामदानभेददण्डैः साधयेत् ।

एवं स्वविषये कृत्यानकृत्यांश्च विचक्षणः ।
परोपजापात्संरक्षेत्प्रधानान्क्षुद्रकानपि ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे स्वराज्ये कृत्याकृत्यरक्षणं नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

अध्याय १३

प्रकरण ९

आफ्नो देशका कृत्य अकृत्य पक्षको रक्षा

(आफ्नो राज्यमा कोही राजाबाट रिसाएर, डराएर, अपमान पाएर, वा लोभी भएर, सन्तुष्ट नभएका हुनाले शत्रुले फुटाउन सकिने हुन्छन्, त्यस्तालाई 'कृत्य' भन्दछन्; त्यस्ता नभएका सन्तुष्ट, शत्रुले फुटाउन नसकिनेलाई 'अकृत्य' भन्छन् । यी दुवै थरीलाई शत्रुको भेदनीतिबाट बचाएर दुःख नदिनालाई त्यस्ताको पहिचान गुप्तचरहरूद्वारा नै हुने हुनाले गुप्तचरको प्रसङ्गमा यो विषयको निरूपण गरिन्छ ।)

राज्यका मन्त्री आदि प्रधान पुरुषहरूप्रति गुप्तचर लाउने कामपछि शहरवासी, देशवासी प्रजाहरूमा पनि आफूमा को अनुरागी भक्त छन्, को छैनन् भनी बुझ्न गुप्तचर लाउनुपर्दछ ।

त्यस निमित्त गुप्तचर विभागका सत्रीहरू दुइ थरी बनेर तीर्थ सभा धर्मशाला वर्ग वर्गका मानिस जम्मा हुने ठाउँहरूमा परस्पर झगडा वादविवाद गरून् । त्यसमा कुनैले यी राजा सबै गुणले पूर्ण छन् भन्ने बयान सुनिन्छ, खोइ ! यिनको कुनै त्यस्तो गुण देखिंदैन, यिनले नगरवासी, देशवासीहरूलाई दण्ड र करले पीडा दिइरहेका छन् भनी भन्नू, त्यसमा हो, त्यसै हो भनी एक थरीले निन्दा गर्नू, यिनलाई अर्कोचाहींले कुरा काटेर यस्तो भनोस्—बलियाले निर्धालाई दबाउने, माछाको चालले पीडित भएका प्रजाहरूले वैवस्वतमनुलाई राजा खडा गरे, अन्नको छः भागको १ भाग र बिक्री हुने मालको मोलको दश भागको १ भाग नगद पनि राजाको भाग भन्ने थिति गरे । यही भागले पालिएका राजाहरू प्रजाहरूको योग (अलब्ध लाभ) र क्षेम (लब्धको रक्षा)

गर्ने भए। ती राजाहरूका दण्ड सजाय र प्रजाबाट लिइने करले प्रजाहरूमा परिआउने चोरहरूको पीडा हटाउने र प्रजाको योगक्षेम गराउने पनि हुन्छन्। यसैले वनवासीहरू पनि शिला खोजेको अन्नको ६ भागको एक भाग, जसले हामीलाई रक्षा गर्दछन् उनको यो भाग भनी बुझाउँदछन्। प्रत्यक्ष देखिने गरी निग्रह र अनुग्रह गर्ने राजाहरू इन्द्र र यमराजको आसनमा रहेका छन्। यस्ता राजालाई हेलाँ गर्नेले देवताको दण्ड भोग्नुपर्दछ। यसकारण राजालाई अनादर गर्न हुँदैन—भनी ती क्षुद्र बुद्धि भएकाहरूलाई हप्काउनू। ती सत्रीचरहरूले चारैतिर घुम्दै लोकले के के भन्दछन् सबै बुझ्ने गर्नुपर्दछ। जुन मानिस सरकारी अन्न, पशु, नगदको काम गरेर जीविका गर्ने सङ्कटको वा अभ्युदय (बनिवनाउ) को समयमा अन्न, पशु, नगदहरू आय गराएर राजाको भलो गर्ने, चिढिएका बन्धुबान्धव वा राष्ट्रलाई सँभालेर कोप हटाइदिने, वा अमित्र जङ्गली दलहरूलाई शत्रुभाव नगर्ने तुल्याउने भइरहेका छन्, तिनीहरू राजादेखि खुशी राजी छन्-छैनन् भन्ने कुरा गरेर घुम्ने वा लट्टे जोगीको रूप लिएर घुम्ने गुप्तचरहरूले बुझ्दै गर्नू। सन्तुष्ट बुझिएकालाई वारंवार दान मानद्वारा राजाले सत्कार गर्नुपर्छ।

बेखुशी भएको बुझिएकालाई पनि धन दिएर प्रियवचन गरेर पनि प्रसन्न पार्नू, त्यसो गर्दा पनि खुशी नहुनेलाई सामन्त, जङ्गली भैयाद, थुनुवाहरूबाट र परस्परबाट पनि फुटाउनू। त्यसो गर्दा पनि बेखुशी नै रहनेलाई दण्ड र कर उठाउने अधिकार दिएर तिनको प्रजाहरूसँग द्वेष उठाइदिनू। प्रजाका मन नपर्ने भएपछि तिनलाई गुप्तदण्डद्वारा वा प्रजाको कोपद्वारा तह लाउनू, किंवा शत्रुले तिनलाई हातमा नलिऊन् भनेर तिनका जहान बच्चाको रक्षा गरिदिएर तिनीहरूलाई खानीको कारखानामा राखिदिनू।

राजादेखि रिसाएका, डराएका, अपमान गरिएका र लोभीहरू शत्रुको कृत्य अर्थात् हातमा पर्ने फुटाइने बन्दछन्। सामुद्रिक जान्ने, शकुन जान्ने, ज्योतिषीहरूको रूप लिएका गुप्तचरहरूद्वारा तिनीहरूको परस्परको गुटबन्दी वा शत्रुसँग सम्बन्ध भए नभएको बुझ्ने गर्नू। सन्तुष्ट र असन्तुष्टहरू थाहा भएपछि सन्तुष्ट (राजामाथि प्रेम गर्ने) हरूलाई धन र मानले आदर गर्नू, असन्तुष्टलाई साम, दान, भेद, दण्ड उपायद्वारा दमन गर्नू।

यसरी नीति जान्ने राजाले आफ्नो राज्यभित्रका मुख्य पुरुष भए पनि, सानातिना भए पनि, कृत्य अकृत्य दुवै थरीलाई शत्रुले आफूबाट फुटाउन नपाउने गरी रक्षा गर्नुपर्दछ।

अथ चतुर्दशोऽध्यायः

१० दशमे प्रकरणे—कृत्याकृत्यपक्षोपग्रहः

कृत्याकृत्यपक्षोपग्रहः स्वविषये व्याख्यातः । परविषये वाच्यः । संश्रुत्यार्थान् विप्रलब्धः तुल्याधिकारिणोः शिल्पे वोपकारे वा विमानितः, वल्लभावरुद्धः, समाहूय पराजितः, प्रवासोपतप्तः, कृत्वाव्ययमलब्धकार्यः, स्वधर्माद्दायाद्याद्वोपरुद्धः, मानाधिकाराभ्यां भ्रष्टः, तुल्यैरन्तर्हितः, प्रसभाभिमृष्टस्त्रीकः, काराभिन्यस्तः, परोक्षदण्डितः, मिथ्याचारवारितः, सर्वसमाहारितः, बन्धनपरिक्लिष्टः, प्रवासितबन्धुरिति क्रुद्धवर्गः ।

स्वयमुपहतो विप्रकृतः पापकर्माभिख्यातः तुल्यदोषदण्डेनोद्विग्नः पर्यात्तभूमिः दण्डेनोपनतः सर्वाधिकरणस्थः सहसोपचितार्थः तत्कुलीनो वाशंसुः प्रद्विष्टो राज्ञा राजद्वेषी चेति भीतवर्गः ।

परिक्षीणोऽत्यात्तस्वः कदर्यो व्यसन्यत्याहितव्यवहारश्चेति लुब्धवर्गः ।

आत्मसंभावितो मानकामः शत्रुपूजामर्षितो नीचैरुपहतस्तीक्ष्णः साहसिको भोगेनासन्तुष्ट इति मानिवर्गः ।

तेषां मुण्डितजटिलव्यंजनैर्यो यद्भक्तिः कृत्यपक्षीयस्तं तेनोपजापयेत्—'यथा मदान्धो हस्ती मत्तेनाधिष्ठितो यद्यदासादयति तत्सर्वं प्रमृद्नात्येवमयमशास्त्रचक्षुरन्धो राजा पौरजानपदवधायाभ्युत्थितः शक्यमस्य प्रतिहस्तिप्रोत्साहनेनापकर्तुममर्षः क्रियताम् ।' इति क्रुद्धवर्गमुपजापयेत् ।

यथा लीनः सर्पो यस्माद्भयं पश्यति तत्र विषमुत्सृजत्येवमयं राजा जातदोषाशंकस्त्वयि पुरा क्रोधविषमुत्सृजतीत्यन्यत्र गम्यताम्' इति भीतवर्गमुपजापयेत् ।

यथा श्वगणिनां धेनुः श्वभ्यो दुग्धे न ब्राह्मणेभ्य एवमयं राजा

सत्त्वप्रज्ञावाक्यशक्तिहीनेभ्यो दुग्धे नात्मगुणसम्पन्नेभ्यः । असौ राजा पुरुषविशेषः सेव्यतामिति लुब्धवर्गमुपजापयेत् ।

यथा चण्डालोदपानश्चण्डालानामेवोपभोग्यो नान्येषामेवमयं राजा नीचो नीचानामेवोपभोग्यो न त्वद्विधानामार्याणाम् । असौ राजा पुरुषविशेषज्ञः तत्र गम्यतामिति मानिवर्गमुपजापयेत् ।

तथेति प्रतिपन्नांस्तान्संहितान्पणकर्मणा ।
योजयेत यथाशक्ति सापसर्पान्स्वकर्मसु ॥ १ ॥

लभेत सामदानाभ्यां कृत्यांश्च परभूमिषु ।
अकृत्यान्भेददण्डाभ्यां परदोषांश्च दर्शयेत् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे कृत्याकृत्यपक्षोपग्रहो नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

अध्याय १४

प्रकरण १०

शत्रुपट्टिका कृत्य अकृत्यलाई आफूपट्टि लिनु

आफ्नो राज्यका कृत्य अकृत्य (सन्तुष्ट र असन्तुष्ट) पक्षलाई हातमा लिने विषयको निरूपण गरियो । यस्तै शत्रुपट्टिका कृत्य अकृत्यहरूलाई आफ्नो पक्षमा लिने कुरा भनिन्छ ।

१—धन दिन्छु भनी नदिएर ठगिएको, उस्तै सीप उस्तै भलो काम गर्नेमध्यमा बेस गर्‍यौ भनी नभनिएको, राजाका प्रिय सेवकहरूले राजदरबारमा पस्न नदिइएको, जूवा खेल्न बोलाएर धन हरिएको, परदेश लागिरहनुपरेर दुःखी भएको, धन खर्च गरेर पनि काम नपाएको, स्वधर्मबाट वा अंश भागबाट हटाइएको, मान र अधिकारबाट खसालिएको, राजाका खानदानहरूले छोपिदिएर गुणप्रकाश नभएको, स्त्रीमाथि बलात्कार गरिएको, झ्यालखानामा हालिएको, अर्काको कुरा सुनेर दण्ड गरिएको, गुप्त नीतिले सत्कर्म गर्न नपाएको, सर्वस्व हरिएको, बन्धनमा परेर दुःख पाएको, बन्धुवर्ग परदेशमा निकालिएको, यस किसिमका मानिसहरू राजाबाट क्रुद्ध (रिसाएका) हुन्छन् ।

२—धनको लागि मार्नु आदि क्रूर काम गरेर आफै दूषित भएकोले मलाई पनि मार्छन् कि भनी ठान्ने राजाको विरुद्ध काम गरेको, इत्यादि पापकर्मको बात लागेको, आफैजस्तो दोषीले पाएको दण्डले झस्केको, भूमि हरण गरेर लिने, सजाय खाँदा हैरान भएको, धेरै अड्डाखानामा रहेको, अकस्मात् वा जबर्दस्ती गरेर धन जम्मा गरेको, राजघरानाको आश्रित भएको, राजाको मन नपरेको, राजाको द्रोह गर्ने, यस किसिमका मानिसहरू राजाबाट डराएका हुन्छन् ।

सम्पत्ति सकिएको, दण्ड र करको रूपमा राजाले धन लिइएको, कञ्जूस, स्त्री, मद्य आदि व्यसनमा आसक्त, धनको व्यवहार ज्यादा भएको यस्ता मानिसहरू लोभी हुन्छन् ।

मै ठूलो छु भन्ठान्ने, मान मात्र खोज्ने, शत्रुको मान भएको देख्न नसक्ने छोटा मानिसले उचालिदिइएको, उग्र प्रकृति भएको, साहसको काम गर्ने, भोगमा नअघाएको, यस्ताहरू अभिमानी हुन्छन् ।

यस्ता कृत्यपक्षका मानिसहरूलाई जो जे चाहनेछ त्यसलाई त्यो दिएर, यिनलाई मुडुलो वा लट्टे बाबा बनेका गुप्तचरले फुटाउनू । जस्तो मदले अन्धो भएको वेहोश माहुतेले हाँकिएको हात्तीले जे जे पाउँछ सो सबै कुल्चेर माडिदिन्छ, त्यस्तै शास्त्रको दृष्टि नभएको, अन्धो, मन्त्रीले हाँकिने, अन्धो राजा, नगर, देशवासी प्रजाहरूको हत्या गर्न तत्पर छ, यसलाई अर्को जबर्दस्ती वैरी उठाएर बिगार्न सकिन्छ, तपाईं झोक्किएर उठ्नुहोस् भनी भनेर रिसाएका दललाई फुटाएर उचाल्नुपर्दछ ।

जस्तो लुकेको सर्पले जसबाट आफूलाई विपत्ति पर्ने डर देख्तछ त्यसैमाथि विष उकेल्दछ, यस्तै यो राजा दोषको शङ्का उठेपछि तिमीउपर पहिल्यै क्रोधको विष उकेल्दछ । यहाँ बस्न हुँदैन अन्तै जानुहोस् भनी डराएका वर्गलाई फुटाउनू ।

जस्तै कुकुर शिकारीले पालेको दुहुनी गाईले कुकुरलाई दूध दिन्छिन् ब्राह्मणलाई होइन यस्तै यो राजा उत्साह, बुद्धि, बोली, शक्ति नभएकाहरूलाई धन दिन्छ, आत्माको गुणले पूर्णलाई दिंदैन, योभन्दा ता बेस मानिसको कदर गर्ने फलानाको पो सेवा गर्नुपर्दछ भनेर लोभी दललाई फुटाउनू ।

जस्तै चण्डालको इनार चण्डाललाई नै काम लाग्ने हुन्छ यस्तै यो नीच राजा नीच मानिसलाई नै भोग दिलाउने हो । तपाईंजस्ता भला मानिसलाई होइन, फलानो राजा असल मानिस चिन्ने छन् त्यहीं जानुहोस् भनेर अभिमानी दललाई फुटाउनू ।

हुन्छ भनेर मानेपछि ती शत्रुपक्षका कृत्य मानिसहरूलाई चेलासमेत पछि लगाएर हुनेसम्म आफ्नो काममा लगाउनू । शत्रुदेशका फुटाउन सकिने कृत्यहरूलाई साम र दानले हात लिनू । नफुट्ने अकृत्यहरूलाई भेद र दण्डद्वारा शत्रुपट्टिको दोष देखाउनू ।

अथ पञ्चदशोऽध्यायः

११ एकादशे प्रकरणे—मंत्राधिकारः

कृतस्वपक्षपरपक्षोपग्रहः कार्यारम्भांश्चिन्तयेत् । मंत्रपूर्वाः सर्वारम्भाः । तदुद्देशः संवृतः कथानामविस्रावी पक्षिभिरनालोक्यः स्यात् । श्रूयते हि शुकशारिकाभिर्मन्त्रो भिन्नः श्वभिरन्यैश्च तिर्यग्योनिभिः । तस्मान्मंत्रोद्देशमनायुक्तो नोपगच्छेत् ।

उच्छिद्येत मंत्रभेदी । मंत्रभेदो हि दूतामात्यस्वामिनामिङ्गिताकाराभ्याम् । इङ्गितमन्यथावृत्तिः । आकृतिग्रहणमाकारः । तस्य संवरणमायुक्तपुरुषरक्षणमाकार्यकालात् । तेषां हि प्रमादमदसुप्तप्रलापकामादिरुत्सेकः । प्रच्छन्नोऽवमतो वा मंत्रं भिनत्ति । तस्माद्रक्षेन्मंत्रम् । मंत्रभेदो ह्ययोगक्षेमकरो राज्ञस्तदायुक्तपुरुषाणां च ।

तस्माद्गुह्यमेको मंत्रयेतेति भारद्वाजः । मंत्रिणामपि हि मंत्रिणो भवन्ति । तेषामप्यन्ये । सैषा मन्त्रिपरम्परा मंत्रं भिनत्ति ।

तस्मान्नस्य परे विद्युः कर्म किंचिच्चिकीर्षितम् ।
आरब्धारस्तु जानीयुरारब्धं कृतमेव वा ॥ १ ॥

नैकस्य मंत्रसिद्धिरस्तीति विशालाक्षः प्रत्यक्षपरोक्षनुमेया हि राजवृत्तिः । अनुपलब्धस्य ज्ञानमुपलब्धस्य निश्चयो निश्चितस्य बलाधानमर्थद्वधस्य संशयच्छेदनमेकदेशदृष्टस्य शेषोपलब्धिरति मंत्रिसाध्यमेतत् । तस्माद्बुद्धिवृद्धैः सार्धमासीत मंत्रम् ।

न कंचिदवमन्येत सर्वस्य शृणुयान्मतम् ।
बालस्याप्यर्थवद्वाक्यमुपयञ्जीत पण्डितः ॥ २ ॥

“एतन्मंत्रज्ञानं नैतन्मंत्ररक्षणमिति” पाराशराः । यदस्य कार्यमभिप्रेतं तत्प्रतिरूपकं मंत्रिणः पृच्छेत्—‘कार्यमिदमेवमासीदेवं वा यदि भवेत्तत्कथं कर्तव्यमिति’ । ते यथा ब्रूयुः तत्कुर्यात् । एवं मंत्रोपलब्धिः संवृतिश्च भवतीति ।

नेति पिशुनः । मंत्रिणो हि व्यवहितमर्थं वृत्तमवृत्तं वा पृष्टमनादरेण ब्रुवन्ति प्रकाशयन्ति वा स दोषः । तस्मात्कर्मसु ये येष्वभिप्रेताः तैः सह मंत्रयेत् । तैर्मन्त्रयमाणो हि मंत्रबुद्धि गुप्तिं च लभत इति ।

न इति कौटिल्यः । अनवस्था ह्येषा । मंत्रिभिस्त्रिभिश्चतुर्भिर्वा सह मंत्रयेत् । मंत्रयमाणो ह्येकेनार्थकृच्छ्रेषु निश्चयं नाधिगच्छेत् । एकश्च मन्त्री यथेष्टमनवग्रहश्चरति । द्वाभ्यां मन्त्रयमाणो द्वाभ्यां संहताभ्यामवगृह्यते विगृहीताभ्यां विनाश्यते । त्रिषु चतुर्षु वा नैकान्तं कृच्छ्रेणोपपद्यते महादोषम् । उपपन्नं तुभवति । ततः परेषु कृच्छ्रेणार्थनिश्चयो गम्यते । मंत्रो वा रक्ष्यते ।

देशकालकार्यवशेन त्वेकेन सह द्वाभ्यामेको वा यथासामर्थ्यं मंत्रयेत् ।

कर्मणामारम्भोपायः, पुरुषद्रव्यसम्पत्, देशकालविभागः, विनिपातप्रतीकारः, कार्यसिद्धिरिति पंचांगो मंत्रः । तानेकैकशः पृच्छेत् समस्तांश्च । हेतुभिश्चैषां मतिप्रविवेकान् विद्यात् । अवाप्तार्थः कालं नातिक्रामयेत् ।

न दीर्घकालं मन्त्रयेत् । न च तेषां पक्ष्यैर्येषामपकुर्यात् ।

मन्त्रिपरिषदं द्वादशामात्यान्कुर्वीतेति मानवाः । षोडशेति बार्हस्पत्याः । विंशतिमित्यौशनसाः । यथासामर्थ्यमिति कौटिल्यः । ते ह्यस्य स्वपक्षं परपक्षं च चिन्तयेयुः । अकृतारम्भमारब्धानुष्ठानमनुष्ठितविशेषं नियोगसम्पदं च कर्मणां कुर्युः । आसन्नैः सह कार्याणि पश्येत् । अनासन्नैः पत्रसंप्रेषणेन मंत्रयेत् ।

इन्द्रस्य हि मन्त्रिपरिषदृषीणां सहस्रम् । स तच्चक्षुः । तस्मादिमं द्व्यक्षं सहस्राक्षमाहुः । आत्ययिके कार्ये मन्त्रिणो मन्त्रिपरिषदं चाहूय ब्रूयात् । तत्र यद्भूयिष्ठाः कार्यसिद्धिकरं वा ब्रूयुस्तत्कुर्यात् । कुर्वतश्च—

नास्य गुह्यं परे विद्युः छिद्रं विद्यात्परस्य च ।
गूहेत्कूर्म इवाङ्गानि यत्स्याद्विवृतमात्मनः ॥ ३ ॥

यथा ह्यश्रोत्रियः श्राद्धं न सतां भोक्तुमर्हति ।
एवमश्रुतशास्त्रार्थो न मन्त्रं श्रोतुमर्हति ॥ ४ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
मंत्राधिकारो नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

अध्याय १५

प्रकरण ११

मन्त्रणा गर्ने विषय

मन्त्र—(मन्त्रणा) भनेको कामको आरम्भ के उपायद्वारा गर्ने, त्यसनिमित्त मानिस, द्रव्यहरू के कति चाहिन्छ, देश, काल सामग्री कस्तो हुनुपर्दछ, बीचमा खतरा परिआएमा के गरेर सँभाल्ने, त्यसबाट फायदा के कस्तो हुन्छ यस्तो पाँच किसिमको विचार हो। यस्तै मन्त्रणामा साथ दिनु मन्त्रीहरूको कर्तव्य हुनाले त्यस विषयको निरूपण यस प्रकरणमा गरिन्छ।

विजिगीषु राजाले आफ्नो पक्षका र शत्रुपक्षका मानिसहरू आफ्नो हातमा लिएर काम उठाउने विचार गर्नुपर्दछ। जुनसुकै कामको पनि पहिलो मन्त्रणा—(विचार) गरेर मात्र उठान गर्नुपर्दछ।

मन्त्रणा गर्ने ठाउँ चारैतिर ढाकिएको, कुरा बाहिरपट्टिबाट नसुनिने पक्षीहरूले पनि नदेखिने हुनुपर्दछ। मन्त्रणा गरेको कुरा सुगा, मैना आदि पक्षी, कुकुर आदि अरु पशुहरूले पनि टिपेर प्रकाश गरिदिए भने सुनिन्छ, यस कारण मन्त्रणा गर्ने ठाउँमा नबोलाइएको कोही पनि नजानू।

मन्त्रणाको कुरा बाहिर प्रकाश गर्नेलाई नाश गर्नुपर्दछ । दूत, अमात्य, स्वामीहरूका चेष्टा, मुखका आकारबाट पनि मन्त्रणा गरेको कुरा खुल्दछ । मानिसहरूको काम अनुसारका विभिन्न किसिमका अस्वाभाविक शारीरिक व्यापार चेष्टा हो । हर्ष शोक क्रोध आदि मानसिक भाव बुझाउने मुखको रङ्ग आकार हो । मन्त्रणा गरेको काम नहुन्जेल मन्त्रणामा अधिकारी पुरुषहरूले मन्त्रणा गुप्त राख्नुपर्दछ । मन्त्रणाका अधिकारीहरूको बेहोशी, नशा लागेको सुतेको वेलामा बबराउनु, काम, क्रोध, चर्को हुनु आदिबाट मन्त्रणा गरेको कुरा खुस्कन्छ । लुकी रहेकोले, यो के बुझ्दछ भनी हेला गरिएकोले पनि मन्त्रणा गरेको खोलिदिन्छ । अतः हरतरहबाट मन्त्रणा गुप्त राख्नुपर्दछ । मन्त्रणा खुल्नु राजाको र अधिकारी पुरुषहरूको पनि योग-क्षेममा हानिकारक छ ।

(क) यस कारण गोप्य कुरा आफू एकलैले विचार गर्नू । मन्त्रीका पनि मन्त्री, तिनका पनि अरु हुन्छन् । यसरी मन्त्रीका परम्पराले कानेखुसी गर्दागर्दै मन्त्रणा खुल्दछ भनी भारद्वाज भन्दछन् ।

अतः विजिगीषु राजाले केही काम गर्न चाहेको पनि कसैले नजानून्, काम गर्नेले पनि थालेपछि वा गरिसकेपछिमात्र थाहा पाऊन् भन्ने पनि भारद्वाजको मत छ ।

(ख) एकलैबाट मन्त्रणा पूरा हुँदैन । राजाको व्यवहार कुनै अघिल्तिर, कुनै पछिल्तिर, कुनै अनुमान गरिने हुन्छ । थाहा नपाएको कुरा थाहा पाउनु, थाहा पाएको कुरा निश्चय गरेर बलियो पार्नु, यसो कि उसो भनी दोधार भएमा सन्देह हटाउनु, एक भाग देखेर बाँकी कुरा थाहा पाउनु, यी सबै मन्त्रीले गर्नुपर्ने काम हुन् । यस कारण बूढापाका मन्त्रीसँग भएर मन्त्रणा गर्नुपर्दछ । कसैलाई पनि हेला गर्नु हुँदैन, सबैको राय सुन्नुपर्दछ, बुद्धिमान्ले केटाकेटीको पनि गतिलो कुराबाट काम लिनुपर्दछ, भनी विशालाक्ष भन्दछन् ।

(ग) यो कुरा मन्त्रणाबाट थाहा पाउने बाटोमात्र हो मन्त्रणा गुप्त राख्ने बाटो होइन । राजाले केही काम गर्न मनलागेको छ भने त्यो कुरा नखोलेर उस्तै किसिमको अर्को कुरा देखाई यसो गर्नुपर्ने थियो यसो हुनुपर्न हो त्यो कसरी गर्नु—भनी सोध्नू । मन्त्रीहरूले जसो भन्दछन् त्यस्तै गर्नु । यसो गरे उनीहरूको राय पनि पाइन्छ, मन्त्रणा गुप्त पनि रहन्छभनी पराशरका अनुयायीहरू भन्दछन् ।

(घ) त्यसो होइन, त्यसरी लुकाएर गरेको भएनभएको कुरामा मन्त्रीहरूले वास्ता नराखेर भन्दछन्, प्रकाश पनि गरिदिन्छन्। यो दोष छ। यस कारण जुन काममा जो जोसँग राय लिनुपर्दछ, तिनीहरूसँग सल्लाह लिनू। तिनीहरूसँग राय सल्लाह गर्दा मन्त्रणा गुप्त पनि रहन्छ भनी पिशुन (नारद) भन्दछन्।

कौटल्य भन्दछन्—त्यसो होइन, यसरी एकेक काम कुरा अनेक मन्त्रीसँग सल्लाह गर्ने गर्दा मन्त्री नै बेठेगान चाहिने हुन्छन्, अतः तीन वा चार मन्त्रीसँग मन्त्रणा गर्ने गर्नुपर्दछ। आफू एक्लैले विचार गर्दा अप्ठ्यारो काममा यसै भनी अठोट गर्न सकिँदैन। यौटामात्र मन्त्री भए पनि कुरा काट्ने नहुँदा मनमाफिक गर्ने हुन्छ। दुइटासँग मन्त्रणा गर्दा दुवै जना मिले भने राजालाई आफ्ना वशमा पार्दछन्, फुटे भने पनि काममा अप्ठ्यारो परी बिग्रने हुन्छ। तीन चार जना भए भने सबै जना मिलेर राजाको हानि गराउन मुश्किल हुन्छ। त्यत्तिको राय मिलेर काम ठीक हुन्छ। चारभन्दा बढीसँग मन्त्रणा गर्दा धेरै राय भएमा कामको अठोट गर्न र मन्त्रणा गुप्त राख्न पनि गाह्रो पर्दछ। देश, काल, कार्य हेरेर यौटासँग, वा दुइटासँग, वा एक्लैले पनि सामर्थ्यअनुसार मन्त्रणा गर्नुपर्दछ।

आफ्नो देशमा किल्ला खाइ पर्खाल बाँध बनाउनु आदि र शत्रुदेशमा सन्धिविग्रह आदिका निमित्त दूत पठाउनु आदि काम कसरी गर्ने भनी उठान गर्ने उपाय[1], कामका निमित्त चाहिने कालीगड ज्यामी चाहिने नगद जिनिस सामानहरू जुटाउनू[2], यस्तो ठाउँ यस्तो समय अनुकूल पर्दछ भनी विवेक गर्नू[3], काम गर्दा परिआउने विघ्नबाधाहरू शमन गर्ने उपाय गर्नू[4], क्षय वृद्धि, स्थान रूप तीन किसिमको कार्यसिद्धि वा लाभ[5], यस्ता पाँच अङ्ग मन्त्रणाका हुन्छन्। यी विषयमा मंत्री एकेकसँग किंवा जम्मैसंग सगोलमा राजाले सोधनी गर्नू। तिनीहरूले दिएका उपपत्तिसाथका विचारलाई विवेक गरेर बुझ्नू। कुराको निर्णय भएपछि समय खेर नहाली काम गरिहाल्नू। धेरै समयसम्म मन्त्रणा पनि गरिनरहनू, जसको आफूले बिगार गरिदिएकोछ त्यसपट्टिका मानिससँग पनि मन्त्रणा नगर्नू।

(मन्त्रिपरिषद्)

मन्त्रिपरिषद्मा १२ मन्त्रीहरू राख्नू भनी मनुका अनुयायीहरू भन्दछन्।

" " १६ " राख्नू भनी बृहस्पतिका अनुयायीहरू भन्दछन्।

" " २० " राख्नू भनी शुक्रका अनुयायीहरू भन्दछन्।

काम हेरेर थोरै धेरै जति आवश्यक हुन्छन् त्यति मन्त्रीहरू राख्नू भनी कौटल्य भन्दछन् ।

ती मन्त्रीहरूले आफ्नो राज्यसम्बन्धी र पराजयसम्बन्धी पनि कामको विचार विमर्श गर्नू । नगरेका कामको उठान, उठान भएको काम चलाउनू, गरेको कामको सुधार, काम गर्न नियुक्त मानिसको गुणी पनाको पनि विचार गर्नू, राजाले नजीक रहेका मन्त्रीहरूसँग भएर कामको विचार गर्नू। टाढारहेका मन्त्रीहरूसँग लेखोट पठाएर पनि राय लिनू ।

इन्द्रको मन्त्रिपरिषद्मा हजार ऋषिहरू थिए। तिनै मन्त्रीहरू इन्द्रका आँखा थिए । यसैले दुई आँखा हुने इन्द्रलाई सहस्राक्ष (—हजार आँखा हुने) भनी भन्दछन् । कुनै विलम्ब गर्न नहुने अवसरको काम परिआएमा मन्त्रिपरिषद्लाई बोलाएर भन्नू, त्यहाँ यसरी काम सिद्ध हुन्छ भनी धेरैले जे भन्दछन् त्यही गर्नू ।

काम गर्दाखेरि—

विजिगीषु राजाको गोप्य कुरा शत्रुले थाहा नपाऊन्। शत्रुको छिद्र आफूले थाहा पाउने गर्नू । कछुवाले आफ्नो जीउ लुकाएझैं राजाले आफ्नो मन्त्रणा गुप्त राख्नुपर्दछ ।

जस्तो वेद नपढेकोले सज्जनको घरमा श्राद्ध-भोजन गर्नु योग्य हुँदैन, त्यस्तै नीति अर्थशास्त्र नसुनेजानेकाले मन्त्रणा सुन्नु योग्य हुँदैन ।

अथ षोडशोऽध्यायः

१२ द्वादशे प्रकरणे—दूतप्रणिधिः

उद्धृतमन्त्रो दूतप्रणिधिः । अमात्यसम्पदोपेतो निसृष्टार्थः । पादगुणहीनः परिमितार्थः । अर्धगुणहीनः शासनहरः ।

सुप्रतिविहितयानवाहनपुरुषपरिवापः प्रतिष्ठेत । शासनमेवं वाच्यः परः स वक्ष्यत्येवं तस्येदं प्रतिवाक्यमेवमतिसंधातव्यमित्यधीयानो गच्छेत् । अटव्यन्तपालपुरराष्ट्रमुख्यैश्च प्रतिसंसर्गं गच्छेत् । अनीकस्थानयुद्धप्रतिग्रहापसारभूमीरात्मनः परस्य चावेक्षेत । दुर्ग-

राष्ट्रप्रमाणं सारवृत्तिगुप्तिच्छिद्राणि चोपलभेत । पराधिष्ठानमनुज्ञातः प्रविशेत् ।

शासनं च यथोक्तं ब्रूयात् । प्राणाबाधेऽपि दृष्टे परस्य वाचि वक्त्र दृष्ट्यां च प्रसादं वाक्यपूजनमिष्टपरिप्रश्नं गुणकथासंगमासन्नमासनं सत्कारमिष्टेषु स्मरणं विश्वासगमनं च लक्षयेत्तुष्टस्य । विपरीतमतुष्टस्य । तं ब्रूयात्—'दूतमुखा वै राजानस्त्वं चान्ये च । तस्मादुद्धृतेष्वपि शस्त्रेषु यथोक्तं वक्तारस्तेषामन्तावसायिनोऽप्यवध्याः । किमङ्ग पुनर्ब्राह्मणः । परस्यैतद्वाक्यमेष दूतधर्मः' इति ।

वसेदविसृष्टः प्रपूजया नोत्सिक्तः । परेषु बलित्वं न मन्येत । वाक्यमनिष्टं सहेत । स्त्रियः पानं च वर्जयेत् । एकः शयीत । सुप्तमत्तयोर्हि भावज्ञानं दृष्टम् । कृत्यपक्षोपजापमकृत्यपक्षे गूढप्रणिधानम् । रागापरागौ भर्त्तरि रन्ध्रं प्रकृतीनां तापसवैदेहकव्यंजनाभ्यामुपलभेत । तयोरन्तेवासिभिश्चिकित्सकपाषण्डव्यञ्जनोभयवेतनैर्वा । तेषामसम्भावनायां याचकमत्तोन्मत्तसुप्तप्रलापैः पुण्यस्थानदेवगृहचित्रलेख्यसंज्ञाभिर्वा चारमुपलभेत । उपलब्धस्योपजापमुपेयात् । परेण चोक्तः स्वासां प्रकृतीनां परिमाणं नाचक्षीत । 'सर्वं वेद भवानिति' ब्रूयात् । कार्यसिद्धकरं वा कार्यस्यासिद्धावुपरुध्यमानस्तर्कयेत्—

किं भर्तुर्मे व्यसनमापन्नं पश्यन् स्वं वा व्यसनं प्रतिकर्तुकामः । पार्ष्णिग्राहासारावन्तःकोपमाटविकं वा समुत्थापयितुकामः । मित्रमाक्रन्दं वा व्यापादयितुकामः स्वं वा परतो विग्रहमन्तःकोपमाटविकं वा प्रतिकर्तुकामः । संसिद्धं मे भर्तुर्यात्राकालमभिहन्तुकामः । सस्यकुप्यपण्यसंग्रहं दुर्गकर्म बलसमुत्थानं वा कर्तुकामः, स्वसैन्यानां व्यायामदेशकालावाकांक्षमाणः परिभवप्रसादाभ्यां व संसर्गानुबन्धार्थी वा मामुपरुणद्धि इति ।

ज्ञात्वा वसेदपसरेद्वा । प्रयोजनमिष्टमवेक्षेत वा । शासनमनिष्टमुक्त्वा बन्धवधभयादविसृष्टो व्यपगच्छेत् । अन्यथा नियम्येत ।

प्रेषणं सन्धिपालत्वं प्रतापो मित्रसंग्रहः ।
उपजापः सुहृद्भेदो गूढदण्डातिसारणम् ॥ १ ॥
बन्धुरत्नापहरणं चारज्ञानं पराक्रमः ।
समाधिमोक्षो दूतस्य कर्म योगस्य चाश्रयः ॥ २ ॥
स्वदूतै कारयेदेतत्परदूतांश्च रक्षयेत् ।
प्रतिदूतापसर्पाभ्यां दृश्यादृश्यैश्च रक्षिभिः ॥ ३ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
दूतप्रणिधिर्नाम षोडशोऽध्यायः ॥ १६ ॥

अध्याय १६

प्रकरण १२

दूतलाई खटाउनु

(गुप्तरूपमा सरकारी काम कुरा गर्ने चर, प्रकाशरूपमा राजाको सन्देश लैजाने दूत कहलाउँछन् । चरको विषय सकिएपछि दूतको विषय वर्णन गरिन्छ ।)

मन्त्रणा गरेर अठोट गरिएको कामको निमित्त दूतलाई पठाउनुपर्ने हुन्छ । दूत तीन किसिमका हुन्छन्—

(१) निसृष्टार्थ—अमात्यको गुण भएको, गर्नुपर्ने काम भनेपछि आफै मिल्दा कुराहरू गरेर काम पत्याउने ।

(२) परिमितार्थ—अमात्यको गुणमा चौथाइ कम भएको, चाहिंदो-जति कुरा गर्ने ।

(३) शासनहरू—अमात्यको आधा गुण भएको, भनेबमोजिम सन्देश पुऱ्याउने ।

दूतले पराइ(शत्रु)को राज्यमा जाँदा सवारी वाहन नोकर-चाकर सरसामानहरू चाहिंदो लिएर जानू । पराइ(शत्रु)सङ्ग राजाको शासन यस्तो भन्ने, उसले यसो भने भने यो जवाफ दिने, यसरो उसलाई वशमा पार्ने, भने कुरा मनमा गुन्दै जानू । दूतले जङ्गलको रक्षक, सीमाको रक्षक, शहर राष्ट्रका मुख्य पुरुषहरूसंग भेटघाट पनि गर्नू । शत्रु देशमा गएर आफ्नो र शत्रुको

सेना रहनेयोग्य ठाउँ, युद्ध गर्ने हुने ठाउँ, भाग्न हुने ठाउँ पनि याद गर्नू। शत्रुका किल्लाको राष्ट्रको परिमाण, धन-धान्यको उत्पत्ति, मानिसको जीविका, बचाउ, आक्रमण गर्ने बाटो पनि याद विचार गर्नू। शत्रुदेशमा अनुमति लिएरमात्र प्रवेश गर्नू।

यताबाट लगेको राजाज्ञा प्राणसङ्कट परे पनि जस्ताको तस्तो भन्नू। शत्रुको कुरागराइ हेराइ, प्रसन्नता, भनेको कुरामा आदर कुशल आदिका प्रश्न, आफ्ना मालिकको कुरा गर्दा ध्यान दिनु, नजीकमा बस्नु। आदर गर्नु, इष्टवस्तु उत्सवहरूमा संझनु, बोलाउनु, विश्वास पर्नु, यी कुराबाट प्रसन्न भएको बुझिन्छ। यसको उल्टो भएमा अप्रसन्न बुझिन्छ। शत्रुलाई दूतले— तपाइँ र अरु पनि राजाहरू दूतलाई मुख बनाएर कुरा गर्ने हुन्छन्, अतः हतियार उठाए पनि दूतहरू जस्ताको तस्तो भन्दछन्, दूत भएर आउने चाण्डाल भए पनि अबध्य हुन्छन्, भने ब्राह्मण त के भन्नू, दूतले भनेको कुरा राजाकै वाक्य हो, दूतको धर्म यही हो—भनी भन्नू।

शत्रुले बिदा नदिउन्जेल बस्नू। आदरभाउ पाएर गर्व नगर्नू। शत्रुलाई बलियो नठहऱ्याउनू। शत्रुले भनेको कुरा मन नपरे पनि सहनू। स्त्री र मद्यपानतिर नलाग्नू। एकलै सुत्ने गर्नू, किनकि—सुतेको र नशा लागेको वेलामा बडबडाउँदा भनेको कुरा खुल्ने हुन्छ। कृत्य (भेद्य) पक्षमा फुटाउनु अकृत्य (अभेद्य) पक्षमा गुप्तचरको प्रयोग, शत्रुका अमात्य आदि प्रकृति-वर्गमा स्वामि-भक्ति भए नभएको, स्वामीउपर प्रकृति वर्गको द्वेष हुने वाठो पनि, तपस्वी बनियाको रूपमा रहेका आफ्ना गुप्तचरबाट पत्ता लाउनू। ती तपस्वी र बनिया चरका शागिर्द भएका वैद्य, पाखण्डी, दुवैतिरका वेतन खानेहरूद्वारा र तिनसँग स्वयं कुरा गर्न नपाएमा माग्ने, नशा लागेका, बौलाएका, सुतेका, मानिसको फतफतबाट पुण्यस्थान देवमन्दिरमा चित्र लेख्ने इशाराले पनि चरहरूको खबर बुझ्नू। शत्रुको चाल बुझेपछि त्यसअनुसारको भेदनीति प्रयोग गर्नू। शत्रुले सोधेमा आफ्नोपट्टिका प्रकृतिवर्गको इयत्ता नबताउनू। तपाइँलाई थाहै छ भनी भन्नू किंवा जति भन्नाले आफ्नो काम हुन्छ उति भन्नू।

आफ्नो काम सिद्धिइशक्ता पनि रोकेर राखेमा मेरो मालिकलाई चाँडै नै सङ्कट पर्ने देखेर होकि, आफ्नो सङ्कट टार्न होकि, पार्ष्णिग्राह (पृष्ठशत्रु), आसार—(मित्रदल) वा चिढिएको जङ्गलीदललाई उचाल्न खोजेर होकि हाम्रोपट्टिको मित्र वा आक्रन्द—(पार्ष्णियग्राहभन्दा पछाडिको मित्र)लाई मार्न खोजेर होकि, शत्रसँग आफूमा परिआएको विरोध

वा भित्री प्रकृतिवर्गमा भएको चीढ वा विरुद्ध उठेको जङ्गलीदलप्रति प्रतिक्रिया गर्न चाहेर होकि, अनाज, जिनिस विक्रीको माल बटुल्न, व किल्ला बनाउन, वा फौजलाई तालीम बढाउन चाहेर होकि, फौजलाई परिश्रम तालीम गराउने देश-काल पर्खन लागेर होकि, मेरो तिरस्कार गर्न मन लागेर होकि, मसँग बस्न कुराकानी गर्न खुशी लागेर होकि, वैवाहिक सम्बन्ध आदि गर्न खोजेर होकि, मलाई बिदा नदिएर रोकिराख्छन् भनी विचार गर्नू।

त्यो बुझेपछि दूतले बस्नू , वा भाग्नू , मालिकको हित हुने कुरा देखिएमा पर्खनू, शत्रुलाई अनिष्ट हुने मालिकको सन्देश सुनाएको हुँदा थुन्ने मार्ने देखिएमा बिदा नदिए पनि भाग्नू , नत्र शत्रुले पक्रनेछन् ।

शत्रुकहाँ समाचार पुऱ्याउनु, भएको सान्धिलाई बलियो पार्नु, शत्रुमाथि प्रभाव देखाउनु, मित्र जम्मा गर्नु, कृत्य(फुट्नसक्ने)हरूलाई फुटाउनु, मित्रसँग फुटाउनु । शत्रुको सेना र तीक्ष्ण रसद आदि गुप्तचरलाई आफ्नो-देशबाट बाहिर गराउनु, बन्धु र रत्नहरू हरण गर्नु, आफूपट्टिका गुप्तचरले काम ठीक गरे नगरेको बुझ्नु, शत्रु दुर्बल भएको मौका हेरेर हमला गर्नु, सन्धिमा विश्वासका निमित्त थाती राखिएका पुत्र आदिलाई उम्काउनु, औपनिषद् प्रकरणमा भनेको बमोजिम गुप्त मारण आदि प्रयोग गर्नु पनि दूतको काम हुन्छ ।

विजिगीषुले आफ्ना दूतहरूद्वारा शत्रुकहाँ यो काम गराउनू , शत्रुले आफूकहाँ पठाएका दूतहरूबाट आफ्नो बचाउ गर्नू । आफ्नोतर्फबाट बढ्तामा अर्को दूत चर दृश्य वा अदृश्य रक्षकहरूद्वारा शत्रुको हाल बुझ्दै रहनू ।

अथ सप्तदशोऽध्यायः

त्रयोदशे प्रकरणे—राजपुत्ररक्षणम्

रक्षितो राजा राज्यं रक्षत्यासन्नेभ्यः परेभ्यश्च । पूर्वं दारेभ्यः पुत्रेभ्यश्च । दाररक्षणं निशान्तप्रणिधौ वक्ष्यामः । पुत्ररक्षणम्—जन्मप्रभृति राजपुत्रान् रक्षेत् । कर्कटकसधर्माणो जनकभक्षा राजपुत्राः ।

'तेषामजातस्नेहे पितर्युपांशुदण्डः श्रेयान्' इति भारद्वाजः ।

'नृशंसमदुष्टवधः क्षत्रबीजविनाशश्चेति' विशालाक्षः । तस्मादेकस्थानावरोधः श्रेयानिति ।

'अहिभयमेतदिति' पाराशराः । कुमारोहि विक्रमभयान्मां पिता रुणद्धीति ज्ञात्वा तमेवाङ्के कुर्यात्तस्मादन्तपालदुर्गे वासः श्रेयान् इति ।

'औरभ्रकं भयमेतदिति' पिशुनः । प्रत्यापत्तेर्हि तदेव कारणं ज्ञात्वाऽन्तपालसखः स्यात् । तस्मात्स्वविषयादपकृष्टे सामन्तदुर्गे वासः श्रेयानिति ।

वत्सस्थानमेतदिति कौणपदन्तः । वत्सेनेव हि धेनुं पितरमस्य सामन्तो दुह्यात् । तस्मान्मातृबन्धुषु वासः श्रेयानिति ।

ध्वजस्थानमेतदिति वातव्याधिः । तेन हि ध्वजेनादितिकौशिकवदस्य मातृबान्धवा भिक्षेरन् । तस्माद्ग्राम्यधर्मेष्वेनमवसृजेयुः । सुखोपरुद्धा हि पुत्राः पितरं नाभिद्रुह्यन्तीति ।

'जीवन्मरणमिति' कौटिल्यः । काष्ठमिव घुणजग्धं राजकुलमविनीतपुत्रमभियुक्तमात्रं भज्येत । तस्मादृतुमत्यां महिष्यां ऋत्विजश्चरुमैन्द्रबार्हस्पत्यं निर्वपेयुः । आपन्नसत्त्वायां कौमारभृत्यो गर्भभर्मणि प्रजनने च वियतेत । प्रजातायां पुत्रसंस्कारं पुरोहितः कुर्यात् । समर्थं तद्विदो विनयेयुः ।

सत्रिणामेकश्चैनं मृगयाद्यूतमद्यस्त्रीभिः प्रलोभयेत्—'पितरि पराक्रम्य राज्यं गृहाणेति । तदन्यः सत्री प्रतिषेधयेत्' इत्याम्भीयाः ।

महादोषमबुद्धबोधनमिति कौटिल्यः । नवं हि द्रव्यं येन येनार्थजातेनोपदिह्यते तत्तदाचूषति । एवमयं नवबुद्धिर्यद्यदुच्यते तत्तच्छास्त्रोपदेशमिवाभिजानाति । तस्माद्धर्ममर्थं चास्योपदिशेन्नाधर्ममनर्थं च । सत्रिणस्त्वेनं 'तवस्मः' इति वदन्तः पालयेयुः । यौवनोत्सेकात्परस्त्रीषु मनः कुर्वाणं आर्याव्यंजनाभिः स्त्रीभिरमेध्याभिः शून्यागारेषु रात्रावुद्वेजयेयुः । मद्यकामं योगपानेनोद्वेजयेयुः ।

द्यूतकामं कापटिकैः पुरुषैरुद्वेजयेयुः । मृगयाकामं प्रतिरोधकव्यंजनैस्त्रासयेयुः । पितरि विक्रमबुद्धिं तथेत्यनुप्रविश्य भेदयेयुः । अप्रार्थनीयो राजा विपन्ने घातः सम्पन्ने नरकपातः । सक्रोशः प्रजाभिरेकलोष्टवधश्चेति ।

विरागं प्रियमेकपुत्रं वा बध्नीयात् । बहुपुत्रः प्रत्यन्तविषयं वा प्रेषयेद्यत्र गर्भः पण्यं डिम्बो वा न भवेत् । आत्मसम्पन्नं सैनापत्ये यौवराज्ये वा स्थापयेत् । बुद्धिमानाहार्यबुद्धिर्दुर्बुद्धिरिति पुत्रविशेषाः । शिष्यमाणो धर्मार्थावुपलभते चानुतिष्ठति च बुद्धिमान् । उपलभमानो नानुतिष्ठत्याहार्यबुद्धिः । अपायनित्यो धर्मार्थद्वेषी चेति दुर्बुद्धिः । स यद्येकपुत्रः पुत्रोत्पत्तावस्य प्रयतेत । पुत्रिकापुत्रानुत्पादयेद्वा ।

वृद्धस्तु व्याधितो वा राजा मातृबन्धुकुल्यगुणवत्सामन्तानामन्यतमेन क्षेत्रे बीजमुत्पादयेत् । न चैकपुत्रमविनीतं राज्ये स्थापयेत् ।

बहूनामेकसंरोधः पिता पुत्रहितो भवेत् ।
अन्यत्रापद ऐश्वर्यं ज्येष्ठभागी तु पूज्यते ॥ १ ॥
कुलस्य वा भवेद्राज्यं कुलसङ्घो हि दुर्जयः ।
अराज्यव्यसनाबाधः शश्वदावसति क्षितिम् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
राजपुत्ररक्षणं नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

अध्याय १७

प्रकरण १३

राजपुत्रबाट राजाको रक्षा

नजीकका बान्धव आदिबाट र पराइबाट, सबभन्दा पहिले रानी छोराहरूबाट राजाको सुरक्षा हुनुपर्दछ । राजा सुरक्षित भएमा राज्यको रक्षा हुन्छ । रानीबाट रक्षा गर्ने विषय निशान्तप्रणिधि-(अन्तःपुरको व्यवस्था)-प्रकरणमा भनिनेछ ।

राजपुत्रबाट रक्षा—

जन्मदेखि नै राजकुमारहरूलाई छाडा गरिनदिएर यादविचार राख्नू। गँगटाहरू जन्मँदैमा आफ्ना बाबुलाई खान्छन् भन्ने छ। त्यस्तै राजकुमारहरू बाबुलाई खान खोज्दछन्। अतः राजालाई सर्वप्रथम आफ्नै छोराको भय हुने हुनाले तिनलाई तहमा राख्नुपर्दछ।

मतभेद—

(क) राजाले छोरामा स्नेह हुन नपाउँदैमा तिनको गुप्तवध गर्नु बेस हो भनी—**भारद्वाज** भन्दछन्।

(ख) यसरी निरपराध बालकको वध गर्नु ठूलो पाप हुने क्रूर काम हो, अतः राजकुमारहरूलाई एक ठाउँमा थुनेर राख्नु असल हो भनी **विशालाक्ष** भन्दछन्।

(ग) घरैमा थुनेर राखेमा घरैमा रहेको सर्पको जस्तो डर हुन्छ, राजकुमारले बलको प्रयोग गर्ला भनेर पिताले मलाई थुनेको हो भन्ने बुझेपछि नजीकमा हुनाले झन् साहस गर्ने हुन्छ, अतः राजकुमारलाई राज्य-सीमाको किल्लामा राख्नु बेस हुन्छ भनि **पराशरका** अनुयायीहरू भन्दछन्।

(घ) यसरी टाढा राखे पनि भेडाजुधाइको भय हुन्छ। जस्तै भेडा अर्को जोडीसँग भिडिन पैल्हे पर हटेर आइलाग्दा ठूलो ठक्कर दिने हुन्छ, त्यस्तै मैले केही गर्ला भनेर मलाई पर हटाएको हो भन्ने बुझेपछि सीमा-रक्षकलाई समेत साथ लिएर राजालाई झन् धोखा दिने हुन्छ। अतः आफ्नो राज्यभन्दा टाढाको सामन्तराजाको किल्लामा राख्नु बेस हुन्छ भनि **पिशुन**-(नारद) भन्दछन्।

(ङ) यो कुरा बाछो लाएजस्तो हुन्छ। जस्तो बाछो लाएर गाई दुहिन्छिन्, त्यस्तै राजकुमारलाई बाछोजस्तो बनाएर, यो चाहियो ऊ चाहियो भन्दै सामन्त राजाले बाबु राजालाई दुहुने हुन्छ। अतः राजपुत्रलाई मावलीघरमा राखिदिनु असल हुन्छ भनी **कौणपदन्त** (भीष्म) भन्दछन्।

(च) यो कुरा पनि ध्वजा(झण्डा)जस्तो हुन्छ। जस्तो देवताहरूको मूर्ति देखाएर भिक्षा मागी जीविका गर्ने अदिति(भिक्षुकी)ले देवताका मूर्तिदेखाएर, सप समातेर जीविकागर्ने कौशिक(सपेरा)ले सर्प देखाएर भिक्षा मागेझैं, राजकुमारलाई झण्डाजस्तो बनाएर तिनलाई राख्ने मावली दलले राजालाई मागेर आर्जित पार्दछन्। त्यस कारण राजकुमारलाई

स्त्रीजनका सहवासमा नै राखिदिनू। त्यसो भए आनन्दमा मग्न भएका छोराले बाबुलाई द्रोह गर्दैनन् भनी वातव्याधि (उद्धव) भन्दछन् ।

(छ) कौटल्य भन्दछन्—यो ता जिउँदै मर्नुजस्तो हो, कीराले थोत्रो पारेको काठझैं राजकुमार उदासीन भएर अशिक्षित भएपछि पराइले सानोतिनो आक्रमण गर्दैमा राजखान्दान भताभुङ्ग हुने हुन्छ। त्यस कारण रानी रजस्वला भएपछि ऋत्विजहरूले इन्द्र र बृहस्पति देवता भएको हव्य बनाएर यज्ञ गरिदिनू। त्यो यज्ञको हव्यशेष खाएर रानी गर्भवती भएमा कौमारभृत्य-(बालभैषज्य)विद्या जान्नेले गर्भको रक्षा र सहजै प्रसव हुने काममा यत्न गर्नूं। जन्मेपछि पुरोहितले राजकुमारको जातकर्म संस्कार गराउनू। विद्या पढ्ने वेला भएपछि शिक्षामा कुशल विद्वान्हरूबाट राजकुमारलाइ सुशिक्षित गराउनू, (राजकुमार सुशिक्षित भएपछि तिनलाई उर्लन नदिनू)।

(ज) सत्रीगुप्तचरहरूमा कसैले शिकार जूवा मद्य स्त्रीपट्टि लोभ लाउने कुरा गर्नू। अर्को सत्रीले त्यसको दोष देखाएर रोक्नू भनी आम्भी आचार्यका अनुयायीहरू भन्दछन् ।

कौटिल्य भन्दछन् कि—यसरी थाहा नभएकालाई थाहा दिनामा झन् खराब गर्ने हुन्छ। नयाँ माटाको भाँडोमा जे हाल्यो त्यही त्यसले चूस्तछ, यस्तै किललो बुद्धि भएकालाई जे जे भन्यो त्यो कुरा शास्त्रको उपदेशजस्तो सम्झन्छ। त्यस कारण राजकुमारलाई धर्म र अर्थको मात्र उपदेश गर्नूं, अधर्म कुरा नगर्नू ।

सत्रीचरहरूले हामी सबै तपाइंका सेवक हौं भन्दै कुमार्गबाट राजकुमारलाई जोगाई राखून् । राजकुमारले जवानीको मस्तीले परस्त्रीपट्टि मन दिन लागेमा देख्ता आर्य जाति जस्ता तर घिनलाग्दा स्त्रीहरूद्वारा राति रित्तो घरमा राजकुमारलाई अत्याउन लाउनू। मद्यपान गर्न चाहेमा नमीठो वस्तु मिसाएको पियाएर दिक्क पार्नू। जूवा खेल्न चाहेमा कपटी खेल खेल्नेहरूद्वारा दिक्क पार्नू। शिकार खेल्न चाहेमा जङ्गली घोर डाँकाजस्ताहरूद्वारा तर्साउनू। बाबुमाथि नै द्रोह गर्ने मन गरेमा हो ठीक हो भनेर उनसँग मिली—"राजा बाबुमाथि जाइलाग्नु बेस होइन, काम बिग्र्यो भने आफ्नै ज्यान जाने, काम भइहाल्यो भने पनि भयङ्कर नरकमा पर्नुपर्ने, दुनियाँमा बदनाम हुने, दुनियाँहरू चिढिएर एकेक डल्लोले हानेर पनि मारिदिन्छन्"—भनी भन्नू ।

यसो गर्दा पनि बाबुलाई निको नमान्ने र बाबुको प्यारो यौटै मात्र छोरो भए त्यस्तो राजकुमारलाई थुनेर राख्नू। धेरै छोरा छन् भने विरोधी छोरा-

लाई राज्यको छेउमा वा अर्कै देशमा जहाँ······राजकुमारसुहाउँदो पेटमा हाल्ने कुरा, किन्न पाइने वस्तु, डिम्ब—अर्थात् राजकुमारको निमित्तमा हुल उठ्ने पनि हुँदैन, त्यस्तो ठाउँमा पठाइदिनू।

राजकुमार गुणले भरपूर छन् भने तिनलाई सेनापति पदमा वा युवराज पदमा नियुक्त गर्नू ।

छोराहरू यस्ता तीन किसिमका हुन्छन्—

(१) बुद्धिमान्—शिक्षित भएर धर्म र अर्थको स्वरूप जान्ने सोही बमोजिम कर्म पनि गर्ने ।

(२) आहार्यबुद्धि—धर्म र अर्थ जाने पनि सोअनुसार नचल्ने ।

(३) दुबुद्धि—खराब बाटोपट्टि नै लागिरहने धर्म अर्थ दुवैको द्वेष गर्ने दुर्बुद्धि छोरो यौटामात्र छ भने त्यसको छोरो (नाती) पैदा गराउने अथवा छोरीमात्रै दिन्छु यसको छोरा मलाई भन्ने कबोल गरेर विवाह गरिदिएकी छोरी पुत्रीका, त्यसको छोरा पैदा गराउने यत्न गर्नुपर्दछ ।

राजा वृद्ध वा रोगले ग्रस्त भए बरु मातृबन्धु—(मावलीपट्टिको बन्धु) वा आफ्नो कुलको सुयोग्य पुरुष वा गुणी सामन्त राजाबाट आफ्नी स्त्रीमा क्षेत्रज पुत्र पैदा गराउनू, अशिक्षित दुष्ट एउटामात्र छोरालाई राज्यमा कदापि स्थापना नगर्नू ।

धेरै छोरामध्यमा दुर्बुद्धि भएको यौटा छोरालाई टाढा पुऱ्याएर थुनेर राख्नुपर्दछ । आपत्ति परिआउँदैन भने बाबुले छोराहरूको हितैषी हुनुपर्दछ । धेरै छोरा भएमा राज्यको अधिकार सम्पत्ति जेठै छोराको अधीन रहेको बेस हुन्छ ।

योग्य छोरा नभएमा आफ्ना कुलका धेरै जनाको समुदायको जिम्मामा राज्य दिए पनि हुन्छ । कुलको सङ्घलाई शत्रुले जित्न सक्दैन, त्यसबाट राजसङ्कटको बाधा पृथिवीमा कहिल्यै पनि आइपर्दैन ।

अथ अष्टादशोऽध्यायः

१४-१५ प्रकरणे—अवरुद्धवृत्तमवरुद्धे च वृत्तिः

राजपुत्रः कृच्छ्रवृत्तिरसदृशे कर्मणि नियुक्तः पितरमनुवर्तेत । अन्यत्र प्राणबाधकप्रकृतिकोपकपातकेभ्यः । पुण्यकर्मणि नियुक्तः पुरुषमधिष्ठातारं याचेत् । पुरुषाधिष्ठितश्च सविशेषमादेशमनुतिष्ठेत् । अभिरूपं च कर्मफलमौपायनिकं च लाभं पितुरुपनाययेत् ।

तथाप्यतुष्यन्तमन्यस्मिन्पुत्रे दारेषु वा स्निह्यन्तमरण्याय आपृच्छेत् । बन्धवधभयाद्वा यः सामन्तो न्यायवृत्तिर्धार्मिकः सत्यवागविसंवादकः प्रतिग्रहीता मानयिता चाभिपन्नानां तमाश्रयेत । तत्रस्थः कोशदण्डसम्पन्नः प्रवीरपुरुषकन्यासम्बन्धमटवीसम्बन्धं कृत्यपक्षोपग्रहं वा कुर्यात् ।

एकचरः सुवर्णपाकमणिरागहेमरूप्यपण्याकरकर्मान्तानाजीवेत् । पाषण्डसंघद्रव्यमश्रोत्रियभोग्यं देवद्रव्यमाढ्यविधवां वा गूढमनुप्रविश्य सार्थयानपात्राणि च मदनरसयोगेनातिसंधायापहरेत् । पारग्रामिकं वा योगमातिष्ठेत् । मातुः परिजनोपग्रहणे वा चेष्टेत । कारुशिल्पिकुशीलवचिकित्सकवाग्जीवनपाषण्डछद्मभिर्वा नष्टरूपस्तद्व्यञ्जनसखः छिद्रे प्रविश्य राज्ञः शस्त्ररसाभ्यां प्रहृत्य ब्रूयात्—'अहमसौ कुमारः, सहभोग्यमिदं राज्यमेको नार्हति भोक्तुं तत्र ये कामयन्ते भर्तुं नाहं द्विगुणेन भक्तवेतनेनोपस्थास्ये' इति । इत्यवरुद्धवृत्तम् ।

अवरुद्धं तु मुख्यपुत्रमपसर्पाः प्रतिपाद्यानयेयुः । माता वा प्रतिग्रहीता । त्यक्तं गूढपुरुषाः शस्त्ररसाभ्यां हन्युः । अत्यक्तं तुल्यशीलाभिः स्त्रीभिः पानेन मृगयया वा प्रसज्य रात्रावुपगृह्यानयेयुः ।

उपस्थितं च राज्येन मदूर्ध्वमिति सान्त्वयेत् ।
एकस्थमथ संरुध्यात्पुत्रवान् वा प्रवासयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
अवरुद्धवृत्तमवरुद्धे च वृत्तिर्नाम अष्टादशोऽध्यायः ॥ १८ ॥

अध्याय १८

प्रकरण १४

राजाप्रति थुनुवा युवराजले गर्ने व्यवहार

प्रकरण १५

राजाले थुनुवा राजकुमार तथा युवराजमा गरिने व्यवहार

(राजाले अयोग्य देखिएर निकाली थुनेर राखिएको छोरो अवरुद्ध

(थुनुवा) कहलाउँछ। त्यसले गर्ने व्यवहार र त्यसउपर गर्नुपर्ने राजाको व्यवहार पनि यस अध्यायमा वर्णन गरिन्छ।)

थुनुवाले गर्ने व्यवहार—

थुनुवा भए पनि विजिगीषु (आफ्नो उन्नति चाहने) राजकुमारले दुःखसंग जीवन निर्वाह गर्नुपरेको र बाबुले आफू नसुहाउँदो काममा खटाइएको भए पनि बाबुको आज्ञानुसार चल्ने गर्नुपर्दछ। तर त्यो लगाएको काम आफ्नै ज्यानमा खतडा पार्ने दुनियाँ चिढाउने र घातक कर्म हो भने ता त्यस्तो काममा लाग्न हुँदैन। पुण्य हुने काममा खटिएको भए आफूभन्दा मनिको त्यो कामको नेता पुरुष बाबुसँग माग्नुपर्दछ। त्यस्तो मानिस साथमा लिएर बाबुको आज्ञा झन् राम्रो हुने गरी काम गर्नुपर्दछ। आफूले काम गरेर पैदा गराएको फायदा र आफूले नजराना आएको लाभ द्रव्य पनि बाबुकहाँ नै पठाउनू।

यसो गर्दा पनि आफूदेखि प्रसन्न नभएर बाबुले अरु छोरा वा स्त्रीमा बढ्ता प्रेम गर्न लागेमा मलाई वनमा गएर तप गर्न आज्ञा पाऊँ भनी माग्नू। यसो गर्दा पनि भएन, किंवा आफूलाई बाँध्ने मार्ने शङ्का देखिएमा, सामन्तहरूमा जुनचाहिं न्यायी, धर्मात्मा, साँचो बोल्ने, बोलेको कुरा फरक नपार्ने, शरण पर्नेलाई लिने, आदर गरेर राख्ने, जो छ, त्यस्ताको आश्रय गरेर रहनू। त्यहाँ बसेर सेना र धन जम्मा गरी असल वीर पुरुषकी कन्यालाई विवाह गरेर बाबुको राज्यका जङ्गलीदलसँग मेल मिलाप वा बाबुबाट असन्तुष्ट भएका कृत्यवर्गलाई आफ्नो हातमा लिने काम गर्नू।

एक्लो सहाय नभएको धन सेना जम्मा गर्न पनि नसकेको राजपुत्रले फलाम पोलेर सुन बनाउने इल्म, मणिहरूमा रङ चढाउने काम, सुन चाँदी आदि खरीद बिक्री गर्ने काम, खानीको काम आदि गरेर जीविका गर्नू। पाखण्डहरूले सङ्घका निमित्त जम्मा गरेको र वैदिक ब्राह्मणले भोग गर्न नपाइने देशका जनसमूहको द्रव्य, धनी विधवाको द्रव्य, तिनीहरूसंग मिलेर उडाउनू। व्यापारीहरूका माल भरिएका नाउको सम्पत्ति लठ्याउने प्रयोग गरेर छकाई लिनू, अथवा अर्को राज्यको किल्ला लिने उपाय गर्नू। अथवा आमापट्टिका सेवकहरू हातमा लिने यत्न गर्नू। अथवा कुनै उपाय नलागेमा कालीगड, सिपालु, गाइने, वैद्य, पुरानो कथा भन्ने, पाखण्ड, जम्मा बनेका चरहरूसँग मिलेर आफू पनि उस्तै बनेर मौका पारी बाबुकहाँ पसेर शस्त्र वा विषको प्रयोग गरेर,—'म राजकुमार हुँ, राज्यको भोग सबैले मिलेर गर्नुपर्दछ। एक्लौटी खान पाइँदैन, यसमा जो जो पद पाएर जीविका

गर्न चाहनेछन्, तिनलाई पहिलेको दोबर भत्ता वेतन दिएर म आदर गर्दछु' भनी भनेर राज्य आफूले चलाउनू। थुनुवा राजकुमारले गर्ने व्यवहार यही हो।

(थुनुवाउपर व्यवहार—)

कुनै मुख्य पुत्रप्रति राजा कुपित भएर थुनेको भए विजिगीषु राजाले अमात्य आदि प्रधान पुरुषका छोराहरू चर बनाएर अथवा उनकी आमा वा अरु संगृहीता रानीलाई पठाएर 'बाबुबाट तिमीलाई युवराजपद पाइने भयो, अब तिमीले बाबुले भनेअनुसार चल्नुपर्दछ' भनेर बाबुकहाँ ल्याउनू। यदि त्यो छोरो ठूलो अपराधी भएर थुनिएको भए गुप्तपुरुषद्वारा शस्त्र विषको प्रयोग गरेर मार्नू। आफूले ननिकालेको आफै विभिण्डिएर हिंडेको भए उमेर स्वभाव मिल्दा स्त्रीहरू पठाएर मद्यपान वा शिकारको लोभ देखाई रातिमा फकाएर ल्याउनू।

त्यो फर्केर आएपछि मपछिको राज्याधिकारी तिमी नै हौ, राम्ररी बस भनी फुल्याएर राख्नू। त्यो यौटैमात्र छोरो र संझाउदा पनि नसंझने भए कैद गरेर राख्नू। अर्को योग्य छोरा छ भने चालमा नचल्ने त्यो छोरालाई देशबाट निकाला गरिदिनू।

अथ एकोनविंशोऽध्यायः

१६ प्रकरणे—राजप्रणिधिः

राजानमुत्तिष्ठमानमनूत्तिष्ठन्ते भृत्याः। प्रमाद्यन्तमनुप्रमाद्यन्ति। कर्माणि चास्य भक्षयन्ति। द्विषद्भिश्चातिसंधीयते। तस्मादुत्थानमात्मनः कुर्वीत। नाडिकाभिरहरष्टधा रात्रिं विभजेत। छायाप्रमाणेन वा। त्रिपौरुषी पौरुषी चतुरङ्गुलाच्छायो मध्याह्न इति चत्वारः पूर्वे दिवसस्याष्ट भागाः। तैः पश्चिमा व्याख्याताः।

तत्र पूर्वे दिवसस्याष्टभागे रक्षाविधानमायव्ययौ च शृणुयात्। द्वितीये पौरजानापदानां कार्याणि पश्येत्। तृतीये स्नानभोजनं सेवेत। स्वाध्यायं च कुर्वीत। चतुर्थे हिरण्यप्रतिग्रहमध्यक्षांश्च कुर्वीत। पंचमे मंत्रिपरिषदा पत्रसंप्रेषणेन मन्त्रयेत। चारगुह्यबोधनीयानि च बुद्ध्येत। षष्ठे स्वैरविहारं मंत्रं वा सेवेत। सप्तमे हस्त्यश्वरथायुधीयान् पश्येत्।

अष्टमे सेनापतिसखो विक्रमं चिन्तयेत् । प्रतिष्ठितेऽहनि सन्ध्यामुपासीत ।

प्रथमे रात्रिभागे गूढपुरुषान्पश्येत् । द्वितीये स्नानभोजनं कुर्वीत, स्वाध्यायं च । तृतीये तूर्यघोषेण संविष्टः चतुर्थपञ्चमौ शयीत । षष्ठे तूर्यघोषेण प्रतिबुद्धः शास्त्रमितिकर्तव्यतां च चिन्तयेत् । सप्तमे मंत्रमध्यासीत गूढपुरुषांश्च प्रेषयेत् । अष्टमे ऋत्विगाचार्यपुरोहितसखः स्वस्त्ययनानि प्रतिगृह्णीयात् । चिकित्सकमाहानसिकमौहूर्तिकांश्च पश्येत् । सवत्सां धेनुं वृषभं च प्रदक्षिणीकृत्योपस्थानं गच्छेत् ।

आत्मबलानुकूल्येन वा निशाहर्भागान् प्रतिविभज्य कार्याणि सेवेत । उपस्थानगतः कार्यार्थिनामद्वारासंगं कारयेत् । दुर्दर्शो हि राजा कार्याकार्यविपर्यासमासन्नैः कार्यते । तेन प्रकृतिकोपमरिवशं वा गच्छेत् । तस्माद्देवताश्रमपाषण्डश्रोत्रियपशुपुण्यस्थानानां बालवृद्धव्याधितव्यसन्यनाथानां स्त्रीणां च क्रमेण कार्याणि पश्येत् । कार्यगौरवादात्ययिकवशेन वा ।

सर्वमात्ययिकं कार्यं शृणुयान्नातिपातयेत् ।
कृच्छ्रसाध्यमतिक्रान्तमसाध्यं वा विजायते ॥ १ ॥
अग्न्यगारगतः कार्यं पश्येद्वैद्यतपस्विनाम् ।
पुरोहिताचार्यसखः प्रत्युत्थायाभिवाद्य च ॥ २ ॥
तपस्विनां तु कार्याणि त्रैविद्यैः सह कारयेत् ।
मायायोगविदां चैव न स्वयं कोपकारणात् ॥ ३ ॥
राज्ञो हि व्रतमुत्थानं यज्ञः कार्यानुशासनम् ।
दक्षिणा वृत्तिसाम्यं च दीक्षितस्याभिषेचनम् ॥ ४ ॥
प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते रतम् ।
नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ॥ ५ ॥
तस्मान्नित्योत्थितो राजा कुर्यादर्थानुशासनम् ।
अर्थस्य मूलमुत्थानमनर्थस्य विपर्ययः ॥ ६ ॥

अनुत्थाने ध्रुवो नाशः प्राप्तस्यानागतस्य च ।
प्राप्यते फलमुत्थानाल्लभते चार्थसम्पदम् ॥ ७ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
राजप्रणिधिर्नाम एकोनविंशोऽध्यायः ॥ १९ ॥

अध्याय १९

प्रकरण १६

(राजाको काम)

राजा उद्योगशील भएमा कर्मचारीहरू पनि उद्योगी हुन्छन् । राजा असावधान भएमा कर्मचारीहरू पनि असावधान हुन्छन्, राजाको काम पनि बिगारिदिन्छन्, शत्रुहरूले पनि छकाइदिन्छन् । त्यस कारण राजाले सर्वदा काममा जागरूक हुनुपर्दछ ।

घड़ीको हिसाबले दिन र रातलाई आठ आठ भाग लाउनू । एकेक भाग सामान्यरूपले ४ घड़ीको हुन्छ, किंवा छायाको हिसाबले, दिनमा छाया तीन पुरुष लामो, अनि दुई पुरुष लामो, अनि ४ अङ्गुल लामो, अनि मध्याह्न, यसरी दिनको पूर्वार्द्धमा चार भाग, यस्तै उत्तरार्धमा पनि, छाया ४ अङ्गुल लामो, अनि २ पुरुष लामो अनि ३ पुरुष लामो, अनि दिनान्त भई ४ भाग हुन्छन् ।

त्यस मध्यमा दिनको पहिलो आठौं भागमा रातमा गरिएको रक्षाको प्रबन्ध र अगिल्लो अहोरात्रको आय र व्यय सुन्नू । दोस्रो भागमा शहर-देश-वासीहरूको काम हेर्नू, तेस्रो भागमा स्नान अध्ययन भोजन गर्नू, चौथो भागमा अगिल्लो दिनको आमदनी–धनको स्वीकार गरी अध्यक्षहरूलाई काम काममा खटाउनू । पाँचौं भागमा मन्त्रिपरिषद्सँग पत्र पठाएर मन्त्रणा गरी चरहरूबाट गुप्त कुरा बुझ्नु । छैटौं भागमा इच्छानुसार विहार किंवा मन्त्रणा गर्नू । सातौं भागमा हात्ती घोडा रथ शस्त्रधारी सैनिकहरूलाई हेर्नू । आठौं भागमा सेनापति साथमा लिई युद्ध विषयको विचार गर्नू । दिन सकिएपछि सन्ध्योपासन गर्नू ।

रातको पहिलो भागमा गुप्तचरसँग भेट गर्नू । दोस्रो भागमा स्नान भोजन अध्ययन गर्नू । तेस्रो भागमा गान बजान सुनेर, चौथो र पाँचौं

भागमा सुत्नू। छैटौं भागमा बाजाको अवाजमा बिउँझेर शास्त्र र गर्नुपर्ने कामको विचार गर्नू। सातौं भागमा मन्त्रणा गर्नू गुप्तचरहरू खटाउने काम गर्नू। आठौं भागमा ऋषि, आचार्य, गुरु, पुरोहितहरूद्वारा मङ्गलपाठहरू गराएर आशीर्वाद लिनू, वैद्य भान्से ज्योतिषिहरूसँग भेट गर्नू। बाछो-सहित दुहुनी गाई बहरहरूलाई प्रदक्षिणा गरी उपस्थान(सभाभवन)-मा जानू।

(यो समयको कामको बाँडफाट सामान्य हो।) राजाले आफ्नो काम गर्ने शक्ति र अनुकूलता विचार गरेर रातदिनको समय विभाग गरी काम गरे पनि हुन्छ। कामका निमित्त राजाकहाँ आउनेहरूलाई ढोकामा रोकावट नहुने गरिदिनू। राजाको दर्शन नपाइने भएमा नजीकमा रहने हजुरियाहरूले काम र नकाम उल्टा पल्टा पारिदिने गर्दछन्। त्यसले गर्दा अमात्य आदि प्रकृतिवर्गमा चीढ़ उठ्ने, शत्रुको दखल हुने पनि हुन्छ। अतः देवता, आश्रम, विधर्मी वैदिक, गाई, आदि पशु, पुण्यस्थान, सम्बन्धी र बालक, बूढा, रोगी, विपत्मा परेका, अनाथ, स्त्रीहरूको काम क्रमैसँग किंवा कामको महत्त्व र जरूरी अनुसार पनि हेर्ने गर्नू।

ठूलो सानो सबै जरूरी काम सुन्ने गर्नुपर्दछ, आलटाल गरिदिन हुँदैन। समय बितेपछि सजिलो काम पनि गाह्रो पर्ने कि असाध्यै हुने पनि हुन्छ।अग्निहोत्र गर्ने घरमा गएको बखतमा गुरु पुरोहित साथमा लिई विद्वान् तपस्वीहरूको काम उठेर अभिवादन गरेर हेरिदिनू।

विशिष्ट तपस्वीहरूको काम तीन वेद जान्नेहरूसँग लिएर हेर्नू। छल कपट माया जान्नेहरूको काम पनि तिनीहरू कुपित नहोऊन् भनेर आफू एकलैले नहेर्नू। झगडाहरूको निर्णय गर्नु नै यज्ञ हो। राजधर्ममा दीक्षित राजाको उद्योग नै व्रत हो, शत्रु मित्र सबैमा गुणदोषअनुसार व्यवहार गर्नु नै दक्षिणा, यज्ञसमाप्तिको अवभृथ स्थान हो।

प्रजालाई सुख हुनु नै राजाको सुख हो, प्रजाको हित हुनु नै राजाको हित हो। राजाले आफ्नो प्रिय हित होइन, प्रजाको प्रिय हित नै मुख्य सम्झनुपर्दछ। त्यसकारण राजाले सर्वदा जाग्रत भएर स्वार्थ व्यवहार मिल्ने राज्य शासन गर्नुपर्दछ। उत्थान जागरूक हुनु नै अर्थ सिद्धिको मूल हो। अनुत्थान अनर्थको मूल हो। आलस्य मानेर उद्योग नगरेमा पाइसकेको र पछि आउने विषयको पनि नाश हुन्छ। उद्योग गर्नाले अप्राप्त अर्थको लाभ र प्राप्त अर्थको सुरक्षा पनि हुन्छ।

अथ विंशोऽध्यायः

१७ प्रकरणे—निशान्तप्रणिधिः (राजभवननिर्माणम्)

वास्तुकप्रशस्ते देशे सप्राकारपरिखाद्वारमनेककक्ष्यापरिगतमन्तःपुरं कारयेत् । कोशगृहविधानेन वासगृहं गूढभित्तिसंचारं मोहनगृहं तन्मध्ये वा वासगृहं भूमिगृहं वा, आसन्नकाष्ठचैत्यदेवताविधानद्वारमनेकसुरुंगासंचारं प्रासादं वा गूढभित्तिसोपानं, सुषिरस्तम्भप्रवेशापसारं वा वासगृहं यंत्रवद्धतलावपातं कारयेत् । आपत्प्रतीकारार्थमापदि वा कारयेत् । अतोऽन्यथा वा विकल्पयेत्, सहाध्यायिभयात् ।

मानुषेणाग्निना त्रिरपसव्यं परिगतमन्तःपुरमग्निरन्यो न दहति । न चात्रान्योऽग्निर्ज्वलति । वैद्युतेन भस्मना मृत्संयुक्तेन करकवारिणावलिप्तं च ।

जीवन्ती श्वेतामुष्ककपुष्पवन्दाभिरक्षीवे जातस्याश्वत्थस्य प्रतानेन वा गुप्तं सर्पा विषाणि वा न सहन्ते । मार्जारमयूरनकुलपृषतोत्सर्गः सर्पान् भक्षयति । शुकशारिकाभृङ्गराजो वा सर्पविषशंकायां क्रोशति । क्रौंचो विषाभ्याशे माद्यति । ग्लायति जीवंजीवकः । म्रियते मत्तकोकिलः । चकोरस्याक्षिणी विरज्येते । इत्येवमग्निविषसर्पेभ्यः प्रतिकुर्वीत ।

पृष्ठतः कक्ष्याविभागे स्त्रीनिवेशो गर्भव्याधिवैद्यप्रत्याख्यातसंस्थावृक्षोदकस्थानं च । वहिः कन्याकुमारपुरम् । पुरस्तादलंकारभूमिर्मन्त्रभूमिरुपस्थानं कुमाराध्यक्षस्थानं च । कक्ष्यान्तरेष्वन्तर्वंशिकसैन्यं तिष्ठेत् ।

अन्तर्गृहगतः स्थविरस्त्रीपरिशुद्धां देवीं पश्येत् । न कांचिदभिगच्छेत् । देवगृहे लीनो भ्राता भद्रसेनं जघान । मातुः शय्यान्तर्गतश्च पुत्रः कारूशम् । लाजान्मधुनेति विषेण पर्यस्य देवी काशिराजम् ।

विषदिग्धेन नूपूरेण वैरन्त्यं मेखलामणिना सौवीरं जालूथमादर्शेन वेण्या गूढं शस्त्रं कृत्वा देवी विदूरथं जघान । तस्मादेतान्यास्पदानि परिहरेत् ।

मुण्डजटिलकुहकप्रमिसर्गं बाह्याभिश्च दासीभिः प्रतिषेधयेत् । न चैनाः कुल्याः पश्येयुरन्यत्र गर्भव्याधिसंस्थाभ्यः । रूपाजीवाः स्नानप्रघर्षशुद्धशरीराः परिवर्तितवस्त्रालंकाराः पश्येयुः ।

अशीतिकाः पुरुषाः पंचाशत्काः स्त्रियो वा मातृपितृव्यंजनाः स्थविरवर्षवराभ्यागारिकाश्चावरोधानां शौचाशौचं विद्युः स्थापयेयुश्च स्वामिहिते ।

स्वभूमौ च वसेत्सर्वः परभूमौ न संचरेत् ।
न च बाह्येन संसर्गं कश्चिदाभ्यन्तरो व्रजेत् ॥ १ ॥
सर्वं चावेक्षितं द्रव्यं निबद्धागमनिर्गमम् ।
निर्गच्छेदभिगच्छेद्वा मुद्रासंक्रान्तभूमिगम् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
निशान्तप्रणिधिर्नाम विंशोऽध्यायः ॥२०॥

अध्याय २०

प्रकरण १७

(अन्तःपुरको व्यवस्था)

वास्तु-विद्या जान्नेहरूले असल ठह्र्‍याएको ठाउँमा वरिपरि परखाल, खाइ, सबैतिर ढोका भएको, धेरै खण्ड भएको, अन्तःपुर बनाउन लाउनू । सन्निधाताको कामको प्रकरणमा बनाइने ढुकुटीघर बनाएजस्तो गरी बिचमा वासगृह (राजाको बस्नेघर) किंवा भित्र भित्रै जाने गुप्त बाटो भएको मोहनगृह (बाटो अलमलिने भुलभुलैया घर), त्यसको माझमा वासगृह—(बस्ने भवन), किंवा—अनेक सुरुङ्गको बाटो भएको, नजीकमा काठको देवमन्दिर भएको ढोकाले छेकिएको भूमिगृह (भूइँघर); किंवा गाह्रोमा गुप्त भरेङ सिंढी चढेर जानुपर्ने, अथवा खोक्रो खम्बाबाट पस्ने

निस्कने बाटो भएको प्रासाद (बुर्जाघर) बनाउनू। किंवा शत्रुको भय भएमा आइलागेका शत्रुमाथि खसालेर प्रतिक्रिया गराउने, यन्त्र(चुकुल)को आडमा तला अड्याएको, यन्त्र (चुकुल) खोलिदिनासाथ तला तल खस्ने वासगृह (बस्ने भवन) बनाउनू। यस्तै बनाउन अरुले पनि पढ्ने जान्ने हुन् भनेर आपत्कालको निमित्त अर्कै अर्कै नयाँ किसिम गरेर पनि राजाले वासगृह बनाउन लाउनू। (राजभवनमा आगो विष सर्पको भय निवारण गर्न यस्तो उपाय गर्नू।)

(क) शत्रुले मारिएको वा शूली हालेर मारिएको मानिसको हाडमा कालो बाँस रगडेर निस्केको आगोले अथर्वमन्त्र पढेर वामावर्त गरी अन्तःपुरको वरिपरि तीन पल्ट घुमाएमा अर्को आगोले डढाउँदैन, त्यहाँ अर्को आगो बल्दै बल्दैन। विजुली परेर डढेको रूखको खरानी र धमिराको गोलाको माटो असीनाको पानीमा मिलाएर अन्तःपुरलाई वरिपरि लिपेमा पनि अर्को आगो बल्दैन त्यसले डढाउँदैन पनि।

(ख) गुर्जो, शङ्खिनी, मुष्कक (लोधको विशेष), पुष्पवन्दाका (करवीरमाथि उम्रेको लताविशेष,) यिनको जरा फल गुँथेको मालाले, किंवा सिघ्दिकानमाथि उम्रेको पिपलको पातको मालाले, वरिपरि बेह्रिएको घरमा सर्पको वा अरु किसिमको विषको बाधा हुँदैन।

बिरालो, मुजूर, न्याउरी, पृषत्(थोप्लेमृग)हरू घरमा छोडी राखेमा तिनले सर्पलाई खाइदिन्छन्। शुगा, मैना, भृङ्गराज(एक किसिमको भमरा)हरू सर्पका अरु विषको शङ्का भएमा कराउन थाल्दछन्। विषको नजीकमा कन्याङ्कुरुङ् विह्वल हुन्छ, चयाखुरो वैलाउँछ, मातिएको कोइली मर्दछ, च्याखुराका आँखा राता हुन्छन्। यसरी आगो विष सर्पको भय निवारण गर्नू।

अन्तःपुरको पछाडिको भागमा स्त्रीजनहरू बस्ने ठाउँ, गर्भिणीहरू रोगीहरू रोगका वैद्यहरू बस्ने ठाउँ, बगैंचा तलाउहरूको ठाउँ, र त्यसको बाहिरपट्टि कन्या कुमारहरू बस्ने घर, अगाडिपट्टि सिंगारिएको झिलिमिलि बैठकघर, मन्त्रणा गर्ने सभाभवन, सबै आएर दर्शन गर्ने उपस्थानभवन, राजकुमारहरू बस्ने भवन, अध्यक्षहरू आएर काम गर्ने भवन बनाउनू, अरु खण्डमा अन्तःपुरको रक्षक सेना रहने गर्नू।

राजाले भित्री भवनमा बसेर बूढीपाकी स्त्रीजन छोरा जाँचबूझ गरिएकी रानीसँग भेट गर्नू। कुनै चाहिं पनि स्त्रीको भवनमा आफै नजानू। किनभने--

(क) कलिङ्गराज भद्रसेनलाई उसको सहोदर भाई वीरसेनले राज्यको लोभले आफ्नो गफमा मिलाइएकी रानीको कोठाको कुनामा लुकी रहेर माऱ्यो।

(ख) करुष देशको राजालाई उनैको छोराले आमाको पलङमुनि लुकेर माऱ्यो।

(ग) मह मिसाएको भनेर विष मिलाएको लाभा खुवाएर रानीले, युद्धमा आफ्ना बन्धुहरूलाई मारे भन्ने रीसले काशीराजलाई मारी।

(घ) वनवासि-देशको राजा वैरन्त्यलाई सौताको बयान गरेको रिसमा रानीले विष लिपेको पाउजेबले खेलको बहानाले हानेर मारी।

(ङ) सौवीर देशको राजा परन्तपलाई गाली गर्दा रिसाएकी रानीले विष लिपेको मेखलाको रत्नले हानेर मारी।

(च) अयोध्याको राजा जालूथलाई अरु स्वास्त्रीपट्टि लागेको रिसले रानीले विष लिपेको ऐनामा छुवाई विसर्प रोग लगाएर मारी।

(छ) विदूरथ राजालाई रानीले चुल्ठोभित्र लुकाएको शस्त्रद्वारा मारी, भन्ने इतिहास सुनिन्छ। अतः यस किसिमका विपत्ति पर्ने ठाउँको बचाउ गर्नू।

मुडुला भिक्षुक, जटा पालेका भिक्षुक, अनेक मायाजालको प्रयोग गर्ने मानिसहरूसँग नगीचका बन्धु बान्धव बाहिरिया नोकर चाकर्नीहरूसंग-पनि रानीहरूको सम्पर्क हुन नदिनू। रानीका बन्धुबान्धवहरूले गर्भ रोग आदि भएको अवस्थाबाहेक अरु समयमा रानीहरूको दर्शन भेट गर्न नपाउने गराउनू। श्रृङ्गार गराउने स्त्रीजनहरूले पनि नुहाई धुवाई शुद्ध शरीर भएर लुगा गहना अर्कै फेरेर रानीहरूको दर्शन सुसारहरू गर्ने गर्नू।

८० वर्ष भएका पुरुषहरू र ५० वर्ष भएका स्त्रीहरू आमा बाबुजस्ता बनेका, बूढा बूढी र नपुंसक, भित्रियाहरूले अन्तःपुरमा पवित्रता भए नभएको, शुद्ध वा अशुद्ध व्यवहार भएको, कुरा बुझ्दै गरी, सबैलाई मालिकको हितमा तत्पर गराइराख्नू।

अन्तःपुरमा रहने रानीहरू र अधिकारी रक्षकहरू पनि आफ्नो-आफ्नो ठाउँमा बस्ने गरून्, अर्काको ठाउँमा घुम्ने नगरून्। तिनले बाहिरियासँग सम्पर्क पनि नगर्नू। कुनै पनि बाहिरिया भित्र जाने नहोस्। अन्तःपुरबाट बाहिर निस्कने, भित्र पस्ने, सबै वस्तु जाँच बूझ भई, यो ठाउँको यो कामका निमित्त यस ठाउँमा जाने भन्ने कुरा खुलाएर भाँडा पेटीहरूमा छापको निसाना लगाई, बाहिर निकास्ने भित्र पसाउने व्यवस्था गर्नुपर्दछ।

अथैकविंशोऽध्यायः

१८ प्रकरणे—आत्मरक्षितकम्

शयनादुत्थितः स्त्रीगणैर्धन्विभिः परिगृह्येत । द्वितीयस्यां कक्षायां कंचुकोष्णीषिभिर्वर्षवराभ्यागारिकैः तृतीयस्यां कुब्जवामनकिरातैः चतुर्थीं मंत्रिभिः सम्बन्धिभिर्दौवारिकैश्च प्रासपाणिभिः ।

पितृपैतामहं महासम्बन्धानुबन्धं शिक्षितमनुरक्तं कृतकर्माणं जनमासन्नं कुर्वीत । नान्यतोदेशीयमकृतार्थमानं स्वदेशीयं वाऽप्यकृत्योपगृहीतं अन्तर्वंशिकसैन्यं राजानमन्तःपुरं च रक्षेत् ।

गुप्ते देशे माहानसिकः सर्वमास्वादबाहुल्येन कर्म कारयेत् । तद्राजा तथैव प्रतिभुञ्जीत पूर्वमग्नये वयोभ्यश्च बलिं कृत्वा ।

अग्नेर्ज्वालाधूमनीलता शब्दस्फोटनं च विषयुक्तस्य । वयसां विपत्तिश्च । अन्नस्योष्मा मयूरग्रीवाभः शैत्यमाशुक्लिष्टस्यैव वैवर्ण्यं सोदकत्वमक्लिन्नत्वं च । व्यञ्जनानामाशुशुष्कत्वं च क्वाथश्यामपटलविच्छिन्नभावो गन्धस्पर्शरसवधश्च । द्रव्येषु हीनातिरिक्तच्छायादर्शनं फेनपटलसीमन्तोर्ध्वराजीदर्शनं च । रसस्य मध्ये नीला राजी, पयसस्ताम्रा, मद्यतोययोः काली, दध्नः श्यामा च । मधुनः श्वेता, द्रव्यामार्द्राणामाशुप्रम्लानत्वमुत्पक्वभावः क्वाथनीलश्यावता च । शुष्काणामाशुशातनं वैवर्ण्यं च । कठिनानां मृदुत्वं मृदूनां कठिनत्वं च । तदभ्याशे क्षुद्रसत्त्ववधश्च । आस्तरणप्रावरणानां श्याममण्डलता तन्तुरोमपक्ष्मशातनं च । लोहमणिमयानां पाकलोपदेहता स्नेहरागगौरवप्रभाववर्णस्पर्शवधश्चेति विषयुक्तलिंगानि ।

विषप्रदस्य तु शुष्कश्यावववक्त्रता वाक्संगः स्वेदो विजृम्भणं चातिमात्र वेपथुः प्रस्खलनं वाक्यविप्रेक्षणमावेगः कर्मणि स्वभूमौ चानवस्थानमिति ।

तस्मादस्य चाङ्गलीविदो भिषजश्चासन्नाः स्युः ।

भिषग्भैषज्यागारादास्वादविशुद्धमौषधं गृहीत्वा पाचकपोषकाभ्यामात्मना च प्रतिस्वाद्य राज्ञे प्रयच्छेत् । पानं पानीयं चौषधेन व्याख्यातम् ।

कल्पकप्रसाधकाः स्नानशुद्धवस्त्रहस्ताः समुद्रमुपकरणमन्तर्वंशिकहस्तादादाय परिचरेयुः । स्नापकसंवाहकास्तरकरजकमालाकारकर्म दास्यः कुर्युः । ताभिरधिष्ठिता वा शिल्पिनः आत्मचक्षुषि निवेश्य वस्त्रमाल्यं दद्युः । स्नानानुलेपनप्रघर्षचूर्णवासस्नानीयानि स्ववक्षोबाहुषु च । एतेन परस्मादागतकं च व्याख्यातम् ।

कुशीलवाः शस्त्राग्निरसवर्जं नर्मयेयुः । आतोद्यानि चैषामन्तस्तिष्ठेयुरश्वरथद्विपालंकाराश्च । मौलपुरुषाधिष्ठितं यानवाहनमारोहेत् । नावं चाप्तनाविकाधिष्ठितामन्यनौप्रतिबद्धां वातवेगवशां च नोपेयात् । उदकान्ते सैन्यमासीत । मत्स्यग्राहविशुद्धमवगाहेत । व्यालग्राहविशुद्धमुद्यानं गच्छेत् । लुब्धकैः श्वगणिभिरपास्तस्तेनव्यालपराबाधभयं चललक्षपरिचयार्थं मृगारण्यं गच्छेत् ।

आप्तशस्त्रग्राहाधिष्ठितः सिद्धतापसं पश्येत् । मंत्रिपरिषदा सामन्तदूतम् । सन्नद्धोऽश्वं हस्तिनं रथं वाऽऽरूढः सन्नद्धमनीकं गच्छेत् । निर्याणेऽभियाने च राजमार्गमुभयतः कृतारक्षं दण्डिभिरपास्तशस्त्रहस्तप्रव्रजितव्यंगं गच्छेत् । न पुरुषसम्बाधमवगाहेत । यात्रासमाजोत्सवप्रवहणानि च दशवर्गिकाधिष्ठितानि गच्छेत् ।

यथा च योगपुरुषैरन्यान् राजाधितिष्ठति ।
तथाऽयमन्यबाधेभ्यो रक्षेदात्मानमात्मवान् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे विनयाधिकारिके प्रथमेऽधिकरणे
आत्मरक्षणं नाम एकविंशोऽध्यायः ॥ २१ ॥

समाप्तमिदं विनयाधिकारिकं प्रथममधिकरणम् ।

अध्याय २१

प्रकरण १८

(राजाका गाथको रक्षा)

प्रातःकालमा शय्याबाट उठ्नेवित्तिकै धनुर्धारी (हतियार लिएका) स्त्रीजनहरूले राजालाई वरिपरि पहरा दिऊन् । दोस्रो कक्षा(खण्ड)मा कञ्चुक (चुङ्गावर्दी) पगरी लाएका नपुंसक अभ्यागारिक(भित्री महलका रक्षक)हरूले, तेस्रो कक्षा खण्डमा कूजा बाउन्ने किरात(वनवासी)हरूले, चौथो खण्डमा मन्त्रीहरू नाता सम्बन्धी ढोकेहरूले भालाहरू लिएर राजाको रक्षा गर्नुपर्दछ ।

बाबुबराज्यूका पालादेखिका, खान्दान, नाता गोता ठूलो भएका, शिक्षित, राजभक्त, काम जाँचिएका, मानिसलाई हजुरिया (अङ्गरक्षक) गराई राख्नुपर्दछ । धन मान आदि दिएर आदर नगरिएको विदेशीलाई र स्वदेशी भए पनि अगि बिगार गर्ने भएर पनि पछि लिइएका मानिसलाई नजीकमा रहने नबनाउनू । अन्तःर्वंशिक (भित्री महलको रक्षक) सैन्यले राजाको र अन्तःपुरको पनि रक्षा गर्नुपर्दछ ।

भान्साखण्डका अधिकारी पुरुषले गुप्त (सुरक्षित) ठाउँमा खाइने पदार्थहरू धेरै स्वादिलो पार्ने गरी काम लगाउनुपर्छ । तयार भएका खाद्य पदार्थहरू राजाले पहिले आगामा हालेर पक्षीहरूलाई पनि खुवाएर खाने गर्नुपर्दछ ।

(विष परेको चिह्न—)

विष परेको वस्तु भए आगाको ज्वाला धूँवा नीलो रङ्गको हुन्छ । पटपट आवाज पनि आउँछ । पक्षीहरू मर्ने हुन्छन् । अन्नको वाफ मुजूरको घाँटीको जस्तो रङ्ग हुने हुन्छ । पस्कनासाथ सेलाई चिसो हुने, मिचिएको झैं रङ् बिग्रेको, पानी निस्केको, काँचोपन रहेको पनि हुन्छ । तिहुन तरकारी चाँडो सुख्खा, गिजगिजिएको कालो रङ्गको, फींज अलग्ग छुट्टिएको, गन्ध स्पर्श रस बिग्रेको पनि हुन्छ । झोल वस्तुमा परेको छाया सानो वा बढी देखिने, उठेको फींजमा धर्सा देखिने हुन्छ । विष परेको भए घ्यू तेल आदि रस वस्तुमा नीलो, दूधमा रातो, मद्य र पानीमा कालो, दहीमा कालो, महमा सेतो, धर्सा देखिने हुन्छ । ताजा फलफूलहरू चाँडै वैलाउने, फतक्क पाकेको जस्तो गन्हाउने, झोल नीलो कैलो हुने हुन्छ । विष परेको भए सुख्खा वस्तु चाँडै धूलो हुने, रङ् बिग्रने, साह्रो वस्तु कोमल हुने, कोमल वस्तु साह्रो

हुने । नजीकैका साना कीराहरू मर्ने पनि हुन्छ । विष परेको बिछाउने ओढनेमा कालो टाटो देखिने धागो रौंका भूवाहरू झर्ने पनि हुन्छ । सुवर्ण आदि धातु, स्फटिक आदि मणिका वस्तुमा विष परेको भए लेग्रो लिपिएको, पालिस टलक ओजन प्रभा रङ् स्पर्श मसिनो खस्रोपना बदलिएको हुन्छ । विष परेका वस्तुका यी चिन्ह हुन्छन् ।

विष दिने मानिसको मुख सुख्खा च्याप्प-च्याप्प गर्ने, अनुहार कालो हुने, बोली अड्कने, पसीना आउने, हाइ गर्ने, थर-थर काम्ने, संममा पनि लड्ने, कसैले बोल्दा झस्केर हेर्ने, अड्न नसक्ने, थालेको काम चटक्क छोडेर हिंड्ने, यस्ता चिन्ह हुन्छन् ।

अतः विषको विद्या जान्ने र औषधि गर्नेहरू पनि राजाको नजीकमा रहनुपर्दछ ।

वैद्यले वैद्यखानाबाट चाखेर चोखा ठहऱ्याएको औषधि, पकाउने पिध्नेले पनि आफूले पनि अघिल्तिरै खाइहेरेर मात्र राजालाई दिनुपर्दछ । यस्तै पानी पिउने वस्तुहरू पनि औषधि सरहै जाँचेर राजालाई दिनुपर्दछ ।

हजाम र श्रृङ्गार गराउनेहरू पनि नुहाएर हात वस्त्र सफा गरेर राजभवनका अधिकारीको हातबाट लाहाछाप मारेका सामानहरू लिएर राजोचित सेवाकार्य गर्ने गरून् ।

स्नान गराउने, आङ् मिचने, बिछ्यौना लगाउने, रङ् लाउने, माला बनाउने काम दासीहरूले, अथवा तिनको देखरेखमा रहेका सिपालुहरूले गर्नू । पहिरने वस्त्र माल्यहरू आफ्नो आँखानजीकै जोरेर, स्नान गराउने लेपन गर्ने दल्ने स्नानको वस्तु चूर्ण वस्त्रहरू आफ्नो छाती बाहामा लाएर नाची राजालाई दिने गर्नू । यस्तै पराइबाट आएका वस्तुहरूमा पनि जाँचबूझ गर्नुपर्दछ ।

कुशीलव(खेलतमासा गर्ने)हरूले पनि हतियार आगो विषहरूबाहेक अरु सामानले विनोद (दिलबहलाउ) गर्ने गरून् । यिनका साज बाजाहरू र, राजाको सवारीका घोडा हात्ती रथहरूका साज गहना आदि पनि, राजभवन भित्रै राख्ने गरी काममा मात्र झिकेर काममा लाउने गर्नू ।

राजाले सवारीको यान रथ पालकी आदि, वाहन (हात्ती घोडा) आदि विश्वासका मानिसलाई पहिले चढ्न लगाई, आफू चढ्ने गर्नू । नाउ डुङ्गाहरू पनि विश्वासी मल्लाहा भएको चढ्नु । अर्को नाउमा गासिएको र हावाको भरमा मात्र चल्ने पनि नाउमा नचढ्नु । नाउको यात्रामा पानीनजीकै सेना पनि रहनुपर्दछ । पानीमा पस्ता माझीहरूले जाँचेर ठहऱ्याएको

मात्र पानीमा पस्नू । सर्प बाघ आदि हिंसक जन्तु पक्रनेहरूले जाँचेको बगैचाहरूमा भित्र जानू । शिकारको निमित्त पनि व्याधा कुकुर शिकारीहरूले जाचेर, चोर डाकू हिंसक जन्तु शत्रुले वाधा गर्ने भय नभएको पशुवनमा चलती निसाना मार्ने अभ्यासनिमित्त जानू ।

सिद्ध तपस्वीहरूको दर्शन गर्ने विश्वासी हतियारधारीहरू साथमा लिएर, सामन्त रजौटाहरूका दूतसंग भेटून मन्त्रिपरिषद् साथमा लिएर, गर्ने गर्नू । तयारी सेनाको छाउनीमा जाँदा कवच आदि पहिरेर तयार भई हात्ती वा रथमा चढेर राजाले जानू ।

देशान्तरमा जाँदा र देशभित्र पनि यताउति जाँदा मूल सडकको दुवैतिर रक्षाको प्रबन्ध गरी, लट्ठी लिएका पुलिसहरूद्वारा शास्त्र हातमा लिने संन्यासी अङ्ग-भङ्ग भएकाहरूलाई नदेखिने गरी परपर हटाई, राजाले यात्रा गर्ने गर्नू । मानिसको घुइँचो हुलभित्र राजाले नपस्ने गर्नू । देवताहरूको यात्रा जनसमूह इन्द्रध्वज, वसन्तोत्सव आदि, प्रवहण (वनभोज) आदिमा जाँदा सैनिकको टोलीद्वारा सुरक्षित भएर मात्र राजाले जाने गर्नू ।

विजिगीषु राजाले गुप्तचरहरूद्वारा अरु बाहिरियाप्रति सावधान रहेझैं अरु किसिमका बाधा पीडाहरूबाट पनि आफ्नो रक्षा गर्नामा सावधान रहनुपर्दछ ।

विनयाधिकारिक १ अधिकरण–पूर्ण ।

॥ श्रीहरिः ॥

अथ अध्यक्षप्रचारः-द्वितीयमधिकरणम् ।

प्रथमोऽध्यायः

१९ प्रकरणे—जनपदनिवेशः

भूतपूर्वमभूतपूर्वं वा जनपदं परदेशापवाहनेन स्वदेशाभिष्यन्दवमनेन वा निवेशयेत् । शूद्रकर्षकप्रायं कुलशतावरं पंचशतकुलपरं ग्रामं क्रोशद्विक्रोशसीमानमन्योन्यारक्षं निवेशयेत् ।

नदीशैलवनगृष्टिदरीसेतुबन्धशाल्मलीशमीक्षीरवृक्षानन्तेषु सीम्नां स्थापयेत् । अष्टशतग्राम्या मध्ये स्थानीयं चतुःशतग्राम्या द्रोणमुखं, द्विशतग्राम्या खार्वटिकं, दशग्रामीसंग्रहेण संग्रहणं स्थापयेत् । अन्तेष्वन्तपालदुर्गाणि । जनपदद्वाराण्यन्तपालाधिष्ठितानि स्थापयेत् ।

तेषामन्तराणि वागुरिकशबरपुलिन्दचण्डालारण्यचरा रक्षेयुः । ऋत्विगाचार्यपुरोहितश्रोत्रियेभ्यो ब्रह्मदेयान्यदण्डकरण्याभिरूपदायकानि प्रयच्छेत् । अध्यक्षसंख्यायकादिभ्यो गोपस्थानीकानीकस्थचिकित्सकाश्वदमकजंघालकेभ्यश्च विक्रयाधानवर्जम् । करदेभ्यः कृतक्षेत्राण्यैकपुरुषिकाणि प्रयच्छेत् । अकृतानि कर्तृभ्यो नादेयात् ।

अकृषतामाच्छिद्यान्येभ्यः प्रयच्छेत् । ग्रामभृतकवैदेहा वा कृषेयुः । अकृषन्तोऽपहीनं दद्युः । धान्यपशुहिरण्यैश्चैनाननुगृह्णीयात्तान्यनुसुखेन दद्युः । अनुग्रहपरिहारौ चैभ्यः कोशवृद्धिकरौ दद्यात् । कोशोपपातिकौवर्जयेत् । अल्पकोशो हि राजा पौरजानपदानेव ग्रसते । निवेशसमकालं यथागतकं वा परिहारं दद्यात् । निवृत्तपरिहारान्पितेवानुगृह्णीयात् ।

आकरकर्मान्तद्रव्यवनहस्तिवनव्रजवणिक्पथप्रचारान् वारिस्थलपथपण्यपत्तनानि च निवेशयेत् । सहोदकमाहार्योदकं वा सेतुं बन्धयेत् । अन्येषां वा बध्नतां भूमिमार्गवृक्षोपकरणानुग्रहं कुर्यात् ।

पुण्यस्थानारामाणां च । सम्भूय सेतुबन्धादप्रकामतः कर्मकरबलीवर्दाः कर्म कुर्युः । व्ययकर्मणि च भागी स्यात् । न चांशं लभेत । मत्स्यप्लवहरितपण्यानां सेतुषु राजा स्वाम्यं गच्छेत् । दासाहितकबन्धूनशृण्वतो राजा विनयं ग्राहयेत् । बालवृद्धव्याधितव्यसन्यनाथांश्च राजा बिभृयात् । स्त्रियमप्रजातां प्रजातायाश्च पुत्रान् ।

बालद्रव्यं ग्रामवृद्धा वर्धयेयुराव्यवहारप्रापणात्, देवद्रव्यं च । अपत्यदारान् मातापितरौ भ्रातॄनप्राप्तव्यवहारान् भगिनीः कन्या विधवाश्चाबिभ्रतः शक्तिमतो द्वादशपणो दण्डोऽन्यत्र पतितेभ्यः, अन्यत्र मातुः । पुत्रदारानप्रतिविधाय प्रव्रजतः पूर्वः साहसदण्डः, स्त्रियं च प्रव्राजयतः । लुप्तव्यवायः प्रव्रजेदापृच्छ्य धर्मस्थान् । अन्यथा नियम्येत ।

वानप्रस्थादन्यः प्रव्राजितभावः सजातादन्यः संघः सामुत्थायकादन्यः समयानुबन्धो वा नास्य जनपदमुपनिवेशेत । न च तत्रारामविहारार्थाः शालाः स्युः । नटनर्तनगायकवादकवाग्जीवनकुशीलवा वा न कर्मविघ्नं कुर्युः । निराशयत्वाद्ग्रामाणां क्षेत्राभिरतत्वाच्च पुरुषाणां कोषविष्टिद्रव्यधान्यरसवृद्धिर्भवतीति ।

परचक्राटवीग्रस्तं व्याधिदुर्भिक्षपीडितम् ।
देशं परिहरेद्राजा व्ययक्रीडाश्च वर्जयेत् ॥ १ ॥

दण्डविष्टिकराबाधै रक्षेदुपहतां कृषिम् ।
स्तेनव्यालविषग्राहैर्व्याधिभिश्च पशुव्रजान् ॥ २ ॥

वल्लभैः कार्मिकैः स्तेनैरन्तपालैश्च पीडितम् ।
शोधयेत्पशुसंघैश्च क्षीयमाणं वणिक्पथम् ॥ ३ ॥

एवं द्रव्यं द्विपवनं सेतुबन्धमथाकरान् ।
रक्षेत्पूर्वकृतान् राजा नवांश्चाभिप्रवर्तयेत् ॥ ४ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
जनपदनिवेशो नाम प्रथमोऽध्यायः ॥ १ ॥

द्वितीय अधिकरण-अध्यक्षप्रचार

(अध्यक्षहरूको काम)

अध्याय १

प्रकरण १९

देशमा वसति बसाउनु

[राजाले अनेक तरहका कामहरू त्यस-त्यस विभागका अध्यक्षद्वारा नै गराउन सम्भव हुनाले विभाग-विभागका अध्यक्षहरू र तिनले गर्नुपर्ने कामहरू यो द्वितीय अधिकरणमा निरूपण गरिन्छन् ।]

[यस प्रकरणमा चार वर्ण चार आश्रमका विभिन्न जातिका जन(प्रजावर्ण) को पद अर्थात् प्रधान नगर, उपनगर, ग्राम, आदि बस्ति बस्ने स्थानको व्यवस्था सबैभन्दा पहिले गर्नुपर्ने हुनाले जनपदको व्यवस्था गर्ने विषयको निरूपण गरिन्छ ।]

पुरानो वा नयाँ वस्ति गराउन परदेशबाट मानिस ल्याएर अथवा आफ्नै देशको पनि बाक्लो भएको ठाउँबाट बढ्ता भएका मानिसहरू ल्याएर गाउँ बसाउनुपर्दछ ।

शूद्र किसानहरू धेरै हुने गरी कमतीमा १०० घर, बढीमा ५०० घरसम्म भएको गाउँ, अर्को गाउँसँग १ कोस २ कोस फरक पारेर, एक गाउँबाट अर्को गाउँको रक्षा हुनशक्ने गरी बसाउनू । गाउँ गाउँको छेउमा नदी, पर्वत, वन, फाँट, खाडल, पूल, बाध, सीमल, शमी, दुधालु रूखहरू, सीमा गराउनू ।

गाउँहरूको समुदायस्वरूप मुख्य जनपदहरू यस्ता हुन्छन्—

१ स्थानीय—८०० गाउँको माझमा पर्ने नगर, जसको नामान्तर 'निगम' पनि हुन्छ ।

२ **द्रोणमुख**—४०० गाउँको माझमा पर्ने उपनगर।

३ **खार्वटिक**—२०० गाउँको माझमा पर्ने उपनगर।

४ **सङ्ग्रहण**—१०० गाउँको मुख्य ठूलो गाउँ।

यी सबै जनपदको आखिरी सीमामा अन्तपाल(देशको सीमारक्षक)-को अध्यक्षतामा रहेका किल्लाहरू हुन्छन्। जनपदमा पस्ने निस्कने द्वारका अध्यक्ष अन्तपाल हुन्छन्।

अन्तपालका सीमाना प्रदेशका अनेक अन्तपाल-दुर्गहरूका बिचमा मृगका शिकारी, भिल्ल, किरात, चाण्डालहरू र अरू वनमा घुम्ने जातिहरूले रक्षा गरून्।

ऋत्विक् गुरु पुरोहित वैदिक ब्राह्मणहरूलाई दण्ड र कर नलाग्ने सन्तान दरसन्तान पर्यन्त भोग गरिने गरी माफी जमीन दिनू। विभागका अध्यक्ष, गणक (हिसाब गर्ने) गोप १० गाउँका अधिकारी, स्थानिक (मुख्य नगरका चौथाइ भागको हेरचाह गर्ने अधिकारी, अनीकस्थ (हात्ती सधाउन सिपालु) वैद्य, घोडा तालीम गर्ने, जङ्घालक (टाढा टाढासम्म दौडधूप गर्ने)हरूलाई पनि, भोग गर्न पाउने विक्री बन्धक गर्न नपाउने गरी जमीन दिनू। सरकारी पोत तिर्नेहरूलाई तयारी खेतहरू एक पुस्ताले खान पाउने गरी दिनू। बाँझो जमीन तयार पार्नेलाई पछि नफर्काउने गरी दिनू।

खेती नगरेर जमीन खाली राख्नेबाट जमीन खोसेर अरुलाई खेती गर्न दिनू; गाउँमा पालिएर रहेका र बनियाहरूलाई दिए पनि हुन्छ। खेती गर्न कबोल गरेर लिई खेती नगरी बाँझो राख्नेले नोक्सानी भर्ना गर्नुपर्दछ।

खेती गर्न असमर्थ किसानहरूलाई अन्न पशु नगद दिएर सहायता गर्नुपर्दछ। यी किसानहरूले आफूले लीसकेका अन्न धनहरू पछि सुबिस्तासँग बुझाउनू। खेती गर्नेहरूलाई अनुग्रह (सहायता) र परिहार (विपत्ति टार्नाको निमित्त दिएको कुरा) आफ्नो धुकुटी बढाउने गरी केही फायदा समेत फिर्ता लिने गरी दिनुपर्दछ, ढुकुटीलाई धक्का दिने गरी दिन हुँदैन। किनभने—ढुकुटी घट्तै गएमा राजाले देशवासी प्रजालाई नै बाधा दिने गरी कर उठाउनुपर्न हुन्छ। नयाँ वस्ति बस्न आउनेहरूलाई सहायता परिहार करमुक्ति गरी दिनू। आफूले लिएको बुझाउने कृषकहरूलाई बाबुले छोरा-लाई झैं दया गरेर व्याजहरू नलिएर अनुग्रह गर्नुपर्दछ।

खानीको कारखाना, आमदानो हुने द्रव्यवन, हात्ती हुने वन, गोठ, व्यापार गर्ने बाटो, जलमार्ग, स्थलमार्ग, बजारहरू पनि ठाउँ ठाउँमा बनाउनू।

सधैं पानी हुने नदीहरूमा पूल, वर्षा समयमा पानो ल्याउने बाँध पनि बनाइदिनू। अरूले यसरी पूल बाँध बाँध्न लागेमा जमीन बाटो रूख अरु चाहिने सामानहरू दिएर सहायता गर्नू। कुनै पुण्यस्थान सर्व साधारण बगैंचाहरू बनाउनेलाई पनि सहायता दिनू। सबै जना मिलेर पूल बाँध बनाउन लागेमा आफ्नू काममा हट्नेहरूका नोकरचाकर बयलहरूलाई जबर्दस्ती गरी काम लाउनू। खर्चको भागसान्ति त्यस्ताले तिर्नुपर्दछ। त्यस्ताले पछि फाइदाको भाग लिन पाउँदैन।

कुलो बाँधहरू बनाउँदा पाइने माछा हाँस फल फूल घाँस पात आदि विक्री हुने वस्तुहरूमा राजाकै हक हुन्छ।

मालिकको आज्ञा नमान्ने दास बाँधाहरूलाई राजाले तह लाइदिनू। बालक, बूढा, रोगी, दुःखी, अनाथहरूलाई, सन्तान नभएकी अनाथ स्त्रीलाई छोरा छोरी हुने अनाथ स्त्रीका सन्तानलाई पनि राजाले पालन पोषण गरिदिनू।

नाबालकको धन सम्पत्ति त्यो व्यवहार गर्न समर्थ नभएसम्म र देवताको धन सम्पत्ति पनि गाउँका बूढापाकाहरूले जोगाएर राखिदिनू। पतित भएका बाहेक स्वास्नी, छोरा, छोरी, आमा, बाबु, नाबालक भाइहरू, अविवाहित बहिनी, विधवा बहिनीहरूलाई, आफू समर्थ हुँदा हुँदै पालन पोषण नगर्नेलाई र पतित भए पनि आफ्नी आमालाई पालन नगर्नेलाई पनि १२ पण दण्ड गर्नू।

स्वास्नी छोराहरूको जीविकाको बन्दोबस्त नगरी संन्यास लिएर हिंड्नेलाई र स्त्रीलाई संन्यास लिन लाउनेलाई पनि पूर्वसाहस (२५०) दण्ड हुन्छ।

वानप्रस्थबाहेक घरबार छोड्ने, राजा र राज्यको भलो गर्नेबाहेक अरु जनसङ्घ, धेरै जना मिलेर राजा प्रजाको भलो काम गर्नेबाहेक अरु उद्देश्य भएको जनसमुदाय, राज्यमा रहन पाउँदैनन्।

जनपदभित्र विहार गर्ने बगैचा, नाचघरहरू, हुन हुँदैन। नटुवा, गाउने, बजाउने, फतफत गर्ने, चटकीहरूको अरू आश्रय नहुनाले र मानिसहरू आफ्नो खेतीपातीमा लाग्ने हुनाले तिनबाट जनपदको कामधन्दामा विघ्न बाधा पर्नदिन हुँदैन। मानिसहरू आफ्नो काम काजमा लागेमा नै ढुकुटी मजदूर द्रव्य अन्न रसहरूको वृद्धि हुने हुन्छ।

राजाले देशलाई परचक्र (शत्रुदल), जङ्गलीदलहरूले पीडित, रोग दुर्भिक्षले पीडित हुन नदिनू, खर्च मात्र हुने खेल तमासाहरू गर्न नदिनू, दण्ड वेठी करको बाधाले खेतीमा हानि हुन नदिनू। चोर डाँकू हिंसक जन्तु विषप्रयोग आदि र रोगहरूबाट पनि पशुहरूको रक्षा गराउनू।

राजकर्मचारी, कर उठाउने, चोर, डाकू, सीमा-रक्षक, चौकीदारहरूले र बाघ आदि पशुहरूले पीडित भएको वाणिज्यको बाटोलाई सो बाधाबाट रक्षा गर्नू।

यसै गरी राजाले असल काठ आदि आउने वन, हात्ती हुने वन, बाँध पूल खानीहरू अगिदेखि भएकालाई रक्षा गरेर नयाँ-नयाँ पनि बनाउँदै गर्नू।

अथ द्वितीयोऽध्यायः

२० प्रकरणे—भूमिच्छिद्रविधानम्

अकृष्यायां भूमौ पशुभ्यो विवीतानी प्रयच्छेत्। प्रदिष्टाभयस्थावरजंगमानि च ब्राह्मणेभ्यो ब्रह्मसोमारण्यानि तपोवनानि च, तपस्विभ्यो गोरुतपराणि प्रयच्छेत्। तावन्मात्रमेकद्वारं खातगुप्तं स्वादुफलगुल्मगुच्छमकण्टकिद्रुममुत्तानतोयाशयं दान्तमृगचतुष्पदं भग्ननखदंष्ट्रव्यालमार्गायुकहस्तिहस्तिनीकलभमृगवनं विहारार्थं राज्ञः कारयेत्।

सर्वातिथिमृगं प्रत्यन्ते चान्यन्मृगवनं भूमिवशेन वा निवेशयेत्। कुप्यप्रदिष्टानां च द्रव्याणामेकैकशो वा वनं निवेशयेत्। द्रव्यवनकर्मान्तानटवीश्च द्रव्यवनापाश्रयाः। प्रत्यन्ते हस्तिवनमटव्या रक्षन् निवेशयेत्।

नागवनाध्यक्षः पार्वतं नादेयं सारसमानूपं नागवनं विदितपर्यन्तप्रवेशनिष्कासनं नागवनपालैः पालयेत्। हस्तिघातिनं हन्युः। दन्तयुगं स्वयं मृगस्याहरतः सपादचतुष्पणो लाभः।

नागवनपाला हस्तिपकपादपाशिकसौमिकवनचरकपारिकर्मिकसखा हस्तिमूत्रपुरीषच्छन्नगन्धा भल्लातकीशाखाप्रतिच्छन्नाः पंचभिः

सप्तभिर्वा हस्तिबन्धकीभिः सहः चरन्तः शय्यास्थानपद्यालेण्डकूलपातोद्देशेन हस्तिकुलपर्यग्रं विद्युः ।

यूथचरमेकचरं निर्यूथं यूथपतिं हस्तिनं व्यालं मत्तं पोतं बद्धमुक्तं च निबन्धेन विद्युः । अनीकस्थप्रमाणैः प्रशस्तव्यञ्जनाचारान् हस्तिनगृह्णीयुः । हस्तिप्रधानो विजयो राज्ञाम् । परानीकव्यूहदुर्गस्कन्धावारो प्रमर्दना ह्यतिप्रमाणशरीराः प्रणहरकर्माणो हस्तिन इति ।

कालिङ्गाङ्गगजाः श्रेष्ठाः प्राच्याश्चेति करूषजाः
दशार्णाश्चापरान्ताश्च द्विपानां मध्यमा मताः ॥ १ ॥

सौराष्ट्रिकाः पाञ्चजनाः तेषां प्रत्यवराः स्मृताः ।
सर्वेषां कर्मणा बीजं जवस्तेजश्च वर्धते ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
भूमिच्छिद्रविधानं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण २०

भूमिसुधार

(भूमिच्छिद्र भनेको खेती केही नहुने बनजर भूमि हो। त्यस्तोलाई सफल बनाउने विधान यस प्रकरणमा बताइन्छ ।)

खेती गर्न नहुने भूमिमा पशुहरूका निमित्त गौचर छोडिदिनू । स्थावर वृक्ष लता आदि र जङ्गम प्राणीहरूको भय नहुने गरी ब्रह्मारण्य (वेदाध्ययन गर्ने वन), सोमारण्य (सोमयाग आदि गर्ने वन), ब्राह्मणहरूलाई र तपस्वीहरूका निमित्त गो-कोशसंमको तपोवन छोड़िदिनू । गो-कोशसंमको, एक ढोका भएको, वरिपरि खाइनेर सुरक्षित गराइएको, मीठो फल-फूलको झाँग भएको, काँढे वृक्ष नभएको जलाशय (तलाउ आदि) पनि गहिरो नभएको, मृग अरु चौपायाहरू पनि मापाका नभएको, बाघ आदि हिंसक जन्तु पनि

दाँत नंग्राहरू उखेलिएका भएको, शिकारमा काम दिने हात्ती हत्तिनी छावाहरू भएको मृगवन राजाको विहारका निमित्त बनाउनू ।

जनपदको सीमानेर अथवा अन्यत्र ठाउँअनुसार अन्तबाट भागी आउने अतिथि मृग (जनावर)हरूले पनि आश्रय पाउने गरी अर्को अतिथि मृगवन पनि बनाइदिनू । जिन्सी द्रव्य-वस्तुमा गनिने असल जातका काठ हुने वृक्ष बाँस आदि समेत एकेक जातको एकेक वन पनि बनाउनू । यस्ता द्रव्यवनको नजीकै असल काठहरू तयार गर्ने कारखाना पनि तयार गराउनू ।

जनपदको पर छेउमा वनपालेहरू समेत भएको हात्ती रहने वन पनि बनाउनू ।

हात्ती वनको अध्यक्षले पहाड नदी धापहरूको सम्बन्ध भएको हात्तीको वन हात्तीहरू वरिपरिबाट पसेको निस्केको थाहा हुने गरी हात्तीवनका पालेहरूद्वारा सुरक्षित गराउनू । हात्ती मार्नेलाई मारिदिनू । आफै मरेका हात्तीका दुई दाँत ल्याई बुझाउनेलाई सवा चार पण पारितोषिक (इनाम) दिने गर्नू ।

हात्तीवनका पालेहरू हस्तिपक (माहुते), पादपांशिक (गोडामा फाँद हाल्ने), सैनिक (सीमारक्षक), वनचर (वनमा हिंडिरहने), पारिकर्मिक (हात्तीका टहलुवाहरू) समेत लिएर हात्तीको मल मूत्रको गन्ध आउने गरी, भलायोका स्याउलाहरूले छोपिएर, पाँच सात हात्ती कसाउने हथिनीहरू समेत लिएर यताउति घुम्दै, हात्तीहरू सुतेको, बसेको पायला छापा, लीड्, ठाउँ ठाउँमा दँतौरी खेलेर भत्काएको इत्यादि हेर्दै बुझ्दै हात्तीको बथान यहाँदेखि यहाँसम्म हिंडेको भन्ने पगदण्डी पत्ता लाउने गर्नू ।

बथान लिएर हिंड्ने, एक्लै हिड्ने, बथानबाट फुटेको, बथानको मालिक, हात्ती, दुष्ट मत्ता बच्चा (दश वर्षको) बन्धनबाट उम्केको यति भनी बहीखातामा गणना लेखिराख्नू ।

अनीकस्थ (हात्तीको विद्या जान्ने) पक्का मानिसहरूबाट असल लक्षण चालचलन भएका थाहा पाएर त्यस्ता असल हात्तीहरूलाई राजाका निमित्त पक्रनू । किनभने—राजाको विजयमा मुख्य साधन हात्ती नै हुन्छन् । ठूलो जीउ भएका अर्कोको ज्यान लिन सक्ने, हात्तीहरू शत्रुको फौज किल्ला छाउनीहरूको विध्वंस पार्ने हुन्छन् ।

हात्तीहरू कलिङ्ग र अङ्ग देशका उत्तम हुन्छन्, चेदि र करुषदेश दशार्णदेश अपरान्तदेशका चाहिं मध्यम हुन्छन् । सुराष्ट्र, पञ्चनद देशका चाहिं कमती मानिन्छन् । यी सबै थरीको तालीमले गर्दा वीरता, वेग, तेज पनि बढ्दछ ।

अथ तृतीयोऽध्यायः

२१ प्रकरणे—दुर्गविधानम्

चतुर्दिशं जनपदान्ते साम्परायिकं दैवकृतं दुर्गं कारयेत् । अन्तर्द्वीपं स्थलं वा निम्नावरुद्धमौदकं प्रास्तरं गुहां वा पार्वतं निरुदकस्तम्बमिरिणं वा धान्वनं खंजनोदकं स्तम्बगहनं वा वनदुर्गम् । तेषां नदीपर्वतदुर्गं जनपदारक्षस्थानं धान्ववनदुर्गमटवीस्थानम् ।

आपद्यपसारो वा जनपदमध्ये समुदयस्थानं स्थानीयं निवेशयेत् । वास्तुकप्रशस्ते देशे नदीसंगमे ह्रदस्य वाऽविशोषस्यांके सरसस्तटाकस्य वा वृत्तं दीर्घं चतुरस्रं वा वास्तुकवशेन प्रदक्षिणोदकं पण्यपुटभेदनमसंवारिपथाभ्यामुपेतम् । तस्य परिखास्तिस्रो दण्डान्तराः कारयेत् । चतुर्दश द्वादश दशेति दण्डान्विस्तीर्णाः विस्तारादवगाधाः पादोनमर्धं वा त्रिभागमूला मूले चतुरस्राः पाषाणोपहिताः पाषाणेष्टकाबद्धपार्श्वा वा तोयान्तिकीरागन्तुतोयपूर्णा वा सपरिवाहाः पद्मग्राहवतीश्च ।

चतुर्दण्डावकृष्टं परिखायाः षड्दण्डोच्छ्रितमवरुद्धं तद्द्विगुणविष्कम्भं खाताद्वप्रं कारयेत् । ऊर्ध्वचयं मञ्चपृष्ठं कुम्भकुक्षिकं वा हस्तिभिर्गोभिश्च क्षुण्णं कण्टकिगुल्मविषवल्लीप्रतानवन्तं पांसुविशेषेण वास्तुछिद्रं वा पूरयेत् । वप्रस्योपरि प्राकारं विष्कम्भद्विगुणोत्सेधमैष्टकं द्वादशहस्तार्ध्वमोजं युग्मं वा आचतुर्विंशतिहस्तादिति कारयेत् ।

रथचर्यासंचारं तालमूलमुरजकैः कपिशीर्षकैश्चाचिताग्रं पृथुशिलासहितं वा शैलं कारयेत् । न त्वेव काष्ठमयमग्निरवहितो हि तस्मिन् वसति । विष्कम्भचतुरस्रमट्टालकमुत्सेधसमावक्षेपसोपानं कारयेत् । त्रिंशद्दण्डान्तरं च द्वयोरट्टालकयोर्मध्ये सहर्म्यद्वितलां द्व्यर्धयामां प्रतोलीं कारयेत् । अट्टालकप्रतोलीमध्ये त्रिधानुष्काधिष्ठानं सपिधानच्छिद्रफलकसंहतमितीन्द्रकोशं कारयेत् ।

अन्तरेषु द्विहस्तविष्कम्भं पार्श्वे चतुर्गुणायाममनुप्राकारमष्टहस्तायतं देवपथं कारयेत् । दण्डान्तरा द्विदण्डान्तरा वा चार्याः कारयेत् ।

अग्राह्यदेशे प्रधावितिकां निष्कुहद्वारं च । बहिर्जानुभंजनी त्रिशूलप्रकरकूपकूटावपातकण्टकप्रतिसराहिपृष्ठतालपत्रशृङ्गाटकश्वदंष्ट्रार्गलोपस्कन्दनपादुकाम्बरीषोदपानकैः छन्नपथं कारयेत् ।

प्राकारमुभयतो मण्डपकमध्यर्धदण्डं कृत्वा प्रतोलीषट्तलान्तरं द्वारं निवेशयेत् । पंचदण्डादेकोत्तरवृद्ध्याऽष्टदण्डादिति चतुरस्रं षड्भागायामादधिकमष्टभागं वा । पंचदशहस्तादेकोत्तरमष्टादशहस्तादिति तलोत्सेधः । स्तम्भस्य परिक्षेपाः षडायामो द्विगुणो निखातः चूलिकायाश्चतुर्भागः । आदितलस्य पंचभागाः शालावापी सीमागृहं च । दशभागिकौ समत्तवारणौ द्वौ प्रतिमंचौ अन्तरमाणि हर्म्यं च समुच्छ्रयादर्धतलं स्थूणावबन्धश्च ।

आर्धवास्तुकमुत्तमागारं त्रिभागान्तरं वा । इष्टकावबन्धपार्श्वम् । वामतः प्रदक्षिणसोपानम् । गूढभित्तिसोपानमितरतः । द्विहस्तं तोरणशिरः, त्रिपंचभागिकौ द्वौ कवाटयोगौ, द्वौ द्वौ परिघौ, अरत्निरिन्द्रकीलः, पंचहस्तमाणिद्वारं, चत्वारो हस्तिपरिघाः, निवेशार्थं हस्तिनखः, मुखसमः संक्रमोऽसंहार्यो वा भूमिमयो वा निरुदके । प्राकारसमं मुखमवस्थाप्य त्रिभागगोधामुखं गोपुरं कारयेत् ।

प्राकारमध्ये कृत्वा वापीं पुष्करिणीं द्वारं चतुःशालमध्यर्धान्तराणिकं कुमारीपुरं मुण्डहर्म्यं द्वितलं मुण्डकद्वारं भूमिद्रव्यवशेन वा त्रिभागाधिकायामा भाण्डवाहिनीः कुल्याः कारयेत् ।

तासु पाषाणकुद्दालकुठारीकाण्डकल्पनाः ।
मुसृण्ठिमुद्गरा दण्डचक्रयंत्रशतघ्नयः ॥ १ ॥

कार्याः कार्मारिकाः शूला वेधनाग्राश्च वेणवः ।
उष्ट्रग्रीव्योऽग्निसंयोगाः कुप्यकल्पे च योऽवधिः ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
दुर्गविधानं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण २१

किल्लाको निर्माण

देशको जनपद (बस्ति बसेको ठाउँ)को चारै दिशामा युद्धमा काम दिने दैवी (स्वाभाविक) दुर्ग (किल्ला) यस्तो बनाउनू कि—

१. औदिक—जलदुर्ग (क) वरिपरि नदीले घेरिएको बीचमा जमीन भएको।
(ख) वरिपरि खाइ खनेर पानी भरेको बीचमा उठेको जमीन भएको।

२. पार्वत—पहाड़ी (क) पत्थरको पहाडले घेरिएको।
(ख) बडे-बडे दैवी खाडलले घेरिएको।

३. धान्वन—मरुभूमिको (क) पानी घाँसहरू केही नभएको।
(ख) वनजर जमीन भएको।

४. वनदुर्ग (क) दलदल जमीन भएको।
(ख) घना झाडी भएर पस्न नसकिने।

यी दुर्गहरूमध्यमा नदीदुर्ग र पर्वतदुर्ग सङ्कटपरेको बखतमा जनपदको रक्षा गर्ने हुन्छ। मरुभूमिको दुर्ग र वनको दुर्ग जङ्गली जातिको रक्षा गर्ने र त्यस्तै सङ्कट परिआएमा राजाले भाग्ने लुक्ने ठाउँ बन्दछ। जनपद मुख्य बस्तिको माझमा धनको उत्पादन गराउने, ८०० गाउँको बीचपर्ने "स्थानीय" नाम भएको नगरविशेष बसाउनू, त्यो स्थानीय नगर वास्तुविद्या जान्नेले असल ठहऱ्याएको ठाउँमा, दुइतिरबाट आउने नदीको सङ्गम भएको ठाउँमा, कहिल्यै पानी नसुक्ने ठूलो दह तलाउको नजीकमा, ठाउँ अनुसार बाक्लो वा लामो वा चारपाटे पारी पानी दाहिने बग्ने गरी, खोलिने ठाउँ भएको, काँधमा बोकिने भारी आउने स्थलमार्ग र जलमार्ग पनि भएको हुनुपर्दछ।

त्यो स्थानीय नगरको वरिपरि ४।४ हातको फरक गरी ५६।४८।४० हात फराकिला, चौडाइको चौथाइ कम वा आधा गहिरा अथमा माथिका चौडाइको ४ भागमा ३ भाग, वा आधा, तल जगमा चौडाइ भएको, पत्थरले बनाएका वा दायाँ बायाँ पत्थर वा ईंटले चिनेको, पानी संधै भरिभराउ हुने

वा चाहिने वेलामा पानी भरिने, पानीको निकास पनि भएको, कमल गोही-हरू पनि भएका, तीनवटा परिखा (खाई) बनाउनू।

त्यो खाईभन्दा १६ हाथ पर वरिपरि खाई खन्दा आएको माटो थुप्र्याएको २४ हात अगलो, माटो नभत्कने गरी खाँदिएको, उचाइको दोवर चौड़ाइ भएका, तल मोटो भई माथि माथि सानो हुँदै गएको, किंवा तलमाथि उत्तिकै चौड़ाइ भएको, अथवा तलमाथि केही सानो घडाझैं पेट फुकेको तुल्याई हात्ती बयलहरूलाई खुड्न लगाई, माटो कसिएको, वप्र (ढिस्को) वनाएर, त्यसमा काढे लहरा विषालु लहरा लाएर जेलिदिनू। यस्तो वप्र वनाएर बाँकीरहेको माटोले किल्लाभित्रको जमीनमा परेका खाडल पूरेर सम्म पारिदिनू।

त्यो वप्र (ढिस्को) को माथि वरिपरि चौडाइको दोबर उचाइ भएको १२ हातदेखि माथि १३।१५।१७।१९।२१।२३। यस्तो विजोर हात वा १४।१६।१८।२०।२२।२४ यस्तो जोर हात गरी २४ हात सम्म उचाइ भएको ईंटको प्राकार (पर्खाल) बनाउन लाउनू। सो पर्खालको माथि बग्गी दौड्न हुने संम वा तालवृक्षको फेदजस्तो, वा मादलजस्तो आकारको, वा वानरको टाउकोजस्तो, ईटको धूलो र चून मिसाएर बनाएको टाउको लाइदिनू। अथवा सो पर्खाल पत्थरै पत्थर जोडेर पत्थरको बनाए पनि हुन्छ। काठको भने पर्खाल नबनाउनू, काठकोमा आगो लागेमा आगो रहिरहने हुन्छ।

पर्खालको टाउकामा उचाइ चौडाइ बराबर भएको उचाइ अनुसारको सिढी भएको अट्टालक (अटाली भएको घर) १२०।१२० हातको फरक गरी बनाउनू। दुइ दुइ अटालीका बीचमा चौडाइको डेढा लमाइ भएको दुइतले प्रतोली(बुर्जाघर) बनाउनू।

सो अटाली र बुर्जाघरको बीचमा तीन जना धनुर्धारी (हतियारलिने) मानिस लुकेर बस्न हुने माथिपट्टि ढकनीसमेत भएको छिद्र भएको फल्याकले जोडेको इन्द्रकोश (गुप्तीखाटजस्तो) बनाउनू।

अटाली बुर्जा इन्द्रकोशका बिच बिचमा २ हात चौडा ८ हात लामा देपपथ (पर्खालमा उक्लने गुप्तबाटो) बनाउनू।

४ हातबाट ८ हात चौडाइ भएका चार्या—(उक्लने ओर्लने बाटा) पनि बनाउनू। शत्रुले हानेका बाणहरू नलाग्ने गरी सैनिकहरू लुक्न हुने प्रधावितिका (लुक्ने ठाउँ) त्यसैको नजीकमा पर्खालबाहिरका शत्रुको चालामाला हेर्न बुझ्न हुने निस्कुट-द्वार (टोड्काजस्तो प्वाल) पनि बनाउनू। खाईको बाहिरपट्टिको जमीनमा जानुभञ्जनी (घुडा फुकाल्ने) त्रिशूल, प्रकर

(बलियो काठ वा फलामले बनाइएका तीखो टुप्पा भएका सूजीहरू), कूप (इनार), कूट (फलामे सुइरा), अवपात (घासहरूले छोपिएका खस्ने खाडल), कण्टक प्रतिसर (काढेतार), अहिपृष्ठ (सर्पको डँडाल्नाका हाडजस्ता फलामे खण्ड खण्ड चुच्चा परेका), तालपत्र (तारको पातजस्ता तीखा फलामे पाता,) शृङ्गाटक (फलामे तीन चुच्चे), श्वदंष्ट्रा (कुकुरको दाह्रा जस्ता फलामे), अर्गला (आग्लो), उपस्कन्दन (चिप्लिने काठ), पांउका (एक पाइला मात्र टेक्न हुने हिलो भरिएका खाडल), अम्बरीष (आगो भरिएको खाडल), उदपान (पिउन नहुने पानी भएका पोखरी) इत्यादि विकट यन्त्र साधनहरू कसैले नदेखिने गरी भरिभराउ पार्नू।

पर्खालको दुवैपट्टि ६-६ हात चौडाइ भएको घर बनाएर, त्यसमा ६ तला भएको २० हातदेखि ४-४ हात बढाएर ६४ हातसम्मको चारपाटे, अथवा ८ हाते, किंवा लमाइको ६ भागको १ भाग वा ८ भागको १ भाग बढी चौडाइ भएको, द्वार (ढोका) बनाउनू।

ढोकाका खम्भाको उचाइ १५ हातदेखि एकेक हात बढाएर १० हात सम्म हुन्छ। खम्भाको परिधि उचाइको ६ भागको १ भाग, परिधिको दोबर जति खम्भाको गडाइ हुन्छ। खम्भाको टाउको परिधिको चौथाइ भाग हुन्छ।

पर्खालको दुवैपट्टि ६ हातको मण्डपक (चौतारो), त्यसमाथि बनाएर प्रतोली (बुर्जाघरको आधार रहने हुन्छ खम्भा भएको चारपाटे ठूलो ढोका २० हातदेखि ३२ हातसंम फराकिलो, अथवा ८ हात फराकिलो, किंवा चौडाइभन्दा ६ गुना वा ८ गुना बढी उचाई हुने गरी बनाउनू। १५।१६। १७।१८ हातसम्मका खम्भा र ढोकाको उचाइ हुनुपर्दछ। त्यसमा ४ खम्भाको मोटाइको दोबरजति भाग जमीनमा गाडनु पर्दछ। खंभाको माथिको भाग मोटाइको चतुर्थांश हुनुपर्दछ।

प्रतोली (बुर्जाघरका) ३ तलामध्ये तल्लो तलालाई ५ भाग लाएर बिचमा तलाउ त्यसको दाया बायाँ लामा चारपाटे २ खण्ड त्यसदेखि पर छेउमा चारकुने कोठा भएको सीमागृह पनि बनाउनू। घरको छेउमा घरको दशांश जति घेरा किल्ला इँटका पेटी (डबली) २ र आधी सानो ढोका बनाउनू। माथिका माझ दोस्रो तलाको उचाइ तलको भन्दा आधा हुन्छ साना साना खम्भा पनि लागेका हुन्छन्।

त्योभन्दा माथिको तेस्रो तला तलको जमीनको आधाजति फराकिलो किंवा ६ हात उचो हुन्छ। त्यसको दायाँ बायाँपट्टि इँटको भित्ता बनाएर

बायाँपट्टि माथि चढ्ने घुमाउरो सीढी र दायाँपट्टि भित्र दबिएको सिढी बनाउनू ।

तोरण (बाहिरी ढोका) को टाउको २ हातको हुन्छ । ३ वा ५ भागका दुइ कपाट (द्वार) तिनलाई बन्द गर्ने २ परिघ (गजवार) र त्यसको मुख्य फलामको कीला १ हातको हुन्छ । ती दुवै कपाटको विचमा एक आणिद्वार (सानो ढोका) पाँच हातको हुन्छ । त्यो सबै फाटक पूरा खोल्दा ५ वटा हात्ती सँगसँगै पस्न सक्ने हुनुपर्दछ । सो फाटकमा चार गजबार लाग्दछन् । फाटकको बाहिरपट्टि ओर्लनालाई हस्तिनख (ओरालो हुँदै गएको फाटक भरिको माटाको ढिस्को) हुनुपर्दछ ।

किल्लामा आउने जाने संचर (बाटो) काठको खम्भा गाडेर बलियो पार्नू । पानी नभएको ठाउँ भए त्यो सञ्चर मार्ग माटोको भए पनि हुन्छ । पर्खालको विस्तारअनुसार किल्लाबाट बाहिर निस्कने बाटोका निमित्त गोहीको मुखको आकार भएको गोपुर (किल्लाको ठूलो ढोका) बनाउनू ।

अथवा पर्खालको भित्रपट्टि तलाउ बनाएर यहीनेर पुष्करिणी द्वार (तलाउमा आउने ढोका) अगि भनेको आणि द्वारको डेढा ७ ।। हातको चारपाटे घर बनाएर त्यसमा कुमारीपुर—नाम भएको ढोका बनाउनू । दुइतले मुण्डा घर बनाएर त्यसमा मुण्डक द्वार नाम भएको ढोका बनाउनू । अथवा ठाउँ र खर्च गर्ने इच्छाअनुसार यी भनिएका द्वारहरू जुन जतिवटा बनाउने इच्छ छ त्यो अनुसार कुनै बनाई अरु नबनाए पनि हुन्छ ।

चौडाइभन्दा तृतीयांश बढी लामा नहरहरू मालसामान ओसारपसारका निमित्त बनाउनू ।

त्यो नहरको नजीकमा, पत्थर, कोदाली, बन्चरो, बाण, कल्पना (हात्तीको साज), भुसुण्डि (फलामको कीला जडेको काठको गदा) मुद्गर—(लामो गदाजस्तो ठूलो टुप्पा भएको), दण्ड (हुत्याउने लट्ठी); चक्र (बाटुलो धार परेको चक्का), यन्त्र (जामदग्न्य भैम आदि यन्त्र विशेष) शतघ्नी (फलामे कीला भरपूर गाडेको लामो गदाजस्तो), कर्मारिका (फलामको कालीगडले बनाउने, तोमर (भाला) लागेका बाँस आदि, उष्ट्रग्रीवी (ऊँटको घाँटी जस्तो हथियार), अग्निसंयोग (गुग्गुल धतुरो साल धूप गन्धक आदि आगो सल्काउने वस्तुहरू) र कुप्प-प्रकरणमा बताइने शाल तिनिस आदि काठ बाँस बोझो आदि पनि जम्मा गरी राख्नुपर्दछ ।

अथ चतुर्थोऽध्यायः

२२ प्रकरणे—दुर्गनिवेशः

त्रयः प्राचीना राजमार्गास्त्रय उदीचीना इति वास्तुविभागः । स द्वादशद्वारो युक्तोदकभूमिच्छन्नपथः । चतुर्दण्डान्तरा रथ्या राजमार्गद्रोणमुखस्थानीयराष्ट्रविवीतपथाः संयानीयव्यूहश्मशानग्रामपथाश्चाष्टदण्डाः । चतुर्दण्डः सेतुवनपथः । द्विदण्डो हस्तिक्षेत्रपथः । पञ्चारत्नयो रथपथश्चत्वारः पशुपथः । द्वौ शूद्रपशुमनुष्यपथः । प्रवीरे वास्तुनि राजनिवेशाः ।

चातुर्वर्ण्यसमाजीवे वास्तुहृदयादुत्तरे नवभागे यथोक्तविधानमन्तःपुरं प्राङ्मुखमुदङ्मुखं वा कारयेत् । तस्य पूर्वोत्तरं भागमाचार्यपुरोहितेज्यातोयस्थानं मन्त्रिणश्चावसेयुः । पूर्वदक्षिणं भागं महानसं हस्तिशाला कोष्ठागारं च । ततः परं गन्धमाल्यधान्यरसपण्याः प्रधानकारवः क्षत्रियाश्च पूर्वां दिशमधिवसेयुः । दक्षिणपूर्व भागं भाण्डागारमक्षपटलं कर्मनिषद्याश्च । दक्षिणपश्चिमं भागं कुप्यगृहमायुधागारं च । ततः परं नगरधान्यव्यावहारिककार्मान्तिकबलाध्यक्षाः पक्कान्नसुरामांसपण्याः रूपाजीवास्तालापचारा वैश्याश्च दक्षिणां दिशमधिवसेयुः । पश्चिमदक्षिणं भागं खरोष्ट्रगुप्तिस्थानं कर्मगृहं च । पश्चिमोत्तरभागं यानरथशालाः । ततः परमूर्णासूत्रवेणुचर्मवर्मशस्त्रावरणकारवः शूद्राश्च पश्चिमां दिशमधिवसेयुः । उत्तरपश्चिमं भागं पण्यभैषज्यगृहम् । उत्तरपूर्वं भागं कोशो गवाश्वं च । तत परं नगरराजदेवतालोहमणिकारवो ब्राह्मणाश्चोत्तरां दिशमधिवसेयुः । वास्तुछिद्रानुलासेषु श्रेणीप्रवहणिकनिकाया आवसेयुः ।

अपराजिताप्रतिहतजयन्तवैजयन्तकोष्ठान् शिववैश्रवणाश्विश्रीमदिरागृहं च पुरमध्ये कारयेत् । कोष्ठकालयेषु यथोद्देशं वास्तुदेवताः स्थापयेत् । ब्राह्मैन्द्रयाम्यसैनापत्यानि द्वाराणि बहिः परिखाया धनुःशतापकृष्टाश्चैत्यपुण्यस्थानवनसेतुबन्धाः कार्याः । यथादिशं च दिग्देवताः ।

उत्तरः पूर्वो वा श्मशानघाटः, दक्षिणेन वर्णोत्तराणाम् । तस्यातिक्रमे पूर्वः साहसदण्डः । पाषण्डचण्डालानां श्मशानान्ते वासः । कर्मान्तक्षेत्रवशेन वा कुटुम्बिनां सीमानं स्थापयेत् । तेषु पुष्पफलवाटषण्डकेदारान् धान्यपण्यनिचयांश्च अनुज्ञाताः कुर्युः ।

दशकुलीवाटं कूपस्थानं सर्वस्नेहधान्यक्षारलवणभैषज्यशुष्कशाकयवसवल्लूरतृणकाष्ठलोहचर्माङ्गारस्नायुविषविषाणवेणुवल्कलसारदारुप्रहरणावरणाश्मनिचयाननेकवर्षोपभोगसहान् कारयेत् । नवेनानवं शोधयेत् । हस्त्यश्वरथपादातमनेकमुख्यमवस्थापयेत् । अनेकमुख्यं हि परस्परभयात्परोपजापं नोपैतीति, एतेनान्तपालदुर्गसंस्कारा व्याख्याताः ।

न च बाहिरिकान्कुर्यात्पुरराष्ट्रोपघातकान् ।
क्षिपेज्जनपदे चैतान् सर्वान् वा दापयेत्करान् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
दुर्गनिवेशो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण २२

किल्लाभित्रको बनोट

किल्लाभित्रको वास्तु(जमीन)मा पूर्व-पश्चिम लामा तीन, उत्तर-दक्षिण लामा तीन राजमार्ग (मूल सडक) बनाउनू । प्रत्येक सडकको छेउमा ढोका भएर जम्मा १२ ढोका वरिपरि हुन्छन् । त्यहाँ पानीका कूवाँ इनार तलाउहरू र पानी लिन जाने बाटो बिच बिचमा सुरुङ्का बाटाहरू पनि हुनुपर्दछ ।

यस्ता सडकहरू ४ दण्ड (१६ हात) चौडा हुन्छन् । राजमार्ग, द्रोणमुखपथ (४०० गाउँको सदर उपनगरको बाटो) स्थानीय-पथ (८०० गाउँको सदर नगरको बाटो), राष्ट्रपथ (जनपदमा आउने जाने बाटो), विनीतपथ (गोचर वनजर भूमिमा जाने बाटो) संयानीय-पथ (विक्रीका मालहरूको

खरीद विक्री हुने मुख्य बजारको बाटो), व्यूह-पथ (शत्रुले घेरा दिएको वेलामा पर्खालवरिपरि सेना घुम्ने बाटो), श्मशानपथ (श्मशानघाटमा जाने बाटो) ग्रामपथ (गाउँमा आउने जाने बाटो), यिनीहरू ८ दण्ड—३२ हात चौड़ा, सेतपथ (बांधको बाटो), वनपथ (वनको बाटो) यी ४ दण्ड (१६ हात) चौडा, हस्तिपथ (हात्ती हिंड्ने बाटो) क्षेत्रपथ (खेतमा जाने बाटो) २ दण्ड (८ हातको), रथको बाटो ५ हातको पशुपथ—गाई भैंसी हिड्ने चार हातको, क्षुद्र पशुपथ (भेंडा, बाख्रा आदि क्षुद्र पशु हिड्ने बाटो) र मनुष्यपथ—(मानिस हिडने बाटो) दुइ हात चौडा बनाउनुपर्दछ।

ब्राह्मण आदि चारै वर्णको जीविका चल्ने वीर पुरुषहरू प्रशस्त भएको, ठाउँमा राजभवन बनाउनू।

वास्तु हृदय ठाडो तेर्सो र ९।९ भाग गरी ८१ खण्ड पारेको घडेरीको माझको ९ भागभन्दा उत्तरपट्टिको ९ भाग पारेर भनेबमोजीमको पूर्व वा उत्तरमुख भएको अन्तःपुर (भित्री महल) बनाउनू।

त्यसको ईशानपट्टिको भागमा गुरु पुरोहितको भवन, यज्ञ गर्ने ठाउँ, जल रहने ठाउँ, मन्त्रीहरू बस्ने घरहरू बनाउनू। आग्नेयपट्टिको भागमा—भान्सा घर, हात्ती रहने घर भण्डारघर बनाउनू। राजभवनदेखि परतिर सुगन्धी वस्तु माला अन्न घ्यू दूध आदि रसको विक्री हुने बजार, मुख्य मुख्य कालीगड क्षत्रियहरू पनि पूर्वपट्टि बस्ने गर्नू। आग्नेयपट्टि भण्डारघर अक्षपटल (नगदद्रव्यको आमदानी खर्च हिसाब गर्ने ठाउँ), कर्मनिषध्वा (सुन चाँदीका मालगहनाहरू बनाउने ठाउँ), नैर्ऋत्यपट्टि जिन्सीभण्डार र शस्त्रहरू राख्ने घर बनाउनू। त्यहाँदेखि पर दक्षिणपट्टि सदरमा रोजगार गर्ने, अन्नको व्यापार गर्ने, कार्मान्तिक (खानीसम्बन्धी आदि कामका अधिकारी पुरुष), सेनाका अध्यक्ष बस्ने ठाउँ, पक्वान्न बेच्ने, मांस बेच्ने, मद्य बेच्ने वेश्याहरू, तालमा नाच्ने नटहरू र वैश्यहरू बस्ने गर्नू। नैर्ऋत्य भागमा खच्चर ऊँट गधाहरू रहने ठाउँ र तिनको खरीद विक्री हुने ठाउँ पनि बनाउनू। वायव्य भागमा सवारी रथहरू रहने घर बनाउनू। त्यहाँभन्दा पर पश्चिमपट्टि ऊन सूत बाँस छाला कवच शस्त्रहरू राख्ने, दाप आदिका कालीगडहरू र शूद्रहरू रहने ठाउँ बनाउनू। वायव्य भागमा सरकारी विक्रीको माल रहने घर, औषधिको भण्डारघर, ईशान भागमा ढुकुटीघर गाई घोडाहरू रहने घरहरू बनाउनू। त्यहाँदेखि पर उत्तरपट्टि नगरका देवता राजाका कुलदेवताहरू रहने मन्दिरहरू, धातु र रत्नका

कालीगडहरू र ब्राह्मणजाति बस्ने गरून्। बिच बिचका खाली ठाउँमा श्रेणी (धोबी बुन्ने आदिको वर्ग), प्रवहणिक (पालकी आदि बोक्नेहरू) रहने गर्नू।

अपराजिता (दुर्गा) अप्रतिहरा (विष्णु) जयन्त (सुब्रह्मण्य) वैजयन्त (इन्द्र)का भित्री कोठा, शिव, कुवेर अश्विनीकुमार, लक्ष्मी मादिरा (दुर्गा)का मन्दिरहरू पनि शहरभित्र बनाउनू : वास्तुविभागका देवताहरूलाई सोसो भाग पारेर राखनू। शहरको उत्तरपट्टि ब्रह्मा-देवता भएको द्वार, पूर्वपट्टि इन्द्र-देवता भएको द्वार, दक्षिणपट्टि यम-देवता भएको द्वार, उत्तरपट्टि सेनापति स्वामिकार्तिक देवता भएको द्वार बनाउनू। खाइका बाहिरपट्टि ४०० हात पर चैत्य (प्रसिद्ध वृक्ष) पुण्यतीर्थ आदि, वन,बाँधहरू बनाउनू। दिशा दिशामा दिक्पाल देवताहरू पनि राख्नू।

श्मशानघाट उत्तर वा पूर्वपट्टि, ब्राह्मणको दक्षिणपट्टि गराउनू। यो नियम लङ्घन गर्नेलाई पूर्व साहस (२५०) दण्ड गर्नू : पाखण्डी चाण्डालहरू श्मशानको नजीकमा बस्ने गराउनू।

किल्लाको छेउमा बसाउनु पर्ने शूद्र परिवारलाई काम र ठाउँ अनुसार चौहद्दी गराइदिनू।

ठाउँ ठाउँमा फूल फलका बगैंचा, कमल हुने ठाउँहरू, धानका खेतहरू र बिक्री हुने अनाजहरू थुप्र्याउने गोदामहरू पनि राज्यका अधिकारीबाट अनुमति लिएर बनाउनू। २० हलले जोत्ने जमीनमा १० परिवार बस्ने १ कूवाँ इनार बनाउनू।

शहरमा घ्यू तेल आदि चिल्लो वस्तु, अन्न गुड आदि क्षार, नून, औषधि, शुकेको शण, भूसा, शुकुटी मासु, घास, दाउरा, फलाम्, छाला, कोइला, नसा, विष, सीङ्, बाँस, रूखको बोक्रा, बलियो काठ, हतियार, कवच, ढुंगाहरू, धेरै वर्षसम्म भोग गर्न पुग्ने गरी जंमा राख्ने गर्नू। नयाँ आएपछि पुरानोलाई बदलिदिने गर्नू।

हात्ती, घोडा रथ पैदल यी चतुरङ्ग सेनाहरू अनेक मुख्य पुरुषको देखरेखमा रहने गर्नू। धेरै जना मुख्य पुरुषहरू भएमा परस्परको भयले शत्रुले फुटाउन नसकिने हुन्छन्।

शहरका किल्लाको यो बन्दोबस्तबाट अन्तपाल-दुर्ग (राज्यको सीमानाको रक्षा गर्ने किल्ला) हरूको प्रबन्ध पनि बुझ्नुपर्दछ।

राजाले शहरमा नगर राष्ट्रलाई बाधा पीडा दिने बाहिरिक–अर्थात् धूर्त ठग नट नर्तक आदिलाई नबसाउनू–यदि राख्नै पर्‍यो भने जनपदको सीमानामा बसाउनू। अरु सरह यिनलाई पनि कर तिराउनू।

अथ पञ्चमोऽध्यायः

२३ प्रकरणे–सन्निधातृनिचयकर्म

सन्निधाता कोशगृहं पण्यगृहं कोष्ठागारं कुप्यगृहमायुधागारं बन्धनागारं च कारयेत्। चतुरस्रां वापीमनुदकोपस्नेहां खानयित्वा पृथुशालाभिरुभयतः पार्श्वमूलं च प्रचित्य सारदारुपंजरं भूमिसमं त्रितलमनेकविधानं कुट्टिमदेशस्थानतलमेकद्वारं यन्त्रयुक्तसोपानं देवतापिधानं भूमिगृहं कारयेत्। तस्योपर्युभयतो निषेधं सवप्रग्रीवमैष्टकं भण्डवाहिनीपरिक्षिप्तं कोशगृहं कारयेत्, प्रासादं वा।

जनपदान्ते ध्रुवनिधिमापदर्थमभित्यक्तैः पुरुषैः कारयेत्। पक्वेष्टकास्तम्भं चतुःशालमेकद्वारमनेकस्थानतलं विवृतस्तम्भापसारमुभयतः पण्यगृहं कोष्ठागारं च। दीर्घबहुलशालं कक्ष्यावृतकुड्यमन्तःकुप्यगृहं तदेव भूमिगृहयुक्तमायुधागारं पृथग्धर्मस्थीयं महामात्रीयं विभक्तस्त्रीपुरुषस्थानमपसारतः सुगुप्तकक्ष्यं बन्धनागारं स्थापयेत्।

सर्वेषां शालाखातोदपानवर्च स्नानगृहाग्निविषत्राणमार्जारनकुलारक्षास्वादैवपूजनवृत्ताः कारयेत्। कोष्ठागारे वर्षमानमरत्निमुखं कुण्डं स्थापयेत्। तज्जातिकरणाधिष्ठितः पुराणं नवं च रत्नं सारं फल्गुकुप्यं वा प्रतिगृह्णीयात्। तत्र रत्नोपधावुत्तमो दण्डः कर्तुः कारयितुश्च। सारोपधौ मध्यमः। फल्गुकुप्योपधौ तच्च तावच्च दण्डः। रूपदर्शकविशुद्धं हिरण्यं प्रतिगृह्णीयात्। अशुद्धं छेदयेत्। आहर्तुः पूर्वः साहसदण्डः।

शुद्धं पूर्णमभिनवं च धान्यं प्रतिगृह्णीयात्। विपर्यये मूलद्विगुणो दण्डः। तेन पण्यं कुप्यमायुधं च व्याख्यातम्। सर्वाधिकरणेषु युक्तोपयुक्ततत्पुरुषाणां पणादिचतुष्पणाः परमापहरेषु पूर्वमध्यमोत्तमवधा दण्डाः। कोशाधिष्ठितस्य कोशावच्छेदे घातः। तद्वैयावृत्यकाराणामर्धदण्डः। परिभाषणमविज्ञाते। चोराणामभिप्रधर्षणे चित्रो घातः। तस्मादाप्तपुरुषाधिष्ठितः सन्निधाता निचयाननुतिष्ठेत्।

बाह्यमाभ्यन्तरं चायं विद्याद्वर्षशतादपि ।
यथा पृष्टो न सज्जेत व्ययशेषं च दर्शयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीये अधिकरणे
सन्निधातृनिचयकर्म नाम पंचमोऽध्यायः ॥ ५ ॥

अध्याय ५

प्रकरण २३

ढुकुटीका अध्यक्षको काम

(सरकारी ढुकुटी भण्डार आदिमा सञ्चय र देखरेख गर्ने उच्च अधिकारी पुरुषलाई "सन्निधाता" भन्दछन्) सन्निधाताले–कोशगृह (सुवर्णरत्न आदि जम्मा हुने ढुकुटीघर), पण्यगृह, (सरकारी बिक्री हुने वस्तुहरू जम्मा गरिने घर), कोष्ठागार (अन्न आदि खाद्यवस्तुहरू जंमा हुने कोठार), कुप्यगृह (साल आदि उत्तम काठहरू जंमा हुने जिन्सी भण्डार), आयुधागार (हतियारहरू रहने भण्डार-घर), बन्धनागार (झ्यालखानहरू) बनाउने बन्दोबस्त गर्नुपर्दछ ।

निर्माण —

कोशगृह बनाउनालाई पहिले चारपाटे इनारजस्तो गहिरो खाडल खनी त्यसमा पानी नरसाउने पारेर चारैतिर र तल ठूल्ठूला पत्थरले चिनेर असल काठको बार चारैतिर बनाएर जमीनअनुसार तीन तला पारेर त्यसमा अनेक कोठा तुल्याएर, तीनै तलाको जमीन पिटुवा बलियो पारी, यौटामात्र ढोका भएको, मौकामा झिक्न जोर्न हुने, भरेङ् बनाई, माथिबाट देवताको मूर्ति खोपिएको काठको ढकनी भएको भूइँघर बनाउनू । त्यसमाथि भित्रपट्टिबाट र बाहिर पट्टिबाट पनि आग्लो लाग्ने बार्दली जस्तो निस्केको ईंको-कोशगृह (ढुकुटीघर) बनाउनू । त्यसको बाहिर वरिपरि नाउ चलाउन हुने नदीले घेरिदिनू ।

अथवा, जनपदको सीमानामा एक भवन, वधको दण्ड पाएर समाजबाट बाहिर भएका मानिसद्वारा बनाउन लगाउनू । त्यो भवनमा सङ्कट परेको समयमा उपभोगका निमित्त स्थायी धनको सञ्चय गरी राख्नू । ती वधदण्ड

पाउने पुरुषहरू राजाबाट पालिएर बनाउने समयमा त्यहाँ धन सञ्चय भएको रहस्य प्रकाश गर्दैनन्, बनिसकेपछि मारिने हुनाले पछि पनि रहस्य खुल्ने नभई त्यहाँ रहेको धन गुप्त सुरक्षित रहन्छ ।

पाको ईंटका खम्भाहरू भएको, चारैतिर सामुन्ने सामुन्ने पर्ने चौघरा-घर भएको, धेरै तला धेरै कोठा भएको, ढोका यौटामात्र भएको, दुवैपट्टि खम्भामाथि बरण्डा भएको, पण्यगृह (सरकारी बिक्रीका वस्तुहरू राख्ने घर) र कोष्ठागार (अन्न आदि खाद्य वस्तु राख्ने भण्डारघर पनि बनाउनू। यस्तै गाह्रोले छेकेका धेरै कोठा भएको, लामो, धेरै खण्ड भएको, कुप्यगृह (जिन्सीसामानहरू राख्ने भण्डार घर) र, यस्तै तल भूइँघर समेत भएको, आयुधागार हतियारहरू राख्ने घर, धर्मस्थीय (धर्मसभा-सम्बन्धी) अर्थात् न्यायाधीशहरूकहाँ मुद्दाको निर्णयलाई आउने मानिसहरू बस्ने र हार्नेलाई थुन्ने ठाउँ पनि भएको र, महामन्त्रीय (सन्निधाता समाहर्ता आदि प्रधान अधिकारीसम्बन्धी) कसैसँग विश्वासको खातिर बन्धकीजस्तो गरेर लिइएका र युद्धमा पक्रिएका मानिस आदि राख्ने ठाउँ बनेको छुट्टा-छुट्टा बन्धनागार (थुनुवा राख्ने घर) लोग्नेमानिस र स्वास्नीमानिस बस्ने अलग-अलग खण्ड भएको, कतैबाट पनि भाग्न नपाउने गरी सुरक्षित हुने बनाउन लाउनू ।

यी सबै कोशगृह, पण्यगृह, कोष्ठागार, कुप्यगृह, आयुधागार, बन्धनागर, समेत ६, वरिपरि, खाई, पर्खाल, पानीको कूवा, इनार स्नानगृह, आगो र विषको बचाउ गर्ने बिरालो र न्याउरीहरू राख्ने, पाले पहरा रहने प्रबन्ध पनि गराउनू। कोशगृहमा कुबेर, पण्यगृह, कोष्ठागारमा लक्ष्मी, कुप्य-गृहमा विश्वकर्मा, आयुधागारमा यम, बन्धनागारमा वरुण यी देवताको पूजा हुने पनि गराउनू। कोष्ठागारमा वर्षाको पानी नाप्ने एक हात मुख भएको चारपाटे कुण्ड (खाडल) पनि बनाउनलाउनू ।

सञ्चय—

सन्निधाताले—कोशगृह आदि ढुकुटी भण्डारहरूमा मालहरू बुझ्दा राख्ता, त्यो त्यो वस्तुको व्यवहार गर्न जान्ने मानिस र लेखक गणक आदि कर्मचारीसमेत लिएर, पुरानो नयाँ छुट्याई, मणि मोती आदि रत्न, श्रीखण्ड आदि सार, वस्त्र आदि फल्गु (मामूली) काठ छाला, बाँस आदि कुप्य (जिनिस) हरू जाँची सञ्चय गर्ने गर्नू ।

रत्नमा नकली पारी कपट गरेमा गर्ने गराउने दुवैलाई उत्तम साहस (१०००) दण्ड, सार चन्दनादिमा कपट गरेमा मध्यम साहस (५००)

दण्ड, फल्गु वस्त्र आदि र कुप्य—काठ छाला आदिमा कपट गरेमा नोक्सानी भर्ना गराई बिगो बराबर दण्ड पनि गर्नू।

हिरण्य—छाप लागेको सुन चाँदी (असर्फी रुपियाँआदि) नगद जाँचकीले जाँची असल चोखा ठहरिएको मात्र ढुकुटीमा लिनू। खोटो ठहरिएको काटेर रद्दी गरिदिनू। त्यस्तो खोटो दिन ल्याउनेलाई पूर्व साहस (२५०) दण्ड गर्नू।

शुद्ध (पोटिलो) पूर्ण (नाप तौलमा पुग्ने) नयाँ अन्न लिनुपर्छ। यस्तो नभए बिगोको दोब्बर दण्ड गर्नू।

यही किसिमसँग पण्यवस्तु कुप्य, आयुध, पनि जाँचेर लिने कपट गरेमा दण्ड हुने कुरा बुझ्नू।

दण्ड—सबै अधिकरण (अधिकार स्थान) हरूमा, युक्त—प्रधान, उपयुक्त-प्रधानको सहकारी, तत्पुरुष–त्यसभन्दा मनिका कर्मचारीहरूलाई १ पण, २ पण, ४ पण, दण्ड गर्नू। १ बाजि दण्ड गरेपछि पनि फेरि अपहरण गरेमा पूर्व साहस, मध्यम साहस, उत्तमसाहस दण्ड, पण्यको परिमाणअनुसार गर्नू। त्यति गरेर पनि फेरि अपहरण गरेमा वधदण्ड गर्नू।

सरकारी कोश—ढुकुटी भण्डारहरूको अध्यक्ष भएर रहेकाले सरकारी नगद जिनिस धनको नाश गरेमा प्राण-दण्ड गर्नू। त्यसमा सहायता गर्नेलाई आधा दण्ड गर्नू। यसले गरेको भनी थाहा नभएमा सबै कर्मचरीहरूलाई गाली गर्नू। चोरले भित्ता फोरेर सुरुङ् खनेर बोकेको भए चित्रवध अर्थात् (शास्ती समेत दिएर गर्ने वध) दण्ड गर्नू।

अतः सन्निधाताले विश्वासी आप्तपुरुषहरू साथमा लिएर कोशहरूमा धन मालको सञ्चय गर्ने गर्नुपर्दछ।

बाह्य–बाहिरी जनपदबाट आएको र आभ्यान्तर–भित्र नगरबाट आएको सरकारी आय सय वर्षपछि सोधिएमा पनि यति भनी भन्न सक्ने भएर आय व्ययको गणना गरी बाँकी रहेको छर्लङ्ग देखिने गरी राख्नुपर्दछ।

अथ षष्ठोऽध्यायः

२३ प्रकरणे—समाहर्तृसमुदयप्रस्थापनम्

समाहर्ता दुर्गं राष्ट्रं खनिं सेतुं वनं व्रजं वणिक्पथं चावेक्षेत। शुल्कं दण्डः पौतवं नागरिको लक्षणाध्यक्षो मुद्राध्यक्षः सुरा सूना सूत्रं

तैलं घृतं क्षारं सौवर्णिकः पण्यसंस्था वेश्या द्यूतं वास्तुकं कारुशिल्पिगणो देवताध्यक्षो द्वारबाहिरिकादेयं च दुर्गम् । सीता भागो बलिः करो वाणिक् नदीपालस्तरो नावः पट्टनं विवीतं वर्तनी रज्जूश्चोररज्जूश्च राष्ट्रम् ।

सुवर्णरजतवज्रमणिमुक्ताप्रवालशंखलोहलवणभूमिप्रस्तररसधातवः खनिः । पुष्पफलवाटषण्डकेदारमूलवापाः सेतुः । पशुमृगद्रव्यहस्तिवनपरिग्रहो वनम् । गोमहिषमजाविकं खरोष्ट्रमश्वाश्वतराश्च व्रजः । स्थलपथो वारिपथश्च वणिक्पथः । इत्यायशरीरम् ।

मूलं भागो व्याजी परिघः क्लृप्तं रूपिकमत्ययश्चायमुखम् । देवपितृपूजादानार्थं स्वस्तिवाचनमन्तःपुरमहानसं दूतप्रावर्तनं कोष्ठागारमायुधागारं पण्यगृहं कुप्यगृहं कर्मान्तो विष्टिः पत्त्यश्वरथद्विपपरिग्रहो गोमण्डलं पशुमृगपक्षिव्यालवाटाः काष्ठतृणवाटाश्चेति व्ययशरीरम् ।

राजवर्षं मासः पक्षो दिवसश्च व्युष्टं वर्षाहेमन्तग्रीष्माणां तृतीयसप्तमा दिवसोनाः पक्षाः शेषाः पूर्णाः पृथगधिमासक इति कालः ।

करणीयं सिद्धं शेषमायव्ययौ नीवी च । संस्थानं प्रचारः शरीरावस्थापनमादानं सर्वसमुदयपिण्डसंजाततत्करणीयम् ।

कोशार्पितं राजहारः पुरव्ययश्चाप्रविष्टं परमसंवत्सरानुवृत्तं शासनमुक्तं मुखाज्ञप्तं चापातनीयमेतत्सिद्धम् ।

सिद्धिप्रकर्मयोगो दण्डशेषमाहरणीयं बलात्कृतप्रतिस्तब्धमवसृष्टं च प्रशोध्यमेतच्छेषमपसारमल्पसारं च ।

वर्तमानः पर्युषितोऽन्यजातश्चायः । दिवसानुवृत्तो वर्तमानः । परमसांवत्सरिकः परप्रचारः संक्रान्तो वा पर्युषितः । नष्टप्रस्मृतमायुक्तदण्डः पार्श्वं पारिहीणिकमौपानयिकं डमरगतकस्वमपुत्रकं निधिश्चान्यजातः ।

विक्षेपव्याधितान्तरारम्भशेषश्च व्ययप्रत्ययः । विक्रये पण्याना-

मर्थवृद्धिरुपजा मानोन्मानविशेषो व्याजी क्रयसंघर्षे वा वृद्धिरित्यायः ।

नित्यो नित्योत्पादिको लाभो लाभोत्पादिक इति व्ययः । दिवसानुवृत्तो नित्यः । पक्षमाससंवत्सरलाभो लाभः । तयोरुत्पन्नो नित्योत्पादिको लाभोत्पादिक इति । व्ययसंजातादायव्ययविशुद्धा नीवी प्राप्ता चानुवृत्ता चेति ।

एवं कुर्यात्समुदयं वृद्धिं चायस्य दर्शयेत् ।
ह्रासं व्ययस्य च प्राज्ञः साधयेच्च विपर्ययम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
समाहर्तृसमुदयप्रस्थापनं नाम षष्ठोऽध्यायः ॥ ६ ॥

अध्याय ६

प्रकरण २४

तहसील गर्ने अध्यक्षको काम

(राष्ट्र, नगर, जनपद, जमीन आदिबाट आउनुपर्ने आउने सरकारी आयको असूलतहसील गर्ने उच्च अधिकारी पुरुषलाई 'समाहर्ता' भन्दछन् ।) समाहर्तले दुर्ग, राष्ट्र, सेतु, वन, व्रज, वणिक्पथ यतिको हेरचाह गरी सरकारी आय उठाउने काम गर्नुपर्दछ ।

आयशरीर—सरकारी आमदानीका मार्ग यी हुन्—

१ दुर्ग भनेको–(१)घाटको महसूल, (२) दण्डसजायको धन, (३) पौतव–नाप तौल गर्ने भाँडा ढकहरूको अध्यक्ष, (४) नागरिक–नगरको अध्यक्ष, (५) लक्षणाध्यक्ष—खेत बगैंचा आदिका सीमा चिह्नको अध्यक्ष, (६) मुद्राध्यक्ष—टकसारको अध्यक्ष, (७) मद्यको अध्यक्ष, (८)सूना—पशुवधगर्ने ठाउँको अध्यक्ष, (९) सूत्र—धागोको अध्यक्ष, (१०) तेल विक्री गर्ने, (११) घ्यू विक्री गर्ने, (१२) गुड विक्री गर्ने, (१३) सुनको कामको अधिकारी, (१४) बजार, (१५) वेश्या, (१६)जूवा,(१७) घरवास बनाउने कालीगड, (१८) कारु–मोटा काम गर्ने कालीगड, (१९) शिल्पी—सीप भएका कालीगड, (२०) देवालयहरूको अध्यक्ष, यिनीहरूबाट आउने सरकारी आय, (२१) शहरको ढोकाको चुङ्गी,

(२२) नट नर्तक आदि बाहिरियाबाट आउने रकम, यस्ता २२ किसिमको बाटोबाट आउने सरकारी आय द्रव्य।

२. राष्ट्र भनेको—(१) सीता—खेती, (२) भाग—राजाले लिने अन्नको छैटौं भाग, (३) वलि—उपहार, (४) कर—फलवृक्षहरूको राजकर, (५) वणिक् बनियाबाट आउने, (६) नदीपार घटेराद्वारा आउने, (७) स्तर-नदीतराइको रकम, (८) नाव—नाउको अध्यक्षद्वारा आउने, (९) पट्टन—साना साना शहरबाट आउने (१०) विवीत वनजर गौचरको अध्यक्षद्वारा आउने, (११) वर्तनी—अन्न मालद्वारा आउने बाटाको महसूल, (१२) रज्जू—यातायातबाट आउने रकम, (१३) चोररज्जु—चोर पक्रने चौकी-द्वारा आउने रकम, यति १३ किसिमको सरकारी आय।

३. खनि भनेको—(१) सुन, (२) चाँदी, (३) हीरा, (४) मणि—मानिक, (५) पन्ना, आदि, (६) मोती, (७) मुगा,, (८) शङ्ख, (९) लोह—धातु, (१०) नून, भूईंको धातु, (११) पत्थरको धातु, (१२) रसधातु, यी १२ बाट आउने सरकारी आय।

४. सेतु भनेको—(१) फूलवारी, (२) फलको बारी, (३) उखुबारी (४) केराघारी, (५) धानखेत, (६) अदुवा हलेदो आदि जरा रोपिने बारी, यी ६ किसिमबाट आउने आय।

५. वन भनेको—(१) पशु (२) मृगको वन (३) द्रव्यवन, (४) हात्तीवनबाट आउने सरकारी आय।

(६) व्रज—भनेको,—(१) गाई (२) भैंसी राङो (३) भेडो (४) बाख्रा (५) गधा (६) ऊँट (७) घोडा (८) खच्चर यिनीबाट आउने सरकारी आय।

(७) 'वणिक्पथ भनेको—(१) स्थलमार्ग र (२) जलमार्गबाट आउने सरकारी आय, यतिलाई आय शरीर (आमदानीको स्वरूप) भन्दछन्.।

आयमुख—सरकारी मुख्य आमदनी यी हुन्—

(१) मूल—अन्न फल आदि वस्तुको बिक्रीबाट प्राप्त सरकारी धन।
(२) भाग—अन्न आदि उब्जाको राजाले पाउने ६ खण्डको १ खण्ड।
(३) व्याजी—अन्न आदि वस्तु फेरि तौल्दा कम नहोस् भनी सयकडा पाँच बढी लिएको अंश।
(४) परिघ—नदीहरू तर्दा लिइने शुल्क महसूल।

(५) क्लृप्त—यो गाउले सरकारलाई पनि बुझाउने भनी ठेकिएको रकम।
(६) रूपिक—लवणाध्यक्षले नून बिक्री गर्नेहरूबाट लिइने सयकडा ८ अंश।
(७) अत्यय—अध्यक्षकार्य धर्मस्थीय कण्टकशोधनहरूमा भनेबमोजिम लिइने दण्ड।

व्ययशरीर—सरकारी धन खर्च हुने विषय यी हुन्—

(१) देवताको पूजा, पितृको श्राद्ध, पर्व पर्वको दान र दीन अनाथहरूलाई दिने।
(२) स्वस्तिवाचन—शान्तिपुष्टिको कामका निमित्त पुरोहित आदिलाई दिइने।
(३) अन्तःपुर—महारानी भोगिनी राजकुमारहरूलाई दिइने।
(४) महानस—भान्साघरको खानेपीनेसम्बन्धी खर्च।
(५) दूतप्रावर्तिम्—पराक्रमा दूतहरू पठाउने खर्च।
(६) कोष्ठागार—भण्डारघर बनाउने आदि खर्च।
(७) आयुधागार—शस्त्रहरू राख्ने घर बनाउने आदि खर्च।
(८) पण्यगृह—सरकारी विक्रीका वस्तु रहने घरसम्बन्धी खर्च।
(९) कुप्यगृह—जिन्सी भण्डारसम्बन्धी खर्च।
(१०) कर्मान्त—खेती आदि कामसम्बन्धी खर्च।
(११) विष्टि—बेठी बेगारी काम लाउँदाको खर्च।
(१२) पत्यश्वरथद्विपपरिग्रह—पैदल घोडा रथ हात्ती यी ४ सेनाङ्गसम्बन्धी खर्च।
(१३) गोमण्डल—गाई गोरु राङो भैंसी भेडा बाख्राहरूसम्बन्धी खर्च।
(१४) पशुमृगपक्षिव्याल—वनैया पशु मृगहरू पक्षीहरू सिंह व्याघ्र आदिको रक्षासम्बन्धी खर्च।
(१५) काष्ठतृणबाट—काठ, घाँस, पातसम्बन्धी खर्च।

यी व्ययशरीर हुन्।

(छोटकरीमा—आयशरीर ७, आयमुख ७, व्ययशरीर २२, हुन्छन्। आयशरीरमध्यमा दुर्ग २२, राष्ट्र १३, खनि १२, सेतु ६, वन ४, ब्रज, ८ वणिक्पथ २ गरी ६७ विभेद हुन्छन्।)

राजाको राज्याभिषेकदेखि आरम्भ गरिएको वर्ष महीना पक्ष दिन यी ४ लाई व्युष्ट भन्दछन्। यसैलाई लिएर अमुक राजाको यति वर्ष, यो महीना, यो पक्ष, यो दिनमा, यसबाट आएको यति, यस कामका निमित्त

यसलाई गएको यति भनि आय व्ययको हिसाब बही-पुस्तकमा लेख्ने गर्नुपर्दछ।

वर्षलाई ३ भाग लगाई, सिंह कन्या तुला वृश्चिक यी ४ सौर मासको वर्षा ऋतु भन्ने १ भाग, धनु मकर कुम्भ मीन यी ४ सौर मासको हेमन्त-ऋतु भन्ने दोस्रो भाग, मेष, वृष, मिथुन कर्कट यी ४ सौर मासको ग्रीष्मऋतु भन्ने तेस्रो भाग हुन्छ। यी तीनै भाग प्रत्येकमा ८ पक्ष पूरा हुन्छन्। यी मध्ये तेस्रो र सातौं पक्षमा एकेक दिन कम हुन्छ। अरु पक्ष पूरा हुन्छन्। यो सौर मासदेखि बाहेक शुक्ल प्रतिपददेखि कृष्ण अमावास्यासम्मको चान्द्र अधिक मास हुन्छ। यस किसिमको काल व्यवहार हुन्छ।

करणीय—गर्नुपर्ने, **सिद्ध**—गरिसकेको, **शेष**—बाँकीबक्यौता, **आय**—आमदनी, **व्यय**—खर्च, **नीवी**—बचतमूलधन, यी ६ विषयको व्यवस्था समाहर्ताले मिलाउनुपर्दछ।

दामकामको फाँटवारी—

(क) **करणीय**—यति किसिमका हुन्छन्—

१—संस्थान—यो ठाउँबाट यति लिनुपर्ने भन्ने लगत।

२—प्रचार—यो यो ठाउँमा यो यो गर्नुपर्ने भन्ने विभागीय कार्यको ज्ञान।

३—शरीरावस्थापन—नगर र जनपदको आयव्ययको रूप खडा गर्नु।

४—आदान—ठीक समयमा मालपोत अन्न नगद उठाउनु।

५—सर्वसमुदयपिण्ड—प्रत्येक ग्राम नगरबाट यति उठेको भन्ने जम्माजम्मीको ज्ञान।

६—सञ्जात—सबै रकमबाट उठेको कुल जम्मा यति भन्ने ज्ञान।

(ख) **सिद्ध**—यति किसिमका हुन्छन्—

प्रविष्ट
आइसकेको

१. कोशार्पित—राज़कोशमा दाखिल भइसकेको।
२. राजहार—राजाले कामको समाहर्ताबाट हातमा लिएको (बाहुली दाखिल)
३. पुरव्यय—नगरमा भवनहरू बनाउन खर्च भएको।

आपातनीय
जम्माबाट
कटाउनुपर्ने

४. परसंवत्सरशनुवृत्त—अगिल्लो वर्षको खर्चबाट बचत।
५. शासन मुक्त—राजाज्ञाबाट माफी भएको धन।
६. मुखाज्ञप्त—राजाको मौखिक आज्ञाबाट दिएको धन।

(ग) शेष—यति किसिमका हुन्छन्—

आहरणीय
सहजै उठ्ने

१. सिद्धि-प्रकर्मयोग—नउठेको उठाउनुपर्ने पोतकर।
२. दण्डशेष—फौजीखर्चको बचत।

प्रशोध्य
बलगरेर
पनि उठाउनु

३. बलात्कृत प्रतिस्तब्ध—ठूला बडाले रोकिराखेको।
४. अवमृष्ट—नगरको मुख्य आदिले नदिएर राखेको।

५. यसमा कुनै असार—उठाउन खर्च गरे पनि विशेष फाइदा नहुने र,
६. कुनै, अल्पसार—धेरै खर्च गरेर उठाउँदा थोरै फाइदो हुने हुन्छ।

आय तीन किसिमको हुन्छ।

(क) वर्तमान—दिनदिनै आउने।
(ख) पर्युषित—अगिल्लो सालमा लिने ऐले लिएको र साबिक हाकिमका पालाको।

(ग) अरु किसिमको आय—

(१) नष्टप्रस्मृत—बिर्सिएर संझिएको।
(२) आयुक्तदण्ड—अपराधमा अध्यक्षहरूलाई दण्ड भएको।
(३) पार्श्व—कर बढाएर लिएको।
(४) पारिहीणक—पशुले खाएको बालीको दण्ड आएको।
(५) औपायनिक—नजराना आएको।
(६) डमरगमकल्प—शत्रुसैन्यबाट लुटेको।
(७) अपुत्रक—अपुताली परिआएको।
(८) निधि—खानि फेला पारेको।

आयका अन्य साधन

(१) विक्षेपशेष—कुनै ठूलो कामका लागि छुट्याइएको धन खर्च गरी बाँकी रहेको।
(२) बाधित शेष—रोगीमाथि खर्च गरी बाँकी रहेको।
(३) अन्तरारम्भशेष—नगर किल्लामा खर्च गरी बाँकी रहेको धन।

यसबाहेक अन्य आयका स्रोत

(१) अर्थवृद्धि—किन्दाभन्दा वेचदा मोल बढेर भएको आय।

(२) उपजा—निषिद्ध वस्तुको विक्रीबाट भएको आय ।

(३) मानोन्मानविशेष—नापतौल गर्दा फरक परी भएको आमदानी ।

(४) व्याजी—नापतौलमा फरक पर्छ कि भनी पहिले नै ५ प्रतिशत गरेको वृद्धि ।

(५) क्रयसंघर्ष वृद्धि—बढाबढ गर्दा भएको आय ।

व्यय चार किसिमको हुन्छ—

(१) नित्य—रोजिन्दा हुने ।

(२) नित्योत्पादिक—कामदारलाई ठेकिएको भन्दा रोजै दिएको अतिरिक्त ।

(३) लाभ—पक्ष महीना वर्षमा फायदा हुने लक्ष्य गरी गरेको ।

(४) लाभोत्पादिक—पछि हुने फायदाअनुसार पछि कामदारहरूलाई बढी दिइने अतिरिक्त ।

नीवी—आयमा खर्च कटाई बाँकी रहेको बचत । सो दुइ किसिमको हुन्छ—

(१) प्राप्त—ढुकुटी भँडार दाखिल भइसकेको ।

(२) अनुवृत्त—ढुकुटी भँडार दाखिल हुने अवस्था पुगेको ।

प्रजाहरूलाई पीडा नदिईकन आय बढाउन, कामदारहरूलाई बाधा नदिईकन व्यय घटाउन कुशल बुद्धि भएका समाहर्ताले लेखिएअनुसार धनको उत्पादन आयको वृद्धि, व्ययको कमी देखाउन प्रयत्न गर्नू । कहिले ता अधिक लाभको उमेदले आयभन्दा व्यय बढता देखाउन पनि सकिन्छ ।

अथ सप्तमोऽध्यायः

२५ प्रकरणे—अक्षपटले गाणनिक्याधिकारः

अक्षपटलमध्यक्षः प्रत्यङ्मुखमुदङ्मुखं वा विभक्तोपस्थानं निबन्धपुस्तकस्थानं कारयेत् ।

तत्राधिकरणानां संख्यां प्रचारसंजाताग्रं कर्मान्तानां द्रव्यप्रयोगे वृद्धिक्षयव्ययप्रयामव्याजीयोगस्थानवेतनविष्टिप्रमाणं रत्नसारफल्गुकुप्यानामर्घप्रतिवर्णकप्रतिमानोन्मानावमानभाण्डं देशग्रामजातिकुलसंघातानां धर्मव्यवहारचरित्रसंस्थानं, राजोपजीविनां प्रग्रहप्रदेशभोगपरिहार-

भक्तवेतनलाभं, राज्ञश्च पत्नीपुत्राणां रत्नभूमिलाभनिर्देशोत्पातिकप्रतीकारलाभं, मित्रामित्राणां च सन्धिविक्रमप्रदानादानानि निबन्धपुस्तकस्थं कारयेत् ।

ततः सर्वाधिकरणानां करणीयं सिद्धं शेषमायव्ययौ नीवीमुपस्थानप्रचारचरित्रसंस्थानं च निबन्धेन प्रयच्छेत् । उत्तममध्यमावरेषु च कर्मसु तज्जातिकमध्यक्षं कुर्यात् । सामुदायिकेष्ववक्लृप्तिकं व्ययमुपहत्य न राजाऽनुतप्येत । सहग्राहिणः प्रतिभुवः कर्मोपजीविनः पुत्रा भ्रातरो भार्या दुहितरो भृत्याश्चास्य कर्मच्छेदं वहेयुः ।

त्रिशतं चतुःपञ्चाशच्चाहोरात्राणां कर्मसंवत्सरः । तमाषाढीपर्यवसानमूनं पूर्णं वा दद्यात् । करणाधिष्ठितमधिमासकं कुर्यात् । अपसर्पाधिष्ठितं च प्रचारं प्रचारचरित्रसंस्थान्यनुपलभमानो हि प्रकृतः समुदयमज्ञानेन परिहापयति । उत्थानक्लेशासहत्वादालस्येन शब्दादिष्विन्द्रियार्थेषु प्रमादेन संक्रोशाधर्मानर्थभीरुर्भयेन कार्यार्थिष्विनुग्रहबुद्धिः कामेन हिंसाबुद्धिः कोपेन विद्याद्रव्यवल्लभापाश्रयाद्दर्पेण तुलामानतर्कगणिकान्तरोपधानाल्लोभेन । तेषामानुपूर्व्या 'यावानर्थोपघातः तावानेकोत्तरो दण्डः' इति मानवाः । 'सर्वत्राष्टगुणः' इति पाराशराः । 'दशगुणः' इति बार्हस्पत्याः । 'विंशतिगुणः' इत्यौशनसाः । 'यथापराधम्' इति कौटिल्यः ।

गाणनिक्यान्याषाढीमागच्छेयुः । आगतानां समुद्रपुस्तभाण्डनीवीकानामेकत्र सम्भाषावरोधं कारयेत् । आयव्ययनीवीनामग्राणि श्रुत्वा नीवीमवहारयेत् । यच्चाग्रादायस्यान्तरवर्णे नीव्या वर्धेत, व्ययस्य वा यत्परिहापयेत, तदष्टगुणमध्यक्षं दापयेत् । विपर्यये तमेव प्रति स्यात् ।

यथाकालमनागतानामपुस्तनीविकानां वा देयदशबन्धो दण्डः । कार्मिके चोपस्थिते कारणिकस्याप्रतिबध्नतः पूर्वः साहसदण्डः । विपर्यये कार्मिकस्य द्विगुणः ।

प्रचारसमं महामात्राः समग्राः श्रावयेयुः । अविषममंत्रः पृथग्भूतो

मिथ्यावादी चैषामुत्तमदण्डं दद्यात् । अकृताहोरूपहरं मासमाकांक्षेत । मासादूर्ध्वं मासाद्विशतोत्तरं दण्डं दद्यात् ।

अल्पशेषलेख्यनीविकं पंचरात्रमाकांक्षेत । ततः परं रवेः कोशपूर्वमहोरूपं धर्मव्यवहारचरित्रसंस्थानसंकलननिर्वर्तनानुमानचारप्रयोगैरवेक्षेत । दिवसपंचरात्रपक्षमासचातुर्मास्यसंवत्सरैश्च प्रतिसमानयेत् । व्युष्टदेशकालमुखोत्पत्त्यनुवृत्तिप्रमाणदायकदापकनिबन्धप्रतिग्रहकैश्चायं समानयेत् । व्युष्टदेशकालमुखलाभकारणदेययोगपरिमाणाज्ञापकोद्धारकविघातकप्रतिग्राहकैश्च व्ययं समानयेत् । व्युष्टदेशकालमुखानुवर्तनरूपलक्षणपरिमाणनिक्षेपभाजनगोपायकैश्च नीवीं समानयेत् ।

राजार्थेऽर्थकारणिकस्याप्रतिबध्नतः प्रतिषेधयतो वाऽऽज्ञानिबन्धादायव्ययमन्यथा वा विकल्पयतः पूर्वः साहसदण्डः ।

क्रमावहीनमुत्क्रममविज्ञातं पुनरुक्तं वा वस्तुकमवलिखतो द्वादशपणो दण्डः । नीवीमवलिखतो द्विगुणः । भक्षयतोऽष्टगुणः । नाशयतः पंचबन्धः प्रतिदानं च । मिथ्यावादे स्तेयदण्डः । पश्चात्प्रतिज्ञाते द्विगुणः प्रस्मृतोत्पन्ने च ।

अपराधं सहेताल्पं तुष्येदल्पेऽपि चोदये ।
महोपकारं चाध्यक्षं प्रग्रहेणाभिपूजयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
गाणनिक्याधिकारो नाम सप्तमोऽध्यायः ॥ ७ ॥

अध्याय ७

प्रकरण २५

बहीखाता राख्ने ठाउँमा गणनाहरू गर्ने काम

बहीखाता—

सरकारी आयव्ययको हिसाब राख्ने अड्डालाई अक्षपटल, त्यहाँ रहेर हिसाब गर्नेहरूलाई 'गाणनिक' भन्दछन्। त्यो अक्षपटलको अध्यक्ष—

प्रधान अधिकारी पुरुषले पूर्व 'मुहुडा' वा उत्तर 'मुहुडा' गरी अक्षपटल-हरहिसाबको अड्डाभवन बनाउन लाएर, त्यसमा साना साना खण्ड छुट्टा हुने गरी निबन्धपुस्तक—(बहीखाता) राख्ने ठाउँ बानउनू।

त्यो बहीपुस्तकमा पहिले १–सरकारी द्रव्य आउने ठाउँका अड्डाहरूको नाम नामासी देखाएर, जनपदका यो यो ठाउँबाट प्रतिवर्ष यति यति आउने भई कुलजम्मा यति आय आउने भनी लगत खडा गरी,२–ठाउँ ठाउँमा खाति अनाजको उत्पादन, भूमि, बिक्री विभाहरूका कार्यालयमा द्रव्य लगाएकोबाट फायदा, नोक्सान, खर्च, आएको अनाज, नाप तौलको बढी लिइने रकम, मिसौट गरेको कुरा र सो ठाउँमा दिएको वेतन काम गर्ने मजदूर यति यति भन्ने परिमाण, ३–आएको रत्न सारवस्तु, मामूलीवस्तु, जिनिसहरूको मोल, रङ्, नाप, तौल, लगाएको मूलधन, यति यति भन्ने हिसाब, ४–पूर्व पश्चिम आदि प्रदेश गाउँ नगर जाति कुलहरूको धर्म व्यवहार आचार स्थितिहरू, ५–राजकर्मचारीहरूले सत्कार, बस्ने ठाउँ, नजराना, करमाफी, हात्ती घोडा आदि सवारीको खाना खर्च, वेतनहरू यति यति पाउने भन्ने व्यवस्था, ६–राजा रानी राजकुमारहरूले पाउने रत्न भूमि आदि नियत र विशेष उत्सव पर्वको खर्च, औषधि खर्च, यति यति भन्ने लगत, ७–मित्रहरूमा जाने शत्रुबाट आउने धन पनि यति यति भन्ने हिसाब, यी सबै विषयहरू बहीपुस्तकमा छुट्टा छुट्टा देखिने गरी लेखाउने गर्नू।

यसपछि प्रत्येक विभागीय अड्डाहरूको अगि भनेझैं करणीय—गर्नुपर्ने विषय, सिद्ध—भइसकेको, शेष–बाँकी, आय, व्यय, बचतहरू र कर्मचारीहरूको काम, काममा हाजिरी, काम गराइ, चरित्र, रहनसहनहरू पनि बहीपुस्तकमा लेख्ने गर्नू।

उत्तम, मझौला, तल्लो खालका कामहरूमा त्यस त्यस विषयका विज्ञ पुरुषलाई अध्यक्ष (मुख्य हाकिम) बनाउनू।

उस्तै काम गर्ने योग्यता भएका धेरै जना भएमा यो काममा यसको विशेष निपुणता छ भन्ने पत्यार भएकालाई अध्यक्ष बनाएमा राजालाई पछि पछितो गर्नुनपर्ने हुन्छ।

कुनै विभागका अध्यक्षले गलती गरेर काम बिगारी, सरकारी आयधन नोक्सान पारेमा सहग्राही—हिस्सादार, प्रतिभू—जमानी, कर्मोपजीवी त्यही कामका कारिन्दा, उसका एकाघरका छोरा भाइ स्वास्नी छोरी नोकरचाकरहरूमा अगिल्लो अगिल्लो नभए पछिल्लो पछिल्लोले नोक्सानी भर्ना गर्नुपर्दछ।

सरकारी कामको वर्ष ३५४ अहोरात्रको हुन्छ। त्यो आषाढको पूर्णिमा-

मा पूर्ण हुन्छ। नियुक्त कर्मचारीको वार्षिक वेतन सो वर्षको दिनसंख्यानुसार पूरा वा कम दिनुपर्दछ। ज्योतिषीको गणनानुसार अधिकमास पनि मानी त्यसको पनि वेतन दिनुपर्दछ।

जाँचबूझ—

अक्षपटलको अध्यक्षले चरहरूद्वारा कर्मचारीहरूको काम गराइ, चरित्र, पूर्वस्थितिहरू बुझ्ने गर्नुपर्दछ, त्यो नबुझ्ने गरेमा (१) अज्ञानले, उमेद नभएको परिश्रम नगर्ने भएमा, (२) आलस्यले, इन्द्रियका विषयमा आसक्त रहेमा, (३) प्रमादले, निन्दाको अर्थको अनर्थको दहसत राखेमा, (४) भयले, काम गराउन आउने मानिसमा अनुग्रह गर्ने बानी लिएमा, (५) काम— इच्छाले, सबैलाई निमोठ्ने गरेमा, (६) कोपले, विद्या धन, राजवल्लभ (राजप्रिय)को आड् मानेमा (७), गर्वले, नाप तौल तर्कना हिसाबमा गोलमाल गरेमा, (८) लोभले, गर्दा कर्मचारीहरू सरकारी आयमा हानि गराउने हुन्छन्।

अज्ञान, आलस्य, प्रमाद, भय, काम, कोप, गर्व, लोभ यी ८ दोषमा जुन दोषबाट जति राजद्रव्यमा हानि गराएको छ क्रमैले एकेक गुना बढाएर, अर्थात् अज्ञानले भए एकगुना, आलस्यले भए दुइगुना इत्यादि दण्ड गर्नुपर्दछ भनी मनुका अनुयायीहरू, सबैमा आठगुना भनी पराशरका अनुयायीहरू, दशगुना भनि बृहस्पतिका अनुयायीहरू, बीसगुना भनी शुक्रका अनुयायीहरू भन्दछन्। कौटल्यभने अपराध ठूलो सानो जस्तो छ त्यस-अनुसार दण्ड गर्नुपर्दछ भनी भन्दछन्।

विभाग विभागको—हिसाब जचाउने अध्यक्षहरू आफ्नो आफ्नो हिसाब लिएर आषाढ पूर्णिमाको दिनमा गणनाध्यक्षको कार्यालयमा उपस्थित हुनू। गणनाध्यक्षले तिनको छाप लागेको पेटी र बाँकी बचत पनि एक ठाउँमा जम्मा गरेर परस्पर कुरा सरसल्लाह गर्न नदिनू। जम्मा जम्मी आय व्यय बचतको तेरीज लगत पहिले सुनेर नीवी (बचत) बुझ्नू। बहीको आयको विवरण हेर्दा तेरीजमा भन्दा बढेको वा खर्चको विवरणमा घटी भएको देखियो भने त्यो घटीको आठ्गुणा त्यो हिसाब बुझाउनलाई दण्ड गर्नू। आय व्यय मिलाउँदा बढी देखिन आयो भने बढेको जति त्यही विभागाध्यक्षलाई पुरस्कार दिनू।

तोकिएको समयमा हिसाब जचाउन नआउने वा आए·पनि बही खाता धन नलिएर आउनेलाई यथार्थ बुझाउनुपर्ने धनको दसगुना धन दण्ड गर्नू। कार्मिक (जाच्ने माथिल्लो कर्मचारी) उपस्थित हुँदा कारणिक

(जचाउने अधीन कर्मचारी) हिसाब नमिलाई अनुपस्थित भएमा कारणिकलाई पूर्व साहस (२५०) दण्ड गर्नू। कार्मिक (जाच्ने बुझ्ने कर्मचारी) दोषी भएमा कारणिकलाई हुने दण्डको दुगुना दण्ड कार्मिकलाई गर्नू।

महामात्र (राजाका मुख्य कार्य सचिव)हरूले विभाग विभागको हरहिसाब मिलाएर आय व्यय बचतहरू कत्ति फरक नपारी जस्ताको तस्तो सर्वसाधारण देशवासीहरूलाई सुनाउने गर्नू। कसैले झुट्टा देखाए सुनाएमा त्यसलाई उत्तम साहस १००० दण्ड गर्नू।

तोकिएको समयमा बुझाउनुपर्ने द्रव्य नबुझाउनेलाई १ महीनासम्म म्याद दिई पर्खनू, १ महीना हुँदा पनि नबुझाउनेलाई महिनाको २०० दरले दण्ड गर्नू।

बचत थोरै मात्र बुझाउन बाँकी राख्नेलाई फेरि ५ दिन पर्खनू बाँकी धन बुझाई तोकिएको समयमा हिसाबको बही दाखिल गर्नेलाई धर्म, व्यवहार, चरित्र, पूर्वस्थिति, धनको जमा हिसाब, काम गराइ, अनुमान, चरले बुझेको कुरा, यी सबै किसिमबाट जाँच गर्ने गर्नू।

हिसाब लेख्नेले दिन दिनको ५ दिन, पक्ष, १ महीना, ४ महीना, १ वर्षको जम्मा आय व्यय बाँकी देखाउने गर्नू। आमदानीमा राजवर्षको मिति, देश काल, आयको मुख, शरीर, आएको महसूल आदि द्रव्य, साबिक जोडेको, परिमाण दिने दिलाउने लेख्ने बुझ्नेहरू र खर्चमा मिति देश, काल मुख, लाभ निमित्त दिएको द्रव्य, मिसोट गरेको परिमाण अह्राउने, लिने, झिक्ने भँडारे, बुझ्नेहरू, बाँकी धनमा मिति देश, काल द्रव्यको स्वरूप, चिह्न, परिमाण, राखेको भाँडा, जिम्मा लिनेहरू देखाएर लेख्नू।

लेखकले सरकारी आय व्यय नीवी धनहरू नलेखेमा, लेख्न रोकेमा, राजाको आज्ञा लङ्घन गरेमा, नियमको विपरीत गरी लेखेमा पनि पूर्व साहस (२५०) दण्ड गर्नू। विषयहरू क्रम नमिलाई उल्टोपाल्टो पारेर नबुझिने गरी दोहरा पारी लेखेमा १२ पण दण्ड गर्नू। बाँकी धन कम लेखेमा दुगुना २४ पण, दबाएर खाएमा ८ गुना–९६ पण, यताउति दिएर हिनामिना पारेमा ५ गुना–६० पण दण्ड गरेर नोक्सानी पनि भराउनू। झूटो कुरा गरेमा चोरीको दण्ड गर्नू। अगि नलेखिएर पछि जाँचकीले पत्ता लाएमा र अगि बिर्सेर पछि कुरा मिलाएमा पनि चोरीको दुगुना दण्ड गर्नू।

अध्यक्षले सानोतिनो अपराध गरेमा सहनुपर्दछ। अनि कति पनि आमदानी बढाएमा खुशी मान्नुपर्दछ। विशेष फायदा गराउने अध्यक्षलाई चिरस्थायी बनाएर आदर गर्नुपर्दछ।

अथ अष्टमोऽध्यायः

२६ प्रकरणे—समुदयस्य युक्तापहृतस्य प्रत्यानयनम्

कोशपूर्वाः सर्वारम्भाः। तस्मात्पूर्वं कोशमवेक्षेत। प्रचारसमर्धिश्चरित्रानुग्रहश्चोरग्रहो युक्तप्रतिषेधः सस्यसम्पत्पण्यबाहुल्यमुपसर्गप्रमोक्षः परिहारक्षयो हिरण्योपायनमिति कोषवृद्धिः। प्रतिबन्धः प्रयोगो व्यवहारोऽवस्तारः परिहापणमुपभोगः परिवर्तनमपहारश्चेति कोशक्षयः।

सिद्धीनामसाधनमनवतारणमप्रवेशनं वा प्रतिबन्धः। तत्र दशबन्धो दण्डः। कोशद्रव्याणां वृद्धिप्रयोगः प्रयोगः।

पण्यव्यवहारो व्यवहारः। तत्र फलद्विगुणो दण्डः। सिद्धं कालमप्राप्तं करोत्यप्राप्तं वेत्यवस्तारः। तत्र पंचबन्धो दण्डः।

क्लृप्तमायं परिहापयति व्ययं वा विवर्धयति इति परिहापणम्। तत्र हीनचतुर्गुणो दण्डः। स्वयमन्यैर्वा राजद्रव्याणामुपभोजनमुपभोगः। तत्र रत्नोपभोगे घातः। सारोपभोगे मध्यमः साहसदण्डः। फल्गुकुप्योपभोगे तच्च तावच्च दण्डः।

राज्यद्रव्याणामन्यद्रव्येणादानं परिवर्तनम्। तदुपभोगेन व्याख्यातम्। सिद्धमायं न प्रवेशयति, निबद्धं व्ययं न प्रयच्छति, प्राप्तां नीवीं विप्रतिजानीत इत्यपहारः। तत्र द्वादशगुणो दण्डः।

तेषां हरणोपायाश्चत्वारिंशत्—पूर्वं सिद्धं पश्चादवतारितम्, पश्चात्सिद्धं पूर्वमवतारितम्, साध्यं न सिद्धम्, असाध्यं सिद्धम्, सिद्धमसिद्धं कृतम्, असिद्धं सिद्धं कृतम्, अल्पसिद्धं बहुकृतम्, बहुसिद्धमल्पं कृतम्, अन्यत्सिद्धमन्यत्कृतम्, अन्यतः सिद्धमन्यतः कृतम्, देयं न दत्तम्, अदेयं दत्तम्, काले न दत्तम्, अकाले दत्तम्, अल्पं दत्तं बहुकृतम्, बहुदत्तमल्पं कृतम्, अन्यदत्तमन्यत्कृतम्, अन्यतो दत्तमन्यतः कृतम्, प्रविष्टमप्रविष्टं कृतम्, कुप्यमदत्तमूल्यं प्रविष्टम्, दत्तमूल्यं न प्रविष्टम्, संक्षेपो विक्षेपः कृतः, विक्षेपः संक्षेपो वा,

महार्घमल्पार्घेण परिवर्तितम्, अल्पार्घं महार्घेण वा, समारोपितोऽर्घः, प्रत्यवरोपितो वा, रात्रयः समारोपिताः, प्रत्यवरोपिता वा, संवत्सरो मासविषमः कृतः, मासो दिवसविषमो वा, समागमविषमः, मुखविषमः, धार्मिकविषमः, निर्वर्तनविषमः, पिण्डविषमः, वर्णविषमः, अर्घविषमः, मानविषमः, मापनविषमः, भाजनविषमः । इति हरणोपायाः ।

तत्रोपयुक्तनिधायकनिबन्धकप्रतिग्राहकदायकदापकमंत्रिवैयावृत्यकरानेकैकशोऽनुयुंजीत । मिथ्यावादे चैषां युक्तसमो दण्डः । प्रचारे चापघोषयेत्—'अमुना प्रकृतेनोपहताः प्रज्ञापयन्त्विवति' । प्रज्ञापयतो यथोपघातं दापयेत् । अनेकेषु चाभियोगेष्वपव्ययमानः सकृदेव परोक्तः सर्वं भजेत । वैषम्ये सर्वत्रानुयोगं दद्यात् । महत्यर्थापचारे चाल्पेनापि सिद्धः सर्वं भजेत । कृतप्रतिघातावस्थसूचको निष्पन्नार्थः षष्ठमंशं लभेत । द्वादशमंशं भृतकः । प्रभूताभियोगादल्पनिष्पत्तौ निष्पन्नस्यांशं लभेत । अनिष्पन्ने शरीरं हैरण्यं वा दण्डं लभेत । न चानुग्राह्यः ।

निष्पत्तौ निक्षिपेद्वादमात्मानं वाऽपवाहयेत् ।
अभियुक्तोपजापात्तु सूचको वधमाप्नुयात् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
युक्तापहृतस्य प्रत्यायनं नामाष्टमोऽध्यायः ॥ ८ ॥

अध्याय ८

प्रकरण २६

अधिकारीले खाएको धन फिर्ता लिने

(द्रव्य आउने ठाउँहरूबाट उठेको धन पनि विभागीय अध्यक्षहरूले सबै दाखिल गरेनन् भने त्यो खाएको धन फर्काएर ल्याउने उपायहरूको निरूपण यस प्रकरणमा गरिन्छ ।)

स्वराज्य-सम्बन्धी र परराष्ट्र-सम्बन्धी पनि सबै कार्यहरू धन नभईकन हुदैनन्, अतः सबै कामको मूल धनको कोश बढ्ने घट्न नपाउने विचार राख्नुपर्दछ।

देशमा धनको वृद्धि (१), देश जाति कुलका आचारहरूको पूर्वपरम्परा अनुसार पालन गर्नु (२), चोरहरू पक्रनु (३), काममा नियुक्त अधिकारीलाई धन हरण गर्न रोक्नु (४), अन्नहरू प्रशस्त हुनु (५), विक्री हुने वस्तुहरू धेरै हुनु (६), आगो पानी आदिको उत्पात नहुनु (७), करहरु माफी दिनुपर्ने नहुनु (८), सुन चाँदी आदि जमा हुनु (९), यी राजकोश बढाउने उपाय हुन्।

राजकोश घटाउने कारण यी ८ छन्—

१. **प्रतिबन्ध**—सरकारी मालपोत आदि नउठ्नु। उठे पनि हातमा नआउनु, आए पनि राजकोशमा दाखिल नहुनु यस्तो प्रतिबन्ध भएमा दशगुना दण्ड गर्नू।

२. **प्रयोग**—राजकोशमा दाखिल गर्नुपर्ने द्रव्य अधिकारीले व्याजमा लाउनु।

३. **व्यवहार**—राजकोशमा दाखिल गर्नुपर्ने द्रव्यबाट अधिकारीले व्यापार गर्नु। प्रयोग र व्यवहार दुवैमा लिएको फायदाको दोबर दण्ड गर्नू।

४. **अवस्तार**—उठाउनुपर्ने वेलामा नउठाउनु र वेला नभईकन उठाउनु। यसमा नोक्सान भएको पाँचगुना दण्ड गर्नु।

५. **परिहापण**—तोकिएको आय घटाउनु वा व्यय बढाउनु, यसमा नोक्सानीको चौबर दण्ड गर्नू।

६. **उपभोग**—सरकारी धन आफूले वा अरूले उपभोग गर्नु। यसमा रत्नको उपभोग गरेमा वधदण्ड, सारवस्तुको उपभोग गरेमा, मध्यम साहस (५००), क्षुद्र वस्तु वा जिनिसको उपभोग गरेमा विगो भर्ना गरी त्यत्ति नै दण्ड गर्नू।

७. **परिवर्तन**—सरकारी असल वस्तु कमसल वस्तु सट्टा हालेर लिनु। यसमा पनि उपभोगमा झैं दण्ड गर्नू।

८. **अपहार**—उठेको आय बहीमा नचढाउनु, बहीमा लेखिसकेको खर्च दिनुपर्ने मानिसलाई नदिनु, हातमा लिइसकेको पनि द्रव्य आएको छैन भन्नु। यसमा १२ गुना दण्ड गर्नू।

अधिकारी पुरुषहरूले सरकारी द्रव्य अपहरण गर्ने तरीका ४० छन्— (१) पहिले नै पाइसकेको द्रव्य पछि बहीमा चढाएको, (२) पछि आउने द्रव्य अगाडि नै बहीमा चढाएको, (३) लिनुपर्ने नलिएको, (४) लिनु नपर्ने देवद्रव्य आदिको कर पनि लिएको (५) लिएको पनि लिएको छैन भनेको, (६) नलिएको पनि लिएको भनी देखाएको, (७) थोरै लिएकोमा धेरै देखाएको, (८) धेरै लिएकोमा थोरै देखाएको, (९) एक थोक लिएकोमा अर्को थोक देखाएको, (१०) यौटाबाट आएकोमा अर्कोबाट आएको भनी देखाएको, (११) दिनुपर्ने नदिएको, (१२) नदिनुपर्ने दिएको, (१३) दिनुपर्ने वेलामा नदिएको, (१४) नदिनुपर्ने वेलामा दिएको, (१५) थोरै दिएकोमा धेरै देखाएको, (१६) धेरै दिएकोमा थोरै देखाएको, (१७) एक थोक दिएकोमा अर्को थोक देखाएको, (१८) यौटालाई दिनुपर्नेमा अर्कोलाई दिएको देखाएको, (१९) असूल भइसकेको पनि असूल नजनिएको, (२०) दाखिल नभएको पनि दाखिल जनाएको, (२१) मोल दिनुपर्ने जिन्सिमाल मोल नदिईकन दाखिल गरेको, (२२) मोल गइसकेको पनि माल दाखिल नभएको, (२३) जम्मा जम्मी लिनुपर्नेमा फुटकर लिएको, (२४) फुटकर लिनुपर्नेमा जम्मा जम्मी लिएको, (२५) बहुमूल्य वस्तुलाई थोरै मोलको वस्तु सट्टापट्टा पारेको, (२६) थोरै मोलको चाँडै विक्री हुने वस्तु धेरै मोलको नबिक्ने वा ढीलो बिक्ने वस्तुसँग साटेको, (२७) नभएको मोल चढाएर लेखेको, (२८) भएको मोल घटाएर लेखेको, (२९) कुनै ज्यामीहरूले काम गरेको दिन बढाएर लेखेको, (३०) कसैले काम गरेको दिन घटाएर लेखेको, (३१) वर्षमा नभएको अधिक मास लिई बढी महिना गराएको, (३२) महीनामा दिन बढाएको, (३३) ज्यामीहरूको हाजिरी संख्यामा घटीबढी पारेको, (३४) एक बाटोबाट आएको आमदानीलाई अर्को बाटोबाट आएको भनी देखाएको, (३५) धर्मसम्बन्धी दान-प्रदान आदिमा संख्या फरक पारेको, (३६) करहरू उठाउँदा कसैलाई हलुका कसैलाई कडा गरी उठाएको, (३७) सबैसँग एकनास गरी लिनुपर्नेमा कसैसँग धेरै कसैसँग थोरै गरी जम्मामा फरक पारेको, (३८) ब्राह्मण आदि वर्ण फरक पारेर घाटको तरी-रकम फरक पारेको, (३९) फौजी रसद आदिमा मोल फरक पारेको, (४०) नाप तौल भर्ने भाँडाहरू फरक पारेको, यति किसिमसँग अधिकारी पुरुषहरूले सरकारी धन अपहरण गर्ने र प्रजाहरूबाट कुनैमा घूस खाने पनि हुन्छन् ।

यस्तो अपहरणको शङ्का लागेमा उपयुक्त (माथिल्लो देखरेख गर्ने अधिकारी), निधापक (भडारे), निबन्धक (लेख्ने), प्रतिग्राहक

(बुझ्ने), दायक (बुझाउने दिने), दापक (दिलाउने उठाउने राजपुरुष), मन्त्री (अधिकारी पुरुषलाई राय सल्लाह दिने), मन्त्रिवैयावृत्यकर (सल्लाह दिनेको कामदार) यिनीहरूलाई एकेक गरी सोधपूछ गर्नू। यिनीहरूले झुट्टा कुरा गरेमा कसूर गर्ने अधिकारीकै समान दण्ड गर्नू। गाउँ शहर आदि जनपदमा अमुक अधिकारी पुरुषले घूसहरू खाएर कसकसलाई पीडा दिएको छ जाहेर गर भनी झ्याली पिटाइदिनू। जाहेर गर्नेहरूलाई उनीहरूको नोक्सानी भर्ना दिलाइदिनू। सो अधिकारीउपर अनेक उजूर पर्न आएमा मैले गरेको छैन भने पनि कुनै चाहिंले साक्षी प्रमाणहरू द्वारा सो अधिकारीलाई कायल गराएमा सबै उजूर सत्य ठहरी सबैको नोक्सानी भर्ना गर्नुपर्दछ। धेरै उजूर परेकोमा कुनै प्रमाणित कुनै अप्रमाणित भएमा झूटो उजूर गरेको पनि शङ्का हुने हुनाले प्रत्येक साक्षीहरू बुझिने मौका दिनुपर्दछ। धेरै सुन, चाँदी आदि धनको अपहरण गरेको उजूर परेमा साक्षी प्रमाणबाट कुनै कुरा यथार्थ देखिएमा सबै यथार्थ संझिएर सो अधिकारीले बुझाउनुपर्दछ।

सूचक (पोलाहा)ले नठहरेमा प्रतिघात (उल्टो सजाय) खाने भन्ने कबोल गरेर आफूले भनेको कुरा प्रमाणित गरेमा भराउने धनको छैठौं भाग पाउँछ, प्रमाणित गर्न नसके शारीरिक दण्ड, नगदी दण्ड तिर्नुपर्दछ, निर्दोषमाथि दोषको आरोप गर्नेलाई दया माया गर्न हुँदैन।

आफूले सूचना दिएको (पोलेको) कुरा सूचक (पोहाला)ले सिद्ध गरेमा सो मुद्दा टुङ्गिन्छ, आफू पनि उम्कन्छ, अभियुक्त (उजुर परेका)ले घूसहरू दिएर फुटाई साबित गर्न सकिन भनेमा सूचकले वध-दण्ड पाउँछ।

अथ नवमोऽध्यायः

२७ प्रकरणे—उपयुक्तपरीक्षा

अमात्यसम्पदोपेताः सर्वाध्यक्षाः शक्तितः कर्मसु नियोज्याः। कर्मसु चैषां नित्यं परीक्षांकारयेत्। चित्तानित्यत्वान्मनुष्याणाम्। अश्वसधर्माणो हि मनुष्यानियुक्ताः कर्मसु विकुर्वते। तस्मात्कर्तारं करणं देशं कालं कार्यं प्रक्षेपमुदयं चैषु विद्यात्। ते यथासंदेशमसंहता अविगृहीताः कर्माणि कुर्युः। संहता भक्षयेयुः। विगृहीताविनाशयेयुः। न चानिवेद्य भर्तुः किंचिदारम्भं कुर्युरन्यत्रापत्प्रतीकारेभ्यः। प्रमादस्थानेषु चैषामत्ययं स्थापयेद्दिवसवेतनव्ययद्विगुणम्।

यश्चैषां यथाऽऽदिष्टमर्थं सविशेषं वा करोति स स्थानमानौ लभेत। "अल्पायतिश्चेन्महाव्ययो भक्षयति। विपर्यये यथाऽऽयतिव्ययश्च न भक्षयति" इत्याचार्याः। "अपसर्पेणैवोपलभ्यते" इति कौटिल्यः। यः समुदयं परिहापयति स राजार्थं भक्षयति। स चेदज्ञानादिभिः परिहापयति तदैनं यथागुणं दापयेत्।

यः समुदयं द्विगुणमुद्भावयति स जनपदं भक्षयति। स चेद्राजार्थमुपनयत्यल्पापराधे वारयितव्यः। महति यथापराधं दण्डयितव्यः। यः समुदयं व्यत्ययमुपनयति स पुरुषकर्माणि भक्षयति। स कर्मदिवसद्रव्यमूलपुरुषवेतनापहारेषु यथाऽपराधं दण्डयितव्यः। तस्मादस्य यो यस्मिन्नधिकरणे शासनस्थः स तस्य कर्मणो याथातथ्यमायव्ययौ च व्याससमासाभ्यामाचक्षीत। मूलहरतादात्विककदर्यांश्च प्रतिषेधयेत्। यः पितृपैतामहमर्थमन्यायेन भक्षयति स तादात्विकः। यो भृत्यात्मपीडाभ्यामुपचिनोत्यर्थं स कदर्यः। स पक्षवांश्चेदनादेयः। विपर्यये पर्यादातव्यः।

यो महत्यर्थसमुदये स्थितः कदर्यः सन्निधत्ते, उपनिधत्ते, अवस्रावयति वा। सन्निधत्ते स्ववेश्मनि, अवनिधत्ते पौरजानपदेषु, अवस्रावयति परविषये, तस्य सत्री मंत्रिमित्रभृत्यबन्धुपक्षमागतिं गतिं च द्रव्याणामुपलभेत। यश्चापरविषये संचारं कुर्यात्तमनुविश्य मंत्रं विद्यात्। सुविदिते शत्रुशासनापदेशेनैनं घातयेत्।

तस्मादस्याध्यक्षाः संख्यायकलेखकरूपदर्शकनीवीग्राहकोत्तराध्यक्षसखाः कर्माणि कुर्युः। उत्तराध्यक्षाः हस्त्यश्वरथारोहास्तेषामन्तेवासिनः शिल्पशौचयुक्ताः संख्यायकादीनामपसर्पाः। बहुमुख्यमनित्यं चाधिकरणं स्थापयेत्।

यथा ह्यनास्वादयितुं न शक्यं जिह्वातलस्थं मधु वा विषं वा।
अर्थस्तथा ह्यर्थचरेण राज्ञः स्वल्पोऽप्यनास्वादयितुं न शक्यः॥ १॥

मत्स्या यथाऽन्तःसलिले चरन्तो ज्ञातुं न शक्याः सलिलं पिबन्तः।
युक्तास्तथा कार्यविधौ नियुक्ता ज्ञातुं न शक्या धनमाददानाः ॥ २ ॥

अपि शक्या गतिर्ज्ञातुं पततां खे पतत्रिणाम्।
न तु प्रच्छन्नभावानां युक्तानां चरतां गतिः ॥ ३ ॥
आस्रावयेच्चोपचितान् विपर्यस्येच्च कर्मसु।
यथा न भक्षयन्त्यर्थं भक्षितं निर्वमन्ति वा ॥ ४ ॥
यथा न भक्षयन्त्यर्थान्न्यायतो वर्धयन्ति च।
नित्याधिकाराः कार्यास्ते राज्ञः प्रियहिते रताः ॥ ५ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
उपयुक्तपरीक्षा नाम नवमोऽध्यायः ॥ ९ ॥

अध्याय ९

प्रकरण २७

उपयुक्त परीक्षा

युक्त—सो सो काममा नियुक्त भएका अधिकारी पुरुषहरू उपर हेरचाह गर्न खटिएका विश्वासका मानिसहरू 'उपयुक्त' कहलाउछन् त्यस्ता उपयुक्तहरूलाई परीक्षा—(जाँच)गर्ने विषय यस प्रकरणमा भनिन्छ।)

अमात्यमा हुनुपर्ने देश जन्मेको कुलीन इत्यादि गुणले सम्पन्न युक्त उपयुक्त प्रभृति सबै अध्यक्षहरूलाई उनको योग्यता सामर्थ्य अनुसारको काममा खटाउनुपर्दछ। यिनीहरूले गरेका काममा सर्वदा देख रेख नाच गराउनु पर्दछ। किनभने मनुष्य चित्त अस्थिर हुन्छ। मनुष्यहरू अगिबाट सुशील देखिए पनि घोडा झैं काम लाउँदा विग्रने हुन्छन्।

अतः-काम गर्ने, तिनका साधन, सहाय आदि देश, काल, काम प्रक्षेप (हालेको मूलधन), उदय (लाभ) यी सबै थोक अध्यक्षहरू उपर बुझ्नुपर्दछ। काममा खटिएकाहरूले परस्पर गूट बन्दी र फूट नगरी राजाको आज्ञा बमोजीम काम गर्ने गर्नुपर्दछ, परस्पर मिलेर एक गूट बने पनि कामको फल खाइदिने हुन्छन्। परस्पर नमिलेर फुटे पनि काम बिगारिदिने हुन्छनू केही काम उठाउनु पर्दा राजालाई निवेदन नगरी नउठाउनू। किन्तु

कुनै आकस्मिक सङ्कट हटाउने काम भने आज्ञा लिइरहदा मौका जाने हुनाले झट्टै पनि गर्नुपर्दछ । अध्यक्षहरूले काममा भूल गरेमा अध्यक्षको त्यो दिनको बेतन र काम बिग्रेर भएको हानिको दुगुना दण्ड हुने व्यवस्था गर्नू ।

यिनीहरूमा जसले आज्ञानुसार वा भने भन्दा बढी राम्रो काम गर्दछ त्यसलाई पदवृद्धि र आदर पनि दिनुपर्दछ । आमदानी थोरै खर्च धेरै हुनेछ भने राजा प्रजाको धन खाइदिने हुन्छ, आमदानी धेरै खर्च थोरै हुनेछ वा आमदानी अनुसारको खर्च हुनेछ भने खादैन भनि आचार्यहरू भन्दछन् । कौटल्य भने थोरै आमदनी भए पनि बहु-कुटुम्बीले उधारो लिएर पनि धेरै खर्च गर्नु राजा प्रजाको धन अपहरण गरे पनि कृपणले खर्च थोरै गर्ने हुनाले नियत असल भएनभएको कुरा चरहरूद्वारा मात्रै पत्ता लाग्दछ भनि भन्दछन् ।

जसले आमदानी घटी गराउछ त्यसले द्रव्य खान्छ । त्यसले अज्ञान, आलस्य, भय, प्रमाद, काम, क्रोध, गर्व, लोभ, आदि कारणले आयमा हानि गराएको छ भने अगि गाणनिक्याधिकारमा भनेझैं दुगुना तिगुना आदि अपराध अनुसार त्यसलाई तिराउनू ।

जसले आय तोकिएको भन्दा दोबर गराउछ, त्यसले प्रजालाई चूस्तछ । त्यसले आफूले आय गरेको सबै बुझाएमा सानो तिनो अपराध भए अपराध अनुसार दण्ड गर्नू ।

जसले ठेकिएको खर्च जोगाएर बुझाउछ, त्यसले काम गर्ने मानिसलाई वा कामलाई हानि गराउँछ । त्यसले कामको दिन द्रव्य, मूल्य, मानिसको वेतनहरू हरण गरेमा अपराध अनुसार दण्ड गर्नू ।

अतः जुन अध्यक्ष जुन विभागीय काममा नियुक्त छ त्यसले आफ्नो कामको यथार्थ स्वरूप आय व्यय सबै छोटकरी विस्तार सँग राजालाई निवेदन गर्ने पर्नुपर्दछ ।

मूलहर तादात्विक कदर्य तीनै थरीलाई रोक्नु पर्दछ—

(क) **मूलहर**—भनेको—बाबु बराज्यूको पालादेखिको मूलधन पनि खाएर सिद्ध्याउने ।

(ख) **तादात्विक**—भनेको जति जति कमायो उति उति खाएर सिद्ध्याउने पछिको विचार नगर्ने ।

(ग) **कदर्य**—भनेको पाल्नुपर्ने परिवार र आफूलाई समेत कसेर धन जम्मा गर्ने ।

यस्तो कदर्य—कृपण अधिकारी पुरुष कुटुम्बबन्धुहरू भएको भए केही नलिएर कामबाट झिकिदिनू। कुनै कुटुम्ब आदि नभए त्यस्ताको सम्पत्ति हरे पनि हुन्छ।

कृपण मानिस धनको ठूलो आमदानी हुने ठाउँमा रहदा जम्मा गरेको धन कि घरमा गाडेर राख्तछ, कि नगर देशमा बसेका कसै कहाँ लुकाएर राख्तछ, कि अर्कै देशमा ओसार्दछ। त्यस्ताको सत्री गुप्तचर द्वारा साथी मित्र सेवक बन्धु बान्धवहरू र आय व्यय पनि पत्ता लाउनु पर्दछ। त्यस्ताको धन अर्को देशमा ओसार्ने काम को गर्दछ त्यसकहाँ भित्र पसेर रहस्य बुझ्नु पर्दछ।

राम्रो गरी बुझिसकेपछि शत्रुले त्यसलाई तिमीले पठाएको पाएँ, अरु पनि पठाऊ भनि लेखेको पत्रको बहाना देखाएर त्यसलाई मराउनू।

अतः तत्तत विभागका अध्यक्षहरूले संख्यायक (हिसाबगर्ने) लेखक (लेख्ने) रूपदर्शक (मालजाच्ने) नीवीग्राहक (बाँकिधन बुझ्ने), उत्तराध्यक्ष (मनिका अध्यक्ष) हरूलाई साथमा लिएर काम गर्ने गर्नुपर्दछ।

उत्तराध्यक्षहरू हात्ती घोडा रथ चढ्ने बूढा पाका हुन्छन् तिनका शीप र इमान भएका अन्तेवासी (साथमा रहने) हरूलाई संख्यायक आदि कर्मचारीहरूको चालचलन बुझ्ने चर बनाउनु पर्दछ।

प्रत्येक अधिकरण अड्डा खानामा धेरै जना प्रमुख गराएर राख्नु पर्दछ (त्यसो भएमा परस्परको शङ्काले राजधन हरण गर्न शक्दैनन्। ती अध्यक्षहरूलाई नित्य-चिरस्थायी पनि नगराउनू। धेरै दिन एकै ठाउँमा रहने भएमा आफ्नो दोष लुकाउने उपाय गर्ने हुन्छन्।)

जस्तो जिब्रोमा परिसकेको महहोस्, वा विषहोस्, स्वाद भिन्न भन्न शकिदैन, स्यस्तै राजाको धन सम्बन्धी काममा लागेकाले अलिकति भएपनि धनको स्वाद नलिन शकिदैन।

जस्तो पानीभित्र घुमी रहने माछाले पानी पिएको थाहा पाइदैन त्यस्तै काममा नियुक्त भएका अधिकारी पुरुषहरूले धन लिएको थाहा हुदैन।

वरु आकाशमा उड्ने चराहरूको गति पत्ता लाउन सकिन्छ। मन बुझ्न नशकिने अधिकारी पुरुषहरूको धन उडाउने चालचलन बुझ्न शकिदैन।

चोरेको धनले मोटाएकाको धन झार्नू, तल्लो काममा त्यस्तालाई खसालि पनि दिनू। तिनीहरूले फेरी धन खान नपाउने खाएको पनि उकेल्ने पार्नुपर्दछ।

जो आर्थिक विभागका नियुक्त भएपनि राज्यको धन कत्ति खादैनन् उल्टो न्यायपूर्वक राज्यको धन बढाउने हुन्छन्, त्यस्ता राजाको प्रिय र हितमा लागी रहनेलाई स्थायी पदमा नियुक्त गर्नुपर्दछ ।

* * *

अथ दशमोऽध्यायः

२८ प्रकरणे—शासनाधिकारः

शासने शासनमित्याचक्षते । शासनप्रधाना हि राजानः, तन्मूलत्वात्सन्धिविग्रहयोः । तस्मादमात्यसम्पदोपेतः सर्वसमयविदाशुग्रन्थश्चार्वक्षरो लेखवाचनसमर्थो लेखकः स्यात् । सोऽव्यग्रमना राज्ञः सन्देशं श्रुत्वा निश्चितार्थं लेखं विदध्यात् । देशैश्च वंशनामधेयोपचारमीश्वरस्य, देशनामधेयोपचारमनीश्वरस्य ।

जातिं कुलं स्थानवयःश्रुतानि कर्मर्द्धिशीलान्यथ देशकालौ ।
यौनानुबन्धं च समीक्ष्य कार्ये लेखं विदध्यात्पुरुषानुरूपम् ॥१॥

अर्थक्रमः सम्बन्धः परिपूर्णता माधुर्यमौदार्यं स्पष्टत्वमिति लेखसम्पत् । तत्र यथावदनुपूर्वक्रियाप्रधानस्यार्थस्य पूर्वमभिनिवेश इत्यर्थस्य क्रमः । प्रस्तुतस्यार्थस्यानुपरोधादुत्तरस्य विधानमासमाप्तेरिति सम्बन्धः । अर्थपदाक्षराणामन्यूनातिरिक्तता हेतूदाहरणदृष्टान्तैरर्थोपवर्णनाऽश्रान्तपदेति परिपूर्णता । सुखोपनीतचार्वर्थशब्दाभिधानं माधुर्यम् । अग्राम्यशब्दाभिधानमौदार्यम् । प्रतीतशब्दप्रयोगः स्पष्टत्वमिति । अकारादयो वर्णाः त्रिषष्टिः ।

वर्णसंघातः पदम् । तच्चतुर्विधम्—नामख्यातोपसर्गनिपाताश्चेति । तत्र नाम सत्त्वाभिधायि । अविशिष्टलिङ्गमाख्यातं क्रियावाचि । क्रिया विशेषिताः प्रादय उपसर्गाः । अव्ययाश्चादयो निपाताः । पदसमूहो वाक्यमर्थपरिसमाप्तौ, एकपदावरस्त्रिपदपरः परपदार्थानुरोधन वर्गः कार्यः । लेखपरिसंहरणार्थ इति शब्दो वाचिकमस्येति च ।

निन्दा प्रशंसा पृच्छा च तथाऽऽख्यानमथाऽऽर्थना ।
प्रत्याख्यानमुपालम्भः प्रतिषेधोऽथ चोदना ॥ २ ॥
सान्त्वमभ्यवपत्तिश्च भर्त्सनानुनयौ तथा ।
एतेष्वर्थाः प्रवर्तन्ते त्रयोदशसु लेखजाः ॥ ३ ॥

तत्राभिजनशरीरकर्मणां दोषवचनं निन्दा । गुणवचनमेतेषामेव प्रशंसा । 'कथमेतदिति' पृच्छा । एवमित्याख्यानम् । देहीत्यर्थना । 'न प्रयच्छामि' इति प्रत्याख्यानम् । अननुरूपं भवत इत्युपालम्भः । 'माकार्षीः' इति प्रतिषेधः । 'इदं क्रियताम्' इति चोदना । 'योऽहं स भवान्, मम द्रव्यं तद्भवतः' इत्युपग्रहः सान्त्वम् । व्यसनसाहाय्यमभ्यवपत्तिः । सदोषमायतिप्रदर्शनमभिभर्त्सनम् । अनुनयस्त्रिविधोऽर्थकृतावतिक्रमे पुरुषादिव्यसने चेति ।

प्रज्ञापनाज्ञापरिदानलेखाः तथा परीहारनिसृष्टलेखौ ।
प्रावृत्तिकश्च प्रतिलेख एव सर्वत्रगश्चेति हि शासनानि ॥ ४ ॥

अनेन विज्ञापितमेवमाह तद्दीयतां चेद्यानि तत्त्वमस्ति ।
राज्ञः समीपे वरकारमाह प्रज्ञापनैषा विविधोपदिष्टा ॥ ५ ॥

भर्तुराज्ञा भवेद्यत्र निग्रहानुग्रहौ प्रति ।
विशेषेण तु भृत्येषु तदाज्ञालेखलक्षणम् ॥ ६ ॥
यथार्हगुणसंयुक्ता पूजा यत्रोपलक्ष्यते ।
अप्याधौ परिदाने वा भवतस्तावुपग्रहौ ॥ ७ ॥

जातेर्विशेषेषु परेषु चैव ग्रामेषु देशेषु च तेषु तेषु ।
अनुग्रहो यो नृपतेर्निदेशात्तज्ज्ञः परीहार इति व्यवस्येत् ॥ ८ ॥

निसृष्टस्थापना कार्या करणे वचने तथा ।
एष वाचिकलेखः स्याद्भवेन्नैसृष्टिकोऽपि वा ॥ ९ ॥

विविधां दैवसंयुक्तां तत्त्वजां चैव मानुषीम् ।
विविधां तां व्यवस्यन्ति प्रवृत्तिं शासनं प्रति ॥१०॥

दृष्ट्वा लेखं यथातत्त्वं ततः प्रत्यनुभाष्य च ।
प्रतिलेखो भवेत्कार्यो यथा राजवचस्तथा ॥११॥

यत्रेश्वरांश्चाधिकृतांश्च राजा रक्षोपकारौपयिकार्थमाह ।
सर्वत्रगो नाम भवेत्स मार्गे देशे च सर्वत्र च वेदितव्यः ॥१२॥

उपायाः सामोपप्रदानभेददण्डाः । तत्र साम पंचविधम्—गुणसंकीर्तनं सम्बन्धोपाख्यानं परस्परोपकारसन्दर्शनमायतिप्रदर्शनमात्मोपनिधानमिति । तत्राभिजनशरीरकर्मप्रकृतिश्रुतिद्रव्यादीनां गुणागुणग्रहणं प्रशंसास्तुतिर्गुणसंकीर्तनम् । ज्ञातियौनमौखस्रौवकुलहृदयमित्रसंकीर्तनं सम्बन्धोपाख्यानम् । स्वपक्षपरपक्षयोरन्योन्योपकारसंकीर्तनं परस्परोपकारसन्दर्शनम् । अस्मिन्नेवं कृत इदमादयोर्भवतीत्याशाजननमायतिप्रदर्शनम् । ‘योऽहं स भवान्मम द्रव्यं तद्भवता स्वकृत्येषु प्रयोज्यताम्’ इत्यात्मोपनिधानमिति ।

उपप्रदानमर्थोपकारः । शंकाजननं निर्भर्त्सनं च भेदः । वधः परिक्लेशोऽर्थहरणं दण्ड इति ।

अकान्तिर्व्याघातः पुनरुक्तमपशब्दः सन्प्लव इति लेखदोषाः । तत्र कालपत्रकमचारुविषमविरागाक्षरत्वमकान्तिः । पूर्वेण पश्चिमस्यानुपपत्तिर्व्याघातः । उक्तस्याविशेषेण द्वितीयमुच्चारणं पुनुरुक्तम् । लिङ्गवचनकालकारकाणामन्यथाप्रयोगोऽपशब्दः । अवर्गे वर्गकरणं वर्गे चावर्गक्रिया गुणविपर्यासः सम्प्लव इति ।

सर्वशास्त्राण्यनुक्रम्य प्रयोगमुपलभ्य च ।
कौटिल्येन नरेन्द्रार्थे शासनस्य विधिः कृतः ॥ १३ ॥

इतिकौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
शासनाधिकारी नाम दशमोऽध्यायः ॥ १० ॥

अध्याय १०

प्रकरण २८

शासन व्यवस्था

कागतपत्रमा लेखिएको राजाज्ञालाई 'शासन' भनि भन्दछन्। राजाहरूको मौखिक आज्ञाभन्दा लिखित शासननै मुख्य हुन्छ। लिखित शासनकै आधारमा सन्धि विग्रहका कार्य हुन्छन्। त्यसकारण राजशासन लेख्ने मानिस—देशमा जन्मेको, कुलीन आदि अमात्यमा हुने गुणले युक्त, सबै वर्ण आश्रम जाति आदिको रीति स्थिति जान्ने, झट्टै कुरा मिलाउन शक्ने, राम्रो अक्षर भएको, छीटो लेख्न बाँचन शक्ने, हुनुपर्दछ। सो लेखकले राजाको सन्देश ध्यान दिएर सुनी, कुरा राम्रो बुझिने गरी लेख्नुपर्दछ। मालिक-(राजा)को देश प्रभाव कुल नामहरू संमान पूर्वक र शासन पाउनेको देश नाम मान पूर्वक लेख्नू।

जाति, कुल, स्थान, पद, उमेर, विद्या, काम—वृत्ति, सदाचार वासस्थान, समय, वैवाहिक सम्बन्ध, यी सबै कुरा विचार गरेर उत्तम मध्यम अधम मानिस सुहाउँदो गरी लेख लेख्नुपर्दछ।

अर्थक्रम, सम्बन्ध, परिपूर्णता, माधुर्य, औदार्य, स्पष्टता यी लेखका गुण हुन्—

(क) अर्थक्रम भनेको—मुख्य विषय पहिले देखाएर क्रमै संग कुरो मिलाउनु।

(ख) सम्बन्ध भनेको—उठाएको कुरालाई बाधा नहुने गरी आखिरसम्म कुराको सिलसिला मिल्नु।

(ग) परिपूर्णता भनेको—पुरा, पद, अक्षर, घटी बढी नपारी चाहिंदो मात्र भएर उपपत्ति, शास्त्रको मेल, दृष्टान्त, देखाएर कुरा राम्ररी बुझाई बोली कस्सिएको हुनु।

(घ) माधुर्य भनेको सुबोध सुन्दर अर्थ र शब्द हुनु।

(ङ) औदार्य भनेको—गवैया नराम्रो शब्द नहुनु।

(च) स्पष्टता भनेको अर्थ बुझिने शब्दको प्रयोग।

ह्रस्व दीर्घ प्लुतको भेदले अच् २२, क देखि मसंम व्यञ्जन २५, अन्तस्थ य र ल व ४, उष्म—श ष स ह ४ अनुस्वार विसर्ग जिह्वामूलीय उपध्मानीय ४, यम ४ गरी अकारादि वर्ण ६३ छन्।

वर्णहरूको अर्थबोधक एकेक समूह पद हुन्छ, पद पनि नाम, आख्यात, उपसर्ग निपात यी चार थरी छन्—लिङ्ग संख्याहुने वस्तु बुझाउने नाम, लिङ्ग विशेष नहुने क्रियाबुझाउने आख्यात, क्रियामा जोडिई क्रियामा विशेष बुझाउने प्र परा आदि उपसर्ग, च आदि अव्यय निपात हुन्।

एक कुरा पूरा गर्ने गरी परस्परमा मिलेका पदको समूहलाई वाक्य भन्दछन्। एक पदको र अर्को पदको अर्थमिल्दो गरी एकदेखि तीनपद सम्म जोडिएको पदको वर्ग बनेको समास गर्नू। तीन भन्दा बढता पद जोडेमा अर्थ बुझ्न गाह्रो पर्दछ। यौटा लेख सिद्धिएपछि इति शब्द रहेको हुन्छ। केही लेख्न नहुने गोप्य भए मौखिक सन्देश हुन्छ।

लेख विशेष—

लेखिने विषय १३ किसिमका हुन्छन्—

१. **निन्दा**—कुल शरीर कामको दोष देखाउनु।

२. **प्रशंसा**—कुल शरीर कामको गुण बयानगर्नु।

३. **पृच्छा**—यो कसो, कसरी गर्ने भनि सोधनी गर्नु।

४. **आख्यान**—यो यसो यसरी गर्ने भनि भन्नु।

५. **अर्थना**—सन्धि आदिका निमित्त धन फौज आदि देऊ भनि माग्नु।

६. **प्रत्याख्यान**—मागेको कुरा दिन्न भनि भन्नु।

७. **उपालम्भ**—यो काम ठीक गरेनौ, तिमीलाई नसुहाउने हो भनि गाली गर्नु।

८. **प्रतिषेध**—यो काम नगर भनि गर्न नहुने कामबाट रोक्नु।

९. **चोदना**—सन्धिविग्रह आदि यो काम गर भनि प्रेरणा गर्नु।

१०. **सान्त्व**—म र तिमी एकै हौं, मेरो वस्तु तिम्रै हो भनि प्रिय बोली गर्नु।

११. **अभ्यवपत्ति**—सङ्कट विप्लव आदि भएको वेलामा सहायता दिनु।

१२. **भर्त्सत**—यसो गरेदेखि दण्ड गर्नेछु थुन्नेछु आदि भनि हप्काउनु।

१३. **अनुनय**—केही काम गराउन वा भनेको नमानेमा सँझाउन वा केही विपत्ति परेकालाई दया माया देखाउन फुल्याउनु।

शासन—सरकारी लेखोट ८ किसिमका हुन्छन्—

१. **प्रज्ञापना**—चरहरूले दिएको जनाउ—

जस्तै—फलानो चरले राजाकहाँ अमुक प्रधान पुरुषले खानि पाएर आफैले लिए भनि जाहेर गर्दा राजाले रिसाएर त्यो खानि बुझाउँदैनन् भने म दोबर लिनेछु भन्ने भएको छ साँचो हो भने तुरन्त बुझाऊ।

२. **आज्ञा**—कसैको वारेमा निग्रह वा अनुग्रह विषयको भृत्य उपर मालिकको अह्रोट।

३. **परिदान**—केही विपत् परेकालाई भरोसा दिन वा केही राम्रो काम गरेकोमा आदर साथ पारितोषिक दिनु।

४. **परिहार**—कुनै जाति, देश, सहर, गाउ, आदिमा कर शुल्क आदि सरकारबाट माफी हुनु।

५. **निसृष्टि**—कसैले गरेको वा भनेको कुरालाई अमुकले गरेको मैले नै गरेको हो, अमुकले भनेको मैलेनै भनेको हो भनि प्रमाणित गर्नु।

६. **प्रावृत्तिक**—सुवृष्टि सुभिक्ष आदि राम्रो, वा आगो पानी आदि। उत्पातको नराम्रो दैवी र चोर डाकू परचक्रहरूबाट भएको पीडा आदि मानुठा यथार्थ हालखबर।

७. **प्रतिलेख**—अरूले पठाएको लेखोट सत्य बुझरे जस्ताको तस्तै सुनाउँदा राजाबाट भएको जवाफ।

८. **सर्वत्रग**—दुर्गपाल अधिकारीहरू प्रति बटुवाहरूलाई रक्षा गर्ने खानपिन आदिको सहायता दिने आदि विषयको देशकाल-व्यापी सरकारी लेख।

उपाय—

राजाको शासन अनुसार हुने सन्धि विग्रह आदि कार्यका निमित्त आवश्यक उपाय, (१) साम, (२) उपप्रदान-(दान) (३) भेद, (४) दण्ड-यी हुन्। ती उपाय मध्यमा **साम**—भनेको प्रियवचन हो। सो ५ प्रकारको हुन्छ।

(क) गुण कीर्तन—कुल शरीर काम स्वभाव विद्या द्रव्य आदिको गुण लिएर प्रशंसा स्तुति गर्नु।

(ख) सम्बन्धोपाख्यान—दाज्यू भाई, विवाह सम्बन्ध गुरुशिष्यभाव, यजमान-पुरोहितभाव, पुरुषाहरू, हृदय, मित्रहरूको वर्णन गर्नु।

(ग) परस्परोपकार प्रदर्शन—आफ्नो पक्ष र शत्रुपक्षले परस्परलाई गरेको उपकारको वर्णन गर्नु ।

(घ) आयति प्रदर्शन—ऐल्हे यसो गरेमा पछि हामी दुवै थरीलाई यसो हुनेछ भनि आशा बढाउनु ।

(ङ) आत्मोपनिधान—म तिमी एकै हौं, मेरो द्रव्य तिमीले इच्छामाफिक काम लाए हुन्छ भनि एकता देखाउनु ।

२. उपप्रदान—दान भनेको भूमि नगद आदि धन दिएर उपकार गर्नु ।

३. भेद—भनेको यसले मलाई पनि बिगार्नेछ इत्यादि शङ्का पैदा गराउनु र भनेको नमाने यसो गर्नेछु भनि हप्काउनु ।

४. दण्ड—भनेको मार्नु पिट्नु धन लिनु ।

लेखका दोष—

लेखोटमा बचाउनुपर्ने दोष यति किसिमका छन्—

(१) अकान्ति—कागतपत्र मैलो हुनु, रङ् नचढेका नराम्रा नमिलेका अक्षर हुनु ।
(२) व्याघात तल माथिका कुरा बाझ्ने हुनु ।
(३) पुनरुक्त—त्यही शब्द अर्थ उस्तै दोहरिनु ।
(४) अपशब्द—लिङ्ग वचन काल कारकहरू नमिलेर अशुद्ध हुनु ।
(५) संप्लव—अड्याउनु पर्ने ठाममा न अड्याउनु, न अड्याउनु पर्ने ठाउमा अड्याउनु र लेखोटमा क्रम नमिल्नु ।

कौटल्यले बार्हस्पत्य आदि अरु शास्त्रहरू पनि पढी बुझी त्यसको-प्रयोग (लोक व्यवहार) पनि हेरेर राजाका निमित्त यो शासन सम्बन्धी विधान बनाइएको हो

अथ एकादशोऽध्यायः

२९ प्रकरणे—कोशप्रवेश्यरत्नपरीक्षा

कोशाध्यक्षः कोषप्रवेश्यं रत्नं सारं फल्गु कुप्यं वा तज्जातकरणाधिष्ठितः प्रतिगृह्णीयात् । ताम्रपर्णिकं पाण्ड्यकपाटकं पाशिक्यं कौलेयं

चौर्णेयं माहेन्द्रं कार्दमिकं स्रौतसीयं ह्रादीयं हैमवतं च मौक्तिकम्। शुक्तिः शंखः प्रकीर्णकं च योनयः।

मसूरकं त्रिपुटकं कूर्मकमर्धचन्द्रकं कंचुकितं यमकं कर्तकं खरकं सिक्तकं कामण्डलुकं श्यावं नीलं दुर्विद्धं चाप्रशस्तम्।

स्थूलं वृत्तं निस्तलं भ्राजिष्णु श्वेतं गुरु स्निग्धं देशविद्धं च प्रशस्तम्। शीर्षकमुपशीर्षकं प्रकाण्डकमवघाटकं तरलप्रतिबन्धकं चेति यष्टिप्रदेशाः।

यष्टीनामष्टसहस्रमिन्द्रच्छन्दः। ततोऽर्धं विजयच्छन्दः। शतं देवच्छन्दः। चतुःषष्टिरर्धहारः। चतुष्पंचाशद्रश्मिकलापः। द्वात्रिंशद्गुच्छः। सप्तविंशतिर्नक्षत्रमाला। चतुर्विंशतिरर्धगुच्छः। विंशतिमाणवकः। ततोऽर्धमर्धमाणवकः। एत एव मणिमध्यास्तन्माणवका भवन्ति। एकशीर्षकः शुद्धो हारः। तद्वच्छेषाः। मणिमध्योऽर्धमाणवकः। त्रिफलकः फलकहारः। पंचफलको वा। सूत्रमेकावली शुद्धा। सैव मणिमध्या यष्टिः। हेममणिचित्रा रत्नावली। हेममणिमुक्तान्तरोऽपवर्तकः। सुवर्णसूत्रान्तरं सोपानकम्। मणिमध्यं वा मणिसोपानकम्।

तेन शिरोहस्तपादकटीकलापजालकविकल्पा व्याख्याताः।

मणिः कौटो मालेयकः पारसमुद्रकश्च।

सौगन्धिकः पद्मरागः अनवद्यरागः पारिजातः पुष्पकः बालसूर्यकः वैडूर्यः उत्पलवर्णः शिरीषपुष्पक उदकवर्णो वंशरागः शुकपत्रवर्णः पुष्यरागो गोमूत्रको गोमेदकः। नीलावलीयक इन्द्रनीलः कलायपुष्पको महानीलो जाम्बवाभो जीमूतप्रभो नन्दकः स्रवन्मध्यः। शुद्धस्फटिकः मूलाटवर्णः शीतवृष्टिः सूर्यकान्तश्चेति मणयः।

षडस्रश्चतुरस्रो वृत्तो वा, तीव्ररागः संस्थानवानच्छः स्निग्धो गुरुरर्चिष्मानन्तर्गतप्रभः प्रभानुलेपी चेति मणिगुणाः।

मन्दरागप्रभः सशर्करः पुष्पच्छिद्रःखण्डो दुर्विद्धो लेखाकीर्ण इति दोषाः ।

विमलकः सस्यकोऽञ्जनमूलकः पित्तकः सुलभको लोहिताक्षो मृगाश्मको ज्योतीरसको मैलेयक आहिच्छत्रकः कूर्पः प्रतिकूर्पः सुगन्धिकूर्पः क्षीरपकः शुक्तिचूर्णकः शिलाप्रवालकः पुलकः शुक्रपुलकः इत्यन्तरजातयः । शेषाः काचमणयः ।

सभाराष्ट्रकं मध्यमराष्ट्रकं कास्तीरराष्ट्रकं श्रीकटनकं मणिमन्तकमिन्द्रवानकं च वज्रम् ।

खनिः स्रोतः प्रकीर्णकं च योनयः । मार्जाराक्षकं च शिरीषपुष्पकं गोमूत्रकं गोमेदकं शुद्धस्फटिकं मूलाटीपुष्पकवर्णं मणिवर्णानामन्यतमवर्णमिति वज्रवर्णाः । स्थूलं स्निग्धं गुरु प्रहारसहं समकोटिकं भाजनलेखि तर्कुभ्रामि भ्राजिष्णु च प्रशस्तम् ।

नष्टकोणं निरस्रि पार्श्वापवृत्तं च अप्रशस्तम् ।

प्रवालकं मालकन्दकं वैवर्णिकं च रक्तं पद्मरागं च करटं गर्भिणिकावर्जमिति ।

चन्दनं-सातनं रक्तं भूमिगन्धि । गोशीर्षकं कालताम्रं मत्स्यगन्धि । हरिचन्दनं शुकपत्रवर्णमाम्रगन्धि । तार्णसं च । ग्रामेरुकं रक्तं रक्तकालं वा बस्तमूत्रगन्धि । दैवसभेयं रक्तं पद्मगन्धि । जावकं च । जोङ्गकं रक्तं रक्तकालं वा स्निग्धम् । तौरूपं च । मालेयकं पाण्डुरक्तम् । कुचन्दनं कालवर्णकं गोमूत्रगन्धि । कालपर्वतकं रूक्षमगुरुकालं रक्तं रक्तकालं वा । कोशकारपर्वतकं कालं कालचित्रं वा । शीतोदकीयं पद्माभं कालस्निग्धं वा । नागपर्वतकं रूक्षं शैवलवर्णं वा । शाकलं कपिलमिति ।

लघु स्निग्धमाश्यानं सर्पिःस्नेहलेपि गन्धसुखं त्वगनुसार्यनुल्बणमविराग्युष्णसहं दाहग्राहि सुखस्पर्शनमिति चन्दनगुणाः ।

अगुरु जोङ्गकं कालं कालचित्रं मण्डलचित्रं वा। श्यामं दोङ्गकम्। पारसमुद्रकं चित्ररूपम्। उशीरगन्धि नवमालिकागन्धि वेति। गुरु स्निग्धं पेशलगन्धि निर्हारि अग्निसहमसंप्लुतधूमं समगन्धं विमर्दसहमित्यगुरुगुणाः।

तैलपर्णिकं-अशोकाग्रामिकं मांसवर्णं पद्मगन्धि। जोङ्गकं रक्तपीतमुत्पलगन्धि गोमूत्रगन्धि वा। ग्रामेरुकं स्निग्धं गोमूत्रगन्धि। सौवर्णकुड्यकं रक्तपीतं मातुलुंगगन्धि। पूर्णकद्वीपकं पद्मगन्धि नवनीतगन्धि वेति।

भद्रश्रीयं—पारलौहित्यकं जातीवर्णम्। आन्तरवत्यमुशीरवर्णम्। उभयं कुष्ठगन्धि चेति।

कालेयकः स्वर्णभूमिजः स्निग्धपीतकः। औत्तरपर्वतको रक्तपीतकः। इति साराः।

पिण्डक्वाथधूमसहमविरागि भोगानुविधायि च। चन्दनागुरुवच्च तेषां गुणाः।

कान्तनावकं प्रैयकं चोत्तरपर्वतकं चर्म। कान्तनावकं मयूरग्रीवाभम्। प्रैयकं नीलपीतश्वेतलेखिबिन्दुचित्रम्। तदुभयमष्टाङ्गुलायामम्।

बिसी महाबिसी च द्वादशग्रामीये। अव्यक्तरूपा दुहिलितिका चित्रा वा बिसी। परुषा श्वेतप्राया महाबिसी द्वादशांगुलायाममुभयम्।

श्यामिका कालिका कदली चन्द्रोत्तरा शाकुला चारोहजाः। कपिला बिन्दुचित्रा वा श्यामिका, कालिका कपिला कपोतवर्णा वा। तदुभयमष्टाङ्गुलायामम्। परुषा कदली हस्तायता। सैव चन्द्रचित्रा चन्द्रोत्तरा। कदली त्रिभागा कोमलदण्डचित्रा कृतकर्णिकाऽजिनचित्रा चेति।

सामूरं चीनसी सामूली च बाह्लवेयाः। षट्त्रिंशदंगुलमञ्जनवर्णं सामूरम्। चीनसी रक्तकाली पाण्डुकाली वा। सामूली गोधूमवर्णेति।

सातिना नलतूला वृत्तपुच्छा च औद्राः। सातिना कृष्णा। नलतूला नलतूलवर्णा। कपिला वृत्तपुच्छा च। इति चर्मजातयः। चर्मणां मृदु स्निग्धं बहुलरोम च श्रेष्ठम्।

शुद्धं शुद्धरक्तं पक्ष्मरक्तं च आविकं खचितं वानचित्रं खण्डसंघात्यं तन्तुविच्छिन्नं च।

कम्बलः कौचपकः कुलमितिका सौमितिका तुरगास्तरणं वर्णकं तलिच्छकं वारवाणः परिस्तोमः समन्तभद्रकं च आविकम्।

पिच्छिलमार्द्रमिव च सूक्ष्मं मृदु च श्रेष्ठम्। अष्टप्लौतिसंघात्या कृष्णा भिङ्गिसी वर्षवारणमपसारक इति नैपालकम्।

सम्पुटिका चतुराश्रिका लम्बरा कटवानकं प्रावरकः सत्तलिकेति मृगरोम।

वाङ्गकं श्वेतं स्निग्धं दुकूलं पौण्ड्रकं श्यामं मणिस्निग्धं सौवर्णकुड्यकं सूर्यवर्णं मणिस्निग्धोदकवानं चतुरश्रवानं व्यामिश्रवानं च। एतेषामेकांशुकमर्धद्वित्रिचतुरंशुकमिति। तेन काशिकं पौण्ड्रकं च क्षौमं व्याख्यातम्।

मागधिका पौण्ड्रिका सौवर्णकुड्यका च पत्रोर्णाः। नागवृक्षो लिकुचो वकुलो वटाश्च योनयः। पीतिका नागवृक्षिका, गोधूमवर्णा लैकुची, श्वेता वाकुली, शेषा नवनीतवर्णा। तासां सौवर्ण्यकुड्यका श्रेष्ठा। तया कौशेयं चीनपट्टाश्च चीनभूमिजा व्याख्याताः। माधुरमापरान्तकं कालिङ्गकं काशिकं वाङ्गकं वात्सकं माहिषकं च कार्पासिकं श्रेष्ठमिति।

अतः परेषां रत्नानां प्रमाणं मूल्यलक्षणम्।
जातिं रूपं च जानीयान्निधानं नवकर्म च॥ १॥
पुराणप्रतिसंस्कारं कर्मगुह्यमुपस्करान्।
देशकालपरीभोगं हिंस्राणां च प्रतिक्रियाम्॥ २॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
कोशप्रवेश्य रत्नपरीक्षा नामैकादशोऽध्यायः॥ ११॥

अध्याय ११

प्रकरण २९

ढुकुटी दाखिल हुने रत्नहरूको जाँच

कोशाध्यक्ष (ढुकुटीको प्रधान अधिकारी) ले ढुकुटीमा दाखिल गरिने रत्न (मणि), सार (उत्तम), फल्गु (मामुली), कुप्य (जिनिस) हरू त्यो विषयको व्यवहार गर्ने विज्ञहरू र करण (कारिन्दा) हरू समेत साथमा लिएर जाँची बुझी लिनुपर्दछ।

मोती—

मोती—ताम्रपर्णिक—पाण्ड्यदेशमा प्रसिद्ध समुद्रमा मिल्ने ताम्रपर्णी नदीमा हुने, पाण्ड्यकवाटक—मलयकोटि पर्वतमा उत्पन्न, पाशिक्य-पाटलीपुत्रनजीकको पाशिका—नदीमा उत्पन्न, चौर्णेय—केरल देशको चूर्णानदीमा उत्पन्न, माहेन्द्र—महेन्द्र पर्वतनेर समुद्रमा भएको, कार्दमिक—फारस देशको कर्दमा नदीमा उत्पन्न, स्रौतसीप—वर्वर समुद्रको किनारको स्रोतसी नदीमा उत्पन्न, ह्रादीय—वर्वर समुद्रको किनारको श्रीघण्ह ह्रदमा उत्पन्न, हैमवत—हिमालयमा उत्पन्न, यति १० ठाउको हुन्छ। यसको उत्पत्ति हुने घर शङ्ख सीपी र प्रकीर्ण—बनेल सिंहको दाह्रा हात्तीको गण्डस्थल बाँस सर्पको टाउको आदि हुन्छन्।

मसुरो जस्तो च्याप्टो, फापर जस्तो तीनपाटे, कछुवा जस्तो च्याप्टो अर्धचन्द्र जस्तो, पर्दाले ढाकेको, जोल्टिएको, काटिएको, खस्रो, थोप्ला भएको, कमण्डलुजस्तो, चुच्चे कैलो, नीलो रङ्गको, बेठाउमा छेडेको, पनि मोती असल हुँदैन।

ठूलो, गोल, पींद नभएको, चहकीलो, सेतो, गह्रौं, चिल्लो, ठाउमा छेडिएको मोती बेस हुन्छ।

(मोतीका लुङ् (लरी) यति किसिमका हुन्छन्।)

१. **शीर्षक—**माझमा यौटा ठूलो, दायाँ बायाँ साना बराबर एकेक भएको।

२. **उपशीर्षक—**माझमा यौटा ठूलो दायाँ बायाँ साना एकेक भई ३।३ वटाको गुच्छा पारेको।

३. **प्रकाण्ड**—माझमा यौटा ठूलो दायाँ बायाँ साना २।२ भएको ५।५ गुच्छा पारेको।

४. **अवघाटक**—माझमा यौटा ठूलो, दायाँ बायाँ क्रमैसँग सानो झन् सानो हुँदै गएको।

५. **तरलप्रतिबन्ध**—एकैनासका मोती गाथिएको।

मोतीका मालाहरू—

इन्द्रच्छन्द—	१००८	लुङ्को	गुच्छ—	३२	लुङ्को
बिजयच्छन्द—	५०४	”	नक्षत्रमाला—	२७	”
देवच्छन्द—	१००	”	अर्धगुच्छ—	२४	”
अर्धहार—	६४	”	माणवक—	२०	”
अर्धकलाप—	५४	”	अर्धमाणक—	१०	”

यिनैमा बीचमा माणिक भएको भए **माणवक** थपिई इन्द्रच्छन्द-माणवक विजयच्छन्द-माणवक इत्यादि नाम हुन्छन्।

(१) यौटा मात्र शीर्षक (माझमा रहने ठूलो) भएको इन्द्रच्छन्द आदि मालालाई **शुद्धहार** भन्ने नाम थपिएको इन्द्रच्छन्द शीर्षक शुद्धहार, विजयच्छन्द शीर्षक शुद्धहार, देवच्छन्द शीर्षक शुद्धहार, अर्धहार शीर्षक शुद्धहार, यस्तै नक्षत्रमाला० अर्धगुच्छ० माणवक० अर्धमाणवक शीर्षक शुद्धहार यी नामले व्यवहारगरिन्छ।

(२) यस्तै गरी एक शीर्षक जस्तै एक उपशीर्षक, एक प्रकाण्डक, एकावघाटक, एक तरल प्रतिबन्ध भएका पनि इन्द्रच्छन्द-शुद्धहार, विजयच्छन्द-शुद्धहार देवच्छन्द शीर्षक-शुद्धहार, अर्धहार शीर्षक शुद्धहार इत्यादि हुन्छन्।

(३) पन्ना आदि मणि बिचमा भएको अर्धमाणवक–१० लुङ्को मालामा ५ वा ३ सुनको दाना समेत भएमा **फलकहार** भन्ने नाम हुन्छ।

(४) मणि नभएको केवल मोतीको १ लुङे मालालाई **एकावली**, त्यही एक लुङे माला बीचमा मणि भएको भए **यष्टि**, सुनको दाना मणि समेत भएको भए **रत्नावली**, सुनको दाना मणि मोती एकेक अन्तर पारी उनि-

एको भए **अपवर्तक**, सुनको दाना र मोती एकेक अन्तर पारी उनिएको भए **सोपानक**, त्यसमा बीचबीचमा मणि समेत उनिएको भए **मणिसोपानक** भन्ने नाम भएका विशेष हार हुन्छन् ।

शीर्षक आदि घाँटीका गहनाको किसिमका शिर, हात पाउ कटिका कलाप—लुङ्, जालक— कलापसमूहहरू पनि बुझ्नू ।

(छोट्करीमा मोतीका गुण ८, उत्पत्ति स्थान ३, बढनेठाउ १०, दोष १३, हारका भेद २० हुन्छन् ।)

माणिक—

माणिक—कौटमलय र समुद्रको बीचमा भएको, मालेयक—मलयको मालानामक प्रदेशमा भएको, पारसमुद्रक—सिंहलद्वीपको रोहण पर्वतमा भएको यस्तो ३ थरीको हुन्छ ।

सो माणिक (१) सौगान्धिक–अलि नीलो मिसिएको रातो रङ्को, (२) पद्मराग-कमलको जस्तो रङ्गभएको, (३) अनवद्यराग—केसरको जस्तो रङ् भएको, (४) पारिजातपुष्पक—पारिजातको, फुलको रङ्भएको, (५) बालसूर्यक—बालसूर्यको जस्तो रङ् भएको, यति किसिमको हुन्छ ।

वैदूर्य (१) रातो कमलको रङ भएको, (२) शिरीषको फूलको जस्तो रङ् भएको, (३) पानी जस्तो स्वच्छ रङ् भएको, (४) बाँसका पातको जस्तो रङ् भएको (५) शुगाको पखेटाको जस्तो रङ् भएको, (६) हलेदो जस्तो पहेलो, (७) गहुतको जस्तो रङ्ग भएको (८) गोलोचनको जस्तो रङ् भएको, यति किसिमका हुन्छन् ।

नील—नीर—(१) नीलाचलीय—सेतोमा नीलो धर्सा भएको, (२) इन्द्रनील—मजूरको पुच्छरको रङ् भएको, (३) कलायपुष्पक—केराउको फूलको रङ् भएको, (४) महानील—भ्रमरको जस्तो रङ् भएको, (५) जाम्बवाभ—जम्बूफलको जस्तो रङ् भएको, (६) जीमूतमय—मेघको जस्तो रङ् भएको, (७) नन्दक—भित्र सेतो बाहिर नीलो, (८) स्रवन्मध्य—पानीको झर्ना जस्तो किरण भएको, यति किसिम हुन्छ ।

स्फटिक—(१) शुद्धस्फटिक—ज्यादै सेतो, (२) मूलाटवर्ण—छाली झिकेको दहीको रङ् भएको, (३) शीतवृष्टि—चन्द्रकिरणले छुदा रसाउने (४) सूर्यकान्त—सूर्यकिरणले छुदा आगो निकाल्ने, यति किसिमको हुन्छ ।

मणिहरूका भेद यिनै हुन् ।

मणिहरू छ पाटे, वा चार पाटे, वा गोल पनि हुन्छन्। ज्यादै चहकीला, गहनामा ठाउँ-ठाउँमा जडाउन मिल्ने, निर्मल, मसीना, ओजन भएका, चमक भएका, भित्रपट्टि पनि चमक भएका, आफ्नो तेजले नजीकका भाँडाहरू रङ्गाउने भएका बेस हुन्छन्।

रङ्ग-चमक फीका भएका, साना-साना दाना भएका, भित्र फूलो परेका, चिरिएका, बेठाउमा छेडिएका, धर्सा परेका रत्नहरू दोषी हुन्छन्।

अरु मणि—

(१) विमलक—सेतो हरियो, (२) सस्यक—हरियो, (३) अञ्जन मूलक—कालो, (४) पित्तक—गोरोचनको रङ् भएको, (५) सुलभक—उज्यालो. (६) रोहिताक्ष—छेउमा रातो बिचमा कालो, (७) मृगाश्मक—सेतोकालो मिस्सिएको, (८) ज्योतीरसक—सेतो रातो, (९) शैलेयक—सिमरीकको जस्तो रङ् भएको, (१०) आहिछत्रक—फिक्का रङ् भएको, (११) कूर्प—खस्रो, (१२) प्रतिकूर्प—सिताको रङ् भएको (१३) सुगन्धि कूर्प—मुँगीको रङ् भएको, (१४) क्षीरपक—दूधको रङ् भएको, (१५) शुक्तिचूर्णक—छिर्विरे, (१६) शिलाप्रबालक—मूगाको रङ् भएको, (१७) पुलक—भित्र कालो, (१८) शुक्रपुलक—भित्र सेतो, यी अवान्तर जातिका मणि हुन्।

यी भनिएदेखि [बाहेक अरू कांचमणि—काँचसरहका हीनमणि हुन्छन्।

वज्र—

हीरा—उत्पत्तिस्थानको अनुसार (१) सभाराष्ट्रक—विदर्भ देशको सभाराष्ट्र भन्ने ठाउँमा हुने। (२) मध्यमराष्ट्रक—कोशलदेशको मध्यम राष्ट्र भन्ने ठाउमा हुने, (३) काश्मीरराष्ट्रक—काश्मीर राष्ट्रमा हुने, (४) श्रीफलक—श्रीफलकनामको पर्वतमा हुने, (५) मणिमन्तक—मणिमस्तक-नामको पर्वतमा हुने, (६) इन्द्रवानक कलिङ्ग देशको इन्द्रवान पर्वतमा हुने, यति थरि छन्।

हीराको उत्पत्ति खानि, जलप्रवाह, हात्तीको दाँतको अग्रभाग आदि हुन्छन्।

हीरा रङ्ग अनुसार (१) मार्जाराक्षक—बिरालाको आँखाको रङ् भएको, (२) शिरीष पुष्पक—सिरीषको फूलको रङ् भएको, (३) गोमूत्रक—गउताको रङ् भएको, (४) गोमेदक—गोरोचनको रङ भएको, (५) शुद्ध-

स्पटिक—विल्लौरको रङ् भएको, (६) मूलहाटी पुष्पकवर्ण—मूलहटीको फूलको रङ् भएको, (७) मणि वर्णान्यतम वर्ण—अरु मणिको जस्तो रङ् भएको, यति थरी हुन्छन् ।

हीरा—ठूलो, पानी भएको, ओजन भएको, कुनै साहारो वस्तुले हाने पनि नफुट्ने चुच्चो मिलेको, भाड़ामा कोर्दा रेखा पर्ने, चर्खाको कतुवा झैं घुमी तिरी मिरी पार्ने, चहकीलो असल हुन्छ ।

हीरा—चुच्चो नभएको, पाटा नपरेको, एक पाखो पट्टि ढल्केको बेस हुदैन ।

मूगा—

मूगा—आलकन्दक-वर्वर समुद्रको किनारको अलकन्द भन्ने ठाउमा वैवर्णिक—यवनद्वीपको विवर्णनामको समुद्री भागमा , यी दुई ठाउमा हुने हुन्छ । रातो र कमलको रङ् भएको २ थरी हुन्छ : करकट—कीराले खाएको र गर्भिणिका—भित्र गाँठो भएको, असल हुदैन ।

सारवस्तु—

श्रीखण्ड—मलयदेशका सातन भन्ने ठाउमा भएको रातो रङ्को माटाको गन्ध आउने गोशीर्ष भन्ने ठाउँमा भएको कालो रातो रङको माछाको गन्ध आउने हुन्छ । हरिदेश भन्ने ठाउँमा भएको र तृणसा नामकी नदीको नजीकमा भएको आँपको गन्ध आउने हुन्छ । ग्रामेरुक देशमा हुने, रातो वा रातो कालो रङ्गको, बोकाको मूतको जस्तो गन्ध आउने हुन्छ । देवसभा भन्ने ठाउँमा र जावक भन्ने देशमा भएको रातो रङ्को कमलको गन्ध आउने, जोङ्क भन्ने ठाउँमा र तुरूप भन्ने देशमा भएको, रातो वा रातो कालो, चिल्लो कमलको गन्ध आउने हुन्छ । मलयपर्वतमा हुने सेतो रातो कमलको गन्ध आउने हुन्छ । कुन्वन्दन नाम भएको चाहीं कालो रङको गहुतको गन्ध आउने हुन्छ । काले पर्वतमा भएको खस्रो अगुरुजस्तो कालो वा रातो वा रातो कालो, कोशकार पर्वतमा भएको कालो वा कालो-कालो छिर्विरे, शीतोदक भन्ने ठाउमा भएको कमलको रङ् भएको वा कालो चिल्लो, नागपर्वतमा भएको खस्रो सिपालीको रङ् भएको, शाकल भन्ने ठाउँमा भएको कैलो रङ्को, यी पनि गहुतको गन्ध आउने हुन्छन् ।

श्रीखण्ड—हलुका, मसिनो, हतपति नशुक्ने, घ्यू तेल जस्तो गरी घस्ता जीउ चिल्लो पार्ने, गन्धले आनन्द दिने, छालाभित्र पस्ने, मधुरो स्वादभएको, अरु वस्तु मिसाए पनि वास्ना नहराउने, गर्मी खपाउने, शरीरको दाह हटाउने, छुदैमा आनन्द दिने, यस्ता गुण भएको हुन्छ ।

अगुरु—धूपी—(१) जोङ्गक—कामरूपदेशको जोङ्गक भन्ने ठाउँमा उत्पन्न कालो, कालो छिरविरे, कालोमा सेतो टीका भएको हुन्छ । (२) दोङ्गक—कामरूपदेशको दोङ्ग भन्ने ठाउँमा भएको कालो हुन्छ । (३) पारसमुद्रक—सिंहलदेशमा भएको विभिन्न वर्णको हुन्छ । (४) अगुरुको गन्ध उशीर (खश)को जस्तो, नवमालिकाको जस्तो, गन्ध आउने हुन्छ । अगुरुमा भारी, चिल्लो, मीठो, वास्ना भएको, टाढासम्म बास्ना जाने, आगोमा हतपति नडढने, धूवाँले तुलवुल नपार्ने, जलाउदा आदिदेखि अन्तसम्म एकनास सुगन्ध दिने, कपडाहरूले माडे पनि गन्ध नहराउने यस्ता गुण छन् ।

तैलपर्णी—कुनै सुगन्धी चन्दनविशेष—(१) कामरूपदेशको अशोक ग्राममा हुने मासुको जस्तो रङ् भएको कमलको वास्ना आउने हुन्छ । (२) कामरूपको जोङ्ग प्रदेशमा हुने रातो पहेलो रङ्को कमलको वा गहुतको वास्ना आउने हुन्छ । (३) कामरूपको ग्रामेरु भन्ने ठाउमा हुने चिल्लो गहुतको गन्ध आउने हुन्छ । (४) कामरूपको सुवर्णकुड्या भन्ने ठाउमा हुने रातो पहेलो रङ्गको विमिराको वास्ना आउने हुन्छ । (५) कामरूपको पूर्णक द्वीपमा भएको कमलको वा नौनीको गन्ध आउने हुन्छ ।

भद्रश्री—चन्दनविशेष—(१) कामरूपको लौहित्य नदको पारी हुने जाइको फूलको जस्तो गन्ध भएको, (२) कामरूपको आन्तरवती नदीको किनारमा भएको उशीर (खश)को जस्तो रङ् भएको । दुवै कूटको जस्तो गन्ध आउने हुन्छ ।

कालेयक—नाम गरेको काठविशेष (१) स्वर्ण भूमि—(वर्मादेश)मा हुने, मसीनो पहेलो रङ्गको (२) उत्तरपर्वत हिमालयमा हुने रातो पहेलो रङ्गको हुन्छ ।

तैलपर्णी, भद्रश्री, कालेयक, यी तीनै वस्तु घोटे पनि काटे पनि आगामा धूप हाले पनि एकैनासको वास्ना आउने, अर्को वस्तु मिसाउदा र धेरै काल रहदा पनि नबिग्रने हुन्छन् । यिनको गुण श्रीखण्ड र अगुरुको जस्तै हुन्छ । सारवस्तु यिनै हुन् ।

फल्गु—क्षुद्रवस्तुहरू—

छाला—

हिमालयका कान्तनाव, प्रियक उत्तरपर्वतमा हुनेहरूमा कान्तनावक

मजूरको गर्दनको जस्तो रङ्गको, प्रियकचाहीं नीलो पहेलो, सेतो धर्सा र थोप्लाले बुट्टा परेको हुन्छ। यो दुवै थरीको ८ अङ्गुल लमाइ हुन्छ।

हिमालयका १२ (म्लेच्छ) ग्राममा हुने विसी र महाविसी यी दुइ छालामा विसीचाहीं धेरै रङ्को भान गराएर यही रङ् भनि तोक्न नसकिने रौं भएको, वा विचित्र रङ्गको, महाविसी खस्रो धेरै सेतो हुन्छ। दुवैको लमाई १२ अङ्गुल हुन्छ।

हिमालयको आरोह पर्वतमा हुने श्यामिका, कालिका, कद्ली, चन्द्रोत्तरा, शाकुला यी छालाहरूमा, श्यामिकाचाहीं कैलो वा थोप्लाबुट्टे, कालिकाचाहीं कैलो वा परेवाको रङ् भएको हुन्छ। यी दुवैको लमाई ८ अङ्गुल हुन्छ। कद्लीचाहीं खस्रो एक हात लामो, चन्द्रोत्तराचाहीं कद्ली जस्मैमा चन्द्रमा जस्तो बुट्टा भएको हुन्छ। शाकुलाचाहीं कद्लीको तृतीयांश ८ अङ्गुल लमाइभएको, रातो चक्का भएको गाठो परेर सुशोभित पनि हुन्छ।

हिमालयको वाह्य प्रदेशमा हुने सामूर चीनसी, सामूली यी छालाहरूमा सामूरचाहीं गाजलको रङ्ग भएको, चीनसीचाहीं रातो कालो वा सेतो कालो, सामूली चाहीं गहुको रङ् भएको हुन्छ। यी सबैको लमाई ३६ अङ्गुल हुन्छ।

छालाहरूमा कोमल मसीनो धेरै रौं भएको बेस हुन्छ। छालाका जात यी हुन्।

आविक—(राडी पाखी)—

आविक—भेडाको रौंको बनेको कम्बल सेतो सफा रातो एकातिर रातो पनि हुन्छ। सो ४ किसिमको हुन्छ (१) खचित—पछिबाट बुट्टा भरेको, (२) वानचित्र—बुन्दैमा नानारङ्ग पारेको, (३) खण्डसङ्घात्य—टुक्राटुक्रा पाटा० पाटा जोरेको, (४) तन्तुविच्छिन्न—जालि पारि बुनेको, यति किसिमको हुन्छ।

बनाइको किसिमले—(१) कम्बल—कामलो, (२) कोचलक—जङ्गली टोपी, (३) कलमिनिका—हात्तीको पीठमा ओछ्याउने, (४) तुरगास्तरण—घोडाको पीठमा ओछ्याउने, (५) वर्णक—रङ्गीन बुट्टे कम्बल, (६) तङ्विच्छक—बिछ्याउने राडी, (७) बारबाण—चुङ्गा, (८) परिस्तोम—गलैंचा, (९) समन्तभद्र—चारखाने—चारपाटे—यति किसिमको हुन्छ।

चिप्लिने जस्तो, चीसो जस्तो, मसिनो कोमल चाहीं कम्बल श्रेष्ठ हुन्छ।

भिङ्गिमी पाटा जोरेको कालो पानीरोक्ने घुमराडी, अपसारक—एकैपाटाको ठूलो—यी दुवै थरी नेपालमा[1] बन्ने कम्बल हुन् ।

मृगको रौंको (राङ्कव)—

मृगको रौंबाट बन्ने (१) सम्पुटिका—जाँघिया, (२) चतुरस्रिका—वेल बुट्टा भएको दोसल्ला, (३) लम्बरा—ओढने लोई, (४) कटवानक—मोटो धागोबाट बनेको (५) प्रावारक—ओढने चादर, (६) समलिका-बिछाउने चादर—यति थरी हुन्छन् ।

रेशमी (कौशेय)—

दुकूल—रेशमी वस्त्र तीन किसिको हुन्छ—(१) वाङ्गक—वङ्गदेशमा हुने सेतो मसिनो, (२) पौण्ड्रक—पुण्ड्रदेशमा हुने कालो, मणिजस्तो चिल्लो, (३) सौवर्ण कुड्यक—कामरूपदेशको सुवर्ण कुड्य प्रदेशमा हुने सूर्य किरणको जस्तो रङ्ग भएको हुन्छ । यसको बुनाइ तीन किसिमको हुन्छ, (१) मणिस्निग्धोदकवात—सूतलाई पानीमा भिजाएर हातको नारीमा रगडेर बुनेको, (२) चतुरस्रवान—ताना-वाना एकै रङ्गको भएको (३) व्यामिश्रवान—रेशमी र ऊनी धागो मिसाएर बुनेको ।

यी सबै दुकूलहरू १ एकांशुक—ताना-वाना एकसुते, २ अर्धांशुक—तानामा २ सूत वानामा १ सूत भएको, २ द्व्यंशुक—दुइसुते, ३ त्र्यंशुक—तीनसुते पनि हुन्छन् ।

यस्तै किसिमसंग काशिक—काशीमा बन्ने, पौण्ड्रक—पुण्ड्रदेशमा बन्ने, डेढ, २,३ सुते दुकूललाई क्षौम भन्ने चलन छ ।

पत्रोर्णा—धुवा रेशमी दुकूल ३ किसिमको हुन्छ । (१) मागधिका—मगध देशमा बनेको, (२) पौण्ड्रिका—पुण्ड्रदेशमा बनेको, (३) सौवर्ण कुडिच्यका—सुवर्ण कुड्य प्रदेशमा बनेको, रूखको पातमा एक किसिमका कीराको रालबाट बनेको धागाबाट पत्रोर्णा बन्दछ । त्यसमा नागवृक्षबाट भएको चाहीं पहेलो लकुच—बडहरको रूखबाट भएको चाहीं गहुको रङ्ग भएको, वकुल वृक्षमा भएको चाही सेतो रङ्ग भएको, अरू नौनीको रङ्ग भएको हुन्छ । यी सबै रेशमी वस्त्रमा सुवर्ण कुड्यमा हुने चाहीं श्रेष्ठ

---

[1] यसबाट २००० वर्ष अगिदेखि नै नेपालमा बनेका भिङ्गिनी र अपसारक दुइ किसिमका भेडाका रौंका राडी पाखीहरू नेपालको नामबाट देशान्तरसम्म पनि प्रख्यात भएको बुझिन्छ । धर्मशास्त्रहरूमा पनि श्राद्धप्रकरणमा 'कुत्तयो नेपाल कम्बलाः' भनि पितृलाई प्रिय लाग्ने भनि यसको पवित्रता गाइएको छ ।

हुन्छन्। यस्तै गरी अरू कीराको कोशाबाट बन्ने कौशेय, चीन देशमा[१] हुने, चीन पट्टहरू पनि बुझ्नू।

कपासको—

कार्पासिक—कपासको धागोबाट बनेको वस्त्र—माथुर—मथुराको, आपरान्तक—कोङ्कण प्रदेशको, कालिङ्गक—कलिङ्ग देशको, काशिक—काशीको, वाङ्गक—बंगदेशको, वात्सक—वत्सदेशको, माहिषक—कुन्तलदेशको राजधानी माहिष्मती सहरको श्रेष्ठ हुन्छ।

यी माथि भनिएका र यीदेखि बाहेक अरु रत्न आदिको पनि प्रमाण, नाप, तौल, मूल्य, लक्षण, जाति, रूप राख्ने विधि, खानिबाट झिक्ने वित्तिकै गर्ने संस्कार, पुरानो मलिनलाई सफा पार्नु, साँध लाउनु, रङ् चढाउनु, अनुकूल देश काल, उपभोग, नाशक कीरा आदिको प्रतिक्रिया आदि विषय पनि कोशाध्यक्षले जान्नुपर्दछ।

अथ द्वादशोऽध्यायः

३० प्रकरणे—आकरकर्मान्तप्रवर्तनम्

आकराध्यक्षः शुल्बधातुशास्त्ररसपाकमणिरागज्ञस्तज्ज्ञसंघो वा तज्ज्ञातकर्मकरोपकरणसम्पन्नः किट्टमूषाङ्गारभस्मलिंगं वाऽऽकरं भूतपूर्वमभूतपूर्वं वा भूमिप्रस्तररसधातुमत्यर्थवर्णगौरवमुग्रगन्धरसं परीक्षेत।

पर्वतानामभिज्ञातोद्देशानां बिलगुहोपत्यकालयननिगूढखातेष्वन्तःप्रस्यन्दिनो जम्बूचूततालफलपक्वहरिद्राभेदहरितालमनःशिलाक्षौद्रहिंगुलुकपुण्डरीकशुकमयूरपत्रवर्णाः सवर्णोदकौषधीपर्यन्ताश्चिक्कणा विशदा भारिकाश्च रसाः कांचनिकाः।

---

[१] कालिदास कविले शकुन्तला नाटकमा "चीनांशुकमिवकेतोः प्रतिवातं नीयमानस्य" भनी ध्वाजामा चीनपट्ट फर्फराएको बयान गरेका छन्। पुराण तन्त्रशास्त्र आदिमा पनि चीन पट्टको निर्देश ठाउँ ठाउँमा पाइन्छ।

अप्सु निष्ठ्यूतास्तैलवद्विसर्पिणः पंकमलग्राहिणश्च ताम्ररूप्ययोः शतादुपरिवेद्धारः ।

तत्प्रतिरूपकमुग्रगन्धरसं शिलाजतु विद्यात् ।

पीतकास्ताम्रकास्ताम्रपीतका वा भूमिप्रस्तरधातवो भिन्ना नीलराजिवन्तो मुद्गमाषकृसरवर्णा वा दधिबिन्दुपिण्डचित्रा हरिद्राहरीपकीपद्मपत्रशैवलयकृत्प्लीहानवद्यवर्णा भिन्नाश्चुश्चकाबालुकालेखाबिन्दुस्वस्तिकवन्तः सगुलिका अर्चिष्मन्तस्ताप्यमाना न भिद्यन्ते । बहुफेनधूम्राश्च सुवर्णधातवः प्रतीवापार्थास्ताम्ररूप्यवेधनाः ।

शंखकर्पूरस्फटिकनवनीतकपोतपारावतविमलकमयूरग्रीववर्णाः सस्यकगोमेदकगुडमत्स्यण्डिकावर्णाः कोविदारपद्मपाटलीकलायक्षौमातसीपुष्पवर्णाः ससीसाः साञ्जनाः विस्रा भिन्नाः श्वेताभाः कृष्णाः कृष्णाभाः श्वेताः सर्वे वा लेखाबिन्दुचित्रा मृदवो ध्मायमाना न स्फुटन्ति बहुफेनधूमाश्च रूप्यधातवः ।

सर्वधातूनां गौरववृद्धौ सत्त्ववृद्धिः । तेषामशुद्धा मूढगर्भा वा तीक्ष्णमूत्रक्षारभाविता राजवृक्षवटपीलुगोपित्तरोचना, महिषखरकरभमूत्रलेण्डपिण्डबद्धास्तत्प्रतीवापास्तदवलेपा वा विशुद्धाः स्रवन्ति ।

यवमाषतिलपलाशपीलुक्षारैर्गोक्षीराजक्षीरैर्वा कदलीवज्रकन्दप्रतीवापो मार्दवकरः ।

मधुमधुकमजापयः सतैलं घृतगुडकिण्वयुतं सकन्दलीकम् ।
यदपि शतसहस्रधा विभिन्नं भवति मृदु त्रिभिरेव तन्निषेकैः ॥१॥

गोदन्तशृङ्गप्रतीवापो मृदुस्तम्भनः ।

भारिकः स्निग्धो मृदुश्च प्रस्तरधातुर्भूमिभागो वा पिंगलो हरितः पाटलो लोहितो वा ताम्रधातुः । काकमेचकः कपोतरोचनावर्णः श्वेतराजिनद्धो वा विस्रः सीसधातुः । ऊषरकर्बुरः पक्कलोष्ठवर्णो वा त्रपुधातुः । कुरुम्बः पाण्डुलोहितः सिन्दुवारपुष्पवर्णो वा तीक्ष्णधातुः ।

काकाण्डभूर्जपत्रवर्णो वा वैकृन्तकधातुः। अच्छस्निग्धः सप्रभो घोषवान् शीततीव्रस्तनुरागश्च मणिधातुः। धातुसमुत्थितं तज्जातकर्मान्तेषु प्रयोजयेत्।

कृतभाण्डमेकमुखमत्ययं चान्यत्र कर्तृक्रेतृविक्रेतॄणां स्थापयेत्। आकरिकमपहरन्तमष्टगुणं दापयेदन्यत्र रत्नेभ्यः। स्तेनमनिसृष्टोपजीविनं च बद्धं कर्म कारयेत्। दण्डोपकारिणं च।

व्ययक्रियाभारिकमाकरं भागेन प्रक्रयेण वा दद्यात्। लाघविकमात्मना कारयेत्। लोहाध्यक्षस्ताम्रसीसत्रपुवैकृन्तकारकूटवृत्तकंसताललोहकर्मान्तान् कारयेत्। लोहाभाण्डव्यवहारं च। लक्षणाध्यक्षश्चतुर्भागं ताम्रं रूप्यरूपं तीक्ष्णत्रपुसीसाञ्जनानामन्यतमं माषबीजयुक्तं कारयेत्—पणमर्धपणं पादमष्टभागमिति। पादाजीवं ताम्ररूपं माषकमर्धमाषकं काकणीमर्धकाकणीमिति। रूपदर्शकः पणयात्रां व्यवहारिकीं कोशप्रवेश्यां च स्थापयेत्।

रूपिकमष्टकं शतम्। पंचकशतं व्याजीम्। पारीक्षिकमष्टभागिकम्। पंचविंशतिपणमत्ययं चान्यत्र कर्तृक्रेतृविक्रेतृपरीक्षितृभ्यः। खन्यध्यक्षः शंखवज्रमणिमुक्ताप्रवालक्षारकर्मान्तान्कारयेत्। पणनव्यवहारं च।

लवणाध्यक्षः पाकमुक्तं लवणभागं प्रक्रयं च यथाकालं संगृह्णीयात्। विक्रयाच्च मूल्यं रूपं व्याजीम्। आगन्तुलवणं षड्भागं दद्यात्। दत्तभागविभागस्य विक्रयः पञ्चकं शतं व्याजीं रूपिकं च। क्रेता शुल्कं राजपण्याच्छेदानुरूपं च वैधरणं दद्यात्। अन्यत्र क्रेता षट्शतमत्ययं च। विलवणमुत्तमं दण्डं दद्यात्। अनिसृष्टोपजीवी च। अन्यत्र वानप्रस्थेभ्यः। श्रोत्रियास्तपस्विनो विष्टयश्च भक्तलवणं हरेयुः। अतोऽन्यो लवणक्षारवर्गः शुल्कं दद्यात्।

एवं मूल्यं विभागं च व्याजीं परिघमत्ययम्।
शुल्कं वैधरणं दण्डं रूपं रूपिकमेव च ॥ २ ॥

खनिभ्यो द्वादशविधं धातुं पण्यं च संहरेत्।
एवं सर्वेषु पण्येषु स्थापयेन्मुखसंग्रहम् ॥ ३ ॥
आकरप्रभवः कोशः कोशाद्दण्डः प्रजायते।
पृथिवी कोशदण्डाभ्यां प्राप्यते कोशभूषणा ॥ ४ ॥

इतिकौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
आकरकर्मान्तप्रवर्तनं नाम द्वादशोऽध्यायः ॥ १२ ॥

अध्याय १२

प्रकरण ३०

खानिको कार्यालय चलाउनु

खानि विभागको अध्यक्षले शुल्वशास्त्र-शाकल आदिले बनाएको भूमिको नसाहरू जान्ने विद्या, किंवा ताँमाबाट सुन बनाउने विद्या, धातुहरूको शोधन आदि बताउने शास्त्र, रस बनाउने, धातुहरूको पाक गर्ने, मणिहरूमा रङ् चढाउने आदि विद्या आफूले जानेर किंवा त्यो जान्ने विज्ञहरूलाई साथमा लिएर, त्यो काम गर्ने कामदार र चाहिने औजारहरू पनि जोरेर, कीट मूषा-गाल्ने भाँडा, कोइला, खरानी, आदिबाट थाहा हुने पुरानो खानि वा नया खानि फेला पारेर, माटो पत्थर रस धातु त्यसको रङ्ग ओजन चको गन्ध रसहरूको जाँच गर्नू।

सुन चाँदी—

यो ठाउँ यस्तो भनि थाहा भएका पर्वतहरूको ओडार, गुफा, फेदी खोपेर बनाएका गुफा, ठूलो ढुंगाले छोपीराखेका, छिद्र, खाडलहरूबाट भित्रैबाट बग्ने जामुन, आँप, तारको फूल, पाकेको हलेदोको टुक्रा, हरिताल, मह, हिङ्गुल, सेतो कमल, शुगाको प्वाँख, मजूरको प्वाँखको जस्तो रङ् भएको, सुनको जस्तो रङ्गका, सुनौला रङ्गका, जरी-बुटी वरिपरि भएका, चहकिला र ओजन भएका रस, देखिएभने सुन बन्ने हुन् भनि बुझ्नू।

पानीमा हाल्दा तेलझैं फैलिने, पानीको मैल हीलो तल निथार्ने, रस भए, एक पल (४ तोला) त्यो रसले १०० पल तामा वा चाँदीमा हाल्दा सुन बनाउने हुन्छ।

त्यस्तै किसिमको रङ्ग भएको रस, चर्को गन्ध स्वाद भएको भए शिलाजित हो भनि जान्नू ।

पहेला, तामाको रङ्गका, पहेलो र तामे रङ् भएका, जमीन वा पत्थर धातुहरू फोर्दा नीलो धर्सा परेका वा मूँग मास मिसिए जस्ते रङ्ग भएका, दहीको दाना जस्तो बिन्दुको बुट्टा भएको, हलेदो, हर्रो, कमलको पात सिवाली कलेजो फीयो, केसरको जस्तो रङ् भएका, भित्र पट्टि कोर्दा मसीनो बालुवाको रेखा बिन्दु स्वस्तिक चिन्ह देखिने, गोलीजस्तो गेगर चहकीलो देखिने, पोल्दाखेरि नफुटने धेरै फींज र धूवाँ आउने भए ती सुनका धाउ हुन्, तामा बा चादीमा वेधन (मिलाएर गाल्नु) गर्दा सुन बनाउने हुन्छन् ।

शङ्ख, कपूर स्फटिक, नौनी, जङ्गली परेवा, पालिने परेवा, बिमलक—(सेतो रातो रङ्गको मणिविशेष), मजूरको गर्दनको जस्तो रङ्ग भएका। नीरमणि गोमेद मणि गुड शक्करको रङ्ग भएका, कोइरालो कमल पाटली मटर क्षुमा-रेशम अतसी-आलसको फूलको जस्तो रङ् भएका, सीसा मिस्सिएका, अञ्जन (सुरमा) धातु मिस्सिएका, दुर्गन्ध आउने, कोर्दाखेरि बाहिर सेतो भित्र कालो वा बाहिर कालो भित्र सेतो अथवा सबै किसिममा अकैं रङ्गका धर्सा र बिन्दुको बुट्टा परेका, कोमल, पोल्दा नफुट्ने, धेरै फींज धूवाँ आउने भएमा चाँदीका धाउ हुन्छन् ।

भनिसकेको र पछि भनिने सबै किसिमका धाउमा जति ओजन बढी हुन्छ उति त्यसको सत्त्व (धाउको सार) बढता हुन्छ, तिनमा अरु धाउ मिसिएर चोखोपन नभएको र भित्री सार तत्त्व दबिएको भएमा तीक्ष्ण-मूत्र (हात्ती, घोडा मानिसको मूत), तीक्ष्ण-क्षार (केरा आदिको खरानी) को भावना (मिसाएर भिजाउनु) दिएमा, वा राजवृक्ष, वर, ओखर वृक्षको क्वाथ, गोरोचन, राङो गधा ऊँटको बच्चाको मूत मल, मिलाएर डल्लो पारी, आगोमा पोल्दाखेरि अरु मिसिएका वस्तुहरू हटेर त्यो धातु चोखो बन्दछ ।

जौ माष तिल पलाश ओखरको बोक्रा खरानी वा गाईको बाख्रीको दूध मिलाएर, केराको गाना र बनको ओलको गानामा मिलाएर भावना दिएमा सुन चाँदीमा कोमलपना आउने हुन्छ ।

मह जेठीमधु बाख्रीको दूध तेल घ्यू गुड किण्व (मद्यको सार), कन्दली—(कच्छ देशमा हुने झार विशेष) यी ८ थोक मिलाएको कल्क (पिधेको लेदो) ३ पल्ट हाल्दा खेरि शयन हजारन् चिरा परेर फुटेको पनि सुन चाँदी नरम बन्दछ ।

गाईको दाँत सीङ्को धुलो, पगालेको सुन चाँदीमा हालेमा नरमपना हराएर कडापन आउने हुन्छ ।

तामा आदि—

गरुङ्गो मसिनो नरम मट्टी वा पत्थर पहेलो वा हरियो वा गुलाबी वा रातो रङ् भए तामाको धातु हुन्छ ।

कागजस्तो कालो परेवा, गोरोचनको जस्तो रङ् भएको, सेतो धर्सा परेको दुर्गन्ध आउने सीसाको धाउ हुन्छ ।

उखर जमीन जस्तो फुस्रो पहेलो वा पाकेको ईटको जस्तो रङ्ग भएको त्रपु-राङ्को धाउ हुन्छ ।

कुडुम्ब (चिल्लो पत्थर) सेतो रातो, किंवा सिन्दुवार (सिवाँली विशेष) को फूलको जस्तो रङ्ग भएको भए तीक्ष्ण–फलामको धाउ हुन्छ ।

कागको फूलको जस्तो रङ्ग वा भूजापातको जस्तो रङ् भएको भए वैकृन्तक (इस्पात फलाम) को धाउ हुन्छ ।

निर्मल चिल्लो चहकिलो, पोल्दा फोर्दा ठुलो आवाज आउने, चीसो हलुका रङ्ग भएको भूमि मणिको धाउ हुने हुन्छ ।

कर्मान्त—

धातुहरूबाट आएको धन धातुकै कारखानाहरूमा लगाउनू ।

कारखानाबाट तयार भएका सुन आदि धातुका सामानको किन वेच हुने ठाउ यौटै बनाउनू । अरु ठाउमा बनाउने किन्ने बेच्ने गरेमा दण्ड हुने व्यवस्था गर्नुपर्दछ । खानिबाट खानिको काम गर्नेले माल चोरेमा मालको मोलको आठ गुना दण्ड गर्नू । (रत्न हरण गरेमा भने यस्तो दण्डले पुग्दैन वधदण्डै भनिने छ ।)

खानिको होस्, वा बाहिरको होस्, माल चोर्ने र राजाको अनुमति नलिईकन धातुसम्बन्धी काम गरेर जीविका गर्नेलाई सरकारी नगद दण्ड तिर्न नसक्नेलाई पनि बाँधेर (नेल हालेर) काम लाउने गर्नू । त्यस्ताको सहायता गर्नेलाई पनि त्यस्तै दण्ड गर्नू ।

घेरै खर्चको भार पर्ने खानिलाई भाग (आय र व्ययको हिस्सा) लिने गरेर, किंवा प्रक्रय यति सरकारलाई बुझाउने भनि ठेक्का गरेर दिनू । थोरै परिश्रम थोरै खर्च गरेर हुने काम आफ्नैतर्फबाट गराउनू ।

लोहाध्यक्ष (सुन चाँदी बाहेक अरु धातुसम्बन्धी कामको विभागाध्यक्ष) ले तामा, सीसा, राङ्, इस्पात, पित्तल, वृन्त (डल्लोफलाम), काँसो, ढलोट,

फलामका मालसामान बनाउने कारखाना र, यिनबाट बनेका भाँडाहरू खरीद बिक्रीको व्यवहार पनि गराउनू।

लक्षणाध्यक्ष (पण माषा आदि सिक्का ढकहरू बनाउने विभागको अध्यक्ष टकसारको अध्यक्ष) ले रूप्यरूप अर्थात् चाँदीको सिक्का १६ माषामा ४ माषा तामा इस्पात फलाम राङ् सीसा सुरमा मध्ये यौटा १ माषा मिसाएर १६ माषाको १ पण (रुपियाँ), त्यसको आधा अर्धपण (अठन्नी), यसको पनि आधा चौथाइ पण (चवन्नी) त्यसको पनि आधा अष्टभागपण (दोअन्नी) यी चारथरी र, ताम्ररूप अर्थात् तामाको सिक्का चाँदीकोमा भन्दा अरु चौथाई भाग हालेर अर्थात् चाँदी ४ भाग सीसा राङ् फलाम सुरमा मध्ये १ थोक १ माषा तामा ११ भाग हालेर बनाएको जम्मा, १६ धान बराबरको माषाक, त्यसको आधा ८ धान बराबरको अर्धमाषक, त्यसको आधा ४ धान बराबरको काकणी, त्यसको आधा २ धान बराबरको अर्धकाकणी, यस्ता ४ थरी सिक्का बनाउन लाउन्।

रूपदर्शक सिक्का जाँच्ने जाँचकीले नगद सिक्का लिनेदिने सरकारी व्यवहारको काम र ढुकुटी दाखिल गर्ने योग्य द्रव्यको व्यवस्था पनि गर्नुपर्दछ।

सामान्य देशवासीले चाहिने चाँदी तामाहरू दिएर सिक्का ढलाउन चाहेमा—

रूपिक—कामदारको वेतनखर्च सयकडा ८

व्याजी—सरकारको लिने बढी खर्च सयकडा ५

पारीक्षिक—जाँचकीहरूको वेतन खर्च सयकडा ८ तिरेर ढलाउन पाउने पनि व्यवथा गरिदिनू।

बनाउने किन्ने वेच्ने जाँचको अधिकृत बाहेक अरूले सिक्का बनाएमा २५ पण दण्ड गर्नू।

खानि विभागका अध्यक्षले शङ्ख हीरा माणिक मोती मुगा क्षार (यवक्षार) हरूका खन्ने शोधन गर्ने चिर्ने घोट्ने तयार गर्ने आदि कामका कारखाना र तयार भएका वस्तुको क्रय विक्रय व्यवहार पनि गराउनू।

लवणाध्यक्ष—नून विभागका अध्यक्षले पकाएर तयार गरेको, हिस्सामा दिएको, नूनको सरकारी भाग, प्रक्रय—ठेक्कामा दिएको नूनको सरकारी ठेक्का पनि वखत वखतमा लिनेगर्नू। बिक्री हुने नूनको मोल, रूपक—जाँचकीहरूको वेतन खर्च सयकडा ८, व्याजी—पछि कम नहुने गर्ने बढी लिने रकम सयकडा ५ पनि लिने गर्नू। विदेशबाट ल्याएको नून बिक्री गर्नेलेछ-

भागको १ भाग राजालाई बुझाउनू। भाग र विभाग (व्याजी आदि) बुझाए पछि मात्र विक्री गर्न पाउँछ । सयकडा ५ व्याजी (नपुगभर्ना) भराई सयकडा ८ रूप—जाँचकीहरूको वेतन खर्च, सयकडा ८ रूपिक—कामदारहरूको वेतन खर्च बुझाउनु पर्दछ। किन्नेले पनि सरकारी बिक्रीका मालको नोक्सानी भर्ना वैधरण र महशूल पनि बुझाउनु पर्दछ ।

सरकारी विक्रीको माल छदा छदै अन्यत्रबाट नूनकिन्नेले सयकडा छ दण्ड तिर्नु पर्दछ। विलवण (माटोहरू मिसाएको खराब नून) को व्यापार गर्ने र वानप्रस्थ बाहेक अरु सरकारी अनुमति नलिईकन नून वनाउनेलाई उत्तम साहस (१०००) दण्ड गर्नू। वेद पढ्ने ब्राह्मण तपस्वी विष्टि—मजदूरहरूले अन्न खान सम्म चाहिने नून शुद्ध महशूल न तिरीकन लिन पाउछन् ।

भने भन्दा अरु किसिमको सीधे सामुद्र वीरे आदि नून र खुदो गुड शक्खर आदि क्षारहरूको व्यवहार गर्नेले सरकारी शुल्कमात्र तिर्नुपर्दछ, व्याजी आदि तिर्नुपर्दैन ।

यस किसिमसँग खानीबाट मूल्य (मोल), विभाग (छ भागको १ भाग), व्याजी (सयकडा ५) परिघ (परीक्षा खर्च), अत्यय (क्षतिपूर्ति) शुल्क (महशूल) वैधरण (नोक्सानी भर्ना), दण्ड (लेखिएको दण्ड) रूप (चाँदी तामाको सिक्का), रूपिक (कामदारको वेतन सयकडा ८) सुन चाँदी आदि धातु, पण्य (विक्री हुने वस्तु) यति १२ थरी आय सरकारले लिनुपर्दछ। सबै पण्य बिक्रीका वस्तुहरूमा मुख्य—सार वस्तुको सङ्ग्रह गरी राख्नू ।

खानिबाट राजकोश भरिन्छ। कोशबाट सेना सङ्ग्रह हुन्छ। कोश र दण्ड सेनाबाट ऐश्वर्य पूर्ण पृथिवी पाइन्छिन् ।

अथ त्रयोदशोऽध्यायः

३१ प्रकरणे—अक्षशालायां सुवर्णाध्यक्षः

सुवर्णाध्यक्षः सुवर्णरजतकर्मान्तानामसम्बन्धावेशनचतुःशालामेकद्वारामक्षशालां कारयेत् । विशिखामध्ये सौवर्णिकं शिल्पवन्तमभिजातं प्रात्ययिकं स्थापयेत् ।

जाम्बूनदं शातकुम्भं हाटकं वैणवं शृङ्गिशुक्तिजं जातरूपं रसविद्धमाकरोद्गतं च सुवर्णम् । किंजल्कवर्णं मृदु स्निग्धमनादि भ्राजिष्णु च

श्रेष्ठम् । रक्तपीतकं मध्यमम् । श्रेष्ठानां पाण्डु श्वेतं चाप्राप्तकम् । तत् येनाप्राप्तकं तच्चतुर्गुणेन सीसेन शोधयेत् । सीसान्वयेन भिद्यमानं शुष्कपटलैर्ध्मापयेत् । रूक्षत्वाद्भिद्यमानं तैलगोमये निषेचयेत् ।

आकरोद्गतं सीसान्वयेन भिद्यमानं पाकपत्राणि कृत्वा गण्डिकासु कुट्टयेत् । कदलीवज्रकन्दकल्के वा निषेचयेत् ।

तुत्थोद्गतं गौडिकं काममलं कांबुकं चाक्रवालिकं च रूप्यम् । श्वेतं स्निग्धं मृदु च श्रेष्ठम् । विपर्यये स्फोटनं च दुष्टम् । तत्सीसचतुर्भागेन शोधयेत् । उद्गतचूलिकमच्छं भ्राजिष्णु दधिवर्णं च शुद्धम् ।

शुद्धस्यैको हारिद्रस्य सुवर्णो वर्णकः । ततः शुल्बकाकिण्युत्तरापसारिता आ चतुःसीमान्तादिति षोडशवर्णकाः ।

सुवर्णं पूर्वं निकष्य पश्चाद्वर्णिकां निकषयेत् । समरागलेखनिम्नोन्नते देशे निकषितं परिमृदितं परिलीढं नखान्तराद्वा गैरिकेणावचूर्णितमुपधिं विद्यात् । जातिहिंगुलुकेन पुष्पकासीसेन वा गोमूत्रभावितेन दिग्धेनाग्रहस्तेन संस्पृष्टं सुवर्णं श्वेतीभवति । सकेसरस्निग्धो मृदुभ्राजिष्णुश्च निकषरागः श्रेष्ठः । कालिंगकस्थालीपाषाणो वा मुद्गवर्णो निकषः श्रेष्ठः । समरागी विक्रयक्रयहितः । हस्तिच्छविकः सहरितः प्रतिरागी विक्रयहितः । स्थिरःपरुषो विषमवर्णश्चाप्रतिरागी क्रयहितः । छेदश्चिक्कणः समवर्णः श्लक्ष्णो मृदुर्भ्राजिष्णुश्च श्रेष्ठः ।

तापो बहिरन्तश्च समः किंजल्कवर्णः करण्डकपुष्पवर्णो वा श्रेष्ठः । श्यावो नीलश्चाप्राप्तकः ।

तुलाप्रतिमानं पौतवाध्यक्षे वक्ष्यामः । तेनोपदेशेन रूप्यं सुवर्णं दद्यादादीत च ।

अक्षशालामनायुक्तो नोपगच्छेत् । अभिगच्छन्नुच्छेद्यः । आयुक्तो वा सरूप्यसुवर्णस्तेनैव जीयेत । विचित्रवस्त्रहस्तगुह्याः कांचनपृषतत्वष्टृतपनीयकारवो ८८ ध्मायकचरकपांसुधावकाः प्रविशेयुर्निष्कसेयुश्च । सर्वं चैषामुपकरणमधिष्ठिताश्च प्रयोगास्तत्रैवावतिष्ठेरन् । गृहीतं सुवर्णं

घृतं च प्रयोगं करणमध्ये दद्यात्। सायं प्रातश्च लक्षितं कर्तृकारयितृमुद्राभ्यां निदध्यात्।

क्षेपणो गुणः क्षुद्रकमिति कर्माणि। क्षेपणः काचार्पणादीनि। गुणः सूत्रवानादीनि। घनं सुषिरं पृषतादियुक्तं क्षुद्रकमिति। अर्पयेच्च काचकर्मणः पंचभागं कांचनं दशभागं मानम्। ताम्रपादयुक्तं रूप्यं रूप्यपादयुक्तं वा सुवर्णं संस्कृतं तस्माद्रक्षेत्। पृषतकाचकर्मणस्त्रयो हि भागाः परिभाण्डं द्वौ वास्तुकम्। चत्वारो वा वास्तुकं त्रयः परिभाण्डम्।

त्वष्टृकर्मणः शुल्बभाण्डं समसुवर्णेन संयूहयेत्। रूप्यभाण्डं घनं घनसुषिरं वा सुवर्णार्धेनावलेपयेत्। चतुर्भागसुवर्णं वा बालुकाहिंगुलकस्य रसेन चूर्णेन वा वासयेत्। तपनीयं ज्येष्ठं सुवर्णं सुरागं समसीसातिक्रान्तं पाकयन्त्रपक्वं सैन्धविकयोज्ज्वालितं नीलपीतश्वेतहरितशुककपोतवर्णानां प्रकृतिर्भवति। तीक्ष्णं चास्य मयूरग्रीवाभं श्वेतभङ्गं चिमिचिमायितं पीतं चूर्णितं काकणिकः सुवर्णरागः।

तारमुपशुद्धं वा अस्थितुत्थे चतुःसमसीसे चतुःशुष्कतुत्थे चतुःकपाले त्रिर्गोमये द्विः एवं सप्तदशतुत्थातिक्रान्तं सैन्धविकयोज्ज्वालितम्। एतस्मात्काकिण्युत्तरं आद्विमाषादिति सुवर्णे देयं पश्चाद्रागयोगः श्वेततारं भवति।

त्रयोंशाः तपनीयस्य द्वात्रिंशद्भागाः श्वेततारमूर्छिताः तारस्य मूर्छितं तत् श्वेतलोहितं भवति। ताम्रं पीतकं करोति।

तपनीयमुज्ज्वाल्य रागत्रिभागं दद्यात्। पीतरागं भवति। श्वेततारभागौ द्वौ एकस्तपनीयस्य मुद्गवर्णं करोति। कालायसस्यार्धभागाभ्यक्तं कृष्णं भवति। प्रतिलेपिना रसेन द्विगुणाभ्यक्तं तपनीयं शुकपत्रवर्णं भवति। तस्यारम्भे रागविशेषु प्रतिवर्णिकां गृह्णीयात्। तीक्ष्णताम्रसंस्कारं च बुद्ध्येत। तस्माद्वज्रमणिमुक्ताप्रवालमपनेयिमानं च रूप्यसुवर्णभाण्डप्रमाणानि चेति।

समरागं समद्वन्द्वमसक्तपृषतं स्थिरम् ।
सुविमृष्टमसंवीतं विभक्तं धारणे सुखम् ॥ १ ॥
अभिनीतं प्रभायुक्तं संस्थानमधुरं समम् ।
मनोनेत्राभिरामं च तपनीयगुणाः स्मृताः ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणेऽशालायां सुवर्णाध्यक्षो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

अध्याय १३

प्रकरण ३१

टकसारमा सुवर्णाध्यक्षको काम

सुन चाँदीहरूको काम हुने अक्षशाला—टकसारमा नियुक्त भएका सुवर्णाध्यक्ष (सुनचादी विभागका अध्यक्ष) ले सुन चाँदीको काम हुने छुट्टा-छुट्टै खण्ड भएको, एक ढोका भएको, चौघरा, अक्षशाला (टकसार-भवन) बनाउन लाउनू। बिच बजारमा शहर जनपद वासीहरूको सुन चाँदीको काम गरीदिने शीप भएको घरानियाँ विश्वासी सौवर्णिक (सुनारहरूको मुख्य अधिकारी पुरुष) लाई नियुक्त गर्नू ।

सुन—

सुन—पाचथरी रङ्गको हुन्छ—(१) जाम्बूनद—जम्बूनदीबाट निस्केको जामुन फलको रस जस्तो रङ्ग भएको, (२) शातकुम्भ—शतकुम्भपर्वतबाट निस्केको कमलको केसरको जस्तो रङ्ग भएको, (३) हाटक—हाटक खानिबाट निस्केको कुरण्टक-फूलको जस्तो पहेलो रङ्ग भएको, (४) वैणव-वेणु पर्वत-बाट निस्केको, कर्णिकार फूलको जस्तो रङ् भएको, (५) शृङ्गि-शुक्तिज—शृङ्गि-शुक्ति नाम भएको सुवर्णभूमिबाट निस्केको—मनःशिलाको जस्तो रङ् भएको. यस किसिमको सुन उत्पत्तिबाट(१)जातरूप—सुनैको रूपमा निस्केको, (२) रसविद्ध—रसायन क्रियाबाट सुन बनेको, (३) आकरोद्गत खानिको माटो पत्थरहरू खारेर बनेको पनि हुन्छ ।

कमलको केशरको जस्तो रङ् भएको नरम मसि नो पोल्दा अवाज न आउने. चहकीलो सुन उत्तम, रातोपहेंलो रङ्ग भएको मध्यम, रातो रङ्गको तल्लो तहको मानिन्छ ।

शोधन—

हरियो सेतो रङ्को सुन अर्को धातु मिस्सिएर चोखा नभएको हुनाले अप्राप्तक—चोखा सुनको कक्षामा नपुगेको मानिन्छ। खराब वस्तु मिसिएर अप्राप्त बनेको सुनलाई त्यसको तौलको चौवर सीसा मिलाएर सीसा वेमाख नहुन्जेल आगामा खार्नू. सीसा मिलेर फुट्ने सुनलाई पातलो पाता पिटेर शुकेको बनको गुइठाको आगोमा पोल्नू. रुखो भएर फुट्नेलाई पोल्दै तेल र गोबरमा हाल्दै गर्नू।

खानिबाट निस्केको सुन सीसा मिलाउदा फुट्ने भए पातलो पाता बनाएर काठको फल्याकमा काठको मुंग्रोले पिट्नू; अथवा कन्दली (लताविशेष), वज्र-श्रीवेर, कन्द—(कमलगट्टा)को काथमा भावना (भिजाउने) दिनू।

चाँदी—

चाँदी—१ तुत्थोद्गत—तुत्थनामक पर्वतबाट उत्पन्न जूहीको जस्तो रङ्ग भएको, २ गौडिक—गौडदेशमा उत्पन्न तगरको फूलको जस्तो रङ्ग भएको, ३ काम्बुक—कम्बुपर्वतमा उत्पन्न र, ४ चाक्रवालिक—चक्रवाल खानिमा उत्पन्न, यो दुवै कुन्दपुष्प जस्तो रङ्गभएको, यति ४ किसिमको हुन्छ।

चाँदी—सेतो तेजिलो नरम असल हुन्छ, यसको उल्टो कालो फुस्रो साह्रो चाही फुट्ने दोषी हुन्छ। त्यस्तो दोषी चाँदीलाई चारगुना सीसा मिसाएर पोली शोधन गर्नू, बूंदबूंद उठेको निर्मल चहकिलो दहीको जस्तो रङ् भएको चाँदी शुद्ध हुन्छ।

वर्णक—चामनी—

शुद्ध हलेदोको टुक्रा जस्तो रङ्गभएको सुनको १ सुवर्ण (८० रति) यौटा वर्णक मुख्य चोखा दाग हुन्छ, त्यसमा चौथाई मासा तामा मिलाएर गाली थपेको जति झिके पछि अर्को दाग हुन्छ, यसै गरी १६ वाजी चौथाइ-चौथाइ माषा तामा मिलाएर गाल्दै त्यति झिक्दै गर्दा १६ दाग र चोखा समेत गरी १७ वर्णक—दाग बन्दछन्।

जाँचिने सुन कसीमा घोटेर पहिलो रेखा बनाई त्यसको मन्तिर वर्णक—दागका चास्नीको रेखा कोर्नू। संमपरेको कसीमा घोटेर मिलाउदा दागको रेखा संम मिल्यो भने ठीक भयो, बेच्नेले रङ् चढाउन बेसरी घोट्यो वा किन्नेले रङ् घटाउन हलुका गरी कोर्‍यो वा चाट्यो वा बेच्ने पट्टिकाले रङ चढाउन नङ्भित्र गेरुको धुलो राखेर मिसाई घोट्यो भने छल-कैफियत गरेको बुझ्नू, अथवा गहुतको भावना दिएको ईसपाद जातको हिगुल वा

केही पहेलो हरिताल घसेको हातको औंलाले छोएको सुन सेतो देखिने हुनाले किन्नेले दाग घटाउन यस्तो छल पनि गर्दछन्। कसीमा घोटेको सुनको रेखा केसरा परेको चिल्लो नरम चहकीलो रङ्गभए वेस हुन्छ। कलिङ्गको महेन्द्र पर्वतमा भएको, वा तापी नदीको पत्थर मुगीको रङ् भएको कमी बेस हुन्छ, कसी यथार्थ रङ् देखाउने भए किन्ने बेच्ने दुवैलाई मिल्ने हुन्छ, हात्तीको छाला जस्तो खस्रो सुक्खा हरियोपन भएको कसी सुनको रङ चढाएर देखाउने हुनाले बेच्नेलाई फायदा गर्ने, साह्रो खस्रो नाना रङभएको कसी असल सुनको पनि रङ् घटाएर देखाउने हुनाले किन्नेलाई फायदा गर्ने हुन्छ।

सुन काट्ता खेरि काटेको टुक्रा चिल्लो भित्र बाहिर एकै रङ्को भसिनो नरम, चहकीलो भए वेस हुन्छ।

सुन खोज्दा खेरि भित्र बाहिर बराबर कमलकेसरको जस्तो रङ् भएको वा कुरण्टक पुष्पको जस्तो रङ् भएको देखियो भने उत्तम ठहर्दछ, कालो नीलो रङ्को भयो भने अप्राप्तक—अशुद्ध ठहर्दछ।

तौलको परिमाण पौतवाध्यक्ष-प्रकरणमा बताइनेछ, त्यही अनुसार तौल गरी सुन चाँदी दिने लिने गर्नुपर्दछ।

अक्षशाला—(टकसार)मा अधिकार नपाएका मानिसले भित्र जान हुदैन रोक्ता-रोक्तै जबर्दस्ती पसेमा सर्वस्व हरण गरिदिनू। अधिकार पाएको मानिस पनि सुन चाँदी लिएर पसेमा सो सुन चाँदी दण्ड रूपमा त्यही बुझाउनु पर्दछ, त्यहाँ काम गर्ने सुनका कालीगड, सुनमा पारोको वेधन गर्ने रङ् चढाउने, गहनाहरु बनाउने, खलाती फुक्ने, धूलो सफा गर्ने, टहलुवा आदि सबैले भित्र यस्ता बाहिर निस्कदा पनि लाएको लुगा हात गुह्य स्थान जचाउनु पर्दछ। कालीगडहरुको सामान र तयार भई नसकेका कामका मालहरू पनि त्यही राख्ने गर्नुपर्दछ। माल बनाउन लिएको सुन र काम गर्न लागेको माल पनि कर्मचारीहरूको वहीमा लेखाई तौलहरू गरेर जिंमा लिने सुवर्णाध्यक्षले बुझाउने गर्नू। वेहान काम थाल्ने वेलामा र वेलुका कामको छुट्टी हुँदा पनि सबैलाई देखाएर बनाउने बनाउन लाउने सौवर्णिक र सुवर्णाध्यक्षको छाप लाएर बन्द गरी त्यही अड्डामा राख्ने गर्नु पर्दछ।

काम—

काम तीन किसिमको हुन्छ—१. क्षेपण—मणिहरू जडाउनु, २. गुण—धागो तारमा उन्नु आदि, ३. क्षुद्रक—सूक्ष्म काम। घन—खदुवा वाला

औठी आदि, सुषिर—खोक्रो झारी आदि, पृषतादियुक्त—गोली गेडा आदि जोडेको माला नूपुर आदि, यी पनि क्षुद्रक हुन् ।

मणि जड्ने काममा—मणि जडाउने घर बनाउन मणिको पाँच भागको १ भाग जति, माथितिर घेरा कट बनाउन मणिको दशभागको १ भाग जति सुन दिनू । रत्न जडाउने घर बनाउदा सुनको घरको ठाउमा चाँदीको वा चाँदीको घरको ठाउँमा तामाको बनाएर चोरी गर्ने सम्भव हुनाले त्यसरी अर्को थोकले घर बनाउने कुराको बचाउ गर्नुपर्दछ । गेडाहरू जोड्ने, मणि पनि जड्ने, यस्तो मिश्रित काम गराउदा त्यस निमित्तको सुन पाच भागमा तीन भागले, कमल आदि आकार.बनाउन दुइ भागले तलको घर बनाउन ३ भागले कमल आदि बनाउन लाउनू ।

त्वष्टृ-कर्म—चाँदी वा तामामा सुनको पाता चढाउने काममा तामाको मालहरूमा त्यति तौलको सुनको पाताले छोपिदिनू । चाँदीको मालहरू खदुवा औठी वाला आदि, किंवा खदुवा भइकन खोक्रो कलश भारी आदिलाई त्यसको आधा सुनले घस्नू । अथवा त्यो माल बनाएको चाँदीको चौथाइ भाग सुन धूलो पारी बालुवा र हिंगुलको धूलो र पारो मिलाएको पगालेर वा धूलै नै घसी पानी चढाइदिनू ।

तपनीयकर्म—(शोधन गर्ने काम)—गहनाहरू बनाउने सुन असल राम्रो चहकीलो रङ्ग भएको भए नीलो पहेलो सेतो हरियो शुगाको पंखाको जस्तो रङ्गको बनाउन हुन्छ । नअसल सुन पनि त्यसको बराबर सीसा मिलाएर खारीपाता बनाएर पोली सिन्धु देशको माटोले माझेपछि नील आदि रङ्ग चढाउन हुने हुन्छ । मजूरको गर्दनको जस्तो रङ् भएको, काट्ता सेतो देखिने, अति चहकीलो तीक्ष्ण लोह (इस्पात) पोलेर धूलो पारी १६ माषा सुनमा चौथाइ माषा जति हालेर गालेमा रङ् चढ्ने हुन्छ ।

अति चोखा चाँदी पनि नीलो आदि रङ् चढाउन हुने हुन्छ, खराब चाँदी भए हाडको धूलो मिसाएको माटाको तुत्थ (गाल्ने भाँडा)मा ४ पल्ट माटो र सीसा बराबर गरी बनाएको गाल्ने भाँडामा ४ पल्ट, सुक्खा भाँडामा ४ पल्ट, खाली माटाको भाँडामा ३ पल्ट, गोबरको भाँडामा २ पल्ट, यसरी जम्मा १७ पल्ट गाले पछि नून भएको सौराष्ट्रको माटोले माझेपछि चाँदी शुद्ध हुन्छ, यसरी शोधिएको चाँदी चौथाइ माषा जति सुनमा मिलाएर गाली त्यति जति झिक्ने र यसै गरी २ मासा जति चाँदी मिलाएर गाली झिके पछि त्यो सुनमा नीलो पहेलो आदि रङ् चढाउन हुने किंवा चाँदी जस्तै सेतो हुने हुन्छ ।

रङ् चढाउने काम—३२ भाग सुनबाट ३ भाग झिकेर त्यसको ठाउमा आगि भने झैं गरी सोधिएको सुन र १ भाग सेतो चाँदी मिलाएपछि त्यो सुन सेतो-रातो रङ्गको हुन्छ. तामा ३२ भागमा ३ भाग झिकेर त्यसको ठाउँमा सुन हालेर गालेपछि तामा पहेलो रङ्को हुन्छ ।

सामान्य सुनमा सौराष्ट्रको माटाले माझेर सोधेको सुन ३ भाग, मिलाएर गालेपछि पहेंलो रङ्गको बन्दछ. शोधेको चाँदी २ भाग, शोधेको सुन १ भाग, मिलाएर गालेमा मूगीको जस्तो रङ्को बन्दछ. इस्पात फलाम आधा भाग मिलाएमा कालो रङ्गको, पगालेको फलाम र दोबर पारो हालेर गालेमा शुगाको प्वाँखको जस्तो रङ्को बन्दछ ।

यसरी रङ्ग चढाउँदा अगिबाट र पछिबाट प्रतिवर्णिका-(चासनी)-लिएर छुट्याइने हुन्छ । यसरी मिलाइने इस्पात र तामाको शोधन गर्ने कुरा पनि धातुशास्त्रबाट बुझ्नुपर्दछ ।

अतः हीरा मणि मोती मुगाहरू पनि असलको ठाउँमा नअसल हालेर सट्टा गरिदिई हर्ने विषय र, सुन चाँदीका गहनाहरूमा तामामा सुनचाँदी घसेर सुन चाँदी जस्तै गराइदिने कुरा पनि याद गर्नुपर्दछ ।

चोखा सुनको गहनाहरू सबै अंशमा एकै नाशको रङ् भएको ओजन पनि एक नासको गेडीहरू नहालेको, रङ् कहिल्यै नबदलिने, रङ् न चढाएको, अवयवहरू अलग-अलग हुने. लाउदा नदुखाउने, अगलो होचो नभएको मनलाई र आँखालाई आनन्द दिने यस्ता गुण भएको हुनुपर्दछ ।

अथ चतुर्दशोऽध्यायः

३२ प्रकरणे—विशिखायां सौवर्णिकप्रचारः

सौवर्णिकः पौरजानपदानां रूप्यसुवर्णमावेशनीभिः कारयेत् । निर्दिष्टकालकार्यं च कर्म कुर्युः । अनिर्दिष्टकालं कार्यापदेशं कार्यस्यान्यथाकरणे वेतननाशे तद्द्विगुणश्च दण्डः । कालातिपातने पादहीनं वेतनं तद्द्विगुणश्च दण्डः । यथावर्णप्रमाणं निक्षेपं गृह्णीयुस्तथाविधमेवार्पयेयुः । कालान्तरादपि च तथाविधमेव प्रतिगृह्णीयुरन्यत्र क्षीणपरिशीर्णाभ्याम् ।

आवेशनीभिः सुवर्णपुद्गललक्षप्रयोगेषु तत्तज्ज्ञानीयात् । तप्तकलधौतयोः काकणिकः सुवर्णे क्षयो देयः । तीक्ष्णकाकणीरूप्यद्विगुणो रागप्रक्षेपस्तस्य षड्भागः क्षयः । वर्णहीने माषावरे पूर्वः साहसदण्डः । प्रमाणहीने मध्यमः । तुलाप्रतिमानोपधावुत्तमः । कृतभाण्डोपधौ च ।

सौवर्णिकेनादृष्टमन्यत्र वा प्रयोगं कारयतो द्वादशपणो दण्डः । कर्तुर्द्विगुणः सापसारश्चेत् । अनपसारः कण्टकशोधनाय नीयेत । कर्तुश्च द्विशतो दण्डः पणच्छेदनं वा । तुलाप्रतिमानभाण्डं पौतवहस्तात्क्रीणीयुः । अन्यथा द्वादशपणो दण्डः ।

घनं घनसुषिरं संयूह्यमवलेप्यं संघात्यं वासितकं च कारुकर्म । तुलाविषममपसारणं विस्रावणं पेटकः पिंकश्चेति हरणोपायाः । सन्नामित्युत्कर्णिका भिन्नमस्तकोपकण्ठी कुशिक्या सकटुकक्ष्या पारिवेल्ययस्कान्ता च दुष्टतुलाः ।

रूप्यस्य द्वौ भागावेकं शुल्वस्य त्रिपुटकम् । तेनाकरोद्गतमपसार्यते तत्त्रिपुटकापसारितं शुल्वेन शुल्वापसारितं वेल्लकेन वेल्लकापसारितं शुल्वार्धसारेण हेम्ना हेमापसारितम् ।

मूकमूषा पूतिकिट्टः करटकमुखं नालीसन्देशो जोङ्गनी सुवर्चिका लवणं तदेव सुवर्णमित्यपसारणमार्गाः । पूर्वप्रणिहिता वा पिण्डवालुका मूषाभेदादग्निष्ठा उद्भिद्यन्ते । पश्चाद्बन्धने आचितकपरीक्षायां वा रूप्यरूपेण परिवर्तनं विस्रावणम् । पिण्डबालुकानां लोहपिण्डबालुकाभिर्वा ।

गाढश्चाभ्युद्धार्यश्च पेटकः संयूह्यावलेप्य संघात्येषु क्रियते । सीसरूपं सुवर्णपत्रेणावलिप्तमभ्यन्तरमष्टकेन बद्धं गाढपेटकः । स एव पटलसंपुटेष्वभ्युद्धार्यः । पत्रमाश्लिष्टं यमकपत्रं वावलेप्येषु क्रियते । शुल्वं तारं वा गर्भः पत्राणां संघात्येषु क्रियते । शुल्वरूपं सुवर्णपत्रसंहतं प्रमृष्टं सुपार्श्वम् । तदेव यमकपत्रसंहतं प्रमृष्टम् । ताम्रताररूपं

चोत्तरवणकः। तदुभयं तापनिकषाभ्यां निःशब्दोल्लेखनाभ्यां वा विद्यात्। अभ्युद्धार्यं बदराम्ले लवणोदके वा सादयन्ति। इति पेटकः।

घनसुषिरे वा रूपे सुवर्णमृद्वालुकाहिंगुलुककल्को वा तप्तोऽवतिष्ठते। दृढवास्तुके वा रूपे वालुकामिश्रजतुगान्धारपङ्को वा तप्तोऽवतिष्ठते। तयोस्तापनमवध्वंसनं वा शुद्धिः। सपरिभाण्डे वा रूपे लवणमुल्कया कटुशर्करया तप्तमवतिष्ठते। तस्य क्वाथनं शुद्धिः। अभ्रपटलमष्टकेन द्विगुणवास्तुके वा रूपे बद्ध्यते। तस्यापिहितकाचस्योदके निमज्जत एकदेशः सीदति, पटलान्तरेषु वा सूच्या भिद्यते। मणयो रूप्यं सुवर्णं वा घनसुषिराणां पिङ्कः। तस्य तापनमवध्वंसनं वा शुद्धिः। इति पिङ्कः।

तस्माद्वज्रमणिमुक्ताप्रवालरूपाणां जातिरूपवर्ण प्रमाण पुद्गल लक्षणामुपलभेत। कृतभाण्डपरीक्षायां पुराणभाण्डप्रतिसंस्कारे चत्वारो हरणोपायाः। परिकुट्टनमवच्छेदनमुल्लेखनं परिमर्दनं वा। पेटकापदेशेन पृषतं गुणं पिटकां वा यत्परिशातयन्ति तत्परिकुट्टनम्। यद्द्विगुणं वास्तुकानां वा रूपे सीसरूपं प्रक्षिप्याभ्यन्तरमवच्छिन्दन्ति तदवच्छेदनम्। यद्घनानां तीक्ष्णेनोल्लिखन्ति तदुल्लेखनम्। हरितालमनःशिलाहिंगुलुकचूर्णानामन्यतमेन कुरुविन्दचूर्णेन वा वस्त्रं संयूह्य यत् परिमृद्नन्ति तत्परिमर्दनम्। तेन सुवर्णराजतानि भाण्डानि क्षीयन्ते। न चैषां किंचिदवरुग्णं भवति।

भग्नखण्डघृष्टानां संयूह्यानां सदृशेनानुमानं कुर्यात्। अवलेप्यानां यावदुत्पाटितं तावदुत्पाट्यानुमानं कुर्यात्। विरूपाणां वा तापनमुदकपेषणं च बहुशः कुर्यात्। अवक्षेपः प्रतिमानमग्निर्गण्डिका भण्डिकाधिकरणी पिच्छः सूत्रं चेल्लमबोल्लनं शिर उत्संगो माक्षिका स्वकायेक्षा दृतिरुदकशरावमग्निष्ठमिति काचं विद्यात्। राजतानां विस्रं मलग्राहि परुषं प्रत्सीनं विवर्णं वा दुष्टमिति विद्यात्।

एवं नवं च जीर्णं च विरूपं च विभाण्डकम् ।
परीक्षेतात्ययं चैषां यथोद्दिष्टं प्रकल्पयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीये अधिकरणे विशिखायां सौवर्णिकप्रचारो नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

अध्याय १४

प्रकरण ३२

बजारमा सौवर्णिकको काम

सुनको काम सबैले देखिने गरी विशिखा-बजार (सुनारटोल)मा हुन्छ. त्यहा सुनको काममा हेरचाह गर्न खटिएको अधिकारी पुरुषलाई **‘सौवर्णिक’** भन्दछन् सो सौवर्णिकले सहर देशवासीहरूको सुन चाँदीको माल बनाइ दिने काम आवेशनी—शिल्पशालामा रहने सुनार आदि द्वारा गराउनू, यति समयमा यो यस्तो तयार गरिदिने यति वेतन दिनेलिने भनि तोकेर काम गराउनुपर्दछ, कुनै काम विशेष हेरेर समय नतोकिने पनि हुन्छ ।

तोकेको समय नाघेमा तोकिएको वेतन (ज्याला) मा चौथाइ कम गरी दिनू. त्यसरी कम गरेको द्रव्यको दोबर सरकारलाई दण्ड पनि तिर्नुपर्दछ. कामै एक थोकको अर्को थोक गरी विगारेमा ज्याला हराउँछ, त्यसको दोवर दण्ड पनि हुन्छ ।

बनाउनुपर्ने सुन चाँदीहरू जस्तो रङ्ग जति तौलको लिएको छ त्यही रङ् तौलको तयारी माल बुझाउनुपर्दछ. लिने कालीगड दीर्घ प्रवासहरू गएर वा मरेर घेरै समय वितेपनि त्यसबाट वा त्यसका हकदार छोराहरूबाट पनि आफूले दिए वमोजिमैं. बुझ्नु बुझाउनु पर्दछ. घेरै दिन भयो भनेर बढी लिन वा वेतनमा हानि, छोराहरूलाई दण्ड पनि हुँदैन. खिएको बिग्रेकोमा ता दण्ड पति हुन्छ ।

काम गर्न कालीगडहरूले रङ् धुलो लक्षणहरूमा कैफियत गरे नगरेको कुरा सौवणिक-(सुवर्णाध्यक्ष)ले अरू काम गर्नेहरूलाई जँचाएर पत्ता लाउनुपर्दछ ।

खराप सुन चाँदीको माल बनाउन दिएकोमा १६ माषामा चौथाइ माषा क्षय-(जर्ति)दिनुपर्दछ. १ काकणी (चौथाई माषा) तीक्ष्णधातु, २ काकणी चाँदी मिसाई रङ् चढाउने गरिदिएकोमा आधा काकणी जर्ति दिनुपर्दछ ।

कमतिमा १ माषा सम्म सुनको रङ्ग कम गराएमा पूर्वसाहस २५० दण्ड, १ माषा सम्म तौल कम गराएमा मध्यम साहस (५००) दण्ड; तराजूमा छल कपट गरेमा बनाएको मालमा कैफियत गरेमा पनि १ माषा सम्ममा उत्तम साहस (१०००) दण्ड गर्नू. बढीमा त्यही अनुपातको द्विगुण, त्रिगुण आदि दण्ड गर्नू।

सौवर्णिक-(सुवर्णाध्यक्ष)लाई नदेखाई वा देखाए पनि अन्तै लगि बनाउन लाएमा बनाउन लाउनेलाई १२ पण बनाउनेलाई चोखो ठहरिए दोबर २४ पण दण्ड गर्नू. चोरीको शङ्का लाग्ने भयो भने पक्रेर कण्टकशोधनमा बुझाइदिनू, बनाउनेलाई २०० दण्ड गर्नू वा पण (५ औंला) काटिदिनू।

नाप्ने तौल्ने सामान ढकहरू पछि भनिने पौतवाध्यक्षको हातबाट किन्नुपर्दछ. आफै वनाए वा अरूबाट किनेमा १२ पण दण्ड हुन्छ।

कालीगडको काम-**घन** खँदुवा औंठी आदि **घन सुषिर** खँदुवा र खोक्रो झारी करुवा आदि, **संयूह्य**—बाक्लो पाता टाँसेको, **अपलेप्य** मोलंबा गरेको **सङ्घात्य**—धेरै टुक्रा गाँसेको सिक्री आदि, **वासितक**—पारो आदि रसको भावना दिएको (मुलम्बा गरेको), यति किसिमको हुन्छ।

(१) तौल फरकपार्नु, (२) अपसारण-झिक्नु, (३) वित्रावण-खसाल्नु, (४) पेटक-पिङ्क यी चोर्ने युक्ति हुन्। तिनको विवरण यस्तो छ—

कपटी तुला—इच्छानुसार नुहाइने, धूलो वा पारोभित्र··हानेको, टाउकोमा छिद्र भएर हावा भरिएर नुहुने, गाँठो धेरै भएको सीक ठीक नभएको, धागो ठर्रो हुने, हल्लीरहने, अयस्कान्त. (चुम्बक फलाम)ले बनाएको हुनाले सुनपट्टि ढल्कने, यस्ता कपटी तराजू हुन्छन्।

अपसारण—चाँदी २ भाग तामा १ भाग मिसाएर गालेको त्रिपुटक भन्दछन्। त्यो मिसाएर खानिबाट निस्केको चोखोबाट हरण गरेकोलाई **त्रिपुटकापसारित**, तामा मिसाएर हरण गरेकोलाई **शुल्कापसारित** इस्पात र चाँदीमिसाएर गालेकोलाइ **वेल्लक** भन्दछन, त्यो मिसाएर हरेकोलाई **वेल्लकापसारित**, आधा तामा मिसाएको सुन सुन हरण गरेकोलाई **हेमापसरित** भन्दछन्। यसरी (अपसारण गर्ने खराब वस्तु मिसाएर असल वस्तु झिक्ने काम हुन्छ)।

३. **वित्रावण**—कैफियत गरेर बनाएको मूषा—(गाल्ने भाडो), फलामको कीट, कागको मुखजस्तो कैची, ढुग्रो, सडासो, फलामे चिम्टा,

सुवर्चिका (स्वाग) नूनहरूद्वारा उही सुन हो भनि सुन उडाउने बाटो हुन्छ। अथवा मूषा—(गाल्ने भाँडा) फुस्रो भनेर अगिबाटै आगोमा हाली राखेको बालुका मिसाएर सुन उडाउने पनि हुन्छ। पछिबाट बाँध्ने वेलामा पाताहरू जाच्ने वेलामा चाँदीको पाताहरू हालेर सुन उठाउने, वालुवा हालेर सुनको धुलो उडाउने काम पनि हुन्छ।

४. **पेटक**—भनेको बाक्लो पाता चढाउनु। त्यसका यी उपभेद छन्– **संयूह्य**—बाक्लो पाता टास्नु, **अवलेप्य**—पातलो पाता टास्नु वा पानी चढाउनू, **संघात्य**—मुन्द्राहरू जोड्नु हो। कालीगडहरू यही पेटकको काम गर्दा सुन चाँदीको चोरी गर्दछन्। पेटक भनेको सुन चाँदीको पाता लाहाहरू ल्याएर टास्नु गाढा जोडाइ भएको र झिक्न हुने खुकुलो पनि हुन्छ। अवलेप्य—पातलो पाता टास्नु। असल सुनको पाता चाँदी वा तामाको पातामा बलियो, गरी भित्र बाहिर दुवै पट्टि टासी एकै जिउ पारिन्छ। सङ्घात्य (मुन्द्राहरू जोर्ने) काममा पनि तामा वा चाँदी भित्रपट्टि बाहिर सुनले ढाक्ने गरिन्छ। बाहिर पट्टि पालिस दिएर चमक बढाइन्छ। यी काममा सुन अपहरण गर्ने मौका हुन्छ। यस्तोमा पोलेर कसी लाएर तीखो सुइरोहरूले कोरेर पनि जाच गर्नुपर्दछ। झिक्नहुने गरी पाता टासेकोमा वयरको अमिलो रस वा नून वा पानीमा डुवाएर जाच हुन शक्तछ।

५. **पिङ्क** भनेको भित्र भर्नु हो। खोक्रो वास्नाहरूमा सुनखानीको भाटो बालुवा हिङ्गुलको झोल आगामा तताएर भरिन्छ। गहनाको रूप बनिसके पछि त्यसमा सुनको धुलो मिसाएको लाहा किंक सिन्दूरको लेदो तताएर भरिन्छ। यस्तोमा तातो पारेर ठोकेर जाच्नुपर्दछ। खोक्रो बालाहरूमा नून कङ्कणहरू भरिने पनि हुन्छ। त्यसलाई अमीलो पानीमा हालेर पकाउनू। अभ्रक, लाहामा टाँसेको भित्रपट्टि हालेको सुनको गहना पानीमा डुबाएमा अभ्रक भएको भाग नडुब्ने हुन्छ त्यसभित्र तामा आदि अरु धातुको पाता हालेको भए सीयोले उपकाए देखिन्छ। खदुवा वा खोक्रो बालाहरूमा काँच जडेर असल मणि हर्ने, चादी वा नअसल सुन हालेर असल सुन हर्ने पनि बाटो हुन्छ। यस्तोलाई पोल्ने भत्काउने गर्दा कैफियत गरेको थाहा हुन्छ।

यसरी धेरै तरहबाट सुनहरू हरण गर्ने सम्भव हुनाले हीरा मणि, मोती मुगाहरूको जात आकार रङ् परिमाण ती जडिएका गहनाहरू पनि राम्ररी जाच्नु बुझ्नु पर्दछ।

नया बनाएको माल वा पुरानो सच्याएको मालको जाँचगर्दा चोर्ने युक्ति यी हुन्छन् कि—

१. **परिकुट्टन**—भित्र अर्को पाता छ कि भनेर हेर्ने वाहना गरी साना गेडा तार टुक्राहरू ठोकेर खसाल्नु।

२. **अवच्छेदन**— धेरै पत्र परेको मालमा भित्र पट्टि सुन घसेको सीसाको पाता हालिदिएर असल सुनको पाता काटी झिक्नु।

३. **उल्लेखन**—खदुवा सुनको मालमा तीखो हतियारले कोरेर धुलो झिक्नु।

४. **परिमर्दन**—हरिताल मनःशिला, हिङ्गुल वा कुरुविन्द-पत्थरको धूलो कपडामा लाएर गहनाहरू मल्नु। यसबाट त्यो माल निविग्री कतै सुन चाँदीको तौल घट्ने हुन्छ।

बाक्लो पाता गासिएको माल भाचेको टुक्रयाएको घोटेको विषय अरु उस्तै हेरेर अनुमान गर्नुपर्दछ। पातलो पाता टासिएको मालमा जति झिकेको छ उत्ति नै अर्को भागमा झिकी हेरेर अनुमान गर्नू। असल सुन झिकेर नअसल सुन हालिदिएकोमा पनि अर्को भाग हेरेर पत्ता लाउनू।

गहनाहरूमा चोरी गर्ने उपाय यी छन्—

१. **अवक्षेप**—हातको सफाइले सार वस्तु झिकेर न असल हालिदिनु।
२. **प्रतिमान**—सुन चाँदीहरूको सट्टामा अर्को जातको उस्तै हाली साट्नु।
३. **अग्नि**—आगोमा पोल्दा हरण गर्नु।
४. **गण्डिका**—गहनाहरू पीट्ने ठेउको।
५. **भण्डिका**—आगामा पोलेको चिस्याउन हाल्ने पानीको भाँडा।
६. **अधिकरण**—सुन चाँदी हालेर गलाउने भाडा।
७. **पिच्छ**—बढार्ने मजूरको पुछ।
८. **सूत्र**—तलाजूको धागो।
९. **चेल**—पुछने कपडा।
१०. **वोल्लन**—हेर्ने मानिसलाई अलमल्याउने।
११. **शिर**—शिर टाउको कन्याउनु।
१२. **उत्सङ्ग**—काख पोल्टो।

१३. मक्षिका—माखा धपाउने निउले केही भाग उछिट्याउनु ।
१४. स्वकायेक्षा—पसीनाहरू आएको बहानाले जिउ वारंवार हेर्नु ।
१५. दृति—खलाती ।

१६. उदशराव—नअसल साल अगिबाटै हालीराखेको पानीको भाडा ।
१७. अग्निष्ठ—अगिबाटै खराब वस्तु हाली राखेको अगेठी । यति-किसिमका चोर्ने उपाय हुन्छन् ।

चाँदीको मालमा सीसाहरू मिलेको भएर दुर्गंध आउने मैलो, खस्रो, ज्यादै सान्हो, रङ् अकैं भएको भए यो दोषी कैफियतभएको भनि जान्नू ।

यस किसिमसँग नयाँ पुरानो पनि माल खराब वस्त्र मिसिएको पन्ना लाएर त्यसमा भनेबमोजीम दण्ड गर्नुपर्दछ । नोक्सानी पनि भराउनु पर्दछ ।

अथ पञ्चदशोऽध्यायः

३३ प्रकरणे—कोष्ठागाराध्यक्षः

कोष्ठागाराध्यक्षः सीताराष्ट्रक्रयिमपरिवर्तकप्रामित्यषसिंहनिकान्यजातव्ययप्रत्यायोपस्थानान्युपलभेत । सीताध्यक्षोपनीतः सस्यवर्णकः सीता । पिण्डकरः षडभागः सेनाभक्तं बलिः करः उत्संगः पार्श्वं पारिहीणकं औपायनिकं कौष्ठेयकं च राष्ट्रम् । धान्यमूल्यं कोशनिर्हारः प्रयोगप्रत्यादानं च क्रयिमम् । सस्यवर्णानामर्घान्तरेण विनिमयः परिवर्तकः सस्ययाचनमन्यतः प्रामित्यकम् । तदेव प्रतिदानार्थमापमित्यकम् । कुट्टकरोचकसक्तुशुक्तपिष्टकर्म तज्जीवनेषु तैलपीडनमौरभ्रचाक्रिकेष्विक्षूणां च क्षारकर्म सिंहनिका । नष्टप्रस्मृतादिरन्यजातः । विक्षेपव्याधितान्तरारम्भशेषं च व्ययप्रत्यायः । तुलामानान्तरं हस्तपूरणमुत्करो व्याजी पर्युषितं प्रार्जितं चोपस्थानमिति ।

धान्यस्नेहक्षारलवणानां धान्यकल्पं सीताध्यक्षे वक्ष्यामः । सर्पिस्तैलवसामज्जानः स्नेहाः । फाणितगुडमत्स्यण्डिकाखण्डशर्कराः

क्षारवर्गः । सैन्धवसामुद्रबिडयवक्षारसौवर्चलोद्भेदजा लवणवर्गः । क्षौद्रं माद्वीकं मधु ।

इक्षुरसगुडमधुफाणितजाम्बवपनसानामन्यतमो मेषशृङ्गीपिप्पलीक्वाथाभिषुतो मासिकः षाण्मासिकः सांवत्सरिको वा चिर्भटोर्वारुकेक्षुकाण्डाम्रफलामलकावसुतः शुद्धो वा शुक्तवर्गः । वृक्षाम्लकरमर्दाम्रविदलामलकमातुलुंगकोलबदरसौवीरकपरुषकादिः फलाम्लवर्गः । दधिधान्याम्लादिर्द्रवाम्लवर्गः । पिप्पलीमरिचशृङ्गिबेराजाजिकिराततिक्तगौरसर्षपकुस्तुम्बुरुचोरकदमनकमरुवकशिग्रुकाण्डादिः कटुकवर्गः । शुष्कमत्स्यमांसकन्दमूलफलशाकादि च शाकवर्गः ।

ततोऽर्धमापदर्थं जानपदानां स्थापयेत् । अर्धमुपभुंजीत । नवे चानवं शोधयेत् । क्षुण्णाघृष्टपिष्टभृष्टानामाद्रशुष्कसिद्धानां च धान्यानां वृद्धिक्षयप्रमाणानि प्रत्यक्षीकुर्वीत । कोद्रवव्रीहीणामर्धं सारः । शालीनामष्टभागोनः । त्रिभागोनोऽवरकाणाम् । प्रियंगूणामर्धं सारो नवभागवृद्धिश्च । उदारकस्तुल्यः । यवा गोधूमाश्च क्षुण्णाः । तिला यवा मुद्गमाषाश्च घृष्टाः । पंचमभागवृद्धिर्गोधूमः सक्तवश्च । पादोना कलायचमसी । मुद्गमाषाणामर्धपादोनः । शैम्बानामर्धं सारः । त्रिभागोनो मसूराणाम् । पिष्टमामं कुल्माषश्चाऽध्यर्धगुणः । द्विगुणो यावकः पुलाकः पिष्टं च सिद्धम् ।

कोद्रववरकोदारकप्रियंगूणां त्रिगुणमन्नं चतुर्गुणं व्रीहीणा पञ्चगुणं शालीनाम् । तिमितमपरान्नं द्विगुणमर्धाधिकं विरूढानाम् । पञ्चभागवृद्धिर्भृष्टानाम् । कलायो द्विगुणः । लाजा भरुजाश्च । षट्कं तैलमतसीनाम् । निम्बकुशाम्रकपित्थादीनां पञ्चभागः । चतुर्भागिकास्तिलकुसुम्भमधूकेंगुदीस्नेहाः । कार्पासक्षौमाणां पंचपले पलं सूत्रम् ।

पञ्चद्रोणे शालीनां च द्वादशाढकं तण्डुलानां कलभभोजनम् । एकादशकं व्यालानम्।, दशकमौपवाह्यानाम्, नवकं सान्नाह्यानाम्,

अष्टकं पत्तीनाम्, सप्तकं मुख्यानाम्, षट्कं देवीकुमाराणाम्, पञ्चकं राज्ञाम्। अखण्डपरिशुद्धानां वा तण्डुलानां प्रस्थः।

चतुर्भागः सूपः सूपषोडशो लवणस्यांशः, चतुर्भागः सर्पिषः तैलस्य वा एकमार्यभक्तम्। प्रस्थषड्भागः सूपः, अर्धस्नेहमवराणाम्। पादोनं स्त्रीणाम्। अर्धं बालानाम्। मांसपलविंशत्या स्नेहार्धकुडवः, पलिको लवणस्यांशः, क्षारपलयोगः, द्विधरणिकः कटुकयोगः, दध्नश्चार्धप्रस्थः। तेनोत्तरं व्याख्यातम्। शाकानामध्यर्धगुणः, शुष्काणां द्विगुणः, स चैव योगः।

हस्त्यश्वयोस्तदध्यक्षे विधाप्रमाणं वक्ष्यामः। बलीवर्दानां माषद्रोणं यवानां वा पुलाकः। शेषमश्वविधानम्। विशेषो घाणपिण्याकतुला कणकुण्डकं दशाढकं वा। द्विगुणं महिषोष्ट्राणाम्। अर्धद्रोणं खरपृषतरोहितानाम्। आढकमेणकुरंगाणाम्। अर्धाढकमजैडकवराहाणां द्विगुणं वा कणकुण्डकम्। प्रस्थौदनः शुनाम्। हंसक्रौंचमयूराणामर्धप्रस्थः। शेषाणामतो मृगपशुपक्षिव्यालानामेकभक्तादनुमानं ग्राहयेत्।

अङ्गारांस्तुषाँल्लोहकर्मान्तभित्तिलेप्यानां हारयेत्। कणिकाः दासकर्मकरसूपकाराणाम्। अतोऽन्यदौदनिकापूपिकेभ्यः प्रयच्छेत्। तुलाभाण्डमानं रोचनीदृषन्मुसलोलूखलकुट्टकरोचकयंत्रपत्रकशूर्पचालनीकण्डोलीसम्मार्जन्यश्चोपकरणानि। मार्जकरक्षकधारकमापकमायकदायकदापकशलाकाप्रतिग्राहकदासकर्मकरवर्गश्च विष्टिः।

उच्चैर्धान्यस्य निक्षेपो मूताः क्षारस्य संहता।
मृत्काष्ठकोष्ठाः स्नेहस्य पृथिवी लवणस्य च ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
कोष्ठागाराध्यक्षो नाम पंचदशोऽध्यायः ॥ १५ ॥

अध्याय १५

प्रकरण ३३

कोष्ठागारका अध्यक्षको काम

(अन्न स्नेह क्षार नून आदि खाद्य वस्तुहरू जंमा गर्ने, हिफाजत गरी राख्ने, घरलाई कोष्ठागार—भण्डार घर—कोठार भन्दछन्) त्यस विभागका अध्यक्षले यी १० विषयको हेरचाह गर्नुपर्दछ।

१. **सीता**—सीताध्यक्ष (धान्यको कर उठाउने अधिकारी)ले उठाएर भण्डार दाखिल गरेका अनाजहरू।

२. **राष्ट्र**—(क) **पिण्डकर**—गाउ गाउले दिनु पर्ने सामूहिक कर।

(ख) **षड्भाग**—राजाले लिने छ भागको १ भाग।

(ग) **सेना भाग**—फौजी तयारी गर्नु पर्ने समयमा सेनाका निमित्त सरकारलाई दिनुपर्ने रसद।

(घ) **वलि**—षड्भाग बाहेकको नजराना सौगात।

(ङ) **कर**—फलका वृक्षको वृक्षहरूको तिर्नु पर्ने कर।

(च) **उत्सङ्ग**—राजाको पुत्र जन्महरू भएको मौकामा प्रजाले दिनुपर्ने वस्तु।

(छ) **पार्श्व**—ठेकिएको करभन्दा बढी रकम।

(ज) **पारिहीणक**—चौपायाहरूले खाएको बालीको भर्ना।

(झ) **औपायनिक**—नजराना भएको वस्तु।

(ञ) **कौष्ठेयक**—सरकारी तलाउ बगैंचाहरूबाट उठेको रकम।

३. **क्रयिम**—अनाज विक्रिबाट आएको मूल्य, मोलदिएर किनेको अन्न व्याज बट्टाबाट आएको अन्न।

४. **परिवर्तक**—सट्टा-पट्टा गरेको अन्न।

५. **प्रामित्यक**—मित्र आदिबाट मागेर लिएको अन्न।

६. **आपमित्यक**—पछि व्याज समेत बुझाउनेगरी सापटी लिएको अन्न।

७. **सिंहनिका**—कुट्ने, दल्ने, सत्त बनाउने, अमिल्याउने, पिध्ने, तेल

पेल्ने, भेडा पाल्ने, उखु पेल्ने, गुड सक्खरहरू बनाउने काम गरी जीविका गर्नेबाट आउने रकम ।

८. अन्यजात—हरायेको विर्सेको अधिकारी पुरुषहरूलाई दण्डभएको अरु किसिमको आय ।

९. व्ययप्रत्याय—केही काममा पठाइएका सेवाका खर्चको बचत औषधालयको खर्चको बचत, किल्ला भवन आदि समेत गर्ने खर्चको वचत ।

१०. उपस्थान—

(क) तुलामानान्तर—नाप तौलको कसरबाट उब्रेको ।

(ख) हस्तपूरण—तौली भरी सके पछि हातभरी लिएको ।

(ग) उत्कर—धानको राशबाट लिएको रकम ।

(घ) व्याजी—दोहरा भर्दा कमनहोस भनि लिएको बढ़ी ।

(ङ) पर्युषित—अगिल्लो वर्षको बक्यौता उठेको ।

(च) प्राजित—आफ्नो सीप द्वारा कमाएको ।

अन्न स्नेह क्षार नूनहरूका विषयमा—

(क) अनाजको—विषय सीताध्यक्ष प्रकरणमा बताइनेछ ।

(ख) स्नेह—घ्यू तेल बोसो मासी ।

(ग) क्षारवर्ग—खुदो गुड डल्लो सक्खर धूलो सक्खर ।

(घ) लवणवर्ग—सीधे नून, समुद्री नून, विरे नून, यवाखार, सौवर्चन (पागो नून)।

(ङ) मधु—मौरीले जोरेको र दाखको रस ।

(च) शुक्तवर्ग—उखुको रस, गुड, मह, खुदो, जामुनफलको रस, कटहरफलको रस, मेषशङ्गी—(औषधिविशेष), पिपलाको काढामा मिलाएर फूट काक्रो, उखुको टुक्रा, आमफल, अमला समेत हालेर वा न हालेर १ महिना ६ महिना वा १ वर्ष राखेर अमिल्याएको ।

(छ) फलाम्लवर्ग—अमिली करौंदा आँप दारिम बिमिरो, सानो वयर ठूलो वयर, गुलियो वयर परूषक-गुलियो अमिलोफल विशेष आदि ।

(ज) द्रवाम्लवर्ग—दहि, कांजी आदि ।

(झ) **कटुवर्ग**—पीपला मरीच, अदुवा जीरा, चिरायतो, रातो सर्सिउँ, धनियाँ, चोरक, दमनक, मैनफल, सहेंजन आदि ।

(ञ) **शाकवर्ग**—शुकेको माछा मासु, ओल आदि कन्द, मूला, भण्टा, बेथे आदि शाग ।

यी स्नेह आदि जानपद (प्रजा) हरूका निमित्त सङ्कटसमयको लागि आधा जगेरा राखेर आधा जति काममा खर्च गर्नू नया आएपछि पुरानो बदिल दिनू ।

कुटेको, फलेको, पिंधेको, भुटेको, आलो, सुकाएको, पकाएको, अनाजहरू घटे बढेको आँखाले हेर्दै गर्नुपर्दछ । कोदो र धान कुटेकोमा आधा २ पाथिको १ पाथि सार—कामलाग्ने असल हुन्छ । मार्सी धानको आधामा अष्टमांश कम (८ पाथीको ३ पाथि), वरक (धान्य विशेष) मा ३ भागको १ भाग सार हुन्छ । कागुनुमा नवमांश नवमांश वढी आधा (८ पाथिमा ४ पाथि सार हुन्छ । उदारक–मोटा धानको कागुनुको बराबर हुन्छ । जौ र गहुँ फलेकोमा बराबरै हुन्छ ।

दलेकोमा तिल जौ मुगी माष कोरा बराबरै हुन्छ । गहुँ र भुटेको जौको सत्तु ५ भागको १ भाग बढद्छ । केराउ मटरको मसीनो धूलो चौथाइ कम हुन्छ । मुगी माषको धूलो आधा चौथाड़ भाग कम हुन्छ । सीमी कोशा-हुने गहत आदिको आधा, मुसुरोको तृतीयांश कम सार हुन्छ । काचो पिंधेको गहु आदि र माषमुगी पनि डेढ गुना हुन्छ । फलेको जो पिंधेको दोबर हुन्छ । पुलाक-(आधापाकेको उसिना चामल) र पीठो पकाउँदा दोबर हुन्छ ।

पकाएपछि—कोदो, वरक, उदारक (मोटोचामल), कागुनु तिगुना हुन्छ । सठियाधानको चामल चौगुना, मार्सी चामल पाचगुना हुन्छ । भिजाए पछि अरु अन्न दोबर हुन्छ । उम्रेर अङ्कुर आएपछि अढाइगुना हुन्छ । भुटेपछि अरु अन्नमा पञ्चमांश बढ्द्छ । मटर लावा जौ भने दुगुना हुन्छ ।

तेल—आलस दाना ६ पाथिको १ पाथि तेल हुन्छ । नीम कुशको आपको कोया, कयथको वीया ५ पाथिको १ पाथितेल, तिल कुसुम महुवा, चिउरी गेडा ४ पाथिको १ पाथि तेल हुन्छ ।

सूत—कपास क्षौम-(टसर) ५ पलको १ पल धागो हुन्छ ।

खाद्य—५ द्रोण (८० पाथि) मार्सीधानको १२ आढक (४८ पाथि) हुने गरी बनाएको चामल, छावाहात्तीको निमित्त, ११ आढक (४४ पाथि)

तुल्याएको चामल मत्ता हात्तीको, ४० पाथि तुल्याएको चामल सवारीका हात्तीको ३६ पाथि तुल्याएको चामल लडाइका हात्तीको, ३२ पाथि तुल्याएको चामल पैदल सैनिकको, २८ पाथि तुल्याएको चामल मुख्यसैनिकको, २४ पाथि तुल्याएको चामल रानी र राजकुमारको, ५० पाथि तुल्याएको चामल राजाहरूको खाद्य हुन्छ, अथवा ८० पाथि कुटी फली निफनी सगलो सगलो सफा दाना विनेर १ पाथि तुल्याएको राजाहरूको खाद्य हुन्छ ।

अरु अन्न १ पाथीको चौथाइ भाग दाल, दालको १६ भागको १ भाग नून, दालको चतुर्थांश घ्यू वा तेल । यो खाद्य भलादमीको एक छाक हुन्छ । अन्न १ पाथीको छ भागको १ भाग दाल, घ्यू वा तेल माथि भनेकोमा आधा तल्ला खालका मानिसको हुन्छ । स्त्रीहरूको ४ भागमा १ भाग कम, बालकको आधामात्र खाद्य हुन्छ । २० पल (८० तोला) मासुलाई आधाकुरुवा चिल्लो १ पल नून वा सार, १ धरण, पीरो, आधापाथी दही, मही अन्दाज सँग घटी बढीमा तजवीज गर्नू, शागलाई त्यसको डेढी, शुकेकालाई दोबर मिलाउनू ।

हात्ती घोडाहरूको दानाको परिमाण हस्त्यध्यक्ष, अश्वाध्यक्ष प्रकरणमा वताइनेछ । बयललाई १ द्रोण[1] माष वा आधा पाकेको जौ दाना दिनू । अरु वस्तु घोडा सरह हुन्छ । त्यसलाई बढता पिना १०० पल किंवा १० आढक भूसामा मिलाएको चामलको कनिका दिनू । रागो ऊँटलाई यसको दोबर, खच्चर, थोप्ले मृग, राते मृगलाई आधाद्रोण, एण कुरङ्ग—मृगविशेषलाई १ आढक, बाख्रा भेडा बनेललाई आधा आढक किंवा भूसा मिसाएको १ आढक, कुकुरलाई १ प्रस्थ, हास कऱ्याङ्कुरुङ् मजूरलाई आधाप्रस्थ दाना दिनू । अरु मृग पशु पक्षी हिंसक जन्तुहरूको एक छाक खाएको बारे अन्दाज गर्नुपर्दछ ।

गोल भूसहरू फलामको काम गर्ने भित्तामा लिपन लाउने हरूलाई, कनिकाहरू, नोकर-चाकर भान्सेहरूलाई, बाँकि रहेको भात पकाएर बेच्ने र हलुवाईहरूलाई दिनू ।

उपकरणहरू—नाप्ने तौलने भाडा, रोचनी=जाँतोसिलौटा, ओखल, ढिकी मानिसले गोरुले पानीले चलाउने घट्ट, दाविलो नाङ्लो, चालनी, डोको, पेटारी, कुचो, आदि गृहस्थलाई कामदिने उपकरण हुन्छन् ।

बढार्ने, पालो बस्ने, तौलने, धानभर्ने, भराउने, दिने, दिलाउने, नोलहरू उठाउने दास ज्यालादार आदि लाई विष्टि भन्दछन् ।

---

[1] द्रोण आढक प्रस्थको परिमाण सामान्य रूपबाट १६ पाथी ४ पाथी १ पाथी हुन्छता पनि यसग्रन्थको लेख अनुसार सोभन्दा थोरै हुन्छ ।

धानहरू राख्ता भुइँ नछुने गरी राख्नुपर्दछ। गुड खुदा आदिलाई नचुहुने भाँडामा, घ्यू तेलहरूलाई काठको माटाको भाँडामा, नूनलाई भुइँमा वा माटाको भाँडामा, यस्तै अरु वस्तु पनि उचित भाँडामा राख्ने गर्नुपर्दछ।

अथ षोडशोऽध्यायः

३४ प्रकरणे—पण्याध्यक्षः

पण्याध्यक्षः स्थलजलजानां नानाविधानां पण्यानां स्थलपथवारिपथोपयातानां सारफल्ग्वर्घान्तरं प्रियाप्रियतां च विद्यात्। तथा विक्षेपसंक्षेपक्रयविक्रयप्रयोगकालान्। यच्च पण्यं प्रचुरं स्यात्तदेकीकृत्यार्घमारोपयेत्। प्राप्तेऽर्घे वाऽर्घान्तरं कारयेत्। स्वभूमिजानां राजपण्यानामेकमुखं व्यवहारं स्थापयेत्। परिभूमिजानामनेकमुखम्। उभयं च प्रजानामनुग्रहेण विक्रापयेत्। स्थूलमपि च लाभं प्रजानामौपघातिकं वारयेत्। अजस्रपण्यानां कालोपरोधं संकुलदोषं वा नोत्पादयेत्।

बहुमुखं वा राजपण्यं वैदहकाः कृतार्घं विक्रीणीरन्। छेदानुरूपं च वैधरणं दद्युः। षोडशभागो मानव्याजी। विंशतिभागस्तुलामानम्। गण्यपण्यानामेकादशभागः। परभूमिजं पण्यमनुग्रहेणावाहयेत्। नाविकसार्थवाहेभ्यश्च परिहारमायतिक्षमं दद्यात्। अनभियोगश्चार्थेष्वागन्तूनामन्यत्र सभ्योपकारिभ्यः।

पण्याधिष्ठातारः पन्यमूल्यमेकमुखं काष्ठद्रोण्यामेकच्छिद्रापिधानायां निदध्युः। अह्नश्चाष्टमे भागे पण्याध्यक्षस्यार्पयेयुः। इदं विक्रीतमिदं शेषमिति। तुलामानभाण्डकं चार्पयेयुः। इति स्वविषये व्याख्यातम्। परविषये तु पण्यप्रतिपण्ययोरर्घं मूल्यं च आगमय्य शुल्कवर्तन्यातिवाहितगुल्मतरदेयभक्तभाटकव्ययशुद्धमुदयं पश्येत्।

असत्युदये भाण्डनिर्वहणेन पण्यप्रतिपण्यार्घेण वा लाभं पश्येत् । ततः सारपादेन स्थलव्यवहारमध्वना क्षेमेण प्रयोजयेत् । अटव्यन्तपालपुरराष्ट्रमुख्यैश्च प्रतिसंसर्गं गच्छेदनुग्रहार्थम् ।

आपदि सारमात्मनं वा मोक्षयेत् । आत्मनो वा भूमिमप्राप्तः सर्वदेयविशुद्धं व्यवहरेत् । वारिपथे वा यानभाटकपथ्यदनपण्यप्रतिपण्यार्घप्रमाणयात्राकालभयप्रतीकारपण्यपत्तनचारित्राण्युपलभेत ।

नदीपथे च विज्ञाय व्यवहारं चरित्रतः ।
यतो लाभस्ततो गच्छेदलाभं परिवर्जयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
पण्याध्यक्षो नाम षोडशोऽध्यायः ॥ १६ ॥

अध्याय १६

प्रकरण ३४

बिक्री विभागका अध्यक्षको काम

(बिक्री हुने सरकारी वस्तुको विक्रय—विभागका अध्यक्षलाई 'पण्याध्यक्ष' भन्दछन्) पण्याध्यक्षले जमीनमा हुने, पानीमा हुने, अनेक किसिमका पण्य (बिक्री हुने वस्तु), स्थलमार्ग वा जलमार्गबाट आएका वस्तुहरू, असल कमसलपना, मोलको तारतम्य सबैलाई प्रिय भएर चाडै बिक्री हुने वा सबैलाई मन नपर्ने भएर कम घेरै समयमा बिक्री हुने, यो समयमा धेरै जम्मा गर्ने यो समयमा थोरै जम्मा गर्ने, यो समयमा किन्ने, यो समयमा बेच्ने, इत्यादि कुरा जान्नुपर्दछ । जुन बिक्रीको वस्तु धरै हुन्छ त्यसलाई एकगोठ जमा गरेर भाउ राख्नुपर्दछ, भाउ वसेपछि मौका अनुसार भाउ गिराउनुपर्दछ । आफ्नै देशमा भएका सरकारी पण्य (बिक्री हुने वस्तु) को बिक्री हुने ठाउँ एउटै गराउनू । विदेशी वस्तुको किन बेच ठाउँ ठाउँमा गराउनू । स्वदेशी वा विदेशी मालको खरीद बिक्री प्रजाहरूलाई मर्का नपर्ने गरी नगराउनू । अलिकति मात्र फायदा

हुने भए पनि प्रजालाई बाधा पर्नेनगराउनू। हर हमेशा बिक्री हुने तर्कारी आदि लाई यो समयमा मात्र बेच्ने भन्ने रोकावट, यौटाको बिक्री नभइ सकी अर्कोले ल्याउन नपाउने भन्ने रोकावट, पनि नगराउनू।

भाउ तोकीसकेको सरकारी पण्यवस्तुलाई बनियाहरूले ठाउँ ठाउँमा लगरे बेच्ने गर्नू। सो बेच्ता केही नोक्सानी पर्‍यो भने नोक्सानी भर्ना तिनीहरूले दिनुपर्दछ।

बनियाहरूबाट सरकारले लिने—मान व्याजी (भराइमा बढी लिने रकम) मालको १६ भागको १ भाग, तुलामान (जोखाइ बढी लिने सयकडा ५ पला) गोटा गनेर बेचिने वस्तुको ११ भागको १ भाग।

विदेशी बिक्री हुने वस्तुहरूलाई सुविधा दिएर व्याजी रकम माफी गरिदिएर पनि आफ्नो बजारमा आउने गर्नुपर्दछ। डुङ्गाद्वारा विदेशी वस्तु ल्याउनेलाई पछि बाधा नपर्ने गरी कर माफी गरिदिनू बाहिरबाट आउने व्यापारीलाई सरकारी अड्डामा मुद्दा नचलाईकन आफ्नो धन उठाउन पाउने व्यवस्था गरिदिनू। तर ती बनियाको दलभित्रका कामदारहरूको आफूसमा भने मुद्दा चल्ने हुन्छ।

सरकारी पण्य (बिक्री हुनेमाल) बिक्री गर्ने अधिकारी पुरुषहरूले एकातिरबाट आएको बिक्रीको मोल यौटा छिद्रभएको ढकनी लागेको काठको बाकसमा राख्नेगर्नू। दिनको आठौं भागमा आजदिनभरमा यति बिक्री भयो यति बाँकी भनि द्रव्य र बाँकी माल नाप तौल गर्ने भाडाँहरू पनि पण्याध्यक्षलाई बुझाउने गर्नू। यो आफ्नो देशका माल बिक्री गर्ने व्यवस्था बताइयो।

विदेशका मालको विषयमा भने पण्य (आफूले बिक्री गरिने वस्तु) र प्रतिपण्य (त्यसको बदलामा लिने विदेशी बिक्रीका वस्तु) को घटी बढी बराबर जो हुन्छ सो भाउ भाँडा सामानहरूको मोल जोरेर शुल्क (महसूल) वर्तनी—देय (सीमानाको अधिकारीले लिनेकर) आतिवाहिक—देय (बाटामा ल्याउदा हिफाजत गर्ने शस्त्रधारीलाई दिनुपर्ने) गुल्मदेय (वनको चौकीमा दिनुपर्ने) भक्त (खानाखर्च) भाटक (भाडा) आदिको खर्च कटाएर हुने—उदय (निचोर लाभ) कति हुन्छ सो हेर्नू। यसमा फायदा हुने देखिएन भने आफ्नो देशको माल विदेशको बजारमा लगेर केही समय पर्खर पनि बिक्री गर्दा, आफ्नो माल दिई विदेशी माल लिएर सट्टापट्टा गर्दा हुने लाभको विचार गर्नू। यसबाट देखिने लाभको चौथाई सम्म खर्च गरेर पनि जलमार्ग भन्दा विशेष नोक्सानीको डर नहुने

स्थलमार्गबाट पठाउने बन्दोबस्त गर्नू। विदेशका समेत सबैलाई अनुकूल गराउन वनका रक्षक, सीमानाका रक्षक, नगरका मुख्य, राष्ट्रका मुख्य पुरुषहरूसँग केही दिएर पनि सम्पर्क राख्नुपर्दछ।

बिचमा दैवात् डाँकू चोरहरूबाट आपत् पर्न आएमा गतिलो सार वस्तु र आफूलाई जोगाउनू। केही लागेन भने आफ्नो देशमा आइ नपुगून्जेल अरू सबै सुम्पेर पनि आफू बच्ने गरी व्यवहार गर्नू।

जलमार्गबाट माल लैजादा नाउ आदि सवारीको भाडा, बाटाको खाना खर्च, पण्य र प्रतिपण्य (दिने र लिने) को दरभाउ जाने आउने समय, विपत्तिको बचाउ, विदेशी बजार नगरको चलन व्यवहार पनि बुझ्नु पर्दछ।

समुद्रको बाटोमा झैं नदीको बाटोमा पनि त्यो-त्यो देशको चाल चलन अनुसार वाणिज्य व्यवहारको कुरा बुझेर जुन बाटोबाट फायदा हुने देखिन्छ, त्यहीबाटो गरी जानू। जुन बाटोबाट जादा विशेष लाभ देखिदैन, त्यो बाटो छोडिदिनू।

अथ सप्तदशोऽध्यायः

३५ प्रकरणे—कुप्याध्यक्षः

कुप्याध्यक्षो द्रव्यवनपालैः कुप्यमानाययेत्। द्रव्यवनकर्मान्ताँश्च प्रयोजयेत्। द्रव्यवनच्छिदां च देयमत्ययं च स्थापयेदन्यत्रापद्भ्यः। कुप्यवर्गः—शाकतिनिशधन्वनार्जुनमधूकतिलकसालशिंशपारिमेदराजादनशिरीषखदिरसरलतालसर्जाश्वकर्णसोमवल्ककशाम्रप्रियकधवादिः सारदारुवर्गः।

उटजचिमियचापवेणुवंशसातिनकण्टकभाल्लूकादिर्वैणुवर्गः। वेत्रशीकवल्लीवाशीश्यामलतानागलतादिर्वल्लिवर्गः। मालतीमूर्वार्कशणगवेधुकातस्यादिर्वल्कवर्गः। मुञ्जबल्वजादि रज्जुभाण्डम्। तालीतालभूर्जानां पत्रम्। किंशुककुसुम्भकुंकुमानां पुष्पम्। कन्दमूलफलादिरौषधवर्गः।

कालकूटवत्सनाभहालाहलमेषशृङ्गमुस्ताकुष्ठमहाविषवेल्लितकगौरा-

र्द्रबालकमार्कटहैमवतकालिङ्गकदारदकांकोलसारकोष्ट्रकादीनि विषाणि । सर्पाः कीटाश्च । त एव कुम्भगताः । इति विषवर्गः ।

गोधासेरकद्वीपिशिंशुमारसिंहव्याघ्रहस्तिमहिषचमरसृमरखङ्गगोमृगगवयानां चर्मास्थिपित्तस्नाय्वस्थिदन्तशृङ्गखुरपुच्छान्यन्येषां वाऽपि मृगपशुपक्षिव्यालानाम् । कालायसताम्रवृत्तकांस्यसीसपत्रपुवैकृन्तकारकूटानि लोहानि । विदलमृत्तिकामयं भाण्डम् । अङ्गारतुषभस्मानि मृगपशुपक्षिव्यालवाटाः काष्ठतृणवाटाश्चेति ।

बहिरन्तश्च कर्मान्ता विभक्ताः सर्वभाण्डकाः ।
आजीवपुररक्षार्थाः कार्याः कुप्योपजीविनाम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
कुप्याध्यक्षो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

अध्याय १७

प्रकरण ३५

जिन्सी भण्डारका अध्यक्षको काम

(असल जातका काठ बाँस आदि जिन्सी सामानलाई कुप्यमा परिगणन गरिएको छ ।) त्यस्ता सरकारी जिन्सी सामानको भण्डारका अधिकारी अध्यक्षलाई कुप्याध्यक्ष भन्दछन् । सो कुप्याध्यक्षले द्रव्यवन (असल काठ आदि हुने वन) का रक्षक हरूद्वारा—सरकारी कुप्य वस्तुहरू कुप्यागार (जिन्सी भण्डार)मा दाखिल हुने काम गराउनू । असल काठहरूबाट घर गाडा आदि बनाउने कारखाना पनि चलाउनू । त्यस्तो असल काठ काट्नेहरूलाई दिनुपर्ने वेतन र आपद् परेर अनुमति लिइरहने अवसर नपाएमा बाहेक अनुमति नलिईकन काठ काट्नेलाई दण्डहुने व्यवस्था पनि गर्नू ।

कुप्य वर्गमा गनिने वस्तु यी हुन्—

(क) सारदारु वर्ग—शाक-सब्जि, तिनिस-उतिस, धन्वन-अजुन-

खरी, मधूक-मौवा, तिलक, साल, शिंशपा-सिसौ, अरिभेद्-रातो खयर, राजादन-खिर्नी, शिरीष, खढिर-खयर, सरल-सल्लो, ताल, सर्ज-सालविशेष, अश्वकर्ण, सोमवल्क-सेतोखयर, कश, आम्र-आँप, प्रियक, धव-धपेरो आदि ।

(ख) **वेणुवर्ग**—उटज—ठूलाछिद्र भएको साना काँढा खस्रो बोक्रा भएको बाँस, चिमिप—खदिलो नरम बोक्रा भएको बाँस, चाप—सानोछिद्र भएको साह्रो बाँस, वेणु—काढा नभएको धनु बनाउने बाँस, वंश—लामो आँख्ला प्वाल काँढा भएको बाँस, सातीत—निगालो (बाँस विशेष) कण्टक, भाल्लूक—मोटो ठूलो काढा नभएको बाँस आदि ।

(ग) **वल्ली**—लहरावर्ग—वेत, शीकवल्ली, हंसवली,…श्यामलता, नागलता—नागवेली आदि ।

(घ) **वल्क**—बोक्रो वर्ग—मालती, मूर्वा—भोर्लो, अर्क—आँक, शण—सन, गवेधुका, अतसी आदि ।

(ङ) **रज्जुभाण्ड**—(डोरी बाट्ने)-मुञ्ज—मूज, वल्वज—वावियो आदि ।

(च) **पात**—काम लाग्ने—नाली, तार, ताल—ताड, भूर्ज—भूजापात ।

(छ) **फूल**—पलाश कुसूम कुङ्कुम ।

(ज) **औषधि**—ओल आदि कन्द, उशीर आदि जरा, अमलो हर्रो आदि फल ।

(झ) **विषवर्ग**—कालकूट—पिपलको जस्तो पात भएको आँख्लाबाट रस चुहुने, वत्सनाभ—मीठाविष–बाछाको नाइटोजस्तो भएको । हालाहल—निर्गुण्डीको जस्तो पात, तीखोपात, नीलोपालुवा, दाखजस्तो, फलहुने, मेषशङ्क—कमलको कोपिलाजस्तो फल हुने, मुस्ता—मोथे जस्तो, कुष्ठ—कुट जस्तो, महाविष—मासुको रङ्ग भएको स्तनको चूचुक जस्तो, वल्लिनक—जरामाहुने कालो रातो, गौरार्द्र—कन्दकालो, बालक—पिपलाजस्तो, मार्कटवानरजस्तो, हैमवत—हिमालयमा हुने ठूलोपात हुने, कालिङ्गक—कलिङ्गदेशमा हुने जौ जस्तो, दारदक—दरददेशमा हुने, विषालुपात, अङ्कोलसारक—अङ्कोलमा हुने विष, उष्ट्रक—ऊटको लिङ्ग जस्तो इत्यादि र कृष्णसर्प आदि, चित्रभेक कौण्डिल्यक आदि कीरा, यिनै वस्तु औपनिषद्–प्रकरणमा भनेझैं राङ्को घडामा राखेमा चर्को विषालु हुन्छन् ।

(ञ) **चर्म**—छालावर्ग—गोधा-गौहोरो, सेरक—सेतो छालाहुने, गोहोरो, द्वीपी—चितुवा, शिशुमार—खाँस, सिंह, बाघ, हात्ती, राङ्गो, चमर-मृग, सृमर—मृगविशेष, गैंडा, गोरु, मृग, गवय, यिनको र अरुमृग पशुपक्षी हिंसक जन्तुको पनि, छाला, हाड, पित्त, नसा, दाँत, सीङ, खुर, पुच्छर हरू।

(ट) **लोह**—धातुवर्ग—कालापास-फलाम, तामा, वृत्त—धातु-विशेष, कांसो, सीसा, राङ्, वैकृन्तक—इस्पात, आरकूट—पित्तल।

(ठ) **भाण्ड**—भाडा वासको चोया माटो आदिका भाडा हरू।

अरु—

कोइला, भूस, खरानी, मृग पशु पक्षी हिंसक जन्तुहरूका खोर, काठ, बाँस हरूको राश।

कुप्याध्यक्षले द्रव्यवनको नजीकै बाहिर र किल्ला भित्र पनि गाडा आदि बनाउने छुट्टा छुट्टै कारखाना र जीविका निमित्तका हलोमुसल आदि, सहरको रक्षा गर्ने यन्त्र, आयुधहरू बनाउने काम पनि गराउन्।

अथ अष्टादशोऽध्यायः

३६ प्रकरणे—आयुधागाराध्यक्षः

आयुधागाराध्यक्षः सांग्रामिकं दौर्गकर्मिकं परपुराभिघातिकं चक्रयन्त्रमायुधमावरणमुपकरणं च तज्जातकारुशिल्पिभिः कृतकर्मप्रमाणकालवेतनफलनिष्पत्तिभिः कारयेत्। स्वभूमौ च स्थापयेत्। स्थानपरिवर्तनमातपप्रवातप्रदानं च बहुशः कुर्यात्। ऊष्मोपस्नेहक्रिमिभिरुपहन्यमानमन्यथा स्थापयेत्। जातिरूपलक्षणप्रमाणागममूल्यनिक्षेपैश्चोपलभेत्।

सर्वतोभद्रजामदग्न्यबहुमुखविश्वासघातिसंघाटीयानकपर्जन्यकबाहूर्ध्वबाह्वर्धबाहूनि स्थिरयंत्राणि। पंचालिकदेवदण्डसूकरिकामुसलयष्टिहस्तिवारकतालवृन्तमुद्गरद्रुघणगदास्पृक्तलाकुद्दालास्फोटिमौद्घाटिमोत्पाटिमशतघ्नीत्रिशूलचक्राणि चलयंत्राणि। शक्तिप्रासकुन्तहाटकभिण्डिपालशूलतोमरवराहकर्णकर्पणत्रासिकादीनि च हलमुखानि।

तालचापदारवशार्ङ्गाणि कार्मुककोदण्डद्रूणा धनूंषि। मूर्वार्कशणगवेधुवेणुस्नायूनि ज्याः। वेणुशरशलाकादण्डासननाराचाश्च इषवः। तेषां मुखानि छेदनभेदनताडनान्यायसास्थिदारवाणि। निस्त्रिंशमण्डलाग्रासियष्टयः खड्गाः। खड्गमहिषवारणविषाणदारुवेणुमूलानि त्सरवः। परशुकुठारपट्टिसखनित्रकुद्दालक्रकचकाण्डच्छेदनाः क्षुरकल्पाः। यंत्रगोष्पणमुष्टिपाषाणरोचनीदृषदश्चायुधानि।

लोहजालजालिकापट्टकवचसूत्रकंकटशिंशुमारकखड्गिधेनुकहस्तिगोचर्मखुरशृङ्गसंघातं वर्माणि। शिरस्त्राणकण्ठत्राणकूर्पासकंचुकवारवाणपट्टनागोदरिकाः पेटीचर्महस्तिकर्णतालमूलधमनिकाकवाटकिटिकाप्रतिहतवलाहकान्ताश्चावरणानि। हस्तिरथवाजिनां योग्यभाण्डमालङ्कारिकं सन्नाहकल्पनाश्चोपकरणानि। ऐन्द्रजालिकमौपनिषदिकं च कर्म। कर्मान्तानां च।

इच्छामारम्भनिष्पत्तिं प्रयोगं व्याजमुद्यमम्।
क्षयव्ययौ च जानीयात् कुप्यानामायुधेश्वरः॥ १॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
आयुधागाराध्यक्षो नामाष्टादशोऽध्यायः॥ १८॥

अध्याय १८

प्रकरण ३६

आयुधागारका अध्यक्षले गर्ने काम

हतियारहरूको संग्रह गरिने आयुधागारका अध्यक्ष अधिकारी पुरुषले युद्धमा काम दिने, किल्लाको रक्षागर्ने, शत्रुको किल्ला तोड्ने यन्त्र, हतियार, कवच र, अरु चाहिने सामान पनि, यो विषय जान्ने कालीगड सिपालुहरूद्वारा गरेको काम, परिमाण, सार, वेतन, कार्यसिद्धिको, विचार गरेर बनाउन लाउनू। बनेर तयार भएका माल राख्ने, ठाउ अदल-बदल गर्ने, घाम

हावामा राख्ने, व्यवस्था पनि वारंवार गर्नू। गर्मी पसीना कीराहरूले विगान लागेकालाई अर्कै राम्रो तरहले राख्ने प्रबन्ध गर्नू। सबै वस्तुको जात, रूप, लक्षण, परिमाण, आएको बाटो, मोल, लेखी राख्ने दाम भाँडाहरूमा थन्क्याउने व्यवस्था गर्नू।

यन्त्रहरू—

(क) स्थिर—एक ठाउमा रहने यन्त्रहरू—

१. सर्वतोभद्र—किल्लाको गाह्रोमा हात जस्तो निकासेर अड्याएको, गाडाको पाग्राको आकार भएको, चलाउदा वरिपरि पत्थर वर्षाउने।

२. जामदग्न्य—भित्रपट्टि घेरै वाण भरिएको, आफै वाण छोडीरहने।

३. बहुमुख—किल्लाको पर्खालमा बनाएको अटाली जस्तो, छालाले ढाकेको ३।४ तला भएको, जहाँ बसेर धनुर्धारीले चारैतिर वाण हान्ने गर्छन्।

४. विश्वासघाती—सहरको बाहिर तेर्स्याएको, ठूलो गदा जस्तो, छुने वित्तिकै शत्रुको टाउकामा प्रहार गर्ने।

५. संघाटी—लामो काठमा जडेको, अगलो अटालीमा पनि आगो सल्काउन हुने अग्नि यन्त्र।

६. यानक—पाग्रामाथि राखेको, दण्डजस्तो, लामो यन्त्र।

७. पर्जन्य—आगो निभाउने, पानी भरिएको, वारुणास्त्र।

कसैको भनाइमा—५० हातलामो पर्खाल बाहिर राखेको शत्रु नजीकै आएमा आफै चलेर हिर्काउने, विश्वासघाती छोटो हुन्छ, यो लामो हुन्छ।

८. बाहुयन्त्र—पर्जन्य भन्दा आधा छोटो, २ खम्बा भएको, चुकुल खोलिदिनासाथ शत्रुमाथि खस्ने।

९. ऊर्ध्वबाहु—ठाडो ठूलो खम्भा, चुकुल खोल्दा खसेर मानिस मार्ने।

१०. अर्धबाहु—ऊर्ध्वबाहु भन्दा आधा छोटो, उस्तै।

यी १० किसिमका यन्त्र एकै ठाउमा रही रहने स्थिर यन्त्र हुन्।

(ख) चल—हिडाउन हुने यन्त्रहरू—

१. पाञ्चालिका—साह्रो काठको, तीखो मुख भएको, पर्खाल बाहिर खाइको पानीमा लुकाएर राख्ने ।

२. देवदण्ड—किल्लाको पर्खालमा राखिने कीला नभएको, ठूलो खम्भा ।

३. शूकरिका—धागो र छालाले बनाइएको रूवा भरेको, थैलो बाहिरबाट ढुंगा वर्षाएमा रोक्ने कसैको भनाइमा वनेल जस्तो आकारको बाँसको यन्त्र, यसले बाहिरबाट गरेको पत्थरवर्षालाई रोकेर पर्खालमा शत्रुको धक्का रोक्नेछ ।

४. मुसलयष्टि—भाला जस्तो खयरको दण्डा ।

५. हस्तिवारक—हात्तीलाई रोक्ने, २/३ मुख भएको दण्डा, कसैको भनाईमा हात्तीलाई हिर्काउने मुंग्रो ।

६. तालवृन्त—हावालाउने, घुम्ने, पंखा जस्तो ।

७. मुद्गर—मुंग्रो ।

८. द्रुघण—मुंग्रो जस्तो काठको दण्डा ।

९. गदा—गदा ।

१०. स्पृक्तला—वरिपरि काँढा भरिएको गदा ।

११. कुद्दाल—कोदालो ।

१२. आस्फोटिम—छालाले बेरिएको ४ खम्भा भएको पत्थर ।

१३. उद्घाटिम—मुंग्रो जस्तो यन्त्रविशेष ।

१४. उत्पाटिम—खंभा उखेल्ने यन्त्र ।

१५. शतघ्नी—मोटा-मोटा लामा कीला वरिपरि भएको, ठूलो । खम्भा, गाडाको पांग्रा लाएको, पर्खालमा राखिने ।

१६. त्रिशूल—तीन चुच्चे भाला ।

१७. चक्र—घुमाएर हान्ने ।

यी १७ चलयन्त्र हिडाउन हुने यन्त्र हुन् ।

(ग) तीखो चुच्चा भएका हलमुख यन्त्रहरू—

१. शक्ति—४ हात लामो करवीरको पातजस्तो फलामको ।

२. प्रास—२४ अंगुल लामो दुइतिर मुख भएको काठ र फलामको ।

३. **कुन्त**—७।६।५। हात लामो भाला।

४. **हाटक**—भालाजस्तै तीन चुच्चा भएको।

५. **भिण्डिपाल**—ठूलो फाली भएको भाला।

६. **शूल**—एक मुखे तीखो भाला।

७. **तोमर**—४ । ४॥ । ५ हातको, मुखमा वाण लागेको।

८. **वराहकर्ण**—वनेलको कान जस्तो मुख भएको प्रास जस्तो।

९. **कणय**—फलामको, दुवै तिर तीन चुच्चे मुख भएको, माझमा समातिने मूठभएको।

१०. **कर्षण**—तोमरको नापको हातले फ्याँकिने, पखेटा भएको वाण।

११. **त्रासिका**—फलामको प्रासको नापको टाउको भएको।

यी ११ हलोको जस्तै तीखो टुप्पा हुने भई हलमुख भनिन्छन्।

(घ) धनु—कार्मुक, कोदण्ड, द्रूण तीन थरी—

१. **ताल**—तारको बनेको।

२. **चाप**— विशेष बाँसको बनेको।

३. **दारव**—धन्वन आदि सार काठको बनेको।

४. **शार्ङ्ग**—सीङ्को बनेको।

(ङ) ज्या—ताँदो।

मूर्वा, अर्क—आँक, शण—सन, गवेधु, वेणु—बाँस, स्नायु—नसाले बनाएको।

(च) वाण—

बाँस, शर, बलियो काठको बनेको, अर्धनाराच—आधामात्र फलाम भएको वाणको आकार भएको, नाराच—जम्मै फलामको।

वाणका अग्रभाग—काट्ने, छेड्ने, रगत ननिकासीकन घोच्ने, किसिमको फलाम, हाड, काठको पनि हुन्छ।

(छ) खड्ग—

१. **निस्त्रिंश**—३० अङ्गुल भन्दा बढी लामो, टुप्पा बाङ्गो भएको

२. **मण्डलाग्र**—टुप्पा मण्डलाकार भएको।

३, असियष्टि—पातलो लामो भएको ।

(ज) त्सरु—खड्गहरूको मूठ—

गैडा वा राङ्गोको सीङ् वा हात्तीदात्तको बनेको हुन्छ ।

(झ) क्षुरकल्प—छुरा जस्ता हतियार—

१, परशु—२४ अंगुल लामो फलामको फर्सा ।
२, कुठार—दुवैतिर धार भएको ।
३, पट्टिश—दुवैतिर त्रिशूल भएको ।
४. खनिज—खन्ति ।
५. कुद्दाल—कोदालो ।
६. क्रकच—करौंती ।
७, काण्डच्छेदन—हाँगाकाटने ।

यी छुराको जस्तो धार हुने हुनाले क्षुरकल्प भनिन्छन् ।

(ञ) पत्थरका आयुधहरू—

१, यन्त्रपाषाण—यन्त्रले फ्याकिने पत्थर ।
२, गोष्पणपाषाण—गोष्पण नाम भएको हुऱ्याइने पत्थर ।
३, मुष्टिपाषाण—मुट्ठिले फ्याकिने पत्थर ।
४. रोचनी—जातो पत्थर ।
५. दृषद्—ठूलो पत्थर ।

(ट) कवचहरू—

१. लोहजाल—टाउको छोप्ने समेत भएको, फलामको ओढ्ने जाली ।
२. लोह जालिका—मुडुलो, आङ ढाक्ने, फलामे जाली ।
३. लोहपट्ट—हातबाहेक अरु जिउ छोप्ने फलामे ।
४. लोहकवच—हात नभएको छाती र पिठ्यूँमात्र छोप्ने फलामे ।
५. सूत्रकङ्कट—धागाको बनेको जाली ।

Jayatu Saṇskritam, Kathmandu, Nepal

६. शिशुमारक—जलचर जाति विशेषको छालाको-बनेको ।

७. खड्गि—गैंडाको छालाको ।

८. धेनुक—अर्नाको छालाको ।

९. हस्ति—हात्तीको छालाको ।

१०. गो—गोरुको छालाको ।

यिनका खुर सिङको पनि आवरण बन्दछ ।

११. शिरस्त्राण—टाउको बचाउने फलामको कवच ।

१२. कण्ठत्राण—घाँटी बचाउने कवच फलामे ।

१३. कूर्पास—आधा बाहुले फलामे ।

१४. कञ्चुक—घुडासम्म छोप्ने फलामे ।

१५. वारवाण—गोलीगाँठासम्म छोप्ने फलामे ।

१६. पट्ट—हात नभएको, फलाम बाहेकको ।

१७. नागोदरिका—हातको औंला मात्र बचाउने, पञ्जा कवच ।

यी कवचहरू जिउमा पहिरिने हुन् ।

(ठ) हातमा लिइने—

१. पेटी—काठको जाली ढाल ।

२. चर्म—ढाल ।

३. हस्तिकर्ण—हात्तीको कानजस्तो ।

४. तालमूल—काठको ढाल ।

५. धमनिका—धागाको बनेको ।

६. कपाट—काठको फल्याक ।

७. किटिका—बाँसको चोयाको वा छालाको ।

८. अप्रतिहत—हात बचाउने कवच ।

यति किसिमका ढाक्ने कवचहरू हुन्छन् ।

(ड) अरु सामग्रीहरू—

हात्ती रथ, घोडाहरू तालीम गर्ने अङ्कुश कोर्रा आदि र यिनीहरूको गहना साजहरू ।

इन्द्रजाल—थोरै सेनालाई धेरै देखाउने इत्यादि चटकी प्रयोगका सामान औपनिषद् प्रकरणमा भनिने विष धूवाँ आदि प्रयोगका वस्तु पनि उपकरण भनिन्छन्। आयुधविभागका अध्यक्षले कुप्य सम्बन्धी 'कारखाना' विषयमा राजाको उठानदेखि बैठानसम्मको प्रयोग, दोष, लाभ, नोकसानी, खर्च यी सबै कुरा राम्ररी जानेर काम गराउनुपर्दछ।

अथ एकोनविंशोऽध्यायः

३७ प्रकरणे—तुलामानपौतवम्

पौतवाध्यक्षः पौतवकर्मान्तान् कारयेत् । धान्यमाषा दश सुवर्णमाषकः। पञ्च वा गुञ्जाः। ते षोडश सुवर्णः कर्षो वा। चतुष्कर्षं पलम्। अष्टाशीतिर्गौरसर्षपा रूप्यमाषकः। ते षोडश धरणम्। शैम्ब्यानि वा विंशतिः। विंशतितण्डुलं वज्रधरणम्। अर्धमाषकः, माषकः, द्वौ, चत्वारः, अष्टौ माषकाः, सुवर्णो द्वौ, चत्वारः, अष्टौ सुवर्णाः, दश, विंशतिः, त्रिंशत्, चत्वारिंशत्, शतमिति। तेन धरणानि व्याख्यातानि।

लोहजालजालिकापट्टकवचसूत्रकंकटशिंशुमारकखड्गिधेनुकहस्तिगोचर्मखुरशृङ्गसंघातं वर्माणि। शिरस्त्राणकण्ठत्राणकूर्पासकंचुकवारवाणपट्टनागोदरिकाः पेटीचर्महस्तिकर्णतालमूलधमनिकाकवाटकिटिकाप्रतिहतवलाहकान्ताश्चावरणानि। हस्तिरथवाजिनां योग्यभाण्डमालङ्कारिकं सन्नाहकल्पनाश्चोपकरणानि। ऐन्द्रजालिकमौपनिषदिकं च कर्म। कर्मान्तानां च।

प्रतिमानान्ययोमयानि मागधमेकलशैलमयानि यानि वा नोदकप्रदेहाभ्यां वृद्धिं गच्छेयुरुष्णेन वा ह्रासम्। षडङ्गुलादूर्ध्वमष्टाङ्गुलोत्तरा दश तुलाः कारयेल्लोहपलादूर्ध्वमेकपलोत्तराः। यन्त्रमुभयतः शिक्यं वा।

पञ्चत्रिंशत्पललोहां द्विसप्तत्यङ्गुलायामां समवृत्तां कारयेत्। तस्याः पंचपलिकं मण्डलं बद्ध्वा समकरणं कारयेत्। ततः कर्षोत्तरं पलं पलो-

त्तरं दशपलं द्वादश पंचदश विंशतिरिति पदानि कारयेत्। तत आशताद्दशोत्तरं कारयेत्। अक्षेषु नद्ध्रीपिनद्धं कारयेत्। द्विगुणलोहांतुलामतः षण्णवत्यंगुलायामां परिमाणीं कारयेत्। तस्याः शतादूर्ध्वं विंशतिः पंचाशत् शतमिति पदानि कारयेत्। विंशतितौलिको भारः। दशधरणिकं पलम्। तत्पलशतमायमानी। पंचपलावरा व्यावहारिकी भाजन्यन्तःपुरभाजनी च। तासामर्धधरणावरं पलम्। द्विपलावरमुत्तरलोहम्। षडङ्गुलावराश्चायामाः।

पूर्वयोः पंचपलिकः प्रयामो मांसलोहलवणमणिवर्जम्। काष्ठतुला अष्टहस्ता पदवती प्रतिमानवती मयूरपदाधिष्ठिता। काष्ठपंचविंशतिपलं तण्डुलप्रस्थसाधनम्। एष प्रदेशो बह्वल्पयोः। इति तुलाप्रतिमानं व्याख्यातम्।

अथ धान्यमाषद्विपलशतं द्रोणमायमानम्। सप्ताशीतिपलशतमर्धपलं च व्यावहारिकम्। पंचसप्ततिपलशतं भाजनीयम्। द्विषष्टिपलशतमर्धपलं चान्तःपुरभाजनीयम्। तेषामाढकप्रस्थकुडवाश्चतुर्भागावराः।

षोडशद्रोणा खारी, विंशतिद्रोणिकः कुम्भः, कुम्भैर्दशभिर्वहः। शुष्कसारदारुमयं समं चतुर्भागशिखं मानं कारयेत्। अन्तःशिखं वा। रसस्य तु सुरायाः पुष्पफलयोः तुषाङ्गाराणां सुधायाश्च शिखामानं द्विगुणोत्तरा वृद्धिः।

सपादपणो द्रोणमूल्यम्। आढकस्य पादोनः। षण्माषकाः प्रस्थस्य। माषकः कुडवस्य। द्विगुणं रसादीनां मानमूल्यम्। विंशतिपणाः प्रतिमानस्य। तुलामूल्यं त्रिभागः। चातुर्मासिकं प्रतिवेधनिकं कारयेत्। अप्रतिविद्धस्यात्ययः सपादः सप्तविंशतिपणः।

प्रातिवेधनिकं काकणीकमहरहः पौतवाध्यक्षाय दद्युः। द्वात्रिंशद्भागस्तप्तव्याजी सर्पिषश्चतुःषष्टिभागस्तैलस्य। पंचाशद्भागो मानस्रावो द्रवाणाम्। कुडवार्धचतुरष्टभागानि मानानि कारयेत्।

कुडवाश्चतुराशीतिर्वारकः सर्पिषो मतः ।
चतुःषष्टिस्तु तैलस्य पादश्च घटिकाऽनयोः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
तुलामानपौतवं नामैकोनविंशोऽध्यायः ॥ १९ ॥

अध्याय १९

प्रकरण ३७

नाप तौलको विषय

(तुला (तराजू) र मान (नाप्ने माना पाथी) आदि पौतव नबनेको भए बनाउने, बनेको ठीक बेठीक जाच्ने काम गर्ने, अधिकारीलाई पौतवाध्यक्ष भन्दछन् ।) पौतवाध्यक्षले तौलने नाप्ने भाडाहरू बनाउने कारखाना खडा गराउनू ।

सुनको तौल

माषको गेडा १० किंवा रातीगेडी ५ बराबर सुनको १ माषा हुन्छ । त्यस्तो माषा १६ को १ सुवर्ण वा १ कर्ष (१० रतिको माषा ८), ४ कर्षको १ पल (१० रतीको हिसाबले ३२ माषा) हुन्छ ।

चाँदीको तौल—

सर्सिउको दाना ८८ बराबर चाँदीको १ माषा हुन्छ । त्यस्तो माषा १६ किंवा सीमीका दाना २० बराबर चाँदी १ धरण हुन्छ ।

हीराको तौल—

चामल दाना २० बराबर १ धरण हुन्छ ।

प्रतिमान——ढकहरू—

आधामाषा, १ माषा, २ माषा, ४ माषा, ८ माषा, १ सुवर्ण (५ रतिको माषाले १६ माषा, १० रतिको माषाले ८ माषा), २ सुवर्ण, ४ सुवर्ण, ८ सुवर्ण, १० सुवर्ण, यस्तै गरी २०, ३०, ४०, १००, सुवर्ण बराबरका सुन तौलने ढक हुन्छन् ।

सुनकै जस्तो किसिमसँग चाँदी १ धरण, २ धरण, आदि १०० धरण सम्मका चाँदी तौलने ढक हुन्छन्।

यी प्रतिमान—ढकहरू फलामका, किंवा मगध देशका मेकल राज्यमा हुने पत्थरका अथवा पानीले भिजेर मैल परेर नबढ्ने, तातोले नघट्ने वस्तुका बनाउन लाउनू।

तुला—तराजू—

१ पलदेखि एकेक पल बढाउदै १० पलसम्म फलामका ६ अङ्गुल लामो—देखि ८।८ अङ्गुल बढाउदै लगी, अर्थात् १ पलको ६ अङ्गुल लामो, २ पलको १४ अङ्गुल लामो, ३ पलको २२ अङ्गुल, ४ पलको ३० अङ्गुल, ५ पलको ३८ अङ्गुल ६ पलको ४६ अङ्गुल ७ पलको ५४ अङ्गुल यस्ता १० वटा तुला (तराजू) बनाउनू। यसको दुवैपट्टि ढक र तौलिने वस्तु राख्ने सिक (बटखरा) पनि झुण्ड्याउनू।

सुन चाँदी बाहेक अरु वस्तु तौलने तराजूहरू—

(क) समवृत्ता तुला——३५ पल फलामको बनाएको ७२ अङ्गुल (३ हात) लामो तराजू। त्यसको माझमा ५ पलको मण्डल बाँधेर अग्लो होचो नहुने पारी चिह्न लाउनू। त्यो चिह्नदेखि पर १।२।३ कर्षको चिह्न लाएर ४ कर्ष १ पलको, अनि २।३।४।५।६।७।८।९।१०। पलको, अनि १२।१५।२०। पलको, अनि ३०।४०।५०।६०।७०।८०।९०।१०० पलको रेखा कोर्नू। प्रत्येक ५ पल (५।१०।१५। आदि) भागमा स्वस्तिक जस्तो विशेष चिह्न लगाउनू।

(ख) परिमाणी तुला——समवृत्तको भन्दा दोवर ७० पल फलामको ९६ अङ्गुल (४ हात) लामो, तराजू। यसमा समवृत्तामा झैं कर्ष देखि १०० पल सम्मका रेखा कोरी त्यसदेखि पर २०।५०।१०० आदि २०० पलसम्मको रेखा चिह्न कोर्नू।

१०० पलको १ तुला, २० तुला (२००० पल) को १ भार हुन्छ।

(ग) सुन चाँदी बाहेक अरु वस्तुको तौल गर्दा—अगि भने अनुसारको धरण १० को १ पल, त्यस्तो पल १०० को १ आयमानी तुला हुन्छ सो आयमानी भन्दा ५ पल कम अर्थात् ९५ पलको व्यावहारिकी त्यो भन्दा ५ पल कम अर्थात् ९० पलको भाजनी, त्यो भन्दा ५ पल कम अर्थात् ८५ पलको अन्तःपुर भाजनी तुला -(तराजू) हुन्छ। यी तुलाको प्रत्येक पलमा आधा आधा धरण कम हुदै गएर आयमानी तुलामा १० धरणको १ पल, व्यावहारिकी तुलामा साढे ९ धरणको १ पल भाजनी तुलामा ९ धरणको १ पल

अन्तःपुर भाजनी तुलामा साढे ८ धरणको १ पल हुने हुन्छ। यी तुलाहरूमा उत्तरोत्तर २।२ पल कम फलाम अर्थात् आयमानीमा ३५ पल, व्यावहारिकीमा ३३ पल, भाजनीमा ३१ पल, अन्तःपुर भाजनीमा २९ पल फलाम लाग्ने हुन्छ यी तुलाको लमाइ पनि। ६।६ अङ्गुल कम अर्थात् आयमानी ७२ अङ्गुल, व्यावहारिकी ६६, अङ्गुल, भाजनी ६० अङ्गुल, अन्तःपुर भाजनी ५४ अङ्गुल लामो हुन्छ। अगाडिका २ समवृत्ता र परिमाणी तुलामा मासु लोह नून मणि बाहेक अरु वस्तु तौल गर्दा सयपलमा ५ पल बढता माल चढाउनु पर्दछ। यो बढी चढाएको थपलाई प्रयाम भन्दछन्।

(घ) काष्ठतुला—बलियो काठको बनाएको तराजू ८ हात लामो हुन्छ। यसमा १/२/३ आदि भगका चिह्न हुन्छन्। यसका ढकहरू पत्थरका हुन्छन्। दायाँ बाया खम्भा मजूरका खुट्टा जस्ता खुट्टाले अडिएका हुन्छन्।

२५ पल इन्धन (दाउरा) १ पाथि चामल पकाउने हुन्छ। धेरै थोरैमा यही अनुसार इन्धन पनि बढी घटी लाग्ने हुन्छ।

१६ किसिमका तुला—तराजू र १४ किसिमका प्रतिमान—ढकको वर्णन गरियो।

अनाजहरूको मान—

गेडा माष २०० पल भरिने भाडा भरिको १ आयमानी-द्रोण हुन्छ। १८७॥ पल भरिको १ व्यावहारिक-द्रोण, १७५ पल भरिको १ भाजनी द्रोण, १६२॥ पल भरिको अन्तःपुरभाजनी द्रोण हुन्छ। यी ४ किसिमका द्रोणको एक चतुर्थांश आढक, आढकको १ चतुर्थांश प्रस्थ, प्रस्थको १ चतुर्थांश कुडव हुन्छ। १६ द्रोणको १ खारी, २० द्रोणको १ कुम्भ, १० कुम्भको (२०० द्रोणको) १ वह्ह हुन्छ।

अन्न भर्ने भाडा शुकेको बलियो काठको, माथि र तल बराबर, घाटी चौथाई अन्न अटाउने, अथवा घाँटीको भाग भित्र पसेको बनाउनू।

घीउ तेल आदि रस नाप्ने भाडो पनि यस्तै किसिमको हुन्छ। रक्सी मूल फल भूसा कोयला चूनहरू नाप्ने भाडाको टाउको पींद भन्दा दुगुना दुगुना बढी हुन्छ।

मूल्य—

१ द्रोण अटाउने भाडाको मूल्य सवापण, १ आढक अटाउनेको पौनेपण १ प्रस्थ अटाउनेको ६ माषा, १ कुडव अटाउनेको १ माषा हुन्छ। रस वस्तु

भर्ने भाडाको मूल्य अन्न भर्ने भाडाको भन्दा दोवर हुन्छ । १४ किसिमका ढकको १ समूहको मूल्य २० पण हुन्छ । तराजूको मोल ढकहरूको मोलको तृतीयांश हुन्छ ।

नाप तौलका भाडा ढकहरूको ४/४ महिनामा जाँच गर्ने गर्नुपर्दछ । तोकिएको समयमा नजचाउनेलाई सवा २७ पण दण्ड गर्नू ।

व्यापारीहरूले नाप तौलका भाडा ढकहरूको जचाउने खर्च दिनको १ काकणीको हिसाबले ४ महिनाको जाचको समयमा १२० काकणी पौतवाध्यक्षलाई दिनु पर्दछ ।

नोक्सानी भर्ना—

घ्यू आदि तताउदा जर्तिजाने भनी ३२ भागको १ भाग बढी लिनू । सो वढीलाई तप्तव्याजी भन्दछन् । तेलको नोक्सानी भर्ना ६४ भागको १ भाग बढी लिनू । अरु पातलो वस्तुको चुहेर नोक्सानी हुने भर्ना ५० भागको १ भाग बढी लिनू । यो बढीलाई मानस्राव भन्दछन् ।

कुडवको आधा, चौथाइ, ८ भागको १ भाग अटाउने भाडाहरू पनि पौतवाध्यक्षले बनाउन लाउनू ।

८४ कुडुव घ्यू अटाउने भाडा, ६४ कुडव तेल अटाउने भाडालाई वारक भन्दछन् । घ्यू तेलको वारक भाडाको चौथाइ अटाउने सानो भाडालाई घटिका (घैंटी) भन्दछन् ।

अथ विंशोऽध्यायः

३८ प्रकरणे—देशकालमानम्

मानाध्यक्षो देशकालमानं विद्यात् । अष्टौ परमाणवो रथचक्रविप्रुट् । ता अष्टौ लिक्षा । ता अष्टौ यूकामध्यः । ते अष्टौ यवमध्यः ।

सामान्य दृष्टिले भाषाको अपभ्रंश मिलाउदा कुडुव-कुरुवा, प्रस्थ पाथी, बुझिने हुने हुनाले त्यसको ४ गुना आढक ४ पाथि, त्यसको ४ गुना द्रोण १६ पाथि, भन्ने आउछ तापनि यस शास्त्रको यस प्रकरणमा बताए अनुसार सो भन्दा थोरै बस्न आउने हुन्छन् । नाप तौल पनि आधुनिक परिस्थितिमा ठाउँ ठाउँको फरक हुने भै यसप्रकरण आयमानी—लिनेवेलाको, व्यावहारिकी साधारण व्यवहारको, भाजनी अन्तःपुर भाजनी यस्ता विभिन्न मानको व्यवहार हुने गरेको बुझिन्छ ।

अष्टौ यवमध्या अंगुलम् । मध्यमस्य पुरुषस्य मध्यमाया अंगुल्या मध्यप्रकर्षो वाङ्गुलम् ।

चतुरंगुलो धनुर्ग्रहः । अष्टांगुला धनुर्मुष्ठिः । द्वादशांगुला वितस्तिः । छायापौरुषं च । चतुर्दशांगुलः शमः शलः परिरयः पदं च । द्विवितस्तिररत्निः प्राजापत्यो हस्तः । सधनुर्ग्रहः पौतवविवीतमानम् । स धनुर्मुष्टिः किष्कुः कंसो वा । द्विचत्वारिंशदंगुलस्तक्ष्णः क्राचकिकः किष्कुः स्कन्धावारदुर्गराजपरिग्रहमानम् । चतुःपंचाशदंगुलः कुप्यवनहस्तः ।

चतुरशीत्यंगुलो व्यामो रज्जुमानं खातपौरुषं च । चतुररत्निर्दण्डो धनुर्नाडिका पौरुषं च । गार्हपत्यमष्टशतांगुलं धनुः पथिप्राकारमानम् । पौरुषं च अग्निचित्यानाम् । षट्कंसो दण्डो ब्रह्मदेयातिथ्यमानम् । दशदण्डा रज्जुः । द्विरज्जुकः परिदेशः । त्रिरज्जुकं निवर्तनम् । एकतो द्विदण्डाधिको बाहुः । द्विधनुःसहस्रं गोरुतम् । चतुर्गोरुतं योजनम् । इति देशमानं व्याख्यातम् ।

कालमानमत ऊर्ध्वम् । त्रुटो लवो निमेषः काष्ठा कला नाडिका मुहूर्तः पूर्वापरभागौ दिवसो रात्रिः पक्षो मासः ऋतुरयनं संवत्सरो युगमिति कालाः । निमेषचतुर्भागस्त्रुटः । द्वौ त्रुटो लवः । द्वौ लवौ निमेषः । पंच निमेषाः काष्ठाः । त्रिंशत् काष्ठाः कला । चत्वारिंशत्कलाः नाडिका । सुवर्णमाषकाश्चत्वारश्चतुरंगुलायामाः कुम्भच्छिद्रमाढकमम्भसो वा नाडिका । द्विनाडिको मुहूर्तः । पंचदशमुहूर्तो दिवसो रात्रिश्च चैत्रे मास्याश्वयुजे मासि च भवतः । ततः परं त्रिभिर्मुहूर्तैरन्यतरः षण्मासे वर्धते ह्रसते चेति ।

छायायामष्टपौरुष्यामष्टादशभागच्छेदः, षट्पौरुष्यां चतुर्दशभागः, चतुष्पौरुष्यामष्टभागः, द्विपौरुष्यां षड्भागः, पौरुष्यां चतुर्भागः, अष्टांगुलायां त्रयोदश भागाः, चतुरंगुलायामष्ट भागाः, अच्छायो मध्याह्न इति । परावृत्ते दिवसे शेषमेवं विद्यात् । आषाढे मासि नष्टच्छायो

मध्याह्नो भवति । अतः परं श्रावणादीनां षण्मासानां द्व्यंगुलोत्तरा माघादीनां द्व्यङ्गुलावरा छाया इति । पंचदशाहोरात्राः पक्षः । सोमाप्यायनः शुक्लः । सोमावच्छेदनो बहुलः ।

द्विपक्षो मासः । त्रिंशदहोरात्रः प्रकर्ममासः । सार्धः सौरः । अर्धन्यूनश्चान्द्रमासः । सप्तविंशतिर्नक्षत्रमासः । द्वात्रिंशत् मलनासः । पंचत्रिंशदश्ववाहायाः । चत्वारिंशद्धस्तिवाहायाः । द्वौ मासावृतुः । श्रावणः प्रोष्ठपदश्च वर्षा । आश्वयुजः कार्तिकश्च शरत् । मार्गशीर्षः पौषश्च हेमन्तः । माघः फाल्गुनश्च शिशिरः । चैत्रो वैशाखश्च वसन्तः । ज्येष्ठामूलीय आषाढश्च ग्रीष्मः । शिशिराद्युत्तरायणम् । वर्षादि दक्षिणायनम् । द्व्ययनः संवत्सरः पंचसंवत्सरो युगमिति ।

दिवसस्य हरत्यर्कः षष्टिभागमृतौ ततः ।
करोत्येकमहश्छेदं तथैवैकं च चन्द्रमाः ॥ १ ॥
एवमर्धतृतीयानामब्दानामधिमासकम् ।
ग्रीष्मे जनयतः पूर्वं पंचाब्दान्ते च पश्चिमम् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
देशकालमानं नाम विंशोऽध्यायः ॥ २० ॥

अध्याय २०

प्रकरण ३८

देश र कालको मान

देश भनेको जमीन पर्खाल खम्भा आदि र काल भनेको त्रुटि लवआदिको परिमाण मानाध्यक्ष–पौतवाध्यक्षले जान्नु पर्दछ ।

देशमान—

८ अदृश्य परमाणुको १ रथका पांग्राको कणा धूलो हुन्छ, त्यो ८ कणाको लिक्षा, ८ लिक्षाको १ यूकामध्य, ८ यूकामध्यको १ यवमध्य ८ यवमध्यको

१ अङ्गल हुन्छ, अथवा मझौला पुरुषको माझी औंलोको माझको आँख्ला बराबर १ अङ्गुल हुन्छ।

४ अङ्गुलको १ धनुर्ग्रह ८ अङ्गुलको १ धनुर्मुष्टि, १२ अङ्गुलको १ वितान्ने (वित्ता) हुन्छ छाया नाप्ने किलाको नाप पनि वितस्ति हो १४ अङ्गुलको १ शल त्यसैलाई परिरय, पद पनि भन्दछन् २ वितस्ति (२४ अङ्गुलको) अरत्नि हुन्छ त्यसैलाई प्राजापत्य–विश्वकर्माले मानेको हस्त (हात) भन्दछन्।

प्राजापत्य हस्तमा धनुर्ग्रह थपेर २८ अङ्गुलको पौतव (काष्ठतुला) र विवीत (गौचर जमीन) नाप्ने हात हुन्छ। धनुर्मुष्टि (८ अंगुल) थपेर प्राजापत्य हात ३२ अंगुलको किष्कु वा कंस हुन्छ।

४२ अङ्गुलको हात, तक्षा–(काठ कर्मीको) काममा यही करौति चलाउने किष्कु, छाउनी, किल्ला, सरकारी काममा लिइने हुन्छ। द्रव्यवनको नापमा लिइने हात ५४ अङ्गुलको हुन्छ।

८४ अङ्गुलको हातलाई व्याम (बाँहा) भन्दछन्। त्यसैलाई नाप्ने रज्जु–(डोरी) को नाप र खातपौरुष खाडलको गहिराइ नाप्ने पुरुषा पनि भन्दछन्। ४ अरत्नि (९६ अंगुलको) १ दण्ड, १ धनु, १ नाडिका, १ पौरुष पनि भन्दछन्, १०८ अङ्गुलको गार्हपत्य–(विश्वकर्मा सम्बन्धी) धनु हुन्छ, यसैले बाटो पर्खाल नापिन्छ। चयनयज्ञको पौरुषमान पनि यही हुन्छ।

६ कंस अर्थात् २४ अङ्गुलको प्राजापत्य हात ८ को १ दण्ड हुन्छ। ब्राह्मणलाई दिने र अतिथिको सत्कारमा दिने भूमिको नापमा पनि यही दण्डको व्यवहार हुन्छ।

१० दण्ड (४० हात) को १ रज्जु, २ रज्जु (८० हात) को १० दण्ड (४० हात) को १ रज्जु, २ रज्जु (८० हात) को १ परिदेश ३ रज्जु १२० हात लमाइ चौडाई पनि भएको भूमिलाई १ निवर्तन हुन्छ। एकापट्टि ८ हात बढी भएको अर्थात् ३२ दण्ड (१२८ हात लामो, ३० दण्ड–(१२० हात) चौडाइ भएको भूमिलाई बाहु, २००० धनु– ४००० हात) परिमाण भएकोलाई गोरुत–गोक्रोश, ४ गोरुत (१६०००) हात परिमाण भएको १ योजन भन्छन्।

[1]प्रदेश–(भूमि) को मान यही हो।

---

1. आधुनिक परिस्थितिमा प्रदेश प्रदेशको जमीनको नाप विभिन्न भएझैं यस-प्रकरणको समयमा पनि भूमि आदिको नाप परिमाण विभिन्न थरी भएको बुझिन्छ।

अब कालको मान बताइन्छ—

तुट, (चुटकी) लव, निमेष, काष्ठा, कला, नाडिका, मुहूर्त, पूर्वभाग, अपरभाग, दिन, रात, पक्ष, महिना, ऋतु, अयन, संवत्सर, युग, यी कालका भेद हुन्।

१ निमेषको चतुर्थांश तुट, २ तुटको लव, २ लवको निमेष, ५ निमेषको काष्ठा, ३० काष्ठाको कला, ४० कलाको नाडिका (१ घडी) हुन्छ।

४ माषा सुनको ४ अङ्गुल लामो शलाका (सुइरो) ले प्वाल छेदेको घडाबाट १ आढक पानी जति वेरमा चुही शक्छ त्यति समय नाडिका हुन्छ।

२ नाडिका (घडी) को १ मुहूर्त, १५ मुहूर्तको दिन, त्यतिनै रात, चैत्र र आश्विन महिना (विषुव) मा हुन्छ। त्यस पछि ६।६ महिना सम्म दिन वा रात ३।३ मुहुर्त घट्ने बढ्ने हुन्छ। रात घटेमा दिन बढ्ने, दिन घटेमा रात बढ्ने हुन्छ।

छायाबाट कालको मान यस्तो हुन्छ—शङ्कु (१२ अङ्गुल लामो कीला) को छाया आठपुरुषा अर्थात् ९६ अङ्गुलभएको देखिएमा दिनको १८ रौं भाग अर्थात् ३० घडी मध्ये पौने २ घडी वितेको सवा २८ घडी बाकी भएको बुझ्नू। छ पुरुषा अर्थात् ७२ अङ्गुल भएको छाया देखिएमा चौधौं भाग वितेको १३ भाग बाँकि, चारपुरुषा अर्थात् ४८ अङ्गुल भएको छाया देखिएमा आठौं भाग वितेको ७ भाग बाँकि, दुइ पुरुषा अर्थात् २४ अङ्गुल भयेको छाया देखिएमा छैठौं भाग वितेको ५ भाग बाँकी, अर्थात् ५ घटि बितेको २५ घडी बाँको भएको बुझ्नू। एक पुरुषा अर्थात् १२ अङ्गुलको छाया देखिएमा चौथाई भाग–अर्थात् १ प्रहर वितेको तीन प्रहर बाँकीभएको, ८ अङ्गुलको छाया देखिएमा तीन दशांश अर्थात् ९ घडी-वितेको २१ घडी बाकि भएको, ४ अङ्गुलको छाया देखिएमा तीन अष्टमांश अर्थात् आठभागमा तीन भाग वितेको ५ भाग बाकी भएको बुझ्नू। शङ्कुभित्रै छाया पसेर नदेखिने भएमा मध्याह्न भएको बुझ्न्। मध्याह्न भन्दा परको दिनको भागमा पनि पूर्वभागमा झैं छाया अनुसार बितेकोलाई बाँकि, बाकिलाई बितेको, अर्थात् ४ अङ्गुलको छाया देखिएमा ८ भागमा ५ भाग वितेको तीन भाग बाँकी, ८ अङ्गुलको छाया देखिएमा २१ घडी वितेको ९ घड़ी बाकी, १२ अङ्गुल छाया देखिएमा तीन प्रहर वितेको १ प्रहर बाँकि, २४ अङ्गुलको छाया देखिएमा २५ घडी वितेको ५ घडी बाँकि, ४८ अङ्गुलको छाया देखिएमा आठ भागमा ७ भाग वितेको १ भाग बाँकि, ९६ अङ्गुलको छाया देखिएमा ३० घडीमध्ये सवा २७ घडी वितेको पौने २ घडी बाकि भएको बुझ्नू।

आषाढ महिनाको अन्तमा मध्यान्हमा छाया हराउँछ। त्यस पछि श्रावणदेखि पौष सम्म २।२। अङ्गुल छाया बढेर श्रावणको अन्तमा २ अङ्गुल भाद्रको अन्तमा ४ अङ्गुल, आश्विनको अन्तमा ६ अङ्गुण, कार्तिकको अन्तमा ८ अङ्गुल, मार्गको अन्तमा १० अङ्गुल, पौषको अन्तमा १२ अङ्गुल छाया हुन्छ त्यसपछि माघदेखि आषाढ सम्म २।२। अङ्गुल छाया घटेर माघको अन्तमा १० अङ्गुल, फाल्गुनको अन्तमा ८ अङ्गुल, चैत्रको अन्तमा ६ अङ्गुल वैशाखको अन्तमा ४ अङ्गुल, ज्येष्ठको अन्तमा २ अङ्गुल छाया, आषाढको अन्तमा किलाभित्रै पसेर नदेखिने हुन्छ।

१५ दिन—रातको १ पक्ष हुन्छ—चन्द्रमाको कला दिन पर दिन बढ्दै जाने शुक्लपक्ष, घट्तै आउने कृष्ण पक्ष हुन्छ।

शुक्ल र कृष्ण दुइ पक्षको १ महिना हुन्छ। ३० अहोरात्रको १ प्रकर्मसास—(कामदारहरूलाई वेतन दिने—दिनगिन्तिको महिना) हुन्छ साढे तीस अहोरात्रको सौरमास—(सूर्य संक्रान्ति अनुसारको महिना), साढे उनतीस मासको चान्द्रमास—(चन्द्रमाको कला घट बढ अनुसारको महिना) हुन्छ। २७ अहोरात्रको नाक्षत्रमास (नक्षत्र अनुसारको महिना) ३२ अहोरात्रको १ मलमास हुन्छ। घोडा हाक्ने काम गर्नेको वेतन पाक्ने महिना ३५ अहोरात्रको, हात्ती हाक्ने आदि काम गर्नेको वेतन पाक्ने महिना ४० अहोरात्रको हुन्छ।

दुई महिनाको १ ऋतु हुन्छ। श्रावण र भाद्र वर्षा ऋतु, आश्विन र कार्तिक शरद्ऋतु, मार्ग र पौष हेमन्त ऋतु माघ र फाल्गुन शिशिर ऋतु चैत्र र वैशाख वसन्त ऋतु ज्येष्ठ र आषाढ ग्रीष्म ऋतु हुन्छ।

शिशिर वसन्त ग्रीष्म यी तीन ऋतु उत्तरायण, वर्षा, शरद् हेमन्त यी तीन ऋतु दक्षिणायन हुन्छ।

उत्तरायण दक्षिणायन दुवै मिलाएर १ संवत्सर-(वर्ष) हुन्छ। ५ संवत्सरको १ व्यावहारिक युग हुन्छ।

सूर्यले प्रतिदिन दिनको साठी भागको १ भाग कट्टी गरेर १ ऋतु (६० दिन)मा बढाउदा अढाई वर्षमा १५ दिन बढाउछन् त्यस्तै चन्द्रमाले प्रतिदिन दिनको ६० भागको १ भाग कम गरेर ६० दिनमा १ दिन घटाउँदा अढाई वर्षमा १५ दिन घटाउछन् यस अनुसार अढाई वर्ष अर्थात् माघ आदि ३० महिना वितेपछि ग्रीष्म ऋतुमा पहिला अधिकमास द्वितीय अषाढ,

६० महिना ५ वर्षको अन्तमा पछिल्लो अधिक मास—द्वितीय पौष[1]—सूर्य र चन्द्रमाले बनाउछन् ।

अथ एकविंशोऽध्यायः

३९ प्रकरणे—शुल्काध्यक्षः

शुल्काध्यक्षः शुल्कशालाध्वजं च प्राङ्मुखमुदङ्मुखं वा महाद्वाराभ्याशे निवेशयेत् । शुल्कादायिनश्चत्वारः पंच वा सार्थोपयातान् वणिजो लिखेयुः—'के कुतस्त्याः कियत्पण्याः क्व चाभिज्ञानमुद्रा वा कृता' इति । अमुद्राणामत्ययो देयद्विगुणः । कूटमुद्राणामष्टगुणो दण्डः । भिन्नमुद्राणामत्ययो घटिकास्थाने स्थानम् ।

राजमुद्रापरिवर्तने नामकृते सपादपणिकं वहनं दापयेत् । ध्वजमूलोपस्थितस्य प्रमाणमर्घं च वैदेहकाः पण्यस्य ब्रूयुः । एतत्प्रमाणेनार्घेण कः क्रेतेति । त्रिरुद्घोषितमर्थिभ्यो दद्यात् । क्रेतृसंघर्षे मूल्यवृद्धिः सशुल्का कोशं गच्छेत् । शुल्कभयात्पण्यप्रमाणं मूल्यं वा हीनं ब्रुवतस्तदतिरिक्तं राजा हरेत् । शुल्कमष्टगुणं वा दद्यात् । तदेव निविष्टपण्यस्य भाण्डस्य हीनप्रतिवर्णकेनार्घापकर्षणे सारभाण्डस्य फल्गुभाण्डेन प्रतिच्छादने च कुर्यात् ।

प्रतिक्रेतृभयाद्वा पण्यमूल्यादुपरि मूल्यं वर्धयतो मूल्यवृद्धिं राजा हरेत् । द्विगुणं वा शुल्कं कुर्यात् । तदेवाष्टगुणमध्यक्षस्य छादयतः । तस्माद्विक्रयः पण्यानां धृतो मितो गणितो वा कार्यः । तर्कः फल्गुभा-

---

[1] यो प्रक्रिया अनुसार ५ वर्षमा पहिलो अधिकमास अढाइ वर्षहुदा अषाढमा मानेर द्विराषाढ हुने दोस्रो अधिकमास अढाइ वर्षहुदा पौषमा मानेर द्विपौष हुने व्यवस्था बाधिएको बुझिन्छ । यस्तै व्यवस्था द्रोणकृत स्मृति ग्रन्थमा लेखिएको छ यहाँका प्राचीन लिच्छवि युगका शिलालेखमा पनि कुनै कुनैमा द्विराषाढ, द्विपौष लेख पनि यही प्रक्रिया अनुसार उत्कीर्ण भएको बुझिन्छ ।

ण्डानामानुग्राहिकाणां च । ध्वजमूलमतिक्रान्तानां चाकृतशुल्कानां शुल्कादष्टगुणो दण्डः । पथिकोत्पथिकास्तद्विद्युः ।

वैवाहिकमन्वायनमौपायनिकं यज्ञकृत्यप्रसवनैमित्तिकं देवेज्याचौलोपनयनगोदानव्रतदक्षिणादिषु क्रियाविशेषेषु भाण्डमुच्छुल्कं गच्छेत् । अन्यथावादिनः स्तेयदण्डः । कृतशुल्केनाकृतशुल्कं निर्वाहयतो द्वितीयमेकमुद्रया भित्त्वा पण्यपुटमपहरतो वैदेहकस्य तच्च तावच्च दण्डः । शुल्कस्थानाद्गोमयपलालं प्रमाणं कृत्वापहरत उत्तमः साहसदण्डः ।

शस्त्रवर्मकवचलोहरथरत्नधान्यपशूनामन्यतमानिर्वाह्यं निर्वाहयतो यथावघुषितो दण्डः पण्यनाशश्च । तेषामन्यतमस्यानयने बहिरेवोच्छुल्को विक्रयः । अन्तपालः सपादपणिकां वर्तनीं गृह्णीयात् । पण्यवहनस्य पणिकामेकखुरस्य पशूनामर्धपणिकां क्षुद्रपशूनां पादिकामंसभारस्य माषिकाम् । नष्टापहृतं च प्रतिविदध्यात् ।

वैदेश्यं सार्थं कृतसारफल्गुभाण्डविचयनमभिज्ञानं मुद्रां च दत्त्वा प्रेषयेदध्यक्षस्य । वैदेहकव्यंजनो वा सार्थप्रमाणं राज्ञः प्रेषयेत् । तेन प्रदेशेन राजा शुल्काध्यक्षस्य सार्थप्रमाणमुपदिशेत्सर्वज्ञत्वख्यापनार्थम् । ततः सार्थमध्यक्षोऽभिगम्य ब्रूयात्—'इदममुष्यामुष्य च सारभाण्डं फल्गुभाण्डं च न निगूहितव्यं एष राज्ञः प्रभावः' इति । निगूहितफल्गुभाण्डं शुल्काष्टगुणो दण्डः । सारभाण्डं सर्वापहारः ।

राष्ट्रपीडाकरं भाण्डमुच्छिन्द्यादफलं च यत् ।
महोपकारमुच्छुल्कं कुर्याद्बीजं तु दुर्लभम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
शुल्काध्यक्षोनाम एकविंशोऽध्यायः ॥ २१ ॥

अध्याय २१

प्रकरण ३९

(क) शुल्काध्यक्षको काम

(सरकारलाई दिनुपर्ने चुङ्गी महसूल आदिलाई शुल्क, शुल्क विभागको अध्यक्ष अधिकारीलाई शुल्काध्यक्ष भन्दछन्) शुल्काध्यक्षले शुल्कशाला (भन्सार लिने घर) नगरको मुख्य ढोकाको नजिकैमा पूर्व वा उत्तर मुहुडा गरी बनाउन लाउनू। यसमा टाढैबाट चिह्निने गरी चिह्न पनि राख्नू।

शुल्क लिने काममा नियुक्त भएका ४।५ जनाले मालहरू लिएर आएका व्यापारी बनियाहरूलाई—को ह्वौ, कहाँ बस्ने ह्वौ, पण्य (बिक्री गरिने वस्तु) के कति छ, अन्तपाल-(सीमाको चौकीदार) ले दिएको परिचयको छाप निस्सा कहाँ लिएकाछौ भनि सोधपुछ गरेर बही पुस्तकमा लेख्ने गर्नू।

छापको निस्सा नभएका व्यापारीलाई अन्तपालको चौकीमा तिर्नु पर्ने बर्तनी (चुङ्गी) को दोब्बर दण्ड गर्नू। कपटी छापको निस्सा देखाउनेलाई तिर्नु पर्ने शुल्कको आठगुना दण्ड गर्नू।

छापको निस्सा लिएर पनि छाप बिग्रेको हरायेको भए त्यस्तालाई सबैले देखिने ठाउमा तीन घड़ी सम्म रोक्नू। सरकारी छापको निस्सा सट्टा पट्टा पारेमा र एक वस्तुलाई अर्को वस्तुको नाम गरी फरक पारेमा पनि प्रत्येक वहन-(बोझा)मा सवा पण तिराउनू। शुल्कशालाको झण्डा मनि मैदानमा बिक्री हुने वस्तु राखी व्यापारीहरूले त्यसको परिमाण र मोल बनाएर यो माल यो परिमाण-(नाप तौल)को छ यो भाउमा को किन्दछ भनि तीनपल्ट कराएर किन्न चाहनेलाई दिनू. किन्न चाहने धेरै भई परस्पर हानाहान भएमा मोल चढ्दछ। सो बढेको मोल र शुल्क समेत सरकारी कोशमा दाखिल हुन्छ। व्यापारीहरूले आफूले तोके जति मात्र मोल पाउछन्।

शुल्क धेरै पर्दछ भन्ने डरले मालको परिमाण र मोल घटाएर भनेमा त्यो भन्दा बढी आएको मोल सरकारमा लाग्दछ। शुल्क पनि आठगुना बढी तिर्नु पर्दछ।

माल भरेको भाँडाको कम किसिमको नमूना देखाएर मोल घटाएर र असल माल भित्रपट्टि पारेर नअसल मालले ढाकेर राखेमा पनि शुल्कको आठगुना दण्ड गर्नू।

अर्कोले किन्लाभन्ने भयले मालको मोल मनासिव भन्दा बढी गराई किन्नेले शुल्क दोवर तिर्नुपर्दछ । बढाएको मोल पनि सरकार लाग्दछ ।

व्यापारीहरूले गरेको अपराधलाई आफ्नो स्वार्थका खातिर ढाकछोप गर्ने सरकारबाट नियुक्त अध्यक्षलाई व्यापारीलाई हुने दण्डको आठगुना दण्डगर्नू ।

यसकारण बिक्रीहुने मालको नाप, तौल, गोटा, गिन्ती, यथार्थ गर्नुपर्दछ. कोइला आदि तल्लाखालका वस्तु र आनुग्रहिक अर्थात् भन्सार छूट कम आदिहुने वस्तुको मात्र पनि यति होला भनि अन्दाज गर्नू ।

शुल्क नतिरीकन शुल्कशाला नाघेर गएकालाई शुल्कको आठगुना दण्ड गर्नृ. त्यस्ता शुल्क नतिरेर माल लैजानेलाई बाटो कुबाटो (चोरबाटो) हिडने गुप्तचरहरूले पत्ता लाउनुपर्दछ । वैवाहिक-(विवाह निमित्तको) अन्वायन -(विवाह भएकी दुलही पतिको घरमा जाँदा माइतबाट लगेको कोसेली) औपायनिक ·(अन्न सदावर्तहरूका निमित्त उपहार दिएको वस्तु) यज्ञ याग सुत्केरी आदि निमित्तको, नित्य नैमित्तिक देवताको पूजा उत्सव चूडा उपनयन आदि संस्कार दान पुन्य धर्म कार्य आदि निमित्त लगिने वस्तुहरू शुल्क नलिईकन छोडिदिनू ।

वैवाहिक आदि हो भनि झुट्टा भन्ने व्यापारीलाई चोरीको दण्ड गर्नू । शुल्क तिरेको मालको साथमा शुल्क नतिरेको माल निकासेर लैजाने, यौटा बाकसको छाप देखाएर अर्को त्यस्तै बाकस आदि लैजाने शुल्क तिरेको बाकस फोरेर त्यसभित्र शुल्क नतिरेको वस्तु हालेर लैजाने पनि व्यापारीलाई सो लुकाएको माल लिई त्यसको मोल बराबर दण्ड पनि गर्नू ।

गोबर पराल आदि तुच्छ वस्तु देखाएर त्यसले छोपी असल माल शुल्क तिर्ने ठाउँबाट उम्काई लैजानेलाई उत्तम साहस (१०००) दण्ड गर्नू ।

शस्त्र ढाक्के कवच लोह रथ रत्न धान्य पशुहरूमा कुनै वन्द गरिएको वस्तु ल्याउने गर्नेलाइ घोषणा भए अनुसारको दण्ड र माल जफ्त पनि गर्नू । त्यस्तो वन्द भएको वस्तु देश किल्लाको बाहिरै विना शुल्क विक्री गर्नुपर्दछ । अन्तपाल—(राज्यका सीमानाको रक्षक) ले पण्य वस्तु भरिएको गाडाहरू प्रत्येकको सवापण, एक खुर हुने पशुको एक पण, गाई आदि पशुको आधा पण, भेडा आदि क्षुद्र पशुको चौथाई पण, काँधमा बोकिने भारीको एकमाषा पण, वर्तनी—(बाटाको रक्षा-कर) लिनू । बाटामा हराएको चोरिएको खोजिदिने, पत्ता लाउन नशके आफूले भर्ना दिने गर्नुपर्दछ ।

विदेशवाट आएका व्यापारीको सङ्घलाई असल कमसल माल यति भन्ने जाँच बुझ गरेर अन्तपालले परिचयपत्र र छापको निस्सा पनि दिएर शुल्काध्यक्षकहाँ पठाइदिनू ।

व्यापारीको रूप लिएको गुप्तचरले व्यापारीहरूले यति गाडा वा भारी विक्रीका वस्तु ल्याएका छन् भन्ने गुप्त जाहेरी राजाकहाँ पठाउनू। त्यही आधारमा राजाले आफू सबै थाहा पाउने भन्ने कुरा प्रसिद्ध गर्न यति व्यापारी यति माल लिएर आएका छन् भनि शुल्काध्यक्ष जनाउ पठाउनू। अनि शुल्काध्यक्षले व्यापारी वर्गलाई सामुन्नेमा यस यसको यो यो यति सार वस्तु यति तुच्छ वस्तु भन्ने थाहा भइसकेको छ लुकाउन छिपाउन हुदैन, राजाको यस्तो प्रभाव छ, भनि भन्नू ।

तुच्छ वस्तु दबाउनेलाई शुल्कको आठ गुना दण्ड गर्नू। सार—(असलवस्तु) दबाउनेलाई सो सार वस्तु जम्मै जफत गर्नू ।

राष्ट्रलाई पीडा बाधा दिने विष मद्यहरूको विक्री विलकूल रोक्नू। थोरै फायदा हुने तुच्छवस्तुहरू देशान्तरबाट आउन नदिनू। राष्ट्रलाई ठूलो भलो गर्ने, आफ्नो देशमा दुर्लभ वस्तु, वीउ औषधिहरू आदिमा शुल्क माफी गरिदिनू ।

अथ द्वाविंशोऽध्यायः

४० प्रकरणे—शुल्कव्यवहारः

शुल्कव्यवहारो बाह्यमाभ्यन्तरं चातिथ्यम् । निष्क्राम्यं प्रवेश्यं च शुल्कम् । प्रवेश्यानां मूल्यपंचभागः । पुष्पफलशाकमूलकन्दवल्लिक्यबीजशुष्कमत्स्यमांसानां षड्भागं गृह्णीयात् । शंखवज्रमणिमुक्ताप्रवालहाराणां तज्ज्ञातपुरुषैः कारयेत् । कृतकर्मप्रमाणकालवेतनफलनिष्पत्तिभिः ।

क्षौमदुकूलक्रिमितानकंकटहरितालमनःशिलाहिंगुलुकलोहवर्णधातूनां चन्दनागुरुकटुककिण्ववराणां सुरादन्ताजिनक्षौमदुकूलनिकरास्तरणप्रावरणक्रिमिजातानामजैडकस्य च दशभागः पंचदशभागो वा । वस्त्रचतु-

ष्पदद्विपदसूत्रकार्पासगन्धभैषज्यकाष्ठवेणुवल्कलचर्ममृद्भाण्डानां धान्यस्नेहक्षारलवणमद्यपक्वान्नादीनां च विंशतिभागः पंचविंशतिभागो वा ।

द्वारादेयं शुल्कपंचभागं अनुग्राहिकं वा यथादेशोपकारं स्थापयेत् । जातिभूमिषु च पण्यानामविक्रयः । खनिभ्यो धातुपण्यादानेषु षट्शतमत्ययः । पुष्पफलवाटेभ्यः पुष्पफलादाने चतुष्पञ्चाशत्पणो दण्डः । षण्डेभ्यः शाकमूलकन्दादाने पादोनं द्विपंचाशत्पणः । क्षेत्रेभ्यः सर्वसस्यादाने त्रिपंचाशत्पणः । पणोऽध्यर्धपणश्च सीतात्ययः ।

अतो नवपुराणानां देशजातिचरित्रतः ।
पण्यानां स्थापयेच्छुल्कमत्ययं चापकारतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
शुल्कव्यवहारो नाम द्वाविंशोऽध्यायः ॥ २२ ॥

अध्याय २२

प्रकरण ३९

(ख) शुल्कलिने काम

शुल्क व्यवहार यस्तो पण्यको यति शुल्क भन्ने व्यवस्था शुल्काध्यक्षलाई उपयोगी हुनाले यसै प्रसङ्गमा भनिन्छ ।

शुल्क तीन किसिमको हुन्छ—

१. वाह्य—मूल ठाउदेखि बाहिर आफ्नै देशमा उत्पन्न वस्तु सम्बन्धी ।
२. आभ्यन्तर—किल्ला नगर आदि भित्री प्रदेशमा उत्पन्न वस्तु सम्बन्धी ।
३. आतिथ्य—विदेशबाट अतिथिमै भएर आउने वस्तु सम्बन्धी ।

यी तीनै किसिमका वस्तुको निष्काश्य (निकासी महसूल) र प्रावेश्य (पैठारी महसूल) यी दुइ थरी हुन्छन् ।

विदेशबाट स्वदेशमा र स्वदेशै भित्र पनि बाहिर जनपद्बाट नगर आदि भित्री प्रदेशमा पैठारी गरिने विक्रीका मालको मोलको पञ्चमांश (सयकडा २०) शुल्कलाग्ने सामान्य नियम छ ।

फूल—कुसुम आदि, फल—कटहर आदि, शाक—वेथे आदि, मूल—मूला आदि, कन्द—ओल आदि, वल्लिका—लहरामा हुने कुभिण्डो आदि, वीज—(धान) आदि, शुकेका माछा मासु, यिनको ६ भागको १ भाग शुल्क लिनू ।

शङ्ख, हीरा, मणि, मोती, मूगा, हारहरूको सो विषयका गरेको काम परिमाण समय वेतन तयारीको अनुभव भएका जान्ने पुरुषहरूद्वारा मोल गराई शुल्कलिने व्यवस्था गर्नू ।

क्षौम—(मोटा पट्ट वस्त्र), दुकूल—(मिहीन रेशमी), क्रिमितान—चिनियाँ पट्ट वस्त्र, कङ्कट—(धागै धागो जेलिएको), हरिताल, मनःशिला, हिङ्गुल, लोह, रङ्गीन धातु श्रीखण्ड, अगुरु—(धूपी), कटुक —(पिपला आदि), किण्व—(मद्यको बीउ), मद्य, हात्तीदाँत, मृगचर्म, पट्टवस्त्र रेशमीवस्त्र बनाउने सूतका मुठा, बिछाउने, ओढने, रेशमी वस्त्र, भेडा वाख्राहरूको दशांश वा पञ्चदशांश (मोलको सयकड़ा १०।वा १५) शुल्क हुन्छ ।

सामान्य वस्त्र, चौपाया, दोपाया, सूत, कपास, सुगन्ध, औषध, काठ, बाँस, बोक्रा, छाला, माटाको भाँडाहरूको र धान्य, स्नेह, क्षार, नून, पक्वान्नहरूको पनि सयकडा २०। वा २५ शुल्क हुन्छ ।

शहरको ढोका भित्र पस्ता द्वारको अध्यक्षले लिने चुङ्गी शुल्कको पञ्चमांश हुन्छ। देशलाइ उपकार हुने गरी राजाले अनुग्रह गरी गरेको व्यवस्था अनुसार पनि तजवीज गर्नू ।

जुन पण्यवस्तु जहा तयार हुन्छ त्यही विक्रीहुने नगराउनू ।

खानिबाटै धातु वा धातुका माल बिक्री गराई दिने लिनेलाई ६०० दण्ड गर्नू, फूल फलको बगैचा वारी बाटै फूल फल बिक्री गरी दिने लिनेलाई ५४ पण दण्ड गर्नू। शागवारी बाटै शाग मूल कन्दहरू बिक्री गरी दिने लिने लाई पौने ५२ पण दण्ड गर्नू। खेतबाटै सबै किसिमका अनाज बिक्री गरी दिने लिनेलाई ५३ पण दण्ड र त्यसमाथि अन्न नोकसानी बापत् किन्नेलाई १ पण, बेच्नेलाई आधा पण दण्ड पनि गर्नू ।

माथि लेखिएका कुरा बाहेक नया पुरानो वस्तु, देशाचार, जातिको आचार, सबै हेरेर शुल्क लिने र त्यसबाट देश र जनलाई भएको बिगार विचार गरेर दण्डगर्ने व्यवस्था गर्नुपर्दछ ।

अथ त्रयोविंशोऽध्याय

४० प्रकरणे—सूत्राध्यक्षः

सूत्राध्यक्षः सूत्रवर्मवस्त्ररज्जुव्यवहारं तज्जातपुरुषैः कारयेत् । ऊर्णावल्ककार्पासतूलशणक्षौमाणि च विधवान्यङ्गाकन्याप्रव्रजितादण्डाप्रतिकारिभीणी रूपाजीवामातृकाभिर्वृद्धराजदासीभिर्व्युपरतोपस्थानदेवदासीभिश्च कर्तयेत् ।

श्लक्ष्णस्थूलमध्यतां च सूत्रस्य विदित्वा वेतनं कल्पयेत् । बह्वल्पतां च । सूत्रप्रमाणं ज्ञात्वा तैलामलकोद्वर्तनैरेता अनुगृह्णीयात् । तिथिषु प्रतिपादनमानैश्च कर्म कारयितव्याः । सूत्रह्रासे वेतनह्रासो द्रव्यसारात् ।

कृतकर्मप्रमाणकालवेतनफलनिष्पत्तिभिः कारुभिश्च कर्म कारयेत्, प्रतिसंसर्ग च गच्छेत् । क्षौमदुकूलक्रिमितानराङ्कवकार्पाससूत्रवानकर्मान्तांश्च प्रयुंजानो गन्धमाल्यदानैरन्यैश्चौपग्राहिकैराराधयेत् । वस्त्रास्तरणप्रावरणविकल्पानुत्थापयेत् । कंकटकर्मान्तांश्च तज्जातकारुशिल्पिभिः कारयेत् । याश्चानिष्कासिन्यः प्रोषितविधवा न्यङ्गाः कन्यका वाऽऽत्मानं बिभृयुस्ताः स्वदासीभिरनुसार्य सोपग्रहं कर्म कारयितव्याः ।

स्वयमागच्छन्तीनां वा सूत्रशालां प्रत्युषसि भाण्डवेतनविनिमयं कारयेत् । सूत्रपरीक्षार्थमात्रः प्रदीपः । स्त्रिया मुखसन्दर्शनेऽन्यकार्यसंभाषायां वा पूर्वः साहसदण्डः । वेतनकालातिपातने मध्यमः । अकृतकर्मवेतनप्रदाने च । गृहीत्वा वेतनं कर्माकुर्वत्या अंगुष्ठसन्दंशं दापयेत् । भक्षितापहृतावस्कन्दितानां च । वेतनेषु च कर्मकराणामपराधतो दण्डः । रज्जुवर्तकैश्चर्मकारैश्च स्वयं संसृज्येत । भाण्डानि च वरत्रादीनि वर्तयेत् ।

सूत्रवल्कमयी रज्जूर्वरत्रा वेत्रवैणवीः ।
सान्नाह्या बन्धनीयाश्च यानयुग्यस्य कारयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
सूत्राध्यक्षो नाम त्रयीविंशोऽध्यायः ॥ २३ ॥

अध्याय २३

प्रकरण ४०

सूत विभागका अध्यक्षको काम

कपास ऊन आदिको सूत—(धागो) सूत्र, त्यो कात्ने बुन्ने आदि काम गराउने मुख्य अधिकारी पुरुष सूत्राध्यक्ष भनिन्छन्। सो सूत्राध्यक्षले त्यो विषयका काम गर्ने खान्दानका सिपालु कालीगडहरूद्वारा धागो कवच वस्त्र डोरीहरू तयार गर्ने काम गराउनू।

ऊन, वोक्रा, कपास, भुवा, सन, पाटहरूबाट विधवा, अङ्ग भङ्गभई अरु काम गर्न नशक्ने स्त्री, कन्या, जोगिनी, दण्डको सट्टा काम गर्ने स्त्री जाति, वेश्याका धाई आमा, बूढी भएका राजाका सुसारे, मन्दिरको काम गर्न नशक्ने भएका देवदासी (देवतार्पण गरिएका दासी) टहलवीहरू द्वारा धागो कात्न लाउनू।

कातेको धागो मसिनो मोटो मझौला जस्तो हुन्छ सो अनुसारको, प्रतिसमयमा धेरै थोरै कात्ने पनि विचार गरेर वेतन (ज्याला) तजवीज गर्नू।

मिहीन राम्रो धेरै कात्नेलाई तेल अमला बुकुवा आदि दिने कृपा गरेर खुसी गराउनू। अरुलाई पनि उत्साह बढाइदिनू।

यति दिनमा यति सूत कात्नु पर्दछ भन्ने व्यवस्था बाँधेर काम गराउनु पर्दछ। कातेको धागो थोरै भएमा वेतन पनि कम दिनु पर्दछ।

गरेको कामको नाप तौल समय ज्याला तयारी मालहरूको विचार गरेर कालीगडहरू द्वारा बुन्ने आदि काम पनि गराउनू। तिनीहरूको छल कपट आदि पनि बुझ्ने गरी तिनीहरूसँग सम्बन्ध पनि बढाउनु पर्दछ।

टसर, पाट, रेशम, ऊन, कपासको धागो कात्ने बुन्ने कारखाना पनि चलाउनू। असल काम गर्ने लाई सुगन्ध माल्य आदि पारितोषिक इनामहरू दिएर खुसीपार्ने गर्नू। ती कालीगडहरूबाट किसिम किसिमका वस्त्र, बिछाउने, ओढ्ने, आदि तयार गराउनू। कङ्कट-धागाको जाली बनाउने काम पनि त्योजान्ने सिपालु कालीगडहरूद्वारा गराउनू।

बाहिर ननिस्कने, पति परदेश गएका, विधवा, जिउ साबुत नभएका, अविवाहित कन्याहरू, काम गरेर आफ्नो जीविका चलाउन चाहनेलाई नोकर्नीहरू द्वारा माल सामानहरू पठाइ दिएर माया दया गरी आदर साथ सूत कात्ने काम गराउनू।

कारखानामा आफै आउने स्त्रीहरूलाई पनि बेहान उज्यालो नहुँदैमा तिनले तयार गरेको माल लिएर वेतन दिने काम गर्नू । त्यो ठाउँमा त्यसवेला धागो मोटो मसिनो आदि जाँच गर्न संसलाई हुने गरी बत्ती बाली दिनू । त्यस समयमा स्त्रीजातिको कसैले मुख हेर्‍यो वा काम सम्बन्धी बाहेक अरु नचाहिंदो कुरा गर्न लाग्यो भने पूर्वसाहस २५० दण्ड गर्नू । तिनलाई काम गराउने अधिकारीहरूले वेतनहरू नदिएर अलमल्याइराखेमा र स्वार्थको निमित्त काम नगरीकन वेतन दिएमा पनि मध्यम साहस (५००) दण्ड गर्नू ।

वेतन लिएर पनि काम नगर्ने स्त्री जातिलाई र खाएर चोरेर भाग्नेहरूलाई पनि अङ्गुष्ठ संदंश (दाहिने हातको माझि औंला र बूढी औंला काटि दिने सजाय) गर्नू , किंवा कामगर्नेहरूको अपराध अनुसार वेतन कटाउने दण्ड पनि गर्नू ।

रज्जु वर्तक-(डोरी बाट्ने) छालाको काम गर्नेहरूसँग पनि सूत्राध्यक्षले सम्बन्ध राखेर कोर्रा दाम्लो आदि पनि बाट्न लाउनू । धागाको पाटको पनि डोरी, वेतको बासको पनि कोर्रा फौजी तयारीको निमित्त सवारी गाड़ाका घोडा बयल आदिलाई बाध्ने डोरीहरू पनि बनाउन लाउनू ।

अथ चतुर्विंशोऽध्यायः

४१ प्रकरणे—सीताध्यक्षः

सीताध्यक्षः कृषितन्त्रशुल्ववृक्षायुर्वेदज्ञस्तज्ज्ञसखो वा सर्वधान्यपुष्पफलशाककन्दमूलवाल्लिक्यक्षौमकार्पासबीजानि यथाकालं गृह्णीयात् । बहुहलपरिकृष्टायां स्वभूमौ दासकर्मकरदण्डप्रतिकर्मकरदण्डप्रतिकर्तृभिर्वापयेत् । कर्षणयंत्रोपकरणबलीवर्दैश्चैषामसंगं कारयेत् । कारुभिश्च कर्मारकुट्टाकमेदकरज्जुवर्तकसर्पग्राहादिभिश्च । तेषां कर्मफलविनिपातेन तत्फलहानं दण्डः ।

षोडशद्रोणं जांगलानां वर्षप्रमाणमध्यर्धमानूपानां देशवापानामर्धत्रयोदशाश्मकानां त्रयोविंशतिरवन्तीनाममितमपरान्तानां हैमन्यानां

च कुल्या वापानां च कालतः । वर्षत्रिभागः पूर्वपश्चिममासयोः, द्वौ त्रिभागौ मध्यमयोः सुषमानुरूपम् । तस्योपलब्धिर्बृहस्पतेः स्थानगमनगर्भाधानेभ्यः शुक्रोदयास्तमयचारेभ्यः सूर्यस्य प्रकृतिवैकृताच्च ।

सूर्याद्बीजसिद्धिः । बृहस्पतेः सस्यानां स्तम्भकारिता । शुक्राद्वृष्टिरिति ।

त्रयः सप्ताहिका मेघा अशीतिः कणशीकराः ।
षष्टिरातपमेघानामेषा वृष्टिः समाहिता ॥ १ ॥
वातमातपयोगं च विभजन् यत्र वर्षति ।
त्रीन् कर्षकांश्च जनयंस्तत्र सस्यागमो ध्रुवः ॥ २ ॥

ततः प्रभूतोदकमल्पोदकं वा सस्यं वापयेत् । शालिव्रीहिकोद्रवतिलप्रियङ्गुदारकवरकाः पूर्ववापाः । मुद्गमाषशैम्ब्या मध्यवापाः । कुसुम्भमसूरकुलुत्थयवगोधूमकलायातसीसर्षपाः पश्चाद्वापाः । यथर्तुवशेन वा बीजवापाः । वापातिरिक्तमर्धसीतिकाः कुर्युः । स्ववीर्योपजीविनो वा चतुर्थपंचभागिकाः । यथेष्टमनवसितभागं दद्युरन्यत्र कृच्छ्रेभ्यः । स्वसेतुभ्यो हस्तप्रावर्तिममुदकभागं पंचमं दद्युः । स्कन्धप्रावर्तिमं चतुर्थम् । स्रोतोयंत्रप्रावर्तिमं च तृतीयम् ।

चतुर्थं नदीसरस्तटाककूपोद्घाटम् । कर्मोदकप्रमाणेन कैदारं हैमनं ग्रैष्मिकं वा सस्यं स्थापयेत् । शाल्यादि ज्येष्ठम् । षण्डो मध्यमः । इक्षुः प्रत्यवरः । इक्षवो हि बह्वाबाधा व्ययग्राहिणश्च । फेनाघातो वल्लीफलानाम् । परिवाहान्ताः पिप्पलीमृद्वीकेक्षूणाम् । कूपपर्यन्ताः शाकमूलानाम् । हरिणीपर्यन्ता हरीतकानाम् । पाल्यो लवानाम् । गन्धभैषज्योशीरह्रीबेरपिण्डालुकादीनाम् । यथास्वं भूमिषु च स्थल्याश्चानूप्याश्चौषधीः स्थापयेत् ।

तुषारपायनमुष्णशोषणं चासप्तरात्रादिति धान्यबीजानां, त्रिरात्रं पंचरात्रं वा कोशीधान्यानां, मधुघृतसूकरवसाभिः शकृद्युक्ताभिः काण्ड-

बीजानां छेदलेपो मधुघृतेन कन्दानाम् । अस्थिबीजानां शकृदालेपः । शाखिनां गर्तदाहो गोऽस्थिशकृद्भिः काले दौहृदं च । प्ररूढाँश्चाशुष्कमत्स्याँश्च स्नुहीक्षीरेण पाययेत् ।

कार्पाससारं निर्मोकं सर्पस्य च समाहरेत् ।
न सर्पास्तत्र तिष्ठन्ति धूमो यत्रैष तिष्ठति ॥ ३ ॥

सर्वबीजानां तु प्रथमवापे सुवर्णोदकसंप्लुतां पूर्वमुष्टिं वापयेत् । अमुं च मंत्रं ब्रूयात्—

प्रजापतये काश्यपाय देवाय नमः सदा ।
सीता मे ऋध्यतां देवी बीजेषु च धनेषु च ॥ ४ ॥

षण्डवाटगोपालदासकर्मकरेभ्यो यथापुरुषपरिवापं भक्तं कुर्यात् । सपादपणिकं मासं दद्यात् । कर्मानुरूपं कारुभ्यो भक्तवेतनम् । प्रशीर्णं पुष्पफलं देवकार्यार्थं व्रीहियवमाग्रयणार्थं श्रोत्रियास्तपस्विनश्चाहरेयुः । राशिमूलमुञ्छवृत्तयः ।

यथाकालं च सस्यादि जातं जातं प्रवेशयेत् ।
न क्षेत्रे स्थापयेत्किंचित्पलालमपि पण्डितः ॥ ५ ॥

प्रकराणां समुच्छ्रायान् वलभीर्वा तथाविधाः ।
न संहतानि कुर्वीत न तुच्छानि शिरांसि च ॥ ६ ॥

खलस्य प्रकरान् कुर्यान्मण्डलान्ते समाश्रितान् ।
अनग्निकाः सोदकाश्च खले स्युः परिकर्मिणः ॥ ७ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
सीताध्यक्षो नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥

अध्याय २४

प्रकरण ४१

खेती विभागाध्यक्षको काम

(अनाजको किसिमलाई सीता, अन्न आदिको खेतीविभागको अध्यक्ष अधिकारीलाई सीताध्यक्ष भन्दछन्) सीताध्यक्षले वृद्ध पराशर[1] आदिले बनाएको कृषिशास्त्र, भूईको नसाहरु पत्ता लाउने शुल्व शास्त्र अग्निवेश्य आदिले बनाएको वृक्ष सम्बधी आयुर्वेदहरू, आफूले जानेर किंवा त्यो जान्ने विज्ञहरू साथमा लिएर सबै किसिमका अनाज फूल फल शाक कन्द मूल लहरामा हुने कुभिन्डो आदि, सन्‌पाट, कपासहरूका बीऊ बखतै जम्मा गरी राख्नु पर्दछ ।

धेरै पटक हलो लाएर जोतिएको त्यो त्यो वस्तु हुने जमीनमा दास-(गर्भदास, किनुवादास), ज्यालादार, कामदार, दण्ड सजाय भुक्तान गर्ने काम गर्नेहरूद्वारा बीऊहरू रोपाउनू ।

यी रोपारहरूको काममा हलो जूवा अरु सामान बयलहरूबाट काम नरोकिने र कर्मार-(कामी) कुट्टाक-(काठकर्मी) भेदक (खन्ने) रज्जुवर्तक-(डोरीबाट्ने), सर्पग्राह (साँप समात्ने)हरूबाट पनि काम नरोकिने गराउनू ।

कालीगडको दोषले खेतीको फलमा हानि हुन आएमा दोषीलाई फलको नोक्सानी भएजति दण्ड गर्नू ।

वृष्टि—

१ हातभर मुख भएको वर्षा नाप्न बनाएको कुण्डमा आकाशबाट परेको पानी भरिएर १६ द्रोण भएमा जङ्गली प्रदेशको खेतीलाई, २४ द्रोण भएमा आनूप (पानी धेरै हुने) प्रदेशलाई, साढे १३ द्रोण भए अश्मक देशलाई, २३ द्रोण भए अवन्ती मालव प्रदेशलाई, असंख्य जल अपरान्त कोङ्कण प्रदेशलाई पुग्ने हुन्छ । हिमालय प्रदेश र कुलो लाग्ने जमीनमा वर्षा नभए पनि समय अनुसार अन्न हुने हुन्छ ।

---

[1] आर्य-वाङ्मयभित्र वृद्धपराशर आदिले बनाएको कृषि शास्त्र, भूमिको नसाहरू ज्ञान गराउने शुल्वशास्त्र यस्तै धातु सम्बन्धी शास्त्र, अग्निवेश्य आदिले बनाएको वृक्ष सम्बन्धी आयुर्वेद आदि व्यावहारिक विज्ञानशास्त्रहरू यो समयसम्म पनि परिचित रहेछन् भन्ने कुरा यो उक्तिबाट ज्ञात हुन्छ ।

श्रावण भाद्र आश्विन कार्तिक यो चौमासा भित्र श्रावण र कार्तिकमा तीन भागको १ भाग, भाद्र र आश्विनमा २ भाग वर्षा भयो भने त्यो वर्ष राम्रो भनिन्छ ।

बृहस्पति मेष आदि राशिमा रहनु, वृष आदि राशिमा सर्नु मार्ग आदिमा मेघको गर्भाधानबाट शुक्रको उदय अस्त चार गतिबाट सूर्यको स्वभावमा परिवर्तन भएर परिवेष—(मण्डल) लाग्नु यिनबाट राम्रो हुने नहुने कुरा जानिन्छ ।

सूर्यको स्थितिबाट वीज तयार हुनु, बृहस्पतिबाट अन्नमा गाँज हाल्नु, शुक्रबाट वृष्टि जानिने हुन्छ ।

तीन थरी मेघ सात दिने वर्षा गराउने, असी थरी मेघ बूंदवर्षाउने, घाम समेतका मेघ साठी पटक भएमा सम हित वृष्टि हुने हुन्छ हावा र घाम अलग भएर तीन पटक वृष्टि भएर खेती भएमा धान्य लाभ अवश्य हुन्छ ।

यसरी वृष्टि धेरै हुने वा थोरै हुने बुझेर धेरै पानी चाहिने र थोरै पानी भए हुने अन्न रोपाउनू ।

शालि—(मार्गमा हुने धान), व्रीहि—(षठिया धान), कोदो, तिल, कागुतु दारक, वरक यी अन्नहरू अगाडि (वर्षाको आरम्भमा) रोपिने, मुगी माष, सिमीहरू वर्षाको वीचमा रोपिने कुसुम मसुरो गहत, जौ, गहू मटर आलस, सर्स्यूँहरू पछाडि वर्षाको अन्तमा रोपिने हुन्छन् । ऋतुको अनुभव अनुसार बीउ रोपिने हुन्छ ।

रोपाइ नभएको खेत अर्धसीतिक—(अधियामा खेती गर्ने) ले कमाउनू बीउहरू जगाधनीबाट लिएर आफ्नु जिउमात्र खियाउनेहरूले ४ भागको १ भाग वा ५ भागको १ भाग खाने गरी कमाउनू । यति बुझाउने भन्ने कबोल गरेर लिएको जमीन आफूले नकमाई बाँझो राखेमा केही दैवीविपत सङ्कट परेमा बाहेक हानि भएको अन्न जमीन मालिकको इच्छानुसार कवोल गरेको तिर्नुपर्दछ ।

पानीकर—

आफैले बाँध कूवां, तलाउहरू बनाएर हातले पानी लाएर खेती गर्नेहरूले उपजाउ अन्नको ५ भागको १ भाग, काँधमा बोकेर पानीलाई खेतीगर्नेले ४ भागको १ भाग, सरकारी नहर यन्त्रहरूबाट पानीलाई खेती गर्नेले ३ भागको १ भाग अन्न, जलकरको रूपमा सरकारलाई बुझाउनू । नदी तलाउ

दह कूवा अरघट्ट—(रहट) पानी ल्याई खेती गर्नेले ४ भागको १ भाग बुझाउनू ।

खेतीलाई चाहिने पानी धेरै थोरै हुने अनुसार खेतमा रोपिने, हेमन्तमा रोपिने, ग्रीष्ममा रोपिने अनाज रोपाउने गर्नू ।

शालिधान आदि उत्तम, केराधारी आदि मध्यम, ऊखुवारी तल्लो खालको खेती हो, ऊखुमा मानिस मूसा आदि अनेक उपद्रव हुन्छन्, मेहनत र खर्च पनि बढता पर्ने हुन्छ ।

पानीको छालले हान्ने ठाउँ लहरामा फल्ने फललाई, पानीको निकास नजीकको ठाउ पिप्पला दाख, उखुलाई, कूवा इनारको वरिपरिको ठाउँ शाग मूलाहरूलाई, कुलो वरिपरिको ठाउँ हरियो शाग तर्कारीहरूलाई, खेतमा कुलो काटेर लगेको ठाउँ जटामसी आदि सुगन्धी वस्तु, लसुन आदि औषधि, खस वाला, पिण्डालु आदिको खेतीलाई उपयोगी हुन्छ । जमीन अनुसार रंगीन जमीनमा हुने पानी धेरै भएको ठाउमा हुने औषधिहरू रोपाउनू ।

धानको बीउलाई सात रातसम्म राति शीत पियाउनु, दिउसो घाममा शुकाउनु पर्दछ । कोशाहुने मुगीमाष आदिलाई तीन वा ५ रात शीत पिलाउने, घाममा शुकाउने गर्नु पर्दछ ।

काण्डबीज-(हाँगा काटेर रोपिने उखु आदि)लाई काटेको ठाउमा मह घ्यू बनेलको बोसो गोबरले लिप्नू, ओल आदि कन्दलाई मह घ्यू घस्ने, कपास आदिको बिउलाई गोबरले लिप्ने, आँप कटहर आदि वृक्ष रोप्ने ठाउमा खाडल खनेर घाँस हालेर पोल्ने गाइ गोरूको हाड गोबरको मल बखतमा हाल्ने पनि गर्नुपर्दछ । उम्रेर पात लागे पछि कीरा नलागोस् भनि ताजा साना माछा सिउढीको दूधमा हालेर छर्कनू ।

कपासको गेडाको धूलो र सर्पको काचुली मिसाएर धूप दिनू । यसको धूवां भएको ठाउमा सर्पहरू बस्तैनन् ।

सबै वीऊहरू पहिले रोप्ता खेरी पहिलो मुठ्ठी वीउ सुन पानीमा भिजाएर सेच्नू । यो मन्त्र पनि पढनू ।

"प्रजापतये काश्यपाय देवाय नमः सदा ।
सीता मे ऋध्याता देवी वीजेषु च धनेषु च ॥"

(प्रजापति काश्यप पर्जन्यदेवलाई सदा नमस्कार छ । कृषिकी अधिष्ठात्री सीता देवीले मेरो वीज र धनको वृद्धि गरून् ।)

बारी घारीका पाले गोठाला दास कामदारहरूलाई मानिसको परिश्रम अनुसार खान दिनू । महिनाको सवापण वेतन पनि दिनू ।

झरे खसेको फूल फलहरू देवताको पूजानिमित्त, धान जौहरू आग्रयण-नवान्नको यज्ञ निमित्त वैदिक र तपस्वीहरूले लैजानू खलाको धानको थुप्रोको यता उति छरिएको चाहीं उञ्छवृत्ति (गेडाटिपेर जीविका) गर्ने हरूले टिप्नू।

जुन जुन समयमा जे जे अन्न तयार हुन्छ त्यही समयमा त्यो अन्न भित्र्याउने गर्नू। बुद्धिमान्ले अलिकति पराल पनि खेतमा नराख्नू।

धानका थुप्रा चुली लाएर त्यस्तै अग्ला छाप्रा भडार-घरहरू बनाएर राख्नू। तिनलाई जोरेर नराख्नू। तिनको टाउको नछोपेर खुला पनि नराख्नू।

खलाका थुप्राहरू दाइ गर्ने ठाउको नजीकैमा राख्नू। खलाका परिकर्मी-(हेरचाह गर्ने) हरूले आगाको बचाउ गर्ने गर्नू।

दैवात् आगो लाग्न नदिन पानीको सञ्चय खलामा गरि राख्नुपर्दछ।

अथ पञ्चविंशोऽध्यायः

४२ प्रकरणे—सुराध्यक्षः

सुराध्यक्षः सुराकिण्वव्यवहारान् दुर्गे जनपदे स्कन्धावारे वा तज्जातसुराकिण्वव्यवहारिभिः कारयेदेकमुखमनेकमुखं वा विक्रयक्रयवशेन वा। षट्शतमत्ययमन्यत्र कर्तृक्रेतृविक्रेतृणां स्थापयेत्। ग्रामादनिर्णयनमसम्पातं च सुरायाः, प्रमादभयात्कर्मसु निर्दिष्टानां मर्यादातिक्रमभयादार्याणाम्, उत्साहभयाच्च तीक्ष्णानाम्। लक्षितमल्पं वा चतुर्भागमर्धकुडुवं कुडुवमर्धप्रस्थं प्रस्थं वेति ज्ञातशौचा निर्हरेयुः।

पानागारेषु वा पिबेयुरसंचारिणः। निक्षेपोपनिधिप्रयोगापहृतादीनामनिष्टोपगतानां च द्रव्याणां ज्ञानार्थमस्वामिकं कुप्यं हिरण्यं चोपलभ्य निक्षेप्तारमन्यत्र व्यपदेशेन ग्राहयेत्। अतिव्ययकर्तारमनायतिव्ययं च। न चानर्घेण कालिकां वा सुरां दद्यादन्यत्र दुष्टसुरायाः। तामन्यत्र विक्रापयेत्। दासकर्मकरेभ्यो वा वेतनं दद्यात्। वाहनप्रतिपानं सूकरपोषणं वा दद्यात्।

पानागाराण्यनेककक्ष्याणि विभक्तशयनासनवन्ति पानोद्देशानि गन्धमाल्योदकवन्ति ऋतुसुखानि कारयेत्। तत्रस्थाः प्रकृत्यौत्पत्तिकौ व्ययौ गूढा विद्युरागन्तूँश्च। क्रेतॄणां मत्तसुप्तानामलङ्काराच्छादनहिरण्यानि च विद्युः। तन्नाशे वणिजस्तच्च तावच्च दण्डं दद्युः। वणिजस्तु संवृतेषु कक्ष्याविभागेषु स्वदासीभिः पेशलरूपाभिरागन्तूनां वास्तव्यानां च आयरूपाणां मत्तसुप्तानां भावं विद्युः। मेदकप्रसन्नासवारिष्टमैरेयमधूनाम्। उदकद्रोणं तण्डुलानामर्धाढकं त्रयः प्रस्थाः किण्वस्येति मेदकयोगः। द्वादशाढकं पिष्टस्य पंचप्रस्थाः किण्वस्य पुत्रकत्वक्फलयुक्तो वा जातिसंभारः प्रसन्नायोगः।

कपित्थतुला फाणितं पंचतौलिकं प्रस्थो मधुन इत्यासवयोगः। पादिको ज्येष्ठः पादहीनः कनिष्ठः। चिकित्सकप्रमाणाः प्रत्येकशो विकाराणामरिष्टाः। मेषशृंगीत्वक्क्वाथाभिषुतो गुडप्रतीवापः पिप्पलीमरिचसम्भारास्त्रिफलायुक्तो वा मैरेयः। गुडयुक्तानां वा सर्वेषां त्रिफलासम्भारः। मृद्वीकारसो मधु। तस्य स्वदेशो व्याख्यानं कापिशायनं हारहूरकमिति। माषकलनीद्रोणमामं सिद्धं वा त्रिभागाधिकं तण्डुलं मोरटादीनां कार्षिकभागयुक्तः किण्वबन्धः।

पाठालोध्रतेजोवत्येलावालुकमधुमधुरसाप्रियंगुदारुहरिद्रामरिचपिप्पलीनां च पंचकार्षिकः संभारयोगमेदकस्य। प्रसन्नायाश्च मधुकनिर्यूहयुक्ता कटशर्करा वर्णप्रसादिनी च। चोचचित्रकविडंगगजपिप्पलीनां च पंचकार्षिकः क्रमुकमधुकमुस्तालोध्राणां द्विकार्षिकश्चासवसम्भारः दश भागश्चैषां वीजवन्धः। प्रसन्नायोगः श्वेतसुरायाः। सहकारसुरा रसोत्तरा बीजोत्तरा वा महासुरा संभारिकी वा।

तासां मोरटापलाशपत्तूरमेषशृङ्गीकरंजक्षीरवृक्षकषायभावितं दग्धकटशर्कराचूर्णं लोध्रचित्रकविडंगपाठामुस्ताकलिंगयवदारुहरिद्रेन्दीवरशतपुष्पापामार्गसप्तपर्णस्फोतकल्कार्धयुक्तमन्तर्नखो मुष्टिः कुम्भीं राजपेयां प्रसादयति। फाणितः पञ्चपलिकश्चात्र रसवृद्धिर्देयः। कुटुम्बिनः

कृत्येषु श्वेतसुरामौषधार्थं वारिष्टमन्यद्वा कर्तुं लभेरन् । उत्सवसमाजयात्रासु चतुरहः सौरिको देयः । तेष्वननुज्ञातानां दैवासिकमत्ययं गृह्णीयात् । सुराकिण्वविचयं स्त्रियो बालाश्च कुर्युः । अराजपण्याः पञ्चकं शतं शुल्कं दद्युः । सुरामेदकारिष्टमधुफलाम्लशीधूनां च ।

अह्नश्च विक्रयं ज्ञात्वा व्याजीं मानहिरण्ययोः ।
तथा वैधरणं कुर्यादुचितं चानुवर्तयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
सुराध्यक्षो नाम पंचविंशोध्यायः ॥ २५ ॥

अध्याय २५

प्रकरण ४२

सुराध्यक्षले गर्नें काम

सुरा—(मद्य) गौडी— शक्खरको, माध्वी—फलफुलको, पौष्टी—अन्नको, यस्ता तीन किसिमको हुन्छ, सो सुराको हेरचाह गर्ने विभागाध्यक्षले मद्य र किण्व—सुराको बीउ सम्बन्धी बनाउनु किन बेच गर्नुं आदि व्यवहार, किल्ला जनपद छाउनीमा त्यस विषयको व्यवहार गर्नेहरूद्वारा एक ठाउँमा वा अनेक ठाउँमा, किंवा किन बेच अनुसार गराउनू । तोकिएको ठाउँभन्दा अन्यत्र बनाउने किन्ने बेच्नेहरूलाई ६०० पण दण्ड हुने स्थिति गर्नूं । काममा खटिनेहरू बेहोस हुनन् । आर्य-भद्रजनको मर्यादा आचार बिग्रने होला, शूराहरू बेमौकामा नसाले हतियार चलाउने हुनन् भन्ने भयले मद्य र मद्यको नसा लागेकाहरू पनि गाउँबाट बाहिर नजाने, अर्काको घरमा नजाने हुलमुलमा नपर्ने व्यवस्था गर्नूं ।

चाल-चलन राम्रो पत्यार पारेकाहरूले सरकारी जाँच भई निस्सा लागेको रक्सी चौथाइ कुडव, आधा कुडव, कुडव, आधाप्रस्थ प्रस्थसम्म लैजान पाउने हुनुपर्छं ।

रक्सी पिउनेहरू यता उति घुम्ने नगरी भट्टी घरमा मात्रै पिउन् ।

केही माल बनाउन धरोट दिएको, नासो राखेको, बन्धक राखेको, चोरी गरेको, जबर्दस्ती गरी खोसेको वस्तु धनहरू पत्ता लाउन, माल धनो थाहा

नभएको जिनिस नगद राख्न ल्याउने फेला पारी भट्टीदेखि बाहिरै केही नीउ पारेर पक्राउनू । आमदानीभन्दा बढता खर्च गर्ने कोहि देखिएमा त्यस्तालाई पनि पक्राउनू ।

खराप रक्सी बाहेक अरु रक्सी थोरै मोलमा दिने, उधारो दिने पनि नगर्नू । खराप रक्सी पनि अन्यत्रै विक्री गराउनू । दास काम गर्ने मजदूर-हरूलाई वेतनको सट्टा त्यो खराप रक्सी दिए पनि हुन्छ । अथवा ऊट बयल आदिलाई पिलाउने वा सुगुरपोष्ने काममा दिनू ।

मद्यपान गर्ने भट्टीघरहरू पनि खण्ड खण्ड छुट्टिएका, बस्ने सुन्ने ठाउँ अलग अलग भएका, पीउने ठाउ पनि सुगन्ध माल्य पानीहरू भएका ऋतु ऋतुलाई चाहिने सामानहरू भएर सुविधा दिने गराउनू ।

भट्टीघरमा खटिएका, त्यहीं मिल्दा बनेका, गुप्तचरहरूले सदैका खर्चालु र उनाउ आमदानीबाट खर्च गर्नेहरूलाई र विदेशबाट आएकाहरूलाई पनि याद विचार गर्नू ।

मद्य किन्नेहरू नसा लागेर सुती रहेकाहरूको गहना लुगा नगदहरूको भट्टीवालले हिफाजत गर्नुपर्दछ । तिनको धन माल हराएमा भट्टीवाल बनियाले त्यो माल र त्यति दण्ड पनि तिर्नुपर्दछ ।

भट्टीवालहरूले छेका भएका खण्ड खण्डमा राखिदिएका सुन्दर रूप भएका आफ्नै दासीहरूद्वारा नसा लागेर सुतीरहेका परदेशी वासिन्दा भलादमी जस्ताहरू चोर बदमास वा शत्रुपक्षका मानिस हुन् कि भनि सबैको मनको भाव बुझ्ने गर्नू ।

मद्य विशेष र निर्माण—

सुरा—यति किसिमका हुन्छन्—

१. मेदक—१ द्रोण पानी आधा आढक चामल तीन प्रस्थ-किण्व-(बीउ) मिसाएर बनाएको ।

२. प्रसन्ना—१२ आढक पीठो, त्यसको आठ गुना पानी ५ प्रस्थ किण्व-(वीउ) कामरूप देशमा प्रसिद्ध पुत्रक भन्ने वृक्षको बोक्रा र फल पनि हालेको पाठा लोध्र आदि पछि भनिने वस्तु पनि मिसाएको ।

३. आसव—१०० पल कैथ फलको सार ५०० पल खुदो, १ प्रस्थ मह मिसाएर बनाएको । यो मझौलो हो, यसमा चौथाइ बढी वस्तु हालेको उत्तम, चौथाइ कम वस्तु हालेको कनिष्ठ मानिन्छ ।

४. अरिष्ट—विभिन्न रोगको विकारलाई शमन गर्ने औषधिरूप वैद्य शास्त्रमा भने बमोजीम वस्तुबाट बनेका अभयारिष्ट, अशोकारिष्ट आदि ।

५. **मैरेय**—मेषशङ्की-(भेडासिंगी) को बोक्राको काढामा गुड, त्रिफला हालेको, वा त्रिफलाको सट्टा पिपला मरीच हालेको । गुड पर्ने सबै थरीमा त्रिफला हाल्ने पक्ष पनि छ ।

६. **मधु**—पाकेको दाखको रसबाट बनेको । त्यसलाई देशको नाम-बाट-कपिशा नदीको तीरको सहरमा बनेकालाई कपिशायन, हांरहुर भन्ने सहरमा बनेकोलाई हारहूरक भनि भन्दछन् ।

किण्व—मद्यको वीउ-१ द्रोण पानीमा माषको धूलो हालेको पकाएको, वा काँचै, तृतीयांश बढो चामलको पीठो मोरटा आदि प्रत्येक १।१ कर्ष हाली बनाएको ।

(१) मेदक र (२) असन्नामा पाठा, लोध, गजपिपला, अलैंची, वालुक,-जेठीमधु, दूबो, मालकागुनु, दारुहरिद्रा, मरीच, पिपला, प्रत्येकको धूलो ५ कर्ष यति मसला हाल्नुपर्दछ । जेठी मधुको कषाय (काढा) र कट-शर्करा (दानादार चिनी) हालेमा रङ्ग राम्रो हुने हुन्छ ।

दालचिनी चिनु वायुविडङ्ग गजपिप्पला एकेक कर्ष र सुपारी जेठी मधु, मोथे लोध २।२ कर्ष मसला (३) आसवमा हाल्नुपर्दछ । आसवको वीउमा यिनै वस्तु दशांश हाल्नुपर्दछ ।

सेतो सुरामा प्रसन्नामा हाल्ने वस्तु पनि हाल्नुपर्दछ । सुरामा आँपको तेल हालेमा सहकारसुरा, गुड हालेको रसोत्तरा; सीधु (वीउको वस्तु) धेरै हालेमा महासुरा, मसलाहरू धेरैमात्रामा हालेमा सम्भारिकी सुरा बन्दछ । यी सुराका प्रभेद हुन् ।

सबै किसिमका सुरामा मोरठा-(मूलपुष्पी), पलाश, पत्तूर-(लोहमारक औषधि), मेषशङ्की-(भेडा सिंगी), करञ्ज दूधालु वृक्षको कषाय (काढा) हालेर तताएर गलाएको दानादार चिनीको धूलो, लोध, वायुविड, माठा, मोथे, कलिङ्गदेशको जौ, दारुहरिद्रा, नीलकमल, शतपुष्पा (सूँप) अपामार्ग, छविउन, नीम, आस्फोटको धूलोमा आधा दानादार चीनी मिसाएको एक मुठी, घडाभर सुरामा हालेमा राजालाई पीउन हुने वेस गराउँछ । यसमा स्वाद बढाउन पाँच पल खुदो पनि हाल्नुपर्दछ ।

कुटुम्बीहरूले आफ्नो उत्सवको काम काजका निमित्त सेतो सुरा र औषधिका निमित्त अरिष्ट र अरु जातको मद्य पनि बनाउन पाउँछन् ।

वसन्त आदिको उत्सव, बन्धु बान्धवको सम्मेलन देवताको यात्रा उत्सवहरूमा चार दिन सुरापान गर्न पाइने अनुमति सुराध्यक्षले दिनू ।

तिनमा अनुमति नलिइकन सुरापान गरेमा उत्सवहरू नसकियून्जेल दिन दिनैको दण्ड लिनू।

रक्सी पार्ने बीउ तयार गर्ने कामहरू व्यसनको स्वाद नपाउने स्त्री जाति बालकहरूले गर्नू।

सरकारी बाहेक आफूले मद्य बनाएर बिक्री गर्नेहरूले सुरा, मेदक, अरिष्ट, मधु, सार नारीवल आदि फलको मद्य, शोधुहरूमा सयकडा ५ सरकारलाई कर तिर्नुपर्दछ।

दिन दिनको बिक्री हेरेर सोह्रौं भाग मानव्याजी, बीसौं भाग नगदी व्याजी (बढी लिने कर), वैधरण माप तौलको अनुसार लिने पनि करको व्यवस्था सुराध्यक्षले गर्नू, तर यसमा मनमानी नगरेर मनासीब करको व्यवस्था चलाई रहनुपर्दछ।

अथ षड्विंशोऽध्यायः

४३ प्रकरणे—सूनाध्यक्षः

सूनाध्यक्षः प्रदिष्टाभयानामभयवनवासिनां च मृगपशुपक्षिमत्स्यानां बन्धवधहिंसायामुत्तमं दण्डं कारयेत्। कुटुम्बिनामभयवनपरिग्रहेषु मध्यमम्। अप्रवृत्तवधानां मत्स्यपक्षिणां बन्धवधहिंसायां पादोनसप्तविंशतिपणमत्ययं कुर्यात्। मृगपशूनां द्विगुणम्। प्रवृत्तहिंसानामपरिगृहीतानां षड्भागं गृह्णीयात्। मत्स्यपक्षिणां दशभागं वाधिकं, मृगपशूनां शुल्कं वाधिकम्। पक्षिमृगाणां जीवत्षड्भागमभयवनेषु प्रमुंचेत्।

सामुद्रहस्त्यश्वपुरुषवृषगर्दभाकृतयो मत्स्याः सारसा नादेयास्तटाककुल्योद्भवा वा क्रौंचोत्क्रोशकदात्यूहहंसचक्रवाकजीवंजीवकभृंगराजचकोरमत्तकोकिलमयूरशुकमदनशारिका विहारपक्षिणो मंगल्याश्चाऽन्येऽपि प्राणिनः पक्षिमृगा हिंसाबाधेभ्यो रक्ष्याः। रक्षातिक्रमे पूर्वः साहसदण्डः। मृगपशूनामनस्थि मांसं सद्योहतं विक्रीणीरन्। अस्थिमतः प्रतिपातं दद्युः। तुलाहीने हीनाष्टगुणम्। वत्सो वृषो धेनुश्चैषाम-

वध्याः । घ्नतः पञ्चाशत्को दण्डः । क्लिष्टघातं घातयतश्च । परिशूनमशिरःपादास्थि विगन्धं स्वयंमृतं च न विक्रीणीरन् । अन्यथा द्वादशपणो दण्डः ।

दुष्टाः पशुमृगव्याला मत्स्याश्चाभयचारिणः ।
अन्यत्र गुप्तिस्थानेभ्यो वधबन्धमवाप्नुयुः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
सूनाध्यक्षो नाम षड्विंशोध्यायः ॥ २६ ॥

अध्याय २६

प्रकरण ४३

सूनाध्यक्षको काम

(भक्ष्य प्राणीको वध गर्ने ठाउँलाई 'सूना' भन्दछन्) त्यस विभागाधिकारी सूनाध्यक्षले—अभयदान दिएर घोषित भएका र मार्ने रोकावट भएका अभयवनमा रहने मृग पशु पक्षी माछाहरू, बाँध्ने, दुःख दिने मार्नेलाई २७ पण, मृग पशु पक्रने दुःख दिने मार्नेलाई दोबर (५४) पण दण्ड गर्नू, मारिने गरिआएका स्वामी नभएको सुरक्षित नभएको वनमा रहने पशु पक्षी माछाहरूको बन्धन पीडा हिंसा गरेमा ६ भागको १ भाग र, माछा र पक्षीमा भए दशांश वा बढी, मृग पशुमा भए शुल्क बराबर वा बढी कर लिने गर्नू ।

वनमा पक्रिएका जिउँदा पक्षी मृगहरूमा ६ भागको १ भाग अभयवनमा छोडिदिने गर्नू ।

समुद्रमा हुने हात्ती घोडा मानिस बयल गधाको आकार भएका माछाहरू रह नदी तलाउ कूवाँहरूमा हुने माछाहरू, फ्याङ् कुरुङ न्याउलो दात्यूह (जलकाक), हाँस, चखेवा, चाखुरा, भृङ्गराज, जीवेजीव, मत्त कोइली, मजूर, शुगा, मदन, मैनाहरू र विनोद गराउने मङ्गल गर्ने अरु पनि प्राणी पक्षी मृगहरूलाई हिंसा र पीडाबाट रक्षा गर्नुपर्दछ, यिनको रक्षा नगरी नाश गरेमा पूर्वसाहस (२५०) दण्ड गर्नू ।

मासु बिक्री गर्नेले मृग पशुहरूको मार्नेबित्तिकैको ताजा मासु हाड नभएको बेच्ने गर्नू। हाड भएको बेचेमा हाडको भर्ना मासु दिनू। तौलमा ठगे जति कम छ त्यसको आठ गुना बढी मासु दिनू।

बध गर्न हुने मृग पशुहरूको पनि साना बच्चा र बाछो बयल दुहुनी गाइलाई मार्न हुदैन। मार्नेलाई ५० पण दुःख दिएर मार्नेलाई पनि ५० पण दण्ड हुन्छ।

वध गर्न ठाउँ बाहेक अन्त मारेको प्राणीको मासु, टाउको खुट्टाको हाड नदेखिएको, दुर्गन्धि र, आफै मरेकाको मासु, पनि बेच्न हुदैन, बेचेमा १२ पण दण्ड गर्नू।

अभयवनमा रक्षा गरिएका गवय आदि पशु, शुनव, आदि मृग व्याघ्र आदि व्याल (हिंसक) हरू दुष्ट भएमा, अरूलाई बाधागर्ने भएमा, तिनलाई अभयवनदेखि अन्यत्र आएमा मात्र पक्रन मार्न हुन्छ।

अथ सप्तविंशोऽध्यायः

४४ प्रकरणे—गणिकाध्यक्षः

गणिकाध्यक्षो गणिकान्वयामगणिकान्वयां वा रूपयौवनशिल्पसम्पन्नां सहस्रेण गणिकां कारयेत्। कुटुम्बार्धेन प्रतिगणिकाम्। निष्पतितो प्रेतयोर्दुहिता भगिनी वा कुटुम्बं भरेत्। तन्माता वा प्रतिगणिकां स्थापयेत्। तासामभावे राजा हरेत्। सौभाग्यालंकारवृद्ध्या सहस्रेण वारं कनिष्ठं मध्यममुत्तमं वारोपयेत्। छत्रभृंगारव्यजनशिबिकापीठिकारथेषु च विशेषार्थम्। सौभाग्यभंगे तां मातृकां कुर्यात्।

निष्क्रयश्चतुर्विंशतिसाहस्रो गणिकायाः। द्वादशसाहस्रो गणिकापुत्रस्य। अष्टवर्षात्प्रभृति राज्ञः कुशीलवकर्म कुर्यात्। गणिकादासी भग्नभोगा कोष्ठागारे महानसे वा कर्म कुर्यात्। अविशन्ती सपादपणमवरुद्धा मासवेतनं दद्यात्। भोगं दायमायं व्ययमायतिं च गणिकाया निबन्धयेत्। अतिव्ययकर्म च वारयेत्।

मातृहस्तादन्यत्राभरणन्यासे सपादचतुष्पणो दण्डः । स्वापतेयं विक्रयमाधानं नयन्त्याः सपादपंचाशत्पणो दण्डः । चतुर्विंशतिपणो वाक्पारुष्ये । द्विगुणो दण्डपारुष्ये । सपादपंचाशत्पणः पणोऽर्धपणश्च कर्णच्छेदने । अकामायाः कुमार्या वा साहसे उत्तमो दण्डः । सकामायाः पूर्वः साहसदण्डः । गणिकामकामां रुन्धतो निष्पातयतो वा व्रणविदारणेन वा रूपमुघ्नतः सहस्रदण्डः । स्थानविशेषेण वा वृद्धिरानिष्क्रयद्विगुणात् पणसहस्रं वा दण्डः ।

प्राप्ताधिकारां गणिकां घातयतो निष्क्रयात्त्रिगुणो दण्डः । मातृकादुहितृकारूपदासीनां घात उत्तमः साहसदण्डः । सर्वत्र । प्रथमेऽपराधे प्रथमः द्वितीये द्विगुणः तृतीये त्रिगुणः चतुर्थे यथाकामी स्यात् । राजाज्ञया पुरुषमनभिगच्छन्ती गणिका शिफासहस्रं लभेत पंचसहस्रं वा दण्डः । भोगं गृहीत्वा द्विषत्या भोगद्विगुणो दण्डः । वसतिभोगापहारे भोगमष्टगुणं दद्यात्—अन्यत्र व्याधिपुरुषदोषेभ्यः । पुरुषं घ्नत्याश्चताप्रतापोऽप्सु प्रवेशनं वा ।

गणिकाभरणमर्थं भोगं वाऽपहरतोऽष्टगुणो दण्डः । गणिका भोगमायतिं पुरुषं च निवेदयेत् । एतेन नटनर्तकगायकवादकवाग्जीवनकुशीलवप्लवकसौभिकचारणस्त्रीव्यवहारिणां स्त्रियो गूढाजीवाश्च व्याख्याताः । तेषां तूर्यमागन्तुकं पंचपणं प्रेक्षावेतनं दद्यात् । रूपाजीवा भोगद्वयगुणं मासं दद्युः । गीतवाद्यपाठ्यनृत्तनाट्याक्षरचित्रवीणावेणुमृदंगपरचित्तज्ञानगन्धमाल्यसंयूहनसम्पादनसंवाहनवैशिककलाज्ञानानि गणिका दासी रङ्गोपजीविनीश्च ग्राहयतो राजमण्डलादाजीवं कुर्यात् । गणिकापुत्रान् रंगोपजीविनश्च मुख्यान् निष्पादयेयुः सर्वतालावचराणां च ।

संज्ञाभाषान्तरज्ञाश्च स्त्रियस्तेषामनात्मसु ।
चारघातप्रमादाथ प्रयोज्या बन्धुवाहनाः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
गणिकाध्यक्षो नाम सप्तविंशोध्यायः ॥ २७ ॥

अध्याय २७

प्रकरण ४४

गणिकाध्यक्षको काम

गणिका–(वेश्या) हरूको सुव्यवस्थामा नियुक्त भएका अधिकारी गणिकाध्यक्षले वेश्याकुलमा पैदा भएकी वा अर्कै भए पनि रूप, यौवन, कला, कौशलले पूर्ण भएकी, स्त्रीलाई वर्षको १००० रुपियाँ वेतन दिएर सरकारी वेश्या वर्गको मुख्य वेश्याको रूपमा नियुक्त गर्नू। त्यसको आधा काम गर्ने दोस्री वेश्या पनि नियुक्त गर्नू।

मुख्य र सहाय वेश्या विदेशिएमा र मरेमा उसकी छोरी वा बहिनीले वेश्यावर्गले गर्नेको काम चलाउनू। अथवा मुख्य वेश्याकी आमाले अर्की वेश्या खडा गरेर काम गराउनू। यिनीहरू कोही पनि नभएमा नियुक्त वेश्याको सम्पत्ति सरकार लाग्दछ।

सौन्दर्य अलङ्कारको बढती अनुसार १ हजार पण दिएर कान्छो वा माझको वा उत्तम श्रेणीकी गणिकालाई नियुक्त गर्नू। कनिष्ठलाई १ हजार भए, मध्यमलाइ २ हजार, उत्तमलाई ३ हजार दिनुपर्ने हुन्छ। यो श्रेणी अनुसार छाता झारी पंखा पालकी आसन रथहरूमा विशेष हुन्छ। अर्थात् कनिष्ठलाई छाता झारी, मध्यमलाई पंखा, पालकी, उत्तमलाई आसन रथको सम्मान हुन्छ। रूप यौवन गएर बूढी भएपछि आर्की नियुक्त हुने वेश्याकी आमा बनाएर राख्नू।

वेश्या बनेर राजदासी हुनुबाट छुटेर निस्कनिन २४ हजार तिर्नु पर्दछ। वेश्याको छोरालाई निस्कनिन १२ हजार तिर्नुपर्दछ। ननिस्कनिएको वेश्यापुत्रले आठवर्षको उमरदेखि सरकारी-कुशी-लव (नटुवा) को काम गर्नुपर्दछ।

वेश्याकी टहलुवीले यौवनको उमेर बितेपछि भण्डार वा भान्साको काम गर्नुपर्दछ। काम नगरी कसैकी रखौटी भएर बसे मुख्य वेश्यालाई महिनाको सवा पण वेतन बुझाउने गर्नुपर्दछ।

गणिकाध्यक्षले वेश्याको उपभोक्ताले दिएको धन, आमाबाट आएको धन र अरु आमदानी खर्च पनि बही पुस्तकमा लेखाउने गर्नू। धेरै खर्च गर्न दिन पनि रोक्नू।

नियुक्त वेश्याले आफ्ना गहनाहरू आमाको हातमा बाहेक अरुलाई राख्न दिएमा सवा ४ पण दण्ड गर्नू। आफ्नो धन ज्यथा बिक्री गरेमा बन्धक राखेमा सवा ५० पण दण्ड गर्नू।

वेश्याले कसैलाई गाली गरेमा २४ पण, कुटपीट गरेमा ४८ पण, कान काटेमा ५० पण दण्ड गर्नू।

इच्छा नगर्ने कुमारीलाई कुनै पुरुषले बलात्कार गरेमा उत्तम साहस (१००० पण) दण्ड, इच्छा भएकीलाई बलात्कार गरेमा पूर्व साहस (२५०) पण दण्ड गर्नूं।

इच्छा नगर्ने वेश्यालाई घरमा थुनेर राख्ने वा भगाएर लैजाने वा घाउ चोट पटक लगाएर विरूप पारिदिनेलाई १००० दण्ड गर्नूं। शरीरका अरु अङ्गमा नोक्सान गराउनेलाई दोष अनुसार १ हजारदेखि त्यसको निखन्ने खर्चको दोबर अर्थात् ४८ हजार पणसम्म दण्ड गर्नूं।

सरकारी समान पाएकी वेश्यालाई मार्नेलाई निखन्ने खर्चको तिगुना ७२ हजार दण्ड गर्नूं। आमा छोरी अरू रूपवती टहलुवीहरूलाई मारेमा उत्तम साहस १००० दण्ड गर्नूं।

सबै किसिमका अपराधमा पहिलो पटक भए लेखिए बमोजिमको दण्ड हुन्छ। त्यही अपराध दोस्रो पटक गर्नेलाई त्यसको दोब्बर, तेस्रो पटक गर्नेलाई तेबर दण्ड गर्नूं। चौथो पटक अपराध गरेमा चौबर दण्ड, सर्वस्व हरण, देशनिकाला, इच्छानुसार गर्नूं।

राजाको आज्ञा भएर पनि कुनै पुरुषसँग सङ्गम नगर्ने वेश्यालाई १००० कोर्रा लगाउनू, किंवा ५००० दण्ड गर्नूं। भोगको वेतन लिइसकेर पनि सो दिने पुरुषलाई मन नपराएमा त्यो वेतनको दोवर दण्ड गर्नूं। रातभर संग बसेर उपभोग गर्ने वेतन लिएर पनि अलमल्याई कबोल पूरा नगर्ने वेश्यालाई लिएको वेतनको ८ गुना दण्ड गर्नूं। तर पुरुषमा कुनै सरुवा रोगको दोष भएको भए ता यो दण्ड हुदैन। कुनै वेश्याले पुरुषलाई नै मारी भने त्यो पुरुषको चितामा त्यो वेश्यालाई पनि हालेर पोलिदिनू, किंवा पानीमा डुबाइदिनू।

वेश्याको गहना अरु माल वा भोगको वेतन हरण गर्ने पुरुषलाई त्यो चोरेको धनको आठगुना दण्ड गर्नूं।

वेश्याले भोग दिएको पुरुष त्यसबाट पाएको भोगको वेतन पछि हुने फायदा पनि गणिकाध्यक्षलाई जाहेर गर्ने गर्नूं। वेश्या सम्बन्धी यी विषयबाट नट-(अभिनय गर्ने), नर्तक-(नाच्ने) गायक-(गवैया), वादक-

(बजाउने), वाग्जीवन-(कत्थक), कुशीलव-(नर्तकी नचाएर जीविकागर्ने), प्लवक-(डोरीको कसरत देखाउने) सौभिक-(चटकी) चारण-(भाण), स्त्री-व्यवहारी-(वेश्या स्त्रीको कमाई खाने) हरूका स्त्री र गूढाजीवा-(गुप्त व्यभिचार गर्ने) स्त्रीको विषयमा पनि यिनै नियम लाग्दछन् ।

कुनै विदेशी आएर यी कलाको प्रदर्शन गरेमा एकेक प्रदर्शनको वेतनबाट पाच पण सरकारलाई तिर्नू ।

रूपाजीवा—(आफ्नो रूप बेचेर जीविका गर्ने) व्यभिचारिणीले एक महिनामा २ पटकको आमदानी सरकारलाई बुझाउनू ।

वेश्या उसका दासी र अरू रङ्गशालामा आफ्नो कौशल देखाएर जीविका गर्नेहरूलाई गाउनु, बजाउनु, पाठ पढ्नु, नाच्नु, अभिनय गर्नु, लेख्नु, चित्रकारी गर्नु, वीणा, वासुरी, मादल बजाउनु, अर्काको मनको भाव बुझ्नु, सुगन्धी वस्तु बनाउनु, माला गांथ्नु, संवाहन (आङमिच्नु) वैशिककला—(वेश्यालाई चाहिने कला) आदि शिकाउने ती विषयका विज्ञहरूलाई राजदरबारबाट जीविकाको बन्दोबस्त गरिदिनु पर्दछ ।

वेश्याका छोराहरू र रङ्गशालामा आफ्नो कुशलता देखाएर जीविका गर्ने हरूलाई तालमा अभिनय गर्नेहरू सबैमा मुख्य गराई राख्नू ।

विभिन्न सङ्केत र भाषा विशेष पनि जान्ने तालावचर (अभिनय गर्ने) हरूका स्त्रीहरूलाई बन्धुहरूले राजाज्ञा अनुसार चलाउने तुल्याएर शत्रुपक्षका चरहरूलाई विषयमा आसक्त गराएर काममा ध्यान नदिने गराउन र मराउन सरकारले काम लाउनु पर्दछ ।

अथ अष्टाविंशोऽध्यायः

४५ प्रकरणे—नावध्यक्षः

नावध्यक्षः समुद्रसंयाननदीमुखतरप्रचारान् देवसरोविसरोनदीतरांश्च स्थानीयादिष्ववेक्षेत । तद्वेलाकूलग्रामाः क्लप्तं दद्युः । मत्स्यबन्धका नौकाभाटकं षड्भागं दद्युः । पत्तनानुवृत्तं शुल्कभागं वणिजो दद्युः । यात्रावेतनं राजनौभिः सम्पतन्तः शंखमुक्ताग्राहिणो नौभाटकं दद्युः स्वनौभिर्वा तरेयुः । अध्यक्षश्चैषां खन्यध्यक्षेण व्याख्यातः ।

पत्तनाध्यक्षनिबन्धं पण्यपत्तनचारित्रं नावध्यक्षः पालयेत्। मूढवाताहतां तां पितेवानुगृह्णीयात्। उदकप्राप्तं पण्यशुल्कमर्धशुल्कं वा कुर्यात्। यथानिर्दिष्टाश्चैताः पण्यपत्तनयात्राकालेषु प्रेषयेत्। संयान्तीर्नावः क्षेत्रानुगताः शुल्कं याचेत। हिंस्रिका निर्घातयेत्। अमित्रविषयातिगाः पण्यपत्तनचारित्रोपघातिकाश्च। शासकनियामकदात्ररश्मिग्राहकोत्सेचकाधिष्ठिताश्च महानावो हेमन्तग्रीष्मतार्यासु महानदीषु प्रयोजयेत्। क्षुद्रिकाः क्षुद्रासु वर्षास्राविणीषु। बद्धतीर्थाश्चैताः कार्या राजद्विष्टकारिणां तरणभयात्। अकालेऽतीर्थे च तरतः पूर्वः साहसदण्डः। काले तीर्थे चानिसृष्टतारिणः पादेनसप्तविंशतिपणस्तरात्ययः।

कैवर्तकाष्ठतृणभारपुष्पफलवाटषण्डगोपालकानामनत्ययः सम्भाव्यदूतानुपातिनां च सेनाभाण्डप्रचारप्रयोगाणां च। स्वतरणैस्तरताम्। बीजभक्तद्रव्योपस्करांश्चानूपग्रामाणां तारयताम्। ब्राह्मणप्रव्रजितबालवृद्धव्याधितशासनहरगर्भिण्यो नावध्यक्षमुद्राभिस्तरेयुः। कृतप्रवेशाः पारविषयिकाः सार्थप्रमाणाः प्रविशेयुः।

परस्य भार्यां कन्यां वित्तं वापहरन्तं शंकितमाविग्नमुद्भाण्डीकृतं महाभाण्डेन मूर्ध्नि भारेणावच्छादयन्तं सद्योगृहीतलिंगिनमलिंगिनं वा प्रव्रजितमलक्ष्यव्याधितं भयविकारिणं गूढसारभाण्डशासनशस्त्राग्नियोगं विषहस्तं दीर्घपथिकममुद्रं चोपग्राहयेत्।

क्षुद्रपशुर्मनुष्यश्च सभारो माषकं दद्यात्। शिरोभारः कायभारो गवाश्वं च द्वौ। उष्ट्रमहिषं चतुरः। पंच लघुयानम्। षड्गोलिंगम्। सप्त शकटम्। पण्यभारः पादम्। तेन भाण्डभारो व्याख्यातः। द्विगुणो महानदीषु तरः। क्लृप्तमानूपग्रामा भक्तवेतनं दद्युः। प्रत्यन्तेषु तराः शुल्कमातिवाहिकं वर्तनीं च गृह्णीयुः। निर्गच्छतश्चामुद्रस्य भाण्डं हरेयुः। अतिभारेणावेलायामतीर्थे तरतश्च। पुरुषोपकरणहीनायामसंस्कृतायां वा नावि विपन्नायां नावध्यक्षो नष्टं विनष्टं वाभ्यावहेत्।

सप्ताहवृत्तामाषाढीं कार्तिकीं चान्तरा तरः ।
कार्मिकप्रत्ययं दद्यान्नित्यं चाह्निकमाहरेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
नावध्यक्षोनाम अष्टाविंशोऽध्यायः ॥ २८ ॥

अध्याय २८

प्रकरण ४५

नावध्यक्षको काम

नावध्यक्ष—(नाउडुङ्गा आदि तर्ने सवारी विभागको अध्यक्षले स्थानीय आदि नगरहरूमा भएका समुद्रतटका नाउहरू आउने जाने मार्ग, समुद्र र नदीको सङ्गम स्थानमा भएका तर्ने ठाउ, देवसर (सँधै पानी परी रहने दैवी तलाउ) गर्मीमा पानी शुक्ने विसर-(सानो तलाउ), नदीतर-(नदी त पानी घाट)हरूको हेरचाह गरेर वारपार गर्ने यात्रीहरूबाट सरकारी शुल्क-कर उठाउने काम गर्नुपर्दछ ।

समुद्रतट र ठूला ताल नदीहरूको किनारका गाउमा बस्नेहरूले सँदै वारपार गर्ना निमित्त ठेकिएको सरकारीकर, बुझाउनु पर्दछ ।

माछा पक्रने माझीहरूले सरकारी नाउको भाडाको रूपमा पक्रेका माछाहरू ६ भागको १ भाग सरकारलाई बुझाउनु पर्दछ। व्यापारीहरूले पण्य (विक्रीहुने) वस्तुहरूको मोलको पाचौं वा छैठौं भाग कर तिर्नुपर्दछ। सरकारी नाउद्वारा वारपार गर्ने यात्रीहरूले यात्राको वेतन-(भाड़ा) तिर्नुपर्दछ। शङ्ख मोती लिनेहरूले पनि सरकारी नाउको भाडा तिर्नुपर्दछ। अथवा तिनीहरूले आफ्नै निजी नाउले गरे पनि हुन्छ।

(खानिका अध्यक्षले खानिको कारखाना आदि चलाउन लाएझैं नावाध्यक्षले पनि भाडामा आएको शङ्ख माछा आदिको कारखाना र विक्री व्यवहार पनि गराउनू)।

पत्तनाध्यक्ष—(नगरको अध्यक्ष)ले थितिबाँधेको सहरका बजारको चालचलन नियमलाई नावध्यक्षले पनि पालन गर्नुपर्दछ।

दिशाको भ्रम परेर आएको र उल्टो हावाले हानेर ल्याएको नाउलाई नावध्यक्षले बाबुले झैं दया गरी रक्षा गरिदिनू ।

नाउमा चढाएको विक्रिको माल पानीले विगारेको भए नोक्सानी हेरेर शुल्क=भन्सार नलिएर वा आधामात्र लिएर छोडिदिनू । त्यसरी महसूल छाडी वा आधामात्र लिई छोडेको मालहरूलाई शहर बजार तक चलान गराउनू ।

जावत आवत गर्ने नाउहरू शुल्कलिने ठाउँमा आएपछि तोकिएको शुल्क मागेर लिनू । चोरीडाका गर्ने नाउहरु र शत्रुदेशतिर जाने आउने, बजार सहरको नियम भङ्ग गर्ने पनि नाउहरुलाई नष्ट पारिदिनू ।

ठूला ठूला नाउहरूलाई शासक—(नाउचलाउने मुख्य अधिकारी), नियामक-(नाउसम्बन्धी नियम पालन गराउने), दात्रग्राहक- (दाँडी चलाउने), रश्मिग्राहक-(डोरीपक्रने) उत्सेचकः (भित्रपसेको पानी फ्याक्ने) हरू समेत राखेर हेमन्त ग्रीष्म वर्षामा पारितर्नु पर्ने ठूला नदीहरूमा चलाउन लाउनू । सानातिना डुङ्गाहरूलाई वर्षामा मात्र तार्नु पर्ने साना खोला नालामा चलाउन लाउनू । राजद्रोहीहरू पनि तर्ने हुनन् भनेर नाउहरूलाई बाधिएको घाटबाट मात्र आउने व्यवस्था गर्नू ।

आधारात आदि कुवेलामा र घाट नभएको ठाउँमा तर्नेलाई पूर्वसाहस (२५०) दण्डगर्नू । वेलामै घाटैमा पनि अधिकारी पुरुषसँग अनुमति नलिईकन तर्नेलाई पौने २७ पण दण्ड गर्नू ।

कैवर्त-(माझी), काठको घाँसको भारी बोक्ने, फूल फलको वारी घारीका पोले गोठालाहरूलाई, कुनै शङ्का लागेका चोरलाई लखेटतै आउने, सरकारी कामका दूत, सैनिक सामान ल्याउने लैजाने र, गुप्तचरहरूलाई जुनसुकै वेला जुनसुकै ठाउमा तरे पनि दण्ड नगर्नू ।

ब्राह्मण संन्यासी बालक बूढा रोगी हुलाकी गर्भिणीस्त्रीहरूले नावध्यक्षको छापको निस्सा देखाएर विना शुल्क तर्न पाउछन् ।

विदेशीहरू, देशभित्र पस्ने अनुमति पाएका र, अनुमति नलिएका भएपनि जिमा लिने साथी भएकाहरू, घाट तरेर देशभित्र पस्न पाउछन् ।

अर्काकी स्वास्नी कन्या धन चोरेर लैजाने पल्याक पुलुक गरी शङ्का मान्दै हिडने, हडबडाएको, ज्यादै ठूलो भारी बोकने पराल आदिको ठूलो भारीले टाउको छोपेर हिड्ने । भर्खरै जोगी बनेको जोगीको चिह्न भरखरै छोडेको, रोगको चिन्ह नभएको रोगीको बहाना गर्ने, डरले कालो नीलो मुख

भएको, रत्न आदि सार, चिठीपत्र, हतियार, आगो लाउने सामानहरू लुकाएर लैजाने, विषहातमा लिएको, ज्यादा लामो बाटाको यात्री, अन्नपात (सीमानका रक्षक)को छापको सीमानाको निस्सा नभएको, यस्तालाई नावध्यक्षले पक्राउनू।

तरशुल्क—

भेडा बाखा आदि क्षुद्रपशु र मानिस हातमा लिएको, भारी समेतको १ माषा, टाउकोमा काँधमा बोक्ने भारी भएको मानिस र गोरू गाई घोड़ाको दुइ माषा, ऊँट रागो भैसीको चार माषा, सानोतिनो सवारीको पाँच माषा, सानो गाडाको छ माषा, पूरागाडाको सात माषा, बिक्री हुने माल १ भार (२० तुला २००० पल) को चौथाइ पण तराइको शुल्क तिर्नु पर्दछ। यसै गरी रागो ऊँट हरूले बोक्ने भारीको १ भारको चौथाइ पण तिर्नु पर्दछ।

यी लेखिएका भन्सारहरू सानातिना नदीका निमित्त हुन्, ठूला नदीमा भने यसको दोबर तिर्नु पर्दछ।

पानी घाटको नजीकका गाउलेहरूले सरकारलाई तिर्नुपर्ने शुल्क बाहेक नाउ चलाउनेहरूलाई केही खाने कुरा र वेतन दिनु पर्दछ।

देशको सीमानामा तार्ने अधिकारीहरूले शुल्क र माल जिम्मा लिए बापतको वर्तनी (सीमा रक्षकलाई दिनु पर्ने रकम) पनि लिनु पर्दछ।

छापको निस्सा नलिईकन देश बाहिर जाने सार्थ-(व्यापारीदल)को माल जपत गरिदिनू। एक मानिसले बोकिनेभन्दा ठूलो भारी बोकेर बीच रात आदि कुवेलामा घाट नभएको ठाउँमा तर्नेको पनि माल जफत गर्नू।

शासक नियामक आदि रक्षक पुरुष र चाहिने सामान नभएको वा भत्केबिग्रेको मर्मत नगरिएको नाउ नोक्सान भएमा, पानीमा परेर बिग्रेको नाशिएको विक्रीको माल नावध्यक्षले अगिबाटै हेरचार नगरेको हुनाले भर्ना दिनुपर्दछ।

आषाढ पूर्णिमाको ७ दिन अघिदेखि कार्तिक पूर्णिमाको ७ अघिसम्म वर्षा कालमा तारिने नदीमा तराइको शुल्क नाविकले लिने हुन्छ। सधैं तार्नुपर्ने नदीमा त सधै लिने हुन्छ। नाविक मलाहाहरूले यो यो दिनमा तार्ने काम गरेको भनी रोजिन्दा आएको तरी-रकमको आय नावध्यक्षलाई बुझाउने गर्नुपर्दछ।

अथ एकोनत्रिंशोऽध्यायः

४६ प्रकरणे—गोऽध्यक्षः

गोऽध्यक्षो वेतनोपग्राहिकं करप्रतिकरं भग्नोत्सृष्टकं भागानुप्रविष्टकं व्रजपर्यग्रं नष्टं विनष्टं क्षीरघृतसंजातं चोपलभेत । गोपालकपिण्डारकदोहकमन्थकलुब्धकाः शतशतं धेनूनां हिरण्यभृताः पालयेयुः । क्षीरघृतभृतो हि वत्सानुपहन्युरिति वेतनोपग्राहिकम् ।

जरद्गुधेनुगर्भिणीपष्ठौहीवत्सतरीणां समविभागं रूपशतमेकः पालयेत् । घृतस्याष्टौ वारकान् पणिकं पुच्छं अङ्कचर्म च वार्षिकं दद्यादिति करप्रतिकरः । व्याधितान्यङ्गानन्यदोहीदुर्दोहापुत्रघ्नीनां च समविभागं रूपशतं पालयन्तस्तज्जातिकं भागं दद्युरिति भग्नोत्सृष्टकम् । परचक्राटवीभयादनुप्रविष्टानां पशूनां पालनधर्मेण दशभागं दद्युरिति भागानुप्रविष्टकम् ।

वत्सा वत्सतरा दम्या वहिनो वृषा उक्षाणश्च पुंगवाः । युगवाहनशकटवहा वृषभाः पृष्ठस्कन्धवाहिनश्च महिषाः । वत्सिका वत्सतरी पष्ठौही गर्भिणी धेनुश्चाप्रजाता वन्ध्याश्च गावो महिष्यश्च । मासद्विमासजातास्तासामुपजा वत्सा वत्सिकाश्च । मासद्विमासजातानङ्कयेत् । मासद्विमासपर्युषितमंकयेत् । अङ्कं चिह्नं वर्णं शृङ्गान्तरं च लक्षणम् । एवमुपजा निबन्धयेदिति व्रजपर्यग्रम् । चोरहृतमन्ययूथप्रविष्टमवलीनं वा नष्टम् ।

पङ्कविषमव्याधिजरातोयाहारावसन्नं वृक्षतटकाष्ठशिलाभिहतमीशानव्यालसर्पग्राहदावाग्निविपन्नं विनष्टं प्रमादादभ्यावहेयुः । एवं रूपाग्रं विद्यात् । स्वयं हन्ता घातयिता हर्ता हारयिता च वध्यः । परपशूनां राजाङ्केन परिवर्तयिता रूपस्य पूर्वं साहसदण्डं दद्यात् । स्वदेशीयानां चोरहृतं प्रत्यानीय पणिकं रूपं हरेत् । परदेशीयानां मोक्षयिताऽर्धं हरेत् ।

बालवृद्धव्याधितानां गोपालकाः प्रतिकुर्युः । लुब्धकश्वगणिभिर-

पास्तस्तेनव्यालपरवाधभयमृतुविभक्तमरण्यं चारयेयुः। सर्पव्यालत्रासनार्थं गोचरानुपातज्ञानार्थं च त्रस्नूनां घण्टातूर्यं च बध्नीयुः। समव्यूढतीर्थमकर्दमग्राहमुदकमवतारयेयुः पालयेयुश्च। स्तेनव्यालसर्पग्राहगृहीतं व्याधिजरावसन्नं च आवेदयेयुरन्यथा रूपमूल्यं भजेरन्।

कारणमृतस्याङ्कचर्म गोमहिषस्य कर्णलक्षणमजाविकानां पुच्छमङ्कचर्म चाश्वखरोष्ट्राणां बालचर्मवस्तिपित्तस्नायुदन्तखुरशृङ्गास्थीनि चाहरेयुः। मांसमाममार्द्रं शुष्कं वा विक्रीणीयुः। उदश्वित् श्ववराहेभ्यो दद्युः। कूर्चिकां सेनाभक्तार्थमाहरेयुः। किलाटो घाणपिण्याकक्लेदार्थः। पशुविक्रेता पादिकं रूपं दद्यात्। वर्षाशरद्धेमन्तानुभयतः कालं दुह्युः। शिशिरवसन्तग्रीष्मानेककालम्। द्वितीयकाले दोग्धुरंगुष्ठच्छेदो दण्डः। दोहनकालमतिक्रामतस्तत्फलहानं दण्डः।

एतेन नस्यदम्ययुगपिङ्गनवतनकाला व्याख्याताः। क्षीरद्रोणे गवां घृतप्रस्थः। पञ्चभागाधिको महिषीणाम्। द्विभागाधिकोऽजावीनाम्। मन्थो वा सर्वेषां प्रमाणम्। भूमितृणोदकविशेषाद्धि क्षीरघृतवृद्धिर्भवति। यूथवृषं वृषेणावपातयतः पूर्वः साहसदण्डः। घातयत उत्तमः। वर्णावरोधेन दशती रक्षा। उपनिवेशदिग्विभागे गोप्रचाराद्बलान्वयतो वा गवां रक्षासामर्थ्याच्च।

अजावीनां षाण्मासिकीमूर्णां ग्राहयेत्। तेनाश्वखरोष्ट्रवराहव्रजा व्याख्याताः। बलीवर्दानां नस्याश्वभद्रगतिवाहिनां यवसस्यार्धभारः, तृणस्य द्विगुणं, तुला घाणपिण्याकस्य, दशाढकं कणकुण्डकस्य, पंचपलिकं मुखलवणं, तैलकुडुबो नस्यं, प्रस्थः पानम्। मांसतुला, दध्नश्चाढकं, यवद्रोणं, माषाणां वा पुलाकः। क्षीरद्रोणमर्धाढकं वा सुरायाः, स्नेहप्रस्थः, क्षारदशपलं शृङ्गिबेरपलं च प्रतिपानम्। पादोनमश्वतरगोखराणां द्विगुणं महिषोष्ट्राणां कर्मकरबलीवर्दानाम्। पायनार्थं च धेनूनाम्। कर्मकालतः फलतश्च विधादानम्। सर्वेषां तृणोदकप्राकाम्यम्। इति गोमण्डलं व्याख्यातम्।

पञ्चर्षभं खराश्वानामजावीनां दशर्षभम् ।
शक्यं गोमहिषोष्ट्राणां यूथं कुर्याच्चतुर्वृषम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
गोऽध्यक्षो नाम एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

अध्याय २९

प्रकरण ४६

गोऽध्यक्षले गर्नुपर्ने काम

गोध्यक्ष अर्थात गाई गोरू भैंसी राङो आदि पशुहरूको हेरचाह बन्दोवस्तहरू गर्ने सरकारी प्रधान अधिकारी पुरुषले गर्नुपर्ने काम यी हुन् —

१. **वेतनोपग्राहिक**—गोपालक-गाईपाल्ने, पिण्डारक-भैंसी, पाल्ने दोहक-दुहुने, मन्थक-मथ्ने, लुब्धक-वनमा चराइने पशुहरूको हिंसक जन्तुबाट रक्षागर्ने, यस्ता पाँच थरी काम गर्ने मानिसहरूले नगदी वेतन द्वारा आफू पालिएर १००।१०० गाईहरू पाल्ने गनुपर्दछ। यिनीहरूले दूध घिउ पाउने गरेमा बाछा बाछीको भाग पनि चोरेर तिनलाई हानि गराउने हुन्छन्, अतः तिनीहरूलाई वेतनै दिएर गाईहरूको रक्षा गराउने कामलाई "वेतनोपग्राहिक" भन्दछन्।

२. **करप्रतिकर**—जरद्गु-बुढीगाई, धेनु-दुहुनीगाई, गर्भिणी-गाभिने प्रष्ठौही—कसलाउने वेला भएकी, वत्सतरी-दुध छुटेकी कोरलीहरू २०।२० को भाग लाएर त्यस्ता १०० वटालाई एक जनाले पाल्ने गर्नृ। घ्यू ८ वारक (८४ कुडव अटाउने भाँडा) र १ जिउपशुको १ पण, सरकारी छाप लागेको मरेकाको छाला, वर्ष वर्षको कर तिर्नू। यो व्यवस्थालाई "करप्रतिकर" भन्दछन्।

३. **भग्नोत्सृष्टक**—रोगी, अङ्ग-भङ्ग भएका, अनन्यदोही-(एक हाते) दुर्दोहा-(दुहुन नसकिने), बाछा मरी रहने, यस्ता ५ किसिमका २०।२० गाई जंमा १०० पाल्नेले अगि भनेकोमा आधा वा त्रिखण्डी घिउहरू बुझाउनू। यो व्यवस्थालाई 'भग्नोत्सृष्टक' भन्दछन्।

४. भागानुप्रविष्टक—शत्रुदलको आक्रमण जंगली हिंसक जन्तुको भयले भागेर सरकारी बथानमा पस्न आएका गाई आदि पशुहरू पाल्नेले नियमानुसार वेतन लिई दूध घिउहरू दशांश सरकारलाई बुझाउनू—यो व्यवस्थालाई "भागानुप्रविष्टक" भन्दछन्।

५. व्रजपर्यग्र—वत्स—(दूध पीउने बाछो) वत्सतर-(दुध छुटेको बहर) दम्य (दाउन सिकाइने बाछो) वही (जोत्ने बहर) वृष-(गोरु) उक्षा (वीउको साढ) यस्ता छ किसिमका गोरु हुन्छन्। यस्तै युगवाहन -(हलो जुवा बोक्ने) शकर वाहन-(गाढातान्ने) वृषभ-(साँढ रागो) सूनामहिष-(मारिने राँगो) पृष्ठ स्कन्धवाही-(पिठयूँ काँधमा भारी बोक्ने रागो) यस्ता ५ किसिमका राँगो हुन्छन्। गाई भैसीहरू—वत्सिका (दूधपीने बाच्छी) वत्सतरी-(दूधछुटेकी बाछी) प्रष्ठौही-(कोरली) गर्भिणी-(कमलाएकी), घेनु-(दुहुनी) अप्रजाता-(समय भएर पनि नबियाएकी) वन्ध्या -(वैला) यति किसिमका हुन्छन्। जन्मेको १।२ महिनाको बाछा बाछीलाई 'उपजा' भन्दछन्। १।२ महिनाका बाछालाई डामेर चिह्न लाउनू। यी सबैको चिह्न रङ्ग सिङ्को विशेष अरु लक्षण पनि लगत बहीमा लेखाउनू। यस्तो गोरुको लगतको व्यवस्थालाई "व्रजपर्यग्र" भन्दछन्।

६. नष्ट—चोरले हरिएका, अर्काको बथानमा पसेका, अवलीन (बथानबाट छुटेर हराएका) यिनलाई "नष्ट" भन्दछन्।

७. विनष्ट—छाप भडखानमा परेर, रोगलागेर, बुढाइले, पानीको भेलमा परेर, कसैले खाएर मरेकालाई "विनष्ट" भन्दछन्।

नष्ट विनष्टमा गोठालाले बेहोसी गरेर नाश विनाश भएको भए त्यसले भर्ना गर्नुपर्दछ। यी सबैको गोध्यक्षले बहीमा लेखोट गरी राख्नुपर्दछ। आफैले मार्ने, मराउने, चोर्ने, चोराउनेलाई वध दण्ड गर्नू। अर्काको पशुलाई सरकारी चिह्न लाएर साट फेर गर्ने कर्मचारीलाई पूर्वसाहस (२५०) दण्ड गर्नू।

आफ्नो देशमा पशु चोरले हरेको पत्ता लगाई ल्याइदिनेले एक जिउको १ पण इनाम पाउछ। विदेशमा पशुहरू चोर पत्ता लगाई फर्काएर ल्याइदिनेले त्यो पशुको मोलको आधा पाउछ।

वालक बूढा रोगी पशुहरूलाई गाई पाल्नेले हिफाजतका साथ औषधि गर्नुपर्दछ।

व्याधा, कुकुर, सिकारीहरूको देखरेखमा चोर हिंसक शत्रुको भय नहुने ऋतु सुहाउदो घास पात भएको जङ्गलमा पशुहरू चराउनू ।

सर्प हिंसक जन्तुलाई तर्साउन र गाई चर्न गएको ठाउ पत्ता लाउन पनि पशुहरूको घाँटिमा बज्ने घण्ट बाँधिदिनुपर्दछ । पानी पियाउन खाडल नभएको फराकिलो हिलो र गोहीहरू नभएको पानी घाटमा ओराल्नू । राम्ररी हेरचाह गर्नू ।

चोर हिंसक सर्प ग्राहले पक्रेका रोग र बुढाइले मरेकाहरूलाई चराउनेले तुरुन्त जाहेर गर्नुपर्दछ । त्यसो नगरे त्यसको मोल भर्ना गर्नुपर्दछ ।

मनासीप कारण परेर मरेको गाई भैसीहरूको छाप लागेको छाला, भेडा बाखाहरूको निरसा लाएको कान, घोडा, गधा, ऊँटको पुच्छर र छाप लागेको छाला, रौं वस्ति-मूत्रस्थान, पित्त वसा, दात खुर सीङ् हाड ल्याएर बुझाउनू ।

मासु काचो आलो वा शुकेको वेच्नू । मही कुकुर वनेल पोस्न दिनू । कुराउनी सेनाका खानामा दिनू । फाटेको दूध खरी पीना भिजाउन दिनू ।

पशुहरू विक्री गर्नेले एकेक पशुको १ पण गोध्यक्षलाई बुझाउनू ।

वर्षा, शरद्, हेमन्त ऋतुमा दुवै साँझ दुहुनू । शिशिर, वसन्त, ग्रीष्म, ऋतुमा एक साँझ मात्र दुहुने गर्नू ।

एक साँझ दुहनु पर्नेलाई दुइ साझ दुहेमा बुढी औंटिला कार्य दिनू । दुहुने बेला टारेर नदुहुनेलाई पनि त्यसबाट हानि भए जति दण्ड गर्नू ।

यसबाट नाध्ने, दाउने, जुवामा लाउने, सधाउने दाइमा लाउने, समय नघाउनेलाई हानि अनुसार दण्ड गर्नुपर्ने कुरा पनि बुझ्नू ।

गाईको १ द्रोण दूधमा १ प्रस्थ घिउ हुन्छ, भैसीकोमा त्यसमाथि पाचौं भाग बढी हुन्छ । भेडी बाख्रीकोमा २ भाग बढी हुन्छ । अथवा मथ्ता खेरी आए अनुसार घिउ हुन्छ । जमीन घास पानी असल भएमा दूध घिउ बढ्ने पनि हुन्छ ।

बथानको साढेलाई अर्को साढेसँग जुधाई लड़ाउनेलाई पूर्व साहस दण्ड गर्नू । मराउनेलाई वधदण्ड गर्नू ।

गाई गोरु आदिका बथानमा १० । १० वटालाई एकेक रङ्को चिन्ह लगाएर रक्षा गर्ने गर्नू ।

गाई गोठहरू बनाउने ठाउ गाईको चरन हेरेर, बथान ठूलो सानो हेरेर रक्षा गर्ने सामर्थ्य हेरेर पनि तयार गर्नू ।

भेडाहरूको ६।६ महिनामा ऊन् काटूनु ।

गाईको व्यवस्था अनुसार घोडा गधा खच्चर ऊट वनेलका गोठको व्यवस्था पनि बुझ्नु पर्दछ ।

दाना—

नाक छेडिएका घोडा जस्तै दौडन शक्ने, रथ तान्न शक्ने, बयललाई खाना भूषा आधा भार, घास एक भार, खरी पिना १ तुला (१००); कनिका कुडो १० आढक, चाट्नेनून ५ पल, नाकमा हाल्ने तेल १ कुडव, पीउने तेल १ प्रस्थ, र मासु १ तुला, दही १ आढक, जौ वा माष आधा पकाएको १ द्रोण, दूध १ द्रोण किंवा रक्सी आधा आढक, घ्यू तेल १ प्रस्थ, गुड आदि क्षार १० पल, अदुवा शूठो १ पल, पछिबाट पिउन दिनू ।

खच्चर, सामान्य गोरु, गधालाई त्यसका चार भागमा तीन भाग, राँगो ऊटलाई र गाढा तान्ने गोरूलाई पनि त्यसको दोबर, दुहुनी गाईलाई पनि त्यस्तै आहार दिनू, काम समय दूध आदि फलको पनि विचार गरेर दाना पानी दिने बन्दोवस्त गर्नुपर्दछ । घास पानी सबैलाई खान चाहेसम्म दिनुपर्दछ ।

गोरु गाई आदिको दाना खानाहरूको व्यवस्था बताइयो ।

१००।१०० को बथानमा गधा र घोडाका पाचवटा, भेडा बाखाका १० वटा, गाई भैंसी ऊटमा चारवटा वीऊका साढे राख्ने गर्नुपर्दछ ।

अथ त्रिंशोऽध्यायः

४७ प्रकरणे—अश्वाध्यक्षः

अश्वाध्यक्षः पण्यागारिकं क्रयोपागतमाहवलब्धमाजातं साहाय्यागतं पणस्थितं यावत्कालिकं वाश्वपर्यग्रं कुलवयोवर्णचिह्नकर्मवर्गागमैर्लेखयेत् । अप्रशस्तन्यंगव्याधितांश्चावेदयेत् । कोशकोष्ठागाराभ्यां च गृहीत्वा मासलाभमश्ववाहश्चिन्तयेत् । अश्वविभवेनायतामश्वायामद्विगुणविस्तरां चतुर्द्वारोपावर्तनमध्यां समग्रावां प्रद्वारासनफलकयुक्तां वानरमयूरपृषतनकुलचकोरशुकशारिकाभिराकीर्णां शालां निवेशयेत् ।

अश्वायामचतुरस्रश्लक्ष्णफलकास्तारं सखादनकोष्ठकं समूत्रपुरीषोत्सर्गमेकैकशः प्राङ्मुखमुदङ्मुखं वा स्थानं निवेशयेत् । शालावशेन वा दिग्विभागं कल्पयेत् । वडवावृषकिशोराणामेकान्तेषु । वडवायाः प्रजातायास्त्रिरात्रं घृतप्रस्थपानम् । अत ऊर्ध्वं सक्तुप्रस्थः स्नेहभैषज्यप्रतिपानं दशरात्रं, ततः पुलाको यवसमार्तवश्चाहारः ।

दशरात्रादूर्ध्वं किशोरस्य घृतचतुर्भागः सक्तुकुडुवः क्षीरप्रस्थश्चाहार आषण्मासादिति । ततः परं मासोत्तरमर्धवृद्धिर्यवप्रस्थ आत्रिवर्षाद्द्रोण आचतुर्वर्षादिति । अत उर्ध्वं चतुर्वर्षः पंचवर्षो वा कर्मण्यः पूर्णप्रमाणः । द्वात्रिंशदंगुलं मुखमुत्तमाश्वस्य, पंचमुखान्यायामः, विंशत्यंगुला जंघा, चतुर्जंघ उत्सेधः । त्र्यंगुलावरं मध्यमावरयोः । शतांगुलः परिणाहः । पंचभागावरं मध्यमावरयोः ।

उत्तमाश्वस्य द्विद्रोणं शालिव्रीहियवप्रियंगूणामर्धशुष्कमर्धसिद्धं वा मुद्गमाषाणां वा पुलाकः । स्नेहप्रस्थश्च । पंच पलं लवणस्य । मांसं पंचाशत्पलिकम् । रसस्याढकं द्विगुणं वा दध्नः पिण्डक्लेदनार्थम् । क्षारः पंचपलिकः सुरायाः प्रस्थः पयसो वा द्विगुणः प्रतिपानम् । दीर्घपथभारक्लान्तानां च खादनार्थं स्नेहप्रस्थोऽनुवासनम् । कुडुवो नस्यकर्मणः । यवसस्यार्धभारः, तृणस्य द्विगुणः, षडरत्निपरिक्षेपः पुंजीलग्राहो वा ।

पादावरमेतन्मध्यमावरयोः । उत्तमसमो रथ्यो वृशश्च मध्यमः । मध्यमसमश्चावरः । पादहीनं वडवानां पारशमानां च । अतोऽर्धं किशोराणाम् । इति विधायोगः । विधापाचकसूत्रग्राहकचिकित्सकाः प्रतिस्वादभाजः । युद्धव्याधिजराकर्मक्षीणाः पिण्डगोचरिकाः स्युः । असमरप्रयोज्याः परौजानपदानामर्थेन वृषा वडवास्वायोज्याः । प्रयोज्यानामुत्तमाः काम्बोजसैन्धवारट्टजवानायुजाः । मध्यमा बाह्लीकपापेयकसौवीरकतैतलाः । शेषाः प्रत्यवराः ।

तेषां तीक्ष्णभद्रमन्दवशेन सान्नाह्यमौपवाह्यकं वा कर्म प्रयोजयेत् ।

चतुरस्रं कर्म सान्नाह्यम् । वल्गनो नीचैर्गतो लंघनो धोरणो नारोष्ट्रश्चौपवाह्याः । तत्रोपवेणुको वर्धमानको यमक आलीढप्लुतः पूर्वगस्त्रिकचाली च वल्गनः । स एव शिरःकर्णविशुद्धो नीचैर्गतः षोडशमार्गो वा । प्रकीर्णकः प्रकीर्णोत्तरो निषण्णः पार्श्वानुवृत्त ऊर्मिमार्गः शरभक्रीडितः शरभप्लुतः त्रितालो बाह्यनुवृत्तः पंचपाणिः सिंहायतः स्वाधूतः क्लिष्टः श्लिङ्गितो बृंहितः पुष्पाभिकीर्णश्चेति नीचैर्गतमार्गाः ।

कपिप्लुतो भेकप्लुत एणप्लुत एकपादप्लुतः कोकिलसंचार्युरस्यो वकचारी च लंघनः । काङ्को वारिकाङ्को मायूरोऽर्धमायूरो नाकुलो वाराहोऽर्धवाराहश्चेति धोरणः । संज्ञाप्रतिकारो नारोष्ट्र इति । षण्णव द्वादशेति योजनान्यध्वा रथ्यानाम् । पंचयोजनान्यध्वाष्टमानि दशेति पृष्ठबाह्यानामश्वानामध्वा । विक्रमो भद्राश्वासो भारवाह्य इति मार्गाः। विक्रमो वल्गितमुपकण्ठमुपजवो जवश्च धाराः ।

तेषां बन्धनोपकरणं योग्याचार्याः प्रतिदिशेयुः । सांग्रामिकं रथाश्वालंकारं च सूताः । अश्वानां चिकित्सकाः शरीरह्रासवृद्धिप्रतीकारमृतुविभक्तं चाहारम् । सूत्रग्राहकाश्वबन्धकपावसिकविधापाचकस्थानपालकेशकारजाङ्गलीविदश्च स्वकर्मभिरश्वानाराधयेयुः ।

कर्मातिक्रमे चैषां दिवसवेतनच्छेदनं कुर्यात् । नीराजनोपरुद्धं वाहयतश्चिकित्सकोपरुद्धं वा द्वादशपणो दण्डः । क्रियाभैषज्यसंगेन व्याधिवृद्धौ प्रतीकारद्विगुणो दण्डः । तदपराधेन वैलोम्ये पत्रमूल्यं दण्डः । तेनगोमण्डलं खरोष्ट्रमहिषमजाविकं च व्याख्यातम् ।

द्विरह्नः स्नानमश्वानां गन्धमाल्यं च दापयेत् ।
कृष्णसन्धिषु भूतेज्याः शुक्लेषु स्वस्तिवाचनम् ॥ १ ॥
नीराजनामाश्वयुजे कारयेन्नवमेऽहनि ।
यात्रादाववसाने वा व्याधौ वा शान्तिके रतः ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
अश्वाध्यक्षो नाम त्रिंशोऽध्यायः ॥ ३० ॥

अध्याय ३०

प्रकरण ४७

अश्वाध्यक्षको काम

अश्वाध्यक्ष-(घोडा विभागका अध्यक्ष अधिकारी)ले बजारमा विक्रीलाई आएका, किनिएका, युद्धमा शत्रुबाट जितेर ल्याइएका, आफ्नै तबेलामा जन्मेका, अरु राजालाई सहायता दिएर पाइएका, कसैबाट बन्धक लिइएका, केही कामका निमित्त मगनीमा आएका, घोडाहरूको अरबी, पारसी भोटे आदि खान्दान, उमेर, रङ्ग, चिन्ह, चढ्ने रथतान्ने लड़ाइ गर्ने आदिकाम, यतिवटाको यो वर्ग भन्ने समूह, यहाँबाट आएको भन्ने आगमनको ठाउँ समेत, बहीपुस्तकमा लेखेर लगत खडा गराउनू ।

खराब लक्षण भएका, विकल अङ्ग भएका, रोगी भएका घोडाहरू अदल-बदल, औषधीहरू गर्नुपर्ने कुरा पनि सरकारमा जाहेर गर्नू ।

घोडाको सवारले घोडाका निमित्त एक महिनालाई चाहिने नगद खर्च दानाहरू पनि ढुकुटी भण्डारबाट जिम्मा लिएर खुवाउने, पियाउने, तालिम-गर्ने, कामको विचार साथ काम गर्ने गर्नू ।

तबेला—

घोडाको संख्या अनुसार लामो घोडाको लमाईको दोबर चौडाइ भएको, चारढोका भएको, बीचमा घोडाले लडी बडी गर्ने ठाउपनि भएको, अगि-लितर पोटी र ढोकाको दायाँ बायाँ बस्ने काठको फलैचा भएको, घोडाको तबेला बनाउनू । त्यहा विषको बचाउ पर्ने वानर, मजूर, पृषत-(थोप्लेमृग) न्याउरी, चाखुरा, शुगा, मैनाहरू पनि वरि परि राख्नुपर्दछ ।

त्यहाँ घोडाको लमाइ अनुसार चारपाटे मसीनो फल्याक बिछाएको, खाने खण्ड समेत भएको, मलमूत्र फ्याक्ने ठाउसमेत भएको, पूर्व वा उत्तर मुहडा भएको, एकेक घोडारहने छुट्टा छुट्टा खण्ड भएको ठाउँ बनाउनू ।

राजभवनको उत्तर वा पूर्वपट्टि तबेला बनाउने कुरा हुनाले, घोडा भनेको ठाउमा नअटाउने भएमा ठाउको अनुकूलता हेरेर अरू नै दिशामा बनाए पनि हुन्छ । घोडी, साढ, किशोर-(छ महिनादेखि ३ वर्षसम्मका बछेडाहरू) राख्ने अरू घोडाहरूले नदेख्ने गरी एकान्तमा बनाउनू ।

बियाएकी घोडीलाई पहिलो दिनदेखि ३ दिनसम्म बेहान-बेहान एकेक प्रस्थ घिउ पिलाउनू । त्यसपछि १० दिनसम्म एकेक प्रस्थ सत्त, अपराह्नमा

खाना र घिउ तेल मिसाएको औषधिको काढा पिउन दिनू। त्यसपछि आधा पकाएको जौको दाना घास र ऋतु अनुसारको अरु घास खान दिनू।

किशोर-(बछेडा)लाई १० दिनपछि छ महिना संम चौथाई घिउ हालेको १ प्रस्थ सत्तु र, १ प्रस्थ दूध खान दिनू। छ महिनापछि ३ वर्षसम्म महिना-महिना पिछे आधा-आधा प्रस्थ जौको दाना बढाएर दिनू। अनि ४ वर्षको नहुन्जेल १ द्रोणको दरले जौको दाना दिनू। ४ वा ५ वर्षको नहून्जेल १ द्रोणको दरले जौको दाना दिनू। ४ वा ५ वर्ष भएपछि पूरा नाप भएको बोक्ने आदि काम गर्न शक्ने हुन्छ।

नाप—

असल घोड़ाको मुख ३२ अंगुल लामो, त्यसको पाचगुना १६० अंगुल जिउको लमाइ, २० अंगुलको जाँघ, त्यसको चौबर ८० अंगुल उचाइ, १०० अंगुल मोटाइ हुन्छ। मध्यम र तल्लो घोडाको ३।३ अगुल कम लमाइ ऊँचाइ हुन्छ। मोटाइ पञ्चमांश कम अर्थात् मध्यमको ८० अंगुल, तल्लोको ६० अंगुल हुन्छ।

दाना—

उत्तम घोडालाई मार्सीको चामल, षठियाको चामल, जौ, मालकागुनुमा कुनै आधा पाकेको २ द्रोण, अथवा मुगीमाष पकाएको २ द्रोण, र १ प्रस्थ घिउतेल, ५ पल नून, ५० पल मासु खान दिनू। मासुको रस १ आढक, किंवा २ आढक, दहीले दाना मुछनू, ५ पल गुड १ प्रस्थ रक्सी वा २ प्रस्थ दूध, पछिबाट पिउन दिनू। लामो बाटो र भारी बोकेर थाकेकालाई पनि १ प्रस्थ घिउ तेल अग्नि बढाउनू अनुवासन-(बस्तिक्रिया)लाई दिनू। नाकमा हाल्न १ कुडव घिउ तेल दिनू। हरियो घाँस आधा भार, घाँस १ भार किंवा ३ अँगालो भरिको घाँस दिनू।

ठूलो घोडालाई भनेकोमा चौथाई कम मझौलालाई, त्यसमा पनि चौथाइ कम सानो घोडालाई दिनू।

रथ तान्ने घोडालाई र साढलाई उत्तम घोडाको सरह, तल्लो खालको रथ तान्ने घोडा र साँढ घोडालाई मझौलाको सरह खाना दिनू। घोडीलाई र खच्चरलाई त्यसमा चौथाइ कम दिनू।

किशोर-(बछेडा)लाई घोडीको आधा दिनू। खाने दानाको विधान यही हो।

विधा पाचक—(दाना पकाउने), सूचग्राहक-(सयस) चिकित्सक (औषधि गर्ने) हरू पनि खाना पाउने हुन्छन् ।

युद्ध गर्दा-गर्दा रोग लाग्दा बूढो हुँदा दुर्बल भएका घोडाहरू पेट संम भर्न पाउने हुन्छन् ।

लडाईमा काम नदिने घोडाहरू नगर देशवासीका निमित्त साँढ बनाएर घोडीमा लगाउनू ।

तालीम भएर युद्धमा काम दिने घोडाहरू मध्यमा, काम्बोजक-(काबुली), सैन्धव-(सिन्धु देशका) आरट्टज-(अरबी) वनायुज-(पारसी) घोडाहरू उत्तम, वाल्हीक (पञ्चनदको बीच) पापेय सौवीर-(गुजरात) तल देशका घोडाहरू मध्यम, अरु बाँकि कमति मानिन्छन् ।

यी घोडाहरूलाई तीव्र (चर्को) असल मन्द गति अनुसार सान्नाह्य-(युद्धसम्बन्धी) वा औपवाह्य-(सवारी बोक्ने) काममा लाउनू ।

सान्नाह्य—युद्धसम्बन्धी—शालिहोत्र आदिले बनाएको किसिम-किसिमको काम, औपवाह्य—सवारी बोक्ने कामको गति ५ किसिमको हुन्छ—

१. वलान—(मण्डलगति)—

(क) औपवेणुक—हातभरको मण्डलाकार घेरामा घुम्नु ।
(ख) वर्धमानक—ठूलो मण्डलाकार घेरामा घुम्नु ।
(ग) यमक—दुइ मण्डलाकार घेरामा घुम्नु ।
(घ) आलीढ प्लुत–यौटा खुट्टा खुँच्याई अर्को खुट्टा पसारेर डाँक्नु ।
(ङ) पूर्वक—अगाडिको जीउले घुम्नु ।
(च) त्रिकपाली—पछाडिको जिउ चालेर दौडनु ।

२. नीचैर्गत—टाउको र कान उस्तै राखेर घुम्नु ।

(क) प्रकीर्णक—धेरै किसिमको चाल मिस्सिएको ।
(ख) प्रकीर्णोत्तर—प्रकीर्ण भइकन यौटा गति मुख्य भएको ।
(ग) निषण्ण—पिठ्यूँ निश्चल पारेर दौडनु ।
(घ) पार्श्वानुवृत्त—तेर्सो गति ।
(ङ) ऊर्मिमार्ग—जलको तरङ्गझैं तलमाथि भएर दौडनु ।
(च) शरभक्रीडित—शरभको जस्तो गति ।

(छ) शरभपून—शरभको जस्तो फाद हाल्नु ।

(ज) त्रिताल—तीन खुट्टाले दौडनु ।

(झ) वाह्यानुवृत्त—दायाँ बाया घुम्दै दौडनु ।

(ञ) पञ्चपाणि—तीन पयर एक पल्ट चौथो पयर २ पल्ट अड्याएर दौडनु ।

(ट) सिंहायत—सिहको जस्तो गर्दन गर्दन उठाएर हिडनु ।

(ठ) स्वाधूत—अति छीटो दौडनु ।

(ड) क्लिष्ट—सवारले लगाम खुकुलो गर्दैमा दौडनु ।

(ढ) श्लिङ्गित—अगाडी पट्टिको जीउ नुहाएर दौडनु ।

(ण) वृंहित—अगाडि पट्टिको जीउ उठाएर दौडनु ।

(त) पुष्पाभिकीर्ण—गोमूत्रिका गतिले यता उता हुदै दौडनु ।

३. लङ्घन—डाँक्नु ।

(क) कपिप्लुत—वानर जस्तै फाद्नु ।

(ख) भेकप्लुत—भ्यागुतो जस्तै फाद्नु ।

(ग) एणप्लुत—मृग जस्तै फाद्नु ।

(घ) एकपादप्लुत—तीन पयर खुंच्याएर यौटा मात्र पसारेर फाँद्नु ।

(ङ) कोकिलसञ्चारी—कोइलीको जस्तो गरि फाद्नु ।

(च) उरस्प—चारै पयर खुच्याएर छातीले फाद्नु ।

(छ) वकचारी—वकुल्लाले झैं पहिले विस्तारै हिडी एकदम फादहाल्नु ।

४. धोरणा—

(क) काङ्क—कङ्क पक्षीको जस्तो गति ।

(ख) वारिकाङ्क—हाँसको जस्तो गति ।

(ग) मायूर—मजूरको जस्तो गति ।

(घ) अर्धमायूर—अलि अलि मजूरको जस्तो गति ।

(ङ) नाकुल—न्याउरोको जस्तो गति ।

(च) वाराह—वनेलको जस्तो गति ।

(छ) अर्धवाराह—अलि अलि वनेलको जस्तो गति ।

५. नारोष्ट्र—शिकाएको इसारा अनुसारको गति ।

रथका घोडाको उत्तम मध्यम अधम १२।९।६ योजन बाटो सम्म गति हुन्छ। सवारीका घोडाको १०।७॥।५ योजन बाटो सम्म गति हुन्छ। घोडाको हिडाइ तीन किसिमको हुन्छ—

१. विक्रम—बिस्तारै हिडनु ।

२. भद्राश्वास—मझौला चालको गति ।

३. भारवाह्य—छिटो दगुर्नु ।

गोडाको गतिको धारा ५ किसिमको हुन्छ ।

१. विक्रम—बिस्तारै हिडनु ।

२. वल्गित—मण्डलाकार गति ।

३. उपकण्ठ—उफ्री उफ्री हिंडनु ।

४. उपजव—पहिले वेग सँग, पछि बिस्तारै, हिड्नु ।

५. जव—पहिले बिस्तारै, पछि चाडो, दगुर्नु ।

रथका घोडा र पिठ्यूँमा बोक्ने घोडाका लगाम काठी आदि चाहिने साज सामानहरू—योग्याचार्य-(तालीम गर्ने सिपालु सवार) हरूले बनाउछन्। युद्धलाई चाहिने रथका घोडाको साज सामान गहनाहरू सारथिहरूले यस्तो भनि बताउछन्। घोडाका वैद्यहरूले घोडा दुबलाएमा, मोटाएमा, रोग लागेमा, गर्नुपर्ने औषधि आदि प्रतिक्रिया र ऋतु सुहाउदो आहार पनि बताउछन् ।

सूत्रग्राहक-(सयस) अश्वबन्धक-(घोडाको साज कस्ने), यावसिक (खाना दाना खुवाउने), विधा पाचक-(दाना पकाउने), स्थानपाल—(ठाउँको पाले), जाङ्गलीविद्-(विषवैद्य) हरूले आफ्नो आफ्नो काम द्वारा घोडाको स्याहार सम्हार गर्नुपर्दछ ।

घोडाका कामदारहरूले काम नगरेमा वा बिगारेमा तिनीहरूको त्यस दिनको वेतन कट्टा गरिदिनू। नीराजन-(शान्तिको आरती) को काममा वा औषधिका निमित्त रोकिइरहेका घोडालाई काम लाउनेलाई १२ पण दण्ड गर्नु। औषधि वेलामा नगरेर वा अन्यथा गरेर घोडाको रोग बढेमा औषधि

खर्चको दोवर दण्ड गर्नू । औषधि गर्नेको दोषले घोडा मरेमा घोडाको मोल बराबर दण्ड गर्नू ।

घोडाको विषयमा लेखिएका कुराबाट गाई, गोरू, गधा, ऊट, राँगो, भैंसी, भेडा वाख्राहरूमा हिफाजत टहल गर्ने र, नगरेमा दण्ड हुने कुरा पनि बुझ्नू ।

घोडालाई शरद् र ग्रीष्म ऋतुमा दिनको २ पल्ट नुहाउनू, सुगन्ध मालाहरू पनि सँधै लाइदिनू। अमावस्यामा भूतवलि, पूर्णिमामा स्वस्तिवाचन (शान्तिपाठ), आश्विन शुक्लनवमीमा नीराजन कर्म, यात्राको आदि र अन्तमा रोग लागेमा पनि शान्ति कर्म गराउनू ।

अथ एकत्रिंशोऽध्यायः

४८ प्रकरणे—हस्त्यध्यक्षः

हस्त्यध्यक्षो हस्तिवनरक्षां दम्यकर्मशान्तानां हस्तिहस्तिनीकलभानां शालास्थानशय्याकर्मविधायवसप्रमाणं कर्मस्वायोगं बन्धनोपकरणं सांग्रामिकमलंकारं चिकित्सकानीकस्थोपस्थायुकवर्गं चानुतिष्ठेत् । हस्त्यायामद्विगुणोत्सेधविष्कम्भायामां हस्थिनीस्थानाधिकां सप्रग्रीवां कुमारीसंग्रहां प्राङ्मुखीमुदङ्मुखीं वा शालां निवेशयेत् ।

हस्त्यायामचतुरस्रश्लक्ष्णालानस्तम्भफलकान्तरकं मूत्रपुरीषोत्सर्गस्थानं निवेशयेत् । स्थानसमशय्यामर्धापाश्रयां दुर्गे सान्नाह्योपवाह्यानां वहिर्दम्यव्यालानाम् । प्रथमसप्तमावष्टमभागावह्नः स्नानकालौ, तदनन्तरं विधायाः । पूर्वाह्णे व्यायामकालः, पश्चादह्नः प्रतिपानकालः । रात्रिभागौ द्वौ स्वप्नकालौ, त्रिभागः संवेशनोत्थानिकः ।

ग्रीष्मे ग्रहणकालः । विंशतिवर्षो ग्राह्यः । विक्को मूढो मत्कुणो याधितो गर्भिणी धेनुका हस्तिनी चाग्राह्याः । सप्तारत्निरुत्सेधो नवायामो दश परिणाहः । प्रमाणतश्चत्वारिंशद्वर्षो भवत्युत्तमः । त्रिंशद्वर्षो मध्यमः । पंचविंशतिवर्षोऽवरः । तयोः पादावरो विधाविधिः । अरत्नौ तण्डुल-

द्रोणः, अर्धाढकं तैलस्य, सर्पिषस्त्रयः प्रस्थाः, दशपलं लवणस्य, मांसं पंचाशत्पलिकं, रसस्याढकं द्विगुणं वा दध्नः पिण्डक्लेदनार्थं, क्षारं दशपलिकं द्विगुणं मद्यस्याढकं वा, पयसः प्रतिपानं गात्रावसेकस्तैलप्रस्थः, शिरसोऽष्टभागः प्रादीपकश्च, यवसस्य द्वौ भारौ सपादौ शष्पस्य शुष्कस्यार्धतृतीयो भारः कडंकरस्यानियमः।

सप्तारत्निना तुल्यभोजनोऽष्टारत्निरत्यरालः। यथाहस्तमवशेषः षडरत्निः पंचारत्निश्च। क्षीरयावसिको विक्कः क्रीडार्थं ग्राह्यः। संजातलोहिता प्रतिच्छन्ना संलिप्तपक्षा समकक्ष्या व्यतिकीर्णमांसा समतल्पतला जातद्रोणिकेति शोभाः।

शोभावशेन व्यायामं भद्रं मन्दं च कारयेत्।
मृगसंकीर्णलिङ्गं च कर्मस्वृतुवशेन वा ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
हस्त्यध्यक्षो नामैकत्रिंशोऽध्यायः ॥ ३१ ॥

अध्याय ३१

प्रकरण ४८

(क) हस्त्यध्यक्षको काम।

हस्त्यध्यक्ष-(हात्तीविभागका अध्यक्ष अधिकारी) ले हस्तिवन-(हात्ती हुने जङ्गल) को हिफाजत, तालीम गरी सधिएका हात्ती हतिनी छावाहरू रहने हात्तीसार-घर, बाँध्ने ठाउँ, सुत्ने ठाउँ, सजाउने साज, दाना, घाँसहरूको परिमाण, सधाउने काम, बाँध्ने सौला, सिक्री, अंकुश, आदि सामग्री, युद्धमा काम लाग्ने कवच, अलङ्कार आदि र हात्तीको औषधि गर्ने वैद्य, अनीकस्थ (तालीम गर्ने शिक्षक) उपस्थायुक-(सेवाटहल गर्ने कामदार) हरूको वर्ग समेतको देखरेख गर्ने गनुंपर्दछ।

हात्तीको लमाइ-(९ हात) को दोवर—१८ हात, उचाई, चौड़ाइ, लमाइ भएको, हात्तिनीलाई राख्ने ६ हातको ठाउ समेत भएर २४ हात लामो,

अगाडि प्रग्रीव-(पोटी) समेत, कुमारी-(मौलोमा वाँध्ने खमारी) भएको, पूर्व वा उत्तर मुहुडा भएको हात्तीसार-घर बनाउन लाउनू।

हात्तीको लमाइ—९ हात चारपाटे, मसीनो मौलो गाडेको, तलतिर काठको फल्याक छापेको, अगाडि अग्लो पछाडि भिरालो भएको, मलमूत्र गर्ने ठाउ बनाउन लाउनू। त्यस्तै साढे चार हात अग्लो, संम परेको सुत्ने ठाउ, किल्ला भित्र युद्धका र सवारीका हात्तीका निमित्त र बाहिरपट्टि सधाउनु पर्ने मायाका हात्तीका निमित्त बनाउन लाउनू।

दिनको ८ भागमा पहिलो र सातौ भाग दुइ पटक नुहाउने वखत, अनि दाना खाने वखत हुन्छ। पूर्वाह्णमा काम सिकाउने, अपराह्णमा पियाउने, रातका विचमा २ भागमा सुत्ने, बाँकि तृतीयांश भाग बस्ने उठने वखत हुन्छ।

हात्ती ग्रीष्म ऋतुमा गर्मीले दुर्बल हुने हुनाले त्यो ऋतु तिनलाई पक्रन उपयोगी हुन्छ। २० वर्ष भइसकेको हात्ती पक्रनु पर्दछ। विक्क-(दूधपीउने) मूढ-(हात्तिनीको बराबर दाँत भएको) मत्कुण-(दाँत नभएको मकुना), रोगी हात्ती र गर्भिणी, धेनुका-(ब्याएकी दूधपियाउने) हथिनी पनि पक्रन हुदैन।

७ हात अग्लो, ९ हात लामो, १० हात मोटाई भएको, ४० वर्षको, हात्ती उत्तम, ३० वर्षको ६ हातको मध्यम, २५ वर्षको तल्लो खालको हुन्छ।

खाना—

मध्यम अधम हात्तीलाई उत्तम हात्तीको एकेक चौथाई कम, विधा-(दाना)को परिमाण हुन्छ अर्थात् उत्तम हात्तीलाई बताइने परिमाणमा चौथाइ कम मध्यमलाई, त्यसमा पनि चौथाइ का अधमलाई दाना दिनुपर्दछ।

उत्तम हात्तीको दाना खाना—१ हात उचाईको १ द्रोण चामल, आधा आढक तेल, ३ प्रस्थ घिउ, १० पल नून, ५० पल मासु, मासुको रस १ आढक, किंवा २ आढक, दही दाना भिजाउने, १० पल गुड, १ आढक रक्सी वा २ आढक दूध पछिबाट पीउने, १ प्रस्थ तेल आङ्मा घस्ने, त्यसको अष्टमांश-(आधाकुडव) तेल टाउकोमा घस्ने र वस्तिवासन, २ भार (४० तुला) हरियो घुस्सा २ भार हरियो घाँस ३॥ भार सुकेको घाँस, स्याउलाहरू पेट भरून्जेल।

यो हिसावले ७ हात ऊँचो हुने उत्तम हात्तीको खाना, यसको ७ गुना बढी हुन्छ। ८ हात्त ऊँचो हात्तीलाई 'अत्यराल' भन्दछन्। त्यसलाई पनि

७ हातेको बराबरै खाना-दाना हुन्छ। ६ हाते, ५ हाते हात्तीलाई त्यही अनुसार १।१ हातको भाग कम खाना हुन्छ।

पिक्क—दूधपीउने हात्तीको बच्चा कामलाई होइन, खेलवाडलाई पक्रेको भए पेट भरुञ्जेल दूध र हरियो दाना दिएर पोष्नुपर्दछ।

हात्तीको अवस्थानुसारको शोभा—शरीरको स्थिति ७ किसिमको हुन्छ—

१. **सञ्जात लोहिता**—छाला र हाडमात्र भएर अलि-अलि रगत हुन लागेको।

२. **प्रतिछन्ना**—अलिकति मासु लागेर हाड छोपिएको।

३. **संलिप्तपक्ष्य**—मासु भरिएर कोखा चिल्लो भएको।

४. **समकक्ष्य**—सबैतिर मासु भरिएर सम्म टम्म परेको।

५. **व्यतिकीर्णमांस्य**—कहीं अग्लो कही होचो पारेर मासु भरिएको।

६. **समतल्यनल्य**—डडाल्नोको मासु समतल भएको।

७. **जातद्रोणिक**—डडाल्नोको दाया बाया उक्सेर बिचमा गहिरिएर ऊँट जस्तो भएको।

शोभा र अवस्था अनुसार भद्र—उत्तम, मन्द्--मध्यम, मृग--अधम, हात्ती र भद्र-मन्द्र मृगको परस्पर सङ्कर पनि भएर १ भद्र, २ भद्रमृग, ३ भद्रमन्द, ४ मन्द, ५ मन्दभद्र, ६ मन्दमृग, ७ मृग, ८ मृगभद्र, ९ मृगमन्द, भएर ९ किसिमका हुन्छन्। यिनलाई अवस्था सुहाउदो गरी व्यायाम-शिक्षा दिलाउनू। किंवा जाडो गर्मी विशेष नहुने शरद् आदि ऋतु अनुसार कामको अभ्यास पनि गराउनू।

अथ द्वात्रिंशोऽध्यायः

४८ प्रकरणे—हस्त्यध्यक्षः हस्तिप्रचारश्च

कर्मस्कन्धाश्चत्वारः—दम्यः सान्नाह्य औपवाह्यो व्यालश्च। तत्र दम्यः पंचविधः—स्कन्धगतः स्तम्भगतो वारिगतोऽवपातगतो यूथगतश्चेति। तस्योपचारो विक्ककर्म। सान्नाह्य सप्तक्रियापथः—उपस्थानं संवर्तनं संयानं वधावधो हस्तियुद्धं नागरायणं सांग्रामिकं च। तस्योपविचारः कक्ष्याकर्म ग्रैवेयकर्म यूथकर्म च।

औपवाह्योऽष्टविधः-आचरणः कुंजरौपवाह्यः धोरणः आधानगतिकः यष्ट्युपवाह्यः तोत्रोपवाह्यः शुद्धोपवाह्यः मार्गायुकश्चेति । तस्योपविचारः शारदकर्म हीनकर्म नारोष्ट्रकर्म च । व्याल एकक्रियापथः । तस्योपविचार आयम्यैकरक्षः कर्मशंकितोऽवरुद्धो विषमः प्रभिन्नः प्रभिन्नविनिश्चयो मदहेतुविनिश्चयश्च । क्रियाविपन्नो व्यालः । शुद्धः सुव्रतो विषमः सर्वदोषप्रदुष्टश्च ।

तेषां बन्धनोपकरणमनीकस्थप्रमाणम् । आलानग्रैवेयकक्ष्यापारायणपरिक्षेपोत्तरादिकं बन्धनम् । अंकुशवेणुयंत्रादिकमुपकरणम् । वैजयन्तीक्षुरप्रमालास्तरणकुथादिकं भूषणम् । वर्मतोमरशरावापयंत्रादिकः सांग्रामिकालंकारः । चिकित्सकानीकस्थारोहकाधोरणहस्तिपकौपशायिकादिरौपस्थ्यायिकवर्गः । चिकित्सककुटीरक्षविधापाचकाः प्रस्थौदनं स्नेहप्रसृतिं क्षारलवणयोश्च द्विपलिकं हरेयुः । दशपलं मांसस्यान्यत्र चिकित्सकेभ्यः ।

पथिव्याधिकर्ममदजराभितप्तानां चिकित्सकाः प्रतिकुर्युः । स्थानस्याशुद्धिर्यवसस्याग्रहणं स्थले शायनमभागे घातः परारोहणमकाले यानमभूमावतीर्थेऽवतरणं तरुषण्ड इत्ययस्थानानि । तमेषां भक्तवेतनाददीत ।

तिस्रो नीराजनाः कार्याश्चातुर्मास्यृतुसन्धिषु ।
भूतानां कृष्णसन्धीज्याः सेनान्यः शुक्लसन्धिषु ॥ १ ॥

दन्तमूलपरीणाहद्विगुणं प्रोज्झ्य कल्पयेत् ।
अब्दे द्व्यर्धे नदीजानां पंचाब्दे पर्वतौकसाम् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
हस्तिप्रचारो नाम द्वात्रिंशः सर्गः ॥ ३२ ॥

अध्याय ३२

प्रकरण ४८ (ख)

हात्तीको काम

कामको अनुसारले हात्ती चार किसिमका हुन्छन्।

१. दम्य—सधाइने। सो पाच तरहको हुन्छ।

(क) स्कन्धगत—काँधमा चढ्नदिने।

(ख) स्तम्भगत—मौलोमा बाँध्नमान्ने।

(ग) वारिगत—हात्ती पक्रने ठाउँमा पसेको।

(घ) अवपातगत—घाँसहरूले छोपेको खसाल्ने खाडलमा परेको।

(ङ) यूथगत—सधिएकी हात्तिनीसँग विहार गर्न लागू हुने।

२. सान्नाह्य—युद्धमा उपयोगी। सो ७ किसिमको काम गर्न हुन्छ।

(क) उपस्थान—अगाडि पछाडिको भाग नुहाएर उठाएर-ध्वजा अगुल्टो बांस डोरीहरू नाघ्नु-फड्कनु।

(ख) संवर्तन—सुत्नु बस्नु रेखा खाडलहरू फड्केर नाघ्नु।

(ग) संयान—सोझो, तेर्सो, गोमूत्रिका, मण्डलाकार गरी हिड्नु।

(घ) वधावध—सूँड दात वा जिउले मानिस घोडा रथ आदि समात्नु मार्नु।

(ङ) हस्ति-युद्ध—अर्का हात्तीसंग जुध्नु।

(च) नागरायण—गोपुर अटाली परिघहरू भत्काउनु।

(छ) सांग्रामिक—सौप्तिक आदि खुलायुद्धमा अगि सर्नु।

सान्नाह्यलाई—सधाउने काम यी हुन्—

(क) कक्षाकर्म—डोरीले बाध्ने सीप।

(ख) ग्रैवेयकर्म—घाँटीमा बाध्ने सीप।

(ग) यूथकर्म—हात्तीलाई लडाई लायक बनाउने काम (डोरीले बाँध्ने, निहुरेर वा उठेर हिडने र अर्काको बथानमा पस्ने आदि कामको अभ्यास)।

३. **औपवाह्य**—सवारीमा कामदिने। त्यो ८ किसिमको हुन्छ—

(क) **आचरण**—अगाडि पछाडिको जिउ उठाउन निहुराउन सबै किसिमको हिडाइ गर्न जान्ने।

(ख) **कुञ्जरौप वाह्य**—अर्को हात्तीसग मिलेर बोक्ने काम गर्ने।

(ग) **धोरण**—एकै पाखोबाट सबै काम गर्ने।

(घ) **आधान गतिक**—दुइ तीन वा धेरै किसिमको हिडाई गर्न जान्ने।

(ङ) **यष्ट्युप वाह्य**—लट्ठीकै इसारामा काम गर्ने।

(च) **तोत्रोप वाह्य**—अङ्कुशको मारले काम गर्ने।

(छ) **शुद्रोप वाह्य**—खालि खुट्टाको इसाराले सबै काम गर्ने।

(ज) **मार्गायुक**—शिकारको काममा सिपालु।

औपवाह्यलाई सधाउने काम यी हुन्।

(क) **शारदकर्म**—मोटोलाई दुब्लो दुब्लोलाई मोटो बनाउन, मन्दाग्नि भए, भोक जगाउनु स्वस्थको स्वास्थ्यरक्षा गर्नु।

(ख) **हीनकर्म**— नसाधिनेलाई सधाउनु।

(ग) **नारोष्ट्रकर्म**—इसारा बुझ्ने गराउनु।

४. **व्याल**—हिंसक दुष्ट हात्ती त्यस्ताको यौटै काम हुन्छ। त्यस्तालाई दण्ड दिएरै तहलाउनु पर्दछ। सो यति किसिमको हुन्छ।

(क) **कर्म शङ्कित**—सिकाउदा गडवड गर्ने।

(ख) **अवरुद्ध**—केही काम नलाग्ने भएर उपेक्षा गरिएको।

(ग) **विषम**—जे मन लाग्यो त्यही गर्ने।

(घ) **प्रभिन्न**—मद फुटेर दुष्ट भएको।

(ङ) **प्रभिन्न विनिश्चय**—मदले र खानाको बिगारले पनि गडवडिएको।

(च) **मदहेतु विनिश्चय**—मदै मद बहने हुनाले मदको कारण थाहा नभएको।

दुष्ट काम गर्ने हात्ती 'व्याल' हुन्छ। त्यो यति किसिमको हुन्छ।

(क) **शुद्र**—गज शास्त्रोक्त १८ दोषले दूषित भएर केवल हिंसागर्ने।

(ख) सुव्रत—” ” १५ दोषले दूषित भएर खराब चाल पनि भएको।

(ग) विषम—दोहरै दोषभएर मार्ने खराब चाल पनि भएको।

(घ) सर्वदोषप्रदुष्ट—३३ वटै दोष र अरु १९ दोष पनि भएको।

हात्तीको बन्धन, उपकरण आदि अनीकस्थ हात्तीशिक्षा जान्नेले भने बमोजीम यी हुन्।

(क) बन्धन—आलान–मौलो, ग्रैवेय–घाँटीको सिक्री, कक्षा–पेटमा बाध्ने डोरी, परायण–चढदा समातिने डोरी, परिक्षेप–गोडाको, उत्तर अर्को वाटिको सिक्री आदि।

(ख) उपकरण—अङ्कुश वेणु–वासको लट्ठी, यन्त्र–आयुध प्रकरण भनेको पाञ्चालिका आदि।

(ग) भूषण—वैजयन्ती–पताका, क्षुर प्रमाला–नक्षत्रमाला, आस्तरण–गद्दा, कुथ–हौदा आदि।

(घ) युद्धको अलङ्कार—कवच, तोमर, शरावाप–ठोक्रो, यन्त्र आयुध प्रकरणमा भने अनुसार।

हात्तीका उपस्थायी—सेवकहरू यी हुन्—
चिकित्सक—गजवैद्य, अनीकस्थ–हात्ती शिक्षाजान्ने।
आरोहक—चढ्न जान्ने आधोरण–माहुते।
हस्तिपक—हात्तीको रक्षा गर्ने औपचारिक–टहलुवा।
विधापाचक—दाना पकाउने, यावसिक–दाना खुवाउने।
पादपांशिक—गोडामा फाद लाउने, कुटीरक्षक–हात्तीसारको पाले।
औपशापिक—सुत्ने ठाउहेर्ने इत्यादि।

यिनमा वैद्य, पाले, दाना पकाउने हरूले एक प्रस्थ अन्न, एक पसर घ्यू-तेल, दुइ पल गुड र नून, हात्तीको खानाबाट आफूले पाउछन्। वैद्य वाहेक पाले र दाना पकाउनेले १० पल मासु पनि पाउछन्।

बाटाको धपेरी, रोग, ज्यादा काम, मद, बुढ्याइले दुःखी भएका हात्तीलाई गज वैद्यहरूले औषधि कर्म गर्नू।

दण्ड—बस्ने ठाउ सफा सुधर नहुनु। दाना नखानु, खालि भुइमा-सुत्नु। कुठाउमा हाक्नु, अनधिकारीले पनि चढ्नु, बेवखतमा हिडाउनु; अपठ्यारो भूमिमा हिडाउनु आदि सेवक र अध्यक्षलाई दण्डहुने अपराध हुन्। यो दण्ड तिनको वेतन भक्तबाट कटाउनू।

हात्तीहरूको बलवृद्धि, विघ्नशान्तिका निमित्त चार महिनाका ऋतु सन्धि अर्थात् कार्तिक, फाल्गुण आषाढका पूर्णिमामा गरी तीन पटक नीराजन-(आरती) गर्नुपर्दछ। यस्तै अमावस्यामा भूतवलि पूर्णिमामा स्वामीकार्तिकको पूजा पनि गर्नूं।

नदीमा हिंडने हात्तीको अढाइ-अढाइ वर्षमा, पर्वतमा हिंडने हात्तीको पाँच-पाँच वर्षमा, दाँतको फेंदूको मोटाइको दोबर भाग छोडेर दाँत कटाउने गर्नु पर्दछ।

अथ त्रयस्त्रिंशोऽध्यायः

४९–५०–५१ प्रकरणे—रथाध्यक्ष-पत्त्यध्यक्ष-सेनापतिप्रचारः

अश्वाध्यक्षेण रथाध्यक्षो व्याख्यातः। स रथकर्मान्तान् कारयेत्। दशपुरुषो द्वादशान्तरो रथः। तस्मादेकान्तरावरा आषडन्तरादिति सप्त रथाः। देवरथपुष्परथसांग्रामिकपारियाणिकपरपुराभियानिकवैनयिकांश्च रथान् कारयेत्।

इष्वस्त्रप्रहरणावरणोपकरणकल्पनाः सारथिरथिकरथ्यानां च कर्मस्वायोगं विद्यात्। आकर्मभ्यश्च भक्तवेतनं भृतानामभृतानां च योग्यारक्षानुष्ठानमर्थमानमध्वकर्म च। एतेन पत्त्यध्यक्षो व्याख्यातः। स मौलभृतश्रेणिमित्रामित्राटवीबलानां सारफल्गुतां विद्यात्। निम्नस्थलप्रकाशकूटखनकाकाशदिवारात्रियुद्धव्यायामं च विद्यात्। आयोगमयोगं च कर्मसु।

तदेव सेनापतिः सर्वयुद्धप्रहरणविद्याविनीतो हस्त्यश्वरथचर्यासंपुष्टश्चतुरंगस्य बलस्यानुष्ठानाधिष्ठानं विद्यात्। स्वभूमिं युद्धकालं प्रत्यनीकमभिन्नभेदनं भिन्नसन्धानं संहतभेदनं भिन्नवधं दुर्गवधं यात्राकालं च पश्येत्।

तूर्यध्वजपताकाभिर्व्यूहसंज्ञाः प्रकल्पयेत् ।
स्थाने याने प्रहरणे सैन्यानां विनये रतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे रथाध्यक्ष-पत्त्यध्यक्ष-सेनापतिप्रचारो नाम त्रयस्त्रिंशोऽध्यायः ॥ ३३ ॥

अध्याय ३३

प्रकरण ४९–५०–५१

रथाध्यक्ष—पत्यध्यक्ष—सेनापतिको काम

(क) रथाध्यक्ष—

रथ विभागको अध्यक्षले अश्वाध्यक्षले गरेझैं रथहरू राख्ने घर बनाउने रथका वाहनलाई खाना दिने, काम लाउने, बाटोको विचार गर्ने बन्धन उपकरणहरू जोर्ने, कामदारहरूलाई काममा खटाउने, नीराजन गर्ने, इत्यादि कामको व्यवस्था हेरचाह गर्नुपर्छ । रथ बनाउने मर्मत गर्ने इत्यादि कारखाना पनि चलाउनुपर्दछ ।

१२ अङ्गुलको १ पुरुष भन्ने परिमाण अनुसार १० पुरुष (५ हात) ऊचो १२ हात फराकिलो उत्तमरथ र त्यसभन्दा एकेक पुरुष कम लमाई चौडाई घटेझैं उचाई पनि कम भएका अर्थात् ११।७।९।८।७।६ हात चौडा समेत गरेर ७ किसिमका रथ हुन्छन् । काम अनुसार भिन्न-भिन्न तल लेखिएका रथ पनि बनाउनलाउनू ।

१ देवरथ——देवताका मूर्तिको यात्रा उत्सव गराउने
२ पुष्परथ——विवाह आदि मङ्गल कार्यमा चढ्ने
३ साङ्ग्रामिकरथ——युद्धका निमित्तको
४ पारिमाणिकरथ——बाटामा घुम फिर गर्ने
५ परपुराभियानिकरथ——शत्रुको किल्लाहरू भत्काउन हमला गर्ने रथ
६ वैनयिकरथ——घोडाहरूलाई सिकाउना निमित्तको रथ

रथाध्यक्षले बाण धनु आदि अस्त्र, तोमर आदि हतियार कवच काठी

गद्दी आदि उपकरणहरू, ठाउँ-ठाउँमा तयार पार्ने सारथि रथिक (रथमा चढ्ने) रथ्य—(रथ तान्ने) घोडाहरूको आफ्नो-आफ्नो काममा कुशलता आदि जान्नु पर्दछ। नियुक्त कालीगढ आदि कामदारलाई काम नशकियून्जेल भत्ता वेतन र नियुक्त नभएकालाई पनि धन दिने आदरगर्ने, योग्य मानिसहरूलाई शत्रुले फुटाउन नपाउने गरी जोगाइराख्ने काम पनि गर्नुपर्दछ।

(ख) पैदलको अध्यक्ष—

रथाध्यक्षको विषयमा बताएको कुराबाट पत्यध्यक्ष (पैदल सैनिकको अध्यक्ष) ले पनि धनु बाण कवच हतियारहरू सजाउने काममा संलग्न हुनु, कामदारहरूलाई भत्ता वेतन आदर दिने गर्ने तिनलाइ नफुट्ने गरी जोगाउने आदि विषयमा याद विचार राख्ने गर्नु पर्दछ।

पत्यध्यक्षले—पैदल सैनिकहरू, मौलबल-(राजधानीमा रहने मुख्य सैनिकको दल), भृतबल-(जागीरदार सैनिकको दल) श्रेणीबल-(जनपदमा रहने शस्त्रधारीको दल), मित्रदल-(मित्रराजाहरूबाट प्राप्त सैनिकको दल), अमित्र बल-(शत्रु भाव गर्ने सामन्तहरूको सैनिक) अटवी बल-(जङ्गलका रक्षकका सैनिक दल) हरूको बलियो निर्धोपन पनि विचार गर्नुपर्दछ।

१ घास पानी भएको गहीरो ठाउँमा बसेर गर्ने युद्ध, २ पानी नभएका उखर जमीनमा बसेर गर्ने युद्ध, ३ खुला प्रदेशको युद्ध, ४ कूटयुद्ध—छलकपट साथको युद्ध, ५ खनक युद्ध—खाडलखनेर त्यहा बसेर गर्ने युद्ध, ६ आकाश युद्ध—पर्खाल आदि ऊचो ठाउँमा चढेर गर्ने युद्ध, ७ दिउसोको युद्ध, ८ रातिको युद्ध, यस्ता ८ थरी युद्धको व्यायाम-(कवाज) गराउने कुरा र सैनिकहरूले आफ्ना काममा तत्परता देखाएको नदेखाएको पनि विचार गर्ने गर्नुपर्दछ।

(ग) सेनापतिको काम—

प्रधान सेनापतिले अश्व हात्ती रथ पत्ती यी ४ चार सेनाङ्गका अध्यक्षहरूले गर्नु पर्ने कामहरू जानी सबै किसिमका युद्ध, हतियारहरूको विद्यामा सुशिक्षित भएर चार सेनाङ्गको काम गर्ने गराउने कुशलता पाउनुपर्दछ।

आफ्नो सेनाको व्यायाम (कवाज) गर्न योग्य ठाउ, युद्धलाई अनुकूल समय, शत्रुको दल, शत्रुको व्यूह फोर्ने काम, फुटेका आफ्ना सेनालाई मिलाउने, मिलेका शत्रुदललाइ फुटाउने, फुटेका शत्रुदललाई मार्ने, शत्रुको किल्ला भत्काउने, अभियान गर्ने समय पनि याद विचार गर्ने गर्नू।

सेनापतिले, अड्ने, हिड्ने, हमला गर्ने, काममा बाजा ध्वजा पताका हरूद्वारा सेना समूहलाई इसारा दिएर काम गर्ने, गराउने, तालीममा तत्पर रहनुपर्दछ ।

अथ चतुस्त्रिंशोऽध्यायः

५२–५३ प्रकरणे—मुद्राध्यक्षः विवीताध्यक्षश्च

मुद्राध्यक्षो मुद्रां माषकेण दद्यात् । समुद्रो जनपदं प्रवेष्टुं निष्क्रमितुं वा लभेत् । द्वादशपणममुद्रो जानपदो दद्यात् । कूटमुद्रायां पूर्वः साहसदण्डः । तिरोजनपदस्योत्तमः । विवीताध्यक्षो मुद्रां पश्येत् । भयान्तरेषु च विवीतं स्थापयेत् । चोरव्यालभयान्निम्नारण्यानि शोधयेत् । अनुदके कूपसेतुबन्धोत्सेधान् स्थापयेत्, पुष्पफलवाटांश्च ।

लुब्धकश्वगणिनः परिव्रजेयुररण्यानि । तस्करामित्राभ्यागमे शंखदुन्दुभिशब्दमग्राह्याः कुर्युः । शैलवृक्षाधिरूढा वा शीघ्रवाहनाः । अमित्राटवीसंचारं च राज्ञो गृहकपोतैर्मुद्रायुक्तैर्हारयेयुर्धूमाग्निपरम्परया वा ।

द्रव्यहस्तिवनाजीवं वर्तनीं चोररक्षणम् ।
सार्थातिवाह्यं गोरक्ष्यं व्यवहारं च कारयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
मुद्राध्यक्ष-विवीताध्यक्षो नाम चतुस्त्रिंशोऽध्यायः ॥ ३४ ॥

अध्याय ३४

प्रकरण ५२–५३

मुद्राध्यक्षको काम—विवीताध्यक्षको काम

सरकारी वस्तु लेखोटहरूमा लाउने राजाको चिह्न विशेष (छाप)लाई 'मुद्रा' भन्दछन्) सो मुद्रा लाउने विभागको अध्यक्ष अधिकारी 'मुद्राध्यक्ष'

कहलाउछन्। यिनले यो मानिस चोर डाकू होइन, शत्रुपक्षको पनि होइन भन्ने पत्यार पार्नालाई छापको निस्सादिनु पर्नेलाई राजकोष बढाउना खातिर १ माषा दस्तुर लिएर छाप लाइदिने गर्नुपर्दछ। त्यस्तो मुद्राको निस्सा लिएर मात्र आफ्नो जनपद भित्र पस्न वा त्यसबाट बाहिर जान पाइने हुन्छ।

देशवासीले छाप नलिईकन पस्ने निस्कनेलाई १२ पण दण्ड गर्नू। नकली छाप देखाउनेलाई पूर्व साहस (२५०) दण्ड गर्नू, विदेशी मानिसले नकली छाप देखाएमा उत्तम साहस (१०००) दण्ड गर्नू।

(ख) विवीताध्यक्ष—

घासहरू भएको खेती नहुने गौचर भूमिलाई 'विवीत' भन्दछन् सो विवीत भूमिको देखरेख गर्ने सरकारी अधिकारी अध्यक्षले त्यसमार्गबाट आउने जान्ने बटुवालाई मुद्रा भए नभएको जाँच गर्ने गर्नू।

विवीताध्यक्षले, चोर डाकू शत्रुका चरहरू घुम्ने डर भएका एकान्त ठाउहरूमा विवीत (एकान्त) का चौकीहरू खडा गर्नू। चोर हिंसकहरू बसेका छन् कि भनि ओडारहरू परेका जङ्गली प्रदेशहरूको जाँचबुझ गने गर्नू।

पानी नभएका ठाउँमा पानीका इनार, बाँध, साना साना कूवा, फूलफलका बारीहरू, पनि बनाउनू।

व्याधा कुकुर पाल्ने, चण्डालहरू र शिकारीहरू जङ्गलमा घुमी रहने गर्नू। चोर शत्रुदल आएमा आफू उनीहरूले नदेखिने भएर पहाड ठूला रूखमा चढेर किंवा छीटो दगुर्ने वाहनमा चढेर शङ्ख, ढोलको अवाजले सूचना दिई अन्तपाललाई सूचना दिने गरुन्। शत्रुहरू जङ्गलमा घुम्न आएमा तिनीहरूको सरकारी घरपाला परेवाहरू द्वारा छाप लागेको सूचनाका लेखोट पठाएर किंवा दिनमा धूवाँको, रातमा आगाको, मुस्लोहरूद्वारा सूचना दिने गरून्।

विवीताध्यक्षले द्रव्यवन—(असलकाठको वन) हस्तिवन—(हात्ती हुने वनमा कुप्याध्यक्ष, हस्त्यध्यक्षहरूले लिइने बाहेक अरु घास पात इन्धन आदि उपभोगलाई चाहिनेवस्तु वर्तनी—(अनकण्टार बाटो पार गराउँदा लिएको कर) चोरडाकूबाट रक्षागरेको वेतन, सार्थातिवाह्य—(व्यापारीवर्गलाई डर लाग्दो ठाउ पार गराउदा लिएको वेतन) गोरक्ष्य—(गाईहरूको रक्षा गर्ने बापतको वेतन) हरू लिने बन्दोवस्त र व्यहारने वस्तुहरूको बिचको व्यवहार पनि गराउनू।

अथ पंचत्रिंशोऽध्यायः

५४-५५ प्रकरणे—समाहर्तृप्रचारः, गृहपतिवैदेहकतापसव्यंजनाः प्रणिधयः

समाहर्ता चतुर्धा जनपदं विभज्य ज्येष्ठमध्यमकनिष्ठविभागेन ग्रामाग्रं परिहारकमायुधीयं धान्यपशुहिरण्यकुप्यविष्टिप्रतिकरमिदमेतावदिति निबन्धयेत् । तत्प्रदिष्टः पंचग्रामीं दशग्रामीं वा गोपश्चिन्तयेत् ।

सीमावरोधेन ग्रामाग्रं कृष्टाकृष्टस्थलकेदारारामषण्डवाटवनवास्तुचैत्यदेवगृहसेतुबन्धश्मशानसत्रप्रपापुण्यस्थानविवीतपथि संख्यानेन क्षेत्राग्रं तेन सीम्नां क्षेत्राणां च मर्यादारण्यपथप्रमाणसम्प्रदानविक्रयानुग्रहपरिहारनिबन्धान् कारयेत् । गृहाणां च करदाकरदसंख्यानेन । तेषु चैतावच्चातुर्वर्ण्यमेतावन्तः कर्षकगोरक्षकवैदेहककारुकर्मकरदासाश्चैतावच्च द्विपदचतुष्पदमिदं च हिरण्यविष्टिशुल्कदंडं समुत्तिष्ठतीति ।

कुलानां च स्त्रीपुरुषाणां बालवृद्धकर्मचरित्राजीवव्ययपरिमाणं विद्यात् । एवं च जनपदचतुर्भागं स्थानिकश्चिन्तयेत् । गोपस्थानिकस्थानेषु प्रदेष्टारः कार्यकरणं बलिप्रग्रहं च कुर्युः । समाहर्तृप्रदिष्टाश्च गृहपतिव्यंजना येषु ग्रामेषु प्रणिहितास्तेषां ग्रामाणां क्षेत्रगृहकुलाग्रं विद्युः । मानसंजाताभ्यां क्षेत्राणि भोगपरिहाराभ्यां गृहाणि वर्णकर्मभ्यां कुलानि च । तेषां जंघाग्रामायव्ययौ च विद्युः । प्रस्थितागतानां च प्रवासावासकारणमनर्थ्यानां च स्त्रीपुरुषाणां चारप्रचारं च विद्युः ।

एवं वैदेहकव्यंजनाः स्वभूमिजानां राजपण्यानां खनिसेतुवनकर्मान्तक्षेत्रजानां परिमाणमर्घं च विद्युः । परभूमिजातानां वारिस्थलपथोपयातानां सारफल्गुपण्यानां कर्मसु च शुल्कवर्तन्यातिवाहिकगुल्मतरदेयभागभक्तपण्यागारप्रमाणं विद्युः । एवं समाहर्तृप्रदिष्टास्तापसव्यंजनाः कर्षकगोरक्षकवैदेहकानामध्यक्षाणां च शौचाशौचं विद्युः । पुराणचौरव्यंजनाश्चान्तेवासिनश्चैत्यचतुष्पथशून्यपदोदपाननदीनिपान-

तीर्थायतनाश्रमारण्यशैलवनगहनेषु स्तेनामित्रप्रवीरपुरुषाणां च प्रवेशस्थानगमनप्रयोजनान्युपलभेरन् ।

समाहर्ता जनपदं चिन्तयेदेवमुत्थितः ।
चिन्तयेयुश्च संस्थास्ताः संस्थाश्चान्याः स्वयोनयः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे
गृहपतितापसव्यंजनप्रणिधिर्नाम पंचत्रिंशोध्यायः ॥ ३५ ॥

अध्याय ३५

प्रकरण ५४–५५

सरकारी आयतहसील—गृहस्थ आदि बनेका चरहरूको काम

समाहर्त्ता अर्थात् दुर्ग जनपद खानि वन आदि सबै आयकाद्वारहरूबाट सरकारी आमदानी तहसील गर्ने विभागको प्रधान अधिकारीले सम्पूर्ण जनपद्लाई ४ भाग लाएर प्रत्येक भागमा रहेका गाउहरू उत्तम मध्यम अधम-श्रेणीमा छुट्याएर ग्रामाग्र अर्थात् यो या गाउँ यस्तो यतिघरको वस्ति भएको, यति गाउँको समुदाय यो यस्तो भन्ने लगत, परिहार–करमाफी भएको यो यो भन्ने, आयुधीय–यो योगाउँमा यति शस्त्रधारी भएको भन्ने, अन्न पशु हिरण्य-नगद कुप्य—(जिनिस विष्टि-वेठी कामदार) आदि कर प्रतिकरहरू यस यसबाट यति यति सरकारलाई आउने भन्ने लगतहरू बहीपुस्तकमा लेखाउनू ।

समाहर्त्ताले नियुक्त गरिएको स्थानिक भन्दा भनिको गोपभनिने अधिकारी पुरुषले ५। वा १० गाउँको हेरचाह रक्षा गर्नू ।

सो गोप-अधिकारीले गाउँको चौहद्दी नदी पहाड आदि सीमाना समेत खोलेर ग्रामाग्र गाउँको परिमाण जोत कोड हुने यति, नहुने यति; बाँझोजमीन यति, धानखेत यति, बगैंचा केरा आदिकोधारी, उखुवारी, वन, घरवास, ठूला कहलाएका रूख, देवमन्दिर, बाँध, मसान, सदावर्तक्षेत्र, पौशाला, पुण्यतीर्थ, गौचर प्रदेश, रथ गाडा मानिस हिडने ठूलो सानो बाटो यो यो यति भनेर क्षेत्राग्र–जमीनको परिमाण चारैतिर सीमाना जमीनहरूको

मर्यादा, (हद) अरण्य–वेचलनको वन, बाटो, परिमाण लिनुपर्ने कराहरू अरूलाईदिने सहायता, करमाफीहरूको लगत र करतिर्ने यतिघर नतिर्ने यतिघर भन्ने घरको लगत पनि बही पुस्तकमा लेखाउनू ।

यिनमा ४ वर्षा यो यो यति, खेती गर्ने गाई पाल्ने, वनिया वृत्ति गर्ने, कालीगड मजदूरी गर्ने, चाकरी गर्ने, यति यति दोपाया यति, चौपाया यति, यसवाट नगद पेठी महशूल दण्डको धन सरकारलाई यति आउछ भन्ने लेखाउनू ।

यो गाउँमा यति परिवार छन, यति स्त्री, यति पुरुष, तिनमा बालक बूढा यति, यो यो काम गर्ने यस्तो चरित्र जीविका भएको आय व्यय यति यति भन्ने सबै कुरा गोपले याद विचार गर्नू ।

यस्तै किसिमसँग गोपभन्दा माथिको स्थनिक भन्ने अधिकारीले जनपदको चौथाइ भागको हेरचाह गर्नू ।

गोप र स्थानिकको काम गर्ने इलाकामा प्रदेष्टा—(कण्टक शोधनका अधिकारी पुरुष) हरूले दुष्ट बदमासहरू तह लाउने आफ्नो काम र सरकारी कर नतिर्नेहरूमाथि कडाइ गर्ने काम पनि गर्नुपर्दछ ।

प्रणिधिहरू--

समाहर्त्ताले नियुक्त गरिने गुप्तचर गृहस्थजस्ता बनेकाहरू जुन जुन गाउँमा खटिएका छन् तिनले त्यो त्यो गाउँको खेत, घर परिवारहरूको संख्या जान्नुपर्दछ, खेतको लमाई चौडाई नाप र यो उपजा हुने भन्ने यति, घर यति परिवार यो यो वर्ग (जाति) जातिको यो यो काम गर्ने भन्ने र जङ्गाग्र—दोपाया चौपायाको लगत र सबैको आमदानी खर्चपनि जान्नु पर्दछ। त्यस ठाउबाट परदेश गएका र परदेशबाट त्यहाँ आएका यो यो काममा यति परदेशमा बसेका भन्ने पनि जान्नुपर्दछ ।

समाहर्ताले खटाएका–यस्तै–बनिया जस्ता बनेका चरहरूले आफ्नो भूमिमा भएका राजपण्य (सरकारी बिक्रीकावस्तुहरू) र खानि, बाँध, पूल, वन कारखाना खेतहरूबाट आएका नगद अन्न आदि जिनिसहरूको परिमाण र मोल पनि जान्नु बुझ्नुपर्दछ । विदेशमा पैदा भएर जलमार्ग स्थलमार्ग बाट त्यहाँ आएका रत्न आदि उत्तम क्षुद्र बिक्रीहुने वस्तुको खरीद बिक्रीको परिमाण र मोल पनि जान्नुपर्दछ । शुल्क–महसूल–वर्तनी–अन्तपालले लिने रकम अतिवाहिक—बाटाको हिफाजत गरेवापत व्यापारीहरूबाट आएको रकम, गुल्म–चौकीले लिने तर—(तारेको बारे आएको रकम) धेरै जना मिलेर गरेको काममा प्रत्येकले पाएको भाग व्यापारीहरूको गोरू आदिको खाना

खर्च बजार पसलको भाडाहरू यति यो यो यति भन्ने संख्या परिमाण यति जान्नु बुझ्नुपर्दछ।

यस्तै समाहर्त्ताले खटाएका, तपस्वी जस्ता बनेका चरहरूले खेती गर्ने, गाईहरू पाल्ने, व्यापार गर्नेहरूको र गोपस्थानिक आदि अध्यक्ष अधिकारी-हरूको पवित्रता अपवित्रता इमानदारी र बेइमानी पनि बुझ्ने गर्नु पर्दछ। ती चरका पुराना चोट जस्ता बनेका चेलाहरू चैत्य—(देवालय) चतुष्पथ (चौवाटा), शून्यपद—(एकलास) ठाउ, उदपान—(पनेरो), नदी निपान जलाशय, पुण्यस्थान, आश्रम, तपोवन पर्वतवनहरूमा घुम्दै चोर डाकू शत्रुले लगाएका विष आदिको प्रयोग गर्ने साहसकाम गर्ने जबरजस्त मानिसहरूको पस्ने वस्ने हिडने ठाउ कामपत्ता लाउने गर्नु पर्दछ।

समाहर्त्ताले सँधै जाँगरिलो भएर गोपस्थानिक हरूको सहायता लिएर सारा जनपदको रेख देख गर्नु पर्दछ। समाहर्ताबाट नियुक्त भएका विभिन्न संस्था-विभागका गुप्तचरहरूले पनि आफूलाई मिल्दो किसिमका विभिन्न फाटकालाई देख रेख गरेर जाने बुझेका कुराको सूचना दिने गर्नू पर्दछ।

अथ षट्त्रिंशोऽध्यायः

५६ प्रकरणे—नागरिकप्रणिधिः

समाहर्तृवन्नागरिको नगरं चिन्तयेत्। दशकुली गोपो विंशतिकुलीं चत्वारिंशत्कुलीं वा। स तस्यां स्त्रीपुरुषाणां जातिगोत्रनामकर्मभिः जंघाग्रमायव्ययौ च विद्यात्। एवं दुर्गचतुर्भागं स्थानिकश्चिन्तयेत्। धर्मावसायिनः पाषण्डपथिकानावेद्य वासयेयुः। स्वप्रत्ययाश्च तपस्विनः श्रोत्रियांश्च। कारुशिल्पिनः स्वकर्मस्थानेषु स्वजनं वासयेयुः। वैदेहकाश्चान्योन्यं स्वकर्मस्थानेषु। पण्यानामदेशकालविक्रेतारमस्वकरणं च निवेदयेयुः।

शौण्डिकपाक्वमांसिकौदनिकरूपाजीवाः परिज्ञातमावासयेयुः। अतिव्ययकर्तारमत्याहितकर्माणं च निवेदयेयुः। चिकित्सकः प्रच्छन्नव्रणप्रतीकारकारयितारमपथ्यकारिणं च गृहस्वामी च निवेद्य गोपस्था-

निकयोर्मुच्यते । अन्यथा तुल्यदोषः स्यात् । प्रस्थितागतौ च निवेदयेत् । अन्यथा रात्रिदोषं भजेत् । क्षेमरात्रिषु त्रिपणं दद्यात् ।

पथिकोत्पथिका बहिरन्तश्च नगरस्य देवगृहपुण्यस्थानवनश्मशानेषु सव्रणमनिष्टोपकरणमुद्भाण्डीकृतमाविग्नमतिस्वप्नमध्वक्लान्तमपूर्वं वा गृह्णीयुः । एवमभ्यन्तरे शून्यनिवेशावेशनशौण्डिकौदनिकपाक्वमांसिकद्यूतपाषण्डावासेषु विचयं कुर्युः । अग्निप्रतीकारं च ग्रीष्मे मध्यमयोरह्नश्चतुर्भागयोः । अष्टभागोऽग्निदण्डः । बहिरधिश्रयणं वा कुर्युः ।

पादः पंचघटीनाम् । कुम्भद्रोणीनिःश्रेणीपरशुशूर्पाङ्कुशकचग्रहणीदृतीनां चाकरणे । तृणकटच्छन्नान्यपनयेत् । अग्निजीविन एकस्थान् वासयेत् । स्वगृहप्रद्वारेषु गृहस्वामिनो वसेयुरसम्पातिनो रात्रौ । रथ्यासु कुटव्रजाः सहस्रं तिष्ठेयुः, चतुष्पथद्वारराजपरिग्रहेष च । प्रदीप्तमनभिधावतो गृहस्वामिनो द्वादशपणो दण्डः । षट्पणोऽवक्रयिणः । प्रमादाद्दीप्तेषु चतुष्पंचाशत्पणो दण्डः । प्रादीपिकोऽग्निना वध्यः ।

पांसुन्यासे रथ्यायामष्टभागो दण्डः । पंकोदकसन्निरोधे पादः । राजमार्गे द्विगुणः । पुण्यस्थानोदकस्थानदेवगृहराजपरिग्रहेषु पणोत्तरा विष्ठादण्डाः । मूत्रेष्वर्धदण्डाः । भैषज्यव्याधिभयनिमित्तमदण्ड्याः । मार्जारश्वनकुलप्रेतानां नगरस्यान्तरुत्सर्गे त्रिपणो दण्डः । खरोष्ट्राश्वतराश्वपशुप्रेतानां षट्पणः । मनुष्यप्रेतानां पंचाशत्पणः । मार्गविपर्यासे शवद्वारादन्यतः शवनिर्णयने पूर्वः साहसदण्डः । द्वाःस्थानमनिषेधे द्विशतम् । श्मशानादन्यत्र न्यासे दहने च द्वादशपणो दण्डः ।

विषण्णालिकमुभयतो रात्रं यामतूर्यम् । तूर्यशब्दे राज्ञो गृहाभ्याशे सपादपणमक्षणताडनम् । प्रथमपश्चिमयामिकं मध्यमयामिकं द्विगुणं बहिश्चतुर्गुणम् । शंकनीये देशे पूर्वापदाने च गृहीतमनुयुंजीत । राजपरिग्रहोपगमने नगररक्षारोहणे च मध्यमः साहसदण्डः । सूतिकाचिकित्सकप्रेतप्रदीपयाननागरिकतूर्यप्रेक्षाग्निनिमित्तमुद्राभिश्चाग्राह्याः ।

चाररात्रिषु प्रच्छन्नविपरीतवेषाः प्रव्रजिता दण्डशस्त्रहस्ताश्च मनुष्या दोषतो दण्ड्याः ।

रक्षिणामवार्यं वारयतां वार्यं चावारयमतामक्षणद्विगुणो दण्डः । स्त्रियं दासीमधिमेहयतां पूर्वः साहसदण्डः । अदासीं मध्यमः । कृतावरोधामुत्तमः । कुलस्त्रियं वधः । चेतनाचेतनिकं रात्रिदोषमशंसतो नागरिकस्य दोषानुरूपो दण्डः । प्रमादस्थाने च । नित्यमुदकस्थानमार्गभूमिच्छन्नपथवप्रप्राकाररक्षावेक्षणं नष्टप्रस्मृतापसृतानां च रक्षणम् । बन्धनागारे च बालवृद्धव्याधितानाथानां जातनक्षत्रपौर्णमासीषु विसर्गः । पुण्यशीलाः समयानुबद्धा वा दोषनिष्क्रयं दद्युः ।

दिवसे पञ्चरात्रे वा बन्धनस्थान् विशोधयेत् ।
कर्मणा कायदण्डेन हिरण्यानुग्रहेण वा ॥ १ ॥
अपूर्वदेशाधिगमे युवराजाभिषेचने ।
सुतजन्मनि वा मोक्षो बन्धनस्य विधीयते ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अध्यक्षप्रचारे द्वितीयेऽधिकरणे नागरिकप्रणिधिर्नाम षट्त्रिंशोऽध्यायः ॥ ३६ ॥ (आदितः ५७ अध्यायः)

समाप्तमिदं द्वितीयमधिकरणम् ।

अध्याय ३६

प्रकरण ५६

नागरिक प्रणिधि

नागरिक—अर्थात स्थानीय-मुख्यसहरहरूको हेर चाह गर्ने नियुक्त भएको अधिकारी पुरुषले पनि समाहर्त्ताले जनपदको झैं शहरको देख रेखमा ध्यान दिनु पर्दछ ।

समाहर्ताले जनपदलाई ४ भाग लगाई गोप र स्थानिकको सहायता

लिएर जनपदको देख रेख गरे झैं नागरिकले पनि नगर–शहरलाई ४ भाग लगाई गोप र स्थानिकलाई देख रेख गर्न खटाउनु पर्दछ । गोपले बाक्लो पातलो वस्ति अनुसार दश परिवार वा २० परिवार वा ४० परिवारको देख रेख गर्नु पर्दछ ।

गोपले आफ्नो फोरमा भएका स्त्री पुरुष को जात कुल नाम काम संख्या आय व्यय र दोपाया चौपायाको संख्या पनि जान्नु पर्दछ ।

गोपले १०।२०।४० परिवारको देख रेख गरेझैं स्थानिक–(गोप भन्दा माथिको अधिकारी पुरुष) ले किल्ला वा मुख्य नगरको ४ भागको १ भागमा देख रेख गर्नु पर्दछ ।

धर्मावसथी—(धर्म शालाका अधिकारी) पुरुषहरूले पाषण्डी पाशपत शाव्द मिशु आदि वटुवाहरूलाई पनि बसाउनू । आफूलाई पत्यार परेका तपस्वीवैदिक हरूलाई पनि बसाउनू ।

मोटा र मिहीन कामका कालीगड हरूले आफ्नो आफ्नो काम गर्ने ठाउँमा जाने बुझेका आफ्नो मानिसलाई, बनियाहरूले पनि आफ्नो-आफ्नो किसिमको काम गर्नेलाई आफ्नो काम गर्ने ठाउमा वसाउनू । जहाँ पायो उहीं जैले पायो उहिले माल विक्री गर्ने र अर्काको माल विक्री गर्ने पनि नौलो मानिस आएमा नागरिकलाई जाहेर गर्नूपर्दछ ।

शौण्डिक—(भट्टीवाल) पाकमांसिक–(पकाएको मासु वेच्ने) औदनिक—(तयारी भात वेचने), रूपाजीवा–(वेश्या) हरूले चिने जानेकालाई बसाउनू । आउने मानिस धेरै खर्चालु र डर लाग्दो काम गर्ने देखिएमा गोपस्थानिक हरूलाई जाहेर गर्नुपर्दछ । चिकित्सक-वैद्यले गुप्त घाउको औषधि गराउन आउनेर रोग र मृत्युहुने वस्तुको प्रयोग गर्न चाहने लाई, घरमा पस्तो भएमा घरको मालिकले पनि गोप र स्थानिकलाई जाहेर गरे पछि तिनीहरूलाई दोष लाग्दैन, जाहेर नगरेमा तिनीहरूपनि अपराधी बन्दछन् ।

घरको स्वामीले आफ्नो घरबाट परदेश हिडेको र नया आएका मानिस भएमा जाहीर गर्नु पर्दछ । नगरेमा राती केही खराव भएमा घरको स्वामी-लाई दोष लाग्दछ । राति केही खराव नभएपनि ३ पण दण्ड तिर्नुपर्दछ ।

पथिक—(ठूलो बाटो बाट हिड्ने) उत्पथिक–कुबाटो हिड्ने दाउरे घासे आदि बनेका चरहरूले शहरको भित्र बाहिर देवमन्दिर, पुज्यस्थान, वन, मशान हरूमा घुम्दै हतियारको घाउ लागेको, चोरी आदिको खराव सामान लिएको वोकि नसक्नु भारी वोकेको आतिएर पल्याक पुलुक गर्ने,

नदिले लट्ठ परेको, बाटो हिंडेर थाकेको, जान पहिचान नभएको, नौलो मानिस देखिएमा नागरिकलाई भनेर पकाउनू।

यस्तै नगरहरूको भित्र पट्टि पनि शून्यठाउ आवेशन—(शिल्पशाला) भट्टी मासु भात वेच्ने घर, जूवा खेल्ने घर, पाखण्डहरू बस्ने ठाउमा गुप्तचरले खोजी गर्ने गर्नू।

ग्रीष्म ऋतुको दिनको ४ भागमध्ये बिचका २ भागमा आगाको विशेष बचाउ गराउनू। रोकिएको समयमा आगो बाल्नेलाई पणको आठौं भाग दण्ड गर्नू। आगामा पकाउने काम आवश्यक परेमा खुला ठाउमा आगो 'बाल्न' दिनू।

मध्याह्नको ५ घड़ी (१२) ऽ–१७।। घडीमा आगो बालेमा चौथाई पण दण्ड गर्नू। कुम्भ–पानीको घडा, द्रोणी–पानी भर्ने काठको डूड निश्रेणी–(माथि चढ्ने भरेङ्), परशु–(काट्ने वन्चरो), शूर्प–(धूवाँ, छेक्ने नाङ्लो), अङ्कुश–(बल्दोवस्तु तान्ने अङ्कुशे), कचग्रहणी–छानाको परालहरू तान्ने टाँगो, दृति–(छालाको पानी हाल्ने थैला) यी सामान ग्रीष्म ऋतुमा घरको ढोकामा नराखेमा पनि चौथाइ पण दण्ड गर्नू।

ग्रीष्मऋतुमा पराल चटाइले छाएका घर हटाइदिनू। आगोमा काम गरेर जीविकागर्ने हरूलाई आउँदाको बचाउ गराएर एकै ठाउँमा बसाउनू।

घरका मालिकहरू यता उति नगएर आफ्नो घरको ढोकामा बस्ने गर्नू। सडकमा लहरै पानी भरेका घडाहरू १००० राख्ने गर्नू। सडक चौबाटा सहरको मूलढोका, सरकारी ढुकुटीघर, जिन्सी भण्डार, पण्यवस्तु राख्ने घर हात्तिसार, तवेलाहरूमा पनि पानीका घडाहरू राख्नेगर्नू।

कहीं आगो सल्कन लागेमा देखेर पनि दौडेर न जाने गृहस्वामीलाई १२ पण दण्ड, भाडामा बस्नेलाई ६ पण दण्ड गर्नू। कसैले बेहोसी गरेर आगो सल्केमा ५४ पण दण्ड गर्नू। आगोलाई दिनेलाई आगैमा मिल्क्याएर मारिदिनू।

सडकमा धूलो कसिङ्गर मिल्काएमा पणको आठौभाग दण्ड, हीलो पानी मिल्क्याएर बाटो रोकेमा चौथाइ पण दण्ड, राजमार्ग मूलसडकमा त्यसो गरेमा त्यसको दोबर दण्ड गर्नू। विष मिल्काएमा पुण्यस्थानमा भए २ पण, तलाउहरूमा भए ३ पण, देवमन्दिरमा भए ४ पण, सरकारी घरहरूमा भए ५ पण दण्ड गर्नू। पिसाप गरेमा त्यसको आधा दण्ड गर्नू। त्यसमा विरिचनको औषधि खाएमा अतिसार आदि रोग लागेमा मलमूत्र गरेको भए दण्ड नगर्नू।

मरेको बिरालो कुकुर न्याउरी सर्पहरू सहरभित्र फ्याँकेमा ३ पण मरेको गधा खच्चर घोडाहरू फ्याँकेमा ६ पण दण्ड गर्नू। मरेको मानिस फ्याकेमा ५० पण दण्ड गर्नू।

मुर्दालैजान नियत भएको बाटो बाहेक अर्को बाटोगरी मुर्दा लगेमा र मुर्दा निकास्न नियत भएको ढोकाभन्दा अन्तैबाट मुर्दा निकासेमा पूर्वसाहस (२५०) दण्ड गर्नू, अर्को ढोकाबाट मुर्दा निकास्नेलाई नरोक्ने ढोका—पालेहरूलाई २०० दण्ड गर्नू। मशानदेखि अर्कै ठाउँमा मुर्दा राखेमा पोलेमा पनि १२ पण दण्ड गर्नू।

रातको पहिलो भागमा ६ घड़ी (२॥ घण्टा) बितेपछि र बेहानपख रात ६ घडी (२॥ घण्टा) बितेपछि र बेहानपख रात ६ घडी (२॥ घण्टा) बाँकि भएमा पनि यामतूर्य अर्थात् प्रहर जनाउने बिगुल आदि बाजा बजाएर सो बिचमा मानिसहरू हिड्न बन्द गरिदिने गर्नू। सो पहिलो-पहिलो प्रहरको शेष भागमा बाजा बजेपछि बेहान पखको बाजा नबजेसम्म चौथा प्रहरको आदि भागमा पनि राजदरबारको नजीकमा हिडडुल गर्नेलाई अक्षणताडन–(बेबखतमा हिडेको सजाय) सवा पण दण्ड गर्नू, दोस्रो तेस्रो प्रहरमा हिड्नेलाई दोबर दण्ड गर्नू। सहर बाहिर बिचको रातमा हिड्नेलाई चौबर ५ पण दण्ड गर्नू।

चोर जार आदिको शङ्का लाग्ने ठाउँ। शङ्कालाग्ने गरी घुंटोले मुख छोपेर वा भित्तामा लिप्सिएर दबिने चिह्न पहिले चोरी आदिमा परेको खराब चरित्र आदि भएर बाटामा पक्रियेकालाई को हौ, कहाँबाट कहाँ जाने किन आएको इत्यादि सोध पूछ गर्नु पर्दछ।

अधिकार नभएको मानिस सरकारी महल भवन बगैचा आदिमा भित्र पसेमा र नगरको रक्षाका निमित्त बनेको पर्खाल आदिमा चढेमा पनि मध्यम साहस (५००) दण्ड गर्नू।

सुत्केरीको हिफाजत निमित्त वैद्यहरू लिन लैजान, मुर्दा लैजान बत्ती लिएर जान, शहरको बाजा उत्सव तमासा हेर्न जाने मन्त्री-नागरिक आदिको छाप निस्सा लिएर जानेलाई बुझेर बेबखत भए पनि नपक्रनू।

सबैलाई हिडन अनुमति दिएका रातमा लुकेर मुखछोपेर हिडेको पुरुष वेषमा स्त्री, वा स्त्रीको वेषमा पुरुष हिडेको, जोगीको रूपमा हिडेको, हातमा डण्डा हतियार लिएर हिडेको मानिस देखिएमा जाँच-बूझगरी दोषी ठहरिएमा दण्ड दिनू।

रोक्न नपर्नेलाई रोक्ने, रोक्नु पर्नेलाई नरोक्ने, रक्षी—(पुलिस) लाई अक्षणसञ्चार—कुवेलामा हिडनुमा हुने दण्डको दोबर २॥ पण दण्ड गर्नू रक्षी—पुलिसले दासी स्त्रीलाई बलात्कार गरे पूर्व साहस (२५०), दासी नभएकी वेश्या आदिलाई बलात्कार गरे मध्यम साहस (५००) कसैले पर्दामा राखिएकी स्त्रीलाई बलात्कार गरे उत्तम साहस (१०००) दण्ड गर्नू । कुलीन स्त्रीमा बलात्कार गरेमा भने वध दण्ड गर्नू ।

चेतन वा अचेतन (सजीव वा निर्जीव) बाट राति केही खराबी भएको थाहा पाएर पनि जाहेर नगर्ने नागरिक—(देशवासी) लाई दोष अनुसारको दण्ड गर्नू । पुलिसहरूले मद्यपान आदि गरेर रक्षाको काममा बेहोसी गरेमा पनि दोष अनुसार दण्ड गर्नू ।

नागरिक—(नगरको हेर चार गर्ने नियुक्त अधिकारी) ले रोजिन्दा बाटो नदी इनार तलाउ आदि पनेरा, बाटो चौतारा, सुरुङ् बाटो, पर्खालको आड, ढिस्को, पर्खाल आटाली खाइहरूको हेर चाह, हराएका बिर्सिएका भागेका दोपाया चौपायाहरूलाई मालिक नभेटिएसम्म रक्षा पनि गर्नुपर्दछ ।

कैदमा परेका बालक बूढा रोगी अनाथहरूलाई राजाको वार्षिक जन्म नक्षत्रको उत्सव र पूर्णिमाहरूमा छोडिदिन् केही दोषले कैदमा पर्ने पनि असल पवित्र स्वभाव भएकाहरू र अबदेखि यस्तो गर्नेछैन भन्ने कबोल जमानीको बन्धनमा रहनेहरूले पनि अपराध अनुसार नगद दण्ड तिरेर छुट्न पाउने हुन्छन् ।

कैदमा परेकालाई दिनदिनै वा ५।५ दिनमा जाँचबूझ गर्दै दण्ड अनुसारको काम गराएर काम गर्न नसक्ने लूट पीट आदि शारीरिक दण्ड दिएर, असल चलन स्वभावकालाई दण्डको सट्टा नगद लिने अनुग्रह गरेर पनि चोखा गराउने गर्नू ।

शत्रुको विजय गरेर नया देश कमाएमा युवराजको अभिषेकमा राजालाई पुत्रजन्म भएमा पनि कैदीहरूलाई राजाले छोडिदिनू ।

|| श्रीहरिः ||

अथ धर्मस्थीयं—तृतीयमधिकरणम् ।

प्रथमोऽध्यायः

५७-'५८ प्रकरणे—व्यवहारस्थापना विवादपदनिबन्धश्च

धर्मस्थास्त्रयस्त्रयोऽमात्या जनपदसन्धिसंग्रहणद्रोणमुखस्थानीयेषु व्यावहारिकानर्थान् कुर्युः । तिरोहितान्तरगारनक्तारण्योपध्युपह्वरकृतांश्च व्यवहारान् प्रतिषेधयेयुः । कर्तुः कारयितुः पूर्वः साहसदण्डः । श्रोतॄणामेकैकं प्रत्यर्धदण्डाः । श्रद्धेयानां तु द्रव्यव्यपनयः । परोक्षेणाधिकर्णग्रहणमवक्तव्यकरा वा तिरोहिताः सिद्ध्येयुः ।

दायनिक्षेपोपनिधिविवाहसंयुक्ताः स्त्रीणामनिष्कासिनीनां व्याधितानां चामूढसंज्ञानामन्तरगारकृताः सिद्ध्येयुः । साहसानुप्रवेशकलहविवाहराजनियोगयुक्ताः पूर्वरात्रव्यवहारिणां च रात्रिकृताः सिद्ध्येयुः । सार्थव्रजाश्रमव्याधचराणां मध्येष्वरण्यचराणामरण्यकृताः सिद्ध्येयुः । गूढाजीविषु चोपधिकृताः सिद्ध्येयुः । मिथःसमवाये चोपह्वरकृताः सिद्ध्येयुः ।

अतोऽन्यथा न सिद्ध्येयुः । अपाश्रयवद्भिश्च कृताः, पितृमता पुत्रेण, पित्रा पुत्रवता, निष्कुलेन भ्रात्रा, कनिष्ठेनाविभक्तांशेन; पतिमत्या पुत्रवत्या च स्त्रिया, दासाहितकाभ्याम्, अप्राप्तातीतव्यवहाराभ्याम्, अभिशस्तप्रव्रजितव्यङ्गव्यसनिभिश्चान्यत्र निसृष्टव्यवहारेभ्यः । तत्रापि क्रुद्धेनार्तेन मत्तेनोन्मत्तेनावगृहीतेन वा कृता व्यवहारा न सिद्ध्येयुः । कर्तृकारयितृश्रोतॄणां पृथग्यथोक्ता दण्डः ।

स्वे स्वे वर्गे देशे काले च स्वकरणकृताः सम्पूर्णचाराः शुद्धदेशा

दृष्टरूपलक्षणप्रमाणगुणाः सर्वव्यवहाराः सिद्ध्येयुः । पश्चिमं चैषां करणमादेशाधिवर्जं श्रद्धेयुः । इति व्यवहारस्थापना ।

संवत्सरमृतुं मासं पक्षं दिवसं करणमधिकरणमृणं वेदकावेदकयोः कृतसमर्थावस्थयोर्देशग्रामजातिगोत्रनामकर्माणि चाभिलिख्य वादिप्रतिवादिप्रश्नानर्थानुपूर्व्या निवेशयेत् । निविष्टांश्चावेक्षेत ।

निबद्धं पादमुत्सृज्यान्यं पादं संक्रामति, पूर्वोक्तं पश्चिमेनार्थेन नाभिसंबध्यते । परवाक्यमनभिग्राह्यमभिग्राह्यावतिष्ठते । प्रतिज्ञाय देशं 'निर्दिश' इत्युक्ते न निर्दिशति । निर्दिष्टोद्देशादन्यदेशमुपस्थापयति । उपस्थिते देशेऽर्थवचनं 'नैवम्' इत्यपव्ययते । साक्षिभिरवधृतं नेच्छति । असम्भाष्ये देशे साक्षिभिर्मिथः संभाषते । इति परोक्तहेतवः । परोक्तदण्डः पंचबन्धः । स्वयंवादिदण्डो दशबन्धः । पुरुषभृतिरष्टांगः । पथि भक्तमर्थविशेषतः । तदुभयं नियम्यो दद्यात् ।

अभियुक्तो न प्रत्यभियुंजीत अन्यत्र कलहसाहससार्थसमवायेभ्यः । न चाभियुक्तेऽभियोगोऽस्ति । अभियोक्ता चेत्प्रत्युक्तस्तदहरेव न प्रतिब्रूयात् । परोक्तः स्यात् । कृतकार्यविनिश्चयो ह्यभियोक्ता, नाभियुक्तः । तस्याप्रतिब्रुवतस्त्रिरात्रं सप्तरात्रमिति । अत ऊर्ध्वं त्रिपणावरार्ध्यं द्वादशपणपरं दण्डं कुर्यात् । त्रिपक्षादूर्ध्वमप्रतिब्रुवतः परोक्तदण्डं कृत्वा यान्यस्य द्रव्याणि स्युस्ततोऽभियोक्तारं प्रतिपादयेदन्यत्र वृत्त्युपकरणेभ्यः । तदेव निष्पततोऽभियुक्तस्य कुर्यात् । अभियोक्तुर्निष्पातसमकालः परोक्तभावः । प्रेतस्य व्यसनिनो वा साक्षिवचनाः सारम् । अभियोक्ता दण्डं दत्त्वा कर्म कारयेत् । आधिं वा स यथाकामं प्रवेशयेत् । रक्षोघ्नरक्षितं वा कर्मणा प्रतिपादयेदन्यत्र ब्राह्मणादिति ।

चतुर्वर्णाश्रमस्यायं लोकस्याचाररक्षणात् ।
नश्यतां सर्वधर्माणां राजधर्मप्रवर्तकः ॥ १ ॥

धर्मश्च व्यवहारश्च चरित्रं राजशासनम् ।
विवादार्थश्चतुष्पादः पश्चिमः पूर्वबाधकः ॥ २ ॥
अत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु ।
चरित्रं संग्रहे पुंसा राज्ञामाज्ञा तु शासनम् ॥ ३ ॥
राज्ञः स्वधर्मः स्वर्गाय प्रजा धर्मेण रक्षितुः ।
अरक्षितुर्वा क्षेप्तुर्वा मिथ्यादण्डमतोऽन्यथा ॥ ४ ॥
दण्डो हि केवलो लोकं परं चेमं च रक्षति ।
राज्ञा पुत्रे च शत्रौ च यथादोषं समं धृतः ॥ ५ ॥
अनुशासद्धि धर्मेण व्यवहारेण संस्थया ।
न्यायेन च चतुर्थेन चतुरन्तां महीं जयेत् ॥ ६ ॥
संस्थया धर्मशास्त्रेण शास्त्रं वा व्यावहारिकम् ।
यस्मिन्नर्थे विरुद्ध्येत धर्मेणार्थं विनिर्णयेत् ॥ ७ ॥
शास्त्रं विप्रतिपद्येत धर्मन्यायेन केनचित् ।
न्यायस्तत्र प्रमाणं स्यात्तत्र पाठो हि नश्यति ॥ ८ ॥
दृष्टदोषः स्वयंवादः स्वपक्षपरपक्षयोः ।
अनुयोगार्जवं हेतुः शपथश्चार्थसाधकः ॥ ९ ॥
पूर्वोत्तरार्थव्याघाते साक्षिवक्तव्यकारणे ।
चारहस्ताच्च निष्पाते प्रदेष्टव्यः पराजयः ॥ १० ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीये अधिकरणे
विवादपदनिबन्धो नाम प्रथमोऽध्यायः ॥ १ ॥

तृतीय अधिकरण—धर्मस्थीय

[धर्मस्थ सम्बन्धी (देवानी) व्यवस्था]

अध्याय १

प्रकरण—५७, ५८

देवानी मुद्दाहरूको लाग्ने नलाग्ने व्यवस्था,

वादी प्रतिवादीका कुराको लेखोट व्यवस्था

[वर्ण आश्रम जाति सम्बन्धी धर्महरू जानेर त्यस अनुसारको व्यवहार गर्ने धर्मस्थ अधिकारी पुरुषहरूले जान्नुपर्ने गर्नुपर्ने विषयहरूको निरूपण यो तृतीय अधिकरणमा गरिन्छ ।]

वर्ण आश्रम जाति सम्बन्धी धर्मको विवाद विषयमा व्यवस्थागर्ने काममा नियुक्त चाहिने गुणले सम्पन्न धर्मस्थ—अमात्य (न्यायाधीश) हरू तीन तीन जना मिलेर १ जनपदसन्धि—अर्थात् देशको सीमानामा रहेको अन्तपालदुर्ग (सीमारक्षक किल्ला) मा, २ संग्रहण—(दश गाउँको मुख्य) ठाउमा, ३ द्रोणमुख—(चारसय गाउँको मुख्य) सदर ठाउमा, ४ स्थानीय—(आठसय गाउँको मुख्य)सदर मूल स्थान (राजधानी) यी तीन ठाउमा रहेर व्यवहार (मुद्दा) सम्बन्धी निर्णयको व्यवस्था-कार्य गर्ने गरून् ।

व्यवहार स्थापना—

१ तिरोहित—गुप्त लेन-देन आदि भएको =

(क) स्वामि-तिरोहित = स्वामीको अनुमति नभैकन अकैंले दिएलिएको ।

(ख) देश-तिरोहित = साक्षीहरूको सामुन्नेमा नभएको ।

(ग) काल-तिरोहित = सयवर्षसम्म पनि वास्ता नगरेको ऋण लेनदेन ।

(घ) क्रिया-तिरोहित = देशान्तरमा लेखोट भएको ।

(ङ) द्रव्य-तिरोहित = आँखा पछाडि दोपाया चौपाया आदिको खरीद बिक्री ।

(२) अन्तरगारकृत – घरभित्र लुकेर गरेको ।

(३) नक्तकृत = राति गरेको ।

(४) अरण्यकृत = वन जङ्गलमा गरेको ।

(५) उपधिकृत = छल कपट गरेर गरेको ।

(६) उपह्वरकृत = अरुलाई थाहा नदिई सुटुक्क गरेको।

यसरी कुनै लिन दिन खरीद बिक्री आदि व्यवहार गर्न हुँदैन, गरेको-पनि उचित ठहर्दैन। यसरी गर्ने गराउनेलाई पूर्व-साहस (२५०) दण्ड हुन्छ। यस्तो व्यवहारमा लाग्ने जान्ने सुन्ने प्रत्येकलाई त्यसको आधा (१२५) दण्ड हुन्छ। छल कपट नगरीकन विश्वास हुने गरी गरेकोमा सो विषयमात्र सदर हुन्छ, दण्ड हुँदैन।

अपवाद—

(१) टाढाको घर-खेत आदि धीतो राखेर गरेको ऋण, लिनदिन र अमुकको ज्यथा वस्तुहरूको व्यवहार फलानाले गरे हुन्छ भन्ने मन्जुरी भएकोमा मालिकको सामुन्ने नभए पनि सदर हुन्छ।

(२) घरभित्र गरेको अंशबण्डा, धीतो, बन्धक, नासो, धरोट, दाइजो, पेवाहरूको विषय र, बाहिर ननिस्कने स्त्री जाति, होस ठीक भएका रोगीहरूको व्यवहार पनि सदर हुन्छ।

(३) रातिगरेको साहस—(चोरी डाँका, बलात्कार आदि), अर्काको धन आफ्तो घरमा पसाउँदाको झगडा, विवाह-सम्बन्धी, राजाज्ञाबाट भएको र बेलुकापखको रातमा व्यवहार गर्नेहरूको व्यवहार पनि सदर हुन्छ।

(४) व्यापारीवर्ग, गोठाला, आश्रममा रहने, व्याधा, चारण (फिरन्त) जंगलमा बस्नेहरूको व्यवहार जङ्गलमा गरेको पनि सदर हुन्छ।

(५) जाली सिक्का बनाउनेहरूको व्यवहार छल कपटको भए पनि सदर हुन्छ।

(६) स्त्री-पुरुषहरूको गन्धर्व विवाह आदि सुटुक्क गरेको पनि सदर हुन्छ।

यी भन्दा अरु निषिद्ध देश कालमा भएका व्यवहार सदर हुंदैनन्। अर्काको अधीनमा रहने नोकर चाकरले गरेको, बाबु छँदै छोराले गरेको, घरव्यवहारगर्ने छोरा छँदैमा व्यवहार नगर्ने बाबुले गरेको, कुलबाट च्युत दाजू भाईले गरेको, न छुट्टिएको कान्छो छोराले गरेको, समर्थलोग्ने भएकी स्त्रीजातिले गरेको, कमारो बाँधाले गरेको, सोह्र वर्ष नपुगेको नाबालक र व्यवहार छोडिसकेको सत्तरी वर्ष नाघेको बूढोले गरेको, अभिशस्त महापातकको-बात लागेको, सन्यासी, लाटो, बहिरो आदि अङ्ग-विकल, व्यसनमा लम्पट, यस्ताले गरेको व्यवहार सदर हुँदैन। मुख्यमानिस बाबु आदिले व्यवहार गर्न अधिकार दिइएको पुत्र आदिले गरेको व्यवहार भने सदर हुन्छ। त्यस्तोमा पनि रिसले अन्धो, मत्त, उन्मत्त, थुनामा परेकोले गरेको

व्यवहार सदर हुँदैन। यस्तो-व्यवहार गर्ने, गराउने, जान्ने-सुन्ने प्रत्येकलाई अघिलेखिए बमोजीम दण्ड हुन्छ।

आफ्नो आफ्नो वर्गमा आफ्नो आफ्नो ठाउँ समयमा, आफ्नो आफ्नो रीतपूर्वक गरिएका सबै व्यवहारहरू सिद्ध हुन्छन्—सदर हुन्छन्।

विवाद पद निबन्ध

लिखत पत्रहरू अगाडि पछाडि फरक फरक भएमा धन लिनु दिनु किन्नु बेच्नु, भोगबन्धकहरू बाहेक पछिल्लो नै विश्वास-योग्य हुन्छ।

लिखतमा वर्ष, ऋतु, महिना, पक्ष, दिन, करण (प्रमाण), अधिकरण (स्थानीय आदि कार्यालय-अड्डा), ऋण (लिए दिएको संख्या, समर्थ अवस्था भएका, वेदक (मर्कापार्ने अभियुक्त) आवेदक (उजूर गर्ने–अभियोक्ता) हरूको देश, ग्राम, जाति, गोत्र, नाम, जीविकाहरू लेखेर, वादी र प्रतिवादीको भनाइ कुरा मिलाएर लेखाउनू, लेखेको कुरा जाँचेर शोधन पनि गर्नू।

अगिबाट एकथोक लेखाएर पछिबाट अर्कोथोक भन्दछ, पहिले भनेको कुरासंग पछि भनेको कुरा मिलाउदैन, अर्को चाहीले भनेको बेकामको कुरा समातेर दोष लाउछ कबोल गरिसकेपछि बयान गर भन्दा गर्दैन, कम संख्यामा देखाउछ, भनेको ठाउभन्दा अर्कै ठाउ देखाउछ, विराम देखिइसके पनि त्यसो होइन भन्दछ, साक्षीहरूले सिद्ध गरेको कुरा पनि मान्दैन, कुरा गर्न नहुने ठाउमा लगी साक्षीहरूसंग कुरा गर्दछ भने त्यसले हार्दछ।

साछीको बयानबाट आफू पराजित हुनेलाई वीगाको पञ्चमांश दण्ड, साछी नभइकन पनि आफूले भनेको सिद्ध गर्न नसकी पराजित हुनेलाई विगाको दशांश दण्ड लाग्दछ, मुद्दा हेर्ने कर्मचारीको वेतनका निमित्त विगाको अष्टमांश, साक्षीहरू ल्याउँदाको बाटाको खाना खर्च अनाजहरूको मूल्य अनुसार पनि दिनुपर्दछ।

त्यस मानिसलाई कसैले गरेको अभियोग (उजूर) किनारा नलागेसम्म त्यही मानिसले अगि अभियोग गर्नेका उपर अर्को अभियोग गर्न हुदैन। तर कलह साहस सङ्घविषयक अर्को अभियोग अभियोक्ता उपर गर्न हुन्छ। यौटाले अभियोग लगाइएकोलाई त्यो अभियोगको किनारा नलगाएसम्म त्यस उपर अर्काले अभियोग पनि गर्न हुदैन।

अभियुक्त—अभियोग लागेको मानिसले अभियोक्तालाई जवाफ दिइसके पछि त्यसै दिन तुरुन्तै अभियोक्ताले प्रत्युत्तर (जवाफ) दिएन भने त्यो पराजित हुन्छ। किनभने–अभियोक्ताले अगिबाटै गर्ने कामको अठोट गरिसकेको हुन्छ, अभियुक्त त्यस्तो हुँदैन। अभियुक्त (वादी) ले अभियोगको कुरा

सुनिसकेपछि तुरुन्त जवाफ नदिए पनि जवाफ दिनलाइ ३ देखि ७ रात सम्मको अवधि पाउछ। यति अवधिसम्ममा पनि जवाफ दिन नशकेमा तीन पणदेखि १२ पण हदसम्मको दण्ड गर्नू। ३ पक्ष (४५ दिन) सम्म पनि जवाफ नदिएमा हार्नेलाइ हुने वीगाको पञ्चमाश दण्ड गरेर अभियुक्तको ज्यथावाट अभियोक्ताको द्रव्य (जिन्सी नगदी) भराइदिनू। तर त्यसको जीवन वृत्ति चलाउने सामानहरू भने नलिनू। अभियुक्त यदि भाग्यो भने पराजित हुदा हुने दण्ड गर्नू। अभियोक्ता अभियोगको किनारा नलागीकन भागेमा तुरुन्तै पराजयको दण्डभागी हुन्छ। पराजित हुने ठहरिएको अभियुक्त वा अभियोक्ता मर्न गएमा वा संकटग्रस्त भएमा साक्षीहरूले सिद्ध गरे बमोजीम त्यसका छोरा आदि हकदारबाट भरिभराउ गर्नुपर्दछ।

हार्ने अभियुक्तबाट द्रव्यहरू उपर हुननसकेमा अभियोक्ताले नै सरकारी दण्ड बुझाइदिएर सो दण्ड बापतमा अभियोक्ताले अभियुक्तलाई—विना वेतनको काम गराउनू, किंवा सो द्रव्य बापत त्यसका बन्धु बान्धवलाई (बाधा) लेखाईलिनू। अभियोक्ताले अभियुक्तलाई काममलाउँदा आफूलाई अनिष्ट नहोस् भनेर आत्मरक्षा पनि गर्नु पर्दछ। यसरी अभियुक्तलाई काम जोताउनु अभियुक्त ब्राह्मण छ भने काम नलाउनू।

श्लोकार्थ :—

१—राजधर्मलेनै चारै वर्ण चारै आश्रमको धर्म र आफ्नो आफ्नो सदाचारको पनि रक्षा गर्ने हुनाले नाशिन लागेका सबै धर्मलाई चलाइराख्ने गर्दछ।

२—विवादको विषयमा निर्णय गर्ने १ धर्म (धर्मशास्त्रोक्त विधि निषेध), २ व्यवहार (अर्थशास्त्रीय व्यवस्था) ३ चरित्र (देशाचार कुलाचार लोकाचार आदि) ४ राजशासन अगिका तीन भन्दा प्रबल हुन्छ।

३—यी मध्यमा धर्म सत्यमा अडेको छ, व्यवहार साक्षीमा अडेको छ, चरित्र लोकको परम्परामा अडेको छ, राजाको आज्ञा नै राजशासन हो।

४—प्रजाहरूलाई धर्मपूर्वक रक्षा गर्नु नै राजाको स्वधर्म हो। त्यसैबाट राजालाई स्वर्गलाभ हुन्छ। यसको विपरीत प्रजाहरूको रक्षा नगर्ने अनुचित दण्ड प्रयोग गर्ने राजालाई नरक मिल्दछ।

५—राजाले छोरामा र शत्रुमा दोष अनुसार समान प्रयोग गरिएको दण्डले नै यो लोकलाई र परलोकलाई पनि रक्षा गर्दछ।

६—धर्म व्यवहार संस्था (लोकाचार) न्याय यी ४ उपायको आधारमा शासन गर्ने राजा चार समुद्र पर्यन्त पृथिवी विजय गर्न शक्तछ।

७—व्यावहारिक शास्त्रको कुरा लोकाचार वा धर्मशास्त्रसंग विरुद्ध हुनगयो भने धर्म शास्त्र अनुसार नै निर्णय गर्नू।

८—कुनै धर्म-संमत राजकीय न्यायसंग धर्म शास्त्रको कुरा नमिल्ने भएमा राजकीय न्याय नै प्रमाण मान्नुपर्दछ। देश काल परिस्थिति अनुसार धर्म शास्त्रको कुरा त्यहाँ छोपिन्छ।

९—कार्यको निर्णय गर्ने कुरा १ देखिएको दोष, २ आफै मञ्जुर गर्नु, ३ वादी र प्रतिवादीको कुरामा छल कपट नभएको सवाल-जवाफ, ४ शपथ गर्नु, यी कारण हुन्छन्।

१०—अगि भनेको पछि भनेको कुरा विरुद्ध भएमा, साक्षीहरूमा बन्धुपना आदि कुनै दोष भएमा, कैद थुनाबाट भागेमा, हार सिद्ध हुन्छ।

अथ द्वितीयोऽध्यायः

५९ प्रकरणे—विवाहसंयुक्ते विवाहधर्मःस्त्रीधनकल्प आधिवेदनिकम्

विवाहपूर्वो व्यवहारः। कन्यादानं कन्यामलंकृत्य ब्राह्मो विवाहः। सहधर्मचर्या प्राजापत्यः। गोमिथुनादानादार्षः। अन्तर्वेद्यामृत्विजे दानाद्दैवः। मिथःसमवायाद्गान्धर्वः। शुल्कादानादासुरः। प्रसह्यदानाद्राक्षसः। सुप्तादानात्पैशाचः। पितृप्रमाणाश्चत्वारः पूर्वे धर्म्याः। मातृपितृप्रमाणाः शेषाः। तौ हि शुल्कहरौ दुहितुः। अन्यतराभावेऽन्यतरो वा। द्वितीयं शुल्कं स्त्री हरेत्। सर्वेषां प्रीत्यारोपणमप्रतिषिद्धम्। वृत्तिराबन्ध्यं वा स्त्रीधनम्। परद्विसाहस्रा स्थाप्या वृत्तिः। आबन्ध्यानियमः।

तदात्मपुत्रस्नुषाभर्मणि प्रवासाप्रतिविधाने च भार्याया भोक्तुमदोषः। प्रतिरोधकव्याधिदुर्भिक्षभयप्रतीकारे धर्मकार्ये च पत्युः। सम्भूय वा दम्पत्योर्मिथुनं प्रजातयोस्त्रिवर्षोपभुक्तं च धर्मिष्ठेषु विवाहेषु नानुयुंजीत। गान्धर्वासुरोपभुक्तं सवृद्धिकमुभयं दाप्येत। राक्षसपैशाचोपभुक्तं स्तेयं दद्यात्। इति विवाहधर्मः।

मृते भर्तरि धर्मकामा तदानीमेवास्थाप्याभरणं शुल्कशेषं च लभेत । लब्ध्वा वा विंदमाना सवृद्धिकमुभयकं दद्यात् । कुटुम्बकामा तु श्वशुरपतिदत्तं निवेशकाले लभेत । निवेशकालं हि दीर्घप्रवासे व्याख्यास्यामः । श्वशुरप्रातिलोम्येन वा निविष्टा श्वशुरपतिदत्तं जीयेत । ज्ञातिहस्तादभिमृष्टाया ज्ञातयो यथागृहीतं दद्युः । न्यायोपगतायाः प्रतिपत्ता स्त्रीधनं गोपायेत् । प्रतिदायं विन्दमाना जीयेत । धर्मकामा भुंजीत । पुत्रवती विन्दमाना स्त्रीधनं जीयेत । तत्तु स्त्रीधनं पुत्रा हरेयुः । पुत्रभरणार्थं वा विन्दमाना पुत्रार्थं स्फातीकुर्यात् ।

वहुपुरुषप्रजातानां पुत्राणां यथापितृदत्तं स्त्रीधनमवस्थापयेत् । कामकारणीयमपि स्त्रीधनं विन्दमाना पुत्रसंस्थं कुर्यात् । अपुत्रा पतिशयनं पालयन्ती गुरुसमीपे स्त्रीधनमाआयुःक्षयाद्भुञ्जीत । आपदर्थं हि स्त्रीधनम् । ऊर्ध्वं दायादं गच्छेत् । जीवति भर्तरि मृतायाः पुत्रा दुहितरश्च स्त्रीधनं विभजरेन् । अपुत्राया दुहितरः । तदभावे भर्ता । शुल्कमन्वाधेयमन्यद्वा बन्धुभिर्दत्तं बान्धवा हरेयुः । इति स्त्रीधनकल्पः ।

वर्षाण्यष्टावप्रजायमानामपुत्रां वन्ध्यां चाकांक्षेत दश निन्दुम् । द्वादश कन्याप्रसविनीम् । ततः पुत्रार्थी द्वितीयां विन्देत । तस्यातिक्रमे शुल्कं स्त्रीधनमर्थं चाधिवेदनिकं दद्यात् । चतुर्विंशतिपणपरं च दण्डम् । शुल्कस्त्रीधनमशुल्कस्त्रीधनायास्तत्प्रमाणमाधिवेदनिकमनुरूपां च वृत्तिं दत्त्वा वह्वीरपि विन्देत । पुत्रार्था हि स्त्रियः । तीर्थसमवाये चासां यथाविवाहं पूर्वोढा जीवत्पुत्रां वा पूर्वं गच्छेत् ।

तीर्थगूहनागमने षण्णवतिर्दण्डः । पुत्रवतीं धर्मकामां वन्ध्यां निन्दुं नीरजस्कां वा नाकामामुपेयात् । न चाकामः पुरुषः कुष्ठिनीमुन्मत्तां वा गच्छेत् । स्त्री तु पुत्रार्थमेवंभूतं वोपगच्छेत् ।

नीचत्वं परदेशं वा प्रस्थितो राजकिल्बिषी ।
प्राणाभिहन्ता पतितस्त्याज्यः क्लीबोऽपि वा पतिः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण ५९

(क) विवाह धर्म, स्त्री धर्म, सौताहाल्दा दिइने द्रव्य

[यसमा विवाह धर्म, स्त्री धर्म, आधिवेदनिक (सौताहाल्दा दिइनेद्रव्य)-को वर्णन गरिन्छ ।]

(व्यावहारिक विषयको निरूपणमा मनुहरूले ऋणदानलाई, भार्गव र शुक्रले वास्तुसम्बन्धी विषयलाई, वृहस्पतिले निक्षेप (धरोट) लाई, सबभन्दा पहिले निर्देशन गरेको भए पनि कौटिल्यले गृहस्थ-अवस्थामा रहेपछि मात्र व्यवहारमा अधिकारी हुने र गृहस्थ हुनालाई पहिले वैवाहिक सम्बन्ध नै चाहिने हुनाले सबभन्दा पहिले विवाह सम्बन्धी विषयको वर्णन गरिएको छ ।)

विवाह धर्म—

सबै किसिमका व्यवहारहरू विवाहलाई मूल मानेर हुने हुन्छन् सो विवाह आठ किसिमका हुन्छन्—

१. **ब्राह्म-विवाह**—अलङ्कार समेतकी कन्यालाई दान गरेर दिने ।

२. **प्राजापत्य-विवाह**—वर र कन्यालाई सहधर्मचारी बन भनेर वरलाई कन्या दिइने ।

३. **आर्ष-विवाह**—वरबाट २ गाई लिएर वरलाई कन्या दिइने ।

४. **दैव-विवाह**—यज्ञको वेदीमा ऋत्विक् भएर रहेका वरलाई कन्या दिइने ।

५. **गान्धर्व-विवाह**—कन्या र वरको आफ्नो इच्छाबाट सम्बन्ध भएको ।

६. **आसुर-विवाह**—बाबुलाई वा कन्यालाई शुल्क (द्रव्य) दिएर कन्या लिने ।

७. **राक्षस-विवाह**—जबरजस्ती गरी वरले कन्यालाई हरण गरेर लैजाने ।

८. **पैशाच-विवाह**—सुतीरहेकी कन्यालाई वरले हरण गरेर लैजाने ।

यी आठ तरहका विवाहमा अगाडिका ४ थरीमा पिताले मञ्जुरी गरी दिएर लिइने हुनाले यी विवाह धर्म्य –(धर्मसङ्गत) हुन्छन्. अरु बाँकि चार थरीमा पनि आमा बाबु प्रमाण बन्दछन्. किनभने यिनीहरू छोरीको शुल्क लिन्छन्, आमा बाबु दुइ जनामा एक नभए पनि अर्को चाहीले लिन्छ ।

वरबाट लिइने कबोल बमोजीमको शुल्क बाहेक वरले प्रेमले दिइने शुल्क सो कन्या स्त्रीले नै पाउछे, बाबु आमाले लिदैनन्. वर बाहेक अरु बन्धुबान्धव आदि सबैले कन्यालाई प्रीतिले भूषण आदि दिन हुन्छ। सो अरुको प्रीतिदान पनि कन्याकै धन हुन्छ ।

त्यो स्त्रीधन वृत्ति—(जीविका निमित्तक भूमि नगद) अथवा आवन्ध्य—(पहिरने गहनाहरू) यस्तो दुइ किसिमको हुन्छ । वृत्ति चाहीं उपल्लो दुइ-हजार कार्षापण संम हुन्छ, गहनाचाही यत्ति भन्ने नियम छैन ।

त्यो स्त्रीधन, आफ्नो, छोराको, छोराबुहारीको भरण पोषणमा र पति परदेश गएमा जीविकाको सङ्कट परेमा पनि स्त्रीले उपभोग गर्न हुन्छ । पतिलाई नदिइहुन्न भनि अरु कसैले धर पकड गरेमा, रोगको चिकित्सामा, दुर्भिक्षको बचाउमा र धर्मकार्यमा पनि पतिले स्त्री धनको उपयोग गरेमा दोष लाग्दैन । ती स्त्रीपुरुषको १ छोरा, १ छोरी जन्मी सकेपछि दुवै मिलेर ३ वर्ष सम्म उपभोग गरेमा, ब्राह्म आदि अगिका चार किसिमका धर्म्यं विवाह भएकोमा भर्ना गर भन्न हुदैन । गान्धर्व र आसुर विवाह भएकोमा माथि भनेको दुवै किसिमको स्त्रीधन खर्च गरेमा व्याज समेत पतिले भर्ना दिनुपर्छ—राक्षस र पैशाच दुइ विवाह भएकोमा स्त्रीधन उपभोग गरेको भए सो भर्ना दिई चोरीको दण्ड पनि तिर्नुपर्दछ. यो वैवाहिक धर्म (नियम) को वर्णन गरियो ।

स्त्रीधन—

लोग्ने मरिसकेपछि आफूलाई र पतिलाई कल्याण हुने धर्म गर्न चाहेमा स्त्रीले उत्तिखेरै जिउमा लाएको गहना उतारेर, सो शुल्क मध्यको लोग्ने स्वास्नी दुबैले खाएर बाँकि रहेको अरु गहना पनि खर्च गर्न पाउछे । त्यो लिइसकेपछि त्यो स्त्री अर्कासंग पोइल जान लागी भने त्यसले गहना र शुल्कको शेष व्याज समेत बुझाउनु पर्दछ । छोरा, छोरीको इच्छाले देवरसंग लागी भने ससुरा र पतिले दिएको स्त्रीधन निवेशकाल अर्थात् दीर्घ प्रवास आदि पछि भनिने समयमा पाउछे ।

ससुराको आज्ञा नमानेर अर्कोसँग पोइल गएमा ससुराले र पतिले

दिएको प्रीतिदान (पेवा) स्त्रीले फर्काउनुपर्दछ । पति छँदै अर्कोसँग पोइल गएमा त्यो नयाँ पोइले ससुरा पतिले दिएको जति प्रीतिदान (पेवा) ससुरा पतिलाई बुझाउनुपर्दछ ।

न्यायपूर्वक देवरसँग बस्ने स्त्रीको धन त्यो लैजानेले हिफाजत गरेर राखिदिनू, आफूले खान हुँदैन । स्त्रीले अर्को पोइ लिएको पतिको अंश पाउदिन, मरेको पतिको सत्य नडगाई स्वधर्ममा रहन्छे भने पाउछे । छोरा भईकन पनि अर्को पोइ लिई भने त्यो स्त्रीले स्त्रीधन बुझाउनुपर्दछ, आफूले पाउन्न, स्त्रीधन छोराहरूले पाउँछन् छोराहरूको भरण पोषणका निमित्त अर्को पोइ लिएको भए छोराकै निमित्त त्यो स्त्रीधन बढाएर राख्नुपर्दछ ।

धेरै पोइबाट धेरै छोरा पाएकी स्त्रीले उस उस पोइले दिएको स्त्रीधन उस उस छोराका निमित्त राखिछोड्नुपर्दछ । स्त्रीधन आफूखुशी गर्न पाइनेभए पनि अर्को पोइ लिएपछि छोरालाई नै बुझाउनु पर्दछ । छोरो नभएको पतिको शय्याको धर्म पालन गरी रहेकी स्त्री गुरुजन (सासु ससुराहरू) को आधारमा रही बाँचुनजेल स्त्रीधनको उपभोग गर्न पाउछे । स्त्रीधन आपत्तिको निमित्त हो । त्यसको शेष पछि बाँकी रहेको स्त्रीधन हकदारले पाउछन् ।

पति जिउँदो छँदै मरेकी स्त्रीको स्त्रीधन उसका छोरा छोरीले बाँडेर लिनू, छोरा छैनन् भने छोरीले लिनू, छोरी पनि नभए पतिले लिनू । शुल्क, अन्वाधेय (बाबुकहाँबाट ल्याएको दाइजो) बन्धु बान्धवहरूले दिएको प्रीतिदान पनि बान्धवहरूले पाउँछन् । स्त्रीधनको विषयमा यी नियम वणन गरिए ।

आधिवेदनिक—

विवाह गरेपछि छोरा-छोरी भएनन्, वा यौटा मात्र भई फेरी भएन किंवा बाँझी नै रही भने आठ वर्षसम्म होलाकि भनि पर्खनुपर्दछ । विन्दु[1] भएका मर्दं जाने भए दश वर्ष पर्खनू, छोरी मात्र पाए बाह्र वर्षसम्म, अनि छोराको उद्देश्यले दोस्री स्त्रीको विवाह गर्नू ।

यो भनेको समयको नियमको पालन नगरेमा शुल्क स्त्रीधन र आधिवेदनिक (सौताहाल्दा पहिली स्त्रीलाई दिनुपर्ने धन) अधिविन्ना सौताहालिएकी स्त्रीलाई दिनू । नियमलङ्घन गरेबापत उपल्लो चौविस पणजति दण्ड पनि तिर्नू ।

शुल्क र स्त्रीधन त्यो नभए पनि त्यो बराबरको आधिवेदनिक (सौताहाल्दा दिनुपर्ने द्रव्य) सुहाउदो जीविकागर्ने बाटो पनि अगिल्लीलाई दिएर

---

[1] 'निन्दु' इति पाठान्तरम् ।

धेरै विवाह पनि गर्न हुन्छ। किनभने, छोरा पाउनाका निमित्त नै स्त्री चाहिन्छन्। छोरा नभएमा दोस्रो तेस्रो आदि विवाह गर्न हुन्छ।

धेरै स्त्री हुनेका स्त्रीको ऋतुकाल एकै बखत पर्न आएमा ब्राह्म आदि विवाहको क्रम अनुसार, समान विवाह भएमा अगाडि विवाह भएको वा छोरा बाँचिरहेको पट्टि पहिले जानू।

ऋतुकाललाई दबाएर नगएमा पतिलाई ९६ पण दण्ड हुन्छ।

छोरा भएकी, धर्ममा लागेकी, बाझी, विन्दु—(एकपल्ट सुत्केरी भएकी (काकबन्ध्या), रज नै नभएकी स्त्रीले नचाहेमा र आफूलाई चाहना नभएमा पनि नजानू। स्त्रीले चाहेपछि कुष्ठरोग भएकी वा बहुलाएकी भए पनि नजानू। परन्तु स्त्रीले पुत्रको निमित्त चाहना गर्छे भने कुष्ठी उन्मत्त पति भए पनि सङ्गम गर्नू।

नीच चरित्र भएको, संदै परदेशमा रहने, राजद्रोही, ज्यानमारा जाति धर्मबाट पतित, नपुंसक पतिलाई स्त्रीले त्याग्नुपर्दछ।

अथ तृतीयोऽध्यायः

५१ प्रकरणे—विवाहसंयुक्ते शुश्रूषाभर्मपारुष्यद्वेषातिचारोपकारव्यवहारप्रतिषेधाश्च

द्वादशवर्षा स्त्री प्राप्तव्यवहारा भवति। षोडशवर्षः पुमान्। अत ऊर्ध्वमशुश्रूषायां द्वादशपणः स्त्रिया दण्डः पुंसो द्विगुणः। भर्मण्यायामनिर्दिष्टकालायां ग्रासाच्छादनं वाधिकं यथापुरुषपरिवापं सविशेषं दद्यात्। निर्दिष्टकालायां तदेव संख्याय बन्धं च दद्यात्। शुल्कस्त्रीधनाधिवेदनिकानामनादाने च। श्वशुरकुलप्रविष्टायां विभक्तायां वा नाभियोज्यः पतिः। इति भर्म।

नग्ने विनग्ने न्यङ्गे अपितृके अमातृके इत्यनिर्देशेन विनयग्राहणम्। वेणुदलहस्तानामन्यतमेन वा पृष्ठे त्रिराघातः। तस्यातिक्रमे वाग्दण्डपारुष्यदण्डाभ्यामर्धदण्डाः। तदेव स्त्रिया भर्तरि प्रसिद्धमदोषाया ईर्ष्याया बाह्यविहारेषु द्वारेषु अत्ययो यथानिर्दिष्टः। इति पारुष्यम्।

भर्तारं द्विषती स्त्री सप्तार्तवान्यमण्डयमाना तदानीमेव स्थाप्याभरणं निधाय भर्तारमन्यया सह शयानमनुशयीत। भिक्षुक्यन्वाधिज्ञातिकुलानामन्यतमे वा भर्ता द्विषत् स्त्रियमेकामनुशयीत। दृष्टलिङ्गे मैथुनापहारे सवर्णापसर्पोपगमे वा मिथ्यावादी द्वादशपण दद्यात्। अमोक्ष्या भर्तुरकामस्य द्विषती भार्या भार्यायाश्च भर्ता। परस्परं द्वेषान्मोक्षः। स्त्रीविप्रकाराद्वा पुरुषश्चेन्मोक्षमिच्छेद्यथागृहीतमस्यै दद्यात्। पुरुषविप्रकाराद्वा स्त्री चेन्मोक्षमिच्छेत्, नास्यै यथागृहीतं दद्यात्। अमोक्षो धर्मविवाहानाम्। इति द्वेषः।

प्रतिषिद्धा स्त्री दर्पमद्यक्रीडायां त्रिपणं दण्डं दद्यात्। दिवा स्त्रीप्रेक्षाविहारगमने षट्पणो दण्डः। पुरुषप्रेक्षाविहारगमने द्वादशपणः। रात्रौ द्विगुणः। सुप्तमत्तप्रव्रजने भर्तुरदाने च द्वारस्य द्वादशपणः। रात्रौ निष्कासने द्विगुणः। स्त्रीपुंसयोर्मैथुनार्थेऽनङ्गाविचेष्टायां रहोऽश्लीलसंभाषायां वा चतुर्विंशतिपणः स्त्रिया दण्डः। पुंसो द्विगुणः।

केशनीवीदन्तनखावलम्बनेषु पूर्वः साहसदण्डः। पुंसो द्विगुणः। शंकितस्थाने संभाषायां च पणस्थाने शिफादण्डः। स्त्रीणां ग्राममध्ये चण्डालः पक्षान्तरं पंच शिफा दद्यात्। पणिकं वा प्रहारं मोक्षयेत्। इत्यतिचाराः। प्रतिषिद्धयोः स्त्रीपुंसोरन्योन्योपकारे क्षुद्रकद्रव्याणां द्वादशपणो दण्डः। स्थूलकद्रव्याणां चतुर्विंशतिपणः। हिरण्यसुवर्णयोश्चतुष्पंचाशत्पणः स्त्रिया दण्डः। पुंसो द्विगुणः। त एवागम्ययोरर्धदण्डाः। तथा प्रतिषिद्धपुरुषव्यवहारेषु च। इति प्रतिषेधः।

राजद्विष्टातिचाराभ्यामात्मापक्रमणेन च।
स्त्रीधनानीतशुल्कानामस्वाम्यं जायते स्त्रियः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे विवाहसंयुक्तप्रकरणे शुश्रूषा-भर्म-पारुष्य-अतिचार-उपकारव्यवहारप्रतिषेधो नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण ५९

३. (ख)सेवा, कुटुम्बको पालन, कठोर व्यवहार, द्वेष, नचाहिदो गर्नु, भलाई गर्ने रोकावट ।

[यसमा शुश्रूषा—(सेवा), भर्म (कुटुम्बको पालन), पारुष्य (कठोर-व्यवहार), द्वेष—(वेमेल), अतिचार—(नचाहिदो गर्नु) उपकार व्यवहार प्रतिषेध भलाई गर्ने काममा रोकावटहरूको वर्णन गरिन्छ ।]

सुश्रूषा—

स्त्री जाति बाह्रवर्ष उमेर भएकी, पुरुष सोह्रवर्ष उमेर भएको, प्राप्तव्यवहार (व्यवहार चलाउने)—बालिग बन्दछन् । प्राप्तव्यवहार भैसकेपछि पनि स्त्रीले सेवा कामकाज गरिन भने त्यसलाई १२ पण, पुरुषलाई २४ पण दण्ड गर्नू ।

भर्म (भरणपोषण)—

घरको कामकाजमा खटाइएकी तर यति समयसम्म भनी नतोकिएकी स्त्रीलाई भरणपोषण गर्नु पुरुषको कर्तव्य अनुसार खाने लाउने खर्च केही बढता नै दिनू, यतिसम्म भनी समय तोकिएकीलाई दिनको यति भन्ने हिसाब गरेर दिनू, शुल्क स्त्रीधन आधिवेदनिकहरू आफूले नलिने र खान लाउन हुने खर्च दिने पनि कबूलियत पतिले गरिदिनू स्त्री ससुराको घरमा बसेकी वा पतिसँग छुट्टिएर बसेकी भए पतिलाइ खान लाउन दिनु पर्ने कर हुँदैन ।

पारुष्य—

आधानाङ्गी, नाङ्गी, अङ्गहीन अन्धी, बहिरी, खोरण्डी, बाबु नभएकी आमा नभएकी, इत्यादि यस्ती उस्ती भन्ने कठोर बोली नगरेर स्त्रीलाई पतिले बदचलनमा तह्लाउने गर्नू । यतिले पनि भएन भने वासको सिप्कनु डोरी हातमा लिएर एक धोकले पिठ्यूमा ३ पल्टसम्म हान्नू । यो नियमलाई लङ्घन गरेमा वाग्दण्ड (गालीगोप्ता) पारुष्यदण्ड (कठोर दण्ड) मा हुनेको आधा दण्ड गर्नू ।

पति बाहिरिया स्त्रीको सोखमा लाग्दा रिसाहा भएर असल स्त्रीले तह्लाउनु पर्ने भएमा पनि माथि भने अनुसारै दण्ड गर्नू । पारूष्यको कुरा यति हो ।

पतिलाई नसहने स्त्री ७ ऋतुकालसम्म पनि शृङ्गार गरेर पतिको शय्यामा नआएमा, त्यसका गहनाहरू आफूले खोसी राखेर पति अर्की स्त्रीलाई लिएर सुत्तछ र स्त्रीले पछितो मानेर रुनुपर्दछ यही त्यसलाई दण्ड भयो।

पतिले स्त्रीलाई सहेन भने असल चरित्र भएकी भिक्षुकी अन्वाधि स्त्रीधनका जिम्मालिने बान्धवहरुमा यौटाको घरमा परपुरुषको स्पर्श पनि नगरेर स्त्री एक्लै वसी रहेकी देखेर पछितो गरी रोओस् यही त्यसको दण्ड हो।

दसी प्रमाण देखिदा देखिदै पनि अरु स्त्रीको संगमको कुरा छिपाउने, किंवा आफै सखीको जस्तो रूप भएकी गुप्तस्त्रीको संगम गरी झुट्टा कुरा गर्ने पतिलाई १२ पण दण्ड गर्नू। भोगको इच्छा नगर्ने पतिलाई नसहने स्त्री वा भोगको इच्छा नगर्ने स्त्रीलाई नसहने पति दुवैले छोड्न पाउदैनन्। पतिस्त्री दुवैले दुवैलाई परस्पर नसहने भएमा दुवैले छोडन हुन्छ।

स्त्रीको अपराधले पुरुष छोड्न चाहन्छ भने त्यो स्त्रीद्वारा लिएको सबै धन बुझाइदिएर छोड्न पाउछ। पतिको अपराधले स्त्री छोड्न चाहन्छ भने पतिले दिएको स्त्रीधन उसलाई नदिइकनै छोड्न पाउछे, तर यो छोड्ने विधान चार किसिमका धर्म्य-विवाह भएकोमा होइन, त्यसदेखि बाहेकका विवाहमा मात्र हो।

अतिचार—

पतिले निषेध गर्दा पनि स्त्री घमण्डी भएर मद्यपानको-क्रीडामा लागी भने ३ पण दण्ड गर्नू। दिउसै स्त्री जातिको नाच तमासा हेर्न बगैचा आदिमा सयल गर्न गएमा १२ पण दण्ड गर्नू। रातिमा गएकी भए २४ पण दण्ड गर्नू।

पति सुतेको, नसामा मस्त भएको, बेला पारी घर छोडेर स्त्री बाहिर गएमा, बाहिरबाट घरमा आउने पतिलाई ढोका नखोलिदिएको भए, २४ पण दण्ड हुन्छ।

स्त्री वा पुरुषले कामभावले कामचेष्टा गरेमा वा एकान्तमा अश्लील (लाजलाग्ने) कुरा गरेमा, स्त्रीलाई ४२ पण, पुरुषलाई ४८ पण दण्ड हुन्छ। केश, नीवी (फरियाको मुजा) समातेमा, दन्तक्षत, नखक्षत गरेमा स्त्रीलाई पूर्वसाहस (२५०) पुरुषलाई त्यसको दुगुना (५००) दण्ड हुन्छ। शङ्का लाग्ने ठाउमा स्त्री पुरुषले कुरा गरेमा १ पणको सट्टा बाँसको कप्टयारोले हान्ने दण्ड हुन्छ, गाउका मानिसको सामुन्नेमा स्त्रीलाई दण्ड स्त्रीलाई चण्डाल जातिको मानिसद्वारा एकापट्टि कोखामा ५ पटक कप्ट्यारोले हान्न लाउनू : अथवा त्यसको सट्टामा १ चोटको सट्टा १ पण दण्ड गर्नू। अतिचारको कुरा सकियो।

रोकावट—

परस्पर व्यवहार नगर्नू भनि रोकिएका स्त्री पुरुषले परस्परलाई सौगात बकसहरू दिएमा, माला चन्दन आदि सानो तिनो वस्तु दिएको भए १२ पण, वस्त्र भूषण आदि ठूलो वस्तु दिएको भए २४ पण, नगद सुन दिएको भए ५४ पण स्त्रीलाई, त्यसको दोवर (२४, ४८, १०८) पुरुषलाई दण्ड हुन्छ । यही कुरा अगम्य-दिदी बहिनी-दाज्यू भाई आदि स्त्री पुरुषहरूमा सोझै भावले भए पनि दिएकोमा पछि सो व्यवहार बढदै नजाओस् भनेर त्यसको आधा दण्ड (२७ पण) हुन्छ ।

यस्तै परस्पर दिने लिने व्यवहार नगर्नूं भनि रोकिएका पुरुष पुरुषमा पनि सो व्यवहार गरेमा यही बमोजीम दण्ड हुन्छ । रोकावटको कुरा बताइयो ।

राजद्रोहको कुरा गर्नाले, दर्पक्रीडा आदि अतिचारले, पतिलाई आफै छोडी निस्कनाले, पनि स्त्री जातिको स्त्रीधन माइतबाट ल्याएको दाइजो शुल्कहरूमा पनि स्वामित्व (हक) हराउदछ ।

अथ चतुर्थोऽध्यायः

५९ प्रकरणे—विवाहसंयुक्ते निष्पतनं पथ्यनुसरणं ह्रस्वप्रवासो दीर्घप्रवासश्च ।

पतिकुलान्निष्पतितायाः स्त्रियाः षट्पणो दण्डोऽन्यत्र विप्रकारात् । प्रतिषिद्धायां द्वादशपणः । प्रतिवेशगृहातिगायाः षट्पणः । प्रातिवेशिकभिक्षुक वैदेहकानामवकाशभिक्षापण्यदाने द्वादशपणो दण्डः । प्रतिषिद्धानां पूर्वः साहसदण्डः । परगृहातिगायश्चतुर्विंशतिपणः । परभार्यावकाशदाने शत्यो दण्डोऽन्यत्रापद्भ्यः । वारणाज्ञानयोर्निर्दोषः पतिविप्रकारात् । पतिज्ञातिसुखावस्थग्रामिकान्वाधिभिक्षुकीज्ञातिकुलानामन्यतमं पुरुषं गन्तुमदोष इत्याचार्याः ।

सपुरुषं वा ज्ञातिकुलम् । कुतो हि साध्वीजनस्य छलं सुखमेतदवबोद्धुम् । इति कौटिल्यः । प्रेतव्याधिव्यसनगर्भनिमित्तमप्रतिषिद्धमेव ज्ञातिकुलगमनम् । तन्निमित्तं वारयतो द्वादशपणो दण्डः । तत्रापि

गूहमाना स्त्रीधनं जीयेत । ज्ञातयो वा छादयन्तः शुल्कशेषम् । इति निष्पतनम् । पतिकुलान्निष्पत्य ग्रामान्तरगमने द्वादशपणो दण्डः स्थाप्याभरणलोपश्च । गम्येन वा पुंसा सह प्रस्थाने चतुर्विंशतिपणः । सर्वधर्मलोपश्चान्यत्र भर्मदानतीर्थगमनाभ्यां पुंसः पूर्वः साहसदण्डः । तुल्यश्रेयसः पापीयसो मध्यमः । बन्धुरदण्ड्यः । प्रतिषेधेऽर्धदण्डः ।

पथि व्यन्तरे गूढदेशाभिगमने मैथुनार्थेन शंकितप्रतिषिद्धाभ्यां वा पथ्यनुसारेण संग्रहणं विद्यात् । तालावचरचारणमत्स्यबन्धकलुब्धकगोपालकशौण्डिकानामन्येषां च प्रसृष्टस्त्रीकाणां पथ्यनुसरणमदोषः । प्रतिषिद्धे वा नयतः पुंसः स्त्रिया वा गच्छन्त्यास्त एवार्धदण्डाः । इति पथ्यनुसरणम् ।

ह्रस्वप्रवासिनां शूद्रवैश्यक्षत्रियब्राह्मणानां भार्याः संवत्सरोत्तरं कालमाकांक्षेरन् । अप्रयाताः संवत्सराधिकं प्रयाताः प्रतिविहिता द्विगुणं कालम् । अप्रतिविहिताः सुखावस्था बिभृयुः । परं चत्वारि वर्षाण्यष्टौ वा ज्ञातयः । ततो यथादत्तमादाय प्रमुञ्चयेयुः । ब्राह्मणमधीयानं दशवर्षाण्यप्रजाता द्वादश प्रजाता । राजपुरुषमाआयुःक्षयादाकांक्षेत । सवर्णतश्च प्रजाता नापवादं लभेत । कुटुम्बर्धिलोपे वा सुखावस्थैर्विमुक्ता यथेष्टं विन्देत जीवितार्थमापद्गता वा ।

धर्मविवाहात्कुमारी परिग्रहीतारमनाख्याय प्रोषितमश्रूयमाणं सप्त तीर्थान्याकांत्तेत । संवत्सरं श्रूयमाणम् । आख्याय प्रोषितमश्रूयमाणं पंच तीर्थान्याकांक्षेत । दश श्रूयमाणम् । एकदेशदत्तशुल्कं त्रीणि तीर्थान्यश्रूयमाणम् । श्रूयमाणं सप्त तीर्थान्याकांक्षेत । दत्तशुल्कं पंच तीर्थान्थश्रूयमाणम् । दश श्रूयमाणम् । ततः परं धर्मस्थैर्विसृष्टा यथेष्टं विन्देत । तीर्थोपरोधो हि धर्मवध इति कौटिल्यः । दीर्घप्रवासिनः प्रव्रजितस्य प्रेतस्य वा भार्या सप्त तीर्थान्याकांक्षेत । संवत्सरं प्रजाता । ततः पतिसोदर्यं गच्छेत् । बहुषु प्रत्यासन्नं धार्मिकं भर्मसमर्थं कनिष्ठ-

मभार्यं वा । तदभावेऽप्यसोदर्यं सपिण्डं कुल्यं वा । आसन्नमेतेषामेष एव क्रमः ।

एतानुत्क्रम्य दायादान् वेदने जारकर्मणि ।
जारस्त्रीदातृवेत्तारः संप्राप्ताः संग्रहात्ययम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे विवाहसंयुक्ते निष्पतनं पथ्यनुसरणं ह्रस्वप्रवास-दीर्घप्रवासो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण ५९

(ग) पतिका घरबाट निस्कनु, बाटोलाग्नु, छोटो, वा लामो परदेश जानु ।

यस प्रकरणमा स्त्रीको निष्पतन-पतिको घरबाट निस्कनु, पथ्यनुसरण बाटो लाग्नु, ह्रस्व-प्रवास-छोटो परदेश जानु, दीर्घप्रवास लामो परदेश जानु यति कुराको विषयमा लेखिन्छ :—

निष्पतन—

पतिले केही बिगार नगरीकनै प्राप्तव्यवहार (बालिग) स्त्री पतिको घरबाट निस्केमा ६ पण दण्ड हुन्छ । रोकावट गर्दा गर्दै निस्केमा १२ पण दण्ड हुन्छ । छिमेकको घरपनि नाघेर गएमा २४ पण दण्ड हुन्छ ।

स्त्री जातिले छिमेकी पुरुषलाई आफ्नो घरमा बस्ने ठाउँ दिएमा, पाखण्ड भिक्षुलाई भिक्षा दिएमा, खराब बनियाँसँग माल ताल किनेमा, १२ पण दण्ड हुन्छ । रोक्ता रोक्तै यसो गरेमा पूर्वसाहस (२५०) दण्ड हुन्छ आपद् परेको अवस्था बाहेकमा अर्काकी स्त्रीलाई आफ्नो घरमा बस्ने ठाउ दिएमा पुरुषलाइ १०० पण दण्ड हुन्छ, मेरो घरमा नआऊ भनि रोक्ता रोक्तै पसेमा र थाहा नदिई पसेमा पुरुषलाई दोष लाग्दैन ।

पतिले नसहेर पतिका बन्धु बान्धव सुखी मानिस, गाउँको मालिक, स्त्रीधनको जिम्मा लिने (अन्वाधि) भिक्षुकी, लोग्ने मानिस नभएको दाज्यू भाइको घरमा स्त्री गएमा दोष लाग्दैन भनि आचार्यहरू भन्दछन् ।

कौटिल्य भन्दछन् कि-दाज्यू भाइको घरमा लोग्ने मानिस भए पनि गएमा दोष लाग्दैन, किन भने पतिव्रता स्त्रीले छल गरेर कामाचार गर्दैनन्, छल गरेको कुरा जसको पनि बुझ्न सकिन्छ ।

मरेको रोगी भएको, आपत्परेको, गर्भजन्मने वेलामा बन्धु बान्धवकहाँ जानु निषिद्ध हुँदैन । अवश्य जानुपर्ने कारण परिआएमा पनि रोक्नेलाई १२ पण दण्ड हुन्छ ।

ज्ञातिहरूको घरमा भएपनि लुकेर पसेमा स्त्रीले स्त्रीधन पाउदिन; लुकाएर राख्ने ज्ञातिहरूले पनि शुल्कको शेष पाउदैंनन् । निष्पतन-घर छोडेर जाने विषयमा व्यवस्था यही हो ।

पथ्यनुसरण (पछि लागेर जानु)—

स्त्री पतिको अनुमति नलिई पतिको घरबाट निस्केर अर्को गाउँमा गएमा १२ पण दण्ड हुन्छ : घरोट रहेको गहना नपाउने पनि हुन्छ । कोही जवान मानिस संगै हिडेमा २४ पण दण्ड हुन्छ, पतिको साथमा भएर गरिने धर्म कर्ममा मिल्न पाउँदिन । तर कुटुम्बको भरण पोषणको निमित्त वा तीर्थयात्रा गर्न भनि निस्केमा भने दण्ड हुदैन । अर्काकी स्त्रीलाई अर्को गाउँमा लैजाने पुरुषलाई समान जातिको भए पूर्वसाहस (२५०) दण्ड हुन्छ, निम्न जातिको भए मध्यमसाहस (५००) दण्ड हुन्छ, बन्धु बान्धव भए दण्ड हुँदैन, बन्धु भएपनि रोक्तारोक्तै संग लगेको भए आधा दण्ड हुन्छ । बाटोमा पनि बाटोभन्दा परतिर लुकुवा ठाउमा लगेमा मनको कामनाले लगेको ठहर्छ । यस्तो शङ्का हुने भएकोमा र पतिले हुन्न भन्दा भन्दै लगेकोमा पनि बाटो पहिल्याउदै गएर संग्रहण-(व्यभिचार) जानी त्यसको दण्ड हुन्छ ।

नट, चारण, माझी, व्याधा, गोठालो, महीवाल, वा अरु पनि स्त्रीले बहिर निस्कन हुने जातकी स्त्री, अर्को पुरुषको पछि लागेर गएमा दोष हुदैन । अगिवाटै रोकि राखेकोमा यस्तै जातिकी स्त्री पनि अर्को पुरुषको पछि लागेर गएमा लैजाने पुरुषलाई र जाने स्त्रीलाई पनि अगि भनेकोमा आधा दण्ड हुन्छ ।

पछि लागेर गएको मा व्यवस्था गरियो ।

छोटो प्रवासमा गएका शूद्र वैश्य क्षत्रिय ब्राह्मणकी स्त्रीले क्रमैले एकेक वर्ष बढाएर एक दुइ तीन चार वर्ष सम्म, सन्तान नभएकी भए एकेक वर्ष अरु थपी, सो समय सम्म पतिको बाटो हेरी पर्खनू । पतिले जीविकाको खर्च भरिराखेको भए त्यसको दोबर समय सम्म पर्खनू ।

जीविकाको खर्च नभरेको भए अरु खाने पीने बान्धवहरुले भरणपोषण गर्नू, तर ज्ञातिहरुले ४ वर्ष ८ वर्ष सम्म पर्खनू, त्यसपछि दिएको फिर्ता लिएर छोडिदिनू ।

पढन गएको ब्राह्मण पतिलाई सन्तान नभएकी स्त्रीले १० वर्ष, सन्तान भएको भए १२ वर्ष सम्म पर्खनू । सरकारी काममा गएकोलाई जीवन भर पर्खेर रहनू । यो समयभित्र जातमिल्दाबाट सन्तान जन्माएमा स्त्रीलाई अपवाद (दोष) लाग्दैन । उसका कुटुम्बहरु दरिद्र भएका र अरु खाने पीने हरुले हेरचाह नगर्ने भएका हुँदा जीवनको संकट पर्न आएमा इच्छा माफिक अर्को पोई लिनु हुन्छ ।

धर्म्य-विवाह (४ किसिमको) भएकी अक्षत योनि कुमारीले विवाह गर्ने पति नभनीकन परदेश गएको खवर केही नसुनिने, भएमा ७ पटक रज हुनञ्जेल पर्खनू ; खवर सुनिएमा भने १ वर्ष पर्खनु, भनेर गएको, खवर भने नसुनिने भएमा ५ रजको समय सम्म, खबर सुनिएकोमा १० रजको समयसम्म पर्खनू । शुल्क-धन दिएर परदेश गएको-लाई खवर नसुनिएमा ५ रजको समयसम्म, खबर सुनिएकोमा १० रजको समय सम्म स्त्रीले पर्खनू । यस भन्दा पछि धर्मस्थ न्यायाधीश हरूले फुक्का गरिदिएर त्यो स्त्री इच्छा माफिक पोई लिन पाउछे । रजलाई धेरै समय राख्तामा पुत्रोत्पत्तिरूप धर्मलाई हानि हुने हुन्छ भनि कौटिल्य भन्दछन् ।

लामो परदेश गएको वा सन्यासी भएको वा मरेको पुरुषको स्त्रीले सन्तान नजन्माएकी भए ७ रजको समय सम्म, सन्तान जन्मेको भए १ वर्ष पर्खनू त्यसपछि पतिको सहोदर देवरसँग जानू । देवरहरू धेरै भए पतिको लगत्तै पछिकोलाई रोजनू । सो नभए धर्मात्मा चाहींलाई, त्यस्तै अरु पनि भए भरण पोषण गर्न सकनेलाई, त्यस्तै अर्को पनि भए स्त्री नभएको कान्छोलाई पछ्याउनू । त्यो पनि नभए सहोदर त्योपनि नभए सपिण्ड (१० दिने), त्योपनि नभए सुकुल्य एकै कुलको भैयादलाई पछ्याउनू । यस्ता धेरै भएमा सब भन्दा नजीकको सँग जानू । अगाडि पछाडिको क्रम यही हो !

यी पतिका सहोदर आदि अंशियारलाई नाघेर अर्को पुरुषसँग गएमा र जार पुरुषसँग गएमा पनि जार, स्त्री यस्तालाई दिने लिने लाई पनि स्त्रीसंग्रहणमा (व्यभिचारमा) भने बमोजिमको दण्ड गर्नू ।

अथ पञ्चमोऽध्यायः

६० प्रकरणे—दायविभागो दायक्रमश्च

अनीश्वराः पितृमन्तः स्थितपितृमातृकाः पुत्राः। तेषामूर्ध्वं पितृतो दायविभागः पितृद्रव्याणाम्। स्वयमर्जितमविभाज्यम्। अन्यत्र पितृद्रव्यादुत्थितेभ्यः। पितृद्रव्यादविभक्तोपगतानां पुत्राः पौत्रा वा आचतुर्थादित्यंशभाजः। तावदविच्छिन्नः पिण्डो भवति। विच्छिन्नपिण्डाः सर्वे समं विभजेरन्। अपितृद्रव्या विभक्तपितृद्रव्या वा सहजीवन्तः पुनर्विभजेरन्। यतश्चोत्तिष्ठेत स द्व्यंशं लभेत।

द्रव्यमपुत्रस्य सोदर्या भ्रातरः सहजीविनो वा हरेयुः कन्याश्च। रिक्थं पुत्रवतः पुत्रा दुहितरो वा धर्मिष्ठेषु विवाहेषु जाताः। तदभावे पिता धरमाणः। पित्रभावे भ्रातरो भ्रातृपुत्राश्च। अपितृका बहवोऽपि च भ्रातरो भ्रातृपुत्राश्च पितुरेकमंशं हरेयुः। सोदर्याणामनेकपितृकाणां पितृतो दायविभागः। पितृभ्रातृपुत्राणां पूर्वे विद्यमाने नापरमवलम्बते, ज्येष्ठे च कनिष्ठमर्थग्राहिणम्।

जीवद्विभागे पिता नैकं विशेषयेत्। न चैकमकारणान्निर्विभज्येत। पितुरसत्यर्थे ज्येष्ठाः कनिष्ठाननुगृह्णीयुः। अन्यत्र मिथ्यावृत्तेभ्यः। प्राप्तव्यवहाराणां विभागः। अप्राप्तव्यवहाराणां देयविशुद्धं मातृबन्धुषु ग्रामवृद्धेषु वा स्थापयेयुर्व्यवहारप्रापणात्। प्रोषितस्य वा। सन्निविष्टसमसन्निविष्टेभ्यो नैवेशनिकं दद्युः। कन्याभ्यश्च प्रादानिकम्।

ऋणरिक्थयोः समो विभागः। 'उदपात्राण्यपि विभजेरन् निष्किञ्चनाः' इत्याचार्याः। छलमेतदिति कौटिल्यः। सतोऽर्थस्य विभागो नासतः। 'एतावानर्थः सामान्यस्तस्यैतावान् प्रत्यंश' इत्यनुभाष्य ब्रुवन् साक्षिषु विभागं कारयेत्। दुर्विभक्तमन्योन्यापहृतमन्तर्हितमविज्ञातोत्पन्नं वा पुनर्विभजेरन्। अदायादकं राजा हरेत्। स्त्रीवृत्तिप्रेतकार्यमन्यत्र श्रोत्रियद्रव्यात्। तत् त्रैविद्येभ्यः प्रयच्छेत्।

पतितः पतिताज्जातः क्लीबश्चानंशः। जडोन्मत्तान्धकुष्ठिनश्च। सति भार्यार्थे तेषामपत्यमतद्विधं भागं हरेत्। ग्रासाच्छादनमितरे पतितवर्जाः।

तेषां च कृतदाराणां लुप्ते प्रजनने सति।
सृजेयुर्बान्धवाः पुत्रांस्तेषामंशान् प्रकल्पयेत्॥ १॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये द्वितीयेऽधिकरणे दायविभागे
दायक्रमो नाम पञ्चमोऽध्यायः॥ ५॥

अध्याय ५

प्रकरण ६०

(क) अंशवण्डाविषय र अंशवण्डामा अंशियारको क्रम।

बाबु आमा जीवित छँदै छोराहरूको कुलको सम्पत्तिमा हक हुँदैन। बाबु आमा खसेपछि बाबुको सम्पत्तिमा छोराहरूले अंशभाग गर्नुपर्दछ। छोराहरूले बाबुको सम्पत्तिको आधार लिएर कमाएको बाहेक अरू आफू आफूले कमाएको धन भाइ भाइमा भाग लाउनुपर्दैन, आफूले कमाएको आफ्नै एक्लौटी हुन्छ।

बाबुको सम्पत्ति भाग नलगाईकन परलोक गएकाहरूमा छोरा नातीहरू चार पीढी सम्म बाबुको क्रमबाट अंश पाउने हुन्छन् किनभने चार पीढी सम्म पिण्ड जोरिएकै हुन्छ। पिण्ड फुटे पछि अर्थात् पाचौं पीढीदेखिका सबैले अंश भाग लाउदा बराबर भाग लाउनू।

बाबुको सम्पत्ति नभएका, अथवा बाबु बाबुको भाग अगिवाटै लाइसकेका, तर एकै ठाउमा मिलेर जीविका गरी रहेका छन् भने, तिनीहरूले फेरी अंश भाग लाउनू। तिनमा जसको परिश्रमबाट धन बढेको छ, त्यसले दुइ भाग पाउछ।

छोरा नहुनेको सम्पत्ति सँगै जीविका गरी बसेका सहोदर भाईहरूले पाउछन्, छोरी भए विवाहको खर्च पनि पाउछे। छोरा हुनेको सम्पत्ति धर्मविवाह भएकामा जन्मेका छोराछोरीले पाउछन्; छोरा छोरी नभए

बाँचीरहेको बाबुले बाबुनभए बाबुका जेठा कान्छा भाइले, ती पनि नभए तिनका छोराले पाउछ।

बाबु मरिसकेपछि सहोदर वा असहोदर भाइ भाइले र भाइका छोराहरूले पनि बाबुको एक भाग पाउछन्, अर्थात् जस्तै तीन भाइ नछुट्टिकन मरे तीनमा जेठाका तीन, माहिलाका दुइ, कान्छाका एक छोरा, गरेर छ जना भएमा, बाबु तीन जनाको तीन भाग लगाइ, एक भाग जेठाका तीन छोराले, अर्को भाग माहिलाका दुइ छोराले, अर्को भाग कान्छाका एक छोराले गरी बाडेर लिनू। नछुट्टिएका दुइ भाइमा यौटा मरेकाको तीन छोरा र अर्को जीवित भाइ भएर चार जना भएमा, जम्मा धन २ भाग लगाइ १ भागमा तीन छोराले बाडेर लिनू, अर्को भाग जीवित भाइले लिनू।

सहोदर भाइ भाइका सन्तान भिन्न-भिन्न बाबुभएकाको सगोल सम्पत्ति बाबु बाबुको भाग लगाइ आफ्ना-आफ्ना बाबुको भागबाट तिनका छोराहरूले भाग लिनू।

बाबु छोराहरू सगै छँदा यौटा छोराले कुटुम्ब पालनका निमित्त ऋण लिएर भाग्यो भने साहुले बाबु भएसम्म बाबुलाई, बाबुनभएर भाईलाई, भाइ न भए भाइका छोरालाई समात्नुपर्दछ, जेठो छोरा छउञ्जेल कान्छो छोरालाई नसमात्नू।

बाबु जिउदा छँदैमा बाबुले छोराहरूलाई अंश भाग दिंदा यौटालाई बढी अर्कोलाइ घटी नगराई सबैलाई बराबर भाग दिनू।

कुनै छोरालाई विनाकारण अंश नदिने गर्न पनि हुँदैन। बाबुको सम्पत्ति केही पनि छैन भने जेठाले अरु भाइलाई वदचलनका छैनन् भने पाल्नुपर्दछ।

भाइ भाइले अंश गर्दा १६ वर्ष नाघेर बालिक भएपछि भाग लगाउनू कम उमेर हुने चाहींको भाग, ऋणहरू तिर्नुपर्ने तिरी बाकिरहेको जति तेस्को उमेर नपुगुञ्जेल मामाहरू वा गाउँका बुढापाकाहरूका जिम्मापा राखिदिनू। कुनै भाइ परदेश गएको भए उसको भाग मावली वूढा पाकाको जिम्मामा राखिदिनू।

विहावारी भइसकेका भाइले विवाह नभएको भाइलाई विवाह गर्न चाहिने खर्च, विवाह नभएका छोरीलाइ विवाह खर्च पर सारिदिनू।

ऋण र धनको भाग बराबर हुन्छ। अर्थात् जुन अनुसार अंशभाग लागेको छ त्यही अनुसार ऋण पनि बाड्नुपर्छ।

अकिञ्चन भएपनि पानीको भाडो सम्मपनि बाड्नुपर्दछ भनि आचार्यहरू भन्दछन्। कौटिल्य भने त्यो छल कपटको कुरा हो, भएको धनको पो भाग हुन्छ, नभए केको भाग, अर्थात् जे जति छ त्यही सम्पत्ति हो ।

सगोल धन यति छ, यसबाट यसको यति भाग लाग्दछ, भनि साक्षीहरूलाई बुझाई भाग लाइदिनू। भाग लाउदा वेरीतसग भाग लाएको, वा परस्पर चोरे लुकाएका, वा थाहा नदिई आएको पनि धन फेरि भाग लाउनुपर्दछ ।

अंशखाने कोही नहुनेको सम्पत्ति स्त्रीहरूको जीविका र मरेपछिको क्रियाहरूलाई लाग्ने खर्च पर सारेर बाँकि राजाले लिनू, तर वैदिक ब्राह्मणको सम्पत्ति राजाले नलिनू, त्यो उस्तै वैदिकहरूलाई बाडिदिनू ।

जातबाट पतित र पतितबाट जन्मेको र नपुंसकले पनि अंश पाउदैनन् । लठ्यान्रो, बहुला, अन्धो, कुष्ठरोगीहरूले पनि अंश पाउदैनन्। त्यस्ताको विवाह भएको छ र सन्तान सद्दे जन्मेको छभने त्यस्ले भाग पाउँछ । अरु पतित भन्दा बाहेकले खान, लाउन पाउँछन् ।

जड बहुलाहरू विवाह भएपनि सन्तानोत्पादन गर्ने शक्ति नभएका भए तिनका स्त्रीहरूबाट बान्धवहरूद्वारा छोरा पैदा गराइदिनू। त्यो छोराले भाग पाउछ ।

अथ षष्ठोऽध्यायः

६० प्रकरणे—दायविभागे अंशविभागः

एकस्त्रीपुत्राणां ज्येष्ठांशः । ब्राह्मणानामजाः, क्षत्रियाणामश्वाः, वैश्यानां गावः, शूद्राणामवयः । काणलिङ्गास्तेषां मध्यमांशः । भिन्नवर्णाः कनिष्ठांशः । चतुष्पदाभावे रत्नवर्जानां दशानां भागं द्रव्याणामेकं ज्येष्ठो हरेत् । प्रतिमुक्तस्वधापाशो हि भवति । इत्यौशनसो विभागः । पितुः परिवापाद्यानमाभरणं च ज्येष्ठांशः, शयनासनं भुक्तकांस्यं च मध्यमांशः, कृष्णधान्यायसं गृहपरिवापो गोशकटं च कनिष्ठांशः । शेषद्रव्यस्य वा समो विभागः । अदायादा भगिन्यः । मातुः परिवापाद्भुक्तकांस्याभरणभाजिन्यः । मानुषहीनो ज्येष्ठस्तृती-

यांशं ज्येष्ठाल्लभेत। चतुर्थमन्यायप्रवृत्तिर्निवृत्तधर्मकार्यो वा। कामचारः सर्वं जीयेत। तेन मध्यमकनिष्ठौ व्याख्यातौ। तयोर्मानुषोपेतो ज्येष्ठांशादर्धं लभेत्।

नानास्त्रीपुत्राणां तु संस्कृतयोः कन्याकृतक्रिययोरभावे च एकस्याः पुत्रयोर्यमयोर्वा पूर्वजन्मना ज्येष्ठभावः। सूतमागधव्रात्यरथकारणामैश्वर्यतो विभागः। शेषास्तमुपजीवेरन्। अनीश्वराः समविभागा इति। चातुर्वर्ण्यपुत्राणां ब्राह्मणीपुत्रश्चतुरोंशान् हरेत्। क्षत्रियापुत्रस्त्रीनंशान्, वैश्यापुत्रो द्वावंशौ, एकं शूद्रापुत्रः। तेन त्रिवर्णद्विवर्णपुत्रविभागः क्षत्रियवैश्ययोर्व्याख्यातः। ब्राह्मणस्यानन्तरापुत्रस्तुल्यांशः। क्षत्रियवैश्ययोरर्धांशः। तुल्यांशो वा मानुषोपेतः।

तुल्यातुल्ययोरेकपुत्रः सर्वं हरेद्बन्धूँश्च बिभृयात्। ब्राह्मणानां पारशवस्तृतीयमंशं लभेत्। द्वावंशौ सपिण्डः कुल्यो वाऽऽसन्नः स्वधादानहेतोः। तदभावे पितुराचार्योऽन्तेवासी च।

तेषां च कृतदाराणां लुप्ते प्रजनने सति।
सृजेयुर्बान्धवाः पुत्रांस्तेषामंशं प्रकल्पयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
दायविभागस्यांशविभागो नाम षष्ठोऽध्यायः ॥ ६ ॥

अध्याय ६

प्रकरण ६०

(ख) अंशभाग

एकै स्त्रीबाट जन्मेका छोराहरू धेरै भएका ब्राह्मणलाई बोको बाख्री, क्षत्रियलाई घोडा, वैश्यलाई गोरुगाई, शूद्रलाई भेडाहरू जेठाको (जेठाको भाग) हुन्छ। तिनमा काना खोरण्डाहरू माहिलाको भाग, झालेमाले नानारङ्गभएका कान्छाको भाग हुन्छ।

चौपायाहरू नभए रत्नबाहेक अरुवस्तुको दश भागको एकभाग जेठाले पाउँछ । किनभने जेठालाई पितृ कर्म श्राद्ध आदिको पाश लागेको हुन्छ भनि अंश वण्डामा शुक्राचार्यको भनाई छ ।

वावुको ज्यथामध्यबाट सवारी गहना जेठाको भाग, सुत्ने विछाउने र खाएको कांसको भाडा माहिलाको भाग, कालो अन्न तिल आदि र फलामे भाडा ढीकी जातो मुसलहरू गोरू स्मेतको गाडा पनि कान्छाको भाग हुन्छ । अरू वाकि बस्तुमा यौटै मात्र वस्तु भए पनि सवैलाई वरावर भाग लाउनू ।

दिदी वहिनीहरूले अंश पाउँदैनन्, आमाको सामानवाट खाएको कांसको भांडा र गहना पाउंछन् ।

केही पौरख (हुति) नभएको जेठाले जेठाकमध्यवाट तीन खण्डको एक खण्ड मात्र पाउछ । दुराचार अधर्मी भए जेठाक चार भागको एक भाग मात्र पाउछ । जथाभावी चलन भएको भए जेठाक कत्ति पनि पाउंदैन । यही किसिम संग माहिला कान्छाको विषयमा पनि बुझनू । माहिला कान्छामा पौरख (हाँइफाँइ) भएको भए जेठाकको आधा भाग पाउंछ ।

एक जनाका अनेक स्त्रीपट्टि जन्मेका छोराहरू मध्यमा, ती आमाहरू संस्कृता अर्थात् कुनै ब्राह्म विवाह आदि संस्कार भएका र असंस्कृता (गान्धर्व आदि विवाह भएका) भाइले वा विवाह भन्दा पहिले अक्षत-योनि कन्या र कृतक्रिया (क्षत योनि) यस्ता भएर निम्न कक्षाका भई समान किसिमका भएमा, जतापट्टिको भए पनि सवैमा पहिले जन्मेको चाही जेठो ठहर्दछ, यौटीले पाएका दुइटा जमल्याहामा पनि अगीवाट जन्मने जेठो हुन्छ । आमाहरू संस्कृता र असंस्कृता भएमा असंस्कृताको छोरो पहिले जन्मेको भए पनि संस्कृताको छोरा पछि जन्मने जेठो, त्यस्तै कन्या र क्षत-योनि भएको आमाको छोरोभन्दा कन्याको छोरो चाहीं जेठो ठहर्छ ।

सूत (ब्राह्मणीमा क्षत्रियबाट जन्मेको), मागध (क्षत्रियामा वैश्यबाट जन्मेको , व्रात्य (उपनयन भइकनै विवाह भएको ब्राह्मणबाट जन्मेको), रथकार (क्षत्रियामा वैश्यबाट जन्मेको माहिष्यबाट, वैश्यबाट शूद्रामा जन्मेकी करणीमा जन्मेको), यिनीहरूका नाना स्त्रीमा जन्मेका छोराहरूको ऐश्वर्य काम गर्ने सामर्थ्यं अनुसार समर्थले भाग पाउंछ, वांकि अरू त्यसैको आश्रयमा जीविका गर्ने हुन्छन् । सवै एकैनासका भए बराबर भाग पाउने हुन्छन् ।

ब्राह्मणवाट चारै वर्णका स्त्रीमा छोरा जन्मेका भए ब्राह्मणीपट्टीका छोराले ४ भाग, क्षत्रिया पट्टिका छोराले ३ भाग, वैश्यपट्टिका छोराले २ भाग, शूद्रापट्टिका छोराले १ भाग पाउंछ ।

यही अनुसार क्षत्रियको क्षत्रियापट्टिको छोराले तीन भाग, वैश्यापट्टिको छोराले दुई भाग, शूद्रापट्टिको छोराले एक भाग, वैश्यको वैश्यापट्टिका छोराले दुई भाग, शूद्रापट्टिको छोराले एक भाग पाउंछ ।

ब्राह्मणको ब्राह्मणी र क्षत्रियामा एकेक छोरा भएर वैश्या शूद्रापट्टि छोरा छैनन् भने, क्षत्रियाको छोराले ब्राह्मणीको छोराको समान भाग पाउंछ; जेठाक भने पाउँदैन । क्षत्रियको क्षत्रिया र वैश्यापट्टि एकेक छोरा भएर शूद्रा पट्टि छोरा छैनन् भने वैश्या-पुत्रले जेठाक बाहेक, क्षत्रियापट्टिको छोराले पाएको भागको आधा पाउँछः वैश्यापट्टिको छोरा पनि क्षत्रियापट्टिको छोरा जस्तै पौरख भएको जमामर्द छ भने क्षत्रियापट्टिको छोराको बराबर भाग पाउंछ ।

जात मिल्दी वा अमिल्दी स्त्रीपट्टिको एउटै मात्र छोरो छ भने त्यसले सबै सम्पत्ति पाउंछ, अरू कुटुम्ब पनि त्यसैले पाल्नु पर्दछ ।

ब्राह्मणको शूद्रापट्टि जन्मेको पारशव नामको पुत्रलेता त्यो एउटै मात्र भए पनि ३ भागको १ भाग मात्र पाउँछ । अरू २ भाग सपिण्ड वा सकुल्यमा सबभन्दा नजीकको़ले अन्तकर्म गर्न गरो पाउंछ । सो पनि नभए बाबुको गुरु वा शिष्यले पाउछ ।

नियुक्त भएर मातृकुलको या आफ्नो सगोत्र पुरुषले बाबुको सजातीय अपुत्र स्त्रीमा पैदा गरिएको क्षेत्रज-पुत्रले सबै सम्पत्ति पाउँछ ।

अथ सप्तमोऽध्यायः

६० प्रकरणे—पुत्रविभागः

‘परपरिग्रहे बीजमुत्सृष्टं क्षेत्रिण’ इत्याचार्याः । ‘माता भस्त्रा यस्य रेतस्तस्यापत्यमि’त्यपरे । ‘विद्यमानमुभयमि’ति कौटिल्यः । स्वयंजातः कृतक्रियायामौरसः । तेन तुल्यः पुत्रिकापुत्रः । सगोत्रेणान्यगोत्रेण वा नियुक्तेन क्षेत्रजातः क्षेत्रजः पुत्रः । जनयितुरसत्यन्यस्मिन् पुत्रे स एव द्विपितृको द्विगोत्रो वा द्वयोरपि स्वधारिक्थभाग्भवति । तत्सधर्मा बन्धूनां गृहे गूढजातस्तु गूढजः । बन्धुनोत्सृष्टोऽपविद्धः संस्कर्तुः पुत्रः । कन्यागर्भः कानीनः । सगर्भोढायाः सहोढः । पुनर्भूतायाः पौनर्भवः । स्वयं जातः पितृबन्धूनां च दायादः । परजातः संस्कर्तुरेव

न बन्धूनाम् । तत्सधर्मा मातृपितृभ्यामद्भिर्दत्तो दत्तः । स्वयं बन्धुभिर्वा पुत्रभावोपगत उपगतः ।

पुत्रत्वेऽधिकृतः कृतकः । परिक्रीतः क्रीत इति । औरसे तूत्पन्ने सवर्णास्तृतीयांशहराः । असवर्णा ग्रासाच्छादनभागिनः । ब्राह्मणक्षत्रिययोरनन्तरा पुत्राः सवर्णाः । एकान्तरा असवर्णाः । ब्राह्मणस्य वैश्यायामम्बष्ठः । शूद्रायां निषादः पारशवो वा । क्षत्रियस्य शूद्रायामुग्रः । शूद्र एव वैश्यस्य । सवर्णासु चैषामचरितव्रतेभ्यो जाता व्रात्याः । इत्यनुलोमाः । शूद्रादायोगवक्षत्तृचण्डालाः । वैश्यान्मागधवैदेहकौ । क्षत्रियात्सूतः । पौराणिकस्त्वन्यः सूतो मागधश्च । ब्रह्मक्षत्राद्विशेषतः । त एते प्रतिलोमाः स्वधर्मातिक्रमाद्राज्ञः संभवन्ति ।

उग्रान्नैषाद्यां कुक्कुटकः, विपर्यये पुल्कसः । वैदेहिकायामम्बष्ठाद्वैणः, विपर्यये कुशीलवः । क्षत्तायामुग्राच्छ्वपाकः । इत्येतेऽन्ये चान्तरालाः । कर्मणा वैण्यो रथकारः । तेषां स्वयोनौ विवाहः । पूर्वापरगामित्वं वृत्तानुवृत्तं च स्वधर्मान् स्थापयेत् । शूद्रसधर्माणो वा अन्यत्र चण्डालेभ्यः । केवलमेवं वर्तमानः स्वर्गमाप्नोति राजा नरकमन्यथा । सर्वेषामन्तरालानां समो विभागः ।

देशस्य जात्या संघस्य धर्मो ग्रामस्य वापि यः ।
उचितस्तस्य तेनैव दायधर्मं प्रकल्पयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे दायविभागे
पुत्रविभागो नाम सप्तमोऽध्यायः ॥ ७ ॥

अध्याय ७

प्रकरण ६.

(ग) पुत्रहरूको विभेद

अर्काकी स्त्रीमा अर्कैले बीजाधान गररे जन्मेको छोरो त्यो स्त्री जसकी हो उसैको क्षेत्रज छोरो हुन्छ भनि आचार्यहरू भन्दछन् ।

आमाचाहीं भस्त्रा -(छालाको खलाती थैली) जस्तो मात्र हो, जसको बीज हो उसैको छोरो ठहर्छ भनि अरू भन्दछन् ।

क्षेत्र र बीज वाला दुवैको छोरा ठहर्छ भनि **कौटिल्य** भन्दछन्। छोरा यति किसिमका हुन्छन्—

१—औरस—विवाह गरिएकी स्त्रीमा आफैले जन्माएको ।

२—पुत्रिकापुत्र—अपुत्रले यसमा जन्मेको छोरो मेरो भनि कबोल गरे गराएर विवाह गरिदिएकी छोरोको छोरो । यो पनि औरस पुत्र सरहको हुन्छ ।

३—क्षेत्रज—सगोत्र वा भिन्न गोत्रको पुरूषले नियोग पाएर त्यसद्वारा अपुत्रा स्त्रीमा पैदा गराएको ।

(क) बीजाधान गर्नेको अर्को छोरो छैन भने क्षेत्रपति र बीजपति दुवै-बाबुको त्यो छोरो हुदा गोत्र फरक भएमा त्यसको दोहोरा गोत्र हुन्छ, दुवैतिरको पिण्डपानी पनि गर्दछ, सम्पत्ति पनि खान्छ ।

४ गूढज—नियोग नभईकन बन्धुहरूको घर बसेकीले लुकेर पाएको। यो पनि क्षेत्रज सरह हुन्छ।

५ उत्सृष्ट—आमा बाबुहरुले मिल्काएको हुनाले अर्कैले ल्याएर संस्कार गरी पालेको, संस्कार गर्नेको छोरो ।

६ कानीन—कन्या अवस्थामा नै माइतमा जन्मे बढेको मातामहको छोरो।

७ सहोढ—गर्भिणि अवस्थामा विवाह गरिएकी स्त्रीबाट जन्मेको छोरो ।

८ पौनर्भव—पुनर्विवाह भएकोबाट जन्मेको छोरो ।

(१) अक्षत योनि अवस्थामा लोग्ने मरेकोले फेरी अर्का·लाई विवाह गरी दिएकी बाट जन्मेको ।

(ख) लोग्ने छोडेर अर्का संग गएकीको छोरो ।

(ग) लोग्ने मरे पछि कुनै सपिण्ड वा सवर्णलाई दिइएकीको छोरो। यस्ता ३ किसिमका पौनर्भव हुन्छन्। यी छोराहरूमा औरस छोरा जन्माउने वावुको धन्मा र उसका बन्धुहरूको धनमा पनि हक पाउने हुन्छ। अर्काले जन्माएको चाहीं संस्कार गर्नेको मात्र अंश पाउंछ, उसका बन्धुहरूको धन पाउँदैन।

९ दन्त —औरस सरहको आमा वावु हरूले मन्त्रसहित जल हाली दिएर लिएको छोरो।

१० उपागत—आफै म तपाईंको पुत्र भएँ भनि आफै आएको र उसका बन्धुहरूले यो तपाइको पुत्र भनि ल्याइदिएको ।

११ कृतक—तिमी मेरा छोरा भयौ भनि छोरा बनाइएको ।
१२ क्रीत—आमा बावुलाई मोल दिएर किनेर ल्याइएको छोरो ।

यस्ता वनावटी छोराहरू भएकोमा पछिवाट औरस छोरो जन्मे भने वावुको धन ३ भाग गरी २ भाग औरसले, १ भाग अरू छोरा सवर्ण भए भाग लाएर लिन्छन् , अरू छोरा असवर्ण भए खान लाउन मात्र पाउंछन् ।

सवर्ण असवर्ण—

ब्राह्मणको क्षत्रियापट्टिको र क्षत्रियको वैश्यापट्टिको छोरा सवर्णँ हुन्छ, ब्राह्मणको वैश्यापट्टिको छोरो, क्षत्रियको शूद्रापट्टिको छोरो असवर्ण हुन्छ ।

(क) अनुलोम सङ्कर (सुल्टो)

१ अम्वष्ठ—ब्राह्मणवाट वैश्यामा जन्मेको
२ निषाद वा पारशव—ब्राह्मणवाट शूद्रामा जन्मेको
३ उग्र—क्षत्रियवाट शूद्रामा जन्मेको
४ व्रात्य—उपनयन नभई विवाह भएका ब्राह्मण क्षत्रिय वैश्यबाट जन्मेका ।

(ख) प्रतिलोम सङ्कर (उल्टो)

१ आयोगव—शूद्रवाट वैश्यामा जन्मेको ।
२ क्षत्ता—शूद्रबाट क्षत्रियामा जन्मेको ।
३ चाण्डाल—शूद्रवाट ब्राह्मणीमा जन्मेको ।
४ मागध—वैश्यवाट क्षत्रियामा जन्मेको ।
५ वैदेहक—वैश्यवाट ब्राह्मणीमा जन्मेको ।
६ सूत—क्षत्रियबाट ब्राह्मणीमा जन्मेको ।

पुराणको व्याख्या गर्ने रोमहर्षण अर्को नाम भएका सूत र पुराणहरूमा वताइएको मागध पनि माथि लेखिएका सङ्कर जाति सूत मागध भन्दा भिन्न हुन् ।

पौराणिक सूत अयोनिज, ती द्विज हुन् । विष्णुको अंशरूप भनेको हुनाले ब्राह्मण भन्दा पनि श्रेष्ठ र, पौराणिक मागध पनि क्षत्रिय भन्दा श्रेष्ठ हुन् ।

प्रतिलोम सङ्कर जातिहरू राजाले वर्णाश्रम-धर्मको राम्ररी रक्षा नगर्नाले पैदा हुन्छन् ।

(ग) अन्तराल जातिहरू—
(१) कुक्कुटक—उग्रबाट निषादकन्यामा जन्मेको ।
(२) पुल्कष—निषादबाट उग्रकन्यामा जन्मेको ।

(३) वैण—अम्बष्टबाट वैदेहिक कन्यामा जन्मेको ।
(४) कुशीलव—वैदेहकबाट अम्बष्टकन्यामा जन्मेको ।
(५) श्वापक—उग्रबाट क्षत्रा कन्यामा जन्मेको ।
(६) रथकार—वैण जातिको मानिस आफ्नो वृत्ति छोडेर कालीगढी पट्टी लागेको ।

यी अन्तराल जातिको आफू समान जातिमा विवाह हुन्छ । माथिल्लो जातिले तल्लो जातिकी स्त्री लिन हुन्छ । तल्लो जातिकी स्त्रीले माथिल्लो जातको पुरुष लिन हुदैन । आफ्नै पुरानो चालमा रहनु पर्छ । चाण्डाल बाहेक अरू सबै अन्तराल जाति शूर सरह हुन्छ ।

सवै स्थिति सभालेर रहने राजा स्वर्गगामी हुन्छ, नत्र नर्क पर्दछ । अन्तराल जातिमा सवैको अंश-भाग समान हुन्छ ।

देशको जातिको सङ्घको ग्रामको पनि जुन-जुन धर्म परम्परादेखि चलेर आएको छ त्यही अनुसार अंश वण्डाको भाग तजबीज गर्नु पर्दछ ।

अथ अष्टमोऽध्यायः

६१ प्रकरणे—गृहवास्तुकम्

सामन्तप्रत्यया वास्तुविवादाः । गृहं क्षेत्रमारामः सेतुबन्धस्तटाकमाधारो वा वास्तुः । कर्णकीलायससम्बन्धोऽनुगृहं सेतुः । यथासेतुभोगं वेश्म कारयेत् । अभूतं वा परकुड्यादविक्रम्य द्वावरत्नी त्रिपदीं वा पादे बन्धं कारयेत् । अवस्करं भ्रममुदपानं पानगृहोचितमन्यत्र सूतिकाकूपादानिर्दशाहादिति । तस्यातिक्रमे पूर्वः साहसदण्डः ।

तेनेन्धनावघातनकृतं कल्याणकृत्येष्वाचामोदकमार्गाश्च व्याख्याताः । त्रिपदीप्रतिक्रान्तमध्यर्धमरत्निं वा प्रवेश्य गाढप्रसृतमुदकमार्गं प्रस्रवणं प्रपातं वा कारयेत् । तस्यातिक्रमे चतुष्पंचाशत्पणो दण्डः । एकपदीप्रतिक्रान्तमरत्निं वा चक्रिचतुष्पदस्थानमग्निष्ठमुदञ्जरस्थानं रोचनीं कुट्टनीं वा कारयेत् । तस्यातिक्रमे चतुर्विंशतिपणो दण्डः ।

सर्ववास्तुकयोः प्राक्षिप्तक्रयोर्वा शालयोः किष्कुरन्तरिका त्रिपदी वा । तयोश्चतुरंगुलं नीप्रान्तरं समारूढकं वा । किष्कुमात्रमाणिद्वारमन्तरिकायां खण्डफुल्लार्थमसम्पातं कारयेत् । प्रकाशार्थमल्पमूर्ध्वं वातायनं कारयेत् । संभूय वा गृहस्वामिनो यथेष्टं कारयेयुरनिष्टं वारयेयुः । वानलट्याश्चोर्ध्वमाहार्यभागं कटप्रच्छन्नमवमर्शभित्तिं वा कारयेद्वर्षबाधभयात् । तस्यातिक्रमे पूर्व साहसदण्ड । प्रतिलोमद्वारवातायनबाधायां च अन्यत्र राजमार्गरथ्याभ्यः । खातसोपानप्रणालीनिश्रेण्यवस्करभागैर्बहिर्बाधायां भोगनिग्रहे च ।

परकुड्यमुदकेनोपघ्नतो द्वादशपणो दण्डः । मूत्रपुरीषोपघाते द्विगुणः । प्रणालीमोक्षो वर्षति । अन्यथा द्वादशपणो दण्डः । प्रतिषिद्धस्य च वसतो निरस्यतश्चावक्रयणम् । अन्यत्र पारुष्यस्तेयसाहससंग्रहणमिथ्याभोगेभ्यः । स्वयमभिप्रस्थितो वर्षावक्रयशेषं दद्यात् । सामान्ये वेश्मनि साहाय्यमप्रयच्छतः सामान्यमुपरुन्धतो भोगनिग्रहे च द्वादशपणो दण्डः । विनाशयतस्तद् द्विगुणः ।

कोष्ठकाङ्गणवर्जानामग्निकुट्टनशालयोः ।
विवृतानां च सर्वेषां सामान्यो भोग इष्यते ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयाधिकरणे
वास्तुके वास्तुकं नाम अष्टमोऽध्यायः ॥ ८ ॥

अध्याय ८

प्रकरण ६१

[अचल सम्पत्ति सम्बन्धी]

(क) घर घडेरी

घर खेत आदि अचल सम्पत्ति सम्बन्धी झगडामा संधियारहरू नै प्रमाण हुन्छन् ।

घर खेत बगैचा सीमाना बाँध तलाउ पनेरो यी सबै वास्तु भित्र पर्दछन् ।

घर घरका कुनामा फलामका कीलाहरू (लोहकील) गाडेर चौहद्दी छुट्याउनू । सीमानाभित्र भोग अनुसारको घडेरीमा घर बनाउनू । अघि घर नभएको ठाउँमा अर्काको गाह्रोभन्दा २ वित्ता वा ३ पाइला खालि छोडेर आफ्नो घरको जग वसाल्नू ।

अवस्कर (रछान), भ्रम (पानीको ढल), उदपान (पनेरो) हरू घर सुहांउदो अर्कालाई बाधा नहुने गरी बनाउनू । १० दिन भित्रकी सुत्केरीका निमित्त शौच गर्ने ठाउं भने इच्छा माफिकको ठाउँमा वनाएर १० दिन पछि सो ठाउँ चोखो माटोले पुरिदिनू । यो नियम लङ्घन गरे अरूलाई बाधा दिएमा पूर्व साहस (२५०) दण्ड हुन्छ ।

सूतिकाको निमित्त भनिएको कुराबाट व्रत-बन्ध विवाह आदि मङ्गल कर्मका निमित्त दाउरा-हरू फ़ोरफार गर्ने, कुल्ला गरेको पानी मिल्काउने, नाली बनाउने, कुरा पनि कामको वेला संम अनुकूल ठाउँमा बनाई, काम सकिए पछि सफा गराई दिने र अरू कुरा पनि बुझनुपर्दछ ।

ढल वनाउँदा अर्काको गाह्रोबाट ३ पाइला वा डेढ वित्ता हटाएर आफ्नै भूमी भित्र पारी फराकिलो पानी खस्ने रछान वनाउनू । यो कुरा लङ्घन गरेर अरूलाई बाधा दिएमा ५४ पण दण्ड हुन्छ ।

अर्काको गाह्रोबाट ३ पाइला वा १ हात पर हटाएर बयलहरू बाधने ठाउँ, चौपाया राखने ठाउँ, अग्निष्ठ (अगेठी) चुलो, कुटने पिटने ओखल ढिकी जातोहरू राख्ने ठाउँ बनाउनू । यो नियम लङ्घन गरेमा २४ पण दण्ड हुन्छ ।

यी सबै किसिमका मुख्यघर, गोठ घर, ढीकी जातो राख्ने घर, आदि साना घरहरूमा पनि यौटाको अर्कासंग विचमा ३ पाइला वा १ हात ८ अङ्गुल अन्तर पार्नू । दुई घरका छानाको बलेनीमा ४ अङ्गुल फरक पार्नू, अथवा एक माथि अर्को पर्ने गरी नबनाउनू । १ हात ८ अङ्गुलको आणिद्वार (सानो ढोका) पनि टालटुल गर्न निस्कन हुने गरी बनाउनू । उज्यालोको निमित्त माथि सानो झ्याल पनि बनाउनू । छिमेकी-हरूलाई बाधा नपर्ने गरी घरका मालिकहरूले सल्लाह मिलाए अनुसार बनाउनू । वानलटी (घरको वरण्डा) को माथि पानीको वर्षाले बाधा नदेओस भनो छोप्नू पर्नेमा तृण आदिको छानाले छोप्नू ।

घर बनाउँदा अर्कालाई बाधा पार्ने गरेमा पूर्वसाहस (२५०) दण्ड हुन्छ । राजमार्ग (मूल सड़क) बाहेक अरू ठाउमा छिमेकीलाई असजिलो

पर्ने गरी ढोका पनालाहरू बनाएमा र खाडल सिढी पनालो भरेङ मल मूत्र फ्याक्ने ठाउँ हरूबाट बाहिरका मानिसलाई बाधा पार्ने गरी बनाएमा, अर्काको उपभोगमा हानि गराएमा पनि पूर्व साहस (२५०) दण्ड हुन्छ ।

अर्काको गाह्रोमा पानी पारेर हानि गराएमा १२ पण, मल मूत्रले दूषित गराएमा २४ पण, दण्ड हुन्छ । वर्षा भएको बेलामा ढलहरू खोलेर सफा गर्नू, सो नगरेमा १२ पण दण्ड हुन्छ ।

भाडामा बस्ने—

कसैको घरमा भाडा तिरेर यतिसंम बस्ने भन्ने कबोल गरेको मानिसको म्याद पुगेर छोडिदेउ भन्दा पनि नछोडी बसी रहने भाडा दिने लाई र अर्काले कबोल बमोजिम भाडा तिरेर बसेकोलाई म्याद नपुगीकनै छोड भनि निकाल्न खोज्ने घरपतिलाई पनि १२ पण दण्ड हुन्छ । तर पारुष्य (गाली गोफ्ता मारपीट) चोरी डाँका बलात्कार फोहरीपन गरेमा म्याद न पुगी कनै हटाउन हुन्छ । तोकिएको म्याद नपुग्दै आफै छोडेर जाने भाडावालाले कबोल बमोजिम अवक्रय (भाडा) दिनु पर्ने बाँकी तिर्नुपर्दछ ।

एक भन्दा बढी मानिस बसेको सझिया घरमा बस्नेहरूमा एकले दोस्रालाई सहायता दिएन, एकले अर्काको उपभोगमा बाधा पाऱ्यो भने १२ पण दण्ड हुन्छ । केही बिगारै गऱ्यो भने २४ पण दण्ड हुन्छ ।

एक घरमा धेरै थरी बसेकामा आफ्नो आफ्नो कोठा आगनहरू बाहेक पकाउने ठाउँ, ढिकी जातो रछानहरूको खुला मैदान-हरूको भोग समान हुन्छ ।

अथ नवमोऽध्यायः

६१ प्रकरणे—वास्तुके वास्तुविक्रयः

ज्ञातिसामन्तधनिकाः क्रमेण भूमिपरिग्रहान् क्रेतुमभ्याभवेयुः । ततोऽन्ये वाह्याः । सामन्तचत्वारिंशत्कुल्या गृहप्रतिमुखे वेश्म श्रावयेयुः । सामन्तग्रामवृद्धेषु क्षेत्रमारामं सेतुबन्धं तटाकमाधारं वा मर्यादासु यथासेतुभोगम् । 'अनेनार्घेण कः क्रेता' इति त्रिराघुषितमव्याहतं क्रेता

क्रेतुं लाभेत । स्पर्धया वा मूल्यवर्धने मूल्यवृद्धि सशुल्का कोशं गच्छेत् । विक्रयप्रतिक्रोष्टा शुल्कं दद्यात् ।

अस्वामिप्रतिक्रोशे चतुर्विंशतिपणो दण्ड । सप्तरात्रादूर्ध्वमनभिसरतः प्रतिक्रुष्टो विक्रीणीत । प्रतिक्रुष्टातिक्रमे वास्तुनि द्विशतो दण्डः । अन्यत्र चतुर्विंशतिपणो दण्डः । इति वास्तुविक्रयः । सीमाविवादं ग्रामयोरुभयोः सामन्ता पञ्चग्रामी दशग्रामी वा सेतुभिः स्थावरैः कृत्रिमैर्वा कुर्यात् । कर्षकगोपालवृद्धकाः पूर्वभुक्तिकाः वा अबाह्याः सेतूनामभिज्ञा बहव एको वा निर्दिश्य सीमसेतून् विपरीतवेषाः सीमानं नयेयुः । उद्दिष्टानां सेतूनामदर्शने सहस्रदण्डः । तदेव नीते सीमापहारिणां सेतुच्छिदां च कुर्यात् । प्रनष्टसेतुभोगं वा सीमानं राजा यथोपकारं विभजेत् । क्षेत्रविवादं सामन्तग्रामवृद्धाः कुर्युः । तेषां द्वैधीभावे यतो बहवः शुचयोऽनुमता वा ततो नियच्छेयुः । मध्यं वा गृह्णीयुः । तदुभयं परोक्तं वास्तु राजा हरेत् । प्रनष्टस्वामिकं च यथोपकारं विभजेत ।

प्रसह्यादाने वास्तुनि स्तेयदण्डः । कारणादाने प्रयासमाजीवं च परिसंख्याय बन्धं दद्यात् । मर्यादापहरणे पूर्वः साहसदण्डः । मर्यादाभेदे चतुर्विंशतिपणः । तेन तपोवनविवीतमहापथश्मशानदेवकुलयजनपुण्यस्थानविवादा व्याख्याताः । इति मर्यादास्थापनम् ।

सर्व एव विवादाः सामन्तप्रत्ययाः । विवीतस्थलकेदारषण्डखलवेश्मवाहनकोष्ठानां पूर्वं पूर्वमाबाधं सहेत । ब्रह्मसोमारण्यदेवयजनपुण्यस्थानवर्जाः स्थलप्रदेशाः । आधारपरिवाहकेदारोपभोगैः परक्षेत्रकृष्टबीजहिंसायां यथोपघातं मूल्यं दद्युः । केदारारामसेतुबन्धनां परस्परहिंसायां हिंसाद्विगुणो दण्डः पश्चान्निविष्टमधरतटाकं नोपरितटाकस्य केदारमुदकेनाप्लावयेत् । उपरि निविष्टं नाधरतटाकस्य पूरास्रावं वारयेदन्यत्र त्रिवर्षोपरतकर्मणः । तस्यातिक्रमे पूर्वः साहसदण्डस्तटाकवामनं च ।

पंचवर्षोपरतकर्मणः सेतुबन्धस्य स्वाम्यं लुप्येतान्यत्रापद्भ्यः । तटाकसेतुबन्धानां नवप्रवर्तने पांचवार्षिकः परिहारः । भग्नोत्सृष्टानां चातुर्वर्षिकः । समुपारूढानां त्रैवर्षिकः । स्थलस्य द्वैवर्षिकः स्वात्माधाने विक्रये च । खातप्रावृत्तिमनदीनिबन्धायतनतटाककेदारारामषण्डवापानां सस्यवर्णभागोत्तरिकम् । अन्येभ्यो वा यथोपकारं दद्युः । प्रक्रयावक्रयाधिभागभोगनिसृष्टोपभोक्तारश्चैषां प्रतिकुर्युः । अप्रतीकारं हीनद्विगुणो दण्डः ।

सेतुभ्यो मुञ्चतस्तोयमवारे षट्पणो दमः ।
वारे वा तोयमन्येषां प्रमादेनोपरुन्धतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयाधिकरणे
वास्तुके वास्तुविक्रयो नाम नवमोऽध्यायः ॥ ९ ॥

अध्याय ९

प्रकरण ६१

[६१ वास्तुक]

(ख) घरखडेरीको बिक्री

घर घडेरी स्वामीले बिक्री गर्न चाहेमा अंशियार, संधियार, घरबारेमा ऋणदिने साहु, यतिमा सबभन्दा पहिले अंशियारले, उसले नचाहेमा संधियारले, उसले पनि नचाहेमा साहुले, किन्न पाउछन् । यिनीहरूले नलिने भएमा अरु बाहिरियाले किन्न पाउछन् ।

वरपर ४० घरका सधियारहरू मिलेर यो घर, खेत, बगैचा, पूल, बाँध, तलाउ, पनेरो, चौहद्दी समेत बताई वरपर गाउका बूढापाकाहरूलाई घरको अगाडिमा बिक्री हुन्छ भनी सुनाउनू । यो मोलमा को किन्दछ भनि तीन पटक फलाके पछि कसैले रोकेन भने किन्नेले किन्न पाउँछ ।

किन्नेहरूको हानाहानले भनेको भन्दा मोल 'चढन' आएमा बढेको मोल र शुल्क सरकारी ढुकुटीमा जान्छ । मोल चढाउनेले शुल्क तिर्नुपर्दछ ।

आफ्नो हक नभएको घर खेतहरू विक्री हुन्छ भनि कराउन लाएमा २४ पण दण्ड हुन्छ। सातरात सम्म पनि मोल चढाउने मानिस बुझाउन नआएमा गृहपतिले अर्कालाई वेचिदिनू। मोल सकार गर्नेलाई छोडी अरुलाई घर जगा वेचनेलाई २०० पण, घर खेत बाहेक दोपाया चौपायाहरू अगाडि भन्नेलाई छोडी अर्कालाई बेचेमा २४ पण दण्ड हुन्छ। वास्तुविक्री विषय सकियो।

सीमाना—

दुइ गाउको सीमाना विषयमा झगडा भएमा दुवै गाउका सँधियार पाँचगाँउ दसगाउका मानिसहरू वसेर वन पहाड खोला आदि प्राकृतिक कृत्रिम लोहकील आदि निसाना लिएर झगडाको निर्णय गर्नू।

खेती गर्ने गोठाला बूढापाका अगि भोग गर्ने आदि त्यहींका सीमाना जान्नेहरू धेरै जना वा एकै जनाले पनि रातो वस्त्र रातो मालाहरू लाएर, सीमाना यही हो भनि औंल्याएर सीमानाको टुङ्गो लाइदिनू। जाने बुझेको सीमाना नदेखाएमा १००० पण दण्ड हुन्छ सीमानाको निर्णय भएपछि, सीमाना दबाउने विगार्ने भत्काउनेहरूलाई पनि त्यत्तिनै (१०००) पण दण्ड हुन्छ। पुराना सीमाना हराइसकेको अगिको भोग पनि थाहा नभएकोमा राजाले सवैलाई भलो हुने गरी सीमाना लाइदिनू।

खेतको सीमाना विषयको झगडा भएमा सधियार गाउका बूढापाकाहरूले ठेगाना लाइदिनू। तिनको पनि सवैको एकै राय बसेन भने दुवैथरीले मानेका सज्जन धेरैजना जे भन्दछन् त्यही अनुसार निर्णय गर्नू। अथवा वादी प्रतिवादी दुवैको बीचको पक्ष लिइ निर्णय गर्नू यसो गर्दा पनि दुवैथरीलाई चित्त नबुझने भयो भने यस्तो झगडिया जगा सरकारले कबुजा गर्नू। कुनै स्वामी पत्ता नलागेको जगा पनि सरकारले कबुजा गर्नू। अथवा यस किसिमको जगा जमीन नहुने (सुकुमवासी) को भलाई निमित्त बाडिदिनु।

अर्कोको वस्तु घर खेत आदि जबर्दस्ती गरी लिएमा चोरीको दण्ड हुन्छ। ऋण दिनु आदि कारण परेर लिएमा त्यो जगामा लागेको खर्च र त्यसबाट आएको लाभ पनि हिसाब गरी ऋण भर्ना लिई बढी भएको जति जमीनको मालिकलाई दिनू।

जमीनको सीमाना मारी मेटी सारी दिएमा प्रथम साहस (२५०), एक छेउमा मात्र विगारि दिएमा २४ पण दण्ड हुन्छ।

यही किसिमसंग तपोवन विवीत (गौचर), मूलबाटो, श्मशान, देवमन्दिर, यज्ञभूमि, पुण्यभूमिसम्बन्धी झगडामा पनि व्यवस्था गर्नू। सीमाना कायम गर्ने कुरा सकियो।

विवीत—

वास्तु सम्बन्धी सबैथरी झगडा सधियारकै भरमा निर्णय गरिन्छन्। विवीत (धेरै घास भएको लामोभूमि), स्थल (घासहरू काटी बनाएको भूमि), केदार (खेत), षण्ड (केराघारीहरू भएको भूमि), खलो, घर, हात्ती घोडाहरू बाध्ने ठाउ, यतिमध्यमा अगिल्लाले पछिल्लाले दबाएको सहनुपर्दछ—अर्थात् घाँस बाँझो जमीन मासेर खेत-बनाएको, अरु सबै मासेर घर बनाएको इत्यादि अपराध हुँदैन। ब्रह्मारण्य (ब्राह्मणलाई दिएको वन) सोमारण्य (वैदिक यज्ञगर्न दिएको वन) देवताको पूजास्थान, अरु पुण्यभूमि यति बाहेक अरु सबै खालि ठाउँ खेती गर्न योग्य हुन्छन्।

पानीको निकास बनाएर, खेत बनाएर अर्काको खेतमा रोपेको बीज नाश गरिदिएमा नोक्सानी अनुसारको मूल्य तिर्नुपर्छ। खेत बगैचा बाँधहरू बनाउदा एकबाट अर्कोमा हानि गराएमा हानि अनुसारको दुगुना दण्ड हुन्छ।

पछि बनाएको तलाउहरूबाट अगिको तलाउहरूलाई नोक्सानी पार्न हुदैन। नया तलाउ बनाएर अगाडिको खेतमा पानी गर्न हुदैन। पछि बनाएको तलाउबाट अगिको तलाउको आइराखेकी पानीको स्रोत विगार्न हुदैन। ३ वर्ष देखि पानी आउन छोडेको भएमा विगारेको दोष लाग्दैन। यो नियमको लङ्घन गरेमा पूर्वसाहस (२५०) दण्ड गर्नू। पानीको निकास बन्द भएको खोलीदिनू पनि।

पाच वर्ष देखि बिग्रेर वास्ता नगरी राखेको बाँधको स्वामित्व हराउँछ तर पर चक्रको आक्रमण आदि सङ्कट परेर उपेक्षा गरेकोमा भने स्वामित्व हराउदैन।

तलाउ बाँधहरू नया बनाएमा पाचवर्षसम्म, बिग्रेको सच्याएमा तीन वर्षसम्म, वनझाडी फाडेर नयाँ जमीन आवाद गरेमा तीन वर्षसम्म, बाँझो जमीन जोतेर खेत बनाएमा दुइ वर्षसम्म, कर प्रतिकर माफी हुन्छ। कुनै बाँझो जमीन अर्कालाई बन्धक वा बिक्री गरिदिएमा पनि दुइ वर्षसम्म सरकारी कर माफी हुन्छ।

खान प्रावृत्तिम—खनेर बनाएको कुवाहरुको पानी लागने, **नद्यायतन**—नदी खोलाको पानीलाग्ने, **निबन्धायतन**—नदीको बाँधबाधेर पानी लाग्ने, **तडागायतन**—तलाउको पानी लाग्ने—केदार (खेत) आराम (बगैचा) षण्डवाप-(केराघारी भएको) यस्तो जमीनमा जसले खेती गरेर बढी उपजाउ गर्नसक्छ, सरकारी मालपोत बढी तिर्ने गर्दछ, त्यस्तालाई कमाइगर्न दिनू। अथवा अरु बाहिरिया जसले त्यस्तो गर्दछ उसलाई दिनू।

प्रक्रय—खरीद गरेको, अवक्रय—फले नफले पनि यति तिर्ने भनि ठेक्का कबोल गरेको, आधि—भोग बन्धक राखेको; भाग—जमीनको आमदानी मध्ये केही अंश दिने भनेको, निसृष्ट—पछि जति होला भनि कमाउन दिएको, यसकिसिमका जमीनको भोग गर्ने मानिस हरूले त्यहाको पानी कुलो बाँध तलाउ आदिमा केही नोक्सानी भएको सच्याउने गर्नुपर्दछ। सो नबनाएमा नोक्सानी भएका अनुसारको दोबरधन सो उपभोग गर्नेलाई दण्ड हुन्छ।

आफ्नो पालो नपरेको समयमा बाँध कुलोबाट आफ्नो जमीनमा पटाउन पानी खोलिदिनेलाई र आफ्नै पालै भएपनि अर्कोलाइ दिइ आएको पानी वेहोसीले रोकीदिनेलाई पनि ६ पण दण्ड हुन्छ।

अथ दशमोऽध्यायः

६१—६२ प्रकरणे—विवीतक्षेत्रपथहिंसासमयस्यानपाकर्म च

कर्मोदकमार्गमुचितं रुन्धतः कुर्वतोऽनुचितं वा पूर्वः साहसदण्डः। सेतुकूपपुण्यस्थानचैत्यदेवायतनानि च परभूमौ निवेशयतः पूर्वानुवृत्तं धर्मसेतुमाधानं विक्रयं वा नयतो नाययतो वा मध्यमः साहसदण्डः। श्रोतॄणामुत्तमः। अन्यत्र भग्नोत्सृष्टात्। स्वाम्यभावे ग्रामाः पुण्यशीला वा प्रतिकुर्युः।

पथप्रमाणं दुर्गनिवेशे व्याख्यातम्। क्षुद्रपशुमनुष्यपथं रुन्धतो द्वादशपणो दण्डः। महापशुपथं चतुर्विंशत्पणः। हस्तिक्षेत्रपथं चतु-

ऽपंचाशत्पणः। सेतुवनपथं षट्शतः। श्मशानग्रामपथं द्विशतः। द्रोणमुखपथं पंचशतः। स्थानीयराष्ट्रविवीतपथं साहस्रः। अतिकर्षणे चैषां दण्डचतुर्थो दण्डाः। कर्षणे पूर्वोक्ताः। क्षैत्रिकस्याक्षिपतः क्षेत्रमुपवासस्य वा त्यजतो बीजकाले द्वादशपणो दण्डः। अन्यत्र दोषोपनिपाताविषह्येभ्यः। करदाः करदेष्वाधानं विक्रयं वा कुर्युः। ब्रह्मदेयिकाब्रह्मदेयिकेषु अन्यथा पूर्वः साहसदण्डः। करदस्य वाऽकरदग्रामं प्रविशतः।

करदं तु प्रविशतः सर्वद्रव्येषु प्राकाम्यं न्यादन्यत्रागारात्। तदप्यस्मै दद्यात्। अनादेयमकृषतोऽन्यः पंच वर्षाण्युपभुज्य प्रयासनिष्क्रयेण दद्यात्। अकरदाः परत्र वसन्तो भोगमुपजीवयेयुः। ग्रामार्थेन ग्रामिकं व्रजन्तुमुपवासाः पर्यायेणानुगच्छेयुः। अननुगच्छन्तः पणार्धपणिकं योजनं दद्युः। ग्रामिकस्य ग्रामारस्तेनपारदारिकं निरस्यतश्चतुर्विंशतिपणो दण्डः। ग्रामस्योत्तमः। निरस्तस्य प्रवेशो ह्यधिगमेन व्याख्यातः। स्तम्भैः समन्ततो ग्रामाद्धनुःशतापकृष्टमुपशालं कारयेत्।

पशुप्रचारार्थं विवीतमालवनेनोपजीवयेयुः। विवीतं भक्षयित्वापसृतानामुष्ट्रमहिषाणां पादिकं रूपं गृह्णीयुः। गवाश्वकराणां चार्धपादिकम्। क्षुद्रपशूनां षोडशभागिकम्। भक्षयित्वा निषण्णानां द्विगुणा दण्डाः। परिवसतां चतुर्गुणाः। ग्रामदेववृषा वा अनिर्दशाहा वा धेनुरुक्षाणो गोवृषाश्चादण्ड्याः। सस्यभक्षणे सस्योपघातं निष्पातितः परिसंख्याय द्विगुणं दापयेत्। स्वामिनश्चानिवेद्य चारयतो द्वादशपणो दण्डः। प्रमुंचतश्चतुर्विंशतिपणः। पालिनामर्धदण्डः। तदेव षण्डभक्षणे कुर्यात्। वाटभेदे द्विगुणः। वेश्मखलवलयगतानां च धान्यानां भक्षणे हिंसाप्रतीकारं कुर्यात्।

अभयवनमृगाः परिगृहीता वा भक्षयन्तः स्वामिनो निवेद्य यथाऽवध्यास्तथा निषेद्धव्याः। पशवो रश्मिप्रतोदाभ्यां वारयि-

तव्याः । तेषामन्यथा हिंसायां दण्डपारुष्यदण्डाः । प्रार्थयमानादृष्टापराधा वा सर्वोपायैर्नियन्तव्याः । इति क्षेत्रपथहिंसा ।

कर्षकस्य ग्राममभ्युपेत्याकुर्वतो ग्राम एवात्ययं हरेत् । कर्माकरणे कर्मवेतनाद् द्विगुणं, हिरण्यादाने प्रत्यंशद्विगुणं, भक्ष्यपेयादाने च प्रवहणेषु द्विगुणमंशं दद्यात् । प्रेक्षायामनंशदः सस्वजनो न प्रेक्षेत । प्रच्छन्नश्रवणेक्षणे च सर्वहिते च कर्मणि निग्रहे द्विगुणमंशं दद्यात् । सर्वहितमेकस्य ब्रुवतः कुर्युराज्ञाम् । अकरणे द्वादशपणो दण्डः । तं चेत्संभूय वा हन्युः पृथगेषामपराधद्विगुणो दण्डः । उपहन्तृषु विशिष्टः । ब्राह्मणतश्चैषां ज्यैष्ठ्यं नियम्येत । प्रवहणेषु चैषां ब्राह्मणेनाकामाः कुर्युः । अंशं च लभेरन् । तेन देशजातिकुलसंघानां समयस्यानपाकर्म व्याख्यातम् ।

राजादेशहितान्सेतून् कुर्वतां पथि संक्रमान् ।
ग्रामशोभाश्च रक्षाश्च तेषां प्रियहितं चरेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
वास्तुके प्रकरणे दशमोऽध्यायः ॥ १० ॥

अध्याय १०

प्रकरण ६१-६२

(घ) गोचरबाटो मासेको र रीतिस्थिति बिगारेको

अगि देखि खेतीलाई दिने गरिआएको पानी रोकी अनुचित गर्नेलाई पूर्वसाहस (२५०) दण्डहुन्छ ।

बाध, कूवा, पुण्यस्थान चैत्य (गाउमा देवता पूज्ने गरेको वृक्ष आदि) देवमन्दिरहरू अर्काको जमीनमा बनाउनेलाई र अगि देखि चलि आएको धर्मार्थ छोडेको तलाउ कूवा आदि बन्धक राख्ने, रखाउने वा बिक्रीगर्ने,

गराउनेलाइ मध्यम साहस (५००), त्यस्तो काममा जानी बुझीकन सरीक हुनेलाई उत्तम साहस (१०००) दण्ड हुन्छ। किन्तु भत्के विग्रेर छोडी राखेको भएमा दोष लाग्दैन। बनाउने मानिस वा हकदारहरू नभएमा गाउका धर्मात्मा भला मानिसले भत्के विग्रेको कूवा तलाउ बाध आदि सच्याइदिनू।

वाटो विगार्नें—

बाटोको परिमाण किल्ला बनाउने प्रसङ्गमा भनिएको छ। सानातिना पशु र मानिस हिड्नेबाटो रोक्नेलाइ १२ पण, वयल घोडा आदि ठूलो पशु हिड्ने बाटो रोक्नेलाई २४ पण, हात्ती हिडने बाटोरोक्नेलाई ५४ पण, पूल बनको वाटो रोक्नेलाई ६००, गाउको मसानको बाटो रोक्नेलाई २००, द्रोणमुख (४०० गाउको मुख्यसदर) को बाटो रोक्नेलाई ५००, स्थानीय ८०० गाउको मुख्य सात राष्ट्र (जनपद विवीत र गोचरभूमि) को बाटो रोक्नेलाई १०००, त्यसलाई च्यापेर सानो गराउनेलाई अगि भनेकोमा चौथाइभाग, पूरा मासेर अवाद गर्नेलाइ पनि अगि भनेवमोजीम दण्ड हुन्छ।

खेतीको जमीन वीउ रोप्ने वेला संम पनि खेतीगर्नेलाई नदिने जगा धनीलाई र खेती गर्नभनि लिएको जमीन रोप्ने वेलामा छोडिदिनेलाई खेतमा नै कुनै दोष, चोर डाकाहरूको उपद्रव, असह्य रोगहरू भएमा वाहेक १२ पण दण्ड हुन्छ।

पोत तिर्ने कृषकहरूले आफ्नो भूमि यस्तै पोततिर्ने कृषकहरूलाईनै बिक्री वा भोग बन्धकीमा दिनू, अरुलाइ नदिनू ब्रह्मदेयिका-पोतमाफी गरी ब्राह्मणलाई दिएको भूमि त्यसका स्वामीले त्यस्तै अर्कोलाइ विक्री भोगबन्धक दिनू। अरुलाइ नदिनू। यो नियम लङ्घनगरी जसलाई पायो उसलाई दिएमा पूर्वसाहस (२५०) दण्ड हुन्छ।

पोत तिर्ने मानिसले कर माफी भएको गाउमा वस्न हुदैन, वसेमा यस्तालाई पूर्वसाहस (२५०) दण्ड गर्नू।

पोत तिर्नुपर्ने भूमि किनेर पोत तिर्ने कृषक पोततिर्नु पर्ने गाउमा वस्न आएमा बेचनेको अन्न आदि सबै वस्तुमा स्वामित्व हुन्छ। खालि घरमा स्वामित्व हुदैन। बेच्नेले घर पनि बेचतछ भने त्यो घर पनि भूमि किन्नेको हुन्छ।

अवाद नभएको जमीनलाई भूस्वामीले अवाद गर्न नशकेर त्यसै राखेमा अर्को सक्ने मानिसले खन जोत गरी तयार पारी पाँच वर्ष सम्म भोग गरी

खेती गर्दा इनार तलाउ खनाउने आदिमा लागेको खर्च भर्ना लिएर त्यो खेत भूमिस्वामीलाई फिर्ता दिनू।

माफी जमीनका स्वामीहरू आफ्नो माफी जमीन छोडेर अर्को गाउमा बस्न गएमा पनि आफ्नो जमीनको अन्नहरू उपभोग गर्न पाउछन्।

गाउको मुखिया गाँउकै कामको निमित्त परदेश जान लागेमा त्यो गाउमा जीविका गरेर बस्ने रैतीहरूले पालैसंग पछि लाग्नुपर्दछ, नभए देखि १ योजन (४ कोशको) आधापणको दरले खाने खर्च गाउको मुखियालाई दिनुपर्दछ।

गाउको मुखियाले चोरी छिनारी नगर्ने भलो मानिसलाई गाउबाट निकालिदियो भने २४ पण दण्ड हुन्छ। गाउ नै मिलेर निकालिको भए ग्रामवासीको समुदायलाइ उत्तमसाहस (१०००) दण्ड गर्नू चोरी छिनारी गरी गाउबाट निकालिएको मानिस फेरी गाउभित्र आएमा अर्काको घरमा जबर्दस्ती पसेमा झैं दण्ड हुन्छ।

गाउको वरिपरि ४०० हात पर पत्थर वा काठको खम्भाको घेरा बनाई बार बनाउनू।

पशुहरुको चरन्नको निमित्त घास ढङ्गीहरू भएको ढिस्को परेको जमीन वरिपरि छोडिराख्नू।

गोचर राखेको जमीनमा खाएर अघाई हिडेका ऊट राख्नेलाई गाई घोडा गधालाई आधा पण, सानातिना पशुलाई १ पणको षोडशांश शुल्क, विवीताध्यक्षले लिनू।

खाएर वसी रहेकाको, माथि भनेकोमा, दोवर, रातभर बसेमा चौवर दण्ड लिनू। गाउका देवतालाई छोडेका बयल १० दिन भित्रका विन्हाएकी गाई बुढो बयल, विउको बयल हरूलाई दण्ड नगर्नूँ, चौपायाहरूले घ्रातखाई दियेको नोक्सानीको हिसाव गरेर त्यसको दुगुना दण्ड गर्नू।

विवीतको अध्यक्षलाई नभनीकन विवीतमा पशु चराउनेलाई १२ पण दण्ड, त्यसैछोडिदिनेलाई २४ पण, खेतका पालेलाई त्यसको आधा १२ पण दण्ड गर्नू। वार फोरेर खेतहरूमा भित्र पसेमा भने बमोजीमको दोवर दण्ड गर्नू, नोक्सानीको भर्ना पनि दिनुपर्दछ।

अभयवनका मृगपशुहरूले खान लागे भने मालिकलाई भनेर तिनीहरूलाई मारपीट नगरीकन हटाइदिनू। पशुहरूलाई डोरी सिपक्नोहरूले हानेर धपाइदिनू। अरु किसिम सँग तिनको हिंसा भएमा दण्ड पारुष्यमा भने

बमोजीमको दण्ड हुन्छ । धपाउने माथि आइलाग्ने अथवा मापाकामा कहलाएकाहरूलाई भने छेकथुन आदि हरेक उपायले रोक्नुपर्दछ । खेतको बाटाको नोक्सानीको विषयमा भनियो ।

समयष्यानपाकर्म—धेरै जनाले मिलेर गरेको व्यवस्थाको पालन गर्ने कुरा भनिन्छ । गाउका मानिसहरूको सामुन्नेमा कबोल गरेर पनि कर्णकले काम गरेन भने गाउ जंमैले मिलेर दण्ड गर्नुपर्दछ । त्यसमा गाउका पञ्चले अह्राएको काम नगरेमा कामको ज्यालाको दोबर दण्ड गर्नू । कामका निमित्त नगद लिएर काम नगरेको भएपनि सो लिएको नगदको दोबर दण्ड गर्नू । कुनै उत्सवमा अरूले दिएसरह खाने पीने सामान कसैले नदिएमा पनि त्यसको भागको दुगुना दण्ड गर्नू ।

नाच तमासाहरू हेर्ने काममा दिनुपर्ने चन्दा नदिने परिवारले हेर्न पाउदैनन् । लुकी छिपी सुने हेरेमा आफूले दिनुपर्ने चन्दाको दोबर दण्ड गर्नू ।

गाउका सबै जनाको भलाई हुने कुरा यौटाले भनेपनि सबैले मान्नु नमान्नेलाई १२ पण दण्ड गर्नू । त्यस्तो हित कुरा गर्नेलाई धेरै जना मिलेर मारे पीटे भने प्रत्येकलाई अपराधको दोबर दण्ड गर्नू । मुख्य कुट्ने पीटनेलाई बढी दण्ड गर्नू ।

गाउलेहरूको समाजमा ब्राह्मण सबैमा मुख्य हुन्छ । प्रीतिभोज उत्सवहरूमा सो मुख्य ब्राह्मणलाई उसले नचाहेमा चन्दा नलाउनू । दिन चाहे चन्दा लिनू । यो कुराबाट देश जाति कुल सम्बन्धी रीति थितिको पालन नगरेमा पनि बुझ्नुपर्दछ ।

राजाले देशलाई हितहुने सीमा, बाँध, बाटो, अपठ्यारो ठाउमा हिड्नेबाटो, वनाउने, गाउलाई शोभादिने कुरा रक्षा हुने कुरागर्ने गाउका भलादमीहरूको प्रिय र हित हुने काम गर्नुपर्दछ ।

अथ एकादशोऽध्यायः

६३ प्रकरणे—ऋणादानम्

सपादपणा धर्म्या मासवृद्धिः पणशतस्य । पंचपणा व्यावहारिकी । दशपणा कान्तारकाणाम् । विंशतिपणा सामुद्राणाम् । ततः

परं कर्तुः कारयितुश्च पूर्वः साहसदण्डः । श्रोतॄणामेकैकं प्रत्यर्धदण्डः । राजन्ययोगक्षेमवहे तु धनिकधारणिकयोश्चरित्रमवेक्षेत । धान्यवृद्धिः सस्यनिष्पत्तावुपार्धावरं मूल्यकृता वर्धेत । प्रक्षेपवृद्धिरुदयादर्धम् । सन्निधानसन्ना वार्षिकी देया । चिरप्रवासः संस्तम्भप्रविष्टो वा मूल्यद्विगुणं दद्यात् । अकृत्वा वृद्धिं साधयतो वा मूल्यं वा वृद्धिमारोप्य श्रावयतो बन्धचतुर्गुणो दण्डः । तुच्छचतुरश्रावणायामभूतचतुर्गुणः । तस्य त्रिभागमादाता दद्यात् । शेषं प्रदाता ।

दीर्घसत्रव्याधिगुरुकुलोपरुद्धं बालमसारं वा नर्णमनुवर्धेत । मुच्यमानमृणमप्रतिगृह्णतो द्वादशपणो दण्डः । कारणापदेशेन निवृत्तवृद्धिकमन्यत्र तिष्ठेत् । दशवर्षोपेक्षितमृणमप्रतिग्राह्यमन्यत्र बालवृद्धव्याधितव्यसनिप्रोषितदेशत्यागराज्यविभ्रमेभ्यः ।

प्रेतस्य पुत्राः कुसीदं दद्युः । दायादा वा रिक्थहराः सहग्राहिणः प्रतिभुवो वा । न प्रतिभाव्यमन्यत् । असारं बालप्रातिभाव्यम् । असंख्यातदेशकालं तु पुत्राः पौत्रा दायादा वा रिक्थं हरमाणा दद्युः । जीवितविवाहभूमिप्रातिभाव्यमसंख्यातदेशकालं तु पुत्राः पौत्रा वा वहेयुः । नानर्णसमवाये तु नैकं द्वौ युगपदभिवदेयाताम् । अन्यत्र प्रतिष्ठमानात् । तत्रापि गृहीतानुपूर्व्या राजश्रोत्रियद्रव्यं वा पूर्वं प्रतिपादयेत् । दम्पत्योः पितृपुत्रयोर्भ्रातॄणां चाविभक्तानां परस्परकृतमृणमसाध्यम् ।

अग्राह्याः कर्मकालेषु कर्षका राजपुरुषाश्च । स्त्री वाऽप्रतिश्राविणी पतिकृतमृणमन्यत्र गोपालकार्धसीतिकेभ्यः । पतिस्तु ग्राह्यः । स्त्रीकृतमृणमप्रतिविधाय प्रोषित इति सम्प्रतिपत्तावुत्तमः । असम्प्रतिपत्तौ तु साक्षिणः प्रमाणम् । प्रात्ययिकाः शुचयोऽनुमता वा त्रयोऽवरार्ध्याः । पक्षानुमतौ वा द्वौ । ऋणं प्रति न त्वेवैकः ।

प्रतिषिद्धाः श्यालसहायान्वर्थिधनिकधारणिकवैरिन्यङ्गधृतदण्डाः । पूर्वे चाव्यवहार्याः राजश्रोत्रियग्रामभृतककुष्ठिव्रणिनः पतितचण्डाल-

कुत्सितकर्माणोऽन्धबधिरमूकाहंकारवादिनः स्त्रीराजपुरुषाश्च । अन्यत्र स्ववर्गेभ्यः । पारुष्यस्तेयसंग्रहणेषु तु वैरिश्यालसहायवर्जाः । रहस्यव्यवहारेष्वेका स्त्री पुरुष उपश्रोता उपद्रष्टा वा साक्षी स्याद्राजतापसवर्जम् ।

स्वामिनो भृत्यानामृत्विगाचार्याः शिष्याणां मातापितरौ पुत्राणां चानिग्रहेण साक्ष्यं कुर्युः । तेषामितरे वा । परस्पराभियोगे चैषामुत्तमाः । परोक्ता दशबन्धं दद्युरवराः पंचबन्धम् । इति साक्ष्यधिकारः ।

ब्राह्मणोदकुम्भाग्निसमीपे साक्षिणः प्रतिगृह्णीयात् । तत्र ब्राह्मणं ब्रूयात्–'सत्यं ब्रूहीति' । राजन्यं वैश्यं वा–'मा तवेष्टापूर्तफलं कपालहस्तः शत्रुकुलं भिक्षार्थी गच्छेरिति' । शूद्रं–'जन्मजन्मान्तरे यद्वः पुण्यफलं तद्राजानं गच्छेत् । राज्ञश्च किल्बिषं युष्मानन्यथावादे । दण्डश्चानुबन्धः । पश्चादपि ज्ञायेत यथा दृष्टश्रुतम् । एकमंत्राः सत्यमवहरते'ति ।

अनवहरतां सप्तरात्रादूर्ध्वं द्वादशपणो दण्डः । त्रिपक्षादूर्ध्वमभियोगं दद्युः । साक्षिभेदे यतो बहवः शुचयोऽनुमता वा ततो नियच्छेयुः । मध्यं वा गृह्णीयुः । तद्वा द्रव्यं राजा हरेत् । साक्षिणश्चेदभियोगादूनं ब्रूयुरतिरिक्तस्याभियोक्ता बन्धं दद्यात् । अतिरिक्तं वा ब्रूयुस्तदतिरिक्तं राजा हरेत् । बालिश्यादभियोक्तुर्वा दुःश्रुतं दुर्लिखितं प्रेताभिनिवेशं वा समीक्ष्य साक्षिप्रत्ययमेव स्यात् । साक्षिबालिश्येष्वेव पृथगनुयोगे देशकालकार्याणां पूर्वमध्यमोत्तमा दण्डा इत्यौशनसाः ।

कूटसाक्षिणो यमर्थमभूतं वा कुर्युर्भूतं वा नाशयेयुस्तद्दशगुणं दण्डं दद्युरिति मानवाः । बालिश्याद्वा विसंवादयतां चित्रो घात इति बार्हस्पत्याः । नेति कौटिल्यः । ध्रुवा हि साक्षिणः श्रोतव्याः । अशृण्वतां चतुर्विंशतिपणो दण्डः । ततोऽर्धमध्रुवाणाम् ।

देशकालाविदूरस्थान् साक्षिणः प्रतिपादयेत् ।
दूरस्थानप्रसारान् वा स्वामिवाक्येन साधयेत् ॥१॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकारणे
ऋणग्रहणं नाम एकादशोऽध्यायः ॥ ११ ॥

अध्याय ११

प्रकरण ६३

(ऋणको लेन-देन)

केही धीतो लिएर ऋण दिएकोमा १०० पणको एक महिनामा १।- पण (अर्थात् वर्षको सयकडा पन्ध्र) ब्याज लिनु धर्मसङ्गत् हुन्छ । धीतो नराखी व्यापारलाई दिएकोमा महिनाको ५ पण, त्यसमा पनि दुर्गम बाटोद्वारा माल ल्याउने लैजाने व्यापारमा महिनाको १० पण, समुद्रयात्रा गरी व्यापार गर्नेले महिनाको २० पण तिर्नुपर्छ । यसभन्दा बढी ब्याज गर्ने गराउनेलाई पूर्व साहस (२५०) दण्ड हुन्छ । यस्तो व्यवहार देख्ने सुन्ने साक्षीलाई प्रत्येकलाई त्यसको आधा दण्ड हुन्छ ।

राजाले लोकको योग क्षेम गर्न नशक्ने भएमा ता धनी (साहु) धारणिक (ऋणी)को परस्परको चलन अनुसार गर्ने गर्नू ।

अन्न सापटी लिएमा फसल तयार भएपछि डेढी तिर्नुपर्दछ । त्यसभन्दा पनि पछि सम्म राखेमा त्यसको मोल खडागरी काज लाउनू । प्रक्षेपवृद्धि—धानको मोल लगाई त्यसको नगदी ब्याज मूल धान्य भन्दा आधा सम्म बढदछ । चूप लागेर ऋणी कहाँ राखी छोडेको धान्यको ब्याज धेरै वर्ष भएपनि एक वर्षको मात्र तिर्नू ।

असामी धेरै समय सम्म परदेशमा रहेको थुनामा परेर रोकिएको भएपनि लिएको धान्यको मूल्यको दोबर भन्दा बढी तिर्नुपर्दैन । दिने वेलामा पछि यति लिने भन्ने कबोल नगरीकन दिई पछि यति चाहिन्छ भनि माग्ने, किंवा अगि थोरै लिने कबोल गरेर दिई, पछि बढि माग्नेलाई मूल धनको चौबर दण्ड गर्नू । थोरै दिएर धेरै दिएको भनि साक्षीहरूलाई

सुनाएमा बढी भनेको जतिको चौवर दण्ड गर्नूं। त्यो दण्डमध्ये तीन भागको एक भाग लिनेले, २ भाग दिनेले तिर्नू।

धेरै समय सम्मको यज्ञमा लागेको, वा रोग ग्रस्त भएको, वा विद्यानिमित्त गुरुकुलमा रहेको, अथवा बालक (नाबलिक), अकिञ्चन माथि, ब्याज बढ्दैन। ऋण बुझाउन ल्याउदा पनि नबुझी फुर्सद नदिनेलाई १२ पण दण्ड हुन्छ। कुनै कारणवश भएर साहुले नबुझेमा त्यस दिनदेखि ब्याज नलाग्ने गरी सो धन कुनै मध्यस्थको जिमामा राखिदिनू।

दश वर्ष सम्म उपेक्षा गरी राखेको ऋण भर्ना लिन साहुको अधिकार हुदैन। तर नाबालक, बूढो, दीर्घरोगी, सङ्कट परेको, परदेश गएको, देशत्यागी, राज्यविप्लवग्रस्त भएर ऋण रहन गएको भए दश वर्ष नाघेको भएपनि साहुले भर्ना पाउने हुन्छ।

ऋणी मरेमा छोराले ऋण तिर्नुपर्दछ। छोरा न भए अंशियार सम्पत्तिखाने, संग भएर ऋण लिने, वा जमानी हुनेले, तिर्नुपर्दछ। धन-जमानी हुने वाहेक हाजिर-जमानी हुनेले तिर्नुपर्दैन। बालक जमानी हुदैन। यो स्थानमा यो समयमा तिर्ने भनि केही नतोकिएको ऋण छोरा नाती अंशियार आदि सम्पत्ति खानेले तिर्नुपर्दछ।

जीवन, विवाह-सम्बन्धी-धन, भूमीको क्रय-विक्रयका विषयमा देश कालको हद नतोकिएकोमा धन-जमानी हुने भरे पनि उसका छोरा नातीले बुझाउनुपर्दछ।

एक जनाले धेरै जनाको ऋण खाएकोमा एक जना उपर एकभन्दा बढी २ जनाले एकै पटक उजुर नगर्नूं। असामीले त्यो देश नै छोडेर जान लागेको भएमा भने एक असामी उपर अनेक साहुले एकै पटक उजुर गर्न हुन्छ। धेरै जनाको ऋण खाने ऋणीले अगि लिएको अगिबाट, पछि लिएको पछिबाट गरी क्रमै सँग तिर्नुपर्दछ, अथवा राजाको र वैदिक ब्राह्मणको ऋण पहिले तिर्नूं।

नछुट्टिएका लोग्ने-स्वास्नी, वावु-छोरा, भाइ-भाइले परस्परमा लिएको ऋण झगडा गरेर टुङ्गिने हुँदैन, अर्थात् त्यस्तोमा उजुर-वाजुर-वाट निर्णय नहुने भई आफै आफैले मिलाउनुपर्दछ।

खेती गर्नेहरूर र राजकर्मचारीहरूलाई आफ्नो-आफ्नो काम गर्न लागेको वेलामा साहुले पक्रन हुंदैन। म तिर्नेछु भनि कवोल न गर्ने स्वास्नीलाई लोग्नेले लिएको ऋणमा पक्रन हुंदैन, तर स्त्री मुख्य हुने गोठालो

वटैयादारहरूमा भने लोग्नेले खाएको ऋणमा स्त्रीलाई पक्रन हुन्छ। स्वास्त्रीले लिएको ऋण विषयमा नतिरीकन लोग्ने परदेश जान लागेमा लोग्ने लाई पक्रन हुन्छ।

साक्षी—

असामी उपर साहुले उजुर गरेमा असामी कायम भई मञ्जूर गर्दछ भने बेसै हुन्छ, मञ्जूर गरेन भने विश्वास पर्ने सच्चरित्र दुवै थरीले मञ्जूर गरिएका साक्षीहरू कम्तीमा ३ जनालाई प्रमाण मान्नुपर्दछ। दुवै थरीले माने भने दुइ जना पनि साक्षी प्रमाण हुन्छन्। ऋणको विषयमा एक जना साक्षी प्रमाण हुंदैन।

साक्षीमा सालो, सहाय (साथी), अन्वर्थी (विपक्ष पट्टिको) साहु, असामी, वैरी, व्यङ्ग (अन्धो वहिरो आदि), राजदण्ड पाएको, यस्तालाई प्रमाण मान्न हुँदैन। अगी भनेका वावु-छोरा, नछुट्टिएका भाइ-भाइ, र राजा, वैदिक-ब्राह्मण, गाउले पालेर राखेका सेवक, कुष्टरोगी चोट पटक लागेको, जातवाट पतित, चण्डाल, खराब काम गर्ने, अन्धो, बहिरो, लाटो, अहङ्कारी, स्त्रीजाति, सरकारी मानिसहरूलाई साक्षी लिन हुदैन। यिनीहरू पनि आफ्नो-आफ्नो वर्गभित्रको झगडामा साक्षी हुन्छन्। पारुष्य (गालीगोप्ता मारपीट) चोरी व्यभिचारको मुद्दामा भने वैरी सालो सहाय बाहेक अरू पनि साक्षी लिन हुन्छ। गुप्त व्यवहारमा खाली एक स्त्री, एक पुरुष, नजीकमा बसेर देख्ने सुन्ने पनि राजा र तपस्वी-बाहेक साक्षी हुन सक्तछ।

मालिकहरू नोकर चाकरको, ऋत्विक् आचार्यहरू शिष्यको, आमा वावुहरू छोराको, किंवा नोकर चाकरहरू मालिकको, शिष्यहरू ऋत्विक् आचार्यको, छोराहरू आमा बाबुको, पनि करकापमा नपरी आफू खुसी साक्षी हुन शक्छन्।

यिनै मालिक र चाकरको, आचार्य ऋत्विक् र शिष्यको, बाबु आमा र छोराको, परस्पर झगडामा उत्तम मालिक ऋत्विक् आचार्य बाबु आमाले हारेमा हारेको धनको दशांश, चाकर शिष्य छोराले हारेमा पञ्चमांश तिर्नू। साक्षीको विषय सकियो।

ब्राह्मण, जलको घड़ा, आगो, अगाडि राखेर साक्षीलाई भनाउनू। त्यसमा साक्षी ब्राह्मण भए 'सत्य भन' भन्नू, क्षत्रिय वैश्य भए 'झूठो बोल्यौ भने तिम्रो धर्म-कर्म फल हराउनेछ हातमा भिक्षापात्र लिएर शत्रुको घरमा भीक

माग्न जाउला' भन्नू । शूद्र भए 'तिम्रो जन्म-देखि मरण संमको पुण्यको फल सबै राजालाई हुनेछ, राजाको पाप जाति तिमीलाई लाग्नेछ, यस माथि दण्ड छँदैछ. झुट्टा कुरा पछि पनि थाहा हुनेछ, आफूले देखे सुनेको जस्ताको तस्तै एक विचार गरेर सत्य भन' भनि भन्नू ।

साक्षीले सात रात संम पनि भनेनन् भने त्यसपछि दिनको १२ पण दण्ड गर्नू, ४५ दिन संम पनि नभनेमा मुद्दा परेको द्रव्य साक्षीले तिर्नुपर्दछ ।

साक्षीहरू फुटेर कोही केही भन्ने, कोही केही भन्ने भएमा, जता पट्टिका साक्षी पवित्र विश्वासी धेरै छन्, त्यतै पट्टि लागेर निर्णय गर्नू दुवै तिरका साक्षी उस्तै भएमा बिचको कुनै पक्ष लिएर निर्णय गर्नू, किं वा त्यो झगडा परेको द्रव्य राजाले लिनू ।

साक्षीहरूवाट थोरै द्रव्य प्रमाणित भयो भने बढी उजूर गर्नेले वढता भने जतिको पञ्चमांश दण्ड तिर्नू । साक्षीहरूले उजूर गरेकोभन्दा वढता प्रमाणित गरे भने त्यो वढी जति राजाले लिनू ।

उजूर गर्नेको मूर्खताले गर्दा लेख्ने मानिसले अर्कै सुनेको, अर्कै लेखेको, वा लेखकको चित्त कुनै बन्धु मरेको शोकले पीडित भएर लेखकले गडवड गर्ने पनि विचार गरेर, लेखोट भन्दा साक्षीकै प्रमाण बढी मान्नुपर्दछ ।

साक्षीहरू मूर्ख भएर एकेक गरी सोद्धा देश काल कामहरू तिनले फरक पारे भने, देश फरक पारेमा पूर्व साहस (२५०), काल फरक पारेमा मध्यम साहस (५००) काम नै फरक पारेमा उत्तम साहस (१०००) दण्ड गर्नू भनि शुक्राचार्यका अनुयायीहरू भन्दछन् ।

कपटी साक्षीले जुन भएको कुरालाई नभएको गराउंछन्, भएकोलाई बिगार्दछन्, त्यस्तालाई त्यो द्रव्यको दशगुना दण्ड गर्नू भनि मनुका अनुयायीहरू भन्दछन् । मूर्खताले गर्दा कुरा फरक पार्ने साक्षीहरूलाई शास्ती दिएर मार्नू भनि बृहस्पतिका अनुयायीहरू भन्दछन् । कौटिल्य भन्दछन् कि—त्यसो होइन, पक्का साक्षीले भनेको कुरा सुन्नुपर्दछ, नसुन्नेलाई २४ पण दण्ड गर्नू । अबुझ अस्थिर साक्षीलाई त्यसको आधा (१२ पण) दण्ड गर्नुपर्दछ ।

देशबाट र कालबाट टाढा नरहेका साक्षीलाई वादीले ल्याएर भनाउनु पर्दछ, टाढा वा नजीक भए पनि नआएका साक्षीलाई धर्मस्थका प्रधानको आज्ञाले झिकाउनू ।

अथ द्वादशोऽध्यायः

६४ प्रकरणे—औपनिधिकम्

उपनिधिः ऋणेन व्याख्यातः। परचक्राटविकाभ्यां दुर्गराष्ट्रविलोपे वा, प्रतिरोधकैर्वा ग्रामसार्थव्रजविलोपे, चक्रयुक्ते नाशे वा, ग्राममध्याग्न्युदकावाधेवा, किंचिदमाक्षयमाणे कुप्यमनिर्हार्यवर्जमेकदेशमुक्तद्रव्ये वा, ज्वालावेगोपरुद्धे वा नावि निमग्नायां मुषितायां वा स्वयमुपरूढो नोपनिधिमभ्याभवेत्।

उपनिधिभोक्ता देशकालानुरूपं भोगवेतनं दद्यात्। द्वादशपणं च दण्डम्। उपभोगनिमित्तं नष्टं विनष्टं वाभ्यावहेत्, चतुर्विंशतिपणश्च दण्डः। अन्यथा वा निष्पतने। प्रेतं व्यसनगतं वा नोपनिधिमभ्यावहेत्। आधानविक्रयापव्ययनेषु चास्य चतुर्गुणपंचबन्धो दण्डः। परिवर्तने निष्पाते वा मूल्यसमः। तेन आधिप्रणाशोपभोगविक्रयाधानापहारा व्याख्याताः।

नाधिः सोपकारः सीदेत्। न चास्य मूल्यं वर्धेत। निरुपकारः सीदेन्मूल्यं चास्य वर्धेतान्यत्र निसर्गात्। उपस्थितस्याधिमप्रयच्छतो द्वादशपणो दण्डः। प्रयोजकासन्निधाने वा ग्रामवृद्धेषु स्थापयित्वा निष्क्रयमाधिं प्रतिपद्येत। निवृत्तवृद्धिको वाधिस्तत्कालकृतमूल्यस्तत्रैवावतिष्ठेत, अनाशविनाशकरणाधिष्ठितो वा। धारणकसन्निधाने वा विनाशभयादुद्गतार्थं धर्मस्थानुज्ञातो विक्रीणीत। आधिपालप्रत्ययो वा।

स्थावरस्तु प्रयासभोग्यः फलभोग्यो वा प्रक्षेपवृद्धिमूल्यशुद्धमाजीवममूल्यक्षयेणोपजीवयेत्। अनिसृष्टोपभोक्ता मूल्यमाजीवं वन्धं च दद्यात्। शेषमुपनिधिना व्याख्यातम्। एतेनादेशोऽन्वाधिश्च व्याख्यातौ। सार्थेनान्वाधिहस्तो वा प्रविष्टां भूमिमप्राप्तश्चौरैर्भग्नोत्सृष्टो वा नान्वाधिमभ्यावहेत्। अन्तरे वा मृतस्य दायादोऽपि नाभ्यावहेत। शेषमुपनिधिना व्याख्यातम्।

याचितकमवक्रीतं वा यथाविधं गृहीयुस्तथाविधमेव अर्पयेयुः । भ्रेषोपनिपाताभ्यां देशकालोपरोधि दत्तं नष्टं विनष्टं वा नाभ्याभवेयुः । शेषमुपनिधिना व्याख्यातम् । वैयावृत्यविक्रयस्तु वैयावृत्यकरा यथादेशकालं विक्रीणानाः पण्यं यथाजातमूल्यमुदयं च दद्युः । शेषमुपनिधिना व्याख्यातम् । देशकालातिपातने वा परिहीणं संप्रदानकालिकेन अर्घेण मौल्यमुदयं च दद्युः ।

यथासंभाषितं वा विक्रीणाना नोदयमभिगच्छेयुः । मूल्यमेव दद्युः । अर्घपातने वा परिहीणं यथापरिहीणमूल्यमूनं दद्युः । सांव्यावहारिकेषु वा प्रात्ययिकेष्वराजवाच्येषु भ्रेषोपनिपाताभ्यां नष्टं विनष्टं वा मूल्यमपि न दद्युः । देशकालान्तरितानां तु पण्यानां क्षयव्ययविशुद्धं मूल्यद्रव्यं च दद्युः । पण्यसमवायानां च प्रत्यंशम् । शेषमुपनिधिना व्याख्यातम् । एतेन वैयावृत्यविक्रयो व्याख्यातः ।

निक्षेपश्चोपनिधिना । तमन्येन निक्षिप्तमन्यस्यार्पयतो हीयेत । निक्षेपापहारे पूर्वापदानं निक्षेप्तारश्च प्रमाणम् । अशुचयो हि कारवः, नैषां कारणपूर्वो निक्षेपधर्मः । कारणहीनं निक्षेपमपव्ययमानं गूढभित्तिन्यस्तान् साक्षिणो निक्षेप्ता रहस्यप्रणिपातेन प्रज्ञापयेत्, वनान्ते वा व्ययप्रहवणविश्वासेन । रहसि वृद्धो व्याधितो वा वैदेहकः कश्चित् कृतलक्षणं द्रव्यमस्य हस्ते निक्षिप्यापगच्छेत् । तस्य प्रतिदेशेन पुत्रो भ्राता वाभिगम्य निक्षेपं याचेत । दाने शुद्धिः । अन्यथा निक्षेपं स्तेयदण्डं च दद्यात् ।

प्रव्रज्याभिमुखो वा श्रद्धेयः कश्चित् कृतलक्षणं द्रव्यमस्य हस्ते निक्षिप्य प्रतिष्ठेत । ततः कालान्तरगतो याचेत । दाने शुचिरन्यथा निक्षेपं स्तेयदण्डं च दद्यात् । कृतलक्षणेन वा द्रव्येण प्रत्यानयेदेनम् । बालिशजातीयो वा रात्रौ राजदायिकांक्षणभीतः सारमस्य हस्ते निक्षिप्यापगच्छेत् । स एनं बन्धनागारगतो याचेत । दाने शुद्धिरन्यथा निक्षेपं स्तेयदण्डं च दद्यात् ।

अभिज्ञानेन चास्य गृहे जनमुभयं याचेत। अन्यतरादाने यथोक्तं पुरस्तात्। द्रव्यभोगानामागमं चास्यानुयुंजीत। तस्य चार्थस्य व्यवहारोपलिंगनमभियोक्तुश्चार्थसामर्थ्यम्। एतेन मिथः समवायो व्याख्यातः।

तस्मात्साक्षिमदच्छन्नं कुर्यात्सम्यग्विभाषितम्।
स्वे परे वा जने कार्यं देशकालाग्रवर्णतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
औपनिधिकं नाम द्वादशोऽध्यायः ॥ १२ ॥

अध्याय १२

प्रकरण ६४

धरोट

(उपनिधि न्यास निक्षेप यी सबै शब्द धरोटलाई बुझाउछन्।) जस्तो ऋण लिएको कुरा असामीले, सो नभए छोरा आदि हकदारले, बुझाउनुपर्दछ, झगडा परेमा साक्षीहरू द्वारा प्रमाणित हुन्छ, त्यस्तै उपनिधि-(धरोट) राखेको नगद जिनिस वस्तु पनि धरोट लिनेले, उ नभए उसको हकदार उत्तराधिकारीले बुझाउनुपर्दछ; साक्षी भएकोमा साक्षीहरू द्वारा सिद्ध पनि गरिने हुन्छ। आधि-(धीतो बन्धक राखेको), अन्वाधि-(लखबन्धक राखेको) विषय पनि उपनिधि-(धरोट) सरह नै हुन्छ।

शत्रुदल जङ्गलीदलहरूले आक्रमण गरेर किल्ला राष्ट्रमा लूट-पीट गरेमा, किवा चोर डाँकूहरूले गाउँ बनियाहरूको समूह गोठहरूमा लूट-पीट गरेमा, वा राज्य भित्रैका दुष्ट मानिसहरूले लूट-पीट गरेमा, र गाउँ भित्रै आगो पानीको उत्पात भएर नाश भएमा, उठाउन नसकिने बाहेक चल नगद जिनिस सबै नछोडी नाश भएमा, वा केही मात्र नाश भएमा, किवा आगाको मुस्लो धूवाको मुस्लोले कुहिरी-मण्डल पारेर चोरी भई नाश भएमा, वा मालहरू हालेको नाउ पानीमा डुबेमा, वा नाउ लुटिएमा, नासो राख्ने

मानिस आफू कसैगरी जोगीएको भए पनि नाशिएको धरोट बस्तु बुझाउनुपर्दैन।

अर्काले धरोट राखेको बस्तु धरोट लिनेले उपभोग गऱ्यो भने, जति उपभोग गरेको छ, देश-काल अनुसारको त्यसको वेतन (नोक्सानी भर्ना) दिनुपर्दछ, १२ पण दण्ड पनि हुन्छ। उपभोग गर्दा त्यो बस्तु बिग्रे नाशिएको भए त्यसको भर्ना पनि दिनुपर्दछ, २४ पण दण्ड पनि हुन्छ। उपभोग न गरेर अन्यत्रै ओसारेमा पनि भर्ना दिनुपर्छ, २४ पण दण्ड पनि हुन्छ।

धरोट लिने मानिस मऱ्यो वा विशेष आपत्तिमा परेको भए धरोट राखेको बिना प्रमाण दावी लाग्दैन।

धरोट लिएको बस्तु अर्कालाई धीतो राखेमा, बिक्री गरेमा, लिएकै छैन भनि पचाउन लागेमा, राखेको जति चौवर तिर्नुपर्दछ, त्यसको पञ्चमांश दण्ड पनि हुन्छ।

यो धरोटको विषयको कुराबाट धीतो राखेको बस्तु नदिएमा, दवाएमा, भोग गरेमा, बिक्री गरेमा, बन्धक राखेमा, चोरिएमा, पनि उस्तै बुझनू।

धरोट राखेको गोरु-गाइ आदिबाट जोतनु दूध दुहनु आदि फायदा उठाएको भए पनि हराउदैन, फायदा समेतको हिसाब गरी त्यसको मोल पनि बढ्दैन। फायदा नदिने बस्तुलाई आफूले उपभोग गरेको भए, राख्नेले मञ्जूर गरेमा बाहेक नोक्सानी भर्नुपर्दछ मोल पनि व्याज समेत गरी बढ्दछ।

धीतो धरोट फिर्ता लिन आउँदा फिर्ता नदिनेलाई १२ पण दण्ड हुन्छ। आफूले फिता दिन चाहेमा मालधनी खडा नभएमा गाउँका बूढा पाकाको जिमामा राखिदिएर आफूले फुर्सद लिनू। धीतो धरोट राखेको बस्तु फिर्ता-दिन चाहेमा माल धनी नभएर दिन नपाएमा, त्यही बखतको मोल तोकेर आफूकहां नै राखो छोडेपनि हुन्छ, बन्धक धरोट राखेको बस्तु नाश्न हराउन हुदैन। धीतो राख्नेले निखन्न सकेन भने माल नाशिने हराउने डर भयो भने माल धनीको रोहबरमा धर्मस्थको अनुमति लिएर बिक्री गरी आफ्नो जति भर्ना लिन हुन्छ। आधि विभागको अधिकारीले भने बमोजिम गरेपनि हुन्छ।

धीतो राखेको भूमि वृक्ष आदि परिश्रम गरेर भोग गरिने वा फलभोग गरिने पनि हुन्छ.। राखेको वस्तुको धन व्याज मोल सबै हिसाब गरेर बाकि ठहरेको दिनुपर्दछ।

माल धनीको मञ्जूरी नभइकन धीतो राखेको वस्तु उपभोग गरेमा भोग गरेको मूल्य भर्ना दिनुपर्दछ, राजालाई बीगाको पञ्चमांश दण्ड पनि तिर्नुपर्दछ ।

अरू कुरा धीतोमा पनि धरोटकै सरह हुन्छ । यसबाट आदेश अर्थात् फलनालाई दिनू भनि अर्काको हातमा दिएको र अन्वाधि अर्थात् फलानालाई पुग्याइदिनू भनी दिएकोमा पनि यही अनुसार हुने बुझनू । अर्काको अन्वाधि लिएर हिंड्दा पुऱ्याउने ठाउमा नपुग्दै चोरले लग्यो भत्क्यो बिग्यो भने त्यो बुझाउनुपर्दैन । लैजाने मानिस बिचैमा मऱ्यो भने त्यसपछिको हकदारले तिर्नुपर्दैन । अरू कुरा उपनिधिसरहै हुन्छ ।

याचितक-(मगनी लिएको), अवक्रीतक-(भाडामा लिएको) वस्तु पनि जस्तो लिएको छ उस्तै फिर्ता बुझाउनुपर्दछ । भ्रेष-(हान्नी-आदिले बाटामा गरेको उपद्रव), उपनिपात-(चोर डाकाको भय वा देश कालको बिकट परिस्थिति)ले गर्दा बिग्रेको हराएको भर्ना दिनुपर्दैन ।

वैया वृत्य विक्रय अर्थात् आफूलाई वेफुर्सदले यति बेचिदिनु भनि अर्को साहुले दिएको माल फुटकर बिक्री गर्नु, यसमा भनेको देशकाल अनुसार माल बिक्री गर्दा आएको मोल र नाफ़ा समेत जस्ताको तस्तो बुझाउनू । अरू कुरा उपनिधि सरहै हुन्छ । भनेको देश कालमा नगरेर नोक्सान पारेमा दिएको बखतको भाउ अनुसार मोल र नाफा बुझाउनुपर्दछ ।

दिंदा खेरि भनेबमोजिमं बिक्री गर्दा पछि भाउ चढेपनि बढी बुझाउनुपर्दैन, भनेको मोलमात्र बुझाउनू । बिक्रीगर्दा भाउ घटेर नोक्सानी भएमा सो घटेअनुसार नै बुझाउनू । अर्काको माल बिक्री गरेर जीविका गर्नेहरू विश्वासपात्र, सरकारी रोकावट न भएका, भएर केही आकस्मिक बिपत्ति परी नोक्सान भएमा हराएको नाशिएकोमा मोल पनि तिर्नुपर्दैन । भनेको देश कालमा नबेची अरू देशकालमा बिक्री गरेमा मालको मोल, नाफा, खाना खर्च, आदि हिसाब गरेर बाकि मोल भर्ना गर्नू । धेरै थरी अरूको माल बिक्री गर्ने व्यापरीले हरेक बस्तुको मोल र नाफाहरू मालधनीलाई दिनुपर्दछ । बाकि कुरा उप-निधि सरहै हुन्छ । वैयावृत्य बिक्रीको विषय बताइयो ।

निक्षेप

निक्षेप-अर्थात् गहनाहरू बनाउन कालीगडलाई जिंमा दिएको नासोको विषयमा पनि उपनिधिकै बराबर बुझ्नू । यौटाले राखेको माल अर्कालाई

दिएमा परेको नोक्सानी नासो लिनेले बुझाउनुपर्दछ। किन भने, कालीगडहरू ठग हुन्छन्, त्यस्तोमा लेखोट लिएर नासो लिनुपर्दछ, प्रमाण केही न भएर नासो लिएकै छैन भनि बेइमानी गर्न लागेमा, नासो राख्नेले गाह्रो पल्ला पट्टि गुप्त साक्षीहरू लुकाई राखेर, एकान्तमा नम्र भएर कुरा गरी सो विषय साक्षीहरूलाई सुनाउनू, किंवा बनभोज गराएर त्यो कालीगडलाई पनि लगी, मद्यद्वारा झुक्काएर, साक्षीहरूको अगाडि भनाउन लाउनू, किंवा बूढो रोगी ब्यापारीले निस्सा लागेको केही माल त्यस कहाँ एकान्तमा नासो राखेर जानू। पछि राख्नेको सन्देश लिएर त्यसको छोरो वा भाइ गएर त्यो नासो माग्नू र खुरुक्क दियो भने त्यो चोखो ठहर्छ, लिएकै छैन भन्यो भने त्यो बेइमान ठहर्छ, नासो राखेको पनि बुझाउनुपर्दछ, चोरीको दण्ड पनि हुन्छ।

किंवा, जोगी बनेको कुनै विश्वासपात्रले निस्सा लाएको कुनै माल त्यसको हातमा नासो राखेर हिडनू, केही काल पछि गएर माग्दा दियो भने त्यो इमानदार ठहर्छ, नत्र भने नासो बुझाउनुपनिपर्दछ चोरीको दण्डपनि हुन्छ। निस्सा भएको माल समेत त्यो मानिसलाई पक्रडनू।

किंवा, कुनै लाटो सुधो किसिमको मानिसले मालको पोको पुलिसले पक्रन्छ भन्ने डर देखाएर राति त्यसकहाँ नासो राखेर जानू। पछि त्यो मानिस थुनामा बसेर त्यो माल माग्न पठाउनू। दियो भने त्यो सच्चा ठहर्दछ, नत्र नासो बुझाउनुपर्दछ, चोरीको दण्ड पनि हुन्छ।

किंवा, दुइ थोक नासो राखेर यस्तो यस्तो चिह्न भएको माल छ देउ भनि उसको जहान छोरा संग माग्नू, एक थोक मात्र दिए पनि त्यसले नासो दुवै थोक लिएको ठहर्छ।

धर्मस्थले त्यसको हैसियत, खर्चबर्च, कमाइको बाटो, पनि सबै कुरा सोधपुछ गर्नुपर्दछ, त्यसको चाल चलन र नासो राख्नेको हैसीयत पनि विचार गर्नुपर्दछ, यही किसिम-संग गान्धर्व आदि एकान्तको व्यवहारमा पनि विचार गरी निर्णय गर्नुपर्दछ।

त्यस कारण जो सुकैले पनि आफस्तमा होस्, वा पराइया होस्, व्यवहार गर्दा गुप्त नगरी देश काल संख्या रूप रङ्गहरू खोलेर राम्रो लेखा पढी गरी गर्ने गर्नुपर्दछ।

अथ त्रयोदशोऽध्यायः

६५ प्रकरणे—दासकर्मकरकल्पः

उदरदासवर्जमार्यप्राणमप्राप्तव्यवहारं शूद्रं विक्रयाधानं नयतः स्वजनस्य द्वादशपणो दण्डः । वैश्यं द्विगुणः । क्षत्रियं त्रिगुणः । ब्राह्मणं चतुर्गुणः । परजनस्य पूर्वमध्यमोत्तमवधा दण्डाः क्रेतृश्रोतृणां च । म्लेच्छानामदोषः प्रजां विक्रेतुमाधातुं वा न त्वेवार्यस्य दासभावः । अथवार्यमाधाय कुलबन्धनतूर्याणामपदि निष्क्रयं चाधिगम्य बालं साहाय्यदातारं वा पूर्वं निष्क्रीणीरन् ।

सकृदात्माधाता निष्पतितः सीदेत् । द्विरन्येनाहितकः । सकृदुभौ परविषयाभिमुखौ । वित्तापहारिणो वा दासस्यार्यभावमपहरतोऽर्धदण्डः । निष्पतितप्रेतव्यसनिनामाधाता मूल्यं भजेत् ।

प्रेतविण्मूत्रोच्छिष्टग्राहणमाहितस्य नग्नस्नापनं दण्डप्रेषणमतिक्रमणं च स्त्रीणां मूल्यनाशकरम् । धात्रीपरिचारिकार्धसीतिकोपचारिकाणां च मोक्षकरम् । सिद्धमुपचारकस्याभिप्रजातस्य अपक्रमणम् । धात्रीमाहितिकां वाकामां स्ववशामभिगच्छतः पूर्वः साहसदण्डः । परवशां मध्यमः । कन्यामाहितिकां वा स्वयमन्येन वा दूषयतो मूल्यनाशः शुल्कं तद्द्विगुणश्च दण्डः ।

आत्मविक्रयिणः प्रजामार्यां विद्यात् । आत्मधिगतं स्वामिकर्माविरुद्धं लभेत, पित्र्यं च दायम् । मूल्येन चार्यत्वं गच्छेत् । तेनोदरदासाहितकौ व्याख्यातौ । प्रक्षेपानुरूपश्चास्य निष्क्रयः । दण्डप्रणीतःकर्मणा दण्डमुपनयेत् । आर्यप्राणो ध्वजाहृतः कर्मकालानुरूपेण मूल्यार्धेन वा विमुच्येत । गृहजातदायागतलब्धक्रीतानामन्यतमं दासमूनाष्टवर्षं विबन्धुमकामं नीचे कर्मणि विदेशे दासीं वा सगर्भामप्रतिविहितगर्भभर्मण्यां विक्रयाधानं नयतः पूर्वः साहसदण्डः । क्रेतृश्रोतृणां च ।

दासमनुरूपेण निष्क्रयेणार्यमकुर्वतो द्वादशपणो दण्डः । संरोधश्चाकारणात् । दासद्रव्यस्य ज्ञातयो दायादाः । तेषामभावे स्वामी । स्वामिनः स्वस्यां दास्यां जातं समातृकमदासं विद्यात् । गृह्या चेत्कुटुम्बार्थचिन्तनी माता भ्राता भगिनी चास्या अदासाः स्युः । दासं दासीं वा निष्क्रीय पुनर्विक्रयाधानं नयतो द्वादशपणो दण्डः । अन्यत्र स्वयंवादिभ्यः । इतिदासकल्पः ।

कर्मकरस्य कर्मसम्बन्धमासन्ना विद्युः । यथासंभाषितं वेतनं लभेत । कर्मकालानुरूपमसम्भाषितवेतनम् । कर्षकः सस्यानां गोपालकः सर्पिषां वैदेहकः पण्यानामात्मना व्यवहृतानां दशभागमसम्भाषितवेतनो लभेत । सम्भाषितवेतनस्तु यथासम्भाषितम् । कारुशिल्पिकुशीलवचिकित्सकवाग्जीवनपरिचारकादिराशाकारिकवर्गस्तु यथान्यस्तद्विधः कुर्यात् । यथा वा कुशलाः कल्पयेयुस्तथा वेतनं लभेत । साक्षिप्रत्ययमेव स्यात् । साक्षिणामभावे यतः कर्म ततोऽनुयुञ्जीत ।

वेतनादाने दशबन्धो दण्डः षट्पणो वा । अपव्ययमाने द्वादशपणो दण्डः पंचबन्धो वा । नदीवेगज्वालास्तेनव्यालोपरुद्धः सर्वस्वपुत्रदारात्मदानेनार्तस्त्रातारमाहूय निस्तीर्णः कुशलप्रदिष्टं वेतनं दद्यात् । तेन सर्वत्रार्तदानानुशया व्याख्याताः ।

लभेत पुंश्चली भोगं संगमस्योपलम्भनात् ।
अतियाच्ञा तु जीयेत दौर्मत्याविनयेन वा ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
स्वाम्यधिकारो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

अध्याय १३

प्रकरण ६५

(नोकर चाकर कामदार सम्बन्धी विधान)

पेट पाल्नाको निमित्त आफै अर्काको दास भएको बाहेक आर्य-सन्तान नाबालक शूद्रलाई कुनै आफ्नो बन्धु-बान्धवले बाँधा तुल्याएमा १२ पण, वैश्यलाई भए २४ पण, क्षत्रियलाई भए ३६ पण, ब्राह्मणलाई भए ४८ पण दण्ड हुन्छ। पराई मानिसले यसो गरेमा शूद्रलाई भए पूर्व साहस (२५०), वैश्यलाई भए मध्यम साहस (५००), क्षत्रियलाई भए उभय साहस (१०००), ब्राह्मणलाई भए बध हुन्छ। किन्ने सुन्ने-(साक्षी) हरूलाई पनि यही बमोजिम दण्ड हुन्छ।

म्लेच्छ (मासिने) जातिले आफ्नो सन्तान वेच्न बाधा राख्न दोष लाग्दैन। आर्यजाति केही गरेर पनि अर्काको दास हुदैन।

कुललाई नै सङ्कट पर्ने गरी आर्यजातिलाई सङ्कट परेको बखतमा आर्य-जातिलाइ बाँधा राखे पनि निखन्ने द्रव्य पाउना साथ पहिले बालकलाई आफै बाधा पसेर सहायता गर्नेलाई निखन्नुपर्दछ।

आफूलाई आफैले बाधा राख्नेचाहीं पछि पनि बाधाबाट भाग्यो भने दासताको बन्धनबाट छुट्तछ। अर्कोले राखेको भए दुइपटक भागे पछि दासताको बन्धनबाट छुटतछ. आफै बाधा वसेको वा अर्कोले बाधा राखेको दुवै थरी भागेर विदेशमा गए भने एकै पटकमा बन्धन-मुक्त हुन्छन्. दासले मालिकक्को धन चोर्‍यो भने आर्यको धन चोर्ने अरू चोरलाई हुने दण्डको आधा दण्ड हुन्छ. भागेको मरेको मद्य आदि व्यसनमा लागेको दासको धनीले मोल पाउंछ।

बाधालाई मुर्दा बोकाउनु, मलमूत्र वोकाउनु, जुठो खुवाउनू, स्त्रीजाति भए नाङ्गो पुरुषलाई नुहाउन लाउनु, लठ्ठीले हान्नु, उपभोग गर्नु, यी कुराले मूल्यको नाश हुन्छ. धाई, परिचारिका (टहलुनी) अर्ध सीतिकार बटैया दारको स्त्री), उपचारिका (सामान्य सेवागर्ने) हरूलाई माथि लेखिएका कुराले बन्धन मुक्ति हुन्छ. टहलुवा र दासीमा मालिक वाट जन्मेको सन्तान पनि आफू खुसी निस्कन पाउंछ।

धाई वँधितिनी आफू कामना नगर्ने आफूखुसीलाई उपभोग गर्ने मालिकलाई पूर्व साहस (२५०), पराधीनलाई उपभोग गर्नेलाई मध्यम साहस (५८०) दण्ड हुन्छ। कन्या वधितिनीलाई आफैले वा अर्काद्वारा दूषित गराएमा मोल हराउंछ, शुल्क पनि कन्यालाई दिनुपर्दछ। त्यसको दोवर दण्ड पनि हुन्छ।

कसैले आफै आफूलाई बाँधा राखे पनि त्यसकी स्त्री आर्या नै हुन्छे। आफू बाँधा बस्नेले मालिकको काम हानि नगरीकन आफूले कमाएको र बाबुको अंश पनि पाउँछ। मालिकको धन तिरे पछि त्यो फेरि आर्य र चोखो हुन्छ। यस्तै किसिम सँग पेटको निम्ति दास भएको र बाँधा वसेकोमा पनि बुझ्नू। राख्ताखेरि जति धन लिएको छ त्यति तिरे निखनिन्छ।

कसैलाई राज-दण्ड लागेकोमा काम गरेर पनि त्यो दण्ड भुक्तान हुन् शक्तछ। आर्यको सन्तान, युद्धमा पक्रिएको मानिस, काम र समय अनुसारको आधा मोल तिरेर छुटतछ।

घरमा जन्मेको, अंशभागमा पाएको, बक्स पाएको, किनिएको, यस्तो दास ८ वर्ष नपुगेको बन्धुवर्ग कोही नभएकोलाई उसले नचाहीकन नीचकाममा लाउने विदेशमा लगेर बिक्री बन्धकी गर्ने, गर्भिणी दासीलाई गर्भ बतार्ने खर्च नदिईकन बिक्री बन्धक राख्नेलाई पूर्व साहस (२५०) दण्ड हुन्छ। यस्ता दासदासीलाई किन्ने र साक्षीमा सहायता गर्नेलाई पनि पूर्व साहस दण्ड हुन्छ।

दासलाई चाहिंदो निखन्ने द्रव्य लिएर चोखो पार्न नचाहनेलाई १२ पण दण्ड हुन्छ। त्यस्तालाई बोलाएर बन्धुहरूले छेकथुन पनि गर्नुपर्दछ। दासको धनको उसका भाई बन्धुहरू हकदार हुन्छन्। कोही नभए मालिकै हकदार हुन्छ।

आफ्नी दासीमा मालिकबाट सन्तान जन्मेमा सन्तान र आमा समेत अदास हुन्छन्। दासी घरको कामकाज याद विचार पूरा गर्ने भएर रहेमा त्यसका आमा बहिनी भाईहरु पनि अदास हुन्छन्।

दास वा दासीलाई एकबाजी निखन्नी सकेपछि फेरी बिक्री गर्ने बन्धक राख्नेलाई १२ पण दण्ड हुन्छ। आफै मलाई बेच, बाधा राख, भनेकी रहीछ भने दोष लाग्दैन। दासको विषयको विधान सकियो।

कर्मकर् (ज्यालादार)

ज्यालामा काम गर्ने मानिसले राम्ररी काम गर्ने नगर्ने कुरा नजीकका मानिसले जान्दछन्, काम राम्रो गरेमा कबोल बमोजिमको वेतन पाउँछ अगिबाट कबोल नगरेको भएपनि काम र समयको अनुसार चलेको वेतन पाउँछ खेती गर्नले धानको, गोठालाले ध्यूको, व्यापारीले आफूले व्यवहार गरेका बिक्रीका मालको, दश भागको एक भाग कबोल नगरेको भए पनि वेतनरूपमा पाउँछ, अगिवाट कबोल भएको भए घटी-बढी जे भए पनि कबोल गरेबमोजिम पाउँछ।

कारु (मोटा कालीगड), शिल्पी (सिपालु कालीगड) नटुवा, वैद्य, कत्थक, सेवक, आदि आज्ञाकारी-हरूले त्यही किसिमको अरूले झैं वेतन पाउँछ। अथवा जान्ने सुन्नेले जे तजवीज गर्दछन् सो बमोजिमको वेतन पाउँछन्।

वेतन सम्बन्धी बिवादमा साक्षीहरूको पत्यारमा निर्णय गर्नुपर्दछ। साक्षी नभए जहाँ त्यस्तो काम छ त्यो सोध पूछ गरी निर्णय गर्नू।

काम लगाएर वेतन नदिनेलाई वेतनको दशांश अथवा ६ पण दण्ड गर्नू। बेइमानी गर्नेलाई १२ पण, अथवा वेतनको पञ्चमांश दण्ड गर्नू।

नदीको भेल, आगाको ज्वाला, चोर डाका, विषाक्त जन्तुको फेलामा परी सङ्कट परेको बेलामा, सर्वस्व छोरा स्वास्नी आत्मा संम पनि दिने कबोल गरेर रक्षक संग गुहार मागी सो सङ्कटबाट मुक्त भएमा जान्नेसुन्नेले भने बमोजिम वेतन दिनू। यही किसिम संग अरू पनि पीडितहरूलाई रक्षा गरेको विषयमा पनि नमान्नेलाई दण्ड हुने कुरा बुझनू।

वेश्या स्त्रीले पनि सङ्गमको सबूतबाट उपभोगको वेतन पाउँछे। नीचपना अथवा उद्धतपनाबाट बढी माग्न लागी भने दण्ड हुन्छ।

अथ चतुर्दशोऽध्यायः

६६ प्रकरणे—कर्मकरकल्पः सम्भूयसमुत्थानं च।

गृहीत्वा वेतनं कर्म अकुर्वतो भृतकस्य द्वादशपणो दण्डः। संरोधश्चाकारणात्। असक्तः कुत्सिते कर्मणि व्याधौ व्यसने वा

अनुशयं लभेत, परेण वा कारयितुम् । तस्य व्ययं कर्मणा लभेत । भर्ता वा कारयन्नान्यस्त्वयाकारयितव्यो मया वा नान्यस्य कर्तव्यमित्यवरोधे भर्तुरकारयतो भृतकस्याकुर्वतो वा द्वादशपणो दण्डः । कर्मनिष्ठापने भर्तुरन्यत्र गृहीतवेतनो नासकामः कुर्यात् ।

उपस्थितमकारयतः कृतमेव विद्यादित्याचार्याः । नेति कौटिल्यः । कृतस्य वेतनं, नाकृतस्यास्ति । स चेदल्पमपि कारयित्वा न कारयेत्, कृतमेवास्य विद्यात् । देशकालातिपातनेन कर्मणामन्यथाकरणे वा नासकामः कृतमनुमन्येत । सम्भाषितादधिकक्रियायां प्रयासं न मोघं कुर्यात् । तेन संघभृता व्याख्याताः । तेषामाधिः सप्तरात्रमासीत । ततोऽन्यमुपस्थापयेत् । कर्मनिष्पाकं च । न चानिवेद्य भर्तुः संघः कंचित्परिहरेदपनयेद्वा । तस्यातिक्रमे चतुर्विंशतिपणो दण्डः । संघेन परिहृतस्यार्धदण्डः । इति भृतकाधिकारः ।

संघभृताः सम्भूयसमुत्थातारो वा यथासम्भाषितं वेतनं समं वा विभजेरन् । कर्षकवैदेहका वा सस्यपण्यारम्भपर्यवसानान्तरे सन्नस्य यथाकृतस्य कर्मणः प्रत्यंशं दद्युः । पुरुषोपस्थाने समग्रंशं दद्युः । संसिद्धे तूद्धृतपण्ये सन्नस्य तदानीमेव प्रत्यंशं दद्युः । सामान्या हि पथि सिद्धिश्चासिद्धिश्च । प्रक्रान्ते तु कर्मणि स्वस्थस्यापक्रमतो द्वादशपणो दण्डः । न च प्राकाम्यमपक्रमणे ।

चोरं त्वभयपूर्वं कर्मणः प्रत्यंशेन ग्राहयेत् । दद्यात्प्रत्यंशमभयं च । पुनः स्तेये प्रवासनमन्यत्र गमनं च । महापराधे तु दूष्यवदाचरेत् । याजकाः स्वप्रचारद्रव्यवर्जं यथासम्भाषितं वेतनं समं विभजेरन् । अग्निष्टोमादिषु च क्रतुषु दीक्षणादूर्ध्वं याजकः सन्नः ंचममंशं लभेत । सोमविक्रयादूर्ध्वं चतुर्थमंशम् । मध्यमोपसदः प्रवर्ग्योद्वासनादूर्ध्वं तृतीयमंशम् । मध्यादूर्ध्वमर्धमंशम् । सुत्ये प्रातःसवनादूर्ध्वं पादोनमंशम् । माध्यन्दिनात्सवनादूर्ध्वं समग्रमंशं लभेत । नीता हि दक्षिणा भवन्ति । बृहस्पतिसवनवर्जं प्रतिसवनं हि

दक्षिणा दीयते । तेनाहर्गणदक्षिणा व्याख्याताः । सन्नानामादशाहोरात्राच्छेषभृताः कर्म कुर्युः । अन्ये वा स्वप्रत्ययाः ।

कर्मण्यसमाप्ते तु यजमानः सीदेत् । ऋत्विजः कर्म समापय्य दक्षिणां हरेयुः । असमाप्ते तु कर्मणि याज्यं याजकं वा त्यजतः पूर्वः साहसदण्डः ।

अनाहिताग्निः शतगुरयज्वा च सहस्रगुः ।
सुरापो वृषलीभर्ता ब्रह्महा गुरुतल्पगः ॥ १ ॥
असत्प्रतिग्रहे युक्तः स्तेनः कुत्सितयाजकः ।
अदोषस्त्यक्तुमन्योन्यं कर्मसंकरनिश्चयात् ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे कर्मकरविधिः सम्भूयसमुत्थानं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

अध्याय १४

प्रकरण ६६

काम गर्नेहरूको विधान, धेरै जना मिलेर काम गर्नू ।

ज्याला लिएर काम नगर्ने ज्यामीलाई १२ पण दण्ड हुन्छ । बोलाएर बलै गरी काम गराउनू ।

खराप काम भएकोले, वा रोग लागेकोले, वा केही विपत्ति परेकोले, काम गर्न असमर्थ भयो भने ज्यामीले फुर्सत लिन पाउंछ । अर्को सट्टा-द्वारा काम गराएपनि हुन्छ । अथवा मालिकले त्यसलाई दिने ज्यालाले अर्कोबाट काम गराए पनि हुन्छ ।

मालिकले म बाहेक अरूलाई काम नलाउनू, म पनि अर्काको काम गर्दिन भन्ने बोलकबोल भएकोमा मालिकले त्यसलाई काम लाएन, वा ज्यामीले काम गरेन भने १२ पण दण्ड गर्नू । कुनै मजदूरले ज्याला लिएर मालिकको काम पूरा न गरुञ्जेल अर्को पेश्कीलिएतापनि मालिकको इच्छा विना अर्काको काम गर्न हुदैन ।

काम गर्न उपस्थित भएको ज्यामीलाई मालिकले काम लाएन भने काम गरेसरहै हुन्छ भनि अरू आचार्य भन्दछन् । कौटल्य भन्दछन् कि—त्यसो होइन, काम गरे मात्र वेतन पाइन्छ नगरेको कामको वेतन हुदैन । हो अलिकति काम गरेपछि भैगो भनि वाकि काम लाएन भने काम गरैसरहै हुन्छ । मालिकको इच्छा विना देश काल फरक पारेर काम अर्को तरह गरी विगारेमा काम गरेको ठहर्दैन । वोल कवोल भए भन्दा बढी काम गरेमा ज्यामीको परिश्रम खेर हालिदिन हुदैन, बढी कामको पनि वेतन दिनुपर्दछ । ज्यामीहरूको विधान पूर्ण भयो ।

घेरै जना मिलेको काम—

घेरैजना मिलेर काम गर्नेहरू कुनै अर्कोको काम गर्ने, कुनै आफ्नै काम गर्ने यस्ता दुइथरी हुन्छन् । माथि लेखिएको विधान घेरै जना मिलेर अर्काको काम गर्नेहरूमा पनि लाग्दछ । ती सङ्घ भएर काम गर्नेहरूको म्याद ७ दिनको हुन्छ एक सङ्घले ७ दिन काम गरेपछि गरेको कामको परिणाम ठीक वेठीक विचार गरी राम्रो नभए अर्को साता काम गर्ना-लाई अर्कै सङ्घ खडा गर्नू—काम गर्न लागेको सङ्घले मालिकलाई नभनी कोही मानिस छुटाउन वा थप्न हुदैन । यो नियम लङ्घन गरेमा २४ पण दण्ड हुन्छ । सङ्घलाई आफै छोडेर गएमा त्यसलाई आधा दण्ड हुन्छ । ज्यामीहरूलाई काम गराउने विषयमा विधान पूर्ण भयो ।

सङ्घवनेर (ठेक्कामा) अर्काको काम गर्नेहरू, किंवा घेरै जना मिलेर (कम्पनी जस्तो बनेर) व्यापार आदि काम गर्नेहरूले वोलकवोल भएको भए सो अनुसार, सो न भए वरावर वेतन बाँडेर लिनू ।

खेती गर्न र व्यापार गर्नेहरूले खेती र व्यापारको काम उठान भएर नसिद्धिदै विचमा कोही कामदार वेरामी भई काम गर्न नशक्ने भएमा त्यसले गरेजति कामको पाउने भाग त्यसलाई दिनुपर्दछ । नशक्नेले आफ्नो सट्टामा अर्को मानिस राखेमा पूरा भाग दिनुपर्दछ । देशान्तरमा माल लैजाँदा गाडाहरूमा लादी सकेपछि कामदार वेरामी भएमा त्यसले गरेजति कामको पाउने भाग उतिखेरै दिनुपर्दछ । किन भने, परदेशको वाटो लागेपछि काम पूरा हुनु वा विचैमा विग्रनु पनि संभव हुन्छ । काम उठान भइसकेपछि आफू स्वस्थ छंदा छंदै काम छोडेर जानेलाई १२ पण दण्ड गर्नू; दण्ड तिरे पनि जैले पायो उहिले काम छोडन पाउंदैन ।

घेरै जना मिलेर चोरी गरेमा कुनै चोरलाई अभय र उसको भाग पाउने गरी हात लिएर, त्यसद्वारा अरू चोर लाई पक्राउनू, त्यसलाई अभय

र भाग पनि दिनू। फेरी त्यसले त्यहीं चोरी गऱ्यो, वा अन्यत्र गएर चोरी गऱ्यो भने त्यस्तालाई विदेशमा निकालिदिनू, अरू ठूलो अपराध गरेमा दूध सरहको सजाय गर्नूं।

यज्ञको काम गर्ने ऋत्विकहरूले आफ्नो-आफ्नो विशेष कामको पाउने वाहेक प्रतिज्ञा गरेअनुसारको वेतन वरावर वाडी लिनू। अग्निष्टोम आदि यज्ञमा दीक्षणीया (इष्टिविशेष) भएपछि अस्वस्थ आदि भई अशक्त भएको ऋत्विकूले पाचौ भाग, सोमको विक्रय भइसके पछि चतुर्थांश विचको उपसद् नामक यज्ञको प्रवर्ग्योद्वासन कर्म भएपछि तृतीयांश, विचको उपसद् यज्ञ पूरा भएपछि सुत्याह (सोमाभिसव) को दिनको प्रातःसवन कर्म भइसकेपछि पौने एक अंश (४ मा ३ भाग) माध्यन्दिन सवन कर्म भइसके पछि दक्षिणा दान हुने हुनाले पूरा भाग पाउंछन्। वृहस्पतिसवन कर्म बाहेक प्रत्येक सवनमा दक्षिणा दिइने हुन्छ। यही किसिम संग अहोन यज्ञको अहर्गणको दक्षिणाको विषयमा पनि व्यवस्था गर्नुपर्दछ।

वेरामी आदि भई अशक्त भएका ऋत्विक्को काम दश दिन भएपछि भए वाँकि ऋत्विकूले गरिदिनू, किंवा अरू पत्यार पर्ने मानिसले गरिदिनू।

कर्म समाप्त नभइकनै यजमान अशक्त भएमा ऋत्विक्हरूलेनै यज्ञको सवै कर्म समाप्त गरिदिइ दक्षिणा लिनू। यज्ञ उठान भइसकेपछि समाप्त नहुदै यजमानले ऋत्विक् लाई वा ऋत्विकूले यजमानलाई छोडेमा पूर्व साहस (२५०) दण्ड हुन्छ।

जुन ब्राह्मण १०० गाई हुने भएर पनि अग्नि होत्र गर्दैन, १००० गाउ हुने भएर पनि यज्ञ गर्दैन, किंवा मद्यपान गर्दछ, शूद्रा स्त्री राख्तछ, ब्रह्महत्या गर्दछ गुरुसल्यगमन गर्दछ खराप प्रतिग्रह लिन्छ, चोरीगर्दछ, निन्दनीयलाई यज्ञ गराउछ, यस्ता भएमा कर्म नविग्रोस् भनी यजमान वा ऋत्विकूले एकले अर्कालाई छोड्न दोष लाग्दैन।

अथ पञ्चदशोऽध्यायः

६७ प्रकरणे—विक्रीतक्रीतानुशयः

विक्रीय पण्यमप्रयच्छतो द्वादशपणो दण्डः। अन्यत्र दोषोपनिपाताविषह्येभ्यः। पण्यदोषो दोषः। राजचोराग्न्युदकबाध उपनि-

पातः । बहुगुणहीनमार्तकृतं वाऽविषह्यम् । वैदेहकानामेकरात्रमनुशयः । कर्षकाणां त्रिरात्रम् । गोरक्षकाणां पंचरात्रम् । व्यामिश्राणामुत्तमानां च वर्णानां विवृत्तिविक्रये सप्तरात्रम् ।

आतिपातिकानां पण्यानामन्यत्राविक्रेयमित्यविरोधेनानुशयो देयः । तस्यातिक्रमे चतुर्विंशतिपणो दण्डः । पण्यदशभागो वा । क्रीत्वा पण्यमप्रतिगृह्णतो द्वादशपणो दण्डः । अन्यत्र दोषोपनिपाताविषह्येभ्यः । समानश्चानुशयो विक्रेतुरनुशयेन । विवाहानां तु त्रयाणां पूर्वेषां वर्णानां पाणिग्रहणासिद्धमुपावर्तनम् । शूद्राणां च प्रकर्मणाम् । वृत्तपाणिग्रहणयोरपि दोषमौपशायिकं दृष्ट्वा सिद्धमुपावर्तनम् । न त्वेवाभिप्रजातयोः ।

कन्यादोषमौपशायिकमनाख्याय प्रयच्छतः षण्णवतिर्दण्डः । शुल्कस्त्रीधनप्रतिदानं च । वरयितुर्वा वरदोषमनाख्याय विन्दतो द्विगुणः । शुल्कस्त्रीधननाशश्च । द्विपदचतुष्पदानां तु कुष्ठव्याधिताशुचीनामुत्साहस्वास्थ्यशुचीनामाख्याने द्वादशपणो दण्डः । आत्रिपक्षादिति चतुष्पदानामुपावर्तनम् । आसंवत्सरादिति मनुष्याणाम् । तावता हि कालेन शक्यं शौचाशौचौ ज्ञातुमिति ।

दाता प्रतिग्रहीता च स्यातां नोपहतौ यथा ।
दाने क्रये वानुशयं तथा कुर्युः सभासदः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
विक्रीतक्रीतानुशयो नाम पंचदशोऽध्यायः ॥ १५ ॥

अध्याय १५

प्रकरण ६७

किनवेच गरेकोमा वेमञ्जुरी

विक्रीको वस्तु विक्रीको कबोल गरेपछि नदिनेलाई १२ पण दण्ड हुन्छ, तर विक्रीको वस्तुमा केही दोष भएमा वा केही आकस्मिक पानी आगो चोर आदि उत्पात वा असह्य कुरा (माल ज्यादै खराब हुनु) हुनआएमा भने नदिएमा दोष लाग्दैन। विक्रीको वस्तुमा दोष उपनिपात अविषह्य हुन आएमा भने नदिए पनि दोष लाग्दैन। विक्रीको वस्तुमा केही खराबी हुनु दोष हो, राजा चोर आगो पानि आदिवाट केही बाधा हुनु उपनिपात हो, सो वस्तु ज्यादै खराब वा पीडा दिने हुनु अविषह्य हो।

किनवेच गर्ने व्यापारीले १ रातसंम, खेती गर्नेहरूले ३ रातसंम, गाई पाल्नेहरूले ५ रातसंम, उसम वा सङ्कर जातिका जनको जीविकाको साधन हुने भूमि आदिमा ७ रातसंम अनुशय अर्थात् पछितो मानेर खरीद विक्री वदर गर्नु हुन पाउंछ।

धेरै दिन राख्न नहुने तुरुन्त विक्री गर्नुपर्ने वस्तु फलफूल, दूध आदि फर्काएमा अन्त बेच्न हुदैन भनि हानि नहुने गरेर फर्काउने म्याद दिनुपर्दछ। यो कुरा लङ्घन गरेमा २४ पण वा विक्रीको वस्तुको दशांश दण्ड गर्नू। माल किनी सकेपछि वास्तवमा अगि भनेझैं दोष उपनिपात, असह्य भएमा बाहेक नलिनेलाई १२ पण दण्ड हुन्छ। किन्ने बेच्ने दुवै थरीलाई पछितो मानेर फर्काउने आदि कुरा बराबरै हुन्छ।

ब्राह्मण क्षत्रिय वैश्य यी तीन वर्णको पाणिग्रहण भएपछि फर्काउन हुदैन। शूद्रहरूको प्रकर्म-योनि-क्षति नहुनजेल फर्काउन हुन्छ। पाणि-ग्रहण भइसकेपछि पनि स्त्रीमा क्षतयोनि हुनु पुरुषमा नपुंसकताको दोष पाइएमा फर्काउन हुन्छ। सन्तान जन्मिसके पछि फर्काउन हुदैन।

शयनसम्बन्धी कन्याको दोष नवताईकन दिनेलाई ९६ पण दण्ड हुन्छ; शुल्क र स्त्रीधन (दाइजोहरू) फर्काउन पनि पर्दछ। बरको दोष नभनीकन विवाह गर्ने पुरुषलाई त्यसको दोवर (१९२) पण दण्ड हुन्छ; शुल्क र स्त्रीधन दिएको फिर्ता हुदैन।

दोपाया चौपायाहरू कुष्ट भएको रोगी अपवित्र (खुनी) भएकोलाई तगडा शुद्ध भनेर बेचेमा १२ पण दण्ड हुन्छ।

चौपायाहरूलाई तीन पक्ष (४५ दिन) संम फर्काउन हुन्छ । मानिस दास दासी आदिलाई १ वर्ष संम फर्काउन हुन्छ । त्यति वखत सम्ममा त्यसको काम दिने वा नदिने विषयको पूरा ज्ञान हुन्छ ।

दिने र लिने दुवै थरीले जसरी मर्का पर्दैन त्यसैगरी दान र क्रय-विक्रय (खरीद-बिक्री) मा अनुशय—पछितो मानेर नदिने नलिने विषयको व्यवस्था धर्मस्थ अधिकारीहरूले गर्नुपर्दछ ।

अथ षोडशोऽध्यायः

६८–७० प्रकरणे—दत्तस्यानपाकर्म, अस्वामिविक्रयः, स्वस्वामिसम्बन्धश्च ।

दत्तस्याप्रदानमृणादानेन व्याख्यातम् । दत्तमव्यवहार्यमेकत्रानुशये वर्तेत । सर्वस्वं पुत्रदारमात्मानं प्रदायानुशायिनः प्रयच्छेत् । धर्मदानमसाधुषु कर्मसु चौपघातिकेषु वा । अर्थदानमनुपकारिषु अपकारिषु वा कामदानमनर्हेषु च यथा वा दाता प्रतिग्रहीता च नोपहतौ स्यातां तथानुशयं कुशलाः कल्पयेयुः ।

दण्डभयादाक्रोशभयादनर्थभयाद्वा भयदानं प्रतिगृह्णतः स्तेयदण्डः । प्रयच्छतश्च । रोषदानं परहिंसायाम् । राज्ञामुपरि दर्पदानं च । तत्रोत्तमो दण्डः । प्रातिभाव्यं दण्डशुल्कशेषमाक्षिकं सौरिकं कामदानं च नाकामः पुत्रो दायादो वा रिक्थहरो दद्यात् । इति दत्तस्यानपाकर्म ।

अस्वामिविक्रयस्तु नष्टापहृतमासाद्य स्वामी धर्मस्थेन ग्राहयेत् देशकालातिपत्तौ वा स्वयं गृहीत्वोपहरेत् । धर्मस्थश्च स्वामिनमनुयुंजीत । कुतस्ते लब्धमिति । स चेदाचारक्रमं दर्शयेत, न विक्रेतारं तस्य द्रव्यस्यातिसर्गेण मुच्येत । विक्रेता चेद्दृश्येत, मूल्यं स्तेयदण्डं च । स चेदपसारमधिगच्छेदपसारेदापसरक्षयादिति । क्षये मूल्यं स्तेयदण्डं च दद्यात् ।

नाष्टिकं च स्वकरणं कृत्वा नष्टप्रत्याहृतं लभेत । स्वकरणाभावे पञ्चबन्धो दण्डः । तच्च द्रव्यं राजधर्म्यं स्यात् । नष्टापहृतमनिवेद्योत्कर्षतः स्वामिनः पूर्वः साहसदण्डः । शुल्कस्थाने नष्टापहृतोत्पन्नं तिष्ठेत् । त्रिपक्षादूर्ध्वमनभिसारं राजा हरेत् स्वामी वा । स्वकरणेन पंचपणिकं द्विपदरूपस्य निष्क्रयं दद्यात् । चतुष्पणिकमेकखुरस्य । द्विपणिकं गोमहिषस्य । पादिकं क्षुद्रपशूनाम् । रत्नसार फल्गुकुप्यानां पंचकं शतं दद्यात् ।

परचक्राटवीहृतं तु प्रत्यानीय राजा यथास्वं प्रयच्छेत् । चोरहृतमविद्यमानं स्वद्रव्येभ्यः प्रयच्छेत्प्रत्यानेतुमशक्तो वा स्वयंग्राहेणाहृतं प्रत्यानीय तन्निष्क्रयं वा प्रयच्छेत् । परविषयाद्वा विक्रमेणानीतं यथाप्रदिष्टं राज्ञा भुंजीतान्यत्रार्यप्राणद्रव्येभ्यो देवब्राह्मणतपस्विद्रव्येभ्यश्च । इत्यस्वामिविक्रयः ।

स्वस्वामिसम्बन्धस्तु भोगानुवृत्तिरुच्छिन्नदेशानां यथास्वं द्रव्याणाम् । यत्स्वं द्रव्यमन्यैर्भुज्यमानं दशवर्षाण्युपेक्षेत, हीयेतास्य अन्यत्र बालवृद्धव्याधितव्यसनिप्रोषितदेशत्यागराज्यविभ्रमेभ्यः । विंशतिवर्षोपेक्षितमनुवसितं वास्तु नानुयुंजीत । ज्ञातयः श्रोत्रियाः पाषण्डा वा राज्ञामसन्निधौ परवास्तुषु निवसन्तो न भोगेन हरेयुः । उपनिधिमाधिं निधिं निक्षेपं स्त्रियं सीमानं राजश्रोत्रियद्रव्याणि च ।

आश्रमिणः पाषण्डा वा महत्यवकाशे परस्परमबाधमाना वसेयुः, अल्पां बाधां सहेरन् । पूर्वागतो वा वासपर्यायं दद्यात् । अप्रदाता निरस्येत । वानप्रस्थयतिब्रह्मचारिणामाचार्यशिष्यधर्मभ्रातृसमानतीर्थ्या रिक्थभाजः क्रमेण । विवादपदेषु चैषां यावन्तः पणा दण्डाः तावती रात्रीः क्षपणाभिषेकाग्निकार्यमहाकृच्छ्रवर्तनानि राज्ञश्चरेयुः । अहिरण्यसुवर्णाः पाषण्डाः साधवः । ते यथास्वमुपवासव्रतैराराधयेयुः । अन्यत्र पारुष्यस्तेयसाहससंग्रहणेभ्यः । तेषु यथोक्ता दण्डाः कार्याः ।

प्रव्रज्यासु वृथाचारान् राजा दण्डेन वारयेत् ।
धर्मो ह्यधर्मोपहतः शास्तारं हन्त्युपेक्षितः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे दत्तस्यानपाकर्म-
अस्वामिविक्रय-स्वस्वामिसम्बन्धो नाम षोडशोऽध्यायः ॥१६॥

अध्याय १६

प्रकरण ६८, ६९, ७०

(दिएको कुरा नदिनु, हक नहुनेले बेच्नु, मालिक र नोकरको सम्बन्ध)

दत्ता नपाकर्म—

दिने कबोल गरेर नदिएको विषयमा ऋण दिएमा झैं साक्षीहरू प्रमाण मान्नुपर्दछ। दिने जवान गरेपछि सो वस्तु व्यवहार गर्न अयोग्य ठहरियो भने त्यो वस्तु एक ठाउँमा थाती राख्नुपर्दछ। सर्वस्व, छोरा, स्वास्नी, आफूलाई नै पनि अगिबाट दिन्छु भनेर पछितो मान्दछन् भने फर्काउन हुन्छ। सज्जन भन्ठानेर दिएको धार्मिक दान असज्जनमा पर्नगयो, गोरक्षा आदिका निमित्त दिएको कुरा अधर्म ठगमा पर्नगयो, उपकार गर्न भनि दिएको आर्थिक दान उपकार नगर्ने वा अपकार गर्नेमा पर्नगयो, विषयको राम्रो उपभोग होला भनि दिएको कापिक दान अयोग्यमा पर्नगयो भने दिने लिने दुवैलाई जसरी मर्का पर्दैन त्यसै गरी निपुण धर्मस्थहरूले व्यवस्था गर्नुपर्दछ।

दण्डको भयले, निन्दा हुने भयले, अनर्थ हुने भयले, दिएको भयदान (डर देखाएर गरेको दान) लिनेलाई र दिनेलाई पनि चोरीको दण्ड हुन्छ। अर्कालाई मार्नाका निमित्त कसैले रिसले दिएको रोषदानमा लिने दिने दुवैलाई, नाचगान आदिमा राजाले दिएभन्दा पनि बढी दिएको दर्पदान—घमण्डको दानमा पनि उत्तम साहस (१०००) दण्ड हुन्छ।

जमानी भएबापत दिने, दण्ड गर्दाकोमा बाँकि, महसूल तिरेकोमा

बाकि, जूवा खेल्दा खालमा लिएको ऋण, मद्यपान गरेबापतको ऋण, काम दान-नाच गान तमासा गर्दाको दिन बाँकि, पनि छोरा अंशियार सम्पत्ति खाने हरूले इच्छा छैन भने दिनुपर्दैन। दिएको बुझाउने न बुझाउने विषयको व्यवस्था सकियो।

अस्वामि विक्रय—(हक नहुनेले बेच्नु)

आफ्नो माल हराएको वा चोरेको फेला पारेपछि माल धनीले धर्मस्थ कहाँ भनेर पक्राउनू। त्यही ठाउमा त्यही बेलामा नपक्रे उम्कने देखिएमा आफैले पक्रेर त्यो माल समेतगरी बुझाएपनि हुन्छ। धर्मस्थले मालधनीलाई यो माल तिमीले कहाँबाट पाएको भनि सोधनी गर्दा मालधनोले आफूले पाएको परिबन्ध पुऱ्याई देखायो, त्यसले बिक्री गरेको देखिएन भने त्यो माल मालधनीलाई बुझाएपछि पक्रिएको मानिस छुट्तछ। अर्काको माल बेच्ने फेला परेमा त्यसको मोल मालधनीलाई बुझाउनुपर्दछ त्यस्तालाई चोरीको दण्ड पनि हुन्छ। एकले अर्को, अर्कोले अरू दिने मानिस देखाएर आफू उम्कने बाटो पाएमा बाटो पाउँनेचाहीं उम्कन्छ। उम्कने बाटो नभएको पछिल्लो चाहींले मालधनीलाई मोल पनि तिर्नुपर्दछ, चोरीको दण्ड पनि तिर्नुपर्दछ, चोरीको दण्ड पनि भोग्दछ।

हराएको माल पाइएकोमा सो माल आफ्नो हो भन्ने कुरा प्रमाणले सिद्ध गरेपछि पाउँछ। आफूले प्रमाण देखाउन नसके अर्काको माल मेरो भने बापत त्यसको मोलको पञ्चमांश दण्ड हुन्छ। मालधनी फेला नपरेको माल सरकार लाग्दछ।

हराएको माल फेला परेपछि धर्मस्थलाई जाहेर नगरी आफैले बिचमा लिएमा लिनेलाई पूर्व-साहस (२५०) दण्ड हुन्छ।

हराएको चोरिएको माल मालधनी फेला नपरेकोमा चौकी (पुलिस-चौकी) मा रहन्छ। ३ पक्ष (४५ दिन) संम माल धनीले आफ्नो प्रमाण देखाउन सकेमा पाउँछ। ३ पक्ष संम पनि मालधनी खडा नभएमा त्यो माल सरकार लाग्दछ।

हराएको चोरिएको माल मालधनीले पाउने भएमा दुइ खुट्टेको ५ पण, यौटा खुर हुनेको ४ पण, गाइ भैसीको २ पण, सानातिना भेडा बाखा आदिको चौथाइ पण, एकेक वटाको कर तिर्नुपर्दछ। रत्न, सार वस्तु, सामान्य वस्तु, जिनिस मालहरूको सय कडा पाँच कर तिर्नुपर्दछ।

शत्रुदल जङ्गलीदलहरूले लुटेर लगेको दोपाया चौपाया आदि वस्तु राजाले पर्काइल्याएमा जस-जसको जे-जे हो बुझाइदिनू। चोरिएको फेला परेपछि बीचैमा बेपत्ता भयो वा पत्ता लाएर ल्याउनै सकिएन भने त्यो मालको भर्ना सरकारले आफ्नो धनबाट दिनू। चोरिए हराएको माल फेला पारेर ल्याएपछि मालधनीलाई बुझाई दिनू। अथवा त्यसको मोल दिनू।

शत्रुको मुलुकबाट सैनिकहरूले लुटेरे ल्याएको धनमालमा आर्य जातिको देवताको ब्राह्मणको तपस्वीको माल बाहेक अरू सबै राजाको आज्ञानुसार उपभोग गर्नू।

मालिक र सम्पत्तिको सम्बन्ध—

साक्षी प्रमाण नभएकोमा अविच्छिन्न भोग जसको छ, त्यसैको त्यो ठहर्छ। आफ्नो माल पनि अर्कोले भोग गरीरहेको दश वर्ष संम वास्ता नगरी हेरी रह्यो भने त्यसको हक हराउँछ। तर नाबालक, घेरै बूढो, रोगी, सङ्कटमा परेको, परदेशमा गएको, देश निकाला भएको, राज्यमा उपद्रव भएकोमा भने हक हराउँदैन।

२० वर्ष संम आफूले वास्ता नगरेको, अर्कोले अविछिन्न भोग गरीराखेको घर घडेरी मेरो भनि उजूर लाग्दैन। किन्तु दाज्यूभाइहरू, वैदिकहरू, पाखण्डहरू, र सम्प्रदायीहरू, सरकारको टाढा रहेर अर्काको घरमा धेरैदिन वसेपनि भोगले मेरो भन्न पाउदैनन्। नासो धरोट धीतो बन्धकी खानी स्त्री सीमाना सरकारी धन वैदिक ब्राह्मणको धन पनि जति सुकै समय भएपनि हक हराउदैन।

आश्रम (धर्मशाला)मा बस्न वा पाखण्ड (सम्प्रदायी) हरू फराकिलो ठाउमा बस्ता परस्परलाई बाधा नदिने गरी बस्नुपर्दछ। उस्तै परेमा अलि-अलि बाधा सहनु पनि पर्दछ। अगिबाट आएर बस्नेले पछि आउनेलाई पालो दिनुपर्दछ। ठाउँ दिएन भने त्यस्तालाई निकालिदिनू।

वान प्रस्थ, सन्यासी, ब्रह्मचारीहरूको सम्पत्तिमा गुरु, शिश्य, धर्मभाइ, सतीर्थ्य (त्यही गुरुकुलमा बस्ने) हरूमा क्रमैले सब भन्दा पहिले गुरु, सो नभए शिष्य, सो नभए धर्मभाइ, सो नभए सतीर्थ्य हकदार हुनेछन्।

यिनीहरू परस्परमा मेरो हक भन्ने झगडा परेमा हक नभई हार्नेलाई जति पण दण्ड हुने हुन्छ, त्यति रात उपवास, स्नान, होम, चान्द्रायण, आदि हरू तप गरेर राजाको जय मनाउनू। किनभने पाखण्ड साधुहरू धन सम्पत्ति नहुने हुन्छन्। तिनीहरूले आफू मिल्यो उपवास ब्रतहरू गरेर धर्मको

सेवा गर्नुपर्दछ । किन्तु पारुष्य (गाली गोफ्ता मारपीट) चोरी साहस व्यभिचारहरू गरेमा भने लेखिए बमोजिमको सजाय भोग्नुपर्दछ ।

घर द्वार छोडेर चौथो आश्रम लिएर पनि अनाचार अत्याचार गर्नेलाई राजाले दण्ड द्वारा नै रोक्नुपर्दछ । त्यस्तामा चुप लागेमा अधर्मले मारिएको धर्मले शासकलाई नै नाश गर्दछ ।

अथ सप्तदशोऽध्यायः

७१ प्रकरणे —साहसम्

साहसमन्वयवत्प्रसभकर्म । निरन्वये स्थेयमपव्ययने च । रत्नसारफल्गुकुप्यानां साहसे मूल्यसमो दण्डः । इति मानवाः । मूल्यद्विगुण इत्यौशनसाः । यथापराध इति कौटिल्यः । पुष्पफलशाकमूलकन्दपक्वान्नचर्मवेणुमृद्भाण्डादीनां क्षुद्रकद्रव्याणां द्वादशपणावरश्चतुर्विंशतिपणपरो दण्डः ।

कालायसकाष्ठरज्जुद्रव्यक्षुद्रपशुवाटादीनां स्थूलकद्रव्याणां चतुर्विंशतिपणावरोऽष्टचत्वारिंशत्पणपरो दण्डः । ताम्रवृत्तकंसकाचदन्तभाण्डादीनां स्थूलकद्रव्याणामष्टचत्वारिंशत्पणावरः षण्णवतिपरः पूर्वः साहसदण्डः महापशुमनुष्यक्षेत्रगृहहिरण्यसुवर्णसूक्ष्मवस्त्रादीनां स्थूलकद्रव्याणां द्विशतावरः पंचशतपरो मध्यमः साहसदण्डः ।

स्त्रियं पुरुषं वाभिषह्य बध्नतो बन्धयतो बन्धं वा मोक्षयतः पंचशतावरः सहस्रपर उत्तमसाहसदण्ड इत्याचार्याः । यः साहसं प्रतिपत्तेति कारयति स द्विगुणं दद्यात् । यावद्धिरण्यमुपभोक्ष्यते तावद्दास्यामीति स चतुर्गुणं दण्डं दद्यात् । य एतावद्धिरण्यं दास्यामीति प्रमणमुद्दिश्य कारयति स यथोक्तं हिरण्यं दण्डं च दद्यादिति बार्हस्पत्याः । स चेत्कोपं मदं मोहं वापदिशेद्यथोक्तवद्दण्डमेनं कुर्यादिति कौटिल्यः ।

दण्डकर्मसु सर्वेषु रूपमष्टपणं शतम् ।
शतावरेषु व्याजीं च विद्यात्पञ्चपणं शतम् ॥ १ ॥

प्रजानां दोषबाहुल्याद्राज्ञां वा भावदोषतः ।
रूपव्याजावधर्मिष्ठ धर्म्या तु प्रकृतिः स्थिता ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकारणे
साहसं नाम सप्तदशोऽध्यायः ॥१७॥

अध्याय १७

प्रकरण ७१

जवर्जस्ती

(आफ्नो र अर्कोको पनि साझा सम्पत्ति जवर्जस्ती गरेर अपहरण गर्नु 'साहस' कहलाउँछ) आफ्नो बिलकुलै सम्बन्ध नभएको धन अपहरण गर्नु र लिएर पनि लिएको छैन भन्नु चोरी ठहर्दछ ।

रत्न, असल वस्तु क्षुद्र वस्तु, जिनिसहरू, साहस (जबरजस्ती) गरेर लिएमा मोलको बराबर दण्ड हुन्छ भनि मनुका अनुयायीहरू भन्दछन्, मोलको दोबर दण्ड हुन्छ भनि शुक्रका अनुयायीहरू भन्दछन्, अपराध सानो ठूलो जस्तो छ उहीं अनुसार दण्ड हुन्छ भनि कौटल्य भन्दछन् ।

फल, फूल, शाक, मूल, गाना, पकान्न, छाला, बाँस, माटोको भाँडा आदि क्षुद्र वस्तु जवर्जस्ती गरी लिएमा १२ पण देखि २४ पणसम्म दण्ड हुन्छ ।

फलाम, काठ, डोरीका वस्तुहरू, क्षुद्र पशु (भेडा बाखा आदि), कपडा आदि स्थूल वस्तु लिएमा २४ पण देखि ४८ पणसंम, तामा, पितल, काँस काँचको भाँडा, हाथीदाँतको माल आदि स्थूल वस्तु लिएमा ४८ पणदेखि ९६ पणसंमको पूर्व साहस दण्ड, गाइ, गोरू, आदि महापशु, मनुष्य, क्षेत्र, घर, नगद, सुन मिहीन कपडाहरू, लिएमा २०० देखि ५०० संमको मध्यम साहस दण्ड हुन्छ ।

जनाना वा मर्दाना मानिसलाई जबर्जस्ती गरेर बाँध्ने बाँध्न लाउने वा बाधिरहेकोलाई विना आज्ञा फुकाइदिनेलाई ५०० देखि १००० संमको उत्तमसाहस दण्ड हुन्छ भनि आचार्यहरू भन्दछन्।

जसले परिआएको म भोग्दछु भनि जवर्जस्तीको काम गराउँछ, त्यसलाई दोबर दण्ड हुन्छ। यसमा जति धन खर्च लाग्छ त्यति म दिन्छु भनेर हौस्याउनेलाई चौवर दण्ड हुन्छ। जो यति काम गरे तिमीलाई यति धन दिनेछु भनि लेखोटहरूद्वारा प्रमाणित गरी साहस गराउँछ, त्यसलाई त्यत्तिकै दण्ड हुन्छ भनि वृहस्पतिका अनुयायीहरू भन्दछन्।

साहस गर्ने मानिसले रिसको झोकमा विचार नगरेर गरेको हुँ, वा न-सा लागेर गरेको हुँ, भन्दछ भने गराउनेलाई पनि गर्नेलाई हुनेसरहै दण्ड हुन्छ भनि कौटिल्य भन्दछन्।

सबै किसिमको दण्ड-विधानमा भनेबमोजिमको दण्ड माथि १०८ पण रूप नाम भएको थप दण्ड, १०० भन्दा मनिको दण्डमा सयकडा ५ पण व्याजी नाम भएको थप दण्ड पनि तिर्नुपर्दछ।

दुनियामा पनि धेरै दोष हुने र राजामा पनि धन जम्मा गर्ने भावना दोष हुने हुनाले रूप र व्याजी अधर्मीमा मात्र हुन्छन्, अगि भनेबमोजिमकै मात्र दण्ड हुनु धर्मपूर्वकको स्वाभाविक हुन्छ।

अथ अष्टादशोऽध्यायः

७२ प्रकरणे—वाक्पारुष्यम्

वाक्पारुष्यमुपवादः कुत्सनमभिभर्त्सनमिति। शरीरप्रकृतिश्रुतवृत्तिजनदानां शरीरोपवादेन काणखंजादिभिः सत्ये त्रिपणो दण्डः। मिथ्योपवादे षट्पणो दण्डः। शोभनाक्षिदन्त इति काणखंजदीनां स्तुतिनिन्दायां द्वादशपणो दण्डः। कुष्ठोन्मादक्लैब्यादिभिः कुत्सायां च सत्यमिथ्यास्तुतिनिन्दासु द्वादशपणोत्तरा दण्डास्तुल्येषु। विशिष्टेषु द्विगुणः। हीनेष्वर्धदण्डः। परस्त्रीषु द्विगुणः। प्रमादमदमोहादिभिरर्धदण्डाः।

कुष्ठोन्मादयोश्चिकित्सकाः संनिकृष्टाः पुमांसश्च प्रमाणम् । क्लीवभावे स्त्रियः मूत्रफेनः अप्सु विष्टानिमज्जनं च । प्रकृत्युपवादे ब्राह्मणक्षत्रियवैश्यशूद्रान्तावसायिनामपरेण पूर्वस्य त्रिपणोत्तरा दण्डाः। पूर्वेणापरस्य द्विपणाधराः । कुब्राह्मणादिभिश्च कुत्सायाम् । तेनश्रुतोपवादो वाग्जीवनानां, कारुकुशीलवानां वृत्त्युपवादः, प्राग्घूणकगान्धारादीनां च जनपदोपवादा व्याख्याताः ।

यः परं 'एवं त्वां करिष्यामि' इति करणेनाभिभर्त्सयेदकरणे, यस्तस्य करणे दण्डस्ततोऽर्धं दण्डं दद्यात् । अशक्तः कोपं मदं मोहं वाऽपदिशेत् स द्वादशपणं दद्यात् । जातवैराशयः शक्तश्चापकर्तुं यावज्जीविकावस्थं दद्यात् ।

स्वदेशग्रामयोः पूर्वं मध्यमं जातिसंघयोः ।
आक्रोशाद्देवचैत्यानामुत्तमं दण्डमर्हति ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
वाक्पारुष्यं नाम अष्टादशोऽध्यायः ॥१८॥

अध्याय १८

प्रकरण ७२

(बोलीको कडाई)

'वाक्पारुष्य' भनेको उपवाद—अङ्ग-भङ्गको गाली, कुत्सन—कोह्री बौलाहा आदि भनी गाली गर्नु, अभिभर्त्सन—मार्छु पिटछु आदि भय देखाउनु, यस्तो तीन किसिमको हुन्छ त्यसमा यस्तो दण्ड हुन्छ :—

(क) शरीर, स्त्री पुरुषरूप प्रकृति, शास्त्र, जीविका, देश, यी पाँचलाई लिई निन्दा गरेमा, शरीर लिई कानो खोरण्डी आदि साचै भनेमा ३ पण, नभएकोलाई त्यसो भनेमा ६ पण दण्ड हुन्छ ।

(ख) कस्तो राम्रो आँखा दाँत भनि काना खोरण्डाहरूलाई स्तुति-निन्दा (स्तुतिको बोलीले बढी निन्दा) गरेमा १२ पण दण्ड हुन्छ।

(ग) कुष्ठी उन्मत्त (बहुलाहा), नपुंसक, आदि भनेर निन्दा गरेमा साँचै भए १२ पण, नभएको भनेमा २४ पण, उल्टो स्तुतिको बोलिले निन्दा गरेमा ३६ पण दण्ड समान जातिमा हुन्छ, आफूभन्दा माथिकालाई भनेमा त्यसको दोवर दण्ड, आफूभन्दा तल्लोलाई भनेमा आधा दण्ड। अर्काकी स्त्रीलाई त्यस्तो भनेमा पुरुषलाई भनेकोमा भन्दा दोवर दण्ड, बेहोसी नसा अज्ञानले भनेको हु भन्छ भने आधा दण्ड हुन्छ।

कुष्ठ उन्माद सांचो झूठो के हो ठहऱ्याउन वैद्यहरू, नजीकका बन्धु बान्धव आदि, प्रमाण हुन्छन्। नपुंसकपना साँचो झूठो ठहऱ्याउन स्त्री जाति पेशाब गर्दा फींज नआउनु, पानीमा विष्ठा डुब्नु पनि प्रमाण हुन्छ।

लोग्ने मानिसलाई स्वास्नी मानिस, वा स्वास्नी मानिसलाई लोग्ने मानिस भनि प्रकृतिलाई लिएर निन्दा गरेमा, ब्राह्मण क्षत्रिय वैश्य शूद्र अन्त्यज हरूमा तल्लोले माथिल्लो माथिल्लोलाई निन्दा गरेमा ३। ३ पण बढाएर, माथिल्लाले तल्लोलाई निन्दा गरेमा २। २ पण घटाएर दण्ड गर्नू।

यही किसिम संग वाणीद्वारा जीविका गर्नेलाई विद्या लिएर निन्दा गरेमा, कालीगड नटहरूलाई जीवनवृत्ति लिएर निन्दा गरेमा, पूर्व हूण देशका लाई गान्धार आदि देश लिएर उपवाद—(मन दुखने गरी निन्दा) गरेमा पनि दण्डको व्यवस्था गर्नुपर्दछ।

तिमीलाई यसो गर्दछु (पछार्छु मुक्याउँछ इत्यादि) भनेर त्यसो नगरी हप्काउने मात्र गरेमा साँचै गरेमा हुने दण्डको आधा दण्ड गर्नू।

केही गर्न नशकेर मैले रीसले भनेको, नसा लागेर भनेको, बुद्धि नपुगेर भनेको, भन्दछ भने १२ पण दण्ड गर्नू।

मनको वैर भावले त्यस्तो गर्न पनि शक्नेले त्यसरी निन्दा गरेमा जीवनभर यसो गर्ने छैन भन्ने कुराको जमानी दिनुपर्दछ।

आफ्नो देश गाउँलाई लिएर निन्दा गरेमा पूर्वसाहस (२५०), जातिर वर्गलाई लिएर निन्दा गरेमा मध्यमसाहस (५००), देवता चैत्य (देवालय हरू) लाई लिएर निन्दा गरेमा उत्तमसाहस (१०००) दण्ड हुन्छ।

अथ एकोनविंशोऽध्यायः

७३ प्रकरणे—दण्डपारुष्यम्

दण्डपारुष्यं स्पर्शनमवगूर्णं प्रहतमिति । नाभेरधःकायं हस्तपंकभस्मपांसुभिरिति स्पृशतस्त्रिपणो दण्डः । तैरेवामेध्यैः पादष्ठीविकाभ्यां च षट्पणः । छर्दिमूत्रपुरीषादिभिर्द्वादशपणः । नाभेरुपरि द्विगुणाः । शिरसि चतुर्गुणाः समेषु । विशिष्टेषु द्विगुणाः । हीनेषु अर्धदण्डाः । परस्त्रीषु द्विगुणाः । प्रमादमदमोहादिभिरर्धदण्डाः । पादवस्त्रहस्तकेशावलम्बनेषु षट्पणोत्तरा दण्डाः ।

पीडनावेष्टनाञ्जनप्रकर्षणाध्यासनेषु पूर्वः साहसदण्डः । पातयित्वाऽपक्रमतोऽर्धदण्डः । शूद्रो येनाङ्गेन ब्राह्मणमभिहन्यात्तदस्य छेदयेत् । अवगूर्णो निष्क्रयः स्पर्शेनार्धदण्डः । तेन चण्डालाशुचयो व्याख्याताः । हस्तेनावगूर्णे त्रिपणावरो द्वादशपणपरो दण्डः । पादेन द्विगुणः । दुःखोत्पादनेन द्रव्येण पूर्वः साहसदण्डः । प्राणाबधिकेन मध्यमः ।

काष्ठलोष्ठपाषाणलौहदण्डरज्जुद्रव्याणामन्यतमेन दुःखमशोणितमुत्पादयतश्चतुर्विंशतिपणो दण्डः । शोणितोत्पादने द्विगुणः । अन्यत्र दुष्टशोणितात् । मृतकल्पमशोणितं घ्नतो हस्तपदारंचिकं वा कुर्वतः पूर्वः साहसदण्डः । पाणिपाददन्तभङ्गे कर्णनासाछेदने व्रणविदारणे च अन्यत्र दुष्टव्रणेभ्यः ।

सक्थिग्रीवाभंजने नेत्रभेदने वा वाक्यचेष्टाभोजनोपरोधेषु च मध्यमः साहसदण्डः । समुत्थानव्ययश्च देशकालातिपत्तौ कण्टकशोधनाय नीयेत । महाजनस्यैकं घ्नतः प्रत्येकं द्विगुणो दण्डः । पर्युषितः कलहोऽनुप्रवेशो वा नाभियोज्य इत्याचार्याः । नास्त्यपकारिणो मोक्ष इति कौटिल्यः । कलहे पूर्वागतो जयति, अक्षममाणो हि प्रधावति । इत्याचार्याः ।

नेति कौटिल्यः पूर्वं पश्चाद्वा गतस्य साक्षिणः प्रमाणम्। असाक्षिके घातः कलहोपलिङ्गनं वा। घाताभियोगमप्रतिब्रुवतः तदहरेव पश्चात्कारः। कलहे द्रव्यमपहरतो दशपणो दण्डः। क्षुद्रकद्रव्यहिंसायां तच्च तावच्च दण्डः। स्थूलकद्रव्यहिंसायां तच्च द्विगुणश्च दण्डः। वस्त्राभरणहिरण्यसुवर्णभाण्डहिंसायां तच्च पूर्वश्च साहसदण्डः। परकुड्यमभिघातेन क्षोभयतस्त्रिपणो दण्डः। छेदनभेदने षट्पणः। पातनभंजने द्वादशपणः प्रतीकारश्च।

दुःखोत्पादनं द्रव्यमन्यवेश्मनि प्रक्षिपतो द्वादशपणो दण्डः। प्राणाबाधिकं पूर्वः साहसदण्डः। क्षुद्रपशूनां काष्ठादिभिर्दुःखोत्पादने पणो द्विपणो वा दण्डः। शोणितोत्पादने द्विगुणः। महापशूनामेतेष्वेव स्थानेषु द्विगुणो दण्डः समुत्थानव्ययश्च। पुरोपवनवनस्पतीनां पुष्पफलच्छायावतां प्ररोहच्छेदने षट्पणः। क्षुद्रशाखाछेदने द्वादशपणः। पीनशाखाच्छेदने चतुर्विंशतिपणः। स्कन्धवधे पूर्वः साहसदण्डः। समुच्छित्तौ मध्यमः। पुष्पफलच्छायावद्गुल्मलतास्वर्धदण्डः। पुण्यस्थानतपोवनश्मशानद्रुमेषु च।

सीमवृक्षेषु चैत्येषु द्रुमेष्वालक्षितेषु च।
त एव द्विगुणा दण्डाः कार्या राजवनेषु च ॥१॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे
दण्डपारुष्यं नाम एकोनविंशोऽध्यायः ॥१९॥

अध्याय १९

प्रकरण ७३

मारपीट

('दण्डपारुष्य' भनेको लठ्ठी हात आदिले प्रहार गर्नु हो।) सो पनि तीन किसिमको हुन्छ। १. स्पर्शन—छुनुमात्र, २. अवगूर्णन—उजाउनु, ३. प्रहत—हान्नु।

पर्श—

नाभिभन्दा मन्तिरको जिउमा हातले, हीलोले खरानीले धूलोले छोएकोमा ३ पण, नाभिदेखि माथि तिर अपवित्र हाता गोडा वा थूक लगाइदिएमा समेत तिनैले ६ पण, टाउकोमा, छोएको भए १२ पण, समान जातिमा भए दण्ड हुन्छ। आफूभन्दा माथिकामा त्यसको दोवर, तल्लोमा भए आधा दण्ड हुन्छ। परस्त्रीमा भए पुरुषमा हुनेको दोबर दण्ड हुन्छ। अज्ञानले नसाले होस नराखेर गरेको हुं भनेमा आधा दण्ड हुन्छ।

खुट्टा समातेमा, लुगा तानेमा, केश समातेमा, ६। १२। १८ पण दण्ड हुन्छ।

पीडा हुने गरी थिचेमा, अकन्हाएर वेह्रेमा कालो पोतरेमा, घिसारेमा, जिउ माथि घोडा चढेमा पनि पूर्व साहस (२५०) दण्ड हुन्छ। लडाएर भागेमा त्यसको आधा (१२५) दण्ड हुन्छ।

शूद्रले ब्राह्मणलाई जुन अङ्गले हान्दछ त्यसको त्यो अङ्ग काटिदिनू। खालि उजाएमा एक अङ्गमा हाने बापत हुने सजायको दण्ड तिर्नुपर्दछ। खालि छोएमा त्यसको आधा दण्ड गर्नू। यस्तै गरी चाण्डाल आदि अपवित्र जातिले ब्राह्मणलाई गरेमा पनि उचित दण्डको व्यवस्था गर्नू।

अवगूर्णन—

हात उजाएमा ३ पणदेखि १२ पणसंम दण्ड हुन्ड। लात्ती उजाएमा त्यसको दोबर दण्ड हुन्छ। पीडा दिने काँडाहरू लिएर उजाएमा पूर्वसाहस (२५०) दण्ड, ज्यानमा खतडा पर्ने शस्त्र आदि उजाएमा मध्यम साहस (५००) दण्ड हुन्छ।

काठ, डल्लो, पत्थर, पलासको दण्ड-डोरीले···रगत नआउने गरी हानेमा २४ पण, रगत आउने गरी हानेमा त्यसको दोबर दण्ड हुन्छ। रगत खराब भएकोले अलिकतिले पनि रगत निस्केमा भने दोबर दण्ड हुदैन।

रगत नआए पनि मर्नजस्तो गरी पीटेमा, हात गोडा मर्काइ दिएमा पनि, पूर्वसाहस (२५०) दण्ड हुन्छ। हात खुट्टा दांत भाँचिदिएमा कान नाक काटेमा खराब घाउ बाहेक अरू घाउ बढाइदिएमा पनि पूर्वसाहस दण्ड हुन्छ।

तिघ्रा घांटी मर्काइदिएमा, आखा फोरि दिएमा, बोल्न हिडन खान नसक्ने पारिदिएमा, मध्यम साहस (५००) दण्ड हुन्छ (वेरामी उठाउने खर्च पनि भर्नुपर्दछ)। मारीहाल्यो भने कण्टकशोधनविधान गर्न लगी दिनू। धेरै जना मिलेर यौटालाई मारे पीटेमा प्रत्येकलाई दोबर दण्ड गर्नू।

धेरै पुरानो झगडा र अगि चोरी भएको धन पत्ता लगाउने कुरामा उजूर लाग्दैन भनि आचार्यहरू भन्दछन्। विगार गर्नेलाई कहिल्यै पनि छुटकारा हुदैन भनि कौटल्य भन्दछन्। झगडामा पहिले उजूरगर्नेकै जीत हुन्छ। किनभने त्यो अर्काको तिरस्कार सहन नसकेरनै आएको हुन्छ भनि आचार्यहरू भन्दछन्।

त्यसो होइन अगाडी वा पछाडी जुन् वखत् आयेपनि त्यस्कुराको साछी नै प्रमाण हुन्छन्। यदि साछी नभये घाउ जाँच गर्नुपर्छ, त्यस्बाटपनि निर्णय नभये के कारणबाट झगडा भयेको रहे छ त्यो कुरा बुझ्नुपर्दछ भनि कौटिल्य भन्दछन्। मारपीट विषयको उजूर गरेमा उही दिनमा नै जवाफ दियेन भने त्यो पछाडी पर्दछ याने हार्दछ। दुइ थरीको झगडा परेको बेलामा तेस्ताले धन माल चोरी लगेमा १० पण दण्ड हुन्छ। सानोतिनो वस्तु नाश गरेमा त्यो भर्ना गरेर त्यसेको मोल बराबर दण्ड हुन्छ। ठूलो माल नोक्सान पारेमा त्यो भर्ना गरी त्यसको मोलको दोबर दण्ड हुन्छ। वस्त्र, गहना, नगद, सुनका भाडाहरू नोक्सान पारेमा त्यो भर्ना दिएर पूर्वसाहस (२५०) दण्ड हुन्छ।

अर्काको गाह्रोमा हानेर खलबल्याईदिनेलाई ३ पण दण्ड हुन्छ। काटनेफोर्ने गरेमा ६ पण दण्ड हुन्छ। लडाइ भत्काइदिएमा १२ पण दण्ड हुन्छ। विग्रेको बनाइदिनु पनि पर्दछ।

अर्कालाई दुःख गराउने वस्तु अर्काको घरमा फ्याक्केलाई १२ पण दण्ड, ज्यानमा बाधा पार्ने शस्त्र-अस्त्र आदि अर्काको घरमा फ्याकेमा पूर्वसाहस दण्ड हुन्छ।

सानातिना पशुहरूलाई काठहरूले हानेर दुःखी गराएमा १ वा २ पण दण्ड हुन्छ। रगतै निस्कने गरी हानेमा त्यसको दोबर दण्ड हुन्छ। ठूला पशुलाई यस्तै गरी हानेमा दोबर दण्ड र नीको गराउने खर्च पनि भर्नुपर्दछ।

सहरको बगैंचाका फल फूल छाया हुने वनस्पतिहरूको अङ्कुर काटेमा ६ पण, सानो तिनो हाँगा काटेमा १२ पण, मोटो हागा काटेमा २४ पण, मूल हाँगोनै काटेमा पूर्वसाहस (२५०), उछित्तै पारेमा मध्यमसाहस दण्ड हुन्छ। फूल फल छाया हुने लहरा झाँगहरू त्यस्तो गरेमा र पुण्यभूमि तपोवन श्मशानका रूखहरूमा त्यस्तो गरेमा पनि आधा दण्ड हुन्छ।

सीमानाका वृक्ष, देवालयका वृक्ष, नाम चलेका वृक्ष, सरकारी वनका वृक्षहरूमा पहिले भने बमोजिम नोक्सानी गरेमा अगि भनेकोमा दोबर दण्ड हुन्छ।

अथ विंशोऽध्यायः

७४--७५ प्रकरणे—द्यूतसमाह्वयः प्रकीर्णकानि च

द्यूताध्यक्षो द्यूतमेकमुखं कारयेत् । अन्यत्र दीव्यतो द्वादशपणो दण्डः । गूढाजीविज्ञापनार्थम् । द्यूताभियोगे जेतुः पूर्वः साहसदण्डः । पराजितस्य मध्यमः । बालिशजातीयो ह्येष जेतुकामः पराजयं न क्षमत इत्याचार्याः । नेति कौटिल्यः । पराजितश्चेद्द्विगुणदण्डः क्रियेत । न कश्चन राजानमभिसारिष्यति । प्रायशो हि कितवाः कूटदेविनः ।

तेषामध्यक्षाः शुद्धाः काकणीरक्षांश्च स्थापयेयुः । काकण्यक्षाणामन्योपधाने द्वादशपणो दण्डः । कूटकर्मणि पूर्वः साहसदण्डः । जितप्रत्यादानम् । उपधौ स्तेयदण्डश्च । जितद्रव्यादध्यक्षः पंचकं शतमाददीत । काकण्यक्षारलशलाकावक्रयमुदकभूमिकर्मक्रयं च । द्रव्याणामाधानं विक्रयं च कुर्यात् । अक्षभूमिहस्तदोषाणां चाप्रतिषेधने द्विगुणो दण्डः ।

तेन समाह्वयो व्याख्यातः । अन्यत्र विद्याशिल्पसमाह्वयादिति । प्रकीर्णकं तु याचितकावक्रीतकाहितकनिक्षेपकाणां यथादेशकालमदाने, यामच्छायासमुपवेशसंस्थितीनां वा देशकालातिपातने, गुल्मतरदेयं ब्राह्मणं साधयतः प्रतिवेशानुप्रवेशयोरुपरि निमंत्रणे च द्वादशपणो दण्डः । सन्दिष्टमर्थमप्रयच्छतो भ्रातृभार्यां हस्तेन लंघयतो रूपाजीवामन्योपरुद्धां गच्छतः परवक्तव्यं पण्यं क्रीणानस्य समुद्रं गृहमुद्भिन्दतः सामन्तचत्वारिंशत्कुल्याबाधामाचरतश्चाष्टचत्वारिंशत्पणो दण्डः ।

कुलनीवीग्राहकस्यापव्ययने, विधवां छन्दवासिनीं प्रसह्याधिचरतः, चण्डालस्यार्यां स्पृशतः, प्रत्यासन्नमापद्यनभिधावतो, निष्कारणमभिधावनं कुर्वतः, शाक्यजीवकादीन् वृषलप्रव्रजितान् देवपितृकार्येषु भोजयतः शत्यो दण्डः । शपथवाक्यानुयोगमनिसृष्टं

कुर्वतो युक्तकर्मणि चायुक्तस्य क्षुद्रपशुवृषाणां पुंस्त्वोपघातिनो दास्या गर्भमौषधेन पातयतश्च पूर्वः साहसदण्डः। पितापुत्रयोर्दम्पत्योर्भ्रातृभगिन्योर्मातुलभागिनेययोः शिष्याचार्ययोर्वा परस्परमपतितं त्यजतः सार्थाभिप्रयातं ग्राममध्ये वा त्यजतः पूर्वः साहसदण्डः। कान्तारे मध्यमः। तन्निमित्तं भ्रेषयत उत्तमः। सहप्रस्थायिष्वन्येष्वर्धदण्डः।

पुरुषमबन्धनीयं बध्नतो बन्धयतो बन्धं वा मोक्षयतो बालमप्राप्तव्यवहारं बध्नतो बन्धयतो वा सहस्रदण्डः। पुरुषापराधविशेषेण दण्डविशेषः कार्यः। तीर्थकरस्तपस्वी व्याधितः क्षुत्पिपासाध्वक्लान्तस्तिरोजानपदो दण्डखेदी निष्किंचनश्चानुग्राह्यः। देवब्राह्मणतपस्विस्त्रीबालवृद्धव्याधितानामनाथानामनभिसरतां धर्मस्थाः कार्याणि कुर्युः। न च देशकालभोगच्छलेनातिहरेयुः। पूज्या विद्याबुद्धिपौरुषाभिजनकर्मातिशयतश्च पुरुषाः।

एवं कार्याणि धर्मस्थाः कुर्युरच्छलदर्शिनः।
समाः सर्वेषु भावेषु विश्वास्या लोकसंप्रियाः॥ १॥

इति कौटिलीये अर्थशास्त्रे धर्मस्थीये तृतीयेऽधिकरणे द्यूत-समाह्वय-प्रकीर्णकं नाम विंशोऽध्यायः॥ २०॥ आदितः ७७ अध्यायः।

समाप्तमिदं धर्मस्थीयं तृतीयमधिकरणम्।

अध्याय २०

प्रकरण ७४-७५

(जुवाहाँक—फुटकर)

(हार जीत गराउने खेल निर्जीव र सजीव दुइ किसिमको हुन्छ। धन सम्पत्तिको बाजी थापी कौडा पासा शलाका आदि निर्जीव साधनद्वारा हार-जीत गराउने खेललाई द्यूत=(जुवा) भन्दछन्। भेडा बट्टाई कुखरा

आदि सजीव प्राणीको लडन्त गराएर बाजी थापी हार-जीतको हाँकदिने खेललाई समाह्वय =(हाक) भन्दछन् । समाह्वय पनि द्यूतकै अर्को प्रकार हो ।)

द्यूत—

जूवाविभागको अध्यक्षले जूवा तोकिएको ठाउँमा मात्र हुने प्रबन्ध गर्नुपर्दछ । नियत भएको ठाउदेखि अरू ठाउँमा खेल्नेलाई १२ पण दण्ड गर्नू । जूवामा गूढाजीवी =(गुप्त जीविका गर्ने) हरूको पहिचान हुने हुन्छ ।

(जूवालाई "अक्षैर्मा दीव्यः" = पासा नखेल भनी शास्त्रमा निषेध गरिएको छ तापनि जूवामा, राम्रो जीविका नभएर गुप्तजीविका गर्ने चोर बदमास ठग लुच्चाहरू धेरै जम्मा हुने हुनाले, त्यस्ताको पहिचान गरी लोकका कण्टक जस्ता तिनीहरू माथि राजाले दृष्टि पुग्याउन सुविधा पर्दछ । यसैले जूवा जता सुकै खेलिने नगरी नियत ठाउमा मात्र हुने भएमा त्यस्ताको निगरानी र नियन्त्रण गर्न सजिलो हुन्छ । जूवामा प्रायः तल्लो तहका, राम्रो इलम नभएका मानिसहरू जमा हुने र, विनोदको रूपमा उठे पनि धन सम्पत्तिको हार-जीत हुने भई छल कपट झैं झगडा मार-पीट हरूको बाटो प्रशस्त हुने हुनाले यो विषयको व्यवस्थालाई साहस चोरी डाका आदि (फौजदरी)को प्रकरणमा आचार्यहरूले राखेका छन् ।)

जूवाको सम्बन्धमा उजूर पर्नआएमा जित्नेचाहीलाई पूर्वसाहस (२५०) दण्ड, हार्नेलाई मध्यम-साहस (५००) दण्ड गर्नू । जूवाडी मानिस मूर्ख हुने हुनाले भरशक जित्नै चाहने हार्न नचाहने हुन्छ । त्यसैले हार्नेचाहीं विशेष अधर्म प्रकृतिको हुनाले विशेष दण्डको भागी हुन्छ भनि आचार्यहरू भन्दछन् । कौटिल्य भन्दछन् कि त्यसो होइन । हार्नेलाई दोबर दण्ड गरेमा हार्नेचाहीं आफूलाई जित्नेले गरेको अन्यायको दुःख राजा कहाँ निवेदन गर्न आउने हुँदैन । जूवाडी-हरू धेरै जसो छल कपट गरेरै जित्ने हुन्छन् ।

जूवाका निरीक्षक अधिकारीहरूले छल कपट नभएका चोखा पासा कौडीहरू खेल्नालाई राखिदिनू । त्यसमा सट्टापट्टा गरेर अर्को पासा कौडीहरूको व्यवहार गर्नेलाई १२ पण दण्ड गर्नू । कपटी पासा कौडीले खेल्नेलाई पूर्वसाहस (२५०) दण्ड गर्नू, कपटीबाट जितेको फर्काउनु पनि पर्दछ । छलछाम गरेर अर्कोलाई छकाएमा चोरीको दण्ड पनि हुन्छ ।

जूवाको अध्यक्षले जितेको द्रव्यबाट सयकडा ५ शुल्क लिनू । कौडी पासा अरल (छालाको फीता, शलाका) आदि साधनको भांडा र जमीनको पानी हरूको वहाल पनि जित्नेबाट लिनू । जुवारीवाट बन्धकी लिने, फिक्री

गरेको किन्ने पनि व्यवस्था गर्नू। जूवाको निरीक्षकले पासा खालको भूमि हातको कपटहरू हुन नदिनू। त्यस्तोलाई रोकेन भने निरीक्षकलाई उसले पाउने भन्दा दोवर दण्ड हुन्छ।

समाह्वय (हाँक)—

निर्जीव साधनबाटहुने जूवाको विधानबाट सजीवलाई लडाएर हारजीत गर्न समाह्वयमा पनि व्यवस्था गर्नू। तर विद्या इलमशील हरूमा परस्पर ईखाईखले लौ आऊ तिमीभन्दा म के कम भनि हाक दिएको विषयमा हारजीत भए पनि द्यूत समाह्वयको विधान लागू हुदैन।

प्रकीर्णक (फुटकर)

याचितक—मगनीमा लिएको, अबक्रीतक—भाडामा लिएको, आहितक—धीतो राखेको, निक्षेप—गहनाहरू बनाउन कालीगडलाई दिएको सुन आदि नासोमा पनि भनेको ठाउँ समयमा नबुझाएमा १२ पण दण्ड गर्नू। राति अमुक गाउको ठाउमा दिउसो अमुक वृक्षको छायामा जंमा भएर छलफल गर्नू भन्ने स्थिति भएकोमा सो नियत ठाउं समयमा उपस्थित नभएमा पनि १२ पण दण्ड गर्नू। चौकीको महसूल नदी-तराइको महसूल ब्राह्मणसंग बल गरेर लिएमा र प्रतिवेश—आफ्नो घरको छिमेकी र अनुवेश एक अन्तरको छिमेकी, सुयोग्य छँदाछँदै उसलाई नबोलाई अरूलाई काम काजमा नियन्त्रण दिएमा पनि १२ पण दण्ड गर्नू।

दिन्छु भनी कबोल गरेको कुरा नदिनेलाई, भाइकी स्त्री लाई हातले समात्ने लाई रूपाजीवा (वेश्या) भए पनि अर्काले रोकेर राखिएकी मा गमन गर्नेलाई, अर्काले निन्दा गरेको वस्तु किन्नेलाई छाप मारेर बन्द गरेको घर छाप तोडेर खोल्ने लाई, साँध सिमानाका ४० घरसम्मका छिमेकीलाई बाधा पीर पर्ने काम गर्नेलाई पनि ४८ पण दण्ड गर्नू।

कुलको साझा मूलधन लिएर लिइन भनि वेइमानी गर्नेलाई, आफू खुसी विधवालाई विना इच्छा बालात्कार संग भोग गर्नेलाई, आर्य स्त्री लाई छुने चाण्डाललाई आफ्नो नजीकको छिमेकीलाई विपत्ति परेका बखतमा सहायता दिन नजाने लाई केही कारण न परी हल्ला खल्ला गरी दगुरेर अरूलाई आतस पार्नेलाई, शाक्य (बौद्ध भिक्षु), जीवक (जैन भिक्षु) लाई, शूद्र-सन्यासीलाई देव पितृको कार्यमा भोजन गराउनेलाई पनि १०० पण दण्ड गर्नू।

धर्मस्थ अधिकारी हरूको अनुमति नलिईकन शपथ हालेर केही कुरा सोधपुछ ठेगान गर्नेलाई अनधिकारी पुरुषले अधिकार पाएकोछु भनि काम

गर्नेलाई, क्षुद्र पशु र वयललाई पुंस्त्व नाश गर्नेलाई, दासीको गर्भ औषधी द्वारा गिराउने लाई पनि पूर्वसाहस (२५०) दण्ड गर्नू ।

बाबु र छोरा, लोग्ने र स्वास्नी दिदी र भाई, भाइ र बहिनी, मामा र भानिज, शिष्य र गुरु, यिनीहरूले पतित अवस्थामा भएमा बाहेक एकले दोस्रालाई छोडनेलाई, साथ साथै परदेश हिडेको साथीलाई गाउको नजीक बीच बाटामा छोड़े मुख्यलाई पनि पूर्व साहस (२५०), अनकण्टारमा छोड़ेलाई मध्यम साहस, (५००), त्यो निमित्तबाट मृत्यु समेत गराउनेलाई उत्तम साहस (१०००) दण्ड गर्नू । अरू सँग जाने बाटाका साथीलाई आधा दण्ड गर्नू ।

बाध्न नहुने मानिस बाध्ने, बाध्न लाउनेलाई र अर्काले बाधी राखेकोलाई बिना कारण फुकाई उम्काई दिनेलाई, नाबालिग केटा केटीलाई बाध्ने वा बाध्न लाउनेलाई पनि, १००० पण दण्ड गर्नू । यस्तै गरी विशेष अपराध अनुसार दण्डको व्यवस्था गर्नू ।

तीर्थंकर (दान पुण्य गर्न लागी रहेको), तपस्वी, रोगी, भोक तिर्खाले व्याकुल बाटो हिडेर थाकेको परदेशबाट आएको, घेरैपल्ट दण्ड पाएर खिन्न, अकिञ्चन र केही न भएको गरीबलाई दया माया गर्नु पर्दछ ।

देवता, ब्राह्मण, तपस्वी स्त्री जाति, बालक, बूढो, रोगी, अथाथहरू आफ्नो दुःख निवेदन गर्न आउन नशके पनि धर्मस्थ अधिकारी हरूले तिनको काम गरिदिनुपर्दछ । देश-काल भोगको छल कपटले यस्ताको धन सम्पत्ति हराउन दिन हुदैन । विद्या बुद्धि पुरुषार्थ खान्दान काम अनुसार जस जसको विशिष्टता हुन्छ त्यस्तालाई विशेष सत्कार हुने गर्नुपर्दछ ।

यस किसिम संग, धर्मस्थ अधिकारी हरूले छल कपट नगरीकन, सबै उपर समान हाही गरेर, लोकको विश्वास पात्र प्रेम पात्र भएर काम गर्ने गर्नुपर्दछ ।

अथ कण्टकशोधनं चतुर्थमधिकरणम्

प्रथमोऽध्यायः

७६ प्रकरणे—कारुकरक्षणम्

प्रदेष्टारस्त्रयस्त्रयोऽमात्याः कण्टकशोधनं कुर्युः । अर्थ्यतीप्रकाराः कारुशासितारः सन्निक्षेप्तारः स्ववित्तकारवः श्रेणीप्रमाणा निक्षेपं गृह्णीयुः । विपत्तौ श्रेणी निक्षेपं भजेत । निर्दिष्टदेशकालकार्यं च कर्म कुर्युः । अनिर्दिष्टदेशकालकार्यापदेशम् । कालातिपातने पादहीनं वेतनं तद्द्विगुणश्च दण्डः । अन्यत्र भ्रेषोपनिपाताभ्यां नष्टं विनष्टं वाभ्यावहेयुः । कार्यस्यान्यथाकरणे वेतननाशस्तद्द्विगुणश्च दण्डः ।

तन्तुवाया दशैकादशिकं सूत्रं वर्धयेयुः । वृद्धिच्छेदे छेदद्विगुणो दण्डः । सूत्रमूल्यं वा न वेतनम् । क्षौमकौशेयानामध्यर्धगुणम् । पत्त्रोर्णाकम्बलदुकूलानां द्विगुणम् । मानहीने हीनावहीनं वेतनं तद्द्विगुणश्च दण्डः । तुलाहीने हीनचतुर्गुणो दण्डः । सूत्रपरिवर्तने मूल्यद्विगुणः । तेन द्विपटवानं व्याख्यातम् । ऊर्णातुलायाः पंचपलिको विहननच्छेदो रोमच्छेदश्च ।

रजकाः काष्ठफलकश्लक्ष्णशिलासु वस्त्राणि नेनिज्युः । अन्यत्र नेनिजतो वस्त्रोपघातं षट्पणं च दण्डं दद्युः । मुद्गराङ्कादन्यद्वासः परिदधानास्त्रिपणं दण्डं दद्युः । परवस्त्रावक्रयाधानेषु च द्वादशपणो दण्डः । परिवर्तने मूल्याद्द्विगुणो वस्त्रदानं च । मुकुलावदातं शिलापट्टमशुद्धं धौतसूत्रवर्ण प्रमृष्टश्वेततरं चैकरात्रोत्तरं दद्युः ।

पञ्चरात्रिकं तनुरागं षड्रात्रिकं नीलं पुष्पलाक्षामंजिष्ठारक्तं गुरुपरिकर्म यत्नोपचार्यं जात्यं वासः सप्तरात्रिकम् । ततः परं वेतनहानिं प्राप्नुयुः । श्रद्धेया रागविवादेषु वेतनं कुशलाः कल्पयेयुः ।

परार्ध्यानां पणो वेतनं मध्यमानामर्धपणः प्रत्यावराणां पादः । स्थूलकानां माषद्विमाषिकं द्विगुणं च रक्तकानाम् । प्रथमनेजने चतुर्भागः क्षयः । द्वितीये पंचभागः । तेनोत्तरं व्याख्यातम् । रजकैस्तुन्नवाया व्याख्याताः ।

सुवर्णकाराणामशुचिहस्ताद्रूप्यं सुवर्णमनाख्याय सरूपं क्रीणतां द्वादशपणो दण्डः । विरूपं चतुर्विंशतिपणः । चोरहस्तादष्टचत्वारिंशत्पणः । प्रच्छन्नविरूपं मूल्यहीनक्रयेषु स्तेयदण्डः । कृतभाण्डोपधौ च । सुवर्णान्माषकमपहरतो द्विशतो दण्डः । रूप्यधरणान्माषकमपहरतो द्वादशपणः । तेनोत्तरं व्याख्यातम् । वर्णोत्कर्षमपसाराणां योगं वा साधयतः पंचशतो दण्डः । तयोरपचरणे रागस्यापहारं विद्यात् । माषको वेतनं रूप्यधरणस्य । सुवर्णस्याष्टभागः । शिक्षाविशेषेण द्विगुणा वेतनवृद्धिः । तेनोत्तरं व्याख्यातम् ।

ताम्रवृत्तकंसवैकृन्तकारकूटानां पंचकं शतं वेतनम् । ताम्रपिण्डो दशभागः क्षयः । पलहीने हीनद्विगुणो दण्डः । तेनोत्तरं व्याख्यातम् । सीसत्रपुपिण्डो विंशतिभागः क्षयः । काकणी चास्य पलवेतनम् । कालायसपिण्डः पंचभागक्षयः । काकणीद्वयं चास्य वेतनम् । तेनोत्तरं व्याख्यातम् । रूपदर्शकस्य स्थितां पणयात्रामकोप्यां कोपयतः कोप्यामकोपयतो द्वादशपणो दण्डः । व्याजीपरिशुद्धा पणमात्रा । पणान्माषकमुपजीवतो द्वादशपणो दण्डः । तेनोत्तरं व्याख्यातम् । कूटरूपं कारयतः प्रतिगृह्णतो निर्यापयतो वा सहस्रं दण्डः । कोशे प्रक्षिपतो वधः ।

सरकपांसुधावकाः सारत्रिभागं लभेरन् । द्वौ राजा रत्नं च । रत्नापहार उत्तमो दण्डः । खनिरत्ननिधिनिवेदनेषु षष्ठमंशं निवेत्ता लभेत । द्वादशमंशं भृतकः । शतसहस्रादूर्ध्वं राजगामी निधिः । ऊने षष्ठमंशं दद्यात् । पूर्वपौरुषिकं निधिं जानपदः शुचिः स्वकरणेन समग्रं लभेत । स्वकरणाभावे पंचशतो दण्डः । प्रच्छन्नादाने सहस्रम् ।

भिषजः प्राणाबाधिकमनाख्यायोपक्रममाणस्य विपत्तौ पूर्वः साहसदण्डः । कर्मापराधेन विपत्तौ मध्यमः । मर्मवेधवैगुण्यकरणे दण्डपारुष्यं विद्यात् ।

कुशीलवा वर्षरात्रमेकस्थाने वसेयुः । कामदानमतिमात्रमेकस्यातिपातं च वर्जयेयुः । तस्यातिक्रमे द्वादशपणो दण्डः । कामं देशजातिगोत्रचरणमैथुनापहाने नर्मयेयुः । कुशीलवैश्चारणा भिक्षुकाश्च व्याख्याताः । तेषामयःशूलेन यावतः पणानभिवदेयुः, तावन्तः शिफाप्रहारा दण्डाः । शेषाणां कर्मणां निष्पत्तिवेतनं शिल्पिनां कल्पयेत् ।

एवं चोरानचोराख्यान् वणिक्कारुकुशीलवान् ।
भिक्षुकान् कुहकांश्चान्यान् वारयेद्देशपीडनात् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
कारुरक्षणं नाम प्रथमोऽध्यायः ॥ १ ॥

चतुर्थ अधिकरण—कण्टकशोधन

(दुष्टहरूलाई तहलाउनु)

अध्याय १

प्रकरण ७६

(कालीगडबाट रक्षा)

(प्रजाहरूलाई दुःख दिई कण्टक—(कांढा) जस्ता हुने कालीगड व्यापारी आदि दुष्टबाट प्रजालाई पीडा नहुने गरी तिनलाई तहलाउने उपायहरूको वर्णन व्यवस्था यो चतुर्थ अधिकरणमा गरिन्छ ।)

लोकमा कण्टक जस्ता दुष्ट ठगहरूलाई याद—विचार गरी तिनलाई शोधन अर्थात् तहमा राख्ने व्यवस्था गर्ने काममा नियुक्त भएका अमात्यहरू "प्रदेष्टा" कहलाउछन् ।'''त्यस्ता चाहिंदो गुणले सम्पन्न प्रदेष्टा—अमात्यहरू ठाउँ ठाउँमा तीन-तीन जना भएर कण्टकशोधनको कामग नेंगरून ।

स्वभाव र व्यवहारमा पवित्र, इमान्दार, धेरै कालीगडहरू साथि रहेर तिनलाई गर्नुपर्ने काम सिकाउने, सबैको अगाडि माल बनाउनाका निमित्त सुन द्रव्य आदि धरोट लिई काम गराई माल बुझाइदिने, आफ्नै धनलेपनि गहना शिल्पहरू तयार पार्ने, कालीगड बर्गका विश्वासपात्र मुख्य पुरुष (नाइके) हरूले माल बनाउनाका निमित्तको सुबर्ण आदि द्रव्यको निक्षेप—(नासो) लिने गरून्। कालीगडहरू मरेर वा दीर्घ प्रवासमा गएर सो निक्षेप अलमलिएमा कालीगडको श्रेणीले नै भागसान्ति निक्षेप तिर्नुपर्दछ। यो ठाउँमा यो समयमा यस्तो बनाउने भनि व्यवस्था गरे वमोजिमको गहना माल बनाउनू, बनाउन लाउनू। कुनै काम धेरै ठाउमा भएर गर्नुपर्ने, समय पनि यति लाग्ने भनि तोक्न नसकिने, माल पनि यस्तो भनि सबै रूप रेखा बताउन नशकिने पनि हुन्छ। त्यस्तो पनि बनाउनू, बनाउन लाउनू।

समय तोकिएकोमा सो समय नाघ्यो भने ज्यालामा चौथाई कम दिनू, त्यसको दोबर दण्ड पनि गर्नू। भ्रेष अर्थात् हिंसक जन्तुहरूले गरेको उपद्रव र उपनिपात-अर्थात् आगो पानी आदि बाट भएको दैवी उत्पात बाहेक अरू कुनै तरहबाट बिग्रेको नोक्सान भएकोमा भर्ना दिनुपर्दछ। यो यस्तो बनाउनू भनि दिएकोमा अर्कै-अर्कै किसिमको बनाइदिएमा ज्याला पाउदैन, ज्यालाको दोबर दण्ड पनि हुन्छ।

लुगा बुन्ने विषयमा तन्तुबाय–कुबिन्द-कपडा बुन्ने जुलाहाले १० पलको ११ पल हुने गरी माडहरू थपिएर कपडाको तौल वढ्ने हुनाले कपडाको तौल बढाएर दिनुपर्दछ। नवढाएमा कम भएको अंशको दोवर दण्ड गर्नू।

बुनाइको वेतन धागाको मोल बराबर दिनुपर्दछ, (अर्थात् जति तौलको कपडा चाहिन्छ त्यसको दोबर तौल भएको धागो ज्याला स्मेतलाई दिनुपर्दछ) क्षौम-टसर कौशेयरेशमको बुनाइको वेतन धागाको मोलको डेढा दिनुपर्दछ। पत्रोर्णा (ऊनी) कम्बल दुकूल (चदर)को बुनाईवेतन धागाको मोलको दोवर दिनुपर्दछ।

लमाई चौडाईको नाप घटी पारेमा जति भाग घटी पारेको छ त्यति भाग कम वेतन दिनू। तौल कम भएमा जति तौल कम भएको छ त्यतिको चौवर दण्ड गर्नू। धागो सट्टापट्टा पारेमा धागाको मोलको दोवर दण्ड गर्नू।

एक सुते कपडा–बुनाइको कुराबाट दुइ सुते कपडा बुनाइको विषयमा पनि त्यही अनुपातबाट हुने कुरा बुझ्नुपर्दछ। उन धुन दिंदा १०० पलमा ५ पल (सयकडा पाँच) नोक्सानी हुने, त्यति नै बुन्दा रौं छिनेर खेरजाने हुनाले तयारी हुँदा त्यति कम हुन्छ।

धुने रगाउने विषयमा—

रजक—धुने रगाउने धोबीहरूले काठको फलाक वा मसीनो ढुंगामा लुगा धुने गर्नुपर्दछ। अन्त धोएर कपडा फटायो बिगा-यो भने ६ पण दण्ड तिर्नू। धोबीहरू आफूले मुद्राको चिह्न भएको मात्र लुगा पहिरनु। अरू कपडा पहि-यो भने ३ पण दण्ड हुन्छ। धुन ल्याएको अरूको कपडा भाडामा दियो बन्धक राख्यो भने १२ पण दण्ड हुन्छ। कपडा सट्टापट्टा पारिदिएमा त्यो माल भर्ना दिई त्यसको मोलको दोबर दण्ड पनि हुन्छ। १ फूलको कोपिला जस्तो सफा, २ पत्थरको पाटी जस्तो सेतो, ३ धोएको धागो जस्तो रङ्ग भएको, ४ ज्यादै उज्वल सेतो, यस्तो ४ किसिमको धुवाई गरेर क्रमैले २। ३। ४। ५। दिनमा बुझाउनुपर्दछ।

कपडा रगाउन लिनेले हलुका रङ भएको ५ रातमा, नीलो कुसुम आदि फूल लाहा मजीठाको रङ्ग भएको ६ रातमा, धेरै मेहनत गर्नु पर्ने सावधान भएर रगाउन पर्ने जातको वस्त्र ७ रातमा बुझाउनुपर्दछ। त्यसभन्दा ढीलो भएमा ज्याला घटे हुन्छ। रङ्गाउने विषयमा जान्ने सुन्ने विश्वासी मानिसहरूले ज्याला पनि यति भनि तजबीज गर्नुपर्दछ। सामान्य रूपले वेसलाई १ पण, मझौला-लाई आधा पण, कमतीलाई चौथाह पण मोटा कपडालाई १। २ मासा, रङ्गीनलाई मासाको भन्दा दोबर वेतन दिनु पर्दछ लुगाको पहिलो धुनामा चतुर्थांश, दोस्रो धुनामा पहिलो धुना भन्दा पञ्चमांश, मूल्य घटतछ। त्यस्तै गरी अर्को अर्को धुनामा मूल्य घट्तैजाने हुन्छ।

धोबीको विषयमा भनेअनुसार तन्तुबाय—सिउने सूचीकार-हरूको विषयमा पनि ५ देखि ७ रात संममा कपडा बुझाउने, प्रत्येक धुनामा वस्त्रको मूल्य घटदै जाने कुराहरू बुझ्नू।

सुनारहरूको विषयमा—

सुनको काम गर्नेहरूले तल्लो खालका मानिसहरूबाट बिभागाध्यक्षलाई जाहेर नगरी सुनचाँदीको बनेको माल किनेमा १२ पण, माल नबनेको कोरा सुन चाँदी किनेमा २४ पण, चोरको हातबाट किनेमा ४८ पण दण्ड गर्नू। गुचचुप गरी किनेमा किचकाच पारी विरूप पारेको सुन चाँदीको माल किनेमा, उचित मूल्य भन्दा कम मोलमा किनेमा पनि चोरीको दण्ड हुन्छ। मालहरू बनाउदा सट्टापट्टा पारी वा कैफियत गरी छकाउने काम गरेमा पनि चोरीको दण्ड हुन्छ।

५ रतिको १ माषाले १६ माषा (अर्थात् १० रतिको माषाले ८ माषा) सुनलाई 'सुवर्ण' भन्दछन्। गहनाहरू बनाउँदा १ सुवर्ण (८ माषा) बाट

१ माषा (५ रति) चोरेमा २०० दण्ड गर्नू। चादीको १ धरण (१६ माषा) वाट १ माषा चोरेमा १२ पण दण्ड गर्नू। यसै गरी बढी चोरेमा बढी दण्डको व्यवस्था गर्नुपर्दछ।

दाम कम भएको सुबर्णलाई रङ्ग चढाएर बढी दागको गराएमा, किं वा असल कमसल मिसाएर बनाएमा पनि ५०० दण्ड गर्नू। दाग चढाएको र नक्कल मिसाएकोमा पनि विधिपूर्वक आगोमा पोल्दा अपहरण—कैफियत गरेको थाहा पाइने हुन्छ।

चाँदी १ धरणको माल बनाएको ज्याला १ माषा, सुनको माल बनाएमा ५ रतिको माषाले १ माषा सुनको अष्टमांश जति ज्याला दिनुपर्दछ। त्यसमाथि विशेष कालीगडी शीप देखाएमा दोवर ज्याला दिनुपर्दछ। यस्तै गरी जति जति शिप बढी देखाएको छ त्यति ज्याला बढ्ने हुन्छ।

अरु धातुमा—

तामा सीसा काँसो पीतल राङ धातुका भाँडाहरू बनाएको ज्याला १०० को ५ दिनुपर्दछ। तामामा दशांश जती गई घट्ने हुन्छ। एक पल कम गरेमा कम भएजतिको दोबर दण्ड गर्नू। यस्तै गरी बढी कम भएमा त्यही अनुसार दण्ड हुन्छ। सीसा र पीतलमा २० मा एक भाग घट्ने हुन्छ। यसको एक पलको ज्यालो १ कौडी हुन्छ। फलामको ५ अवमांश घट्ने हुन्छ त्यसको १ पलको २ कौडी ज्याला हुन्छ। यस्तै घेरै घेरैमा पनि बुझ्नुपर्दछ।

सिक्का विषयमा—

रूपदर्शक—(सिक्का जाच्ने)ले चली रहेको खोट लाउन नहुने सिक्काको व्यवहारलाई र आदान-प्रदानलाई खोट लायो, खोट लाग्ने नक्कली सिक्कालाई असल गरायो भने त्यसलाई १२ पण दण्ड गर्नू।

सिक्काको व्यवहारमा सरकारलाई दिनुपर्ने सयकडा ५ लाई "व्याजी" भन्दछन् त्यो व्याजी बुझाउने गरेर सिक्काको व्यवहार गर्नू।

सिक्का बनाउने लक्षणाध्यक्ष आदि अधिकारीले अरू वस्तुहरू मिसाएर १ पण वाट १ मासा खाएमा १२ पण दण्ड गर्नू। यस्तै जति जति बढी खाएको छ उही अनुसार दण्ड हुन्छ।

नक्कली सिक्का वनाउनलाउने वा आफुले लिने वा बाहिर निकासी गर्नेलाई १००० पण दण्ड गर्नू। सरकारी ढुकुटीमा असल सिक्काका साथमा नक्कली सिक्का मिसाई राख्नेलाई वध दण्ड नूंग।

सार वस्तु पाएमा—

खानी बाटो आदिमा रत्न सून आदि मिसिएको धूलो धुनिहरूले असल सारवस्तु केही पाए भने रत्न जम्मै र, अरू ३ भागमा २ भाग सरकारको हुन्छ, १ भाग धुनेले पाउँछ, ती धुनेहरूले रत्न दबाएर लिए भने उत्तमसाहस (१०००) दण्ड गर्नू।

खानी, रत्न, गालेको धनहरू पत्ता लाएर सरकारमा जाहेर गर्नेले ६ भागको १ भाग पाउँछ। १२ भागको १ भाग त्यहाँ काम गर्ने भर्तीहरूले पाउँछन्।

१ लाख पण भन्दा बढी मूल्यको निधि (खानी वा गडाउ धन) जम्मै सरकारको हुन्छ, त्यसभन्दा कम भए ६ भागको एक भाग सरकारी ढुकुटी दाखिल हुन्छ। अरू पाउने काम गर्ने हरूले लिन्छन्।

आफ्ना पुरुषाहरूले गाडी राखेको गडान-धन पवित्र चलन भएको देशवासीले आफ्ना पुरुषाले राखेको हो भन्ने साक्षी आदि द्वारा प्रमाणित गरेमा सबै त्यसले पाउँछ। प्रमाण देखाउन नशकी हाम्रो हो भन्नेमात्रलाई ५०० दण्ड गर्नू। थाहा न दिइकन आफूले लियो भने १००० दण्ड गर्नू।

वैद्यहरूका विषयमा—

वैद्यले ज्यान जाने खतडा भएकोमा सो न भनीकन औषधिगर्दा कदाचित् मऱ्यो भने पूर्वसाहस (२५०) दण्ड गर्नू। चिकित्साकै दोषले मरेमा मध्यमसाहस (५००) दण्ड गर्नू। शस्त्रक्रिया गरेर मर्मबोध गरेर विगारेमा दण्ड-पारुष्यको नियम अनुसार जुन अङ्गको हानि भएको छ वैद्यलाई पनि त्यही दण्ड दिनू।

खेल तमासाका विषयमा—

खेल तमासा देखाउनेहरू वर्षाकालको रात भए एकै ठाउँमा बसीरहने हुन्छन्। खेती आदि काम गर्नेलाई हानि हुने गरी ठाउँ ठाउँ घुम्ने नगरुन्। कसैले चाहिदो भन्दा बढता इच्छाले दिएपनि तिनले नलिनू। कसैको बढता बयान पनि नगर्ने गर्नू। यो कुरा लङ्घन गरेमा १२ पण दण्ड गर्नू।

तिनीहरूले देश जाति कुल शाखाहरूको उपहास गर्ने अस्लील कुरा देखाउने काम न गरी लोकलाई रञ्जन गर्ने खेल मात्र देखाउनू। खेल तमासा गर्ने कुशीलवको कुराबाट चारण (स्वाङ् गर्दै घुम्ने), भीक माग्नेहरूले पनि त्यस्तै व्यवहार गर्ने कुरा बुझ्नू। यस्मा अकिञ्चनलाई दण्ड गर्नु पर्ने विषय परेमा फलामको सुइरो जस्तो तीखो बोली नै दण्डको रूपमा प्रयोग

गर्नू, अथवा जति पण दण्ड हुनेहो १ पणको १ चोटको हिसावले त्यति पटक सिपकनोले हान्ने सजाय दिनू।

अरु अरु काम गर्ने शिल्पी (इलमी)हरूको कामको पनि ज्यालाहरू यही अनुसार तजबीज गर्नुपर्दछ।

यस किसिमसंग चोर भन्ने नाउ नभए पनि चोरसरह ठग्ने हर्ने बनिया, कालीगड, खेल तमासा गर्ने, भीक माग्ने, चटकी, आदिले देशलाई पीर बाधा गर्न नपाउने प्रबन्ध गर्नुपर्दछ।

अथ द्वितीयोऽध्यायः

७७ प्रकरणे—वैदेहकरक्षणम्

संस्थाध्यक्षः पण्यसंस्थायां पुराणभाण्डानां स्वकरणविशुद्धानामाधानं विक्रयं वा स्थापयेत्। तुलामानभाण्डानि चावेक्षेत। पौतवापचारात्। परिमाणीद्रोणयोरर्धपलहीनातिरिक्तमदोषः। पलहीनातिरिक्ते द्वादशपणो दण्डः। तेन पलोत्तरा दण्डवृद्धिर्व्याख्याता। तुलायाः कर्षहीनातिरिक्तमदोषः। द्विकर्षहीनातिरिक्ते षट्पणो दण्डः। तेन कर्षोत्तरा दण्डवृद्धिर्व्याख्याता।

आढकस्यार्धकर्षहीनातिरिक्तमदोषः। कर्षहीनातिरिक्ते त्रिपणो दण्डः। तेन कर्षोत्तरा दण्डवृद्धिर्व्याख्याता। तुलामानविशेषाणामतोऽन्येषामनुमानं कुर्यात्। तुलामानातिरिक्ताभ्यां क्रीत्वा हीनाभ्यां विक्रीणानस्य त एव द्विगुणा दण्डाः। गण्यपण्येष्वष्टभागं पण्यमूल्येष्वपहरतः षण्णवतिर्दण्डः। काष्ठलोहमणिमयं रज्जुचर्ममृण्मयं सूत्रवल्करोममयं वा जात्यमित्यजात्यं विक्रयाधानं नयतो मूल्याष्टगुणो दण्डः।

सारभाण्डमित्यसारभाण्डं, तज्जातमित्यतज्जातं, राधायुक्तमुपधियुक्तं समुद्गपरिवर्तिमं वा विक्रयाधानं नयतो हीनमूल्यं चतुष्पंचाशत्पणो दण्डः, पणमूल्यं द्विगुणः, द्विपणमूल्यं द्विशतः। तेनार्घवृद्धौ

दण्डवृद्धिर्व्याख्याता । कारुशिल्पनां कर्मगुणापकर्षमाजीवं विक्रयक्रयोपघातं वा सम्भूय समुत्थापयतां सहस्रं दण्डः ।

वैदेहकानां वा सम्भूय पण्यमवरुन्धतामनर्घेण विक्रीणतां क्रीणतां वा सहस्रं दण्डः । तुलामानान्तरमर्घवर्णान्तरं वा धरकस्य मापकस्य वा पणमूल्यादष्टभागं हस्तदोषेणाचरतो द्विशतो दण्डः । तेन द्विशतोत्तरा दण्डवृद्धिर्व्याख्याता । धान्यस्नेहक्षारलवणगन्धभैषज्यद्रव्याणां समवर्णोपधाने द्वादशपणो दण्डः । यान्निसृष्टमुपजीवेयुः, तदेषां दिवससंजातं संख्याय वणिक् स्थापयेत् । क्रेतृविक्रेत्रोरन्तरपतितमदायादन्यद्भवति । तेन धान्यपण्यनिचयांश्चानुज्ञाताः कुर्युः । अन्यथा निचितमेषां पण्याध्यक्षो गृह्णीयात् । तेन धान्यपण्यविक्रये व्यवहरेतानुग्रहेण प्रजानाम् । अनुज्ञातक्रयादुपरि चैषां स्वदेशीयानां पण्यानां पंचकं शतमाजीवं स्थापयेत् ।

परदेशीयानां दशकम् । ततः परमर्घं वर्धयतां क्रये विक्रये वा भावयतां पणशते पंचपणाद्द्विशतो दण्डः । तेनार्घवृद्धौ दण्डवृद्धिर्व्याख्याता । सम्भूयक्रमे चैषामविक्रीतेनान्यं संभूयक्रयं दद्यात् । पण्योपघाते चैषामनुग्रहं कुर्यात् पण्यबाहुल्यात् । पण्याध्यक्षः सर्वपण्यान्येकमुखानि विक्रीणीत । तेष्वविक्रीतेषु नान्ये विक्रीणीरन् । तानि दिवसवेतनेन विक्रीणीरन् अनुग्रहेण प्रजानाम् । देशकालान्तरितानां तु पण्यानां—

प्रक्षेपं पण्यनिष्पत्तिं शुल्कं वृद्धिमवक्रयम् ।
व्ययानन्यांश्च संख्याय स्थापयेदर्घमर्घवित् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
वैदेहकरक्षणं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण ७७

(व्यापारीहरूबाट रक्षा)

संस्थाध्यक्ष—(बजारको बिभागाध्यक्ष)ले बजारको विक्री विभागमा पुरानो धान आदि पण्य—विक्रीका मालहरू यो यसैको हो भन्ने प्रमाणित गरेर मात्र राख्नदिने, विक्री गर्न दिने, प्रबन्ध गर्नू। नाप तौलका ढक माना पाथीहरूमा कैफियत गरेको छ कि बराबर जाचवूझ गर्ने पनि गर्नू।

परिमाषी—तराजु विशेष, द्रोण—१६ पाथी, अन्नमा आधा पल (२ तोला) संम घटी बढी भएको दोष लाग्दैन। १ पल घटी बढी भएमा १२ पण दण्ड हुन्छ, जति पल बढ्ता घटी बढी हुन्छ त्यही अनुसार दण्ड पनि बढ्दै जान्छ।

तुला—१०० पलमा १ कर्ष—१ तोला संम घटी बढी भएको दोष लाग्दैन, २ तोला घटी बढी भएमा ६ पण दण्ड हुन्छ त्यस पछि एकेक तोला घटी बढी भएअनुसार दण्ड बढ्दै जान्छ।

आढक ४ पाथिमा आधा तोला संम घटी बढी भएको दोष लाग्दैन। १ तोला घटी बढी भएमा ३ पण दण्ड हुन्छ। जति तोला बढता घटी बढी हुन्छ त्तो दण्ड बढ्दै जान्छ। त्यही किसिमसंग अरू तौल नाप विशेषहरूमा पनि यति संम घटी बढीमा दोष हुदैन त्यस भन्दा बढता फरक परेमा यति दण्ड, भन्ने अनजास गर्नुपर्दछ।

नाप तौल भाडा ठूलोले किनेर सानोले विक्री गरेमा १२ पण आदि अगि भनेको दण्ड दोबर हुन्छ।

गोटा गिन्ति गरेर वेचिने वस्तुमा मालको मोलबाट ८ भागको १ भाग छकाएर हरण गरेमा ९६ पण दण्ड गर्नूं।

काठ, लोह—धातु, मणिको वस्तु, डोरी, छाला, माटाको वस्तु, धागो, चोका, रौको वस्तुहरू, असल जातको भनेर नअसल विक्री गर्ने वा गोदाममा राख्ने गरेमा मालको मोलको ८ गुना दण्ड गर्नूं।

चोखा वस्तु भनेर कृत्रिम-(बनावटी) वस्तु, त्यो ठाउमा बनेको भनेर अर्कै ठाउँमा बनेको वस्तु, भित्र पट्टि छल कपट गरेर बाहिर पट्टि राम्रो देखाएको वस्तु, अगिबाट अर्कै समुद्र—पेटी बाकस आदि देखाएर दिदाखेरी सट्टा-पट्टा पारेर अर्कै कमती खालको कम मोलको वस्तु विक्री गर्ने गरी

राखेमा ५४ पण दण्ड गर्नूं। त्यसरी १ पण मोलको वस्तु बेचेमा त्यसको दोवर १०० पण, २ पण मोलको वस्तु बेचेमा २०० पण दण्ड गर्नूं। यसै गरी जति-जति बढी मोलको वस्तु बेचेको छ उति दण्ड बढ्दै जाने हुन्छ।

मोटो वा मसिनो काम गर्ने कालीगडहरूले यस्तो यस किसिमको वेस बनाउनू भनेकोमा, यस्तो होइन यस्तो बनाउनु पर्दछ। भनि सबैजना मिलेर कमती-कमती खालको वस्तु बनाई बढता फाइदा लिन लागेमा प्रत्येकलाई १००० पण दण्ड गर्नूं।

व्यापारीहरूले सबै जना मिलेर बिक्रीको माल रोकीराख्ने वा भाउ बढाएर किन्ने बेच्ने गरेमा पनि १००० पण दण्ड गर्नूं।

कुनै नाप तौल गर्ने मानिसले आफ्नो चलाकीबाट नाप तौल फरक पारी, किंवा मोल फरक पारी, रङ किसिम फरक पारी, किन्ने ग्राहकहरूलाई हानि गराएमा त्यो नाप तौल फरक पार्नेले हातको चलाकीले १ पणको ८ भागको १ भाग मोलको वस्तु फरक पारेको छ भने २०० पण दण्ड गर्नूं यस्तै जति जति बढी पण मूल्यको वस्तु फरक पारेको छ उस अनुसार २००-२०० पण बढाई दण्ड गर्नूं।

अनाज घ्यू तेल आदि चिल्लो, गुड सखर आदि क्षार, नून, श्रीखण्ड आदि सुगन्ध, औषधिहरू, उस्तै रङ्गको खराब वस्तु मिलाएर मिसोट पार्ने व्यापारीलाई १२ पण दण्ड गर्नूं।

फुटकर बेच्नेले दिन दिनमा जति आफूले खाने तोकिएको छ, दिन दिनको यति भन्ने हिसाब व्यापारीले लेखेर राख्ने गर्नूं।

संस्थाको अध्यक्षले बजारको खरीद बिक्रीमा अन्तर परेर बढी निकासेको फायदा धन अरूले भाग लाउन पाउदैनन् सो सरकारकै आमदानी ठहर्छ।

अनाजहरूको गोदाम राख्ने व्यापारीले संस्थाको अध्यक्षसंग अनुमति लिएर राख्नुपर्दछ। अनुमति नलिइकन आफू खुसी जंमा राखेको भए पण्याध्यक्षले-(बजारको अध्यक्षले) जिंमा लिनू, त्यो जिंमा लिएको अनाजहरू प्रजाहरूलाई जसरी उपकार हुने हुन्छ त्यस्तो सरकारी अनुमति भएको भाउमा व्यापारीले किनेको आफ्नै देशमा पैदा भएका मालको खरीद बिक्रीमा सयकडा पाँच नाफा गर्नु।

विदेशमा बनेका मालको खरीद बिक्रीमा सयकडा १०, मुनाफा आफूले खान पाउँने गर्नूं। त्यसभन्दा बढी भाउ चढाएर खरीद—बिक्री गरी बढो मुनाफा खाने व्यापारीलाई सयकडा पाँच संम बढता मुनाफा लिएको भए

२०० पण दण्ड, यस्तै जति-जति भाउ बढाएर मुनाफा बढता खाएको छ त्यही अनुसार दण्ड बढाउदै गर्नू ।

एक थरी व्यापारीले सङ्घ बनेर किनेको माल बेची न सकीकन अर्को-थरी सङ्घलाई माल किन्न बेच्न नदिनू । त्यसरी सङ्घ बनेर किनेको माल धेरै भई आगो पानी आदिले नोक्सानी पार्नलागेमा संस्थाध्यक्षले उपकार (सहायता) आदि दिनुपर्दछ ।

बजारको अध्यक्षले सबै किसिमका विक्रीका मालहरू एकेक व्यापारीले एकेक थोक बिक्री गर्ने । त्यो बेची न सकी अर्कोले बेच्न नपाउने प्रबन्ध गर्नू। फुटकर बेच्नेले प्रजाहरूलाई मर्का नपर्ने सुबिधा हुने गरी दिन-दिनको ज्याला लिएर बेच्ने गरून् ।

देशान्तर कालान्तरका पण्य (बिक्रीका वस्तु) हरूमा प्रक्षेप-(हालेको धनको राशि), पण्य निष्पत्ति-(यति समयमा यो माल तयार भएको) भनि श्रम, शुल्क—चौकीहरूको महशूल वृद्धि (व्याज), अवक्रय-(बाटाको गाडा आदिको भाडा) र अरू परेको खर्च जंमा जोरेर, भाउ तोक्नेअध्यक्षले मालको भाउ बसालि दिनू ।

अथ तृतीयोऽध्यायः

७८ प्रकरणे—उपनिपातप्रतीकारः

दैवान्यष्टौ महाभयानि—अग्निरुदकं व्याधिर्दुर्भिक्षं मूषिका व्यालाः सर्पा रक्षांसीति । तेभ्यो जनपदं रक्षेत् । ग्रीष्मे बहिरधिश्रयणं ग्रामाः कुर्युः । दशकुलीसंग्रहेणाधिष्ठिता वा । नागरिकप्रणिधावग्निप्रतिषेधो व्याख्यातः । निशान्तप्रणिधौ राजपरिग्रहे च । बलिहोमस्वस्तिवाचनैः पर्वसु चाग्निपूजाः कारयेत् । वर्षारात्रमनूपग्रामाः पूरवेलामुत्सृज्य वसेयुः । काष्ठवेणुनावश्चावगृह्णीयुः ।

उह्यमानमलाबुदृतिप्लवगण्डिकावेणिकाभिस्तरेयुः । अनभिसरतां द्वादशपणो दण्डः । अन्यत्र प्लवहीनेभ्यः । पर्वसु च नदीपूजाः कारयेत् । मायायोगविदो वेदविदो वर्षमभिचरेयुः । वर्षावग्रहे शचीनाथ-

गङ्गापर्वतमहाकच्छपूजाः कारयेत् । व्याधिभयमौपनिषदिकैः प्रतीकारैः प्रतिकुर्युः । औषधैश्चिकित्सकाः शान्तिप्रायश्चित्तैर्वा सिद्धतापसाः ।

तेन मरको व्याख्यातः ।

तीर्थाभिषेचनं महाकच्छवर्धनं गवां श्मशानावदोहनं कबन्धदहनं देवरात्रिं च कारयेत् । पशुव्याधिमरके स्थानान्यर्थनीराजनं स्वदैवतपूजनं च कारयेत् । दुर्भिक्षे राजा बीजभक्तोपग्रहं कृत्वाऽनुग्रहं कुर्यात् । दुर्गसेतुकर्म वा भक्तानुग्रहेण । भक्तसंविभागं वा । देशनिक्षेपं वा । मित्राणि वा व्यपाश्रयेत् । कर्शनं वमनं वा कुर्यात् ।

निष्पन्न सस्यमन्यविषयं वा सजनपदो यायात् । समुद्रसरस्तटाकानि वा संश्रयेत । धान्यशाकमूलशलावापान् सेतुषु कुर्वीत । मृगपशुपक्षिव्यालमत्स्यारम्भान् वा । मूषिकभये मार्जारनकुलोत्सर्गः । तेषां ग्रहणहिंसायां द्वादशपणो दण्डः । शुनामनिग्रहे च अन्यत्रारण्यचरेभ्यः । स्नुहीक्षीरलिप्तानि धान्यानि विसृजेत् । उपनिषद्योगयुक्तानि वा । मूषिककरं वा प्रयुंजीत । शान्तिं वा सिद्धतापसाः कुर्युः । पर्वसु च मूषिकपूजाः कारयेत् । तेन शलभपक्षिक्रिमिभयप्रतीकारा व्याख्याताः ।

व्यालभये मदनरसयुक्तानि पशुशवानि प्रसृजेत् । मदनकोद्रवपूर्णान्यौदर्याणि वा । लुब्धकाः श्वगणिनो वा कूटपंजरपाशावपातैश्चरेयुः । आवरणिनः शस्त्रपाणयो व्यालानभिहन्युः । अनभिसर्तुर्द्वादशपणो दण्डः । स एव लाभो व्यालघातिनः । पर्वसु च पर्वतपूजाः कारयेत् । तेन मृगपक्षिसंघग्राहप्रतीकारा व्याख्याताः ।

सर्पभये मंत्रैरोषधिभिश्च जांगलीविदश्चरेयुः । सम्भूय वोपसर्पान् हन्युः । अथर्ववेदविदो वाभिचरेयुः । पर्वसु च नागपूजाः कारयेत् । तेनोदकप्राणिभयप्रतीकारा व्याख्याताः । रक्षोभये रक्षोघ्नान्यथर्ववेदविदो वा कर्माणि कुर्युः । पर्वसु च वितर्दिछत्रोल्लोपिकाहस्तपताकाछागोपहारैश्चैत्यपूजाः कारयेत् । चरुं वश्चराम इत्येवं सर्वभयेष्वहोरात्रं चरेयुः । सर्वत्र चोपहतान् पितेवानुगृह्णीयात् ।

मायायोगविदस्तस्माद्विषये सिद्धतापसाः ।
वसेयुः पूजिता राज्ञा दैवापत्प्रतिकारिणः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कंटकशोधने चतुर्थेऽधिकरणे
उपनिपातप्रतीकारो नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण ७८

(दैवी विपत्तिको प्रतिक्रिया)

कण्टक जस्ता दुःख दिने दुइ थरी हुन्छन् । मनुष्य-कण्टक र दैवी कण्टक। यी दुइमा मनुष्य-कण्टक कालीगड आदिको विषयमा व्यवस्था गरियो। आगो पानो आदि दैवी कण्टकलाई 'उपनिपात' भन्दछन् । अब यिनबाट देशको रक्षा विषयमा वर्णन गरिन्छ ।

दैवी महाभय गराउने आठ विषय छन् । १ आगो, २ पानी, ३ रोग, ४ दुर्भिक्ष-(अनिकाल), ५ मूषा, ६ व्याल-(हिंसक प्राणी) ७ सर्प, ८ राक्षस। यिनबाट जनपद—देशको रक्षा गर्नुपर्दछ ।

आगोबाट रक्षा—

ग्रामवासीहरूले ग्रीष्मऋतुमा खाद्य पकाउने आदि काम घरको बाहिर गर्नुपर्दछ। अथवा १० घरको रक्षा-गर्ने गोप नाम भएको गाउको रक्षकले यस ठाउमा गर्नु भनि तोकिदिएको ठाउमा चुल्होहरू बनाउने गर्नुपर्दछ। नागरिकप्राणिधि (२ । ५६) प्रकरणमा ठाउ ठाउँमा पानी राख्ने आदि, निशान्तप्रणिधि (१ । १७) प्रकरणमा आगो शमन गर्ने मन्त्र आदि, राजपरिग्रह ( ) प्रकरणमा पनि आगाको बचाउ गर्ने कुरा बताइएको छ। पर्व-पर्व वेलामा बलि होम स्वस्तिबाचन अग्निको पूजाहरू गराउने गर्नू ।

पानीबाट रक्षा—

पानी धेरै हुने ठाउका वासिन्दाहरूले खोला नाला, नदीको भेल आउने किनारको ठाउ छोडेर वस्नू। पानी धेरै भएमा तर्ने साधन हुने काठ वास नाउहरू जंमा गरी राख्नू ।

कसैलाई भेलले बगाएर लैजान लागेमा तुम्बा, छालाको थैलो, डुङ्गा, गण्डिका-(हलुका रूखको हांगा), वेणिका (मोटो डोरी) आदि साधन द्वारा तारिदिनू।

त्यस्तो बिपत्ति परेको बेला सहायता गर्न नआउने लाई १२ पण दण्ड गर्नू।

पर्व पर्वमा नदीको पूजा गराउनू, तन्त्र मन्त्र वेद जान्नेहरू द्वारा जप होम आदि गराउनू।

वर्षा धेरै दिन रोकिएमा इन्द्र, शङ्कर, पर्वत, महाकच्छपहरूको पूजा गराउनू।

रोगको बचाउ—

रोगको भय भएमा औपनिषद—प्रकरणमा लेखिने उपाय द्वारा शमन गर्नू। वैद्यहरूले औषधि द्वारा, षिद्ध तपस्वीहरूले शान्ति प्रायश्चित्तहरू द्वारा, रोगको प्रतीकार गर्नू। यस्तै गरी मरक (महामारी-) को पनि प्रतीकार गर्नू।

महामारीको शान्तिलाई तीर्थहरूमा स्नान, महाकच्छसमुद्र र जलका देवता वरुणको पूजा, श्मशानमा गाई दुहनु, चामल पीठोहरूले बनाएको मुर्कट्टा पुत्तली जलाउनु, देवताहरूको पूजा, रातमा जागरण गराउनू।

पशुहरूको रोग महामारी भएमा ठाउँ सारेर राख्नु पशुहरूलाई नीराजन गर्नु, देवता हरूको पूजा गर्नु यी उपाय छन्।

दुर्भिक्षबाट बचाउ—

दुर्भिक्ष अनिकाल परेमा राजाले प्रजाहरूलाई बीउ र खाने वस्तुले सहायता दिने अनुग्रह गर्नू। खान दिएर किल्ला बनाउने, पूल बनाउने, किंवा काम केही नभएपनि प्रजाहरूलाई अन्नको सहायता दिने गर्नुपर्दछ। अथवा कहीं सुभिक्ष भएको देशमा प्रजाहरूलाई राख्ने, वा मित्रहरूको आश्रय लिने गर्नुपर्दछ। कुनै बेकामका मानिसलाई देशान्तरमा पठाएर, सहकाल भएको विदेशमा पठाएर पनि मानिसलाई घटाउने काम गर्नू। अथवा धनी प्रजाबाट करको रूपमा वा ऋणलिएर जनताको रक्षा गर्नू।

अथवा अन्नहरू प्रशस्त भएको अर्को देशमा प्रजाहरूसमेत लिएर राजाले जानू। समुद्र तलाउ दह आदि भएको ठाउँको आश्रय लिनू। आलीहरूमा पनि अन्न शाक फलफूल रोपाउनू। मृग पशु पक्षीहरूको आहारले पनि जीविका गराउनू।

मूषाको प्रतीकार—

मूषा धेरै लागेर दुःख दिएमा बिरालो न्याउरीहरू ठाउं ठाउंमा छोडिदिनू। ती छोडिदिएका बिरालो न्याउरी हरूलाई कसैले पक्रे मारे भने १२ पण दण्ड हुन्छ। जंगलमा बस्ने व्यक्ति बाहेक अरूले पलुवा टोक्ने कुकुर छोडा छोडेमा १२ पण दण्ड हुन्छ।

सिउढीको दूध लिपेको धानहरू वरिपरि छरिदिनू। अथवा औपनिषद्–प्रकरणमा बताइने विष हरू मिलाएको अन्नहरू वरिपरि राखि—दिनू। अथवा प्रत्येक घरले दिनको यति मूषा बुझाउनू भन्ने कर लगाउनू। किंवा सिद्ध तपस्वीहरूले मूषा हराउने शान्ति गर्नू। पर्व दिनमा मूषाको पूजापनि गराउनू।

यही रीत संग शलह चरा कीराको भय निवारण गर्ने उपाय हरू पनि गर्नू।

हिंसकको प्रतीकार—

हिंसक पशुहरूको भय भएमा विषयुक्त पशुका सिनाहरू हिंसक जन्तुले देख्ने खाने ठाउँमा राख्न लाउनू। लट्याउने जङ्गलीकोदोहरू पेटमा भरिएका भोका पशुहरू ठाउ ठाउं छोडिदिनू।

व्याधा कुकुर सिकारीहरू द्वारा ठाउँ ठाउमा खोर राख्न लाउनू र ठाउँ ठाउँमा ठूला खाडल खनाएर घांस पातले छोपिदिएर पशुहरू खसेर माथि आउन नशक्ने पनि गराउनू। हतियार लिएका कबचधारीहरू घुमेर हिंसक जन्तुलाई मार्ने गरून्।

हिंसक जनावरले मार्न दुःख दिन लागेको ठाउंमा हार गुहार दिन न जानेलाई १२ पण दण्ड गर्नू। हिंसक जनावर मार्नेलाई सो ही १२ पण इनाम दिनू।

पर्व पर्व दिनमा पर्वतको पूजा पनि गराउनू। यस्तै किसिम संग मृग पक्षि समूह ग्राहहरूको बाधा शमन गर्ने उपायहरू पनि गर्नू।

सर्पको भय भएमा मन्त्र औषधीहरूद्वारा विष चिकित्सा गर्ने वैद्यहरुले प्रतीकार गर्नू। अथवा सबै जनसमूह मिलेर देखिएजति सर्पलाई मार्ने गर्नू। अथर्ववेदका मन्त्रहरू र तन्त्र मन्त्र को प्रयोग गरी सर्पलाई मार्नू। पर्व दिनमा नागको पूजा गराउनू।

यही किसिम संग जलजन्तुको भय पनि हटाउने उपाय गर्नू। राक्षसको भय भएमा अथर्ववेद वा तन्त्र मन्त्र टुनामुना जान्नेहरू राक्षसको नाश गर्ने

विधानहरू गर्नू। पर्व दिनमा चौतारामा छाता खानेकुरा, हाते ध्वजा पताका बोकेहरू चढाएर चिताका देवता राक्षसहरूको पूजा गराउनू। चरुं वश्चरामः—तिमीलाई खाने कुरा बलि दिन्छौं भनि अहोरात्र जताततै घुम्दै बलि दिने काम गराउनू।

जुनसुकै भयमा पनि दुःखी भएका प्रजाहरूलाई राजाले बाबुले झैं दया गरी सहायता दिनुपर्दछ।

यस कारण तन्त्र मन्त्र टुनामुना जान्ने सिद्ध तपस्वीहरूलाई दैवी आपत्तिको प्रतीकारको खातिर राजाले सत्कार आदर गरेर देशमा बसाउनुपर्दछ।

अथ चतुर्थोऽध्यायः

७९ प्रकरणे—गूढाजीविनां रक्षा

समाहर्तृप्रणिधौ जनपदरक्षणमुक्तम्। तस्य कंटकशोधनं वक्ष्यामः। समाहर्ता जनपदे सिद्धतापसप्रव्रजितचक्रचरचारणकुहकप्रच्छन्दककार्तान्तिकनैमित्तिकमौहूर्तिकचिकित्सकोन्मत्तमूकबधिरजड़ान्धवैदेहककारुशिल्पिकुशीलववेशशौण्डिकापूपिकपक्वमांसिकौदनिकव्यंजनान् प्रणिदध्यात्। ते ग्रामाणामध्यक्षणां च शौचाशौचं विद्युः। यं चात्र गूढाजीविनं शंकेत, सत्रिसवर्णनापसर्पयेत्। धर्मस्थं प्रदेष्टारं वा विश्वासोपगतं सत्री ब्रूयात्—'असौ मे बन्धुरभियुक्तः। तस्यायमनर्थः प्रतिक्रियताम्। अयं चार्थः प्रतिगृह्यताम्' इति। स चेत्तथा कुर्यात् 'उपदाग्राहक' इति प्रवास्येत। तेन प्रदेष्टारो व्याख्याताः।

ग्रामकूटमध्यक्षं वा सत्री ब्रूयात्—'असौ जाल्मः प्रभूतद्रव्यः, तस्यायमनर्थः। तेनैनमाहारयस्व' इति। स चेत्तथा कुर्यादुत्कोचक इति प्रवास्येत। कृतकाभियुक्तो वा कूटसाक्षिणोऽभिज्ञातानर्थवैपुल्येन आरभेत। ते चेत्तथा कुर्युः, कूटसाक्षिण इति प्रवास्येरन्। तेन कूट-

श्रावणकारका व्याख्याताः । यं वा मंत्रयोगमूलकर्मभिः श्मशानिकैर्वा संवननकारकं मन्येत, तं सत्री ब्रूयात्—'अमुष्य भार्यां स्नुषां दुहितरं वा कामये । सा मां प्रतिकामयताम्, अयं चार्थः प्रतिगृह्यताम्' इति । सचेत्तथा कुर्यात् संवननकारक इति प्रवास्येत । तेन कृत्याभिचारशालौ व्याख्यातौ ।

यं वा रसस्य वक्तारं क्रेतारं विक्रेतारं भैषज्याहारव्यवहारिणं वा रसदं मन्येत, तं सत्री ब्रूयात्—'असौ मे शत्रुस्तस्योपधातः क्रियताम्, अयं चार्थः प्रतिगृह्यताम्' इति । स चेत्तथा कुर्याद्रसद इति प्रवास्येत । तेन मदनयोगव्यवहारी व्याख्यातः । यं वा नानालोहक्षाराणामङ्गारभस्त्रासन्दंशमुष्टिकाधिकरणीविटंकमूषाणामभीक्ष्णं क्रेतारं मषीभस्मधूमदिग्धहस्तवस्त्रलिङ्गं कर्मारोपकरणसंवर्गं कूटरूपकारकं मन्येत, तं सत्री शिष्यत्वेन संव्यवहारेण चानुप्रविश्य प्रज्ञापयेत् । प्रज्ञातः कूटरूपकारक इति प्रवास्येत । तेन रागस्या पहर्ता कूटसुवर्णव्यवहारी च व्याख्यातः ।

आरब्धारस्तु हिंसांयां गूढाजीवास्त्रयोदश ।
प्रवास्या निष्क्रयार्थं वा दद्युर्दोषविशेषतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
गूढाजीविनां रक्षानाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण ७९

(गुप्त जीविका गर्नेहरूबाट रक्षा)

कण्टक (दुःख दिने दुष्ट) हरू कुनै प्रकाश रूपमा, कुनै प्रच्छन्न रूपका हुन्छन्। तिनमा प्रकाश कण्टक कालीगड आदिको बर्णन अगि गरियो।

अब गुप्त कण्टक अर्थात् बाहिर नदेखिइकन भित्र भित्रै लुकेर रही प्रजाहरूलाई दुःख दिने हुन्छन्। यस्ताको जीविका निर्वाह गुप्त रूपले हुनाले यस्ता घुस्याहा कूट साक्षी आदिलाई गूढाजीवी भन्दछन्। यस्ताको परिज्ञान गरेर तिनबाट प्रजाहरूलाई रक्षा गर्ने उपायहरूको यस प्रकरणमा निरूपण गरिन्छ।

समाहर्तृ प्रचार—प्रकरणमा प्रजाजनलाई रक्षा गर्ने कुरा भनि एको भएपनि गुप्तकण्टक बाट रक्षा गर्ने कुरा नभनिएको हुनाले सो कुराको बर्णन अब गरिन्छ।

समाहर्ता-(राजस्व उठाउने अध्यक्ष अधिकारी)ले देशमा प्रजालाई दुःख बाधा दिने को को छन् यो बुझनाका निमित्त नचिह्निने गरी सिद्ध, तपस्वी, संन्यासी, चक्रधर, मण्डली बनेर घुमने, फिरन्त, चटकी, स्वच्छन्द चारी, सामुदिक जान्ने। शकुन जान्ने ज्योतिषि, बैद्य, बहुलाहा, लाटो, बहिरो, लस्याङ्ग्रो, अन्धो, बनिया, कालोगढ-सीपभएका नटुवा, वेश्यालयमा घुम्ने, भट्टीवाल, हलुवाई, पाकेको मासु बेच्ने, भात बच्ने इत्यादि बिभिन्न सुहाउदो भेष रूपको व्यवहार गर्ने चेवाहरू जताततै बुझ्न पठाउनू। तिनीहरू जताततै घुम्दै गाउं सदरका मुखिया, सरकारी कर्मचारी, अध्यक्षहरू, समेतको पवित्रता भए न भएको बुझ्ने गरून। जस जस माथि यो गुप्त जीविका गर्ने हो भन्ने शङ्का लाग्दछ त्यस्ता कहां सत्री अर्थात् धर्मशाला अखाडाहरूमा रहने विद्यार्थी जस्ता बनेका चर, पठिलाईदिनू। सो सत्री—चरले शङ्का लागेका धर्मस्थ (धर्मसभाका अधिकारी) अमात्य समेत कहां गई आफूमा विश्वास पैदा गराई 'फलाना मेरा बन्धुलाई यस्तो मुद्दा लागेको छ दया गरेर तिनको भलाई गरिदिनुहोस् यो नजराना लिनुहोस्' भन्नू। त्यसले 'लौ हुन्छ' भनेमा यो भ्रष्टाचारी घुस्याहा रहेछ भन्ने बुझेर राजाले त्यस्तालाई पदच्युत वा देश निकाला गरिदिनू। यस्तै गरी प्रदेष्टा (कण्टकशोधनका अधिकारी अमात्य) आदिलाई पनि गर्नू।

गाउँको मुखिया आदि कहां गएर सत्री-चरले 'यो······धेरै धनी छ। यस बिपत्तिमा परेको छ यसको धन चुस्नु पर्दछ' भन्नू र 'लौ हुन्छ' भन्यो भने यो घुस्याहा रहेछ भनि गाउबाट निकाला गराईदिनू।

किंवा झूठो मुद्दा लागेजस्तो बनेर सत्री-चरले यो जाली साक्षी हुने हो भन्ने शङ्का लाग्नेकहां गएर जान पहिचान बढाई धेरै धनको लोभ देखाएर आफ्नो काममा ढल्काउनू, हुन्छ भनि मंजूर गरेमा त्यस्तालाई कूटसाक्षी-(जाली साक्षी) भनेर निकाला गराउनू। यसप्रकार झुटोकुरा सुनाई फकाउने व्यक्ति माथि दण्ड दिने कुरा पनि जान्नु।

कुनै मानिसमाथि यो मानिस मन्त्र तन्त्र टुना मुना जडी बुटीको प्रयोग गरेर श्मसान साधेर मोहनी वशीकरण गर्ने भन्ने सङ्का लाग्दछ त्यस्ता संग गएर सत्री-चरले 'फलानाकी स्वास्नी छोरी बुहारीमा मेरो मन लोभिएको छ उसले मलाई चाहने पारि दिनुहोस् यो धन लिनुहोस्' भनि भन्नू उसले 'हुन्छ' भन्यो भने यो टुन्याहा रहेछ भनि देशनिकाला गराउनू ।

यसै गरी पिशाच उठाएर लाइदिने मारण आदिको प्रयोग गर्नेलाई पनि बुझ्नुपर्दछ ।

जुन औषधिहरूको व्यवहार गर्ने साथि यो विषको खरीद-बिक्री गर्ने, विष खुवा उने कुराको शङ्का लाग्द छ त्यस कहां गएर सत्री-चरले 'फलानो मेरो शत्रु छ, त्यसलाई सिद्ध्याई दिने काम गरिदिनुहोस्, यो धन लिनुहोस्' भन्नू त्यसले 'हुन्छ' भनेमा यो रसद-(विष प्रयोग गर्ने) हो भनि निकाला गराउनू ।

यही किसिम संग नसा चढाएर लठ्याउने प्रयोग गर्नेलाई पनि निकाला गराउने कुरा बुझ्नू ।

जुन मानिस थरी थरी धातुको धूलो कोइला खलाती सनासो, हथ्यौडी ठेउको छिनो मूषा-(पगाल्ने भाडो)हरू बारम्बार किन्ने, मसी खरानी पोतिएको हात लुगामा चिह्न भएको, कामी-लोहारको सामान जंमा गर्ने भएर यो नकली सिक्का बनाउने हो भन्ने ठान्दछ, त्यसकहां सत्री-चर शिष्य जस्तो बनेर आवतजावत गरेर भित्र पसेर बुझ्नू । सो कुरा ठहऱ्याए पछि राजालाई जाहेर गरेर जाली सिक्का बनाउने भनि निकाला गराउनू ।

यस्तै गरी सुनमा रङ्ग चढाउने घटाउने नकली सुनको व्यवहारगर्नेलाई पनि बुझी दण्ड दिनू ।

यस्ता १. धर्मस्थ-न्यायाधीश, २. प्रदेष्टा-भ्रष्टाचार निवारक, ३. गाउँको जाली, ४. गाउँको मुखिया, ५. झूटो साक्षी, ६. झूटो कुरा सुनाउने, ७. वश पार्ने, ८. टुनामुना गर्ने, ९. मारण प्रयोग गर्ने, १०. विष प्रयोग गर्ने, ११. लठ्याउने, १२. जाली सिक्का बनाउने, १३. नकली सुन बनाउने यो, १३ प्रकारका गूढा जीवी-(गुप्त जीविका गर्नेहरू) गुप्त रूपले प्रजाहरूलाई दुःख दिने हुन्छन् त्यस्तालाई जाँची बुझी दोषी ठहऱ्याएकालाई राजाले अपराध अनुसारको दण्ड दिएर त्यस्ता दुष्टलाई आफ्नो देशबाट निकालिदिनू ।

अथ पंचमोऽध्यायः

८० प्रकरणे—सिद्धव्यंजनैर्माणवप्रकाशनम्

सत्रिप्रयोगादूर्ध्वं सिद्धव्यंजना माणवा माणवविद्याभिः प्रलोभयेयुः । प्रस्वापनान्तर्धानद्वारापोहमंत्रेण प्रतिरोधकान्, संवननमंत्रेण पारतल्पिकान् । तेषां कृतोत्साहानांमहासंघमादाय रात्रावन्यं ग्राममुद्दिश्यान्यं ग्रामं कृतकस्त्रीपुरुषं गत्वा ब्रूयुः—'इहैव विद्याप्रभावो दृश्यताम् । कृच्छ्रः परग्रामो गन्तुम्' इति । ततो द्वारापोहमंत्रेण द्वाराण्यपोह्य 'प्रविश्यताम्' इति ब्रूयुः । अन्तर्धानमंत्रेण जाग्रतामारक्षिणां मध्येन माणवानतिक्रामयेयुः । प्रस्वापनमंत्रेण प्रस्वापयित्वा रक्षिणः शय्याभिर्माणवैः संचारयेयुः । संवननमंत्रेण भार्याव्यंजनाः परेषां संमोदयेयुः । संलब्धविद्याप्रभावाणां पुरश्चरणाद्यादिशेयुरभिज्ञानार्थम् ।

कृतलक्षणद्रव्येषु वा वेश्मसु कर्म कारयेयुः । अनुप्रविष्टान् वैकत्र ग्राहयेयुः । कृतलक्षणद्रव्यक्रयविक्रयाधानेषु योगसुरामत्तान् वा ग्राहयेयुः । प्रग्रहीतान् पूर्वपदानसहायाननुयुंजीत । पुराणचौरव्यंजना वा चोराननुप्रविष्टास्तथैव कर्म कारयेयुर्ग्राहयेयुश्च । गृहीतान्समाहर्ता पौरजानपदानां दर्शयेत्-'चोरग्रहणीं विद्यामधीते राजा । तस्योपदेशादिमे चोरा गृहीताः । भूयश्च ग्रहीष्यामि । वारयितव्यो वः स्वजनः पापाचार' इति । यं चात्रापसर्पोपदेशेन शम्याप्रतोदादीनामपहर्तारं जानीयात्तमेषां प्रत्यादिशेत—'एष राज्ञः प्रभाव' इति ।

पुराणचोरगोपालकव्याधगणिनश्च वनचोराटविकाननुप्रविष्टाः प्रभूतकूटहिरण्यकुप्यभाण्डेषु सार्थव्रजग्रामेष्वेनानभियोजयेयुः । अभियोगे गूढबलैर्घातयेयुः, मदनरसयुक्तेन वा पथ्यादनेन । अनुगृहीतलोप्त्रभारानायतगतपरिश्रान्तान् प्रस्वपतः प्रहवणेषु योगसुरामत्तान् वा ग्राहयेयुः ।

पूर्ववच्च गृहीत्वैतान् समाहर्ता प्ररूपयेत् ।
सवज्ञख्यापनं राज्ञः कारयन् राष्ट्रवासिषु ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
सिद्धव्यंजनैर्माणवप्रकाशनं नाम पंचमोऽध्यायः ॥ ५ ॥

अध्याय ५

प्रकरण ८०

सिद्धहरूको बहानाबाट दुष्टहरू पत्तालाउने

(यस प्रकरणमा सिद्धहरू जस्ता बनेका गुप्तचर द्वारा चोरी आदि पीर बाधा दिनेलाई पत्तालाउने विधिको वर्णन गरिन्छ)

सत्री-चरहरू द्वारा काम भइसकेपछि सिद्ध तपस्वी जस्ता बनेका माणव अर्थात् निद्रा लाउने, अन्तर्धान हुने, लट्याउने, मन्त्र तन्त्र आदि माणव विद्याले कण्टक जस्ता प्रतिरोधक-(बाटो छेक्ने समात्ने) चोरहरूलाई लठ्ठपार्ने, सुताउने नदेखिने तुल्याउने बन्द ढोका उघार्ने, मन्त्रको प्रयोगले, परस्त्रीमा लम्पटछिनार हरूलाई मोहनी लाउने मन्त्रको प्रयोगहरूले आफू सित लहस्याउनू । तिनीहरू आफ्नो प्रयोगको सिद्धि देखेर लहसिए पछि त्यस्ता चोर आदिको जमात लिएर राति अर्को गाउँतिर जाने लक्ष्य गरी आफ्नो तहका मानिसहरू भएको गाउमा पसेर यही विद्याको प्रभाव हेर ढाढा जाने दुःख किन गर्नू भनि भन्नू । अनि ढोका उघार्ने मन्त्रको प्रयोग गरेर ढोका खोलेर 'लौ षस' भन्नू । अन्तर्धान गराउने मन्त्रको प्रयोगले जागा रहेका पालेहरूका बिचबाट माणवहरूलाई पर लैजानू । नींद लाउने मन्त्रको प्रयोग गरेर पालेहरूलाई नींदमा पारेर अर्काका बिछाउनाहरूमा माणवहरूलाई पठाउनू । मोहनी लाउने मन्त्र प्रयोग गरेर अगिबाटै सङ्केत गरेर परस्त्री जस्ता बनेका स्त्रीहरू संग माणवहरूलाई आनन्द दिलाउनू ।

यसरी मन्त्रविद्याको प्रभाव देखिसकेकालाई पक्का पहिचान गराउनालाई पुरश्चरण आदि गर्ने कुरा बताउनू ।

अनि अगिबाटै यहां धन छ भनि चिह्नोलाई राखेका घरहरूमा ती चोरहरूलाई चोर्न लाउनू। चोरहरू भित्र पसे पछि तिनीहरू सबैलाई एकै ठाउँमा पक्राउनू।

किं वा चिह्नोलाईराखेका वस्तुको किन-बेच बन्धकीगर्न लागेको मौकामा औषधी परेको मद्य पिऐर लट्ठिएकालाई पक्राउनू।

अथवा पुराना चोरहरू जस्ता बनेका चरहरू चोरको दलमा मिलेर तिनलाई चोर्न लाउनू, अनि पक्राउनू।

तिनीहरू पक्रिइसके पछि समाहर्ता—अध्यक्षले नगरवासी ग्राम वासीहरूको समाजमा आएर "हेर,—राजाले चोर पक्रने विद्या जानेको छ, उनैको उपदेश अनुसार यी चोरहरू पक्रिए फेरी पनि यसै गरी पक्रिने छन्। यस्तो पापी काम गर्ने आफ्ना मानिसलाई यस्तो काम नगर भनि रोक" भन्नू।

जुन मानिसलाई सहर गाउँमा जोत कीला दाम्लो आदि चोर्ने भनि चरद्वारा पत्ता लागेको छ त्यस्तालाई पनि गाउ सहरको माझमा ल्याएर "यस्तो सानो तिनो चोरी गरेको पनि राजालाई थाहा हुन्छ हेर राजाको कस्तो प्रभाव छ" भन्नू।

पुरानो चोर, गोठालो, व्याधा, सिकारीको रूप गरेका चरहरूले वनका चोर, डाँकू, जङ्गलीदलहरूमा मिलेर धेरै सामान नगद जिनिसहरू भएका वटुवाको दल गोठ गाउहरूमा चोरी गर्न लाउनू। तिनीले लूटपीट चोरी गर्न थालेपछि अगिदेखि सङ्केत गरिराखेका गुप्त सैनिक हरू द्वारा मारपीट गराउनू, अथवा लठ्याउने वस्तु मिसाएको खाने कुरा दिएर लठ्याउनू, चोरीको दसी मालको भारी बोकेका दौडधूप गरी थाकेका लट्ठिएका वा चर्को रक्सी पिएर बेहोस भएका तिनीहरूलाई पक्राउनू।

यसरी समाहर्ताले चोर डाकु आदि दुष्टहरूलाई पक्राई राष्ट्रका वासिन्दा प्रजाको समाजमा देखाएर र राजामा सर्वज्ञपन छ भन्ने महिमा गाउनू।

अथ षष्ठोऽध्यायः

८१ प्रकरणे—शङ्कारूपकर्माभिग्रहः

सिद्धप्रयोगादूर्ध्वं शंकारूपकर्माभिग्रहः। क्षीणदायकुटुम्बमल्पनिर्वेशं विपरीतदेशजातिगोत्रनामकर्मापदेशं प्रच्छन्नवृत्तिकर्माणं मांससुराभक्ष्य-

भोजनगन्धमाल्यवस्त्रविभूषणेषु प्रसक्तमतिव्ययकर्तारं पुंश्चलीद्यूतशौण्डिकेषु प्रसक्तमभीक्ष्णप्रवासिनमविज्ञातस्थानगमनमेकान्तारण्यनिष्कुटकालचारिणं प्रच्छन्ने सामिषे वा देशे बहुमंत्रसन्निपातं सद्यः क्षतव्रणानां गूढप्रतीकारयितार मन्तर्गृहनित्यमभ्यधिगन्तारं कान्तापरं परपरिग्रहाणां परस्त्रीपरद्रव्यवेश्मनामभीक्ष्णप्रष्टारं कुत्सितकर्मशास्त्रोपकरणसंसर्गं विरात्रे छन्नकुड्यच्छायासंचारिणं विरूपद्रव्याणामदेशकालविक्रेतारं जातवैराशयं हीनकर्मजातिं विगूहमानरूपं लिङ्गेनालिङ्गिनं लिङ्गिनं वा भिन्नाचारं पूर्वकृतापदानं स्वकर्मभिरपदिष्टं नागरिकं महामात्रदर्शने गूहमानमपसरन्तमनुच्छ्वासोपवेशिनमाविग्नं शुष्कभिन्नस्वरमुखवर्णं शस्त्रहस्तमनुष्यसम्पातं त्रासिनं हिंस्रस्तेननिधिनिक्षेपापहारवरप्रयोगगूढाजीविनामन्यतमं शङ्केतेति शङ्काभिग्रहः ।

रूपाभिग्रहस्तु नष्टापहृतमविद्यमानं तज्जातव्यवहारिषु निवेदयेत् । तच्चेन्निवेदितमासाद्य प्रच्छादयेयुः साचिव्यकरदोषमाप्नुयुः । अजानन्तोऽस्य द्रव्यस्यातिसर्गेण मुच्येरन् । न चानिवेद्य संस्थाध्यक्षस्य पुराणभाण्डानामाधानं विक्रयं वा कुर्युः । तच्चेन्निवेदितमासाद्येत, रूपाभिगृहीतमागमं पृच्छेत् । कुतस्ते लब्धमिति । स चेद्ब्रूयात् दायाद्यादवाप्तममुष्माल्लब्धं, क्रीतं कारितमाधिप्रच्छन्नम्, अयमस्य देशः कालश्चोपसंप्राप्तः, अयमस्यार्घः प्रमाणं लक्षणं मूल्यं चेति । तस्यागमसमाधौ मुच्येत ।

नाष्टिकश्चेत्तदेव प्रतिसंदध्यात् । यस्य पूर्वो दीर्घश्च परिभोगो शुचिर्वा देयस्तस्य द्रव्यमिति विद्यात् । चतुष्पदानामपि हि रूपलिङ्गसामान्यं भवति । किमङ्गपुनरेकयोनिद्रव्यकर्तृप्रसूतानां कुप्याभरणभाण्डानाम् इति । सचेद्ब्रूयात्—याचितकमवक्रीतकमाहितकं निक्षेपमुपनिधि वैयावृत्यकर्म वामुष्येति, तस्यापसारप्रतिसन्धानेन मुच्येत । नैवमित्यपसारो वा ब्रूयात् । रूपाभिगृहीतः परस्य दानकारण-

मात्मनः प्रतिग्रहकारणमुपलिङ्गनं वा दायकदापकनिबन्धकप्रतिग्राहकोपदेष्टृभिरुपश्रोतृभिर्वा प्रतिसमानयेत्। उज्झितप्रनष्टनिष्पतितोपलब्धस्य देशकाललाभोपलिङ्गनेन शुद्धिः। अशुद्धस्तच्च तावच्च दण्डं दद्यात्। अन्यथा स्तेयदण्डं भजेत। इति रूपाभिग्रहः।

कर्माभिग्रहस्तु मुषितवेश्मनः प्रवेशनिष्कसनमद्वारेण, द्वारस्य सन्धिना बीजेन वा वेधम्, उत्तमागारस्य जालवातायननीव्रवेधम्, आरोहणावतरणे च कुड्यस्य वेधम्, उपखननं वा गूढद्रव्यनिक्षेपग्रहणोपायमुपदेशोपलभ्यम्, अभ्यन्तरच्छेदोत्करपरिमर्दोपकरणमभ्यन्तरकृतं विद्यात्। विपर्यये बाह्यकृतम्। उभयत उभयकृतम्।

अभ्यन्तरकृते पुरुषमासन्नं व्यसनिनं क्रूरसहायं तस्करोपकरणसंसर्गं स्त्रियं वा दरिद्रकुलामन्यप्रसक्तां वा परिचारकजनं वा तद्विधाचारमतिस्वप्नं निद्राक्लान्तमाधिक्लान्तमाविग्नं शुष्कभिन्नस्वरमुखवर्णमनवस्थितमतिप्रलापिनमुच्चारोहणसंरब्धगात्रं विलूननिघृष्टभिन्नपाटितशरीरवस्त्रं जातकिणसंरब्धहस्तपादं पांसुपूर्णकेशनखं विलूनभुग्नकेशनखं वा सम्यक्स्नानानुलिप्तं तैलप्रमृष्टगात्रं सद्योधौतहस्तपादं वा पांसुपिच्छिलेषु तुल्यपादपदनिक्षेपं प्रवेशनिष्कसनयोर्वा तुल्यमाल्यमद्यगन्धवस्त्रच्छेदविलेपनस्वेदं परीक्षेत। चोरं पारदारिकं वा विद्यात्।

सगोपस्थानिको बाह्यं प्रदेष्टा चोरमार्गणम्।
कुर्यान्नागरिकश्चान्तर्दुर्गे निर्दिष्टहेतुभिः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
शंकरूपकर्माभिग्रहोनाम षष्ठोऽध्यायः ॥ ६ ॥

अध्याय ६

प्रकरण ८१

(शङ्का दसी कामबाट दुष्टलाई पक्रनु)

(सिद्ध तपस्वो जस्ता बनेका चरद्वारा पक्रन सकिनेहरूलाई पक्रने बिधान बनाएर अब यस प्रकरणमा त्यस्तोबाट पक्रन नशकिने दुष्टहरूलाई शङ्का दसी कामबाट पक्रने बिधान बताइन्छ ।)

शङ्कावाट पक्राउ—

अंशको सम्पत्ति खेती आदि नभएको जागीर पनि थोरै भएको, देश जात कुल नाम पेशा पनि अर्कै बनाएर भन्ने, गुप्त पेशा भएको मासु रक्सी अनेक थरी खाने वस्तु, सुगन्ध माला वस्त्र शृङ्गारमा आसक्त, धेरै खर्च गर्ने, रण्डी जूवा भट्टीमा लागेको, सदै परदेश गइरहने, वा बस्ने जाने ठाउँ थाहा नभएको, एकान्त जङ्गल बगैचाहरूमा वेसमयमा हिडीरहने, अर्कोले नदेखिने भएर धनीको घरको नजीकमा धेरै खासखुस गर्ने, घाउ चोटलाई र्दान्खेरै गुप्त औषधि गर्ने, सधै घर भित्रै वसी रहने, कोही आएको देखनासाथ फरक फर्कने, स्त्रीमा लम्पट, अर्काको जहान स्त्री-घर सम्पत्तिहरू बराबर सोधीरहने, मार्नु चोर्नु आदि निन्दित कामको सामान शस्त्रहरू चलाउन जान्ने विरातमा भित्तामा टासिएर वा छायामा हिडने, कुठाउ कुबेलामा रूप बिगारी मालहरू बेच्ने, मनमा वैरभाव लिइरहने कामर जात छोप्ने, मुख छोपेर हिड्ने-कोही चिह्न नभएको भिक्षुक बन्ने, ब्रह्मचारी सन्यासीको चिह्न भएपनि त्यस किसिमको आचार नभएको, पहिले चोरी आदिमा नाम चलेको, निन्दित काम गरेर बदनाम भएको, कुनै पुलिस हाकिमहरू देखनासाथ लुक्ने भाग्ने, धेरै वेर संम सास पनि नफेरेर वसी रहने, सदै झस्के डराए जस्तो, शुक्खा अर्कै किसिमको स्वर मुखको रङ्गभएको, हतियार लिएको मानिस आएको देखनासाथ झस्कने, कोही देखिएमा घातक, चोर, स्वानि नासो हरण गर्ने, झोकमा हतियार चलाएर जीविका चलाउने मध्यमा कोही हो कि भन्ने शङ्का पैदा हुन्छ ।

रूपबाट पक्राउ—

कुनै माल हराएर वा चोरिएर गुम भएमा त्यो कुरा त्यही किसिमको वस्तुको व्यवहार गर्नेलाई यस्तो माल हराएको छ भनि थाहा दिनू, त्यो

थाहा दिइएको माल पाएर लुकाउनेलाई चोरको सपियार हुने दोष लाग्दछ। थाहा नपाइकन लिएको भए थाहा पाएपछि मालधनीलाई बुझाइदिएर दोषबाट उम्कन्छ। पुराना मालहरू बिक्री वा बन्धकी दिनुपर्नेले संस्थाध्यक्ष-(बजारको अध्यक्ष) लाई जाहेर गरेर मात्र बिक्री बन्धकीमा दिनू।

हराएको चोरिएको माल निवेदन बमोजिमको कहीं फेला परेमा त्यो रूप (माल) लिने मानिसलाई यो तिमीले कहाँबाट पायौ भनि सोध्नू। उसले यो माल अंशबाट, वा फलानाबाट पाएको, वा किनेको, वा बन्धक लिएको, यो ठाउँ यो बखतमा हो यसको यो प्रमाण छ, यो तौल यो मोल हो भनेर त्यो पाएको चित्त बुझ्ने कुरा गरेमा त्यो उम्कन्छ।

हराउने उजुरवालाले मेरो माल यही हो भन्दछ भने हराउने र पाउनेले विशेष प्रमाण नदिएमा जसको अगिदेखिको लामो भोग छ, जो विश्वास योग्य सच्चरित्र छ, त्यो माल त्यसैको हो भन्ने ठेगाना गर्नू। चौपायाहरूको पनि त धेरैको अनुहार छाटकांट उस्तै हुन्छ भने यौटै कालिगडले बनाएका एक किसिमका जिनिस गहना भाडाहरूको रूप एकै किसिम पनि हुन सक्छ विचार गरी छुट्याउनुपर्दछ।

त्यो दसीद्वारा पक्रिएको मानिसले—मैले फलाना संग मागेर ल्याएको, वा भाउमा लिएको, वा बन्धकी लिएको, वा नासो धरोट लिएको हो, वा फलानाबाट कामको सट्टा पाएको, भनि भनेमा त्यो भनेको कुरा बुझ्दा ठीक ठहरेमा त्यो उम्कन्छ। त्यसो होइन भनि हराउनेले भनेमा दसीले पक्रिएको मानिसले अर्कोले दिनाको आफूले पाउनाको कारण बताएर, भएको चिह्नहरू बताएमा, दिने, दिलाउने लेखपढ गर्ने, लिने, लिन लाउने, उपदेश गर्ने, देख्ने, सुन्नेहरूद्वारा त्यो कुरा प्रमाणित गराउनू।

कसैले छोडेको हराएको खसेको पाएमा सो माल धनीले पाएको देश-काल चिह्नहरू राम्रो बताएमा त्यो चोखो ठहर्छ। चोखो नठहरिएमा त्यो माल बुझाई त्यो बमोजिमको दण्ड पनि तिर्नुपर्छ। त्यो पाउने मानिसले आफ्नो हो भन्ने प्रमाण दिन नशके माल धनीले चोरिएको प्रमाण दिएमा त्यसलाई चोरीको दण्ड हुन्छ। रूप दसीबाट पक्राउको कुरा सकियो।

कामबाट पक्राउ—

कामबाट पक्राउ···—चोरी भएको घरबाट मूल ढोका छोडी अन्तैबाट पस्नु निस्कनु, ढोकाको अन्तरबाट वा चुकुल खोलेर पस्नु, माथिल्लो तलाका झ्याल बार्दली छानामा प्वाल पार्नु, गाह्रोमा उक्लन ओर्लन पाइला राख्ने

प्वाल पार्नु, गाह्रोनेरको भुइ खन्नु, लुकाएको द्रव्य कसैले सिकाएर जानिने लुकाएको धन राखेको ठाउँ झिक्नु, भित्र पट्टि प्वाल पारेको धूलो गेगर फोर्ने सामान पाउनु, भित्रबाट चोरिएकोमा हुन्छ, त्यस्तो नभए बाहिरबाट चोरिएको हुन्छ, दुवै थरी निसाना भए दुवै तिरबाट फोरी चोरेको ठहर्छ ।

भित्रबाटै चोरी भएमा भित्र रहने मानिसहरूमा दृष्टि दिएमा कुनै लोभ्रे मानिस, व्यसनमा लागेको, क्रूर साथी भएको, चोरीको सामान (ज्यावल)-हरू भएको, वा कुनै स्वास्नी मानिस दरिद्र कुलकी व्यभिचारिणी, वा कुनै नोकर चाकर त्यही किसिमको, ज्यादा सुत्ने, नीदले लट्ठिएको, मनमा पिरिएको, आत्तिएको, मुख सुखेको स्वर मुखको रङ् बिग्रेको, एक ठाउमा अडन नशक्ने, ज्यादै फतफत गर्ने, अग्लो ठाउँमा चढ्न शक्ने, जीउको लुगा चुडेको छोटिएको छिनेको चिरिएको, हात खुट्टामा घाउ लागेर खत बसेको, कपालनङमा धुलो भरिएको, कपालको रौं नङ दोब्रिएको, काटिएको, धूलो मैलो मेट्न उत्ति खेरै राम्ररी नुहाएर चन्दनहरू लाएको, आङमा तेल लाएको, हात खुट्टा भरखरै धोएको, वा पस्ने निस्कने ठाउँमा परेको धुलो हिलोको पाइलाका छाप मिल्ने भएको । चोरिएको ठाउँमा रहेको फूल माला मद्य चन्दन अत्तर आदिको जस्तो गन्ध भएको रूमालमा पसिना पुसेको गन्ध मिल्ने मानिस जाँचमा देखियो भने यही चोर हो वा व्यभिचारी पुरुष हो भन्ने जानिन्छ ।

गोप (समाहर्ताको अधीन भएर ५ वा १० गाउ हेर्ने अधिकारी) स्थानिक-(किल्ला र जनपदको चतुर्थांशको रक्षक) दुवै लाई साथलिएर प्रदेष्ट (कण्टक शोधनको अधिकारी) ले बाहिरतिर र नागरिक पुलिसले किल्ला भित्र पनि माथि भनिएका कारणहरूद्वारा चोर पत्ता लाउने काम गर्नुपर्दछ ।

अथ सप्तमोऽध्यायः

८२ प्रकरणे—आशुमृतकपरीक्षा

तैलाभ्यक्तमाशुमृतकं परीक्षेत। निष्कीर्णमूत्रपुरीषं वातपूर्णकोष्ठत्वकं शूनपादपाणिमुन्मीलिताक्षं सव्यंजनकण्ठं पीडननिरुद्धोच्छ्वासहतं विद्यात्। तमेव संकुचितबाहुसक्थिमुद्बन्धहतं विद्यात् । शूनपाणिपा-

दोदरमपगताक्षमुद्वृत्तनाभिमवरोपितं विद्यात् । निस्तब्धगुदाक्षं सन्दष्टजिह्वामाध्मातोदरमुदकहतं विद्यात् । शोणितानुसिक्तं भग्नभिन्नगात्रं काष्ठैरश्मभिर्वा हतं विद्यात् । सम्भग्नस्फुटितगात्रमवक्षिप्तं विद्यात् ।

श्यावपाणिपाददन्तनखं शिथिलमांसरोमचर्माणं फेनोपदिग्धमुखं विषहतं विद्यात् । तमेव सशोणितदंशं सर्पकीटहतं विद्यात् । विक्षिप्तवस्त्रगात्रमतिवावान्तिविरिक्तं मदनयोगहतं विद्यात् । अतोऽन्यतमेन कारणेन हतं हत्वा वा दण्डभयादुद्बन्धनिकृत्तकण्ठं विद्यात् । विषहतस्य भोजनशेषं पयोभिः परीक्षेत । हृदयादुद्धृत्याग्नौ प्रक्षिप्तं चिटचिटायदिन्द्रधनुर्वर्णं वा विषयुक्तं विद्यात् । दग्धस्य हृदयमदग्धं दृष्ट्वा वा ।

तस्य परिचारकजनं वा वाग्दण्डपारुष्यातिलब्धं मार्गेत । दुःखोपहतमन्यप्रसक्तं वा स्त्रीजनं, दायनिवृत्तिस्त्रीजनाभिमन्तारं वा बन्धुम् । तदेव हतोद्बद्धस्य च परीक्षेत । स्वयमुद्बद्धस्य वा विप्रकारमयुक्तं मार्गेत । सर्वेषां वा स्त्रीदायाद्यदोषः कर्मस्पर्धा प्रतिपक्षद्वेषः पण्यसंस्थासमवायो वा विवादपदानामन्यतमं वा रोषस्थानम् । दोषनिमित्तो घातः ।

स्वयमादिष्टपुरुषैर्वा चोरैरर्थनिमित्तं सादृश्यादन्यवैरिभिर्वा हतस्य घातमासन्ने परीक्षेत । येनाहूतः सहस्थितः प्रस्थितो हतभूमिमानीतो वा तमनुयुंजीत । ये चास्य हतभूमावासन्नचरास्तानेकैकशः पृच्छेत्—केनायमिहानीतो हतो वा, कः सशस्त्रः संगूहमान उद्विग्नो वा युष्माभिर्दृष्ट इति । ते यथा ब्रूयुस्तथानुयुंजीत ।

अनाथस्य शरीरस्थमुपभोगं परिच्छदम् ।
वस्त्रं वेषं विभूषां वा दृष्ट्वा तद्व्यवहारिणः ॥ १ ॥
अनुयुञ्जीत संयोगं निवासं वासकारणम् ।
कर्म च व्यवहारं च ततो मार्गणमाचरेत् ॥ २ ॥
रज्जुशस्त्रविषैर्वापि कामक्रोधवशेन यः ।
घातयत्स्वयमात्मानं स्त्री वा पापेन मोहिता ॥ ३ ॥

रज्जुना राजमार्गे तां चण्डालेनापकर्षयेत् ।
न श्मशानविधिस्तेषां न सम्बन्धिक्रियास्तथा ॥ ४ ॥
बन्धुस्तेषां तु यः कुर्यात्प्रेतकार्यक्रियाविधिम् ।
तद्गतिं स चरेत्पश्चात्स्वजनाद्वा प्रमुच्यते ॥ ५ ॥
संवत्सरेण पतति पतितेन समाचरन् ।
याजनाध्यापनाद्यौनात्तैश्चान्योऽपि समाचरन् ॥ ६ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
आशुमृतक परीक्षा नाम सप्तमोऽध्यायः ॥ ७ ॥

अध्याय ७

प्रकरण ८२

(अकस्मात् मरेकाको जाँच)

आशु मृतक आकस्मिक मृत्युभएको लाशलाई तेलमा हालेर तुरुन्त जाँच गर्नू ।

(क) मूत्र विष्ठा निस्केको, पेटमा छालामा हावा भरिएको, हात गोडा फुलेको, आंखा पिल्किक बाहिर निस्केको, घांटीमा डाम बसेको, भए घाटी निमोठेर सास थुनी मरेको जान्नू ।

(ख) त्यस्तैमा हात खुट्टा खुंचिएको,भए झुण्डिएर मरेको जान्नू ।

(ग) हात गोडा पेट फुलेको, आंखा भित्र पसेको, नाइटो बाहिर निस्केको भए शूली रोपिएको जान्नू ।

(घ) गुद र आंखा ठर्रो भएको, जिभ्रो टोकिएको, पेट फुलेको, भए पानीमा डुबेर मरेको जान्नू ।

(ङ) रगत लागेको, जिह्व फाटेको भांचिएको भए, काठले हिर्काएको वा डोरीले कसेर मारिएको जान्नू ।

(च) जिउमा भाचिएको फुटेको भए, माथिबाट खसालिएर मरेको भनि जान्नू।

(छ) हात गोडा दांत नङ काळो भएको मासु रौं छाला शिथिल भएको भए विषले मरेको जान्नू।

(ज) हात र गोडा दांत नङ कालो भएर रगत समेतको टोक्केको डाम भए सर्प कीराबाट मरेको जान्नू।

(झ) लुगा र जिउ फ्याकेको दिशा वमन धेरै भएको भए मदनयोगधतुराको विषले मरेको जान्नू।

यसरी कुनै कारणले मरेको वा मारिएकोलाई दण्डको डरले आफै मरेको भन्ने पार्नालाई झुण्डाएर घाटी छिनेको जान्नू।

विषले मरेकोमा उसले खाएर बाकि रहेको वा पेट भित्रको खाएको वस्तुको शेषमा दूध हालेर जाच्नू। त्यसको छातीबाट केही भाग झिकेर आगामा हाल्दा चिटचिट गर्ने इन्द्राणीको जस्तो रङ्ग-विरङ्गी देखियो भने विष परेको जान्नू। त्यो लाश जलाउंदा हृदयको भाग जलेन भने पनि विष परेको जान्नू।

विषले मर्नेको परिवारहरू संग त्यसको कसै संग गाली गोफ्ता, मार पीट, झगडा, भएको थियोकि भनि बुझनू। बन्धु बान्धवहरू संग यसका स्वीजन दुःखले पीडित भएर अर्को संग लागेको थियो कि भनि, यो मरे देखि यसको अंश भाग म पाउंदछु वा त्यसकी स्त्री म उडाउनेछु भन्ने बन्धु कोही छ कि भनि, सोध पुछ गर्नू। मारेर झुण्डाएकोमा पनि त्यो कुरा बुझनू। आफै झुण्डिएर मरेकोमा पनि त्यसलाई हद भन्दा बढता परी बाधा कोबाट भएको थियो भन्ने कुरा खोजी गर्नू।

जोसुकैको पनि स्त्रीको निमित्तबाट, अंश भागको निमित्तबाट, रीष उठनु सरकारी कामहरूमा अर्का संग ईखाईखले संघर्ष गर्नू, शत्रु संगको रीष इवी हुनु, व्यापारमा अरु संग मिलरे काम गर्नू, वैवाहिक सम्बन्धमा ऋण लिनू, आदि कुनै झगडाको बाटो हुनु, पनि रीस उठाउने ठाउँ हुन्छ। रीस उठेपछि घात गर्ने काम पनि हुन्छ।

आफैले मारेको, वा आफूले अह्राएका अरुले मारेको, वा चोरे डाकूले धनको निमित्त मारेको, अर्कै बैरीले आफ्नो शत्रु जस्तो लागेर झुक्किई मारेको, भन्ने कुरा मर्नेका नजीकका मानिसहरूबाट बुझनू। यसलाई कसले बोलाएको थियो, को संग बसेको थियो, को संग गएको थियो,

मरेको ठाउंमा कसले ल्याएको थियो, यी सबै कुरा सोधपूछ गर्नू। यो मारेको ठाउंमा को को घुमेका थिए, एकेक गरेर सोधपूछ गर्नू। कसले यसलाई यहां ल्यायो कसले मार्‍यो को मानिस हतियार लिएको लुक्ने छिप्ने वा आत्तिएको तिमीहरूले देखेथ्यौ भनि सोधनू। तिनीहरू जे जे भन्दछन् त्यही कुरा लिएर फेरी अरु सोधपूछ गर्नू।

मरेका व्यक्तिका शरीरमा भएका लुगा, छाता, जूत्ता माला वेश (गृहस्थी वा संन्यासी) आभूषण आदि देखेर तत तत वस्तुका व्यापारी-हरूलाई सोध्नू। मृत व्यक्तिको कोसँग मित्रता थियो ? त्यो कहाँ बस्थ्यो, किन बस्थ्यो, के काम गर्थ्यो, त्यसले कस्तो व्यवहार गर्थ्यो, आदि कुराको पत्तो लगाई हत्याराको खोज गर्नुपर्दछ।

कुनै पापले मोहित भएको पुरुष वा स्त्रीले डोरी हतियार विषहरूद्वारा आफै मरेको त्यस्तो पुरुष वा स्त्रीलाई डोरीले बाधेर चण्डालद्वारा सडकमा घिसार्न लाउनू। यस्ता आत्मघातीलाई श्मशानमा दाह गर्ने, क्रिया कर्म गर्ने काम नगर्नू। जुन बन्धुले त्यस्ताको प्रेतक्रिया गर्दछ त्यो पनि त्यसैको गतिमा पुग्छिन्छ। बन्धु-बान्धवबाट पनि फरक हुन्छ।

पतितसंग जमानी अध्यापन यौन सम्बन्ध गर्ने अर्को मानिस पनि १ वर्षमा पतित हुन्छ।

अथ अष्टमोऽध्यायः

८३ प्रकरणे—वाक्यकर्मानुयोगः

सुपितसन्निधौ बाह्यानामभ्यन्तराणां च साक्षिणमभिशस्तस्य देशजातिगोत्रनामकर्मसारसहायाननुयुंजीत। तांश्चापदेशैः प्रतिसमानयेत्। ततः पूर्वस्याह्नः प्रचारं रात्रौ निवासं च आग्रहणादिति अनुयुंजीत। तस्यापचारप्रतिसन्धाने शुद्धः स्यात्। अन्यथा कर्मप्राप्तः। त्रिरात्रादूर्ध्वमग्राह्यः शंकितकः पृच्छाभावादन्यत्रोपकरणदर्शनात्।

अचोरं 'चोर' इत्यभिव्याहरतश्चोरसमो दण्डः, चोरं प्रच्छादयतश्च। चोरेणाभिशस्तो वैरद्वेषाभ्यामपदिष्टकः शुद्धः स्यात्। शुद्धं

परिवासयतः पूर्वः साहसदण्डः । शंकानिष्पन्नमुपकरणमंत्रिसहायरूपवैयावृत्यकरान् निष्पादयेत् । कर्मणश्च प्रवेशद्रव्यादानांशविभागैः प्रतिसमानयेत् । एतेषां कारणानामभिसंधाने विप्रलपन्तमचोरं विद्यात् । दृश्यते ह्यचोरोपि चोरमार्गे यदृच्छया सन्निपाते चोरवेषशस्त्रभाण्डसामान्येन गृह्यमाणो दृष्टश्चोरभाण्डस्योपवासेन वा यथा हि माण्डव्यः कर्मक्लेशभयादचोरः 'चोरोऽस्मि' इति ब्रुवाणः । तस्मात्समाप्तकरणं नियमयेत् ।

मन्दापराधं बालं वृद्धं व्याधितं मत्तमुन्मत्तं क्षुत्पिपासाध्वक्लान्तमत्याशितमात्मकाशितं दुर्बलं वा न कर्म कारयेत् । तुल्यशीलपुंश्चलीप्रापाविक कथावकाशभोजनदातृभिरपसर्पयेत् । एवमतिसन्दध्यात् । यथा वा निक्षेपापहारे व्याख्यातम् । आप्तदोषं कर्म कारयेत् । न त्वेव स्त्रियं गर्भिणीं सूतिकां वा मासावरप्रजाताम् । स्त्रियास्त्वर्धकर्म । वाक्यानुयोगो वा । ब्राह्मणस्य सत्रिपरिग्रहः श्रुतवतस्तपस्विनश्च । तस्यातिक्रमे उत्तमो दण्डः कर्तुः कारयितुः कर्मणा व्यापादनेन च ।

व्यावहारिकं कर्म चतुष्कम्—षड् दण्डाः, सप्त कशाः, द्वावुपरि निबन्धौ, उदकनालिका च । परं पापकर्मणां नव वेलत्रताः, द्वादशकं द्वावूरुवेष्टौ, विंशतिर्नक्तमाललताः, द्वात्रिंशच्चलाः, द्वौ वृश्चिकबन्धौ, उल्लम्बने च द्वे, सूचोहहस्तस्य, यवागूपीतस्याप्रस्त्रावः, एकपर्वदहनमंगुल्याः, स्नेहपीतस्य प्रताप नमेकमहः, शिशिररात्रौ बल्वजाग्रशय्या चेत्यष्टादशकं कर्म । तस्योपकरणं प्रमाणं प्रहरणं प्रधारणमवधारणं च खरपट्टादागमयेत् । दिवसान्तरमेकैकं कर्म कारयेत् ।

पूर्वकृतापदानं, प्रतिज्ञायापहरन्तम्, एकदेशदृष्टद्रव्यम्, कर्मणा रूपेण वा गृहीतम्, राजकोशमवस्तृणन्तम्, कर्मवध्यं वा राजवचनात्समस्तं व्यस्तमभ्यस्तं वा कर्म कारयेत् । सर्वापराधेष्वपीडनीयो ब्राह्मणः । तस्याभिशस्ताङ्को ललाटे स्याद्व्यवहारपतनाय । स्तेये श्वा, मनुष्यवधे कबन्धः, गुरुतल्पे भगम्, सुरापाने मद्यध्वजः ।

ब्राह्मणं पापकर्माणमुद्घुष्याङ्कृतव्रणम् ।
कुर्यान्निर्विषयं राजा वासयेदाकरेषु वा ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
वाक्यकर्मानुयोगो नाम अष्टमोऽध्यायः ॥ ८ ॥

अध्याय ८

प्रकरण ८३

(शङ्का लागेकालाई बोली र कामले जाँचबुझ)

(शङ्काले मात्र कसैलाई दोषी ठहऱ्याएमा फरक पर्ने सम्भव भएको र साधु पनि दण्डको डरले हो चोरेको भन्ने पनि देखिनाले चोरको राम्रो निर्णय गर्नोनिमित्त फेरी सोधपूछ जांचबुझ गर्ने कुरा यस प्रकरणमा भनिन्छ ।)

चोरिएको ठाउँ वर पर बाहिरिया र भित्रिया मानिसको अगाडि साक्षीहरूसंग शङ्का लागेका मानिसको देश जात कुल नाम काम ज्यथा सहाय वासस्थान पनि सोध्नू। तिनले भनेका देश जात आदिलाई हो कि होइन भनि हरेक तरहबाट जिरह गर्नू अनि त्यसलाई नपक्रून्जेलको दिउसो वेहान पख घुम्ने राति बस्ने ठाउपनि सोध पूछ गर्नू । हर तरहबाट त्यसलाई छूत नलाग्ने देखिएमा त्यो चोखो ठहर्दछ नत्र अपराधी हुन्छ ।

शङ्का लागेकालाई तीन रात भित्रै पक्रनुपर्दछ । ढीलो भएमा भएको तिथि मितिहरू बिर्सिने हुनाले सोधपूछ राम्रो नहुने र चोरीको सामानहरू अन्त पनि देखिने हुनाले निर्णयलाई अपठारो पर्दछ ।

नचोरलाई पनि चोर भनि बात लाउनेलाई र चोरलाई लुकाउने छिपाउनेलाई चोरसरहै दण्ड हुन्छ ।

चोरले म होइन फलानो चोर हो भनि बात लाएको मानिस रीस इबीले भनेको रहेछ भने त्यो चोखो हुन्छ, चोखोलाई पनि नछोडेर राखी राख्ने प्रदेष्टालाई पूर्व साहस (२५०) दण्ड हुन्छ ।

शङ्का लागेर पक्रिएकालाई सामान, सल्लाह दिने साथी, दसी, त्यो काम लाउनेहरू जाच बुझ गरेर ठेगाना गर्नुपर्दछ। चोरी भएको ठाउँमा को को पसेका थिए कसले त्यो माल लियो कसले कसले कति कति भाग लाएर लिए ती सबै कुरा सोधेर यथार्थ कुरा पत्ता लाउनू।

यस्ता कारणहरू केही पनि नपाएमा खालि डरले त्रासले नचाहिंदो बिरुद्ध कुरा गर्नेलाई चोर होइन भन्ने बुझनुपर्दछ। वास्तवमा चोर नभए पनि चोरी भएको बाटोमा संयोगले आई पुगेको, चोरकै जस्तो लुगा सामान हरू भएको, किं वा चोरिएको मालको नजीकै बसेको हुनाले पनि चोर भनेर समातिएको देखिएको पनि छ। जस्तो अगी माण्डव्य भन्ने ऋषि चोर थिएनन् ता पनि राजपुरुषहरूले कूट पीट गर्दछन् भन्ने डरले मैले चोरेको हुं भन्दा जाँच बुझ केही नगरीकन चोर ठहऱ्यायेर शूलीमा हालिए भन्ने सुनिएको छ। तसर्थ अपराध नगर्ने पनि अपराधी सरह दण्ड पाउने होला भनेर सबै किसिमका प्रमाणको यथार्थ विचार गरेर मात्र टुङ्गो लाउनु पर्दछ।

थोरै अपराध भएको बालक, बूढो, रोगी, नसा चढेको बहुलाहा प्यास बाटाको थकाइले पीडित, घेरै खाएकोले अजीर्ण भएको, निर्घो यस्तालाई दण्ड सजाय बापत शास्ति दिने काम (पछि भनिने) नगर्नू।

नासो धरोट पचाउन खोज्नेहरू उपर टीप्नो गर्न लाउने कुरा अगि भनेझैं उस्तै चाल चलन भएका व्यभिचरिणी स्त्री कुरा मिलाउन जान्ने कत्थक, ठाउ दिने खान दिने हरूलाई शङ्का लागेका उपर चीयो गर्नलाउनू।

अपराध ठहरिएकालाई दण्ड निमित्तको शास्ति दिने काम गर्नू तर पेट बोकेकी, १ महीना नपुगेकी सुत्केरी स्त्रीलाई, काम नगराउनु अरु स्त्री लाई पुरुषको भन्दा आधा काम गर्न अथवा आधा पनि लाउन नहुने देखिएमा खालि हप्की दपकी गरेर छोडिदिनू। विद्वान् ब्राह्मण तपस्वी हरूलाई सत्री-चर साथ लाएर बाटामा घुमाएर छाडिदिनू। दण्ड सजाय दिने अधिकारीले चोर अथवा तिनीहरूको सहायता गर्नेलाई तोकिए भन्दा वढी सजाय दिने र मारिहाले भने त राजाले त्यस्ता कर्मचारीलाई उत्तम साहस (१००० पण) दण्ड देओस्।

दण्ड निमित्त गर्नूपर्ने व्यवहारमा चलेका चार किसिमका सजाय हुन्छन्।

१—६ दण्ड—६ पटक लट्ठीले हान्न।

२—७ कशा—७पटक कोर्राले हान्न।

३—२ उपरि निबन्ध—दुवै हात ठाडो गराई पछाडि फर्काएर जोरेर बाध्नु त्यस माथि टाउको समेत पनि जोरेर बाध्नु ।

४—उदक नालिका—नाक भित्र नून पानी हालि दिनु । पाप कर्म गर्नेलाई यी ४ भन्दा अरू १४ किसिमका सजाय पनि हुन्छन् ।

१—९ हातको बेतको लट्ठीले १२ चोट हान्नु ।

२-३—उरुवेष्ट—डोरीले दुई खुट्टा जोडेर बाधिदिनु त्यस माथि टाउको पनि बाधि दिनू ।

४—करौंजाको हांगाले २० पटक हान्नु ।

५—हतकेलाले ३२ थप्पड दिनु ।

६-७—वृश्चिक बन्ध—(क) वायाँ हात र गोडा पछाडि पट्टि जोरेर बाध्नु १ ।

(ख) दायाँ हात र दायाँ गोडा पछाडि पट्टि जोररे बाधनु २ ।

८-९—उभय···२—(क) दुवै हात जोडेर बाधी माथि लगेर झुण्डाउनु १ ।

(ख) दुवै गोडा जोडेर बाधी माथि लगेर उल्टो झुण्डाउनु २ ।

१०—हस्त सूची—हातको नङको अन्तरमा सीयो रोपिदिनु ।

११—यवाम्बूपान —जौको खोले पियाएर पिशाब गर्न नदिई राख्नु ।

१२—पर्व दहन—हातको यौटा औंला पोलिदिनू ।

१३—स्नेह पीत—ध्यू पियाएर दिन भर घाममा र आगामा सेकाउनु ।

१४—जाडो रातमा पानी छर्केको वाबियोको चटाइमा सुताउनु ।

यी सजायको निमित्त चाहिने डोरी आदि सामान, लट्ठी कोर्राहरूको प्रमाण, वेत करौंजाको सिपकना सजाय दिनुपर्नेलाई राख्ने तरीका जिउ अनुसारको सजाय गर्ने यस्ता खरपट्ट नाम गरेका आचार्यले बताएको चौर्य शास्त्र—चोरी विषयको शास्त्रबाट बुझनू ।

सजाय गर्दाखेरि एक सजाय पछि अर्को सजाय गर्नुपर्दा १ दिन विराएर गर्नू ।

पहिले पनि चोरी गरेको, म चोर्दछु भन्ने हाक दिएर चोरेको, चोरेको माल केही फेला पारिएको, भित्तो फोर्नु बिना ढोका पस्नु आदि काम वा दसी समेत फेला परेको, सरकारी धन लपन छपन गरेको, ठूलो अपराध गरेको, यस्तालाई राजालाई जाहेर गरी राजाज्ञानुसार एकेक वा एक पटक वा धेरै पटक पनि सजाय गर्नू।

जस्तोसुकै अपराध गरेपनि ब्राह्मणलाई शारीरिक पीडा नदिनू। त्यस्ता अपराधी ब्राह्मणलाई ब्यवहारमा पतित गराउन निधारमा अपराधको चिह्न डांभी दिनू। चोरी गरेमा कुकुरको चिह्न, मानिस मारेमा मुर्कट्टाको चिह्न, गुरुतल्प गमन गरेमा भग चिह्न, सुरापान गरेमा रक्सी पार्ने भाडाको चिह्न डाम्नू।

पापी काम गर्न ब्राह्मणलाई यसले यस्तो गरेको भनि सहर बजारमा फलाक्न लगाएर चिह्नले डामल गरी राजाले देशबाट निकाली दिनू। अथवा खानिमा वा नहर खानामा राख्नू।

अथ नवमोऽध्यायः

८४ प्रकरणे—सर्वाधिकरणरक्षणम्

समाहर्तृप्रदेष्टारः पूर्वमध्यक्षाणामध्यक्षपुरुषाणां च नियमनं कुर्युः। खनिसारकर्मान्तेभ्यः सारं रत्नं वापहरतः शुद्धवधः। फल्गुद्रव्यकर्मान्तेभ्यः फल्गुद्रव्यमुपस्करं वा पूर्वः साहसदण्डः। पण्यभूमिभ्यो राजपण्यं माषमूल्यादूर्ध्वमापादमूल्यादित्यपहरतो द्वादशपणो दण्डः। आद्विपादमूल्यादिति चतुर्विंशतिपणः। आत्रिपादमूल्यादिति षट्त्रिंशत्पणः। आपणमूल्यादित्यष्टचत्वारिंशत्पणः। आद्विपणमूल्यादिति पूर्वः साहसदण्डः। आचतुष्पणमूल्यादिति मध्यमः। आअष्टपणमूल्यादित्युत्तमः। आदशपणमूल्यादिति वधः।

कोष्ठपण्यकुप्यायुधागारेभ्यः कुप्यभाण्डोपस्करापहारेष्वर्धमूल्येष्वेत एव दण्डाः। कोशभाण्डागाराक्षशालाभ्यश्चतुर्भागमूल्येष्वेत एव

द्विगुणा दण्डाः । चोराणामभिप्रधर्षणे चित्रो घातः । इति राजपरिग्रहेषु व्याख्यातम् ।

वाह्येषु तु प्रच्छन्नमहनि क्षेत्रखलवेश्मावणेभ्यः कुप्यभाण्डमुपस्करं वा माषमूल्यादूर्ध्वमापादमूल्यादित्यपहरतस्त्रिपणो दण्डः । गोमयप्रदेहेन वा प्रलिप्यावघोषणम् । आद्विपादमूल्यादिति षट्पणः, गोमयभस्मना वा प्रलिप्यावघोषणम् । आत्रिपादमूल्यादिति नवपणः, गोमयभस्मना वा प्रलिप्यावघोषणं, शरावमेखलया वा । आपणमूल्यादिति द्वादशपणः, मुण्डनं प्रव्राजनं वा । आद्विपणमूल्यादिति चतुर्विंशतिपणः, मुण्डस्येष्टकाशकलेन प्रव्राजनं वा । आचतुष्पणमूल्यादिति षट्त्रिंशत्पणः । आपंचपणमूल्यादिति अष्टचत्वारिंशत्पणः । आदशपणमूल्यादिति पूर्वः साहसदण्डः । आविंशतिपणमूल्यादिति द्विशतः । आत्रिंशत्पणमूल्यादिति पंचशतः । आचत्वारिंशत्पणमूल्यादिति साहस्रः । आपंचाशत्पणमूल्यादिति वधः ।

प्रसह्य दिवारात्रौ वान्तर्यामिकमपहरतोऽर्धमूल्येष्वेत एव द्विगुणा दण्डाः । प्रसह्य दिवारात्रौ वा सशस्त्रस्यापहरतश्चतुर्भागमूल्येष्वेत एव द्विगुणा दण्डाः । कुटुम्बिकाध्यक्षमुख्यस्वामिनां कूटशासनमुद्राकर्मसु पूर्वमध्यमोत्तमवधा दण्डाः, यथापराधं वा । धर्मस्थश्चेद्विदमानं पुरुषं तर्जयति, भर्त्सयत्यपसारयति, अभिग्रसते वा, पूर्वमस्मै साहसदण्डं कुर्यात् । वाक्पारुष्ये द्विगुणम् ।

पृच्छ्यं न पृच्छति, अपृच्छ्यं पृच्छति, पृष्ट्वा विसृजति, शिक्षयति, स्मारयति, पूर्वं ददाति वेति, मध्यममस्मै साहसदण्डं कुर्यात् । देयं देशं न पृच्छति, अदेयं देशं पृच्छति, कार्यमदेशेनातिवाहयति, छलेनातिहरति, कालहरणेन श्रान्तमपवाहयति, मार्गापन्नं वाक्यमुत्क्रमयति, मतिसाहाय्यं साक्षिभ्यो ददाति, तारितानुशिष्टं कार्यं पुनरपि गृह्णाति, उत्तममस्मै साहसदण्डं कुर्यात् । पुनरपराधे द्विगुणं, स्थानाद्व्यपरोपणं च ।

लेखकश्चेदुक्तं न लिखति अनुक्तं लिखति, दुरुक्तमुपलिखति, सूक्तमुल्लिखति, अर्थोत्पत्तिं वा विकल्पयतीति पूर्वमस्मै साहसदण्डं कुर्यात् । यथापराधं वा । धर्मस्थः प्रदेष्टा वा हैरण्यमदण्ड्यं क्षिपति, क्षेपद्विगुणमस्मै दण्डं दद्यात् । हीनातिरिक्ताष्टगुणं वा । शरीरदण्डं क्षिपति, शारीरमेव दण्डं लभेत । निष्क्रयद्विगुणं वा । यं वा भूतमर्थं नाशयत्यभूतमर्थं करोति, तदष्टगुणं दण्डं दद्यात् । धर्मस्थीयाच्चारकान्निःसारयतो बन्धनागाराच्छय्यासनभोजनोच्चारसंचारं रोधबन्धनेषु त्रिपणोत्तरा दण्डाः कर्तुः कारयितुश्च ।

चारकादभियुक्तं मुंचतो निष्पातयतो वा मध्यमः साहसदण्डः, अभियोगदानं च । बन्धनागारात्सर्वस्वं वधश्च । बन्धनागाराध्यक्षस्य संरुद्धकमनाख्याय चारयतश्चतुर्विंशतिपणो दण्डः । कर्मकारयतो द्विगुणः । स्थानान्यत्वं गमयतोऽन्नपानं वा रुन्धतः षण्णवतिर्दण्डः । परिक्लेशयत उत्कोचयतो वा मध्यमः साहसदण्डः । घ्नतः साहस्रः । परिगृहीतां दासीमाहितिकां वा संरुद्धिकामधिचरतः पूर्वः साहसदण्डः । चोरडामरिकभार्यां मध्यमः । संरुद्धिकामार्यामुत्तमः । संरुद्धस्य वा तत्रैव घातः । तदेवाध्यक्षेण गृहीतायामार्यायां विद्यात् । दास्यां पूर्वः साहसदण्डः । चारकमभित्त्वा निष्पातयतो मध्यमः । भित्त्वा वधः । बन्धनागारात्सर्वस्वं वधश्च ।

एवमर्थचरान् पूर्वं राजा दण्डेन शोधयेत् ।
शोधयेयुश्च शुद्धास्ते पौरजानपदान् दमैः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
सर्वाधिकरणरक्षणं नाम नवमोऽध्यायः ॥ ९ ॥

अध्याय ९

प्रकरण ८४

(सबै अड्डाका कर्मचारीलाई तहमा राख्नु)

(प्रजालाई पीडा दिने कण्टक पुरुषहरूलाई तहमा लाउने विषय अगि भनियो, अब सरकारी धन हरण गर्ने अधिकारी कर्मचारीहरूलाई तह लाउने विषयको वर्णन हुन्छ ।)

समाहर्ता र प्रदेष्टाहरूले सबभन्दा पहिले प्रत्येक विभागका अध्यक्षहरू र तिनका कर्मचारी पुरुषहरूलाई नियममा राख्ने व्यवस्था गर्नुपर्दछ ।

रत्न सुन चांदी आदिका, खानीका, श्रीखण्ड आदि सार वस्तु कपास आदि साना तिना वस्तुका, कारखानाबाट मामूली वस्तु वा सामानहरू चोर्नेलाई पूर्वसाहस (२५०) दण्ड गर्नू ।

कुनै बिक्रीका वस्तुको उत्पादन हुने ठाउंबाट सरकारी विक्रीको माल १ माषादेखि चौथाई पणसंम मोल पर्ने वस्तु चोरेमा १२ पण, त्यसदेखि माथि आधा पणसंम मोल पर्ने वस्तु चोरेमा २४ पण, पौने पणसंम मोल पर्ने वस्तु चोरेमा ३६ पण, १ पण मोल पर्ने वस्तु चोरेमा ४८ पण, २ पणसंम मोल पर्ने वस्तु चोरेमा मध्यमसाहस (५०० पण) दण्ड गर्नू । ८ पणसंम मोल पर्ने वस्तु चोरेमा उत्तम साहस (१००० पण), १० पणसंम मोल पर्ने वस्तु चोरेमा वध दण्ड गर्नू ।

कोष्टागार-(कोठार), पण्य-(विक्री वस्तु) को भण्डार, जिन्सी भण्डार, शस्त्रको भण्डारहरूबाट आधा माषादेखि २ पणसंम मोल पर्ने जिन्सी सामानहरू चोरेमा पनि त्यही बमोजिम १२, २४ पण दण्ड गर्नू ।

ढुकुटीघर, भण्डार, टकसाहरूबाट त्यसको चौथाई पणदेखि १ पणसंम मोल पर्ने वस्तु चोरेमा त्यही दण्ड दोबर गर्नू ।

आफैले चोरेर पनि मैले होइन भनी मारपीट समेत गर्ने कर्मचारीलाई चित्रबध अर्थात् अनेक शास्ती समेत दिएर प्राणदण्ड दिनू । यी सबै दण्ड विधान राजकर्मचारीहरूउपर बताइयो ।

सरकारी ठाउँबाहेक अरू बाहिरफेराको चोरीमा भने लुकेर दिउसै खेत खला घर पसलहरूबाट जिन्सी माल सामानहरू १ मासादेखि चौथाई पणसंम मोल पर्ने वस्तु चोर्नेलाई ३ पण दण्ड गर्नू । गरीब भए जिउभर गोबर पोतेर

यसले यस्तो गरेको भनि फलाक्नू। आधा पणसंम मोल पर्ने वस्तु चोर्नेलाई ६ पण दण्ड, वा गोवर खरानी समेत जिउमा पोतेर फलाक्नू । पौने १ पणसंम मोल पर्ने वस्तु चोरेमा ९ पण दण्ड, वा गोबर खरानी पोतेर फलाक्नू वा पालाहरू बाँधेको माला घांटीमा बाधिदिनू। १ पणसंम मोल पर्ने वस्तु चोर्नेलाई १२ पण दण्ड, वा, मुडिदिनु, २ पणसम मोल पर्ने वस्तु चार्नेलाई २४ पण दण्ड, वा मुडेर ईटको टुक्रा झुण्ड्याएर निकालिदिनू। ४ पणसंम मोल हुने वस्तु चोर्नेलाई ३६ पण, ५ पणसंम मोल हुने वस्तु चोर्नलाई ४८ पण, १० पणसंम मोल हुने वस्तु चोर्नेलाई पूर्वसाहस वा १०० पण, २० पणसंम मोल हुने वस्तु चोर्नलाई २०० पण, ३० पणसंम मोल हुने वस्तु चोर्नेलाई ५००, ४० पणसंम मोल हुने वस्तु चोर्नेलाई १००० पण दण्ड गर्नू, कर्मचारीमा ५० पणसंम मोल हुने वस्तु चोर्नेलाई बधसज़ाय गर्नू।

जबर्जस्ती गरेर दिउसो वा राति पाले बसेको ठाउँबाट चोर्नेलाई माथि भनेको भन्दा आधा मोल पर्ने माल चोरेमा अगि भनेको दण्डको दोवर दण्ड गर्नू। दिउसो जबर्जस्ती गरे वा राति हतियार लिएर चोर्नेलाई अगि भनेको भन्दा चौथाई मोल पर्ने वस्तु चोरेमा पनि त्यही दण्ड गर्नू।

कुनै १. कुटुम्बी (जहानिया), २. अध्यक्ष (हाकिम), ३. मुख्य (गाउको मुखिया आदि), ४. स्वामी—समाहर्ता आदि प्रधान पुरुषले, जाली राजाज्ञा पत्र, जाली सिक्का छाप लाउने काम गरेमा क्रमैसंग १. पूर्वसाहस, २. मध्यम साहस, ३. उभय साहस, ४. बधदण्ड गर्नू, अथवा अपराध अनुसार सजाय गर्नू।

धर्मस्थ—धर्मसभाका न्यायाधीशले झगडा गर्ने बादी प्रतिबादीलाई तर्साउने, हप्काउने, निकाल्न लाउने, डांकोले निल्ने, काम गरेमा पूर्वसाहस दण्ड गर्नू। गाली अवाच्य भनेमा त्यसको दोवर दण्ड गर्नू।

धर्मस्थ अधिकारीले नसोध्नुपर्ने कुरा सोधेमा, सोध्नु पर्ने कुरा नसोधेमा, सोधेको पनि वास्ता नगरी छोडेमा, यसो भन भनि सिकाएमा, बिर्सेको कुरा संझाएमा, नपुग कुरा थापिदिएमा त्यसलाई मध्यम साहस दण्ड गर्नू।

सो अधिकारीले काम दिने साक्षीलाई नसोधेमा, सोध्नु नपर्ने साक्षीलाई सोधेमा, सोध्नु पर्ने साक्षीलाई नसोधीकन काम टुङ्ग्याएमा, सांचो भन्ने साक्षीलाई पनि छल गरेर अर्कैतिर लगेमा, धेरैबेर डल्याएर आजीत पारेर हटाएमा, मेलैसंग भनेको कुरा पनि नमिलेको भनेमा, साक्षीहरूलाई बुद्धि दिई कुरा सिकाएमा, विचार गरेर ठेगाना लागेको कुरा पनि फेरी उठाएर विचार गर्न लागेमा, त्यसलाई उत्तमसाहस दण्ड गर्नू।

अधिकारी पुरुषले त्यही अपराध फेरि पनि दोहऱ्याएमा दोबर दण्ड गरी ठाउँबाट हटाई पनि दिनू ।

लेख्ने कर्मचारीले भनेको कुरा नलेखेमा, नभनेको कुरा लेखेमा, विगारेर भनेको कुरा सच्याएर लेखेमा, राम्रो भनेको कुरा विगारेर लेखेमा, कामको कुरा दोधार पारेर लेखेमा, त्यसलाई पूर्वसाहस दण्ड गर्नू, अथवा अपराध अनुसार दण्ड गर्नू ।

धर्मस्थ न्यायाधीश वा प्रदेष्टाले दण्ड नगर्नुपर्नेलाई नगद दण्ड गरेमा, जति दण्ड गरेको छ, त्यसको दोबर दण्ड गर्नू । दण्ड गर्नु पर्नेमा दण्डमा घटी बढी पारेमा जति घटीबढी पारेको छ, त्यसको आठ गुना दण्ड गर्नू । दण्ड नगर्नुपर्नलाई शरीरको दण्ड गरेमा जुन शरीर दण्ड गरेको छ त्यसलाई त्यही दण्ड गर्नृ । अथवा सो शरीर दण्डको निष्क्रय (सट्टा) द्रव्यको दोवर दण्ड गर्नू । सांचो भएको कुरा बिगारेर नभएको कुरा गरेमा विगारि दिएको धनको आठ गुना दण्ड गर्नू ।

धर्मस्थले निर्णय गरेको कैदबाट घूसहरू खाएर बाहिर निकासेमा, खोर वा झ्यालखानामा कैदीका निमित्त सुत, वस्त्र, खान, दिशासूची गर्न, हिडन, डुलन, विशेष व्यवस्था (फुक्का) गरे गराएमा गर्ने गराउने दुवैलाई ३ । ३ पण क्रमैसंग बढो दण्ड हुन्छ ।

धर्मस्थसम्बन्धी देवानीको खोरबाट मुद्दा लागेकालाई छोडिदिने भगाउनेलाई मध्यमसाहस दण्ड हुन्छ, मुद्दा परेको द्रव्य पनि तिर्नुपर्दछ । प्रदेष्टासम्बन्धी फौजदारीको झ्यालखानबाट बापतीलाई छोडिदिने भगाउनेलाई सर्वस्व लिएर बध गर्नू ।

झ्यालखानाको अध्यक्षलाई नभनिकन थुनुवालाई हिड डुल गर्न दिनेलाई २४ पण, काम लाउनेलाई ४८ पण, अर्को ठाउँ सार्न खान पिन बन्द गरिदिनेलाई ९६ पण दण्ड गर्नू । पिटपाट गरी दुःख दिनेलाई वा घूस लिनेलाई र दिनलाउनेलाई पनि मध्यम साहस दण्ड गर्नू । मर्नेसंमको यातना दिनेलाई १००० पण दण्ड गर्नू ।

रखौटी दासी वा बंधिनी थुनिएकी स्त्रीमा व्यभिचार गर्नलाई पूर्वसाहस दण्ड गर्नू । चोर डामरिक (उपद्रव मचाउने) की स्त्रीमा व्यभिचार गर्नलाई उत्तमसाहस दण्ड गर्नू । थुनुवा लोग्ने मानिसले थुनुवी स्त्रीमा व्यभिचार गरेमा त्यहीं मारिदिनू । थुनुवा आर्य स्त्रीमा व्यभिचार गर्नलाई उत्तमसाहस दण्ड गर्नू ।

यही बधदण्ड झ्यालखानाको अध्यक्षले थुनुवी आर्य स्त्रीमा व्यभिचार गरेमा हुन्छ। झ्यालखानाको अध्यक्षले थुनुवी दासी स्त्रीमा व्यभिचार गरेमा पूर्वसाहस दण्ड गर्नू।

देवानी खोरबाट खोर नफोरीकन थुनुवा भगाउनेलाई मध्यमसाहस दण्ड, फोरेर भगाएमा बध गर्नू। फौजदारी झ्यालखानाबाट भगाउनेलाई सर्वस्व लिएर बध पनि गर्नू।

यस किसिमसंग सरकारी कर्मचारीलाई राजाले दण्डद्वारा तह लाई पवित्र पार्नू। पवित्र भएका कर्मचारीहरूले सहर देशका प्रजाहरूलाई दण्डद्वारा पवित्र गराउनू।

अथ दशमोऽध्यायः

८५ प्रकरणे—एकाङ्गवधनिष्क्रयः

तीर्थघातग्रन्थिभेदोर्ध्वकराणां प्रथमेऽपराधे सन्दंशच्छेदनं चतुष्पंचाशत्पणो वा दण्डः। द्वितीये छेदनं पणस्य शत्यो वा दण्डः। तृतीये दक्षिणहस्तवधश्चतुःशतो वा दण्डः। चतुर्थे यथाकामी वधः। पंचविंशतिपणावरेषु कुक्कुटनकुलमार्जारश्वसूकरस्तेयेषु हिंसायां वा चतुष्पंचाशत्पणो दण्डः, नासाग्रच्छेदनं वा। चण्डालारण्यचराणामर्धदण्डाः। पाशजालकूटावपातेषु बद्धानां मृगपशुपक्षिव्यालमत्स्यानामादाने तच्च तावच्च दण्डः।

मृगद्रव्यवनान्मृगद्रव्यापहारे शत्यो दण्डः। बिम्बविहारमृगपक्षिस्तेये हिंसायां वा द्विगुणो दण्डः। कारुशिल्पिकुशीलवतपस्विनां क्षुद्रकद्रव्यापहारे शत्यो दण्डः। स्थूलकद्रव्यापहारे द्विशतः। कृषिद्रव्यापहारे च। दुर्गमकृतप्रवेशस्य प्रविशतः प्राकारछिद्राद्वा निक्षेपं गृहीत्वाऽपसरतः कन्धरावधो द्विशतो वा दण्डः। चक्रयुक्तां नावं क्षुद्रपशुं वापहरत एकपादवधः त्रिशतो वा दण्डः। कूटकाकण्यक्षारालशलाकाहस्तविषमकारिण एकहस्तवधः, चतुःशतो वा दण्डः। स्तेन-

पारदारिकयोः साचिव्यकर्मणि स्त्रियाः संगृहीतायाश्च कर्णनासाछेदनं पंचशतो वा दण्डः । पुंसो द्विगुणः ।

महापशुमेकं दासं दासीं वापहरतः प्रेतभाण्डं वा विक्रीणानस्य द्विपादवधः, षट्शतो वा दण्डः । वर्णोत्तमानां गुरूणां च हस्तपादलंघने राजयानवाहनाद्यारोहणे चैकहस्तपादवधः सप्तशतो वा दण्डः । शूद्रस्य ब्राह्मणवादिनो देवद्रव्यमवस्तृणतो राजद्विष्टमादिशतो द्विनेत्रभेदिनश्च योगाञ्जनेनान्धत्वमष्टशतो वा दण्डः । चौरं पारदारिकं वा मोक्षयतो राजशासनमूनमतिरिक्तं वा लिखतः कन्यां दासीं वा सहिरण्यमपहरतः कूटव्यवहारिणो विमांसविक्रयिणश्च वामहस्तद्विपादवधो नवशतो वा दण्डः । मानुषमांसविक्रये वधः । देवपशुप्रतिमामनुष्यक्षेत्रगृहहिरण्यसुवर्णरत्नसस्यापहारिण उत्तमो दण्डः शुद्धवधो वा ।

पुरुषं चापराधं च कारणं गुरुलाघवम् ।
अनुबन्धं तदात्वं च देशकालौ समीक्ष्य च ॥ १ ॥
उत्तमावरमध्यत्वं प्रदेष्टा दण्डकर्मणि ।
राज्ञश्च प्रकृतीनां च कल्पयेदन्तरा स्थितः ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
एकाङ्गवधनिष्क्रयो नाम दशमोऽध्यायः ॥ १० ॥

अध्याय १०

प्रकरण ८५

(एक अङ्गको सजायको सट्टा अर्थदण्ड)

(यस प्रकरणमा हात गोडा औंला कान आदि एक अङ्ग काट्ने सजाय र त्यसको सट्टामा गर्ने अर्थदण्ड यति गर्ने भन्ने कुरा वर्णन गरिन्छ ।)

तीर्थ (नदी, देवालय, देवोत्सव आदि)मा लुगाहरू चोर्ने, ग्रंथिभेदक-

पोको फोर्ने बगली मार्ने, ऊर्ध्वकर—छाना फोरेर पसी चोर्नेलाई पहिलो पटक संदंश—बुढी औंला र कान्छी औंला काटिदिने सजाय, वा त्यसको सट्टा ५४ पण दण्ड, दोस्रो पटकमा सबै औंला काटिदिने वा त्यसको सट्टा १०० पण दण्ड, तेस्रो पटकमा दाहिने हातै काटिदिने वा त्यसको सट्टा ४०० पण दण्ड गर्नू। चौथो पटक इच्छा-नुसार खालि वा शास्ति दिएर बध गर्नू।

२५ पणभन्दा कम मोल पर्ने कुखुरा चाखुरा बिरालो कुकुर सुगुर चोरेमा वा मारेमा ५४ पण दण्ड, वा नाकको टुप्पा काटिदिने सजाय गर्नू। चण्डाल-जाति, जङ्गलीजातिले त्यसो गरेमा त्यसको आधा २७ पण दण्ड गर्नू।

बाधिएका वा मनाही भएका मृग पशु पक्षी सिंसक प्राणी माछाहरू समातेमा, किंवा पाशो जाल घाँसले छोपेको खाडलमा पारेमा, त्यसको भर्ना लिई त्यसको मोल बराबर दण्ड पनि गर्नू।

बन्देज भएको मृगवन असल काठको वनबाट मृग असल काठ चोरेमा १०० पण दण्ड गर्नू, बिम्ब—रङ्गी चङ्गी छेपारोहरू कृष्ण सार आदि, क्रीडाको मृग, शुगा आदि विनोदको पक्षीहरू चोरेमा मारेमा त्यसको दोवर २०० दण्ड गर्नू।

मोटो वा मसीनो कामको कालीगड, खेल तमासा गर्ने, फिरन्ता तपस्वी-हरूको सानोतिनो वस्तु र उपकरण आदि चोरेमा १००, ठूलो वस्तु चोरेमा र खेतीको औजार चोरेमा पनि २०० पण दण्ड गर्नू।

भित्र पस्न मनाही भएका किल्लाभित्र पसेमा, पर्खालमा प्वाल पारेर पसी राखेको माल चोरेर भागेमा कन्धराबध अर्थात् गोडाको पछिल्तिरको ढोडनसा काटिदिनू, किंवा २०० दण्ड गर्नू।

पांग्रा भएको गाडा, नाउ, अथवा सानोतिनो पशु चोर्नेलाई यौटा खुट्टा काटिदिनू किंवा ३०० दण्ड गर्नू।

कपटी कौडा पासा शलाकाहरू लिएर चलाकी गर्नेलाई एक हात काटिदिनु किंवा ४०० दण्ड गर्नू।

चोरी गर्ने र परस्त्रीमा व्यभिचार गर्नेलाई सहायता दिने स्त्री रखौटीलाई पनि नाक कान काटिदिनू, वा ५०० पण दण्ड गर्नू। पुरुषले यसो गरेमा त्यसको दोबर दण्ड गर्नू।

यौटा ठूलो पशु वा दास दासी चोर्ने र मुर्दाको कात्रोहरू बेच्नेलाई पनि दुवै गोडा काटिदिनू, किंवा ६०० दण्ड गर्नू।

उत्तम वर्णको वा मान्नुपर्ने मानिसको हात पाउ नाघेर जाने र सरकारी सवारीको वाहनहरू चढ्नेको यौटा हात वा गोडा काटिदिनू, अथवा ७०० दण्ड गर्नूं।

ब्राह्मण हूँ भन्ने शूद्रलाई र देवताको द्रव्य लुकाई छिपाई हरण गर्नेलाई, राजद्रोही कुरा गर्ने, राजाको यस्तो अनिष्ट कुरा हुन्छ भन्ने ज्योतिषीलाई, दुवै आंखा फोरि दिनेलाई पनि अन्धो पार्ने औषधिको गाजल लगाइदिएर अन्धो पारिदिनू, किंवा ८०० दण्ड गर्नूं।

चोरी वा जारी गर्नेलाई उम्काइदिनेलाई, राजाको आज्ञा घटी बढी पारेर लेख्नेलाई, अर्काकी कन्या वा दासीलाई धन माल समेत चोरेर लैजानेलाई, कपटी सुवर्ण आदिको व्यवहार गर्नेलाई, अभक्ष्य मासु बेच्नेलाई पनि बाया हात र दुवै खुट्टा काटिदिनू, वा ९०० पण दण्ड गर्नूं। मानिसको मासु बेच्नेलाई भने बधै गर्नूं।

देवताको पशु, मूर्ति, मानिस, घर, खेत, नगद, सुन, रत्न, अन्न, चोर्नेलाई उत्तम साहस दण्ड, किंवा केवल बध गर्नूं।

प्रदेष्ट-(फौजदारी न्यायाधीश)ले राजाको मन्त्री आदि प्रकृति वर्गहरूको विचमा मध्यस्थ बनेर मानिस, अपराध, अपराध गर्ने कारण ठूलो सानोपन, त्यसको परिणाम, उस बखतको फल, देश, काल, सबै कुरा विचार गरेर दण्ड विषयमा उत्तम मध्मम अधमपनाको तजबीज गर्नूं।

अथ एकादशोऽध्यायः

८६ प्रकरणे—शुद्धश्चित्रश्च दण्डकल्पः

कलहे घ्नतः पुरुषं चित्रो घातः। सप्तरात्रस्यान्तः मृते शुद्धवधः। पक्षस्यान्तरुत्तमः। मासस्यान्तः पंचशतः समुत्थानव्ययश्च। शस्त्रेण प्रहरत उत्तमो दण्डः। मदेन हस्तवधः। मोहेन द्विशतः। वधे वधः। प्रहारेण गर्भं पातयत उत्तमो दण्डः। भैषज्येन मध्यमः। परिक्लेशेन पूर्वः साहसदण्डः। प्रसवस्त्रीपुरुषघातकाभिसारकनिग्रहावघोषकावस्कन्दकोपवेधकान् पथि वेश्मप्रतिरोधकान् राजहस्त्यश्वरथानां हिंस-

कान् स्तेनान् वा शूलानारोहयेयुः, यश्चैनान् दहेदपनयेद्वा स तमेव दण्डं लभेत, साहसमुत्तमं वा ।

हिंस्रस्तेनानां भक्तवासोपकरणाग्निमंत्रदानवैयापृत्यकर्मसूत्तमो दण्डः । परिभाषणमविज्ञाने । हिंस्रस्तेनानां पुत्रदारमसमंत्रं विसृजेत्, समंत्रमाददीत । राज्यकामुकमन्तःपुरप्रधर्षकमटव्यमित्रोत्साहकं दुर्गराष्ट्रदण्डकोपकं वा शिरोहस्तप्रादीपिकं घातयेत् । ब्राह्मणं तमः प्रवेशयेत् । मातृपितृपुत्रभ्रात्राचार्यतपस्विघातकं वा त्वक्शिरःप्रादीपिकं घातयेत् । तेषामाक्रोशे जिह्वाच्छेदः । अंगाभिरदने तदङ्गान्मोच्यः । यदृच्छाघाते पुंसः पशुयूथस्तेये च शुद्धवधः । दशावरं च यूथं विद्यात् । उदकधारणं सेतुं भिन्दतस्तत्रैवाप्सु निमज्जनम् । अनुदकमुत्तमः साहसदण्डः । भग्नोत्सृष्टकं मध्यमः । विषदायकं पुरुषं च पुरुषघ्नीमपः प्रवेशयेदगर्भिणीम् । गर्भिणीं मासावरप्रजाताम् ।

पतिगुरुप्रजाघातिकामग्निविषदां सन्धिच्छेदिकां वा गोभिः पाटयेत् । विवीतक्षेत्रखलवेश्यद्रव्यहस्तिवनादीपिकमग्निना दाहयेत् । राजक्रोशकमंत्रभेदकयोरनिष्टाप्रवृत्तिकस्य ब्राह्मणमहानसावलेहिनश्च जिह्वामुत्पाटयेत् । प्रहरणावरणस्तेनमनायुधीयमिषुभिर्घातयेत् । आयधीयस्योत्तमः । मेढ्रफलोपघातिनस्तदेव छेदयेत् । जिह्वानासोपघाते सन्दंशवधः ।

एते शास्त्रेष्वनुगताः क्लेशदण्डा महात्मनाम् ।
अक्लिष्टानां तु पापानां धर्म्यः शुद्धवधः स्मृतः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे
शुद्धचित्रदण्डकल्पो नाम एकादशोऽध्यायः ॥ ११ ॥

अध्याय ११

प्रकरण ८६

(खालि र शास्ती समेतको वधदण्ड)

(दुःख नदिईकन मार्नालाई शुद्धवध, दुःख दिईकन मार्नालाई चित्रवध भन्दछन् । यस्तो अपराधमा यो दण्ड भन्ने वर्णन यस प्रकरणमा गरिन्छ ।)

झगडा मारपीट गरेर तुरुन्त मानिस मार्नेलाई चित्र (शास्तीदिएर) वध गर्नू । मारपीट भएको ७ रातभित्र मरेमा शुद्धवध गर्नू । १५ दिनभित्र मरेमा उत्तम साहस दण्ड, महीनाभित्र मरेमा ५०० दण्ड गर्नू । घाइतेलाई तयार गर्ने खर्च पनि तिर्नुपर्दछ ।

हतियारले हान्नेलाई उत्तमसाहस दण्ड, बलको घमण्डले हान्नेलाई हात काटिदिनु । झुक्किएर हान्नेलाई २०० दण्ड गर्नू । मरिनैहालेमा मार्नेलाई मारिदिनू ।

चोट हानेर गर्भ गिराइदिनेलाई उत्तमसाहस, औषधिगरेर गर्भ गिराइदिनेलाई मध्यम साहस, गाह्रो काम लाएर गर्भ गिराएमा पूर्वसाहस दण्ड गर्नू ।

जबर्जस्ती गरेर स्त्री वा पुरुषलाई मार्ने, जबर्जस्ती गरेर स्त्रीलाई हरणगर्ने, जबर्जस्ती गरेर नाक कान लुछ्ने, म चोर्दछु मार्दछु भनेर फलाक्ने, जबर्जस्ती गाउं सहरको धन लूटपिट गर्ने, उपबेधक-(भित्ता फोरेर चोर्ने)लाई र बाटाको धर्मशाला पौशालामा चोरी गर्ने, राजाको हात्ती घोडा रथहरू मार्ने बिगार्ने वा चोर्नेलाई शूलीमा चढाइदिनू ।

यसरी शूलीमा हालो मारिएकालाई जसले पोल्दछ, झिकेर लैजान्छ, त्यसलाई त्यही सजाय गर्नू, वा उत्तमसाहस दण्ड गर्नू ।

हिंसा गर्ने चोरीगर्नेलाई खान दिने, बास दिने, सामान आगो सल्लाह दिने, मदत गर्नेलाई उत्तमसाहस दण्ड गर्नू । थाहा नभईकन यसो गरेमा बेसरी गाली गर्नू । हिंसा गर्ने र चोर्नेका छोरा स्वास्नी मतमा मिलेका नभए छाडि दिनू । मतमा मिलेका भए तिनलाई पनि पक्रनू ।

राज्य ताक्ने अन्तःपुरमा बलात्कार गर्ने जङ्गली शत्रुहरूलाई उचाल्ने किल्लाराष्ट्रमा बस्नेलाई वा सेनालाई चिढ्याउनेलाई टाउको र हातमा राँको

बालिदिएर मार्नू, यस्तो अपराधी ब्राह्मण भए अन्ध कोठामा फेरी ननिस्कने गरी हालिदिनू ।

आमा, बाबु, छोरा, छोरी, भाइ, गुरु तपस्वीलाई मार्ने अपराधीलाई छाला टाउकोमा आगो सल्काई मारिदिनू । ती आमा बाबु आदिलाई निन्दा गरेमा जिभ्रो काटिदिनू । तिनको कुनै अङ्ग दले चिथोरेमा त्यो अपराधीको त्यही अङ्ग काटिदिनू ।

आफ्नो इच्छाले कुनै पुरुष मारेमा र कमतीमा दश पशुको बथान चोरेमा पनि शुद्धवध गर्नू ।

पानी रोक्ने, बाँध पूल फोर्ने, भत्काउनेलाई, त्यही पानीमा डुबाइदिनु। पानी नभएको बाधहरू भत्काएमा उत्तमसाहस दण्ड गर्नू। भत्की बिग्री छोडिएको बाँधपूल भत्काउनेलाई मध्यमसाहस दण्ड गर्नू ।

अर्कालाई विष खुवाउने पुरुष वा स्त्रीलाई, पुरुषलाई मार्ने स्त्रीलाई पनि गर्भिणी छैन भने पानीमा डुबाइदिनू । गर्भ जन्माएको एक महीना बितेको भए पापिनी स्त्रीलाई पनि पानीमा डुबाइदिनू ।

पति गुरु सन्तानलाई मार्ने, वा आगो लाइदिने, विष खुवाउने, भित्ता फोर्ने, स्त्रीलाई पनि गाई गोरूले कुल्चाएर मारिदिनू ।

गौचर खेत खलो घर द्रव्यवन-असल काठ हुने वा हात्ती हुने वनमा आगो लाउनेलाई आगामै डढाइदिनू ।

राजालाई गाली निन्दा गर्ने, गुप्त-मन्त्रणा गरेको कुरा खोलिदिने, राजाको मृत्यु आदि अनिष्ट कुराको हल्ला चलाउने, बाहुनको भान्सामा गएर चोरेर खानेलाई पनि जिभ्रो झिकिदिनू ।

हतियार कवचहरू चोर्ने शस्त्रको जीविका नभएकोलाई बाण हानेर मारिदिनू । शस्त्रको जीविका गर्ने भए उत्तमसाहस दण्ड गर्नू ।

अण्ड लिङ्ग काट्नेलाई त्यहो काटिदिनू । जिभ्रो नाकको काम गर्ने शक्ति नाश गरिदिएमा संदंश-(बुढी औंला र चोर औंला) काटिदिनू ।

यी बताइएको कष्टदिने दण्डहरू महात्मा मनु आदिका शास्त्रमा पनि बताइएका छन् । अर्कालाई दुःख नदिइकन पाप गर्नेहरूलाई शुद्धवध (विना दुःख) मारिदिनू ।

अथ द्वादशोऽध्यायः

८७ प्रकरणे—कन्याप्रकर्म

सवर्णामप्राप्तफलां कन्या प्रकुर्वतो हस्तवधश्चतुःशतो वा दण्डः। मृतायां वधः। प्राप्तफलां प्रकुर्वतो मध्यप्रदेशिनोवधो द्विशतो वा दण्डः। पितुश्चावहीनं दद्यात्। न च प्राकाम्यमकामायां लभेत। सकामायां चतुष्पञ्चाशत्पणो दण्डः। स्त्रियास्त्वर्धदण्डः। परशुल्कावरुद्धायां हस्तवधश्चतुःशतो वा दण्डः शुल्कदानं च। सप्तार्तवप्रजातां वरणादूर्ध्वमलभमानां प्रकृत्य प्रकामी स्यात्, न च पितुरवहीनं दद्यात्। ऋतुप्रतिरोधिभिः स्वाम्यादपक्रामति। त्रिवर्षप्रजातार्तवायास्तुल्यो गन्तुमदोषः। ततः परमतुल्योऽप्यनलंकृतायाः। पितृद्रव्यादाने स्तेयं भजेत।

परमुद्दिश्यान्यस्य विन्दतो दण्डः। न च प्राकाम्यमकायां लभेत। कन्यामन्यां दर्शयित्वाऽन्यां प्रयच्छतः शत्यो दण्डस्तुल्यायां, हीनायां द्विगुणः। प्रकर्मण्यकुमार्याश्चतुष्पंचाशत्पणो दण्डः। शुल्कव्ययकर्मणि च प्रतिदद्यादवस्थाय तज्जातं पश्चात्कृता द्विगुणं दद्यात्। अन्यशोणितोपधाने द्विशतो दण्डः। मिथ्याभिशंसिनश्च पुंसः। शुल्कव्ययकर्मणी च जीयेत। न च प्राकाम्यकामायां लभेत। स्त्री प्रकृता सकामा समाना द्वादशपणं दण्डं दद्यात्, प्रकर्त्री द्विगुणम्। अकामायाः शत्यो दण्डः, आत्मरागार्थं शुल्कदानं च। स्वयं प्रकृता राजदास्यं गच्छेत्।

बहिर्ग्रामस्य प्रकृतायां मिथ्याभिशंसनेच द्विगुणो दण्डः। प्रसह्य कन्यामपहरतो दिशतः, ससुवर्णामुत्तमः। बहूनां कन्यापहारिणां पृथग्यथोक्ता दण्डाः। गणिकादुहितरं प्रकुर्वतश्चतुष्पंचाशत्पणो दण्डः। शुल्कं मातुर्भोगः षोडशगुणः। दासस्य दास्या वा दुहितरमादासीं प्रकुर्वतश्चतुर्विंशतिपणो दण्डः, शुल्काबन्ध्यदानं च। निष्क्रयानुरूपां दासीं प्रकुर्वतो द्वादशपणो दण्डः, वस्त्राबन्ध्यदानं च। साचिव्यावकाशदाने कर्तृसमो दण्डः।

प्रोषितपतिकामपचरन्तीं पतिबन्धुस्तत्पुरुषो वा संगृह्णीयात् । संगृहीता पतिमाकांक्षेत । पतिश्चेत्क्षमेत, विसृज्येतोभयम् । अक्षमायां स्त्रियाः कर्णनासाच्छेदनम् । वधं जारश्च प्राप्नुयात् । जारं चोर इत्यभिहरतः पंचशतो दण्डः । हिरण्येन मुंचतस्तदष्टगुणः । केशाकेशिकं संग्रहणम् । उपलिंगनाद्वा शरीरोपभोगानां तज्ज्ञातेभ्यः स्त्रीवचनाद्वा । परचक्राटवीहृतामोघप्रव्यूढामरण्येषु दुर्भिक्षे वा त्यक्तां प्रेतभावोत्सृष्टां वा परस्त्रियं निस्तारयित्वा यथासम्भाषितं समुपभुंजीत । जातिविशिष्टामकामामपत्यवतीं निष्क्रयेण दद्यात् ।

चोरहस्तान्नदीवेगाद्दुर्भिक्षाद्देशविभ्रमात् ।
निस्तारयित्वा कान्ताराान्नष्टां त्यक्तां मृतेति वा ॥ १ ॥
भुंजीत स्त्रियमन्येषां यथासम्भाषितं नरः ।
न तु राजप्रतापेन प्रमुक्तां स्वजनेन वा ॥ २ ॥
न चोत्तमां न चाकामां पूर्वापत्यवतीं न च ।
ईदृशीं त्वनुरूपेण निष्क्रयेणोपवाहयेत् ॥ ३ ॥

इति कौटिलीये अर्थशास्त्रे कंटकशोधने चतुर्थाधिकरणे
कन्याप्रकर्मनाम द्वादशोऽध्यायः ॥ १२ ॥

अध्याय १२

प्रकरण ८७

(कन्यामा बलात्कार)

(कन्यालाई योनिक्षत गरेर दूषित पार्नु कन्या-प्रकर्म हो, त्यस विषयको दण्ड विधान यस प्रकरणमा भनिन्छ ।)

फल नभएकी (रज नभएकी) सजातीय कन्यामा बलात्कार गर्नेलाई हात काटिदिनू, वा ४०० दण्ड गर्नू। सोकाम गर्दा मरेमा, वध दण्ड दिनू।

रजोवती भएको कन्यालाई दूषित पारेमा साझि औंलो र चोर औंलो काटिदिनू, वा २०० दण्ड गर्नू, बाबुले चाहेको हर्जाना पनि दिनू।

कामना नभएकी कन्यामा इच्छा पूर्ति गर्न पाइदैन। कामना (भोगेच्छा) भएकी कन्यामा इच्छापूर्ति गर्नेलाई ५४ पण दण्ड हुन्छ। त्यो स्त्री (कन्या)-लाई आधा २७ पण दण्ड गर्नू।

अर्कोले शुल्क दिएर रोकीराखिएकी कन्यालाई दूषित पारेमा हात काटिदिनू, वा ४०० दण्ड गर्नू। शुल्क पनि पहिले शुल्क दिनेलाई तिर्नुपर्दछ।

७ ऋतुकाल वितिसक्ता पनि वरण गरिएको पति नपाएकी कन्यालाई दूषित पार्न इच्छानुसार हुन्छ। बाबुलाई केही नोक्सानी दिनु पनि पर्दैन। ऋतुकाल रूप रोकावटले गर्दा त्यसको त्यो कन्यामा हकै हराउँछ।

रजस्वला भएको ३ वर्ष भएको 'कन्यामा' गमन गर्नामा केही दोष हुँदैन। त्यसभन्दा बढी समय भएकीमा भए सजाति नभए पनि गहनाहरू लिएको छैन भने दोषलाग्दैन। बाबुको द्रव्य समेत कन्या उडाएको भए चोरीको दोष लाग्दछ।

अर्कैलाई भनेर अर्कैले कन्या विवाह गरेमा २०० दण्ड हुन्छ। कन्याले चाहन्न भने इच्छानुसार छोड्न पाउँछ। अर्की कन्या देखाएर अर्कै कन्या दिएमा समान जाति भए १०० दण्ड, कम जाति भए २०० दण्ड गर्नू।

क्षतयोनि होस् वा नहोस् अर्कोलाई दिइसकेकोलाई दूषित पारेमा ५४ पण दण्ड र अगि पाउनेलाई शुल्क र, विवाह खर्च पनि दिनुपर्दछ। त्योभन्दा पछाडि तेस्रो लैजानेले दोवर दण्ड १०८ दिनुपर्दछ।

कन्याले अर्कोको रगत लिएर आफ्नो क्षतयोनिपना देखाएमा २०० दण्ड हुन्छ। कन्यालाई दूषित पारेर पनि होइन भनि झुट्टा भन्ने पुरुषलाई पनि २०० दण्ड हुन्छ। त्यस्तोमा शुल्क र विवाह खर्च भर्नु पनि पर्दैन। कामना नभएकी कन्यालाई आफूखुसी गर्न पनि पाइँदैन।

समान जातिसंग कामनापूर्वक दूषित भएकी कन्याले १२ पण दण्ड तिर्नू। कोही कुटुनीले त्यसो गराइदिएको भए त्यो कुटुनीलाई दोबर २४ पण दण्ड गर्नू। कन्यालाई इच्छा नभईकन पुरुषले आफ्नो इच्छा पूर्ण गर्न दूषित गरेको भए सो पुरुषलाई १०० दण्ड हुन्छ। त्यसले विवाहको शुल्क पनि दिनुपर्दछ। कन्या आफै अगि सरेर दूषित भएकी भए त्यो कन्या राजदासो हुन्छे।

गाउँको वाहिर एकान्तमा लगेर दूषित पारेमा र होइन भनि झुट्टा कुरा गरेमा दोबर (२००) दण्ड हुन्छ।

अर्काकी कन्या जबर्जस्ती गरेर लैजानेलाई २००, गहनाहरू समेत लिएर हरेको भए उत्तमसाहस (१०००) दण्ड हुन्छ। धेरै जना मिलेर हरेको भए ती सबै कन्या हर्ने प्रत्येकलाई त्यो दण्ड हुन्छ।

वेश्याकी छोरीलाई दूषित पार्नेलाई ५४ पण दण्ड हुन्छ। आमाचाहींलाई शुल्कको १६ गुना धन खानदिनू। दास वा दासीको छोरी दासी नभएकीलाई दूषित पारेमा २४ पण दण्ड हुन्छ। शुल्क र आबन्ध्य (लाउने लुगा गहनाहरू) पनि दिनुपर्दछ।

कन्यालाई दूषित पार्ने काममा सहायता मतो गर्नेलाई पनि कर्ताकै बराबर दण्ड हुन्छ।

लोग्ने परदेश गएकी स्त्रीले व्यभिचार गर्न लागेमा पतिको बंधु वा उसको मानिसले रोकेर राख्नु। त्यो स्त्रीले पतिलाई पर्खेर वस्नू। पतिले सहन्छ भने व्यभिचार गर्ने स्त्री पुरुष दुवैलाई छाडिदिनु। पतिले त्यो कुरा सहदैन भने त्यो स्त्रीको नाक कान काटिदिनू जारलाई पनि वध गर्नू।

जारलाई दबाउन चोर भन्नेलाई ५०० पण दण्ड गर्नू। द्रव्य लिएर छोडिदिनेलाई त्यसको आठगुना दण्ड हुन्छ।

सङ्ग्रहण—

कपालको रौं तानातान भएको देखिनु सङ्ग्रहण—व्यभिचार जनाउंछ। उपभोगको चिह्न, त्यो सम्बन्धी चेष्टाबाट, वा स्त्रीकै बोलीबाट सङ्ग्रहण—उपभोग जानिन्छ।

परचक्री शत्रुले हरिएकी, जङ्गलीहरूले हरिएकी, नदीको प्रवाहले बगाइएकी, जङ्गलमा छोडिएकी, अनिकाल पर्दा छोडिएकी, अर्काकी स्त्रीलाई विपत्तिबाट तारेर परस्परको बोल कबोल अनुसार उपभोग गर्न हुन्छ। बढी जातकी, समान जात भएपनि कामना नगर्ने सन्तान नभएकी भए मेहताना खर्च लिएर उसको लोग्नेलाई बुझाइदिनू।

चोरको हातबाट, नदीको भेलबाट, दुर्भिक्षबाट, देशको विप्लवबाट उतारिएकी, अनकण्टारमा हराएकी, मरी भनेर छोडिएकी, अर्काकी स्त्रीलाई कुराकानी भएअनुसार पुरुषले उपभोग गर्न हुन्छ। राजाको प्रतापमा परी आफ्ना मानिसले छोडिएकी, माथिल्लो जातकी, कामना नभएकी, अगाडिकै सन्तान भएकी, स्त्रीलाई उपभोग नगर्नू। यस्तीलाई मनासिब माफिकको पारितोषिक आदि लिएर उसको पतिकहाँ पुऱ्याइदिनू।

अथ त्रयोदशोऽध्यायः

८८ प्रकरणे—अतिचारदण्डः

ब्राह्मणमपेयमभक्ष्यं वा संग्रासयत उत्तमो दण्डः । क्षत्रियं मध्यमः, वैश्यं पूर्वः साहसदण्डः, शूद्रं चतुष्पंचाशत्पणो दण्डः । स्वयं ग्रसितारो निर्विषयाः कार्याः । परगृहाभिगमने दिवा पूर्वः साहसदण्डः । रात्रौ मध्यमः । दिवारात्रौ वा सशस्त्रस्य प्रविशत उत्तमो दण्डः । भिक्षुकवैदेहकौ मत्तोन्मत्तौ बलादापदि चातिसंनिकृष्टाः प्रवृत्तप्रवेशाश्चादण्ड्याः । अन्यत्र प्रतिषेधात् । स्ववेश्मनो त्रिरात्रादूर्ध्वं परिवार्यमारोहतः पूर्वः साहसदण्डः । परवेश्मनो मध्यमः । ग्रामारामवाटभेदिनश्च ।

ग्रामेष्वन्तः सार्थिका ज्ञातसारा वसेयुः । मुषितं प्रवासितं चैषामनिर्गतं रात्रौ ग्रामस्वामी दद्यात् । ग्रामान्तेषु वा मुषितं प्रवासितं विवीताध्यक्षो दद्यात् । अविवीतानां चोररज्जुकः । तथाप्यगुप्तानां सीमावरोधविचयं दद्युः । असीमावरोधे पंचग्रामी दशग्रामी वा । दुर्बलं वेश्म शकटमनुत्तब्धमूर्ध्वस्तम्भं शस्त्रमनपाश्रयप्रतिच्छन्नं श्वभ्रं कूटावपातं वा कृत्वा हिंसायां दण्डपारुष्यं विद्यात् । वृक्षच्छेदने दम्यरश्मिहरणे चतुष्पदानामदान्तसेवने वाहने काष्ठलोष्ठपाषाणदण्डबाणबाहुविक्षेपणेषु याने हस्तिना च संघट्टने 'अपेहि' इति प्रक्रोशन्नदण्ड्यः ।

हस्तिना रोषितेन हतो द्रोणान्नं कुंभं माल्यानुलेपनं दन्तप्रमार्जनं च परं दद्यात् । अश्वमेधावभृथस्नानेन तुल्यो हस्तिना वध इति पादप्रक्षालनम् । उदासीनवधे यातुरुत्तमो दण्डः । शृङ्गिणा दंष्ट्रिणा वा हिंस्यमानममोक्षयतः स्वापिनः पूर्वः साहसदण्डः । प्रतिक्रुष्टस्य द्विगुणः । शृङ्गिदंष्ट्रिभ्यामन्योन्यं घातयतस्तच्च तावच्च दण्डः । देवपशुमृषभमुक्षाणं गोकुमारीं वा वाहयतः पंचशतो दण्डः । प्रवासयत

उत्तमः । लोमदोहवाहनप्रजननोपकारिणां क्षुद्रपशूनामादाने तच्च तावच्च दण्डः प्रवासने च । अन्यत्र देवपितृकार्येभ्यः ।

छिन्ननस्यं भग्नयुगं तिर्यक्प्रतिमुखागतं च प्रत्यासरद्वा चक्रयुक्तं यानपशुमनुष्यसंबाधे वा हिंसायामदण्ड्यः । अन्यथा यथोक्तं मानुषप्राणिहिंसायां दण्डमभ्यावहेत् । अमानुषप्राणिवधे प्राणिदानं च । बाले यातरि यानस्थः स्वामी दण्ड्यः । अस्वामिनि यानस्थः प्राप्तव्यवहारो वा याता । बालाधिष्ठितमपुरुषं वा यानं राजा हरेत् । कृत्याभिचाराभ्यां यत्परमापादयेत्, तदापादयितव्यः । कामं भार्यायामनिच्छन्त्यां कन्यायां दारार्थिना भर्तरि भार्याया वा संवननकरणम् । अन्यथा हिंसायां मध्यम साहसदण्डः ।

मातापित्रोर्भगिनीं मातुलानीमाचार्याणीं स्नुषां दुहितरं भगिनीं वाधिचरस्त्रिलिङ्गच्छेदनं वधश्च । सकामा तदेव लभेत । दासपरिचारकाहितकभुक्ता च । ब्राह्मण्यामगुप्तायां क्षत्रियस्योत्तमः, सर्वस्वं वैश्यस्य । शूद्रः कटाग्निना दह्येत । सर्वत्र राजभार्यागमने कुम्भीपाकः । श्वपाकीगमने कृतकबन्धाङ्कः परविषयं गच्छेत् । श्वपाकत्वं वा शूद्रः । श्वपाकस्य भार्यागमने वधः । स्त्रियाः कर्णनासाच्छेदनम् । प्रव्रजितागमने चतुर्विंशतिपणो दण्डः । सकामा तदेव लभेत । रूपाजीवायाः प्रसह्योपभोगे द्वादशपणो दण्डः । बहुनामेकामधिचरतां पृथक् पृथक् चतुर्विंशतिपणो दण्डः । स्त्रियमयोनौ गच्छतः पूर्वः साहसदण्डः । पुरुषमधिमेहतश्च ।

मैथुने द्वादशपणः तिर्यग्योनिष्वनात्मनः ।
दैवतप्रतिमानां च गमने द्विगुणः स्मृतः ॥१॥

अदण्ड्यदण्डने राज्ञो दण्डस्त्रिंशद्गुणोऽम्भसि ।
वरुणाय प्रदातव्यो ब्राह्मणेभ्यस्ततः परम् ॥२॥

तेन तत्पूयते पापं राज्ञो दण्डापचारजम् ।
शास्ता हि वरुणो राज्ञां मिथ्या व्याचरतां नृषु ॥३॥

इति कौटिलीये अर्थशास्त्रे कण्टकशोधने चतुर्थेऽधिकरणे अतिचारदण्डो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥ आदितः नवतितमोऽध्यायः ॥ ९० ॥

समाप्तमिदं कण्टकशोधनं चतुर्थमधिकरणम् ।

अध्याय १३

प्रकरण ८८

(अत्याचारको दण्ड)

ब्राह्मणलाई पीउन नहुने खान नहुने कुरा पियाउने-खुवाउनेलाई उत्तमसाहस दण्ड हुन्छ। क्षत्रिलाई त्यसो गरेमा मध्यमसाहस, वैश्यलाई त्यसो गरेमा पूर्वसाहस, शूद्रलाई त्यसो गरेमा ५४ पण दण्ड गर्नू। आफै त्यस्तो अपेय अभक्ष्य पिउने-खानेलाई देश-निकाला गरिदिनू।

अर्काको घरमा जानपहिचान नभएको मानिस दिउसै गएमा पूर्वसाहस, राति गएमा मध्यमसाहस, दिउसो वा राति हतियार लिएर पसेमा उत्तमसाहस दण्ड गर्नूं।

भिखारी वेपारीहरू नसाले, मात्तिएर, वा बहुलाएर, जबर्जस्ती गरेर भित्र पसेमा, विपत्तिको समयमा नजीकका बन्धु-बान्धवहरू पसेमा, जाने-आउने गरेका प्रेमीहरू पसेमा पनि रोकावट गरेको छैन भने दण्ड हुंदैन।

आफ्नै घरको पनि गिर्दा-परखालहरूमा रातको १ प्रहर पछि चढ्नेलाई पूर्वसाहस, अर्काको घरमा पसेमा मध्यमसाहस, गाउँको साझा बगैंचा बाटो बिगार्नेलाई पनि मध्यमसाहस दण्ड गर्नूं।

व्यापारका निमित्त जमात भएर घुम्ने व्यापारीहरू घुम्दै गाउंभित्र बस्न आउँदा, आफ्नो माल-सामानहरू यो यो छ भनि गाउंको मुख्यलाई थाहा दिएर बस्ने गर्नू। सो मालसामान राति गाउंभित्रै चोरियो हरायो, बाहिर

निकासेको छैन भने गाउंको मुख्यले खोजी पत्ता लगाई माल धनीलाई दिनुपर्दछ। गाउंको सीमानातिर चोरिएको हराएको भए विवीताध्यक्ष पर्ती गौचर जमीनको अध्यक्षले खोजिदिनुपर्दछ। आबादी जमीनमा चोरिएको हराएको भए चोर रज्जुक-(चोर पक्रने पुलिस) ले खोजिदिनुपर्दछ। यसो गर्दा पनि हराएको चोरिएको पत्ता लागेन भने चारैतिर सीमानामा रोक्का गरेर खोजी गरिदिनू सीमाना रोक्ता पनि नपाइएमा ५ गाउं बा १० गाउका मानिस मिलेर खोजी गरिदिनू।

घर थोत्रो जीर्ण पारेर गाडा नखोली त्यसै राखेर, हतियार दापहरू भित्र नराखी खुला राखेर, खाडल इनारहरू बार नलाई खस्ने गरी राखेर कुनैको ज्यान मर्न गएमा दण्ड पारुष्यप्रकरणमा भने बमोजिम गरी अपराधीलाई दण्ड दिनू।

रुख काट्ता, बयलहरूको डोरी समातेर लैजाँदा, तह नलागेका चौपायाहरू सधाउँदा, भारी बोकाउँदा, काठ डल्लो पत्थर लठ्ठी वाणहरू हातले हुत्याउँदा, हात्ती चढेर जांदा, ठक्कर लाग्न गएमा हट भनि कराएको छ भने दण्ड हुदैन।

हात्तिलाई कुल्चाएर मरुँ भनि बाटामा तेर्सिएको मानिस रिसाएको हात्तिले कुल्चेर मर्‍यो भने मर्नेको मानिसले १६ पाथि अन्न १ घडा मद्य माला चन्दन दांत पुछने कपडा समेत गरेर हात्तीलाई दिनू। हात्तीबाट मर्नु अश्वमेध यज्ञको समाप्तिको स्नान गरेजस्तो हुन्छ भनेकोले यो हात्तीको पाउपूजा गरेको हो; यसो भई माहुतेको बेहोसीले हात्तीले कुल्चेर मानिस मरेमा माहुतेलाई उत्तमसाहस (१०००) दण्ड हुन्छ।

कसैले पालेको सिङ् दाह्रा हुने प्राणीले मार्न आटेकोमा त्यसको स्वामीले त्यसको रक्षा गरिदिएन भने त्यसलाई पूर्वसाहस दण्ड गर्नू। मलाई मार्न लाग्यो बचाऊ भनि चिच्याउँदा पनि वास्ता नगरेर मर्‍यो भने पूर्वसाहसको दोबर दण्ड गर्नू।

सीङ् दाह्रा भएको आफ्नो पशुसंग अर्काको पशुलाई भिडाएर मराएमा मर्ने पशुको स्वामीलाई भर्ना दिई वीगो बराबर दण्ड हुन्छ।

देवतालाई छोडेको पशु साँढे बहर बाछाहरू जोत्नेलाई ५०० पण दण्ड गर्नू। चोरेर अन्तै लगेमा उत्तमसाहस (१०००) दण्ड गर्नू। रौं दूध दिएर भारी बोकेर सन्तान जन्माएर उपकार गर्ने भेडा आदि कसैका क्षुद्र पशुहरू चोरेमा देवता पितृको काममा बाहेक अन्तै लगेमा पनि स्वामीलाई त्यसको मोल भर्ना दिई त्यति नै दण्ड पनि तिर्नुपर्छ।

सवारीबाट प्राणीको हानि भएमा—

नाकको डोरी छिनालेर, जोत भाँचेर, तेर्सो लागेर, सामुन्ने आइपरेर, पछाडि हटेर, गाडा आदि पाङ्ग्रा भएको सवारीले, मानिसको भीडमा पसेर, कसैको हिंसा गरेमा दण्ड हुदैन । त्यसो नभई गाडा सवारीहरूले मानिस वा दोपाया-चौपायाहरू मारेमा दण्ड तिर्नुपर्छ । मानिस बाहेक अरु प्राणी मरेको भए त्यसको मोल भर्ना पनि दिनुपर्दछ ।

गाढाहरू हाक्ने मानिस बालक भए सवारीमा चढेको मालिकलाई दण्ड हुन्छ, मालिक नभए सवारीमा चढेकोलाई, हाक्ने वयस्क छ भने हाक्नेलाई दण्ड हुन्छ । केटा-केटीले हाँकेको वा मानिस नभएको सवारी (यान) सरकारले जफत गर्नू ।

कसैले टुनामुना गरी अर्कोलाई मारण मोहन आदि गऱ्यो भने त्यसलाई पनि त्यसै गर्नुपर्दछ । कसैकी स्त्रीको लोग्ने संग मन मिलेन, वा विवाह गर्ने चाहनेलाई कन्याले चाहिन स्वास्नीले चाहेमा लोग्नेले चाहेन भने टुनामुना गरेर मोहनी लगाई मेल गराई दिन हुन्छ । यस्तो नभई टुनामुना गरेर कसैको हिंसा गरेमा मध्यमसाहस (५००) दण्ड गर्नू ।

आमाकी बहिनी (सानीमा), बाबुकी बहिनी (फुफू), माइज्यू, गुरुपत्नी, बुहारी, छोरी उपर अत्याचार-बलात्कार गर्नेलाई त्रिलिङ्ग (लिङ्ग र अण्ड) काटिदिनू, वा वध गर्नू । त्यो स्वास्नीमानिस आफू खुसी गरेकी भए त्यसको त्रिलिङ्ग (स्तन र भग) काटिदिनू वा मारिदिनू । कुनै स्त्रीलाई कमारो बाँधाले उपभोग गरेमा पनि यसै गर्नू ।

सुरक्षित नभई छाडा भएकी ब्राह्मणीको गमन गरेमा क्षत्रियलाई उत्तमसाहस दण्ड गर्नू, वैश्यलाई सर्वस्व हरण गर्नूँ । शूद्रलाई सुकुलमा बेरेर पोलिदिनू । जोसुकैले होस् राजाकी रानीमा गमन गरेमा कुंभीपाक—तेलको कराहामा पकाई मार्नूँ ।

चण्डालीमा गमन गर्ने उच्च वर्णलाई मुर्कट्टाको चिह्न डाँमी विदेशमा लगारिदिनू । शूद्र भए त्यो पनि चण्डाल बन्दछ । चण्डालले आर्य स्त्रीमा गमन गरेमा वध गर्नूं, त्यो स्त्रीचाहीलाई नाक कान काटिदिनू ।

कसैले सन्यासिनीमा गमन गरेमा २४ पण दण्ड गर्नू । सन्यासिनीले कामना गरेकी भए त्यसलाई पनि २४ पण दण्ड गर्नू । कसैले वेश्यालाई बलात्कार गरेर भोग गरेमा १२ पण दण्ड गर्नूं । धेरैजना मिलेर एक स्त्रीमा बलात्कार गरेमा प्रत्येकलाई २४ पण दण्ड गर्नूं ।

स्त्रीको योनि बाहेक गुद आदिमा गमन गरेमा र पुरुषको गुद गमन गरेमा पनि पूर्वसाहस (२५०) दण्ड गर्नू।

पशु पक्षी जातिमा मैथुन गर्नेलाई १२ पण र देवप्रतिमामा गम गर्नेलाई २४ पण दण्ड गर्नू।

राजाले दण्ड गर्नु नपर्नेलाई दण्ड गरेमा अरूलाई हुने दण्डको तीन गुना दण्ड गर्नू। सो दण्ड गरेको द्रव्य पहिले पानीमा वरुण देवलाई अर्पण गरी अनि त्यहाबाट झिकेर ब्राह्मणलाई बाडिदिनू। यसो गर्नाले राजाले दण्ड जथाभावी गरेको पाप पखालिन्छ। मनुष्यहरू उपर असत्य व्यवहार गर्ने राजाहरू माथि शासन गर्ने वरुण देव हुन्। यसैले वरुण देवलाई राजराज—राजाका पनि राजा भनि भन्दछन्।

◆

अथ योगवृत्तं पञ्चममधिकरणम्

प्रथमोऽध्यायः

८९ प्रकरणे—दाण्डकर्मिकम्

दुर्गराष्ट्रयोः कण्टकशोधनमुक्तम्। राजराज्ययोर्वक्ष्यामः। राजानमवगृह्योपजीविनः शत्रुसाधारणा वा ये मुख्यास्तेषु गूढप्रणिधिः कृत्यपक्षोपग्रहो वा सिद्धिः। यथोक्तं पुरस्तादुपजापोऽपसर्पो वा यथा च पारग्रामिके वक्ष्यामः। राज्योपघातिनस्तु वल्लभाः संहता वा ये मुख्याः प्रकाशमशक्याः प्रतिषेद्धुं दूष्याः, तेषु धर्मरुचिरुपांशुदण्डं युंजीत।

दूष्यमहामात्रभ्रातरं सत्कृतं सत्री प्रोत्साह्य राजानं दर्शयेत्। तं राजा दूष्यद्रव्योपभोगातिसर्गेण दूष्ये विक्रमयेत्। शस्त्रेण रसेन वा विक्रान्तं तत्रैव घातयेत्। भ्रातृघातकोऽयमिति। तेन पारशवः परिचारिकापुत्रश्च व्याख्यातौ। दूष्यं महामात्रं वा सत्रिप्रोत्साहितो भ्राता दायं याचेत। तं दूष्यगृहप्रतिद्वारि रात्रावुपशयानमन्यत्र वा वसन्तं तीक्ष्णो हत्वा ब्रूयात्—हतोऽयं दायकामुक इति। ततो हतपक्षं परिगृह्येतरं निगृह्णीयात्। दूष्यसमीपस्था वा सत्रिणो भ्रातरं दायं याचमानं घातेन परिभर्त्सयेयुः। तं रात्राविति समानम्।

दूष्यमहामात्रयोर्वा यः पुत्रः पितुः पिता वा पुत्रस्य दारानधिचरति भ्राता वा भ्रातुस्तयोः कापटिकमुखः कलहः पूर्वेण व्याख्यातः। दूष्यमहामात्रपुत्रमात्मसम्भावितं वा सत्री—'राजपुत्रस्त्वं शत्रुभयादिह न्यस्तोऽसि।' इत्युपचरेत्। प्रतिपन्नं राजा रहसि पूजयेत्—'प्राप्तयौवराज्यकालं त्वां महामात्रभयान्नाभिषिंचामि' इति। तं सत्री महामात्रवधे योजयेत्। विक्रान्तं तत्रैव घातयेत्—'पितृघातकोऽयम्'

इति। भिक्षुकी दूष्यभार्यां सांवननिकीभिरोषधिभिः संवास्य रसेनातिसन्दध्यात्। इत्याप्यप्रयोगः।

दूष्यमहामात्रमटवीं परग्रामं वा हन्तुं कान्तरव्यवहिते वा देशे राष्ट्रपालमन्तपालं वा स्थापयितुं नागरस्थानं वा कुपितमवग्रहीतुं सार्थातिवाह्यं प्रत्यन्ते वा सप्रत्यादेयमादातुं फल्गुबलं तीक्ष्णयुक्तं प्रेषयेत्। रात्रौ दिवा वा युद्धे प्रवृत्ते तीक्ष्णाः प्रतिरोधकव्यंजना वा हन्युः—'अभियोगे हतः' इति।

यात्राविहारगतो वा दूष्यमहामात्रान् दर्शनायाह्वयेत्। ते गूढशस्त्रैस्तीक्ष्णैः सह प्रविष्टा मध्यमकक्ष्यायामात्मविचयमन्तःप्रवेशार्थं दद्युः। ततो दौवारिकाभिगृहीतास्तीक्ष्णा 'दूष्यप्रयुक्ताः स्म' इति ब्रूयुः। ते तदभिविख्याप्य दूष्यान् हन्युः। तीक्ष्णस्थाने चान्ये वध्याः। बहिर्विहारगतो वा दूष्यानासन्नावासान्पूजयेत्। तेषां देवीव्यंजना वा दुःस्त्री रात्रावावासेषु गृह्यतेति समानं पूर्वेण। दूष्यमहामात्रं वा 'सूदो भक्षकारो वा ते शोभनः' इति स्तवेन भक्ष्यभोज्यं याचेत। बहिर्वा क्वचिदध्वगतं पानीयं तदुभयं रसेन योजयित्वा प्रतिस्वादने तावेवोपयोजयेत्। तदभिविख्याप्य 'रसदाविति' घातयेत्।

अभिचारशीलं वा सिद्धव्यंजनो गोधाकूर्मकर्कटकूटानां लक्षण्यानामन्यतमप्रकाशनेन मनोरथानवाप्स्यसीति ग्राहयेत्। प्रतिपन्नं कर्मणि रसेन लोहमुसलैर्वा घातयेत् 'कर्मव्यापदा हत' इति। चिकित्सकव्यंजनो वा दौरात्मिकमसाध्यं वा व्याधिं दूष्यस्य स्थापयित्वा भैषज्याहारयोगेषु रसेनातिसंदध्यात्। सूदारालिकव्यंजना वा प्रणिहिता दूष्यं रसेनातिसन्दध्युः। इत्युपनिषत्प्रतिषेधः।

उभयदूष्यप्रतिषेधस्तु। यत्र दूष्यः प्रतिषेद्धव्यस्तत्र दूष्यमेव फल्गुबलतीक्ष्णयुक्तं प्रेषयेत्—'गच्छामुष्मिन्दुर्गे राष्ट्रे वा सैन्यमुत्थापय हिरण्यं वा, वल्लभाद्वा हिरण्यमाहारय, वल्लभकन्यां वा प्रसह्यानय। दुर्गसेतुवणिक्पथशून्यनिवेशखनिद्रव्यहस्तिवनकर्मणामन्यतमं कारय,

राष्ट्रपाल्यमन्तपाल्यं वा । यश्च त्वा प्रतिषेधयेन्न वा ते साहाय्यं दद्यात्, स बन्धव्यः स्यादिति । तथैवेतरेषां प्रेषयेत्–'अमुष्याविनयः प्रतिषेद्धव्यः' इति । तमेतेषु कलहस्थानेषु प्रतिकर्मविघातेषु वा विवदमानं तीक्ष्णाः शस्त्रं पातयित्वा प्रच्छन्नं हन्युः । तेन दोषेणेतरे नियन्तव्याः ।

पुराणां ग्रामाणां कुलानां वा दूष्याणां सीमाक्षेत्रखलवेश्ममर्यादासु द्रव्योपकरणसस्यवाहनहिंसासु प्रेक्षाकृत्योत्सवेषु वा समुत्पन्ने कलहे तीक्ष्णैरुत्पादिते वा तीक्ष्णाः शस्त्रं पातयित्वा ब्रूयुः—'एवं क्रियन्ते येऽमुना कलहायन्ते' इति । तेन दोषेणेतरे नियन्तव्याः । येषां वा दूष्याणां जातिमूलाः कलहाः तेषां क्षेत्रखलवेश्मान्यादीपयित्वा बन्धुसम्बन्धिषु वाहनेषु तीक्ष्णाः शस्त्रं पातयित्वा तथैव ब्रूयुः—'अमुना प्रयुक्ताः स्मः' इति । तेन दोषेणेतरे नियंतव्याः । दुर्गराष्ट्रदूष्यान् वा सत्रिणः परस्परस्यावेशनिकान् कारयेयुः । तत्र रसदा रसं दद्युः । तेन दोषेणेतरे नियन्तव्याः ।

भिक्षुकी वा दूष्यराष्ट्रमुख्यं दूष्यराष्ट्रमुख्यस्य भार्या स्नुषा दुहिता वा कामयते इत्युपजपेत् । प्रतिपन्नस्याभरणमादाय स्वामिने दर्शयेत्–'असौ ते मुख्यो यौवनोत्सिक्तो भार्यां स्नुषां दुहितरं वाभिमन्यते' इति । तयोः कलहो रात्रौ इति समानम् । दूष्यदण्डोपनतेषु तु युवराजः सेनापतिर्वा किंचिदुपकृत्यापक्रान्तो विक्रमेत । ततो राजा दूष्यदण्डोपनतानेव प्रेषयेत् । फल्गुबलतीक्ष्णयुक्तानिति समानाः सर्व एव योगाः । तेषां च पुत्रेष्वनुक्षिपत्सु यो निर्विकारः स पितृदायं लभेत । एवमस्य पुत्रपौत्राननुवर्तते राज्यमपास्तपुरुषदोषमिति ।

स्वपक्षे परपक्षे वा तूष्णीं दण्डं प्रयोजयेत् ।
आयत्यां च तदात्वे च क्षमावानविशंकितः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे योगवृत्तनाम्नि पंचमेऽधिकरणे
दण्डकार्मिकं नाम प्रथमोऽध्यायः ॥ १ ॥

पञ्चम अधिकरण (योगवृत्त) सत्री आदिको विधान

अध्याय १

प्रकरण ८९

गुप्तवध आदि दण्डविधान

(योगवृत्त नामक पाचौं अधिकरणमा योग—सत्री तीक्ष्ण रसद आदिको वृत्त—गुप्त वध आदिको विधान वर्णन गरिन्छ।

कण्टक शोधनमा प्रदेष्टाहरूले कण्टक जस्ता कालीगड व्यापारी आदिलाई शङ्काले पक्रनुदेखि लिएर वधसंसको दण्ड रूप उपायद्वारा किल्ला र राष्ट्रलाई शोधन—चोखो पार्ने कुराहरू देखाइए। अब यस अधिकरणमा गुप्त पुरुषहरू समेत भएर राजाले राजालाई नै दबाउन चाहने कण्टक जस्ता राष्ट्रका प्रधान पुरुषहरूलाई गुप्त वध आदि उपायद्वारा राजा अमात्य आदिलाई पनि पवित्र गराइने कुरा बताइने हुनाले पाँचौं र यो छैटौं अधिकरणमा शोधन गर्ने मुख्य विषय उस्तै देखिए पनि बाहिरी शोधन र भित्रो शोधन रूप विषय फरक छ।)

दुर्ग (स्थानीय आदिको किल्ला)र राष्ट्र-(जनपद)मा बाधापीर दिने कण्टकजस्तालाई पवित्र बनाउने विधानहरू अघिल्लो अधिकरणमा भनिए। अब राजा—स्वामी र राज्य—अमात्य सेनापति युवराज आदि राज्यका मुख्य पुरुषहरू गुप्तचरहरू लगाएर पवित्र राख्ने विधान बताइन्छ।

राजालाई दबाएर जीविका गर्न खोज्ने र शत्रुपट्टि पनि मिलेर उताको वेतन समेत खाने दोमासे बनेका मन्त्री पुरोहित सेनापति युवराज आदि प्रधान मुख्य पुरुषहरूमा गुप्तचरहरू लगाएर तिनीहरूलाई आफ्नो पक्षमा राख्नु; तथा शत्रुपट्टिका कृत्यपक्ष—क्रुद्ध लुब्ध डराएका आदि असन्तुष्टहरूलाई आफ्नो पक्षमा लिनु पनि विरोधी शत्रुहरूलाई उखेल्ने बाटो हुनाले सिद्धि भनि मानिन्छ। त्यस निमित्त गुप्तचरहरू लगाउने प्रकार अगि गूढपुरुषप्रणिधि-प्रकरणमा भनिएको पनि छ, पछि पनि कसरी भेदनीति प्रयोग गर्ने, चीयो गर्ने, भन्ने कुरा पारग्रामिक-प्रकरणमा बताइनेछ।

सरकारी अध्यक्षहरू र अरु गठ बाँधेका अमात्य आदि मुख्य पुरुषहरू दूष्य—विरोधी भएर राज्यलाई हानि गराउने काममा लागेका भए तिनीहरू-

लाई प्रत्यक्ष रूपले रोक्न नशकिने हुन्छ, त्यस्ता उपर राज्यको भलो गर्न चाहनेले गुप्त-दण्डको प्रयोग गर्नुपर्दछ ।

दूष्य—शङ्का लागेका महामात्र अर्थात् महामात्य आदि प्रधान पुरुषको भाइलाई सत्री-गुप्तचरले तिमीलाई राजाबाट ठूलो अधिकार मिल्नेछ, दाज्यूपट्टि नलाग भनि उचालेर राजासंग भेट गराउनू। राजाले त्यसलाई दूष्य-शङ्का लागेको मानिसलाई दण्ड दिन चाहिने द्रव्यहरू दिएर दूष्य-महामात्र माथि कडा काम गर्न लगाउनू। शस्त्र वा विषद्वारा आफ्नो दाज्यू माथि कुकर्म गरिसकेपछि त्यसलाई दाज्यू मार्ने भन्ने त्यही अपराध प्रकाश गरेर मार्न लाउनू ।

यही किसिमसंग महामात्रको रखौटीपट्टिको छोरो, चाकर्नीको छोरोलाई त्यसै गरी उचालेर धन दिई बाबु उपर कुकर्म गर्न लगाई, यो बाबु मार्ने हो भन्ने अपराध देखाई त्यसलाई मराउने कुरा पनि बुझनू ।

किंवा, दूष्य-शङ्का लाग्ने महामात्र-संग सत्री-गुप्तचर द्वारा उचालेर उसको भाइलाई अंश माग्न लाउनू, दूष्य-महामात्रको ढोकामा धर्ना दिई राति सुती रहेको वा अन्तै बसेको भाइचाहींलाई तीक्षण–उग्र दलको मानिस द्वारा मारेर अंश खोजन आउने यो मऱ्यो भनि भनाउनू। अनि आफ्नो पखेटा काटिएको सहाय नभएको दाज्यू महामात्रलाई पक्रेर दण्ड दिनू।

किंवा, दूष्य-महामात्रको भित्रिया बनेका सत्रीले अंश छोडिदेऊ नत्र तिमी मर्नेछौ भनि हप्काउनू। राति उसको ढोकामा सुतेको वा अन्त बसेको भाइचाहींलाई तीक्ष्णद्वारा मराएर सहाय नभएको महामात्रलाई पक्रनू।

किंवा, दूष्य-महामात्रको छोरो बाबुकी स्त्रीमा वा बाबु छोराकी स्त्रीमा लहसिएको वा एक भाई अर्को भाईकी स्त्रीमा आसक्त भएको भए कापटिक-चरद्वारा परस्पर कलह मचाई दिई, त्यसै गरी एकलाई मराई अर्कोलाई पनि दोषी गराएर मारिदिनू।

किंवा, दूष्य महामात्रको छोरो खाहहाल्दी बलियो बाङ्गोलाई सत्री-चरले उचालेर तिमी ता राजकुमार हौ, शत्रुको डरले तिमीलाई यहाँ लुकाएर राखेको हो, यसका छोरा होइनौ भन्नू। त्यसले पत्याए पछि राजाले एकान्तमा बोलाएर आदर गरी तिमीलाई युवराज पद दिने बेला भयो यो महामात्रले निको मान्दैन भनि दहकसले अभिषेक दिएको छैन भनि भन्नू र त्यसलाई महामात्रलाई राति मार्न काम लाउनू। त्यो काम गरेपछि यो बाबुमार्न पापी हो भनि त्यसलाई पनि मारिदिनू।

किंवा, दूष्यकी स्वास्त्रीलाई भिक्षुकी-चरद्वारा मोहनी लाउने औषधि द्वारा हात लिएर त्यसद्वारा महामात्रलाई विष-प्रयोग गराउनू। यस किसिमको प्रयोगलाई 'आप्य प्रयोग'—रस-प्रयोग भन्दछनू।

अथवा, शङ्का लागेको जङ्गलको रक्षक वा शत्रुदलको पुरुषलाई मार्न, किंवा अनकण्टार जङ्गल-देखि पर राष्ट्रपाल-राज्यको रक्षक, अन्त पाल-सीमाको रक्षक नियुक्त गर्न, किंवा चिढिएको पुलिस चौकीको मुख्य पुरुषलाई पक्रन, जमात भएर मात्र जानुपर्ने विकट जमीन शत्रुले लिएको हुनाले त्यो फेरि फर्काउन भनेर सानो फौज समेतको तीक्ष्णदल समेत गरी दूष्य-महामात्र शङ्का लागेको प्रधान पुरुषलाई पठाउनू। त्यहा गएर राति वा दिउसै हाना हान पर्न लागेमा आफूले पठाएका तीक्ष्ण दलका मानिसहरू डांका जस्तो बनेर आई झंटी मारिदिनू। अनि युद्धमा महामात्र मारियो भन्ने कुरा फिंजाउनू।

अथवा कुनै यात्रा उत्सवको समय पारेर राजाको दर्शन गर्न हतियार नलिएर दरबारमा आउनू भनि दूष्य-महामात्र शङ्का लागेको प्रधान पुरुषलाई बोलाउनू। त्यहां अगि देखि सङ्केत गरिएका गुप्त हतियार लिएका तीक्ष्णदल पनि साथै मिलेर तिनीहरू संगै पस्नलागून्, ढोकेले खानतलासी गर्दा हतियार फेला पारेर तीक्ष्णदललाई पक्रदा यिनै (दूष्य महामात्र) ले हामीलाई हतियार लिनलाएको हो भनूनू र त्यहो निउ पारेर दूष्य महामात्रलाई मार्नू। तीक्ष्ण दलको सट्टामा अरूईल नै पक्रेर मार्नू।

अथवा, बाहिरतिर सफर गर्न गएको मौकामा राजाले दूष्य महामात्रहरूलाई पनि आदर गरेर आफ्ना नजीकै बस्ने ठाउं बनाइदिनू। अनि कुनै गुप्त स्त्रीलाई महारानी जस्तो बनाएर तिनीहरूको सम्पर्क गराएर हातपात गरेको निहू गरेर पक्री मराउनू।

किंवा, दूष्य—महामात्रसंग तिम्रो खाना पकाउने भान्से बेस रहेछ भनि तारीफ गरी खाने कुराहरू मगाउनू। किंवा कहीं बाटोमा हिंड्दा प्यास लाग्यो भनि पानी मगाउनू, अनि त्यो खाने कुरा वा पानीमा विष मिलाउन लगाई तिमीहरू खाइहेर भनेर दूष्य-महामात्रहरूलाई पहिले चाख्न दिएर मराउनू।

किंवा, टुनामुना गर्ने बानी भएको दूष्य प्रधानपुरुषलाई सिद्ध जस्तो भेष गरेको चरद्वारा गोहोरो, कछुवा, गंगटो, मुडुलो मृग यस्तो लक्षण भएको खाए-देखि आफ्नो मनोरथ पुग्नेछ भनाउनू, त्यो कुरा हुन्छ भनेपछि काम

गर्न लागी विष मिलाएर वा फलामको मुसलले हानी मारिदिनू। काममा विघ्न परेर मऱ्यो भन्ने कुरा अरूमा फिजाउनू ।

किंवा, वैद्य जस्तो बनेको गुप्त चरले दूष्यलाई ज्यादै खराब असाध्य रोग लागेको रहेछ भनी औषधि पथ्यहरूको व्यवस्था गर्दै विष खुवाएर मराउनू ।

किंवा, भान्से खाना पकाउने जस्ता बनेका गुप्तचरहरूले दूष्यकहाँ पसेर विष खुवाएर मारून्। यस्तै गोप्य प्रयोग द्वारा दूष्यहरूलाई समाप्त गर्नुपर्दछ ।

शत्रुपट्टि समेत मिलेर दोमासे बनेका दूष्यहरूलाई सिद्ध्याउने कुरा ता यस्तो हुन्छ कि—जहांको दूष्य अधिकारी पुरुषलाई दमन गर्नुपर्नेछ, त्यहां सानो फौजको टुक्रा र अर्कै तीक्ष्ण पुरुष समेत गरी फलानो किल्ला वा राष्ट्रमा गएर फौजको निमित मानिसहरू भर्तो गर किंवा धन उठाऊ, किंवा त्यो अधिकारी संग धन असुल गर, किंवा फलानो कर्मचारीको छोरी उडाएर ल्याऊ, किंवा किल्ला, पूल, व्यापारको बाटो बस्ती बसाउने काम, किंवा खानी वन हातीवनको काम राष्ट्रपाल वा अन्तपाल बाट गराउनू। तिमीहरूलाई कसैले रोक्यो वा सहायता माग्दा दिएन भने त्यसलाई पक्रनू भनेर पठाउनू। फेरि अर्को दललाई तिनीहरूले बदमासी गर्न लागे रोक्नू भनेर पठाउनू। यसरी दुई थरी गएर काममा हानाहान हुँदा झगडा परी तीक्ष्ण दलले दूष्यदललाई मार्नूं र त्यही दोष लगाएर अरू दण्ड दिनुपर्नेलाई पनि पक्रनू ।

अथवा, दूष्य पुरुषहरूको सहर, गाउं, समाजमा, सीमाना खेत खला घरको हदमा, कुनै द्रव्य सामान अन्न बाहन नाश गरेमा वा नाच तमासा उत्सवमा तीक्ष्ण दलले झगडा उठाएर मार्नुपर्ने माथि शस्त्रप्रहार गरी झगडा गर्नेलाई यस्तै हुन्छ भन्नू। यही अपराधमा अरू सजाय दिनुपर्नेलाई पनि पक्रनू ।

अथवा, जुन दूष्यहरूको कुनै कारणले झगडा परेको छ तिनको खेत खला घरमा आगो लाइदिएर तीक्ष्ण दलले हतियार चलाई हामीलाई असुकले अह्राएको हो भन्नू, यही दोष लिएर अरू दमन गर्नुपर्नेलाई पनि पक्रनू ।

अथवा, सत्री गुप्तचरहरूले किल्लाका राष्ट्रका दूष्यहरूलाई परस्पर मेल गराएर परस्पर कहां भोज खाने तुल्याउनू, र त्यसमा विष-प्रयोग गर्नेले विष खुवाएर दूष्यलाई मराउनू। त्यो निहूले अरूलाई दमन गर्नूं ।

किंवा, कुनै भिक्षुकी द्वारा किल्ला वा राष्ट्रका दुष्य पुरुषलाई अर्को दूष्य मुख्य पुरुषको स्वास्नी बुहारी छोरीलाई यो चाहान्छ भनि भित्री कुरा सुनाउनू। त्यो पत्याए पछि गहनाहरूको पोको लिएर मालिकलाई देखाई अमुक प्रधान पुरुषले जमानीमा मत्त भएर तिम्री स्वास्नी छोरी बुहारी उडाउन दाउ गर्दछ भन्नू। अनि तिनीहरूको राति झगडा भए पछि दूष्य मारिन्छ।

अथवा, सैनिक-बलले घोष्ट्याइएका पुरुष शङ्का लाग्ने दूष्य बनेमा युवराज सेना-पतिहरूद्वारा तिनको केही बिगार गरेर वैरभाव गरी हतियार चलाई भाग्नू, अनि राजाले अर्को थरी दण्डोपनत-सेनावलले घोष्ट्याइएका दूष्यहरूलाई सानो सैनिक दल तीक्ष्ण पुरुषहरू समेत गरी पठाएर तिनीहरूको परस्पर झगडा गराएर मराउनू।

यस किसिमका प्रयोगहरू सबै प्रायः उस्तै हुन्। ती मारिएका दूष्यहरूका छोराहरूमध्यमा अर्कोले निन्दा गर्दा पनि मनमा कत्ति दगा नलिनेले बावुको सम्पत्ति अंश पाउने गर्नू। यसरी तिनीहरूका सम्मानमा रीस इबी हराए पछि राज्यमा दुष्टपुरुषहरूको बाधा हराउने हुन्छ।

आफ्नो पक्षका, किंवा शत्रु पक्षका दुष्ट मानिसहरूमा राजाले त्यो समयमा र उत्तर-कालमा पनि क्षमाशील बनेर निःशङ्क भएर गुप्त दण्डको प्रयोग गर्ने गर्नू।

अथ द्वितीयोऽध्यायः

९० प्रकरणे—कोशाभिसंहरणम्

कोशमकोशः प्रत्युत्पन्नार्थकृच्छ्रः संगृह्णीयात्। जनपदं महान्तमल्पप्रमाणं वा देवमातृकं प्रभूतधान्यं धान्यस्यांशं तृतीयं चतुर्थं वा याचेत। यथासारं मध्यमवरं वा। दुर्गसेतुकर्मवणिक्पथशून्यनिवेशखनिद्रव्यहस्तिवनकर्मोपकारिणं प्रत्यन्तमल्पप्रमाणं वा न याचेत। धान्यपशुहिरण्यादि निविशमानाय दद्यात। चतुर्थमंशं धान्यानां बीजभक्तशुद्धं च हिरण्येन क्रीणीयात्।

अरण्यजातं श्रोत्रियस्वं च परिहरेत् । तदप्यनुग्रहणे क्रीणीयात् । तस्याकरणे वा समाहर्तृपुरुषा ग्रीष्मे कर्षकाणामुद्वापं कारयेयुः । प्रमदावस्कन्नस्यात्ययं द्विगुणमुदाहरन्तो बीजकाले बीजलेख्यं कुर्युः । निष्पन्ने हरितपक्वादानं वारयेयुः । अन्यत्र शाककटभङ्गमुष्टिभ्यां देवपितृपूजादानार्थं गवार्थं वा भिक्षुकग्रामभृतकार्थं च राशिमूलं परिहरेयुः । स्वसस्यापहारिणः प्रतिपातोऽष्टगुणः । परसस्यापहारिणः पंचाशद्गुणः सीतात्ययः स्ववर्गस्य बाह्यस्य तु वधः ।

चतुर्थमंशं धान्यानां षष्ठं वन्यानां तूललाक्षाक्षौमवल्ककार्पासरौमकौशेयकौषधगन्धपुष्पफलशाकपण्यानां काष्ठवेणुमांसवल्लूराणां च गृह्णीयुः । दन्ताजिनस्यार्धम् । अनिसृष्टं विक्रीणानस्य पूर्वः साहसदण्डः । इति कर्षकेषु प्रणयः ।

सुवर्णरजतवज्रमणिमुक्ताप्रवालाश्वहस्तिपण्याः पंचाशत्कराः । सूत्रवस्त्रताम्रवृत्तकंसगन्धभैषज्यसीधुपण्याश्चत्वारिंशत्कराः । धान्यरसलोहपण्याः शकटव्यवहारिणश्च त्रिंशत्कराः । काचव्यवहारिणो महाकारवश्च विंशतिकराः । क्षुद्रकारवो बन्धकीपोषकाश्च दशकराः । काष्ठवेणुपाषाणमृद्भाण्डपक्वान्नहरितपण्याः पञ्चकराः । कुशीलवा रूपाजीवाश्च वेतनार्धं दद्युः । हिरण्यकरमकर्मण्यानाहारयेयुः । न चैषां कंचिदपराधं परिहरेयुः । ते ह्यपरिगृहीतमभिनीय विक्रीणरन् । इति व्यवहारिषु प्रणयः ।

कुक्कुरसूकरमर्धं दद्यात् । क्षुद्रपशवः षड्भागम् । गोमहिषाश्वतरखरोष्ट्राश्च दशभागम् । बन्धकीपोषका राजप्रेष्याभिः परमरूपयौवनाभिः कोशं संहरेयुः । इति योनिपोषकेषु प्रणयः ।

सकृदेव न द्विः प्रयोज्यः । तस्याकरणे वा समाहर्ता कार्यमपदिश्य पौरजानपदान्भिक्षेत । योगपुरुषाश्चात्र पूर्वमतिमात्रं दद्युः । एतेन प्रदेशेन राजा पौरजानपदान् भिक्षेत । कापटिकाश्चैनानल्पं प्रयच्छतः कुत्सयेयुः । सारतो वा हिरण्यमाढ्यान् याचेत । यथोपकारं

वा स्ववशा वा यदुपहरेयुः । स्थानच्छत्रवेष्टनविभूषाश्चैषां हिरण्येन प्रयच्छेत् । पाषण्डसंघद्रव्यमश्रोत्रियभोग्यं देवद्रव्यं वा कृत्यकराः प्रेतस्य दग्धगृहस्य वा हस्ते न्यस्तमित्युपहरेयुः ।

देवताध्यक्षो दुर्गराष्ट्रदेवतानां यथास्वमेकस्थं कोशं कुर्यात् । तथैव चाहरेत् । दैवतचैत्यं सिद्धपुण्यस्थानमौप पादिकं वा रात्रावुत्थाप्य यात्रासमाजाभ्यामाजीवेत् । चैत्योपवनवृक्षेण वा देवताभिगमनमनार्तवपुष्पफलयुक्तेन ख्यापयेत् । मनुष्यकरं वा वृक्षे रक्षोभयं रूपयित्वा सिद्धव्यजनाः पौरजानपदानां हिरण्येन प्रतिकुर्युः । सुरंगायुक्ते वा कूपे नागनियतशिरस्कं हिरण्योपहारेण दर्शयेत् । नागप्रतिमायामन्तश्छिद्रायां चैतच्छिद्रे वल्मीकच्छिद्रे वा सर्पदर्शनमाहारेण प्रतिबन्धसंज्ञं कृत्वा श्रद्दधानानां दर्शयेत् । अश्रद्दधानानामाचमनप्रोक्षणेषु रसमुपचाप्य देवताभिशापं ब्रूयात् । अभित्यक्तं वा दंशयित्वा योगदर्शनप्रतीकारेण वा कोशाभिसंहरणं कुर्यात् ।

वैदेहकव्यंजनो वा प्रभूतपण्यान्तेवासी व्यवहरेत् । स यदा पण्यमूल्ये निक्षेपप्रयोगैरुपचितः स्यात् तदैनं रात्रौ मोषयेत् । एतेन रूपदर्शकः सुवर्णकारश्च व्याख्यातौ । वैदेहकव्यंजनो वा प्रख्यातव्यवहारः प्रवहणनिमित्तं याचितकमवक्रीतकं वा रूप्यसुवर्णभाण्डमनेकं गृह्णीयात् । समाजे वा सर्वपण्यसन्दोहेन प्रभूतं हिरण्यसुवर्णं गृह्णीयात् । प्रतिभाण्डमूल्यं च । तदुभयं रात्रौ मोषयेत् । साध्वीव्यंजनाभिः स्त्रीभिर्दूष्यानुन्मादयित्वा तासामेव वेश्मस्वभिगृह्य सर्वस्वान्याहरेयुः । दूष्यकुल्यानां वा विवादे प्रत्युत्पन्ने रसदाः प्रणिहिता रसं दद्युः । तेन दोषणेतरे पर्यादातव्याः ।

दूष्यमभित्यक्तो वा श्रद्धेयापदेशं पण्यं हिरण्यनिक्षेपमृणप्रयोगं दायं वा याचेत । दासशब्देन वा दूष्यमालम्बेत । भार्यामस्य स्नुषां दुहितरं वा दासीशब्देन भार्याशब्देन वा । तं दूष्यगृहप्रतिद्वारि रात्रा-

वुपशयानमन्यत्र वा वसन्तं तीक्ष्णो हत्वा ब्रूयात्—'हतोऽयमित्थं कामुक' इति । तेन दोषेणेतरे पर्यादातव्याः ।

सिद्धव्यंजनो वा दूष्यं जम्भकविद्याभिः प्रलोभयित्वा ब्रूयात्—'अक्षयं हिरण्यं राजद्वारिकं स्त्रीहृदयमरिव्याधिकरमायुष्यं पुत्रीयं वा कर्म जानामि' इति । प्रतिपन्नं चैत्यस्थाने रात्रौ प्रभूतसुरामांसगन्धमुपहारं कारयेत् । एकरूपं चात्र हिरण्यं पूर्वनिखातम् । प्रेताङ्गं प्रेतशिशुर्वा यत्र निहितः स्यात् । ततो हिरण्यस्य दर्शयेदत्यल्पमिति च ब्रूयात्—'प्रस्तुतहिरण्यहेतोः पुनरुपहारः कर्तव्यः' इति । स्वयमेवैतेन हिरण्येन श्वोभूते प्रभूतमौपहारिकं क्रीणीहि' इति । तेन हिरण्येनौपहारिकक्रये गृह्येत ।

मातृव्यंजनया वा 'पुत्रो मे त्वया हतः' इत्यवरूपितः स्यात् । संसिद्धमेवास्य रात्रियागे वनयागे वनक्रीडायां वा प्रवृत्तायां तीक्ष्णा विशस्याभित्यक्तमतिनयेयुः । दूष्यस्य वा भृतकव्यंजनो वेतनहिरण्ये कूटरूपंप्रक्षिप्य प्ररूपयेत् । कर्मकारव्यंजने वा गृहे कर्म कुर्वाणः स्तेनरूपकूटकारकोपकरणमुपनिदध्यात् । चिकित्सकव्यंजनो वा गरमगरापदेशेन प्रत्यासन्नो वा दूष्यस्य सत्री प्रणिहितमभिषेकभाण्डममित्रशासनं च कापटिकमुखेन आचक्षीत, कारणं ब्रूयात् । एवं दूष्येष्वधार्मिकेषु च वर्तेत । नेतरेषु ।

पक्वं पक्वमिवारामात्फलं राज्यादवाप्नुयात् ।
आत्मच्छेदभयादामं वर्जयेत्कोपकारकम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे योगवृत्ताभिधे पंचमेऽधिकरणे
कोशाभिसंहरणं नाम द्वितीयोऽध्यायः ॥ ६ ॥

अध्याय २

प्रकरण ९०

ढुकुटी बढाउनु

(राष्ट्रमा बाहिरका भित्रका दुष्टहरूको वाधापीर हटाउने उपायहरू देखाइयो, अब राजाले दुर्भिक्ष सङ्कटको बाधापीर हटाउनानिमित्त आफ्नै वाधा पीर हटाउन राज्यको धन बढाउने उपाय यस प्रकरणमा बताइन्छ।)

राज्यको कोशमा थोरै धन भएमा अर्थ सङ्कट परेर दुःख बढ्ने हुनाले राज्यको कोशमा धन जमा गर्ने काम राजाले गर्नुपर्दछ।

आफ्नो देश ठूलो होस् वा सानो होस् देवमातृक—आकाशबाट पानी वर्षेर खेती हुने, नदीमातृक—खोलानालाको पानी लागेर खेती हुने, जस्तो भए पनि धेरै अन्नहरू भएको मौकामा उब्जाको तीन भागको एक भाग, वा चार भागको एक भाग अथवा मझौला वा तल्लो खालको जनपदमा भएको उब्जा अनुसार केही भाग राज्यको कोशको निमित्त ग्राम-नगरवासीहरूसंग वाधा नपर्ने गरी मागेर लिनू।

किल्ला, पूल, बांध, व्यापारको बाटो, बनाउने, बस्ती बसाउने, खानी खन्ने, द्रव्यवन-हस्तिवन बनाउने काममा सहायता गर्ने, र देशको सीमानामा बस्ने, थोरै धन हुने गरीबहरू संग नमाग्नू।

नयां बस्ती बस्न लागेकालाई अन्न पशु नगदहरू दिएर सहायता गर्नू। नयां बस्ती बस्नेहरूसंग बीउ र खाना खर्च कटाएर बांकि रहेकोमा चौथाई भाग नगद दिएर किन्नू।

जङ्गलमा पैदा भएको अन्न आदि र वैदिक ब्राह्मणको अन्नहरू छोडिदिनू। आवश्यक परेमा त्यो पनि तिनोहरूको खर्च पर सारेर किनेर लिनू। वैदिक ब्राह्मणहरूले आफूले परिश्रमगरी खेती गर्न नशकेमा समाहर्ता-पोत असूल गर्ने अध्यक्षका तर्फका मानिसहरूले ग्रीष्म ऋतुमा कर्षकद्वारा रोपाइदिनू।

कृषकहरूमा—

कृषकहरूले सावधानी नगरेर खेती विग्रनगयो भने नोक्सानीको दोवर बुझाउने लेखोट गरेर विउ रोपाउने गर्नू। बाली तयार भएपछि देवताको पूजा पितृको काम गाइको निम्ति एक 'मुठी' हरियो छुछेर लिनु बाहेक

हरियो कांचो अनाज फल कृषकलाई लिन नदिनू। भिक्षुकका निम्ति र ग्राममृतक-(गाउँले पालेर राखिएको) मानिसको निम्ति राशिमूल—(राशको तल रहेको धूलो मिसिएको धानहरू) बांकि छोडिदिनू।

आफ्नै खेतीको धान चोर्नेलाई चोरेको आठ गुना दण्ड गर्नू, अर्काको खेतीको धान चोर्नेलाई आफ्नै गाउँको मानिस भए नोक्सानी भर्नागर्न चोरेको पचास गुना दण्ड गर्नू, बाहिरिया मानिस भए वध गर्नू।

पूरा फलेको धानहरूको चौथाई भाग, बनैया धानहरूको बिक्रीहुने कपास, लाहा, पाट, बोक्रो, कपास, ऊन, रेशम, औषधि, सुगन्ध, फूल, फल, शाकहरूको र काठ बांस मासु सुकुटीहरूको ६ खण्डको १ खण्ड दांत छालाको आधा भाग, सरकारले कर लिनू। सरकारले लिनु पर्नेमा भागलिएर छोडि दिएको बाहेक लुकिछिपी बिक्री गर्नेलाई पूर्वसाहस (२५०) दण्ड गर्नू।

खेती गर्नेहरूका विषयका विशेष नियम यी हुन्।

व्यापारीहरूमा—

सुन, चाँदी, हीरा, मानिक, मोती, मुगा, घोडा, हात्तीको बिक्रीमा सयकडा पचास, धागो वस्त्र तामा वृत्र (पित्तल), काँसो, सुगन्ध, औषध, मद्यको बिक्रीमा सयकडा ४०, अन्न घ्यू तेल आदि रस धातुको बिक्रीमा र गाडामा माल हालेर खरीद बिक्री गर्ने मालमा पनि सयकडा तीस, काचको व्यापार गर्ने ठूलो नाउ आदि बनाउने ठूला कालीगडलाई सयकडा बीस, खुद्रा कालीगड र वेश्या पाल्नेहरूलाई सयकडा १० काठ, बांस, ढुङ्गा, माटाका भाँडा पक्वान्न र तर्कारी पसलेसंग सयकडा ५ लिनु, नाच्ने गाउने वेश्याहरूले वेतनको आधा कर तिर्नुपर्दछ। व्यापारको काममा नलागेका बनियाहरूसँग मूडगिन्ती एकेक कौडी नगदी कर लिनू। कालीगड बनियाहरूले काम नगरेर खालि बस्नु अपराध हुन्छ, त्यो सह्य हुँदैन, यस्ताले अर्काको माल लिएर वरिपरि लगेर बेच्ने गर्नू।

यो व्यापारीहरूउपरको विशेष नियम हो।

पशु-पक्षी पाल्नेमा—

कुखुरा सुँगुर पाल्नेहरूले आफूले तयार गरेकाको आधा, भेडा बाख्रा आदि क्षुद्र पशु पाल्नेले ६ भागको १ भाग, गाई गोरु भैंसी राँगो खच्चड भेडा ऊँट गधा पाल्नेले १० भागको एक भाग, कर तिर्नू। वेश्या पाल्नेले रूपवती राजदासीहरूद्वारा राजकोष बढाउन लाउनू। पशु पक्षी आदि पाल्नेहरूमा विशेष नियम सकियो।

यो करको प्रयोग एक पटक मात्र गर्नू, नदोहऱ्याउनू। यो करको विशेष नियम नलगाएमा समाहर्ता(कर लिने विभागाध्यक्ष)ले राजाको फलानो कामका निमित्त भनेर सहर देश वासीहरूसंग भिक्षा (चन्दा) माग्नू। योगपुरुष-(सरकारले मिलाई राखेका मानिस)हरूले पहिले धेरै धेरै चन्दा दिनू। यसै किसिमसंग राजाले नगर-देश वासीहरू संग माग्नू। कापटिक—चरहरूले थोरै दिनेहरूलाई निन्दा गर्ने गर्नू।

धनाढ्यहरूसित सम्पत्तिअनुसार चन्दा माग्न् अथवा आफ्नो इच्छानुसार फायदा हेरेर जो दिन्छन् लिनू। विशेष चन्दा दिनेलाई बस्ने आसन छाता पगरी गहनाहरू दिएर सत्कार गर्नू। पाखण्ड-विधर्मीको द्रव्य, सङ्घको द्रव्य, श्रोत्रियले कत्ति पनि भोग गर्न नपाइने द्रव्य वा देवताको द्रव्य, मर्ने मानिसको हातमा परेको, वा डढेको घरमा राखेको द्रव्य हो भनि कृत्यकरचर विशैषले भन्दै राजाकहाँ ल्याउनू।

दुर्ग राष्ट्रका देवताहरूको धन सम्पत्ति जस्ताको तस्तै बेगलै यौटा कोशमा जंमा गरेर राजाकहाँ बुझाउनू। देवताको चौतारामा, सिद्धस्थान, पुण्यस्थानमा, आफै निस्केका भन्ने नाम चलाई देवमूर्तिलाई राति उठाएर यात्रा उत्सव मेला गराएर धन जम्मा गराउनू। देवताको वगैचाका रूखमा देवताको महिमाले बेसमयमा फल फूल भएको हल्ला चलाउनू। अथवा सिद्ध जस्ता बनेकाले त्यो वृक्षमा राक्षसको भय छ भन्ने कुरा देखाएर त्यो राक्षसले मलाई दिनको यौटा मानिस पालैसंग नदिए जंमैलाई खाइदिन्छु भन्दछ भनी, मानिसलाई बचाउने उपाय गर्न भनेर सबै नगर देशवासीहरूसंग धन उठाएर केही काम गरी, बाँकि धन राजालाई बुझाउनू। अथवा सुरुङ् बनाएको इनारमा पसेर कहिले यता कहिले उता टाउको हुने गरी नागको नाच (भित्र छिद्र परेको नागको मूर्तिभित्र पसी) देखाएर जनतालाई भेटी चढाउन लाउनू। अथवा कुनै रूखको टोडकामा वा धमिराको गोलामा सर्प देखाएर मन्त्र औषधिले लठ्याएर श्रद्धालुहरूलाई देखाउनू। श्रद्धा नगर्नेलाई आचमन अभिषेकको बहानाले विष पिलाई देवताको शराप परेको भन्नू। कुनै मार्न छोडिएकोलाई टोकाएर रहस्यविद्यामा भनेको विषको चिकित्सा गरेर पनि ढुकुटीमा धन बढाउनू।

अथवा व्यापारीको वेष गरेको गुप्तचरले धेरै बिक्रीका माल र सहायकहरू राखी व्यापार गर्नू। गर्दा गर्दै व्यापारको नाफा र अरूले राखेको नासो धरोटको धन प्रशस्त हुन्छ, अनि राति अर्को साथिलाई चोर्न लगाई राजकोष बढाउनू।

यस्तै किसिमसंग रूप दर्शक—(सुनजाच्ने), सुवर्णकार (सुनको काम गर्ने)को वेष गरेका चरहरूलाई पनि धन बटुल्न लाएर राति चोरी भएको बहाना गरी राजकोश बढाउने कुरा पनि बुझ्नू ।

अथवा व्यापारीको रूप लिएको चरले व्यापारमा नाम चलाई प्रीतिभोज गराउने बहानाले मगनी र भाडामा सुन चांदीका भांडा धेरै जंमा गर्नू, किंवा समाजमा सबै बिक्रीका मालहरू ज्यथा देखाएर धेरै नगद सुन ऋण लिनू । म्यादी माल बुझाउने गरी अगावै लिने प्रतिभाण्डको मोल पनि जम्मा गर्नू अनि त्यो सबै आफ्ना दलबाट राति चोराएर राजकोष भर्नू ।

किंवा, पतिव्रता जस्ता बनेका स्त्रीहरूद्वारा दूष्य पुरुषहरूलाई लोभ्याएर तिनका घरमा पसाई तिनको सर्वस्व उडाउन लाउनू ।

किंवा, दूष्यहरूका कुलमा अंश आदिको झगडा उठाइदिएर विष-प्रयोग गराउनू । त्यही अपराधमा अरूलाई पनि समातेर सर्वस्व लिनू ।

अथवा, कुनै वध्य(मारिने पुरुष)संग लोकले पत्यार गरिने दूष्यद्वारा नासो वा ऋण वा अंश भाग माग्नलाउनू । दूष्यलाई मेरो यो कमारो हो भन्नू, त्यसकी स्वास्नी छोरी बुहारीलाई कमारी वा जहान हो भन्नू, त्यो दूष्यको घरको ढोकामा राति सुतेको बेलामा वा अन्तै बसेको वेलामा वध्य मानिसलाई तीक्ष्ण-चरले मारिदिएर यस्तो अर्काको छोरी बुहारी ताक्ने मारियो भन्नू । त्यही अपराधमा अरूलाई पनि पक्रनू ।

अथवा, सिद्धजस्तो बनेको गुप्त पुरुषले दूष्यलाई चटक देखाएर लोभ्याई अक्षय धनको खानि फेला पार्ने, राजालाई वश पार्ने, स्त्रीको मन खिच्ने, शत्रुलाई रोग लाइदिने, आयु बढाउने, छोरो पाउने, विद्या जान्दछु भनि भन्नू । उसले पत्याएपछि राति श्मशानमा धेरै मद्य मासुको गन्धआउने बलि दिनू र अगिबाटै गाडेर राखेको सुन झिकेर देखाइदिनू । अथवा मरेको मुर्दाको जीउ वा, गाडेको बालक भएको ठाउँमा, अलिकति सुनहरू गाडेको देखाएर, धेरै धन पाउन फेरी बलि दिनुपर्दछ, ऐले पाएको सुनले धेरै बलिको सामान किन भन्नू । त्यो सुन बेच्न जाँदा पुलिसले पक्री त्यसको सर्वस्व लिनू ।

अथवा, माता जस्ती बनेकीले मेरो छोरो तैले मारिस भनि दूष्यलाई वात लाउनू । रातिको उत्सवमा वा बनको उत्सवमा मार्नु पर्ने वध्यलाई तीक्ष्ण चरले मारेर दूष्यले गराएको उत्सवमा फ्याकिदिनू । त्यही निउबाट त्यसलाई पक्री सर्वस्व लिनू ।

अथवा दूष्यको नोकर जस्तो बनेको चरले ज्यालाको द्रव्यमा खोटो सिक्का मिसाएर यसले खोटो सिक्का बनायो भनि पक्राउनू, सर्वस्व गर्नू । दूष्यकहाँ

काम गर्ने कालीगड जस्तो बनेको चरले काम गर्दा चोरीको जाली सिक्का बनाउने सामान लुकाइराखेर पक्राउनू। किंवा, वैद्य बनेर औषधिको बहानाले विष-प्रयोग गराई पक्राउनू अथवा कुनै दूष्यको बन्धु बनेको चरले घरमा राखिदिएको अभिषेकको भाँडा शत्रु मार्ने कुरा राखेको छ भनि कापटिक-चरद्वारा खबर दिई राजालाई मारेर शत्रुलाई अभिषेक गराउन आँटेको छ भनि पक्राउनू। अधर्मी दूष्यहरूमा यस्तो प्रयोग गर्नू। धर्मात्मामा नगर्नू।

बगैचाबाट कांचो छोडेर पाके पाकेको फल टिपेझै राजाले अधर्मीहरूको धन टिप्नुपर्दछ। काचो फल टिपेझैं गरी धर्मात्माको धन लिएमा प्रजामा चीढ उठाउने हुनाले त्यो लिन हुँदैन।

अथ तृतीयोऽध्यायः

९१ प्रकरणे—भृत्यभरणीयम्

दुर्गजनपदशक्त्या भृत्यकर्म समुदयपादेन स्थापयेत्। कार्यसाधनसहेन वा भृत्यलाभेन शरीरमवेक्षेत, न धर्माधर्मौ पीडयेत्। ऋत्विगाचार्यमन्त्रिपुरोहितसेनापतियुवराजराजमातृराजमहिष्योऽष्टचत्वारिंशसत्साहस्राः। एतावता भरणेनानास्वाद्यत्वमकोपकं चैषां भवति। दौवारिकान्तर्वंशिकप्रशास्तृसमाहर्तृसन्निधातारश्चतुर्विंशतिसाहस्राः। एतावता कर्मण्या भवन्ति।

कुमारकुमारमातृनायकाः पौरव्यावहारिककार्मान्तिकमंत्रिपरिषद्राष्ट्रपालाश्च द्वादशसाहस्राः। स्वामिपरिबन्धबलसहाया ह्येतावता भवन्ति। श्रेणीमुख्या हस्त्यश्वरथमुख्या प्रदेष्टारश्च अष्टसाहस्राः। स्ववर्गानुकर्षिणो ह्येतावता भवन्ति। पत्त्यश्वरथहस्त्यध्यक्षा द्रव्यवनहस्तिपालाश्चतुःसाहस्राः। रथिकानीकचिकित्सकाश्वदमकवर्धकयो योनिपोषकाश्च द्विसाहस्राः।

कार्तान्तिकनैमित्तिकमौहूर्तिकपौराणिकसूतमागधाः पुरोहितपुरुषाः सर्वाध्यक्षाश्च साहस्राः । शिल्पवन्तः पादाताः संख्यायकलेखकादिवर्गाः पंचशताः । कुशीलवास्त्वर्धतृतीयशताः । द्विगुणवेतनाश्चैषां तूर्यकराः । कारुशिल्पिनो विंशतिशतिकाः । चतुष्पदद्विपदपरिचारकपारिकर्मिकौपस्थायिकपालकविष्टिबन्धकाः षष्टिवेतनाः । आर्युयुक्तारोहकमाणवकशैलखनकाः सर्वोपस्थायिन आचार्या विद्यावन्तश्च पूजावेतनानि यथार्हं लभेरन् पंचशतावरं सहस्रपरम् ।

दशपणिको योजने दूतो मध्यमः । दशोत्तरे द्विगुणवेतन आयोजनशतादिति । समानविद्येभ्यस्त्रिगुणवेतनो राजा राजसूयादिक्रतुषु राज्ञः सारथिः साहस्रः । कापटिकोदास्थितगृहपतिकवैदेहकतापसव्यंजनाः साहस्राः । ग्रामभृतकसत्रितीक्ष्णरसदभिक्षुक्यः पंचशताः । चारसंचारिणोऽर्धतृतीयशताः प्रयासवृद्धवेतना वा । शतवर्गसहस्रवर्गाणामध्यक्षा भक्तवेतनलाभमादेशं विक्षेपं च कुर्युः । अविक्षेपे राजपरिग्रहदुर्गराष्ट्ररक्षावेक्षणेषु च नित्यमुख्याः स्युरनेकमुख्याश्च ।

कर्मसु मृतानां पुत्रदारा भक्तवेतनं लभेरन् । बालवृद्धव्याधिताश्चैषामनुग्राह्याः । प्रेतव्याधितसूतिकाकृत्येषु चैषामर्थमानकर्म कुर्यात् । अल्पकोशः कुप्यपशुक्षेत्राणि दद्यात् । अल्पं च हिरण्यम् । शून्यं वा निवेशयितुमभ्युस्थितो हिरण्यमेव दद्यात् न ग्रामं, ग्रामसंजातव्यवहारस्थापनार्थम् । एतेन भृतानामभृतानां च विद्याकर्मभ्यां भक्तवेतनविशेषं च दद्यात् । षष्टिवेतनस्याढकं कृत्वा हिरण्यानुरूपं भक्तं कुर्यात् ।

पत्त्यश्वरथद्विपाः सूर्योदये बहिः सन्धिदिवसवर्जं शिल्पयोग्याः कुर्युः । तेषु राजा नित्ययुक्तः स्यात् । अभीक्ष्णं चैषां शिल्पदर्शनं कुर्यात् । कृतनरेन्द्राङ्कं शस्त्रावरणमायुधागारं प्रवेशयेत् । अशस्त्राश्चरेयुरन्यत्र मुद्रानुज्ञातात् । नष्टं विनष्टं वा द्विगुणं दद्यात् । विध्वस्तगणनां च कुर्यात् । सार्थिकानां शस्त्रावरणमन्तपाला गृह्णीयुः, समुद्रमवचार-

येयुर्वा । यात्राभ्युत्थितो वा सेनामुद्योजयेत् । ततो वैदेहकव्यंजनाः सर्वपण्यान्यायुधीयेभ्यो यात्राकाले द्विगुणप्रत्यादेयानि दद्युः । एवं राजपण्यविक्रयो वेतनप्रत्यादानं च भवति । एवमवेक्षितायव्ययः कोशदण्डव्यसनं नावाप्नोति । इति भक्तवेतनविकल्पः ।

सत्रिणश्चायुधीयानां वेश्याः कारुकुशीलवाः ।
दण्डवृद्धाश्च जानीयुः शौचाशौचमतन्द्रिताः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे योगवृत्ताभिधे पंचमेऽधिकरणे
भृत्यभरणीयं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण ९१

(नोकरहरूको वेतन)

(यस प्रकरणमा राजाका कर्मचारी भृत्यहरूलाई भरण-पोषण गर्ने वेतन-(जागीर)को वर्णन गरिन्छ। भृत्यहरू-धीसचिव-(बुद्धिले सहायता गर्ने) शास्त्रसचिव-(विद्याले सहायता गर्ने), कर्मसचिव-(कामले सहायता गर्ने) यस्ता तीन किसिमका हुन्छन् । यिनमा खराब भृत्यहरूलाई दमन-शोधन गर्ने विषय बताइसकेपछि असल भृत्यहरूलाई पालन पोषण गर्ने विषय बताउनु अवसर प्राप्त छ ।)

किल्ला र जनपदको शक्तिअनुसार राज्यको कुल आमदानीको भरशक चौथाई भागले काम गर्नशक्ने भृत्य(जागीरदार)को वेतनद्वारा भरण-पोषणको व्यवस्था गर्नु पर्दछ। त्यसमा विशेष गरेर आमदानीको शरीर (रूप) पनि हेर्नु पर्दछ । धर्म र अर्थ दुवैलाई हानि गर्नु हुँदैन। राजाका अति उच्च, उच्च, मध्यम, निम्न श्रेणीका कर्मचारीहरूलाई वार्षिक वेतन दिने व्यवस्था यस्तो छ :—

४६[1] हजार पाउने—गुरु, पुरोहित, ऋत्विक्, मन्त्री, सेनापति, युवराज, राजमाता, राजमहिसीहरू हुन् । यतिले यिनीहरूको भरण पोषण हुने गरेमा यिनीहरूलाई खान पिउन सुबिस्ता हुने, तिनीहरूलाई चीढ नउठने हुन्छ ।

२४ हजार पाउने—द्वौवारिक-(द्वारको मुख्य अध्यक्ष), अन्तर्वंशिक (अन्तःपुरको हेरचाह गर्ने मुख्य अधिकारी), प्रशास्त्य-(आयुध विभागको अध्यक्ष), समाहर्ता—(राजस्व असूल तहसील गर्ने), सन्निधाता-(ढुकुटी दाखिल गर्ने) अध्यक्षहरू हुन् । यति दिनाले यिनीहरू पूरा काम दिने हुन्छन् ।

१२ हजार पाउने—युवराजबाहेक राजकुमार, राजकुमारकी माता, पैदल सेनाको अधिपति, पौर व्यावहारिक (सहरको व्यवहारको निरीक्षक मजिष्ट्रेट), कर्मान्तिक (खेती द्रव्य वन आदिका कार्यालयको अध्यक्ष), मन्त्रिपरिषद्, मंत्रिपरिषद्भित्रका १२ अमात्य, राष्ट्रपाल-(राष्ट्रको रक्षक पुलिसअफिसर), अन्तपाल—(राज्य सीमाको रक्षक प्रधान) यी सबै स्वामी-(राजा)को वरिपरि रहने सहाय बन्दछन् ।

८ हजार पाउने—श्रेणीमुख्य-(शिल्पी आदि वर्गका मुख्य नाइकेहरू),

१—यहां लेखिएका अङ्कहरू सबै पण अर्थात् १ तोलाको सिक्काका हुन् । अन्यत्र दण्ड व्यवस्थामा पनि पणलाई नै लिएर व्यवहार गरिएको छ । उस बखतको सामयिक परिस्थितिमा सबै वस्तु सुभिक्ष हुनाले त्यस बखतको दृष्टिबाट तजबीज भएको व्यवस्था कालक्रमले परिवर्तित हुने परिस्थिति अनुसार समयको अनुपातमा व्यवस्था मिलाउँदै जानुपर्ने भएकोले पूर्व-पूर्व समयमा आयको परिणाम पनि सानो मात्रामा भएकोले त्यही अनुसार व्ययको व्यवस्था भएको छ । जति-जति राज्यको आय बढ्दै जान्छ उति उति व्ययको मात्रा पनि बढ्दै गइरहेछ । अझ कति बढ्दै जाने हो । व्यवहार पनि बढ्दै विकसित समुन्नत हुँदै आएको छ । जनसंख्याको वृद्धि अनुसार उत्पादनमा पनि वृद्धि गर्दै आयको पनि वृद्धि र त्यस अनुसार व्ययको पनि वृद्धि हुँदैजाने हुन्छ । जे होस् लोकव्यवहारमा केही विकास हुँदै आय र व्ययको मात्रा समयोचित मात्राको अनुपातमा हुने हुनाले अगिको दण्ड कुण्ड वेतन बजारको मूल्य आदि हेर्दा उस बखतको अङ्क थोरै जस्तो लाग्दछ तापनि परिश्रमको मूल्य र रहन-सहन व्यवहार मिल्दैजाने गर्दछ । यो एक दिग्दर्शन मात्र हो ।

मुद्रास्फीति नभएको सब सुलभ भएको पूर्वकालमा यी अङ्क शायद पण तामाको सिक्कामा लेखिएका हुनन् । आधुनिक मुद्रास्फीतिको समाजमा यिनै अङ्क चाँदीका सिक्काको रूपमा हुनआउनन् । यो परिस्थितिभन्दा पनि उक्लेर सुनको व्यवहारले गर्ने देशान्तर द्वीपान्तरहरूकालाई यी अङ्क सुनको सिक्कामा पर्यपासित हुनन् ।

हात्ती घोडा रथ एकेक विभागका अध्यक्ष, प्रदेष्टा-(कण्टक शोधन विभाग फौजदारीका अधिकारी न्यायाधीश)हरू। यिनीहरू यति पाएर आफ्नो वर्गको भलाई गर्ने स्वभावका हुन्छन्।

४ हजार पाउने—पैदल सैनिक, घोड़ा, रथ, हात्तीका मुख्य अधिकारीहरू, द्रव्यवन हात्तीवनका रक्षक अधिकारीहरू।

२ हजार पाउने—रथगतिका शिक्षक, अनीकस्थ—हात्ती तालीम गर्ने वा राजालाई रक्षागर्ने समूह, चिकित्सक (वैद्य), अश्वदमन, (घोडा तालिम गर्ने), वर्धकी (कमी नाइके), योनि पोषक-(पशु पक्षी पाल्ने) अधिकारीहरू।

१ हजार पाउने—कार्तान्तिक-(शरीरको लक्षण शास्त्र जान्ने), नैमित्तिक-(शकुन विद्या जान्ने), मौहूर्तिक-(साइत हेर्ने ज्योतिषी), पौराणिक-(पुराण भन्ने), सूत-(सारथि), (मागध (स्तुति पाठ गर्ने), यी र पुरोहितका परिकर्मी (सहायहरू) सर्वाध्यक्ष (अरू सुरा सून्य सूत्र विभागका सबै अध्यक्षहरू)।

५ सय पाउने—शिल्पवान् चित्रकार आदि, पाह्णात (पैदल हिंडन सिपालु), संख्यापक-(हर हिसाब गर्ने), लेखक (लेख्ने), यस्तै उन्माता (तौल्ने), परिमाता (नाप गर्ने) आदि।

२५० पाउने—कुशीलव-(नाच्ने गाउनेहरू) यिनमा। बाजा बजाउने नायक त्यसको दोबर वेतन पाउने हुन्छ।

१२० पाउने—मोटा काम गर्ने कालिगड र मिहीन काम गर्ने कालिगड़हरू।

६० पाउने—दोपाया चौपायाका टहलुवाहरू, पारिकर्मिक (शृङ्गार गराउने), औपस्थायिक-((आङ मालीसहरू गर्ने), पालक-(गाईहरू पाल्ने) विष्टि-(ज्यामी), बन्धक (ज्यामी जंमा गर्ने)।

आर्य (कुल शील बेस भएका सज्जन), युक्तारोहक (हात्ती घोडाहरू चढ्न सिपालु), माणव (पुरानो चोर आदि उल्लु मानिस), शैलखनक-(पहाड खोप्ने), सर्वोपस्थायी आचार्य (गायन विद्याको उस्ताद, विद्वानहरू) योग्यता अनुसार ५०० देखि हजारसंम यथोचित वेतन पाउने हुन्छन्।

१ योजन(४ कोश)को १० पण वेतन पाउने दूत मध्यम हुन्छ। १०।१० योजन जति बढदै जान्छ त्यस अनुसार १०।१० पण वेतन १० योजनसंम पाउने हुन्छ।

राजसूय यज्ञमा बोलाइएका राजा, उस्तै विद्या भएका मन्त्री पुरोहित आदिभन्दा तीन गुणा पाउने हुन्छन्। राजाको सारथी १००० पाउने हुन्छन्।

कापटिक, उदासीन, गृहपति, व्यापारी, तपस्वी जस्ता बनेका चरहरू १ हजार पाउने, ग्राम मृतक-(गाउँको हेरचाह गर्ने गाउँबाट पालिने पुरुष), सत्री-(चर), तीक्ष्ण-(उग्र काम गर्ने), रसद-(विष-प्रयोग गर्ने), भिक्षुकी, आदि चरहरू ५०० पाउने, घुम्ने चरहरू २५० पाउने किंवा मेहनत बढता भएका बढी पाउने हुन्छन् ।

१०० जनाको वर्ग, १००० जनाका वर्गका अध्यक्षहरूले भत्ता समेत वेतन पाएर राजाको आज्ञानुसार आफ्नो वर्गलाई काम लगाउने गरुन् । अरू विशेष काम नभएमा राजदरबार किल्ला राष्ट्रको रक्षा हेरचाह गर्ने गरुन् । ती सबै वर्गका मानिसहरू आफ्ना-आफ्ना वर्गका मुख्य पुरुषको अधीनमा रहने र मुख्यहरू पनि धेरै हुने हुन्छन् ।

सरकारी काममा मर्नेका छोरा स्वास्नीहरूले भत्ता वेतन पाउँछन् । यी कर्मचारीका बालक-बूढा रोगीहरूसाथि दया सहायता गर्नुपर्दछ । मरेमा, रोगी भएमा, सुत्केरी भएमा, आदरसाथ धनले सहायता गर्नुपर्दछ ।

नगदी कोश थोरै हुनेले कर्मचारीहरूलाई जिन्सी माल पशु जमीनहरू दिएर नगद थोरै दिनू । शून्य-(खाली) जमीनमा बस्ती बसाउन उठेकालाई नगदै सहायता दिनू । गाउँ नै त्यसै माफी गरेर नदिनू । यसबाट यो गाउँबाट वर्षको यति नगद उठ्तछ, यति यसबाट खर्च हुन्छ, भन्ने हरहिसाबको व्यवहार राम्रो चल्ने हुन्छ ।

भत्ता—

यस किसिमसंग वेतन नियत गरिएका र नगरिएका पनि मानिसहरूको विद्या र काम अनुसार भत्ता-वेतन बढाइदिने पनि गर्नू ।

६० वेतनको ४ पाथि अन्नको हिसाबले नगद वेतन अनुसार भत्ता दिनू ।

काम—

पैदल सैनिक घोडा रथ हात्तीहरू सूर्योदय भएपछि बाहिर निस्केर औंसी पूर्णिमा आदि चाडबाहेक अरू दिनमा शिल्प-योग्या ·(शीप बढ्ने कवायद) गर्ने गरुन् । त्यसमा राजाले सधैं दृष्टि दिनू । तिनीहरूको सीप कौशल बारम्बार प्रदर्शन गर्नूं ।

हतियार कवच आदि राजाको छाप लाएर शस्त्रागार(सिलखाना)मा राख्नू । छाप निशाना नभएको शस्त्र लिएर कसैले हिडन नपाउने गर्नू । हरायो बिग्यो भने नोक्सानीको डबल तिराउनू । विध्वस्त (रद्दी भएका) शस्त्रहरूको गिन्ति गर्ने गर्नूं ।

विदेशबाट आउने व्यापारीहरूले ल्याएको हतियार कवचहरू अन्तपाल-(सीमारक्षक)ले लिनू। अनुमतिको छाप निस्सा लागेकालाई छोडिदिनू। युद्धको यात्रा-समयमा सेनालाई जंमा गर्नू।

सरकारी व्यापारी बनेका मानिसहरूले युद्ध-यात्राको समयमा सबै शस्त्रधारीहरूलाई पछि दोबर फिर्ता लिने गरेर सबै पण्य-(विक्रीका मालहरू) उधारो दिनू। यसो भएमा सरकारी पण्यहरूको विक्री पनि हुने, दिएको वेतन फर्कने पनि हुन्छ।

यस किसिमसंग आय-व्ययको मिलान गर्ने गरेमा राजालाई कोशको र सेनाको सङ्कट पर्दैन।

भत्ता-वेतनको व्यवस्था पूर्ण भयो।

शस्त्रधारीहरूमा पवित्रता इमानदारी भए नभएको कुरा सत्री-चर, वेश्या, कालिगड, नट, नर्तकी, पुराना सैनिकहरूले, सावधान भएर जाच्ने बुझ्ने गर्नू।

अथ चतुर्थोऽध्यायः

९२ प्रकरणे—अनुजीविवृत्तम्

लोकयात्राविद्राजातमात्मद्रव्यप्रकृतिसम्पन्नं प्रियहितद्वारेणाश्रयेत। यं वा मन्येत—यथाहमाश्रयेप्सुरेवमसौ विनयेप्सुराभिगामिकगुणयुक्त इति द्रव्यप्रकृतिहीनमप्येनमाश्रयेत। न त्वेवानात्मसम्पन्नम्। अनात्मवान् हि नीतिशास्त्रद्वेषादनर्थ्यसंयोगाद्वा प्राप्यापि महदैश्वर्यं न भवति। आत्मवति लब्धावकाशः शास्त्रानुयोगं दद्यात्। अविसंवादाद्धि स्थानस्थैर्यमवाप्नोति। मति कर्मसु पृष्टः तदात्वे च आयत्यां च धर्मार्थसंयुक्तं समर्थं प्रवीणवदपरिषद्भीरुः कथयेत। ईप्सितः पणेत—धर्मार्थानुयोगमविशिष्टेषु बलवत्संयुक्तेषु दण्डधारणं मत्संयोगे तदात्वे च दण्डधारणमिति न कुर्याः। पक्षं वृत्तिं गुह्यं च मे नोपहन्याः। संज्ञया च त्वां कामक्रोधदण्डनेषु वारयेयमिति।

आयुक्तप्रदिष्टायां भूमौ अनुज्ञातः प्रविशेत् । उपविशेच्च पार्श्वतः सन्निकृष्टविप्रकृष्टः । वरासनं विगृह्यकथनमसभ्यमप्रत्यक्षमश्रद्धेयमनृतं च वाक्यमुच्चैरनर्मणि हासं वातष्ठीवने च शब्दवती न कुर्यात् । मिथः कथनमन्येन, जनवादे द्वन्द्वकथनं, राज्ञो वेषमुद्धतकुहकानां च, रत्नातिशयप्रकाशाभ्यर्थनम्, एकाक्ष्योष्ठनिर्भोगं, भ्रुकुटीकर्म, वाक्यावक्षेपणं च ब्रुवति । बलवत्संयुक्तविरोधं स्त्रीभिः स्त्रीदर्शिभिः सामन्तदूतैर्द्वेष्यपक्षावक्षिप्तानर्थ्यैश्च प्रतिसंसर्गमेकार्थचर्यां संघातं च वर्जयेत् ।

अहीनकालं राजार्थं स्वार्थं प्रियहितैः सह ।
परार्थं देशकाले च ब्रूयाद्धर्मार्थसंहितम् ॥ १ ॥
पृष्टः प्रियहितं ब्रूयान्न ब्रूयादहितं प्रियम् ।
अप्रियं वा हितं ब्रूयाच्छृण्वतोऽनुमतो मिथः ॥ २ ॥
तूष्णीं वा प्रतिवाक्ये स्याद्द्वेष्यादींश्च न वर्णयेत् ।
अप्रिया अपि दक्षाः स्युस्तद्भावाद्ये बहिष्कृताः ॥ ३ ॥
अनर्थ्याश्च प्रिया दृष्टाश्चित्तज्ञानानुवर्तिना ।
अभिहास्येष्वभिहसेद्घोरहासांश्च वर्जयेत् ॥ ४ ॥
परात्संक्रामयेद्घोरं न च घोरं स्वयं वदेत् ।
तितिक्षेतात्मनश्चैव क्षमावान् पृथिवीसमः ॥ ५ ॥
आत्मरक्षा हि सततं पूर्वं कार्या विजानता ।
अग्नाविव हि संप्रोक्ता वृत्ती राजोपजीविनाम् ॥ ६ ॥
एकदेशं दहेदग्निः शरीरं वा परं गतः ।
सपुत्रदारं राजा तु घातयेद्वर्धयेत वा ॥ ७ ॥

इति कौटिलीये अर्थशास्त्रे योगवृत्ताभिधे पंचमेऽधिकरणे
अनुजीविवृत्तं नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण ९२

राजकर्मचारीहरूको कर्तव्य (चरित्र)

(राजकर्मचारीहरूले कस्तो चालचलन गर्नुपर्दछ भन्ने विषय यस प्रकरणमा वर्णन गरिन्छ ।)

लोक-व्यवहार जान्ने राजकर्मचारीले आफूमा चाहिने गुण, द्रव्य, प्रकृतिवर्गले परिपूर्ण भएका राजाका प्रिय र हित पुरुषको द्वारा आश्रय गर्नू। जस्तो म आश्रय चाहने हूँ उस्तै यी राजा पनि विद्या-वृद्धहरूको संघ चाहने र कुलीनता आदि आश्रयमा हुनुपर्ने गुणले परिपूर्ण छन् भन्ने देखिएमा द्रव्य र प्रकृतिवर्गको गुण नभए पनि आश्रय गर्नू , अरु कुरा भएपनि आफूमा हुनुपर्ने गुण नभएका राजाको आश्रय नगर्नू । आत्मगुण नभएको मानिस ठूलो ऐश्वर्य पाए पनि नीतिशास्त्रलाई निको नमान्ने अनर्थ गराउने दुर्जनको संघ गर्ने बिग्रने हुन्छ ।

आत्म-गुणले सम्पन्न भएका राजालाई पाएर मौका-मौकामा अर्थशास्त्र-सम्बन्धी विषयको सोधपूछ विचार-बहस गर्ने गर्नू । मालिक र सेवकको राय-विचार मिलेमा सेवकको अधिकार पद दीगो हुने हुन्छ । कुनै विवेक विचार गर्नुपर्ने विषयमा सोधनी भएमा त्यस बखतमा र पछिको समयमा पनि बेस हुने, धर्म र अर्थ दुवैसंग मिल्दो, जान्ने-सुन्नेले गरेबमोजिमको योग्य कुरा सभामा नडराएर भन्ने गर्नू । राजाले चाहना गरेर अमात्य आदि पदमा राख्न लागिएको कर्मचारीले, 'विशेष गुण नभएकासंग धर्म-अर्थसम्बन्धी विषयको सोधपूछ बलियोसंग लागेकामा दण्डको प्रयोग, मेराउपर पनि विचार नगरेर तुरुन्तै दण्डको प्रयोग हुनु हुँदैन, मेरो पक्ष वृत्ति रहस्य-विषयमा घात नहोस् , म पनि तपाईंलाई काम-लोभ-क्रोधको वश भएर दण्ड गर्न लागेमा इसारा दिएर रोक्नेछु' भनि बोल-कबोल गर्नू ।

राजाका अनुजीवी-(आश्रित) कर्मचारीले आयुक्त-(अधिकारमा नियुक्त)हरूलाई तोकिएको ठाउँमा अनुमति लिएर पस्ने गर्नू । राजाको दाया बायाँ, धेरै टाढ़ा पनि होइन, नजीक पनि होइन, बस्ने गर्नू । सुहाउँदो-भन्दा श्रेष्ठ आसनमा बस्नु, कुरा काट्नु, सभामा नसुहाउँदो फोहोर कुरा आफूले नदेखेको थाहा नपाएको पत्यार नपर्ने झुट्टा कुरा, विनोदको मौका

नभएमा चर्को हाँसो, आवाज आउने गरेर डकार अधोवायु छोड्नु, थुक्नु पनि नगर्ने गर्नू। राजाको नजीकमा अरूसंग खस्याक-खुसुक कुरा गर्ने, कुरा-कानीमा हान-थाप गर्ने, राजाको जस्तो वेष गर्ने, उद्धत चटकीहरूको जस्तो वेष गर्ने, रत्न आदि बहुमूल्य वस्तु सबैको सामुन्नेमा जिद्दी गरेर माग्ने, यौटा आँख खुमच्याउने, ओंठ बँग्याउने, आँखिभौं उठाउने, राजाले भन्न लागेको कुरा काटेर बोल्ने काम नगर्नू। बलिया सम्बन्धीहरूसंग विरोध, स्वास्नीमानिस, अन्तःपुरका निरीक्षक, सीमान्त-राजाका दूत, राजाको मन नपरेका, असहाय, अनादर गरिएका, नट-नर्तक आदि बेकामका मानिसहरूसंग मित्रता, यौटै कुरामा अड्डी लिनु, अरूसंग सङ्घगूटबन्दी पनि गर्नु हुँदैन।

राजाले भन भनेको कुरा तुरुन्तै भन्नू। आफ्नो स्वार्थको कुरा राजाका प्रिय र हितपुरुषहरूसंग मिलेर गर्नू। अर्काका निमित्तको कुरा ठाउँ मौका पारेर धर्म अर्थ मिल्दो गरी भन्नू। राजाले सोधेमा प्रिय लाग्ने र हित हुने कुरा गर्नू। प्रिय भए पनि अहित कुरा नगर्नू। अप्रिय भए पनि हित हुने कुरा सुनिने भएमा एकान्तमा अनुमति पाएर भन्नू। जवाफ दिनुपर्ने विषय परेमा चूप लाग्नू। राजाका मन नपरेकाहरूको बयान नगर्नू। राजाको आशयसंग नमिल्ने भएमा सिपालु मानिस पनि अप्रिय बन्दछन्। हाँस्नुपर्ने विषय आइपर्दा अरूको साथ-साथ आफू पनि हाँस्नू। तर चर्को हाँसो नगर्नू। राजासंग नराम्रो कुरा गर्नुपर्ने भएमा अरूद्वारा गराउनू। नराम्रो कुरा आफूले नगर्नू। पृथिवीजस्तो सहनशील भएर आफ्नो केही अनर्थ परेको सहने गर्नू। जान्ने मानिसले सबभन्दा पहिले सर्वदा आफ्नो रक्षा हुने गर्नुपर्दछ। राजसेवकको व्यवहार आगाका सेवकको जस्तो हुन्छ। आगाले एक छेउ पोल्दछ; धेरै भए पनि शरीरसंम डढाउँछ; राजाले त छोरा-स्वास्नीहरू समेत मार्न वा बढ़ाउन शक्तछ।

अथ पञ्चमोऽध्यायः

९३ प्रकरणे—समयाचारिकम्

नियुक्तः कर्मसु व्ययविशुद्धमुदयं दर्शयेत्। आभ्यन्तरं बाह्यं गुह्यं प्रकाश्यमात्ययिकमुपेक्षितव्यं वा कार्यम्। 'इदमेवम्' इति विशेषयेच्च। मृगयाद्यूतमद्यस्त्रीषु प्रसक्तं चानुवर्तेत प्रशंसाभिः। आसन्नश्चास्य व्यसनोपघाते प्रयतेत। परोपजापातिसन्धानोपधिभ्यश्च रक्षेत्। इङ्गिताकारौ

चास्य लक्षयेत् । कामद्वेषहर्षदैन्यव्यवसायभयद्वन्द्वविपर्यासमिङ्गिताकाराभ्यां हि मंत्रसंवरणार्थमाचरन्ति प्राज्ञाः ।

दर्शने प्रसीदति । वाक्यं प्रतिगृह्णाति । आसनं ददाति । विविक्ते दर्शयत्ते । शंकास्थाने नातिशंकते । कथायां रमते । परिज्ञाप्येष्वपेक्षते । पथ्यमुक्तं सहते स्मयमानी नियुंक्ते । हस्तेन स्पृशति । श्लाघ्ये नोपहसति । परोक्षे गुणं ब्रवीति । भक्ष्येषु स्मरति । सह विहारं याति । व्यसनेऽभ्यवपद्यते । तद्भक्तीः पूजयति । गुह्यमाचष्टे । मानं वर्धयति । अर्थ करोति । अनर्थं हन्ति । इति तुष्टज्ञानम् ।

एतदेव विपरीतमतुष्टस्य । भूयश्च वक्ष्यामः—सन्दर्शने कोपः, वाक्यस्याश्रवणप्रतिषेधौ, आसनचक्षुषोरदानं, वर्णस्वरभेदः, एकाक्षिभ्रुकुट्योष्ठनिर्भोगः, स्वेदश्वासस्मितानामस्थानोत्पत्तिः, परिमंत्रणम्, अकस्माद्व्रजनम्, वर्धनमन्यस्य, भूमिगात्रविलेखनम्, अन्यस्योपतोदनम्, विद्यावर्णदेशकुत्सा, समदोषनिन्दा, प्रतिदोषनिन्दा, प्रतिलोमस्तवः, सुकृतानवेक्षणम्, दुष्कृतानुकीर्तनम्, पृष्ठावधानम्, अतित्यागः, मिथ्याभिभाषणम्, राजदर्शिनां च तद्वृत्तान्यत्वम् ।

वृत्ति विकारं चावेक्षेताप्यमानुषाणाम् । अयमुच्चैः सिंचतीति कात्यायनः प्रवव्राज । क्रौंचोऽपसव्यम् इति कणिङ्को भारद्वाजः । तृणमिति दीर्घश्चारायणः । शीता शाटीति घोटमुखः । हस्ती प्रत्यौक्षीदिति किंजल्कः । रथाश्वं प्राशंसीदिति पिशुनः । प्रतिरवणे शुनः पिशुनपुत्रः इति अर्थमानावक्षेपे च परित्यागः । स्वामिशीलमात्मनश्च किल्बिषमुपलभ्य वा प्रतिकुर्वीत । मित्रमुपकृष्टं वास्य गच्छेत् ।

तत्रस्थो दोषनिर्घातं मित्रैर्भर्तरि चाचरेत् ।
ततो भर्तरि जीवेद्वा मृते वा पुनराव्रजेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे योगवृत्ताभिधे पंचऽमेधिकरणे
समयाचारिकं नाम पंचमोऽध्यायः ॥ ५ ॥

* * *

अध्याय ५

प्रकरण ९३

(व्यवस्थाको काम)

(यस प्रकरणमा राजकर्मचारीले गर्नुपर्ने व्यवहारको वर्णन गरिन्छ ।)

राजाबाट काममा नियुक्त भएका समाहर्ता आदि कर्मचारीले आमदानी खर्च देखाएर खर्च कटाई बाँकि भएको आय देखाउनू। आभ्यन्तर—किल्ला आदि-सम्बन्धी भित्रको, बाह्य—बाहिरपट्टिको, गुह्य—गोप्य, प्रकाश्य—खुलासा हुने, आत्यन्तिक—तुरुन्त गर्नुपर्ने, उपेक्षितव्य—बिस्तारै गरे पनि हुने, यति किसिमको काम हुन्छ। त्यो काम यस्तो भनि छुट्याएर देखाई वहीखातामा लेखाउनू।

राजा सिकार, जूवा, मद्य, स्त्रीपट्टि आसक्त भएमा बाहिर सर्व-साधारणमा बेस असल भनि प्रशंसा गरेर पछि-पछि लाग्नू; एकान्तमा नजीकै रहेको मौकामा त्यो व्यसनबाट हटाउने प्रयत्न गर्नू। शत्रुले गरेको उपजाप (भेदनीति), अतिसन्धान (ठगाइ), उपधि (छल-कपट)—हरूबाट राजाको रक्षा गर्नू। राजाको इङ्गित—चेष्टा, सङ्केत, आकार, मुखको रातोपन, कालोपन, उज्यालोपन आदि रूप-रंग पनि बुझ्दै गर्नू। किनभने, बुद्धिमान्‌हरू चेष्टा र मुखको रूप-रङ्गबाट चाहना हुनु, नहुनु, खुसो-बेखुसी, कामको दृढ सङ्कल्प, भय आदि मनोभाव उल्टो-सुल्टो पार्ने, बुझ्ने काम, मन्त्र (मन्त्रणा गरेको कुरा) गुप्त राख्नाका निमित्त गर्दछन्।

देख्तामा खुशी मान्नु, भनेको कुरा सुन्नु, आएमा बस भन्नु, एकान्त अन्तःपुर आदिमा पनि भेट दिनु, शङ्का लाग्नुपर्नेमा पनि विशेष शङ्का नगर्नु, कुरा गर्दाखेरि चाख मान्नु, अरूले निवेदन गरेको विषयमा पनि आफूलाई कसो भन्नु, हितको कुरा भनेमा कड़ा भए पनि सहनु, मुसुक्क हाँसेर काम अह्राउनु, हातले छोएर कुरा गर्नु, खाने बेलामा संझनु, घुमफिर गर्दा संग लैजानु, केही विपत्ति पर्दा दया-माया गर्नु, आफूले गरेको भक्तिलाई आदर गर्नु, गोप्य कुरा पनि भन्नु, मान बढाउनु, आफूले चाहेको कुरा गरिदिनु, केही अनिष्ट परिआएको टारिदिनु, यी कुरा राजा प्रसन्न हुनाका लक्षण हुन्।

राजा आफूदेखि अप्रसन्न भएमा माथि भनेका कुरा सबै उल्टा पर्दछन्। फेरि भन्दछु—देख्ताखेरि रिस उठ्नु, भनेको कुरा नसुन्नु, बिचैमा कुरा

काट्नु, बस नभन्नु, हेर्दै नहेर्नु मुखको रङ् बदल्नु, स्वर बदल्नु, यौटा आँखा बङ्ग्याउनु, आँखिभौं मर्काउनु, ओठ बङ्ग्याउनु, पसिना काढ्नु, बेमौकामा मुस्केरा हाल्नु, मुस्काउनू, अर्कोसंग कुरा गर्नु, जुरुक्क उठेर जानु, अर्काको बढाँई गर्नु, भूइँ कोर्नु, आङ् कन्याउनू, अर्कोलाई पिट्नु, आफ्नो विद्या-जाति-देशको निन्दा गर्नु, आफै जस्तो अर्कोलाई निन्दा गर्नु, विरोधीको स्तुति गर्नु, राम्रो गरेको कामको वास्ता नगर्नू, खराब गरेको कुरा बारम्बार भन्नु, आफू हिंड्न लाग्दा पछाड़िपट्टि हेर्नु, राम्ररी विदा दिनु, बेकामको कुरा गर्नु, राजसेवकहरूको चाल बिग्रनु हो अर्थात् मन नपर्नाको लक्षण हो।

मनुष्यको के कुरा, पशु-पक्षीहरूको पनि मन नपरेमा चाल बदलिन्छ। हेर—१. माथिबाट पानी छर्क्यो भनेर कात्यायन हिंडेथे। अर्थात्ः—

सोमदत्त भन्ने पौण्ड्र देशका राजाले केही अपराध गरेको हुँदा छोरालाई कैदमा हाल्न भनि मन्त्री कात्यायनसंग गुप्त सल्लाह गरे। यो कुराको छाँट बुझेर छोरापट्टिका मानिसले छोरालाई अन्तै भगाए। यी कुराको गुप्त मन्त्रणा खोलिदिने यही मन्त्री हो भन्ठानेर त्यो मन्त्रीलाई मार्न भनि सेवकहरूलाई आज्ञा दिए। त्यो आज्ञाको रहस्य कुरा सुनेको कुनै पानी छर्कनेले कात्यायन आउन लाग्दा पानी माथि पुऱ्याउँदै छर्केको देखेर हिजोसंम तलैबाट छर्कनेले ऐले किन यसरी माथिबाट छर्क्यो, यसबाट राजाको मेराउपर चाल बदलिए-को छ भन्ने सूचना दिएको हो भनेर कात्यायन त्यतैबाट छोड़ी विदेशिए।

२. कन्याङ्-कुरुङ बायाँ लाग्यो भनेर भारद्वाज कणिङ्क छोडेर गएथे। अर्थात्—कोशल देशका परन्तप भन्ने राजाका सेवक कणिङ्क भन्ने अर्थशास्त्रमा सिपालु थिए। तिनी दरबारमा जाँदा कन्याङ्कुरुङ् सधैं दाहिनेपट्टि लाग्दथ्यो, कुनै दिनमा आफू अन्तःपुरमा बसेको बेलामा कणिङ्क आयो भनेर रिसाई राजाले उसको निन्दा गरेछन्। त्यो सुनेको हुँदा त्यो दिनमा त्यो कन्याङ्कुरुङ् बायाँपट्टि लाग्यो। यो बायाँ लाग्नु राजा रिसाएको बुझाउँछ भनेर कणिङ्क त्यतैबाट राजालाई छोड़ी गए।

३. तृण भन्ने जानेर चरायण गोत्री दीर्घ हिंडेथे। अर्थात्—अगि मगध देशमा कुनै बालक राजा थिए। तिनका गुरु दीर्घ नाम भएका राजाका बाबुका पियारा थिए। उनी आउँदा पतिभक्त भएकी राजमाताले उठेर सधैं सत्कार गर्दथिन्। पछि उमेर पुगेका राजाले सधैं आमाले गुरुको सत्कार गरेको नसहेर यिनी बाहुनलाई तपाईंले किन आदर गर्नुभएको भनि सोद्धा यिनी बेस विद्वान् हाम्रा गुरु हुन्, पिताज्यूले बडो प्रेम गरेर यिनीलाई आदर गर्नुहुन्थ्यो, तिमीले पनि मान्नुपर्दछ भनि आमाले भनिन्। त्यो

सुन्नेबित्तिकै राजाले माथिबाट घाँसले छोपरे गुरुलाई खानेकुरा पठाइदिए। त्यो घाँस देखेर अनादर गरेको बुझी दीर्घ राजालाई छोड़ेर गएथे।

४. चीसो कपड़ा भनेर घोटमुख हिंडेथे। अर्थात्—अवन्ती देशका अंशुमान् भन्ने राजाका छोरालाई घोटमुख भन्ने विद्वान्ले नीतिशास्त्र पढाउँथे। तिनीमाथि केही कारणले राजा रिसाएको कुरा बुझेर गुरुका भक्त राजकुमार संधै नुहाएर आउँदा लुगा निचोरी काँधमा बोकेर आउनेले त्यो दिनमा चीसो लुगा भनि घाँटी रित्तै पारेर आए। यो चाल बदलिएकोले राजा ममाथि रिसाएको बुझाउँछ भनि घोटमुख यिनलाई छोड़ेर हिंडेथे।

५. हात्तीले पानी छक्र्यो भनरे किञ्जल्क हिंडेथे। अर्थात्—बङ्ग देशका शतानन्द भन्ने राजाका आश्रित किञ्जल्क नाम भएका गुरु थिए। ती सधैं घरबाट राजाले चढ़ने हात्तीलाई एकछिन सुमसुम्याएर दरबारमा जाने गर्दथे। एक दिन राजाले हात्तीमा चढ्दा त्यो सुनेर तिनीमाथि द्रोहको कुरा गरे। त्यो सुनेको हात्तीले ती गुरु आउँदा सूंड़ले पानी छक्र्यो। यो नयाँ चेष्टाले राजाको आफूमाथि मन बिग्रेको ठानेर किञ्जल्क त्यतैबाट छोड़ी गएथे।

६. रथको घोड़ालाई बयान गरे भनेर पिशुन हिंडेथे। अर्थात्—उज्जयिनीका राजा प्रद्योतका छोरा पालकलाई पिशुन नाम भएका गुरुले नीतिविद्या पढाउँदथे। पढाइ सकिएपछि राजाले छोराको नजीकमा ती पिशुनको धन लुट्ने कुरा गरे। त्यो सुनेर छोराले गुरुद्रोहको बचाउ गर्न गुरुको अगाड़ि घोड़ा जोतीरहेको रथमा चढ़ेर यो घोड़ा एक दिनमा १०० योजन जान सक्दछ भनि बयान गरे। यसबाट आफूलाई जान सङ्केत गरेको ठानेर पिशुन त्यतैबाट छोड़ेर गएथे।

७. कुकुर भुकेको सुनेर पिशुनका छोरा हिंडेथे। अर्थात्—पिशुन आचार्यका छोरा बालकै उमेरमा नीतिविद्या राम्ररी पढ़ी राजाको आश्रयमा रहेका थिए। राजाले पनि यिनी बेस विद्वान् छन् भनि निको मान्दथे। एक दिन राजाले यिनी केटाकेटी हुनाले ऐले नै मन्त्री पदमा राख्नयोग्य छैनन्। उमेर नपुगुन्जेल यिनलाई थुनेर राख्नुपर्दछ, नत्र अन्तै जानन् भन्ने मन्त्रणा गरे। त्यो सुनेको कुकुरले पिशुन-पुत्र आउँदा भुक्यो। यसबाट आफूमाथि राजाको दुर्भावना बुझेर तुरुन्तै तिनी छोड़ेर गएथे।

राजाले धन र मानमा हानि गर्नलागेमा छोड़िदिनुपर्दछ। राजाको स्वभाव र आफ्नो अपराधको विचार गरेर राजालाई नछोड़ीकन त्यसको प्रतिक्रिया

गर्नुपर्दछ। मालिकलाई खुशी पार्न मालिकको नजीकको मित्रकहाँ जाने गर्नुपर्दछ।

यहीं बसेर मित्रहरूद्वारा मालिकउपरको आफ्नो अपराधको सफाइ गर्नुपर्दछ। आफूले सफाइ पाएपछि मालिककहाँ नै बसीरहनू अथवा अन्त गए पनि उनी मरेपछि फेरि राजपुत्रकहाँ बस्न फर्केर आउनू।

अथ षष्ठोऽध्यायः

९४–९५ प्रकरणे—राज्यप्रतिसन्धानमेकैश्वर्यं च

राजव्यसनमेवममात्यः प्रतिकुर्वीत। प्रागेव मरणाबाधभयाद्राज्ञः प्रियहितोपग्रहेण मासद्विमासान्तरं दर्शनं स्थापयेत्। देशपीडापहममित्रापहमायुष्यं पुत्रीयं वा कर्म राजा साधयति। इत्यपदेशेन राजव्यंजनमनुरूपबेलायां प्रकृतीनां दर्शयेत्। मित्रामित्रदूतानां च। तैश्च यथोचितां सम्भाषाममात्यमुखो गच्छेत्। दौवारिकान्तर्वंशिकमुखश्च यथोक्तं राजप्रणिधिमनुवर्तयेत्। अपकारिषु हेडं प्रसादं वा प्रकृतिकान्तं दर्शयेत्। प्रसादमेवोपकारिषु।

आप्तपुरुषाधिष्ठितौ दुर्गप्रत्यन्तस्थौ वा कोशदण्डावेकस्थौ कारयेत्। तुल्यकुमारमुख्यांश्चान्यापदेशेन। यश्च मुख्यः पक्षवान् दुर्गाटवीस्थो वा वैगुण्यं भजेत तमुपग्राहयेत्। बह्वाबाधां वा यात्रां प्रेषयेन्मित्रकुलं वा। यस्माच्च सामन्तादाबाधं पश्येत्, तमुत्सवविवाहहस्तिबन्धनाश्वपण्यभूमिप्रदानापदेशेन अवग्राहयेत्। स्वमित्रेण वा। ततः सन्धिमदूष्यं कारयेत्। आटविकामित्रैर्वा वैरं ग्राहयेत्। तत्कुलीनमवरुद्धं वा भूम्येकदेशेनोपग्राहयेत्।

कुल्यकुमारमुख्योपग्रहं कृत्वा वा कुमारमभिषिक्तमेव दर्शयेत्। दाण्डकर्मिवद्धा राज्यकण्टकानुद्धृत्य राज्यं कारयेत्। यदि वा कश्चिन्मुख्यः सामन्तादीनामन्यतमः कोपं भजेत्, तम् 'एहि राजानं त्वां करिष्यामि' इत्यावाहयित्वा घातयेत्। आपत्प्रतीकारेण वा साधयेत्।

युवराजे वा क्रमेण राज्यभारमारोप्य राजव्यसनं ख्यापयेत्। परभूमौ राजव्यसने मित्रेणामित्रव्यंजनेन शत्रोः सन्धिमवस्थाप्यापगच्छेत्। सामन्तादीनामन्यतमं वास्य दुर्गे स्थापयित्वापगच्छेत्। कुमारमभिषिच्य वा प्रतिव्यूहेत। परेणाभियुक्तो वा यथोक्तमापत्प्रतीकारं कुर्यात्। एवमेकैश्वर्यममात्यः कारयेदिति कौटिल्यः।

नैवमिति भारद्वाजः। प्रम्रियमाणे वा राजन्यमात्यः कुल्यकुमारमुख्यान् परस्परं मुख्येषु वा विक्रामयेत्। विक्रान्तं प्रकृतिकोपेन घातयेत्। कुल्यकुमारमुख्यानुपांशुदण्डेन वा साधयित्वा स्वयं राज्यं गृह्णीयात्। राज्यकारणाद्धि पिता पुत्रान् पुत्राश्च पितरमभिद्रुह्यन्ति, किमङ्ग पुनरमात्यप्रकृतिर्ह्येकप्रग्रहो राज्यस्य। तत्स्वयमुपस्थितं नावमन्येत। स्वयमारूढा हि स्त्री त्यज्यमानाभिशपतीति लोकप्रवादः।

कालश्च सकृदभ्येति यं नरं कालकांक्षिणम्।
दुर्लभः स पुनस्तस्य कालः कर्म चिकीर्षतः॥ १॥

प्रकृतिकोपकमधर्मिष्ठमनैकान्तिकं चैतदिति कौटिल्यः। राजपुत्रमात्मसम्पन्नं राज्ये स्थापयेत्। सम्पन्नाभावे व्यसनिनं कुमारं राजकन्यां गर्भिणीं देवीं वा पुरस्कृत्य महामात्रान् सन्निपात्य ब्रूयात्—'अयं वो निक्षेपः, पितरमस्यावेक्षध्वं सत्त्वाभिजनमात्मनश्च, ध्वजमात्रोऽयं, भवन्त एव स्वामिनः, कथं वा क्रियतामिति'। तथा ब्रुवाणं योगपुरुषा ब्रूयुः—'कोऽन्यो भवत्पुरोगादस्माद्राज्ञश्चातुर्वर्ण्यमर्हति पालयितुमिति'। तथेत्यमात्यः कुमारं राजकन्यां गर्भिणीं देवीं वाधिकुर्वीत। बन्धुसम्बन्धिनां मित्रामित्रदूतानां च दर्शयेत्।

भक्तवेतनविशेषममात्यानामायुधीयानां च कारयेत्। भूयश्चायं वृद्धः करिष्यतीति ब्रूयात्। एवं दुर्गराष्ट्रमुख्यानाभाषेत, यथार्हं च मित्रामित्रपक्षम्। विनयकर्मणि च कुमारस्य प्रयतेत। कन्यायां समानजातीयादपत्यमुत्पाद्य वाभिषिचेत्। मातुश्चित्तक्षोभभयात्कुल्यमल्पसत्त्वं छात्रं च लक्षण्यमुपनिदध्यात्। ऋतौ चैनां रक्षेत्। न

चात्मार्थं कंचिदुत्कृष्टमुपभोगं कारयेत् । राजार्थं तु यानवाहनाभरणवस्त्रस्त्रीवेश्मपरिवापान् कारयेत् ।

यौवनस्थं च याचेत विश्रमं चित्रकारणात् ।
परित्यजेददुष्यन्तं तुष्यन्तं चानुपालयेत् ॥ २ ॥
निवेद्य पुत्ररक्षार्थं गूढसारपरिग्रहान् ।
अरण्यं दीर्घसत्रं वा सेवेताहच्यतां गतः ॥ ३ ॥
मुख्यैरवगृहीतं वा राजानं तत्प्रियाश्रितः ।
इतिहासपुराणाभ्यां बोधयेदर्थशास्त्रवित् ॥ ४ ॥
सिद्धव्यंजनरूपो वा योगमास्थाय पार्थिवम् ।
लभेत लब्ध्वा दूष्येषु दाण्डकर्मिकमाचरेत् ॥ ५ ॥

इति कौटिलीये अर्थशास्त्रे योगवृत्ते पंचमेऽधिकरणे
राजप्रतिसन्धानमेकैश्वर्यं नाम षष्ठोऽध्यायः ॥ ६ ॥
आदितः षण्णवतितमोऽध्यायः ॥ ९६ ॥

समाप्तमिदं योगवृत्तं नाम पंचममधिकरणम् ।

अध्याय ६

प्रकरण ९४–९५

(राजाउपर सङ्कटको प्रतिक्रिया, एउटैको प्रभुत्व गरिनु)

राज्यप्रतिसन्धान—

(यस प्रकरणमा राजाउपर विपत्ति पर्नआएमा तिनका छोरालाई अभिषेक दिएर प्रतीकार गर्ने कुरा बताइन्छ ।)

राजा अस्वस्थ भई सङ्कट परेमा प्रधानमन्त्रीले यस्तो व्यवस्था गर्नुपर्छ— राजाको मृत्यु-सङ्कट हुनुभन्दा अगिबाटै राजाका प्रिय र हित मानिससंग

मिलेर महीना-दुई-महीनामा राजाले अरूलाई दर्शन दिने गराउनू । देशको पीड़ा-बाधा शमन गर्न, शत्रुलाई हटाउने वा आयु बढने, पुत्र पाउने विधान राजाले गर्नलाग्नुभएको छ भन्ने बहाना गरी राजाकै जस्तो वेश-भूषा राजचिह्न गराई सुहाउँदो मानिसलाई उचित समयमा प्रकृतिवर्गलाई र मित्र-शत्रुका दूतहरूलाई दर्शन दिनलाउनू । उनीहरूसंग मन्त्रीद्वारा उचित कुराकानी गराउनू । ढोके अन्तःपुरको अधिकारी पुरुषको मुखद्वारा राजाका चरहरूसंग काम गराउनू । बिगार गर्नेसाथि अनादर गर्न वा खुसी नै जनाउने कुरा प्रकृतिवर्गको रायअनुसार गर्ने, उपकार गर्नेहरूउपर खुसी नै भनाउने व्यवस्था गर्नू ।

किल्ला र देशको सीमानामा विश्वासी पुरुषको अध्यक्षता गराई त्यहाँ रहेको कोश र सेनालाई एकै ठाउँमा जंमा पार्नू । राजखान्दानका मुख्य मानिस र राजकुमारलाई पनि अर्कै बहाना गरेर एकै ठाउँमा जम्मा पारी राख्नू ।

कुनै मुख्य पुरुष, सहाय भएको मानिस, किल्ला वा जङ्गलमा रहने मानिस विरोधी भएमा त्यस्तालाई हरतरहसंग आफ्नो पक्षमा लिनू । धेरै बाधा दिनलागेमा कहीं सम्हाल्नुपर्ने ठाउँमा अथवा सहायता गर्न भनि मित्रकहाँ पठाइदिनू ।

सीमाना जोरिएको जुन सामन्तबाट आफूलाई पीर-बाधा हुने देखिन्छ त्यस्तालाई कुनै उत्सव, विवाह, हात्ती पक्रनु, घोडा बिक्रीको बजार हेर्ने, जमीन दिने आदि बहाना गरेर बोलाई अनुकूल गराउनू ।

किंवा आफ्नो मित्रद्वारा हातमा लिनू अनि त्यस्तासंग पक्का सन्धि गराउनू ।

आफ्नो हातमा नआउने सन्धि नगर्नेलाई जङ्गलीदल वा अमित्रदल-संग विरोध गराइदिनू । सामन्तको खान्दान वा कुनै थुनामा परेकोलाई अलिकति जमीन दिएर त्यसद्वारा दमन गराउनू ।

राजाको ज्यान छउन्जेल यस किसिमको व्यवस्था गरेर कदाचित् राजाको मृत्यु भयो भने राजघरानका र राजकुमार, राष्ट्रका प्रधानपुरुषहरू, सबैलाई मिलाएर राजकुमारलाई अभिषेक गरेरै देखाउनू । दण्डकर्ममा बताएको विधानअनुसार राज्यका कण्टकजस्ता पीर-बाधा गर्नेहरूलाई दमन गरेर राज्य गर्नलाउनू ।

कदाचित् कुनै प्रधानपुरुष वा सामन्तहरूमा कुनैले कोप देखाउन लागे भने ऐलहे काम चलाउको निम्ति यिनलाई खड़ा गरेको हो, आऊ तिमीलाई

नै राजा बनाउँछौं, भनेर बोलाई, कसैबाट मराउनू। कदाचित् त्यो बोलाउँदा आएन भने आपत्प्रतीकार-प्रकरणमा भनेबमोजिमको उपाय गरेर त्यसलाई तह लाउनू।

युवराजमाथि राजा छँदैमा राज्यको भार क्रमैसंग बोकाएर समर्थता देखाई राजाको मृत्युको समाचार फिंजाउनू।

आफ्नो देशभित्र नभएर कदाचित् पराईको देशमा राजाको मरण भयो भने आफ्नो अमित्रजस्तो देखाइएको मित्रसंग शत्रुको सन्धि गराएर आफू पर सर्नू। आफ्ना सामन्तहरूमा कुनैलाई शत्रुको किल्लामा कोश र दण्डको रक्षामा लगाई आफू केही निहुँ देखाएर हट्नू। अथवा युवराजलाई तुरुन्त अभिषेक गरेर फौज लिएर शत्रुसंग भिड्नू।

एकैश्वर्य—

यस किसिमसंग प्रधानमन्त्रीले राजकुमारको एकैश्वर्य (एकाधिपत्य) गराउनू भनि कौटिल्य भन्दछन्। भारद्वाज भने—त्यसो होइन, राजा मर्न लागेमा मन्त्रीले राजघरानाका पुरुष, राजकुमार, राष्ट्रका मुख्य पुरुषहरूलाई परस्परमा, वा मुख्य पुरुषप्रति लड़ाउनू। विशेष पराक्रम देखाउनेलाई प्रकृतिवर्गको कोपद्वारा मराउनू किंवा खान्दानका राजकुमार-विरोधी प्रधानपुरुषहरू सबैलाई गुप्तहत्या गराएर प्रधानमन्त्रीले राज्य आफ्नो हातमा लिनू। राज्यको निम्ति बाबुले छोरालाई, छोराले बाबुलाई, द्रोह गर्ने हुन्छन् भने राज्यको मुख्य कर्णधार चंजापञ्जा गर्ने बनेको मन्त्रीले विरोध किन नगरोस्। राज्य एक्टैको हातमा रहने नियम छैन। आफै आइपरेको राज्यलाई हेला गर्न हुँदैन। आफै कामना गरेर आएकी स्त्रीलाई छोड़िदिएमा शराप दिन्छे भन्ने लोकको भनाइ पनि छ।

मौका खोजेर हिंड्ने जुन मानिसलाई एकपल्ट मौका आउँछ, काम गर्न चाहने त्यस मानिसलाई फेरि त्यस्तो मौका आउँदैन।

कौटल्य भन्दछन् कि—यो कुरा ठीक होइन, यसरी सबै माथिल्ला वर्गमा परस्परमा झगडा पारेर अमात्यले आफ्नो हातमा राज्य लिनु प्रकृतिवर्गलाई चीढ उठाउने धर्मविपरीत र काम सिद्ध गर्ने नियम पनि नभएको छ।

यसकारण गुणसम्पन्न राजकुमारलाई नै राज्यमा राख्नु पर्दछ। भनेजस्ता गुणी राजपुत्र नभए व्यसनी नै भए पनि राजपुत्रलाई वा राजकुमारीलाई वा गर्भवती रानीलाई अगि सारेर सबै महामात्र(प्रधान पुरुष)हरूलाई जंमा गरेर प्रधानमन्त्रीले यिनी तपाइँहरूमा नासो राखिएका छन्, यिनका

बाबुलाई र आफ्नो निर्मल हृदय र कुल पनि विचार गर्नुहोस्, यिनी केवल झण्डा मात्र हुन्, तपाईंहरू नै मालिक हुनुहुन्छ, कसो गर्ने भन्नुहुन्छ—भनि भन्नू।

अनि अगिदेखि नै मिलाइराखेका योग्य पुरुषहरूले मिलेर—तपाईंजस्ता बाटो देखाउने अगि लागेका यहाँ राजादेखि अर्को कसले यो राज्य पालना गर्नशक्तछ—भनि भन्नू। हुन्छ भन्ने सबैको अनुमति लिएर प्रधानमंत्रीले राजकुमार वा राजकुमारी वा गर्भिणी रानीमा राज्यको अधिकार दिएर बन्धु, बान्धव, सम्बन्धी, मित्र, अमित्रका दूतहरूलाई दर्शन दिलाउनू।

अनि अमात्यहरूलाई र शस्त्रधारीहरूलाई पनि भत्ता वेतन बढ़ाउन लाउनू। अझ यहाँ बढ्दैगएपछि फेरि बढाइदिनुहुनेछ भनि भन्नू। यसै गरी किल्ला राष्ट्रका मुख्यहरू र मित्र-अमित्रका पक्षका मानिसहरूसंग पनि यथोचित कुरा गर्नू। नयाँ अभिषिक्त राजकुमारलाई शिक्षा दिलाउने यत्न गर्नू। अथवा अधिकार पाएकी राजकुमारीलाई समान-जातीय योग्यसंग विवाह गराएर तिनबाट पुरुष सन्तान पैदा गराएर त्यसलाई राज्यमा अभिषेक दिनू। राजकुमारकी आमालाई मनमा धक्का लाग्ला भन्ने डरले त्यस कुलको थोरै तेजस्वी बुद्धिमान राम्रो लक्षण परेको छात्र(पढ्ने केटो)लाई नजीकमा राखिदिनू। त्यसले कथा-पुराणहरू सुनाएर मन बहलाउने गर्दछ। राजमाताको ऋतुकालमा प्रधानमन्त्रीले केही खराबी नहोस् भनि यादविचार राख्ने गर्नू। नयाँ राजाको निम्ति सवारी, वाहन, गहना, वस्त्र, स्त्री-जन, भवन, सामानहरू विशेष जोरिदिनू।

राजकुमार जवान भएपछि उनको मन बुझ्न आफूले विश्राम लिन माग गर्नू। बेखुश भएर हुन्छ जाऊ भने छोड़िदिनू। खुशी भएर नजाऊ भने तिनको सेवा गरीरहनू।

प्रधानमन्त्रीले आफ्नो मनमा वैराग्य उठेर राज्य-भार बिसाउनै चाहेमा राजकुमारको रक्षाका निमित्त गुप्तचरहरू, प्रधान-सेना, बाबु-बराज्यूका पालादेखिको सञ्चित गुप्तधन आदि सबै राजपुत्रलाई निवेदन गरेर तपस्या गर्न जङ्गलतिर वा धेरै समय लाग्ने यज्ञयागादितिर लाग्नू।

राजाका नातागोताका मानिसहरूले राजालाई आफ्नो अधीन पार्न लागेमा उनका पियारा मानिसलाई नै आश्रय गरी नचिढ़ाएर इतिहास-पुराणहरू सुनाएर अर्थशास्त्रका विषयको बोध गराउनू।

त्यसरी बुझाउन नशकिएमा कुनै मानिसले सिद्धको रूप लिएर अनेक इन्द्रजालको विद्या देखाएर राजालाई वशमा पार्नू। दूष्य (विरोधी) दलहरूमा दण्डविधानमा लेखेबमोजिम दण्ड प्रयोग गर्नू।

अथ मण्डलयोनिः षष्ठमधिकरणम्

अथ प्रथमोऽध्यायः

९६ प्रकरणे—प्रकृतिसम्पदः

स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्राणि प्रकृतयः । तत्र स्वामिसम्पत्—महाकुलीनो दैवबुद्धिसत्त्वसम्पन्नो वृद्धदर्शी धार्मिकः सत्यवागविसंवादकः कृतज्ञः स्थूललक्षो महोत्साहोऽदीर्घसूत्रः शक्यसामन्तो दृढबुद्धिरक्षुद्रपरिषत्को विनयकाम इत्याभिगामिका गुणाः । शुश्रूषाश्रवणग्रहणधारणविज्ञानोहापोहतत्त्वाभिनिवेशाः प्रज्ञागुणाः ।

शौर्यममर्षः शीघ्रता दाक्ष्यं चोत्साहगुणाः । वाग्मी प्रगल्भः स्मृतिमतिबलवानुदग्रः स्ववग्रहः कृतशिल्पो व्यसने दण्डनाय्युपकारापकारयोर्दृष्टप्रतिकारी ह्रीमानापत्प्रकृत्योर्विनियोक्ता दीर्घदूरदर्शी देशकालपुरुषकारकार्यप्रधानः सन्धिविक्रमत्यागसंयमपणपरच्छिद्रविभागी संवृतादीनाभिहास्यजिह्मभ्रुकुटीक्षणः कामक्रोधलोभस्तम्भचापलोपतापपैशुन्यहीनः शक्यः स्मितोदग्राभिभाषी वृद्धोपदेशाचार इत्यात्मसम्पत् । अमात्यसम्पदुक्ता पुरस्तात् ।

मध्ये चान्ते च स्थानवानात्मधारणः परधारणश्चपदि स्वारक्षः स्वाजीवः शत्रुद्वेषी शक्यसामन्तः पंकपाषाणोषरविषमकण्टकश्रेणीव्यालमृगाटवीहीनः कान्तः सीताखनिद्रव्यहस्तिवनवान् गव्यः पौरुषेयो गुप्तगोचरः पशुमाद् अदेवमातृको वारिस्थलपथाभ्यामुपेतः सारचित्रबहुपण्यो दण्डकरसहः कर्मशीलकर्षकोऽबालिशस्वाम्यवरवर्णप्रायो भक्तशुचिमनुष्य इति जनपदसम्पत् । दुर्गसम्पदुक्ता पुरस्तात् ।

धर्माधिगतः पूर्वैः स्वयं वा हेमरूप्यप्रायश्चित्रस्थूलरत्नहिरण्यो दीर्घामप्यापदमनायतिं सहेतेति कोशसम्पत् । पितृपैतामहो नित्यो वश्य-

स्तुष्टभृतपुत्रदारः प्रवासेष्वविसम्वादितः सर्वत्राप्रतिहतो दुःखसहो बहुयुद्धः सर्वयुद्धप्रहरणविद्याविशारदः सहवृद्धिक्षयिकत्वादद्वैध्यः क्षत्रप्राय इति दण्डसम्पत् । पितृपैतामहं नित्यं वश्यमद्वैध्यं महल्लघुसमुत्थमिति मित्रसम्पत् । अराजजीवी लुब्धः क्षुद्रपरिषत्को विरक्तप्रकृतिरन्यायवृत्तिरयुक्तो व्यसनी निरुत्साहो दैवप्रमाणो यत्किंचनकार्यगतिरननुबन्धः क्लीबो नित्यापकारी चेत्यमित्रसम्पत् । एवम्भूतो हि शत्रुः सुखः समुच्छेत्तुं भवति ।

अरिवर्जाः प्रकृतयः सप्तैताः स्वगुणोदयाः ।
उक्ताः प्रत्यङ्गभूतास्ताः प्रकृता राजसम्पदः ॥ १ ॥

सम्पादयत्यसम्पन्नाः प्रकृतीरात्मवान्नृपः ।
विवृद्धाश्चानुरक्ताश्च प्रकृतीर्हन्त्यनात्मवान् ॥ २ ॥

ततः स दुष्टप्रकृतिश्चातुरन्तोऽप्यनात्मवान् ।
हन्यते वा प्रकृतिभिर्याति वा द्विषतां वशम् ॥ ३ ॥

आत्मवाँस्त्वल्पदेशोऽपि युक्तः प्रकृतिसम्पदा ।
नयज्ञः पृथिवीं कृत्स्नां जयत्येव न हीयते ॥ ४ ॥

इति कौटिलीये अर्थशास्त्रे मण्डलयोनौ षष्ठेऽधिकरणे
प्रकृतिसम्पदो नाम प्रथमोऽध्यायः ॥ १ ॥

षष्ठ अधिकरण मण्डलयोनि (राजमण्डलरूप प्रकृति)

अध्याय १

प्रकरण ९६

प्रकृतिहरूमा हुनुपर्ने गुण

[राजनीतिका प्रधान विषय दुई छन् : १. तन्त्र—स्वराज्यसम्बन्धी भित्री विचार, २. आवाय—परराष्ट्र-सम्बद्ध बाहिरी विचार। यी दुइमा

आरंभदेखि योगवृत्तसंमका पाँच अधिकरणबाट तन्त्र—स्वराष्ट्र-सम्बन्धी व्यवस्थाको विशेषरूपले वर्णन गरियो। अब छैटौं अधिकरणदेखि आवाय—परराष्ट्रसंग सम्बन्ध राख्ने विषयको व्यवस्था वर्णन गरिन्छ।

यो मण्डलयोनि नाम भएको छैटौं अधिकरणमा विजिगिषु—प्रधान नायक राजा, अरि—शत्रु, मध्यम—बिचमा पर्ने, उदासीन—तटस्थ, यी चार अवयव भएको राजमण्डल-स्वरूप योनि अर्थात् पछि कहिने सन्धि-विग्रह आदि षाड्गुण्यको उत्पत्तिमा मूल कारण हुने प्रकृतिको निरूपण गरिन्छ।]

राज्यका प्रकृति—परस्पर मिलेर उपकार गर्ने प्रधान तत्त्वहरू ६ मानिन्छन् :—

१. स्वामी—विजिगीषु—मुख्य मालिक राजा,
२. अमात्य—राजालाई बुद्धिले कामले सहायता दिने मन्त्रीहरू,
३. जनपद—प्रजाहरूको बस्ति भएको गाउँ-सहरहरू,
४. दुर्ग—राज्यलाई रक्षा गर्ने किल्ला,
५. कोश—सबै व्यवहारको साधन हुने सम्पत्तिको ढुकुटी,
६. दण्ड—कुबाटो हिड्नेलाई तह लाउने राज्यको रक्षा गर्ने सेना,
७. मित्र—बखतमा सहायता गर्ने सुहृद्।

यीमध्यमा—

(१) स्वामीमा हुनु पर्ने महत्त्व गराउने गुण—

(क) आभिगामिक-गुण :—

ठूलो कुलको, भाग्यवान्, बुद्धिमान्, ज्ञानवृद्धहरूसंग सम्पर्क राख्ने, धार्मिक, सत्य बोल्ने, बोलेबमोजिम काम गर्ने, उपकार संझने, उदार, उमेद भएको, छोटो काम गर्ने, सामन्तहरूलाई अधीनमा राख्नशक्ने, अटल निश्चय भएको, वरिपरि सभामा बस्नेहरूमध्यमा गुणी भएको, शास्त्रको संस्कार चाहने हुनु—यस्ता १६ किसिमका छन्।

(ख) बुद्धिका गुण :—

१. असल कुरा सुन्न इच्छा हुनु, २. ध्यान दिएर सुन्नु, ३. सुनेको कुरा राम्ररी बुझ्नु, ४. बुझेको कुरा संझीरहनु, ५. विशेष ज्ञान, ६. जानेको कुरामा उपपत्तिसाथ तर्क-वितर्क गर्नु, ७. खराब पक्ष नलिनु, ८. असल पक्षमा दृढ रहनु।

(ग) उत्साहका गुण :—

१. निर्भय हुनु, २. अर्काको दबाव सहन नशक्नु, ३. कन्जूस नहुनु, ४. सिपालु हुनु ।

(घ) आत्मसम्पद् (आफूमा हुनु पर्ने गुण)—

बोलक्कड़, धृष्ट, अगिको कुरा संझने, पछिको विचार गर्ने, शरीर-इन्द्रिय बलियो भएको, ठूलो मन भएको, खराब कामबाट सहजै हट्ने, हात्ती-घोड़ा-हतियारहरूको विद्यामा निपुण, शत्रुको सङ्कट-अवस्थामा आफ्नो सैन्यलाई बचाउ पारेर दमन गर्न पठाउने, उपकार वा अपकार गरेमा तुरुन्त प्रतिक्रिया गर्नु, अकृत्य गर्न लाज मानेर विमुख हुने, दुर्भिक्ष सुभिक्ष आदि विपत्ति र स्वाभाविक अवस्थाअनुसार प्रबन्ध गर्ने, टाढ़ासंम पछिसंमको कुरा देख्ने, देश-कालअनुसार पुरुषार्थको काम मुख्य मान्ने, सन्धि वा विरोधको प्रयोगमा दक्ष, मौकाअनुसार दिनशक्ने, प्रजालाई पीर-बाधा नदिईकन ऐश्वर्य बढ़ाउने, शत्रुको छिद्र पत्ता लाएर उचित प्रयोग गर्ने, आफ्नो मन्त्रणा गुप्त राख्ने, दीन-दुःखीसंग ठट्टा नगर्ने, आँखा नतरी आँखिभौं नमर्काई सौम्य दृष्टिले हेर्ने, काम, क्रोध, लोभ, घमण्ड,-चकचक,-द्रोह,-छुचोपन नभएको, पियारो बोल्ने, मुसुक्क हाँसेर राम्रो गरी बोल्ने, बुढा-पाकाको उपदेशबमोजिम व्यवहार गर्ने—यस्ता गुणले सम्पन्न राजा हुनुपर्दछ ।

(२) अमात्यमा हुनुपर्ने गुण यो यो भनि अगि (विनयाधिकरण १ अध्याय ५ प्रकरणमा) भनिएको छ ।

(३) जनपद–देशमा हुनुपर्ने महत्त्व गराउने गुण—

बिचमा र सीमानामा किल्ला भएको, देशभित्रका र बाहिरबाट आउने समेतलाई पाल्नशक्ने, शङ्कटको समयमा पर्वत-नदी-किल्ला भएकोले रक्षा गर्न शक्ने, थोरै परिश्रमबाट अनाजको उत्पादन हुने हुनाले जीविका गर्न सुविस्ता हुने, राजशत्रुलाई द्वेष गर्न स्वभाव भएका प्रजा भएको, सामन्त र रजौटाहरू निर्धा भएको, धाप-ढुंगेन-ऊसर-अग्लो-होचो ठाउँ र चोर-डाकूको दल, हिंसक-जन्तुको जङ्गलहरू नभएको वृक्ष-औषधी-नदी-दह-तलाउ-बगैंचा-हरू भएर रमाइलो, खेतीको जमीन, खानि, असल काठको वन, हात्ती हुने वन भएको, गाई-भैंसीहरू पाल्नहुने, मानिसहरूलाई सुविधा दिने, गौचर जमीन सुरक्षित भएको, दोपाया-चौपायाहरू प्रशस्त भएको, नदीहरूको

पानी प्रशस्त भएर आकाशे-वर्षाको भर पर्नुनपर्ने, स्थलमार्ग जलमार्ग दुवै भएको, असल किसिमका धेरै किन्ने माल पाइने, दण्डको धन र कर तिर्नशक्ने जन भएको, खेती गर्नेहरू जाँगरिला भएको, मालिकहरू बुद्धिमान भएको, तल्लो खालका काम गर्ने मानिस धेरै भएको, राजा र देशका भक्त पवित्र व्यवहार हुने मानिस भएको—यस्तो जनपद हुनुपर्दछ।

(४) दुर्ग किल्ला यस्तो हुनुपर्दछ भन्ने त्यसको गुण अगि किल्ला बनाउने विषयको प्रकरणमा भनिएको छ।

(५) कोश-ढुकुटीको महत्त्व गराउने गुण—

शास्त्रमा भनेअनुसार धर्मपूर्वक न्यायमार्गबाट पूर्वपुरुषहरूले आफूले सञ्चय गरिएको सुन-चाँदी धेरै भएको, नाना रङ्गका ठूला रत्नहरू र सुनका सिक्काहरू भएको, धेरै कालसम्मको दीर्घ-सङ्कट-दुर्भिक्ष आदि पनि खप्नशक्ने कोश हुनुपर्दछ।

(६) दण्ड-फौजको महत्त्व गराउने गुण—

बाबुबराज्यूको पालादेखिको, पछिसंम सेवा गरीरहने, वशमा रहने, छोरा-स्वास्नीहरू समेत प्रसन्न रहेको, परदेश यात्राहरूमा पनि सुबिस्तासाथको खानपिन दिई पालिएको, कहीं पनि ठक्कर नखाई विजयी हुने, परिआएको दुःख सहनशक्ने, धेरै पटक युद्धको अनुभव पाएको, सबै किसिमका युद्ध र हतियार चलाउने विद्यामा निपुण, स्वामीको बढ़तीमा बढ़ने घटतीमा घटने भई कहिल्यै पनि स्वामीसंग नडगेर रहने क्षत्रियजाति धेरै भएको यस्तो फौज महत्त्वको हुन्छ।

(७) मित्रमा हुनुपर्ने गुण—

बाबुबराज्युको पालादेखिको, कहिल्यै नडग्ने, आफ्नो तहमा रहने, दोधारे नभएको, प्रभुशक्ति-मन्त्रशक्ति-उत्साहशक्ति भएको, मौकामा तुरुन्त सहायता दिन उठने, यस्तो मित्र हुनुपर्दछ।

(८) अमित्रमा हुनुपर्ने दोषको सम्पत्ति—

राजघराना नभएको, लोभी, संगी-साथीहरू क्षुद्र-प्रकृतिका भएको, प्रकृतिवर्गहरूसित अनुराग नगर्ने भएको, अन्यायी-व्यवहार भएको, आफ्नो देशलाई माथि उठाउन नशक्ने, व्यसनमा लागेको, उत्साह नभएको, अन्यायी व्यवहार भएको, भाग्यकै भर मान्ने, विचार नगरीकन हठ गर्ने, सहाय नभएको, लाछी, आफ्नामा र पराईमा सधैं अपकार गर्ने, यस्तो शत्रु हुनुपर्दछ। यस किसिमको शत्रुलाई उखेल्न सजिलो हुन्छ।

यी आठ प्रकृतिहरूमध्यमा शत्रुबाहेक अरू ७ प्रकृतिहरू आफूमा हुनुपर्ने गुणले सम्पन्न भएर विजिगीषु राजाका अङ्ग-प्रत्यङ्गजस्ता बनेका हुनालाई राजसम्पद् भन्दछन् । राजा आफूमा हुनुपर्ने गुणले पूर्ण छ भने अरु प्रकृतिहरू कमजोर भए पनि गुणवान् गराउनशक्तछ । राजा आफै गुणरहित छ भने गुणी अनुरागी प्रकृतिहरूलाई पनि नाश पार्दछ ।

प्रकृतिवर्ग पनि दुष्ट र राजा आफू पनि गुणरहित छ भने चक्रवर्ती राजा भए पनि आफ्नै प्रकृतिवर्गबाट मारिन्छ, किंवा शत्रुको वशमा पर्दछ ।

राजा आफू गुणसम्पन्न र अरू प्रकृतिको महत्त्वले पनि परिपूर्ण, नीति जान्ने छ भने सानै देशको राजा भए पनि सम्पूर्ण पृथिवी जित्ने हुन्छ, कहिल्यै बिग्रँदैन ।

अथ द्वितीयोऽध्यायः

९७ प्रकरणे—शमव्यायामिकम्

शमव्यायामौ योगक्षेमयोर्योनिः कर्मारम्भाणां योगाराधनो व्यायामः । कर्मफलोपभोगानां क्षेमाराधनः शमः । शमव्यायामयोर्योनिः षाड्गुण्यम् । क्षयस्थानं वृद्धिरित्युदयास्तस्य मानुषं नयापनयौ दैवमयानयौ । दैवमानुषं हि कर्म लोकं यापयति । अदृष्टकारितं दैवम् । तस्मिन्निष्टेन फलेन योगोऽयः । अनिष्टेनानयः । दृष्टकारितं मानुषम् । तस्मिन् योगक्षेमनिष्पत्तिर्नयः । विपत्तिरपनयः । तच्चिन्त्यम् । अचिन्त्यं दैवमिति ।

राजा अमात्यद्रव्यप्रकृतिसम्पन्नो नयस्याधिष्ठानं विजिगीषुः । तस्य समन्ततो मण्डलीभूता भूम्यनन्तरा अरिप्रकृतिः । तथैव भूम्येकान्तरा मित्रप्रकृतिः । अरिसम्पद्युक्तः सामन्तः शत्रुः । व्यसनी यातव्यः । अनपाश्रयो दुर्बलाश्रयो वोच्छेदनीयः । विपर्यये पीडनीयः कर्शनीयो वा । इत्यरिविशेषाः । तस्मान्मित्रमरिमित्रं मित्रमित्रं

अरिमित्रमित्रं चानन्तर्येण भूमीनां प्रसज्यते पुरस्तात् । पश्चात्पार्ष्णिग्राह आक्रन्दः पार्ष्णिग्राहासार आक्रन्दासार इति । भूम्यनन्तरः प्रकृत्यमित्रः तुल्याभिजनः सहजः । विरुद्धो विरोधयिता वा कृत्रिमः । भूम्येकान्तरं प्रकृतिमित्रं मातृपितृसम्बन्धं सहजं धनजीवितहेतोराश्रितं कृत्रिममिति ।

अरिविजिगीष्वोर्भूम्यनन्तरः संहतासंहयोरनुग्रहसमर्थो निग्रहे चासंहतयोर्मध्यमः । अरिविजिगीषुमध्यानां बहिः प्रकृतिभ्यो बलवत्तरः संहतासंहतानामरिविजिगीषुमध्यमानामनुग्रहे समर्थो निग्रहे चासंहतानामुदासीनः। इति प्रकृतयः । विजिगीषुमित्रं मित्रमित्रं वास्य प्रकृतयस्तिस्रः । ताः पंचभिरमात्यजनपददुर्गकोशदण्डप्रकृतिभिरेकैकशः संयुक्ता मण्डलमष्टादशकं भवति । अनेन मण्डलपृथक्त्वं व्याख्यातमरिमध्यमोदासीनानाम् । एवं चतुर्मण्डलसंक्षेपः । द्वादश राजप्रकृतयः, षष्टिर्द्रव्यप्रकृतयः, संक्षेपेण द्विसप्ततिः ।

तासां यथास्वं सम्पदः शक्तिः सिद्धिश्च । बलं शक्तिः । सुखं सिद्धिः । शक्तिस्त्रिविधा—ज्ञानबलं मंत्रशक्तिः, कोशदण्डबलं प्रभुशक्तिः, विक्रमबलमुत्साहशक्तिः। एवं सिद्धिस्त्रिविधैव मंत्रशक्तिसाध्या मंत्रसिद्धिः, प्रभुशक्तिसाध्या प्रभुसिद्धिः, उत्साहशक्तिसाध्या उत्साहसिद्धिरिति । ताभिरभ्युच्छ्रितो ज्यायान् भवति । अपचितो हीनः। तुल्यशक्तिः समः । तस्माच्छक्तिं सिद्धिं च घटेतात्मन्यावेशयितुम् । साधारणो वा द्रव्यप्रकृतिष्वानन्तर्येण शौचवशेन वा दूष्यामित्राभ्यां वाऽपकृष्टं यतेत ।

यदि वा पश्येत्—'अमित्रो मे शक्तियुक्तो वाग्दण्डपारुष्यार्थदूषणैः प्रकृतीरुपहनिष्यति, सिद्धियुक्तो वा मृगयाद्यूतमद्यस्त्रीभिः प्रमादं गमिष्यति, स विरक्तप्रकृतिरुपक्षीणः प्रमत्तो वा साध्यो मे भविष्यति, विग्रहाभियुक्तो वा सर्वसन्दोहेनैकस्थो दुर्गस्थो वा स्थास्यति, स संहतसैन्यो मित्रदुर्गवियुक्तः साध्यो मे भविष्यति, बलवान् वा राजा

परतः शत्रुमुच्छेदुकामस्तमुच्छिद्यमानमुच्छिन्द्यात्' इति। 'बलवता प्रार्थितस्य मे विपन्नकर्मारम्भस्य वा साहाय्यं दास्यति, मध्यमलिप्सायां च' इति। एवमादिषु कारणेष्वप्यमित्रस्यापि शक्तिं सिद्धिं चेच्छेत्।

नेमिमेकान्तरान् राज्ञः कृत्वा चानन्तरानरान्।
नाभिमात्मानमायच्छेन्नेता प्रकृतिमण्डले ॥ १ ॥
मध्ये ह्युपहितः शत्रुर्नेतुर्मित्रस्य चोभयोः।
उच्छेद्यः पीडनीयो वा बलवानपि जायते ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे मण्डलयोनिनाम्नि षष्ठेऽधिकरणे शमव्यायामिकं नाम द्वितीयोऽध्यायः ॥ २ ॥ आदितोऽष्टनवतितमोऽध्यायः ॥९८॥

समाप्तमिदं मण्डलयोनिर्नाम षष्ठमधिकरणम्

अध्याय २

प्रकरण ९७

(शान्ति र उद्योग)

शम र व्यायाम—

(कामका फलको आनन्दसाथ उपभोग गर्नु शम—शान्ति हो। कामको उठानमा चाहिने साधनहरू जुटाउनु व्यायाम—उद्योग हो। यी दुई विषयको निरूपण यस प्रकरणमा गरिन्छ।)

योग अर्थात् अपूर्व लाभ—नयाँ आर्जन र क्षेम—पाएका कुराको सुरक्षासाथ उपभोग, यी दुइमा व्यायाम—उद्योग र शम—शान्ति कारण हुन्छन्। अर्थात् उद्योगले अपूर्व विषयको लाभ हुन्छ, शान्तिले प्राप्त विषयको निर्विघ्न (आनन्दपूर्वक) फलभोग हुन्छ।

आफ्नो देशमा किल्लाआदिको व्यवस्था र पराई देशसंग सन्धि-विग्रह आदिको व्यवस्था-सम्बन्धी, कामको उठानमा चाहिने मानिस-साधनहरूको

योग (सम्बन्ध) गराउने व्यायाम—(उद्योग) हो। यी कामहरूका फल आफ्नो देशभित्र रत्न,-सार,-क्षुद्र वस्तु,-नगद,-जिनिसहरूको उपयोग र पराई देशबाट मित्र,-भूमि,-धनहरूको प्राप्ति भएर, तिनको क्षेम-आनन्दसाथ उपभोग गराउने शम (शान्ति) निर्विघ्नपना नै हो। यो शम र व्यायामका मूल कारण सन्धि-विग्रह-आसन-यान-द्वैध-आश्रय, यी षड्गुण हुन्, अर्थात् पराईसंग मेल गर्नु, चूप लागेर गमखानु, विरोध गर्नु, आक्रमण गर्नु, दोधारे चाल चल्नु, बलियाको आड़ लिनु, यी षड्गुणको देश-काल सुहाउँदो उचित प्रयोग गर्नाले अप्राप्त-विषयको प्राप्ति र प्राप्त-विषयको निर्विघ्न उपभोग हुने हुन्छ।

यो षाड्गुण्यको प्रयोगबाट कहिले क्षय (भएकोभन्दा घट्नु), स्थान (उत्तिकै रहनु),बृद्धि (पहिलेभन्दा बढ्नु) यी फल निस्कन्छन्।

यस्ता फल दिलाउने काम दुइ किसिमका हुन्छन्—१. मानुष्य अर्थात् मनुष्यले आफ्नो बुद्धिबाट गरिने नय—सुनीति वा अनय—दुर्नीति हुन्; २. दैव अर्थात् दैवले गराइने अय—शुभ भाग्य वा अनय दुर्भाग्य हुन्।

यी दैव र मानुष्य दुइ किसिमका कामधन्दाले लोकलाई हिंडाइराखेको छ। अदृष्ट—अर्थात् प्रत्यक्ष हुन नशक्ने धर्म वा अधर्मको आचरणबाट दैव बन्दछ; धर्मबाट बनेको असल दैवले इष्टफल (अर्थ, भूमि, मित्रको लाभ) आदि शुभफल-सामञ्जस्य हुन्छ, त्यही हुनु सुभाग्य हो; अधर्मबाट बनेको खराब दैवले अनिष्ट फल (अर्थको हानि, अप्रिय घटनाहरू) संग सम्बन्ध हुन्छ, यही अनय—दुर्भाग्य हो। प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्तिको सहारा लिएर सन्धि-विग्रह आदि षाड्गुण्यको प्रयोगरूप मानुष कर्मबाट योग (अप्राप्तको प्राप्ति)—क्षेम (प्राप्तको सुरक्षापूर्वक उपभोग) हुनु अय (भाग्य) हो। केही विपत्ति पर्नआउनु अनय (दुर्भाग्य) हो। मानुष कर्म प्रत्यक्ष हुने हुनाले योग-क्षेमको सिद्धि र विपत्तिको परिहारका निमित्त शोच-विचार गर्न सकिने हुन्छ। दैव भने अप्रत्यक्ष हुनाले शोच-विचार गर्न नशकिने अचिन्त्य छ।

मण्डल—

आफूमा हुनुपर्ने स्वामीको गुण र अमात्य आदि प्रकृतिवर्गमा हुनुपर्ने गुणले सर्वाङ्ग परिपूर्ण भएर नीति मार्गको आश्रय लिएर हिंडने राजा नै विजिगीषु (विजयको उमेदवार) बन्दछ।

विजिगीषुको राज्यसंग जोरिएको वरिपरिको देश अरिप्रकृति अर्थात्

शत्रुदेश हुन्छ, त्यसन्दा पल्लोपट्टिको तेस्तो देश शत्रुको शत्रुदेश हुनाले विजिगीषुको मित्रप्रकृति अर्थात् मित्रदेश हुन्छ ।

शत्रु चार किसिमका हुन्छन्--१. शत्रुमा हुने अगि लेखिएको दुर्गुणीपनाले युक्त भएको सामन्त---सिमाना जोरिएको, २. केही व्यसनमा लागेको वा सङ्कट परेको यातव्य अर्थात् अभियान गर्नुपर्ने शत्रु, ३. किल्ला-मित्रहरूको आड नभएको वा आश्रय भए पनि दुर्बल आश्रय भएको हुनाले उच्छेदनीय अर्थात् उखेल्नुपर्ने शत्रु, ४. मित्रहरूको आड भए पनि मझौला बल हुने मित्रको आड़ पाएको आफूलाई बिगार गर्ने कर्शनीय—अर्थात् केहीनकेही गरेर पीड़ा दिई दुर्बल पार्नुपर्ने शत्रु—यति किसिमका शत्रु हुन्छन् ।

१. आफ्नो देश जोरिएको शत्रु, २. त्योभन्दा पल्लो आफूसंग एक अन्तर बिचमा परेको आफ्नो मित्र, ३. त्यसभन्दा दुइ अन्तर बिचमा पर्ने शत्रुपट्टिको मित्र, ४. त्योभन्दा पल्लो तीन अन्तर बिचमा पर्ने आफ्नो मित्रको मित्र, ५. त्यसभन्दा पल्लो चार अन्तर बिचमा पर्ने शत्रुको मित्रको मित्र,—यसरी भूमिको स्थितिअनुसार विजिगीषुको अगाड़िपट्टिका ५ शत्रु-मित्र-प्रकृति हुन्छन् । १. विजिगीषुको देश जोड़िएको पछाडिपट्टिको मौका परेमा पछाडिपट्टिबाट पेल्ने पार्ष्णिग्राह, २. त्योभन्दा पल्लो पार्ष्णिग्राहको शत्रु पार्ष्णिग्राहलाई दबाइदेऊ भनि कराउने विजिगीषुको मित्र आक्रन्द, ३. त्यो आक्रन्दभन्दा पल्लो पार्ष्णिग्राहपट्टि लाग्ने उसको मित्र विजिगीषुको बिगार गर्ने पार्ष्णिग्राहासार, ४. त्यो आसारभन्दा पल्लो आक्रन्दको पछि लाग्ने विजिगीषुको सपार गर्ने आक्रन्दासार,—यस्तो चार किसिमका पछाड़िपट्टिका ४ शत्रु-मित्र-प्रकृति हुन्छन् । यी दुइ थरी गरी ९ र विजिगीषु समेत गरी १० थरी राज्यको राजमण्डल हुन्छ ।

शत्रु दुइ किसिमका हुन्छन्—एक सहज अर्थात् स्वभावसिद्ध विजिगीषुको भूमिसंग जोरिएको, प्रकृतिले नै शत्रु बनेको; र, आफ्नो समान कुलको अंशियार-भैयाद;—यी दुइ सहज-शत्रु हुन् । अर्कोचाहीं कृत्रिम अर्थात् आफूले बिगार गरिदिएको र आफूलाई बिगार गर्ने यी दुइ थरी कृत्रिम अर्थात् कामबाट बनेका शत्रु हुन् ।

मित्र पनि दुइ किसिमका हुन्छन्—एक सहज अर्थात् स्वभावसिद्ध, विजिगीषुको भूमिसंग बिचमा एक अन्तर पर्ने प्रकृतिले मित्र बनेका; र, आमा-बाबुको सम्बन्ध परेको मामा र फूफूको छोरा;—यी दुइ सहज मित्र हुन् । अर्कोचाहीं कृत्रिम धनको निमित्त वा जीविकाको निमित्त आफ्नो आश्रय चाहने; यस्ता मित्र कार्य अर्थात् स्वार्थबाट बनेका मित्र हुन् ।

विजिगीषु र उसको सामुन्नेको शत्रुसंग भूमि जोरिएको विदिशा कुनापट्टिको विजिगीषु र उसको सामुन्नेको शत्रु यी दुइ मिलेमा दुवैलाई मदत भलाइ गर्ने र तिनीहरू फुटेमा दुवैलाई बिगार गर्न दबाउन शक्ने यस्तो हुनाले दुवैलाई मिलाउन दबाउन शक्ने विलक्षण प्रकृति भएको मध्यम (मध्यस्थ) कहलाउँछ।

विजिगीषु अरि-मध्यम यी सबैदेखि अलग रहेको मध्यमभन्दा पनि सेना-बल धन-बल बढ्ता भएको हुनाले विजिगीषु अरि-मध्यम यिनीहरू मिली रहेमा अनुग्रह गर्न र तिनीहरू विरोध गर्न लागेमा दबाउन पनि शक्ने दुवैमा कतैपट्टिको पक्षमा पनि नढल्कने उदासीन (तटस्थ) कहलाउँछ।

अगि लेखिएको अगाडिपट्टिका ५, पछाडिपट्टिका ४, विजिगीषु र यी मध्यम र उदासीन समेत गरेर १२ किसिमका राजप्रकृति हुन्छन्। यी सबैलाई लिएर राजमण्डल हुन्छ।

विजिगीषु राजा, उसको मित्र, मित्रको पनि मित्र, यी तीन एक पक्ष हुने प्रकृति हुन्। यिनीहरू र यिनीहरू प्रत्येकका आफ्ना आफ्ना अमात्य, जनपद, दुर्ग, कोश, सेना, यी प्रकृतिहरू समेत मिलाएर गणना गर्दा १८ अङ्ग भएको विजिगीषुसंग सम्बन्ध राख्ने मण्डल बन्दछ। यस्तै शत्रुसंग सम्बन्ध भएका १८ को मण्डल दोस्रो, यस्तै मध्यमसंग सम्बद्ध भएका १८ को मण्डल तेस्रो, यस्तै उदासीनसंग सम्बन्ध भएका १८ को मण्डल चौथो भई छोटकरीमा ४ मण्डल हुन्छन्।

सबै मण्डलका राजप्रकृति १२, तिनका अमात्यादि प्रकृति ५,५ गरी ६० समेत मिलाउँदा जंमा ७२ हुन्छन्। यी सबै प्रकृतिहरूको अगि भनेबमोजिमका आफ्ना आफ्ना गुण-सम्पद् हुन्छन्।

शक्ति र सिद्धि—

शक्ति भनेको बल हो। सिद्धि भनेको त्यसबाट हुने सुख हो। शक्ति तीन किसिमको हुन्छ—

१. मन्त्र-शक्ति—ज्ञानबल—मन्त्रणा विचार गर्ने बुझ्ने सामर्थ्य,
२. प्रभु-शक्ति—कोश—धन सम्पत्तिको र, दण्ड—सेनाको सामर्थ्य,
३. उत्साह-शक्ति—उमेद पराक्रम गर्ने सामर्थ्य।

यिनैबाट हुने सिद्धि पनि तीन हुन्छन्—

१. मन्त्र-सिद्धि—मन्त्रशक्तिबाट प्राप्त सुख,

२. प्रभु-सिद्धि—प्रभुशक्तिबाट प्राप्त सुख,

३. उत्साह-सिद्धि—उत्साहशक्तिबाट प्राप्त सुख।

यी तीन प्रकारका शक्तिले पूर्ण भएको राजा श्रेष्ठ हुन्छ। यी शक्ति कम भएको राजा हीन हुन्छ। यी शक्तिहरू बढ़ी पनि, घटी पनि नभएको मध्यम प्रमाणको भएको राजा सम (मझौला) हुन्छ। त्यसकारण राजाले आफूमा तीनै थरी शक्ति र तिनबाट हुने सिद्धि (सुख) बढ़ाउने चेष्टा (प्रयत्न) गर्नुपर्दछ। यी शक्ति-सिद्धि आफूमा पूर्ण राख्न नशक्ने सामान्य राजाले आफ्ना प्रकृति वर्गमा क्रमैले अर्थात् सबभन्दा पहिले अमात्यमा, अनि जनपदमा, अनि दुर्गमा, यस्तो क्रमले अथवा जुन प्रकृतिमा पवित्रता (ईमानदारी) छ त्यसमा पहिले शक्ति-सिद्धि बढ़ाउन उद्योग गर्नुपर्दछ। यी प्रकृति वर्गमा पनि शक्ति-सिद्धि बढ़ाउन नशक्ने भएका यी दूष्य (विरोधी) अमित्रहरूद्वारा शत्रुको शक्ति र सिद्धि घटाउन यत्न गर्नुपर्दछ। अर्थात् विजिगीषु राजाले भरसक आफूमा आफ्ना प्रकृतिवर्गमा शक्ति-बल बढ़ाउनुपर्दछ। आफूपट्टि यत्न गर्दा पनि शक्ति बढाउन शकिएन भने दूष्य (अमित्र)हरूलाई अगि सारेर तिनीहरूद्वारा शत्रुको शक्ति घटाउन प्रयत्न गर्नुपर्दछ।

यदि मेरा शत्रु शक्तिवान्-बलवान् भयो भने घमण्डले उर्लेर वाक्पारुष्य (कड़ा बोली), दण्डपारुष्य (कड़ा सजाय), अर्थदूषण (काममा खोट लाउनु)हरूबाट आफ्ना अमात्य आदिलाई चिढ़ाउनेछ। सिद्धिसुख प्राप्त भएर, सिकार-जूवा-मद्य-स्त्रीहरूमा लम्पट भएर, त्यसबाट अमात्यादि प्रकृतिहरू विरक्त हुँदा असहाय दुर्बल बेहोस हुनेछ र मैले दबाउन, वशमा पार्न शकिने हुनेछ; किंवा मैले सबै फौजको सहायता लिएर विरोध गरी आक्रमण गरिएमा म बलियो छु भन्ने शक्तिको घमण्डले एक्लै किल्लामा बसी-रहनेछ। युद्धलाई फौज जंमा गरे पनि मित्र र किल्लाको मद्दत नपाएर मैले दबाउन शकिने हुनेछ, किंवा त्यो शत्रु राजा बलियो भए अर्को देशको शत्रुलाई उखेल्न चाहेर शत्रुलाई उखेले पनि मलाई उखेल्नेछैन, अथवा बलियोले मलाई आक्रमण गर्दा मेरो प्रयत्न विफल हुनगई मैले मध्यमको सहायता चाहेमा मध्यमजस्तो बनेर मलाई सहायता दिनेछ—भन्ने देखिन्छ भने यस्तो कारण परेमा शत्रुको शक्ति-सिद्धि पनि चाहनु पर्दछ।

१२ प्रकरणमा राजाको मण्डलमा प्रधान भएको विजिगीषु राजा, आफ्नो भूमिसंग बिचमा अर्को भई पल्लोपट्टिका मित्रलाई नेमि अर्थात् वरिपरिको

किनारा अरू वरिपरिका राजाहरूलाई आरा जस्तो बनाएर आफू बीचको नाभिजस्तो बन्नू।

विजिगीषु र एक अन्तर बिचमा परी पल्लो मित्र यी दुइको विचमा परेर च्यापिएको शत्रु बलियो भए पनि उच्छेद गर्न वा पीडा दिन शकिने हुन्छ।

६ मण्डलयोनि अधिकरण पूर्ण

अथ षाड्गुण्यं सप्तममधिकरणम्

प्रथमोऽध्यायः

९८-९९ प्रकरणे—षाड्गुण्यसमुद्देशः, क्षयस्थानवृद्धिनिश्चयश्च

षाड्गुण्यस्य प्रकृतिमण्डलं योनिः। सन्धिविग्रहासनयानद्वैधीभावाः षाड्गुण्यमित्याचार्याः। द्वैगुण्यमिति वातव्याधिः, सन्धिविग्रहाभ्यां हि षाड्गुण्यं सम्पद्यत इति। षाड्गुण्यमेवैतदवस्थाभेदादिति कौटिल्यः। तत्र पणबन्धः सन्धिः, अपकारो विग्रहः, उपेक्षणमासनम्, अभ्युच्चयो यानं, परार्पणं संश्रयः, सन्धिविग्रहोपदानं द्वैधीभाव इति षड्गुणाः। परस्माद्धीयमानः सन्दधीत। अभ्युच्चीयमानो विगृह्णीयात्। न मां परो नाहं परमुपहन्तुं शक्त इत्यासीत। गुणातिशययुक्तो यायात्। शक्तिहीनः संश्रयेत। सहायसाध्ये कार्ये द्वैधीभावं गच्छेत्। इति गुणावस्थापनम्।

तेषां यस्मिन् वा गुणे स्थितः पश्येत् 'इहस्थः शक्ष्यामि दुर्गसेतुकर्मवणिक्पथशून्यनिवेशखनिद्रव्यहस्तिवनकर्माण्यात्मनः प्रवर्तयितुं परस्य चैतानि कर्माण्युपहन्तुम्' इति तमातिष्ठेत्, सा वृद्धिः। 'आशुतरा मे वृद्धिर्भूयस्तरा वृद्ध्युदयतरा वा भविष्यति विपरीता परस्य' इति ज्ञात्वा परवृद्धिमुपेक्षेत। तुल्यकालफलोदयायां वृद्धौ सन्धिमुपेयात्। यस्मिन् वा गुणे स्थितः स्वकर्मणामुपघातं पश्येन्नेतरस्य तस्मिन्न तिष्ठेत्। एष क्षयः। 'चिरतरेणाल्पतरं वृद्ध्युदयतरं वा क्षेष्ये, विपरीतं परः' इति ज्ञात्वा क्षयमुपेक्षेत। तुल्यकालफलोदये वा क्षये सन्धिमुपेयात्। यस्मिन् वा गुणे स्थितः स्वकर्मवृद्धिं क्षयं वा नाभिपश्येत्, एतत्स्थानम्।

ह्रस्वतरं वृद्ध्युदयतरं वा स्थास्यामि विपरीतं पर 'इति ज्ञात्वा स्थानमुपेक्षेत। तुल्यकालफलोदये वा स्थाने सन्धिमुपेयादित्याचार्याः

नैतद्विभाषितमिति कौटिल्यः। यदि वा पश्येत्—'सन्धौ स्थितो महाफलैः स्वकर्मभिः परकर्माण्युहनिष्यामि, महाफलानि वा स्वकर्माण्युपभोक्ष्ये, परकर्माणि वा, सन्धिविश्वासेन वा योगौपनिषत्प्रणिधिभिः परकर्माण्युपहनिष्यामि, सुखं वा सानुग्रहपरिहारसौकर्यं फललाभभूयस्त्वेन स्वकर्मणा परकर्मयोगावहं जनमास्रावयिष्यामि, बलिनातिमात्रेण वा संहितः परः स्वकर्मोपघातं प्राप्स्यति, येन वा विगृहीतो मया सन्धत्ते, तेन अस्य विग्रहं दीर्घं करिष्यामि, मया वा संहितस्य मद्द्वेषिणो जनपदं पीडयिष्यति, परोपहतो वास्य जनपदो मामागमिष्यति ततः कर्मसु वृद्धिं प्राप्स्यामि, विपन्नकर्मारम्भो वा विषयस्थः परः कर्मसु न मे विक्रमेत, परतः प्रवृत्तकर्मारम्भो वा ताभ्यां संहितः कर्मसु वृद्धिं प्राप्स्यामि, शत्रुप्रतिबद्धं वा शत्रुणा सन्धि विधाय मण्डलं भेत्स्यामि, भिन्नमवाप्स्यामि, दण्डानुग्रहेण वा शत्रुमुपगृह्य मण्डललिप्सायां विद्वेषं ग्राहयिष्यामि, विद्विष्टं तेनैव घातयिष्यामि' इति सन्धिना वृद्धिमातिष्ठेत्।

यदि वा पश्येत्—'आयुधीयप्रायः श्रेणीप्रायो वा मे जनपदः शैलवननदीदुर्गैकद्वारारक्षो वा शक्ष्यति पराभियोगं प्रतिहन्तुमिति, विषयान्ते दुर्गमविषह्यमपाकृतो वा शक्ष्यामि परकर्माण्युपहतुमिति, व्यसनपीडोपहतोत्साहो वा परः संप्राप्तकर्मोपघातकाले इति, विगृहीतस्यान्यतो वा शक्ष्यामि जनपदमपवाहयितुमिति विग्रहे स्थिति वृद्धिमातिष्ठेत्। यदि वा मन्येत—'न मे शक्तः परः कर्माण्युपहन्तुम्, नाहं तस्य कर्मोपघाती वा, व्यसनमस्य श्ववराहयोरिव कलहे वा स्वकर्मानुष्ठानपरो वा वर्धिष्ये' इत्यासनेन वृद्धिमातिष्ठेत्। यदि वा मन्येत्—'यानसाध्यः कर्मोपघातः शत्रोः प्रतिविहितस्वकर्मारक्षश्चास्मि'। इति यानेन वृद्धिमातिष्ठेत्।

यदि वा मन्येत—'नास्मि शक्तः परकर्माण्युपहन्तुं स्वकर्मोपघातं वा त्रातुम्' इति बलवन्तमाश्रितः स्वकर्मानुष्ठानेन क्षयात्स्थानं

स्थानाद्वृद्धिं चाकांक्षेत् । यदि वा मन्येत—'सन्धिनैकतः स्वकार्याणि प्रवर्तयिष्यामि, विग्रहेणैकतः परकर्माण्युपहनिष्यामि' इति द्वैधीभावेन वृद्धिमातिष्ठेत् ।

एवं षड्भिर्गुणैरेतैः स्थितः प्रकृतिमण्डले ।
पर्येषेत क्षयात्स्थानं स्थानाद्वृद्धिं च कर्मसु ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे षाड्गुण्यसमुद्देशः क्षयस्थानवृद्धिनिश्चयो नाम प्रथमोऽध्यायः ॥ १ ॥

सप्तम अधिकरण षाड्गुण्य

(सन्धिविग्रह आदि ६ गुण)

अध्याय १

प्रकरण ९८, ९९

६ गुणको वर्णन, क्षयस्थानवृद्धिको निश्चय र घटती-बढती उस्तै रहनु यिनको निर्णय

(अघिल्लो अधिकरणमा योगक्षेम गराउने शम र व्यायामको मूलस्थान भनि जनाइएको सन्धिविग्रह आदि ६ गुणको विशेष विवरण यस अधिकरणमा गरिन्छ ।)

षड्गुण—

सन्धि, विग्रह आदि षड्गुणको उत्पत्तिस्थान स्वामी, अमात्य आदि सात प्रकृतिको वर्ग र बाह्र किसिमका राजाको मण्डल पनि हो ।

एक राजाले अर्को राजासंग सन्धि—मेल गर्नु, विग्रह—विरोध गर्नु, आसन—गम खाएर बस्नु, यान—अभियान गर्नु, संश्रय—बलियाको आड़ लिनु, द्वैधीभाव—दोधारमा रहनु, यी षड्गुण (६ गुण) हुन् भनि आचार्यहरू भन्दछन् ।

सन्धि—मेल र विग्रह—विरोध यी दुइ मात्र गुण हुन् । यिनै दुइ गुण-

बाट ६ गुण बन्दछन्। आसन र संश्रय-सन्धिमा, यान विग्रहमा, द्वैधीभाव सन्धि-विग्रह दुवैबा, पर्ने हुनाले सन्धि-विग्रहबाहेक अरू गुण बेगलै छैनन् भनि वातव्याधि (उद्धव) भन्दछन्।

सन्धि-विग्रहकै अवस्था भिन्न हुँदा स्वरूप भिन्न-भिन्न हुने हुनाले ६ वटै गुणको गिन्ति गर्नुपर्दछ भनि कौटल्य भन्दछन्।

यी गुणहरूमा विरोध नगरेर शान्त रहेमा यति धन, भूमि, फौज आदि दिनेछु भनि पण (कबोल) गरेर मेल बलियो गर्नु सन्धि हो; शत्रुप्रति द्रोह (अपकार गर्नु) विग्रह हो; सन्धि वा विरोध केही नगरीकन चूप लागेर उपेक्षा गरिरहनु आसन हो; शक्ति, देश, कालको सङ्गठन गरेर शत्रुप्रति हमला गर्नजानु यान हो; आफ्नो बलले नपुगेर शत्रुबाट आफ्नो रक्षाका निमित्त अर्को राजालाई आफ्ना छोरा, सम्पत्तिहरू दिएर आश्रय लिनु संश्रय हो; दुइतिरका शत्रुहरूसंग कुराले मात्र आत्मसमर्पण गरी, भित्र-भित्र अपकार गर्दै सन्धि-विग्रह दुवै रूप लिएर दोधारे बाटो लिनु द्वैधीभाव हो। ६ गुणका स्वरूप यिनै हुन्।

शत्रुभन्दा आफू निर्धो भएमा सन्धि गर्नू; शत्रुभन्दा आफू बलियो भएमा विग्रह गर्नू; म पनि शत्रुलाई दबाउन शक्तिन, मलाई पनि शत्रुले दबाउन शक्तैन भन्ने ठानेमा आसन (उपेक्षा) गर्नू; शक्ति, देश, कालको अनुकूलता आफूमा बढ़ी देखेमा अभियान गर्नू; आफू शत्रुभन्दा कमजोर ठानेमा अर्को बलियाको संश्रय लिनू; सन्धि वा विरोध गर्ने काम अरू सहाय नभईकन नहुने देखिएमा द्वैधीभाव—दोधार गर्नू; यसरी गुणको प्रयोग गर्नू।

क्षय स्थान वृद्धि—

यी ६ गुणमध्यमा जुनचाहीं गुणको बाटोमा आफू रहेको भए पनि म यसैमा रहेर आफ्नो किल्ला, पूल, बाणिज्यको बाटो बसाउन, शून्य ठाउँमा बस्ती बसाउन, सार द्रव्यबन, हात्तीवनको काम चलाउन र शत्रुका यी किल्ला आदिमा हानि पुज्याउन शक्तछु भनि त्यो गुणको व्यवहार गर्नू। यही वृद्धि हो।

मेरो वृद्धि चाँड़ै हुन्छ, धेरै हुन्छ, वृद्धिमाथि वृद्धि थपिंदै जानेछ, शत्रुको भने वृद्धि ढीलो हुन्छ, थोरै हुन्छ, बारबार वृद्धि हुँदैन भन्ने देख्तछ भने

शत्रुको वृद्धिलाई उपेक्षा (बेवास्ता) गरे हुन्छ, आफ्नो र शत्रुको वृद्धि उस्तै उत्तिकै देखिएमा सन्धि गर्नू ।

जुनचाहीं गुणको बाटोमा आफू रहेको छ, त्यसमा आफ्नो कामको हानि देखिन्छ, शत्रुको भने हानि देखिंदैन, त्यस्तो गुणमा आफू रहन हुँदैन, यस्तो परिस्थिति हुनु क्षय हो ।

धेरै समयपछि मेरो क्षय हुनेछ, शत्रुको क्षय चाँड़ै हुनेछ, किंवा आफ्नो क्षय थोरै हुनेछ, शत्रुको क्षय धेरै हुनेछ, भन्ने देखिएमा त्यो क्षयलाई वास्ता नगरेर पनि हुन्छ । आफ्नो शत्रुको दुवैपट्टि उस्तै समय, उस्तै फलको लाभ वा हानि हुने देखी शत्रुसंग सन्धि गर्नुपर्दछ ।

जुनचाहीं गुणको बाटोमा रहँदा आफ्नो कामको घटती वा बढती केही देखिंदैन, यस्तो बराबरीमा रहनु नै स्थान हो ।

मेरो स्थान-अवस्था छोटो छ, पछि वृद्धि हुँदैजानेछ, शत्रुको भने स्थान-अवस्था चिरकाल रहनेछ, पछि क्षय हुँदैजानेछ, भन्ने देखिएमा त्यस्तो स्थानमा उपेक्षा गरी ध्यान नदिए पनि हुन्छ ।

आफ्नो र शत्रुको समय फल वृद्धि हुने कुरा बराबर भएको स्थान-अवस्थामा शत्रुसंग सन्धि गर्नू भनि आचार्यहरू भन्दछन् परन्तु यो विचार विशेष होइन, सामान्य हो भनि कौटल्य भन्दछन् ।

(१) यदि सन्धि गरेर रहेमा ठुलो फायदा हुने, दुर्ग, पूल, खानि, बाटो आदि आफ्नो कामले शत्रुपट्टिका कामलाई हानि गराउनेछु भन्ठानेमा, (२) किंवा सन्धिबाट आफ्नो कामद्वारा ठुलो फायदा उठाएको देख्नेछु भन्ठानेमा, (३) किंवा शत्रुपट्टिका कामबाट ठूलो फायदा उठाउनेछु, (४) अथवा सन्धिद्वारा शत्रुलाई विश्वास पारेर वा गुप्तचरद्वारा तीक्ष्ण प्रयोग, विष, धूँवाँ, आगो, विषाक्त पानी आदिको गोप्य प्रयोगद्वारा धेरै फायदा हुने शत्रुका कामलाई हानि गराउनेछु भन्ठानेमा, (५) किंवा सन्धिद्वारा विश्वास गराई शत्रुको काम गर्ने मानिसहरूलाई बिउ दिनु आदि उपकार वा कर माफी गराउनु आदिद्वारा खेती-पाती आदिमा शत्रुलाई ठुलो फायदा उठाउन दिएर ती मानिसलाई आफ्नो कामपट्टि सहजै तान्नेछु भन्ने ठानेमा, (६) अथवा बलियो धन, सम्पत्ति अर्को आपनो शत्रुसंग सन्धि गरेर त्यसलाई धन दिंदा-दिंदा धनहीन भई आफ्नो काम राम्ररी चलाउन नशक्ने हुनेछ भन्ने ठानेमा, (७) अथवा त्योसंग विरोध गर्ने शत्रु ससंग सन्धि गर्दछ, उससंग यसको विरोध चिरकालसंम अविच्छिन्न चलीरहने गराउनेछु

भन्ने ठानेमा, (८) मसंग सन्धि गरेको शत्रुको जनपदलाई म धेरै बाधा दिनशक्नेछु भन्ने ठानेमा, (९) अर्को शत्रुबाट पीडित भइरहेको शत्रुको देश उससंग सन्धि गरेमा मेरो हातमा पर्नेछ त्यसबाट मेरो काम पनि बढी हुनेछ भन्ने ठानेमा, (१०) बाधा सहेर किल्लाहरू बनाउनलागेको सङ्कटमा परेको यो शत्रु र अर्काको भरमा मात्र काम गर्नलागेको यो अर्को शत्रु पनि सङ्कटमा छ, ती दुवैसंग सन्धि गरेमा मेरो काममा हानि हुनेछैन, बरु फायदा नै बढ़ी हुनेछ भन्ने ठानेमा, (११) शत्रुले अँठ्याएर राखेको मण्डललाई शत्रसंग सन्धि गरेर फुटाउनशक्नेछु भन्ने ठानेमा, (१२) फुटेको शत्रुलाई दबाउनशक्नेछु भन्ने ठानेमा, (१३) सेनाको सहायता दिएर शत्रलाई वशमा पारी मण्डलहरू मिलाउन अरुले यत्न गर्नलागेमा मण्डलसंग उसको द्वेषभाव गराउनशक्नेछु भन्ने ठानेमा, (१४) मण्डलसंग द्वेष भएपछि मण्डलद्वारा नै त्यो शत्रुलाई मराउनेछु भन्ने ठानेमा, (१५) पनि शत्रुसंग सन्धि गरेर आफ्नो वृद्धि-बढ़ती गराउने काम गर्नूं।

अथवा, (१) मेरो देशमा हतियार लिने वा कृषक मजदूर-जन धेरै भएको, किंवा पर्वत, वन, नदीको किल्ला भएको, वा निस्कने पस्ने बाटो यौटामात्र भएकोले सहजै रक्षा गरिने मेरो देश हुनाले शत्रले आक्रमण गरिहाल्यो भने पनि म प्रतिक्रिया गर्नशक्तछु भन्ने ठानेमा, (२) किंवा देशको सीमानाको मजबूत किल्लाको आड़ लिएर म शत्रुको काममा हानि गराउनशक्नेछु भन्ने ठानेमा, (३) किंवा शत्रुलाई सङ्कट-बाधा परेको, उत्साह भङ्ग भएको हुनाले त्यसको काम बिगारिदने मौका मलाई परेको छ भन्ने ठानेमा, (४) किंवा विरोध परेको शत्रुको देशमा म अर्कोबाट हमला गराउनशक्नेछु भन्ने ठानेमा शत्रुसंग विरोध गरेर आफ्नो बढ़ती हुने काम गर्नूं।

अथवा, (१) शत्रुले मेरो काममा हानि गर्नशक्तैन, म पनि उसको हानि गर्ने होइन, शत्रुलाई सङ्कट पनि परेको छ, कुकुर, बनेलजस्ता हामी दुइको झगड़ा परिरहे पनि म आफ्नो कामहरू गर्दै रहेर बढ्दैजानेछु भन्ने ठानेमा आसन (उपेक्षा) गरेर आफ्नो बढ़ती गराउने गर्नूं।

अथवा, अभिमान गरेमा शत्रुको काममा बाधा पर्दछ, मैले आफ्नो रक्षाको बन्दोबस्त गरिराखेको छु भन्ने ठानेमा अभियान गरेर आफ्नो बढ़ती गराउनू।

अथवा, म शत्रुको काम बिगार्नशक्तछु, आफ्नो काम बाधाबाट बचाउन पनि शक्तछु भन्ने ठानेमा बलियाको आश्रय लिएर आफ्नो काममा लागीरही

क्षय अवस्थाबाट स्थान—सम-अवस्था, स्थानबाट वृद्धि-अवस्थामा पुग्ने इच्छा राख्नू ।

अथवा, यतातिर सन्धि गरेर आफ्नो काम चलाउँछु, उतातिर विरोध गरेर शत्रुको काम बिगारिदिनेछु भन्ने ठानेमा द्वैधीभाव (दोधारे नीति) लिएर आफ्नो वृद्धि गराउनू ।

राजमण्डलमा रहेको विजिगीषु राजाले यसरी सन्धि-विग्रह आदि षड्गुणको प्रयोगद्वारा काममा क्षयबाट स्थान, स्थानबाट वृद्धि गराउने उमेद गर्नुपर्दछ ।

अथ द्वितीयोऽध्यायः

१०० प्रकरणे—संश्रयवृत्तिः

सन्धिविग्रहयोस्तुल्यायां वृद्धौ सन्धिमुपेयात् । विग्रहे क्षयव्ययप्रवासप्रत्यावाया भवन्ति । तेनासनयानयोरासनं व्याख्यातम् । द्वैधीभावसंश्रययोर्द्वैधीभावं गच्छेत् । द्वैधीभूतो हि स्वकर्मप्रधान आत्मन एवोपकरोति । संश्रितस्तु परस्योपकरोति, नात्मनः । यद्बलः सामन्तः तद्विशिष्टबलाभावे तमेवाश्रितः कोशदण्डभूमीनामन्यतमेनास्योपकर्तुमदृष्टः प्रयतेत । महादोषो हि विशिष्टबलसमागमो राज्ञामन्यत्रारिविगृहीतात् । अशक्ये दण्डोपनतवद्वर्तेत । यदा चास्य प्राणहरं व्याधिमन्धःकोपं शत्रुवृद्धिं मित्रव्यसनमुपस्थितं वा तन्निमित्तमात्मनश्च वृद्धिं पश्येत्, तदा सम्भाव्यव्याधिधर्मकार्यापदेशेनापयायात् । स्वविषयस्थो वा नोपगच्छेत् । आसन्नो वास्य छिद्रेषु प्रहरेत् ।

बलीयसोर्वा मध्यगतस्त्राणसमर्थमाश्रयेत् । यस्य वानन्तर्धिः स्यात् । उभौ वा कपालसंश्रयस्तिष्ठेत् । मूलहरमितरस्येतरमपदिशन् भेदमुभयोर्वा परस्परापदेशं प्रयुंजीत । भिन्नयोरुपांशुदण्डम् । पार्श्वस्थो वा बलस्थयोरासन्नभयात् प्रतिकुर्वीत । दुर्गापाश्रयो वा द्वैधीभूतस्तिष्ठेत् । सन्धिविग्रहक्रमहेतुभिर्वा चेष्टेत । दूष्यामित्राटवि-

कानुभयोरुपगृह्णीयात् । एतयोरन्यतरं गच्छंस्तैरेवान्यतरस्य व्यसने प्रहरेत् । द्वाभ्यामुपहितो वा मण्डलापाश्रयस्तिष्ठेत् । मध्यममुदासीनं वा संश्रयेत । तेन सहैकमुपगृह्येतरमुच्छिन्द्यादुभौ वा । द्वाभ्यामुच्छिन्नो मध्यमोदासीनयोस्तत्पक्षीयाणां वा राज्ञां न्यायवृत्तिमाश्रयेत । तुल्यानां वा यस्य प्रकृतयः सुख्येयुरेनं, यत्रस्थो वा शक्नुयादात्मानमुद्धर्तुं, यत्र वा पूर्वपुरुषोचिता गतिरासन्नः सम्बन्धो वा मित्राणि भूयांसीति शक्तिमन्ति वा भवेयुः ।

प्रियो यस्य भवेद्यो वा प्रियोऽस्य कतरस्तयोः
प्रियो यस्य स तं गच्छेदित्याश्रयगतिः परा ॥१॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
संश्रयवृत्तिर्नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १००

(आश्रयको व्यवहार)

(विजिगीषु राजाले सन्धि-विग्रह आदि एक गुणको आड़ लिएर आफ्नो उन्नति गर्ने बाटो देखाएर अब दुइ गुणको बाटो दुइ देखिएमा कुनचाहीं गुणको बाटो लिनु बेस छ भन्ने कुराको विवेचना गरिन्छ ।)

शत्रुसंग सन्धि गरे पनि, विग्रह गरे पनि, आफ्नो वृद्धि बराबरै हुने देखिएमा हुनेसंम सन्धि नै गर्नु बेस छ। किनभने, विग्रह—विरोध-युद्ध गरेमा प्राणीहरूको क्षय, धन-धान्यहरूको व्यय, विदेशतिर जानुपर्ने, शत्रुले प्रयोग गरिएका विषालु पानी आदिबाट हुने धोका पनि पर्दछन्; सन्धि गरेमा यी कुनै हुँदैनन् ।

यही किसिमसंग यान र आसन दुवै उपायबाट वृद्धि बराबरै हुने देखिएमा पनि अभियानमा जन-क्षय, धन-व्यय अरू धोका पनि पर्ने, आसनमा जस्ताको त्यस्तै रहीरहने हुनाले आसन-नीति नै लिनु बेस छ ।

द्वैधीभाव—दोधारो नीति, संश्रय—अर्काको आड़ लिनु, यी दुइ नीतिको फल बराबरी देखिएमा द्वैधीभाव नीति नै लिनु बेस छ। किनभने, द्वैधीभाव नीति लिएमा आफ्नो काम गरीरहन पाइने हुनाले आफ्नै भलाइ हुन्छ। अर्काको आश्रय लिएमा अर्कालाई फायदा दिइने हुन्छ, आफूलाई हुँदैन।

आफूमाथि आक्रमण गर्ने सामन्त शत्रुमा कोश, धन, दण्ड (फौज)-को बल जति छ त्योभन्दा बढ़ता बल हुनेको आश्रय लिनुपर्दछ। बढ़ी बल भएको अर्को आश्रय नपाएमा बरु त्यही आक्रमण गर्नेको शरणमा परेर आश्रय लिई धन, फौज, भूमिमा केही दिएर भेटबाट नगरी टाढ़ैबाट त्यसलाई सुखी पार्ने यत्न गर्नुपर्दछ। किनभने, आफूभन्दा बलियोसंग भेट गरेमा वध, बन्धन आदि अनर्थ हुने हुन्छ। किन्तु, आफू त्योभन्दा बढ़ता बलियो छ, निर्धो शत्रुले आक्रमण गरिएको छ भने ता भेट गरे पनि केही हानि हुँदैन, भेट नगरीकन आश्रय लिन नशकिने भएमा दण्डोपतन (फौजी शक्तिले शरणमा पारिएको)ले गर्ने नम्र व्यवहार गरेर रहनुपर्दछ।

आफूले आश्रय लिनुपर्ने शत्रुलाई प्राण-घातक रोग लागेको, वा मन्त्री आदि भित्री वर्गमा कोप उठेको, वा अरु शत्रु बढ़ेको, मित्र-सङ्कट पर्नलागेको त्यसबाट आफ्नो वृद्धि हुने देखियो भने कुनै पत्याइने रोग वा धर्मकार्यको बहाना गरेर शत्रुकहाँबाट भाग्नू। आफ्नै मुलुकमा बसेको छ भने उसले बोलाए पनि नजानू। शत्रुको कुनै छिद्र पाएको मौकामा धक्का दिनू।

दुवैतिरका दुइटा बलियाले च्यापेमा पारेमा ती दुइमा जुनचाहीं आफूलाई रक्षा गर्नशक्ने बढ़ता बलीयो छ त्यसैको आश्रय लिनू। अथवा जुनचाहीं आफूसंग सम्बन्धित—नजिकै जोड़िएको छ उसको आश्रय गर्नू। किंवा दुवै उस्तै भए दुवैसंग कपाल-सन्धि अर्थात् तपाईंको आड़मा रहँदा उसले मेरो नाश गर्न खोज्दछ, तपाईं नै मेरा पूरा रक्षक बन्नुहोस् भनि दुवैसंग एक्लै एक्लै सन्धि गरेर आड़ लिनू। गुप्तचरद्वारा तपाईंको मूलस्थान त्यसले उड़ाउन चाहन्छ भन्ने कुरा दुवैपट्टि देखाएर दुवैलाई परस्परको घातक हो भन्ने देखाई फुटाउनू। फुटिसकेपछि गुप्तचरहरूद्वारा गुप्तवध गर्ने प्रयोग गर्नू।

दायाँ-बायाँ दुवैतिरका बलिया भएमा जुनचाहींबाट आफूलाई भय नजीकै हुने देखिन्छ, त्यसबाट अर्कोचाहींको आड़ लिएर रक्षा गर्नू। अथवा किल्लाको आड़ लिएर दोधारे नीति लिएर बस्नू। किंवा सन्धि गर्ने वा विग्रह गर्ने कारण जो छ त्योअनुसार चेष्टा गर्नू। वा दुवैतिरका दूष्य (असन्तुष्ट),

अमित्र (विरोधी), आटविक (जङ्गली) हरूलाई हातमा लिनू । दुइमा एकापट्टि ढल्केर त्यसद्वारा अर्कोचाहींलाई सङ्कट परेको बेलामा हान्न लाउनू । दुवैतिरबाट आफू पीड़ित भएमा राजमण्डलको आश्रय लिएर रहनू । अथवा मध्यम वा उदासीनको आश्रय लिनू । मध्यम वा उदासीनसंग मिलेर दुइ शत्रुमा एकलाई केही दिएर पनि हातमा लिई त्यसद्वारा अर्कोचाहींलाई वा दुवैलाई नष्ट पार्नू ।

दुवैले दुइतिरबाट आफूलाई नाश पार्नलागेमा मध्यम र उदासीन, किंवा तिनका पक्षकाहरूमध्यमा जो न्यायी सच्चरित्र छ, त्यसको आश्रय लिनू । सबै बराबर देखिएमा जसका अमात्य आदि प्रकृतिहरू आफूमाथि प्रेम गर्ने छन्, त्यसैको आश्रय लिनू । दुवैतिर बराबर देखिए जुनचाहींको आश्रय गर्दा आफ्नो उद्धार सहजै हुने देखिन्छ, उसैको आश्रय लिनू । त्यो पनि बराबर देखिएमा जतापट्टि आफ्नो आवत-जावत, वैवाहिक सम्बन्ध अगिदेखि भएको छ, जतापट्टि आफ्ना मित्रहरू धेरै र शक्तिमान् छन्, त्यतैपट्टि आश्रय लिनुपर्दछ ।

जो जसको प्रिय वा अप्रिय जो छ अर्को पनि उसको उस्तै हुन्छ, तर आफू जसको प्रिय छ उसैको आश्रय गर्नुपर्दछ ।

अथ तृतीयोऽध्यायः

१०१—१०२ प्रकरणे—समहीनज्यायसां गुणाभिनिवेशो हीनसन्धयश्च

विजिगीषुः शक्त्यपेक्षः षाड्गुण्यमुपयुंजीत । समज्यायोभ्यां सन्धीयेत । हीनेन विगृह्णीयात् । विगृहीतो ज्यायसा हस्तिना पादयुद्धमिवाभ्युपैति । समेन चामं पात्रमामेनाहतमिवोभयतः क्षयं करोति। कुम्भेनेवाश्मा हीनेनैकान्तसिद्धिमवाप्नोति । ज्यायांश्चेन्न सन्धिमिच्छेत्, दण्डोपनतवृत्तमाबलीयसं वा योगमातिष्ठेत् । समश्चेन्न सन्धिमिच्छेत, यावन्मात्रमपकुर्यात् तावन्मात्रमस्य प्रत्यपकुर्यात् । तेजो हि सन्धानकारणं, नातप्तं लोहं लोहेन सन्धत्त इति ।

हीनश्चेत्सर्वत्रानुप्रणतस्तिष्ठेत्, सन्धिमुपेयात् । आरण्योऽग्निरिव हि दुःखामर्षजं तेजो विक्रमयति । मण्डलस्य चानुग्राह्यो भवति । संधिश्चेत् 'परप्रकृतयो लुब्धक्षीणापचरिताः प्रत्यादानभयाद्वा नोपगच्छन्ति' इति पश्येद्धीनोऽपि विगृह्णीयात् । विगृहीतश्चेत् 'परप्रकृतयो लुब्धक्षीणापचारिता विग्रहोद्विग्ना वा मां नोपगच्छन्ति' इति पश्येत् । ज्यायानपि सन्धीयेत, विग्रहोद्वेगं वा शमयेत् । 'व्यसनयौगपद्ये गुरुव्यसनोऽस्मि, लघुव्यसनः परः सुखेन प्रतिकृत्य व्यसनमात्मनोऽभियुंज्यात्' इति पश्येत् । ज्यायानपि संधीयेत ।

सन्धिविग्रहयोश्चेत् परकर्शनमात्मोपचयं वा नाभिपश्येत्, ज्यायानप्यासीत । परव्यसनमप्रतिकार्यं चेत्पश्येत्, हीनोऽप्यभियायात् । अप्रतिकार्यासन्नव्यसनो वा ज्यायानपि संश्रयेत् । सन्धिनैकतो विग्रहेणैकतश्चेत्कार्यसिद्धिं पश्येत, ज्यायानपि द्वैधीभूतस्तिष्ठेदिति । एवं समस्य षाड्गुण्योपयोगः । तत्र तु प्रतिवेषः—

प्रवृत्तचक्रेणाक्रान्तो राज्ञा बलवताऽबलः ।
सन्धिनोपनमेत्तूर्णं कोशदण्डात्मभूमिभिः ॥ १ ॥
स्वयं संख्यातदण्डेन दण्डस्य विभवेन वा ।
उपस्थातव्यमित्येष सन्धिरात्मामिषो मतः ॥ २ ॥
सेनापतिकुमाराभ्यामुपस्थातव्यमित्ययम् ।
पुरुषान्तरसन्धिः स्यान्नात्मनेत्यात्मरक्षणः ॥ ३ ॥
एकेनान्यत्र यातव्यं स्वयं दण्डेन वेत्ययम् ।
अदृष्टपुरुषः सन्धिर्दण्डमुख्यात्मरक्षणः ॥ ४ ॥
मुख्यस्त्रीबन्धनं कुर्यात्पूर्वयोः पश्चिमे त्वरिम् ।
साधयेद्गूढमित्येते दण्डोपनतसन्धयः ॥ ५ ॥
कोशदानेन शेषाणां प्रकृतीनां विमोक्षणम् ।
परिक्रयो भवेत्सन्धिः स एव च यथासुखम् ॥ ६ ॥

स्कन्धोपनेयो बहुधा ज्ञेयः सन्धिरुपग्रहः ।
निरुद्धो देशकालाभ्यामत्ययः स्यादुपग्रहः ॥ ७ ॥
विषह्यदानादायत्यां क्षमः स्त्रीबन्धनादपि ।
सुवर्णसन्धिर्विश्वासादेकीभावगतो भवेत् ॥ ८ ॥
विपरीतः कपालः स्यादत्यादानादभाषितः ।
पूर्वयोः प्रणयेत्कुप्यं हस्त्यश्वं वा गणान्वितम् ॥ ९ ॥
तृतीये प्रणयेदर्थं कथयन् कर्मणां क्षयम् ।
तिष्ठेच्चतुर्थ इत्येते कोशोपनतसन्धयः ॥ १० ॥
भूम्येकदेशत्यागेन देशप्रकृतिरक्षणम् ।
आदिष्टसन्धिस्तत्रेष्टो गूढस्तेनोपघातिनः ॥ ११ ॥
भूमीनामात्तसाराणां मूलवर्जं प्रणामनम् ।
उच्छिन्नसन्धिस्तत्रैष परव्यसनकांक्षिणः ॥ १२ ॥
फलदानेन भूमीनां मोक्षणं स्यादपक्रयः ।
फलातिभुक्तो भूमिभ्यः सन्धिः स परदूषणः ॥ १३ ॥
कुर्यादवेक्षणं पूर्वौ पश्चिमौ त्वबलीयसम् ।
आदाय फलमित्येते देशोपनतसन्धयः ॥ १४ ॥
स्वकार्याणां वशेनैते देशे काले च भाविताः ।
आबलीयसिकाः कार्यास्त्रिविधा हीनसन्धयः ॥ १५ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे समहीनज्यायसां
गुणाभिनिवेशो हीनसन्धयश्चेति तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १०१

(समरहीन बल्वान्‌को षड्गुण व्यवस्था)

प्रकरण १०२

हीनसन्धि (हीनले सन्धि गर्नें विषय)

विजिगीषु राजाले आफ्नो शक्ति-बल कत्तिको छ विचार गरेर त्यसअनुसार षड्गुणको प्रयोग गर्नुपर्दछ। आफू बराबरसंग र आफूभन्दा बलवान्‌संग सन्धि गर्नूं, आफूभन्दा निर्धोसंग विरोध गर्नूं, किनभने—आफूभन्दा बलियोसंग विरोध गर्नु हात्तीसंग पैदलले युद्ध गर्नुजस्तो हुन्छ, बराबरसंग विरोध गर्नु ता काँचो माटाका दुइ भाँड़ा परस्पर भिड़िएका झैं दुवैको हानि गराउने हुन्छ, पत्थरले माटाको घड़ामा ठक्कर खाएझैं निर्धोसंग विरोध अवश्यै सिद्धि हुने हुन्छ।

आफूभन्दा बलियोले आफूसंग सन्धि गर्न चाहेन भने दण्डोपनतप्रकरणमा भनेझैं विनम्र भएर रहने, किंवा आवलीयप्रकरणमा भनेझैं धोका दिने प्रयोग गर्नूं। आफूबराबरले आफूसंग सन्धि गर्न चाहेन भने उसले आफूपट्टि जति मात्रामा बिगार गरेको छ उसपट्टि पनि त्यति मात्रामा बिगार गर्नूं। तेजले नै सन्धि (मेल) गराउँछ। फलाम नतताईकन अर्को फलामसङ्ग जोरिंदैन।

आफूभन्दा दुर्बल राजा सबै कुरामा नुहेर रहेको छ भने विजिगीषुले त्यससङ्ग सन्धि गर्नुपर्दछ। नुहेकासङ्ग सन्धि नगरेमा दुःख र असहनको तेज जङ्गलको आगोझैं उर्लेर आफूपट्टि आइलाग्ने गराउँछ। राजमण्डल पनि निर्धो विनम्रपट्टि नै दया गर्ने हुन्छ।

बलियोसङ्ग सन्धि गरेमा त्यसका प्रकृतिहरू लोभी क्षीण भोका भएर मपट्टि आउनेछैनन् भन्ने देखिन्छ भने दुर्बलले पनि बलवान्‌सङ्ग विरोध गर्नुपर्दछ। विरोध गर्दाखेरि उसका प्रकृतिहरू लोभी क्षीण कर्तव्यच्युत भएर अथवा विरोधले आत्तिएर मपट्टि आउनेछैनन् भन्ने देखिन्छ भने बलियाले पनि दुर्बलसङ्ग सन्धि गर्नुपर्दछ। दुवै थरीलाई एकै बाजि सङ्कट पर्नआएमा मेरो सङ्कट ठूलो छ शत्रुको सङ्कट सानो हुनाले सहजै सङ्कटको प्रतीकार गरेर मपट्टि आइलाग्नेछ भन्ने देखेमा बलियाले पनि निर्धोसङ्ग सन्धि गर्नुपर्दछ।

सन्धि वा विरोध गर्दा शत्रु निर्धो हुँदैजाने आफू बढ्दैआउने देखिँदैन भने बलियाले पनि आसन जमाएर गम्म खानुपर्दछ। शत्रुको सङ्कट सम्हाल्न नशकिने देखिन्छ भने दुर्बलले पनि बलियोउपर अभियान गर्नुपर्दछ। आफूलाई सम्हाल्न नशकिने सङ्कट चाँडै पर्नआउने देखिन्छ भने बलियाले पनि आर्को बलियाको आश्रय लिनुपर्दछ। एकापट्टि सन्धि गरेमा, अर्कोपट्टि विरोध गरेमा आफ्नो कार्यसिद्धि हुने देखिएमा बलियाले पनि द्वैधीभाव (दोधारे नीति) लिनुपर्दछ।

हीन सन्धि—

अहिलेसम्म अधिक समान शक्ति भएकामा गर्नुपर्ने षड्गुणको प्रयोग बताइयो। अब दुर्बलप्रति विशेष कुरा भनिन्छ।

१. आफ्ना सेना लिएर कुनै बलियो राजाले निर्धोउपर आक्रमण गरेको छ भने त्यो निर्धाले झटपट आफ्नो धन फौज केही भूमि पनि शक्तिअनुसार अर्पण गरेर निर्धाले बलियोप्रति नम्र भएर रहनुपर्दछ।

२. बलियो शत्रुले फौज चाहेमा उसले भनेको संख्याअनुसार फौज र आफ्नो शक्तिअनुसार धन पनि लिए शत्रुकहाँ आफैं गएर निर्धाले उसको सेवा गर्नेगरी गरेको सन्धिलाई 'आत्मामिष' अर्थात् आत्मा नै भक्ष्य बनाएको सन्धि भन्दछन्।

३. आफू नगएर सेनापति राजकुमार यी अरु पुरुष पठाएर बलियो शत्रुको सेवा गर्नेगरी गरेको सन्धि 'पुरुषान्तर सन्धि' आफू नगएको हुनाले 'आत्मरक्षण' सन्धि पनि भनिन्छ।

४. बलियो शत्रुको कामको निम्ति आफू एक्लै एकातिर र फौजहरू अर्कोतिर जानेगरी गरेको सन्धि 'अदृष्टपुरुषसन्धि' अर्थात् मानिस नदेखिने सन्धि भनिन्छ। यसमा फौजको मुख्य पुरुष र आफ्नो समेत रक्षा हुनाले दण्ड 'मुख्यात्मरक्षणसन्धि' पनि यसलाई भन्दछन्।

५. यी पूर्वोक्त ३ सन्धिमध्यमा आत्मामिष र आत्मरक्षण सन्धिमा आफ्ना मुख्य पुरुषका छोरी-बेटी दिएर वैवाहिक सम्बन्ध पनि विश्वास पार्न गर्नू। पछिल्लो मुख्यात्मरक्षणसन्धिमा ता मौका पारेर गुप्त विषादिको प्रयोग गरेर शत्रुलाई सिध्याउनू। यी तीनै किसिमका सन्धिलाई 'दण्डोपनतसन्धि' अर्थात् फौज दिएर गरेको सन्धि भन्दछन्।

६. बलियो शत्रुलाई धन सुम्पेर बाँकि बचेका प्रकृतिवर्गलाई उम्काउने-

गरी गरेको सन्धिलाई 'कोशोपनत सन्धि' अर्थात् धन दिएर गरेको सन्धि, 'परिक्रय सन्धि' किनुवासन्धि पनि भन्दछन् ।

७. यही धन दिने सन्धिमा दिनेलाई सुविधा हुनेगरी किस्ता किस्ता गरेर धन दिनेगरी गरेको सन्धिलाई 'उपग्रह सन्धि' अर्थात् किस्ता सन्धि भन्दछन् ।

८. त्यसैमा यो ठाउँमा यो बखतमा यति धन दिने भन्ने कबोलगरी गरेको सन्धिलाई 'अत्ययसन्धि' अर्थात् जरिबाना सन्धि भन्दछन् ।

९. सुख-सुविधासाथ नियत समयमा धन दिने व्यवस्थागरी गरेको सन्धिलाई 'सुवर्णसन्धि' अर्थात् नगदी सन्धि भन्दछन् । योचाहीं कन्याहरू दिएर गरेको सन्धिभन्दा पनि राम्रो हुन्छ । यो सन्धिमा परस्परमा विश्वास परेर दुइको एकता हुने हुनाले सुन-सुन मिलेर एक भएको जस्तो भनेर पनि सुवर्ण-सन्धि भन्दछन् ।

१०. तुरुन्तै एकै मुष्ट सबै धन दिने कबोलगरी गरेको सन्धिलाई 'कपाल-सन्धि' अर्थात् खप्परै ताक्ने सन्धि भन्दछन् ।

परिक्रय आदि ४ किसिमका धन दिने सन्धिमा परिक्रय र उपग्रह सन्धि वस्त्र आदि जिंसी माल, अथवा शत्रुले चाहेमा २–३ महीनापछि मर्ने विषप्रयोग गरेर केही हात्ती घोड़ा दिनू । तेस्तो सुवर्णसन्धिमा मेरो काम बिग्रीरहेको छ भनि आधातुधो धन दिनू ।

११. चौथो कपालसन्धिमा मध्यम वा उदासीनको आड़ लिएर हुन्छ दिन्छु-दिन्छु भन्दै समय बिताइदिनू । यी चार किसिमका धन दिने सन्धिलाई कोशोपनत सन्धि अर्थात् धन दिएर गरेको सन्धि भन्दछन् ।

१२. केही भूमि नै दिएर देश र प्रकृतिवर्गको रक्षा गर्नेगरी गरेको सन्धिलाई 'आदिष्ट-सन्धि' भन्दछन् । यो सन्धि गरेमा गुप्तचर डाँकूहरूद्वारा त्यो दिएको भूमिमा उपद्रव मचाएर फेरि फर्काएर लिनसकेमा बेस हुन्छ ।

१३. मुख्य राजधानी किला छोड़ेर शत्रुलाई दिएको भूमिबाट सार कुराहरू सबै आफूले लिएर भूमिमात्र दिएर गरेको सन्धिलाई 'उच्छिन्न सन्धि' अर्थात् फोस्सो भूमिको सन्धि भन्दछन् ।

यसमा त्यो दिएको भूमि फेरि फर्काएर लिनेछु भन्ने उमेद भएमा यो सन्धि बेस हुन्छ ।

भूमि नदिएर आफ्नो हक बाँकी राखी भूमिबाट उठ्ने अन्नादि फलमात्र दिनेगरी गरेको सन्धिलाई 'अवक्रय सन्धि' भन्दछन् ।

सबै भूमिबाट उठ्ने फल र त्यसमाथि अरु बढ्ता पनि दिने कबोल गरेर गरेको सन्धिलाई 'परदूषणसन्धि' अर्थात् शत्रुलाई दोष लाउने सन्धि भन्दछन् ।

यी ४ किसिमका भूमिसन्धिमा आदिष्ट र उच्छिन्न सन्धिमा शत्रुलाई सङ्कट कुन वेला पर्दछ भनि पर्खनुपर्दछ । अवक्रय र परदूषण सन्धिमा भूमिको आमदानी दिंदैगरी आवलीयसप्रकरणमा भनेबमोजिम शत्रुको द्रोह गर्दैगर्नू । यी ४ किसिमका 'भूम्युपनत सन्धि' हुन्छन् ।

यी हीनसन्धि—दुर्बलले गरिने सन्धिहरू दुर्बल राजाहरूले आफ्नो काम-देश-कालअनुसार दण्डोपनत, कोशोपनत, भूम्युपनत तीन किसिमका सन्धि यथोचित गर्नू ।

(सन्धिहरूको सारांश—

दण्डोपनत—१. आत्मामिष, २. आत्मरक्षण, ३. अदृष्टपुरुषसन्धि;

कोशोपनत—१. परिक्रय, २. उपग्रह, ३. सुवर्ण, ४. कपालसन्धि;

भूम्युपनत—१. आदिष्ट, २. उच्छिन्न, ३. अवक्रय, ४. परदूषणसन्धि ।)

अथ चतुर्थोऽध्यायः

१०३–१०६ प्रकरणे—विगृह्यासनं, सन्धायासनं, विगृह्ययानं सन्धाययानं, सम्भूयप्रयाणं च ।

सन्धिविग्रहयोरासनं यानं च व्याख्यातम् । स्थानमासनमुपेक्षणं चेत्यासनपर्यायाः । विशेषस्तु गुणैकदेशे स्थानम् । स्ववृद्धिप्राप्त्यर्थमासनम् । उपायानामप्रयोग उपेक्षणमिति । सन्धानकामयोररिविजिगीष्वोरुपहन्तुमशक्तयोर्विगृह्यासनं सन्धाय वा । यदा वा पश्येत्—'स्वदण्डैर्मित्राटवीदण्डैर्वा समं ज्यायांसं वा कर्शयितुमुत्सहे' इति, तदा कृतबाह्याभ्यन्तरकृत्यो विगृह्यासीत । यदा वा पश्येत्—'उत्साहयुक्ता मे प्रकृतयः संहता विवृद्धाः स्वकर्माण्यव्याहताश्चरिष्यन्ति, परस्य वा कर्माण्युपहनिष्यन्ति' इति, तदा विगृह्यासीत ।

यदा वा पश्येत्—'परस्यापचरिताः क्षीणा लुब्धाः स्वचक्रस्तेनाटवीव्यथिता वा प्रकृतयः स्वयमुपजापेन वा मामेष्यन्तीति सम्पन्ना मे वार्ता, विपन्ना परस्य तस्य प्रकृययो दुर्भिक्षोपहता मामेष्यन्ति, विपन्ना मे वार्ता सम्पन्ना परस्य तं मे प्रकृतयो न गमिष्यन्ति । विगृह्य चास्य धान्यपशुहिरण्यान्याहरिष्यामि, स्वपण्योपघातीनि वा परपण्यानि निवर्तयिष्यामि, परिवणिक्पथाद्वा सारवन्ति मामेष्यन्ति । विगृहीतेनेतरं, दूष्यामित्राटवीनिग्रहं वा विगृहीतो न करिष्यति, तैरेव वा विग्रहं प्राप्स्यति, मित्रं मे मित्रभाव्यभिप्रेतो बह्वल्पकालं तनुक्षयव्ययमर्थं प्राप्स्यति, गुणवतीमादेयां व भूमिं सर्वसन्दोहेन वा मामनादृत्य प्रयातुकामः कथं न यायात्' इति परिवृद्धिप्रतिघातार्थं प्रतापार्थं च विगृह्यासीत ।

तमेव ही प्रत्यावृत्तो ग्रसत इत्याचार्याः । नेति कौटिल्यः । कर्शनमात्रमस्य कुर्याद्व्यसनिनः । परवृद्ध्या तु वृद्धः समुच्छेदनम् । एवं परस्य यातव्यो साहाय्यमविनष्टः प्रयच्छेत् । तस्मात्सर्वसन्दोहप्रकृतं विगृह्यासीत । विगृह्यासनहेतुप्रातिलोम्ये सन्धायासीत । विगृह्यासनहेतुभिरभ्युच्चितः सर्वसन्दोहवर्जं विगृह्य यायात् । यदा वा पश्येत—'व्यसनी परः प्रकृतिव्यसनं वास्य शेषप्रकृतिभिरप्रतिकार्यं, स्वचक्रपीडिता विरक्ता वास्य प्रकृतयः कर्शिता निरुत्साहाः परम्पराद्भिन्नाः शक्या लोभयितुम् । अग्न्युदकव्याधिमरकदुर्भिक्षनिमित्तं क्षीणयुग्यपुरुषनिचयरक्षाविधानपरः' इति । तदा विगृह्य यायात् ।

यदा वा पश्येत्—'मित्रमाक्रन्दश्च मे शूरवृद्धानुरक्तप्रकृतिर्विपरीतप्रकृतिः परः पार्ष्णिग्राहश्चासारश्च, शक्ष्यामि मित्रेणासारमाक्रन्देन पार्ष्णिग्राहं वा विगृह्य यातुम्' इति, तदा विगृह्णीयात् । यदा वा फलमेकहार्यमल्पकालं पश्येत्, तदा पार्ष्णिग्राहासाराभ्यां विगृह्य यायात् । विपर्यये सन्धाय यायात् । यदा वा पश्येत्–'न शक्यमेकेन यातुमवश्यं च यातव्यम्' इति, तदा समहीनज्यायोभिः सामवायिकैः सम्भूय

यायात्। एकत्र निर्दिष्टेनांशेनानेकत्रानिर्दिष्टेनांशेन। तेषामसमवाये दण्डमन्यतरस्मिन् निविष्टांशेन संभूयाभिगमनेन वा निर्दिश्येत। ध्रुवे लाभे निर्दिष्टेनांशेनाध्रुवे लाभांशेन।

अंशो दण्डसमः पूर्वः प्रयाससम उत्तमः।
विलोपो वा यथालाभं प्रक्षेपसम एव वा ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे विगृह्यासनं सन्धायासनं, विगृह्ययानं सन्धाययानं नाम चतुर्थोऽध्यायः ॥४॥

अध्याय ४

प्रकरण १०३

विरोध गरेर चुप लाग्नु।

प्रकरण १०४

मेल गरेर चुप लाग्नु।

प्रकरण १०५

विरोध गरेर अभियान गर्नु।

प्रकरण १०६

सन्धि गरेर अभियान गर्नु।

प्रकरण १०७

धेरै जना मिलेर अभियान गर्नु।

सन्धि वा विरोध गरेर आसन वा अभियान गर्ने कुरा आचार्यहरूले भनेका छन्। सामान्यरूपले स्थान, आसन, उपेक्षण, सबै आसनका समानार्थक हुन्। यस विषयमा विशेष यो छ कि—शत्रुले गरेको अपकारको बदलामा प्रत्युपकार गर्ने सामर्थ्य नभई चूप लागेर बस्नु स्थान हो। शत्रुले गरेको अपकारको प्रतिक्रिया गर्दै आफ्नो शक्ति बढाउने यत्न गरेर बस्नु

आसन हो। केही उपायहरू पनि नगरेर वास्ता नराख्नु उपेक्षण हो। यी शब्दार्थमा यही अन्तर छ।

आसन—

विजिगीषु र शत्रु दुवै सन्धि चाहने, परस्परलाई बिगार गर्नशक्ने भएमा आफ्नो शक्ति केही बढ़ी भए 'विगृह्य-आसन' अर्थात् विरोध गरेर चुप लागी बस्नु, शक्ति कम भएमा 'सन्धाय-आसन' अर्थात् सन्धि गरेर चुप लागी बस्नु उचित हुन्छ।

यदि आफ्ना सेना, वा मित्रका सेना, वा जङ्गलीदल उठाएर त्यसद्वारा आफू बराबरको, वा आफूभन्दा बलियोलाई थिच्नशक्नेछु भन्ने ठान्दछ भने भित्री किल्ला आदिको बाहिरी बन्दोबस्त गरी विरोध गरेर बसीरहोस्। अथवा मेरा प्रकृतिवर्ग उत्साही परस्पर मिलेका, बढ़ेका हुनाले नरोकिईकन आफ्नो काम गर्नेछन्, वा शत्रुको काम बिगारिदिनेछन् भन्ने देखेमा विरोध गरेर बसीरहोस्।

यान—

अथवा शत्रुपट्टिका हेला गरिएका निर्धा लोभी र राज्यभित्रकै चोर डाकू जङ्गलीदलले पीड़ा दिइएका प्रकृतिवर्गहरू आफैं वा फुटाइएर मपट्टि मिल्न आउनेछन्, खेती पशुपालन वाणिज्यहरू मपट्टि राम्रा छन्; शत्रुपट्टि बिग्रेका हुनाले शत्रुका प्रकृतिहरू दुर्भिक्षले पीड़ित भएर मपट्टि आउनेछन्; किंवा मपट्टिका खेती पशुपालन वाणिज्यहरू बिग्रेका, शत्रुपट्टि सप्रेका भए पनि मेरा प्रकृतिवर्ग शत्रुकहाँ जानेछैनन्, शत्रुसंग विरोध गरेर उसका अन्न पशु द्रव्य लुटेर लिनेछु, आफ्नो वाणिज्यलाई हानि गर्ने शत्रुको बिक्रीका मालहरू रोकिदिनेछु, किंवा शत्रुको बजारबाट असल बहुमूल्य वस्तुहरू मकहाँ आउनेछन्, विरोध गरेको हुनाले आफूपट्टिका बजारका मालहरू शत्रुपट्टि जानेछैनन्, आफूले विरोध गरेपछि उसपट्टिका दूष्य (विरोधी) अमित्र जङ्गलीदललाई दबाउने कम गर्नशक्नेछैन, कित तिनैहरूबाट शत्रु पीड़ित हुनेछ, किंवा मेरो अटल मित्रप्रति जाइलागेर धेरै धन-जनको हानि गराउने छ, किंवा मलाई हेला गरेर मेरो असल भूमि लिन सेना-बल पूरा लिएर मपट्टि आइलाग्न चाहे पनि आउन नशक्ने तुल्याउनेछु भन्ने देखेमा शत्रुलाई बढ़्न नदिन र आफ्नो शक्ति बढ़ाउन विरोध गरेर आसन लिनू।

त्यसो भएमा शत्रु नै फरक्क फर्केर आई विजिगीषुलाई खाइदिन्छ भनि आचार्यहरू भन्दछन्। त्यसो होइन, सङ्कट नपरुनजेल विजिगीषुलाई दुःख-

मात्र दिन्छ, विरोधपूर्वक आसन नगरेमा आफ्नो शत्रुलाई जितेर ऐश्वर्य बढ़ाई बलवान् भयो भने ता विजिगीषुलाई उखेलि नै दिनेछ भनि कौटल्य भन्दछन्।

यसो गरेमा शत्रुको यातव्यचाहीं सुरक्षित भएर शत्रुलाई सहायता दिने हुन्छ। यसकारण सेनाहरू बदलेर अभियान गर्न तयार भएको शत्रुसंग विरोध गरेर गम खाइदिनुपर्दछ।

विरोधपूर्वक आसन गर्न नमिल्ने भएमा सन्धि गरेर आसन गर्नू। विरोध गरेर आसन गरी आफ्नो बल बढ़ेपछि सबै बलले पूर्ण भएको बाहेक अरू शत्रुप्रति विरोध गरेर अभियान गर्नू।

अथवा ऐलहे शत्रु सङ्कटमा परेको छ, यसका अमात्य आदि प्रकृतिहरूमा परेको सङ्कट बाँकी प्रकृतिवर्गले सम्हाल्न नशकिनेछ, आफ्नै भित्रीवर्गबाट पीड़ित भएका वा विरक्त भएका यसका प्रकृतिहरू पीड़ित उत्साहहीन भएर परस्परमा फुटेर लोभ्याउन शकिनेछन्; किंवा आगो पानी व्याधि महामारी दुर्भिक्षले गर्दा मानिस वाहनहरूको खति भएर रक्षाको काममा शत्रु असमर्थ भन्ने देखेमा विरोध गरेर अभियान गर्नू।

अथवा, मेरो अगाडिपट्टिको मित्र र पछाडिपट्टिको आक्रन्दभित्र पनि शूरा, बढ़ेका, अनुरागी प्रकृति भएका छन्, शत्रु-शत्रुको पार्ष्णिग्राह र आसार पनि यस्तो छैन, यसो हुनाले मेरो मित्रद्वारा आसार (पार्ष्णिग्राहको एकाम्भर मित्र)लाई र आक्रन्द-(पार्ष्णिग्राह भन्दा पल्लो)द्वारा पार्ष्णिग्राहलाई विरोध गरेर अभियान गर्नशक्नेछु भन्ने देखेमा विरोध गरेर अभियान गर्नू।

संभूय यान—

जब तां केही फाइदा म एक्लैले थोरै समयमा लिनशक्छु भन्ने देख्तछ भने त्यस बखतमा पार्ष्णिग्राह (पछाड़िको) र आसार (त्यसको एकान्तर मित्र) संग विरोध गरेर अभियान गर्नू। भनेबमोजिम विरोध गरेर अभियान गर्ने कारणभन्दा विपरीत आफूमा देखेमा सन्धि गरेर अभियान गर्नू।

जब एक्लैले अभियान गर्नशक्दिनै, अभियान नगरी पनि हुँदैन भन्ने देख्तछ, तब आफूसमान, आफूभन्दा कम, आफूभन्दा बढ़ी बल भएकाहरूसंग मिलेर जमात भई अभियान गर्नू। यौटासंग यति यो भाग दिने भन्ने कबोल गरेर अरूसंग नगरेर मिल्नुपर्दछ। ती मिल्नुपर्नेहरूमध्यमा कुनै

नमिल्नेमा उसले दिनुपर्ने भागको फौज देऊ भनि माग्नू। किंवा ऐले मसंग मिल्न सहायता दिन आएमा पछि तिमीलाई यस्तै मिल्नुपर्ने भएमा म पनि मिली सहायता दिनेछु भन्नू ।

मिली अभियान गर्दा ध्रुव (स्थायी) भूमि आदि लाभ भएमा अगिबाट जति दिने भनेको उति भाग, अध्रुव (अस्थायी) द्रव्य आदि लाभ भएमा केही भाग सहायता गरेबापत दिनू ।

मिलेर सहायता दिनेलाई जसले जति फौज दिएको छ उसअनुसारको भाग लाभबाट दिनू भन्ने एक पक्ष छ, किंवा जसले जति परिश्रम गरेको छ त्यसअनुसारको भाग दिनू भन्ने अर्को पक्ष छ; किंवा जसले जति शत्रुबाट लुटेर लिएको छ त्यति त्यसको भाग दिनू भन्ने अर्को पक्ष छ। अथवा धन लाग्नु पर्ने काममा जसले जति धन लगाएको छ त्यसअनुसारको भाग त्यसलाई दिनू भन्ने पनि पक्ष छ ।

अथ पञ्चमोऽध्यायः

१०८—११० प्रकरणे—यातव्यमित्रयोरभिग्रहचिन्ता; क्षयलोभविरागहेतवः, प्रकृतीनां सामवायिकविपरिमर्शश्च

तुल्यसामन्तव्यसने यातव्यमामित्रं वेत्यमित्रमभियायात् । तत्सिद्धौ यातव्यम् । अमित्रसिद्धौ स यातव्यः साहाय्यं दद्यान्नामित्रो यातव्यसिद्धौ । गुरुव्यसनं यातव्यं, लघुव्यसनममित्रं वेति गुरुव्यसनं सौकर्यतो यायादित्याचार्याः । नेति कौटिल्यः—लघुव्यसनममित्रं यायात् । लघ्वपि हि व्यसनमभियुक्तस्य कृच्छ्रं भवति । सत्यं गुर्वपि गुरुतरं भवति । अनभियुक्तस्तु लघुव्यसनः सुखेन व्यसनं प्रतिकृत्यामित्रो यातव्यमभिसरेत् । पार्ष्णिं वा गृह्णीयात्। यातव्ययौगपद्ये गुरुव्यसनंन्यायवृत्तिं लघुव्यसनमन्यायवृत्तिं विरक्तप्रकृतिं वेति, विरक्तप्रकृतिं यायात् । गुरुव्यसनं न्यायवृत्तिमभियुक्तं प्रकृतयोऽनुगृह्णन्ति । लघुव्यसनमन्यायवृत्तिमुपेक्षन्ते । विरक्ता बलवन्तमप्युच्छिन्दन्ति । तस्माद्विरक्तप्रकृतिमेव यायात् ।

क्षीणलुब्धप्रकृतिमपचरितप्रकृतिं वेति—क्षीणलुब्धप्रकृतिं यायात् । क्षीणलुब्धा हि प्रकृतयः सुखेनोपजापं पीडांवोपगच्छन्ति, नापचरिताः प्रधानावग्रहसाध्या इत्याचार्याः । नेति कौटिल्यः—क्षीणलुब्धा हि प्रकृतयो भर्तरि स्निग्धा भर्तृहिते तिष्ठन्ति । उपजापं वा विसंवादयन्ति, अनुरागे सार्वगुण्यमिति । तस्मादपचरितप्रकृतिमेव यायात् । बलवन्तमन्यायवृत्तिं दुर्बलं वा न्यायवृत्तिमिति, बलवन्तमन्यायवृत्तिं यायात् । बलवन्तमन्यायवृत्तिमभियुक्तं प्रकृतयो नानुगृह्णन्ति, निष्पातयन्त्यमित्रं वास्य भजन्ते । दुर्बलं तु न्यायवृत्तिमभियुक्तं प्रकृतयः परिगृह्णन्ति, अनुनिष्पतन्ति वा ।

अवक्षेपेण हि सतामसतां प्रग्रहेण च ।
अभूतानां च हिंसानामधर्म्याणां प्रवर्तनैः ॥ १ ॥

उचितानां चरित्राणां धर्मिष्ठानां निवर्तनैः ।
अधर्मस्य प्रसंगेन धर्मस्यावग्रहेण च ॥ २ ॥

अकार्याणां च करणैः कार्याणां च प्रणाशनैः ।
अप्रदानैश्च देयानामदेयानां च साधनैः ॥ ३ ॥

अदण्डनैश्च दण्ड्यानामदण्ड्यानां चण्डदण्डनैः ।
अग्राह्याणामुपग्राहैर्ग्राह्याणां चानभिग्रहैः ॥ ४ ॥

अनर्थ्यानां च करणैरर्थ्यानां च विघातनैः ।
अरक्षणैश्च चौरेभ्यः स्वयं च परिमोषणैः ॥ ५ ॥

पातैः पुरुषकाराणां कर्मणां गुणदूषणैः ।
उपघातैः प्रधानानां मान्यानां चावमाननैः ॥ ६ ॥

विरोधनैश्च वृद्धानां वैषम्येणानृतेन च ।
कृतस्याप्रतिकारेण स्थितस्याकरणेन च ॥ ७ ॥

राज्ञः प्रमादालस्याभ्यां योगक्षेमवधेन च ।
प्रकृतीनां क्षयो लोभो वैराग्यं चोपजायते ॥ ८ ॥

क्षीणाः प्रकृतयो लोभं लुब्धा यान्ति विरागताम् ।
विरक्ता यान्त्यमित्रं वा भर्तारं घ्नन्ति वा स्वयम् ॥९॥

तस्मात्प्रकृतीनां क्षयलोभविरागकारणानि नोत्पादयेत् । उत्पन्नानि वा सद्यः प्रतिकुर्वीत । क्षीणा लुब्धा विरक्ता वा प्रकृतय इति । क्षीणाः पीडनोच्छेदनभयात्सद्यः सन्धिं युद्धं निष्पतनं वा रोचयन्ते । लुब्धा लोभेनासन्तुष्टाः परोपजापं लिप्सन्ते । विरक्ताः पराभियोगमभ्युत्तिष्ठन्ते । तासां हिरण्यधान्यक्षयः सर्वोपघाती कृच्छ्रप्रतीकारश्च । युग्यपुरुषक्षयो हिरण्यधान्यसाध्यः । लोभ ऐकदेशिको मुख्यायत्तः परार्थेषु शक्यः प्रतिहन्तुमादातुं वा । विरागः प्रधानावग्रहसाध्यः ।

निष्प्रधाना हि प्रकृतयो भोग्या भवन्त्यनुपजाप्याश्चान्येषामनापत्सहास्तु । प्रकृतिमुख्यप्रग्रहैस्तु बहुधा भिन्ना गुप्ता भवन्त्यापत्सहाश्च । सामवायिकानामपि सन्धिनिग्रहकारणान्यवेक्ष्य शक्तिशौचयुक्तेन सम्भूय यायात् । शक्तिमान् हि पार्ष्णिग्रहणे यात्रासाहाय्यदाने वा शक्तः शुचिः सिद्धौ चासिद्धौ च यथास्थितकारीति ।

तेषां ज्यायसैकेन द्वाभ्यां समाभ्यां वा सम्भूय यातव्यमिति । द्वाभ्यां समाभ्यां श्रेयः । ज्यायसा ह्यवगृहीतश्चरति समाभ्यामतिसन्धानाधिक्ये वातौ हि सुखौ भेदयितुम् । दुष्टश्चैको द्वाभ्यां नियन्तुं भेदोपग्रहं चोपगन्तुमिति । समेनैकेन द्वाभ्यां हीनाभ्यां वेति । द्वाभ्यां हीनाभ्यां श्रेयः । तौ हि द्विकार्यसाधकौ वश्यौ च भवतः । कार्यसिद्धौ तु—

कृतार्थाज्ज्यायसो गूढः सापदेशमपस्रवेत् ।
अशुचेः शुचिवृत्तात्तु प्रतीक्षेताविसर्जनात् ॥१०॥
सत्रादपसरेद्यत्तः कलत्रमपनीय वा ।
समादपि हि लब्धार्थाद्विश्वस्तस्य भयं भवेत् ॥११॥

ज्यायस्त्वे चापि लब्धार्थः समो विपरिकल्पते ।
अभ्युच्चितश्चाविश्वास्यो वृद्धिश्चित्तविकारिणी ॥१२॥
विशिष्टादल्पमप्यंशं लब्ध्वा तुष्टमुखो व्रजेत् ।
अनंशो वा ततोऽस्याङ्के प्रगृह्य द्विगुणं हरेत् ॥१३॥
कृतार्थस्तु स्वयं नेता विसृजेत्सामवायिकान् ।
अपि जीयेत न जयेन्मण्डलेष्टस्तथा भवेत् ॥१४॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे यातव्यामित्रयोरभिग्रह-
चिन्तादि नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

अध्याय ५

प्रकरण १०८

(यातव्य र अमित्रमाथि आक्रमण)

प्रकरण १०९

(क्षय लोभ वैराग्यका कारणहरू)

प्रकरण ११०

(जमातमा मिल्नेको विचार)

(अरिमा हुनुपर्ने दुर्गुण भएको सङ्कट परेको शत्रु 'यातव्य' हुन्छ । सधैं बिगार गरिरहने सामन्त अमित्र हुन्छ । यस्तामा कुनचाहींप्रति अभियान गर्ने विषयका विचार, तथा अमात्य आदि प्रकृतिहरूको क्षय, लोभ, वैराग्य हुने कारण, तथा तिनका अनुगामीहरूको विषयमा विचार पनि यस अध्यायमा गरिन्छ ।)

यातव्य अमित्रमा आक्रमण—

सामन्त अमित्र र यातव्य शत्रु दुवैलाई उस्तै सङ्कट परेको वेलामा पहिले कतापट्टि अभियान गर्ने भन्ने विषयमा पहिले सामन्त अमित्रलाई दबाउन अभियान गर्नू अनि यातव्यशत्रुपट्टि अभियान गर्नुपर्दछ । किनभने सामन्त अमित्र दबाउने काममा चित्त बुझाई भनेमा यातव्य शत्रुले पनि सहायता दिने हुन्छ, यातव्यलाई दबाउने काममा सामन्त अमित्रले सहायता दिंदैन ।

ठूलो सङ्कट परेको प्रति पहिले अभियान गर्ने कि, सानो सङ्कट परेका प्रति पहिले अभियान गर्ने भन्ने विषयमा ठूलो सङ्कट परेको प्रति पहिले अभियान गर्दा सजिलो पर्दछ भनि आचार्यहरू भन्दछन् । कौटिल्य भन्दछन्—त्यसो होइन, सानो सङ्कट परेका प्रति पहिले अभियान गर्नपर्दछ किनभने अभियुक्त (हमला गरिएको) लाई सानै सङ्कट पनि गाह्रो पर्ने हुन्छ, हो ठूलो सङ्कट ता झन् ठूलो हुन्छ; आक्रमण नगरिएमा सानो सङ्कट परेकाले आफ्नो सङ्कट सहजै हटाएर अमित्र यातव्यपट्टि मिल्ने हुन्छ, किंवा आफू अगाड़ि अभियानमा लाग्दा पछाडिबाट दबाउने हुन्छ ।

यातव्य शत्रु दुइटा एकै बाजि पर्नआएमा ठूलो सङ्कट परेकोचाहीं न्यायी छ, स्यानो सङ्कट परेको अन्यायी वा प्रकृतिवर्ग विरक्त भएको भए विरक्तप्रकृति भएपट्टि पहिले अभियान गर्नू । किनभने ठूलो, सङ्कट परेको न्यायीमाथि अभियान गरिएमा त्यसलाई प्रकृतिवर्गले सहायता दिन्छन्, सानो सङ्कट परेको भए पनि अन्यायीलाई प्रकृतिहरूले वास्ता राख्तैनन्, विरक्त भएका प्रकृतिले बलियालाई पनि उखेल्दछन् । अतः प्रकृति विरक्त भएकैपट्टि अभियान गर्नुपर्दछ ।

निर्धा लोभी प्रकृतिवर्ग भएकामाथि, किंवा प्रकृतिहरू हेला गरिएका भएकोमाथि पहिले अभियान गर्ने भन्ने विषयमा निर्धा लोभी प्रकृति भएकोपट्टि अभियान गर्नुपर्दछ, किनभने निर्धा र लोभी प्रकृतिहरू सहजै फुट्ने वा पीडितहुने हुन्छन्, हेला गरिएका प्रकृतिहरू त्यस्ता हुँदैनन् । प्रधान मानिसलाई हातमा लिएर मात्र तहमा आउने हुन्छन्, भनि आचार्यहरू भन्दछन् । कौटल्य भन्दछन् कि त्यसो होइन, निर्धा लोभी प्रकृतिहरू मालिकमा प्रेम गर्ने, मालिकको हितमा रहने हुन्छन्, भेदनीतिलाई फेल खुवाउँछन्, अनुरागमा धेरै गुण हुन्छन्, अतः प्रकृतिहरू हेलागरिएका हुनेपट्टि नै अभियान गर्नुपर्दछ ।

बलियो अन्यायीपट्टि वा दुर्बलपट्टि अभियान गर्ने भन्ने विषयमा बलियो अन्यायीपट्टि नै पहिले अभियान गर्नुपर्दछ । बलियो अन्यायीलाई प्रकृतिहरूले सहायता गर्दैनन्, किन्तु गिराउँछन् किंवा शत्रुपट्टि लाग्छन् । दुर्बल न्यायी अभियुक्त भएमा त्यसलाई प्रकृतिहरूले वरिपरि टेवा दिन्छन्, नसके उसको साथ-साथै बाहिर जान्छन् ।

क्षय लोभ वैराग्यका कारण—

सज्जनलाई हेला गर्नाले दुर्जनलाई काखि च्याप्नाले, अनुचित धर्मविरुद्ध हिंसा गराउनले, उचित धमाचार हटाउनाले, अधममा आसक्ति, धर्मम

रोकावट गर्नाले, नगर्नुपर्ने काम गर्ने, गर्नुपर्ने काम नाश गर्ने गर्नाले, दिनुपर्ने नदिने नदिनुपर्ने दिने गर्नाले, दण्ड गर्नुपर्नेलाई दण्ड नगर्नु, दण्ड नगर्नुपर्नेलाई दण्ड गर्ने गर्नाले, लिन नहुने चोर आदिलाई लिने, लिनुपर्नेलाई नलिने गर्नाले, अनर्थ हुने कुरा गर्ने, अर्थ हुने कुरा नगर्ने गर्नाले, चोरहरूबाट प्रजाको रक्षा नगर्नाले, प्रजाहरूलाई आफैले द्रव्य लुट्नाले, पुरुषार्थलाई गिराउनाले, राम्रो गरेको काममा दोषलाउनाले, प्रधान पुरुषहरूमाथि आघात पार्नाले, मान्यहरूलाई अपमान गर्नाले, ज्ञान-वयले वृद्धजनमाथि विरोध गर्नाले, विषम व्यवहार गर्नाले, झुट्टा व्यवहार गर्नाले, अरुले गरेको उपकारको कदर नगर्नाले, चलिरहेको उत्सव-चाड़-पर्वका काम नगर्नाले, राजाको सिकार आदि व्यसनमा आसक्ति र आलस्यले, योग (अलब्धलाभ) र क्षेम (लब्धपरिपालन)मा हानि गर्नाले, प्रकृतिवर्गमा क्षय, दुर्बलता, लोभ, वैराग्य, पनि पैदा हुन्छ। प्रकृतिहरू दुर्बल भएपछि लोभी, लोभी भएपछि विरक्त, हुन्छन्। विरक्त भएपछि या त शत्रुपट्टि मिलदछन्, कि त आफ्नै मालिकलाई मार्दछन्।

यसकारण प्रकृतिवर्गमा क्षय-लोभ-वैराग्य पैदा गराउने कारण पर्न नदिनू। परिहाले पनि तुरुन्त त्यसको प्रतिक्रिया गर्नुपर्दछ। क्षीण-लोभी-विरक्त प्रकृतिहरूमध्यमा—क्षीण दुर्बल हुनेहरू पीड़ा-बाधा-नाश होला भन्ने डरले तुरुन्तै सन्धि, नभए युद्ध, नसके भाग्नु रुचाउँछन्; लोभीहरू जति पाए पनि सन्तुष्ट नभएर शत्रुको भेदनीति रुचाउने हुन्छन्; विरक्तहरू शत्रुले आक्रमण गर्नलाग्दा उतैपट्टि लागेर उठ्तछन्।

प्रकृतिहरूमा नगद र अनाजका दुर्बलता हात्ती घोडा आदि समेत सबैलाई पीडा दिने हुन्छ, सहजै सँभाल्न नशकिने हुन्छ; वाहन मानिसको हानि, नगद र अनाजबाट सँभालिने हुन्छ। अर्काको धनहरूमा लोभ प्रकृतिवर्गमा व्यापक नभएर कुनै-कुनैमा त्यसलाई घटाउनु बढाउनु मुख्यको अधीनमा भई सँभालिने हुन्छ।

वैराग्य-प्रधान पुरुषलाई हात लिएर सँभालिने हुन्छ, मुख्य कोही नभएका प्रकृतिहरू विजिगीषुले काम लाउनपाइने, शत्रुले फुटाउन नशकिने हुन्छ; तर तिनीहरू आपत्ति परेमा सहनसक्तैनन्। प्रकृतिका मुख्य पुरुष हातमा लिएमा तिनीहरू फुटाइने र सुरक्षित भएमा आपत्ति खप्ने पनि हुन्छन्।

विजिगीषुसंग मिल्नेहरू—

विजिगीषुसँग मिलेर पछिलाग्नेहरूमा सन्धि गर्ने विरोध गर्ने कारण ठूलो स्यानो के छ, सो विचार गरेर सामर्थ्य र शौच (पवित्रता-ईमानदारी)

भएकासँग मिलेर अभियान गर्नू। सामर्थ्य भएको भए पार्ष्णिग्राहलाई रोक्न वा अभियानमा सहायता दिनशक्ने हुन्छ। पवित्र चलन भएको छ भने काम फत्ते भए पनि नभए पनि उचित काम गर्ने हुन्छ।

अरुसंग मिलेर अभियान गर्दा बलियो यौटासंग मिल्ने कि बराबर दुइटासँग मिल्ने भन्ने विषयमा दुइटा बराबरसँग मिल्नु बेस हुन्छ। ठूलोसँग मिलेमा उसका दबाउमा रहेर चल्नुपर्दछ। दुइटा बराबरसँग मिलेमा त्यसो हुँदैन। त्यस्तै नराम्रो परिआएमा तिनीहरूलाई परस्पर फुटाउन पनि सहजै सकिन्छ। यौटा दुष्टलाई दुइ जना मिलेर दबाउन वा फुटाएर दण्ड दिन पनि शकिन्छ।

आफू बराबरको यौटासङ्ग कि दुइटा कमतीसङ्ग मिल्ने भन्ने विषयमा, कम भए पनि दुइटासङ्ग मिल्नु बेस हुन्छ; किनभने ती दुइटाले दुइ काम गर्नसक्तछन्। कम हुनाले आफ्नो तहमा पनि रहन्छन्।

काम फत्ते भएपछि ता कृतकृत्य भएको बलियो अपवित्र देखियो भने त्यससङ्ग लुकीछिपी कुनै बहाना गरेर त्यसबाट हट्नू। पवित्र (ईमानदारसङ्ग) ता काम पूरा नहुन्जेल अलग नहुनू।

आफू हट्नुपरेमा आफ्ना जहान-बच्चाहरू अगिबाट अन्त सारेर सत्र (अपठ्यारो ठाउँ)को बाटो गरी आफू हट्नू। समानै भए पनि कृतकृत्य भइसकेकोमाथि विश्वास गरेर बसीरहँदा भय हुन्छ।

बलियो होस वा बराबर होस्, काम सकिएपछि बदलिने हुन्छ। बढ़ती भएको मानिसमा विश्वास हुँदैन, वृद्धिले चित्तलाई बिगार्दछ।

आफूभन्दा ठूलोबाट थोरै पाए पनि केही भाग नपाए पनि सन्तोषी मुखलाएर हिड्नुपर्दछ। पछि मौका परेमा त्यसको कोखामा हानेर पहिले लिनेभन्दा दोबर लिनू।

सबै काम राम्ररी पूर्ण भए पनि विजिगीषु नेताले सबै आफूसङ्ग मिलेका सहाय-राजाहरूलाई सत्कार गरेर विदा गर्नूं। आफूले थोरै भाग लिएर पनि साथदिनेहरूलाई घटो भाग नदिनू; त्यसो भएमा विजिगीषु, राजमण्डलको पियारो बन्दछ।

अथ षष्ठोऽध्यायः

१११–११२ प्रकरणे—संहितप्रयाणिकं परिपणितापरिपणितापसृतसन्धयश्च

विजिगीषुर्द्वितीयां प्रकृतिमेवातिसन्दध्यात् । सामन्तं संहितप्रयाणे योजयेत्—'त्वमितो याहि, अहमितो यास्यामि, समानो लाभ' इति । लाभसाम्ये सन्धिः । वैषम्ये विक्रमः । सन्धिः परिपणितश्चापरिपणितश्च । 'त्वमेतं देशं याहि, अहमिमं यास्यामि' इति परिपणितदेशः । 'त्वमेतावन्तं कालं चेष्टस्व, अहमेतावन्तं कालं चेष्टिष्य' इति परिपणितकालः । 'त्वमेतावत्कार्यं साधय, अहमेतावत्कार्यं साधयिष्यामि' इति परिपणितार्थः ।

यदि वा मन्येत—'शैलवननदद्दुर्गमटवीव्यवहितं छिन्नं धान्यपुरुषवीवधासारमयवसेन्धनोदकमविज्ञातं प्रकृष्टमन्यभावदेशीयं वा सैन्यव्यायामानामलब्धभौमं वा देशं परो यास्यति विपरीतमहम्' इत्येतस्मिन् विशेषे परिपणितदेशं सन्धिमुपेयात् । यदि वा मन्येत—'प्रवर्षोष्णशीतमतिव्याधिप्रायमुपक्षीणाहारोपभोगं सैन्यव्यायामानां चौपरोधिकं कार्यसाधनानामूनमतिरिक्तं वा कालं परश्चेष्टिष्यते, विपरीतमहम्' इति, तस्मिन्विशेषे परिपणितकालं सन्धिमुपेयात् ।

यदि वा मन्येत—'प्रत्यादेयं प्रकृतिकोपकं दीर्घकालं महाक्षयव्ययमल्पमनर्थानुबन्धकल्यमधर्म्यं मध्यमोदासीनविरुद्धं मित्रोपघातकं वा कार्यं परः साधयिष्यति, विपरीतमहम्' इत्येतस्मिन् विशेषे परिपणितार्थं सन्धिमुपेयात् ।

एवं देशकालयोः कालकार्ययोर्देशकार्ययोर्देशकालकार्याणां चावस्थापनात्सप्तविधः परिपणितः । तस्मिन् प्रागेवारभ्य प्रतिष्ठाप्य च स्वकर्मणि परकर्मसु विक्रमेत । व्यसनत्वरावमानालस्ययुक्तमज्ञं वा शत्रुमतिसन्धातुकामो देशकालकार्याणामनवस्थापनात् । 'संहितौ

स्वः' इति सन्धिविश्वासेन परच्छिद्रमासाद्य प्रहरेत् । इत्यपरिपणितः । तत्रैतद्भवति—

सामन्तेनैव सामन्तं विद्वानायोज्य विग्रहे ।
ततोऽन्यस्य हरेद्भूमिं छित्त्वा पक्षं समन्ततः ॥ १ ॥

सन्धेरकृतचिकीर्षा कृतश्लेषणं कृतविदूषणमवशीर्णक्रिया च । विक्रमस्य प्रकाशयुद्धं, कूटयुद्धं, तूष्णींयुद्धम् । इति सन्धिविक्रमौ च । अपूर्वस्य सन्धेः सानुबन्धैः सामादिभिः पर्येषणं समहीनज्यायसां च यथाबलमवस्थापनमकृतचिकीर्षा । कृतस्य प्रियहिताभ्यामुभयतः परिपालनं यथासम्भाषितस्य च निबन्धनस्यानुकीर्तनं रक्षणं च । 'कथं परस्मान्न भिद्येत' इति कृतश्लेषणम् । परस्यापसन्धेयतां दूष्यातिसन्धानेन स्थापयित्वा व्यतिक्रमः कृतविदूषणम् । भृत्येन मित्रेण वा दोषापसृतेन प्रतिसन्धानमवशीर्णक्रिया ।

तस्यां गतागतश्चतुर्विधः—कारणाद्गतागतः, विपरीतः, कारणाद्गतोऽकारणाद्गतः, विपरीतश्चेति । स्वामिनो दोषेण गतो गुणेनागतः परस्य गुणेन गतो दोषेणागत इति कारणाद्गतागतः सन्धेयः । स्वदोषेण गतागतो गुणमुभयोः परित्यज्य अकारणाद्गतागतश्चलबुद्धिरसन्धेयः । स्वामिनो दोषेण गतः, परस्मात्स्वदोषेणागत इति कारणाद्गतोऽकारणादागतस्तर्कयितव्यः—'परप्रयुक्तः स्वेन वा दोषेणापकर्तुकामः, परस्योच्छेत्तारममित्रं मे ज्ञात्वा प्रतिघातभयादागतः' परं वा मामुच्छेत्तुकामं परित्यज्यानृशंस्यादागतः' इति ज्ञात्वा कल्याणबुद्धिं पूजयेदन्यथाबुद्धिमपकृष्टं वासयेत् ।

स्वदोषेण गतः परदोषेणागतः इत्यकारणाद्गतः कारणादागतस्तर्कयितव्यः—'छिद्रं मे पूरयिष्यति, उचितोऽयमस्य वासः, परत्रास्य जनो न रमते, मित्रैर्मे संहितः, शत्रुभिर्विगृहीतः, लुब्धक्रूरादाविग्नः, शत्रुसंहिताद्वा परस्मात्' इति ज्ञात्वा यथाबुद्ध्यवस्थापयितव्यः । कृत-

प्रणाशः शक्तिहानिर्विद्यापण्यत्वमाशानिर्वेदो देशलौल्यमविश्वासो बलवद्विग्रहो वा परित्यागस्थानमित्याचार्याः । भयमवृत्तिरमर्ष इति कौटिल्यः । इहापकारी त्याज्यः । परापकारी सन्धेयः । उभयापकारी तर्कयितव्य इति समानम् । असन्धेयेन त्ववश्यं सन्धातव्ये यतः प्रभावः ततः प्रतिविद्ध्यात् ।

सोपकारं व्यवहितं गुप्तमायुःक्षयादिति ।
वासयेदरिपक्षीयमवशीर्णक्रियाविधौ ॥ २ ॥

विक्रामयेद्भर्तरि वा सिद्धं वा दण्डचारिणम् ।
कुर्यादमित्राटवीषु प्रत्यन्ते वान्यतः क्षिपेत् ॥ ३ ॥

पण्यं कुर्यादसिद्धं वा सिद्धं वा तेन संवृतम् ।
तस्यैव दोषेणादूष्य परसन्धेयकारणात् ॥ ४ ॥

अथवा शमयेदेनमायत्यर्थमुपांशुना ।
आयत्यां च वधप्रेप्सुं दृष्ट्वा हन्याद्गतागतम् ॥ ५ ॥

अरितोऽप्यागतो दोषः शत्रुसंवासकारितः ।
सर्पसंवाधधर्मत्वान्नित्योद्वेगेन दूषितः ॥ ६ ॥

जायते प्लक्षबीजाशात् कपोतादिव शाल्मलेः ।
उद्वेगजननो नित्यं पश्चादपि भयावहः ॥ ७ ॥

प्रकाशयुद्धं निर्दिष्टो देशे काले च विक्रमः ।
विभीषणमवस्कन्दः प्रमादव्यसनार्दनम् ॥ ८ ॥

एकत्र त्यागघातौ च कूटयुद्धस्य मातृका ।
योगगूढोपजापार्थं तूष्णींयुद्धस्य लक्षणम् ॥ ९ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमाधिकरणे संहितप्रयाणिकं परिपणितापरिपणितापसृतादिसन्धिर्नाम षष्ठोऽध्यायः ॥ ६ ॥

◆

अध्याय ६

प्रकरण १११

(मिली वेगला वेगलै अभियान)

प्रकरण ११२

(सन्धि विशेष)

(यान प्रथमतः दुइ किसिमको हुन्छ—एक शुद्ध, त्यो यसैको प्रथम अध्यायमा भनियो। दोस्रो मिश्र यो ४ किसिमको हुन्छ—१. विगृह्ययान—विरोध गरेर यान, २. सन्धाययान—सन्धि गरेर यान, ३. सम्भूययान—धेरै जना मिलेर यान, ४. संहित प्रयाण—अर्कोसंग मिलेर यान। यिनमा तीन किसिमको भनि अगिल्लो प्रकरणमा भनियो। चौथो संहित प्रयाणको यसप्रकरणमा निरूपण गरिन्छ।)

संहित प्रयाण—

विजिगीषु राजाले राष्ट्रमण्डलभित्रको शत्रुभाव राख्ने द्वितीय प्रकृति अर्को राजालाई यसरी छकाउनू—सीमाना जोरिएको सामन्त राजालाई संहित प्रयाण अर्थात् परस्पर सन्धि गरेर अर्को तेस्रोमाथि अभियान गर्ने काममा तिमी यतातिर जाऊ, म यतातिर जान्छु, जो भएको लाभ बराबर बाँड्ने भनेर प्रेरणा गर्नू।

दुवै जनाको लाभ बराबर भएमा सन्धि गर्नू। विजिगीषुलाई लाभ बढ्ता भएमा शक्ति बढ्ता हुनाले, अर्को साथीमाथि आक्रमण गर्नू।

अरू विशेष—

सन्धि, परिपणित (केही कबोल भएको) र अपरिपणित (कबोल नगरिएको) पनि हुन्छ। परिपणित पनि तीन किसिमको हुन्छ—

(क) तिमी यो ठाउँपट्टि जाऊ, म यो ठाउँपट्टि जान्छु भनि देशको विभाग गरेको;

(ख) तिमी यति समयसम्म काम गर, म यति समयसम्म काम गर्दछु भनि समयको विभाग गरेको;

(ग) तिमी यति काम गर, म यति काम गर्छु भनि कामको विभाग गरेको।

यदि पहाड़-वन-नदीको किल्ला भएको, जङ्गलले बिचमा छेकेको, अनाज-मानिस-घ्यू-तेल आदि रस, मित्रको फौजहरू ल्याउन पुऱ्याउन नशकिने, घाँस-पात-इन्धन-पानी नभएको, यहाँ यस्तो छ भनि परिचय नभएको, धेरै टाढ़ाको, स्वामिभक्ति नगर्ने किसिमका मानिस भएको, सेनाले दौड़धूप कवायत गर्ने ठाउँ नभएको, गाह्रो ठाउँपट्टि अर्को जानेछ, यस्तो नभएको सजीलो ठाउँपट्टि म जान्छु भन्ने देखिन्छ भने यस्तोमा परिपणित-देश (देशको व्यवस्था भएको) सन्धि गर्नू।

यदि वर्षा धेरै हुने, ज्यादा गर्मी वा ज्यादा जाडो हुने, धेरै रोग भएको रसद्-खाने सामान कम भएको, सेनाको कवायद रोकिने, कामलाई नपुग्ने वा बढ़ता हुने समयभरि अर्कोले काम गर्नेछ, त्यस्तो नभएको सुबिस्ताको समयमा म काम गर्नेछु भन्ने देखिन्छ भने यस्तामा परिपणित-काल (समयको व्यवस्था भएको) सन्धि गर्नू।

यदि रक्षा गर्न गाह्रो पर्ने हुनाले शत्रुले फेरि फर्काएर लिने, प्रजावर्गलाई चिढ़ाउने, धेरै समय लागेर काम हुने, धेरै मानिस खति हुने, धेरै धन खर्च लाग्ने, सानोतिनो पछि अनर्थ परिआउने, काम गर्ने वेलामा पनि गाह्रो, धर्म-हानि हुने, मध्यम र उदासीनलाई पनि मन नपर्ने, मित्रलाई पीड़ा दिने-चाहीं काम अर्कोले गर्नेछ, त्यस्तो नभएको राम्रो काम म गर्नेछु भन्ने देखिन्छ भने यस्तोमा परिपणितार्थ (कामको व्यवस्था भएको) सन्धि गर्नू।

यस्ता देश, काल, कामको व्यवस्था भएका तीन किसिमका परिपणित सन्धिमा, देश र कालको, काल र कार्यको, देश र कार्यको, देश-काल-कार्यको मिश्रित व्यवस्था गरेमा अरु चार थरी हुने हुनाले परिपणित सन्धि जम्मा सात प्रकारको हुन्छ।

यस्ता परिपणित सन्धि भएमा आफ्नोपट्टिको काम अगिबाटै थालेर अगिबाटै सिद्ध्याई अर्कोको कामपट्टि हानि गराउने यत्न गर्नू।

व्यसनमा लागेको, हतपत, हेंला, आलस्य भएको; मूर्ख शत्रुलाई छकाउन चाहने विजिगीषुले देश-काल-कार्यको व्यवस्था नगरीकन हामी दुइ मिलेर गरौं भन्ने बोलीले मात्र विश्वास पारेर काम गर्दै मौका परेमा अर्कोमाथि प्रहार गर्नू। यस किसिमको अपरिपणित सन्धि हुन्छ। यस्तो सन्धि गरेमा पछिबाट जान्ने विजिगीषुले सामन्त पार्ष्णिग्राहद्वारा अर्को सामन्त पार्ष्णि-

ग्राहसंग जोडिएको (आफ्नो आक्रन्द)लाई उठाएर विरोध गर्न लगाई त्यसका वरपरिका पक्षका मानिसलाई छिचलेर यातव्यको भूमि आफूले लिनू।

सन्धिबाट (क) अकृतचिकीर्षा, (ख) कृतश्लेषण, (ग) कृतविदूषण, (घ) अवशीर्ण क्रिया हुन्छन्; विरोधबाट (क) प्रकाश युद्ध, (ख) कूटयुद्ध, (ग) तूष्णीं युद्ध हुन्छन्। सन्धि र विग्रहका रूप यी हुन्—

(क) अकृतचिकीर्षा भनेको अगि सन्धि नभएको राजासंग नयाँ सन्धि गरेर साम मिलेको दान, दान मिलेको सामबाट कामको निश्चय, सम-हीन-बलवानसंग सुहाउँदो गरी समानसंग केही नलिनु नदिनु, हीनबाट फौज-धन लिनु, बलियोलाई फौज-धन दिनु गरेर, बलअनुसार राख्नु हो।

(ख) कृतश्लेषण भनेको गरेको सन्धिलाई दुवै थरीले प्रिय र हित व्यवहार गरेर पालन गर्नु। कबोल गरेबमोजिम परिपालन गरेर शत्रुले फुटाउन नशकिने तुल्याउनु हो।

(ग) कृतविदूषण भनेको दूष्य (असन्तुष्ट) दलद्वारा छकाएर त्योसँग सन्धि गर्न ठीक छैन भन्ने देखाएर गरेको सन्धि भङ्ग गर्नु हो।

(घ) अवशीर्ण क्रिया भनेको केही दोष देखाएर विजिगीषुलाई छोड़ेर गएको भृत्य वा मित्रद्वारा बिग्रेको सन्धि फेरि गर्नु हो।

अवशीर्ण क्रियामा गएको सन्धि फेरि आएको ४ किसिमको हुन्छ—

(क) कारणबाट गएको, कारणबाट फेरि आएको;

(ख) विनाकारण गएको, विनाकारण आएको;

(ग) कारणबाट गएको, विनाकारण आएको;

(घ) विनाकारण गएको, कारणबाट आएको।

मालिकको दोषले गएको, मालिकको गुणले आएको, वा शत्रुको गुणले गएको, शत्रुको दोषले आएको, यस्तो कारणले नै गए-आएकोसँग सन्धि गर्न हुन्छ।

मालिकको दोष केही नभईकन आफै दोषी भएर गएको, शत्रुको दोष केही नभईकन आफै छोड़ी आएको यस्तो विनाकरण गए-आएको यस्तो चञ्चल स्वभाव भएकासंग सन्धि गर्न हुँदैन।

मालिकको दोषले गएको, शत्रुको दोष केही नभईकनै आफ्नै दोषले आएको, यस्तो कारणले गएको विनाकारण आएकोउपर शत्रुले अह्राएर वा

आफ्नै दोषले बिगार गर्न आएको हो कि, मेरो शत्रु-शत्रुपट्टिबाट आएकालाई मार्नलागेको देखेर आफू पनि मारियूँला भन्ने डरले आएको हो कि, मलाई शत्रुले उखेल्न आँटेको जानेर पहिलेको गुन सम्झी आएको हो कि, भन्ने तर्क-वितर्क गरी बुझ्दा राम्रै बुद्धिले आएको देखे सत्कार गरेर नजीकै राख्नू, खराब बुद्धिले आएको देखे टाढ़ा राख्नू।

आफ्नै दोषले गएको, शत्रुको दोषले आएको यस्तो विनाकरण गएको कारण परेर आएकोउपर यसले मेरो छिद्र टालिदिन्छ कि, यसलाई यहाँ राख्न हुन्छ कि, यसका जहानहरू शत्रुकहाँ बस्न नरमाएर हो कि, मेरा मित्रहरूले फेरि यहाँ जोरिदिएको हो कि, शत्रुहरूले बिगार गरिदिएर हो कि, लुब्ध-क्रूर शत्रुबाट डराएर आएको हो कि, शत्रुपट्टि मिलेकोबाट डराएर आएको हो कि भन्ने तर्क-वितर्क गरेर बुझी असल बुद्धिले आएको भए राख्नू।

गरेको उपकार खेर जानु, शक्ति घट्नु, विद्यालाई बिक्रीको मालजस्तो संझेर हेला गर्नु, आशा गर्दा गर्दै दिक्क हुनु, त्यो देशमा डाँस-मछड़-रोग आदिको उपद्रव हुनु, नोकरमाथि विश्वास नहुनु, बलियासंग विरोध हुनु यी कुरा मालिकलाई छोड्नामा कारण हुन्छन् भनि आचार्यहरू भन्दछन्। भय हुनु, कामकाज गर्न नपाउनु, रिसाउनु, यिनै स्वामीलाई छोड्नामा कारण हुन् भनि कौटल्य भन्दछन्।

यहाँ आएर आफ्नो बिगार गर्ने देखिएकालाई छोडिदनू। शत्रुलाई बिगार गर्ने देखिए मेल गर्न हुन्छ। दुवैपट्टि बिगार गर्नेलाई राम्ररी जाँचेर असल ठहरिए राख्नू, नठहरिए छोड़िदिनू।

सन्धि गर्ननहुनेसँग सन्धि नगरी नहुने भयो भने शत्रुको जता प्रभाव पर्दछ त्यता प्रतिक्रिया गर्नुपर्दछ।

अवशीर्ण क्रिया—बिग्रेको सन्धि फेरि गर्नु परेमा गएर आएको शत्रुपक्षको मानिस स्वामी(विजिगीषु)को भलो गर्ने, बिचमा अर्को मानिस भएर मालिकको टाढ़ा परेकालाई, बाचुन्जेल अरूले थाहा नपाउने गरी बसाउनू। यसरी राख्ता त्यो चोखो देखिएमा मालिकले नजीकै राखे पनि हुन्छ। सिपालु भए फौजमा भर्त्ति गर्नू, किंवा अमित्रदल-जङ्गलीदलपट्टि आफ्नो काममा लाउनू, किंवा अन्तै टाढ़ाको काममा राख्नू।

काममा राख्ता असफल भएको लाई बिक्रीको माल बेच्ने गुप्त काम दिई शत्रु देशमा पठाउनू। त्यहाँ शत्रुपट्टि मिलेको भन्ने दोष लाएर खतम गराउनू।

त्यसो हुननशके पछिलाई धोका नपर्ने हुनालाई गुप्त सजायदिनू। गएर आएको मानिस पछि घात गर्न चाहने देखिएमा त्यस्तालाई मारिदिनू।

शत्रुकहाँबाट आएको मानिस शत्रुसंग सहवास भएको दोषले दूषित भई त्यसलाई सँग राख्नु सर्पलाई लिनुजस्तो सधैं भय गराउने हुन्छ।

पाखरीको बिउ खाने परेवाबाट खिमलको वृक्षलाई भय भएझैं शत्रुकहाँबाट आएको मानिसबाट पछिसंम सधैं भय हुने हुन्छ।

युद्धभेद—

(क) प्रकाश युद्ध—भनेको यो ठाउँमा यो समयमा हामी दुइको युद्ध हुन्छ भनि अगिबाटै भनेर गरेको आक्रमण हो।

(ख) कूट युद्ध —भनेको थोरै फौजलाई पनि धेरैजस्तो भाव पारी डर देखाउनु, किल्लाहरूमा आगो लाइदिनु, लूटपीट गर्नु, असावधान भएको सङ्कट परेको वेलामा पीडा दिनु, एकातिर युद्ध भइरहेको वेलामा त्यहाँ छोडेर अन्ततिरबाट आक्रमण गर्नु आदि हो।

(ग) तूष्णीं युद्ध—भनेको गुप्त भित्ता-पत्थरहरू खसाल्नु आदि कपटी उपाय, गुप्तचरद्वारा भेदनीतिको प्रयोग आदि गरेर शत्रुको द्रोह गर्ने चेष्टा हो।

* * *

अथ सप्तमोऽध्यायः

११३ प्रकरणे—द्वैधीभाविकाः सन्धिविक्रमाश्च

विजिगीषुर्द्वितीयां प्रकृतिमुपगृह्णीयात्। सामन्तं सामन्तेन सम्भूय यायात्। यदि वा मन्येत—'पार्ष्णिं येन ग्रहीष्यति, पार्ष्णिग्राहं वारयिष्यति, यातव्यं नाभिसरिष्यति, बलद्वैगुण्यं मे भविष्यति, वीवधासारौ मे प्रवर्तयिष्यति, परस्य वारयिष्यति, बह्वाबाधे मे पथि कण्टकान् मर्दयिष्यति, दुर्गाटव्यपसारेषु दण्डेन चरिष्यति, यातव्यमविषह्ये दोषे सन्धौ वा स्थापयिष्यति, लब्धलाभांशो वा शत्रूनन्यान्मे विश्वासयिष्यति' इति।

द्वैधीभूतो वा कोशेन दण्डं दण्डेन कोशं सामन्तानामन्यतमाल्लिप्सेत । तेषां ज्यायसोऽधिकेनांशेन समात्समेन हीनाद्धीनेनेति समसन्धिः । विपर्यये विषमसन्धिः । तयोर्विशेषलाभादतिसन्धिः । व्यसनिनमपायस्थाने सक्तमनर्थिनं वा ज्यायांसं हीनो बलसमेन लाभेन पणेत । पणितस्तस्यापकारसमर्थो विक्रमेत । अन्यथा सन्दध्यात् । एवंभूतो हीनशक्तिप्रतापपूरणार्थं संभाव्यार्थाभिसारी मूलपार्ष्णित्राणार्थं वा ज्यायांसं हीनो बलसमाद्विशिष्टेन लाभेन पणेत । पणितः कल्याणबुद्धिमनुगृह्णीयादन्यथा विक्रमेत ।

जातव्यसनप्रकृतिरन्ध्रमुपस्थितानर्थं वा ज्यायांसं हीनो दुर्गमित्रप्रतिस्तब्धो वा ह्रस्वमध्वानं यातुकामः शत्रुयुद्धमेकान्तसिद्धिं लाभमादातुकामो बलसमाद्धीनेन लाभेन पणेत । पणितस्तस्यापकारसमर्थो विक्रमेत । अन्यथा सन्दध्यात् ।अरन्ध्रव्यसनो वा ज्यायान् दुरारब्धकर्माणं भूयः क्षयव्ययाभ्यां योक्तुकामो दूष्यदण्डं प्रवासयितुकामो दूष्यदण्डमावाहयितुकामो वा पीडनीयमुच्छेदनीयं वा हीनेन व्यथयितुकामः सन्धिप्रधानो वा कल्याणबुद्धिः हीनं लाभं प्रतिगृह्णीयात् । कल्याणबुद्धिना सम्भूयार्थं लिप्सेत । अन्यथा विक्रमेत । एवं समः सममतिः संदध्यादनुगृह्णीयाद्वा ।

परानीकस्य प्रत्यनीकं मित्राटवीनां वा शत्रोर्विभूमीनां देशिकं मूलपार्ष्णित्राणार्थं वा समः समबलेन लाभेन पणेत । पणितः कल्याणबुद्धिमनुगृह्णीयादन्यथा विक्रमेत । जातव्यसनप्रकृतिरन्ध्रमनेकावरुद्धमन्यतो लभमानो वा समः समबलाद्धीनेन लाभेन पणेत । पणितस्तस्यापकारसमर्थो विक्रमेत, अन्यथा सन्दध्यात् । एवंभूतो वा समः सामन्तायत्तकार्यः कर्तव्यबलो वा बलसमाद्विशिष्टेन लाभेन पणेत । पणितः कल्याणबुद्धिमनुगृह्णीयादन्यथा विक्रमेत ।

जातव्यसनप्रकृतिरन्ध्रमभिहन्तुकामः स्वारब्धमेकान्तसिद्धिं वास्य कर्मोपहन्तुकामो मूले यात्रायां वा प्रहर्तुकामो यातव्याद्भूयो लभमानो

वा ज्यायांसं हीनं समं वा भूयो याचेत । भूयो वा याचितः स्वबलरक्षार्थं दुर्धर्षमन्यदुर्गमासारमटवीं वा परदण्डेन मर्दितुकामः प्रकृष्टेऽध्वनि काले वा परदण्डं क्षयव्ययाभ्यां योक्तुकामः परदण्डेन वा विवृद्धस्तमेवोच्छेत्तुकामः परदण्डमादातुकामो वा भूयो दद्यात् ।

ज्यायान् वा हीनं यातव्यापदेशेन हस्ते कर्तुकामः परमुच्छिद्यं वा तमेवोच्छेत्तुकामः त्यागं वा कृत्वा प्रत्यादातुकामो बलसमाद्विशिष्टेन लाभेन पणेत । पणितस्तस्यापकारसमर्थो विक्रमेत, अन्यथा सन्दध्यात् । यातव्यसहितो वा सन्तिष्ठेत । दूष्याटवीदण्डं वास्मै दद्यात् । जातव्यसनप्रकृतिरन्ध्रो वा ज्यायान् हीनं बलसमेन लाभेन पणेत । पणितस्तस्यापकारसमर्थो विक्रमेत, अन्यथा सन्दध्यात् । एवंभूतं वा हीनं ज्यायान् बलसमाद्धीनेन लाभेन पणेत । पणितस्तस्यापकारसमर्थो विक्रमेत, अन्यथा सन्दध्यात् ।

आदौ बुद्ध्येत पणितः पणमानश्च कारणम् ।
ततो वितर्क्योभयतो यतः श्रेयस्ततो व्रजेत् ॥१॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
द्वैधीभावसन्धिविक्रमो नाम सप्तमोऽध्यायः ॥७॥

अध्याय ७

प्रकरण ११३

(दोधारे सन्धि र विरोध)

विजिगीषुले आफ्नो देश जोड़िएको शत्रुलाई, यदि म अगाड़ि अभियान गर्नलाग्दा त्यो मेरोपछाड़ि आइलाग्नेछैन, मेरोपछाड़ि आइलाग्ने पार्ष्णिग्राहलाई रोक्नेछ, यातव्य शत्रुपट्टि लाग्नेछैन, यसको समेत बलले मेरो बल दोबर हुनेछ, मेरो अन्न आदि आउन मित्रको फौज आउन रोकावट गर्नेछैन,

शत्रुपट्टि अन्नहरू आउन मित्रबल आउन रोक्नेछ, मेरो अभियानको बाटोमा काँढ़ाजस्ता दुःख दिनेलाई मदत गर्नेछ, किल्ला जङ्गलबाट भाग्नुपर्ने मौकामा फौजद्वारा वरिपरि घुमेर सहायता गर्नेछ, सहिनशक्नु दोष परेको वेलामा पनि यातव्य शत्रुसंग मेरो सन्धि गराइदिनेछ, सबाट पाएको लाभको भाग ठीक पाएको देखाई मेरा शत्रु र अरूलाई पनि विश्वास गराउनेछ भन्ने देखेमा अर्को सामन्त शत्रुमाथि मिलेर आक्रमण गरौं भनि आफ्नो पक्षमा लिनू।

विश्वास पार्न नशके यौटा सामन्तसंग सन्धि गरेर अर्को सामन्तमाथि आक्रमण गर्दा कुनै सामन्तसंग धन दिएर फौज, वा फौज दिएर धन लिनू।

आफूभन्दा बलियोबाट धेरै भाग लिने, बराबरलाई बराबर दिने, कमलाई कम दिने गरेर गरेको सन्धिलाई 'समसन्धि' भन्दछन्; बलियोबाट समान वा थोरै, निर्धोबाट बराबर वा धेरै लिनेगरेर गरेको सन्धिलाई 'विषमसन्धि' भन्दछन्। समसन्धि वा विषमसन्धिबाट आफूलाई पत्याएको-भन्दा पनि बढ़ी फायदा भएमा सो सन्धिलाई 'अतिसन्धि' भन्दछन्।

समसन्धि ३, विषमसन्धि ६ जंमा ९ प्रकारमा अतिसन्धि ९ प्रकार भएर जंमा सन्धि १८ प्रकारका हुन्छन्।

लाभ पनि बल बराबरको, समान बल हुनेबाट बढ़ता, बल बराबरबाट कम पनि हुने हुनाले दुर्बलले बलियोसंग सन्धि गर्दा यस्तो हुन्छ कि—व्यसनमा लागेको, आफ्नै नाश हुने काममा लागेको, अनर्थ गर्ने बलियोसंग दुर्बलले फौजअनुसारको लाभ दिने कबोलगरेर गरेको सन्धिलाई, कबोल गरिएको बलियोले विजिगीषुको अपकार गर्नशक्तछ भने आफ्नो सङ्कट टारेर विरोध गर्नूं, नशक्ने भए सन्धि नै गरिरहनू। बलसम लाभको सन्धि यो हो।

सङ्कट परेको दुर्बलले कम भएको आफ्नो शक्ति र प्रताप पूरा गर्न आफ्नो स्वार्थसिद्धि वा मूल राजधानी र पृष्ठभागको रक्षा गर्नानिमित्त बलियालाई समानबल हुनेलाई दिनेभन्दा बढी भाग दिने कबोल गरेर सन्धि गर्नूं। कबोलिएको बलियोले भलो बुद्धि भएको दुर्बलमाथि अनुग्रह राख्नू, कुभलो बुद्धि भएको छ भने विरोध गर्नूं।

सङ्कट परेको, प्रकृतिवर्ग कुपित भएको, अनर्थ पर्नलागेको, बलियोसँग दुर्बलले किल्ला र मित्रको आड़ भएमा, वा छोटै बाटोको अभियान गर्ने भए वा शत्रसँग युद्ध नगरीकनै लाभ लिनपाइने भएमा समानलाई दिइनेभन्दा

कम भाग दिने कबोल गर्नू । कबोल गरिएकोचाहीं बिगार गर्नशक्तछ भने आक्रमण गर्नू , शक्तैन भने मेल गरेर रहनू ।

केही सङ्कट र भित्री छिद्र नभएको बलियोले देश-काल नसुहाउँदो काम गर्नलागेको हीन शत्रुलाई यस्तै कामबाट धन-जनको हानिमाथि बढ़ता धन-जनको हानि गराउनचाहेमा, वा आफ्नो विरोधी फौजलाई बाहिर पठाउनचाहेमा, आफ्नो विरोधी फौजलाई नाश गर्नचाहेमा, शत्रुको विरोधी फौज आफ्नूपट्टि ल्याउनचाहेमा, पीड़ा दिनुपर्ने नाश गर्नुपर्नेलाई त्यो दुर्बल सहाय लिएर पीड़ा वा नाश गराउनचाहेमा, धेरै हानि हुने विरोधभन्दा सन्धि नै बेस हो भन्ने भलो बुद्धि भएमा, दुर्बलबाट थोरै लाभ पाए पनि लिनू। असल बुद्धि भएको निर्धोसँग मिलेर सहायता गर्नू, दुर्बलको बुद्धि दुष्ट देखेमा आक्रमण गर्नू ।

यस्तै किसिमसँग समानले समानसँग पनि दुष्ट देखेमा दबाउने, असल बुद्धि देखेमा सहायता गर्ने गर्नू ।

शत्रुको फौजसँग लड्नशक्ने वा शत्रुका मित्र जङ्गलीदलसँग लड्नशक्ने शत्रुको खराब भूमि, पहाड़, गुफा आदिको गतिविधि बताउने आफू बराबरकोसँग मूल राजधानी वा पृष्ठभागको रक्षाको निमित्त समान राजाले फौजअनुसारको लाभ लिने-दिने कबोल गर्नू । कबोल गरिनेले भलो बुद्धि भएकामाथि अनुग्रह गर्नू , दुष्ट बुद्धि भएकोमाथि आक्रमण गर्नू ।

व्यसन र प्रकृतिवर्गमा सङ्कट भएको, धेरै जनासँग विरोध परेको भए त्यसको सहायता नभए पनि आफ्नो इष्टसिद्धि गर्नशक्ने भएको भए समान बल भएकोसँग कमै लाभ दिने कबोल गर्नू । कबोल गरिनेचाहीं उसको बिगार गर्नशक्ने भए आक्रमण गर्नू , नभए मेल गर्नू ।

यस्तै व्यसन प्रकृतिवर्गमा छिद्र भएको, सामन्तको सहायताबाट काम गराउनुपर्ने, फौज बढ़ाउनुपर्ने भएको, समानले समान बल भएकोसँग बढ़ता लाभ दिने कबोल गर्नू । कबोल गरिनेले भलो बुद्धि भएकामाथि अनुग्रह गर्नू , दुष्ट बुद्धि भएकामाथि आक्रमण गर्नू ।

सङ्कट र प्रकृतिवर्गमा छिद्र परेको बलीयो वा समानलाई आक्रमण गर्नचाहने, वा राम्रो किसिमसँग उठाएको, अवश्य राम्रो फल हुने उसको काम बिगार्नचाहने, वा मूल राजधानीमा वा अभियानको मार्गमा आक्रमण गर्नचाहने, वा यातव्य शत्रुबाट विजिगीषुले दिनेभन्दा बढ़ता लाभ पाउने भएमा, बलियो वा निर्धो वा समानसँग धेरै माग्नू । धेरै मागिएकोले आफ्नो फौजको रक्षा गर्ने, किंवा शत्रको फौजद्वारा अर्को शत्रुको बलियो

किल्ला वा उसको मित्रबल जङ्गलीदललाई नाश गर्नचाहेमा, लामो बाटो र समयमा शत्रुको फौजलाई लगाएर धनजनको हानि गराउनचाहेमा, वा शत्रुको फौजद्वारा बल बढ़ाएर उसैलाई उखेल्नचाहेर यातव्यको फौजलाई लिनचाहेमा पनि धेरै दिनू।

बलियोले निर्धोलाई पनि यातव्य शत्रुलाई नाशगर्ने बहानाले हात लिनचाहेमा वा यातव्य शत्रुलाई उखेलिसकेपछि यसलाई पनि उखेल्नचाहेमा, वा पहिले धेरै लाभ दिएर पछि फर्काएर लिनचाहेमा समानबललाई दिनेभन्दा बढ़ता लाभ दिने कबोल गर्नू। कबोल गरिएकोले उसको बिगार गर्नशके जाइलाग्नू, नशक्ने भए सन्धि गरेर बस्नू, किंवा यातव्य शत्रुसँग सन्धि गरेर बस्नू। सन्धिका निमित्त यातव्यलाई आफ्नो दूष्य (विरोधी) अमित्रदल जङ्गलीदल पनि दिनू।

सङ्कट र प्रकृतिवर्गमा छिद्रपरेको बलियोले दुर्बलसँग फौजअनुसारको लाभ दिने कबोल गर्नू, कबोल गरिनेचाहीं कबोल गर्नेको बिगार गर्नशक्छ भने आक्रमण गरोस्, शक्तैन भने सन्धि नै गरेर रहोस्।

यस्तै सङ्कट प्रकृतिवर्गमा छिद्रपरेको दुर्बललाई बलियोले समानबललाई दिनेभन्दा कम लाभ दिने कबोल गर्नू। कबोल गरिनेले ऊ बलियाको बिगार गर्नशक्ने भए आक्रमण गर्नू, नशक्ने भए सन्धि गरेरै रहनू।

यसकारण कबोल गर्ने र गरिनेले कारण राम्ररी बुझेर सन्धि वा विरोध के गरे असल हुन्छ भन्ने विवेक-विचार गरेर जसबाट आफ्नो कल्याण हुन्छ उही बाटोमा लाग्नुपर्दछ।

अथ अष्टमोऽध्यायः

११४–११५ प्रकरणे—यातव्यवृत्तिः, अनुग्राह्यमित्रविशेषाश्च

यातव्योऽभियास्यमानः सन्धिकारणमादातुकामो विहन्तुकामो वा सामवायिकानामन्यतमं लाभद्वैगुण्येन पणेत। प्रपणितः क्षयव्ययप्रवासप्रत्यवायपरोपकारशरीरबाधांश्चास्य वर्णयेत्। प्रतिपन्नमर्थेन योजयेत्। वैरं वा परैर्ग्राहयित्वा विसंवादयेत्। दुरारब्धकर्माणं भूयः

क्षयव्ययाभ्यां योक्तकामः स्वारब्धायां यात्रायां सिद्धिं विघातयितुकामो मूले यात्रायां वा प्रतिहर्तुकामो यातव्यसंहितः पुनर्याचितुकामः प्रत्युत्पन्नार्थकृच्छ्रस्तस्मिन्नविश्वस्तो वा तदात्वे लाभमल्पमिच्छेदायत्यां प्रभूतम् ।

मित्रोपकारममित्रोपघातमर्थानुबन्धमवेक्षमाणः पूर्वोपकारकं कारयितुकामो भूयस्तदात्वे महान्तं लाभमुत्सृज्यायत्यामल्पमिच्छेत् । दूष्यामित्राभ्यां मूलहरेण वा ज्यायसा विगृहीतं त्रातुकामस्तथाविधमुपकारं कारयितुकामः सम्बन्धापेक्षी वा तदात्वे च लाभं न प्रतिगृह्णीयात् ।

कृतसन्धिरतिक्रमितुकामः परस्य प्रकृतिकर्शनं मित्रामित्रसन्धिविश्लेषणं वा कर्तुकामः पराभियोगाच्छङ्कमानो लाभमप्राप्तमधिकं याचेत । तमितरस्तदात्वे च आयत्यां च क्रममवेक्षेत । तेन पूर्वे व्याख्याताः । अरिविजिगीष्वोस्तु स्वं स्वं मित्रमनुगृह्णतोः शक्यकल्यभव्यारम्भिस्थिरकर्मानुरक्तप्रकृतिभ्यो विशेषः । शक्यारम्भी विषह्यं कर्मारभेत् । कल्यारम्भी निर्दोषम् । भव्यारम्भी कल्याणोदयम् । स्थिरकर्मा नासमाप्य कर्मोपरमते । अनुरक्तप्रकृतिः सुसहायत्वादल्पेनाप्यनुग्रहेण कार्यं साधयति । त एते कृतार्थाः सुखेन प्रभूतं चोपकुर्वन्ति । अतः प्रतिलोमेनानुग्राह्यः ।

तयोरेकपुरुषानुग्रहे यो मित्रं मित्रतरं वाऽनुगृह्णाति सोऽतिसन्धत्ते । मित्रादात्मवृद्धिं हि प्राप्नोति । क्षयव्ययप्रवासपरोपकारान् इतरः । कृतार्थश्च शत्रुर्वैगुण्यमेति । मध्यमं त्वनुगृह्णतोर्यो मध्यमं मित्रं मित्रतरं वाऽनुगृह्णाति सोऽतिसन्धत्ते । मित्रादात्मवृद्धिं हि प्राप्नोति । क्षयव्ययप्रवासपरोपकारानितरः । मध्यमश्चेदनुगृहीतो विगुणः स्यादमित्रोऽतिसन्धत्ते । कृतप्रयासं हि मध्यमामित्रमपसृतमेकार्थोपगतं प्राप्नोति । तेनोदासीनानुग्रहो व्याख्यातः ।

मध्यमोदासीनयोर्बलांशदाने यः शूरं कृतास्त्रं दुःखसहमनुरक्तं

वा दण्डं ददाति, सोऽतिसन्धीयते। विपरीतोऽतिसन्धत्ते। यत्र तु दण्डः प्रतिहतस्तं वा चार्थमन्यांश्च साधयति, तत्र मौलभृतश्रेणीमित्राटवीबलानामन्यतममुपलब्धदेशकालं दण्डं दद्यात्। अमित्राटवीबलं वा व्यवहितदेशकालम्। यं तु मन्येत—'कृतार्थो मे दण्डं गृह्णीयादमित्राटव्यभूम्यनृतुषु वा वासयेदफलं वा कुर्यादि'ति दण्डव्यासङ्गापदेशेन नैनमनुगृह्णीयात्।

एवमवश्यं त्वनुग्रहीतव्ये तत्कालसहमस्मै दण्डं दद्यात्। आसमाप्तेश्चैनं वासयेद्योधयेच्च, बलव्यसनेभ्यश्च रक्षेत्। कृतार्थाच्च सापदेशमवस्रावयेत्। दूष्यामित्राटवीदण्डं वास्मै दद्यात्। यातव्येन वा सन्धायैनमतिसन्दध्यात्।

समे हि लाभे सन्धिः स्याद्विषमे विक्रमो मतः।
समहीनविशिष्टानामित्युक्तः सन्धिविक्रमः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे यातव्यवृत्तिरनुग्राह्यमित्रविशेषो नाम अष्टमोऽध्यायः ॥ ८ ॥

अध्याय ८

प्रकरण ११४—११५

(यातव्यको व्यवहार, सहायता गरिने मित्र)

यातव्यको व्यवहार—

अर्कोले अभियान गरिने भएर यातव्य अवस्थामा रहेको विजिगीषुले अभियान गर्नेसंग अभियानभन्दा पहिले नै सन्धिगर्ने बाटो खोजेमा, वा शत्रुले गर्नखोजेको सन्धिको कारण बिगार्नखोजेमा पनि सामवायिक—आफूसंग मिलनआउनेमा कुनैचाहींलाई दोबर लाभ दिने कबोल गर्नू। कबोल

गर्नेले जन-वाहनको खति, धनको खर्च, लामो परदेश जानु-आउनु, मिलेर काम गर्दा परिआउने बाधा, शत्रुको देशमा पसेर गर्ने उपकार, शरीरलाई हुने पीड़ा—यी सबै कुरा बनाउनू। त्यो सबै बुझेर मानेपछि कबोल गरेको धनहरू दिएर आफ्नो अभियानमा साथी बनाउनू, किंवा अरु मिल्न आउने साथीहरूसंग विरोध गराएर सन्धि बिगारिदिनू।

(क) अनुचित देश-कालमा अभियान गर्न उठेकालाई धेरै धन-जनको हानि दिलाउनचाहेमा, किंवा आफूले गर्नलागेको अभियानको फलसिद्धि नहुने गर्नचाहेमा वा मूल राजधानीमा वा बीच बाटामा आक्रमण गर्न चाहेमा, यातव्यसँग मिलेर ऐल्हे थोरै लाभ लिने सन्धि गरी पछि धेरै मागौंला भन्ने लागेमा, आफूलाई त्यसवेला अर्थसङ्कट परेको वा उसमाथि पछि के गर्ने हो भन्ने अविश्वास भएको भए त्यसवेला थोरै पनि लाभ चाहेर पछि धेरै लाभ लिने पक्ष लिनू।

(ख) आफ्नो मित्रले गरेका उपकार, आफ्नो अमित्रले गरेको अपकार, त्यसबाट परिणाममा हुने फल पनि विचार गरेर त्यो कबोल गर्नेले अगि गरेका उपकारजस्तै फेरि उसबाट अरु पनि उपकार गराउन चाहेमा त्यसबखतमा हुने ठूलो लाभ छोड़ेर पनि पछि हुने थोरै लाभ रुचाउने पक्ष लिनू।

(ग) दूष्य (विरोधी) अमित्रले वा जरै उखेल्ने बलियोले विरोध गरिएको बन्धु आदिलाई रक्षा गर्नचाहेमा वा त्यस्तै उपकार अरुबाट गराउनचाहेमा पनि त्यसबखतमा हुने र पछि हुने समेत लाभ अलिकति पनि नलिने पक्ष लिनू।

(घ) पहिले गरेको सन्धि भङ्ग गर्नचाहेमा, वा शत्रुका प्रकृतिहरूलाई पीड़ा दिन, वा मित्र र अमित्रको सन्धि विघटन गराइदिनचाहेमा, अरुले अभियोग गर्ला भन्ने शङ्का लागेमा नपाएको र बढ़ता पनि माग्नू। मागिएकाले त्यसबखतमा र पछि पनि त्यो मागेको कुरा दिन हुने हो कि होइन भनि विचार गरेर निर्णय गर्नुपर्दछ। यस पक्षमा भनेझैं अगिका पक्षहरूमा पनि मागेको कुरा ठीक हो कि होइन भनि विचार गर्नुपर्दछ। यसैक्रममा पहिले भनिएका तीन प्रकारका लाभ र हानिको विचार हुनैपर्दछ भन्ने कुरा पनि बुझ्नू।

अनुग्राह्यमित्र—

विजिगीषु र शत्रुले आफ्ना-आफ्ना मित्रलाई सहायता दिएर उपकार गर्दा गर्नसकिने असल भलो हुने काम उठाउने, कामबाट नडग्ने, आफ्ना

प्रकृतिहरू अनुगामी भएको मित्रलाई उपकार गर्नाले विशेष लाभ हुन्छ। ती मित्रहरू गर्नशक्ने काम उठाउनेचाहीं 'शक्यारम्भी', दोष नभएको असल काम गर्नेचाहीं 'कल्यारम्भी', पछि कल्याण हुने काम उठाउनेचाहीं 'भव्यारम्भी', काम नसिद्ध्याई चुप नलाग्नेचाहीं 'स्थिरकर्मा' भनिन्छन्। प्रकृतिहरू अनुरागी हुनेचाहीं सहाय असल भएको हुनाले थोरै सहायता दिए पनि काम सिद्ध गर्ने हुन्छ। यसकारण यस्ता मित्रहरूलाई सहायता दिएमा तिनीहरू कृतज्ञ भएर आफूलाई धेरै उपकार गर्ने हुन्छन्।

विजिगीषु वा शत्रुले मित्र वा अमित्रमध्यमा एकलाई वा, मित्रमध्यमा एकलाई अनुग्रह गर्नुपर्ने भएमा अमित्रलाई छोड़ेर मित्रलाई, वा मित्रलाई छोड़ेर ज्यादा मित्रता भएकालाई उपकार गर्‍यो भने विशेष लाभ पाउँछ। किनभने मित्रबाट आफ्नो वृद्धि हुन्छ। अमित्रलाई अनुग्रह गर्दा उसबाट धन-जनको हानि, प्रवास र आफ्नो बदलामा अर्कोलाई उपकार हुने हुन्छ। शत्रु आफ्नो काम बनेपछि फेरि विपरीत हुने हुन्छ।

मित्र वा अतिमित्र बनेको मध्यम राजालाई अनुग्रह गर्नेले विशेष लाभ पाउँछ। किनभने मित्रबाट आफ्नो वृद्धि हुने हुन्छ, अमित्रबाट धनजनको हानि, प्रवास, अर्कैको उपकार हुने हुन्छ। आफूले अनुग्रह गरिएको मध्यम आफूप्रति विपरीत भयो भने शत्रुले फायदा उठाउने हुन्छ। अगिबाट परिश्रम गरेर मित्र बनाएको मध्यम राजा अमित्र बन्यो भने आफूदेखि पर हटेर शत्रुसँग मिल्दछ।

यस्तै गरी उदासीनलाई अनुग्रह गरेमा त्यो आफ्नो मित्र बनेर विशेष लाभ गराउने हुन्छ। त्यो उदासीन आफूदेखि चिढ़िएर प्रतिकूल भएमा शत्रुपट्टि लागेर शत्रुलाई फायदा हुने हुन्छ।

मध्यम र उदासीनमध्यमा एउटालाई केही फौज दिएर अनुग्रह गर्नुपर्दा शूरो, हतियार चलाउन सिपालु, दुःख सहनशक्ने स्वामिभक्तचाहीं सेना दियो भने त्यो दिने ठगिन्छ। यसको उल्टो कातर, अस्त्र चलाउन नजान्ने, दुःख सहन नशक्नेचाहीं सेना दियो भने उसलाई छकाइदिन्छ।

जुन कामको निमित्त सेना पठाइएको थियो त्यसले त्यहाँ ठक्कर खायो, काम पनि बनेन भने, काम सिद्ध गर्नालाई मौल (मूलराजधानीको) भृत (भर्ती) श्रेणी (जनपदका शस्त्रधारी सेना), मित्रको सेना, जङ्गली दल—मध्यमा कुनैलाई देश-काल सुहाउँदो नजीकमा चाँड़ै काम गर्ने गरी पठाउनू। धेरै टाढ़ा ढीलो काम हुने गरी पठाउँदा अमित्र (विरोधीदल) वा जङ्गलीदललाई पठाउनू।

जुन मध्यम वा उदासीनले आफूले सहायता निमित्त पठाएको फौज काम सिद्धिएपछि आफ्नै अधीनमा राख्नेछ, किंवा अमित्र जङ्गलीहरूकहाँ वा वस्त नहुने ठाउँमा युद्ध गर्न नहुने समयमा पठाउनेछ, फौजलाई निष्फल गराउनेछ, भन्ने ठान्दछ भने मेरो सेना अन्तैतिर बिकाममा फसीरहेको छ भन्ने बहाना देखाएर फौजी सहायता उसलाई नदिनू।

मध्यम वा उदासीनको सहायताका निमित्त फौज अवश्य दिनुपर्ने भएमा त्यो सहायता दिनुपर्नेलाई त्यो अवस्थासुहाउँदो फौज दिनू। त्यो फौजलाई काम नसकियून्जेलसम्मै राख्नू। योग्य देश-कालमा लगाउन पनि दिनू। फौजी सङ्कटको बचाउ पनि गर्नू। काम सकिएपछि केही बहाना देखाएर त्यहाँबाट फर्काइहाल्नु। यो परिबन्ध पुऱ्याउन नशकिने भएमा दूष्यदल (विरोधिदल), जङ्गलीदल दिनू। त्यसको मनसाय नराम्रो देखिएमा यातव्य-शत्रुसँग सन्धि गरेर त्यसलाई छकाइदिनू, सेना नदिनू।

सन्धि-विग्रहसम्बन्धी बोल-कबोल लाभहरूका विषयमा भनिएका कुराको सारांश यो हो कि—दुवै पक्षलाई बराबर लाभ हुने देखिएमा सन्धि गर्नू, आफूलाई कम लाभ हुने देखिएमा युद्ध गर्नू। समबल, बढ़ीबल, कमबल जस्तो भए पनि सबैलाई सन्धि वा विग्रहका नियम यिनै हुन्।

अथ नवमोऽध्यायः

११६ प्रकरणे—मित्रहिरण्यभूमिकर्मसन्धयः

संहितप्रयाणे मित्रहिरण्यभूमिलाभानामुत्तरोत्तरो लाभः श्रेयान्। मित्रहिरण्ये हि भूमिलाभाद्भवतः, मित्रं हिरण्यलाभात्। यो वा लाभः सिद्धः शेषयोरन्यतरं साधयति। 'त्वं चाहं च मित्रं लभावहे' इत्येवमादिः समसन्धिः। 'त्वं मित्रम्' इत्येवमादिर्विषमसन्धिः। तयोर्विशेषलाभादतिसन्धिः। समसन्धौ तु यः सम्पन्नं मित्रं मित्रकृच्छ्रे वा मित्रमवाप्नोति, सोऽतिसन्धत्ते। आपद्धि सौहृदस्थैर्यमुत्पादयति। मित्रकृच्छ्रेऽपि नित्यमवश्यमनित्यं वश्यं वेति। 'नित्यमवश्यं श्रेयः, तद्ध्यनुकुर्वदपि नापकरोति' इत्याचार्याः। नेति कौटिल्यः—

वश्यमनित्यं श्रेयोः यावदुपकरोति तावन्मित्रं भवत्युपकारलक्षणं मित्रमिति ।

वश्ययोरपि महाभोगमनित्यमल्पभोगं वा नित्यमिति । महाभोगमनित्यं श्रेयः । महाभोगमनित्यमल्पकालेन महदुपकुर्वन्महान्ति व्ययस्थानानि प्रतिकरोतीत्याचार्याः । नेति कौटिल्यः । नित्यमल्पभोगं श्रेयः । महाभोगमनित्यमुपकारभयादपक्रामति । उपकृत्य वा प्रत्यादातुमीहते । नित्यमल्पभोगं सातत्यादल्पमुपकुर्वन्महता कालेन महदुपकरोति ।

गुरुसमुत्थं महन्मित्रं लघुसमुत्थमल्पं वेति ? 'गुरुसमुत्थं महन्मित्रं प्रतापकरं भवति । यदा चोत्तिष्ठते, तदा कार्यं साधयति' इत्याचार्याः । नेति कौटिल्यः । लघुसमुत्थमल्पं श्रेयः, लघुसमुत्थाल्पं मित्रं कार्यकालं नातिपातयति । दौर्बल्याच्च यथेष्टभोग्यं भवति, नेतरत् प्रकृष्टभौमम् । विक्षिप्तसैन्यमवश्यसैन्यं वेति ? 'विक्षिप्तं सैन्यं शक्यं प्रतिसंहर्तुं वश्यत्वात्' इत्याचार्याः । नेति कौटिल्यः—अवश्यसैन्यं श्रेयः । अवश्यं हि शक्यं सामादिभिर्वश्यं कर्तुं, नेतरत्कार्यव्यासक्तं प्रतिसंहर्तुम् ।

पुरुषभोगं हिरण्यभोगं वा मित्रमिति ? 'पुरुषभोगं मित्रं श्रेयः, पुरुषभोगं मित्रं प्रतापकरं भवति । यदा चोत्तिष्ठते तदा कार्यं साधयति' इत्याचार्याः । नेति कौटिल्यः—'हिरण्यभोगं मित्रं श्रेयः, नित्यो हिरण्येन योगः कदाचित् दण्डेन दण्डश्च हिरण्येनान्ये च कामाः प्राप्यन्त' इति । हिरण्यभोगं भूमिभोगं वा मित्रमिति ? 'हिरण्यभोगं मतिमत्त्वात्सर्वव्ययप्रतीकारकम्' इत्याचार्याः । नेति कौटिल्यः—'मित्रहिरण्ये हि भूमिलाभाद्भावतः' इत्युक्तं पुरस्तात् । तस्माद्भूमिभोगं मित्रं श्रेय इति । तुल्ये पुरुषभोगे विक्रमः क्लेशसहत्वमनुरागः सर्वबललाभो वा मित्रकुलाद्विशेषः । तुल्ये हिरण्यभोगे प्रार्थितार्थता प्राभूत्यमल्पप्रयासता सातत्यं च विशेषः । तत्रैतद्भवति—

नित्यं वश्यं लघूत्थानं पितृपैतामहं महत् ।
अद्वैध्यं चेति सम्पन्नं मित्रं षड्गुणमुच्यते ॥ १ ॥

ऋते यदर्थं प्रणयाद्रक्ष्यते यच्च रक्षति ।
पूर्वोपचितसम्बन्धं तन्मित्रं नित्यमुच्यते ॥ २ ॥

सर्वचित्रमहाभोगं त्रिविधं वश्यमुच्यते ।
एकतोभोग्युभयतः सर्वतोभोगि चापरम् ॥ ३ ॥

आदातृ वा दात्रपि वा जीवत्यरिषु हिंसया ।
मित्रं नित्यमवश्यं तद्दुर्गाटव्यपसारि च ॥ ४ ॥

अन्यतो विगृहीतं यल्लघुव्यसनमेव वा ।
सन्धत्ते चोपकाराय तन्मित्रं वश्यमध्रुवम् ॥ ५ ॥

एकार्थानर्थसम्बन्धमुपकार्यविकारि च ।
मित्रभावि भवत्येतन्मित्रमद्वैध्यमापदि ॥ ६ ॥

मित्रभावाद्ध्रुवं मित्रं शत्रुसाधारणाच्चलम् ।
न कस्यचिदुदासीनं द्वयोरुभयभावि तत् ॥ ७ ॥

विजिगीषोरमित्रं यन्मित्रमन्तर्धितां गतम् ।
उपकारे निविष्टं वाऽशक्तं वाऽनुपकारि तत् ॥ ८ ॥

प्रियं परस्य वा रक्ष्यं पूज्यसन्बन्धमेव वा ।
अनुगृह्णाति यन्मित्रं शत्रु साधारणं हि तत् ॥ ९ ॥

प्रकृष्टभौमं सन्तुष्टं बलवच्चालसं च यत् ।
उदासीनं भवत्येतद्व्यसनादवमानितम् ॥ १० ॥

अरेर्नेतुश्च यद्वृद्धिं दौर्बल्यादनुवर्तते ।
उभयस्याप्यविद्विष्टं विद्यादुभयभावि तत् ॥ ११ ॥

कारणाकरणध्वस्तं कारणाकरणागतम् ।
यो मित्रं समुपेक्षेत स मृत्युमुपगूहति ॥ १२ ॥

क्षिप्रमल्पो लाभश्चिरान्महानिति वा । 'क्षिप्रमल्पो लाभः कार्यदेशकालसंपादकः श्रेयान्' इत्याचार्याः । नेति कौटिल्यः । चिरादविनिपाती बीजसधर्मा महान् लाभः श्रेयान्, विपर्यये पूर्वः ।

एवं दृष्ट्वा ध्रुवे लाभे लाभांशे च गुणोदयम् ।
स्वार्थसिद्धिपरो यायात्संहितः सामवायिकैः ॥ १३ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
मित्रहिरण्यभूमिकर्मसन्धिर्नाम नवमोऽध्यायः ॥ ९ ॥

अध्याय ९

प्रकरण ११६

(क) (मित्र, धन, भूमि, कामका सन्धिहरू)

(यस प्रकरणमा नवम आदि ४ अध्यायले जमात मिलेर अभियान संहित प्रयाण गर्दा मित्रता, धन, भूमि, कामको लाभ हुने सन्धिहरूका विषयमा विचार गरिन्छ ।)

धेरै जना मिलेर संहित-प्रयाण (संमिलित अभियान) गर्दा मित्रको लाभभन्दा धनको लाभ बेस, त्योभन्दा पनि भूमिको लाभ बेस हुन्छ। किनभने नयाँ भूमिको लाभ भएपछि मित्र र धनको पनि लाभ हुन्छ । धनको लाभ भएपछि मित्रको लाभ पनि हुन्छ जुन यौटा भूमिको लाभ भएपछि बाँकि दुइ (धन र मित्र) को लाभ पनि हुन आउँदछ । त्यही सर्वोत्तम लाभ हो ।

तिमी पनि म पनि मित्र पाउनेछौं, धन पाउनेछौं, भूमि पाउनेछौं, अर्थात् जो लाभ हुन्छ सो दुवै जनालाई हुनेछ भन्ने कबोल गरेको सन्धि 'समसन्धि' हुन्छ । तिमी मित्र म धन, तिमी धन म भूमि, तिमी भूमि म धन पाउने भनि बेगलै-बेगलै लाभ गर्ने कबोल भएको सन्धि 'विषमसन्धि' हुन्छ । ती दुवै थरी सन्धिमा जसबाट अगि पाउने भन्ने लाभभन्दा विशेष लाभ हुन्छ त्यो 'अतिसन्धि' (बढ़ी सन्धि) भनिन्छ ।

समसन्धि गर्दा नित्यता, वश्यता आदि गुणले सम्पन्न मित्र पायो वा मित्र-सङ्कट परेको वेलामा मित्र पायो भने त्यसले अतिसन्धिको विशेष लाभ पाउँछ किनभने आपत्तिले मित्रतालाई स्थिर गराउँछ ।

मित्र-सङ्कट परेको बखतमा यौटा स्थिर तर वशमा नरहने, अर्को वशमा रहने तर अस्थिर, यस्ता दुइ थरी मित्रमध्यमा वशमा नपरे पनि अटल भएर रहने मित्र बेस हुन्छ, त्यसले उपकार नगरे पनि बिगार गर्दैन भनि आचार्यहरू भन्दछन् । कौटल्य भन्दछन्—त्यसो होइन, अस्थिर भए पनि आफ्नो तहमा रहने बेस हुन्छ, किनभने जहाँसम्म उपकार गर्दछ त्यहाँसम्म मित्र हुन्छ, उपकार गर्नु नै मित्रको लक्षण हो ।

वशमा रहने मित्रमा पनि यौटा महाभोग (खूब दिने-खाने) तर अनित्य, अर्को अल्पभोग (सानो गाँठीको) तर नित्य—पछिसम्म दीगो; यी दुइमध्यमा अनित्य भए पनि महाभोग मित्र बेस हुन्छ, किनभने महाभोगचाहीं अनित्य भए पनि जतिसंम रहन्छ, त्यतिसंम थोरै समयमा पनि ठूलो उपकार गर्दछ, ठूलठूला व्ययका ठाउँमा नै सम्हालिदिन्छ भनि आचार्य भन्दछन् । कौटिल्य भन्दछन्—त्यसो होइन, थोरै भोग गराउने भए पनि नित्य—दीगोचाहीं नै बेस हुन्छ, महाभोगचाहीं अनित्य भए पनि उपकार गर्नुपर्लो भनेर पर हट्तछ, उपकार गरिहाल्यो भने पनि त्यसको साटो लिनखोज्दछ । नित्यचाहीं अल्पभोग भए पनि पछिसंम थोरैथोरै उपकार गरिरहँदा धेरै उपकार गर्दछ ।

टाढ़ा देश आदिको हुनाले झट्ट उठाउन नशकिने, तर ठूलो बलियो र झट्ट उठाउनसकिने, तर स्यानो निर्धो, यी दुइ थरी मित्रमा उठाउन गाह्रो भए पनि ठूलो मित्र प्रभाव बढ़ाइदिने हुन्छ, उठ्यो कि काम सिद्ध गरिदिइहाल्दछ भनि आचार्यहरू भन्दछन् । कौटिल्य भन्दछन्—त्यसो होइन, स्यानो भए पनि छिटो उठ्ने बेस हुन्छ; झट्ट उठ्ने सानो मित्रले कामको वेला घर्काउँदैन, निर्धो हुनाले आफूले फायदा लिनपाइने हुन्छ; बल-बल्ल उठ्नेचाहीं ठूलो हुनाले त्यसबाट फायदा उठाउने गाह्रो हुने हुन्छ ।

फौज ठाउँ ठाउँमा छरिएको मित्र, र फौज तहमा नभएको मित्र, यी दुइमा फौज छरिएकोचाहीं बेस हुन्छ, किनभने फौज छरिएका भए पनि तहमा चल्ने हुनाले जंमा गर्नशकिने हुन्छ भनि आचार्यहरू भन्दछन् । कौटल्य भन्दछन्—त्यसो होइन, सैन्य वशमा नरहेकोचाहीं बेस हुन्छ, किनभने वशमा नरहनेलाई साम-दानहरूले वश पार्न शकिन्छ, छरिएर काम-काममा लागेका जम्मा पार्न गाह्रो हुन्छ ।

मानिस दिएर उपकार गर्ने मित्र, र धन दिएर उपकार गर्ने मित्र, यी दुइमा मानिसको मदत दिने मित्र बेस हुन्छ; त्यस्तो मित्र प्रभाव बढ़ाइदिने हुन्छ, जब उठतछ कि काम सिद्ध गरिदिइहाल्दछ भनि आचार्यहरू भन्दछन्। कौटल्य भन्दछन्—त्यसो होइन, धनको मद्दत दिने मित्र दिगो हुन्छ, फौज (पुरुष) कहिलेकाहींमात्र दिने हुन्छ, धन भएपछि फौज वा अरु पनि जे-जे चाहिन्छ, त्यो-त्यो पाइन्छ।

धनले मदत गर्ने र भूमि दिएर मद्दत गर्ने मित्रमध्यमा धनको मद्दत दिने बेस हुन्छ। धन ल्याउन-लैजान शकिने हुनाले सबै किसिमको खर्चमा काम लाग्ने हुन्छ भनि आचार्यहरू भन्दछन्। कौटल्य भन्दछन्—त्यसो होइन, भूमिको लाभ भएपछि मित्र पनि धन पनि पाइन्छ भन्ने कुरा अगि नै भनियो, त्यसकारण भूमि दिएर उपकार गर्ने मित्र नै बेस हुन्छ।

मानिसको मदत बराबरै दिने मित्रमध्यमा दुःख सहन शक्नु, प्रेम हुनु, सबै किसिमको मौल भृत आदि पुरुषको लाभ मित्रबाट हुनु बेस हुन्छ।

धनको मदत बराबरै दिने मित्रमध्यमा पनि मागेजति पाइने, धेरै संख्यामा पाइने, थोरै प्रयासले पाइने, निरन्तर पाइने जताबाट हुन्छ त्यही बेस हुन्छ।

मित्र विभिन्न गुणले गर्दा छः किसिमको हुन्छ— १. नित्य, २. वश्य, ३. लघूत्थान, ४. पितृपैतामह, ५. महान , ६. अद्वैध।

१. नित्य—स्वार्थ केही नभईकन पनि परस्पर प्रेमले रक्षा गरिने र रक्षा गर्ने पहिलेदेखि सम्बन्ध (नाता आदि) भएको स्थायीमित्र;

२. वश्य—स्वार्थ सिद्धिका निमित्त आफ्नो वशमा रहेको मित्र, सो पनि अर्थलाभको प्रकार भेदले तीन किसिमको हुन्छ—

(क) सेना-धन-भूमि तीनै थोकबाट सहायता गर्ने सर्वभोग मित्र,

(ख) सेना र धनले सहायता गर्ने महाभोग मित्र,

(ग) रत्न सारवस्तु, क्षुद्रवस्तु, नगद, जिनिस, वनद्वारा सहायता गर्ने चित्रभोग मित्र; सो वश्य अनर्थनिवारणरूप सहायताको प्रकारभेदले पनि तीन किसिमको हुन्छ—

(क) शत्रुपट्टिको मात्र प्रतिक्रिया गरिदिने एकतोभोगी मित्र,

(ख) शत्रु र आसार (शत्रुको एकान्तर मित्र) उपर पनि प्रतिक्रिया गरिदिने उभयतो भोगी मित्र,

(ग) शत्रु-आसार (शत्रुको मित्र)—विरोधीदल-जङ्गलीदल सबैमाथि प्रतिक्रिया गरिदिने सर्वतोभोगी मित्र।

मित्र (क) नित्य भए पनि वश्य नभएको (ख) वश्य भए पनि नित्य नभएको पनि हुन्छ ।

(क) विजिगीषुको वशमा नभए पनि शत्रुदेशमा लूटपीटद्वारा धनको आदान-प्रदान गरी जीविका गर्ने, किल्ला-जङ्गलहरूको आड़ लिएर आत्मरक्षा गर्न भई शत्रुले पक्रन नशकिने अवश्य-नित्य मित्र;

(ख) शत्रुद्वारा आक्रान्त सानोतिनो सङ्कट परेको भए पनि विजिगीषुको भलाईनिमित्त उससंग सन्धि गर्ने अनित्य-वश्य मित्र हो ।

३. लघूत्थान—सहजै सैन्यहरूको तयारी गर्नशक्ने मित्र ।

४. पितृपैतामह—बाबुबराज्यूको पालादेखिको मित्र ।

५. महत्—ठूलो परिमाणको प्रतापी फौज भएको बलियो मित्र ।

६. अद्वैध्य—सुख-दुःख एकै संझी सदा उपकार गरीरहने, कहिल्यै नहट्ने मित्र, यसलाई मित्रभावी पनि भन्दछन् ।

मित्रका अरु प्रकार पनि हुन्छन्—

ध्रुव—सधैं मित्र भएर रहने ध्रुव मित्र हो ।

चल—कैले आफूपट्टि, कैले शत्रुपट्टि मिल्ने अस्थिर मित्र हो ।

उदासीन—कतैपट्टि पनि नलागी बिगार नगर्ने तटस्थ मित्र हो । उदासीनलाई 'उभयभावी मित्र' पनि भन्दछन् ।

जुन मित्र विजिगीषु राजासँग राज्य जोरिएर शत्रुजातको भए पनि विजिगीषु र उसको शत्रुको बिचमा अन्तर्द्धि (छेका) भएर रहने आफूलाई उपकार गर्ने, वा उपकार गर्नचाहे पनि अशक्त भएर उपकार नगर्ने मित्र पनि 'उभयभावी' हो ।

जुन मित्र विजिगीषुको शत्रुको पनि प्रिय शत्रसँग पूज्य सम्बन्ध भएकोले शत्रुलाई पनि विजिगीषुलाई पनि दुवैतिर साझा भएर उपकार गर्दछ सो पनि 'उभयभावी' हो ।

धेरै टाढ़ाको, वा धन-फौज आदि परिपूर्ण भएर सन्तोषी बलियो भएको, वा अलसी-व्यसनी भएकोले सबैले वास्ता नगरिने उदासीन पनि 'उभयभावी' हो ।

आफू निर्धो भएकोले विजिगीषुको र उसका शत्रुको पनि उन्नतिमा निको मान्ने, दुवैतिर द्वेषभाव नभएको जो छ सो पनि 'उभयभावी' हो ।

कुनै कारण नपरीकनै मित्रलाई छोड़ेर जाने, फेरि केही कारण नपरीकन

विजिगीषुसँग मिल्नआउनेलाई मित्र भनेर स्वीकार गर्दछ भने त्यसले मृत्युलाई अँगालो हाली नाशको अनुभव गर्दछ ।

लाभ थोरै भए पनि झट्टै हुने र धेरै लाभ हुने तर ढीलो हुने, यी दुइमा उनीहरूको समयमा भनेको ठाउँ-समय फरक नपर्नेगरी थोरै भए पनि झट्टै हुने लाभ बेस हुन्छ भनि आचार्यहरू भन्दछन् । कौटल्य भन्दछन्—त्यसो होइन, धेरै समय लागेर हुने भए पनि पछि हानि नहुने बीज (अन्नहरूको बीउ) जस्तै भएर पछि धेरै फल दिने ठूलो लाभ बेस हुन्छ, यस्तो छैन भने सानो भए पनि झट्टै हुने लाभ बेस हुन्छ ।

विजिगीषुले यस किसिमसँग मित्र, धन, भूमिरूप निश्चित लाभ र आंशिक (केही मात्राको) लाभको पनि उत्पत्ति गुणहरूको विवेचना गरी संघ बन्ने सामन्तहरूसँग सन्धि गरेर आफ्नो स्वार्थ सिद्ध गर्न शत्रुमाथि चढ़ाइ गर्नुपर्दछ ।

अथ दशमोऽध्यायः

११६ प्रकरणे—भूमिसन्धिः

'त्वं चाहं च भूमिं लभावहे' इति भूमिसन्धिः । तयोर्यः प्रत्युपस्थितार्थसम्पन्नां भूमिमवाप्नोति सोऽतिसन्धत्ते । तुल्ये सम्पन्नालाभे यो वलवन्तमाक्रम्य भूमिमवाप्नोति, सोऽतिसन्धत्ते । भूमिलाभं शत्रुकर्शनं प्रतापं च हि प्राप्नोति । दुर्बलाद्भूमिलाभे सत्यं सौकर्यं च भवति । दुर्बल एव भूमिलाभः, तत्सामन्तश्च मित्रममित्रभावं गच्छति । तुल्ये बलीयस्त्वे यः स्थिरं शत्रुमुत्पाट्य भूमिमवाप्नोति, सोऽतिसन्धत्ते । दुर्गावाप्तिर्हि स्वभूमिरक्षणममित्राटवीप्रतिषेधं च करोति ।

चलामित्राद्भूमिलाभे शक्यसामन्ततो विशेषः । दुर्बलसामन्ता हि क्षिप्राप्यायनयोगक्षेमा भवन्ति । विपरीता बलवत्सामन्ता कोशदण्डावच्छेदिनी च भूमिर्भवति । सम्पन्ना नित्यामित्रा मन्दगुणा वा

भूमिरनित्यामित्रेति । ‘सम्पन्ना नित्यामित्रा श्रेयसी भूमिः । सम्पन्ना हि कोशदण्डौ सम्पादयति । तौ चामित्रप्रतिघातकौ’ इत्याचार्याः । नेति कौटिल्यः—नित्यामित्रालाभे भूयाञ्छत्रुलाभो भवति । नित्यश्च शत्रुरुपकृते च शत्रुरेव भवति । अनित्यस्तु शत्रुरुपकारादनपकाराद्वा शाम्यति । यस्या हि भूमेर्दुर्गाश्चोरगणैर्म्लेच्छाटवीभिर्वा नित्याविरहिताः प्रत्यन्ताः सा नित्यामित्रा । विपर्यये त्वनित्यामित्रेति ।

अल्पा प्रत्यासन्ना महती व्यवहिता वा भूमिरिति ? अल्पा प्रत्यासन्ना श्रेयसी । सुखा हि प्राप्तुं पालयितुमभिसारयितुं च भवति । विपरीता व्यवहिता । व्यवहिताव्यवहितयोरपि दण्डधारणात्मधारणा वा भूमिरिति ? आत्मधारणा श्रेयसी । सा हि स्वसमुत्थाभ्यां कोशदण्डाभ्यां धार्यते । विपरीता दण्डधारणा दण्डस्थानमिति ।

वालिशात्प्राज्ञाद्वा भूमिलाभ इति ? बालिशाद्भूमिलाभः श्रेयान् । सुप्राप्यानुपाल्या हि भवत्यप्रत्यादेया च । विपरीता प्राज्ञादनुरक्तेति । पीडनीयोच्छेदनीययोरुच्छेदनीयाद्भूमिलाभः श्रेयान् । उच्छेदनीयो ह्यनपाश्रयो दुर्बलापाश्रयो वाभियुक्तः कोशदण्डावादायापसर्तुकामः प्रकृतिभिस्त्यज्यते । न पीडनीयो दुर्गमित्रप्रतिस्तब्ध इति । दुर्गप्रतिस्तब्धयोरपि स्थलनदीदुर्गीयाभ्यां स्थलदुर्गीयाद्भूमिलाभः श्रेयान् । स्थलीयं हि सुरोधावमर्दावस्कन्दमनिःस्रावि शत्रु च । नदीदुर्गं तु द्विगुणक्लेशकरमुदकं च पातव्यं वृत्तिकरं चामित्रस्य ।

नदीपर्वतदुर्गीयाभ्यां नदीदुर्गीयाद्भूमिलाभः श्रेयान् । नदीदुर्गं हि हस्तिस्तम्भसंक्रमसेतुबन्धनौभिः साध्यमनित्यगाम्भीर्यमवस्राव्युदकं च, पार्वतं तु स्वारक्षं दुरुपरोधि कृच्छ्रारोहणं भग्ने चैकस्मिन् न सर्ववधः, शिलावृक्षमोक्षश्च महापकारिणाम् । निम्नस्थलयोधिभ्यो निम्नयोधिभ्यो भूलाभः श्रेयान् । निम्नयोधिनो ह्युपरुद्धदेशकालाः, स्थलयोधिनस्तु सर्वदेशकालयोधिनः । खनकाकाशयोधिभ्यः खनकेभ्यो

भूमिलाभः श्रेयान् । खनका हि खातेन शस्त्रेण चोभयथा युध्यन्ते, शस्त्रेणैवाकाशयोधिनः ।

एवंविधेभ्यः पृथिवीं लभमानोऽर्थशास्त्रवित् ।
संहितेभ्यः परेभ्यश्च विशेषमधिगच्छति ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
भूमिसन्धिर्नाम दशमोऽध्यायः ॥ १० ॥

अध्याय १०

प्रकरण ११६

(ख) (भूमिलाभको सन्धि)

तिमी हामी दुवै भूमिलाभ गर्नेछौं भनि गरेको सन्धि भूमिसन्धि हो। यस्तो सन्धि गर्ने दुईमध्यमा चाहिने धन-जन आदि, चाहिने साधन जोरेर भनेजस्तो सम्पन्न भूमिको लाभ गर्नेचाहीं विशेष लाभ पाउने हुन्छ।

दुवैले उस्तै सम्पन्न भूमिको लाभ गरेमा जसले आफूभन्दा बलियो शत्रुलाई दमन गरेर भूमिलाभ गर्दछ, त्योचाहीं उत्तम लाभ पाउने हुन्छ, किनभने आफूभन्दा निर्धोबाट भूमि पाउनु साँच्चै सहजै हुने हुन्छ, तर त्यस्तो भूमिलाभ दुर्बल तल्लो खालको मानिन्छ; यस्तोमा दुर्बल राज्यका सामन्त (सन्धियार) राजाहरू दुर्बलमाथि अत्याचार संझेर मित्र भए पनि अमित्र हुने हुन्छन्।

दुवै उस्तै बराबर बलवान भएमा पनि जसले किल्लाहरू भएर स्थिर अड़ीरहने शत्रुलाई उखेलेर भूमिलाभ गर्दछ, त्यो विशेष लाभ हुने हुन्छ। किनभने किल्लाको लाभले आफ्नो भूमिको रक्षा, शत्रु र जङ्गलीदलको रोकावट पनि गर्दछ।

किल्लाहरू नहुनाले अस्थिर शत्रुबाट भूमिको लाभ बराबर भएमा वरिपरिका सामन्तहरू निर्धा भएको भूमिको लाभ गर्नु बेस हुन्छ। किनभने सामन्तहरू निर्धो भएको भूमिलाई चाँड़ै तृप्त पनि, योग (अलब्ध लाभ)

र क्षेम (लब्ध परिपालन) गर्नशकिने हुन्छ। त्यसको विपरीत बलिया सामन्त भएको भूमि पाए पनि फायदा ढीलो हुने धन-जनको खति गर्ने हुन्छ।

सम्पन्न भरपूर छ तर अमित्रहरू वरिपरि सँदै रहेको भूमि, र असम्पन्न हुनाले फायदा कम हुने अमित्र पनि कहिलेकाहींमात्र बन्ने भूमि, यी दुइमा अमित्र सँदै भइरहे पनि सम्पन्न भूमिको लाभ बेस हुन्छ। किनभने भूमि सम्पन्न भएपछि कोश र सेना पनि बढाउँछ, कोश-सेना भएपछि अमित्रहरूलाई दमन गर्नसकिन्छ भनि आचार्यहरू भन्दछन्। कौटल्य भन्दछन्— यसो होइन, अमित्रहरू सँदै हुने भूमिको लाभमा शत्रु घेरै हुने हुन्छन्, सँदैको शत्रु उपकार गरे पनि अपकार गरे पनि शत्रु नै भइरहन्छ। अनित्य कहिलेकाहींको शत्रु उपकार गरिदिएमा किंवा बिगार नगरिदिएमा शान्त रहन्छ। जुन भूमिका वरिपरि लुक्ने भाग्ने दुर्गम स्थान घेरै छन्, चोर-डाँका, म्लेच्छदल, जङ्गलीदलहरू वरिपरि छन् त्यस्तो भूमि 'नित्यमित्र' भनिन्छ। यस्तो नभएकोचाहीं 'अनित्या मित्र' भूमि भनिन्छ।

भूमिनजीकको तर थोरै, र घेरै छ तर अर्कोले छेकिएको टाढ़ा छ यस्ता दुइ भूमिमध्यमा थोरै भए पनि नजीकको भूमिको लाभ बेस हुन्छ, किनकि नजीककोचाहीं पाउन, पालन गर्न, सङ्कट परेमा लुक्ने ठाउँ बनाउन पनि हुन्छ। टाढ़ाको छेकिएकोचाहीं यसको उल्टो पाउन, पाल्न, लुक्ने ठाउँ गराउन पनि नहुने हुन्छ।

नजीकको टाढ़ाको भूमिमा पनि केवल सेनाले मात्र अड्याएर राखिनेभन्दा आफ्नै धन-सेनाले रक्षा गर्नशकिनेचाहीं बेस हुन्छ, किनभने त्यस्तो भूमि आफ्नै पैदायसका धन-सेनाले अड्याउनसकिने हुन्छ। यसको उल्टो केवल फौजले मात्र अड्याउनुपर्नेचाहीं खाली राख्ने ठाउँ मात्र हुन्छ।

मूर्खबाट किंवा बुद्धिमान्बाट भएको भूमिको लाभमा मूर्खबाट भएको भूमिलाभ बेस हुन्छ किनकि मूर्खबाट पाएको भूमि सहजै पाइने, सहजै पालिने, फेरी फर्काउनु नपर्ने हुन्छ। बुद्धिमान्बाट पाइने भूमि त्यसको विपरीत सहजै नपाइने, सहजै नपालिने, फेरि फर्काउनुपर्ने पनि हुन्छ।

पीड़नीय (थिर्थथाचमात्र पारिने) र उच्छेदनीय (उखेलिने), यी दुईमा उच्छेदनीयबाट भएको भूमिलाभ बेस भनिन्छ, किनभने उच्छेदनीय शत्रु निराधार किंवा दुर्बल आधार भएकोले आक्रमण गरिनासाथ कोश र सेना लिएर भाग्ने दाउ गर्दछ, र अमात्य आदि प्रकृतिवर्गले पनि

त्यसलाई छोड़िदिन्छन् ; पीड़नीय शत्रु किल्ला, मित्रहरूको आड़ पाउने हुनाले त्यस्तो हुँदैन ।

किल्लाको आड़ भएको भूमिमध्यमा पनि नदीको किल्ला भएकोभन्दा जमीनको किल्ला भएको भूमिको लाभ बेस हुन्छ, किनभने स्थलको किल्ला घेरा दिन, बिगार्न, आक्रमण गर्न सजिलो र शत्रु भाग्न नपाउने पनि हुन्छ; नदीको किल्ला भएकोचाहीं ता दोबर दुःखले मात्र हात लाग्ने र शत्रुलाई पिउने पानी र पानीबाट जीविकानिमित्त अन्नादि पनि प्रशस्त हुने हुनाले शत्रुको नाश गर्न नशकिने हुन्छ ।

नदीको किल्ला र पर्वतको किल्ला भएको भूमिमध्यमा नदीको दुर्ग भएको भूमिको लाभ बेस हुन्छ, किनभने नदीको किल्ला भएको भूमिमा हात्तीद्वारा बिच-बिचमा खम्भा गाड़ेर पूल बाँधेर किंवा नाउद्वारा पार पुग्नशकिने र किनार भत्काएर पानी फैलाउन हुने गहीरो पनि सदा नहुने पनि हुन्छ। पहाड़ी किल्ला भएको वा ढुँगाको प्राकृतिक हुनाले बिगार्न नशकिने, घेर्न नशकिने, चढ्न नशकिने, एकातलाई मारे पनि सबैलाई मार्न नशकिने हुन्छ; माथिबाट पत्थर-रूखहरूले हानेर आक्रमण गर्नेको घेरै हानि हुने पनि हुन्छ ।

स्थलमा बसेर युद्ध गर्नेहरूभन्दा गहीरो ठाउँमा नाउहरूमा बसी युद्ध गर्नेबाट भूमिको लाभ बेस हुन्छ, किनभने गहीरोमा बसेर युद्ध गर्नेहरूको ठाउँ र समय पनि सीमित हुनाले तिनलाई विजय गन सजिलो हुन्छ। स्थलमा बसेर युद्ध गर्नेहरूमा सबै ठाउँ सबै समयमा युद्ध गर्न शक्ने हुनाले सहसा दबाउन नशकिने हुन्छन् ।

खाइ खनी र त्यसभित्र बसेर लड्ने र आकाश अर्थात् खुला मैदानमा बसेर लड्नेमध्यमा खाइमा बसेर लड्नेबाट भूमिको लाभ बेस हुन्छ, किनभने खाइ खन्नेको देश-समय नियत हुने र खाइ र शस्त्र दुवैको आड़मा लड्ने हुन्छन् ; आकाशयोधीहरू केवल शस्त्रकै भरमा लड्ने हुनाले तिनको विजय गरी भूमिको लाभ अलि गाहारो हुन्छ ।

अर्थशास्त्र (व्यवहारशास्त्र)मा विज्ञ भएर लेखिएको प्रकारबाट भूमिको लाभ गर्ने राजा शत्रुबाट र आफूसँग मिलेका साथीहरूबाट पनि विशेष उत्कृष्ट हुन्छ ।

अथ एकादशोऽध्यायः

११९ प्रकरणे—अनवसितसन्धिः

'त्वं चाहं च शून्यं निवेशयावहे' इत्यनवसितसन्धिः । तयोर्यः प्रत्युपस्थितार्थो यथोक्तगुणां भूमिं निवेशयति सोऽतिसन्धत्ते । तत्रापि स्थलमौदकं वेति ? महतः स्थलादल्पमौदकं श्रेयः, सातत्यादवस्थितत्वाच्च फलानाम् । स्थलयोरपि प्रभूतपूर्वापरसस्यमल्पवर्षपाकमसक्तारम्भं श्रेयः। औदकयोरपि धान्यवापमधान्यवापाच्छ्रेयः ।

तयोरल्पबहुत्वे धान्यकान्तादल्पान्महदधान्यकान्तं श्रेयः । महत्यवकाशे हि स्थाल्याश्चानूप्याश्चौषधयो भवन्ति । दुर्गादीनि च कर्माणि प्राभूत्येन क्रियन्ते । कृत्रिमा हि भूमिगुणाः । खनिधान्यभोगयोः खनिभोगः कोशकरः । धान्यभोगः कोशकोष्ठागारकरः । धान्यमूला हि दुर्गादीनां कर्मणामारम्भाः । महाविषयविक्रयो वा खनिभोगः श्रेयान् । 'द्रव्यहस्तिवनभोगयोर्द्रव्यवनभोगः सर्वकर्मणां योनिः प्रभूतनिधानक्षमश्च । विपरीतो हि हस्तिवनभोगः' इत्याचार्याः । नेति कौटिल्यः । शक्यं द्रव्यवनमनेकस्यां भूमौ वापयितुं न हस्तिवनं, हस्तिप्रधानो हि परानीकवध इति ।

वारिस्थलपथभोगयोरनित्यो वारिपथभोगः, नित्यः स्थलपथभोग इति । भिन्नमनुष्या श्रेणीमनुष्या वा भूमिरिति । भिन्नमनुष्या भोग्या भवत्यनुपजाप्या चान्येषाम् । अनात्मसहा तु विपरीता श्रेणीमनुष्या कोपे महादोषा । तस्यां चातुर्वर्ण्याभिनिवेशे सर्वभोगसहत्वादवरवर्णप्राया श्रेयसी । बाहुल्याद्ध्रुवत्वाच्च । कृष्या कर्षणवती । कृष्या चान्येषां चारम्भाणां प्रयोजकत्वाद्गोरक्षकवती पण्यनिचयर्णानुग्रहादाढ्यवणिग्वती च ।

भूमिगुणानामपाश्रयः श्रेयान् । दुर्गापाश्रया पुरुषापाश्रया वा भूमिरिति । पुरुषापाश्रया श्रेयसी । पुरुषवद्धि राज्यम् । अपुरुषा

गौर्वन्ध्येव किं दुहीत। महाक्षयव्ययनिवेशां तु भूमिमवाप्तुकामः पूर्वमेव क्रेतारं पणेत। दुर्बलमराजबीजिनं निरुत्साहमपक्षमन्यायवृत्तिं व्यसनिनं दैवप्रमाणं यत्किञ्चनकारिणं वा। महाक्षयव्ययनिवेशायां हि भूमौ दुर्बलोऽराजबीजी निविष्टः सगन्धाभिः प्रकृतिभिः स क्षयव्ययेनावसीदति। बलवानराजबीजी क्षयव्ययभयादसगन्धाभिः प्रकृतिभिस्त्यज्यते।

निरुत्साहस्तु दण्डवानपि दण्डस्याप्रणेता सदण्डः क्षयव्ययेनावभज्यते। कोशवानप्यपक्षः क्षयव्यव्ययानुग्रहहीनत्वान्न कुतश्चित्प्राप्नोति। अन्यायवृत्तिर्निविष्टमप्युत्थापयेत्, स कथमनिविष्टं निवेशयेत्। तेन व्यसनी व्याख्यातः। दैवप्रमाणो मानुषहीनो निरारम्भो विपन्नकर्मारम्भो वावसीदति। यत्किंचनकारी न किंचिदासादयति। स चैषां पापिष्ठतमो भवति। यत्किंचिदारभमाणो हि विजिगीषोः कदाचिच्छिद्रमासादयेदित्याचार्याः।

'यथा छिद्रं तथा विनाशमप्यासादयेत्' इति कौटिल्यः। तेषामलाभे यथा पार्ष्णिग्राहोपग्रहे वक्ष्यामस्तथा भूमिमप्यवस्थापयेत्। इत्यभिहितसन्धिः। गुणवतीमादेयां वा भूमिं बलवता क्रयेण याचितः सन्धिमवस्थाप्य दद्यात्। इत्यनिभृतसन्धिः। समेन वा याचितः कारणमवेक्ष्य दद्यात्। 'प्रत्यादेया मे भूमिर्वश्या वा अनया प्रतिबद्धः परो मे वश्यो भविष्यति, भूमिविक्रयाद्वा मित्रहिरण्यलाभः कार्यसामर्थ्यकरो मे भविष्यति' इति। तेन हीनः क्रेता व्याख्यातः।

एवं मित्रं हिरण्यं च सजनामजनां च गाम्।
लभमानोऽतिसन्धत्ते शास्त्रवित्सामवायिकान् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणेऽनवसितसन्धिर्नाम एकादशोऽध्यायः ॥ ११ ॥

अध्याय ११

प्रकरण ११६

(ग) (लाभ अनिश्चित भएको सन्धि)

तिमी र हामी मिलेर शून्य ठाउँमा बस्ति बसाउनेछौं भन्ने प्रतिज्ञागरेर गरेको सन्धिलाई **अनवसित-सन्धि** (विशेष फायदा हुने) भन्दछन् । यसरी सन्धि गर्ने विजिगीषु र सामन्त दुइमध्यमा चाहिने धन-जन आदि साधन जोरेर जनपदनिवेशप्रकरणमा भनेबमोजीमको भूमिमा नगर-ग्राम-स्वरूप जनपद बस्ती बसाउन जो समर्थ हुन्छ त्यो विशेष फायदा पाउने हुन्छ। त्यसमा वर्षाको भरमा खेती हुने स्थलभूमि वा नदी तलाउहरूको पानी पटाई खेती हुने औदकभूमि (पानी प्रशस्त भएको जमीन) यी दुइ थरीमा फराकिलो स्थलभूमिभन्दा केही पानी भएको औदकभूमि सबै समयमा अन्न आदि फल पक्का दिने हुनाले बेस हुन्छ। स्थलभूमिमध्यमा पनि हिउँदे र वर्षेबाली प्रशस्त हुने अलि अलि मात्र वर्षा भए पनि अन्न पैदा हुने, पत्थर कंकड़ नभई खनजोत गर्न सजिलो हुने जमीन असल हुन्छ। औदकभूमिमध्यमा पनि धान-बाली नहुनेभन्दा धान-अन्नबाली बेस हुनेचाहीं असल हुन्छ। धानबाली हुने र नहुने जमीन धेरै थोरै भएकोमा धान बेस हुने थोरै जमीनभन्दा धान बेस नहुने धेरै जमीन असल हुन्छ, किनभने ठूलो ठाउँमा पाखामा हुने र रसीलोमा हुने पनि अन्न आदि प्रशस्त हुन्छन्; त्यस्तामा किल्लाहरू बनाउन पनि हुन्छ, जमीनलाई सच्याएपछि नराम्रो पनि राम्रो बन्दछ।

खानि भएको अन्न हुने जमीन-जमीनमध्यमा खानि भएकोचाहीं ढुकुटी मात्र भर्ने हुन्छ, अनाज हुनेचाहीं ढुकुटी र भण्डार दुवै भर्ने हुन्छ। अनाजकै भरमा किल्ला-पूल-बाटो आदि बनाउने काम हुन्छन्, किन्तु खानिबाट निस्केका मालहरू बिक्री हुने ठाउँ-बजार नजीकै भएमा खानि भएको जमीन पनि असल भनिन्छ।

इन्धन आदि हुने द्रव्यवन र हात्ती हुने वनमध्यमा द्रव्यवन किल्ला बनाउनु आदि धेरै काममा उपयोगी र जम्मा गरेर राख्न पनि सजीलो पर्ने हुनाले बेस हुन्छ। हात्तिवन यस्तो हुँदैन भनि आचार्यहरू भन्दछन्। कौटल्य भन्दछन् कि त्यसो होइन, इन्धन आदि दिने द्रव्यवन धेरै ठाउँमा

अनेक ठाउँमा जमाउनशकिन्छ, हात्तीवन जहाँतहीं हुँदैन। हात्तीकै विशेष भरमा शत्रुसँग लड़ी शत्रुको नाश गर्नसकिन्छ। अतः सामान्य अरु वनभन्दा हात्ती हुने वन असल भनिन्छ।

जलमार्गबाट जानुपर्ने भूमि र स्थलमार्गबाट जानुपर्ने भूमिमध्यमा जलमार्गबाट उपयोग हुने भूमि कहिलेकाहींमात्र उपयोग हुनेभन्दा स्थलमार्गबाट सदासर्वदा उपयोग हुने भूमि बेस हुन्छ। घेरै थरी मानिस भएको र एकै श्रेणीका मानिस भएको भूमिमध्यमा घेरै थरी मानिस भएको भूमि बेस हुन्छ, किनभने घेरै थरी मानिसको चाहीं आफ्नो वशमा रहने शत्रुले फुटाउन नशकिने पनि हुन्छ। एकै श्रेणी (जातिपेशा) भएका मानिसको संघलाई आफ्नो तहमा राख्न गाह्रो हुने शत्रुले फुटाउन पनि शकिने र चिढ़िएमा घेरै खराब हुने पनि हुन्छ।

भूमिमा चार वर्णको बसाइ विषयमा विचार गर्दा खेती गराउनु भारी बोकाउनु आदि अनेक काम लिनपाइने हुनाले शूद्र आदि तल्लो खालका मानिस घेरै भएको असल हुन्छ। घेरैजसो भूमि खेतीलाई हुने र सँदै निश्चित फल दिइरहने खेती हुने जमीन उपयोगी हुन्छ। खेती भएपछि अरु कामलाई पनि सजीलो हुन्छ। गो-जातिको रक्षा गर्ने पनि घेरै हुन्छन्। बजार-बिक्रीको माल हुने भएपछि बनियाहरू पनि धनी बन्ने हुन्छन्।

माथि भनिएका भूमिका गुणमध्यमा आश्रय दिएर रक्षा गर्नु सबैभन्दा बेस गुण हो। त्यसमा पनि किल्लाको आड़ दिने र मानिसहरूलाई आड़ दिनेमध्यमा घेरै मानिसलाई आश्रय दिने भूमि असल हुन्छ। किनभने राज्य मानिसको आड़मा रहन्छ। मानिस नभएको भूमि बाँझी गाईजस्तै केही फल नदिने हुन्छ। जुन भूमिमा जनपद गाउँ शहर आदि बसाउँदा घेरै मानिसको र धनको खर्च हुने देखिएको भूमि लाभ गर्न चाहने विजिगीषुले निर्धो राजखलक नभएको उत्साह नभएको सहाय कोही नभएको, अन्यायी, व्यसनी भाग्यकै भरोसा गर्ने, विचार नगरीकन जेपायो उही गर्ने यस्ता आठ थरीमा एक किसिमको सामन्त किन्ने मानिस भूमि पाउनुभन्दा पहिले नै ठीक गर्नु पर्दछ। त्यसो भए त्यो भूमि पछि आफ्नै हातमा फर्केर आउने हुन्छ।

घेरै जन-धनको खति गरेर बसति बसाउने भूमिमा निर्धो राजखलकको मानिस बसेमा उस्तै किसिमका सहाय आदि हुने भएर धन, जनको खतिले ती सहायहरू समेत आफै बिग्रने हुन्छ। बलियो तर राजखलकको नभए

हानि खर्चको डरले आफूलाई सहायता दिन नसक्ने प्रकृति वर्गले त्यसलाई छोड़िदिन्छन् ।

उत्साह नभएको ता फौज भएको भए पनि सेनालाई राम्ररी नचलाएर धन-जनको नाशले फौजसमेत नष्ट हुन्छ । धनी छ तापनि सहाय नभएको भए धन-जनको खति र मदत केही नपाउने हुनाले कतैबाट पनि उक्सन सक्तैन । अन्यायी छ भने बसीरहेकालाई पनि उजार्ने हुन्छ भने नबसेकालाई कसरी बसाउला । यस्तै व्यसनी पनि बसति बसाउन सक्तैन, भाग्यकै भरोसा गरीरहने पनि पुरुषार्थ केही नभई कुनै काम नयाँ नउठाउने, उठाएको पनि बिग्रेर थला पर्दछ । बचत नगरी जे पायो, उही गर्ने स्वेच्छाचारी सामन्त पनि केही फायदा उठाउन शक्तैन । अरु सबैभन्दा यही घीनलाग्दो हुन्छ । यस्तो मनलाग्दो गर्ने सामन्तले कुनै बखत विजिगीषुको छिद्र पनि भेट्टाउने होला भनि आचार्यहरू भन्दछन् । कौटल्य भने छिद्र फेला पारे पनि यसको झन् धेरै छिद्र पाइने हुनाले आफै बिग्रने हुन्छ भनि भन्दछन् ।

यी माथि भनेबमोजिमको कुनै पनि भूमि किन्न नपाइएमा पार्ष्णिग्राह-चिन्ता नामक ११७ प्रकरणमा बताइने चाल चलेर शत्रुबाटै फायदा उठाउने गरी बस्ती बसाल्ने बन्दोबस्त गर्नुपर्दछ । यस्तो सन्धिलाई अभिहितसन्धि—नडग्ने सन्धि भन्दछन् ।

असल गुण भएको तर फेरि फर्काएर ल्याउन शकिने भूमि बलियो सामन्तले किन्न मागेमा बखतमा मलाई मदत दिनेगर्नू भनि सन्धि गरेर बिक्री गरिदिनू । यो सन्धि आफूभन्दा बलियोसंगको सन्धि हुनाले अनियतसन्धि—विश्वास नहुने सन्धि भन्दछन् ।

आफूबराबरले त्यो भूमि किन्न मागेमा यो भूमि पछि मेरो हातमा आएर आफ्नै अधीनमा हुनेछ । अहिले यसलाई दिनाले यो पनि मेरा तहमा रहने हुन्छ; भूमि बिक्री गरे पनि धन र मित्रको लाभबाट धेरै मेरो काम बन्नेछ भन्ने देखेदेखि उसलाई बेचीदिनू ।

यस्तै किसिमसंग आफूभन्दा तल्लो खालको किन्न आएमा पनि विचार गरेर दिनू ।

यसरी मित्र-धन-जनको कमी भएको वा नभएको भूमि-लाभ गर्ने विजिगीपुले आफूसंग लागेर सामूहिक सहायता गर्ने अरु सामन्तकोभन्दा आफ्नो फायदा बढ़ता हुने गर्नू ।

अथ द्वादशोऽध्यायः

११६ प्रकरणे—कर्मसन्धिः

'त्वं चाहं च दुर्गं कारयावहे' इति कर्मसन्धिः। तयोर्यो दैवकृतमविषह्यमल्पव्ययारम्भं दुर्गं कारयति, सोऽतिसन्धत्ते। तत्रापि स्थलनदीपर्वतदुर्गाणामुत्तरोत्तरं श्रेयः। सेतुबन्धयोरप्याहार्योदकात्सहोदकः श्रेयान्। सहोदकयोरपि प्रभूतवापस्थानः श्रेयान्। द्रव्यवनयोरपि यो महत्सारद्रव्याटवीकं विषयान्ते नदीमातृकं द्रव्यवनं छेदयति, सोऽतिसन्धत्ते। नदीमातृकं हि स्वाजीवमपाश्रयश्चापदि भवति।

हस्तिमृगवनयोरपि यो बहुशूरमृगं दुर्बलप्रतिवेशमनन्तावक्लेशि विषयान्ते हस्तिवनं बध्नाति, सोऽतिसन्धत्ते। तत्रापि 'बहुकुण्ठाल्पशूरयोरल्पशूरं श्रेयः। शूरेषु हि युद्धम्। अल्पाः शूरा बहूनशूरान् भञ्जन्ति, ते भग्नाः स्वसैन्यावघातिनो भवन्ति' इत्याचार्याः। नेति कौटिल्यः। कुण्ठा बहवः श्रेयांसः, स्कन्धविनियोगादनेकं कर्म कुर्वाणाः स्वेषामपाश्रया युद्धे, परेषां दुर्धर्षा विभीषणाश्च। बहुषु हि कुण्ठेषु विनयकर्मणा शक्यं शौर्यमाधातुं, न त्वेवाल्पेषु शूरेषु बहुत्वमिति। खन्योरपि यः प्रभूतसारामदुर्गमार्गामल्पव्ययारम्भां खनिं खानयति, सोऽतिसन्धत्ते।

तत्रापि 'महासारमल्पसारं वा प्रभूतमिति। महासारमल्पं श्रेयः। वज्रमणिमुक्ताप्रवालहेमरूप्यधातुर्हि प्रभूतमल्पसारमत्यर्घेण ग्रसते' इत्याचार्याः। नेति कौटिल्यः—चिरादल्पो महासारस्य क्रेता विद्यते। प्रभूतः सातत्यादल्पसारस्य। एतेन वणिक्पथो व्याख्यातः। तत्रापि 'वारिस्थलपथयोर्वारिपथः श्रेयान्, अल्पव्ययव्यायामः प्रभूतपण्योदयश्च।' इत्याचार्याः। नेति कौटिल्यः। संरुद्धगतिरसार्वकालिकः प्रकृष्टभययोनिर्निष्प्रतीकारश्च वारिपथः। विपरीतः स्थलपथः। वारिपथे तु कूलसंयानपथयोः कूलपथः पण्यपट्टणबाहुल्याच्छ्रेयः। नदीपथो वा सातत्याद्विषह्याबाधत्वाच्च।

स्थलपथेऽपि 'हैमवतो दक्षिणापथाच्छ्रेयान् हस्त्यश्वगन्धदन्ताजिनरूप्यसुवर्णपण्याः सारवत्तराः' इत्याचार्याः । नेति कौटिल्यः । कम्बलाजिनाश्वपण्यवर्ज्याः शंखवज्रमणिमुक्ताः सुवर्णपण्याश्च प्रभूततरा दक्षिणापथे । दक्षिणापथेऽपि बहुखनिः सारपण्यः प्रसिद्धगतिरल्पव्यायामो वा वणिक्पथः श्रेयान् । प्रभूतविषयो वा फल्गुपण्यः । तेन पूर्वः पश्चिमश्च वणिक्पथो व्याख्यातः । तत्रापि चक्रपादपथयोश्चक्रपथो विपुलारम्भत्वाच्छ्रेयान् । देशकालसम्भावनो वा खरोष्ट्रपथः । आभ्यामंसपथो व्याख्यातः ।

परकर्मोदयो नेतुः क्षयो वृद्धिर्विपर्यये ।
तुल्ये कर्मपथे स्थानं ज्ञेयं स्वं विजिगीषुणा ॥ १ ॥

अल्पागमातिव्ययता क्षयो वृद्धिर्विपर्यये ।
समायव्ययता स्थानं कर्मसु ज्ञेयमात्मनः ॥ २ ॥

तस्मादल्पव्ययारम्भं दुर्गादिषु महोदयम् ।
कर्मलब्ध्वा विशिष्टः स्यादित्युक्ताः कर्मसन्धयः ॥३॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
कर्मसन्धिर्नाम द्वादशोऽध्यायः ॥ १२ ॥

अध्याय १२

प्रकरण ११६

कर्मसन्धि (घ) कामगर्ने सन्धि

तिमी हामी मिलेर किल्ला बनाउँला भन्ने प्रतिज्ञा गरी गरेको सन्धिलाई कर्मसन्धि—कामको प्रतिज्ञा भएको सन्धि भन्दछन् ।

यस्तो सन्धि गर्नेमध्यमा दैवी अर्थात् प्रकृतिले नै बनाइदिएको शत्रुले हमला गर्न नशकिने धेरै खर्चले तयार हुने किल्ला जसले बनाउनलाउँछ त्यसलाई बढ़ता फायदा हुने हुन्छ ।

त्यसमा पनि पूल बाँधेकोमा अन्तबाट पानी ल्याई खाइ भर्नु पर्नेभन्दा त्यहीं पानी उम्रनेचाहीं बेस हुन्छ। पानी आफै उम्रनेमा पनि अन्न रोप्ने ठाउँ धेरै भएको बेस हुन्छ।

इन्धनहरू दिने द्रव्यवनहरूमध्यमा पनि धेरै फलफूल हुने असली काठ भएको आफ्नो देशको छेउमा रहेको खोलाको पानी लाग्ने ठूलो वन काटेर फाँड़ेमा पानी लाग्ने हुनाले जीविका गराउने भई दुर्भिक्ष भएमा आश्रय लिन काम लाग्ने हुन्छ।

हात्तिवनहरूमध्यमा पनि जो राजा आफ्नो देशको किनारमा धेरै शूरा पशु भएको छेउछाउमा निर्धाहरू रहने, पस्ने-निस्कने बाटो ज्यादै असजिलो भएको, हात्तीवन पालेर राख्तछ त्यो विशेष लाभ पाउने हुन्छ। त्यसमा पनि निर्धा हात्ती धेरै हुने र बलिया शूरा हात्ती थोरै हुनेमध्यमा थोरै भए पनि शूरा हात्ती हुने वन असल हुन्छ; किनभने शूराकै भरमा युद्ध हुन्छ, थोरै शूराले पनि धेरैलाई भगाउँछन्, ती भागेकाले आफ्नै फौजलाई कुल्ची मार्ने हुन्छन् भनि आचार्यहरू भन्दछन्। त्यसो होइन, कातर भए पनि धेरै हुनु बेस हुन्छ, काँध पीठ्यूँमा भारी बोकेर धेरै काम दिई युद्धमा आफ्नो आड़ बन्दछन्। धेरै हुनाले शत्रुले पक्रन नशकिने र शत्रुलाई तर्साउने पनि हुन्छन्। धेरै कातरलाई पनि तालीम गरेर शूरो तुल्याउनशकिन्छ, थोरै शूरालाई धेरै तुल्याउनशकिंदैन, भनि कौटिल्य भन्दछन्।

खानीहरूमध्यमा पनि धेरै सार वस्तु भएको बाटो, विकट नभएको, थोरै खर्चले काम हुने खानि जसले खनाउनशक्तछ त्यसले विशेष फायदा उठाउँदछ। त्यसमा पनि बहुमूल्य थोरै भएको र अल्पमूल्यको धेरै भएकोमध्यमा थोरै भए पनि बहुमूल्य भएको असल हुन्छ। किनभने हीरा, माणिक, मोती, मुगा, सुन, चाँदी धातुले आफ्नो चर्को मोलद्वारा सानातिना धेरैलाई पनि जित्तछ भनि आचार्यहरू भन्दछन्। त्यसो होइन, धेरै मोलपर्ने वस्तु किन्ने मानिस ढीलो पाइन्छ, थोरै पाइन्छ, थोरै मोल पर्ने नून आदि सधैं सबैलाई चाहिने हुनाले तिनका ग्राहक धेरै हुन्छन्, यसबाटै आफूलाई बढ़ी फायदा हुने हुन्छ भनि कौटल्य भन्दछन्।

यसबाट व्यापारको बाटोको विषयमा पनि विशेष फायदा हुने नहुने बुझेर बस्ति बसाउनुपर्दछ। त्यसमा जलमार्ग र स्थलमार्ग दुइमा थोरै खर्च थोरै परिश्रम, बिक्रीको माल धेरै ओसारिने हुनाले जलमार्ग बेस हुन्छ भनि आचार्यहरू भन्दछन्। त्यसो होइन, बखत-बखतमा गति रोकिने जलमार्गलाई सधैंलाई काम लाग्दैन, धेरै तरहको डर हुने, सम्हाल्न पनि नशकिने हुन्छ,

स्थलमार्ग यस्तो नहुनाले जलमार्गभन्दा स्थलमार्ग नै बेस हो भनि कौटल्य भन्दछन्। जलमार्गमा पनि किनार-किनारै जाने बाटो भएको र पानीबाटै जानुपर्ने भएको हुन्छ, त्यसमा किनारको बाटोमा शहर-बजार धेरै पर्ने हुनाले व्यापारलाई बेसै हुन्छ ।

स्थलमार्गमा पनि हात्ती, घोड़ा, सुगन्धी वस्तु, छाला, चाँदी, सुन यस्तै बहुमूल्य बिक्रीका माल धेरै हुने हिमालयतिरको बाटो, दक्षिण दिशातिरको बाटोभन्दा बेस हुन्छ भनि आचार्यहरू भन्दछन् । त्यसो होइन, कम्बल, छाला, घोड़ा, सोबाहेक शङ्ख, हीरा, माणिक, मोती, सुनको, बिक्रीको बजार दक्षिणतिरको बाटोमा धेरै हुन्छन् भनि कौटल्य भन्दछन्। दक्षिण दिशाको बाटोमध्यमा पनि धेरै खात्री भएको बहुमूल्य वस्तु विक्री हुने जानआउन सजीलो हुने थोरै मेहनतले पुग्ने बजारको बाटो असल हुन्छ, अथवा सानातिना वस्तुको भए पनि किनबेच ज्यादा हुने बजारको बाटो पनि बेस हुन्छ ।

यही किसिमसँग पूर्व र पश्चिमको व्यापार मार्गमा पनि बिक्रीको वस्तु बजारअनुसार बेस नबेसको विचार गर्नुपर्दछ । त्यसमा पनि चक्का हुने गाड़ा आदिको बाटो र पैदल हिंड्नुपर्ने बाटोमध्यमा पैदलले माल ओसार-पसार गर्नुपर्ने बाटोभन्दा गाड़ाहरूद्वारा धेरै माल ओसार-पसार हुने चक्रपथ (गाड़ाहरू चल्ने बाटो) असल हुन्छ। अथवा नजीक-टाढ़ा जानुपर्ने सँधै वा कहिलेकाहीं चल्ती हुने बजार-बिक्रीको पनि विचार गरी गधाको बाटो ऊँटको बाटो पनि बेस हुन्छ ।

यो कुराबाट काँध, पिठ्यूँमा भारी बोकेर लैजानुपर्ने पनि बताइयो ।

बाटोमा पनि सजिलो-असजिलो र बिक्री-बजारको विचार गरी असल-नअसल बुझ्नुपर्दा शत्रुको कामबाट लाभ बढ़ने भएको विजिगीषुको क्षय (घटती) हुने, शत्रुको कामबाट लाभ कम भएमा विजिगीषुको वृद्धि (कामको लाभ बढ़ी) हुने, दुवैपट्टिको काम बराबर भएमा स्थानवालाको जस्तै रहने बुझ्नुपर्दछ ।

आफ्ने आमदानीभन्दा खर्च बढ़ी पर्ने भएमा क्षय, खर्चभन्दा आमदानी बढ़ी हुने भएमा वृद्धि, आमदानी-खर्च बराबर हुने भएमा स्थान (बराबरी) बुझ्नुपर्दछ ।

यसरी क्षय (घटति), वृद्धि (बढ़ति), स्थान (अड़ान)-को तुलना गरेर किल्लाहरू बनाउँदा थोरै खर्चबाट धेरै फायदा हुने काममा लागेर अरुलाई उछिन्नुपर्दछ ।

कर्मसन्धिको विवरण यसरी विवरण गरी देखाइए ।

अथ त्रयोदशोऽध्यायः

११७ प्रकरणे—पार्ष्णिग्राहचिन्ता

संहत्यारिविजिगीष्वोरमित्रयोः पराभियोगिनोः पार्ष्णिं गृह्णतोर्यः शक्तिसम्पन्नस्ये पार्ष्णिगृह्णाति सोऽतिसन्धत्ते । शक्तिसम्पन्नो ह्यमित्रमुच्छिद्य पाणिग्राहमुच्छिन्द्यात्, न हीनशक्तिरलब्धलाभ इति । शक्तिसाम्ये यो विपुलारम्भस्य पार्ष्णि गृह्णाति, सोऽतिसन्धत्ते । विपुलारम्भो ह्यमित्रमुच्छिद्य पार्ष्णिग्राहमुच्छिन्द्यात्, नाल्पारम्भः सक्तचक्र इति आरम्भसाम्ये यः सर्वसन्दोहेन प्रयातस्य पार्ष्णि गृह्णाति, सोऽतिसन्धत्ते । शून्यमूलो ह्यसुकरो भवति, नैकदेशबलप्रयातः कृतपार्ष्णिप्रतिविधान इति ।

बलोपादानसाम्ये यश्चलामित्रं प्रयातस्य पार्ष्णिं गृह्णाति, सोऽतिसन्धत्ते । चलामित्रं प्रयातो हि सुखेनावाप्तसिद्धः पार्ष्णिग्राहमुच्छिन्द्यात्, न स्थितामित्रं प्रयातः । असौ हि दुर्गप्रतिहतः पार्ष्णिग्राहे च प्रतिनिवृत्तास्थितेनामिमित्रेणावगृह्यते । तेन पूर्वे व्याख्याताः । शत्रुसाम्ये यो धार्मिकाभियोगिनः पार्ष्णिं गृह्णाति सोऽतिसन्धत्ते । धार्मिकाभियोगी हि स्वेषां च द्वेष्यो भवति । आधार्मिकाभियोगी सम्प्रियः । तेन मूलहरतादात्विककदर्याभियोगिनां पार्ष्णिग्रहणं व्याख्यातम् ।

मित्राभियोगिनोः पार्ष्णिग्रहणे त एव हेतवः । मित्रममित्रं चाभियुञ्जानयोर्यो मित्राभियोगिनः पार्ष्णि गृह्णाति, सोऽतिसन्धत्ते । सुकरो मित्राभियोगी हि सुखेनावाप्तसिद्धिः पार्ष्णिग्राहमुच्छिन्द्यात् । सुकरो हि मित्रेण सन्धिर्नामित्रेणेति । मित्रममित्रं चोद्धरतोर्योऽमित्रोद्धारिणः पार्ष्णि गृह्णाति, सोऽतिसन्धत्ते । वृद्धमित्रो ह्यमित्रोद्धारो पार्ष्णिग्राहमुच्छिन्द्यात्, नेतरः स्वपक्षोपघाती ।

तयोरलब्धलाभावगमने यस्यामित्रो महतो लाभाद्वियुक्तः क्षयव्ययाधिको वा, स पार्ष्णिग्राहोऽतिसन्धत्ते । लब्धलाभावगमने यस्यामित्रो लाभेन शक्त्या हीनः, स पार्ष्णिग्राहोऽतिसन्धत्ते । यस्य वा यातव्यः शत्रोर्विग्रहापकारसमर्थः स्यात् । पार्ष्णिग्राहयोरपि यः शक्यारम्भबलोपादानाधिकः स्थितशत्रुः पार्श्वस्थायी वा सोऽतिसन्धत्ते । पार्श्वस्थायी वा यातव्याभिसारो मूलबाधकश्च भवति । मूलबाधक एव पश्चात्स्थायी ।

पार्ष्णिग्राहास्त्रयो ज्ञेयाः शत्रोश्चेष्टानिरोधकाः ।
समन्तात्पृष्ठतो वर्गः प्रतिवेशौ च पार्श्वयोः ॥ १ ॥

अरेर्नेतुश्च मध्यस्थो दुर्बलोऽन्तर्धिरुच्यते ।
प्रतिघातो बलवतो दुर्गाटव्यपसारवान् ॥ २ ॥

मध्यमं त्वरिविजिगीष्वोर्लिप्समानयोर्मध्यमस्य पार्ष्णिं गृह्णतो लब्धलाभावगमने यो मध्यमं मित्राद्वियोजयति । अमित्रं च मित्रमाप्नोति, सोऽतिसन्धत्ते । सन्धेयश्च शत्रुरुपकुर्वाणो, न मित्रं मित्रभावादुत्क्रान्तम् । तेनोदासीनलिप्सा व्याख्याता । 'पार्ष्णिग्रहणाभियानयोस्तु मन्त्रयुद्धादभ्युच्चयः । व्यायामयुद्धे हि क्षयव्ययाभ्यामुभयोरवृद्धिः । जित्वापि हि क्षीणदण्डकोशः पराजितो भवति' इत्याचार्याः । नेति कौटिल्यः । सुमहतापि क्षयव्ययेन शत्रुविनाशोऽभ्युपगन्तव्यः ।

तुल्ये क्षयव्यये यः पुरस्ताद्दूष्यबलं घातयित्वा निःशल्यः पश्चाद्वश्यबलो युद्ध्येत, सोऽतिसन्धत्ते । द्वयोरपि पुरस्ताद्दूष्यबलघातिनोर्यो बहुलतरं शक्तिमत्तरमत्यन्तदूष्यं च घातयेत्, सोऽतिसन्धत्ते । तेनामित्राटवीबलघातो व्याख्यातः ।

पार्ष्णिग्राहोऽभियोक्ता वा यातव्यो वा यदा वा भवेत् ।
विजिगीषुस्तदा तत्र नेत्रमेतत्समाचरेत् ॥ ३ ॥
पार्ष्णिग्राहो भवेन्नेता शत्रोर्मित्राभियोगिनः ।
विग्राह्य पूर्वमाक्रन्दं पार्ष्णिग्राहाभिसारिणा ॥ ४ ॥
आक्रन्देनाभियुंजानः पार्ष्णिग्राहं निवारयेत् ।
तथाक्रन्दाभिसारेण पार्ष्णिग्राहाभिसारिणम् ॥ ५ ॥
अरिमित्रेण मित्रं च पुरस्तादवघट्टयेत् ।
मित्रमित्रमरेश्चापि मित्रमित्रेण वारयेत् ॥ ६ ॥
मित्रेण ग्राहयेत्पार्ष्णिमभियुक्तोऽभियोगिनः ।
मित्रमित्रेण चाक्रन्दं पार्ष्णिग्राहान्निवारयेत् ॥ ७ ॥
एवं मण्डलमात्मार्थं विजिगीषुर्निवेशयेत् ।
पृष्ठतश्च पुरस्ताच्च मित्रप्रकृतिसम्पदा ॥ ८ ॥
कृत्स्ने च मण्डले नित्यं दूतान् गूढाँश्च वासयेत् ।
मित्रभूतः सपत्नानां हत्वा हत्वा च संवृतः ॥ ९ ॥
असंवृतस्य कार्याणि प्राप्तान्यपि विशेषतः ।
निःसंशयं विपद्यन्ते भिन्नप्लव इवोदधौ ॥ १० ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
पार्ष्णिग्राहचिन्ता नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

अध्याय १३

प्रकरण ११७

(पृष्ठ-शत्रुसम्बन्धी विचार)

विजिगीषु र शत्रु दुवै जना मिलेर अर्को शत्रुकाउपर अभियान गर्दा तिनीहरूको पार्ष्णिग्राह (पछाड़िको देशको पृष्ठ-शत्रु) मध्यमा बलियो शक्तिपूर्णको पृष्ठ भागमा रहनेचाहीं दुर्बलको पार्ष्णिग्राहभन्दा बढ़ता फायदा

उठाउने हुन्छ। किनभने, शक्तिमान बलियो भएर रहेमा त्यसले आफ्नो अगाड़िको शत्रुलाई दमन गरिसकेपछि पछाड़िको पार्ष्णिग्राहलाई पनि उखेल्ने हुन्छ। पार्ष्णिग्राहले पछिल्तिरबाट दबाएर बढ़न नदिएमा त्यो प्रबळ हुन शक्तैन। तर हीनशक्ति भएको पार्ष्णिग्राहले लाभ पाउनशक्तैन।

दुवैको शक्ति बराबर भएमा जुनचाहीं ठूलो, उत्साही, साधनले सम्पन्न छ त्यसको पछाड़िलाग्नेचाहीं आत्मरक्षा गर्नशक्ने हुन्छ। किनभने, ठूलो, उद्योगी, साधनपूर्णले अगाड़िको शत्रुलाई दमन गरिसकेपछि झन् बलियो भएर पछाड़िकालाई पनि नाशगर्ने हुन्छ। साधन पूर्ण नभएको कम उमेद भएकोचाहीं आफ्नै सैन्यबल कम भएर पछाड़िपट्टिकालाई दबाउनशक्तैन।

दुवै उत्तिकै उमेद्वार भएमा पनि भएभरको फौजी बल लिएर अगिल्तिर अभियान गर्नेचाहींको पार्ष्णिग्राह हुनेले लाभ बढ़ी पाउँछ। किनकि, उसले आफ्नो मूलराजधानीको फौजसमेत अगिल्तिरका अभियानमा लाएको हुनाले त्यसलाई पछिल्तिरबाट दबाउनशक्किन्छ, आफ्नो पछाड़ि भागको रक्षालाई चाहिने फौज राखेर थोरै फौजमात्र लिएर अगाड़ी अभियान् गर्नेको पार्ष्णिग्राह त्यत्तिको निर्भय हुँदैन।

दुवै मिलेर अगाड़ितिर अभियान गर्नेहरूको फौजीबल बराबरै भएमा पनि जुनचाहीं अस्थिर स्वभावको कातर शत्रुतिर अभियान गर्न अगाड़ि बढ़ेको छ, उसको पार्ष्णिग्राह हुनेचाहीं विशेष लाभवान हुन्छ। किनभने, अस्थिर कातर शत्रुपट्टि अभियान गर्नेचाहीं सहजै आफ्नो कार्य सिद्ध गरी झन् बलियो भएर पछाड़िकोलाई नष्ट पार्ने हुन्छ। स्थिर नडग्ने शत्रुपट्टि अभियान गर्नेचाहीं सहजै सफल हुदैन, त्यो शत्रुको किल्लामा ठोकर खाएर पछिल्तिर फर्की पार्ष्णिग्राहलाई नाश गर्ने हुन्छ।

यसै गरी अगि भनिएका शक्ति कम हुने साधन कम हुने थोरै फौज लिएर अगि सर्नेहरूको पार्ष्णिग्राहलाई पनि उनीहरू शत्रुपट्टिबाट फर्केर आएमा पक्रने कुरा बुझ्नू।

समान किसिमका शत्रुमध्यमा धार्मिक शत्रुलाई हमला गर्नजानेको पार्ष्णिग्राह विशेष लाभ पाउने हुन्छ। किनभने, धार्मिकमाथि हमला गर्ने सम्पन्न आफ्नै मानिसको पनि मन नपर्ने, अधार्मिकलाई हमला गर्न सबैको प्रिय हुन्छ। सबैको प्रिय हुनेचाहीं विजयी बन्ने हुनाले त्यसलाई पार्ष्णिग्राहले दबाउनसक्तैन।

यो कुराबाट बाबु-बराज्यूको पालादेखिको सम्पन्न अन्यायसँग उड़ाउने—मूलहर, जति-जति आम्दानी हुँदैजान्छ उति-उति खाँदैगरी सिद्ध्याउने—तादात्विक, नोकर-चाकर आफूलाई पनि निचोरेर धन जंमा गर्ने—कदर्य, अभियान गर्नलाग्दा तिनका पार्ष्णिग्राहको विषयमा पनि यस्तै बुझ्नू पर्दछ।

मित्रमाथि अभियान गर्ने सामन्त दुइ जनाको पार्ष्णिग्राहमा पनि लाभ हुने नहुने कारण यस्तै हुन्।

मित्र वा अमित्रको विरुद्ध अभियान गर्ने दुइ सामन्त मध्यमा अमित्रको विरुद्धमा अभियान गर्नेको पार्ष्णिग्राहले विशेष लाभ पाउँछ। किनभने, मित्रमाथि जाइलाग्नेचाहीं सहजै कार्यसिद्धि गरेर पार्ष्णिग्राहपट्टि आइलाग्ने हुन्छ। किनभने मित्रसँग सन्धि गर्न सजिलो हुन्छ, अमित्रसँग हुँदैन।

मित्र वा अमित्रलाई उद्धार गर्न तत्पर दुइ सामन्तमध्यमा अमित्रलाई उद्धार गर्नेचाहींको पार्ष्णिग्रहण गर्नेलाई लाभ हुन्छ। मित्रलाई बढ़ाएर अमित्रलाई दबाउनेले पार्ष्णिग्राहलाई नाश गर्ने हुन्छ। आफ्नै पक्षमाथि धोका दिनेचाहीं पार्ष्णिग्राह नाश गर्न असमर्थ हुन्छ।

किन्तु मित्र र अमित्रको उद्धार गर्न गएका सामन्त केही लाभ नभएर रुँगै फर्के भने ती दुइमध्यमा जुनचाहींको अमित्र ठूलो फायदा नपाएको वा नोक्सानी-खर्च धेरै भएको छ, त्यससँग लाग्ने पार्ष्णिग्राह विशेष फायदा पाउने हुन्छ। मित्र वा अमित्रको उद्धार गर्नगएका दुवै सामन्त केही फायदा उठाई फर्कमा जुनचाहीं अमित्र-स्वरूप सामन्त लाभ र शक्तिले हीन छ त्यसको पार्ष्णिग्राह लाभवान् हुन्छ। अथवा जसको यातव्यशत्रु आफ्नो शत्रु र विजिगीषुसँग लड़ेर बिगार गर्नशक्ने भएको छ त्यस सामन्तको पार्ष्णिग्राह विशेष लाभ पाउने हुन्छ।

यस्तै समान गुण भएका पार्ष्णिग्राह दुइमध्यमा जुन्चाहीं कामको राम्रो आरम्भ गर्न जान्नेछ, फौज धेरै भएको छ, जसको शत्रु चुप लागेर बसेको छ, जो कुनै आक्रमण गर्ने राजाको दायाँ-बायाँ रहेको छ, त्यही पार्ष्णिग्राह विशेष सफल हुन्छ। जो कुनै बलियो राजाको नजीक रहेको छ, त्यही यातव्य (आक्रमण गर्नयोग्य) राजामाथि योग्य समयमा चढ़ाइ गर्न समर्थ हुन्छ, शत्रुको मूलराजधानीमा हान्न पनि शक्तछ, टाढ़ा हुनेचाहीं उचित समयमा प्रहार गर्नशक्तैन।

शत्रुको काममा बाधा दिने, रोकावट गर्ने पार्ष्णिग्राह, १. आक्रमण गर्ने शत्रुको राज्यसँग जोड़िएको राज्यको सामन्त, २. त्यसको पछाड़िपट्टिको राज्य

को राजा, ३. शत्रुको दायाँ-बायाँ छिमेकी राज्यको राजा—यस्तो तीन किसिमको हुन्छन् ।

शत्रुको र विजिगीषुको बिचमा रहेको दुर्बल, उपकार वा अपकार केही गर्नसक्ने छेकाजस्तो मात्र भएका गन्नाले 'अन्तर्धि' भनिन्छ। त्यो पार्ष्णिग्राह बन्नशक्तैन। त्यो ता कुनै बलियोले आक्रमण गरेमा अड्न नशकी कुनै किल्लामा लुक्ने वा वनतिर भाग्ने हुन्छ ।

यस्तो शत्रु र विजिगीषुको बिचको मध्यम राजालाई वशमा राख्नचाहने शत्रु र विजिगीषु दुइ मध्यमा मध्यमको पृष्ठमा लागेर कोही फायदा उठाई, उसका मित्रहरू पन्छाएर आफै मित्रताको सन्धि-बन्धन गर्नशक्नेचाहीं नै फायदा उठाउने हुन्छ। किनभने, अमित्र पनि त्यसको मित्र हुन्छ, उपकार गर्ने शत्रु पनि सन्धि गर्नयोग्य हुन्छ, मित्रपना छोड्ने मित्र सन्धि गर्नयोग्य हुँदैन। मध्यमलाई तहमा ल्याउने विषयको विचारबाट उदासीन (तटस्थ)लाई पनि हातमा लिने व्यवस्था बुझ्नुपर्दछ ।

पार्ष्णिग्राह बन्न वा अभियान गर्न तत्पर राजाहरूलाई लड़ाइँको मैदानमा उत्रेर लड्नुभन्दा मन्त्र युद्ध अर्थात् लड़ाइको मैदानमा नउत्री मन्त्रणाको बलले गुप्तचरहरूद्वारा शत्रुको नाश गर्ने उपायमा लाग्नु नै बेस हुन्छ। साँच्चिकै युद्ध गर्दा धन-जनको खति भएर दुवै थरीलाई बढ्न दिंदैन। जितिसके पनि फौज-धनको नाश भएर हारेसरहै हुन्छ भनि आचार्यहरू भन्दछन्। कौटिल्य भन्दछन् कि त्यसो होइन, जतिसुकै धन-जनको नाश भए पनि शत्रुलाई सिद्ध्याउनै बेस हुन्छ ।

मानिसको नाश, धनको नाश बराबरै भए पनि योद्धा प्रति-योद्धा दुवै थरीले पहिले आफ्ना भित्री विरोधीदल मराएर काँढ़ा पन्छाई अनि आफ्नो तहको सेना लिएर लड्यो भने लाभ हुन्छ ।

सबभन्दा पहिले द्रोही सेनाको नाश गराउने दुइ थरी मध्यमा पनि धेरै संख्याका बलवान् ज्यादै राजद्रोही बनेको आफ्नो सेनाको वध गराउनेलाई फायदा बढ़ता हुन्छ। द्रोही सेनाको वध गराउने कुराबाट भित्री अमित्रदल, जङ्गलीदलको वध गराउने कुरा पनि यस्तै बुझ्नु पर्दछ ।

विजिगीषुले आफू पार्ष्णिग्राह अथवा अभियान गर्ने वा यातव्य (अभियान गरिने) हुनुपरेमा यस्तो नेतृत्व गर्नपर्दछ कि—विजिगीषु आफ्नो मित्रमाथि आक्रमण गर्ने शत्रुको पार्ष्णिग्राह (पृष्ठशत्रु) बन्नुपर्दा पहिलेको शत्रको पछाड़िपट्टिको आफ्नो मित्र—आक्रन्द नाम हुने राजालाई

पार्ष्णिग्राहासार नाम हुने त्यसभन्दा अगाड़िपट्टिको राजासँग युद्ध गर्नें मञ्जुर गराउनू।

विजिगीषुले आफै अभियोक्ता (अभियान गर्ने) हुनुपर्दा आक्रन्द नाम भएको आफूभन्दा एकान्त र पछाड़िको मित्रद्वारा पार्ष्णिग्राहलाई पार्ष्णिग्राह गर्ने कामबाट हटाउन लाउनू । आक्रन्दासार (आक्रन्दभन्दा एकान्तर पछाड़िको उसको मित्र)-द्वारा रोकाउनू। विजिगीषु आफ्नो संमुखको आफ्नो मित्रलाई शत्रुको मित्रसंग भिडाइदिनू। शत्रुका मित्रको मित्रलाई आफ्नो मित्रद्वारा युद्धबाट विमुख गराउनलाउनू।

विजिगीषुमाथि अर्कोले आक्रमण गरी यातव्य बन्नुपरेमा आफ्नो मित्रलाई अभियोक्ता (अभियान गर्ने शत्रु)को पार्ष्णिग्राह (पृष्ठ शत्रु) बनाउनू। अनि आक्रन्द (आफूभन्दा पछाड़िको एकान्तर मित्र)र पार्ष्णिग्राहलाई मित्रको मित्रद्वारा हनाउनल्याउने गर्नू।

यसरी विजिगीषु राजाले आफ्नो राजामण्डललाई राम्रो तरहसँग अगाड़िपट्टि पछाड़िपट्टि पनि आफ्नो अनुकूल गराइराख्नू। यस काममा मित्रबल नै मुख्य उपाय हुन्छ।

सबै राष्ट्रमण्डलमा आफ्ना दूत र गुप्तचरहरू राख्नू। आफ्नो शत्रुसँग बनावटी मित्रता देखाएर गुप्त तौरसँग एकेक गरेर मराउँदै गरी आफू उदासीन जस्तो देखिने हुनुपर्दछ।

जुन विजिगीषु आफ्नो मन्त्रणा, छाटकाँट, गुप्त गराई राख्नशक्तैन, त्यसको समुद्रमा भत्केको नाउझैं यता टाल्यो उता बिग्रने, उता टाल्यो यता बिग्रने भई सबै काम बिग्रन्छन्।

अथ चतुर्दशोऽध्यायः

११८ प्रकरणे—हीनशक्तिपूरणम्

सामवायिकैरेवाभियुक्तो विजिगीषुर्यस्तेषां प्रधानस्तं ब्रूयात्—'त्वया मे सन्धिः, इदं हिरण्यमहं च मित्रम्, द्विगुणा ते वृद्धिः, नार्हस्यात्मक्षयेण मित्रमुखानमित्रान् वर्धयितुम्। एते हि वृद्धास्त्वामेव परिभविष्यन्ति'। भेदं वा ब्रूयात्—'अनपकारो यथाऽहमेतैः

सम्भूयाभियुक्तः तथा त्वामप्येते संहितबलाः स्वस्था व्यसने वाऽभियोक्ष्यन्ते । बलं हि चित्तं विकरोति, तदेषां विघातय' इति ।

भिन्नेषु प्रधानमुपगृह्य हीनेषु विक्रमयेत् । हीनाननुग्राह्य वा प्रधाने । यथा वा श्रेयोऽभिमन्येत तथा वैरं परैर्ग्राहयित्वा विसंवादयेत् । फलभूयस्त्वेन वा प्रधानमुपजाप्य सन्धिं कारयेत् । अथोभयवेतनाः फलभूस्त्वं दर्शयन्तः सामवायिकान् 'अतिसंहिताः स्थ' इत्युद्दूषयेयुः । दुष्टेषु सन्धिं दूषयेत । अथोभयवेतना भूयो भेदमेषां कुर्युः—'एवं तद्यदस्माभिर्दर्शितम्' इति । भिन्नेष्वन्यतमोपग्रहेण वा चेष्टेत । प्रधानाभावे सामवायिकानामुत्साहयितारं स्थिरकर्माणमनुरक्तप्रकृतिं लोभाद्भयाद्वा संघातमुपगतं विजिगीषोर्भीतं राज्यप्रतिसम्बन्धं मित्रं चलामित्रं वा पूर्वानुत्तराभावे साधयेत् ।

उत्साहयितारमात्मनिसर्गेण, स्थिरकर्माणं सान्त्वप्रणिपातेन, अनुरक्तप्रकृतिं कन्यादानवापनाभ्यां, लुब्धमंशद्वैगुण्येन, भीतमेभ्यः कोशदण्डानुग्रहेण, स्वतो भीतं विश्वासयेत्प्रतिभूप्रदानेन, राज्यप्रतिसम्बन्धमेकीभावोपगमनेन, मित्रमुभयतः प्रियहिताभ्यामुपकारत्यागेन वा, चलामित्रमवधृतमानपकारोपकाराभ्याम् । यो वा यथा योगं भजेत, तं तथा साधयेत् । सामभेददण्डैर्वा यथापत्सु व्याख्यास्यामः ।

व्यसनोपघातत्वरितो वा कोशदण्डाभ्यां देशे काले कार्ये वावधृतं सन्धिमुपेयात् । कृतसन्धिर्हीनमात्मानं प्रतिकुर्वीत । पक्षे हीनो बन्धुं मित्रपक्षं कुर्वीत, दुर्गमित्रप्रतिस्तब्धो हि स्वेषां च पूज्यो भवति । मंत्रशक्तिहीनः प्राज्ञपुरुषोपचयं विद्यावृद्धसंयोगं वा कुर्वीत । तथा हि सद्यः श्रेयः प्राप्नोति । प्रभावहीनः प्रकृतियोगक्षेमसिद्धौ यतेत । जनपदः सर्वकर्मणां योनिः, ततः प्रभावः । तस्य स्थानमात्मनश्च आपदि दुर्गम् । सेतुबन्धः सस्यानां योनिः । नित्यानुषक्तो हि वर्षगुणलाभः सेतुवापेषु ।

वणिक्पथः परातिसन्धानस्य योनिः । वणिक्पथेन हि दण्डगूढपुरुषातिनयनं शस्त्रावरणयानवाहनक्रयश्च क्रियते । प्रवेशो निर्णयनं च । खनिः संग्रामोपकरणानां योनिः । द्रव्यवनं दुर्गकर्मणां, यानरथयोश्च । हस्तिवनं हस्तिनाम् । गजाश्वखरोष्ट्राणां च व्रजः । तेषामलाभे बन्धुमित्रकुलेभ्यः समार्जनम् । उत्साहहीनः श्रेणीप्रवीरपुरुषाणां चोरगणाटविकम्लेच्छजातीनां परापकारिणां गूढपुरुषाणां च यथालाभमुपचयं कुर्वीत । परमिश्रः प्रतीकारमाबलीयसं वा परेषु प्रयुंजीत ।

एवं पक्षेण मंत्रेण द्रव्येण च बलेन च ।
सम्पन्नः प्रतिनिर्गच्छेत् परावग्रहमात्मनः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
हीनशक्तिपूरणं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

अध्याय १४

प्रकरण ११८

(घटेको शक्ति बढाउने काम)

धेरै राजाहरू मिलेर विजिगोषुमाथि आक्रमण गर्नलागे, आफू सबैलाई रोक्न असमर्थ भएर शक्ति बढाउनु पर्ने भयो भने ती आक्रमक राजाहरूमा जुनचाहीं मुख्य छ, उससँग—तिमीसँग म सन्धि गर्दछु, यो सम्पत्ति र म मित्र तिम्रो निमित्त दुवै तयार छन्, तिमीलाई दोब्बर लाभ छ, म आफ्नो नोक्सानी गरेर मुखका मात्र मित्र वास्तवमा शत्रुलाई बढाउन चाहन्न, यी तिम्रा साथीहरू बढे भने तिमीलाई नै हेप्तछन्—भनि सन्धिको कुरा गर्नू।

किंवा जसरी मैले केही बिगार नगरेमा पनि यी सबै मिलेर ममाथि आइलागे, यसै गरी यिनैहरू पछि बलिया भएर फौज एकट्ठा गरी तिमीलाई

केही सङ्कट परेको वेलामा तिमीमाथि आइलाग्नेछन्, किनभने, बल बढ़ेपछि चित्त पनि बदलिन्छ, यसकारण यिनीहरूलाई फोरो मिल्न नदेऊ भनि भेद-नीतिको प्रयोग गर्नू ।

ती आफूसमा फुटेपछि बलियो मुख्यलाई हात लिएर निर्धामाथि आक्रमण गर्नू । अथवा निर्धोजतिलाई केही दिएर पनि आफूपट्टि मिलाई प्रधानमाथि आक्रमण गर्नू । अथवा यौटाको अर्कोसँग वैरभाव गराएर त्यो जमात भत्काइदिनू ।

अथवा घेरै धन दिने कबोल गरेर प्रधानचाहींलाई फुटाएर, हात लिई उसद्वारा अरुसँग सन्धि गराउनू, अनि उभयवेतन (दुवैतिर जागिर खाने भित्री दोमासेहरूद्वारा प्रधानले घेरै फायदा उठाएको देखाएर प्रधानले तिमीहरूलाई ठगे भनेर ती जमातको मन बिगारिदिनू । तिनोहरूको मन विग्रेपछि तिनीहरूसंग प्रधानले गराएको सन्धि पनि बिगार्नू । अनि ती दोमासेहरूद्वारा, हेर हामीले भनेको कसो रहेछ देख्यौ कि, भनेर प्रधानबाट तिनोहरूलाई फुटाइदिनू; तिनीहरू फुटेपछि एकेकलाई हातलिएर आफूपट्टि मिलाउनू ।

यसरी प्रधानबाट फुटाएपछि प्रधान कोही नभएमा त्यो सङ्घमा १. सबैलाई उत्साह दिने, २. पछिसंम अड़िई काम दिने, ३. प्रकृतिवर्ग अनुरागी भएको, ४. धनको लोभले वा, ५. साथीको डरले जमातमा मिल्न आएको, ६. वा विजिगीषुको डरले उनीहरूसँग मिल्नगएको, ७. अथवा उससँग आफ्नो राज्यको सम्बन्ध जोर्नचाहने, वा ८. अगिको विजिगीषुको मित्र पछि त्यो सङ्घमा मिल्न गएको, ९. किंवा किल्लाहरू नभएको विजिगीषुको शत्रु यी ९ थरीमा पाएसम्म अगाडि-अगाडिकोलाई यसरी हातमा लिनू—

१. उत्साह दिनेलाई म परिवार-सम्पत्ति सहित तिम्रै अधीनमा छु, जसो भन्दछौ गर्न तयार छु, मलाई नबिगार भनी आत्मसमर्पण गरेर; २. पछिसम्म अड़ीरहनेलाई म तिम्रो वशमा छु, तिम्रो शरणमा छु भनी सान्त्वना सहित नुहेर; ३. प्रकृतिवर्गप्रेमी भएकालाई कन्याको दान-आदानले; ४. लोभीलाई उसले दिनेभन्दा दोबर धन दिने कुरा गरेर; ५. डरले मिलेको-लाई नडराऊ म तिमीलाई सेना-धन दिएर सहायता गर्दछु भनेर; ६. आफू (विजिगीषु) देखि डराएकोलाई धन्दा नमान, म तिम्रो बिगार गर्नेछैन, यसमा यस-यसलाई जमानी दिन्छु भनेर; ७. उनीहरूसँग राज्यको सम्बन्ध जोर्नचाहनेलाई तिमी र हामी एक हौं, मेरो हार भए तिम्रो पनि

हार हुन्छ, पराईसंग मिलेर ममाथि आइलाग्नु उचित हुन्न भनेर; ८. अगिको आफ्नो मित्रलाई तिम्रो र मेरो प्रियहित बरोबर छ भनेर, वा तिमीले मलाई दिनुपर्ने कर म छोड़ीदिन्छु भनेर; ९. किल्लाहरू नभएको विजिगीषुको शत्रुलाई तिम्रो म बिगार गर्नेछैन, भलाई नै गर्नेछु भनी विश्वास पारेर आफ्नो पक्षमा लिने प्रयत्न गर्नू।

अथवा जसलाई जुन उपायले भए पनि विरोधी सङ्घबाट फुटाउने काम गर्नू। अभियास्यत्कर्मको सङ्कट-प्रकरणमा पछि बताइने तरीकाबाट साम, दान, भेद, दण्ड, जुन-जुन उपायले हुन्छ आफ्नो वशमा पार्नू।

आफूपट्टिको सङ्कट टार्ने उपाय झट्टै गर्नुपर्ने भएमा यो ठाउँ यो समयमा धन र फौजद्वारा सहायता गर्ने कुरा शपथहरू गरेर पनि तिनीहरूसँग सन्धि झट्टै गरिहाल्नू। सन्धि गरिसकेपछि आफ्नो घटेको शक्ति बढ़ाउने काम गर्नू।

आफ्नो सहाय बल कम भए बन्धु बान्धव मित्रहरू बढ़ाउनू, वा बलियो पक्का किल्ला बनाउनू। किल्ला र मित्रको बल भएपछि आफ्नाले र पराइले पनि मान्ने हुन्छन्।

मन्त्र-शक्तिमा कम भए बुद्धिमान् मानिसहरु बढाउनू। जान्ने-सुन्ने बूढ़ा-पाकाको सम्पर्क बढाउनू। त्यसबाट तुरुन्त कल्याण हुन्छ।

प्रभु-शक्ति कम भए प्रकृतिवर्गको योगक्षेम (अप्राप्तप्राप्ति र प्राप्तको रक्षा गर्ने) काममा प्रयत्न गर्नू र प्रकृतिवर्गमध्यमा पनि जनपद, दुर्ग बनाउने आदि सबै कामको मूल कारण हो। त्यसैलाई अनुकूल पारेपछि आफ्नो प्रभुशक्ति बढ़दछ। बाँध बाँध्नु अनाजहरू बढ़ाउने मूल कारण हो। बाँध बाँधेर क्षेत्रहरूलाई निर्भय पारेपछि वर्षाबाट अनाजहरूको लाभ अवश्य बढ्ने हुन्छ।

व्यापारको बाटो बनाउनाले शत्रुलाई दबाउन शकिन्छ, किनभने बाटो राम्रो भएपछि सेनाहरू, गुप्तपुरुषहरूको आवागमनलाई सजिलो हुन्छ। शस्त्र, कवच, यान, वाहनहरू किनेर पनि जम्मा गर्न सुविधा हुन्छ।

खानि—सङ्ग्रामका सामानहरू तयार गर्ने मूल कारण हो। द्रव्यवन र इन्धन आदि आउने वनले किल्ला बनाउन र यान, रथहरू बनाउन पनि हुन्छ। हस्तिवनबाट हात्तीहरू बढ्दछन्। हात्ती, घोड़ा, गधा, ऊँटहरूको बथान बढ़ने हुन्छ।

यी चाहिने साधनहरू आफूसँग नभएमा बन्धुवर्ग-मित्रवर्गहरूबाट ल्याएर बढ़ाउनुपर्छ।

उत्साह शक्ति कम भएमा प्रजाका श्रेणीका प्रधान वीर पुरुषहरू, चोर दल, जङ्गलीदल, म्लेच्छदल, शत्रु पक्षमा बिगार गर्ने दळ, गुप्त पुरुषहरू पनि पाएसम्म बढ़ाउनु पर्दछ।

यस किसिमसँग बन्धु-मित्र आदि आफ्नो पक्ष बढ़ाएर, बुद्धिमान्हरूको सम्पर्कले मन्त्रणाशक्ति बढ़ाएर, किल्ला-बाँध-बाटोहरू बनाई साधन बढ़ाएर, श्रेणीका वीर पुरुष, डाकूदळ आदि पनि लिई फौजीबल बढ़ाएर पनि सबै शक्तिले सम्पन्न भएर विजिगीषुले शत्रुको आक्रमणको प्रतिक्रिया गर्नुपर्दछ।

अथ पञ्चदशोऽध्यायः

११९-१२० प्रकरणे—बलवता विगृह्योपरोधहेतवो दण्डोपनतवृत्तं च

दुर्बलो राजा बलवताऽभियुक्तस्तद्विशिष्टबलमाश्रयेत, यमितरो मंत्रशक्त्या नातिसन्दध्यात्। तुल्यबलमंत्रशक्तीनामायत्तसम्पदो वृद्धसंयोगाद्वा विशेषः। विशिष्टबलाभावे समबलैस्तुल्यबलसंघैर्वा बलवतः सम्भूय तिष्ठेत्। यावन्न मंत्रप्रभावशक्तिभ्यामतिसन्दध्यात्। तुल्यमंत्रप्रभावशक्तीनां विपुलारम्भतो विशेषः।

समबलाभावे हीनबलैः शुचिभिरुत्साहिभिः प्रत्यनीकभूतैर्बलवतः सम्भूय तिष्ठेव्। यावन्न मंत्रप्रभावोत्साहशक्तिभिरतिसन्दध्यात्। तुल्योत्साहशक्तीनां स्वयुद्धभूमिलाभाद्विशेषः। तुल्यभूमीनां स्वयुद्धकाललाभाद्विशेषः। तुल्यदेशकालानां युग्यशस्त्रावरणतो विशेषः। सहायाभावे दुर्गमाश्रयेत, यत्रामित्रः प्रभूतसैन्योऽपि भक्तयवसेन्धनोदकोपरोधं न कुर्यात्। स्वयं च क्षयव्ययाभ्यां युज्येत। तुल्यदुर्गाणां निचयापसारतो विशेषः। निचयापसारसम्पन्नं हि मनुष्यदुर्गमिच्छेदिति कौटिल्यः।

तदेभिः कारणैराश्रयेत—"पार्ष्णिग्राहमासारं मध्यमनुदासीनं वा प्रतिपादयिष्यामि। सामन्ताटविकतत्कुलीनावरुद्धानामन्यतमेनास्य राज्यं हारयिष्यामि घातयिष्यामि वा। कृत्यपक्षोपग्रहेण वास्य दुर्गे

राष्ट्रे स्कन्धावारे वा कोपं समुत्थापयिष्यामि । शस्त्राग्निरसप्रणिधानैरौपनिषदिकैर्वा यथेष्टमासन्नं हनिष्यामि । स्वयमधिष्ठितेन वा योगप्रणिधानेन क्षयव्ययमेनमुपनेष्यामि। क्षयव्ययप्रवासोपतप्ते वास्य मित्रवर्गे सैन्ये वा क्रमेणोपजापं प्राप्स्यामि । वीवधासारप्रसारवधेन वाऽस्य कन्धावारावग्रहं करिष्यामि । दण्डोपनयेन वास्य रन्ध्रमुत्थाप्य सर्वसन्दोहेन प्रहरिष्यामि । प्रतिहतोत्साहेन वा यथेष्टं सन्धिमवाप्स्यामि । मयि प्रतिबन्धस्य वा सर्वतः कोपाः समुत्थास्यन्ति । निरासारं वास्य मूलं मित्राटवीदण्डैरुद्घातयिष्यामि । महतो वा देशस्य योगक्षेममिहस्थः पालयिष्यामि । स्वविक्षिप्तं मित्रविक्षिप्तं वा मे सैन्यमिहस्थस्यैकस्थमविषह्यं भविष्यति । निम्नखातरात्रियुद्धविशारदं वा मे सैन्यं पथ्याबाधमुक्तमासन्ने कर्मणि करिष्यति। विरुद्धदेशकालमिहागतो वा स्वयमेव क्षयव्ययाभ्यां न भविष्यति। महाक्षयव्ययाभिगम्योऽयं देशो दुर्गाटव्यपसारबाहुल्यात्, परेषां व्याधिप्रायः सैन्यव्यायामानामलब्धभौमश्च, तमापद्गतः प्रवेक्ष्यति। प्रविष्टो वा न निर्गमिष्यति'' इति ।

कारणाभावे बलसमुच्छ्रये वा परस्य दुर्गमुन्मुच्यापगच्छेत्। अग्निपतङ्गवदमित्रे वा प्रविशेत् । अन्यतरासिद्धिर्हि त्यक्तात्मनो भवतीत्याचार्याः । नेति कौटिल्यः । सन्धेयतामात्मनः परस्य चोपलभ्य सन्दधीत । विपर्ययेण विक्रमेण सिद्धिमपसारं वा लिप्सेत । सन्धेयस्य वा दूतं प्रेषयेत् । तेन वा प्रेषितमर्थमानाभ्यां सत्कृत्य ब्रूयात्—'इदं राज्ञः पण्यागारम्, इदं देवीकुमाराणां देवीकुमारवचनादिदं राज्यमहं च त्वदर्पण' इति ।

लब्धसंश्रयः समयाचारिकवद्भर्तरि वर्तेत । दुर्गादीनि च कर्माण्यावाहविवाहपुत्राभिषेकाश्वपण्यहस्तिग्रहणसत्रयात्राविहारगमनानि चानुज्ञातः कुर्वीत । स्वभूम्यवस्थितप्रकृतसन्धिमुपघातमपसृतेषु वा सर्वमनुज्ञातः कुर्वीत । दुष्टपौरजानपदो वा न्यायवृत्तिरन्यां भूमिं

याचेत। दूष्यवदुपांशुदण्डेन पा प्रतिकुर्वीत । उचितां वा मित्राद्भूमिं दीयमानां न प्रतिगृह्णीयात् । मंत्रिपुरोहितसेनापतियुवराजानामन्यतममदृश्यमाने भर्तरि पश्येत् । यथाशक्ति चोपकुर्यात् । दैवतस्वस्तिवाचनेषु तत्परा आशिषो वाचयेत् । सर्वत्रात्मनिसर्गं स्वामिनो गुणं च ब्रूयात् ।

संयुक्तबलवत्सेवी विरुद्धः शंकितादिभिः ।
वर्तेत दण्डोपनतो भर्तर्येवमवस्थितः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे बलवता विगृह्योपरोधहेतवो दण्डोपनतवृत्तं नाम पंचदशोऽध्यायः ॥१५॥

अध्याय १५

प्रकरण ११९

(बलियोसँग विरोध गरेर किल्लामा पस्ने कारण)

प्रकरण १२०

(बलियोले पीड़ित भएकाले गर्ने विचार)

ठूलोसंग विरोध भएमा आड़ लिने—

दुर्बल राजालाई बलियोले आक्रमण गरेमा आक्रामक(आक्रमण गर्ने)-लाई मन्त्रशक्तिद्वारा छकाउनशकिने उभन्दा बढ़ता बल भएकाको आश्रय लिनुपर्दछ ।

बुद्धिमान् अमात्यहरू भएर पूर्ण मन्त्रशक्ति र फौजी बल भएका धेरै जना भएमा जुनचाहींका अमात्यहरू अधीनस्थ भएर मन्त्रशक्ति बढ़ता हुने बूढ़ा-पाका बाटो देखाउनेहरू बढ़ी हुन्छन् उसको आश्रय गर्नू ।

आक्रामकभन्दा बढ़ता बल भएको आश्रय नपाइएमा बराबर बल भएका फौजी बल पनि बराबर भएका धेरै जना सहाय गराई मन्त्रशक्ति र प्रभुशक्ति-द्वारा शत्रुले उनीहरूलाई नफुटाएसंम तिनोहरूसंग मिलेर शत्रुसँग मुकाबिला गर्नू ।

मन्त्रशक्ति प्रभुशक्ति बराबर भएका धेरै जनामध्यमा पनि जसको सरसामानहरू प्रशस्त भएर ठूलो काम गर्ने शक्ति छ, उसको आश्रय गर्नू।

आक्रामकको बराबर बल नभएको नपाइएमा उसभन्दा कम बल भए पनि सच्चरित्र, उत्साही, शत्रुसंग विरोध गर्ने, धेरै जनालाई सहाय बनाएर शत्रुले मन्त्रशक्ति-प्रभुशक्ति-उत्साहशक्तिद्वारा तिनलाई नफुटाएसंम तिनीहरूसंग मिलेर मुकाबिला गर्नू। तीमध्यमा पनि जसको आश्रय लिएमा आफूलाई मिल्दो युद्धभूमि (युद्ध गर्ने ठाउँ) मिल्दछ, त्यसको विशेष आश्रय लिनू। सबैको युद्धभूमि बराबर भए पनि जतापट्टि आश्रय गर्दा अनुकूल समय मिल्दछ त्यसको, सबैको देश र समय बराबर देखिए मा पनि जसका हातहतियार र वाहन-यानहरू बढ़ी देखिन्छन् त्यसको, विशेष आश्रय गर्नू।

भनेजस्तो सहाय नपाएमा जहाँ बस्ता शत्रुका फौज धेरै भए पनि आफ्नो रसद-पानी-इन्धन आदि आउन शत्रुले रोकावट गर्न नशकिने आफ्नो नोक्सानी-खर्च पनि विशेष नहुने हुन्छ, त्यस्तो किल्लाको आश्रयमा रहनू।

उस्तै किसिमका किल्ला धेरै भएमा चाहिने सामानहरू धेरै जम्मा भएको, निस्कने बाटो पनि भएको किल्ला आश्रयलाई वेस हुन्छ, वस्तुको संग्रह र निकास भएको, मानिसहरू धेरै अटाउने किल्लाको आश्रय गर्नू भनि कौटल्य भन्दछन्।

तल लेखेबमोजीमका कारण पर्नआएमा दुर्बल राजाले किल्लाको आश्रय लिनुपर्दछ—

१. आक्रमण गर्ने शत्रुसंग भिड़िनालाई पार्ष्णिग्राह वा आसार (मित्रको फौज) वा मध्यम (माझको) वा उदासीन(तटस्थ)लाई अगि सार्नेछु भन्ने ठानेमा;

२. सामन्त-आक्रामकपट्टिको कुलको मानिस,–थुनुवाहरूमध्यमा कुनैलाई अगि सारेर आक्रामकको राज्य हटाउनेछु वा भताभुङ्ग पार्नेछु भन्ने ठानेमा;

३. आक्रामकको विरोधी दललाई हात लिएर उसको किल्ला वा राज्य वा फौजी छाउनीमा बाहिरी-भित्री प्रकृतिवर्गमा फूट-चीढ़ पैदा गराउनेछु भन्ने ठानेमा;

४. आवलीयस-प्रकरणमा भनिनेबमोजिम शस्त्र-आगो-विषको प्रयोग किंवा औपनिषद्-प्रकरणमा भनिनेबमोजीम अनेक प्रयोगद्वारा नजीकमा आएको शत्रुलाई इच्छामाफिक मराउनेछु भन्ने ठानेमा;

५. विश्वासी घातक गुप्तपुरुषहरूलाई आफूले पठाएर आक्रामकको धन-जनको नाश गराउनेछु भन्ने ठानेमा;

६. मानिसहरूको नाश, धनको खर्च, प्रवास जानु आदिबाट दुःखित भएका आक्रामकको मित्रवर्ग वा सेनाहरूमा क्रमैसंग फूट गराउनेछु भन्ने ठानेमा;

७. आक्रामकको आफ्नो देशबाट आउने रसद-सामान, मित्रदल, घाँस-पात, इन्धनहरू आउन रोकिदिएर उसको छाउनीमा पीड़ा गराउनेछु भन्ने ठानेमा;

८. आफ्नो कोही फौज आक्रामकको छाउनीमा गुप्तीचालसँग भित्र पसाएर मारपीट गराएर खलबलयाई, पछिबाट सबै फौजको हमला गराई मारकाट गराउनेछु भन्ने ठानेमा;

९. आक्रामकको उत्साह-भङ्ग गराएर त्यससँग सन्धि गर्नेछु भन्ने ठानेमा;

१०. मेरो मुलुकमा हमला गर्न व्यग्र भएको आक्रामकप्रति वरिपरिका सामन्तहरू चिढ़िनेछन् भन्ने ठानेमा;

११. आक्रामकको मुख्यराजधानीमा उसका मित्रको सहायता आउन रोकाई, त्यहाँ आफ्ना मित्रको फौज, जङ्गली फौजहरूद्वारा नष्ट पारिदिनेछु भन्ने ठानेमा;

१२. यही किल्लामा बसीरहेर यतैबाट आफ्ना सारा देशको योगक्षेमको बन्दोबस्त पूरा गरीरहन्छु भन्ने ठानेमा;

१३. आफ्नो काममा वा मित्रको काममा लागी छरिइरहेका मेरा फौजहरू सबै मकहाँ जमा भएपछि शत्रुले आँक्न नसकिने हुनेछु भन्ने ठानेमा;

१४. गहीरो ठाउँको युद्ध, खाइको युद्ध, रातीको युद्धमा पनि सिपालु मेरो सैन्यले केही समय यो किल्लामा बसेर बाटाको थकाइ मारेपछि मौका पारेर पूरा काम देखाउनेछु भन्ने ठानेमा;

१५. आक्रामक आफ्नो सेनालाई प्रतिकूल देश वा समयमा यहाँ आयो भने आफसेआफ धनजनको नोकसानी भएर बिग्रनेछ भन्ने ठानेमा;

१६. देशमा किल्ला धेरै भएको, जङ्गलै धेरै भएको, भाग्ने-लुक्ने ठाउँ पनि धेरै भएको हुनाले यहाँ आउनेले धेरै हानि-नोक्सानी सहनुपर्ने भई विदेशीलाई रोगी गराउने, सेनाको कवायद गर्ने ठाउँ पनि नभएकोले शत्रु यहाँ बड़ो मुस्किलसँग परतछ, पसिहाले पनि उम्केर निस्कनेछैन भन्ने ठानेमा।

यस्तो कुनै कारण आफूसंग नभएमा वा शत्रुको फौज ऊर्लेर आएमा किल्ला छोड़ेर भाग्नू। अथवा जो होला, होला भनेर आगामा शलह होमिएझैं शत्रुको फौजमा पसेर सकेसम्म पौरुष देखाउनू। ज्यान सङ्कल्प गरेर होमिएपछि सबै पुतलीले बत्ती निभाएझैं शत्रुलाई निभाइन्छ, भएन भने आफू बिलाइन्छ भनि आचार्यहरू भन्दछन्। किन्तु कौटल्य भन्दछन्—त्यसो होइन, सकेसम्म आफूले सन्धि गर्ने वा शत्रुले सन्धि गर्ने बाटो पाएमा सन्धि नै गर्नू। सन्धिको बाटो पाइएन भने शत्रुको फौजमा पसेर भरसक विजयलाभ गर्नुपर्दछ, कि त भाग्नुपर्दछ।

दण्डोपनतवृत्त (विजितको व्यवहार)—

अथवा सन्धि गर्नहुने धर्मविजयी शत्रु भएमा उसकहाँ आफूले सन्धिको कुरा गर्न दूत पठाउनू। अथवा शत्रुले दूत पठाएमा सो दूतलाई धन-मानले सत्कार गरेर यो उहाँ राजालाई मेरो सौगात, यो रानी-राजकुमारलाई रानी-राजकुमारको सौगात, यो राज्य र मेरो आत्मा पनि उहाँलाई चढ़ाएको छु, जो गर्नु हुन्छ, शरण पर्दछु भनि भन्नू।

यसरी दूतद्वारा सन्देश पठाएर आश्रय-भरोसा पाएपछि सन्धि भएको विजेतासंग सेवकको जस्तो व्यवहार गरेर रहनू। किल्ला बनाउने आदि काम, छोरी-बेटी दिनु-लिनु, छोरालाई युवराजपदमा अभिषेक गर्नु, घोड़ा खरीद-बिक्री, हात्ती पक्रनु, यज्ञ-याग, अर्को शत्रुप्रति अभियान, यताउती घुमफिर आदि सबै कुरा विजेताको अनुमति लिएर गर्ने गर्नूं। आफ्नो देशका अमात्य आदि प्रकृतिहरूसँग सन्धि, आफ्नो देशबाट बाहिर गएकालाई दण्ड-सजाय आदि, सबै कुरामा विजेताको राय लिएर गर्न गर्नूं। दुष्ट, अन्यायी नागरिक देशवासीहरू आफ्नो विरोधी भएमा न्यायको व्यवहार गरेर विजेता राजासँग आफूलाई बस्न अर्को ठाउँ माग्नू। अथवा विरोधीहरूलाईझैं दुष्टहरूलाई गुप्तहत्याद्वारा प्रतिक्रिया गर्नूं। असल जमीन आफ्नो मित्रबाट खोसेर त्यो बलियो आक्रामकले आफूलाई दिए पनि नलिनू; मन्त्री-पुरोहित-सेनापति-युवराजहरू कुनै नभएको वेला पारेर विजयी स्वामी राजासँग भेट्ने, शक्ति-अनुसार सौगात पठाउने गर्नूं। देवताको पूजा-उत्सवहरूमा विजेता स्वामी राजाको कल्याण-मङ्गलपाठ गराउनू। सबै जनालाई स्वामीलाई आत्मसमर्पण गरेको जनाई उनको गुण कीर्तन गर्नूं। यसरी पराजित भएको राजाले विजयी राजाको सेवामा रही बलिया उनका अमात्य आदिहरूप्रति पनि अनुकूल व्यवहार गरी, उसको मन नपर्ने विरोधीहरूसँग सम्बन्ध नराखी केवल विजेतालाई स्वामी मानेर रहनू।

अथ षोडशोऽध्यायः

१२१ प्रकरणे—दण्डोपनायिवृत्तम्

अनुज्ञातस्तद्धिरण्योद्वेगकरं बलवान् विजिगीषमाणो यतः स्वभूमिस्त्वर्तुवृत्तिश्च स्वसैन्यानामदुर्गापसारः शत्रुरपार्ष्णिरनासारश्च ततो यायात् । विपर्यये कृतप्रतीकारो यायात् । सामदानाभ्यां दुर्बलानुपनमयेद्भेददण्डाभ्यां बलवतः । नियोगविकल्पसमुच्चयैश्चोपायानामनन्तरैकान्तराः प्रकृतीः साधयेत् । ग्रामारण्योपजीविव्रजवणिक्पथानुपालनमुज्झितापसृतापकारिणां चार्पणमिति सान्त्वमाचरेत्। भूमिद्रव्यकन्यादानमभयस्य चेति दानमाचरेत् ।

सामन्ताटविकतत्कुलीनावरुद्धानामन्यतमोपग्रहेण कोशदण्डभूमिदाययाचितमिति भेदमाचरेत् । प्रकाशकूटतूष्णींयुद्धदुर्गलम्भोपायैरमित्रप्रग्रहणमिति दण्डमाचरेत् । एवमुत्साहवतो दण्डोपकारिणः स्थापयेत् । स्वप्रभाववतः कोशोपकारिणः प्रज्ञावतो भूम्युपकारिणः तेषां पण्यपत्तनग्रामखनिसंजातेन रत्नसारफल्गुकुप्येन द्रव्यहस्तिवनव्रजसमुत्थेन यानवाहनेन वा यद्बहुश उपकरोति तच्चित्रभोगं, यद्दण्डेन कोशेन वा महदुपकरोति तन्महाभोगं यद्दण्डकोशभूमिभिरुपकरोति तत्सर्वभोगम् । यदमित्रमेकतः प्रतिकरोति तदेकतोभोगि । यदमित्रमासारं चोपकरोति तदुभयतोभोगि । यदमित्रासारप्रतिवेशाटविकान् सर्वतः प्रतिकरोति तत्सर्वतोभोगि ।

पार्ष्णिग्राहश्चाटविकः शत्रुमुख्यः शत्रुर्वा भूमिदानसाध्यः कश्चिदासाद्येत, निर्गुणया भूम्यैनमुपग्राहयेत् । अप्रतिसम्बद्धया दुर्गस्थम्, निरुपजीव्ययाटविकम् प्रत्याजीवया तत्कुलीनम्, शत्रोरुपच्छिन्नया शत्रोरुपरुद्धम्, नित्यामित्रया श्रेणीबलम्, बलवत्सामन्तया संहतबलम्, उभाभ्यां युद्धे प्रतिलोमम्, अलब्धव्यायामयोत्साहिनम्, शून्ययारिपक्षीयम्, कर्शितयापवाहितम्, महाक्षयव्ययनिवेशया गतप्रत्यागतम्,

अनुपाश्रयया प्रत्यपसृतम्, परेणानधिवास्यया स्वयमेव भर्तारमुपग्राहयेत्।

तेषां महोपकारं निर्विकारं चानुवर्तयेत्। प्रतिलोममुपांशुना साधयेत्। उपकारिणमुपकारशक्त्या तोषयेत्। प्रयासतश्चार्थमानौ कुर्यात्। व्यसनेषु चानुग्रहम्। स्वयमागतानां यथेष्टदर्शनं प्रतिविधानं कुर्यात्। परिभवोपघातकुत्सातिवादाँश्चैषु न प्रयुंजीत। दत्त्वा चाभयं पितेवानुगृह्णीयात्। यस्यापकुर्यात्तद्दोषमभिविख्याप्य प्रकाशमेनं घातयेत्। परोद्वेगकारणाद्वा दाण्डकर्मिकवच्चेष्टेत। न च हतस्य भूमिद्रव्यपुत्रदारानभिमन्येत। कुल्यानप्यस्य स्वेषु पात्रेषु स्थापयेत्। कर्मणि मृतस्य पुत्रं राज्ये स्थापयेत्। एवमस्य दण्डोपनताः पुत्रपौत्राननुवर्तन्ते। यस्तूपनतान् हत्वा बद्ध्वा वा भूमिद्रव्यपुत्रदारानभिमन्येत, तस्योद्विग्नं मण्डलमभावायोत्तिष्ठते। ये चास्यामात्याः स्वभूमिष्वास्ते चास्योद्विग्ना मण्डलमाश्रयन्ते। स्वयं वा राज्यं प्राणान् वास्याभिमन्यते।

स्वभूमिषु च राजानस्तस्मात्साम्नानुपालिताः।
भवन्त्यगुणा राज्ञः पुत्रपौत्रानुवर्तिनः॥ १॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
दण्डोपनायिवृत्तं नाम षोडशोऽध्यायः॥ १६॥

अध्याय १६

प्रकरण १२१

(पराजितप्रति विजेता राजाको व्यवहार)

(दण्डोपनायी—आफ्नो फौजी बलले अर्को राजालाई घोप्ट्याएर ल्याउने विजयी राजाले पराजित (हार्ने) राजासंग गर्नुपर्ने व्यवहारको निरूपण यस प्रकरणमा गरिन्छ।)

सन्धि गर्दा यति धन दिन्छु भन्ने कबोल गरेर पनि नदिई चिढ़ाउने पराजित राजालाई तह लाउन बलियो राजाले आफ्नै जमीनको बाटो गरी आफ्नो सेनालाई अनुकूल समय पारी आफूलाई चाहिने रसदहरूको बन्दोबस्त गरेर शत्रुलाई दुर्गम ठाउँमा भाग्न नपाउने अर्को पार्ष्णिग्राहबाट आफूलाई धोका नहुने, उसले मित्रबल पनि नपाउने, त्यसो भएन भने त्यसको निमित्त गर्नुपर्ने प्रतिक्रियाहरू गरेर पनि अभियान गर्नू । साम-दान-भेद-दण्ड यी उपायले अर्को राजालाई आफ्नो तहमा राख्ने काम गर्दा दुर्बल राजालाई साम-दान उपायले, बलियो राजालाई भेद र दण्ड उपायले, आफूसँग घोप्टिने पार्नु पर्छ । साम-दान-भेद-दण्ड यी उपायको प्रयोग गर्दा यसलाई यही उपाय भन्न नियोग (ठेगान) यो वा यो उपाय भन्ने विकल्प, यो पनि यो पनि, भन्ने समुच्चय(समूह)द्वारा शत्रु-प्रकृति भएका वा मित्र-प्रकृति भएका राजाहरूलाई तहमा ल्याउनू ।

दुर्बलमाथि साम-दानको प्रयोग गर्दा गाउँ-जङ्गलमा पालिने गाई-भैंसीको गोठ, जल वा स्थलको व्यापारको मार्गमा कसैले बाधा दिन नपाउने, निकालिएका वा आफै भागेका वापतीहरूलाई बुझाइदिने गरी साम—मीठो बोलीको प्रयोग गर्नू; भूमि दिनु, द्रव्य दिनु, कन्याहरू दिनु, अभयदान दिनु आदि दानको प्रयोग गर्नू । बलियोमाथि भेद-दण्डको प्रयोग गर्दा सामन्त राजा जङ्गलीदल उसको खानदानको विरोधी थुनुवा विरोधीहरूमा कुनैलाई आफ्नो हातमा लिएर धन, फौज, भूमि, अंशभाग, माग्ने कुरा उठाएर वा यस्तै अरु कुराबाट फुटाउने भेदको प्रयोग गर्नू । ठाउँ-समय तोकिएको प्रकाशयुद्ध, खुलायुद्ध, देशकाल नजनाएको कूटयुद्ध, धोकाको युद्ध, भित्री चरगुप्तपुरुषहरूद्वारा तूष्णियुद्ध—भित्र-भित्रै फूट गराउनू । विषप्रयोग, किल्ला लिनु आदिबाट शत्रुलाई कायल गराउने दण्डको प्रयोग गर्नू ।

यी उपायले तह लाइएकालाई उत्साही दुनियाँलाई फौजी काममा सहायता गर्ने बनाई, धनीलाई आफूलाई धन दिएर ढुकुटी बढ़ाउने बनाई, बुद्धि विचारको शक्ति भएकालाई भूमिसम्बन्धी सुधार गर्ने बनाई आफूकहाँ राख्नू ।

यसरी निहुर्‍याइएका मित्रहरूमा रत्न, बहुमूल्य वस्तु, सामान्य वस्तु, जिन्सीसामान, द्रव्यवन (असल काठ भएको वन), हस्तिवन (हात्ती हुने वन), गोठको पैदायस वस्तु, सवारी-वाहनहरूद्वारा, जसले धेरै तरहबाट उपकार गर्दछ त्यो मित्र चित्रभोग (बहुरङ्गी भोग गराउने), फौज र धनद्वारा जो उपकार गर्दछ त्यो मित्र महाभोग (ठूलो भोग गराउने), फौज-धन-भूमि

दिएर जो उपकार गर्दछ त्यो मित्र सर्वभोग (भरपूर भोग) गराउने हुन्छ। तीन थरी यस्ता मित्र अर्थलाभ गराउने मित्र हुन्। जसले एकातिरको शत्रुलाई र शत्रुको मित्रलाई पनि रोकिदिन्छ त्यो मित्र एकतोभोगी (एक काम दिने), जसले शत्रुलाई र शत्रुको मित्रलाई पनि रोकिदिन्छ त्यो मित्र उभयतोभोगी (दुइ काम दिने), जसले शत्रु आसार (शत्रुको मित्र), प्रतिवेश (दायाँ-बायाँको शत्रु) जङ्गलीदल, यी सबैलाई रोकिदिन्छ त्यो मित्र सर्वतोभोगी (सबै काम दिने) हुन्छ। यस्ता तीन थरी मित्र अनर्थ निवारण गरिदिने मित्र हुन्।

भूमिदान दिएर हात लिनुपर्नेहरूमा पार्ष्णिग्राह (पछाडिएको शत्रु), आटविक (जङ्गलीदलको नाइके शत्रुको), अमात्य आदि मुख्य पुरुष भूमि दिएर मान्ने शत्रु यिनलाई विशेष-फायदा नहुने भूमि दिनू। किल्लामा बसेकोलाई किल्लासंग नजोडिएको छुट्टै भूमि दिनू। जङ्गलीदलको नाइकेलाई जीविकालाई हुने अनाजहरू रोप्न नहुने बाँझो भूमि दिनू। राजघरानाकोलाई काम सकिएपछि फर्काएर लिनहुने भूमि दिनू। शत्रुको थुनुवालाई शत्रुबाटै जबर्दस्ती गरी लिएको भूमि दिनू। श्रेणीदल[1](नायक नभएको सजाति जनसमूह)लाई संधै चोर-डाँकाको उपद्रव भइरहने भूमि दिनू। संहतबल(नायक भएको संगठित जनसमूह)लाई वरिपरिका सामन्त बलिया भएको भूमि दिनू। युद्धमा कपट गर्नेलाई नित्यामित्र (संधै चोरडाका लाग्ने) र बलिया सामन्तहरू भएको पनि भूमि दिनू। उत्साहीलाई खेल-कूद कवायद गर्न नहुने भूमि दिनू। शत्रुपक्षकोलाई केही फायदा लाभ नहुने भूमि दिनू। अपवाहित-युद्ध गर्दा-गर्दा हैरान भएकोलाई शत्रुदल (जङ्गलीहरूले) दुःख दिइरहेको भूमि दिनू। गएर फर्की आएकोलाई धेरै धन-जनको खर्च हुने भूमि दिनू। शत्रुकहाँबाट डरले भागेर आएकालाई दुर्गम स्थान (किल्ला नभएको) भूमि, भूतपूर्व भूमिको मालिकलाई उनीदेखिबाहेक अरूले काममा राख्न नशकिने भूमि दिनू। ती दण्डोपनत(दण्डले तह लाइएका)हरूमध्यमा धेरै उपकार गर्ने र विचार कत्ति नगर्नेलाई त्यस्तै भइरहने गरी राख्नु। उल्टो चाल चलन-गर्ने र विचार कत्ति नगर्नेलाई त्यस्तै भइरहने गरी राख्नु। उल्टो चाल चलन-

---

[1] श्रेणीबल = नेतारहित बल।

पनि नगर्नूं। अभयदान दिएर बाबुलेझैं अनुग्रह गर्नू। जसले आफ्नो बिगार गर्दछ, त्यसको त्यो दोष सबैलाई थाहा दिएर खुलस्तै वध गराउनू। खुला वधले अरु भड्किने देखिएमा दाण्डकर्मिक-प्रकरणमा भनेअनुसार गुप्तवध गराउनू। त्यस्ता मारिनेका जहान-छोराहरूको धन-सम्पत्ति हरण नगर्नूं। त्यसका बन्धु-बान्धवलाई पनि आफ्नो-आफ्नो ठाउँमा राख्नू। आफ्नो काममा मरेकाको छोरालाई बाबुको ठाउँमा राख्नू। यस्तो व्यवहार गरेमा ती दण्डोपनत (विजित जातिहरू) केवल आफ्नोमात्र होइन आफ्ना छोरा-नातीहरूको पालासम्म पनि पछि लागीरहने हुन्छन्। जसले विजित(दण्डोपनतहरू)लाई मारेर थुनेर तिनको भूमि, द्रव्य, छोरा-स्वास्नीहरू हरण, पीड़न गर्दछ; त्यसउपर सबै राजमण्डल चिढ़िएर त्यसलाई मारिमेटी पार्न उठ्तछन्। उसैका भूमिका वश परेका अमात्यहरू पनि आत्तिएर अर्को राज्यमा आश्रय लिनजान्छन्, किंवा त्यसकै ज्यान लिएर राज्य आफै हड़प गर्ने हुन्छन्।

त्यसकारण पराधीन भएर आफूले दिएको राज्य-भोग गर्ने राजाहरू साम-व्यवहारले पालन गरिएमा विजेता राज्यका छोरा-नातीका पालासम्म अनुकूल भएर रहने हुन्छन्।

अथ सप्तदशोऽध्यायः

१२२-१२३ प्रकरणे—सन्धिकर्म सन्धिमोक्षश्च

शमः सन्धिः समाधिरित्येकोऽर्थः। राज्ञां विश्वासोपगमः शमः सन्धिः समाधिरिति। सत्यं शपथो वा चलः सन्धिः। प्रतिभूः प्रतिग्रहो वा स्थावरः। इत्याचार्याः। नेति कौटिल्यः। सत्यं शपथो वा परत्रेह च स्थावरः सन्धिः, इहार्थ एव प्रतिभूः प्रतिग्रहो वा चलापेक्षः। 'संहिताः स्मः' इति सत्यसन्धाः पूर्वे राजानः सत्येन सन्दधिरे।

तस्यातिक्रमे शपथेन अग्न्युदकसीताप्राकारलोष्टहस्तिस्कन्धाश्वपृष्ठरथोपस्थशस्त्ररत्नबीजगन्धरससुवर्णहिरण्यान्यालेभिरे, हन्युरेतानि

त्यजेयुश्चैनं यः शपथमतिक्रामेदिति । शपथातिक्रमे महतां तपस्विनां मुख्यानां वा प्रातिभाव्यबन्धः प्रतिभूः । तस्मिन् यः परावग्रहसमर्थान् प्रतिभुवो गृह्णाति, सोऽतिसन्धत्ते । विपरीतोऽतिसन्धीयते । बन्धुमुख्यप्रग्रहः प्रतिग्रहः । तस्मिन् यो दूष्यामात्यं दूष्यापत्यं वा ददाति सोऽतिसन्धत्ते । विपरीतोऽतिसन्धीयते । प्रतिग्रहग्रहणविश्वस्तस्य हि परश्छिद्रेषु निरपेक्षः प्रहरति । अपत्यसमाधौ तु कन्यापुत्रदाने ददत्तु कन्यामतिसन्धत्ते । कन्या ह्यादायादा परेषामेवानर्थाय क्लेशाय च । विपरीतः पुत्रः ।

पुत्रयोरपि जात्यं प्राज्ञं शूरं कृतास्त्रमेकपुत्रं वा ददाति, सोऽतिसन्धीयते । विपरीतोऽतिसन्धत्ते । जात्यादजात्यो हि लुप्तदायादसन्तानत्वादाधातुं श्रेयान् । प्राज्ञादप्राज्ञो मंत्रशक्तिलोपात् । शूरादशूर उत्साहशक्तिलोपात् । कृतास्त्रादकृतास्त्रः प्रहर्तव्यसम्पल्लोपात् । एकपुत्रादनेकपुत्रो निरपेक्षत्वात् । जात्यप्राज्ञयोर्जात्यमप्राज्ञमैश्वर्यप्रकृतिरनुवर्तते प्राज्ञमजात्यं मंत्राधिकारः । मंत्राधिकारेऽपि वृद्धसंयोगाज्जात्यकः प्राज्ञमतिसन्धत्ते ।

प्राज्ञशूरयोः प्राज्ञमशूरं मतिकर्मणां योगोऽनुवर्तते । शूरमप्राज्ञं विक्रमाधिकारः । विक्रमाधिकारेऽपि हस्तिनमिव लुब्धकः प्राज्ञः शूरमतिसन्धत्ते । शूरकृतास्त्रयोः शूरमकृतास्त्रं विक्रमव्यवसायोऽनुवर्तते । कृतास्त्रमशूरं लक्षलम्भाधिकारः । लक्षलम्भाधिकारेऽपि स्थैर्यप्रतिपत्त्यसंमोषैः शूरः कृतास्त्रमतिसन्धत्ते । बह्वेकपुत्रयोर्बहुपुत्र एकं दत्त्वा शेषप्रवृत्तिस्तब्धः सन्धिमतिक्रामति नेतरः । पुत्रसर्वस्वदाने सन्धिश्चेत्पुत्रफलतो विशेषः । समफलयोः शक्तप्रजननतो विशेषः । शक्तिप्रजननयोरप्युपस्थितप्रजननतो विशेषः । शक्तिमत्येकपुत्रे तु लुप्तपुत्रोत्पत्तिरात्मानमादध्यात् । न चैकपुत्रमिति । अभ्युच्चीयमानः समाधिमोक्षं कारयेत् ।

कुमारासन्नाः सत्रिणः कारुशिल्पिव्यंजनाः कर्माणि कुर्वाणाः सुरुङ्गया रात्रावुपखानयित्वा कुमारमपहरेयुः । नटनर्तकगायकवादक-

वाग्जीवनकुशीलवप्लवकसौभिका वा पूर्वप्रणिहिताः परमुपतिष्ठेरन् । ते कुमारं परम्परयोपतिष्ठेरन् । तेषामनियतकालप्रवेशस्थाननिर्गमनानि स्थापयेत् । ततस्तद्व्यञ्जनो वा रात्रौ प्रतिष्ठेत । तेन रूपाजीवा भार्याव्यंजनाश्च व्याख्याताः । तेषां वा तूर्यभाण्डफेलां गृहीत्वा निर्गच्छेत् । सूदारालिकस्नापकसंवाहकास्तरककल्पकप्रसाधकोदकपरिचारकैर्वा द्रव्यवस्त्रभाण्डफेलाशयनासनसम्भोगैर्निर्ह्रियेत ।

परिचारकच्छद्मना वा किंचिदरूपवेलायामादाय निर्गच्छेत् । सुरङ्गामुखेन वा निशोपहारेण । तोयशये वा वारुणं योगमातिष्ठेत् । वैदेहकव्यञ्जना वा पक्वान्नफलव्यवहारेणारक्षिषु रसमवचादयेयुः । दैवतोपहारश्राद्धप्रहवणनिमित्तमारक्षिषु मदनयोगयुक्तमन्नपानरसं वा प्रयुज्यापगच्छेत् । आरक्षकप्रोत्साहनेन वा । नागरककुशीलवचिकित्सकापूपिकव्यञ्जना वा रात्रौ समृद्धगृहाण्यादीपयेयुः । आरक्षिणो वैदेहकव्यंजना वा पण्यसंस्थामादीपयेयुः । अन्यद्वा शरीरं निक्षिप्य स्वगृहमादीपयेदनुपातभयात् । ततः सन्धिच्छेदखातसुरङ्गाभिरपगच्छेत् ।

काचकुम्भभाण्डभारव्यंजनो वा रात्रौ प्रतिष्ठेत । मुण्डजटिलानां प्रवसनान्यनुप्रविष्टो वा रात्रौ तद्व्यंजनः प्रतिष्ठेत । विरूपव्याधिकरणारण्यचरच्छद्मनामन्यतमेन वा । प्रेतव्यंजनो वा गूढैर्निर्ह्रियेत । प्रेतं वा स्त्रीवेषेणानुगच्छेत् । वनचरव्यंजनाश्चैनमन्यतो यान्तमन्यतोऽपदिशेयुः । ततोऽन्यतो गच्छेत् चक्रचराणां वा शकटवाटैरपगच्छेत् । आसन्ने चानुपाते सत्रं वा गृह्णीयात । सत्राभावे हिरण्यं रसविद्धं वा भक्षजातमुभयतः पन्थानमुत्सृजेत् । ततोऽन्यतोऽपगच्छेत् । गृहीतो वा सामादिभिरनुपातमतिसन्दध्यात् । रसविद्धेन वा पथ्यदानेन । वारुणयोगाग्निदाहेषु वा शरीरमन्यदाधाय शत्रुमभियुंजीत—'पुत्रो मे त्वया हत' इति ।

उपात्तच्छन्नशस्त्रो वा रात्रो विक्रम्य रक्षिषु ।
शीघ्रपातैरपसरेद्गूढप्रणिहितैः सह ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे
सन्धिकर्म सन्धिमोक्षो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

अध्याय १७

प्रकरण १२२

(सन्धि गर्नु)

प्रकरण १२३

(सन्धि तोड्नु)

सन्धिकर्म—

(विश्वास गराउन शपथहरूद्वारा सन्धिलाई बलियो पार्ने सन्धिको दृढीकरण यस प्रकरणमा बताइन्छ ।)

शम—शान्ति, सन्धि—मेल, समाधि—समाधान, भनेको उही कुरा हो, राजाहरूलाई विश्वास गराउने शान्ति, सन्धि, समाधान हो ।

यो कुरा सत्य हो भन्नु, तामा-तुलसी आदि लिएर देवताको नाम लिई शपथ-किरिया हाल्नु चल-सन्धि (अस्थायी—भरपर्दो नभएको) सन्धि हो; जमानी दिनु वा विश्वास पार्ने छोरा आदि सुम्पनु स्थायी-सन्धि (स्थायी विश्वास पार्ने सन्धि) हो भनि आचार्यहरू भन्दछन् । कौटल्य भन्दछन् कि—यसो होइन, सत्य र शपथ परलोकमा काम दिने, स्थावर-सन्धि यहीं काम दिने हो; यहाँ काम दिने जमानी वा प्रतिग्रह (छोरा आदि) बलियो भए विश्वासयोग्य हुन्छ, नत्र त्यसको पनि भर छैन ।

अगिका सत्यवादी राजाहरू अब हामी मिलौं भन्ने सत्य-प्रतिज्ञा गरेर सत्यद्वारा नै सन्धि गर्दथे । त्यसको लङ्घन गरेमा १. आगो, २. पानी, ३. खेतको माटो, ४. पर्खालको इँट, ५. हात्तीको काँध, ६. घोड़ाको पीठ्यूँ, ७. रथको गद्दी, ८. शस्त्र, ९. रत्न, १०. धान आदि बीज, ११. चन्दन आदि सुग-

न्ध, १२. घ्यू आदि रस, १३. सुन, १४. हिरण्य (सिक्का)—यी छोएर यो शपथ जसले भङ्ग गर्दछ त्यसलाई यिनले नाश गरून् भन्दथे ।

त्यसको पनि लङ्घन गरेमा महात्मा, तपस्वी, मुख्यपुरुष, गाउँका बूढ़ापाकाहरूलाई जमानी दिन्थे । त्यसमा पनि प्रतिज्ञा गरेको कुरा भङ्ग गर्नेलाई दण्ड गर्नशक्ने जमानी लिनशक्नेले अरुलाई छकाउँछ, त्यसो नभएर जस्तो पायो उस्तै जमानी लिने ठगिन्छ ।

त्यसका बन्धुहरूमा मुख्यलाई विश्वास गराइने धीतोजस्तो गरेर छोरा लिनु प्रतिग्रह हो । त्यसमा दूष्य (असन्तुष्ट) सन्तान धरोट दियो भने त्यसले फायदा उठाउँछ । यसको ठाउँमा योग्य अमात्य, योग्य पुत्र धरोट दिनेले धोका खान्छ, किनभने प्रतिग्रहण (धरोट) दिएर ढुक्क परेको शत्रुलाई विजिगीषुले मौका परेमा दिएको धरोटको वास्ता नराखेर प्रहार गर्दछ । सन्तान धरोट दिने विषयमा छोरा वा छोरी धरोट दिंदा छोरी दिनेचाहींले फायदा उठाउंछ, किनभने छोरी अंश नपाउने भै राज्यको उत्तराधिकारी हुँदैन, त्यस्तो धरोट लिंदा शत्रुलाई नै फायदा हुने र बाबुचाहींलाई खर्च बढ़ने, दुःख उठाउनुपर्ने हुन्छ । छोरा धरोट भने बाबुको उत्तराधिकारी हुनाले उसको स्वार्थका निमित्त र दुःख-शमन गर्ने हुन्छ ।

छोरामध्यमा पनि सजातीय-बुद्धिमान्-शूर-अस्त्रविद्यामा शिक्षित छोरो, वा यौटैमात्र छोरालाई बाबुले शत्रुकहाँ धरोट राखेमा त्यो राख्ने बाबु शत्रुबाट ठगिन्छ यसको उल्टो विजातीय-मूर्ख-कातर-अस्त्रविद्या नजान्ने छोरा धरोट दिनेले शत्रुलाई ठग्दछ । आफ्नो जातकोभन्दा बेजातको अंश नपाउने सन्तान धरोट दिनु बेस हुन्छ । बुद्धिमान्भन्दा विचार-शक्ति नभएको मूर्ख दिनु बेस, शूरोभन्दा उत्साह-शक्ति नभएको कातर दिनु बेस, अस्त्रविद्यामा सिपालुभन्दा लड़भीड गर्न नशक्ने शस्त्रास्त्रमा अशिक्षित दिनु बेस हुन्छ । यौटै भएको छोरो दिनुभन्दा अनेक छोरा भएकोमा नभए पनि विशेष हानि नहुने गरी कुनै दिनु बेस छ । जातको र बुद्धिमान छोरामध्यमा जातकोमा बुद्धि नभए पनि राज्यको अधिकार रहने हुन्छ । बेजातको तर बुद्धिमान छोरामा मन्त्रणाको शक्ति रहने हुन्छ । बुद्धिमानमा मन्त्रणाको शक्ति भएपनि जातकोले बूढ़ा, जान्ने-सुन्नेको सम्पर्क गरेर बुद्धिमानलाई जित्न शक्तछ । बेजातकोले बुद्धि भए पनि राज्याधिकार पाउँदैन । शूरो र बुद्धिमान यी दुइ छोरामध्यमा पनि बुद्धिमानबाट शूरो नभए पनि बुद्धिको काम पूरा हुने हुन्छ । शूरो तर बुद्धिमान् नभएकोबाट पराक्रमको काम मात्र हुन्छ । पराक्रमकै कुरामा पनि व्याधाले हात्तीलाईझैं बुद्धिमान्ले शूरोलाई पनि वश पार्दछ ।

शूरो र अस्त्र चलाउन सिपालुमध्यमा शूरो त अस्त्र चलाउन नजान्नेमा बलको काम मात्र हुन्छ। शूरो नभए पनि अस्त्रविद्यामा सुशिक्षितलाई निशाना मार्ने योग्यता हुन्छ। निशान मार्ने काममा पनि शूरोले स्थिरता (दृढ रहनु, नडग्नु) प्रतिपत्ति—झटपट काम गर्नशक्नु, असंमोष—पक्क नपर्नु यी गुणले अस्त्रमा शिक्षितलाई उछिन्दछ।

धेरै छोरा हुने र एकमात्र छोरा हुनेमध्यमा धेरै छोरा हुनेचाहीं यौटा छोरा दिएर पनि बाँकि छोराबाट मस्त भएर सन्धि तोड्न शक्छ। एकै छोरा हुनेचाहींले सन्धि तोड्न शक्तैन। सर्वस्वजस्तो एकै पुत्र दिएर सन्धि हुने भएमा उ छोराको छोरो भएको नभएकोले फरक हुन्छ। अर्थात् नाती नभएको छोरा दिनुभन्दा नाती भएको छोरो दिनु बेस हुन्छ। सन्तान बराबर भएका छोरामध्यमा पनि सन्तान पैदा गर्ने शक्ति भए नभएबाट फरक हुन्छ। दुवै सन्तान पैदा गर्नशक्ने भएमा पनि गर्भ भइसकेकोबाट फरक हुन्छ। समर्थ एक छोरामात्र भएको फेरि छोरा पाउने उमेद हराएकोले आफैलाई बाँधा राख्नू, एक्लो छोरालाई नराख्नू।

सन्धिमोक्ष—

सन्धि गरेर आफ्नो बल र लाभ बढ़ेपछि विजिगीषुले दुवै थरीको रायबाट विश्वासका निमित्त राखिएको समाधि—धरोट छुटाउने काम गर्नू। त्यस निमित्त धरोट राखिएको राजकुमारको नजीक रहने गुप्तपुरुषहरू कर्मी आदि सिपालु कालीगढ़जस्ता बनेर काम गर्दै सुरुङ खनाएर राति सो कुमारलाई हरेर ल्याउनू। अथवा नटुवा, नाचने-गाउने-बजाउने कत्थक, भाट, चटकी, सरकसी बनेर अगिबाटै विजिगीषुकहाँबाट शत्रुकहाँ सेवक बनेर बसून्, तिनीहरूले सबैलाई पत्यार पारेर धरोट राजकुमारकहाँ पालैसँग जाने गर्नू। तिनीहरूले जुनसुकै वेलामा पनि कुमारकहाँ पस्ने-बस्ने-निस्कने गराउनू। अनि मौका पारेर तिनीहरूकै जस्तो वेष पहिरेर राति राजकुमार बाहिर निस्केर आफ्नो देशमा आउनू। यसबाट वेश्या, रखौटी स्वास्नीजस्तो बनेर निस्कने कुरा पनि बुझ्नू। अथवा ती नट, नर्तक आदिको बाजा-गहना-सामानहरूको बाकस बोक्ने मजदूरजस्ता भएर निस्कनू। अथवा पकाउने भान्से, स्नान गराउने, मालिस गर्ने, बिछाउना लाउने, हजाम, श्रृङ्गार गराउने, पानी पियाउनेहरूद्वारा वस्तु, कपड़ा, गहनाको पेटी, बिछाउना, बस्ने आसनहरू बाहिर निकास्ता त्यसैमा मिलेर राजकुमार निस्कनू। किंवा टहलुवाजस्तो भेष गरेर अनुहार नदेखिने अँध्यारो वेलामा निस्कनू। अथवा राति भूतको बलि दिने

बहाना गरेर सुरुङ्को बाटो गरेर निस्कनू अथवा दुर्गलम्भोपाय-प्रकरणमा भनेबमोजीम नदी-तलाउहरूको पानीमा थैलोहरूभित्र पसेर हिंड्ने उपाय गरेर निस्कनू । किंवा बनियाजस्तो वेष गरेर रक्षक(पाले)हरूमा पक्वान्न फल-हरू बिक्री गर्दै तिनीलाई विषालु वस्तु खुवाएर, किंवा देवताको प्रसाद, श्राद्ध-प्रीतिभोजको बहानाले पालेहरूलाई धतुरो परेको अन्न-पान-रसहरूले लठ्याएर बाहिर निस्कनू । अथवा पालेहरूलाई धेरै धनद्वारा हात लिएर निस्कनू । अथवा नगररक्षक (पुलिस), नटुवा, वैद्य, हलुवाइको रूप लिएर राति यताउति घुम्दै धनीको घरमा आगो लाइदिनु, अथवा बनियाजस्तो बनेर अथवा कुमारको खोजी नहोस् भनेर, कुमारको (कुमार बसेको) घरमा अर्कै मुर्दा राखेर आगो लाइदिनू । र आतसको मौका पारी भित्ता फोरेर खाइ-सुरुङ्गहरू-द्वारा कुमार बाहिर भाग्नू ; अथवा कुमारले काँचको भाँड़ा-घास-पराल-दाउरा-पानी बोक्नेजस्तो बनेर राति बाहिर निस्कनू । मुडुलो लट्टे जोगीको मठमा पसेर राती त्यस्तै वेष गरेर हिंड्नू ।

रूप बदलेर, रोगीजस्तो बनेर, भिल्ल आदि वनवासीजस्तो बनेर भए पनि राति निस्कनू । अथवा अन्त मरेको मानिसजस्तो बनेर अरू गुप्तपुरुषले बोकिएर निस्कनू, अथवा मरेको मानिसको स्वास्नीजस्तो बनेर रूँदै निस्कनू ।

कुमार निस्किसकेपछि कोही खोज्न आएमा एकातिर लाग्ने भए अर्कैतिर लागेको भनेर अर्कैतिरबाट निस्कनू, अथवा गाड़ावालको गाड़ाको ताँतीभित्र पसेर भाग्नू ।

कसैले पक्रीहाल्यो भने पनि साम-दान आदि उपायले पक्रनेलाई छकाउनू, अथवा विष परेको खाजाहरू दिएर लठ्याई वा मारी आफू भाग्नू ।

अथवा अगि भनेबमोजिम वारुणयोग (पानीमा डुबेको) वा आगोले डढ़ेर मरेको अर्को मुर्दा ल्याएर विजिगीषुले मेरो छोरा तिमीले मारिदियौ भनि शत्रुलाई अभियोग गर्नू, अनि कुमार मरेछन् भनि खोजी गर्न छोड़ेपछि मौका पारी कुमार भाग्नू ।

अथवा अरू कुनै उपाय पनि नभए कुमारले गुप्तशस्त्र लिएर राति रक्षक-पालेहरूलाई मारेर अगिदेखि सङ्केत गरिराखेका गुप्तचरसहित भएर छीटो दगुर्ने घोड़ाहरूको सवारी गरेर भाग्नू ।

अथ अष्टादशोऽध्यायः

१२४-१२६ प्रकरणे—मध्यमचरितोदासीनचरितमण्डलचरितानि

मध्यमस्यात्मा तृतीया पञ्चमी च प्रकृता प्रकृतयः । द्वितीया चतुर्थी षष्ठी च विकृतयः । तच्चेदुभयं मध्यमोऽनुगृह्णीयात्, विजिगीषुर्मध्यमानुलोमः स्यात् । न चेदनुगृह्णीयात्प्रकृत्यनुलोमः स्यात् । मध्यमश्चेद्विजिगीषोर्मित्रं मित्रभावि लिप्सेत, मित्रस्यात्मनश्च मित्राण्युत्थाप्य मध्यमाच्च मित्राणि भेदयित्वा मित्रं त्रायेत । मण्डलं वा प्रोत्साहयेत्—'अतिप्रवृद्धोऽयं मध्यमः सर्वेषां नो विनाशाय अभ्युत्थितः, सम्भूयास्य यात्रां विहनाम' इति । तच्चेन्मण्डलमनु-गृह्णीयान्मध्यमावग्रहेणात्मानमुपबृंहयेत् । न चेदनुगृह्णीयात् , कोशदण्डाभ्यां मित्रमनुगृह्य ये मध्यमद्वेषिणो राजानः परस्परानुगृहीता वा बहवस्तिष्ठेयुरेकसिद्धा वा बहवः सिद्ध्येयुः परस्पराद्वा शंकिता नोत्तिष्ठेरन्, तेषां प्रधानमेकमासन्नं वा सामदानाभ्यां लभेत । द्विगुणो द्वितीयं त्रिगुणस्तृतीयम् । एवमभ्युच्चितो मध्यममवगृह्णीयात् ।

देशकालातिपत्तौ वा सन्धाय मध्यमेन मित्रस्य साचिव्यं कुर्यात् । दूष्येषु वा कर्मसन्धिम् । कर्शनीयं वाऽस्य मित्रमध्यमो लिप्सेत, प्रतिष्टम्भयेदेनम्—'अहं त्वां त्रायेय' इत्याकर्शनात् । कर्शितमेनं त्रायेत । उच्छेदनीयं वास्य मित्रं मध्यमो लिप्सेत' कर्शितमेनं त्रायेत । मध्यमवृद्धिभयात् । उच्छिन्नं वा भूम्यनुग्रहेण हस्ते कुर्यादन्यत्रापसारभयात् । कर्शनीयोच्छेदनीययोश्चेन्मित्राणि मध्यमस्य साचिव्यकराणि स्युः, पुरुषान्तरेण सन्धीयेत । विजिगीषोर्वा तयोर्मित्राण्यवग्रहसमर्थानि स्युः सन्धिमुपेयात् । अमित्रं वास्य मध्यमो लिप्सेत, सन्धिमुपेयात् । एवं स्वार्थश्च कृतो भवति, मध्यमस्य प्रियं च ।

मध्यमश्चेत्स्वमित्रं मित्रभावि लिप्सेत, पुरुषान्तरेण सन्दध्यात् । सापेक्षं वा 'नार्हसि मित्रमुच्छेत्तुम्' इति वारयेत् । उपेक्षेत वा मण्डल-

मस्य कुप्यतु स्वपक्षवधादिति । अमित्रमात्मनो वा मध्यमो लिप्सेत, कोशदण्डाभ्यामेनमदृश्यमानोऽनुगृह्णीयात् । उदासीनं वा मध्यमो लिप्सेत—‘उदासीनाद्भिद्यताम्’ इति। मध्यमोदासीनयोर्यो मण्डलस्याभिप्रेतस्तमाश्रयेत । मध्यमचरितेनोदासीनचरितं व्याख्यातम् । उदासीनश्चेन्मध्यमं लिप्सेत, यतः शत्रुमतिसन्दध्यान्मित्रस्योपकारं कुर्यात्। मध्यममुदासीनं वा दण्डोपकारिणं लभेत, ततः परिणमेत । एवमुपगृह्यात्मानमरिप्रकृतिं कर्शयेत् । मित्रप्रकृतिं चोपगृह्णीयात् ।

सत्यप्यमित्रभावे तस्यानात्मवान् नित्यापकारी शत्रुः शत्रुसहितः पार्ष्णिग्राहो वा व्यसनी यातव्यो व्यसने वा नेतुरभियोक्तेत्यरिभाविनः । एकार्थाभिप्रयातः पृथगर्थाभिप्रयातः सम्भूययात्रिकः संहितप्रयाणिकः स्वार्थाभिप्रयातः सामुत्थायिकः कोशदण्डयोरन्यतरस्य क्रेता विक्रेता द्वैधीभाविक इति मित्रभाविनः । सामन्तो बलवतः प्रतिघातोऽन्तर्धिः प्रतिवेशो वा बलवतः पार्ष्णिग्राहो वा स्वयमुपनतः प्रतापोपनतो वा दण्डोपनत इति भृत्यभाविनः सामन्ताः । तैर्भूम्येकान्तरा व्याख्याताः ।

तेषां शत्रुविरोधे यन्मित्रमेकार्थतां व्रजेत् ।
शक्त्या तदनुगृह्णीयाद्विषहेत यया परम् ॥ १ ॥

प्रसाध्य शत्रुं यन्मित्रं वृद्धं गच्छेदवश्यताम् ।
सामन्तैकान्तराभ्यां तत्प्रकृतिभ्यां विरोधयेत् ॥ २ ॥

तत्कुलीनावरुद्धाभ्यां भूमिं वा तस्य हारयेत् ।
यथा वानुग्रहापेक्षं वश्यं तिष्ठेत्तथाचरेत् ॥ ३ ॥

नोपकुर्यादमित्रं वा गच्छेद्यदतिकर्शितम् ।
तदहीनमवृद्धं च स्थापयेन्मित्रमर्थवित् ॥ ४ ॥

अर्थयुक्त्या चलं मित्रं सन्धिं यदुपगच्छति ।
तस्यापगमने हेतुं विहन्यान्न चलेद्यथा ॥ ५ ॥

अरिसाधारणं यद्वा तिष्ठेत्तदरितः शठम् ।
भेदयेद्भिन्नमुच्छिन्द्यात्ततः शत्रुमनन्तरम् ॥ ६ ॥
उदासीनं च यत्तिष्ठेत्सामन्तैस्तद्विरोधयेत् ।
ततो विग्रहसन्तप्तमुपकारे निवेशयेत् ॥ ७ ॥
अमित्रं विजिगीषुं च यत्संचरति दुर्बलम् ।
तद्बलेनानुगृह्णीयाद्यथा स्यान्न पराङ्मुखम् ॥ ८ ॥
अपनीय ततोऽन्यस्यां भूमौ वा सन्निवेशयेत् ।
निवेश्य पूर्वं तत्रान्यं दण्डानुग्रहहेतुना ॥ ९ ॥
अपकुर्यात्समर्थं वा नोपकुर्याद्यदापदि ।
उच्छिन्द्यादेव तन्मित्रं विश्वस्याङ्कमुपस्थितम् ॥१०॥
मित्रव्यसनतो वाऽरिरुत्तिष्ठेद्योऽनवग्रहः ।
मित्रेणैव भवेत्साध्यश्छादितव्यसनेन सः ॥११॥
अमित्रव्यसनान्मित्रमुत्थितं यद्विरज्यति ।
अरिव्यसनासिद्ध्या तच्छत्रुणैव प्रसिद्ध्यति ॥१२॥
वृद्धिं क्षयं च स्थानं च कर्शनोच्छेदनं तथा ।
सर्वोपायान्समादध्यादेतान् यश्चार्थशास्त्रवित्॥१३॥
एवमन्योन्यसंचारं षाड्गुण्यं योऽनुपश्यति ।
स बुद्धिनिगडैर्बद्धैरिष्टं क्रीडति पार्थिवैः ॥१४॥

इति कौटिलीये अर्थशास्त्रे षाड्गुण्ये सप्तमेऽधिकरणे मध्यमचरितमुदासीनचरितं मण्डलचरितं नाम अष्टादशोऽध्यायः ॥ १८ ॥

आदितः षोडशोत्तरशततमोऽध्यायः ॥ ११६ ॥

समाप्तमिदं षाड्गुण्यं सप्तममधिकरणम् ।

अध्याय १८

प्रकरण १२४

मध्यमचरित (मध्यमप्रति व्यवहार)

प्रकरण १२५

उदासीनचरित (उदासीनप्रति व्यवहार)

प्रकरण १२६

मण्डलचरित (मण्डलराजाप्रति व्यवहार)

विजिगीषुको मध्यमप्रति व्यवहार—

मध्यम राजाको—स्वयं आफू, आफ्नो तेस्रो मित्र, पाचौं मित्रको मित्र, पनि रक्षामा सहायता गर्ने प्रकृति (अनुकूल गर्ने) हुन्छन् । आफूपछिको दोस्रो अरि, चौथो अरिको मित्र, छैटौं अरिको मित्रको मित्र, यिनीहरू उसको विरोधमा चल्ने विकृति (विरुद्ध हुने) हुन्छन् । प्रकृति तीन र विकृति तीन दुवै थरीमा मध्यमको बराबर हित व्यवहार भएमा विजिगीषुले पनि मध्यमका प्रति अनुकूल व्यवहार गर्नपर्दछ । प्रकृति विकृति दुवै थरीमा मध्यमको समान हित-व्यवहार नभएमा विजिगीषुले आफ्ना प्रकृति मित्र र मित्रको मित्रमा अनुकूल हित-व्यवहार गर्नुपर्दछ ।

मध्यमले विजिगीषुको मित्रलाई दबाउन खोज्दछ भने विजिगीषुले आफ्नो मित्र र मित्रको मित्रलाई पनि उठाएर मध्यम र त्यसका मित्रमा फाटो पारिदिएर आफ्नो मित्रलाई जोगाउनू, अथवा राजमण्डलसंग यो मध्यम साह्रै उर्लेको छ, हामी सबैको नाश गर्न चाहन्छ, हामी सबै मिलेर यसको गति रोकिदिऔं, भनि भनेर उठाउनू । राजमण्डलले सहयोग दिएमा सबै जना भएर मध्यमलाई दबाएर विजिगीषुले आफूलाई बलियो पार्नू । राजमण्डलले सहयोग दिएन भने आफ्नो फौज-धन दिएर आफ्नो मित्रलाई सहायता गरेर मध्यमका विरोधी जो-जो मिलेर उठ्न चाहने, तर परस्परमा फूट होलाकि भन्ने डरले नउठेका छन्, तिनीहरूमध्यमा यौटा मुख्य वा आफ्नो देशको नजीकको एकलाई साम-दान उपायले आफ्नो अधीन गराउनू । यसरी दोस्रो सहाय पाएमा आफ्नो बल दोबर, तेस्रो पनि सहाय पाएमा बल तेबर बढ्दछ । यसरी बल बढेपछि विजिगीषुले मध्यमलाई दबाउनू ।

मध्यमका विरोधिको सहायता लिनुभन्दा अगाडि नै मध्यमले आफ्नो मित्रको नाश गर्ने शङ्का भएमा विजिगीषुले आफै मध्यमसंग सन्धि गरेर आफ्नो मित्रलाई सहायता गर्नू। मध्यमले सन्धि गर्न नचाहेमा मध्यमका दूष्य (असन्तुष्ट) राष्ट्रका मुख्य जो-जो छन्, तिनीहरूसँग देशको नाश बचाउने काम तिमीहरू गर म पनि अगि लाग्छु भनेर विजिगीषुले कर्मसन्धि (काम गर्ने कबोलको सन्धि) गर्नू।

मध्यमले विजिगीषुको एकान्तर मित्रलाई दुर्बल पार्न चाहेमा बाधा नदिउन्जेल म तिमीलाई रक्षा गर्दछु नडराउ भनि मित्रलाई भरोसा दिनू। पीर-बाधा दिइहाल्यो भने आफूले रक्षा गर्नू। विजिगीषुले रक्षा गर्ने यत्न गर्दागर्दै पनि मध्यम बलियो भएर मध्यमले आफ्नो मित्रलाई उखेलिहाल्यो भने त्यसलाई अन्यत्र भाग्न नदिएर आफ्नो जमीन दिएर पनि स्वाधीन गराउनू।

यसरी दुर्बल पारिने, उखेलिने मित्रको मित्रहरू मध्यमपट्टि लागि सहायता गर्ने भएमा सेनापति कुमारहरू अगि सारेर विजिगीषुले मध्यमसँग सन्धि गर्नू। दुर्बल पारिने उखेलिने मित्रका मित्रहरू विजिगीषुलाई नै पक्रन तयार छन् भने विजिगीषुले मध्यमसँग सन्धि गर्नू।

विजिगीषुको शत्रुमाथि मध्यमले आक्रमण गर्न चाहेमा विजिगीषुले मध्यमसंग सन्धि गर्नू। यसो भएमा आफ्नो शत्रुको दण्डरूप स्वार्थ पनि सिद्ध हुन्छ, मध्यम आफ्ना मित्र बन्ने पनि हुन्छन्।

मध्यम राजाले विजिगीषुका कुनै शत्रुलाई आफ्नो वशमा गर्न चाहेमा विजिगीषुले मध्यम राजासंग सन्धि गर्नू अथवा मध्यमका मित्रसंग स्वार्थसाधन गर्नुछ भने आफ्ना मित्रलाई उखेल्नु ठीक छैन भनि भन्नू वा उपेक्षा गर्नू। किनभने मध्यम पक्षका राजाहरू आफ्ना पक्षका राजाको वधबाट चिढिने हुन्छन्। मध्यमराजाले आफ्ना शत्रुउपर छल प्रदर्शन गरी अधीन गर्नचाहेमा विजिगीषुले गुप्तरीतिले सेना र धनले त्यसको (मध्यमका) अमित्रको सहायता गर्नू।

उदासीन(तटस्थ)लाई मध्यमले (वशमा पार्न) चाहेमा उदासीनसँग मध्यमको फाटो परोस् भनेर उदासीन र मध्यमभन्दा पनि जुनचाहीं राजमण्डलको प्रिय छ, उसको आश्रय लिएर विजिगीषुले उदासीनको बचाउ गर्नुपर्दछ।

उदासीनप्रति व्यवहार—

विजिगीषुको मध्यमप्रति गर्नुपर्ने व्यवहारबाट उदासीनप्रति गर्नुपर्ने व्यवहार पनि बुझ्नुपर्दछ। मध्यमका झैं उदासीनका पनि आफू, मित्र,

मित्रको मित्र, यी तीन प्रकृति, आफ्नो शत्रु, शत्रुको मित्र, शत्रुको मित्रको मित्र, यी तीन विकृति हुने कुरा उस्तै हो ।

उदासीनले मध्यमलाई वश पार्न चाहेमा जतापट्टि लाग्नाले शत्रुलाई अपकार र मित्रलाई उपकार गर्न पाइन्छ, मध्यम वा उदासीन आफूलाई फौजी सहायता दिने हुन्छ त्यतैपट्टि विजिगीषुले लाग्नुपर्दछ । यसबाट आफ्नो शक्ति बढ़ेपछि शत्रु-प्रकृतिलाई दबाउने, मित्र-प्रकृतिलाई उपकार गर्ने हुन शकिन्छ ।

राजमण्डलप्रति व्यवहार—

कुनै अरि, कुनै मित्र भएको राजमण्डलमा विजिगीषुले मध्यम उदासीन जस्तो बनेर आफूलाई बलियो पारी शत्रु-प्रकृतिलाई दुर्बल पार्ने, मित्र-प्रकृतिलाई हातमा लिने, काम गर्नुपर्दछ ।

अरि कहलाउने सामन्तहरू पनि कुनै अरिभावी (पछि पनि शत्रु नै हुने), मित्रभावी (पछि मित्र हुने), भृत्यभावी (पछि नोकरजस्तो हुने) यस्तो तीन किसिमका हुन्छन् । विजिगीषुसंग देश जोरिएकोले सामन्तहरू अमित्र नै भए पनि (१) इन्द्रियलाई वशमा राख्न नशकने, (२) सधैं बिगार गरिरहने, (३) विनाकारण द्वेष गरिने वा गर्ने, (४) शत्रुको सहाय, (५) पार्ष्णिग्राह र पछाड़िपट्टि खलबल्याइदिने, (६) व्यसनी (दुःखी), (७) यातव्य (अभियान गर्नुपर्ने), (८) सङ्कट परेमा आफूमाथि आइलाग्ने वा यस्ता ८ थरी सामन्त अरिभावी अरि नै हुने हुन् ।

(१) विजिगीषुको र आफ्नो एकै उद्देश्य गरेर त्यसनिमित्त बेगलै बाटो लिएर अभियान गर्न हिंड़ेको, (२) भूमि, द्रव्य आदि विजिगीषुको र आफ्नो भिन्न स्वार्थ लिएर अभियान गर्ने, (३) विजिगीषु र आफू मिलेर अभियान गर्ने, (४) विजिगीषुसँग सन्धि गरेर तिमी यता लाग म यता लाग्दछु भनेर अभियान गर्ने, (५) विजिगीषुकै स्वार्थ सिद्ध गर्न अभियान गर्ने, (६) शून्यमा बस्ती बसाउने आदि कामको प्रतिज्ञा गरेर विजिगीषुसँग मिलेर काम गर्ने, (७) फौज दिएर वा धन दिएर फौज किन-बेच गर्ने, (८) दोधारे सन्धि गरेको—यस्ता ८ थरी सामन्त मित्रभावी (मित्र बन्ने) हुन् ।

(१) बलियो अर्को राजालाई रोकेर रहेको, (२) विजिगीषु र शत्रुको बिचको निर्धो, ३–४–५ दायाँ-बायाँ जोरिएको छिमेकी, (६) बलियो राजाको पार्ष्णिग्राह, (७) आफै आश्रय पाउन आएको, (८) आफ्नो प्रतापले वशमा राखिएको—यस्ता ८ किसिमका सामन्त भृत्यभावी (सेवकजस्ता) हुन् ।

सामन्त राजाहरू अरि, मित्र, भृत्य तीन किसिमका भएझैं बिचमा एक अन्तर पर्ने मित्रहरू पनि अरिभावी, मित्रभावी, भृत्यभावी यस्तो तीन किसिमका हुन्छन्। बिचमा एक अन्तर भएका मित्रहरूमा जुन मित्र शत्रुले आक्रमण गर्न लागेमा शत्रुसँग सन्धि गर्ने हुन्छ, त्यसले शत्रुलाई आफ्नो कोश-दण्डको शक्तिले दबाउन शक्ने शत्रुलाई सहायता गर्दछ।

जुन मित्र शत्रुलाई जितेर बल बढी आफ्नो वशमा नरहने हुन्छ, त्यस्तो मित्रलाई सामन्त (अरिप्रकृति) र एकान्तर (मित्रप्रकृति) दुइसंग विरोध गराइदिनू, किंवा उसकै खान्दान वा थुनुवाद्वारा त्यसको भूमि हर्नलाउनू। जसरी हुन्छ आफ्नो अनुग्रह चाहने वश पर्ने गराउनू।

जुन मित्र ज्यादै पीडित भएर आफ्नो भलाई नगर्नं शत्रुसँग सम्बन्ध राख्ने हुन्छ, त्यस्तो मित्रलाई हानि पनि नगर्ने, बढ्न पनि नपाउने गरी राख्नुपर्दछ।

जुन अस्थिर (चल) मित्र केही प्रयोजन पर्नआएर आफूसँग सन्धि बन्धन गर्दछ, त्यसलाई फेरि हटने कारण पर्न नदिने गरी अटल मित्र गराएर राख्नु पर्दछ।

आफू दुर्बल भई विजिगीषुपट्टि र शत्रुपट्टि पनि दुवैतिर चोचो-मोचो मिलाई राख्ने शठ (धूर्त) मित्रलाई, जुन मित्र विजिगीषु र शत्रु दुवैपट्टि चोचो-मोचो मिलाई रहने हुन्छ त्यस्तो शठ (धूर्त) मित्रलाई पैल्हे शत्रुसँग फुटाई अनि त्यसलाई उखेल्नू। त्यसपछि शत्रुलाई पनि नष्ट पार्नू।

जुन मित्र, शत्रु र विजिगीषु कतैपट्टि पनि नलागी, उदासीन भएर रहन्छ, त्यस्तालाई विजिगीषुले सामन्तहरू विरोधी बनाई सामन्तको विरोधबाट पोलिन लागेपछि आफ्नो सहायता खोज्ने तुल्याउनू।

जुन मित्र आफू दुर्बल हुनाले बलियो हुन विजिगीषु र शत्रु दुवैको आश्रय लिन चाहन्छ, त्यस्तालाई आफूले बल दिएर आफूदेखि विमुख भएर शत्रुपट्टि लहसिने हुन नदिनू। अथवा यस्तो मित्रलाई उसको भूमिमा त्यसलाई छोड़ाउनुभन्दा अगिबाटै फौजी मद्दत दिएर अर्कै समर्थ पुरुषलाई राखेर अर्के भूमिमा वा शत्रुको वास्ता गर्नुनपर्ने गरी आफ्नै भूमिमा बसाउनू।

जुन मित्र आफू समर्थ भएर पनि विजिगीषुलाई आपत्ति परेको बखतमा उपकार गर्दैन वा बिगार गर्दछ, त्यस्तो मित्रलाई युक्तिद्वारा विश्वास पारेर आफ्नो वशमा राखेर उखेलिदिनू।

जुन मित्र शत्रु र विजिगीषुको मित्र-सङ्कट परेमा रोकावट केही नभएर बढ्ने हुन्छ, त्यस्तालाई मित्र-सङ्कट टरेपछि मित्रद्वारा नै तह लाउनू पर्दछ ।

जुन मित्र शत्रुलाई फौजी-सङ्कट परेर बढ्दी, विजिगीषुदेखि विरक्त हुन्छ त्यस्तो मित्रलाई विजिगीषुले शत्रुको सङ्कट हटाइदिएर शत्रुद्वारा नै तह लाउनुपर्दछ ।

अर्थशास्त्रको मर्म बुझनेले बढनु, घटनु, अड्रिरहनु, दुःख दिनु, उखेली दिनु, यी र साम-दानादि उपाय पनि उचित कुराले विवेक-विचार पुऱ्याएर प्रयोग गरी सँभाल्नुपर्दछ ।

यसरी विस्तारसाथ बताइएका प्रकारले परस्परमा सम्बन्ध भएका सन्धि, विग्रह, आसन, यान, द्वैध, आश्रय—यी षड्गुणमा विवेक-विचार जसले पुऱ्याउँछ, त्यसले बुद्धिरूपी सिक्रीमा बाँधेर वश तुल्याइएका राजाहरूसँग यथेच्छ खेल खेलनशक्तछ ।

अथ व्यसनाधिकारिकमष्टममधिकरणम्

प्रथमोऽध्यायः

१२७ प्रकरणे—प्रकृतिव्यसनवर्गः

व्यसनयौगपद्ये सौकर्यतो यातव्यं रक्षितव्यं वेति व्यसनचिन्ता। दैवं मानुषं वा प्रकृतिव्यसनमनयापनयाभ्यां सम्भवति। गुणप्रातिलोम्यमभावः प्रदोषः प्रसंगपीडा वा व्यसनम्। व्यस्यत्येनं श्रेयस इति व्यसनम्। स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्रव्यसनानां पूर्वं पूर्वं गरीय इत्याचार्याः।

नेति भारद्वाजः। स्वाम्यमात्यव्यसनयोरमात्यव्यसनं गरीय इति। मन्त्रो मन्त्रफलावाप्तिः कार्यानुष्ठानमायव्ययकर्म दण्डप्रणयनममित्राटवीप्रतिषेधो राज्यरक्षणं व्यसनप्रतीकारः कुमाररक्षणमभिषेकश्च कुमाराणामायत्तममात्येषु। तेषामभावे तदभावः छिन्नपक्षस्येव राज्ञश्चेष्टानाशो व्यसनेषु चासन्नाः परोपजापाः। वैगुण्ये च प्राणबाधः प्राणान्तिकचरत्वाद्राज्ञ इति।

नेति कौटिल्यः। मंत्रिपुरोहितादिभृत्यवर्गमध्यक्षप्रचारं पुरुषद्रव्यप्रकृतिव्यसनप्रतीकारमेधनं च राजैव करोति। व्यसनिषु वामात्येषु अन्यानव्यसनिनः करोति। पूज्यपूजने दूष्यावग्रहे च नित्ययुक्तस्तिष्ठति। स्वामी च सम्पन्नः स्वसम्पद्भिः प्रकृतीः सम्पादयति। स्वयं यच्छीलस्तच्छीलाः प्रकृतयो भवन्ति। उत्थाने प्रमादे च तदायत्तत्वात्। तत्कूटस्थानीयो हि स्वामीति। अमात्यजनपदव्यसनयोर्जनपदव्यसनं गरीय इति विशालाक्षः। कोशो दण्डः कुप्यं विष्टिर्वाहनं निचयाश्च जनपदादुत्तिष्ठन्ते। तेषामभावो जनपदाभावे। स्वाम्यमात्ययोश्चानन्तर इति।

नेति कौटिल्यः । अमात्यमूलाः सर्वारम्भाः । जनपदस्य क्रमसिद्धयः स्वतः परतश्च योगक्षेमसाधनं व्यसनप्रतीकारः शून्यनिवेशोपचयौ दण्डकरानुग्रहश्चेति । जनपददुर्गव्यसनयोर्दुर्गव्यसनमिति पाराशराः । दुर्गे हि कोशदण्डोत्पत्तिरापदि स्थानं च जनपदस्य । शक्तिमत्तराश्च पौरा जानपदेभ्यो नित्याश्चापदि सहाया राज्ञः । जनपदास्त्वमित्रसाधारणा इति । नेति कौटिल्यः । जनपदमूला दुर्गकोशदण्डसेतुवार्तारम्भाः । शौर्यं स्थैर्यं दाक्ष्यं बाहुल्यं च जानपदेषु । पर्वतान्तर्द्वीपाश्च दुर्गा नाध्युष्यन्ते जनपदाभावात् । कर्षकप्राये तु दुर्गव्यसनमायुधीयप्राये तु जनपदे जनपदव्यसनमिति ।

दुर्गकोशव्यसनयोः कोशव्यधनमिति पिशुनः । कोशमूलो हि दुर्गसंस्कारो दुर्गरक्षणं च । दुर्गः कोशादुपजाप्यः परेषाम् । जनपदमित्रामित्रनिग्रहो देशान्तरितानामुत्साहनं दण्डबलव्यवहारः । कोशमादाय च व्यसने शक्यः प्रयातुं न दुर्गमिति । नेति कौटिल्यः । दुर्गार्पणः कोशो दण्डस्तूष्णींयुद्धं स्वपक्षनिग्रहो दण्डबलव्यवहारः आसारप्रतिग्रहः परचक्राटवीप्रतिषेधश्च । दुर्गाभावे च कोशः परेषाम् । दृश्यते हि दुर्गवतामनुच्छित्तिरिति ।

कोशदण्डव्यसनयोर्दण्डव्यसनम् इति कौणपदन्तः । दण्डमूलो हि मित्रामित्रनिग्रहः परदण्डोत्साहनं स्वदण्डप्रतिग्रहश्च । दण्डाभावे ध्रुवः कोशविनाशः । कोशाभावे च शक्यः कुप्येन भूम्या परभूमिस्वयंग्रहणेन वा दण्डः पिण्डयितुम् । दण्डवता च कोशः । स्वामिनश्चासन्नवृत्तित्वादमात्यसधर्मा दण्ड इति । नेति कौटिल्यः । कोशमूलो हि दण्डः । कोशाभावे दण्डः परं गच्छति, स्वामिनं वा हन्ति । सर्वाभियोगकरश्च । कोशो धर्महेतुः । देशकालकार्यवशेन तु कोशदण्डयोरन्यतरः प्रमाणीभवती । लम्भपालनो दण्डः कोशस्य । कोशः कोशस्य । दण्डस्य च भवति । सर्वद्रव्यप्रयोजकत्वात्कोशव्यसनं गरीय इति ।

दण्डमित्रव्यसनयोर्मित्रव्यसनमिति वातव्याधिः । मित्रमभृतं

व्यवहितं च कर्म करोति, पार्ष्णिग्राहमासारमित्रमाटविकं च प्रतिकरोति, कोशदण्डभूमिश्चोपकरोति व्यसनावस्थायोगमिति । नेति कौटिल्यः । दण्डवतो मित्रं मित्रभावे तिष्ठत्यमित्रो वाऽमित्रभावे । दण्डमित्रयोस्तु साधारणे कार्ये सारतः स्वयुद्धदेशकाललाभाद्विशेषः । शीघ्राभियाने त्वमित्राटविकाभ्यन्तरकोपे च न मित्रं विद्यते । व्यसनयौगपद्ये परवृद्धौ च मित्रमर्थयुक्तौ तिष्ठति । प्रकृतिव्यसनसम्प्रधारणमुक्तमिति ।

प्रकृत्यवयवानां तु व्यसनस्य विशेषतः ।
बहुभावोऽनुरागो वा सारो वा कार्यसाधकः ॥ १ ॥

द्वयोस्तु व्यसने तुल्ये विशेषो गुणतः क्षयात् ।
शेषप्रकृतिसाद्गुण्यं यदि स्यान्नाभिधेयकम् ॥ २ ॥

शेषप्रकृतिनाशस्तु यत्रैकव्यसनाद्भवेत् ।
व्यसनं तद्गरीयः स्यात्प्रधानस्येतरस्य वा ॥ ३ ॥

इति कौटिलीये अर्थशास्त्रे व्यसनाधिकारिकेऽष्टमेऽधिकरणे
प्रकृतिव्यसनं नाम प्रथमोध्यायः ॥ १ ॥

अष्टम अधिकरण व्यसनाधिकारिक

(सङ्कटको विषय)

अध्याय १

प्रकरण १२७

(राजा, अमात्य आदि सात प्रकृतिमा पर्ने सङ्कटहरू)

(यो अष्टम अधिकरणमा राजा र प्रकृति वर्गमा पर्ने सङ्कटहरूको निरूपण गरेर त्यस विषयमा गर्नुपर्ने उपायहरूको निरूपण गरिन्छ ।)

शत्रुलाई सङ्कट परेको आफूलाई नपरेको मौकामा शत्रुलाई उखेल्न सुविधा पर्ने हुनाले अभियान (आक्रमण = हमला) गर्नू भनेकोले शत्रुलाई

पनि, आफूलाई पनि सङ्कट परेको वेलामा अभियानतिर लाग्ने वा आफ्नो हिफाजतपट्टि लाग्ने भन्ने दोधार हुने हुनाले दुवैतिरको सङ्कट ठूलो सानो कस्तो छ भनि विवेक गर्नुपर्दछ ।

दैवी (पूर्वकर्मानुसार), किंवा मानुष (मनुष्यको बुद्धि नपुगेर पर्ने) राज्यका मुख्य प्रकृतिमा पर्ने सङ्कट अनय—खराबनीति र अपनय नीतिबमोजीम नचल्नाले हुन शक्तछ—आगो, पानी आदिको उपद्रव अनयबाट, परचक्रको उपद्रव अपनयबाट हुने हुन्छ ।

१. गुण प्रतिलोम—आफ्नो कुलको इज्जत आदि वा सन्धि-विग्रह आदि गुणको उल्टो काम गर्नु, २. अभाव—सो गुण नहुनु (सन्धि-विग्रह आदि नहुनु), ३. प्रदोष—गुणको वास्ता नगरेर भएको घमण्ड, रीस आदि, ४. प्रसङ्ग—स्त्री, शिकार, नसा आदिमा लग्गू हुनु, ५. पीडा—शत्रुहरूबाट भएको बाधा पनि व्यसन कहलाउँछन् । स्वार्थको सिद्धि र अनर्थको बचाउ यी दुइ किसिमको श्रेय—कल्याणबाट व्यसन हटाउने काम हुनाले व्यसन भनेको हो ।

१. स्वामी (राजा), २. अमात्य (मन्त्रिवर्ग), ३. जनपद (प्रजावर्ग), ४. दुर्ग (किल्ला), ५. कोश (खजाना), ६. दण्ड (सेना), ७. मित्र (सहाय आदि)—यी सात राज्यका प्रकृति(मुख्य अङ्ग)मा पर्ने सङ्कटमध्यमा पछिल्लोमा भन्दा अगिल्लो, अगिल्लोमा परेको ठूलो मानिन्छ भनि अर्थशास्त्रका प्राचीन आचार्यहरूको मत छ ।

त्यो ठीक होइन, स्वामी र अमात्यमा परेको व्यसनमा अमात्यको सङ्कट ठूलो मानिन्छ । किनभने—मन्त्र (कर्तव्य-अकर्तव्यको विचार), मन्त्रफल (विचारबाट ठेगान लाग्नु), कर्मानुष्ठान (ठेगानअनुसार काम गर्नु), आयव्ययकर्म (आमदनी खर्चको व्यवस्था), दण्ड-प्रणयन (सेना तयार गरी खटाउनु); अमित्राटवी प्रतिषेध (विरोधी र बनवासीहरूले देशलाई बाधा नदिने बन्दोबस्त), राज्यरक्षण (प्रजाहरूको योगक्षेममा राम्रो निर्वाह गराउनु), व्यसनप्रतीकार (दैवी र मानुष सङ्कट टार्ने उपाय), कुमाररक्षण (राजकुमार—उत्तराधिकारीहरूबाट राजाको रक्षा), कुमाराभिषेक (उत्तराधिकारी कुमारलाई यौवराज्य दिनु, वा नया आर्जेको सानो राज्यमा अभिषेक)—यी सबै कुरा अमात्यकै अधीन छन् । अमात्य नभई यी कुरा हुँदैनन्, पखेटा काटिएको पक्षीको जस्तै राजाको चेष्टाशक्ति हराउछ, अमात्यहरू दुःखी भएमा शत्रुले सहजै फूट गराउने हुन्छन् । मान गर्नुपर्नेको अनादर, दोषीको आदर आदि उल्टो चलन भएमा राजाको ज्यानमा खतरा पर्ने पनि हुन्छ किनभने

अमात्यहरू राज्यको ज्यानसँग नजीकै रहन्छन्—भन्ने भारद्वाजको मत छ।

यो कुरा ठीक होइन, किनभने—मन्त्री, पुरोहित, सेनापति आदि कर्मचारी खडा गर्ने काम, विषय-विषयका अध्यक्षहरूको बन्दोबस्त, मन्त्री आदि पुरुष, द्रव्य, देश, दुर्ग, कोशहरूमा पर्ने संकटको बचाउ, मन्त्री आदिलाई बढाउने काम, पनि राजाले नै गर्दछन्। स्वामीमा हुनुपर्ने गुण र प्रभावले पूर्ण भएको राजाले आफ्नो गुणसम्पत्तिद्वारा सबै प्रकृतिलाई सम्पन्न गराउँछ। राजा आफू जुन शील-स्वभावको छ प्रकृति पनि उस्तै शील-स्वभाव हुने हुन्छन्, राजा उठेमा प्रकृति पनि उठने, राजा असावधान भएमा प्रकृति असावधान हुने हुन्छन्। राजानै सबैको मूल केन्द्र जस्तो हुन्छ–भनि कौटल्य भन्दछन्।

अमात्यमा सङ्कट र जनपदमा सङ्कटमध्यमा जनपदमा परेको सङ्कट ठूलो हो। किनभने—खजाना, सैन्य-शक्ति, जिन्सी वस्तु, कामदार, हात्ती, घोड़ा आदि वाहन, अनाज, घ्यू-तेलहरूको, राश पनि जनपदबाटै हुन्छन्। जनपद ठीक भएन भने यी सबै ठीक हुदैनन्, राजा र अमात्यको बिचमा जनपद रहेको हुन्छ भनि विशालाक्ष भन्दछन्।

यो कुरा होइन, जनपदमा बाँध, पशुपालन आदि कामको सिद्धि, आफ्नो मानिसबाट र शत्रुबाट योग (नपाएको पाउनु), क्षेममा (पाएको जोगाउनु) भर गराउनु, सङ्कट टार्ने काम, शून्य ठाउँमा गाउँहरू बसाउनु, बसाएको बढाउनु, दण्ड-करको व्यवस्था पनि अमात्यहरूकै आधारमा हुने हुनाले जनपदभन्दा अमात्य नै मुख्य हुनाले तिनको सङ्कट ठूलो हुन्छ भनि कौटल्य भन्दछन्।

जनपद-सङ्कट र दुर्गको सङ्कट मध्यमा दुर्ग-सङ्कट ठूलो हो। किल्लामा नै खजाना र दण्ड (सेना-शक्ति) उत्पत्ति हुन्छ, सङ्कटमा जनपदले अड्ने ठाउँ पनि किल्लामा नै हुन्छ। सामान्य जनपदवासीहरूभन्दा शक्ति बढ्ता हुने नगरवासीहरू नै सङ्कट परेको बखतमा सधैं राजाका सहाय हुन्छन्। मामूली जनपदवासीहरू ता शत्रुपट्टि ढल्कने पनि हुन्छन् भनि पराशरका अनुयायीहरू भन्दछन्।

यो कुरा होइन। किल्ला, खजाना, दण्ड (सेना) बाँध, खेती, पशुपालन, वाणिज्य आदि उद्योग जनपदकै आधारमा छन्, शूरता, स्थिरता, छीटोपन, धेरैपना पनि जनपदवासीमा छ, जनताको निवास नहुनाले पर्वत, अन्तरीय द्वीपटापूहरू किल्ला मानिएका छैनन्। खेतीवाल धेरै भएको ठाउँमा किल्ला

नभएकोले सङ्कट, शस्त्रधारी धेरै भएको ठाउँमा जनपदको सङ्कट धेरै हुन्छन्—भनि कौटिल्य भन्छन् ।

दुर्ग-सङ्कट र कोशको सङ्कटमध्यमा कोशको सङ्कट ठूलो हो । धनकै (कोशकै) आधारमा किल्लाको सुधार र किल्लाको रक्षा पनि हुन्छ । शत्रुको किल्लामा धनको बलले नै फूट गराउनसकिन्छ—जनपदका जनताको मित्र र शत्रुको पनि देशान्तरमा रहनेलाई पनि आफ्नो सहायतानिमित्त प्रोत्साहन गराउनु र दण्ड(सेना)को बल बढ़ाउने व्यवहार पनि कोशकै आधारमा हुन्छ आपत्ति परेमा खजाना लिएर भाग्न सकिन्छ, दुर्ग लैजान सकिंदैन—भन्ने पिशुन(नारद)को मत छ ।

यो पनि ठीक होइन । दुर्ग(किल्ला)कै आधारमा कोश(खजाना)को रक्षा, दण्ड(सैन्य)को व्यवस्था, शत्रुहरूको गुप्तीवध, आफ्नो मित्रदल, सैन्य-बलको बन्दोबस्त, मित्रको बल पाउनु, शत्रुको सैन्य, आटविक(जङ्गली-दल)हरूको आक्रमणलाई रोक्न पनि दुर्गकै आड़मा रहने हुन्छ । किल्ला छैन भने खजाना पनि शत्रुको हातमा पर्दछ । किल्ला बलियो गरी बस्नेहरूको सुरक्षा भएको देखिंदैछ—भनि कौटिल्य भन्दछन् ।

खजाना र दण्डमा पर्ने सङ्कटमध्यमा दण्ड-सङ्कट बलियो हुन्छ । मित्र वा शत्रुलाई तह लाउनु, आफ्नो निम्ति आएका अर्काको सैन्यलाई उत्साह दिनु, आफ्नो सैन्यलाई शत्रुसँग भिड्न लाउनु, दण्ड-शक्तिकै आश्रयमा हुन्छ । दण्ड-शक्ति छैन भने कोशको अवश्य नाश हुन्छ । कोश नभए पनि धेरै जिनिस, वस्त्र आदि दिएर, भूमि दिएर, शत्र-देशमा हमला गर्दा त्यहाँको सम्पत्ति जस-जसले लिन शक्कछ उसको हुन्छ भन्ने कबोल गरेर पनि दण्ड (सैन्य) जम्मा गर्न सकिन्छ । दण्ड-बल भएपछि कोश जम्मा गर्न शकिन्छ । राजाको नजीकमा रहने हुनाले दण्ड (सैन्य) अमात्य सरह हुन्छ भनि कौणपदन्त-(भीष्म)को मत छ ।

यो पनि होइन; दण्ड (सैन्य), कोश(धन)को आधारमा रहन्छ । आफूसँग सम्पत्ति छैन भने दण्ड (सैन्य) पनि शत्रुपट्टि लाग्दछ, अथवा खानै नपाएर राजालाई नै मार्नपट्टि लाग्छ । सबै किसिमका काम-काज चलाइदिने कोश नै धर्म र काम(इच्छापूर्ति)को कारण हो । देश-काल, कामअनुसार कहिले कोश, कहिले दण्ड बढता काम दिने पनि हुन्छ, तथापि कोश जम्मा गराउने र कोशको रक्षा गराउने पनि दण्ड नै छ । कोशले कोशको पनि,

दण्डको पनि रक्षा गर्दछ। सबै किसिममा मुख्य काम दिने कोश नै हुनाले कोशको सङ्कट चर्को हो—भनि कौटिल्य भन्दछन्।

दण्ड(सैन्य)मा परेको सङ्कट र मित्रमा परेको सङ्कटमध्यमा मित्रको सङ्कट ठूलो हो। मित्रलाई वेतन दिएर नपाले पनि आफ्नो आँखापछिल्तिर पनि काम दिन्छ। पार्ष्णिग्राह (पृष्ठभागको शत्रु) आफू अगाड़ि बढ़्दा पछाड़ि आइलाग्ने शत्रुलाई आसार-पार्ष्णिग्राहको मित्र आफ्नो अमित्रलाई आफ्नो शत्रुलाई जङ्गलमा रहनेलाई पनि मित्रले रोकेर सम्हालिदिन्छ। आफूलाई सङ्कट परेमा मित्रले कोश, दण्ड, भूमि पनि दिएर गुन लाउने हुन्छ—भनि वातव्याधि (भकभके) उद्धवको मत छ।

यो कुरा होइन, राजाको दण्ड (सैन्य) बल भएमा नै मित्र मित्रपनामा, शत्रु शत्रुपनामा रहन्छ। दण्डबल र मित्रबल दुवै मौकामा काम दिने भए पनि आफ्नो युद्धको देश-काल-लाभअनुसार फरक हुन्छ। आकस्मिक छोटो आक्रमण गर्नुपर्दा, र शत्रुप्रति झटपटै हमला गर्नुपर्ने भएमा, शत्रु वनवासीहरू र देशैभित्रका पनि दुष्टहरू रिसाएर बिगार गर्न लागेर झट्टै समाल्नुपर्ने भएमा, टाढ़ाको मित्रले तुरुन्त उपाय गर्न शक्तैन, सैन्य भने आफूसँगै हुनाले उपकार तुरुन्त गर्ने हुन्छ। आफूलाई र शत्रुलाई पनि सङ्कट परेको बखतमा र आफूभन्दा शत्रु बलियो भएमा पनि आफ्नो फायदापट्टि हालिदिएर शत्रुपक्षबाट आफूलाई लाभ बढता हुने भएमा मित्र पनि शत्रुपट्टि लाग्ने हुन्छ भनि कौटिल्य भन्दछन्।

यसरी प्रकृतिहरूमध्यमा कुन सङ्कट बढी कुन घटी,भन्ने विवेचन गरियो।

प्रकृतिका अवयवहरू जस्तै राजाका युवराज आदि, अमात्यका मन्त्रमन्त्रि-परिषद्हरू, जनपदका खेतीवाल, शस्त्रधारी आदि, दुर्गका—अरु भूमि, जङ्गल, आदि, कोशका रत्नसार वस्तु, क्षुद्र वस्तु आदि, दण्डका खान्दानी तलवार आदि, मित्रका स्वाभाविक र कृत्रिम आदिमा परेको सङ्कट एकभन्दा अर्को चर्को भई फरक हुन्छ तापनि जतापट्टि जनसंख्या धेरै छ, स्वामिभक्ति छ, गुण असल देखिन्छ, त्यतापट्टि दृष्टि दिनु कार्यसिद्धिलाई हुन्छ। आफूलाई र शत्रुलाई पनि दुवैपट्टि सङ्कट परेको भए पनि अरू प्रकृतिहरू दुवैतिर बराबर छैन भने गुणबाट र हानिबाट धेरै थोरैको विचार गरी, एकापट्टि ध्यान दिनुपर्दछ। प्रकृतिमध्ये प्रधान वा अप्रधान एकमा सङ्कट परेबाट अरू प्रकृतिको नाश हुने देखिन्छ भने त्यो प्रधान वा अप्रधान प्रकृतिमा परेको सङ्कट ठूलो हुन्छ।

अथ द्वितीयोऽध्यायः

१२८ प्रकरणे—राजराज्ययोर्व्यसनचिन्ता

राजा राज्यमिति प्रकृतिसंक्षेपः । राज्ञोऽभ्यन्तरो बाह्यो वा कोप इति । अहिभयादभ्यन्तरः कोपो बाह्यकोपात्पापीयान् । अन्तरमात्यकोपश्चान्तःकोपात् । तस्मात्कोशदण्डशक्तिमात्मसंस्थां कुर्वीत । द्वैराज्यवैराज्ययोर्द्वैराज्यमन्योन्यपक्षद्वेषानुरागाभ्यां परस्परसंघर्षेण वा विनश्यति । वैराज्यं तु प्रकृतिचित्तग्रहणापेक्षि यथास्थितमन्यैर्भुज्यत इत्याचार्याः ।

नेति कौटिल्यः । पितापुत्रयोर्भ्रात्रोर्वा द्वैराज्यं तुल्ययोगक्षेममत्यावग्रहं वर्तयेतेति । वैराज्यं तु जीवतः परस्याच्छिद्य 'नैतन्मम' इति मन्यमानः कर्शयत्यपवाहयति, पण्यं वा करोति, विरक्तं वा परित्यज्यापगच्छतीति । अन्धश्चलितशास्त्रो वा राजेति । अशास्त्रचक्षुरन्धो यत्किंचनकारी दृढाभिनिवेशी परप्रणेयो वा राज्यमन्यायेनोपहन्ति । चलितशास्त्रस्तु यत्र शास्त्राच्चलितमतिर्भवति, शक्यानुनयो भवतीत्याचार्याः । नेति कौटिल्यः—अन्धो राजा शक्यते सहायसम्पदा यत्र तत्र वा पर्यवस्थापयितुमिति । चलितशास्त्रस्तु शास्त्रादन्यथाभिनिविष्टबुद्धिरन्यायेन राज्यमात्मानं चोपहन्तीति ।

व्याधितो नवो वा राजेति ? व्याधितो राजा राज्योपघातममात्यमूलं प्राणाबाधं वा राज्यमूलमवाप्नोति । नवस्तु राजा स्वधर्मानुग्रहपरिहारदानमानकर्मभिः प्रकृतिरंजनोपकारैश्चरतीत्याचार्याः । नेति कौटिल्यः । व्याधितो राजा यथाप्रवृत्तं राजप्रणिधिमनुवर्तयति । नवस्तु राजा 'बलावर्जितं ममेदं राज्यम्' इति यथेष्टमनवग्रहश्चरति । सामुत्थायिकैरवगृहीतो वा राज्योपघातं मर्षयति । प्रकृतिष्वरूढः सुखः समुच्छेत्तुं भवति । व्याधिते विशेषः—पापरोग्यपापरोगी च ।

नवेऽप्यभिजातोऽनभिजात इति। दुर्बलोऽभिजातो बलवाननभिजातो राजेति। दुर्बलस्याभिजातस्योपजातं दौर्बल्यापेक्षाः प्रकृतयः कृच्छ्रेणोपगच्छन्ति। बलवतश्चानभिजातस्य बलापेक्षाः सुखेन इत्याचार्याः। नेति कौटिल्यः। दुर्बलमभिजातं प्रकृतयः स्वयमुपनमन्ति, जात्यमैश्वर्यप्रकृतिरनुवर्तत इति। बलवतश्चानभिजातस्योपजापं विसंवादयन्ति—अनुरागे सार्वगुण्यमिति। प्रयासवधात्सस्यवधो मुष्टिवधात्पापीयान्। निराजीवत्वादवृष्टिरतिवृष्टित इति।

द्वयोर्द्वयोर्व्यसनयोः प्रकृतीनां बलाबलात्।
पारम्पर्यक्रमणोक्तं याने स्थाने च कारणम्॥ १॥

इति कौटिलीये अर्थशास्त्रे व्यसनाधिकारिके अष्टमेऽधिकरणे
राजराज्ययोर्व्यसनचिन्तानाम द्वितीयोऽध्यायः॥ २॥

अध्याय २

प्रकरण १२८

राज राज्य व्यसनचिन्ता (राजा र राज्यमा पर्ने सङ्कटको विचार)

राजा—अभिषेक गरियेको स्वामी, विजिगीषु (विजय चाहने) र अगि भनिएका—स्वामी,अमात्य, जनपद, दुर्ग, कोश, दण्ड, मित्र—यी सात प्रकृतिलाई छोटकरीमा विभाजन गर्दा राजा—अभिषेक गरिएको स्वामी, विजिगीषु—विजयको चाहनाले उद्योग गर्ने र मित्रसमेत गरी एक; राज्य, अमात्य आदि अरु पाँच प्रकृतिको वर्ग एक गरी राजा र राज्य यस्ता दुइ विभाग हुन्छन्।

राजाप्रति अमात्य आदिको वर्ग रूप राज्यको कार्यको कोप (नीको नमान्नु) आभ्यन्तर (भित्री) शत्रुको कोप बाह्य (बाहिरी) यस्तो दुई किसिमको कोप हुने हुन्छ। बाह्य शत्रुको कोपभन्दा भित्री अमात्य आदिको कोप अहिभय अर्थात् नजीकमा रहेको सर्पको भयजस्तो भय गराउने भएर ज्यादा अनर्थ गराउने हुन्छ। भित्री कोपमध्यमा पनि अमात्यबाहेक अरूको कोपभन्दा अमात्यको कोप ज्यादा हानि गर्ने हुन्छ। यसकारण राजाले कोश

(खजाना, सम्पत्ति) र दण्ड (सैन्य) समाल्ने शक्ति आफूमा राख्नुपर्दछ ।

अब द्वैराज्य (संयुक्त राज्य) र वैराज्य (राजा नभएको राज्य)का विषयमा विचार गरिन्छ । द्वैराज्य दुइ राजा भएको साझा राज्यमा परस्पर पक्षमा द्वेष र प्रेमले किंवा परस्परको स्पर्धा(ईखा-ईख)ले संघर्षले बिग्रन्छ । वैराज्य अर्थात् राजा नभएको प्रजाहरू आफू-आफू मिलेर चलाइने राज्यमा प्रजाहरूको मनमिल्दो काम हुने हुनाले कसैले पनि नखलबल्याउने भएर प्रजाहरूले एकैनास अनुभव गर्नपाइने हुन्छ भनि अगिका आचार्यहरू भन्दछन् ।

यो कुरा ठीक होइन—बाबु र छोरा किंवा भाइ-भाइ मिलेर चलाएको द्वैराज्य (साझा राज्य) योग (नया लाभ) र क्षेम (पाएको रक्षा) पनि दुवैको बराबर भई अमात्यहरूको भरमा रहने हुनाले विशेष दोषी हुदैन, वैराज्य भने अर्को विजयीले जबरदस्ती खोसेर लिने यो मेरो हो भन्ने नसम्झी दण्ड र कर बढ़ाएर राज्य चूस्ने, बहकाउने, मोल लिएर अर्कैलाई बिक्री गरिदिइने पनि हुन्छ । आफूलाई वैराग उठेर सारजति चूसेर फ्याकिने पनि हुन्छ, अतः वैराज्यमा दोष बढ़ी छ भनि कौटल्य भन्दछन् ।

राज्यमा हुने अर्को सङ्कट–

राजा—नीतिशास्त्र बिल्कुलै नपढ़ेको, अन्धो र शास्त्र पढ़ेको भए पनि शास्त्रको वास्ता नराखी चल्ने पनि हुन्छ । शास्त्रको आँखा नभएको अन्धो राजा जे मन लाग्यो गर्ने, जिद्दी गर्ने, अथवा अर्काको भरमा मात्र पर्ने भई अन्यायबाट राज्यको नाश गर्दछ । चलित शास्त्र (शास्त्रको वास्ता नगर्नेचाहि) ता कुनै काममा शास्त्रको बाटो छोड़ेर हिड्न लागेमा सम्झाएर तह लाउन शकिने हुन्छ । अतः अन्धभन्दा चलितशास्त्र बेस भनि आचार्यहरू भन्दछन् । यो कुरा ठीक होइन,—केही नजान्ने अन्धो राजा अमात्य आदि सहाय बेस भएमा तिनीहरूले राम्रो बाटोमा चलाउन शकिने हुन्छ, चलितशास्त्र जानेर पनि, नटेर्नेचाही ता शास्त्र छोड़ेर नगर्ने काममा हठ गर्ने भई रोकन नशकिने हुँदा अन्यायले राज्यलाई र आफूलाई पनि बिगार्दछ । अतः पढीकन मूर्खभन्दा बरु नपढ़ेको मूर्ख नै बेस भनि कौटल्य भन्दछन् ।

पुरानो रोगले ग्रस्त र नयाँ अभिषेक पाएको राजा कुन बेस भने—राजा सँधै रोगाक्रान्त भएमा राजाको डर कत्ति नमानेर अमात्यहरू स्वेच्छाचारी

भएर राज्यको नाश गर्ने, राजाको ज्यानै पनि लिने हुन्छन्, नयाँ भएको राजा स्वधर्मको पालन, आफ्नै कामबाट पनि लोकको उपकार, करहरूको छूट, काम राम्रो गर्नेलाई भूमि आदि दिन आदर गर्नु, बाटो, पुल, तलाउ बनाउनु आदि शुभकर्महरूद्वारा प्रजालाई सुविस्ता दिएर हात लिई खुशी पार्ने हुन्छ भनि आचार्यहरू भन्दछन्।

यो कुरा ठीक होइन, रोगी भएको राजाले अगिदेखि चलेको राजकार्य उस्तै चलाइरहन्छ, नयाँ भएको राजा ता मेरो बलले कमाएको पो राज्य भनि निरङ्कुश भएर मनपर्दो गर्ने हुन्छ। साथमा लाग्नेहरूको वशमा परी तिनबाट भएको राज्यको हानि पनि सही रहने हुन्छ। प्रजाहरूको प्रेम, भक्ति नपाउने भएर सहजै उखेलिने हुन्छ, भनि कौटल्य भन्दछन्।

रोगी पनि कुष्ठादि पाप रोग लागेको वा अरू रोग लागेको हुन्छ। नयाँ पनि कुलीन र अकुलीन पनि हुन्छ। निर्धो भए पनि कुलीन, बलियो भए पनि अकुलीन राजा हुन्छ। कुलीन भए पनि दुर्बल, फितलो भएमा पनि बलियो साहसी भएमा बलले थिचिएर सहजै मान्ने हुन्छन् भनि अगिका आचार्यहरूको भनाइ छ।

यो ठीक होइन, दुर्बल भए पनि कुलीनलाई राजाको प्रेमले प्रकृतिहरू पछ्याउने हुन्छन्। खान्दानमा ईश्वरपना(मालिक्याई)को योग्यता रहेको हुन्छ। बलियो भए पनि अकुलीनको मन्त्रणालाई प्रेम हुन सबै गुण चाहिन्छ भनेर नमान्ने हुन्छन्। शत्रुहरू त व्यसनमा मुष्टिवध (बीउ नै रोप्न नपाउनु), दैवी सङ्कटमध्यमा प्रयायवध (मेहनत खेर जानु) भएर सस्यवध (अनाज तयार भै शकेर नाश) हुनुभन्दा मुष्टिवध (बीउ नै नाश भई रोप्नै नपाउनु) खराब हुन्छ। अतिवृष्टिभन्दा धेरै जीवको हानि गर्ने अवृष्टि (वृष्टि नहुनु) खराब हुन्छ।

यसरी दुई थरी सङ्कटको तुलना गर्दा प्रकृतिहरूको बलाबल देखेर सिलसिला मिलाएर शत्रुउपर अभियान वा स्थान (चूप लागेर बस्नु) कुनचाहीं योग्य हुन्छ भन्ने कुरा कारणसमेत देखाइयो।

अथ तृतीयोऽध्यायः

१२९ प्रकरणे—पुरुषव्यसनवर्गः

अविद्याविनयः पुरुषव्यसनहेतुः। अविनीतो हि व्यसनदोषान्न

पश्यति । तानुपदेक्ष्यामः—कोपजस्त्रिवर्गः कामजश्चतुर्वर्गः। तयोः कोपो गरीयान् । सर्वत्र हि कोपश्चरति प्रायशश्च कोपवशा राजानः प्रकृतिकोपैर्हताः श्रूयन्ते । कामवशाः क्षयव्ययनिमित्तमरिव्याधिभिरिति । नेति भारद्वाजः । सत्पुरुषाचारः कोपः । वैरयातनमवज्ञातवधो भीतमनुष्यता च, नित्यश्च कोपसम्बन्धः पापप्रतिषेधार्थः । कामः सिद्धिलाभः । सान्त्वं त्यागशीलता सम्प्रियभावश्च । नित्यश्च कामेन सम्बन्धः कृतकर्मणः फलोपभोगार्थ इति ।

नेति कौटिल्यः । द्वेष्यता शत्रुवेदनं दुःखासंगश्च कोपः । परिभवो द्रव्यनाशः पाटच्चरद्यूतकारलुब्धकगायकवादकैश्चानर्थ्यैः संयोगः कामः । तयोः परिभवाद्द्वेष्यता गरीयसी । परिभूतः स्वैः परैश्चावगृह्यते, द्वेष्यः समुच्छिद्यत इति । द्रव्यनाशाच्छत्रुवेदनं गरीयः, द्रव्यनाशः क्रोधाबाधकः, शत्रुवेदनं प्राणबाधकमिति । अनर्थ्यसंयोगाद्दुःखसंयोगो गरीयान् । अनर्थ्यसंयोगो मुहूर्तप्रीतिकरः, दीर्घक्लेशकरो दुःखानामासंग इति । तस्मात्कोपो गरीयान् ।

वाक्पारुष्यमर्थदूषणं दण्डपारुष्यमिति । वाक्पारुष्यार्थदूषणयोर्वाक्पारुष्यं गरीयः इति विशालाक्षः । परुषमुक्तो हि तेजस्वी तेजसा प्रत्यारोहति, दुरुक्तशल्यं हृदि निखातं तेजःसन्दीपनमिन्द्रियोपतापि च इति । नेति कौटिल्यः । अर्थपूजा वाक्शल्यमपहन्ति, वृत्तिविलोपस्त्वर्थदूषणम् । अदानमादानं विनाशः परित्यागो वा अर्थस्येत्यर्थदूषणम् । अर्थ दूषणदण्डपारुष्ययोरर्थदूषणं गरीयः इति पाराशराः । अर्थमूलौ धर्मकामौ, अर्थप्रतिबन्धश्च लोको वर्तते, तस्योपघातो गरीयान् इति । नेति कौटिल्यः । सुमहताऽप्यर्थेन न कश्चन शरीरविनाशमिच्छेत् । दण्डपारुष्याच्च तमेव दोषमन्येभ्यः प्राप्नोति । इति कोपजस्त्रिवर्गः ।

कामजस्तु—मृगया द्यूतं स्त्रियः पानं इति चतुर्वर्गः । तस्य मृगयाद्यूतयोर्मृगया गरीयसी इति पिशुनः । स्तेनामित्रव्यालदावप्रस्खलनभयदिङ्मोहाः क्षुत्पिपासे च प्राणाबाधस्तस्याम् । द्यूते तु

जितमेवाक्षविदुषा यथा जयत्सेनदुर्योधनाभ्यामिति । नेति कौटिल्यः । तयोरप्यन्यतरपराजयोऽस्तीति नलयुधिष्ठिराभ्यां व्याख्यातम् । तदेव विजितद्रव्यमामिषं वैरबन्धश्च सतोऽर्थस्य विप्रतिपत्तिरसतश्चार्जनमप्रतिभुक्तनाशो मूत्रपुरीषधारणबुभुक्षादिभिश्च व्याधिलाभ इति द्यूतदोषाः । मृगयायां व्यायामः श्लेष्मपित्तमेदःस्वेदनाशश्चले स्थिरे च काये लक्ष्यपरिचयः कोपभयस्थाने हि तेषु च मृगाणां चित्तज्ञानमनित्ययानं चेति ।

द्यूतस्त्रीव्यसनयोः कैतवव्यसनम् इति कौणपदन्तः । सातत्येन हि निशि प्रदीपे मातरि च मृतायां दीव्यत्येव कितवः, कृच्छ्रे च प्रतिपृष्टः कुप्यति । स्त्रीव्यसनेषु तु स्नानप्रतिकर्मभोजनभूमिषु भवत्येव धर्मार्थपरिप्रश्नः । शक्या च स्त्री राजहिते नियोक्तुम् । उपांशुदण्डेन व्याधिना वा व्यावर्तयितुमवस्रायितुं वा इति । नेति कौटिल्यः । सप्रत्यादेयं द्यूतम्, निष्प्रत्यादेयं स्त्रीव्यसनम् । अदर्शनं, कार्यनिर्वेदः, कालातिपातनादनर्थधर्मलोपश्च, तंत्रदौर्बल्यं, पानानुबन्धश्चेति । स्त्रीपानव्यसनयोः स्त्री व्यसनम् इति वातव्याधिः । स्त्रीषु हि बालिश्यमनेकविधं निशान्तप्रणिधौ व्याख्यातम् । पाने तु शब्दादीनामिन्द्रियार्थानामुपभोगः प्रीतिदानं कर्मश्रमवधश्चेति ।

नेति कौटिल्यः । स्त्रीव्यसने भवत्यपत्योत्पत्तिरात्मरक्षणं चान्तर्दारेषु, विपर्ययो वा बाह्येषु, अगम्येषु सर्वोच्छित्तिः । तदुभयं पानव्यसने । पानसम्पत्—संज्ञानाशः अनुन्मत्तस्योन्मत्तत्वमप्रेतस्य प्रेतत्वं कौपीनदर्शनं श्रुतप्रज्ञाप्राणवित्तमित्रहानिः सद्भिर्वियोगोऽनर्थ्यसंयोगस्तन्त्रीगीतनैपुण्येषु चार्थघ्नेषु प्रसंग इति । द्यूतमद्ययोर्द्यूतमेकेषां पणनिमित्तो जयः पराजयो वा, प्राणिषु निश्चेतनेषु वा पक्षद्वैधेन प्रकृतिकोपं करोति, विशेषतश्च संघानां संघधर्मिणां च राजकुलानां द्यूतनिमित्तो भेदः, तन्निमित्तो विनाश इति । असत्प्रग्रहः पापिष्ठतमो व्यसनानां तंत्रदौर्बल्यादिति ।

असतां प्रग्रहः कामः कोपश्चावग्रहः सताम् ।
व्यसनं दोषबाहुल्यादत्यन्तमुभयं मतम् ॥ १ ॥
तस्मात्कोपं च कामं च व्यसनारम्भमात्मवान् ।
परित्यजेन्मूलहरं वृद्धसेवी जितेन्द्रियः ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे व्यसनाधिकरणे
पुरुषव्यसनवर्गो नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १२९

सर्वसाधारण पुरुषमा हुने सङ्कटहरू

शास्त्रहरूको शिक्षा नपाउनु मानिसलाई दुःख दिने कारण हो। शिक्षा नपाएकाले व्यसन(दुःखकारक)हरूको दोष देख्तैन। ती दोषहरू यी हुन्—

कोप(क्रोध)बाट हुने तीन—

(क) वाक्पारुष्य—गाली आदि कडा बोली,
(ख) दण्डपारुष्य—पीट-पाट आदि हात-लट्ठीहरू चलाउनू,
(ग) अर्थदूष्य—राम्रो कुरालाई पनि खोट लाउनु।

काम(लालसा)बाट हुने ४ चार—

(क) सिकार,
(ख) जूवा,
(ग) स्त्रीलम्पटता,
(घ) मद्यपान।

यी दुइथरीमा कोपको दोष बढ्ता मानिन्छ। कोप जहा-तहीं हुन्छ। धेरैजसो राजाहरू क्रोधको वशमा परी प्रकृतिहरूको कोपले मारिएका सुनिन्छन्। कामको अधीन भएकाहरू क्षय, कोश, दण्ड(सेना)को हानि निमित्त पारेर रोगले, मारिएका सुनिन्छन्।

यो कुरा होइन,—कोप गर्नु ठूला-बड़ाको चलनै हो। अर्काको वैरभावको बदला दिनु, अर्काबाट हुने अनादर रोक्नु, अरू मानिस डराउने पार्नु पनि कोपैबाट हुन्छ। पापी, दुर्जनहरूलाई दण्ड दिन भलामानिसले कोप

नगरी हुँदैन। काम भनेको त सुखको सिद्धि गराउने हो। यसबाट सान्त्वना (पियारो बोली), त्याग (दिने स्वभाव) संप्रियभाव (सौम्यपना) हुन्छ। गरेको कार्यको फलभोग गर्न सत्पुरुषहरूलाई कामसँग सम्बन्ध नभई हुँदैन भनि भारद्वाज भन्दछन्।

यो कुरा होइन, द्वेष्यता (अरूको द्वेषको विषय हुनु), वैरी कमाउनु, दुःख पाउनु कोपबाट हुन्छ। द्रव्यको नाश, चोर, जुवारी, व्याधा (मृगहरू फँसाउने), गाउने, बजाउने यस्ता अनर्थकारीहरूसँग सम्बन्ध गराउने काम हो।

यी दुइका कार्यमध्यमा कामज वर्गको पहिलो हेला हुनुभन्दा कोपज-वर्गको पहिलो द्वेष्य हुनु चर्को छ, किनभने—हेला भएपछि आफन्तले पराइले पनि थिचिन्छ, द्वेष्य भएपछि ता उखेलिन्छ। कामजवर्गको दोस्रो धननाशभन्दा कोपजवर्गको दोस्रो शत्रु कमाउनु चर्को छ। द्रव्यनाशबाट कोशको मात्र हानि हुन्छ, शत्रु कमाउनाले प्राणकै हानि हुन्छ। कामजवर्गको तेस्रो खरापको सम्बन्धभन्दा कोपजवर्गको तेस्रो दुःख पाउनु चर्को छ। खरापको सङ्गमा क्षणिक आनन्द हुन्छ, दुःख पाउनु लामो क्लेश गराउने हुन्छ। यस कारण कामभन्दा कोप अनर्थ गराउने हुन्छ भनि कौटल्य भन्दछन्।

कोपबाट हुने दोष वाक्पारुष्य (कडा बोली), अर्थदूषण (खोट लाउनु), दण्डपारुष्य (पिट्नु-मार्नु) यिनमा वाक्यपारुष कडा हो। किनभने—कठोर बोली गरेपछि तेजिलो मानिस असहन भएर आइलाग्छ, दुर्वचनको बाण छातीमा गाडिएपछि तेज बढ़ाउने, कान, आँखा इन्द्रियलाई बचाउने पनि हुन्छ भनि विशालाक्ष भन्दछन्।

यो कुरा होइन, धनको सत्कारले बोलीको कांढा हराउछ, गालीहरू गरे पनि पछिबाट धन दियो भने बिर्सिहाल्दछ। अर्थदूषण(राम्रोलाई पनि खोट लाउनु)ले वृत्तिको लोप हुन्छ। अदान—(गरेको कामको वेतन नदिनु), अर्थ-आदान—(दण्डहरू गरेर धन लिनु), विनाश—(देशको पीडा), परित्याग—(रक्षा नगर्नु) यी सबै अर्थदूषणका प्रकार छन् भनि कौटल्य भन्दछन्।

अर्थदूषण र दण्डपारुष्यमध्यमा अर्थदूषण कडा हो, किनकि धर्म र काम दुवै अर्थको आधारमा छन्, लोकव्यवहार पनि अर्थको आधारमा छ; त्यसलाई हानि गर्नु चर्को कुरा हो भनि पराशरका शिष्यहरू भन्दछन्। त्यसो

होइन; जतिसुकै धन दिएर पनि कोही शरीरको नाश चाहदैन; दण्डपारुष्य—पीट-पाट आदिद्वारा त्यही दोष—शरीर नाश हुने हुन्छ, भनि कौटल्य भन्दछन्। कोपबाट हुने तीन दोषको वर्णन भयो।

कामबाट हुने सिकार, जूवा, स्त्री, मद्यपान—यी ४ दोष हुन्। यसमा सिकार, जूवा, यी दुईमा सिकार ठूलो हो, किनभने सिकारमा चोर, शत्रु, हिंसक जन्तु, डढेलो लाग्नु, दिग्भ्रम (दिशा पत्ता नलागेर घुमीरहनु) र भोक, प्यास यिनबाट प्राणमा समेत सङ्कट पर्दछ। जुवामा भने पासामा सिपालु छ भने विजय नै हुन्छ जस्तो नललाई जयत्सेनले, युधिष्ठिरलाई दुर्योधनले जितेथे भनि पिशुन—नारदको मत छ।

त्यसो होइन, जूवा खेलेमा अर्कोचाहीको हार हुन्छ भन्ने कुरा युधिष्ठिरले देखाइहाले। त्यही लिनेको धन मासुजस्तो लुछा-चुडी हुने, वैर-भाव बढाउने, दुःख गरी कमाएको राम्रो धनको कुठाउँमा खर्च, असल बाटोबाट कमाएको धन भोग नगरीकनै फेरी जुवामा नाश हुने हुन्छ। यस्ता किसिमका जुवाका दोष छन्। सिकारमा त कसरत हुन्छ, कफ, पित्त, वोसोको नाश, चल-अचल दुवैथरी निशाना मार्ने कुशलता, जनावरहरूको रिसाएको, डराएको अवस्थाको चेष्टाले मनको कुरा थाहा पाउनु, वर्षासमयहरूमा नहुने हुनाले कहिले-काहीमात्र यान (दौड-धूप) पनि हुनाले धेरै फायदा छन् भनि कौटल्य भन्दछन्।

जूवा र स्त्रीमा आसक्तिमध्यमा जूवाको व्यसन चर्को छ। जुवारीमानिस रातभर वत्ति बालेर आमा-बाबु मरेको बेलामा पनि खेली रहन्छ, केही कामको अट्को परेर सोद्धा पनि झोक्किन्छ। स्त्री-लम्पट भएकासँग ता नुहाउने ठाउँ, शृङ्गार गर्ने ठाउँ, खाने ठाउँहरू, धर्म अर्थ सोधपूछ गर्न पाइन्छ। स्त्रीजनद्वारा अमात्यहरूले राजहितको काम गराउन लाउन पनि शक्किन्छ। तह लाउन नशकेमा, राख्न नशकेमा स्त्रीद्वारा गुप्तहत्या गराउन, रोग लगाएर हटाउन, अन्यत्र भगाउन पनि शक्किन्छ भनि कौणपदन्त (भीष्म) भन्दछन्। त्यसो होइन—जूवामा गएको धन फेरो आउने पनि हुन शक्छ, स्त्रीव्यसनमा भने गएको गयै हुन्छ, फर्कंदैन। स्त्रीलम्पट हुने राजाको दर्शन पनि पाइँदैन, राजासँग भेट नभएपछि मन्त्रीहरूलाई काममा जाँगर लाग्दैन। समय बितेपछि अनर्थ (हानि), धर्मलोप हुन्छ। राजकर्ममा कमजोरी हुन्छ, स्त्रीलम्पटलाई मद्यपानमा आसक्ति हुन्छ। स्त्रीको व्यसन मद्यको व्यसनभन्दा कडा छ। स्त्रीजातिमा पतिलाई मार्न विष मिलाएको खान दिनु इत्यादि धेरै किसिमको दुष्टता हुन्छ भनि निशान्तप्रणिधि प्रकरणमा अगि भनिसकिएको छ। मद्यपानमा

शब्द आदि इन्द्रियका विषयको आनन्दानुभव हुन्छ। प्रेमको दान, परिजनहरूलाई सत्कार, काम गर्दा भएको थकाई मेटिने पनि हुन्छ भनि वातव्याधि (उद्धव) भन्दछन्।

यो कुरा होइन, स्त्रीव्यसनमा विधिपूर्वक विवाह गरिएका भित्री स्त्रीमा सन्तानको उत्पत्ति र आफ्नो रक्षा पनि हुन्छ, किन्तु बाहिरिया स्त्रीहरूमा आसक्त भएमा असल सन्तानको उत्पत्ति र आत्मरक्षा हुँदैन। अगम्या स्त्रीहरूमा प्राणसमेत सर्वस्वको नाश हुन्छ। मद्यपानको व्यसनमा गनिकासंग सम्बन्ध आसक्ति र अगम्यामा आसक्ति दुवै दोष हुन्छन्। मद्यपानबाट बुद्धि हराउनु, सद्दे मानिसमा उन्माद (चित्तविभ्रम), जिउदैमा मरेझैं निश्चेष्ट हुनु, गुह्याङ्ग पनि नछोपिनु, शास्त्रको श्रवण त्यसबाट हुने बुद्धि, बल, धन, मित्रहरूको हानि, सत्सङ्ग छुट्नु, कुसङ्ग हुनु, धनको नाश गर्नु, गाना-बजानाहरूमा आसक्ति पनि हुन्छ भनि **कौटल्य** भन्दछन्।

जूवा र मद्यमा जूवा ठूलो व्यसन हो। प्राणी वा अप्राणीको बाजी थापेर जय वा पराजय गर्दा परस्पर विरोधी दुइ पक्ष उठाएर प्रकृतिमा क्षोभ (हलचल) गराउछ। विशेष गरेर संघ भएर मिली रहेकाहरू र राजघरानाका मानिसहरूमा जूवाले गर्दा परस्परमा फूट भएर नाश हुन्छ भनि कोही आचार्य भन्दछन्। सबै व्यसनमध्यमा दुर्जनको सत्कार गराउने, मद्यको व्यसन राज्यतन्त्रको विचार शिथिल गराउने अत्यन्त खराब हुन्छ।

कामले खराब जनको सत्कार गराउछ, कोपले सज्जनलाई दुःख दिन्छ। यी दुवै ज्यादा दोष भएका हुनाले कडा व्यसन हुन्। तसर्थ दुःख गराउने सर्वस्व नाश गराउने कोप र कामलाई बूढा-पाकाको सङ्ग गर्ने, इन्द्रियलाई वशमा राख्ने बुद्धिमान्ले छोड्नुपर्दछ।

अथ चतुर्थोऽध्यायः

१३०—१३२ प्रकरणे— पीडनवर्गः स्तम्भनवर्गः कोशसंगवर्गश्च

दैवपीडनमग्निरुदकं व्याधिर्दुर्भिक्षं मरक इति। अग्न्युदकयोरग्निपीडनमप्रतिकार्यं सर्वदाहि च, शक्योपगमनं तार्याबाधमुक्तमुदकपीडनमित्याचार्याः। नेति कौटिल्यः। अग्निर्ग्राममर्धग्रामं वा दहति,

उदकवेगस्तु ग्रामशतप्रवाहीति । व्याधिदुर्भिक्षयोर्व्याधिः प्रेतव्याधितोपसृष्टपरिचारकव्यायामोपरोधेन कर्माण्युपहन्ति । दुर्भिक्षं पुनरकर्मोपघाति हिरण्यपशुकरदायि च इत्याचार्या । नेति कौटिल्यः—एकदेशपीडनो व्याधिः शक्यप्रतीकारश्च, सर्वदेशपीडनं दुर्भिक्षप्राणिनामजीवनायेति । तेन मरको व्याख्यातः ।

क्षुद्रकमुख्यक्षययोः क्षुद्रकक्षयः कर्मणामयोगक्षेमं करोति, मुख्यक्षयः कर्मानुष्ठानोपरोधधर्मा इत्याचार्याः । नेति कौटिल्यः । शक्यः क्षुद्रकक्षयः प्रतिसन्धातुं बाहुल्यात्क्षुद्रकाणां, न मुख्यकक्षयः । सहस्रेषु हि मुख्यो भवत्येको न वा सत्त्वप्रज्ञाधिक्याश्रयत्वात्क्षुद्रकाणामिति । स्वचक्रपरचक्रयोः स्वचक्रमतिमात्राभ्यां दण्डकराभ्यां पीडयत्यशक्यं च वारयितुं, परचक्रं तु शक्यं प्रतियोद्धुमपसारेण सन्धिना वा मोक्षयितुमित्याचार्याः । नेति कौटिल्यः । स्वचक्रपीडनं प्रकृतिपुरुषमुख्योपग्रहविघाताभ्यां शक्यते वारयितुम्, एकदेशं वा पीडयति । सर्वदेशपीडनं तु परचक्रं विलोपघातदाहविध्वंसनोपवाहनैः पीडयतीति ।

प्रकृतिराजविवादयोःप्रकृतिविवादः प्रकृतीनां भेदकः पराभियोगानावहति । राजविवादस्तु प्रकृतीनां द्विगुणभक्तवेतनपरिहारकरो भवतीत्याचार्याः । नेति कौटिल्यः । शक्यः प्रकृतिविवादः प्रकृतिमुख्योपग्रहेण कलहस्थानापनयनेन वा वारयितुं, विवदमानास्तु प्रकृतयः परस्परसंघर्षेणोपकुर्वन्ति । राजविवादस्तु पीडनोच्छेदनाय प्रकृतीनां द्विगुणव्यायामसाध्य इति । देशराजविहारयोर्देशविहारस्त्रैकाल्येन कर्मफलोपघातं करोति, राजविहारस्तु कारुशिल्पिकुशीलववाग्जीवनरूपाजीवावैदेहकोपकारं करोति इत्याचार्याः ।

नेति कौटिल्यः । देशविहारः कर्मश्रमवधार्थमल्पं भक्षयति, भक्षयित्वा च भूयः कर्मसु योगं गच्छति । राजविहारस्तु स्वयंवल्लभैश्च स्वयंग्राहप्रणयपण्यागारकार्योपग्रहैः पीडयति इति । सुभगाकुमारयोः कुमारः स्वयंवल्लभैः स्वयं ग्राहपण्यागारकार्योपग्रहैः

पीडयति । सुभगा विलासोपभोगेनेत्याचार्याः । नेति कौटिल्यः । शक्यः कुमारो मंत्रिपुरोहिताभ्यां वारयितुं न सुभगा, बालिश्यादनर्थ्यजनसंयोगाच्चेति ।

श्रेणीमुख्ययोः श्रेणी बाहुल्यादनवग्रहा स्तेयसाहसाभ्यां पीडयति, मुख्यः कार्यानुग्रहविघाताभ्यामित्याचार्याः । नेति कौटिल्यः । सुव्यावर्त्या श्रेणी समानशीलव्यसनत्वात्, श्रेणीमुख्यैकदेशोपग्रहेण वा । स्तम्भयुक्तो मुख्यः परप्राणद्रव्योपघाताभ्यां पीडयतीति । संनिधातृसमाहर्त्रोः सन्निधाता कृतविदूषणात्ययाभ्यां पीडयति । समाहर्ता करणाधिष्ठितः प्रदिष्टफलोपभोगी भवतीत्याचार्याः ।

नेति कौटिल्यः । सन्निधाता कृतावस्थमन्यैः कोशप्रवेश्यं प्रतिगृह्णाति । समाहर्ता तु पूर्वमर्थमात्मनः कृत्वा पश्चाद्राजार्थं करोति प्रणाशयति वा, परस्वादाने च स्वप्रत्ययश्चरतीति । अन्तपालवैदेहकयोरन्तपालश्चोरप्रसंगदेयात्यादानाभ्यां वणिक्पथं पीडयति । वैदेहकास्तु पण्यप्रतिपण्यानुग्रहैः प्रसाधयन्ति इत्याचार्याः । नेति कौटिल्यः । अन्तपालः पण्यसम्पातानुग्रहेण वर्तयति । वैदेहकास्तु सम्भूय पण्यानामुत्कर्षापकर्षं कुर्वाणाः पणे पणशतं कुम्भेकुम्भशतमित्याजीवन्ति ।

अभिजातोपरुद्धा भूमिः पशुव्रजोपरुद्धा वेति । अभिजातोपरुद्धा भूमिः महाफलाप्यायुधीयोपकारिणी न क्षमा मोक्षयितुं, व्यसनाबाधभयात् । पशुव्रजोपरुद्धा तु कृषियोग्या क्षमा मोक्षयितुं विवीतं हि क्षेत्रेण बाध्यते । इत्याचार्याः । नेति कौटिल्यः । अभिजातोपरुद्धा भूमिरत्यन्तमहोपकारापि क्षमा मोक्षयितुं व्यसनाबाधभयात् । पशुव्रजोपरुद्धा तु कोशवाहनोपकारिणी न क्षमा मोक्षयितुमन्यत्र सस्यवापोपरोधादिति । प्रतिरोधकाटविकयोः प्रतिरोधका रात्रिसत्रपराः शरीराक्रमिणो नित्याः शतसहस्रापहारिणः प्रधानकोपकाश्च ।

व्यवहिताः प्रत्यन्तारण्यचराश्चाटविकाः प्रकाशा दृश्याश्चरन्त्येकदेशघातकाश्च इत्याचार्याः ।

नेति कौटिल्यः । प्रतिरोधकाः प्रमत्तस्यापहरन्ति, अल्पाः कुण्ठाः सुखात् ज्ञातुं गृहीतुं च । स्वदेशस्थाः प्रभूता विक्रान्ताश्चाटविकाः । प्रकाशयोधिनोऽपहर्तारो हन्तारश्च देशानां राजसधर्माण इति । मृगहस्तिवनयोर्मृगाः प्रभूताः प्रभूतमांसचर्मोपकारिणो मन्दग्रासावक्लेशिनः सुनियम्याश्च । विपरीता हस्तिनो गृह्यमाणा दुष्टाश्च देशविनाशायेति । स्वपरस्थानीयोपकारयोः स्वस्थानीयोपकारो धान्यपशुहिरण्यकुप्योपकारो जानपदानामापद्यात्मधारणः । विपरीतः परस्थानीयोपकारः । इति पीडनानि । आभ्यन्तरो मुख्यस्तम्भो बाह्यो मित्राटवीस्तम्भः । इति स्तम्भवर्गः । ताभ्यां पीडनैर्यथोक्तैश्च पीडितः सक्तो मुख्येषु परिहारोपहतः प्रकीर्णो मिथ्यासंहृतः सामन्ताटवीहृत इति कोशसंगाः ।

पीडनानामनुत्पत्तावुत्पन्नानां च वारणे ।
यतेत देशवृद्ध्यर्थं नाशे च स्तम्भसंगयोः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे व्यसनाधिकारिकेऽष्टमेऽधिकरणे
पीडनवर्ग-स्तम्भनवर्ग-कोशसंगवर्गो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण १३०

दैवीमानुष पीडाको वर्ग

प्रकरण १३१

आमदानीमा रोकावट

प्रकरण १३२

कोशसङ्गवर्ग

दैवी र मनुष्यकृत पीडामध्यमा दैवी पीडा पाँच किसिमको हुन्छ—

(१) अग्नि-आगाको, (२) उदक-पानीबाट, (३) व्याधि-रोगबाट, (४) दुर्भिक्षबाट, (५) महामारीबाट।

दैवीपीडा विषयमा—

आगाको पीडा, जलको पीडा यो दुइमा आगोको पीडा बढ्ता हुन्छ। आगो छुन पनि नशक्किने हुनाले हटाउन नशक्किने र सबैलाई भस्म पार्ने पनि हुन्छ। जलको पीडा ता नजीकमा जान सक्किने र नाउहरूद्वारा समालिन सक्किने पनि हुन्छ। यसैले पानीबाट हुने पीडाभन्दा आगोबाट हुने पीडा ठूलो हुन्छ भनि आचार्यहरू भन्दछन्।

सो होइन—आगोले गाउँ, आधा गाउँसम्म डढाउछ, पानीको वेग ता सयौं गाउँ बगाउने हुनाले पानीको पीडा चर्को छ भनि कौटल्य भन्दछन्।

रोग र अनिकाल यी दुइमा—रोगले मर्ने रोगी टहलुवाहरूको खेतीपाती आदि कामकाज रोकिदिने, अनिकालले भने काम नरोक्ने, अन्न नभए पनि नगदी र पशुधनलाई हानि नगर्ने हुनाले रोग नै चर्को छ भनि आचार्यहरू भन्दछन्।

यो होइन, रोगले एक प्रदेशलाई मात्र पीडा दिन्छ, त्यसलाई प्रतिक्रिया गर्न पनि सकिन्छ; दुर्भिक्ष(अनिकाल)ले सबै प्रदेशलाई पीडा दिन्छ। प्राणीलाई मार्ने पनि हुन्छ, अतः अनिकालको पीडा चर्को छ भनि कौटल्य भन्दछन्।

दुर्भिक्षले प्राणीहरूलाई नाश गर्दछ भनि भनेअनुसार मारक महामारी धेरै प्राणीहरूको मरणमा निमित्त हुनाले दुर्भिक्षभन्दा पनि महामारी ठूलो हुन्छ।

क्षुद्रक—सानातिना काम गर्नेको नाश र काम गराउने प्रधानको (मुख्यको) नाश, यी दुइमा सानातिनाको नाशले काम गराउनालाई बाधा दिने हुन्छ, अतः काम गराउनेभन्दा गर्नेको हानि ठूलो हो भनि आचार्यहरू भन्दछन्।

सो कुरा ठीक होइन, सानातिना काम गर्नेहरू धेरै पाइने हुँदा एक नभए अर्को हुने हुनाले सानातिनाको नाश समाल्न सकिन्छ; मुख्यको नाश समाल्न सकिंदैन, किनकि, हजारमा एक मुख्य पाइएला वा पाइओन; बलबुद्धि धेरै हुने सानातिना धेरैलाई आड दिने भई विशेष योग्य हुन्छ, अतः काम गर्नेभन्दा गराउनेको नाश ठूलो मान्नुपर्दछ भनि कौटल्य भन्दछन्।

मनुष्यकृत पीडा विषयमा—

स्वचक्र—आफ्नो मण्डल-राज्य र परचक्र—शत्रुमण्डलमा पीडा, यी दुइमा स्वचक्रले मात्राभन्दा बढी दण्ड र करद्वारा प्रजाहरूलाई पीडा दिन्छ, त्यसलाई रोकन पनि सकिँदैन। परचक्रलाई ता युद्ध गरेर वा अपसार—(यताउति लागनु) गरेर अथवा केही दिई-लिई सन्धि गरेर पनि हटाउन सकिन्छ; अतः परचक्रको पीडाभन्दा स्वचक्रको पीडा कडा हुन्छ भनि आचार्यहरू भन्दछन्।

यो कुरा ठीक होइन, स्वचक्रले एक छेउमा पीडा गर्दछ, प्रकृतिवर्गका मुख्य अमात्यहरूलाई सम्हालेर वा दबाएर पनि सो पीडा दबाउन सकिन्छ। परचक्रले ता लुटपीट, मारकाट, आगो लाउनु, भत्काउनु, बिगार्नु आदिद्वारा सम्पूर्ण देशलाई पीडा दिन्छ, अतः परचक्रो पीडा नै कडा हो भनि **कौटल्य** भन्दछन्।

अमात्यादि प्रकृति-वर्गमा परस्परमा भएको र राजाको वर्गमा परस्पर भएको झगडा यी दुइमा प्रकृति-वर्गका झगड़ाले प्रकृतिहरूमा फूट भएर शत्रुको आक्रमण बोलाउने हुन्छ। राजवर्गको झगड़ाले ता प्रकृतिलाई दोबर खाना वेतन करमाफी पनि गराइदिन्छ। अतः राज-विवादभन्दा प्रकृति-विवाद चर्को हुन्छ भनि आचार्यहरू भन्दछन्।

सो कुरा होइन,—प्रकृति-वर्गमा भएको झगड़ा ता प्रकृति-वर्गमा मुख्य-लाई हात लिएर अथवा जे कुराले झगड़ा भएको हो सो कुराको नीधो गरेर पनि हटाउन शकिन्छ—प्रकृतिहरू आफसमा झगड़ा गर्नलागे भने ईखा-ईखले तछाड-मछाड गरी मालिकलाई उपकार गर्न लाग्दछन्, राज-वर्गको झगड़ाले त प्रकृतिको बल-तागत घटाई पीडा दिने उछित्तो गर्ने हुन्छ, प्रकृति-वर्गको झगड़ा समाल्दाको भन्दा दोबर प्रयास पर्दछ, अतः राजवर्गको कड़ा हुन्छ भनि **कौटल्य** भन्दछन्।

देशका प्रजाको विहार(सोख-सयल)भन्दा राजाको विहार (सोख-सयल) यी दुइमा प्रजाको सोख-सयलले भूत, भविष्य, वर्तमान तीनै समयमा वखतमा नरोप्नु, रोपेको नहेर्नु, फल बढाउने गोडमेल नगर्नु आदिद्वारा कामको फललाई हानि गराउँछ। राजाको सोख-सयलले ता कालीगड़, सीपालु, गाउने, भट्याउने, वेश्या, गन्धमाल्यादिहरू बेच्नेहरूलाई जीविका बढाइदिने हुन्छ, अतः देशको विहारीपना खराप भनि आचार्यहरू भन्दछन्।

सो ठीक होइन; देशवासीको सोख-सयलले कामको अलिकति श्रम घटाएर केही लाभमा हानि गराउँछ, सो धोका खुवाएर पछितो गराई फेरि काममा लगाउने पनि हुन्छ। राजाको सोख-सयलले ता राजा आफैले र राजाका पियाराहरूले पनि प्रजाको धन जबर्दस्ती लिएर आफ्नो मनमाफिक बजार गराएर काम-काममा घूस खाएर प्रजाहरूलाई धेरै पीडा दिने हुन्छ भनि कौटल्य भन्दछन्।

राजाकी मनपरेकी रानी र राजकुमार यी दुइमा राजकुमारले आफैले र आफ्ना पियारा जनहरूद्वारा आफै जबर्दस्ती गरी लिने, बजार गर्ने, काममा घूस लिने गरेर पीडा दिने, रानीले विलासी वस्तुको उपभोगले दुःख दिने हुनाले राजकुमारबाट विशेष बाधा हुन्छ भनि आचार्यहरू भन्दछन्। यो ठीक होइन, राजकुमारलाई मन्त्री, गुरु, पुरोहितले संझाएर नकामबाट हटाउन शकिने हुन्छ। मनपरेकी रानीलाई मूर्खता हुनाले र गाउने, बजाउने नटुवा आदि खराब मानिसको सहवास हुनाले हटाउन सकिंदैन।

श्रेणी—(एकेक पेशा गर्नेहरूको संघ) र मुख्य—प्रधान पुरुष यी दुइमा श्रेणीभित्र धेरै मानिस हुनाले रोक्न नशकिने हुनाले चोरी गरेर, जबर्दस्ती गरेर पनि, प्रजालाई पीडा दिने हुन्छ, मुख्यले भने घूस दिएकोमा अनुग्रह गर्ने, नदिए हानि गर्ने भई पीडा दिन्छ; भनि आचार्यहरू भन्दछन्।

यो होइन, श्रेणी(संघ)का मानिसहरू सबै एकै वृत्ति, एकै व्यसना भएका हुनाले तिनमा एकात मुख्य पुरुषहरू हात लिएर रोक्न हटाउन सकिने हुन्छ। प्रधान पुरुष भने गर्वले अकाड़िएर अर्काको धन, माल, ज्यानसंम पनि लिई बढता पीडा दिने हुन्छ भनि कौटल्य भन्दछन्।

सन्निधाता (तहवीलदार, ढुकुटीमा राख्ने), समाहर्त्ता (उठाउने तहसीलदार) यी दुइमा सन्निधाताले बनाएका गहना आदि वस्तुमा नभएको खोट देखाएर म्याद नाघ्यो भनेर पनि दुःख दिन्छ, समाहर्ताले भने कारिन्दा लिएर तोकिएको वेतनहरूमात्र भोग गर्ने हुन्छ भनि आचार्यहरू भन्दछन्।

यो ठीक होइन, सन्निधाताले अरू जाँचकी आदिले लिन-बुझ्न हुने भनि ठहऱ्याएको ढुकुटी दाखिल हुने माल लिन्छ, तहसीलदारले त पहिले आफ्नो मतलब साधेर मात्र पछिबाट राजाको धन उठाउछ, मौका पाए आफै खान्छ पनि, अर्थको धन लिनालाई आफै सर्वेसर्वा बनेर हिंड्दछ भनि कौटल्य भन्दछन्।

अन्तपाल (सीमारक्षक) र वैदेहक (व्यापारी)—यी दुइमा अन्तपालले चोरहरूद्वारा माल हरण गरेर, लिनुपर्ने चुङ्गीहरू बढ़ता लिएर व्यापारको बाटोलाई हान्दछन्। बनियाहरू ता बिक्रीको माल र अर्काको विक्रीको मालमा यो फायदाको भनि आफ्नो बाटो सुधार्दछन् भनि आचार्यहरू भन्दछन्।

यो होइन, सीमारक्षकले मालहरूको आयात खचाखच गराएर वाणिज्यको मार्ग चढाउछ। बनियाहरू भने जमात जमात बनेर बिक्रीका मालको भाउ चढाउने-घटाउने गरी एक पैसाको सय पैसा, एक गाडाको सय घडा पारेर पेट भर्दछन् भनि कौटल्य भन्दछन्।

राजघराना आदिका ठूला-ठालूहरूले ओगटेर राखेका भूमि अभिजातोपरुद्ध (खान्दानहरूले रोकेर राखेको) पशुव्रजोपरुद्ध (पशुहरूको गोठले रोकेको खर्क) पनि हुन्छ; ती दुइथरीमा खान्दानहरूले रोकेको चाही धेरै धान्यादि फल दिने भए पनि शस्त्रधारी भन्ने भर्तीजन दिएर उपकार गर्ने हुँदा शत्रुले आक्रमण गरेको बखतमा शस्त्रधारीलाई पाएर बाधा होला भन्ने डरले तिनबाट सो जमीन छुटाउन हुदैन। पशुगोठले रोकेको भूमि ता खेतीलाई योग्य छ भने सो त्यसबाट छुटाउन हुन्छ। किनकि घासहरू हुने गौचरलाई खेत बनाउँदा फायदा बढ़ी हुन्छ भनि आचार्यहरू भन्दछन्।

यो होइन, खान्दानहरूले रोकेको जमीन धेरै अन्नहरू दिएर ज्यादा फायदा दिने भए पनि सङ्कट परेको बखतमा तिनै भूमि हुनेहरूबाट पीड़ा होला भन्ने भयले तिनबाट छुटाउन हुन्छ, पशु भएको भूमि भने खेती गर्ने अर्को ठाउँ नभए मात्र छुटाउन हुन्छ भनि कौटल्य भन्दछन्।

प्रतिरोधक—(चोर-डाँकाहरू) र आटविक (जङ्गली)—यी दुइ थरीमा चोर-डाँकाहरू रातमा अनकण्टारमा पनि हिडने अर्काको ज्यान पनि आइलाग्ने, सधैं नजीक हुनशक्ने सयन्, हजारन् धन, सम्पत्ति लुट्ने मुख्य-मुख्य पुरुषमाथि कोप देखाउने हुन्छन्। छेउछाउ जङ्गलमा रहने जङ्गलीहरू सबैले देखिने खुला भएर हिड्ने एक छेउमा मात्र बिगार गर्ने हुन्छन्, अतः अघिल्ला घिनलाग्दा हुन्छन् भनि आचार्यहरु भन्दछन्।

सो कुरा होइन, चोर-डाँकाहरू बेहोसको मात्र धन हर्दछन्। थोरै र असहाय फैलिन नशक्ने हुनाले तिनलाई चिन्न-जान्न र पक्रन पनि सहजै शकिन्छ। जङ्गलीहरू वा आफ्नै देशमा रहने साहसी खुला भएर लड्ने, लुट-पीट गर्ने, मार्ने, राजैजस्ता हुनाले ज्यादा डरलाग्दा हुन्छन्भनि कौटिल्य भन्दछन्।

मृगको वन र हात्तीको वनमा मृगहरू धेरै हुने, मासु-छालाहरू धेरै दिएर भलो गर्ने, थोरै खाने, चाडैं थाक्ने हुने हुनाले सजिलैसँग तहसा राख्न सकिन्छन्। हात्तीहरू यिनको उल्टो, थोरै संख्यामा हुने, थोरै फायदा दिने, धेरै खाने, न थाक्ने, वशमा राख्न गाह्रो हुने हुन्छ र हात्ती दुष्ट भएमा देशको नाश गर्ने हुन्छन्। आफ्नो देशको भलाइ र अर्को देशको भलाई गर्ने डरमा स्वदेशकै उपकार गर्नु असल हो। दुर्भिक्षादि सङ्कट पर्दा देशभित्रै अन्न-पशु आदि किन-बेचहरू गर्दा प्राण थाप्ने बाटो हुन्छ, पराइको देशमा नगदी-जिन्सीबाट उपकार, परदेशमा अन्नादि किन्ने-बेच्ने आदि व्यवहार पनि पराइलाई बढाएर आफूलाई पीडा दिने हुन्छ।

यहासंम देशलाई पीडा हुने कुराको वर्ग-संग्रह गरियो।

राज्यकोशमा सङ्कट पार्ने स्तम्भ (रोकावट) र सङ्ग (हिनामिना) हुन्।

स्तम्भ र सङ्ग—

स्तम्भ भनेको आमदानीमा रोकावट। सो दुई किसिमको (१) आभ्यन्तर (भित्री), (२) बाह्य–(बाहिरी)। राष्ट्रकै मुख्य पुरुषहरूले विघ्न, बाधा देखाई सरकारी आमदानीमा गरेको रोकावट भित्री हो। बाहिरका शत्रुहरूबाट पारी गएको आमदानीको रोकावट बाह्य हुन्छ। बाहिरी रोकावट (स्तम्भ)-बाट अगि भनिएका पीडा बाधाहरूबाट निचोरिएर कर-पोत तिर्नेहरूबाट उठेको पनि प्रधानपुरुषले खाइदिएर वा राजाको आदेशबाटै माफी छूट गराएर नउठाएको, यता-उती चरा-मूसाजस्तै लागी छरिएको, मनासिबभन्दा घटी-बढी परेका सामन्तहरू र जङ्गलीहरूले लुटेकोले राजकोशमा सङ्ग (हिनामिना) हुन्छ।

राजाले पीडा-बाधा हुनै नपाउने गर्नामा र भइहाले पनि तिनलाई हटाउनामा र आमदानीको रोकावट र हिनामिना नहुने देशको उन्नति, कोशको वृद्धिका निमित्त गर्ने गर्नुपर्दछ।

* * *

अथ पंचमोऽध्यायः

१३३-१३४ प्रकरणे—बलव्यसनवर्गः मित्रव्यसनवर्गः

बलव्यसनानि अमानितं विमानितमभृतं व्याधितं नवागतं दूरा-

यान्तं परिश्रान्तं परिक्षीणं प्रतिहतं हताग्रवेगं अनृतुप्राप्तं अभूमिप्राप्तं आशानिर्वेदि परिसृप्तं कलत्रगर्हि अन्तःशल्यं कुपितमूलं भिन्नगर्भं अपसृतं अतिक्षिप्तं उपनिविष्टं समाप्तम् उपरुद्धम् परिक्षिप्तं छिन्नधान्यपुरुषवीवधं स्वविक्षिप्तं मित्रविक्षिप्तं दूष्ययुक्तं दुष्टपार्ष्णिग्राहं शून्यमूलं अस्वामिसंहतं भिन्नकूटमन्धमिति ।

तेषाममानितविमानितयोरमानितं कृतार्थमानं युद्ध्येत, न विमानितमन्तःकोपम् । अभृतव्याधितयोरभृतं तदात्वकृतवेतनं युद्ध्येत, न व्याधितमकर्मण्यम् । नवागतदूरायातयोर्नवागतमन्यत उपलब्धदेशमनवमिश्रं युद्ध्येत, न दूरायातमायतगतपरिक्लेशम् । परिश्रान्तपरिक्षीणयोः परिश्रान्तं स्नानभोजनस्वप्नलब्धविश्रमं युद्ध्येत, परिक्षीणमन्यत्राहवे क्षीणयुग्यपुरुषम् । प्रतिहतहताग्रवेगयोः प्रतिहतमग्रपातभग्नं प्रवीरपुरुषसंहतं युध्यते, न हताग्रवेगमग्रपातहतप्रवीरम् ।

अनृत्वभूमिप्राप्तयोरनृतुप्राप्तं यथर्तुयोग्ययुग्यशस्त्रावरणं युध्येत्, नाभूमिप्राप्तमवरुद्धप्रसारव्यायामम् । आशानिर्वेदपरिसृप्तयोराशानिर्वेदि लब्धाभिप्रायं युध्येत, न परिसृप्तमपसृतमुख्यम् । कलत्रगार्ह्यमन्तःशल्ययोः कलत्रगर्ह्यमुन्मुच्य कलत्रं युध्येत, नान्तःशल्यमन्तरमित्रम् । कुपितमूलभिन्नगर्भयोः कुपितमूलं प्रशमितकोपं सामादिभिर्युध्येत, न भिन्नगर्भमन्योन्यस्माद्भिन्नम् ।

अपसृतातिक्षिप्तयोरपसृतमेकराज्यातिक्रान्तं मंत्रव्यायामाभ्यां सत्रमित्रापाश्रयं युध्येत, नातिक्षिप्तमनेकराज्यातिक्रान्तं बह्वाबाधत्वात् । उपनिविष्टसमाप्तयोरुपनिविष्टं पृथग्यानस्थानमतिसन्धातारं युध्येत, न समाप्तं परिणतैकस्थानयानम् । उपरुद्धपरिक्षिप्तयोरुपरुद्धमन्यतो निष्क्रम्योपरोद्धारं प्रतियुध्येत, न परिक्षिप्तं सर्वतः प्रतिरुद्धम् । छिन्नधान्यपुरुषवीवधयोः छिन्नधान्यमन्यतो धान्यमानीय जंगमस्थावराहारं वा युध्येत, न छिन्नपुरुषवीवधमनभिसारम् ।

स्वविक्षिप्तमित्रविक्षिप्तयोः स्वविक्षिप्तं स्वभूमौ विक्षिप्तं सैन्यमापदि शक्यमवस्रावयितुं, न मित्रविक्षिप्तं विप्रकृष्टदेशकालत्वात् । दूष्ययुक्तदुष्टपार्ष्णिग्राहयोर्दूष्ययुक्तमाप्तपुरुषाधिष्ठितमसंहतं युध्येत, न दुष्टपार्ष्णिग्राहं पृष्ठाभिघातत्रस्तम् । शून्यमूलास्वामिसंहतयोः शून्यमूलं कृतपौरजानपदारक्षं सर्वसन्दोहेन युध्येत, नास्वामिसंहतं राजसेनापतिहीनम् । भिन्नकूटान्धयोर्भिन्नकूटमन्याधिष्ठितं युध्येत, नान्धमदेशिकमिति ।

दोषशुद्धिर्बलावापः सत्रस्थानातिसंहतम् ।
सन्धिश्चोत्तरपक्षस्य बलव्यसनसाधनम् ॥ १ ॥

रक्षेत्स्वदण्डं व्यसने शत्रुभ्यो नित्यमुत्थितः ।
प्रहरेद्दण्डरन्ध्रेषु शत्रुणा नित्यमुत्थितः ॥ २ ॥

अभियातं स्वयं मित्रं सम्भूयान्यवशेन वा ।
परित्यक्तमशक्त्या वा लोभेन प्रणयेन वा ॥ ३ ॥

विक्रीतमभियुंजाने संग्रामे वापवर्तिना ।
द्वैधीभावेन वा मित्रं यास्यता वाऽन्यमन्यतः ॥ ४ ॥

पृथग्वा सहयाने वा विश्वासेनातिसंहितम् ।
भयावमानालस्यैर्वा व्यसनान्न प्रमोक्षितम् ॥ ५ ॥

अवरुद्धं स्वभूमिभ्यः समीपाद्वा भयाद्द्रुतम् ।
आच्छेनाददानद्वा दत्त्वा वाप्यवमानितम् ॥ ६ ॥

अत्याहारितमर्थं वा स्वयं परमुखेन वा ।
अतिभारे नियुक्तं वा भंक्त्वा परमवस्थितम् ॥ ७ ॥

उपेक्षितमशक्त्या वा प्रार्थयित्वा विरोधितम् ।
कृच्छ्रेण साध्यते मित्रं सिद्धं चाशु विरज्यति ॥ ८ ॥

कृतप्रयासं मान्यं वा मोहान्मित्रममानितम् ।
मानितं वा न सदृशं भक्तितो वा निवारितम् ॥ ९ ॥

मित्रोपघातत्रस्तं वा शंकितं वारिसंहितात् ।
दूष्यैर्वा भेदितं मित्रं साध्यं सिद्धं च तिष्ठति ॥१०॥

तस्मान्नोत्पादयेदेनान्दोषान्मित्रोपघातकान् ।
उत्पन्नान्वा प्रशमयेद्गुणैर्दोषोपघातिभिः ॥११॥

यतो निमित्तं व्यसनं प्रकृतीनामवाप्नुयात् ।
प्रागेव प्रतिकुर्वीत तन्निमित्तमतन्द्रितः ॥१२॥

इति कौटिलीये अर्थशास्त्रे व्यसनाधिकारिकेऽष्टमेऽधिकरणे
बलव्यसन-मित्रव्यसनवर्गो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

आदित एकविंशत्यधिकसततमोध्यायः ॥ १२१ ॥

समाप्तमिदमष्टमं व्यसनाधिकरणम्

अध्याय ५

प्रकरण १३३

फौजी सङ्कट

प्रकरण १३४

मित्रको सङ्कट

बल(फौज)सम्बन्धी व्यसन (सङ्कट) यी हुन्—

(१) अमानित—आदर नगरिएको, (२) विमानित—अनादर गरिएको, (३) अभृत—नपालिएको, (४) व्याधित—रोगी, (५) नवागत—नयाँ आएको, (६) दूरायात—टाढाबाट आएको, (७) परिश्रान्त—थाकेको, (८) परिक्षीण दुबलाएको, (९) प्रतिहत—ठक्कर पाएको, (१०) हताग्रवेग—अगाड़िको वेग मारिएको, (११) अनृतुप्राप्त—बेसमयमा पाइएको, (१२) अभूमिप्राप्त—बेठाउँमा पाइएको, (१३) आशानिर्वेदी—आशा गर्दागर्दै दिक्क भएको, (१४) परिसृप्त—

मुख्य हटेको, (१५) कलत्रगर्हो—जहान निको नमान्ने, (१६) अन्तःशल्य—भित्रीहरूको मन दुःखेको, (१७) कुपितमूल—प्रधानलाई रिस उठाएको, (१८) भिन्नगर्भ—पेट फुटेको, (१९) अपसृत–एक राज्यबाट हटेको,(२०) अतिक्षिप्त-अनेक राज्यबाट हटेको, (२१) उपनिविष्ट—शत्रुको नजीकमा रहेको, (२२) समाप्त—शत्रुसँग घना उठ-बस भएको, (२३) उपरुद्ध—एकातिर शत्रुले रोकिएको, (२४) परिक्षिप्त—सबैतिरबाट शत्रुले घेरिएको, (२५) छिन्न-धान्य-पुरुषवीवध—अन्न-मानिस भएको (२६) स्वविक्षिप्त—आफ्नै देशमा यता-उती छरिएको (२७) मित्रविक्षिप्त—मित्र-देशमा छरिएको, (२८) दूष्ययुक्त—द्रोहीसंग मिलेको, (२९) दुष्टपार्ष्णिग्राह—पछुवा शत्रु दुष्ट भएको, (३०) शून्यमूल—मूल ठाउँमा जगरो फौज, (३१) अस्वामिसंहत—स्वामी कोही नभएको, (३२) भिन्नकूट—सेनापति नभएको, (३४) अन्ध—शत्रुको खबर नपाउने ।

(क) असमानित (आदर नगरिएको) र विमानित (अनादर गरिएको)—पहिले आदर नगरिएको भए पनि फेरि धन-मान दिएर सत्कार गरिएमा लड्ने हुन्छ, अनादर गरिएकोचाहिं ता भित्र रिसाएको हुँदा लड्नै हुँदैन ।

(ख) अभृत (नपालिएको) र व्याधित (रोगी)—यी दुइमा अघि भरण-पोषण नपाएको भएपनि अब वेतन दिएर भरण गरिएमा लड्ने हुन्छ, रोगी त काम दिन नशक्ने हुनाले लड्नशक्तैन ।

(ग) नवागत (नयाँ आएको) र दूरायात (टाढाबाट आएको)—यी दुइमा नयाँ आएकोचाहीं पुरानो सेनासँग मिसिएर परिचय पाए पछि लड्ने हुन्छ । टाढाबाट आएको त आउदैमा थाकीसकेको हुनाले लड्ने हुदैन ।

(घ) परिश्रान्त (थाकेको) र परिक्षीण (निधो दुबलाएको)—यी दुइमा थाकेको चाहीं नुहाउन, खान, सुत्न, थकाइ मार्न पाएपछि लड्ने हुन्छ। अरु युद्धमा लड्दा-लड्दा निधो भइसकेको ता लड्नशक्तैन ।

(ङ) प्रतिहत (युद्धको आरम्भैमा वीर पुरुष मारिएकोले ठक्कर खाएको) र हताग्रवेग (हौसिला सेलाएको)—यी दुइमा ठक्कर खाएको पनि अर्को वीर पुरुषसाथ पाएपछि लड्ने हुन्छ । अगाडिको हौसला सेलाएकोचाहीं लड्दैन।

(च) अनृतुप्राप्त—(युद्ध गर्ने योग्य समय नपाएको) र अभूमिप्राप्त (युद्ध गर्ने अनुकूल ठाउँ न पाएको)—यी दुइमा अनुकूल समय नपाएकोचाहीं ऋतु सुहाउँदो वाहन-शस्त्र-कवचहरू पाएमा लड्ने हुन्छ; युद्धलाई अमिल्दो ठाउँ पाएको ता गति रोकिएर परिश्रम गर्न नपाउने भएर नलड्ने हुन्छ।

(छ) आशानिर्वेद—(आशा गर्दा-गर्दै दिक्क भएको) र परिसृप्त (आफूभन्दा माथिको मुख्य हटेको)—यी दुइमा आशा भङ्ग भएर सेलाएको पनि फेरि आशा गर्ने ठाउँ पाएपछि लड्ने हुन्छ, माथिको मुख्य पर सरेकोचाहीं आड नभएर नलड्ने हुन्छ. ।

(ज) कलत्रगर्ही (जहानको झंझट मान्ने) र अन्तःशल्य (मनमा वेदना भएको)—यी दुइमा पाल्नुपर्ने जहानको बोझा लागेर हताश हुनेचाहीं जहानको बन्दोबस्त राम्रो भएमा लड्ने हुन्छ, भित्र मनमा पीर लागेको ता शत्रु नै मुटुमा बसेको हुनाले लड्न शक्दैन ।

(झ) कुपितमूल (आफ्नो प्रधान रिसाएको) र भिन्नगर्भ (दलभित्र परस्पर फूट भएको)—यी दुइमा प्रधान कुपित भएकोचाहीं प्रधानलाई साम-दान आदि गराएमा लड्ने हुन्छ; दलमा परस्परमा फूट भएको ता मेल नहुनाले लड्न शक्दैन ।

(ञ) अपसृत (एक राज्यबाट पर सरेको) र अतिक्षिप्त (अनेक राज्यबाट हटेको)—यी दुइमा अपसृतचाहीं एकबाट हटाइदिएको भए पनि विशेष शिक्षा परिश्रमको भरले मित्र वा जङ्गलको आड़ लिएर लड्न शक्छ, अनेक राज्यबाट धक्का खाएकोचाहीं वा घेरै पीड़ित हुनाले लड्न शक्दैन ।

(ट) उपनिविष्ट (शत्रुको नजीकमा बसेको) र समाप्त (शत्रुसंगै मिलेको)—यी दुइमा बस-उठ नभएर नजीकमा बसेको मात्र भई राय नमिलेको शत्रुसँग लड्ने हुन्छ । शत्रुसंग घनिष्ठ सम्बन्ध भएको समाप्तचाहीं नलड्ने हुन्छ ।

(ठ) उपरुद्ध (एकातिरबाट रोकिएको) र परिक्षिप्त (सबैतिरबाट घेरिएको)—यी दुइमा उपरुद्धचाहीं एकापट्टि रोकिए पनि अर्कोपट्टिबाट निस्केर छेक्नेसँग लड्ने हुन्छ; चारैतिरबाट शत्रुले घेरिएको फौजले शत्रुसँग लड्न शक्दैन ।

(ड) विच्छिन्नधान्य (आफ्नो देशमा अनाज नआउने पारिएको) र विच्छिन्नपुरुषवीवध (आफ्नो देशमा लड्ने मानिस भारीतारी आउन नपाउने भएको)—यी दुइमा विछिन्नधान्यचाहीं आफ्नो देशबाट अनाज आउन रोकिए पनि अरु देशबाट ल्याएर फल-फूल, पशु-मांसहरू खाएर पनि लड्न शक्छ, मानिस-भारीको आवागमन रोकिएकोचाहीं आहार केही नपाई लड्न शक्दैन ।

(ढ) स्वविक्षिप्त (कामका निमित्त आफ्नो देशमा यता-उती छरिएको) र मित्रविक्षिप्त (मित्रको देशमा कामका निमित्त पठाइएको)—यी दुइमा स्वविक्षिप्तचाहीं शत्रुको सङ्कट परेको वेलामा बोलाएर ल्याउन शकिने हुन्छ, मित्रविक्षिप्तचाहीं ठाढ़ा पुगेको हुनाले विलम्ब हुने भई बखतमा काम दिननशक्ने हुन्छ।

(ण) दुष्ययुक्त (भित्रिया राजद्रोहीसंग मिलेको) र दुष्टपार्ष्णिग्राह (पछिल्तिर बसेर छिद्र खोज्ने शत्रुपछाड़ि परेको)—यी दुइमा दुष्ययुक्त राज्यभित्रका द्रोहीपट्टि लागे पनि आफ्ना विश्वासी मानिसको तहमा रहने भएमा लड्ने हुन्छ, पार्ष्णिग्राह दुष्ट भएकोचाहीं ता यता अगि सर्दा पछिल्तिरको शत्रुको मार खाने डरले लड्न शक्तैन।

(त) शून्यमूल (मुख्य ठाउँमा फौज बाकी नराखेर जम्मै लड्न हिडेको) र अस्वामिसंहत (राजा वा सेनापति कुनै अधिष्ठाता संचालक नभएको)—यी दुइमा शून्यमूलचाहीं अरु मदत दिने सैन्य नभए पनि नगरवासी जानपदहरूबाट रक्षा पाएर जम्मै मिलेर लड्न शक्तछ, अस्वामिसंहतचाहीं आफूमाथिको नायक प्रधान-कोही नहुनाले भिन्न मत भई लड्न शक्तैन।

(थ) भिन्नकूट (दाउको जस्तो सेनापति नभएको) र अन्ध (शत्रुको हालखबर केही थाहा नपाउने)—यी दुइमा भिन्नकूटचाहीं एक सेनापति नभए पनि अर्को सेनापतिको मातहतमा रहेर लड्दछ, शत्रुको चाल हेरेर यसो गर भन्ने उपदेश दिने कोही नभएको आफू केही नजान्ने अन्धो लड्न शक्तैन।

यति किसिमका फौजी सङ्कट वा दोषको वर्णन गरियो।

फौजीसङ्कट हटाउने—

दोषशुद्धि (अमानित, विमानित आदि दोष हटाउने यत्न), बलावाप (निर्दोष दुर्वल सैन्यलाई अरु बलवान् फौजको साथ लिएर बल बढाउनु), सुरक्षित हुने ठाउँमा राख्नु, बल बढ़ता हुने शत्रुसँग सन्धि गर्नु; यी उपायले फौजीसङ्कट टार्ने बाटो मिल्दछ।

सदासर्वदा जागरूक भएर सङ्कटमा आफ्नो सैन्यलाई शत्रुबाट बचाउने गर्नू। सधैं उत्साही भएर शत्रुको फौज वा सङ्कट परेको बखतमा जाइलाग्नू।

मित्रसङ्कट हटाउने—

आफ्नै निमित्त वा धेरै जना मिलेर अथवा अर्कै बन्धु-मित्रको कामका निमित्त शत्रुमाथि जाइलागेका मित्रलाई आफ्नो सामर्थ्य नभएर वा शत्रुपट्टिबाट धन लिने लोभमा परेर, अथवा शत्रुउपरको प्रेमले सहायता नदिई विजिगीषु (उमेदी राजाले) उपेक्षा गरी छोडिदिएमा, युद्धमा आक्रमण भइरहेको वेलामा सो काम पूरा नहुँदै आफ्नो मित्रलाई शत्रुपट्टिबाट धन लिएर सहायता नगरी आफू हटेर विक्री गरेझैं गरी गिराएमा, आफ्नो मित्रको शत्रुसँग सन्धि गरेर दोधारे भैरहेमा, तिमी यताबाट जाऊ म यताबाट आउँछु भनेर मित्रका शत्रुसँग मेल गरेर मित्र र शत्रु दुवैपट्टि लागेर चोचो-मोचो मिलाएर आफ्नो मित्रलाई छकाई दुर्बल पारेमा, अथवा आफ्नो भूमितिर आउने बाटो छेकिएको मित्रलाई, अथवा वध-बन्धनहरूको डरले आफ्नो नजीकबाट गएको मित्रलाई, जबर्दस्ती धन लुटेर अपमान गरिएको मित्रलाई, अथवा कबोलबमोजिम दिनुपर्ने नदिएर वा दिएर पनि अपमान गरिएको मित्रलाई, अथवा आफ्नै मुखले वा अर्कोद्वारा धन ज्यादै चुसिएको मित्रलाई, सामर्थ्य नदेखेर उपेक्षा गरिएको मित्रलाई, पहिले प्रार्थना गरेर बनाएको मित्रसँग आफै निउ खोजी विरोध गरेमा, मित्रहरू बिचलिई दूषित बन्ने हुन्छन्। त्यस्ता मित्रलाई प्रयत्न गरेर समाल्न सकिंदैन, समालिहाले पनि त्यो मित्र चाडै नै स्नेह नगर्ने बन्दछ।

यस्ता चित्त बिग्रेका मित्रहरूमा (१) विजिगीषुको भलाई निमित्त परिश्रम गरेको सत्कार गर्न योग्यलाई भूलले अपमान गरेमा, (२) मान गरे पनि चाहिंदो मान नगरिएका, (३) शत्रुहरूको भेद-नीति लागेर मित्रताबाट हटाइएका, (४) विजिगीषुले अर्को मित्रलाई धोका दिएको देखेर आफै डराएमा, वा (५) आफ्नो शत्रुपट्टि लागेकोले विजिगीषुलाई शङ्का लाग्ने भएमा, (६) अथवा आफ्नो देशका प्रधानहरू द्रोही भएर तिनले मित्रलाई फुटाएमा, यस्ता ६ किसिमका मित्रलाई सो दोष समालेर फेरि पहिलेजस्तै मित्रकायम राख्न सकिन्छ। सो मित्र स्थायी पनि हुन्छ। त्यसकारण मित्रता नाश गर्ने खालका दोषहरूलाई मित्रता बढाउने उपायहरूले समाल्नुपर्दछ।

तसर्थ विजय चाहने राजाले अगि वर्णन गरिएअनुसार स्वामी अमात्यादि प्रकृतिहरूमा पर्नआउने सङ्कटका कारण पर्ननआउने गर्नामा अगिबाटै विचार राखी बचाउ गर्नु पर्दछ।

अष्टम अधिकरण व्यसनाधिकारिक पूर्ण

अथ अभियास्यत्कर्म नवममधिकरणम्

प्रथमोऽध्यायः

१३५–१३६ प्रकरणे—शक्तिदेशकालबलाबलज्ञानं यात्राकालाश्च

विजिगीषुरात्मनः परस्य च बलाबलं शक्तिदेशकालयात्राकालबलसमुत्थानकालपश्चात्कोपक्षयव्ययलाभापदां ज्ञात्वा विशिष्टबलो यायात् । अन्यथासीत । उत्साहप्रभावयोरुत्साहः श्रेयान् । स्वयं हि राजा शूरो बलवानरोगः कृतास्त्रो दण्डद्वितीयोऽपि शक्तः प्रभाववन्तं राजानं जेतुम्, अल्पोऽपि चास्य दण्डस्तेजसा कृत्यकरो भवति । निरुत्साहस्तु प्रभाववान् राजा विक्रमाभिपन्नो नश्यति । इत्याचार्याः ।

नेति कौटिल्यः । प्रभाववानुत्साहवन्तं राजानं प्रभावेणातिसन्धत्ते । तद्विशिष्टमन्यं राजानमावाह्य हृत्वा क्रीत्वा प्रवीरपुरुषान् । प्रभूतप्रभावहयहस्तिरथोपकरणसम्पन्नश्चास्य दण्डः सर्वत्राप्रतिहतश्चरति । उत्साहवतश्च प्रभाववन्तो जित्वा क्रीत्वा च स्त्रियो बालाः पंगवोऽन्धाश्च पृथिवीं जिग्युः इति । प्रभावमंत्रयोः प्रभावः श्रेयान् । मंत्रशक्तिसम्पन्नो हि वन्ध्यबुद्धिरप्रभावो भवति, मंत्रकर्म चास्य निश्चितमप्रभावो गर्भधान्यमवृष्टिरिवोपहन्ति इत्याचार्याः ।

नेति कौटिल्यः—मंत्रशक्तिः श्रेयसी । प्रज्ञाशास्त्रचक्षुर्हि राजा अल्पेनापि प्रयत्नेन मंत्रमाधातुं शक्तः, परानुत्साहवतश्च सामादिभिर्योगोपनिषद्भ्यां चातिसन्धातुम् । एवमुत्साहप्रभावमंत्रशक्तीनामुत्तरोत्तराधिकोऽतिसन्धत्ते । देशः पृथिवी । तस्यां हिमवत्समुद्रान्तरमुदीचीनं योजनसहस्रपरिमाणम् तिर्यक् चक्रवर्तिक्षेत्रम् । तत्रारण्यो ग्राम्यः पार्वत औदको भौमः समो विषम इति विशेषाः । तेषु

यथास्वबलवृद्धिकरं कर्म प्रयुंजीत । यत्रात्मनः सैन्यव्यायामानां भूमिरभूमिः परस्य, स उत्तमो देशः विपरीतोऽधमः । साधारणो मध्यमः ।

कालः शीतोष्णवर्षात्मा । तस्य रात्रिरहः पक्षो मास ऋतुरयनं संवत्सरो युगमिति विशेषाः । तेषु यथा स्वबलवृद्धिकरं कर्म प्रयुञ्जीत । यत्रात्मनः सैन्यव्यायामानामृतुरनृतुः परस्य स उत्तमः कालः । विपरीतोऽधमः । साधारणो मध्यमः । शक्तिदेशकालानां तु शक्तिः श्रेयसीत्याचार्याः । शक्तिमान् हि निम्नस्थलवतो देशस्य शीतोष्णवर्षवतश्च कालस्य शक्तः प्रतीकारे भवति । देशः श्रेयानित्येके । स्थलगतो हि श्वा नक्रं विकर्षति । निम्नस्थलगतो नक्रः श्वानमिति । कालः श्रेयानित्येके । दिवा काकः कौशिकं हन्ति, रात्रौ कौशिकः काकम् इति । नेति कौटिल्यः । परस्परसाधका हि देशकालाः ।

तैरभ्युच्छ्रितः तृतीयं चतुर्थं वा दण्डस्यांशं मूले पार्ष्ण्यां प्रत्यन्ताटवीषु च रक्षां विधाय कार्यसाधनसहं कोशदण्डं चादाय क्षीणपुराणभक्तमगृहीतनवभक्तमसंस्कृतदुर्गममित्रं, वार्षिकं चास्य सस्यं हैमनं च मुष्टिमुपहन्तुं मार्गशीर्षीं यात्रां यायात् । क्षीणतृणकाष्ठोदकमसंस्कृतदुर्गममित्रं, वासन्तिकं चास्य सस्यं वार्षिकीं वा मुष्टिमुपहन्तुं ज्येष्ठामूलीयां यात्रां यायात् । अत्युष्णमल्पयवसेन्धनोदकं वा देशं हेमन्ते यायात् । तुषारदुर्दिनमगाधनिम्नप्रायं गहनतृणवृक्षं वा देशं ग्रीष्मे यायात् । स्वसैन्यव्यायामयोग्यं परस्यायोग्यं वर्षति यायात् ।

मार्गशीर्षीं तैषीं चान्तरेण दीर्घकालां यात्रां यायात् । चैत्रं वैशाखं चान्तरेण मध्यमकालां, ज्येष्ठामूलीयमाषाढं चान्तरेण ह्रस्वकालामुपोषिष्यन् । व्यसने चतुर्थीम् । व्यसनाभियानं विगृह्ययाने व्याख्यातम् । प्रायशश्चाचार्याः परव्यसने यातव्यमित्युपदिशन्ति ।

शक्त्युदये यातव्यमनैकान्तिकत्वाद्व्यसनानाम् । इति कौटिल्यः । यदा वा प्रयातः कर्शयितुमुच्छेत्तुं वा शक्नुयादमित्रं तदा यायात् । अत्युष्णोपक्षीणे कालेऽहस्तिबलप्रायो यायात् । हस्तिनो ह्यन्तःस्वेदाः कुष्ठिनो भवन्ति । अनवगाहमानास्तोयमपिबन्तश्चान्तरवक्षाराश्चान्धीभवन्ति । तस्मात्प्रभूतोदके देशे वर्षति च हस्तिबलप्रायो यायात् । विपर्यये खरोष्ट्राश्वबलप्रायः । देशमल्पवर्षपंकं वर्षति मरुप्रायं चतुरङ्गबलो यायात् । समविषमनिम्नस्थलह्रस्वदीर्घवशेन वाध्वनो यात्रां विभजेत् ।

सर्वा वा ह्रस्वकालाः स्युर्यातव्याः कार्यलाघवात् ।
दीर्घाः कार्यगुरुत्वाद्वा वर्षावासः परत्र च ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि नवमेऽधिकरणे
शक्तिदेश कालबलाबलज्ञानं यात्राकालो नाम प्रथमोऽध्यायः ॥ १ ॥

नवम अधिकरण अभियास्यत्कर्म

अभियान गर्नेको काम

अध्याय १

प्रकरण १३५

सामर्थ्य देशकालहरूको बलको विचार

प्रकरण १३६

(अभियान गर्ने समय)

(यो अधिकरणमा शत्रुलाई आक्रमण गर्ने अभियान गर्नेले गर्नुपर्ने आफ्नो र शत्रुको बलाबलको विचार र अरु गर्नुपर्ने प्रबन्धहरूको निरूपण गरिन्छ) ।

विजय चाहने राजाले आफ्नो पक्षमा र शत्रुको पक्षमा प्रभुशक्ति (आज्ञा मनाउने शक्ति), मन्त्रशक्ति (विचार ठीक हुनु), उत्साहशक्ति (जांगरिलोपन), कत्तिको छ, देश (ठाउँ) सजीलो अपठ्यारो कस्तो छ, जाडो, गर्मी आदि समय कस्तो छ, अभियान गर्ने समय अनुकूल छ-छैन, फौजलाई उठाउन समय अनुकूल छ-छैन, आफूले अभियान गरी अगाड़ि बढेमा पछाड़ि आफ्नै देशभित्रका र पार्ष्णिग्राह आदिले द्रोह गरेर पीडा दिने-नदिने, लड्ने मानिस पुग्ने-नपुग्ने कस्तो छ, खर्च कति हुन्छ, भियाउँछ-भियाउँदैन, पछि लाभ के हुन्छ, विपत्ति-सङ्कट कस्तो, के, कति परिआउँछ, यी सबै कुरामा दुवैतर्फको बलाबल तुलना गरेर विचार गर्दा, आफ्नो पक्षमा बढ़ी बल, शत्रुपक्षमा कम बल छ भन्ने निश्चय भएमात्र अभियान गर्नू। आफ्नो बल कम्ती, शत्रुको बल बढ़ी देखेमा अभियान नगरेर चूप लागी रहनुपर्दछ।

शक्ति—

शूरता, बल, आरोग्यसमेत ३ भेद भएको उत्साहशक्ति र कोश-दण्ड—(खजाना र फौज)को बलस्वरूप प्रभावशक्ति, यी दुईमा उत्साह नै ठूलो हो। राजा खास आफू शूरो, बलियो, नीरोग, अस्त्र चलाउन निपुण छ भने लट्ठीमात्र हातमा लिएर पनि प्रभाववान् शत्रु राजालाई जित्न शक्तछ। यस्ताको तेजले सानै पनि सेनाले काम गर्न शक्तछ। उत्साहै नभएको छ भने ता कोश-दण्ड प्रशस्त भए पनि आक्रमणतिर लाग्दा बिग्रन्छ भनि आचार्यहरू भन्दछन्।

यसो होइन, प्रभाव पूरा भएको राजाले आफ्नै प्रभावले शत्रुभन्दा बलियो अर्को राजालाई आफ्ना सहायताका निमित्त बोलाएर धनद्वारा वीर वीर मानिसहरू आफूपट्टि बढाएर पनि उत्साही शत्रु राजालाई पनि दबाउन शक्तछ। धेरै प्रभाव—घोडा, हात्ती, रथ, सामानहरूले भरिभराउ भएर यसको दण्ड (फौज) सबैतिर विनाबाधा फैलिन्छ। प्रभावशाली भएका स्त्री, बालक, लगडा, अन्धाहरूले पनि उत्साहीहरूलाई जितेर विजयी भएको सुनिन्छ। प्रभुशक्ति र मन्त्रशक्तिमा प्रभुशक्ति ठूलो हो। आफ्नो प्रभाव नभएको राजा मन्त्रशक्ति पूर्ण भए पनि विचार-बुद्धि खेर जाने हुन्छ। प्रभुशक्तिको अभावले त्यसको मन्त्रणाको कामलाई वर्षा नहुनाले नपोटाउने धानलाई नै बिगार्दछ भनि आचार्यहरू भन्दछन्।

यो होइन, मन्त्रशक्ति ठूलो हो, विशेष ज्ञान र शास्त्र यिनै दुइ आँखा भएको राजाले थोरै प्रयत्न गरेर पनि मन्त्रणा राम्रो गर्न र उत्साह र प्रभाव

भएका शत्रुहरूलाई योग (गुप्तिपुरुषद्वारा घातक कर्म) र उपनिषद् (औपनिषद् विधानमा लेखिएको विष, आगो आदिको प्रयोग) गरेर जित्नशक्तछ। यही तरहले उत्साह, प्रभाव, मन्त्रशक्ति यी तीनमा पहिलोभन्दा दोस्रो, दोस्रो भन्दा पनि तेस्रो शक्तिले जित्तछ भनि **कौटल्य** भन्दछन्।

देश—

देश भनेको पृथिवी हो। पृथिवीमा उत्तर-दक्षिण हिमालयदेखि समुद्रसम्म, पूर्व पश्चिम यी दुइको बीच १००० योजन परिमित भाग यति चौहद्दी भएको चक्रवर्ति-क्षेत्र हो, जसमा अखण्ड शासन गर्ने चक्रवर्ती कहलाउँछ। यसभित्र जङ्गल भएको, गाउँ भएको, पहाड़ भएको, पानी भएको, आरण्य (खेती-नहुने जङ्गल भएको), ग्राम्य (खेती हुने गाउँ बसेको), पार्वत (ऊचो पथरिलो), औदक (पानी रसाउने), भौम (स्थल भएको), सम (अग्लो-होचो नभई सम्म परेको), विषम—(अग्लो-होचो भएर अमिल्दो) यति किसिम हुन्छन्। तिनमा जसरी हुन्छ आफ्नो फौज बढाउने काम गर्नुपर्दछ। जहां आफ्ना फौजलाई व्यायाम (दौडधूप, परिश्रम) गर्न उचित ठाउँ छ; शत्रुको सैन्यले परिश्रम गर्न नशकिने हुन्छ, त्यही देश उत्तम हो। यसको उल्टो (आफूलाई अमिल्दो शत्रुलाई मिल्दो) देश अधम, दुवै थरीलाई हुने साधारण देश मझौला हो।

काल—

काल भनेको जाडो हुने, गर्मी हुने, वर्षा हुने तीन किसिमको हुन्छ। यो कालमा रात, दिन, पक्ष, महिना, ऋतु, अयन (दक्षिण, उत्तर), वर्ष, युग (पाँच वर्षको) यी भेद छन्। यिनमा आफ्नो फौजी बल बढ़ाउने काम गर्नुपर्दछ। जसमा आफ्ना फौजलाई व्यायाम (परिश्रम) गर्नालाई अनुकूल शत्रुकुललाई अमिल्दो ऋतु छ त्यही उत्तम काल हो। यसको उल्टो अधम, दुवैलाई मिल्दो मध्यम हो।

शक्ति, देश, काल यी तीनमा शक्ति नै ठूलो हो। शक्ति भएकोले गहीरो ठाउँ भएको देश, जाड़ो, गर्मी, वर्षा धेरै भएको कालको पनि बचाउ गर्न शक्तछ भनि आचार्यहरू भन्दछन्। देश नै सबभन्दा ठूलो हो, त्यही अनुकूल हुनुपर्दछ। पाखांमा बसेको कुकुरले गोहीलाई तान्दछ, गहीरो ठाउँमा बसेको गोहीले कुकुरलाई तान्दछ भनि कोही भन्दछन्। काल नै सबभन्दा ठूलो हो,

त्यही अनुकूल चाहिन्छ। दिउँसो कागले लाटोकोसेरोलाई मार्दछ, राति लाटोकोसेरोले कागलाई मार्दछ भनि कोही भन्दछन्।

त्यसो होइन, शक्ति, देश, काल यी तीनैवटा एकले अर्कालाई बल दिन्छन्। शक्तिलाई देश र कालले, देशलाई शक्ति र कालले, काललाई शक्ति र देशले भर दिन्छन्। परस्पर-परस्परको सापेक्ष हुनाले तीनै कुरा समान प्रधान हुन् भनि कौटल्य भन्दछन्।

यात्राकाल—

शक्ति, देश, काल यी तीनवटैको बल पाएको विजिगीषु राजा आफ्नो फौजको तृतीयांश वा चतुर्थांशजति फौज मूल राजधानीमा र पछाड़िको भागमा देशको छेउका जङ्गलमा पनि रक्षाका निमित्त राखी, मनोरथ गरेको कार्य सिद्ध गर्नशक्ने कोशदण्ड (धन-फौज) साथमा लिएर पुरानो अन्न सिद्धिन लागेको नयाँ फसलको अनाज जम्मा नभएको, किल्ला पनि बलियो नपरेको शत्रुका प्रति वर्षे र हिउदे बाली दुवैलाई धक्का दिनेगरी मार्गशीर्ष महिनामा अभियान गर्नू र हिउदे बाली र वासन्ती बीउ नाश गर्न चैत्र महिनामा, वासन्ती बाली र वर्षे बीउ बिगार्न ज्येष्ठा मूल(ज्येष्ठ महिना)तिर हमला गर्न जानू। किंवा ज्यादा गर्मी, घास, दाउरा पानी कम भएको देशतिर जाड़ो समयमा, हिउँ बर्सी रहने गहीरो तलाउहरू भएको, झाड़ी-रूखहरू धेरै भएको देशतिर गर्मी समयमा, आफ्नो फौजले परिश्रमगर्न सकिने शत्रुसैन्यले परिश्रम गर्न नसकिने समय पारेर वर्षा समयमा अभियान गर्नू।

मार्गशीर्ष र पौषको बीचमा धेरै समय लाग्ने, चैत्र र वैशाखको बीचमा मध्यम समय लाग्ने, ज्येष्ठ आषाढ़को बीचमा थोरै समय लाग्ने गरी अभियान गर्नूं।

चौथो अभियानको समय शत्रुलाई सङ्कट परेको बखत हो। शत्रुलाई सङ्कट परेमा अभियान गर्ने कुरा निगृह्ययान(निउ खोजेर अभियान गर्ने कुरा)को प्रसङ्गमा भनिएको छ, धेरैजसो आचार्यले शत्रुलाई सङ्कट परेमा हमला गर्नू भनि उपदेश गर्दछन्।

आफ्नो शक्ति बढेको वेलामा अभियान गर्नुपर्दछ, शत्रुलाई सङ्कट परेको भए पनि आफ्नो शक्ति नभएको वेलामा सफलता नहुने, शत्रुलाई सङ्कट नपरेको भए पनि आफ्नो शक्ति बढ़ेको बखतमा सफलता हुने हुनाले, शत्रुको

सङ्कट परेकै समयमा अभियान गर्ने नियम छैन, अथवा जुन बखतमा अभियान गर्दा शत्रुलाई लेथ्ना पार्न वा उखेल्न सकिने हुन्छ, त्यस बखतमा अभियान गर्नू भनि कौटल्य भन्दछन्। ज्यादा गर्मी भएको ग्रीष्म समयमा हात्तीको फौज धेरै नभएको अरु गधा-ऊँटहरूको फौज धेरै भएकोले अभियान गर्नू। किनकि हात्तीहरू गर्मीले गुम्सिएमा कुष्ठ-रोगी हुन्छन्। नहाउने नपाए, पानी पिउन नपाए भित्र डाह भएर अन्धा हुन्छन्। त्यसकारण हात्तीको फौज धेरै हुनेले पानी प्रशस्त नभएको ठाउमा किंवा वर्षाको समयमा अभियान गर्नू। गधा, ऊँट, घोड़ाको फौज धेरै हुनेले पानी कम भएको ठाउँमा, वर्षा नभएको समयमा अभियान गर्नू। वर्षा, हीलो कम भएको मरूभूमि, जस्तो ठाउँमा, वर्षा भएको समयमा पनि हात्ती, घोड़ा, रथ, पैदल, चतुरङ्ग फौज लिएर अभियान गर्नू।

सम्म, अपठ्यारो, गहीरो (थाप) ऊँचा ठाउँको, पानी नभएको ठाउँको, बाटो लामो-छोटो कति पर्दछ त्यो सबै विचार गरोस्।

अथवा काम छोटो हुनु बेस हुनाले थोरै समयमा सिद्धिने गरी अभियान गर्नु बेस छ। काम ठूलो धेरै लाग्ने भएमा लामो कालमा सिद्धिने गरेर पनि अभियान हुन्छ।

वर्षामा बस्ने काम भरशक आफ्नै देशमा पार्नू। उस्तै परेमा शत्रुको देशमा पनि वर्षामा वास हुन सक्तछ।

अथ द्वितीयोऽध्यायः

१३७–१३९ प्रकरणे—बलोपादानकालाः सन्नाहगुणाः प्रतिबलकर्म च

मौलभृतकश्रेणीमित्रामित्राटवीबलानां समुद्दानकालाः। मूलरक्षणादितिरिक्तं मौलबलम्। अत्यावापयुक्ता वा मौला मूले कुर्वीरन्निति। बहुलानुरक्तमौलबलः सारबलो वा प्रतियोद्धा व्यायामेन योद्धव्यमिति। प्रकृष्टेऽध्वनि काले वा क्षयव्ययसहत्वान्मौलबलानामिति। बहुलानुरक्तसम्पाते च यातव्यस्योपजापभयादन्यसैन्यानां भृतादीनामविश्वासे बलक्षये वा सर्वसैन्यानामिति मौलबलकालः।

प्रभूतं मे भृतबलमल्पं च मौलबलमिति । परस्याल्पं विरक्तं वा मौलबलं फल्गुप्रायमसारं वा भृतसैन्यमिति, मंत्रेण योद्धव्यमल्पव्यायामेनेति, ह्रस्वो देशः कालो वा तनुक्षयव्ययः इति, अल्पसम्पातं शान्तोपजापं विश्वस्तं वा मे सैन्यमिति, परस्याल्पः प्रसारो हन्तव्य इति भृतबलकालः ।

प्रभूतं मे श्रेणीबलं शक्यं मूले यात्रायां चाधातुमिति, ह्रस्वप्रवास, श्रेणीबलप्रायः प्रतियोद्धा, मंत्रव्यायामाभ्यां प्रतियोद्धुकामो दण्डबलव्यवहारः । इति श्रेणीबलकालः । प्रभूतं मे मित्रबलं शक्यं मूले यात्रायां चाधातुमिति, अल्पः प्रवासो मन्त्रयुद्धाच्च भूयो व्यायामयुद्धम् इति, मित्रबलेन वा पूर्वमटवीं नगरीस्थानमासारं वा योधयित्वा पश्चात्स्वबलेन योधयिष्यामि, मित्रसाधारणं वा मे कार्यं, मित्रायत्ता वा मे कार्यसिद्धिः, आसन्नमनुग्राह्यं वा मे मित्रम् , अत्यावापं वास्य साधयिष्यामि इति मित्रबलकालः ।

प्रभूतं मे शत्रुबलं शत्रुबलेन योधयिष्यामि नगरस्थानम्, अटवीं वा । तत्र मे श्ववराहयोः कलहे चण्डालस्येवान्यतरसिद्धिर्भविष्यति । आसाराणामटवीनां कण्टकमर्दनमेतत्करिष्यामि, अत्युपचितं वा कोपभयान्नित्यमासन्नमरिबलं वासयेदन्यत्राभ्यन्तरकोपशंकायाः, शत्रुयुद्धावरयुद्धकालश्च । इत्यमित्रबलकालः ।

तेनाटवीबलकालो व्याख्यातः । मार्गदेशिकं परभूमियोग्यमरियुद्धप्रतिलोममटवीबलप्रायः शत्रुर्वा बिल्वं बिल्वेन हन्यताम् । अल्पः प्रसारो हन्तव्यः । इत्यटवीबलकालः ।

सैन्यमनेकमनेकजातीयस्थमुक्तमनुक्तं वा विलोपार्थं यदुत्तिष्ठति, तदौत्साहिकम् । भक्तवेतनविलोपविष्टिप्रतापकरं भेद्यं परेषाम् , अभेद्यं तुल्यदेशजातिशिल्पप्रायं संहतं महत् । इति बलोपादानकालाः । तेषां कुप्यभृतममित्राटवीबलं विलोपभृतं वा कुर्यात् । अमित्रस्य वा

बलकाले प्रत्युत्पन्ने शत्रुमपगृह्णीयात् अन्यत्र वा प्रेषयेत् । अफलं वा कुर्यात् । विक्षिप्तं वा वासयेत् । काले वातिक्रान्ते विसृजेत् । परस्य चैतद्बलसमुद्दानं विघातयेत्, आत्मनः सम्पादयेत् ।

पूर्वं पूर्वं चैषां श्रेयः सन्नाहयितुम् । तद्भावभावित्वान्नित्यसत्कारानुगमाच्च मौलबलं भृतबलाच्छ्रेयः । नित्यानन्तरं क्षिप्रोत्थायि वश्यं च भृतबलं श्रेणीबलाच्छ्रेयः । जानपदमेकार्थोपगतं तुल्यसंघर्षामर्षसिद्धिलाभं च श्रेणीबलं मित्रबलाच्छ्रेयः । अपरिमितदेशकालमेकार्थोपगमाच्च मित्रबलममित्रबलाच्छ्रेयः । आर्याधिष्ठितममित्रबलमटवीबलाच्छ्रेयः । तदुभयं विलोपार्थम् । अविलोपे व्यसने च ताभ्यामहिभयं स्यात् । ब्राह्मणक्षत्रियवैश्यशूद्रसैन्यानां तेजःप्राधान्यात्पूर्वं पूर्वं श्रेयः सन्नाहयितुमित्याचार्याः ।

नेति कौटिल्यः । प्रणिपातेन ब्राह्मणबलं परोऽभिहारयेत् । प्रहरणविद्याविनीतं तु क्षत्रियबलं श्रेयः, बहुलसारं वा वैश्यशूद्रबलमिति । तस्मात् 'एवं बलः परः, तस्यैतत्प्रतिबलम्' इति बलसमुद्दानं कुर्यात् । हस्तियन्त्रशकटगर्भकुम्भकुन्तप्रासहाटकवेणुशल्यवद्धस्तिबलस्य प्रतिबलम् । तदेव पाषाणलगुडावरणांकुशग्रहणीप्रायः रथबलस्य प्रतिबलम् । तदेवाश्वानां प्रतिबलम् । वर्मिणो वा हस्तिनोऽश्वा वा वर्मिणः । कवचिनो रथा आवरणिनः पत्तयश्चतुरंगबलस्य प्रतिबलम् ।

एवं बलसमुद्दानं परसैन्यनिवारणम् ।
विभवेन स्वसैन्यानां कुर्यादङ्गविकल्पशः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि बलोपादानकालाः
सन्नाहगुणाः प्रतिबलकर्म नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १३७

फौजलाई काम खटाउने समय

प्रकरण १३८

फौजको तयारीको गुण

प्रकरण १३९

शत्रु-बलमा आफ्नो फौजको प्रतिक्रिया गर्नु

(१) फौज काम लाउने समय—

अब मौल—आफ्नो मूल स्थानमा रहोरहने फौज, भृतक—कामको निमित्त वेतन दिएर राखिएको फौज, श्रेणी—जनपद्का शस्त्रधारीको दल, मित्रको फौज, शत्रुको फौज, आटविक—जङ्गलीहरूको दल, यिनीहरूलाई काम खटाउने समय बताइन्छ।

स्थानीय(राजधानी)को रक्षालाई चाहिनेभन्दा बढ़ता मौल सैन्य (स्थायी फौज)छन् भनेर अथवा भित्र चिढिएका स्थायी मुख्य फौजले मूल ठाउँमा बिगार गर्लान् कि, यिनलाई आफूसँगै लैजानुपर्दछ भनेर, अथवा अनुरागी मुख्य फौज धेरै भएको वा बढ़ी शूरो फौज भएको शत्रुसँग ठूलो बल लिएर लड्नुपर्दछ। मुख्य स्थायी फौजहरू लामो बाटो, लामो समयमा पनि नाश र खर्च सकने हुन्छन् भनेर, शत्रुको प्रेमी दूतहरू धेरै आइलागेर भर्ती आदि अरू सैन्यलाई फुटाई भत्काउनन् कि भनि तिनको भर नमानेर अरू सैन्यहरूको हौसला कम होला भनेर मौल—खान्दानी मुख्य स्थायी फौजलाई काम लाउने वेला हुन्छ।

मेरो नया भर्ती फौज प्रशस्त छ, स्थायी मुख्य फौज थोरै छ, शत्रुको मौल फौज विरल र थोरै छ, भर्ती फौज थोरै र निर्धो पनि छ भनेर थोरै परिश्रम गरी लड्नुपर्दछ। देश, काल छोटो थोरै हानि र खर्च गर्नुपर्दछ। शत्रुका दूतहरू थोरै आउने, फूट गराउन नसकिने विश्वासी फौज मेरा छन्, शत्रुको थोरै नै प्रसार छ भन्ने अवस्थामा भृतक(भर्त्ती फौज)लाई काम लाउने वेला हुन्छ।

मेरो श्रेणी(शस्त्रधारी रैती)को फौज प्रशस्त भई राजधानीहरूको रक्षामा अभियानमा पठाउन पनि पुग्दो छ, शत्रु-देश टाढ़ा नहुनाले छोटो प्रवास छ, शत्रु पनि श्रेणीबल नै धेरै भएकोले विचार परिश्रम गरेर युद्ध गर्न चाहने भई अरूले दिएको फौजको भरमा युद्ध गर्ने भएमा श्रेणी फौजलाई काम लाउने वेला हुन्छ।

मेरो मित्रको फौज धेरै छ, मूल राजधानीको रक्षालाई र अभियानलाई पनि पुग्दो छ, शत्रु-देश टाढ़ा नहुनाले प्रवास पनि धेरै पर्दैन, मौनयुद्ध(शीत-युद्ध)भन्दा खुलायुद्ध पूरा हुन्छ, यसले धेरै खर्च पर्ने हुँदैन, पहिले मित्रको फौजद्वारा शत्रुको जङ्गलीदल, मित्रबल(मित्रको सैन्य)को फौज लड़ाएर पछिबाट आफ्नो फौजद्वारा युद्ध गर्नलाउँछु, मेरो र मित्रको काम साझा छ, मेरो कार्यसिद्धि मित्रको भरमा रहेको छ, मेरा मित्र नजिकमा छन्, मैले उनको उपकार गर्नुपर्दछ, मित्रको अत्यावाप पूरा सहायता गराउँछु भन्ने मौकामा मित्रका फौजलाई अगि सार्ने समय हुन्छ।

यौटा शत्रुको दललाई अर्को शत्रुको दलसँग मूलनगरमा युद्ध गराउँछु अथवा मेरा शत्रुको फौजीबल धेरै छ, उससँग उनको शत्रु दलसँग वा शत्रुका जङ्गलीदललाई अगि सारेर लडाउँछु। त्यसमा कुकुर र वनेलको झगड़ा भएमा यौटा-न-यौटाको वधबाट चण्डाल जातिलाई लाभ (मासु खान पाउने) भएझैं मेरो फायदा नै हुनेछ भन्ने, वा मेरा मित्रका फौज र जङ्गली-दलका विरोधी काँढ़ाजस्ता शत्रुको दलका मानिसलाई दबाउने बाटो यो हो भन्ने भएमा शत्रुले आफ्नो अर्को शत्रुसँग लड्न लागेको वेलामा पनि शत्रुको दल अगि सार्ने वेला हुन्छ। यही किसिमसँग जङ्गलीदल अगि सार्ने समय पनि अगि भनिएको शत्रुदललाई अगि सार्ने समयजस्तै हो। शत्रुको देशमा अभियान गर्न योग्य बाटो देखाउने भनेर वा शत्रु-देशमा युद्ध गर्न मिल्दो शस्त्रास्त्रको शिक्षा पाएको वा शत्रुसँग युद्ध गर्नुभन्दा पहिलेदेखि नै विपक्षमा रहेको भएमा जङ्गलीदल नै अगाड़ि सारेर बेललाई बेलैले हानेर फोरेझैं शत्रुको देशमा शत्रुदलबाटै शत्रुलाई हान्नुपर्दछ। यसरी जङ्गलीदल उठाउने काल हो।

एक मुख्य सेनापति नभएको अनेक किसिमको देशमा रहने आफूले भनेको वा नभनेको पनि दल शत्रुको देशमा लुट-पिट गर्न आफै उठेको, आफ्नै उत्साहले उठेको औत्साहिक दल पनि हुन्छ। तिनीहरू आफूले दिएको खाना वा नगदी वेतन लिएर लुट-पिट, किल्लाहरू भत्काउने-बिगार्ने काम गर्दछन्। यस्तालाई शत्रुले फुटाउन शकिने र समान देश, समान शिल्प भएको ठूलो गठ बाँधी रहेकोलाई फुटाउन नशकिने पनि हुन्छ।

यहाँसम्म अनेकथरी फौजलाई काम लिने समय बताइयो। यी सेनाहरूमा शत्रुदल, जङ्गलीदललाई जिन्सी, अन्न, वस्त्र, आदि र लूट-पीटमा आएको धनबाट वेतन दिएर हात लिनुपर्दछ। शत्रु बढेर आएको बखतमा यी दललाई अगि सार्नू, अथवा अन्तै कही पठाउनू। शत्रुपट्टिको काम पूरा भएपछि तिनलाई विदा गर्नूं। विजिगीषुले शत्रुको सेना-संग्रहमा बाधा पार्दै गरी आफ्नोतर्फका सेना जमाउँदै गर्नुपर्दछ।

(२) फौजी तयारीको गुण—

यी भनिएका छः किसिमका फौज मध्यमा अगिल्लो, अगिल्लोचाहीं फौज वेस हुन्छ। आफूसँगसँगै सधैं सत्कार-आदर पाउने हुनाले भर्तीदलभन्दा मौल (मुख्य) फौज बढिया हुन्छ। सँधै दायाँ-बायाँ रहने र झट्टै खड़ा हुने आफ्नो अधीन पनि हुनाले भर्तीदल श्रेणीदलभन्दा वेस।

आफ्नै देशको र रीस-डाहा कार्यसिद्धि लाभ बराबरै भएको श्रेणीबल शत्रुदलभन्दा असल, सञ्चालक भएको हुनाले शत्रुको दल पनि जङ्गलीदलभन्दा वेस हुन्छ।

शत्रुदल र जङ्गलीदल दुवै लुट-पीट गर्ने कामका निमित्त हुन्छ। लुट-पिटबाहेक युद्धमा र आफूलाई संकट परेको वेलामा त्यस्ताबाट अहिभय (भित्री-कलह) हुने हुन्छ।

ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र सैन्यहरूमध्यमा बढ्ता तेज जदोपना हुने अगिल्लो, अगिल्लोचाहीं जमा गर्ने योग्य हुन्छ भनि आचार्यहरू भन्दछन्।

त्यसो होइन, ब्राह्मणको दललाई नम्र भएर आदर-सत्कार गरी शत्रुले हात लिन शक्तछ, शस्त्र-विद्यामा शिक्षत भएको दल नै वेस हुन्छ, अथवा धन-धान्य आदि सार धेरै, वीर धेरै भएको वैश्य शूद्रको दल वेस हुन्छ भनि कौटल्य भन्दछन्।

(३) प्रतिबलकर्म (प्रतिक्रिया गर्ने बल)—

अतः शत्रुको दल यति छ, त्यसको मुकाबिला गर्ने आफ्नो दल यो यति छ भनि फौज जमाउने गर्नू।

हात्तीको फौजलाई दबाउने दल जब्बर हात्ती, जामदग्न्य आदि मन्त्र, शकटकर्म (गाडाजस्तो व्यूह), कुन्त (भाला), प्रास (लामो भाला), हाटक (तीनमुखे भाला), वेण (लामो), कोरी शङ्कु (चारैतिर कीला भएको फलामे दण्ड) —यिनै र ठूलो पत्थर, लगुड (छोटो गदा), आवरण (कवच), अङ्कुश ग्रहण, ठूलो फाली भएका अङ्कुशसमेतको बाँस, यस्तो धेरै भएको दल,रथ-

दललाई प्रतिबल (मुकाबिला गर्ने) घोडाको दलमा मुकाबिला गर्ने पनि यिनै हुन्छन् ।

कवच लाएका हात्ती, कवच भएका घोडा, कवच भएका रथ-पैदलहरू चतुरङ्ग फौजसँग मुकाविला गर्ने प्रतिबल हुन् ।

यस्तो आफ्नो फौज जमाउने र शत्रुको फौजलाई हटाउने काम सबै अङ्ग हात्ती, घोडा, रथ, पैदलहरूको विभाग-विभागका आफ्नो सैन्यको बल-वर्धन विचार गरेर गर्नुपर्दछ ।

अथ तृतीयोऽध्यायः

१४०–१४१ प्रकरणे—पश्चात्कोपचिन्ता बाह्याभ्यन्तरकोपप्रतीकारश्च

अल्पः पश्चात्कोपो महान् पुरस्ताल्लाभ इति । अल्पः पश्चात्कोपो गरीयान् । अल्पं पश्चात्कोपं दूष्यामित्राटविका हि सर्वतः समेधयन्ति, प्रकृतिकोपो वा । लब्धमपि च महान्तं पुरस्ताल्लाभमेवंभूते भृते भृत्यामित्रक्षयव्यया ग्रसन्ते । तस्मात्सहस्रैकीयः पुरस्ताल्लाभस्यायोगः शतैकीयो वा पश्चात्कोप इति न यायात् । सूचीमुखा ह्यनर्था इति लोकप्रवादः ।

पश्चात्कोपे सामदानदण्डभेदान्प्रयुंजीत । पुरस्ताल्लाभे सेनापतिं कुमारं वा दण्डचारिणं कुर्वीत । बलवान् वा राजा पश्चात्कोपावग्रहसमर्थः पुरस्ताल्लाभमादातुं यायात् । आभ्यन्तरकोपशंकायां शंकितानादाय यायात् । बाह्यकोपशंकायां वा पुत्रदारमेषामभ्यन्तरावग्रहं कृत्वा शून्यपालमनेकबलवर्गमनेकमुख्यं च स्थापयित्वा यायात् । न वा यायात् । 'आभ्यन्तरकोपो बाह्यकोपात्पापीयान्' इत्युक्तं पुरस्तात् ।

मंत्रिपुरोहितसेनापतियुवराजानामन्यतमकोपोऽभ्यन्तरकोपः । तमात्मदोषत्यागेन परशक्त्यपराधवशेन वा साधयेत् । महापराधेऽपि पुरोहिते संरोधनमवस्रावणं वा सिद्धिः, युवराजे संरोधनं निग्रहो वा पुत्रे गुणवत्यस्मिन्सति पुत्रे । ताभ्यां मंत्रिसेनापती व्याख्यातौ । पुत्रं भ्रातरमन्यं वा कुल्यं राज्यग्राहिणमुत्साहेन साधयेत् । उत्साहाभावे

गृहीतानुवर्तनसन्धिकर्मभ्यामरिसन्धानभयात् । अन्येभ्यस्तद्विधेभ्यो वा भूमिदानैर्विश्वासयेदेनम् । तद्विशिष्टं स्वयंग्राहं दण्डं वा प्रेषयेत्, सामन्ताटविकान् वा । तैर्विगृहीतमतिसन्दध्यात् । अवरुद्धादानं पारग्रामिकं वा योगमातिष्ठेत् । एतेन मंत्रिसेनापती व्याख्यातौ ।

मंत्र्यादिवर्जानामन्तरमात्यानामन्यतरकोपोऽन्तरमात्यकोपः । तत्रापि यथार्हमुपायान् प्रयुंजीत । राष्ट्रमुख्यान्तपालाटविकदण्डोपनतानामन्यतमकोपो बाह्यकोपः । तमन्योन्येनावग्राहयेत् । अतिदुर्गप्रतिष्टब्धं वा सामन्ताटविकतत्कुलीनावरुद्धानामन्यतमेनावग्राहयेत् । मित्रेणोपग्राहयेद्वा, यथा नामित्रं गच्छेत् । अमित्राद्वा सत्री भेदयेदेनम् —'अयं त्वां योगषुरुषं मन्यमानो भर्तर्येव विक्रमयिष्यति, अवाप्तार्थो दण्डचारिणममित्राटविकेषु कृच्छ्रे वा प्रवासे योजयिष्यति, विपुत्रदारमन्ते वा वासयिष्यति । प्रतिहतविक्रमं त्वां भर्तरि पण्यं करिष्यति, त्वया सन्धि कृत्वा भर्तारमेव प्रसादयिष्यति, मित्रमुपकृष्टं वास्य गच्छेत्' इति । प्रतिपन्नमिष्टाभिप्रायैः पूजयेत् । अप्रतिपन्नस्य संश्रयं भेदयेत्—'असौ ते योगपुरुषः प्रणिहितः' इति ।

सत्री चैनमभित्यक्तशासनैर्घातयेद्गूढपुरुषैर्वा । सहप्रस्थायिनो वास्य प्रवीरपुरुषान् यथाभिप्रायकरणेनावाहयेत् । तेन प्रणिहितान् सत्री ब्रूयात् । इति सिद्धिः । परस्य चैनान्कोपानुत्थापयेत् । आत्मनश्च शमयेत् । यः कोपं कर्तुं शमयितुं वा शक्तः, तत्रोपजापः कार्यः । यः सत्यसन्धः शक्तः कर्मणि फलावाप्तौ चानुग्रहीतुं विनिपाते च त्रातुं, तत्र प्रतिजापः कार्यः । तर्कयितव्यश्च—'कल्याणबुद्धिरुताहो शठः' इति ।

शठो बाह्योऽभ्यन्तरमेवमुपजपति—'भर्तारं चेद्धत्वा मां प्रतिपादयिष्यति शत्रुवधो भूमिलाभश्च मे द्विविधो लाभो भविष्यति । अथवा शत्रुरेनमाहनिष्यति । हतबन्धुपक्षस्तुल्यदोषदण्डेन वा उद्विग्नश्च मे भूयान् कृत्यपक्षो भविष्यति । तद्विधे वान्यस्मिन्नपि शंकितो भविष्य-

ति। अन्यमन्यं चास्य मुख्यमभित्यक्तशासनेन घातयिष्यामि' इति।

अभ्यन्तरो वा शठो बाह्यमेवमुपजपति—'कोशमस्य हरिष्यामि, दण्डं वास्य हनिष्यामि, दुष्टं वास्य भर्तारमनेन घातयिष्यामि, प्रतिपन्न बाह्यममित्राटविकेषु विक्रमयिष्यामि। चक्रमस्य सज्यतां वैरमस्य प्रसज्यतां ततः स्वाधीनो मे भविष्यति, ततो भर्तारमेव प्रसादयिष्यामि, स्वयं वा राज्यं ग्रहीष्यामि, बद्ध्वा वा बाह्यभूमिं भर्तृभूमिं चोभयमवाप्स्यामि, निरुद्धं वा वाहयित्वा बाह्यं विश्वस्तं घातयिष्यामि, शून्यं वास्य मूलं हरिष्यामि इति। कल्याणबुद्धिस्तु सहजीव्यर्थमुपजपति। कल्याणबुद्धिना सन्दधीत। शठं 'तथा' इति प्रतिगृह्यातिसन्दध्यात् इति। एवमुपलभ्य—

परे परेभ्यः स्वे स्वेभ्यः स्वे परेभ्यः स्वतः परे।
रक्ष्याः स्वेभ्यः परेभ्यश्च नित्यमात्मा विपश्चिता ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि नवमेऽधिकरणे पश्चात्कोपचिन्ता बाह्याभ्यन्तरप्रकृतिकोपप्रतिकारश्चेति तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १४०

पछाड़ि हुने कोपको विचार

प्रकरण १४१

बाहिरी-भित्री कोपको प्रतिक्रिया

युद्धमात्र गर्दा पछाडि प्रकृतिहरूले द्रोह गरेमा विचार, भित्री-बाहिरी प्रकृतिहरूले गरेको द्रोहको पछिल्तिर द्रोह थोरै, अगाडि फल (फायदा) धेरै हुने विषयमा प्रतिक्रिया विचार गरिन्छ। अभियान गर्दा थोरै भए पनि पछाडिपट्टि हुने कोप भारी हुन्छ। पछिल्तिरको शत्रुले थोरै द्रोह गर्दैमा अगाडि अभियान गरेमा द्रोही शत्रु जङ्गलीहरू मिलेर सबैतिर द्रोह बढाउँछन्, किंवा प्रकृतिवर्गमा भएको कोप पनि बढ्ने हुन्छ।

यस्तो भएमा अगाड़ि अभियानमा लाभ भए पनि त्यो लाभलाई भृत्य-मित्रहरूलाई हुने हानि बचाउको खर्चले खाइदिन्छ।

त्यसकारण पछाड़िपट्टिको कोप समयमा भए अभियानको लाभ हजारमा १ बाँकि बच्नआउने हुनाले त्यस बखतमा अभियान नगर्नूं। अनर्थहरू पहिले आउँदा सियोको मुखो लिएर आउने हुन्छन् भन्ने लोकको भनाइ छ।

पछाडिपट्टि कोप हुनलागेमा त्यसको शमन गर्न साम-दान-भेद-दण्ड यी उपायको प्रयोग गर्नुपर्दछ। अगाडिपट्टिको लाभका निमित्त सेनापति वा राजकुमारलाई फौजको सञ्चालक बनाएर अभियानमा पठाउनू।

अथवा राजा बलियो, पछाड़िको कोप रोक्नशक्ने भए अगाडिको लाभ लिन आफै अभियानमा जानू। भित्रीवर्गमा कोप हुने शङ्का लागेमा शङ्कन लाग्ने जतिलाई आफैले साथमा लिएर अभियान गर्नूं।

बाहिरी वर्गमा (अन्तपाल आदिमा) कोप हुने शङ्का भएमा तिनका जहान-बच्चाहरू अमात्य आदिको जिम्मामा राखेर मालिक नभएको राजधानीको रक्षालाई भिन्न-भिन्न धेरै सेनाध्यक्ष भएका मौलभृत आदि अनेक किसिमका फौजीदलहरू राखेर अभियान गर्नू, अथवा त्यस्तो वेलामा अभियानै नगर्नू। किनभने बाहिरी कोपभन्दा भित्रीकोप डरलाग्दो हुन्छ भनि अघि नै भनिएको छ।

मन्त्री, पुरोहित, सेनापति, युवराजहरू कसैको कोप भित्री कोप हो, सो आफ्नै केही दोषले गर्दा भएको भए त्यो आफ्नो दोष मिल्काएर, मन्त्री आदिको अपराधले भएको भए त्यसको उचित दण्ड दिएर शान्त गराउनू।

पुरोहितले जतिसुकै ठूलो अपराध गरेको भए पनि थुन्नू वा देशनिकाला गर्नू। युवराजले गरेको भए थुन्नू, अथवा अर्को गुणी छोरो छन् भने दुष्टचाहींलाई वधसम्मको पनि दण्ड गर्नूं।

पुरोहित र युवराजउपरको कुराबाट मन्त्री र सेनापतिका विषयमा बुझ्नू। अथवा छोरा-भाइ अर्के कुलको मानिस राज्य समाल्नसक्नेलाई उत्साह दिएर मन्त्री, सेनापतिको पद दिई शान्त गराउनू। त्यति उत्साह नहुने भएमा उसले पाएको भूमि आदि पछिसंम भोग गर्नपाउने गरेर मेल गरेर पनि शत्रुपट्टि मिल्नजाला भन्ने डर मानेर समाल्नुपर्दछ। अरु त्यस्तैलाई भूमि दिएर पनि तिनलाई विश्वास गराउनू। त्यो नयाँ बनाएको सेनापतिलाई अथवा सामन्त, आटविकहरू जस-जसले जे-जे कमाउँछ, सो सो उसै-उसैलाई भनेर पनि अभियानमा पठाउनू। तिनीहरूद्वारा विरोधीलाई पक्री थुन्नू। अवरुद्ध-धन वा पारग्रामिक (दुर्गलम्भोपायमा भनेको) योग

(उपाय) गर्नू। यही किसिमसँग मन्त्री, सेनापति विपरीत भएमा पनि बुझ्नू।

प्रधानमन्त्री, पुरोहित, सेनापति, युवराज यी चारबाहेक अरु अमात्यहरूको कोपलाई भित्री अमात्यको कोप मानिन्छ। यसमा पनि यथोचित उपायको प्रयोग गर्नू।

राज्यको मुख्य मानिस, सीमारक्षक, आटविक, दण्डोपनतहरूमा कसैको कोपलाई बाह्य-कोप भनिन्छ। यिनमा कोप भएमा यौटालाई हातमा लिएर अर्कोलाई समाल्ने गर्नुपर्दछ। ठूलो किल्ला पक्रेर अडिएकोलाई सामन्त, आटविक, कुलीन कुनै उठाएर बाँध्न लाउनू, अथवा शत्रुपट्टि मिल्न नजाओस् भनेर आफ्ना कुनै मित्रसँग त्यसको मित्रता गराइदिनू। अथवा कुनै गुप्तपुरुषद्वारा—'तिमी जसकहाँ जान चाहन्छौ उसले तिमीलाई योगपुरुष (गुप्तीपुरुष) ठानेर आफ्नो मालिकमाथि जाइलाग्न लाउनेछ। आफ्नो मतलब पूरा भएपछि तिमीलाई विरोधीदल आटविक समाल्ने काममा सेनापति तुल्याएर लामो प्रवासमा पठाउनेछ। अथवा जहान-बच्चा छुट्याएर देशको यौटा छेउ कुवासमा बसाउनेछ। मालिकउपर जाइलाग्ने तिमीलाई देखेर मालिकलाई नै विक्री गर्ने गरी स्वामीलाई दिएर रिझाउनेछ, किंवा तिमीसँग मेल गरेर मालिकलाई रिझाउनेछ; अथवा कुनै मित्रकहाँ पठाउने छ'—भनेर बहक्याउनू।

भनेको मानेमा उसले चाहेको दिएर सत्कार गर्नू, नमानेमा यो तिम्रोउपरको गुप्तीपुरुष हो भनेर आड लिएका मानिससंग त्यसलाई फुटाइदिनू।

आफूले गुप्तीपुरुष लगाएर मार्नुपर्ने मानिसद्वारा पठाएको तिम्रो शत्रुलाई मार भन्ने आशयको गुप्तलेखद्वारा शत्रुबाट मराउनू, अथवा शत्रुसँग मिल्न पठाइएका वीर पुरुषहरूलाई भनेको दिएर खुशी पारी तिनद्वारा मराउनू। त्यसो नभए तिनीद्वारा यो शत्रुको गुप्तीपुरुष हो भनेर शत्रुसँग फुटाइदिनू। यस किसिमसँग कोपको प्रतिक्रिया गर्नू। शत्रुकहाँ पनि यस्तै कोप उठाएर आफ्नोपट्टि समाल्नू।

जो कोप गर्न वा समाल्नसक्छ, त्यसलाई फुटाउनुपर्दछ। जो बोलेको पुऱ्याउने र काम गर्नशक्ने, फल दिलाउन, उपकार गर्न, विपत परेमा रक्षा गर्न पनि शक्तछ, त्यसलाई उल्टो फुटाउने काम गर्नू। किन्तु फुटाउने मानिस भलो छ कि, ठग हो जान्नुपर्दछ।

फुटाउने मानिस बाहिरिया भएर भित्रियालाई फुटाउने, अथवा भित्रिया भएर बाहिरियालाई फुटाउने पनि हुन्छ। ठग बाहिरियाले भित्रियालाई

मालिकलाई मारेर मलाई खड़ा गऱ्यौ भने मलाई शत्रुको वध, भूमिको लाभ दुवै किसिमको फायदा हुनेछ अथवा शत्रुले मन्त्रीलाई माऱ्यो भने मारिने मन्त्रीको बन्धुवर्ग मन्त्रीको वधले विह्वल र मन्त्रीसरहै दोषी पनि भएर मेरो धेरै काम सम्रनेछ। मालिक त्यस्ता अरुप्रति पनि विश्वास नगर्ने हुनेछ। यसै गरी अरु-अरु मुख्य पुरुषलाई पनि जाली लेख पठाएर मराउनेछु भनि फुटाउने काम गर्दछ।

बाहिरियालाई फुटाउने भित्रिया मानिस ठग भए यसको ढुकुटी उडाउँछु, अथवा फौज मार्दछु, दुष्ट मालिकलाई यसले मराउँछु भनेर मेरो मतमा आउने बाहिरियालाई शत्रु र आटविकमाथि प्रहार गर्न लगाएर तिनीहरूपट्टि यसको फौज लागेमा, किंवा वैर भएमा यो आफ्नो वशमा पारी मालिकलाई रिझाउनेछु, किंवा आफै राज्य लिनेछु, अथवा त्यो बाहिरियालाई बाँधेर बाहिरियाको र मालिकको पनि भूमि हातमा लिनेछु, अथवा कुनै उसको शत्रुलाई गफमा लिएर विश्वासमा परेको बाहिरियालाई मार्नेछु अनि रित्तो भएको राजधानी लिनेछु भनि फुटाउने गर्दछ। फुटाउने मानिस भलो बुद्धिको भए ता पाउनालाई मिलेर रहने भएर हितै हुने गरी उपजाप (कूटनीति) गर्दछ। त्यस्तो भलोसँग मेल गर्नू। ठगलाई भने हात लिएर छकाउनू।

यी सबै कुरा विचार गरेर बुद्धिमान्ले आफ्ना मानिसलाई पराइबाट र आफ्नैबाट पनि पराइ मानिसलाई आफ्नाबाट र पराईबाट पनि रक्षा गर्नुपर्दछ, आफूलाई पनि आफ्नो पराइ सबैबाट सर्वदा रक्षा गर्ने गर्नुपर्दछ।

अथ चतुर्थोऽध्यायः

१४२ प्रकरणे— क्षयव्ययलाभविपरिमर्शः

युग्यपुरुषापचयः क्षयः। हिरण्यधान्यापचयो व्ययः। ताभ्यां बहुगुणविशिष्टे लाभे यायात्। आदेयः, प्रत्यादेयः, प्रसादकः, प्रकोपकः, ह्रस्वकालः, तनुक्षयः, अल्पव्ययः, महान्, वृद्ध्युदयः, कल्पः, धर्म्मः, पुरोगश्चेति लाभसम्पत्। सुप्राप्यानुपाल्यः परेषामप्रत्यादेय इत्यादेयः। विपर्यये प्रत्यादेयः। तमाददानस्तत्रस्थो वा विनाशं प्राप्नोति।

यदि वा पश्येत्—'प्रत्यादेयमादाय कोशदण्डनिचयरक्षाविधानान्यवस्रापयिष्यामि, खनिद्रव्यहस्तिवनसेतुबन्धवणिक्पथानुद्धृतसारान्करिष्यामि, प्रकृतीरस्य कर्शयिष्यामि, आवाहयिष्यामि, आयोगेनाराधयिष्यामि वा, ताः परः प्रतियोगेन कोपयिष्यति, प्रतिपक्षे वास्य पण्यमेनं करिष्यामि, मित्रमवरुद्धं वास्य प्रतिपादयिष्यामि, मित्रस्य स्वस्य वा देशस्य पीडामत्रस्थस्तस्करेभ्यः परेभ्यश्च प्रतिकरिष्यामि, मित्रमाश्रयं वास्य वैगुण्यं ग्राहयिष्यामि, तदमित्रविरक्तं तत्कुलीनं प्रतिपत्स्यते। सत्कृत्य वास्मै भूमिं दास्यामि इति। संहितसमुत्थं मित्रं मे चिराय भविष्यति' इति प्रत्यादेयमपि लाभमाददीत। इत्यादेयप्रत्यादेयौ व्याख्यातौ।

अधार्मिकाद्धार्मिकस्य लाभो लभ्यमानः स्वेषां परेषां च प्रसादको भवति। विपरीतः प्रकोपक इति। मंत्रिणामुपदेशाल्लाभोऽलभ्यमानः कोपको भवति, 'अयमस्माभिः क्षयव्ययो ग्राहितः' इति। दूष्यमन्त्रिणामनादराल्लाभो लभमानः कोपको भवति, 'सिद्धार्थोऽयमस्मान् विनाशयिष्यति' इति। विपरीतः प्रसादकः। इति प्रसादककोपकौ व्याख्यातौ। गमनमात्रसाध्यत्वाद्ध्रस्वकालः। मंत्रसाध्यत्वात्तनुक्षयः। भक्तमात्रव्ययत्वादल्पव्ययः। तदात्ववैपुल्यान्महान्। अर्थानुबन्धकत्वाद्वृद्ध्युदयः। निराबाधकत्वात्कल्पः। प्रशस्तोपादानाद्धर्म्यः। सामवायिकानामनिर्बन्धगामित्वात्पुरोग इति।

तुल्ये लाभे देशकालौ शक्त्युपायौ प्रियाप्रियौ जवाजवौ सामीप्यविप्रकर्षौ तदात्वानुबन्धौ सारत्वसारत्वासासातत्ये बाहुगुण्ये विमृश्य च बहुगुणं लाभमाददीत। लाभविघ्नाः—कामः कोपः साध्वसं कारुण्यं ह्रीः अनार्यभावो मानः सानुक्रोशता परलोकापेक्षा दाम्भकत्वम् अत्याशित्वम् दैन्यम् असूया हस्तगतावमानो दौरात्मिकविश्वासोभयमनिकारः शीतोष्णवर्षाणामाक्षम्यं मंगलतिथिनक्षत्रेष्टित्वमिति।

नक्षत्रमतिपृच्छन्तं बालमर्थोऽतिवर्तते ।
अर्थो ह्यर्थस्य नक्षत्रं किं करिष्यन्ति तारकाः ॥ १ ॥
नाधनाः प्राप्तुवन्त्यर्थान्नरा यत्नशतैरपि ।
अर्थैरर्थाः प्रबध्यन्ते गजाः प्रतिगजैरिव ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि नवमेऽधिकरणे
क्षयलाभविपरिमर्शो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण १४२

हानि-खर्च-लाभको विचार

युग्य (वाहन) र पुरुष(कामदार मानिस)को हानि क्षय हो। सुवर्ण आदि नगद र धान्य–अनाजहरूको क्षति व्यय हो। क्षय र व्यय जति भए पनि धेरै गुना बढ़ी लाभ हुने भएमा अभियान गर्नू। लाभका सार गुण यी हुन्—

(१) आदेय, (२) प्रत्यादेय, (३) प्रसादक, (४) प्रकोपक, (५) ह्रस्वकाल, (६) तनुक्षय, (७) अल्पव्यय, (८) महान् , (९) वृद्ध्युदय, (१०) कल्प, (११) धर्म्य, (१२) पुरोग।

(१) सहजै पाइने, पाएको बचाउनशकिने, अरूले फेरि नलैजाने लाभ आदेय हो।

(२) यसको उल्टो पाउन गाह्रो, पाए पनि नबच्ने, बचे पनि अर्कोले लिने प्रत्यादेय हो; प्रत्यादेय लाभ लिने त्यसको भरमा रहने मानिस बिग्रन्छ।

प्रत्यादेय भए पनि लिएर शत्रुको कोश (ढुकुटी), फौज-भण्डारको सञ्चय-हरूमा रक्षा बिगार्नेछु; शत्रुको खानि, सारवस्तु, हात्तीवन, पूल-बाँध, बेपारको बाटोहरू बेकामका तुल्याउनेछु; शत्रुका प्रकृतिवर्गलाई निर्धो पार्नेछु; जितेको भूमिमा शत्रुतर्फकोलाई बसाउन ल्याउँछु; तिनलाई पूरा खानपाउने गरी रिझाउनेछु; शत्रुले विपरीत उपाय गरेर चिढाउनेछु; विरोध गरेमा यसलाई

बिक्री गर्नेछु; थुनिएका उसका मित्रलाई फुकाइदिनेछु; मित्रको वा आफ्नो देशमा त्यहाँका चोर वा शत्रुहरूबाट पनि बचाउ गर्नेछु; त्यसको मित्र-(आश्रय)लाई यसको बैगुन देखाउनेछु; उससँग विरक्त भएर उसको कुलको मानिस मपट्टि आउनेछ, त्यसलाई आदरसाथ यो भूमि दिनेछु; यसरी मिल्न आएको तलबाट उठेको मेरो मित्र दिगो हुनेछ—भन्ने आफैले विचार गरेर देख्तछ भने प्रत्यादेय (फर्काउनुपर्ने) भए पनि लाभ लिनुपर्दछ। आदेय र प्रत्यादेयको वर्णन गरियो।

(३) अधर्मीबाट धर्मात्मालाई मिल्ने लाभ आफ्ना र पराइ सबैलाई मनपर्ने हुनाले **प्रसादक** हुन्छ।

(४) यसको उल्टो धर्मात्माबाट अधर्मीले पाएको लाभ सबैलाई मन नपर्ने हुनाले **प्रकोपक** हुन्छ। मन्त्रीहरूको उपदेशमा लागी केही लाभनिमित्त उद्योग गर्दा पनि पाइएन भने आफूलाई रिस उठाउने हुन्छ। यसले धन पाएपछि हामीलाई नाश गर्नेछ भन्ने शङ्काले दुष्ट मन्त्रीहरूले अनादर गरिने, पाएको लाभ पनि कोप गराउने हुन्छ। यसको उल्टो प्रसादक खुशी गराउने हुन्छ। प्रसादक र कोपक लाभको वर्णन गरियो।

(५) जानेबित्तिकै पाइने लाभ **ह्रस्वकाल** हो।

(६) राम्रो विचारबाट अथवा सानो-तिनो युद्ध, थोरै मानिसको खति भएर भएको लाभ **तनुक्षय** हो।

(७) खाने खर्चमात्र लागेर भएको लाभ **अल्पव्यय** हो।

(८) पाएको वेलामा ठूलो देखिएको लाभ **महान्** हो।

(९) त्यो लाभ पैले सानो भए पनि त्यसबाट पछि-पछि अरु लाभ गराउने लाभ **वृद्ध्युदय** हो।

(१०) पछि केही विघ्न-बाधा नपर्ने लाभ **कल्प** हो।

(११) खुला युद्ध आदि राम्रो बाटोबाट भएको लाभ धर्मपूर्वक हुनाले **धर्म्य** हो।

(१२) मिलेर अभियान गर्दा सबैलाई घटी-बढ़ी नपारी मिलेको लाभ **पुरोग** हो।

लाभ उस्तै देखिए पनि देश, काल, शक्ति र उपाय, प्रिय र अप्रिय, वेग (बल पर्ने) र अवेग (बल नपर्ने), नजीक र टाढ़ा, उसै बखतको र पछिलाई पनि हुने, सार दीगो रहने, धेरै र थोरै फायदा हुने यी सबै कुरा विचार गरेर तुलना गरी धेरै गुण भएकोचाहिँ लाभ लिनू।

लाभमा परिआउने विघ्न यी हुन्—

काम (स्त्रीमा आसक्ति), क्रोध, साध्वस (भय वा अज्ञान), कारुण्य (माया लाग्नु), ह्री (लाज-सरम), अनार्यभाव (दुष्टता), मान (अभिमान), सानुक्रोशता (फितलोपन), परलोकापेक्षा (परलोकको दहसत), दम्भ, अत्याशित्व (धेरै खानु), दैन्य, असूया (असहन), हस्तगतावमान (हातमा परेकालाई अनादर), दुष्टता, अविश्वास, भय, शत्रुमा आदर, जाड़ो, गर्मी, वर्षा सहन नशक्नु, शुभ सायत पर्खिरहनु ।

वारंवार नक्षत्र सोधी रहने मूर्खलाई धन आदि फलले नाघेर जान्छ, अर्थ(साध्य गरिने विषय)को अर्थ (धन आदि) नै नक्षत्र हो; त्यो ठीक छ भने ताराले के गर्दछ । हात्तीले हात्तीलाई वश पारेझैं अर्थ (प्रयोजन)-ले नै अर्थ (धन) सिद्ध गर्दछ ।

अथ पञ्चमोऽध्यायः

१४३ प्रकरणे—बाह्याभ्यन्तराश्चापदः

सन्ध्यादीनामयथोद्देशावस्थापनमपनयः । तस्मादापदः सम्भवन्ति । बाह्योत्पत्तिरप्रतिजापा । अभ्यन्तरोत्पत्तिर्बाह्यप्रतिजापा । बाह्योत्पत्तिर्बाह्यप्रतिजापा । अभ्यन्तरोत्पत्तिरभ्यन्तरप्रतिजापा । इत्यापदः । यत्र बाह्या अभ्यन्तराजनुपजपन्ति, अभ्यन्तरा वा बाह्यान्वत्रोभययोगे प्रतिजपतः सिद्धिर्विशेषवती । सुव्याजा हि प्रतिजपितारो भवन्ति, नोपजापितारः । तेषु प्रशान्तेषु नान्याञ्शक्नुयुरुपजपितृमुपजापितारः । कृच्छ्रोपजापा हि बाह्यानामभ्यन्तरास्तेषामितरे वा । महतः प्रयत्नस्य वा वधः, परेषामर्थानुबन्धश्चात्मनोऽन्य इति । अभ्यन्तरेषु प्रतिजपत्सु सामदाने प्रयुंजीत । स्थानमानकर्म सान्त्वम् । अनुग्रहपरिहारौ कर्मस्वायोगो वा दानम् ।

बाह्येषु प्रतिजपत्सु भेददण्डौ प्रयुंजीत । सत्रिणो मित्रव्यंजना वा बाह्यानां चारमेषां ब्रूयुः—'अयं वो राजा दूष्यव्यंजनैरतिसन्धातुकामो, बुध्यध्वम्' इति । दूष्येषु वा दूष्यव्यंजनाः प्रणिहिता दूष्यान् बाह्यैर्भेदयेयुः, बाह्यान् वा दूष्यैः । दूष्याननुप्रविष्टा वा तीक्ष्णाः शस्त्ररसाभ्यां हन्युः । आहूय वा बाह्यान्घातयेयुरिति । यत्र बाह्या बाह्यानुपजापयन्ति, अभ्यन्तरानभ्यन्तरा वा तत्रैकान्तयोगमुपजपितुः सिद्धिर्विशेषवती । दोषशुद्धौ हि दूष्या न विद्यन्ते । दूष्यशुद्धौ हि दोषः पुनरन्यान्दूषयति ।

तस्माद्बाह्येषूपपजत्सु भेददण्डौ प्रयुंजीत । सत्रिणो मित्रव्यंजना वा ब्रूयुः—'अयं वो राजा स्वयमादातुकामः, विगृहीताः स्थ अनेन राज्ञा, बुध्यध्वम्' इति । प्रतिजपितुर्वा ततो दूतदण्डाननुप्रविष्टास्तीक्ष्णाः शस्त्ररसादिभिरेषां छिद्रेषु प्रहरेयुः । ततः सत्रिणः प्रतिजपितारमभिशंसेयुः । अभ्यन्तरानभ्यन्तरेषूपजपत्सु यथार्हमुपायं प्रयुञ्जीत । तुष्टलिङ्गमतुष्टं विपरीतं वा साम प्रयुञ्जीत । शौचसामर्थ्यापदेशेन व्यसनाभ्युदयावेक्षणेन वा प्रतिपूजनमिति दानम् । मित्रव्यजनो वा ब्रूयादेतान्—'चित्तज्ञानार्थमुपधास्यति वो राजा, तदस्याख्यातव्यम्' इति । परस्पराद्वा भेदयेदेनान्—असौ चासौ च वो राजन्येवमुपजपति' इति भेदः । दाण्डकर्मिकवच्च दण्डः । एतासां चतसृणामापदामभ्यन्तरमेव पूर्वं साधयेत् । 'अहिभयादभ्यन्तरकोपो बाह्यकोपात्पापीयान्' इत्युक्तं पुरस्तात् ।

पूर्वां पूर्वां विजानीयाल्लघ्वीमापदमापदाम् ।
उत्थितां बलवद्भ्यो वा गुर्वीं लघ्वीं विपर्यये ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि नवमेऽधिकरणे
बाह्याभ्यन्तराश्चापदो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

अध्याय ५

प्रकरण १४३

बाह्याभ्यन्तरापदः (बाहिरी-भित्री आपत्तिहरू)

(बाह्य-बाहिरिया राष्ट्रका मुख्य मानिस अन्तपाल (सीमारक्षक) आदिबाट भएको आपत्ति र आभ्यन्तर—भित्रका मन्त्री, पुरोहित आदिबाट भएको आपत्ति, यी दुइथरी आपत्ति र तिनको प्रतिक्रिया (हटाउने उपाय) पनि यस प्रकरणमा वर्णन गरिन्छ ।)

सन्धि, विग्रह आदि ६ गुणलाई ठाउँ नपारी प्रयोग गर्नु अपनय (अनीति) भनिन्छ । त्यसैबाट आपत्तिहरू पर्नआउने हुन्छन् ।

ती आपत्ति चार किसिमका हुन्छन्—

बाहिरिया राष्ट्र मुख्य आदिबाट भएको—

(क) भित्रिया मन्त्री आदिले फुटाएर भएको ।

(ख) बाहिरियाले फूट गराएर भएको ।

भित्रिया मन्त्री आदिबाट भएको—

(क) बाहिरियाले फूट गराएर भएको ।

(ख) भित्रियाले फूट गराएर भएको ।

बाहिरियाले भित्रियालाई वा भित्रियाले बाहिरियालाई फूट गराउनु उपजाप, त्यसको विरुद्ध गरी फूट गराउनु प्रतिजाप कहिन्छ । कसैले उपजाप गरेमा त्यसको उल्टो प्रतिजाप गर्नाले विशेष फलसिद्धि हुन्छ । प्रतिजाप गर्नेहरू सुलभ हुन्छन्, उपजाप गर्नेहरू त्यत्तिको सुलभ हुँदैनन् । शत्रुले फुटाउने प्रयोग गरेर धन दिएर समाल्न शकिन्छ ।

भित्रियाले फुटाउन लागेमा साम र दानको प्रयोग गर्नुपर्दछ । साम भनेको राम्रो अधिकारको ठाउँमा राख्नु र छत्र, चामर आदि दिएर सत्कार गर्नु हो । दान भनेको धन दिएर अनुग्रह गर्नु र केही रकमहरूको परिहार (छूट-माफी) गरिदिनु, अथवा कुनै कामबाट आउने फायदा उठाउन दिनु हो । यसबाट भित्रियाहरू तहमा रहने हुन्छन् ।

बाहिरयाले फुटाउन लागेमा भेद र दण्डको प्रयोग गर्नुपर्दछ । तर फुटाउने बाहिरियाहरूका मित्रजस्ता बनेका गुप्तपुरुषहरू तिनीहरूलाई आफ्ना

राजाको कपटी चाल चलेको देखाउँदै गरी यी राजाले आफ्नाभित्र मन परेकै भए पनि मन नपरेजस्ता बनेका मन्त्रीहरूद्वारा तिमीहरूलाई छकाउन लागीरहेछन्। यो रहस्य कुरा बुझेर फुटाउने कामपट्टि नलाग्नू बेस छ भन्नू। अथवा राजाको मन नपरेका भित्रिया मन्त्री आदि, वा राष्ट्रका मुख्य, वा भित्रिया मानिसहरूले फुटाउनलागेमा राजाको मन नपरेजस्ता बनेका गुप्तीपुरुषहरूले ती फुटाउनेहरूलाई बाहिरिया अरू मानिसहरू उठाएर यी फुटाउनेहरू राजाले जासूस पठाइएका हुन्, यिनीहरूको कुरा नसुन भनि संझाएर बाहिरिया र दूष्य(द्रोही)हरूलाई फुटाइदिनू। यस्तो भेद-नीतिले पनि काम नदिएमा ती दूष्य(द्रोही)हरूसँग मिलेका तीक्ष्ण (उग्र) दलद्वारा विष वा हतियारको प्रयोग गराउने दण्ड प्रयोग गर्नू, अथवा उनीहरूसँग मिल्ने विश्वास दिलाएर बोलाई बाहिरिया फुटाउनेलाई मराउनू।

बाहिरियाले बाहिरियालाई वा भित्रियाले भित्रियालाई फुटाउन लागेमा ती फुटाउनेहरूलाई आफ्नो वशमा पारेर चाँडो सफलता पाइन्छ। भड्काउनेलाई तह लाएपछि भड्कने हुँदैनन्। भड्काउने रहुञ्जेल एक थरी भड्कनेलाई सँभाले पनि अर्को थरी भडकने हुन्छन्। त्यसकारण बाहिरियाहरूले फुटाउनलागेमा भेद र दण्ड-नीतिको प्रयोग गर्नुपर्दछ।

गुप्तीपुरुषहरू तिनका मित्रजस्ता बनेर—‘यी राजा तिमीहरूलाई फुटाएर हात लिन खोज्दछन्, त्यसैले उनीले फुटाइएको हौ, राम्रो होश् राख’—भन्नू। यसरी भन्दा नफुटेकालाई उनका दूत-दलहरूमा मिलेर उग्रबल भै विषशस्त्रद्वारा मौका पारेर मार्नू, अनि गुप्तीहरूले यिनीलाई मार्ने यही हो भन्ने कुरागरी चिनाउनू।

भित्रियालाई भित्रियाले फुटाउन लागेमा योग्य उपायको प्रयोग गर्नू। राजा बाहिर देख्ता प्रसन्न भएजस्तो, भित्र भने अप्रसन्न भएर साम प्रयोग गर्नू। अथवा असल चरित्र (शक्ति) देखाएर वा दुःख परेको वा केही खुसीको मौका पारेर अमात्यहरूलाई केही दिएर सत्कार गर्नू दानको प्रयोग गर्नू।

अथवा मित्रजस्तो बनेर यी राजा तिमीहरूको मन बुझ्न केही दिएर जाँच गरीरहेछन् त्यसैले जे-जे सोद्धछन् भनिदिनू भनि भन्नू। अथवा फलाना-फलानाले राजालाई तिमीहरूको चुक्ली लाइरहेछन् भनेर तिनीहरूलाई आफू-आफूमा फुटाएर भेद-नीतिको प्रयोग गर्नू। अथवा दण्डप्रकरणमा भनेबमोजीम गुप्त-दण्डको प्रयोग गर्नू। बाह्यले भित्रियालाई, भित्रियाले बाहिरियालाई, भित्रियाले भित्रियालाई, बाहिरियाले बाहिरियालाई फुटाउने यस्ता चार किसिमका सङ्कट पर्नआएमा पहिले भित्रियालाई सँभाल्नुपर्दछ,

वाहिरियाको कोपभन्दा भित्रियामा उठेको कोप अरिभयरूप भएर अति डरलाग्दो हुन्छ भनि अगि नै भनिएको छ ।

माथि देखाइएका चार किसिमका फूटमा पछिल्लोभन्दा पहिल्लो, पहिलोचाहीं हलुका, पछिल्लो-पछिल्लोचाहीं भारी जान्नू । अथवा पहिलोचाहीं वा पछिल्लोचाहीं जे भए पनि बलियाले गरेको फूट दुर्बलले गरेको फूटभन्दा ठूलो सम्झनुपर्दछ ।

अथ षष्ठोऽध्यायः

१४४ प्रकरणे—दूष्यशत्रुसंयुक्ताः

दूष्येभ्यः शत्रुभ्यश्च द्विविधाः शुद्धाः । दूष्यशुद्धायां पौरेषु जानपदेषु वा दण्डवर्जानुपायान् प्रयुंजीत । दण्डो महाजने क्षेप्तुमशक्यः, क्षिप्तो वा तं चार्थं न कुर्यात् । अन्यं चानर्थमुत्पादयेत् । मुख्येषु त्वेषां दाण्डकर्मिकवच्चेष्टेतेति । शत्रुशुद्धायां यतः शत्रुः प्रधानः कार्यो वा, ततः सामादिभिः सिद्धिं लिप्सेत ।

स्वामिन्यायत्ता प्रधानसिद्धिः, मंत्रिष्वायत्ता यत्नसिद्धिः । उभयायत्ता प्रधानायत्ता सिद्धिः । दूष्यादूष्याणामामिश्रितत्वादामिश्रा । अमिश्रायामदूष्यतः सिद्धिः । आलम्बनाभावे ह्यालम्बिता न विद्यते । मित्रामित्राणामेकीभावात्परमिश्रा । परमिश्रायां मित्रतः सिद्धिः । सुकरो हि मित्रेण सन्धिर्नामित्रेणेति । मित्रं चेन्न सन्धिमिच्छेदभीक्ष्णमुपजपेत् । ततः सत्रिभिरमित्राद्भेदयित्वा मित्रं लभेत । मित्रामित्रं संघस्य वा योऽन्तस्थायी तं लभेत । अन्तस्थायिनि लब्धे मध्यस्थायिनो भिद्यन्ते । मध्यस्थायिनं वा लभेत । मध्यस्थायिनि वा लब्धे नान्तस्थायिनः संहन्यन्ते । यथा चैषामाश्रयभेदस्तानुपायान्प्रयुञ्जीत । धार्मिकं जातिकुलश्रुतवृत्तस्तवेन सम्बन्धेन पूर्वेषां त्रैकाल्योपकारानपकाराभ्यां वा सान्त्वयेत् ।

निवृत्तोत्साहं विग्रहश्रान्तं प्रतिहतोपायं क्षयव्ययाभ्यां प्रवासेन चोपतप्तं शौचेनान्यं लिप्समानमन्यस्माद्वा शंकमानं मैत्रीप्रधानं वा

कल्याणबुद्धिं साम्ना साधयेत्। लुब्धं क्षीणं वा तपस्विमुख्यावस्थापनापूर्वं दानेन साधयेत्। तत्पञ्चविधम्—देयविसर्गो, गृहीतानुवर्तनम्, आत्तप्रतिदानम्, स्वद्रव्यदानमपूर्वम्, परस्वेषु स्वयं ग्राहदानं चेति दानकर्म।

परस्परद्वेषवैरभूमिहरणशंकितमतोऽन्यतमेन भेदयेत्। भीरुं वा प्रतिघातेन, कृतसन्धिरेष त्वयि कर्म करिष्यति, मित्रमस्य निसृष्टम्, सन्धौ वा नाभ्यन्तर इति। यस्य वा स्वदेशादन्यदेशाद्वा पण्यानि पण्यागारतयागच्छेयुः, तान्यस्य 'यातव्याल्लब्धानि' इति सत्रिणश्चारयेयुः। बहुलीभूते शासनमभिव्यक्तेन प्रेषयेत्—'एतत्ते पण्यं पण्यागारं वा मया ते प्रेषितं सामवायिकेषु विक्रमस्व, अपगच्छ वा, ततः पणशेषमवाप्स्यसि' इति। ततः सत्रिणः परेषु ग्राहयेयुरेतदरिप्रदत्तमिति।

शत्रुप्रख्यातं वा पण्यमविज्ञातं विजिगीषुं गच्छेत। तदस्य वैदेहकव्यंजनाः शत्रुमुख्येषु विक्रीणीरन्। ततः सत्रिणः परेषु ग्राहयेयुः—'एतत्पण्यमरिप्रदत्तम्' इति। महापराधानर्थमानाभ्यामुपगृह्य वा शस्त्ररसाग्निभिरमित्रे प्रणिदध्यात्। अथैकममात्यं निष्पातयेत्। तस्य पुत्रदारमुपगृह्य रात्रौ हतमिति ख्यापयेत्। अथामात्यः शत्रोस्तानेकैकशः प्ररूपयेत्। ते चेद्यथोक्तं कुर्युर्न चैनान्ग्राहयेत्। अशक्तिमतो वा ग्राहयेत्। आप्तभावोपगतो मुख्यादस्यात्मानं रक्षणीयं कथयेत्। अथामित्रशासनं मुख्यायोपघाताय प्रेषितमुभयवेतनो ग्राहयेत्।

उत्साहशक्तिमतो वा प्रेषयेत्—'अमुष्य राज्यं गृहाण यथास्थितो न सन्धिः' इति। ततः सत्रिणः परेषु ग्राहयेयुः। एकस्य स्कन्धावारं वीवधमासारं वा घातयेयुः, इतरेषु मैत्रीं ब्रुवाणाः। तं सत्रिणः 'त्वमेतेषां घातयितव्यः' इत्युपजपेयुः। यस्य वा प्रवीरपुरुषो हस्ती हयो वा म्रियेत, गूढपुरुषैर्हन्येत ह्रियेत वा, तं सत्रिणो परस्परोपहतं ब्रूयुः। ततःशासनमशभिस्तस्य प्रेषयेत्—'भूयः कुरु, तैः पणशेषमवाप्स्यसि' इति। तदुभयवेतना ग्राहयेयुः। भिन्नेष्वन्यतमं लभेत।

तेन सेनापतिकुमारदण्डचारिणो व्याख्याताः । सांघिकं च भेदं प्रयुंजीत । इति भेदकर्म ।

तीक्ष्णमुत्साहिनं व्यसनिनं स्थितशत्रुं वा गूढपुरुषाः शस्त्राग्निरसादिभिः साधयेयुः । सौकर्यतो वा तेषामन्यतमः । तीक्ष्णो ह्येकः शस्त्ररसाग्निभिः साधयेत् । अयं सर्वसन्दोहकर्म विशिष्टं वा करोति । इत्युपायचतुर्वर्गः । पूर्वः पूर्वश्चास्य लघिष्ठः । सान्त्वमेकगुणम् । दानं द्विगुणं सान्त्वपूर्वम् । भेदस्त्रिगुणः सान्त्वदानपूर्वः । सान्त्वदण्डश्चतुर्गुणः सान्त्वदानभेदपूर्वः । इत्यभियुंजानेषूक्तम् । स्वभूमिष्ठेषु तु त एवोपायाः । विशेषस्तु स्वभूमिष्ठानामन्यतमस्य पण्यागारैरभिज्ञातान्दूतमुख्यानभीक्ष्णं प्रेषयेत्, त एनं सन्धौ परहिंसायां वा योजयेयुः, अप्रतिपद्यमानं कृतो नः सन्धिः इत्यावेदयेयुः । तमितरेषामुभयवेतनाः संक्रामयेयुः—'अयं वा राजा दुष्ट' इति ।

यस्य वा यस्माद्भयं वैरं द्वेषो वा, तं तस्माद्भेदयेयुः—'अयं ते शत्रुणा सन्धत्ते, पुरा त्वामतिसन्धत्ते, क्षिप्रतरं सन्धीयस्व, निग्रहे चास्य प्रयतस्व' इति । आवाहविवाहाभ्यां वा कृत्वा संयोगमसंयुक्तान्भेदयेत् । सामन्ताटविकतत्कुलीनावरुद्धैश्च राज्यं निघातयेत् । सार्थव्रजाटवीर्वा । दण्डं वाभिसृतम् । परस्परापाश्रयाच्चैषां जातिसंघाश्छिद्रेषु प्रहरेयुः । गूढाश्चाग्निरसशस्त्रेण ।

वितंसगिलवच्चारीन् योगैराचरितैः शठः ।
घातयेत्परमिश्रायां विश्वासेनामिषेण च ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि नवमेऽधिकरणे
दूष्यसंयुक्तो नाम षष्ठोऽध्याय ॥ ६ ॥

अध्याय ६

प्रकरण १४४

राजाका विरोधी मुख्य र शत्रुबाट उठ्ने सङ्कट

केवल शत्रुबाट परेको सङ्कट आफै शत्रुले वा शत्रुको मन्त्रीले वा शत्रुको अमात्य (सचिवले) वा शत्रुको मन्त्री र अमात्य मिलेर पारेको यस्ता चार किसिमको हुन्छ। यस्तामा साम-दान आदि उपायको प्रयोगबाट प्रतीकार गर्नुपर्दछ। प्रधान शत्रुबाट विपत्ति परेकोमा प्रधान स्वामीलाई नै साम-दान आदिले अनुकूल पार्नुपर्दछ। शत्रुका अधीन मन्त्री-अमात्यहरूबाट विपत्ति पर्नआएकोमा ती मन्त्री-अमात्यहरूलाई सामदानहरूद्वारा आफ्नो अनुकूल पार्नुपर्दछ। प्रधान र मन्त्री आदि समेत मिलेर विपत्ति पारेकोमा प्रधान र अधीन दुवै थरीलाई साम-दान आदि उपायले आफ्नो अनुकूल बनाउनुपर्दछ।

दूष्य (विरोधी) र अदूष्यको दल पनि मिलेर पारेको विपत्ति व्यामिश्र कहलाउँछ। यस्तोमा अदूष्य (अविरोधी) दलचाहींलाई साम-दानादिद्वारा आफ्नो अनुकूल बनाउनू। अविरोधीदल अनुकूल भएपछि त्यसको आड़मा उठेको दूष्यदल आधार नपाएर अड्न शक्दैन।

मित्र र अमित्र दुइ थरी मिलेर परेको विपत्ति परमिश्र कहलाउँछ। त्यस्तोमा मित्रचाहींलाई साम-दान आदि उपायले अनुकूल पार्नुपर्दछ। किनभने मित्रसंग सन्धि सहजै गर्नसकिन्छ, अमित्रसंग सन्धि गर्न सजिलो हुँदैन। मित्रचाहींले सन्धि गर्नचाहेन भने त्यसलाई फुटाउन बार-बार भेदनीतिको प्रयोग गर्नुपर्दछ। अनि सत्रि-गुप्तचरद्वारा शत्रु र मित्रलाई परस्पर फुटाएर मित्रलाई आफ्नो अधीनमा पार्नुपर्दछ। अथवा तिनीहरूको दलमा मिलेको कुनै सामन्तलाई फुटाएर आफ्नो अनुकूल पार्नुपर्दछ। त्यस्तो सामन्तलाई हात लिएपछि अरू त्यस दलभित्रकालाई फुटाउन र हात लिनशकिन्छ। त्यसलाई हात लिएपछि शत्रुसंग मिल्ने दलको गूट फुट्तछ। त्यो दलको मुख्य आश्रयलाई जसरी हुन्छ फुटाउने उपाय गर्नुपर्दछ। आफूलाई सङ्कट पार्ने राजा धार्मिक प्रकृतिको छ भने उसको जाति-कुल-चरित्रको बयान गरेर त्यससंग आफ्नो सम्बन्ध भएको कुरा गरेर उसका पुरुखाहरूले अगि गरेको उपकारहरूको बयान गरेर बिगार नगरेको देखाएर पनि त्यसलाई शान्त गराई थाम-थुम पार्नुपर्दछ।

उत्साह हराएको,विरोध गर्दा-गर्दा थाकेको, गरेको उपाय काम नलागेको, क्षय (सेना·वाहनहरूको खति), व्यय(नगद धनको खर्च)ले वा परदेशको दुःखले हैरान भएको, अर्को गतीलो आश्रय पाउनचाहने, अरूसंग शङ्काले डराउने, मित्रता नै विशेष गरी चाहने भलो बुद्धि भएको, यस्तालाई सामप्रयोगले हातमा लिनशकिने हुन्छ । लोभी धन नभएकोलाई कुनै तपस्वी भलो मानिसलाई साक्षीजस्तो बीचमा पारेर धनहरू दिएर आफूले हातमा लिनुपर्दछ । त्यो दाननीति पाँच किसिमको हुन्छ । एक, आफूले लिएको जमीनमा देवता-ब्राह्मणहरूलाई अगि दिने निर्धारण गरेबमोजिमको दिनु; दोस्रो, आफ्ना पुरुषाहरूले लिएको जमीन भोग गर्ने सुविधा दिनु; तेस्रो, जस्को जमीन लिएको छ त्यो उसैलाई फिर्ता दिनु; चौथो, कुनै नयाँ कुरा दिनु; पाँचौं शत्रुको देशबाट लुटेको धन लुट्नेलाई दिनु;—यस्तो ५ किसिमको धन लिन हुन्छ ।

परस्परको द्वेष, पुरानो वैरभाव, मेरो जमीन हरिन्छ कि भन्ने शङ्काले डराउने शत्रुमाथि यस्तै कुनै निमित्तलाई आधार गराएर भेदनीतिको प्रयोग गर्नुपर्दछ । डराउने प्रकृति भएकोलाई शत्रुबाट हुने प्रहार शत्रुले युद्ध गर्ने उद्योग गर्नलागेको कुरा देखाएर तर्साई फुटाउनुपर्दछ । अथवा तिम्रो सहाय राजा मसँग मेल गरी तिमीमाथि प्रहार गर्नेछ, यही मनसायले मसँग सन्धिको कुरा गर्न मानिस पनि पठाएको छ, मसंग सन्धि गर्ने कुरा तिमीलाई थाहा पनि दिँदैन भन्ने कुरा गरेर परस्पर फुटाउने काम गर्नुपर्दछ ।

स्वदेशको वा परदेशबाट ल्याएका बिक्रीका मालहरू जम्मा गरेर जुन मित्र वा शत्रुले आफ्नो गोदाममा राखेको छ सो माल यातव्य(आक्रमण गरिने)कहाँबाट ल्याएको हो भन्ने झुट्टा कुरा सत्रिगुप्तचरद्वारा जताततै प्रचार गराएर विजिगीषुले अभित्यक्त (प्राणदण्ड पाउने) पुरुषद्वारा 'त्यही गोदाममा राखेकै नमुनाबमोजिमका मालहरू मैले तिमीलाई देखाउन पठाएको छु । अब ती मिल्ने साथीहरूमाथि चाहे आक्रमण गर चाहे तिनबाट अलग्ग होऊ, अनि मबाट कबोल गरेबमोजिमको बाँकि धन पाउनेछौ' भन्ने वेहोराको जाली चिठी शत्रुकहाँ पठाइदिनू । यो चिठी तिम्रो शत्रु विजिगीषुले दिएको हो भनी जताततै प्रचार गरेर शत्रुलाई विश्वास पार्ने गराउनू ।

अथवा शत्रुकहाँको भनी प्रख्यात भएको रत्न आदि बिक्रीको माल गुप्तरीतले विजिगीषुकहाँ पुगोस् । व्यापारीरूप लिएका गुप्तचरहरूले त्यो माल शत्रुदलका मुख्यपुरुषहरूकहाँ बिक्री गरिदिनू, अनि सत्रिगुप्तचरहरूले यो माल शत्रुले दिएको हो भनि कुरा फैलाई विजिगीषुपट्टि शत्रुदलको प्रधान मिलेको छ भन्ने भान पारेर तिनको दललाई फुटाउनू । अथवा विजिगीषुले ठूलो अपराध

गरेका केही अमात्यहरूलाई धनमान दिएर आफ्नो वशमा पारेर शस्त्र-विष-आगोहरूको प्रयोग गरेर शत्रुलाई नाश गर्ने काममा गुप्तरीतिले लगाउनू। यो काम सिद्ध गर्नालाई पहिले नै कुनै अमात्यलाई केही निउ गरेर देश-निकाला गरी शत्रुको देशमा बस्न पठाउनू। अनि त्यो निकालिएको अमात्यको जहान-छोरालाई गुप्तरीतले कहीं एकान्तमा सुरक्षित गरी लुकाइदिनू र आज राति फलानो निकालिएको अमात्यका जहान-छोराहरू पनि मारिएछन् भनि भोलिपल्ट बिहानै कुरा फिंजाउनू। यसबाट शत्रुदेशमा पुगेको अमात्य वहाँ विश्वासपात्र हुनेछ। यसपछि बारम्बार निकालिएका अरू पनि अमात्यहरूलाई अगिबाट गएको अमात्यले उता भेंट-परिचय गराउनू। यसरी निकालिएको अमात्यले विजिगीषुले अह्राएबमोजिम शस्त्र-विष-अग्निद्वारा शत्रुको विनाशकार्य पूर्ण गरे भने दोधार जागीर खाने विजिगीषुपट्टिका मानिसले ती अमात्यहरूलाई नपाउने गराउनू। कुनै यताका अमात्य त्यो काममा शरीक हुनसकेनन् भने त्यस्तालाई पक्राए पनि हुन्छ। शत्रुको विश्वासपात्र बनेका निकालिएका अमात्यले यी तपाईँका दलका अरू साथीहरूसंग सर्वदा आत्म-रक्षाका निमित्त सतर्क रहनुपर्दछ भन्ने कुरा शत्रुसंग अगिबाटै गरिराख्नुपर्दछ। अनि दोहोरो वेतन खाने गुप्तचरले त्यो गूटका मुख्यलाई पठाएको अमित्रले लेखेको किर्ते-चिठी पनि उनीहरूकहाँ पुग्ने गराउनू।

अथवा दोहोरा वेतन खाने गुप्तचरद्वारा शत्रुको गुटमध्येको कुनै उत्साही सामर्थ्य भएको मानिसलाई यस गुटका फलानामाथि आक्रमण गरेर त्यसको राज्य तिमी लेऊ, यससँग अगिको सन्धि रहन शक्तैन भन्ने बेहोराको पत्र दिनू। विजिगीषुतरफका सत्रीगुप्तचरले त्यो जाली-पत्रको बेहोरा अरु त्यस दलमा मिलेकालाई पनि थाहा दिनू। अथवा सत्रीचरहरूले अरु त्यस गूटका-हरू मित्रताकै व्यवहार गरेर त्यस गूटका कुनै राज्यको छाउनी, छाउनीको गोदाम, मित्रदल आउने बाटो पनि बिगारिदिनू। त्योचाहींलाई ल हें तिम्रा साथीहरूले तिमीलाई मार्न आँटेका छन्, उनीहरूसंग तिम्रो मित्रता रहन शक्तैन भनि सुनाई फुटाउनू। सो गूटमध्ये कुनैको वीर मानिस, हात्ती, घोड़ा कुनै भाग्यो वा गुप्तचरद्वारा मारियो वा चोरियो भने त्यसलाई तिम्रो यो हानि अमुकले गराएको हो भनेर सत्रिहरूले परस्परमा दोष लाउने गराउनू। त्यस गूटको जुनचाहींलाई दोषी गराएको छ त्योचाहींकहाँ शत्रुका वीर पुरुष हात्ती-घोड़ाहरू मार्ने काम गर्‍यौ भने कबोल गरेबमोजिमको धन पाउनेछौ भन्ने बेहोराको जालीपत्र पठाउनू। त्यो जालीपत्र दोमासे चर(उभयवेतन)-द्वारा अर्कोचाहींका हातमा पर्ने गराइदिनू। यसरी प्रयोग गरेको भेदनीति सफल भयो भने फुटाइएकोचाहीं विजिगीषुको अधीन हुने हुन्छ। यही

किसिमसंग सेनापति, राजकुमार, सैनिक पुरुषमा पनि भेदनीति प्रयोग गर्ने कुरा बुझ्नुपर्दछ । संघवृत्त नामक एघारौं अधिकरणमा भनिएका अरु किसिमको भेदनीतिको पनि यसमा प्रयोग हुन शक्तछ । भेदनीतिको विषय बताइयो ।

दण्ड-प्रयोगको विषयमा भनिन्छ कि अतिक्रोधी, उत्साही, व्यसनमा आसक्त, किल्ला आदिमा अड़ेको यस किसिमको शत्रुउपर गुप्तपुरुषहरूले मिलेर शस्त्र-आगो-विषको यिनमा जुन सजिलो पर्दछ त्यसको प्रयोग गर्नुपर्दछ । तीव्रप्रकृतिको गुप्तचर एक्लैले पनि शस्त्र-विष-अग्निको प्रयोग गरेर काम सिद्ध गर्नशक्तछ । धेरै जना मिलेर गरिने काम पनि एक्लै तीव्रपुरुषले भनेभन्दा पनि राम्रो गर्नशक्तछ । साम-दाम-दण्ड-भेद यी चार उपायको वर्णन गरियो । यिनमध्ये अगिल्लो-अगिल्लोचाहीं उपाय पछिल्लोभन्दा हलुका मानिन्छ, त्यसैले सजिलो हुन्छ । सामको प्रयोग एकसरो हुन्छ, दानमा साम पनि अगिबाट हुने हुनाले दोहोरो गुण हुन्छ, भेदमा साम-दान पनि अगिबाट हुने हुनाले तेहरो गुण हुन्छ । दण्डमा साम-दान-भेद पनि अगिबाट हुने हुनाले चौहरा गुण हुन्छ । यी उपायको प्रयोग अभियोगकारी अर्को कुनै आक्रमण गर्नुपर्ने शत्रुमाथि चढ़ाइ गर्ने अवसरमा गूटबन्दी गरी मिलेका राजाहरूका विषयमा भनियो । ती गूटबन्दी गरी मिलेका राजाहरू आक्रमण गर्न बाहिर नआएर आफ्नो-आफ्नो ठाउँमा रहीरहे भने पनि यही किसिमका उपायको प्रयोग हुन्छ । त्यस्तामा यो विशेष हुन्छ कि विजिगीषुले आफ्नो-आफ्नो भूमिमा रहेका मित्र-अमित्र राजाहरूको गूटमध्यमा कुनैचाहीं राजालाई बहुमूल्य रत्नादि वस्तु विशेष परिचय भएका दूतहरूद्वारा बारंबार पठाउनू जसले गर्दा अरुहरू पनि विजिगीषुसंग सन्धि गर्ने र विजिगीषुका शत्रुमाथि चढ़ाइ गर्न अगि सर्ने हुन्छन् । सो दूतद्वारा सौगात पठाइएको राजा तहमा नआएमा अरुसंग सन्धि भइसक्यो भनि भन्नू । अनि दोहोरा वेतन खाने गुप्तचरहरूद्वारा गूटका अरु राजाहरूलाई यस गूटको अमूक राजा बड़ो दुष्ट छ भन्ने कुरा जताततै फैलाउनू ।

अथवा जसलाई अर्को जसबाट भय वा वैरभाव वा द्वेष छ त्यसलाई त्यसबाट फुटाउनालाई यो तिम्रो शत्रु(विजिगीषु)संग सन्धि गर्नलागीरहेछ, त्यसले तिमीलाई धोका दिनेछ, विजिगीषुसंग तिमी झटपट सन्धि गर, त्यो दुष्टलाई बदला दिने यत्न गर भन्नू । किंवा त्यो गूटका कसैसंग आवाह (कन्या लिनु), विवाह(कन्या दिनु)द्वारा सम्बन्ध गरेर त्यससंग अरु सम्बन्ध नभएकाहरूलाई फुटाउनू । सामन्त राजा, जङ्गलीराजा, मित्र-अमित्र कुलका थुनामा परेका मानिसहरूलाई उचालेर तिनद्वारा शत्रुराज्यलाई त्यस

राज्यका व्यापारीदल, गाई-वस्तु, द्रव्यवन, तिनका रक्षक-सेनाहरूको नाश गराइदिनू। परस्पर नमिलेका जातिको केही सङ्कट परेको वेलामा हमला गर्ने गुप्त क्रूर पुरुषहरूद्वारा आगो-विष-शस्त्रको प्रयोग गराउने पनि गर्नू।

शत्रु र मित्र दुवैले गराएको विपत्तिमा शठ अर्थात गुप्त काम गर्ने विजिगीषु राजाले वितंस नामको पक्षीलाई विश्वास पार्ने पक्षीकै चित्र भएको कपडाले छोपिएर गिळ अर्थात् खाने मासुजस्तो कपटी विश्वास पारेर मारेझैं गरी शत्रुलाई कपटी व्यवहारले हातलिएर शत्रुलाई नाश गर्ने गर्नू।

अथ सप्तमोऽध्यायः

१४५—१४६ प्रकरणे—अर्थानर्थसंशययुक्ताः तासामुपायविकल्पजाः सिद्धयश्च

कामादिरुत्सेकः स्वाः प्रकृतीः कोपयति, अपनयो बाह्याः। तदुभयमासुरी वृत्ति। स्वजनविकारः कोपः परवृद्धिहेतुश्चापदर्थोऽनर्थः संशय इति। योऽर्थः शत्रुवृद्धिमप्राप्तः करोति, प्राप्तः प्रत्यादेयः परेषां भवति प्राप्यमाणो वा क्षयव्ययोदयो भवति, स भवत्यापदर्थः। यथा—सामन्तानामामिषीभूतः, सामन्तव्यसनजो लाभः। शत्रुप्रार्थितो वा स्वभावाधिगम्यो लाभः, पश्चात्कोपेन पार्ष्णिग्राहेण वा विगृहीतः पुरस्ताल्लाभः, मित्रोच्छेदेन सन्धिव्यतिक्रमेण वा मण्डलविरुद्धो लाभ इत्यापदर्थः। स्वतः परतो वा भयोत्पत्तिरित्यनर्थः।

तयोः 'अर्थो न वा' इति, 'अनर्थो न वा' इति, अनर्थोऽनर्थः' इति, 'अनर्थः अर्थः' इति संशयः। शत्रुमित्रमुत्साहयितुमर्थो न वेति संशयः। शत्रुबलमर्थमानाभ्यामावाहयितुमनर्थो न वेति संशयः। वलवत्सामन्तां भूमिमादातुमर्थोऽनर्थ इति संशयः। ज्यायसा सम्भूय यानमनर्थोऽर्थ इति संशयः। तेषामर्थसंशयमुपगच्छेत्।

अर्थोऽर्थानुबन्धः, अर्थो निरनुबन्धः, अर्थोऽनर्थानुबन्धः, अनर्थोऽर्थानुबन्धः, अनर्थो निरनुबन्धः, अनर्थोऽनर्थानुबन्ध इत्यनुबन्धषड्-

वर्गः । शत्रुमुत्पाद्य पार्ष्णिग्राहादानमर्थोऽर्थानुबन्धः । उदासीनस्य दण्डानुग्रहः फलेन अर्थो निरनुबन्धः । परस्यान्तरुच्छेदनमर्थोऽर्थानुबन्धः । शत्रुप्रतिवेशस्यानुग्रहः कोशदण्डाभ्यामनर्थोऽनर्थानुबन्धः । हीनशक्तिमुत्साह्य निवृत्तिरनर्थो निरनुबन्धः । ज्यायांसमुत्थाप्य निवृत्तिरनर्थोऽनर्थानुबन्धः । तस्य पूर्वः पूर्वः श्रेयानुपसम्प्राप्तुम् । इति कार्यावस्थापनम् ।

समन्ततो युगपदर्थोत्पत्तिः समन्ततोऽर्थापद्भवति । सैव पार्ष्णिग्राहविगृहीता समन्ततोऽर्थसंशयापद्भवति । तयोर्मित्राक्रन्द्रोपग्रहात्सिद्धिः । समन्ततः शत्रुभ्यो भयोत्पत्तिः समन्ततोऽनर्थापद्भवति । सैव मित्रविगृहीता समन्ततोऽनर्थसंशयापद्भवति । तयोश्चलामित्राक्रन्दोपग्रहात्सिद्धिः । परमिश्राप्रतीकारो वा । इतो लाभ इतरतो लाभ इत्युभयतोऽर्थापद्भवति । तस्यां समन्ततोऽर्थायां च लाभगुणयुक्तमर्थमादातुं यायात् । तुल्ये लाभगुणे प्रधानमासन्नमनतिपातिनम्, ऊनो वा येन भवेत्तमादातुं यायात् ।

इतोऽनर्थ इतरतोऽनर्थ इत्युभयतोनऽर्थापत् । तस्यां समन्ततोऽनर्थायां च मित्रेभ्यः सिद्धिं लिप्सेत । मित्राभावे प्रकृतीनां लघीयस्यैकतोऽनर्थात् साधयेत् । उपभयतोऽनर्थान् ज्यायस्या । समन्तोऽनर्थान् मूलेन प्रतिकुर्यान् । अशक्ये सर्वमुत्सृज्यापगच्छेत् । दृष्टा हि जीवत पुनरापत्तिः, यथा सुपात्रोदयनाभ्याम् । इतो लाभ इतरतो राज्याभिमर्श इत्युभयतोऽर्थानर्थापद्भवति । तस्यामनर्थसाधको योऽर्थस्तमादातुं यायात्, अन्यथा हि राज्याभिमर्शं वारयेत् । एतया समन्ततोऽर्थानर्थापद्व्याख्याता ।

इतोऽनर्थ इतरतोऽर्थसंशय इत्युभयतोऽनर्थार्थसंशयापत् । तस्यां पूर्वमनर्थं साधयेत्, तत्सिद्धावर्थसंशयम् । एतया समन्ततोऽनर्थार्थसंशया व्याख्याता । इतोऽर्थ इतरतोऽनर्थसंशय इत्युभयतोऽनर्थार्थसंशयापत् । एतया समन्ततोऽनर्थार्थसंशया व्याख्याताः । तस्यां पूर्वा

पूर्वां प्रकृतीनामनर्थसंशयान्मोक्षयितुं यतेत। श्रेयो हि मित्रमनर्थसंशये तिष्ठन्न दण्डः, दण्डौ वा न कोश इति। समग्रमोक्षणाभावे प्रकृतीनामवयवान्मोक्षयितुं यतेत। तत्र पुरुषप्रकृतीनां च बहुलमनुरक्तं वा तीक्ष्णलुब्धवर्जम्। द्रव्यप्रकृतीनां सारं महोपकारं वा सन्धिनाऽऽसनेन द्वैधीभावेन वा लघूनि विपर्ययैर्गुरूणि।

क्षयस्थानवृद्धीनां चोत्तरोत्तरं लिप्सेत। प्रातिलोम्येन वा क्षयादीनाम्। आयत्यां विशेषं पश्येत्। इति देशावस्थापनम्। एतेन यात्रादिमध्यान्तेष्वर्थानर्थसंशयानामुपसंप्राप्तिर्व्याख्याता। निरन्तरयोगित्वाच्चार्थानर्थसंशयानां यात्रादावर्थः श्रेयानुपसंप्राप्तुं पार्ष्णिग्राहासारप्रतिघाते क्षयव्ययप्रवासप्रत्यादेयमूलरक्षणेषु च भवति। तथानर्थः संशयो वा स्वभूमिष्ठस्य विषह्यो भवति। एतेन यात्रामध्येऽर्थानर्थसंशयानामुपसम्प्राप्तिर्व्याख्याता।

यात्रान्ते तु कर्शनीयमुपच्छेदनीयं वा कर्शयित्वोच्छिद्य वार्थः श्रेयानुपसम्प्रदाप्तुं नानर्थः संशयो वा पराबाधभयात्। सामवायिकानामपुरोगस्य तु यात्रामध्यान्तगोऽनर्थः संशयो वा श्रेयानुपसंप्राप्तुमनिबन्धगामित्वात्। अर्थो धर्मः काम इत्यर्थत्रिवर्गः। तस्य पूर्वः पूर्वः श्रेयानुपसम्प्राप्तुम्। अनर्थोऽधर्मः शोक इत्यनर्थत्रिवर्गः। तस्य पूर्वः पूर्वः श्रेयान् प्रतिकर्तुम्। अर्थोऽनर्थ इति, धर्मोऽधर्म इति, कामः शोक इति संशयत्रिवर्गः। तस्योत्तरपक्षसिद्धौ पूर्वपक्षः श्रेयानुपसंप्राप्तुम्। इति कालावस्थापनम्। इत्यापदः। तासां सिद्धिः पुत्रभ्रातृबन्धुषु सामदानाभ्यां सिद्धिरनुरूपा, पौरजानपददण्डमुख्येषु दानभेदाभ्यां, सामन्ताटविकेषु भेददण्डाभ्य। एषाऽनुलोमां विपर्यये प्रतिलोमा। मित्रामित्रेषु व्यामिश्रा सिद्धिः। परस्परसाधका ह्युपायाः।

शत्रोः शंकितामात्येषु सान्त्वं प्रयुक्तं शेषप्रयोगं निवर्तयति। दूष्यामात्येषु दानम्। संघातेषु भेदः। शक्तिमत्सु दण्ड इति। गुरुलाघवयोगाच्चापदां नियोगविकल्पसमुच्चया भवन्ति। 'अनेनैवोपायेन नान्ये-

न' इति नियोगः । 'अनेन वाऽन्येन वा' इति विकल्पः । 'अनेनान्येन च' इति समुच्चयः । तेषामेकयोगाश्चत्वारस्त्रियोगाश्च, द्वियोगाः षट्, एकश्चतुर्योग इति पञ्चदशोपायाः । तावन्तः प्रतिलोमाः ।

तेषामेकेनोपायेन सिद्धिरेकसिद्धिः, द्वाभ्यां द्विसिद्धिः, त्रिभिस्त्रिसिद्धिः, चतुर्भिश्चतुःसिद्धिरिति । धर्ममूलत्वात्कामफलत्वाच्चार्थस्य धर्मार्थकामानुबन्धा याऽर्थस्य सिद्धिः सा सर्वार्थसिद्धिः । इति सिद्धयः । दैवादग्निरुदकं व्याधिः प्रमादो विद्रवो दुर्भिक्षमासुरी सृष्टिः इत्यापदः । तासां दैवतब्राह्मणप्रणिपाततः सिद्धिः ।

अवृष्टिरतिवृष्टिर्वा सृष्टिर्वा याऽऽसुरी भवेत् ।
तस्यामाथर्वणं कर्म सिद्धारम्भाश्च सिद्धयः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे अभियास्यत्कर्मणि नवमेऽधिकरणे
अर्थानर्थसंशययुक्तास्तासामुपायविकल्पजाः सिद्धयश्चेति सप्तमोऽध्यायः ॥ ७ ॥
आदितोऽष्टाविंशत्यधिकशततमोऽध्यायः ॥ १२८ ॥

समाप्तमिदमभियास्यत्कर्म नाम नवममधिकरणम् ।

अध्याय ७

प्रकरण १४५

अर्थ-अनर्थ-संशयसम्बन्धी आपत्तिहरू

प्रकरण १४६

अर्थ र अनर्थको सन्देह गराउने आपत्तिहरू

काम-क्रोध-लोभ-मोहादि छः दोष बढ़नाले मन्त्री आदि भित्रीप्रकृतिमा कोप (चीढ) पैदा गर्दछ । सन्धि आदिको अनुचित प्रयोगस्वरूप अपनय—खराब नीतिले राष्ट्रका मुख्यपुरुष आदि बाहिरियाप्रकृतिमा कोप पैदा गर्दछ । काम-क्रोधादि वर्ग र अपनय दुवै आसुरी वृत्ति हो । आफ्ना मानिसमा विकार पैदा गर्ने कोप शत्रुलाई बल दिने हुनाले आपत्तिस्वरूप मानिन्छ । सो

आपत्ति अर्थ-अनर्थ-संशयस्वरूप भएर तीन किसिमको हुन्छ। जुन भूमि आदि अर्थ (इष्ट) आफ्नो हातमा नपरेर शत्रुलाई बढ़ाउने हुन्छ, जुन भूमि आदि अर्थ आफ्नो हातमा आएर पनि फेरि शत्रुको हातमा पर्ने हुन्छ, जुन भूमि आदि अर्थ आफ्नो हातमा परेर पनि धेरै खति—खर्च गराउने हुन्छ, यस्तो तीन किसिमको अर्थ आपदर्थ (आपत्ति गराउने अर्थ) हुन्छ। जस्तै, अनेक सामन्तको भोजन बन्ने लाभ एक सामन्तको हातमा गए पनि अरु-अरु सामन्त मिलेर लुछाचुँड़ी हुने भएको र कुनै सामन्तको सङ्कट अवस्थामा आफूले जबर्दस्ती गरी लिएको लाभ पनि आपदर्थ (आपत पर्ने अर्थ) हुन्छ। आफूले मेहनत गरी पाएको लाभ पनि शत्रुले दाँत गाड़ेको भए आपदर्थ हुन्छ। शत्रुबाट पापको लाभ पनि पछाड़िका विरोधीले वा पार्ष्णिग्राह (पृष्ठशत्रु)ले बाधा दिने भए आपदर्थ हुन्छ। मित्रको नाश वा ऊसँग गरेको सन्धि तोड़ेर पाएको लाभ पनि राजमण्डल (अरू राजाहरू) चिढ़िने भएमा आपदर्थ हुन्छ।

जुन भूमि-द्रव्य-लाभ जसबाट पाएको हो उसैबाट वा अरुबाट भय दिलाउने हुन्छ, त्यो अनर्थ (अनिष्ट) कहलाउँछ।

ती अर्थ र अनर्थमा अर्थ हो कि होइन, अनर्थ हो कि होइन, यो अर्थ अनर्थ हो कि, यो अनर्थ अर्थ हो कि, भन्ने यी चार किसिमका संशय हुन्छन्।

जस्तै—शत्रुको मित्रलाई शत्रुसँग विरोध गर्न उचाल्नु अर्थ हो कि होइन भन्नेपट्टिको संशय, शत्रुको सेनालाई धन-मान दिएर बोलाउँदा अनर्थ हो कि होइन भन्ने दोस्रो संशय, जुन भूमिको संधियार विशेष बलियो छ त्यसमा अधिकार गर्दा यो अर्थ अनर्थ हो कि भन्ने तेस्रो संशय, आफूभन्दा बलियोसँग मिलेर शत्रुमाथि अभियान गर्दा यो अनर्थ अर्थ हो कि भन्ने चौथो किसिमको संशय हुन्छ।

यी चार संशयमध्ये अनर्थको सम्बन्ध नभएको संशय भएका विजिगीषुले उद्योग गर्नुपर्दछ, अर्थात् अनर्थ हुने शङ्का नभएको, अर्थ हुने नहुने मात्र शङ्का भएको लाभका निमित्त उद्योग गर्नु पर्दछ।

अर्थ (इष्ट) र अनर्थ (अनिष्ट) यी दुइको प्रत्येकमा प्रत्येक अनुबन्ध (सम्बद्ध अर्को फलले गर्दा छः प्रकार हुन्छ अर्थमा इष्ट जोड़िएको अर्थमा

यी अर्थ (इष्ट) र अनर्थ(अनिष्ट)मा गाँसिने अनुबन्ध (सम्बद्ध अर्को इष्ट वा अनिष्ट फल) कहीं हुने, कहीं नहुने हुँदा छः प्रकार हुन्छन्—१. अर्थमा अर्थ जोड़िएका, २. अर्थमा केही नजोड़िएको, ३. अर्थमा अनर्थ जोड़िएको ४. अनर्थमा अर्थ जोड़िएको, ५. अनर्थमा केही नजोड़िएको, ६. अनर्थमा अनर्थ जोड़िएको।

जस्तै,–१. शत्रुमाथि हमला गरेर उखेली पार्ष्णिग्राह(पछाड़िपट्टिको राजा)-लाई हातमा लिनु, ऐले पनि पछि पनि फायदा हुने हुनाले अर्थ गाँसिएको अर्थ हो; २. उदासीन (तटस्थ) राजालाई धन लिएर फौजी सहायता गर्नु, ऐलेको फायदा हुने हुनाले केही नगाँसिएको अर्थ हो; ३. विजिगीषु र शत्रुको बिचको छेकाबारजस्तो दुर्बल राजालाई उखाड्नु ऐलेको फायदापछि शत्रुभय बढ़ाउने हुनाले अनर्थ गाँसिएको अर्थ हो; ४. शत्रुको छिमेकी राजालाई धन र सेनाद्वारा सहायता गर्नु ऐले शत्रु चिढ़ाउने हुनाले नराम्रो भए पनि पछि शत्रुलाई निर्बल पार्ने हुनाले अर्थ गाँसिएको अनर्थ हो; ५. कुनै कमजोर राजालाई म सहायता गर्छु भनि शत्रुमाथि चढ़ाइँ गर्न उचालेर आफू पछि हट्नु केही नगाँसिएको अनर्थ हो; ६. कुनै आफूभन्दा बलियो राजालाई सहायता दिने कबोल गरेर शत्रुदमन गर्न उचालेर आफू पछि हट्नु ऐले पनि धन खर्च हुने पछिलाई पनि ठुलोलाई चिढ़ाउने हुनाले अनर्थ गाँसिएको अनर्थ हो। यी छः किसिममा तीन थरी अर्थमा अगिल्लो-अगिल्लो बढ़ी बेस, तीनै थरी अनर्थ नबेस हुन्छन्, यसरी अर्थ र अनर्थको व्यवस्था बताइयो।

अगाड़ि-पछाड़ि-दायाँबाट पनि एकै बाजि अर्थ (इष्ट) हुनआउने भएमा कता लाग्ने भनेर चारैतिरको अर्थापद्—अर्थसङ्कट हुन्छ। यही अर्थापद्लाई पार्ष्णिग्राह(पृष्ठशत्रु)ले विरोध गरेमा सबैतिर अर्थसन्देह हुनाले सबैतिरको अर्थ संशयापद् हुन्छ। यो अर्थापद् र अर्थसंशयापद् भएमा अगाड़िको मित्र र आक्रन्द अर्थात् पार्ष्णिग्राहभन्दा परको मित्र यी दुइसंग सन्धि गरेर आफ्नो सहाय बनाएमा सिद्धि (प्रतिक्रिया) हुन्छ।

चारैतिरको शत्रुहरूबाट एकै बखत भय भएमा कता सँभाल्ने भनि चारैतिरको अनर्थापद् हुन्छ। यही अनर्थापद्लाई अनुकूल मित्रले विरोध गरेमा कता के हुने हो भनि चारैतिर अनर्थसंशयापद् हुन्छ।

यी अनर्थापद् र अनर्थसंशयापद् भएमा चल अर्थात् किल्ला नभएको शत्रु र आक्रन्द पार्ष्णिग्राहभन्दा परको मित्र राजाको सहायता पाएमा सिद्धि (प्रतिक्रिया) हुन्छ। अथवा दूष्यामित्रसंयुक्त प्रकरण(९ अधिकरण ६ अध्याय)मा भनेको परिमिश्रा विपत्ति सँभाल्न बताएको उपाय यहाँ पनि प्रयोग गरेमा सिद्धि (प्रतिक्रिया) हुन्छ।

यताबाट पनि उताबाट पनि दुइतिरबाट लाभ हुने भएमा यता लाग्ने कि उता लाग्ने भन्ने दुइतिरको अर्थापद् हुने भएमा र चारैतिरबाट लाभ हुने भएमा पनि लाभको तुलना गर्दा जताको अर्थलाभमा विशेष गुण (फायदा) देखिन्छ, त्यसपट्टि अभियान गर्नुपर्दछ। दुवै वा सबैपट्टि बराबर

फायदा हुने भएमा जुन लाभ मुख्य आफ्नो देशको मुख्य, नजीकको, जतापट्टि बेर नगरी झट्टै पाइने आशा छ, जतापट्टिको लाभ नहुँदा आफूमा हीनताजस्तो ठानिन्छ त्यताको लाभका निमित्त अभियान गर्नू।

यतापट्टिबाट उतापट्टिबाट पनि अनर्थ हुने भएमा यता सँभाल्ने कि उता सँभाल्ने भन्ने दुवैतिरको अनर्थापद् हुन्छ। यस्तो भएमा र चारैतिरबाट अनर्थ हुने भएमा पनि विजिगीषुले मित्रहरूद्वारा आपत्ति टार्ने प्रयत्न गर्नू। मित्रको सहायता नपाएमा एकापट्टिको अनर्थ हटाउन आफ्ना प्रकृतिवर्गमध्ये यौटा सानोतिनो त्याग गरेर पनि सँभाल्ने चेष्टा गर्नू। दुइपट्टिबाट अनर्थ हुने देखिएमा प्रकृतिवर्गमध्यको विशेष भागको त्याग गरेर पनि प्रतिक्रिया गर्नू। कुनै तरह पनि नसँभालिने देखिएमा सर्वस्व छोडेर भाग्नू; किनभने, बाँचीरहेदेखि फेरी राज्य मिल्ने आशा रहन्छ। जस्तो सुमात्र (नल) र वत्सराज उदयनले गइसकेको राज्य फेरि अनुकूल समय आउँदा फेरि पाएका थिए। एकापट्टिबाट लाभ हुने अर्कोपट्टिबाट शत्रुको आक्रमण हुने भएमा दुइतिरको अर्थ र अनर्थको आपद् हुन्छ। त्यस्तोमा जुन लाभ भएपछि त्यसबाट अनर्थ पनि हटाउन शकिन्छ, त्यो अर्थ-लाभका निमित्त अभियान गर्नू। त्यसो छैन भने अर्थलाभलाई छोड़ेर पनि राज्यमा शत्रुको आक्रमण हुन नदिनेपट्टि लाग्नुपर्दछ। यही किसिमसंग चारैतिरबाट अनर्थ हुने आपद् पर्न आएमा यस्तै उपायको प्रयोग गर्नुपर्छ।

एकापट्टि अनर्थ हुने, अर्कोपट्टि अर्थको संशय हुने यस्तो दुइतिरको अनर्थ र अर्थको सन्देह हुने आपद् हुन्छ। यस्तोमा पहिले अनर्थ हटाउनेपट्टि लागेर अनि अर्थसंशय भएपट्टि लाग्नू। यही किसिमसंग सबैतिरबाट अनर्थ र अर्थको सन्देह भएमा पनि उचित प्रयोग गर्नू।

एकापट्टि अर्थ अर्कोपट्टि अनर्थ सन्देह भएमा दुइतिरको अर्थ र अनर्थ-संशयको आपद् हुन्छ। यस्तै सबैतिरबाट अर्थ र अनर्थसन्देहको आपद् पनि हुने बुझ्नू।

यसरी दुइतिरबाट वा सबैतिरबाट अर्थ र अनर्थ संशयको आपद् परेमा विजिगीषुले अमात्य, जनपद, दुर्ग, कोश, दण्ड, मित्र—यी प्रकृतिवर्गमध्यमा अगिल्लो-अगिल्लो प्रकृतिमाथि परेको अनर्थको प्रतिक्रिया गरेर रक्षा गर्नू आवश्यक हुन्छ। यस्तोमा मित्रपट्टि परेको अनर्थ संशयभन्दा सेनामा उत्पन्न अनर्थ संशय विशेष बढी पीर गराउने हुन्छ। सबै प्रकृतिवर्गलाई आपद्बाट छुटाउन नशके पनि एकेक प्रकृतिको सङ्कट छुटाउने यत्न गर्नुपर्दछ। पुरुष जातका प्रकृतिमध्यमा पनि तीक्ष्णा (उग्र) लोभीलाई छोड़ेर बढी संख्या

भएका र अनुरागीको, जिन्सी वस्तुहरूमध्यमा पनि सार (उत्तम) धेरै उपकार दिनेको, अनर्थ-सन्देह हटाउने यत्न गर्नुपर्दछ ।

अगि आसन (चुप लागेर बस्नु), द्वैधीभाव (दोधारमा रहनु), यी तीन हलुका उपायको आड़ लिएर सानातिना वस्तुको रक्षा, यसको विपरीत विरोध अभियान समाश्रय (ठूलाको आड़ लिनु) उपायको आड़ लिएर उत्तम द्रव्य वस्तुहरूको अनर्थसंशय हटाउने यत्न गर्नुपर्दछ । शक्ति र सिद्धिको क्षय (कमी), स्थान (समता), वृद्धि (बढति), यी तीनमध्यमा पछिल्लो-पछिल्लो अर्थात् क्षयभन्दा स्थान, त्योभन्दा वृद्धि पाउने इच्छा गर्नुपर्दछ । कुनै अवस्थामा पछि बढी फायदा हुने देखिएमा माथिको क्रमको विपरीत अर्थात् वृद्धिभन्दा स्थान, त्योभन्दा क्षय, अगिल्लो-अगिल्लो पनि पाउने इच्छा राख्नुपर्दछ । यस किसिमसंग देशमा पर्नआएको विपत्तिको अवस्थामा गर्नुपर्ने व्यवस्था बताइयो । यसबाट अभियानको आदि-मध्य-अन्त्यमा अर्थ-अनर्थ संशयहरू पर्नआएमा गरिने उपायको व्यवस्था पनि बुझ्नुपर्दछ ।

अर्थ अनर्थ संशय एकै बाजि पर्नआउने भएका अभियानको आरम्भको अर्थ (लाभ) बेस हुने हुन्छ, किनभने पार्ष्णिग्राह (पृष्ठ शत्रु), आसार, (अभियान गरिनेको मित्रबल)लाई रोकावट गर्ने, क्षय (भारी बोक्ने पशु र मानिसको खति), व्यय (जन–धान्यको खति), प्रवास (टाढ़ासम्म पुग्नु) प्रत्यादेय (शत्रुबाट फर्काएर लिनुपर्ने लुटेको भूमि आदि), मूलरक्षण (राजधानीको रक्षा) गर्ने पनि काम लाग्दछ । आफ्नै देशमा बसीरहेको विजिगीषुलाई अनर्थ र संशय सहन सकिने हुन्छ ।

यो कुराबाट अभियानको बिचको अवस्थामा पनि अर्थ-अनर्थ संशय परिआउने कुरा पनि बुझ्नू ।

अभियानको अन्त्य समयमा ता कर्शनीय(निचोर्नुपर्ने)लाई निचोरी, उखेल्नु पर्नेलाई उखेली, शत्रुदेशमा रहँदा अर्थमात्र पाउनयोग्य हुन्छ, शत्रुले छिद्र पाएर बाधा गर्ने डर हुनाले अनर्थ र संशय हुनु बेस हुँदैन ।

धेरै जना मिलेर अभियान गर्ने सामवायिक(जमात)मध्यमा अगाड़ि लाग्ने मुख्यलाई पनि यही विधान हो, अरु पछिलाग्ने अमुख्यलाई पनि यही विधान हो । अरु पछिलाग्ने अमुख्यलाई ता अभियानको बीचमा र अन्तमा भएको अनर्थ र संशयको प्रतिक्रिया गर्नु बेस हुन्छ । किनभने मुख्यपाहीले भार बोकेको हुनाले रोकावट भए पनि पछिलाग्ने अमुख्यलाई यस्तो रोकावट हुँदैन ।

अर्थ, धर्म, काम यी तीन अर्थ(उपादेय)को वर्ग हो, यिनमा पनि पहिलो पहिलोचाहीं लिनु बेस हुन्छ। अनर्थ, अधर्म, शोक यी तीन अनर्थ-(हेय)को वर्ग हो, यिनमा अगिल्लो–अगिल्लो बढता हटाउनु बेस हुन्छ। अर्थ कि अनर्थ, धर्म कि अधर्म, काम कि शोक, यो तीन संशयको वर्ग हो, यिनमा पछिल्लाचाहिं अनर्थ-अधर्म-शोकको प्रतिक्रिया गरेर अगिल्लाचाहीं अर्थ-धर्म-कामको प्राप्ति बेस हुन्छ।

यहाँसम्म यात्राको आदि-मध्य-अन्तसमयलाई लिएर गर्नुपर्ने व्यवस्था बताइयो।

उपायबाट हुने सिद्धिः——

अब ती आपद्हरूको साम-दान आदि उपायको प्रयोग गरेर गर्ने प्रतिक्रियाको वर्णन गरिन्छ।

ती आपत्तिहरूलाई प्रतिक्रिया गर्ने कुरा जो भनिएको छ, सो छोरा-भाइ-बन्धुहरूमा गर्नुपर्ने भएमा साम र दान उपायबाट गर्नु उचित कार्यसिद्धि हो। नगरवासी, देशवासी र सेनाहरू राष्ट्रका मुख्यपुरुषहरूमा गर्नुपर्ने भएमा दान र भेद यी उपायबाट, सामन्त र जङ्गलीदलहरूमा गर्नुपर्ने भएमा भेद र दण्ड यी उपायको प्रयोग गर्नु सिद्धिलाभ गराउन उचित हुन्छ।

यो भनेबमोजीम उपायको प्रयोग गरेर आपदाहरू शान्त गराउनु सुल्टो हो। यी उपायबाट पुत्र आदिलाई शान्त गराउन नसकिने भएमा अरु उपायको पनि प्रयोग गर्नुपर्दछ। अर्थात् पुत्र-भाइ-बन्धुहरूमा साम-दानले शमन गर्न नसकिएमा भेद-दण्ड पनि, यस्तै पौर देशवासी सैनिक मुख्यहरूमा सामन्त जङ्गलीहरूमा पनि नरम उपायले हुनशक्ने देखिएमा नरम उपायको पनि प्रयोग हुनशक्तछ। मित्र-शत्रुहरूमा मिश्र उपाय अर्थात् नरम र कड़ा पनि मिसाएर प्रयोग गर्नुपर्दछ। साम-दान-भेद-दण्ड यी उपाय यौटाले अर्कोलाई मदत दिने गर्दछन्।

शत्रुका विरोधी हुन् कि भन्ने शङ्का लाग्ने अमात्यहरूमा साम उपायको प्रयोग गरे पुग्ने हुनाले अरू उपाय प्रयोग गर्नुपर्दैन। यस्तै विरोधी अमात्यहरूमा दान, समुदाय बनेकामा भेदनीति, उत्साह आदि शक्ति भएकाहरूमा दण्डनीति नै प्रयोग गर्नुपर्दछ।

आपत्तिहरू ठूलो सानो हेरेर त्यसलाई सुहाउने गरी उपायमा नियम विकल्प समुच्चयको तजबीज गर्नुपर्दछ। यही उपाय गर्ने, अर्को नगर्ने, भन्ने

नियम; यो वा यो उपाय गर्ने भन्ने विकल्प; यो पनि यो पनि उपाय गर्ने भन्ने समुच्चय हो ।

साम, दान, भेद, दण्ड यी उपायको प्रस्तार गणितअनुसार व्यवस्था गर्दा एक-एक उपायको चार किसिम, तीन-तीन उपाय जोडिएको चार किसिम, दुइ-दुइ उपाय जोड़िएको छः किसिम, चारै उपाय जोडिएको एक किसिम गरी जंमा पन्ध्र किसिमका उपाय हुन्छन् । जस्तै—१. साम, २. दान, ३. भेद, ४. दण्ड, ५. साम-दान-भेद, ६. साम-दान-दण्ड, ७. साम-भेद-दण्ड, ८. दान-भेद-दण्ड, ९. साम-दान, १०. साम-भेद, ११. साम-दण्ड, १२. दान-भेद, १३. दान-दण्ड, १४. भेद-दण्ड, १५. साम-दान-भेद-दण्ड—यस्ता १५ भेद हुन्छन् । यी १५ भेद अनुलोम सुल्टा हुन् ।

यी उपाय उल्टोगरी प्रयोग गरिएका पनि १५ किसिमका हुन्छन्, जस्तै—

१. दण्ड, २. भेद, ३. दान, ४. साम, ५. भेद-दान-साम, ६. दण्ड-भेद-साम; ७. दण्ड-भेद-दान, ८. दान-साम, ९., भेद-साम, १०. दण्ड-साम, ११. भेद-दान, १२. दण्ड-दान, १३. दण्ड-भेद, १४. दण्ड-भेद, १५. दान-साम यी १५ भेद प्रतिलोम उल्टा हुन् ।

यी उपायहरूमध्यमा एउटै उपायले भएको सिद्धि एकसिद्धि, दुइ उपायले भएको सिद्धि द्विसिद्धी, तीन उपायले भएको सिद्धि त्रिसिद्धि, चारै उपायले भएको सिद्धि चतुःसिद्धि कहलाउँछ । सिद्धिका विभेद यी हुन्—

धर्म अर्थ काम यी तीनको वर्गमा धर्मको मूल कारण अर्थ, अर्थको फल काम भई यिनका एकको अर्कोसंग सन्बन्ध हुनाले धर्म अर्थ काम तीनै कुरा सिद्ध हुने किसिमको कार्यसिद्धि नै सवार्थसिद्धि हो ।

मनुष्यबाट पर्न आउने मानुष-आपत्तिको प्रतिक्रियाबाट हुने सिद्धिको वर्णन गरियो ।

दैवी आपत्ति—आगो, पानी, रोग, महामारी, विद्रव (भागाभाग), दुर्भिक्ष, आसुरी सृष्टि, मूषा, सलह आदि हुन् ।

दैवी आपत्तिको प्रतीकारलाई देवता-ब्राह्मणहरूको सत्कारबाट सिद्धि-लाभ हुने हुन्छ । अवृष्टि (वर्षा नहुनु), अतिवृष्टि (धेरै वर्षा हुनु), आसुरी सृष्टि (मूषा आदि धेरै हुनु), यस्ता दैवी आपद्को शान्तिलाई अथर्ववेद-सम्बन्धी विधान गर्नुपर्दछ । तपस्वी-महात्माहरूले गरिने शान्तिकर्महरू पनि सिद्धि गराउने उपाय हुन् ।

नवम अधिकरण अभियास्यत्कर्म

अथ सांग्रामिकं दशममधिकरणम्

प्रथमोऽध्यायः

१४७ प्रकरणे—स्कन्धावारनिवेशः ।

वास्तुकप्रशस्ते वास्तुनि नायकवर्धकिमौहूर्तिकाः स्कन्धावारं वृत्तं दीर्घं चतुरस्रं वा भूमिवशेन वा चतुर्द्वारं षट्पथं नवसंस्थानं मापयेयुः । खातवप्रसालद्वाराट्टालकसम्पन्नं भये स्थाने च मध्यमस्योत्तरे नवभागे राजवास्तुकं धनुःशतायाममर्धविस्तारं पश्चिमार्धे तस्यान्तःपुरम् । अन्तर्वंशिकसैन्यं चान्ते निवेशयेत् । पुरस्तादुपस्थानं, दक्षिणतः कोशशासनकार्यकरणानि, वामतो राजोपवाह्यानां हस्त्यश्वरथानां स्थानम् । अतो धनुःशतान्तराश्चत्वारः शकटमेधीप्रततिस्तम्भसालपरिक्षेपाः । प्रथमे पुरस्तान्मन्त्रिपुरोहितौ, दक्षिणतः कोष्ठागारं महानसं च, वामतः कुप्यायुधागारम्, द्वितीये मौलभृतानां स्थानम्, अश्वरथानां सेनापतेश्च । तृतीये हस्तिनः श्रेण्यः प्रशास्ता च । चतुर्थे विष्टिर्नायको मित्रामित्राटवीबलं स्वपुरुषाधिष्ठितम् । वणिजो रूपाजीवाश्चानुमहापथम् । बाह्यतो लुब्धकश्वगणिनः सतूर्याग्नयो गूढाश्चारक्षाः ।

शत्रूणामापाते कूपकूटावपातकण्टकिनीश्च स्थापयेत् । अष्टादशवर्गाणामारक्षविपर्यासं कारयेत् । दिवा यामं च कारयेदपसर्पज्ञानार्थम् । सेनानीविवादसौरिकसमाजद्यूतवारणं च कारयेत् । मुद्रारक्षणं च । सेनानीवृत्तमायुधीयमशासनं शून्यपालोऽनुबध्नीयात् ।

पुरस्तादध्वनः सम्यक्प्रशास्ता रक्षणानि च ।
यायाद्वर्धकिविष्टिभ्यामुदकानि च कारयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे सांग्रामिके दशमेऽधिकरणे
स्कन्धावारनिवेशो नाम प्रथमोऽध्यायः ॥ १ ॥

दशम अधिकरण—साङ्ग्रामिक (युद्धसम्बन्धी)

अध्याय १

प्रकरण १४७

छाउनीको प्रबन्ध

(यो दशम अधिकरणमा विजिगीषुले शत्रु देशको बलाबल विचार गरी बाहिरिया भित्रिया सङ्कटहरूको प्रतीकार गरी सङ्ग्रामका निमित्त गर्नुपर्ने प्रबन्धहरूको निरूपण गरिन्छ ।)

(युद्धगर्ने ठाउँको नजीकैमा बनाएको फौज रहने ठाउँ 'स्कन्धावर' भनिन्छ । त्यसको निर्माण गर्ने विधान यस प्रकरणमा भनिन्छ ।)

वास्तुविद्या जान्नेले असल ठह्र्याएको प्रदेश(ठूलो ठाउँ)मा नायक (सेनापति), वर्धकि (कर्मीनाइके), मौहूर्तिक (ज्योतिषी), यी सबै मिलेर स्कन्धावार (छाउनी) बनाउने ठाउँ बाटुलो वा लामचो, वा चारपाटे ठाउँ जस्तो पाइन्छ उही अनुसारको चारै दिशामा ढोका चार भएको किल्लाको निर्माणमा भनेझैं पूर्व-पश्चिम लामा तीन, उत्तर-दक्षिण लामा तीन, गरी छः वटा सडक ठाड़ो तीन भाग, तेर्सो तीन भाग पारेर जंमा नौ खण्ड हुने गरी छाउनी बनाउनू ।

बीचको खण्डको उत्तरपट्टिको $\frac{१}{९}$ भागमा १०० धनु (४०० हात) लमाइ, लमाइको आधा (२०० हात) चौड़ाइ भएको राजवास्तु–राजनिवास (राजा बस्ने ठाउँ), त्यसको पश्चिमपट्टिको भागमा रानीहरू बस्ने अन्तःपुर बनाउनू। अन्तःपुरकै नजीकमा अन्तःपुरको रक्षक फौज पनि राख्नू । राजनिवासको अगाड़िपट्टि दर्शनार्थीहरूलाई राजाले दर्शन दिने उपस्थानगृह (बैठकघर), दाहिनेपट्टि ढुकुटीघर, राजाले शासन (आदेश) गर्ने ठाउँ, अक्षपटल (हरहिसाब स्रेस्ता गर्ने ठाउँ) पनि बनाउनू। त्यस राजवास्तुकदेखि पर १००-१०० धनु(४००-४०० हात)को फरक पारी गाड़ाहरूको घेरा, अनि काँढे रुखका हाँगा गाड़ेको घेरा, अनि काठका खम्बाहरूको घेरा, अनि परखालको घेरा गरी रक्षा गर्ने बार चार तयार गर्नू ।

पहिलो घेराभित्र अगाड़िपट्टि मन्त्री र पुरोहित, दाहिनेपट्टि कोठार (अन्नहरूको भण्डार) र भान्सा, बायाँपट्टि जिन्सीमाल र शस्त्रहरू रहने घर, दोस्रो घेराभित्र मौल (स्थायी), भृत (भर्ती) सेनाहरूको र घोड़ा, रथ, सेनापति रहने ठाउँ, तेस्रो घेराभित्र हात्तीहरू, श्रेणी (शस्त्रधारी रैतीको फौज) र प्रशास्ता कण्टकशोधनको अध्यक्ष रहने ठाउँ, चौथो घेराभित्र विष्ठि (मजदूर), नायक (दश सेनापतिमाथिको अध्यक्ष), आफ्ना-आफ्ना नेताहरू सहित सहायता निमित्त आएको मित्रको फौज, आफैले वश पारिएका शत्रुको फौज, आटविक (जङ्गलीको फौज,) रहने हुन्छन्। बनियाहरू र वेश्याहरू सड़क-सड़कको नजीकमा रहने हुन्छन्। सबैभन्दा बाहिर व्याधाहरू, कुकुर, सिकारीहरू र शत्रु आएमा बाजा बजाएर, वा आगो बालेर धूवाँ गराएर सूचना दिनेहरू गुप्तीचर, रक्षक दलहरू पनि हुन्छन्।

शत्रु आउने बाटामा इनार, कपटी खाडल, काँढ़े फल्याकहरू घेरै बनाउनू। मौल दल, भृत, मित्र दल, अमित्र दल, जङ्गलीदल, यी पाँच थरी पैदल फौज सेनापति नायकहरू समेत गरेर १८ दलका रक्षकहरू सहायता गर्ने गरी राख्नू। शत्रुको चेष्टा पत्ता लाउन दिउँसो गस्ती गराउनू। सैनिकहरूमा परस्पर झगड़ा मद्यपान गर्न, जूवा खेल्न पनि रोकावट गर्नू। आउन जान दिने मुद्रा (छापको निशाना) द्वारको रक्षा पनि गराउनू।

युद्धमा गएको सेनाबाट फर्केको हतियार लिने, फर्किने अनुमतिको लेख नलिएकोलाई शून्यपाल (राजा नभएकोले शून्य भएको देशको रक्षक)ले पक्रने गर्नू।

प्रशास्ता (कण्टकशोधनाध्यक्ष) चाहीं राजाहरूको प्रस्थानभन्दा अगाड़ि नै कर्मी-मजदूरका नाइके समेत गएर बाटो सम्याउने-सच्याउने हिंस्रकहरू हटाउने, पानी नभएको ठाउँमा पानीको बन्दोबस्त पनि गर्ने गरून्।

अथ द्वितीयोऽध्यायः

१४८–१४९ प्रकरणे—स्कन्धावारप्रयाणं बलव्यसनावस्कन्दकालरक्षणं च।

ग्रामारण्यानामध्वनि निवेशान् यवसेन्धनोदकवशेन परिसंख्याय भक्तोपकस्थानासनगमनकालं च यात्रां यायात्। तत्प्रतीकारद्विगुणं भक्तोपकरणं वाहयेत्। अशक्तो वा सैन्येष्वायोजयेत्। अन्तरेषु वा निचितु-

वाहूत्साराः । चक्रान्तेषु हस्तिनः । प्रसारवृद्धिर्वा सर्वतः । वनाजीवः प्रसारः । स्वदेशादन्वायतिर्वीवधः । मित्रबलमासारः । कलत्रस्थानमपसारः । पश्चात्सेनापतिः पर्यायान्निविशेत ।

पुरस्तादभ्याघाते मकरेण यायात्, पश्चाच्छकटेन, पार्श्वयोर्वज्रेण, समन्ततः सर्वतोभद्रेण, एकायने सूच्या, पथि द्वैधीभावे च स्वभूमितो यायात् । अभूमिष्ठानां हि स्वभूमिष्ठा युद्धे प्रतिलोमा भवन्ति । योजनमधमा, अध्यर्यं मध्यमा, द्वियोजनमुत्तमा, संभाव्या वा गतिः । आश्रयकारी, सम्पन्नघाती, पार्ष्णिरासारो मध्यम उदासीनो वा प्रतिकर्तव्यः, संकटो मार्गः शोधयितव्यः, कोशो दण्डो मित्रामित्राटवीबलं विष्टिर्ऋतुर्वा प्रतीक्ष्याः । कृतदुर्गकर्मनिचयरक्षाक्षयः क्रीतबलनिर्वेदो मित्रबलनिर्वेदश्चागमिष्यति, उपजपितारो वा नातित्वरयन्ति, शत्रुरभिप्रायं वा पूरयिष्यति, इति शनैयात् । विपर्यये शीघ्रम् ।

हस्तिस्तम्भसंक्रमसेतुबन्धनौकाष्ठवेणुसंघातैः अलाबुचर्मकरण्डदृतिप्लवगाण्डकावेणिकाभिश्चोदकानि तारयेत् । तीर्थाभिग्रहे हस्त्यश्वैरन्यतो रात्रावुत्तीर्य सत्रं गृह्णीयात् । अनुदके चक्रिचतुष्कं चाध्वप्रमाणेन शक्त्योदकं वाहयेत् ।

दीर्घकान्तारमनुदकं यवसेन्धनोदकहीनं वा कृच्छ्राध्वानमभियोगप्रस्कन्नं क्षुत्पिपासाध्वक्लान्तं पंकतोयगभीराणां वा नदीदरीशैलानामुद्यानापयाने व्यासक्तम् । एकायनमार्गे शैलविषमे संकटे वा बहुलीभूतं निवेशे प्रस्थिते विसन्नाहं भोजनव्यासक्तम् । आयतगतपरिश्रान्तमवसुप्तं व्याधिमरकदुर्भिक्षपीडितं व्याधितपत्त्यश्वद्विपभूमिष्ठं वा बलव्यसनेषु वा स्वसैन्यं रक्षेत् । परसैन्यं चाभिहन्यात् । एकायनमार्गप्रयातस्य सेनानीश्चाहारग्रासशय्याप्रस्ताराग्निनिधानध्वजायुधसंख्यानेन परबलज्ञानम् । तदात्मनो गूहयेत् ।

पार्वतं वनदुर्गं वा सापसारप्रतिग्रहम् ।
स्वभूमौ पृष्ठतः कृत्वा युध्येत निविशेत वा ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे सांग्रामिके दशमेऽधिकरणे स्कन्धावारप्रयाणं बलव्यसनावस्कन्दकालरक्षणं चेति द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १४८

स्कन्धावारप्रयाण

प्रकरण १४९

बलव्यसनावस्कन्दकालरक्षण

यो १४८ प्रकरणमा—प्रमाण-निर्देशअनुसार बनाएको छाउनीतर्फ सामान परिवार सहित राजाको प्रयाण वर्णन गरिन्छ। प्रयाण गर्दा पर्ने गाउँ र जङ्गलको बाटोमा घाँसपात, दाउरा, पानीको सुविधा हुने, बस्नुपर्ने ठाउँ, यति भनि ठेगान गरेर, त्यहाँ महिना-पन्ध्रदिन आदि मुकाम गर्ने स्थान, पात्र छः दिन बस्ने आसन, एक रातमात्र बस्ने चलती (गमन) दिन यति-यति भन्ने अगिबाटै ठेगान् गरेर यात्रा गर्नू। सो गणना गरिएको देश र काललाई पुग्नेभन्दा दोबर रसद सामानहरू बोकाएर लैजानू। छुट्टै बोकाउन नसकिएमा सैनिकहरूलाई बाँडेर बोक्नदिन्। अथवा बीचका ठाउँ-ठाउँमा अगिबाटै जम्मा गरेर राख्नलाउनू।

क्रम—

सेनाको अगाड़ि १० सेनापतिहरूमाथिका अध्यक्ष, नायक, अनि बिचमा रानी आदि परिवार र विजिगीषु राजा, राजाहरूको दायाँ-बायाँ शत्रु पन्साउने बाहु जस्ता रिसल्ला घोड़ाको दल, सबभन्दा पछाड़ि हात्तीको दल गरेर प्रयाण गर्नूं।

प्रसार (दाना घास प्रशस्त) **वीवध**—आफ्नो देशदेखि अटूट ताँति लागेको धान्य आदि, **आसार**—मित्रको सैनिक दल, **अपसार**—जहानहरूको वर्ग, यो सबै सुरक्षित हुने गरी आफ्नो-आफ्नो सेनाको पछाडि सेनापति रहने गरी, सेनाहरूले यान गर्नू ।

विन्यास—

अगाड़िपट्टिबाट शत्रुले आक्रमण गर्ने शङ्का भएमा मकर-व्यूह गरेर, पछाड़िबाट आक्रमण गर्ने शङ्का भएमा शकट-व्यूह गरेर, दायाँ-बायाँबाट आक्रमण गर्ने शङ्का भएमा वज्रव्यूह गरेर, वरिपीरबाट आक्रमण गर्ने शङ्का भएमा सर्वतोभद्र व्यूह गरेर, एकेक जना गरेर जानुपर्ने बाटो भएमा सूचीनामको व्यूह गरेर यान गर्नू । व्यूहमन्डलहरूको वर्णन पछि व्यूहका प्रकरणमा गरिनेछ । सजिलो र असजिलो मार्ग दुइथरी बाटो भएमा आफ्ना सबै दललाई सुविधा हुने बाटोबाट लैजानू । युद्ध भूमिको प्रकरणमा सो बाटोको वर्णन गरिनेछ । बेठाउँमा रहनेलाई मिल्दो ठाउँमा रहनेहरूसँग युद्ध गर्दा नमिली उल्टो पर्ने हुन्छ । गाईले कराएको सुनिनेसँमको गौकोश ४ को १ योजनको हिसाबले १ दिनमा १ योजन हिंडाइ अधम, डेढ़ योजन भए मध्यम, ५ योजन भए उत्तम, अथवा देशकालअनुसार जीत हुन शक्छ त्यति हिंडाइ गर्नू ।

सुविस्ता लिन आश्रय लिनुपरेमा, सम्पन्न भएको शत्रुदेशमा हान्नुपर्दा पार्ष्णिग्राह (पछाड़िपट्टिको शत्रु), आसार (मित्रदल), अमित्रदल, जङ्गली-दलहरू सहायतानिमित्त पछि आउने भएमा, वा मजदूरवर्ग किंवा आफूलाई मिल्दो आउने समयहरू पर्खनुपर्ने भएमा, बनाएको किल्लामा जम्मा गरेको अन्नको रक्षा कम भएमा, धन दिएर किनेको फौज र सहायता गर्न आएका मित्रको फौज खिन्न भएमा वा जासूसहरूले हतपत गर्नुपर्ने नगराएमा पनि अभियान बिस्तारै बिस्तारै गर्नुपर्दछ । यी माथि लेखिएका कुरा पर्न नआएको परिस्थिति भएमा छीटो-छीटो अभियान गर्नू ।

नदीहरू तर्नुपर्ने भएमा हात्तीहरू, खम्भाहरूमाथि काठहरू बिछाएर, पूल बाँधेर, नाउद्वारा, काठबाँसहरूको समूहद्वारा, तुम्बा छालाले मोरेको बाकस, छालाको खलाँती, डुङ्गा, पौड़ने काठ, डोरीका लठारोहरूद्वारा सेनाहरू तार्नुपर्दछ । शत्रुले घाट रोकेको भएमा हात्ती-घोड़ाहरूद्वारा घाट नभएको ठाउँबाट राति तरेर सत्र (रक्षा हुने ठाउँ) लिनू ।

पानी नभएको ठाउँमा गाड़ा बयलहरू लामो छोटो बाटो अनुसार बोक्नशकिनेजति पानी पनि बोकाएर लैजानू । लामो अनकण्टार बाटो पानी नभएको, घाँस दाउरा पानी नपाइने मुष्कीलको बाटो भएमा शत्रुले बिचैमा आक्रमण गर्ने डर भएमा फौजहरू भोक-प्यास बाटाको हिंडाइले थाकेमा, अथवा बाटोमा धाप, गहीरो पानी, नदी, नाला, गुफा, पर्वत, उकालो, ओह्रालो, दुःखले पार गर्नुपर्ने भएमा, अथवा कुनै साँगुरो अप्ठ्यारो पहाड़ी खराब बाटो भएर फौजहरू थुप्रिने भएमा, र बसेको वेलामा, हिंडेको वेलामा, शस्त्र-कवचहरू नलिएको वेलामा, खान लागेमा, जान आउनाको कामले थाकेको वा सुतेको वेलामा, रोग महामारी दुर्भिक्षले पीड़ित भएमा, पैदल घोड़ा हात्तीहरू धेरै बिरामी भएमा, सैनिक सङ्कट भएको अवस्थामा, आफ्नो सेनालाई राम्रो रक्षा गर्नू । शत्रुको सेनामा यस्तो परेमा तुरुन्तै आक्रमण गर्नू ।

शत्रुको सेना एक जना मात्र हिंड्न हुने साँगुरो बाटोबाट हिंडेको वेलामा लहरै निस्कने सैनिक व्यक्तिको गिन्ती, हात्तीहरूको गाँस (आहारा)को संख्या लिएर, सुत्न बनाएको बिछाउना चुलो झण्डा हतियारहरू गनेर पनि शत्रुको फौज यति यस्तो रहेछ भनि निश्चय गर्नू। यही सबै कुरा आफ्नोतर्फको शत्रुले थाहा नपाउने गर्नू ।

पहाड़ी किल्ला वा वनको किल्ला, आखिर परेमा भाग्ने हट्ने ठाउँ, प्रतिगृह (आइलाग्ने शत्रुसैन्यलाई प्रहारगर्ने हुने ठाउँ) हरूसमेत ठीक राखेर आफूलाई मिल्दो भूमिमा लड्ने वा अड्ने गर्नुपर्दछ ।

अथ तृतीयोऽध्यायः

१५०–१५२ प्रकरणे—कूटयुद्धविकल्पाः स्वसैन्योत्साहनं, स्वबलान्यबलयोगश्च ।

बलविशिष्टः कृतोपजापः प्रतिविहितर्तुः स्वभूम्यां प्रकाशयुद्धमुपेयात् । विपर्यये कूटयुद्धम् । बलव्यसनावस्कन्दकालेषु परमभिहन्यात् । अभूमिकं वा स्वभूमिष्ठः । प्रकृतिविग्रहो वा स्वभूमिष्ठं दूष्यामित्राटवीबलैर्वा भंगं दत्त्वा विभूमिप्राप्तं हन्यात् । संहतानीकं हस्तिभिर्भेदयेत् । पूर्वं भंगप्रदानेनानुप्रलीनं भिन्नमभिन्नं प्रतिनिघृत्य हन्यात् । पुरस्तादभिहत्य प्रचलं विमुखं वा पृष्ठतो हस्त्यश्वेनाभिहन्यात् ।

पृष्ठतोऽभिहत्य प्रचलं विमुखं पुरस्तात्सारबलेनाभिहन्यात् । ताभ्यां पार्श्वाभिघातौ व्याख्यातौ । यतो वा दूष्यफल्गुबलं ततोऽभिहन्यात् । पुरस्ताद्विषमायां पृष्ठतोऽभिहन्यात् । पृष्ठतो विषमायां पुरस्तादभिहन्यात् । पार्श्वतो विषमायामितरतोऽभिहन्यात् ।

दूष्यामित्राटवीबलैर्वा पूर्वं योधयित्वा श्रान्तमश्रान्तः परमभिहन्यात् । दूष्यबलेन वा स्वयं भंगं दत्त्वा 'जितम्' इति विश्वस्तमविश्वस्तः सत्रापाश्रयोऽभिहन्यात् । सार्थव्रजस्कन्धावारसंवाहविलोपप्रमत्तमप्रमत्तोऽभिहन्यात् । फल्गुबलावच्छन्नः सारबलो वा परवीराननुप्रविश्य हन्यात् । गोग्रहणेन श्वापदवधेन वा परवीरानाकृष्य सत्रच्छन्नोऽभिहन्यात् ।

रात्राववस्कन्देन जागरयित्वाऽनिद्राक्लान्तानवसुप्तान् वा दिवा हन्यात् । सपादचर्मकोशैर्वा हस्तिभिः सौप्तिकं दद्यात् । अहः सन्नाहपरिश्रान्तानपराह्णेऽभिहन्यात् । शुष्कचर्मवृत्तशर्कराकोशकैर्गोमहिषोष्ट्रयूथैर्वा त्रस्नुभिरकृतहस्त्यश्वं भिन्नमभिन्नः प्रतिनिवृत्तं हन्यात् । प्रतिसूर्यवातं वा सर्वमभिहन्यात् । धान्वनवनसंकटपंकशैलनिम्नविषमनावो गावः शकटव्यूहो नीहारो रात्रिरिति सत्राणि । पूर्वे च प्रहरणकालाः कूटयुद्धहेतवः । संग्रामस्तु निर्दिष्टदेशकालो धार्मिष्ठः ।

संहत्य दण्डं ब्रूयात्—'तुल्यवेतनोऽस्मि, भवद्भिः सह भोग्यमिदं राज्यं, मयाभिहितः परोऽभिहन्तव्यः' इति । वेदेष्वनुश्रूयते समाप्तदक्षिणानां यज्ञानामवभृथेषु—'सा ते गतिर्या शूराणाम्' इति । अपीह श्लोकौ भवतः—

यान् यज्ञसंघैस्तपसा च विप्राः स्वर्गैषिणः पात्रचयैश्च यान्ति ।
क्षणेन तामप्यतियान्ति शूराः प्राणान्सुयुद्धेषु परित्यजन्तः ॥ १ ॥

नवं शरावं सलिलस्य पूर्णं सुसंस्कृतं दर्भकृतोत्तरीयम् ।
तत्तस्य माभून्नरकं च गच्छेद्यो भर्तृपिण्डस्य कृते न युध्येत् ॥ २ ॥

इति मंत्रिपुरोहिताभ्यामुत्साहयेद्योधान् । व्यूहसम्पदा कार्तान्तिकादिश्चास्य वर्गः सर्वज्ञदैवसंयोगख्यापनाभ्यां स्वपक्षमुद्धर्षयेत् । परपक्षे चोद्वेजयेत् । 'श्वो युद्धम्' इति कृतोपवासः शस्त्रवाहनं चानुशयीत । अथर्वभिश्च जुहुयात् । विजययुक्ताः स्वर्गीयाश्चाशिषो वाचयेत् । ब्राह्मणेभ्यश्चात्मानमतिसृजेत् । शौर्यशिल्पाभिजनानुरागयुक्तमर्थमानाभ्यामविसंवादितमनीकगर्भं कुर्वीत । पितृपुत्रभ्रातृकाणामायुधीयानामध्वजं मुण्डानीकं राजस्थानम् । हस्ती रथो वा राजवाहनमश्वानुबन्धे । यत्प्रायः सैन्यो, यत्र वा विनीतः स्यात्, तदधिरोहयेत् । राजव्यंजनो व्यूहाधिष्ठानमायोज्यः ।

सूतामागधाः शूराणां स्वर्गमस्वर्गं भीरूणां जातिसंघकुलकर्मवृत्तस्तवं च योधानां वर्णयेयुः । पुरोहितपुरुषाः कृत्याभिचारं ब्रूयुः । सत्रिवर्धकिमौहूर्तिकाः स्वकर्मसिद्धिमसिद्धिं परेषाम् । सेनापतिरर्थमानाभ्यामभिसंस्कृतमनीकमभिभाषेत—'शतसाहस्रो राजवधः । पंचाशत्साहस्रः सेनापतिकुमारवधः । दशसाहस्रः प्रवीरमुख्यवधः । पंचसाहस्रो हस्तिरथवधः । साहस्रोऽश्ववधः । शत्यः पत्तिमुख्यवधः । शिरो विंशतिकम् । भोगद्वैगुण्यं स्वयंग्राहश्चेति । तदेषां दशवर्गाधिपतयो विद्युः । चिकित्सकाः शस्त्रयंत्रागदस्नेहवस्त्रहस्ताः, स्त्रियश्चान्नपानरक्षिण्यः पुरुषाणामुद्धर्षणीयाः पृष्ठतस्तिष्ठेयुः ।

अदक्षिणामुखं पृष्ठतः सूर्यमनुलोमवातमनीकं स्वभूमौ व्यूहेत । परभूमिव्यूहे चाश्वांश्चारयेयुः । यत्र स्थानं प्रजवश्चाभूमिर्व्यूहस्य, तत्र स्थितः प्रजवितश्चोभयथा जीयेत । विपर्यये जयति । उभयथा स्थाने प्रजवे च । समा विषमा व्यामिश्रा वा भूमिरिति, पुरस्तात्पार्श्वाभ्यां पश्चाच्च ज्ञेया । समायां दण्डमण्डलव्यूहाः । विषमायां भोगसंहतव्यूहाः । व्यामिश्रायां विषमव्यूहाः । विशिष्टबलं भंक्त्वा सन्धि याचेत । समबलेन याचितः सन्दधीत । हीनमनुहन्यात् । न त्वेव स्वभूमिप्राप्तं त्यक्तात्मानं वा ।

पुनरावर्तमानस्य निराशस्य च जीविते ।
अधार्यो जायते वेगस्तस्माद्भग्नं न पीडयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे सांग्रामिके दशमेऽधिकरणे कूटयुद्धविकल्पाः स्वसैन्योत्साहनं स्वबलान्यबलव्यायोगश्चेति तृतीयोऽध्यायः ।

अध्याय ३

प्रकरण १५०

कपट गरेर शत्रुलाई हान्ने तरीकाहरू

प्रकरण १५१

आफ्नो फौजलाई उत्साह दिनु

प्रकरण १५२

आफ्नो फौज शत्रुको फौजभन्दा बढता तयार पार्नु

शूरताले र संख्याले पनि आफ्नो फौज शत्रुकोभन्दा बढ़ी भएमा शत्रुपट्टि जासूसहरू पठाएर फूटफाट गराई युद्ध गर्नालाई आफूलाई उचित हुने समयमा, भरशक आफूलाई सुविधा हुने ठाउँ पारेर, खुलायुद्ध गर्न अगि सरोस् । त्यस्तो नभएमा कपटको युद्ध पनि गरोस् ।

शत्रुको फौजमा अगि भनेबमोजीम सङ्कट परेको हमलागर्न अनुकूल ठाउँ र समयमा शत्रुलाई आक्रमण गर्नू । किंवा आफ्नो फौज अनुकूल ठाउँमा रहेको र, शत्रुको फौज प्रतिकूल ठाउँमा रहेको वेलामा आक्रमण गर्नू । शत्रुका अमात्य आदि प्रकृतिवर्गलाई फूट गराएर आफूपट्टि मिलाएमा आफ्नै ठाउँमा रहेको पनि शत्रुलाई आफूतर्फका द्रोही (शत्रु) आटविकहरूको दळ अगि सारेर हार खुवाई आफू अमिल्दो ठाउँमा भए पनि हमला गरोस् , आफ्नै भूमिमा मिलेर रहेको शत्रुको सैन्यलाई हात्तीहरू पठाएर यता-उती छरी हमला गर्नू ।

पहिले हार खुवाएर यताउती छरिएर रहेको शत्रुदललाई नफुटेको आफ्नो दल फरक्क फर्काएर हान्न लाउनू। आफूले अगाड़िपट्टिबाट हानेर यताउति छरिएको, वा विमुख भएको शत्रुसैन्यलाई पछिल्तिरबाट हात्ती घोड़ालाई हमला गर्नलाउनू। पछाड़िपट्टि हान्दा डगमगाएको वा विमुख (कण्डो फर्काएको) शत्रुदललाई शूरो बलियो फौजलाई अगाड़ि सारेर हान्नू।

अगाड़ि वा पछाड़िपट्टिको हमलाको कुराबाट दायाँ पाखाबाट हान्दा डगेको शत्रुदललाई बायाँपट्टिबाट, बायाँपट्टिबाट हान्दा डगेको शत्रुदललाई दायाँपट्टिबाट हान्ने पनि गर्नू। अथवा जतापट्टि शत्रुका द्रोहीको फोस्रो दल छ त्यतैपट्टि हान्नू। अगिल्तिरको भूमि विषम (उबड़खाबड़—अपठ्यारो पर्ने) भएमा पछिल्तिरबाट, पछिल्तिर विषम पर्ने भएमा अगाड़ितिरबाट, दायाँ वा बायाँ विषम पर्ने भएमा बायाँ र दायाँपट्टिबाट हान्नू।

दूष्य (द्रोही), शत्रुका शत्रु, आटविक दलसँग, अगिबाट लडाएर थाकिसकेको शत्रुदललाई नथाकेको आफ्नो सैन्यलाई हान्नलाउनू। आफ्नो द्रोही दललाई अगि सारेर आफूपट्टि हार गराउँदा अब जितें भनि ढुक्क परेको शत्रुलाई आफू ढुक्क नपरी सत्र(मरुभूमि सङ्कट)को आड़लिएर हान्नू। बनियाको सङ्ग गाईगोरु गोठ छाउनीहरूलाई लुट्न व्यग्र भइरहेको शत्रुदलमाथि आफू सावधान भएर हमला गर्नू। भित्रपट्टि शूरा बलिया फौजलाई बाहिरपट्टि निर्धा दुब्ला फौजले छोपेर शत्रुको फौजमा भित्र पसेर हान्नू। शत्रुका गाईगोरुहरू लुटी जनावरहरू मारिदिई त्यतापट्टि सँभाल्न व्यग्र शत्रुदललाई एकोह्याई जङ्गलहरूमा लुकेको अर्को दलद्वारा हान्नलाउनू।

अथवा राती हमला गरी जागा राख्ता दिउँसो निद्राले लट्ठ परेको वा सुतीरहेको शत्रुदललाई हान्नू। खुट्टामा छालाको थैलो समेत बाँधेका हात्तीहरू अगि सारेर शत्रुदलमाथि हमला गराउनू। दिनभरको धपेटीले थाकेका शत्रुदलमाथि अपराह्ण(ढल्केको दिन)मा हमला गर्नू।

बाटुला ढुङ्गाका गेगर भरेका सुकेका छालाको थैला वा झस्कने गाई गोरु हात्ती ऊँटद्वारा शत्रुका नसँभालिएका हात्ती घोड़ाहरू भड्केर फूटी युद्धमा विमुख भएको शत्रुदललाई सावधान आफ्नो फौजद्वारा हनाउनू, किंवा सूर्य, हावाले आँखा तिरमिरिएको सबै थरी शत्रुदललाई हान्नू।

अनि मरुभूमि, दुर्गम जङ्गल, झाड़ी, हरीले पहाड़, खाडल, विषम (अग्लो-होचो) जमीन, गाईको बथान, कुहिरो रात यति, सत्र अर्थात् लुकीलुकी हिंड्ने ठाउँ मानिन्छन्। यी सत्र र अनि मानिएका हमलागर्ने समय पनि कपटी युद्धलाई काम दिने हुन्छन्।

सेनालाई प्रोत्साहन--

संग्राम भनेको खुलायुद्ध अमुक समयमा अमुक ठाउँमा दुवै थरी जम्मा भएर लड्ने भनी अगिबाटै तोकिएको धर्मपूर्वक हुन्छ ।

धोका दिएर गर्ने कूटयुद्ध ता अधर्म युद्ध हो । फौजलाई जम्मा गरेर राजाले मपनि तपाईं जस्तै वेतनभोगी (जागिरे) हूँ, तपाईं हामी सबै मिलेर समभाग गरिने यो राज्य हो, मैले निशाना गरेको शत्रुदललाई तपाईं-हरूले पनि हमला गर्नुपर्दछ भनी मन्त्री पुरोहितले पनि वेदमा पनि दक्षिणा-दानसम्मको यज्ञ पूर्ण भएर अवभृथ स्नान(यज्ञान्तको स्नान अभिषेक)गर्नेहरूको लड्ने शूरवीरको जस्तै उत्तम गति हुन्छ भनेको सुनिन्छ । यस विषयका यी दुइ श्लोकार्थ पनि छन्--

(१) स्वर्ग चाहने ब्राह्मणहरू, अनेक यज्ञ तपस्या सत्पात्रमा दान गरेर मनःकामना पूर्ण भई जुन उच्चस्थानमा पुग्दछन्, धर्मपूर्वकको युद्धमा प्राण अर्पण गर्ने शूरवीरहरू एक क्षणमा त्यसै गरी त्यो उच्चस्थानभन्दा पनि माथि पुग्दछन् ।

(२) मालिकको अन्न खाएर त्यसको भारा तिर्न युद्धबाट जो विमुख भएर लड्दैन, त्यसले परलोकमा मन्त्रपाठले पवित्र जल भरिएको माथितिर कुशले ढाँकेको नया घड़ाको जल पिउन पाउँदैन, नरकमा पनि जानुपर्दछ । यसो भनेर लडाका सैनिकहरूलाई प्रोत्साहन दिनू ।

सर्कारी ज्योतिषी शकुनशास्त्रीहरूको वर्गले पनि व्यूह(सेनाको विशेष विन्यास)को विजय अपराजय आदि गुण सर्वज्ञता अनुकूल दैव आदि देखाएर आफ्नो दललाई उचाल्ने, शत्रुको पक्षलाई अत्याउने गरोस् । भोलि युद्ध हुने भन्ने ठेगान भएपछि पुरोहितले त्यो दिनमा उपवास गरेर राति शस्त्रास्त्रको पूजा गरी त्यहींनेर सुत्नू । शत्रु-विजय गराउने अथर्वका मन्त्रहरूले होम गर्नू । ब्राह्मणहरूलाई यस लोकमा विजय र परलोकमा स्वर्ग प्राप्ति हुने आशीर्वाद दिई रक्षाका निमित्त आत्मा ब्राह्मणहरूमा अर्पण गराउनू ।

शूरता शीप खान्दान अनुराग गुण भएको प्रधान सेनालाई राजाले धेरै धन र मानले अनुकूल पार्नू । राजाका बाबु-छोरा-भाइ आदि अन्तरङ्ग शस्त्रधारीहरूको झण्डा आदि राजचिह्न नभएको मुडुलोजस्तो मुख्यदललाई राजाको नजीकैमा राख्नू । हात्ती वा रथ राजाको सवारीलाई घोडा चढ्ने रिसल्लाहरूको दलको साथमा दलसँगै राख्नू । सेनामा घोड़ा हात्ती रथ आदि धेरै हुन्छन्, जुन वाहनको सवारीमा राजा सुशिक्षित हुन्छन्, त्यही चढ्नू ।

राजालाई शत्रुले झट्ट पत्ता नलाउने गराई राजाको जस्तै वेषभूषा गराई कुनै पुरुषलाई फौजी व्यूहको शिरोभागमा राख्नू, सूत (पुरानो इतिहास भन्ने), मागध(स्तुति पाठ गर्ने भाट)हरूले शूराहरू स्वर्गजाने, डरछेरुवाहरू स्वर्ग जान नपाउने विषयको कथा, र लड़ाकाहरूको उत्तम-जाति-सङ्घ-कुल-काम-चरित्रहरूको बयान गर्ने गरून्। पुरोहित वर्गले शत्रुनाश गर्ने मन्त्र-तन्त्रको प्रयोग बताउने गरून्। गुप्तचर-कर्मी-ज्योतिषीहरू आफ्नोपट्टिको कार्य सिद्ध हुने शत्रुको कार्य सिद्ध नहुने समाचार भन्ने गरून्। सेनापतिले सेनाहरूलाई धन र मानले आदर गरेर, शत्रुपट्टिको राजालाई मार्नेले लाख, सेनापति राजकुमारको वध गर्नेले पचास हजार, मुख्य वीरलाई वध गरे दश हजार, हात्ती रथको नाश गरे पाँच हजार, घोड़ा मारे हजार, मुख्य सैनिकलाई मारे शय, इनाम पाउने, यौटा टाउको काटेर ल्याएमा बीस पाई जागीर दोबर हुने, शत्रुको देशबाट जसले जति लुटेर ल्याउन शक्तछ त्यो उसैले पाउने हुन्छ भन्नू। यो भनेको सबै कुरा दश-दश वर्गका साना सेनाधिपतिहरूले पनि जानून्।

औषधि-गर्नेहरू शल्यचिकित्साका शस्त्र-यन्त्र-औषधि-स्नेह-पट्टि बाँध्ने कपड़ा आदि सामान हातमा लिएर तयार रहने गर्नू। अन्न-पानी(खाने पिउने षस्तु)–को रक्षामा खटिएका स्त्रीजनहरू पुरुषहरूलाई खुसी पार्ने वेषभूषा शृङ्गार गरी पछाड़िपट्टि रहने गरून्।

सेनाको व्यूह बनाउँदा दक्षिण दिशातिर मुख नपर्ने आँखा नतिर्मिराउने गरी सूर्य पछाड़ि पर्ने, बतासको मुस्लोमा सम्मुख नपर्ने गरो आफ्नै भूमिमा व्यूह बनाउनू। शत्रुको भूमिमा व्यूह बनाउनुपरेमा रिसल्ला घोड़सवारको दल वरिपरि घुमीरहने गराउनू। कुनै अयोग्य ठाउँमा व्यूह बनाएमा, त्यहाँ धेरै समयसम्म रहनुपरेमा वा चाँड़े हिंड्नुपरेमा पनि हार्ने योग्य ठाउँमा व्यूह बनाएमा अड़े पनि हिंड़े पनि जित्ने हुन्छ। समथर वा अग्लो होचो दुवै थरी मिसिएको जमीन जे-जस्तो छ अगाड़ि-पछाड़ि दायाँ-बायाँबाट जाँच गर्नू। सम भए दण्डव्यूह, मण्डलव्यूह; अड़बड़खड़बड़ भए भोगव्यूह, संहत व्यूह; दुवै थरि मिसिएको भए विषम व्यूह बनाउनू। व्यूहहरूको विशेष पछि बनाउनेछ शत्रुको बल बढी देखेमा व्यूहको भङ्ग गरेर सन्धिको माग गर्नू। बाबर बल भएको शत्रुले सन्धिको माग गरेमा सन्धि गर्नू। आफ्नोभन्दा कमबल भएको शत्रु देखिए हमला गरेर बेसरी थिच्नू। हीनबल भए पनि आफ्नो वशमा आएको निराश भएको र हरेस खाएकोलाईनहाल्नू ।

हीन बल भएर फर्कनलागेको, जीवनमा निराश भएको, र शत्रु फर्केर जानलागेमा त्यसको वेग रोक्न हुँदैन, त्यस्तो भागेको हारेको शत्रुलाई पीड़ा दिन हुँदैन ।

अथ चतुर्थोऽध्यायः

१५३-१५४ प्रकरणे—युद्धभूमयः पत्त्यश्वरथहस्तिकर्माणि च ।

स्वभूमिः पत्त्यश्वरथद्विपानामिष्टा युद्धे निवेशे च । धान्वनवननिम्नस्थलयोधिनां खनकाकाशदिवारात्रियोधिनां च पुरुषाणां नादेयपर्वतानूपसारसानां च हस्तिनामश्वानां च यथास्वमिष्टा युद्धभूमयः कालाश्च । समा स्थिराभिकाशा निरुत्खातिन्यचक्रखुराऽनक्षग्राहिणी अवृक्षगुल्मप्रततिस्तम्भकेदारश्वभ्रवल्मीकसिकतापंकभंगुरा दरणहीना च रथभूमिः ।

हस्त्यश्वयोर्मनुष्याणां च समे विषमे हिता युद्धे निवेशे च । अण्वश्मवृक्षा ह्रस्वलंघनीयश्वभ्रा मन्ददरणदोषा चाश्वभूमिः । स्थूलस्थाण्वश्मवृक्षप्रतती वल्मीकगुल्मा पदातिभूमिः । गम्यशैलनिम्नविषमा मर्दनीयवृक्षा छेदनीयप्रततिः पंकभंगुरा दरणहीना च हस्तिभूमिः । अकण्टकिन्यबहुविषमा प्रत्यासारवतीति पदातीनामतिशयः । द्विगुणप्रत्यासारा कर्दमोदकखंजनहीना निःशर्करेति वाजिनामतिशयः । पांसुकर्दमोदकनलशराधानवती श्वदंष्ट्राहीना महावृक्षशाखावघातवियुक्तेति । हस्तिनामतिशयः । तोयाशयाश्रयवती निरुत्खातिनी केदारहीना व्यावर्तनसमर्थेति रथानामतिशयः । उक्ता सर्वेषां भूमिः । एतया सर्वबलनिवेशा युद्धानि च व्याख्यातानि भवन्ति ।

भूमिवासवननिचयो विषमतोयतीर्थवातरश्मिग्रहणं वीवधासारयोर्घातो रक्षा वा, विशुद्धिस्थापना च बलस्य, प्रसारवृद्धिर्बाहूत्सारः, पूर्वप्रहारो व्यावेशनं, व्यावेधनमाश्वासो ग्रहणं मोक्षणं,

मार्गानुसारविनिमयः; कोशकुमाराभिहरणं, जघनकोट्यभिघातो हीनानुसारणमनुयानं, समाजकर्मेत्यश्वकर्माणि । पुरोयानमकृतमार्गवासतीर्थकर्म बाहूत्सारस्तोयतरणावतरणे स्थानगमनावतरणं विषमसम्बाधप्रवेशोऽग्निदानशमनमेकाङ्गविजयः भिन्नसन्धानमभिन्नभेदनं व्यसने त्राणमभिघातो विभीषिका त्रासमौदार्यं ग्रहणं मोक्षणं सालद्वाराट्टालकभंजनं कोशवाहनापवाहनमिति हस्तिकर्माणि ।

स्वबलरक्षा चतुरंगबलप्रतिषेधः संग्रामे ग्रहणं मोक्षणं भिन्नसन्धानमभिन्नभेदनं त्रासनमौदार्यं भीमघोषश्चेति रथकर्माणि । सर्वदेशकालशस्त्रवह व्यायामश्चेति पदातिकर्माणि । शिविरमार्गसेतुकूपतीर्थशोधनकर्म यन्त्रायुधावरणोपकरणग्रासवहनमायोधनाच्च प्रहरणावरणप्रतिविद्धापनयनमिति विष्टिकर्माणि ।

कुर्याद्द्वाश्वव्यायोगं रथेष्वल्पहयो नृपः ।
खरोष्ट्रशकटानां वा गर्भमल्पगजस्तथा ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे सांग्रामिके दशमेऽधिकरणे युद्धभूमयः
पत्त्यश्वरथहस्तिकर्माणि नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण १५३

(युद्ध गर्ने ठाउँहरू)

प्रकरण १५४

(पैदल घोड़ा रथ हात्तीका कामहरू)

युद्धभूमि—

(यो अध्यायमा युद्धलाई अनुकूल भूमि-पैदल-सेना-घोड़ा-रथ-हात्तीहरूको कामको वर्णन हुन्छ ।) पैदल-घोड़ा-रथ-हात्तीका सेनालाई लड़ाई गर्न र अड्नालाई पनि आफूलाई अनुकूल भूमि चाहिन्छ । मरु (निर्जल स्थान), दुर्ग, वनदुर्ग, गहिरो भूमि, स्थल भूमिमा लड्ने र जमीनमा खाडल खनेर

त्यसभित्र बसी लड्ने, पर्खालमा चढी आकाशमा लड्ने र दिउँसो र रातमा लड्ने पैदल सेनाको निमित्त र नदी, पर्वत, पानी धेरै भएको ठाउँहरू भएको ठाउँमा लड्ने, हात्ती-घोडाका निमित्त पनि आफूलाई अनुकूल ठाउँ र समय हुनुपर्छ। उघारो खाडल नभएको, रथको पाङ्ग्रा घोडाहरूको टाप नगड्ने, रुख, झाड़ी, लहरा, ढुटो, आली, खाडल, धमिराको गोला, बालुवा, हीलो, बाङ्गो-टिङ्गो, दरार(भ्वाङ)हरू नभएको भूमि रथका निमित्त अनुकूल हुन्छ।

रथलाई हुने भूमि, हात्ती-घोडा-पैदलहरूका निमित्त सम अग्लो होचो युद्ध गर्न र बस्न पनि मिल्दो हुन्छ।

साना-साना ढुंगाका गेगर सानातिना रुख भएको खाडल भए पनि फड्कन हुने सानो-सानो दरार भएको पनि भूमि घोड़ाका निमित्त हुन्छ। रूखका ठुटा, पत्थर, रूख, लहरा, धमिराको गोला, झाड़ी, भएको भूमि पैदल सेनालाई अनुकूल हुन्छ। हिड्ने पहाड़, गहिरो, अग्लो-होचो र हात्तीले भाँच्नसकिने रुख भएको, हात्तीले फाड्नशकिने, लहरा भएको, हीलो भएको, बाङ्गो-टिङ्गो भएको तर दरार (छिद्र) नपरेको भूमि हात्तीलाई अनुकूल हुन्छ। काँढ़ा नभएको धेरै अग्लोहोचो नभएको, घुम्न-फिर्न सजिलो हुने भूमि पैदलका निमित्त विशेष अनुकूल हुन्छ। घुम्न-फिर्न दोबर सुविधा भएको, हीलो-पानी नभएको, ठक्कर नलाग्ने, गेगरान पत्थर नभएको भूमि घोड़ालाई विशेष अनुकूल हुन्छ। धूलो-हीलो-पानी-ढुंगाहरू भएको गोखुरको बोट नभएको ठुलठुला रूखको हाँगाले नअल्झाउने, ठक्कर नदिने भूमि हात्तीलाई विशेष अनुकूल हुन्छ। ठाउँ-ठाउँ घोड़ालाई नुहाउन पीउन पानी रहने ठाउँ भएको, उबड-खाबड नभएको, खेत नभएको, मोड्ने ठाउँ भएको भूमि रथका निमित्त विशेष अनुकूल हुन्छ। सबैलाई सुविधा हुने भूमिको वर्णन गरियो। यसबाटे सबै किसिमका फौजलाई राख्नहुने युद्ध गर्ने भूमिको निरूपण गरियो।

युद्धभूमिमा फौजहरूको काम—

भूमिमा शत्रुको गतिविधि हुन नदिने, बस्ने ठाउँमा उपद्रव केही हुन नपाउने, जङ्गलमा चोर-डाकाहरू रहन नपाउने गरी भूमि-वास-वनको हेरचाह गर्ने काम, शत्रुले भेउ नपाउने गरी बस्नहुने ठाउँ तजवीज गर्ने काम, नदीहरू तर्न हुने सजीलो घाट, हावा असल भएको ठाउँ, बाधा नपर्ने ठाउँहरू, अगिबाटै पत्ता लगाइराख्ने काम; वीवध—आफ्नो देशबाट बीचमा नटूटने गरी धान्य आदि जीविकाको वस्तुहरू युद्धभूमि सम आउनु, आसार—मित्रको

फौजहरू आउनु आफूपट्टि केही रोकावट नहुने शत्रुपट्टि त्यसको रोकावट गर्ने काम, आफ्नो सैन्यभित्र शत्रुको सैन्यहरू पस्न आएर बिगार गर्न नपाउने काम, शत्रुको तर्फबाट खलबल्याएको अवसरमा आफ्ना फौज अड्याएर राख्ने काम; **प्रसार**—वनबाट घाँसपात-इन्धन-काठहरू आउने-पठाउने काम, शत्रुको दललाई दुइ हातले पर सारेझैं गर्ने काम, शत्रुको दलमा आफ्नोतर्फबाट पहिले नै प्रहार गर्ने काम, शत्रुको फौजभित्र पसेर खलबल्याइदिने काम, शत्रुको फौजमा अनेक बाधा गराउने काम, धेरै मेहनतले थाकेका आफ्ना फौजलाई ढाडस दिएर साहस दिलाउने काम, शत्रुतर्फका वीरहरूलाई पक्रने काम, शत्रुले पक्रेका आफ्ना सैनिकलाई उम्काउने काम, शत्रुदल आफ्नो फौजको पछि लागेमा शत्रुदलको बाटोमा आफू पछि लाग्ने काम, शत्रुको खजाना शत्रुका कुमारलाई उनीहरूको सामुन्नेमा नै बलात्कार गरेर हरिल्याउने काम, शत्रुको फौजी दलको पछाड़िपट्टि दायाँ-बायाँपट्टि पनि चोट पुऱ्याउने काम, मार्गका आफ्ना घोड़ा-सैनिकहरूको पछि लाग्ने काम, शत्रुसैन्यका पछाड़ि लाग्ने काम, यताउती छरिएका आफ्ना सैन्यलाई बटुल्ने काम पनि वरिपरि घुम्ने फूर्तिला छीटो-छरीतो गति भएका घोड़ा (रिसल्ला) दलको कर्तव्य हुन्छ। आफ्नो सेनाको अगाड़ि लाग्ने काम, पहिले नबनाएका बाटा र बस्ने ठाउँहरू, नदी तर्ने घाटहरू तयार पार्ने काम, आफ्ना फौजको दायाँ-बायाँ रहेर शत्रुको सैन्यलाई हातले समेटेझैं गरी पर सार्ने काम, नदीहरू तर्नुपर्दा पानीको गहीऱ्याइ अन्दाज गर्न घाटमा ओल्ने काम, शत्रुले आक्रमण गरेमा लहर मिलाएर अड्ने बाटो लाग्ने उकालोबाट ओर्लंदा गर्न आड़दिने काम, घासझाड़ीले हिंड्न गाह्रो हुने ठाउँमा फाँडेर पस्ने काम, शत्रुको छाउनीमा सूड़ले चिराक लिएर आगो लाउने र आफ्नो छाउनी शत्रुले आगो लाएमा सूड़ले पानी छरेर निभाउने काम, घोड़ा आदि अरु अङ्ग नभए पनि आफ्नो दलस्वरूप एकै अङ्गले शत्रुको विजय गर्ने काम, छरिएका आफ्ना फौजलाई जंमा गर्ने र सङ्घ बनेका शत्रुसैन्यलाई तितर-बितर पार्ने काम, बाहिरबाट वा भित्रैतर्फ पनि सङ्कट परेको बखतमा रक्षा गर्ने काम, शत्रुजो फौजलाई माड्ने काम, ठूलो प्राणी हुनाले देख्तैमा तर्साउने काम, माद चढ़ेमा हुने दुष्ट चालले शत्रुदललाई भय दिलाउने काम, जीउको भारीपनाले गर्दा सेनाको ठूलो परिणाम देखाउने काम, शत्रुका सैनिकलाई पक्रने, शत्रुले समातेको आफ्नो सैनिकलाई छुटाएर ल्याउने काम, शत्रुका पर्खाल, ठूलो ढोका, बुर्जाहरू भत्काउने काम, आफ्नो हार हुनलागेमा सरकारी खजाना चाहनेहरूलाई जोगाएर दौड़ाउने काम पनि चाहिंदो रीतसंग सधाइएको फौजी हात्तीको कर्तव्य हुन्छ।

पर्खालजस्ता भएर आफ्नो फौजको रक्षा, युद्धमा शत्रुको चतुरङ्ग (४ थरी) बललाई रोक्नु, युद्धमा शत्रुको मानिसलाई समातेर राख्नु, आफ्नो सैनिकलाई छुटाएर ल्याउनु, शत्रुको सेनालाई तितर-बितर पार्नु, शत्रुलाई तर्साउनु, सेनालाई ठुलो देखाउनु, डरलाग्दो आवाज गर्नु—यस्ता किसिमका रथका काम हुन्छन् ।

जस्तोसुकै विकट संकट ठाउँमा पनि जुनसुकै बखतमा पनि निरन्तर हतियार (लिइरहनु), फौजी व्यायाम (कवायद) गर्नु पनि पैदल सैनिकका काम हुन्छन् ।

छाउनी, बाटो, पूल, कूवा, घाट, बनाउने सफा पार्ने, यन्त्र, हतियार, कवच, अरु सामान रसद पानी बोक्ने युद्धको ठाउँबाट हतियार, कवच आदि र घाइते भएका सैनिकहरूलाई अन्त सार्ने यी विष्टि (हतियार नलिने कामदार—मजदूर)हरूका काम हुन्छन् ।

घोड़ाको दल थोरै हुने राजाले रथमा बयल र घोड़ा दुवै जोत्नुपर्दछ । हात्तीको दल थोरै हुनेले गधा ऊँट जोतेका गाड़ाहरू सेनाका बिचमा राख्नू ।

अथ पञ्चमोऽध्यायः

१५५–१५७ प्रकरणे—पक्षकक्षोरस्यानां बलाग्रतो व्यूहविभागः, सारफल्गुबलविभागः, पत्त्यश्वरथहस्तियुद्धानि च ।

पञ्चधनुःशतापकृष्टदुर्गमवस्थाप्य युद्धमुपेयात् । भूमिवशेन वा विभक्तमुख्यामचक्षुर्विषये मोक्षयित्वा सेनां सेनापतिनायकौ व्यूहेयाताम् । शमान्तरं पत्तिं स्थापयेत् । त्रिशमान्तरमश्वम् । पंचशमान्तरं रथं हस्तिनं वा । द्विगुणान्तरं वा व्यूहेत । एवं यथासुखमसम्बाधं युध्येत । पञ्चारत्नि धनुः, तस्मिन्धन्विनं स्थापयेत् । त्रिधनुष्यश्वम् । पंचधनुषि रथं हस्तिनं वा । पंचधनुरनीकसन्धिः पक्षकक्षोरस्यानाम् ।

अश्वस्य त्रयः पुरुषाः प्रतियोद्धारः, पंचदश रथस्य, हस्तिनो वा । पञ्चचाश्वाः । तावन्तः पादगोपा वाजिरथद्विपानां विधेयाः । त्रीणि त्रिकाण्यनीकं रथानामुरस्यं स्थापयेत् । तावत्कक्षं पक्षं चोभयतः

पञ्चचत्वारिंशदेवं रथा व्यूहे भवन्ति । द्वे शते पञ्चविंशतिश्चाश्वाः, षट्शतानि पञ्चसप्ततिश्च पुरुषाः प्रतियोद्धारः । तावन्तः पादगोपा वाजिरथद्विपानाम् । एष समव्यूहः । तस्य द्विरथो वृद्धिराएकविंशतिरथादित्येवमोजा दश समव्यूहप्रकृतयो भवन्ति ।

पक्षकक्षोरस्यानामतो विषमसंख्याने विषमव्यूहः । तस्यापि द्विरथोत्तरा वृद्धिराएकविंशतिरथादित्येवमोजा दशविषमव्यूहप्रकृतयो भवन्ति । अतः सैन्यानां व्यूहशेषमावापः कार्यः । रथनां द्वौ त्रिभागावङ्गेष्वावापयेत् । शेषमुरस्यं स्थापयेत् । एवं त्रिभागोनो रथानामावापः कार्यः । तेन हस्तिनामश्वानामावापो व्याख्यातः । यावदश्वरथद्विपानां युद्धसम्बाधं न कुर्यात्तावदावापः कार्यः ।

दण्डबाहुल्यमावापः । पत्तिबाहुल्यं प्रत्यावापः । एकाङ्गबाहुल्यमन्वावापः । दूष्यबाहुल्यमत्यावापः । परावापात् प्रत्यावापादाचतुर्गुणादाऽष्टगुणादिति वा विभवतः सैन्यानामावापः कार्यः । रथव्यूहेन हस्तिव्यूहो व्याख्यातः । व्यामिश्रो वा हस्तिरथाश्वानाम् । चक्रान्तयोर्हस्तिनः, पार्श्वयोरश्वमुख्याः, रथा उरस्ये । हस्तिनामुरस्यं रथानां कक्षावश्वानां पक्षाविति मध्यभेदी । विपरीतोऽन्तर्भेदी । हस्तिनामेव तु शुद्धः । सान्नाह्यानामुरस्यम्, औपवाह्यानां जघनं, व्यालानां कोट्याविति । अश्वव्यूहो वर्मिणामुरस्यं शुद्धानां कक्षपक्षाविति । पत्तिव्यूहः पुरस्तादावरणिन पृष्ठतो धन्विन इति शुद्धाः ।

पत्तयः पक्षयोरश्वाः पार्श्वयोः हस्तिनः पृष्ठतो रथाः पुरस्तात्, परव्यूहवशेन वा विपर्यास इति द्व्यङ्गबलविभागः । तेन त्र्यङ्गबलविभागो व्याख्यातः । दण्डसम्पत् सारबलं पुंसाम् । हस्त्यश्वयोर्विशेषः । कुलं जातिः सत्त्वं वयःस्थता प्राणो वर्ष्म जवस्तेजः शिल्पं स्थैर्यमुदग्रता विधेयत्वं सुव्यंजनाचारतेति । पत्त्यश्वरथद्विपानां सारत्रिभागमुरस्यं स्थापयेत्, द्वौ त्रिभागौ कक्षं पक्षं चोभयतः । अनुलोममनुसारम् ।

प्रतिलोमं तृतीयसारम् । फल्गु प्रतिलोमम् । एवं सर्वमुपयोगं गमयेत् ।

फल्गुबलमन्तेष्ववधाय वेगोऽभिहुतो भवति । सारबलमग्रतः कृत्वा कोटीष्वनुसारं कुर्यात् । जघने तृतीयसारं, मध्ये फल्गुबलमेतत्सहिष्णुर्भवति । व्यूहं तु स्थापयित्वा पक्षकक्ष्यौरस्यानामेकेन द्वाभ्यां वा प्रहरेत् । शेषैः प्रतिगृह्णीयात् । यत्परस्य दुर्बलं वीतहस्त्यश्वं दूष्यामात्यकं कृतोपजापं वा, तत्प्रभूतसारेणाभिहन्यात् । यद्वा परस्य सारिष्ठं तद्द्विगुणसारेणाभिहन्यात् । यदङ्गमल्पसारमात्मनस्तद्बहुत्वेनोपचिनुयात् । यतः परस्यापचयस्ततोऽभ्याशे व्यूहेत, यतो वा भयं भवेत् ।

अभिसृतं परिसृतमतिसृतमपसृतमुन्मथ्यावधानं बलयो गोमूत्रिकामण्डलं प्रकीर्णिका व्यावृत्तपृष्ठमनुवंशमग्रतः पार्श्वाभ्यां पृष्ठतो भग्नरक्षा भग्नानुपात इत्यश्वयुद्धानि । प्रकीर्णिकावर्जान्येतान्येव, चतुर्णामंगानां व्यस्तसमस्तानां वा घातः । पक्षकक्षोरस्यानां च प्रभंजनमवस्कन्दः सौप्तिकं चेति हस्तियुद्धानि । उन्मथ्यावधानवर्जान्येतान्येव स्वभूमावभियानापयानस्थितयुद्धानीति रथयुद्धानि । सर्वदेशकालप्रहरणमुपांशुदण्डश्चेति पत्तियुद्धानि ।

एतेन विधिना व्यूहानोजान् युग्मांश्च कारयेत् ।
विभवो यावदङ्गानां चतुर्णां सदृशो भवेत् ॥ १ ॥
द्वे शते धनुषां गत्वा राजा तिष्ठेत्प्रतिग्रहे ।
भिन्नसंघातनं तस्मान्न युध्येताप्रतिग्रहः ॥ २ ॥

इति कौटिलीये अर्थशास्त्रे सांग्रामामिके दशमेऽधिकरणे पक्षकक्षोरस्यानां
बलाग्रतो व्यूहविभागः सारफल्गुबलविभागः पत्त्यश्वरथहस्ति-
युद्धानि चेति पञ्चमोऽध्यायः ॥ ५ ॥

अध्याय ५

प्रकरण १५५

पखेटा फिला बीच मिलाएर सेनाको व्यूह बनाउनु

प्रकरण १५६

बलिया र निर्धा फौजको विभाजन

प्रकरण १५७

पैदल, घोड़ा रथ हात्तीको युद्ध

व्यूह विभाग—

युद्धमा विजयलाई सेनाहरूको व्यूह (विन्यास विशेष) बनाएर दोस्रो विभागमा राख्ने कुरा पहिले बताइन्छ ।

छाउनी किल्ला ५०० धनु (२००० हात) परै बनाएर युद्धको भूमि-(मैदान)मा जानु, अथवा जस्तो भूमि पाइन्छ त्यसअनुसार युद्धभूमि गराउनू । व्यूहको विभाग मिलाएर शत्रुले पत्ता नपाउने गरी सेनालाई राखेर सेनापति (दश सैनिकको मालिक), नायक (दश सेनापतिमाथिको सेनानायक) दुवै मिलेर सेनाको व्यूह बनाउनू ।

सैनिक-सैनिकको बीचमा १४-१४ अङ्गुलको अन्तर पारेर पैदल सैनिक-राख्नू । सैनिकको भन्दा तेबर (४२ अङ्गुल) अन्तर पारी घोड़ा, सैनिक-कोभन्दा पाँचगुणा (७० अङ्गुल) अन्तर पारी रथ र हात्ती राख्नू । सैनिक-हरूको संख्या कम भएमा त्यसको दुगुणा वा तिगुना अन्तर पारेर राख्नू । एक-दोस्रोसंग फरक रहेमा घुंइचो नभई सजीलोसंग युद्ध गर्ने हुन्छन् ।

पाँचमूठे हाथको १ धनु हुन्छ । त्यत्ति नै (पाँच हात) अन्तर पारेर धनुर्धारीलाई राख्नु । तीन धनु(१५ हात)को फरकमा घोड़ा, पाँच धनु (७५ हात) अन्तरमा रथ र हात्ती राख्नू । व्यूहको दायाँ-बायाँ दुइ पखेटा, दुइ कक्ष (फिला), एक मध्यभाग भएर पाँच वर्ग हुन्छन् । एकेक वर्गको परस्पर अन्तर ५ धनु–७५ हात हुन्छ ।

घोड़ाको अगाड़ि रहने योद्धा (सैनिक) तीन जना रथको र हात्तीको पनि अगाडि रहने १५ जना र पाँच घोड़ा पनि, पछाड़िपट्टिका रक्षक ५ जना हुन्छन् ।

तीन-तीन रथको लहर तीन (९ रथ) फौजको मध्यभागमा रहन्छ। यहीसरह दायाँ-बायाँ कोखाको भागमा र पखेटाका भागमा पनि दुइतिर रहन्छन्। यस किसिमसँग एक व्यूहमा ५ वर्ग बनेर ४५ रथ रहने हुन्छन्। एक-एक रथमा पाँच घोड़ा अगाड़ि लाग्ने हुनाले एक व्यूहभित्रका ४५ रथका २४५ घोड़ा रहने हुन्छन्। एकेक घोडामा तीन-तीन योद्धा अगि रहने हुनाले ६७५ जना योद्धा हुन्छन्। घोडा-रथ-हात्तीका जति जना योद्धा अगिलाग्ने हुन्छन् तिनका पादरक्षक योद्धा पनि त्यत्ति नै हुन्छन्।

यस किसिमसँग बनेको व्यूह (विन्यासविशेष) २ पक्ष २ कक्ष १ मध्य यी पाँच अवयव बराबर हुनाले समव्यूह कहलाउँछ। यसमा उत्तरोत्तर २-२ रथ बढ़ाएर २१ संम रथ बढ़ाएर राखेमा समव्यूहका झन्-झन् ठूला दश किसिम हुन्छन्।

पखेटा, कोखा, माझमा रहनेहरूको संख्या एकै नपारेर फरक पारेमा विषम-व्यूह हुन्छ। यसमा पनि २१ रथसम्म पुग्ने गरी २-२ रथ बढ़ाएमा विषमव्यूह पनि दश किसिमका हुन्छन्।

सेनाको सम-विषम व्यूह बनाएर पनि फौजी दल जगेरा रहनगए भने बाँकी रहेको भाग व्यूहमा आवाप (थप) गर्नू। जगेरा रथका ३ भागमा २ भाग पखेटा २ र कोखा २ भागमा थपी, १ भाग माझमा थप्नू। यस किसिमसँग व्यूहमा परेकोभन्दा थपमा तीन भागमा १ भाग कम रथ, हात्ती र घोड़ाको थप पनि यहीबमोजीम हुन्छ। योभन्दा बढ़ी थप नगर्नू। जम्मै घोड़ा-रथ-हात्तीहरूमा जति थप गर्दा युद्ध गर्दा ज्यादा नजीक भएर घुइँचो हुने हुँदैन, त्यत्ति नै थप गर्नुपर्दछ।

व्यूह बनाएर बाँकी रहेको फौजी अङ्गहरू थपेकोलाई आवाप, पैदलमात्र थपेकोलाई प्रत्यावाप, घोड़ा-रथ-हात्ती एक अङ्गमात्र थपेकोलाई अन्वावाप, दूष्यदल धेरै थपेकोलाई अत्यावाप भन्दछन्।

शत्रुले गरेको आवाप (सबै अङ्ग थप), प्रत्यावाप (पैदलमात्र थप) भन्दा चार गुण आठ गुणसम्म आफ्नो वैभवअनुसार सेनाको आवाप (थप) गर्नुपर्दछ।

रथ मुख्य भएको 'रथव्यूह' हो, यस्तै हात्ती मुख्य भएको हस्तिव्यूह हुन्छ। हस्तिव्यूहमा रथव्यूहमा भएको रथको संख्याबराबरै हात्तीको संख्या हुन्छ। अथवा हात्ती-रथ-घोड़ाहरू मिसाएर पनि व्यूह बन्दछ। त्यस्तो मिश्रव्यूहमा पाङ्माको छेउ-छेउमा हात्तीहरू, कोखामा रथहरू, पखेटामा घोड़ाहरू—

यस्तो व्यूहलाई 'मध्यभेदी' भन्दछन्। अथवा यी पूर्वोक्त दुवैभन्दा उल्टो दुइ पार्श्वमा, २ पखेटामा, २ पखेटाका बीचमा घोड़ाहरू राखे पनि हुन्छ। यस्तो व्यूहलाई 'अन्तर्भेदी' भन्दछन्।

घोड़ाहरू नमिलाएको केवल हात्तीको पनि व्यूह हुन्छ। यसमा युद्धलाई हुने हात्तीहरू राखेको शुद्ध हात्तीव्यूह हुन्छ। कवच लाएका घोड़ाहरू माझमा, खाली घोड़ाहरू २ पखेटा र २ पार्श्वमा भएको शुद्ध अश्वव्यूह हुन्छ।

पैदल सैनिकहरू अगाड़िपट्टि कवच लाएका, पछाड़िपट्टि धनुर्धारीहरू यस्तो दुइ भागमात्र भएको शुद्ध पत्तिव्यूह हुन्छ।

पैदलहरू २ पखेटामा, घोड़ाहरू २ पार्श्वमा, हात्तीहरू पछाड़ि, रथहरू अगाड़ि भएको, अथवा शत्रुको व्यूहहरू हेरेर त्यसलाई दबाउन मिल्दोगरी फरक परेको पनि व्यूह हुन्छ।

मुख्यबल—

यही प्रकारले २ अङ्गमात्र भएको र तीन अङ्ग भएको व्यूहहरू पनि बुझ्नुपर्दछ। पैदल सैन्य अगि प्रकृतिसम्पद्को प्रकरणमा बताएबमोजीमको गौरव हुनु नै श्रेष्ठ बल हो। हात्ती र घोड़ाको विशेष व्यूह यी हुन्। तिनमा कुल (वंशपरम्परा), जातिसत्व (धैर्य), काम दिने उमेर, प्राण (शरीरको बल), वर्णन-परिमाण, (योग्य उचाइ-मोटाइ), वेग, तेज, शिल्प (शिक्षित हुनु), स्थिरता (कस्तै भार परे पनि काम नछोड़नु), उदग्रता (ठाड़ो मुख हुनु), विधेयता (सवारको अधीन हुनु) असल लक्षण, असल चेष्टा हुन्।

पैदल-घोड़ा-रथ-हात्तीको विशेष् उत्तमदल माझमा राखेर दुइ-तृतीयांश कोखामा-पखेटामा, दुवैतिर राख्नू। त्यसमा सुल्टोचाहीं—असल पछाड़ी, कमसल अगाड़ि पार्ने, उल्टोचाहीं—असलचाहीं अगाडि, कमसल पछाड़ि पार्ने, अधमचाहीं—कमसलभन्दा अगाड़ि पार्ने, यस किसिमले सबै थरीलाई काम लगाउनू।

अधम—निःसार दललाई कोखा-पखेटाहरूमा अगाड़ि लाइदिएर युद्ध गर्दा आइलाग्ने शत्रुदलको वेग अधम दलको आहुति पाएर शान्त हुन्छ। उत्तम दललाई अगाड़ि लाएर त्योभन्दा तल्लो खालकालाई दायाँ-बायाँ पखेटामा, त्योभन्दा पनि तल्लो खालकालाई पार्श्वभागमा र माझमा फल्गु (चुत्थो) दललाई राखेर बनाएको व्यूह सहिष्णु (खप्ने) हुन्छ।

युद्ध प्रकार——

व्यूह खड़ा गरेर दुइ पखेटा, दुइ पार्श्व, माझका—यी पाँच भागमा रहने वर्गमा दुइ वर्गले शत्रलाई प्रहार गर्नू, बाँकि तीन वर्गले शत्रुको हमला रोकेर बस्नू ।

शत्रुपट्टिको सैन्य जुनचाहीं निर्धो, हात्ती-घोड़ा नभएको, क्रुद्ध, भीत आदि दूष्य अमात्य भएको छ, जसमा भेद (फूट) पारिएको छ, त्यसमाथि आफ्नो बलियो दलले हान्न लाउनू । शत्रुदलको जुन भाग बलियो देखिन्छ त्यसलाई त्योभन्दा दुगुना बलियो आफ्नो दललाई हान्नलाउनू । आफूपट्टिको जुन अङ्ग कम बलियो छ त्यसलाई अरु धेरै दलबाट ढाढ़स (प्रोत्साहन) बढ़ाउने उपाय गर्नुपर्दछ । शत्रुको जतापट्टि कमजोरी छ अथवा जतापट्टिबाट आफूतिर आक्रमणको डर छ, त्यतापट्टिनजीकै आफ्नो व्यूह बनाउनू ।

अभिसृत—शत्रुदलप्रति प्रस्थान गर्नु, परिसृत—शत्रुदलको अगाड़ि-पछाड़ि दायाँ-बायाँ सबैतिर घुम्नु, अतिसृत—शत्रुदललाई बिचमा चिरेर सियोलेजस्तो छेड्नु, अपसृत—त्यसै गरी छेडेर पार गर्नु, उन्मथ्यावधान—धेरैवटा मिलेर शत्रुदललाई हुँडूलेर एक ठाउँमा जम्मा हुनु, वलय—दुइतिरबाट सियोले झैं छेडेर जानु । गोमूत्रिका—नागवेलीगति, मण्डल—शत्रुदलको एक छेउ काटेर वरिपरि घुम्नु, प्रकीर्णक—अनेक किसिमको गति, च्यावल पक्ष—एक पल्ट पछाड़ि हटेर फेरि अगाड़ि बढ़्नु, अनुवंश—शत्रुदलको अभिमुख भएर आफ्नो फौजको पछि लाग्नु, भग्नरक्षा—अगाड़िबाट-पछाड़िबाट, दायाँ-बायाँबाट भाग्ने आफ्नो फौजलाई रक्षा गर्न वरिपरि घुम्नु, भग्नानुयात—भागेका शत्रुदलका पछि लाग्नु—यति किसिमका युद्ध मार्ग घोड़ाका हुन्छन् ।

भद्दा जिउ हुनाले प्रकीर्णगतिबाहेक यिनै युद्धगति हात्तीका हुन्छन् । हस्ति, अश्व, रथ, पत्ति—यी चारै अङ्गमा एक, दुइ, तीन वा चारै अङ्गलाई घात गर्नु, पखेटा-कोखा-माझका दललाई पिंध्नु, अवस्कन्द शत्रुको कमजोरी देखेको ठाउँमा हान्नु, सौप्तिक—शत्रुदल सुतेको बखतमा त्यसमाथि खुँड्नु ।

उन्मथ्यावधानबाहेक हातीका युद्धगनेर अभियान—आफ्नो भूमिबाट शत्रुदलमा आक्रमण, अपयान—शत्रुदललाई आक्रमण गरेर फर्कनु स्थित-युद्ध—खड़ा भएर युद्ध गर्नु—यति किसिमका रथयुद्ध हुन्छन् ।

सबै ठाउँ सबै बखतमा हान्नु, लुकेर युद्ध गर्नु—यी पैदलका युद्ध यत्ति हुन् ।

यस किसिम सम वा विषम व्यूह बनाउनु आफ्नो अङ्गको बन्नसुहाउँदो हुनुपर्दछ । राजाले २०० धनु (१८०० हात) बिचमा छोड़ेर सैन्यको पछाड़ि

रहनुपर्दछ। यसरी पछाडि रहनाले शत्रुदलले तितर-बितर पारिएका आफ्ना फौजलाई गोट गर्ने काम हुन्छ। राजाले सेनाको आड नलिई युद्ध नगर्नू।

अथ षष्ठोऽध्यायः

१५८-१५९ प्रकरणे—दण्डभोगमण्डलासंहतव्यूहनं तस्य प्रतिव्यूहस्थापनं च।

पक्षावुरस्यं प्रतिग्रह इत्यौशनसो व्यूहविभागः। पक्षौ कक्षावुरस्यं प्रतिग्रहः इति बार्हस्पत्यः। प्रपक्षकक्षोरस्या उभयोर्दण्डमण्डलासंहताः प्रकृतिव्यूहाः। तत्र तिर्यग्वृत्तिर्दण्डः। समस्तानामन्वावृत्तिर्भोगः। सरतां सर्वतो वृत्तिर्मण्डलः। स्थितानां पृथगनीकवृत्तिरसंहतः।

पक्षकक्षोरस्यैः समं वर्तमानो दण्डः। स कक्षाभिक्रान्तः प्रदरः। स एव पक्षाभ्यां प्रतिक्रान्तो दृढकः। स एव निक्रान्तः पक्षाभ्यामसह्यः। पक्षाववस्थाप्योरस्यातिक्रान्तः श्येनः। विपर्यये चापं चापकुक्षिः प्रतिष्ठितः सुप्रतिष्ठितश्च। चापपक्षः संजयः। स एवोरस्यातिक्रान्तो विजयः। स्थूलः कर्णपक्षः स्थूलकर्णः। द्विगुणपक्षस्थूलो विशालविजयः। त्र्यभिक्रान्तपक्षश्चमूमुखः। विपर्यये झषास्यः। ऊर्ध्वराजिर्दण्डः सूची। द्वौ दण्डौ वलयः। चत्वारो दुर्जयः। इति दण्डव्यूहाः।

पक्षकक्षोरस्यैर्विषमं वर्तमानो भोगः। स सर्पसारी गोमूत्रिका वा। स युग्मोरस्यो दण्डपक्षः शकटः, विपर्यये मकरः, हस्त्यश्वरथैर्व्यतिकीर्णः शकटः पारिपतन्तकः। इति भोगव्यूहाः। पक्षकक्षोरस्यानामेकीभावे मण्डलः। स सर्वतोमुखः, सर्वतोभद्रः, अष्टानीको दुर्जयः। इति मण्डलव्यूहाः। पक्षकक्षोरस्यानामसंहतादसंहतः। स पंचानीकानामाकृतिस्थापनाद्वज्रो गोधा वा। चतुर्णामुद्यानकः काकपदी वा। त्रयाणामर्धचन्द्रकः कर्कटशृङ्गी वा। इत्यसंहतव्यूहाः।

रथोरस्यो हस्तिकक्षोऽश्वपृष्ठोऽरिष्टः । पत्तयोऽश्वा रथा हस्तिनश्चानुपृष्ठमचलः । हस्तिनोऽश्वा रथाः पत्तयश्चानुपृष्ठमप्रतिहतः । तेषां प्रदरं दृढकेन घातयेत् । दृढकमसह्येन, श्येनं चापेन, प्रतिष्ठं सुप्रतिष्ठेन, संजयं विजयेन, स्थूलकर्णं विशालविजयेन, पारिपतन्तकं सर्वतोभद्रेण, दुर्जयेन सर्वान्प्रतिव्यूहेत । पत्त्यश्वरथद्विपानां पूर्वं पूर्वमुत्तरेण घातयेत् । हीनाङ्गमधिकाङ्गेन चेति । अङ्गदशकस्यैकः पतिः पदिकः, पदिकदशकस्यैकः सेनापतिः, तद्दशकस्यैको नायक इति । स तूर्यघोषध्वजपताकाभिर्व्यूहाङ्गानां संज्ञाः स्थापयेत् । अङ्गविभागे संघाते स्थाने गमने व्यावर्तने प्रहरणे च समे व्यूहे देशकालसारयोगात्सिद्धिः ।

यन्त्रैरुपनिषद्योगैस्तीक्ष्णैर्व्यासक्तघातिभिः ।
मायाभिर्दैवसंयोगैः शकटैर्हस्तिभूषणैः ॥ १ ॥

दूष्यप्रकोपैर्गोयूथैः स्कन्धावारप्रदीपनैः ।
कोटीजघनघातैर्वा दूतव्यंजनभेदनैः ॥ २ ॥

दुर्गं दग्धं हृतं वाते कोपः कुल्यः समुत्थितः ।
शत्रुराटविको वेति परस्योद्वेगमाचरेत् ॥ ३ ॥

एकं हन्यान्न वा हन्यादिषुः क्षिप्तो धनुष्मता ।
प्राज्ञेन तु मतिः क्षिप्ता हन्याद्गर्भगतानपि ॥ ४ ॥

इति कौटिलीये अर्थशास्त्रे सांग्रामिके दशमेऽधिकरणे दण्डभोगमण्डलासंहतव्यूहव्यूहनं तस्य प्रतिव्यूहस्थापनं चेति षष्ठोऽध्यायः ॥ ६ ॥

आदितश्चतुस्त्रिंशदधिकशततमोऽध्यायः ॥ १३४ ॥

समाप्तमिदं सांग्रामिकं दशममधिकरणम् ।

अध्याय ६

प्रकरण १५८

(चार किसिमको व्यूह बनाउनु)

प्रकरण १५९

(प्रतिक्रियाका व्यूह बनाउनु)

(यस प्रकरणमा दण्डव्यूह, भोगव्यूह, मण्डलव्यूह, असंहतव्यूह—यी चार व्यूहको वर्णन गरिन्छ ।)

अगाड़िका दुइ पक्ष (पखेटा) र माझको भाग, प्रतिग्रह—पछाड़िको भाग गरी ४ अवयव भएको व्यूह हुन्छ भन्ने **शुक्राचार्य**को मत छ। दुइ पखेटा दुइ कोखबिचको, पछाड़िको, प्रतिग्रह यी ५ अवयव भएको व्यूह हुन्छ भन्ने **बृहस्पति**को मत हो ।

दुवै थरीको मतमा दुइ पखेटा दुइ पार्श्व माझका सैन्यहरू दण्डाकार, भोगाकार, मण्डलाकार, असंहताकार—चार किसिमका मानिएका छन्। तिनमा लहरै ठाड़ो भएर रहेको **दण्डव्यूह** हुन्छ, घेरैजसो बाटुलो भएर रहेको **भोगव्यूह**, शत्रुदलतिर अभियान गर्दा सबैतिर काम गर्ने भएको **मण्डलव्यूह**, अलग-अलग भएर रहेको **असंहतव्यूह** हुन्छ। यो चार किसिमलाई प्रकृतिव्यूह भन्दछन् ।

यी व्यूहमध्यमा पक्ष २, कक्ष २, मुख्य १ गरी ५ किसिमको दल सँगसँगै हिंड्ने-अड्ने भएर रहेको मूल व्यूह दण्ड भनिन्छ। त्यसैमा पार्श्वभाग २ शत्रुदलपट्टि अगाड़ि बढाएमा **प्रदर** भनिन्छ। पार्श्वतिर आउने शत्रुदललाई हान्न दुइ पखेटा पार्श्वपट्टि फर्काएको **दृढ़क** कहिन्छ। त्यही दृढक बाहिरी टुप्पा बढ़ता निकासेर शत्रुदलमा भित्रै पसेमा **असह्य** कहिन्छ। दुवै पखेटा आफ्नै ठाउँमा राखेर छाति (बिचको) भागमात्र शत्रुपट्टि बढ़ाएमा **श्येन** कहिन्छ। लेखिएको प्रदर-दृढ़क-असह्य-श्येनमा दुइ पार्श्व अगाड़ि बढ़ाएमा **चापव्यूह**, दुइ पखेटा अगाड़ि बढ़ाएमा **चापकुक्षिव्यूह**, दुइ पार्श्व (कक्ष) अगाड़ि बढ़ाएमा **प्रतिष्ठव्यूह** भनिन्छ। छातिको भाग अगाड़ि बढ़ाएमा

सुप्रतिष्ठव्यूह कहिन्छ। दुवै पखेटा धनुझैं बाङ्गिएमा **सञ्जयव्यूह**, माझको भाग अगाड़ि बढ़ेर शत्रुसैन्यभित्र पसेमा **विजयव्यूह** भनिन्छ। दुवै पखेटा कानजस्तो गराएको **स्थूलकर्ण** कहिन्छ। अगि भनेको विजयव्यूहमा दुवै पखेटा दुगुना मोटो भएमा **विशाल विजय** व्यूह भनिन्छ। पार्श्वहरूभन्दा पखेटा दुवै अगाडि बढ़ेमा **चमूमुख** भनिन्छ। त्यसको उल्टा छातीको भाग मात्र अगाड़ि बढ़ेमा **झषास्य** कहिन्छ। शत्रुदलपट्टि लहरै पार गर्दा चारै भाग तेर्सो परेमा **सूची** कहिन्छ। दुइ दण्डव्यूह जोरिएमा **वलय**, चार दण्डव्यूह जोड़िएमा **दुर्जय** व्यूह भनिन्छ। यी दण्डव्यूहका भेद हुन्।

पक्ष-पार्श्व-मध्य अलि घुमेर सर्पाकार भएको मूल भोगव्यूह नै सर्पझैं गरी सर्ने **सर्पसारी**, गोमूत्रझैं अग्लो-होचो भएको **गोमूत्रिका**, यस्तो दुइ किसिमको हुन्छ। त्यसै छातीको भाग दुइ खण्डको दण्डाकार भएमा **युग्माशय**, दण्डाकार पखेटा भएको **शकटपक्ष**, पखेटा दुइ खण्ड भएको मध्य छाति, एकै खण्ड भएको **मकर** कहिन्छ। हात्ती-घोड़ा-रथ छ्यासमिस भएको **शकट पारियन्तक** कहिन्छ। भोगव्यूहका यी विभेद हुन्।

पखेटा-कोखा-छाती मिलेर एक भई घुमेको मण्डलव्यूह हो। त्यो सबैतिर बढ्दैजाने भएमा **सर्वतोभद्र**, त्यही ४ पखेटा २ पार्श्व २ मध्य भाग भएमा **दुर्जय**, यी दुइ मण्डलव्यूहका विभेद हुन्।

२ पखेटा २ पार्श्व छातीको भाग नजोड़िएर छुट्टाछुट्टै भएको असंहत व्यूह हो। त्यसमा २ पक्ष २ कक्ष १ नुरस्य यी पाँच वर्गबाट वज्रको आकार बनाएमा **वज्र**, गोहोरोको आकार बनाएमा **गोधा** भन्ने दुइ विशेष हुन्छ। त्यसैमा दुइ पखेटा १ छाती १ पछाड़िको भाग बगैंचाको आकार बनाएमा **उद्यानक**, कागको खुट्टा जस्तो बनाएमा **काकपटो**, दुइ पक्ष छाति पछाड़िको भाग छुट्टा-छुट्टा भएमा **अर्धचन्द्रक** यी भेद हुन्छन्।

रथको छाती, हात्तीको पार्श्व, घोड़ाको पिठ्यूँ बनाएमा **अरिष्ट**, पैदलका दुइ पखेटा, घोड़ाहरू छातीमा, रथको कोखा, पिठ्यूँमा हात्ती भएको **अचल**, हात्ती २ पखेटामा, घोड़ा पेटमा, रथ २ कक्षमा, पिठ्यूँमा पैदल भएको **अप्रतिहत** हुन्छन्।

प्रतिव्यूह (प्रतीकार गर्ने व्यूह)—

शत्रुका प्रदर आदि व्यूह भएमा—प्रदरलाई दृढकले, दृढकलाई असह्यले, श्येनलाई चापले, प्रतिष्ठलाई सुप्रतिष्ठले, सञ्जयलाई विजयले, स्थूलकर्णलाई विशालविजयले, पारिपतन्तकलाई सर्वतोभद्रले, सबै थरीलाई दुर्जयले बदला दिनू।

पैदललाई घोड़ाले, घोड़ालाई रथले, रथलाई हात्तीले मराउनुपर्दछ। कमजोर भएको अङ्ग (अवयव) बलीया बढ़ी अङ्गले मराउनू।

रथ र हात्ती यी मुख्य अङ्ग १०।१०-२० को एक मालिकलाई पादिक, १० पादिकको १ मालिक सेनापति, १० सेनापतिको १ मालिकलाई नायक भन्दछन्। सो नायकले बाजाको आवाज-ध्वजा-पताकाहरूद्वारा व्यूहका अङ्गहरूलाई अङ्ग विभाग गर्ने, मिलाउने, अड्याउने, हिंड़ाउने, फर्काउने, हान्ने विषयका इसारा दिने बन्दोबस्त गर्नू।

आफूपट्टि र शत्रुपट्टि व्यूहको रचना समान कक्षाको भएमा—अनुकूल देश-काल भएमा सम-विषम आदि देश, दिन-रात आदि अनुकूल, समय र सार—शूरता आदि यिनको योग जता विशेष छ उतैतर्फ विजयलाभ हुन्छ।

यन्त्रहरू औपनिषदप्रकरणमा पछि भनिने विष, धूवाँ, पानी दूषित गराउने उपायले, तीक्ष्ण अर्थात् धोका दिएर मार्ने सिपालु गुप्त पुरुषले, एक थोकलाई अर्को थोक देखाइदिने इन्द्रजाल विद्याले, राजाले देवता साक्षात्कार गरेको भन्ने कुरा फिंजाउनाले, वस्त्रभूषाहरूले, हात्तीजस्तो बनाएर राखेको शकटले, शत्रुका द्रोही दललाई रिस उठाइदिनाले, फौजको अगाड़ि गाईको बथान राखिदिनाले, छाउनी जलाइदिनाले, पखेटा-कक्ष-जघन भागमा एक्कासी प्रहार गर्नाले, दूतको बहाना गरी पठाएका चेलाहरूद्वारा फूट गराउनाले, त्यो तिम्रो किल्ला ढल्यो, हाम्रो हातमा पर्‍यो, तिम्रो घर झगड़ा उठ्यो, तिम्रो शत्रु-सामन्त-जङ्गलीदल उठ्यो भन्ने हल्लाले पनि आतस गराउनू।

कुशल धनुर्धारीले हानेको बाणबाट एक जनालाई मारोस्-नमारोस्, बुद्धिमान्ले हानेको तीखो बुद्धिले त पेटभित्र पसेकालाई पनि मार्दछ। (अर्थात् युद्धभन्दा मन्त्रणा (सल्लाह) बलियो हुनुपर्दछ। राजाचाहीँले भरशक युद्धपक्षमा नलाग्नू। साम-दान-भेदद्वारा आफ्नो स्वार्थ सिद्ध गर्ने हुनुपर्दछ भनि बृहस्पतिले भनेका छन्।)

दशम अधिकरण साङ्ग्रामिक पूर्ण।

अथ संघवृत्तमेकादशमधिकरणम् ।

प्रथमोऽध्यायः ।

१६०—१६१ प्रकरणे—भेदोपादानानि, उपांशुदण्डश्च ।

संघलाभो दण्डमित्रलाभानामुत्तमः । संघा हि संहतत्वादधृष्याः परेषाम् । ताननुगुणान्भुंजीत सामदानाभ्याम् । विगुणान्भेददण्डाभ्याम् । काम्बोजसुराष्ट्रक्षत्रियश्रेण्यादयो वार्ताशस्त्रोपजीविनः । लिच्छिविकव्रजिकमल्लकमद्रककुकुरपाञ्चालादयो राजशब्दोपजीविनः ।

सर्वेषामासन्नाः सत्रिणः संघानां परस्परन्यंगद्वेषवैरकलहस्थानान्युपलभ्य क्रमाभिनीतं भेदमुपचारयेयुः—'असौ त्वा विजल्पति' इति । एवमुभयतो बद्धरोषाणां विद्याशिल्पद्यूतवैहारिकेष्वाचार्यव्यंजना बालकलहानुत्पादयेयुः । वेशशौण्डिकेषु वा प्रतिलोमप्रशंसाभिः संघमुख्यमनुष्याणां तीक्ष्णाः कलहानुत्पादयेयुः । कृत्यपक्षोपग्रहेण वा कुमारकान् विशिष्टच्छन्दिकया हीनच्छन्दिकानुत्साहयेयुः ।

विशिष्टानां चैकपात्रं विवाहं हीनेभ्यो वारयेयुः । हीनान् वा विशिष्टैरेकपात्रे विवाहे वा योजयेयुः । अवहीनान् वा तुल्यभावोपगमने कुलतः पौरुषतः स्थानविपर्यासतो वा व्यवहारमवस्थितं वा प्रतिलोमस्थापनेन निशामयेयुः । विवादपदेषु वा द्रव्यपशुमनुष्याभिघातेन रात्रौ तीक्ष्णाः कलहानुत्पादयेयुः । सर्वेषु च कलहस्थानेषु हीनपक्षं राजा कोशदण्डाभ्यामुपगृह्य प्रतिपक्षवधे योजयेत्, भिन्नानपवाहयेद्वा । एकदेशे समस्तान् वा निवेश्य भूमौ चैषां पंचकुलीं दशकुलीं वा कृष्यायां निवेशयेत् । एकस्थाहि शस्त्रग्रहणसमर्थाः स्युः । समवाये चैषामत्ययं स्थापयेत् ।

राजशब्दिभिरवरुद्धमवक्षिप्तं वा कुल्यमभिजातं राजपुत्रत्वे स्थापयेत्। कार्तान्तिकादिश्चास्य वर्गो राजलक्षण्यतां संघेषु प्रकाशयेत्। संघमुख्यांश्च धर्मिष्ठानुपजपेत्—'स्वधर्मममुष्य राज्ञः पुत्रे भ्रातरि वा प्रतिपद्यध्वम्' इति। प्रतिपन्नेषु कृत्यपक्षोपग्रहार्थमर्थं दण्डं च प्रेषयेत्। विक्रमकाले शौण्डिकव्यंजनाः पुत्रदारप्रेतापदेशेन 'नैषेचनिकम्' इति मदनरसयुक्तान्मद्यकुम्भान् शतशः प्रयच्छेयुः। चैत्यदेवतद्वाररक्षास्थानेषु च सत्रिणः समयकर्मनिक्षेपं सहिरण्याभिज्ञानमुद्राणि हिरण्यभाजनानि च प्ररूपयेयुः, दृश्यमानेषु च संघेषु 'राजकीयाः' इत्यावेदयेयुः। अथवा वस्कन्दं दद्यात्। संघानां वा वाहनहिरण्येकालिके गृहीत्वा संघमुख्याय प्रख्यातं द्रव्यं प्रयच्छेत्। तदेषां याचिते 'दत्तममुष्मै मुख्याय' इति ब्रूयात्। एतेन स्कन्धावाराटवीभेदो व्याख्यातः।

संघमुख्यपुत्रमात्मसंभावितं वा सत्री ग्राहयेत्—'अमुष्य राज्ञः पुत्रस्त्वं शत्रुभयादिह न्यस्तोऽसि' इति। प्रतिपन्नं राजा कोशदण्डाभ्यामुपगृह्य संघेषु विक्रमयेत्। अवाप्तार्थस्तमपि प्रवासयेत्। बन्धकीपोषकाः प्लवकनटनर्तकसौभिका वा प्रणिहिताः स्त्रीभिः परमरूपयौवनाभिः संघमुख्यानुन्मादयेयुः। जातकामानामन्यतमस्य कृत्वाऽन्यत्रगमनेन प्रसभहरणेन वा कलहानुत्पादयेयुः। कलहे तीक्ष्णाः कर्म कुर्युः—'हतोऽयमित्थं कामुकः' इति। विसंवादितं वा मर्षयमाणमभिसृत्य सत्रीब्रूयात्—'असौ मां मुख्यस्त्वयि जातकामां बाधते, तस्मिन् जीवति नेह स्थास्यामि' इति घातमस्य प्रयोजयेत्। प्रसह्यापहृता वा वनान्ते क्रीडागृहे वापहर्तारं रात्रौ तीक्ष्णेन घातयेत्। स्वयं वा रसेन। ततः प्रकाशयेत्—'अमुना मे प्रियो हतः' इति।

जातकामं वा सिद्धव्यंजनः सांवननिकीभिरोषधीभिः संवास्य रसेनातिसन्धायापगच्छेत्। तस्मिन्नपक्रान्ते सत्रिणः परप्रयोगमभिशंसेयुः। आढ्यविधवा गूढाजीवा योगस्त्रियो वा दायनिक्षेपार्थं विवद-

मानाः संघमुख्यानुन्मादयेयुः इति । अदितिकौशिकस्त्रियो नर्तकीगायना वा प्रतिपन्नान् गूढवेश्मसु रात्रिसमागमप्रविष्टांस्तीक्ष्णा हन्युर्बद्ध्वा हरेयुर्वा । सत्री वा स्त्रीलोलुपं संघमुख्यं प्ररूपयेत्–'अमुष्मिन् ग्रामे दरिद्रकुलमपसृतं, तस्य स्त्री राजार्हा, गृहाणैनाम्' इति । गृहीतायामर्धमासान्तरं सिद्धव्यंजनो दूष्यः संघमुख्यमध्ये प्रक्रोशयेत्—'असौ मुख्यो मे भार्या स्नुषां भगिनीं दुहितरं वाधिचरति' इति । तं चेत्संघो निगृह्णीयात्, राजा एनमुपगृह्य विगुणेषु विक्रमयेत् । अनिगृहीते सिद्धव्यंजनं रात्रौ तीक्ष्णाः प्रवासयेयुः । ततस्तद्व्यंजनाः प्रक्रोशेयुः––'असौ ब्रह्महा ब्रह्मणीजारश्च' इति ।

कार्तान्तिकव्यंजनो वा कन्यामन्येन वृतामन्यस्य प्ररूपयेत्—'अस्य कन्या राजपत्नी राजप्रसविनी च भविष्यति, सर्वस्वेन प्रसह्य वैनां लभस्व' इति । अलभ्यमानायां परपक्षमुद्धर्षयेत् । लब्धायां सिद्धः कलहः । भिक्षुकी वा प्रियभार्यं मुख्यं ब्रूयात्––'असौ मुख्यो यौवनोत्सिको ते भार्यायां मां प्राहिणोत्, तस्याहं भयाल्लेख्यमाभरणं गृहीत्वाऽऽगताऽस्मि, निर्दोषा ते भार्या, गूढमस्मिन् प्रतिकर्तव्यम् । अहमपि तावत्प्रतिपत्स्यामि' इति । एवमादिषु कलहस्थानेषु स्वयमुत्पन्ने वा कलहे तीक्ष्णैरुत्पादिते वा हीनपक्षं राजा कोशदण्डाभ्यामुपगृह्य विगुणेषु विक्रमयेदपवाहयेद्वा । संघेष्वेवमेकराजो वर्तत । संघाश्चाप्येवमेकराजादेतेभ्योऽतिसन्धानेभ्यो रक्षयेयुः ।

संघमुख्यश्च संघेषु न्यायवृत्तिहितः प्रियः ।
दान्तो युक्तजनस्तिष्ठेत्सर्वचित्तानुवर्तकः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे संघवृत्ते एकादशेऽधिकरणे भेदोपादानानि
उपांशुदण्डश्चेति प्रथमोऽध्यायः ॥ १ ॥ आदितः
पंचत्रिंशदधिकशततमोऽध्यायः ॥ १३५ ॥

समाप्तमिदं संघवृत्तं नाम एकादशमधिकरणम् ।

एकादश अधिकरण सङ्घवृत्त—सङ्घको व्यवहार

अध्याय १

प्रकरण १६०

फुटाउने काम

प्रकरण १६१

गुप्तवध

(यो एघारौं अधिकरणमा संघको व्यवहारको वर्णन गरिन्छ। देशका मानिस सैनिक नभए पनि एक गठ भएमा विशेष शक्तिको लाभ हुने हुनाले यस अधिकरणमा संघ विषयको कुरा वर्णन गरिन्छ। यस प्रकरणमा संघबाट हुने लाभ देखाई शत्रुपट्टिका संघलाई फुटाउने उपायहरू बताइन्छन्।)

देशका शस्त्रधारी र अस्त्रधारी अरू नै पेशा भएका पनि खानाविना पनि एक मुख्यको अधीनमा रही एक गठ भएर सङ्घ भएपछि शक्तिमान् हुन्छ। यस्तो संघ सहायक रूपमा पाउनु फौजको लाभ मित्रको लाभभन्दा बेस हुन्छ। किनकि सङ्गठितरूप भएका सङ्घहरू शक्तिमान् भएर शत्रुले दबाउन नशकिने हुन्छन्। त्यस संघलाई साम र दानद्वारा आफ्नो अनुकूल बनाएर फायदा लिनुपर्दछ। यस्ता संघ आफ्नो प्रतिकूल भएकालाई भेद र दण्डद्वारा तह लाउनुपर्दछ।

कम्बोज सुराष्ट्र देशका क्षत्रियदल आदि शस्त्रधारण वा वार्ता (खेती-पशुपालन) बाट जीविका गर्ने हुन्छन्। लिच्छवि, व्रजि, मद्र, कुरु, पाञ्चाल देशवासी आदि राजा भन्ने नामधारी भएर संघहरू बनेका हुन्छन्।

शस्त्रधारण, कृषि, पशुपालनको जीविका गर्ने र राजाको नामधारी पनि सङ्घरूप भएका सबै दलमा सत्री-गुप्तचरहरू भित्र पसेर एक सङ्घको अर्को सङ्घसंघ परस्पर दोष देखाएर, द्वेष वैरभाव कलह बढ्ने बाटो खडा गरी त्यो संघले तिम्रो संघलाई बदनाम गर्दछ भनेर, यसै गरी दुवैतिर परस्परको चुक्ली गरेर फूट गराउनू। तिनीहरूलाई रीस उठेपछि विद्या, सीप, जूवा, प्रश्नोत्तर आदि विनोदका विषयमा ती गुप्तपुरुषहरू गुरुजस्ता बनेर तिनले केटा-केटीको जस्तो झगड़ा खड़ा गराउनू। वेश्याघर-भट्टीहरूमा सङ्घका मुख्य-मुख्य

पुरुषहरूमा उल्टो-उल्टो तारीफ गरेर किंवा चिढ़िएका, लोभी गराएका, हेला गरिएका कृत्य फुटाउन शकिने जनहरूलाई आफ्नो हातमा लिएर तीद्वारा पनि परस्परमा कलह गराउनू ।

ढिटा जनहरू भनेजस्तो वृत्ति खानपिन नपाएकालाई वेस वृत्ति खानपिन पाउनेको कुरा गरेर होच्याई भड्काउनू ।

विशिष्ट कक्षाकालाई हीनकक्षाका सँगसँगै खान र बिहाबारी गर्ने पनि रोक्नू । तल्लो कक्षाकालाई विशिष्ट कक्षाका जन सँगसँगै खान र बिहाबारी गर्ने पनि उचाल्नू । कुल, पौरख, ठाउँ विशेषबाट कम्ति मानिएकालाई माथिल्लो खालका सँग बराबर हुन उचाल्नू । अथवा सङ्घमा कुनै कानूनी उचित व्यवथा बाँधेकोमा पनि लोकमा उल्टो कुरा देखाइदिनू । गुप्तीपुरुषहरूले राति सङ्घसम्बन्धी द्रव्य, पशु, मानिसलाई आफूले मारपीट गरी अर्को सङ्घ मानिसले गरेको भन्ने हल्ला चलाई संघ-संघमा कलह मचाइदिनू । यसरी तह-तह भएर परस्पर झगड़ा मच्चिन लागेपछि निर्धो पक्षलाई केही धन दिएर वा दण्ड दिएर राजाले आफूतिर मिलाई शत्रुको घात गर्न लाउनू । आफूतिर नमिल्नेलाई संघबाट फुटाई अन्तै पठाईदिनू । अथवा नमिल्ने सबैलाई एक ठाउँमा राखेर यस्ताको पाँच वा दश घर बनाई खेतीमा लाउनू । किनकि एक ठाउँमा रहनेहरू कदाचित राजाको विरुद्ध शस्त्र उठाउने पनि हुनजान्छन् । यसरी फुटाएर राखिसकिएकाहरू फेरि सङ्घ बनेमा दण्ड हुने पनि व्यवस्था गर्नू ।

राजा भन्ने नाम लिएकाहरूले थुनिराखेको हेंला गरिएक आफ्नै कुलको वा खान्दानलाई राजपुत्र भन्ने प्रतिष्ठा दिनू, राजपुत्र बनाइएकोमा राजाको लक्षण परेको छ भन्ने कुरा ज्योतिषी-सामुद्रिक जान्नेहरूद्वारा सङ्घमा चलाइदिनू । सङ्घका मुख्य धार्मिकहरूलाई राजाका भाइ-छोरा, राजाबाट नाम पाएकालाई थुन्ने आदि दुःख नदिने कबोल गर भनेर समाउनू हुन्छ भनेर मानेपछि कृत्यपक्ष(चिढ़िएका)हरूलाई हातमा लिन केही धन केही सैन्य पनि पठाउनू । पराक्रम देखाउने मौका आएमा भट्टीवालझैं बनेका गुप्तपुरुषहरू आफ्नो छोरा-स्वास्नीको कोही मरेको भन्ने निउँ पारी नैषेचनिक अर्थात् मरेको उद्देश्यले दिने मद्य भन्दै मादक-विष मिसाएका मद्यका सयन् घड़ा सङ्घकहाँ पठाइदिनू ।

देवालय देवताको ढोकाहरूमा, रक्षा गर्ने चौकी भएका ठाउँमा पनि, गुप्त पुरुषहरू संघको मालिकसंग कबुलियत गर्ने धरोट, सुवर्ण र चिह्नको छाप समेत भएका सुनका भाडाँहरू संघले थाहा पाउने गरी राखी कसका यी भाँडाहरू भनि सोधेमा राजाका भनि बयान गरून् । अनि सो लिनालाई

संघका मानिसले परस्पर झगड़ा गर्नलागेमा राजाको तर्फबाट त्यहाँ हमला गराउनू।

अथवा संघको वाहन र नगद तोकेको म्यादमा बुझाउने गरी लिएर संघको मुख्यलाई दिनू र उनीहरूले माग्दा मुख्यलाई दिएँ भन्नू र संघ र मुख्यमा फूट गराउनू।

यस्तै किसिमसँग छाउनीमा पसेका जङ्गली दललाई फुटाउने कुरा बुझ्नू।

उपांशु दण्ड (गुप्तसजाय)--

संघका मुख्यका छोरालाई गुप्तीपुरुषले—तिमी फलाना राजाका छोरा हौ, वैरीको डरले तिमीलाई यहाँ ल्याएर राखेको हो भनेर म ता बडाद्मी रहेछु भन्ने मनमा पारिदिनू। अनि राजाले त्यसलाई धन र सेनाद्वारा मदत दिई आफूपट्टि पारेर संघसंग लडाइदिनू। मतलब सिद्धिएपछि राजाले त्यसलाई पनि निकालिदिनू। वेश्यालाई पाल्ने-पोष्नेहरू वा उफ्रने नटुवा-नटुवीलाई गुप्तीपुरुष बनाउनू र तिनीहरूले रूप र जवानीले पूर्ण युवतीहरूद्वारा संघ या मुख्यहरूलाई मोहित गराउनू। तिनीहरू सबै कामुक भएपछि यौटाचाहींलाई समागम गराउने पत्यार पारेर अर्कोंसंग समागम गराइदिएर, किंवा अर्कोचाहींबाट जबर्दस्ती हरण गराएर, संघमा झगड़ा उठाइदिनू। झगड़ा उठेपछि विष-प्रयोग गर्नेले सो प्रयोग गरेर अर्काकी स्त्रीलाई बलात्कार गर्दा जार मारियो भन्ने कुरा फिंजाइदिनू। अथवा झगड़ा नउठेर सहेमा यौटी सुन्दरी संघको एक जनाकहाँ गएर म तपाईंलाई चाहन्छु, मलाई यो मुख्यले बाधा गरिरहेछ, त्यो बाचुन्जेल म यहाँ बस्तिन भन्नलाउनू र त्यो मुख्यलाई गुप्तीद्वारा मराउनू।

अथवा मुख्यले मलाई जबर्दस्ती हरेर लग्यो भनेर वनप्रदेशमा क्रीड़ाको घरमा राति त्यो हेर्नेलाई तीक्ष्ण(गुप्तीघातक)द्वारा अथवा आफै विषप्रयोग गरेर मराउनू र फलानाले मेरो प्यारालाई मारिदियो भनि हल्ला चलाउनू।

स्त्रीमा आसक्त भएकोलाई सिद्धजस्तो बनेको गुप्तीले मोहनी लाउने भनी औषधिमा विष मिलाएर मारी भाग्नू। त्यो भागेपछि गुप्तीहरूले शत्रुले प्रयोग गरेर मारेको भन्ने हल्ला चलाउनू।

धनी विधवा स्त्री किंवा सधवा भए पनि दरिद्रीभएर गुप्त व्यभिचार गर्ने, किंवा योगस्त्री—स्त्रीको कपटी वेष गरेका पुरुषहरू अंसको निमित्त बहाना गरेर झगड़ा गर्दै हाम्रो निर्णय गरिदिनुहोस् भनि गएर सङ्घका मुख्यलाई

मोह गराउनू। अथवा अदिति अर्थात् देवताहरूको चित्र देखाउने स्त्री, किंवा कौशिक—सर्प पक्रनेका स्त्रीहरू, किंवा नाच्ने-गाउनेहरू भएर मोहित गराउनू। तिनी मोहित भएपछि राति भेट गर्न भनि गुप्तघरमा पसालेर तीक्ष्णद्वारा गुप्तीघरमा मार्नू, वा बाँधेर पर पुऱ्याउनू।

अथवा गुप्तीपुरुषले स्त्रीलम्पट भएको सङ्घको मुख्यलाई फलानो गाउँको यौटा दरिद्र वृत्ति पाउन परदेश गएको छ, त्यसकी स्त्री राजालाई सुहाउने छ, त्यसलाई ल्याऊ भन्नू। त्यसले ल्याएको १५ दिनपछि सिद्धको रूप लिएको गुप्तिले संघको मुख्यकहाँ आएर यसले मेरी मुख्य पत्नी वा बुहारी, बहिनी, छोरीलाई जबर्दस्ती भोग गर्दछ भनि कराउनू। यसो भनेपछि संघले त्यसलाई सजाय दिने भयो भने त्यसलाई राजाले आफूपट्टि मिलाएर आफ्नो विरोधीहरूपट्टि त्यसलाई हमला गर्नलाउनू, संघले त्यसलाई सजाय गरेन भने सिद्धको रूप लिएको यौटा पुरुषलाई तीक्ष्ण(गुप्तघातक)द्वारा मराउनू। अनि सिद्धको रूप लिएका धेरै जना मिलेर यो संघको मुख्य सिद्ध-ब्राह्मणलाई मार्ने हो, सिद्धकी ब्राह्मणीको जार पनि हो भनि कराउनू।

अथवा ज्योतिषीको रूप लिएको गुप्तीले संघको मुख्यले शरण गरिएकी यौटी कन्यालाई देखाएर फलानाकी यो अकैंले बरण गरेको छ, यो राजपत्नी राजमाता पनि हुन्छे, यसले जोसँग विवाह गर्दछ त्यो पनि यसले पाएको छोरो पनि राजा हुन्छ, सर्वस्व दिएर पनि नभए जबरर्दस्ती गरेर तिमी हात लगाऊ भनि संघको मुख्यलाई उचाल्नू। त्यसले यत्न गर्दा पनि नपाएमा अगिल्लो वरण गर्नको दल उठाएर पाए पनि झगड़ा उठी हाल्दछ।

अथवा जोगिनीको रूप लिएको गुप्तिले आफ्नी स्त्री निको मान्ने संघको मुख्यकहाँ गएर अमुक मुख्य जमानीको मदमा उम्लेर तिम्री स्त्री फकाइदेऊ भनि मलाई पठाएको छ, त्यसको डरले लेखोट र गहना पनि लिएर म आएको छु, तिम्री स्त्री निर्दोष छन्, त्यो दुष्टलाई तिमीले बदला दिनुपर्दछ भन्नू; त्यति वेलासम्म (त्यसलाई बदला नदिएसम्म) यहीं बस्तछु भन्नू।

यस्तै किसिमका झगड़ा उठाउने नीउँ भएमा झगड़ा आफै उठेपछि, वा गुप्तीहरूद्वारा झगड़ा उठाइदिएमा हारेको पक्षलाई धन र सहायता दिएर हातमा लिई आफ्नो विपरीत हुने जातिमा आफ्नो पौरुष देखाउनू, सो नशके तिनलाई देशबाट निकाला गरिदिनू।

यस किसिमसंग संघमा राजाको एकलौटी हक हुनेछ। यस्तो भएपछि संघले पनि राजाको वञ्चनाबाट आफ्नो रक्षा गर्नेछन्।

संघको मुख्य पनि संघमा उचित व्यवहार हित गर्ने प्यारो, उद्धत नभएको, सबै जनालाई आफ्नो मनमिल्दो गराउने, आफू पनि सबैको मन राख्ने भएर रहनेछ ।

११ अधिकरण संघवृत्त पूर्ण

अथ आबलीयसं द्वादशमधिकरणम् ।

प्रथमोऽध्यायः

१६२ प्रकरणे—दूतकर्माणि ।

बलीयसाऽभियुक्तो दुर्बलः सर्वत्रानुप्रणतो वेतसधर्मा तिष्ठेत् । 'इन्द्रस्य हि स प्रणमति यो बलीयसो नमति' इति भारद्वाजः । 'सर्वसंदोहेन बलानां युध्येत, पराक्रमो हि व्यसनमपहन्ति । स्वधर्मश्चैष क्षत्रियस्य, युद्धे जयः पराजयो वा' इति विशालाक्षः । नेति कौटिल्यः । सर्वत्रानुप्रणतः कुलैडक इव निराशो जीविते वसति । युद्धमानश्चाल्पसैन्यः समुद्रमिवाप्लवोऽवगाहमानः सीदति । तद्विशिष्टं तु राजानमाश्रितो दुर्गमविषह्यं वा चेष्टेत ।

त्रयोऽभियोक्तारो धर्मलोभासुरविजयिन इति । तेषामभ्यवपत्त्या धर्मविजयी तुष्यति । तमर्थेनाभ्यवपद्येत परेषामपि भयात् । भूमिद्रव्यपुत्रदारप्राणहरणेन असुरविजयी, तं भूमिद्रव्याभ्यामुपगृह्याग्राह्यः प्रतिकुर्वीत । तेषामन्यतममुत्तिष्ठमानं सन्धिना मंत्रयुद्धेन कुटयुद्धेन वा प्रतिव्यूहेत । शत्रुपक्षमस्य सामदानाभ्यां, स्वपक्षं भेददण्डाभ्याम् । दुर्गं राष्ट्रं स्कन्धावारं वास्य गूढाः शस्त्ररसाग्निभिः साधयेयुः । सर्वतः पार्ष्णिमस्य ग्राहयेत्, अटवीभिर्वा राज्यं घातयेत्, तत्कुलीनावरुद्धाभ्यां वा हारयेत् ।

अपकारान्तेषु चास्य दूतं प्रेषयेत् । अनपकृत्य वा सन्धानम् । तथाप्यभिप्रयान्तं कोशदण्डयोः पादोत्तरमहोरात्रोत्तरं वा सन्धिं याचेत । स चेद्दण्डसन्धिं याचेत, कुण्ठमस्मै हस्त्यश्वं दद्यात् । उत्साहितं वा गरयुक्तम् । पुरुषसन्धिं याचेत, दूष्यामित्राटवीबलमस्मै दद्याद्योगपुरुषाधिष्ठितम् । तथा कुर्याद्यथोभयविनाशः स्यात् ।

तीक्ष्णबलं वाऽस्मै दद्यात्, यदवमानितं विकुर्वीत। मौलमनुरक्तं वा, यदस्य व्यसनेऽपकुर्यात्।

कोशसन्धिं याचेत, सारमस्मै दद्यात्। यस्य क्रेतारं नाधिगच्छेत्। कुप्यमयुद्धयोग्यं वा। भूमिसन्धिं याचेत, प्रत्यादेयां नित्यामित्रामनपाश्रयां महाक्षयव्ययनिवेशां वास्मै भूमिं दद्यात्। सर्वस्वेन वा राजधानीवर्जेन सन्धिं याचेत बलीयसः।

यत्प्रसह्य हरेदन्यस्तत्प्रयच्छेदुपायतः।
रक्षेत्स्वदेहं न धनं का ह्यनित्ये धने दया॥ १॥

इति कौटिलीये अर्थशास्त्रे आबलीयसनाम्नि द्वादशेऽधिकरणे
दूतकर्म नाम प्रथमोऽध्यायः॥ १॥

द्वादश अधिकरण—आबलीयस (निर्धाको कर्तव्य)

अध्याय १

प्रकरण १६२

(दूतको काम)

(यो बाह्रौं अधिकरणमा दुर्बलले आफ्नो रक्षाका निमित्त गर्नुपर्ने उपायहरूको निरूपण गरिन्छ।)

आफूभन्दा बलियोले थिचिएको निर्धोले जस्तोसुकै दवाव परे पनि नुहेर, नदीको भेलले धक्का दिए पनि नुहेर रहने बेंतको स्थिति गरेर रहनुपर्दछ। बलीयामा नुहुनु इन्द्रलाई नुहुनुजस्तो हो भनि भारद्वाज भन्छन्। भएभरिको बल(फौज)को शक्तिले लड्नुपर्छ, किनभने पराक्रमले नै आपत्ति टार्नसकिन्छ। क्षत्रियको यो धर्म हो। युद्धमा हार वा जीत हुन्छ भनि आचार्य विशालाक्ष भन्दछन्।

त्यसो होइन, जैलेसुकै पनि नुहीरहने मानिसले वथानबाट छुट्टिएको भेडोले झैं जीवनमा निराश भएर रहनुपर्दछ। थोरै फौज भएकोले लड्न-

लाग्यो भने विनानाउ समुद्रमा परेको झैं नष्ट हुन्छ । अतः शत्रुभन्दा बलियो राजाको आड़मा, किंवा बलियो किल्लाको आड़मा रहेर चल्दै गर्नुपर्छ ।

आक्रमण गर्नेहरू तीन किसिमका हुन्छन्—१. **धर्मविजयी** (धर्मपूर्वक विजय चाहने), २. **लोभविजयी** (लोभले विजय चाहने), ३. **आसुरविजयी** (राक्षसी चाल गरेर विजय चाहने)। यीमध्यमा धर्मविजयीचाहीं शरणमा परेपछि खुशी हुन्छ, पराइको भयबाट पनि रक्षा गर्दछ । लोभविजयीचाहीं अर्काको भूमि र धन पाए सन्तोष मान्दछ, त्यस्तालाई धन दिएर आफ्नो अनुकूल पार्नुपर्दछ । असुरविजयी भने भूमि, धन, छोरा, स्वास्नी, प्राणसंम पनि हरेर शान्त हुन्छ, यस्तालाई भूमि-दान दिएर पनि आफू उसको हातमा नपरेर उम्कनुपर्दछ ।

यी धर्म-लोभ-आसुरी चालहरूले विजयी हुनेहरूमध्यमा जुनसुकै भए पनि आक्रमण गर्नचाहनेलाई सन्धि गरेर वा विचारको युद्ध वा कपटी-युद्ध गरेर तह लाउनुपर्दछ । आफूमाथि आक्रमण गर्ने बलियोको आफ्नो पक्षलाई साम र दानले तह लाउनुपर्दछ, त्यसका अमात्य आदि प्रकृतिको पक्षलाई भेद र दण्डले फुटाउनुपर्दछ, यही **मन्त्रयुद्ध** (विचारयुद्ध) हो । शत्रुको किल्ला, देश, छाउनी, आफ्ना गुप्ती पुरुषहरूद्वारा शस्त्र-विष-आगोहरूको प्रयोग गरेर पनि बदला दिनुपर्दछ, यही **कूटयुद्ध** (कपटीयुद्ध) हो ।

अभियोक्ता(आक्रमण गर्ने)लाई पछाड़िबाट दायाँ-बायाँबाट पनि हमला गराउनू, किंवा जङ्गलीदलहरूद्वारा किल्ला-देशमा मार खुवाउन्, किंवा उसका भैयाद, थुनिएका छोरालाई उसको राज्य लिन उचाल्नू । यसरी अपकारद्वारा खलबल्याएपछि सन्धिको कुरा चलाउन उसकहाँ दूत पठाउनू । अपकार गर्ने बाटो नभए पनि सन्धि गर्न उपाय गर्नुपर्दछ ।

यसरी सन्धिको कुरा उठाउँदा पनि आइलागिरहनेलाई अगि दिन कबोल गरेको धन फौजमा चौथाइसम्म थपेर दिने, किंवा यति समयसम यो काम गरिदिने भनि कबुल गरेकोमा यो समय बढ़ी गराएर पनि सन्धि गर्ने माग गर्नू । सैन्य दिएर सन्धि गर्नखोजेमा काम नदिने किसिमका हात्ती घोड़ा दिएर, अथवा शत्रुलाई सिद्ध्याउने विशाल किसिमका उम्मेदवार सेना दिएर निर्वलले सन्धि गर्नू । सैनिक पुरुषहरू लिएर सन्धि गर्न खोजेमा दूष्यदल (आफूसंग चिढ़िनेको दल), जङ्गलीदल, विषधूम, विषजल आदिको प्रयोग गरेर दूष्यदललाई मार्न सक्ने योगपुरुषलाई नाइके गराइदिनू जसद्वारा शत्रुपक्ष र दूष्य आविक दलको पनि नाश हुने होस् । अथवा तीक्ष्ण दल

(कड़ा प्रकृति भएको दल) दिनू , जो अलिकति अपमान भए पनि बिग्रने हुन्छ । अथवा आफूमा प्रेमगर्ने मुख्य सैनिकको दल दिनू , जसले शत्रुलाई सङ्कट परेको बखतमा बिगार गरोस् । धन दिएर सन्धि गर्नचाहेमा बजारमा किन्ने बेच्ने मानिस नपाइने बहुमूल्य वस्तु अथवा युद्धमा काम नदिने जिनिसवस्तु दिनू । जमीन लिएर सन्धि गर्नखोजेमा फर्काएर लिनसकिने सधैं शत्रुहरूको भय भएको किल्लाहरूको आधार नभएको ठूलो हानि र खर्च हुने स्थिति भएको भूमि आक्रमण गर्नेलाई दिएर सन्धि गर्नू । बलियो-संग राजधानीसंम बचाएर अरु सर्वस्वसम्म दिएर पनि निर्बलले सन्धिको प्रार्थना गर्नुपर्दछ ।

जुन कुरा अर्काले लुटेर लिइन्छ त्यही कुरा जुक्तिजाक्ति गरेर पनि दिनू । धनलाई होइन, आफ्नो जिउलाई जसरी पनि बचाउनुपर्दछ, रहीनरहने धनका उपर केको माया ।

अथ द्वितीयोऽध्यायः

१६२ प्रकरणे—मन्त्रयुद्धम् ।

स चेत्सन्धौ नावतिष्ठेत, ब्रूयादेनम्—'इमे षड्वर्गवशगा राजानो विनष्टाः, तेषामनात्मवतां नार्हसि मार्गमनुगन्तुम् , धर्ममर्थं चावेक्षस्व, मित्रमुखा ह्यमित्रास्ते ये त्वां साहसधर्ममर्थातिक्रमं च ग्राहयन्ति, शूरैस्त्यक्तात्मभिः सह योद्धुं साहसं जनक्षयमुभयतः कर्तुमधर्मः, दृष्टमर्थं मित्रमदुष्टं च त्यक्तुमर्थातिक्रमः । मित्रवांश्च स राजा भूयश्चैतेन अर्थेन मित्राण्युद्योजयिष्यति, यानि त्वा सर्वतोऽभियास्यन्ति । न च मध्यमोदासीनयोर्मण्डलस्य वा परित्यक्तः, भवांस्तु परित्यक्तो ये त्वां समुद्युक्तमुपप्रेक्षन्ते—'भूयः क्षयव्ययाभ्यां युज्यतां, मित्राच्च भिद्यतां, अथैनं परित्यक्तमूलं सुखेनोच्छेत्स्यामहे' इति । स भवान् नार्हति मित्रमुखानाममित्राणां श्रोतुं मित्राण्युद्वेजयितुम्, अमित्रांश्च श्रेयसा योक्तुम् , प्राणसंशयमनर्थं चोपगन्तुम्' इति गच्छेत् ।

तथापि प्रतिष्ठमानस्य प्रकृतिकोपमस्य कारयेद्यथा संघवृत्ते व्याख्यातं, योगवामने च । तीक्ष्णरसदप्रयोगं च । यदुक्तमात्मरक्षित-

के रक्ष्यं, तत्र तीक्ष्णान् रसदांश्च प्रयुंजीत । बन्धकीपोषकाः परमरूपयौवनाभिः स्त्रीभिःसेनामुख्यानुन्मादयेयुः । बहूनामेकस्यां द्वयोर्वा मुख्ययोः कामे जाते तीक्ष्णाः कलहानुत्पादयेयुः । कलहे पराजितपक्षं परत्रावगमने यात्रासाहाय्यदाने वा भर्तुर्योजयेयुः । कामवशान् वा सिद्धव्यंजनाः सांवननिकीभिरोषधिभिरतिसन्धानाय मुख्येषु रसं दापयेयुः ।

वैदेहकव्यंजनो वा राजमहिष्याः सुभगायाः प्रेष्यामासन्ना कामनिमित्तमर्थेनाभिवृष्य परित्यजेत् । तस्यैव परिचारकव्यंजनोपदिष्टः सिद्धव्यंजनः सांवननिकीमोषधिं दद्यात्, वैदेहकशरीरेऽवधातव्येति । सिद्धं सुभगाया अप्येनं योगमुपदिशेद्राजशरीरेऽवधातव्येति । ततो रसेनातिसन्दध्यात् । कार्तान्तिकव्यंजनो वा महामात्रं राजलक्षणसम्पन्नं क्रमाभिनीतं ब्रूयात् । भार्यामस्य भिक्षुकी—'राजपत्नी राजप्रसविनी वा भविष्यति' इति । भार्याव्यंजनो वा महामात्रं ब्रूयात्—'राजा किल मामवरोधयिष्यति, तत्रान्तिकाय पत्रलेख्यमाभरणं चेदं परिव्राजिकयाऽऽहृतमिति' ।

सूदारालिकव्यंजनो वा रसप्रयोगार्थं राजवचनादर्थं चास्य लोभनीयमभिनयेत् । तदस्य वैदेहकव्यंजनः प्रतिसन्दध्यात्, कार्यासिद्धिं च ब्रूयात् । एवमेकेन द्वाभ्यां त्रिभिरित्युपायैरेकैकमस्य महामात्रं विक्रमायापगमनाय वा योजयेदिति । दुर्गे चास्य शून्यपालासन्नाः सत्रिणः पौरजानपदेषु मैत्रीनिमित्तमावेदयेयुः—'शून्यपालेनोक्ता योधा अधिकरणस्थाश्च—'कृच्छ्रगतो राजा जीवन्नागमिष्यति न वा, प्रसह्य वित्तमर्जयध्वममित्रांश्च हत' इति बहुलीभूते तीक्ष्णाः पौरान् निशास्वाहारयेयुः, मुख्यांश्चाभिहन्युः—'एवं क्रियन्ते, ये शून्यपालस्य न शुश्रूषन्ते' इति । शून्यपालस्थानेषु च सशोणितानि शस्त्रवित्तबन्धनान्युत्सृजेयुः । ततः सत्रिणः—'शून्यपालो घातयति विलोपयति च' इत्यावेदयेयुः । एवं जानपदान्समाहर्तुर्भेदयेयुः ।

समाहर्तृपुरुषांस्तु ग्राममध्येषु रात्रौ तीक्ष्णा हत्वा ब्रूयुः—'एवं क्रियन्ते' ये जनपदमधर्मेण बाधन्ते' इति। समुत्पन्ने दोषे शून्यपालं समाहर्तारं वा प्रकृतिकोपेन घातयेयुः। तत्कुलीनमवरुद्धं वा प्रतिपादयेयुः।

अन्तःपुरपुरद्वार द्रव्यधान्यपरिग्रहान्।
दहेयुस्तांश्च हन्युर्वा ब्रूयुरस्यार्तवादिनः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे आबलीयसे द्वादशेऽधिकरणे
मन्त्रयुद्धं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १६३

मन्त्रणाको युद्ध

आक्रामक शत्रु केही गरेर पनि सन्धिको पालन नगर्ने भयो भने काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी—छः दोषको वशमा परेको फलाना-फलाना राजाहरू नष्ट भए, आफूलाई सँभाल्न नशक्ने तिनीहरूको बाटोमा पछि लाग्न हुँदैन। धर्म र लोकव्यवहारलाई विचार गर, तिमीलाई जसले साहस, अधर्म, कर्तव्यको लङ्घनगर्न सिकाउँछन्, ती मित्रको मुखलिएका शत्रु हुन्। शूरा आत्मालाई अर्पण गर्नेहरूसंग युद्ध गर्ने साहसगरेर दुवैतिरका मानिसको नाश गर्नु अधर्म हो। हातमा आएको धन निर्दोष मित्रलाई त्याग गर्नु स्वार्थको हानि गर्नु हो। मित्रहरू भएका ती राजाले यो धनद्वारा आफ्ना मित्रहरू उठाउनेछन्, ती सबै तिमीलाई चारैतिरबाट आक्रमण गर्नेछन्; तिनलाई बिचका र तटस्थ राख्नेहरूले छोड्नेछैनन्। तिमीलाई सबैले छोड़िदिएर उपेक्षा गर्नेछन्। तिमी फेरि नाश र खर्चमा पर्नेछौ। मित्रहरू पनि फुट्नेछन्। यसरी जरा खलबलिएपछि तिमीलाई सहजै उखेल्नेछन्। अतः तिमीले मुखका मात्र मित्र हुने शत्रुको कुरा सुन्न, आफ्ना मित्रहरूलाई दिक्क गराउन, शत्रुको भलो गराउन, ज्यान जोखिम हुने अहित गराउनु योग्य छैन—भनि संझाउनू र सम्झ्यो भने सन्धिका निमित्त दिने कबोल गरेको धन दिनू।

यसरी संझाउँदा पनि सन्धि नगरेर अड़ी रह्यो भने शत्रुका प्रकृतिवर्ग अमात्य आदिलाई फूट गराउने संघवृत्त प्रकरणमा, योगवामन प्रकरणमा पछि भनिनेअनुसार प्रयोग गर्नू, नभए विषप्रयोग गर्ने गुप्तीपुरुषहरूलाई लगाएर विषप्रयोग गरी मराउनू ।

कतै गुप्तपुरुषहरू वेश्याको पालन-पोषण गर्ने बनेर अतिराम्रा युवती-स्त्रीहरूद्वारा शत्रुको सेनाका मुख्य पुरुष लट्ठ पार्ने गरून् । धेरै जना वा दुइ मुख्यपुरुषको यौटी नारीमा चाहना भएपछि तीक्ष्ण (क्रूर) गुप्तीहरूले तिनीहरूको झगड़ा पारिदिउन् । त्यो झगड़ा हार्नेलाई कसैको पक्ष आश्रय छोड़ेर विजिगीषुको पक्षमा आउने वा विजिगीषुको यात्रामा मद्दत दिने गराउनू ।

अथवा गुप्तीपुरुषहरू सिद्धजस्तो बनेर मोह गराउने औषधिको साथमा विष मिसाएर मुख्यपुरुषहरूलाई सिध्याउनू ।

अथवा सेठ (व्यापारी) जस्तो बनेर सुन्दरी रानीको हजुरिया सुसारेलाई उपभोगको उद्देश्य राखेर बेसरी धन दिएर छोड़िदेओस । यसैको टहलुवा-जस्तो बनेको गुप्तीको उपदेशअनुसार सिद्धजस्तो बनेको गुप्तिले त्यो सेठ-लाई मोहनी लाउने भनेर दिनू । त्यो काम फत्ते भएपछि रानीलाई पनि रानीको जिउमा र राजाको जिउमा प्रयोग गर्ने भनि विष मिसेको औषधि दिएर मराउनू ।

अथवा सामुद्रिकहरूजस्तो भएको गुप्तीले क्रमैसँग पत्यार पार्दा आफ्नो विश्वास गर्ने भएपछि राजाको लक्षण भएको मुख्यपुरुषलाई तिमी राजा हुने छौ भन्नू, उसकी स्त्रीलाई जोगिनीको रूप लिएर तिमी राजाकी रानी वा राजाकी आमा बन्नेछौ भन्नू । अथवा अति प्रधान अमात्य राख्नको लोभले राजाको विरोधी बनेर कार्य सिद्ध हुनेछ ।

अथवा कुनै गुप्तीपुरुषले शत्रु राजाको महामात्म्यसंग राजाले आफ्नो छोरीको विवाह गरिदिनू । केही समयपछि विहा भएकी त्यो स्त्रीले महा-मात्यसंग राजाले मलाई उड़ाएर दरबारमा लैजानेजस्तो बुझ्दछु, हेर्नुहोस् मलाई यो चिठी र गहना राजाले पठाएको भनेर यौटी जोगिनीले दिएको भन्नू । अनि राजाको र महामात्यको विरोध परिहाल्दछ ।

अथवा भान्सेको वा मासु पकाउनेको रूपमा धेरै दिनदेखि शत्रुदेशमा रहेको गुप्तीले महामात्यकहाँ विश्वास पारेर तपाईंउपर विष-प्रयोग गर्नू भनि मलाई राजाले भनेको छ भन्नू । अर्को बनिया बनेको गुप्तीले मबाट यिनले यस्तो औषधि लिएका छन् भन्ने कुरा गरी पत्यार गराउनू । यसै गरी एक-दुइ-

तीन जनाबाट यही कुरा गराउनू र त्यो महामात्यलाई राजामाथि बदला दिनलाउने वा महामात्यको डरले भागेर जाने गराउनू। शत्रुको किल्लामा राजा बाहिर गई रित्तो भएको राजधानीमा रक्षकसँग गाढ़ा मित्रता गरी रहेका गुप्तीपुरुषहरूले सहरका र बाहिरका प्रजामा राजालाई बड़ो सङ्कट परेको छ, जीउँदै फर्केर आउनपाउने हो वा होइन, अब जसरी हुन्छ धन कमाओ, राजाका द्रोहीजस्तालाई मारिदेओमा शून्यपालले सिपाहीहरूलाई र अड्डाका कर्मचारीलाई पनि भनेका छन् भन्नू र यो कुरा जताततै फैलाएर सहरवासीकहाँ राति चोरी गराउनू। मुख्य पुरुषहरूलाई पनि मराउनू। शून्यपालको सेवामा नलाग्नेहरू यसरी मारिँदैछन् भन्नू। गुप्तीपुरुषहरू मिलेर शून्यपालको घरवरिपरि रगतमा मुछिएका शस्त्र-अस्त्र र धनको पेटी, बाँध्ने डोरीहरूको राश लगाउनू। शून्यपालले यति मानिस मारेर यसरी धन बटुलेको छ भन्ने हल्ला चलाउनू। यस किसिमसँग समाहर्ता र प्रजाहरूमा पनि फाटो पारिदिनू।

समाहर्ताका मानिसहरूलाई राति वा गाउँभित्रै गुप्तीहरूले मारेर हेर यस्तो हुनलाग्यो, देशमा अधर्मको पीड़ा हुनलाग्यो भन्नू। गर्दा-गर्दा दोषमा पत्यार परेपछि चिढ़िएका दुनियाँहरूबाट शून्यपाल वा समाहर्तालाई मराउनू, अनि उसैको फुलको वा थुनिएकोलाई आफ्नो वश पारी त्यो पदमा राख्नलाउनू।

बड़ो सङ्कट पीड़ामा पऱ्यौं भन्दै अन्तःपुर, सदर, ढोका, नगद, अनाजहरूमा आगो लाउने, लूटपिट, मारकाट मचाउने गरी आपत् पार्नू।

अथ तृतीयोऽध्यायः

१६४–१६५ प्रकरणे—सेनामुख्यवधः मण्डलप्रोत्साहनं च।

राज्ञो राजवल्लभानां चासन्नाः सत्रिणः पत्त्यश्वरथद्विपमुख्यानां 'राजा क्रुद्धः' इति सुहृद्विश्वासेन मित्रस्थानीयेषु कथयेयुः। बहुलीभूते तीक्ष्णाः कृतरात्रिचरप्रतीकारा गृहेषु 'स्वामिवचनेन आगम्यताम्' इति ब्रूयुः। तान्निर्गच्छत एवाभिहन्युः। 'स्वामिसन्देशः' इति चासन्नान् ब्रूयुः। ये च प्रवासितास्तान् सत्रिणो ब्रूयुः—'एतत्तद्यदस्माभिः कथितं, जीवितुकामेन अपक्रान्तव्यम्' इति।

येभ्यश्च राजा याचितो न ददाति तान् सत्रिणो ब्रूयुः—'उक्तः शून्यपालो राज्ञा अयाच्यमर्थमसौ चासौ मां याचते, मया प्रत्याख्याताः शत्रुसंहिताः, तेषामुद्धरणे प्रयतस्व' इति । ततः पूर्ववदाचरेत् । येभ्यश्च राजा याचितो ददाति, तान् सत्रिणो ब्रूयुः—'उक्तः शून्यपालो राज्ञा अयाच्यमर्थमसौ चासौ च मां याचते, तेभ्यो मया सोऽर्थो विश्वासार्थं दत्तः, शत्रुसंहिताः तेषामुद्धरणे प्रयतस्व' इति । ततः पूर्ववदाचरेत् । ये चैनं याच्यमर्थं न याचन्ते, तान् सत्रिणो ब्रूयुः—'उक्तः शून्यपालो राज्ञा 'याच्यमर्थमसौ चासौ च मां न याचते, किमन्यत्स्वदोषशंकितत्वात्, तेषामुद्धरणे प्रयतस्व' इति । ततः पूर्ववदाचरेत् । एतेन सर्वः कृत्यपक्षो व्याख्यातः ।

प्रत्यासन्नो वा राजानं सत्री ग्राहयेत् 'असौ चासौ च ते महामात्रः शत्रुपुरुषैः सम्भाषते' इति । प्रतिपन्ने दूष्यानस्य शासनहरान् दर्शयेत्—'एतत्तत्' इति । सेनामुख्यप्रकृतिपुरुषान् वा भूम्या हिरण्येन वा लोभयित्वा स्वेषु विक्रमयेदपवाहयेद्वा । योऽस्य पुत्रः समीपे दुर्गे वा प्रतिवसति, तं सत्रिणापजापयेत्—'आत्मसम्पन्नतरस्त्वं पुत्रस्तथाप्यन्तर्हितः, तत् किमुपेक्षसे । विक्रम्य गृहाण, पुरा त्वा युवराजो विनाशयति' इति । तत्कुलीनमवरुद्धं वा हिरण्येन प्रतिलोभ्य ब्रूयात्—'अन्तर्वलं प्रत्यन्तस्कन्धमन्यं वास्य प्रमृद्नीहि' इति । आटविकानर्थमानाभ्यामुपगृह्य राज्यमस्य घातयेत् ।

पार्ष्णिग्राहं वास्य ब्रूयात्—'एष खलु राजा मामुच्छिद्य त्वामुच्छेत्स्यति, पार्ष्णिमस्य गृहाण । त्वयि निवृत्तस्याहं पार्ष्णिं ग्रहीष्यामि' इति । मित्राणि वास्य ब्रूयात्—'अहं वः सेतुः, मयि विभिन्ने सर्वानेष वो राजा प्लावयिष्यति' इति । 'सम्भूय वास्य यात्रां विहनाम' इति । तत्संहतानामसंहतानां च प्रेषयेत्—'एष खलु राजा मामुत्पाट्य भवत्सु कर्म करिष्यति । बुध्यध्वम्, अहं वः श्रेयानभ्यवपत्तुम्' इति ।

मध्यमस्य प्रहिणुयादुदासीनस्य वा पुनः।
यथासन्नस्य मोक्षार्थं सर्वस्वेन तदर्पणम् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे आबलीयसनाम्नि द्वादशेऽधिकरणे
सेनामुख्यवधः मण्डलप्रोत्साहनं चेति तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १६४

सेनाको मुख्य वध गर्ने उपाय

प्रकरण १६५

राजमण्डललाई उचाल्नु

राजा र राजाका प्याराहरूको नजीकमा मित्रजस्तो गरी रहेका गुप्तीपुरुषहरू पैदल-घोड़ा-रथ-हात्तीहरूका अध्यक्ष प्रधानलाई मित्रताको विश्वास पारेर राजा तिमीहरूमाथि रिसाएका छन् भन्ने कुरा फिंजाउनू। यो कुरा फैलिएपछि तीक्ष्ण गुप्तीहरू राति हिंड्डुल गर्दा हानि हुने कुराको बचाउ गर्दै घर-घरमा गएर मालिकले बोलाएको छ आउनुहोस् भनि भन्नू, र तिनीहरू घरबाट निस्कनासाथ मारेर राजाको आज्ञाबाट हामीले यो काम गरेको हो भनि आफ्ना मित्र बनेका गुप्तीहरूलाई भन्नू। परदेश गएकालाई गुप्तीहरूले बाँचन चाहनेले भाग्नु असल भन्ने कुरा हामीले भनेका थियौं भन्नू।

जस-जसलाई राजाले मागेको कुरो दिएको छैन तिनीहरूकहाँ गएर गुप्तीपुरुषहरूले शून्यपाल(राजधानीको रक्षक)लाई राजाले मसँग माग्न नहुने कुरा माग्ने फलाना-फलानालाई मैले हुन्न भनिदिएँ, तिनीहरू शत्रुसंग मिलेका छन्, तिनीहरूलाई उखेल्ने उद्योग गर भनेको छ भन्नू। अनि तिनीहरू माग्न हुन्छन्।

जस-जसलाई राजाले मागेको दिने गर्दछन्, तिनीहरूकहाँ गएर गुप्तीपुरुषहरूले—शून्यपाललाई राजाले फलाना-फलानाले माग्नुपर्ने कुरा पनि मसँग माग्दछन्, तिनीहरूलाई मैले त्यो विश्वास गराउन दिएको छु, तर

तिनीहरू शत्रुसंग मिलेका छन्, तिनीहरूलाई उखेल्ने यत्न गर भनेको छ भन्नू अनि तिनीहरू भाग्नेछन् ।

ज-जसले माग्नुपर्ने कुरा पनि माग्दैनन् तिनीहरूसंग गुप्ती पुरुषहरू गएर शून्यपाललाई राजाले फलाना-फलानाले मसँग माग्नुपर्ने कुरा पनि माग्दैनन्, आफ्नो विरामले आफै डराउँछन्, तिनलाई उखेल्ने काम गर भनि भनेको छ भन्नू, अनि तिनीहरू भाग्नेछन् । यसबाट सबै शत्रुका मुख्यमानिसलाई फुटाउने कुरा बुझ्नू ।

अब मुख्यपुरुषहरूबाट राजालाई फुटाउने उपाय भन्दछु—शत्रु राजाको हजुरिया बनेको गुप्ती पुरुषले तपाईंका मुख्य मानिस फलाना फलाना शत्रुपट्टिका मानिसहरूसँग कुरा गरीरहन्छन् भन्नू । त्यो कुरा राजाले पत्यार गरेपछि विजिगीषु राजाका द्रोहीहरू मुख्यपुरुषलाई पठाएको लेखोट लिएर आउने यिनै हुन् भनि देखाउनू । शत्रु-सेनाका मुख्य मन्त्री आदि पुरुषलाई धेरै धन दिएर लोभ्याई आफ्नैपट्टिकामाथि आइलाग्ने गराउनू अथवा भगाउनू । यिनको छोरा जो नजीकै वा किल्लामा बस्ने हो त्यसलाई शत्रु छोरो नजीकै वा किल्लामा बस्तछ उसकहाँ गएर गुप्तीपुरुषले—तपाईं युवराजभन्दा पनि आफू बढ्ता लायक हुनुहुन्छ, किन चुप लाग्नुहुन्छ, पौरख गरेर आफ्नो हक लिनुपर्दछ, नत्र तपाईंलाई युवराजले नाश गर्नुहुनेछ भनि फुटाउनू ।

शत्रुको घरानको, वा थुनिएकोकहाँ गएर धनले लोभ्याई गुप्तीपुरुषले—मित्रको मुख्य फौजलाई वा सीमानेर बसको अथवा अर्को फौजलाई नष्ट गर भन्नू र उताबाट फुटाउन् । अथवा जङ्गलीदललाई धन र मानले हात लिएर तीद्वारा शत्रुको राज्यमा हमला गर्न लगाउनू ।

मण्डल——

दश किसिमका वरपरका राजाको मण्डललाई शत्रुको विरुद्धमा उचाल्ने गरी पार्ष्णिग्राह (राज्यको पछाड़िपट्टिको) राज्यको मालिककहाँ गएर गुप्तीपुरुषद्वारा भन्न लाउनू कि—यो राजाले मेरो उछित्तो गरेपछि तपाइँको पनि उछित्तो गर्नेछ । यसको पछाड़िपट्टि आक्रमण गर्नुहोस् तपाईंपट्टि आइलागेमा म पनि पछि लाग्नेछु भनि भन्नू । अथवा शत्रुका मित्रकहाँ गएर म तपाईंहरूको बाँधजस्तो हुँ, म फुटेपछि यो राजाले तपाइँहरू सबैलाई डुबाउनेछ, अथवा हात्ती सबै एक गठ भएर यसको अभियान विफल पारौं भनि भन्नू । शत्रुसँग मिलेका वा नमिलेका मानिस पठाएर यसले मलाई उखेल्ने

र तपाईंहरूमा पनि पौरख देखाउनेछ, तपाईंहरूले मलाई सङ्कटमा बचाउनुपर्दछ भन्नू।

बिचको होस् वा तटस्थ होस्, आफ्नो नजीककासँग निर्धाले सर्वस्व दिएर पनि आफ्नो सङ्कट छुटाउन यत्न गर्नुपर्दछ।

अथ चतुर्थोऽध्यायः

१६६–१६७ प्रकरणे—शस्त्राग्निरसप्रणिधयः, वीवधासारप्रसारवधश्च।

ये चास्य दुर्गेषु वैदेहकव्यंजनाः, ग्रामेषु गृहपतिकव्यञ्जनाः, जनपदसन्धिषु गोरक्षकतापसव्यञ्जनाः, ते सामन्ताटविकतत्कुलीनावरुद्धानां पण्यागारपूर्वं प्रेषयेयुः—'अयं देशो हार्य' इति। आगतांश्चैषां दुर्गे गूढपुरुषानर्थमानाभ्यामभिसत्कृत्य प्रकृतिच्छिद्राणि प्रदर्शयेयुः। तेषु तैः सह प्रहरेयुः। स्कन्धावारे वास्य शौण्डिकव्यञ्जनः पुत्रमभित्यक्तं स्थापयित्वा अवस्कंदकाले रसेन प्रवासयित्वा 'नैषेचनिकम्' इति मदनरसयुक्तान् मद्यकुम्भाञ्छतशः प्रयच्छेत्। शुद्धं वा मद्यं माद्यं वा मद्यं दद्यादेकमहः, उत्तरं रससिद्धं प्रयच्छेत्। शुद्धं वा मद्यं दण्डमुख्येभ्यः प्रदाय मदकाले रससिद्धं प्रयच्छेत्। दण्डमुख्यव्यञ्जनो वा 'पुत्रमभित्यक्तम्' इति समानम्।

पक्वमांसिकौदनिकशौण्डिकापूपिकव्यञ्जना वा पण्यविशेषमवघोषयित्वा परस्परसंघर्षेण कालिकं समर्थतरमिति वा परानाहूय रसेन स्वपण्यान्यपचारयेयुः। सुराक्षीरदधिसर्पिस्तैलानि वा तद्व्यवहर्तृहस्तेष गृहीत्वा स्त्रियो बालाश्च रसयुक्तेषु स्वभाजनेषु परिकिरेयुः, 'अनेनार्घेण विशिष्टं वा भूयो दीयताम्' इति तत्रैवावकिरेयुः। एतान्येव वैदेहकव्यञ्जनाः पण्यविक्रयेणाहर्तारो वा हस्त्यश्वानां विधायवसेषु रसमासन्ना दद्युः।

कर्मकरव्यंजना वा रसाक्तं यवसमुदकं वा विक्रीणीरन्।

चिरसंसृष्टा वा गोवाणिजका गवामजावीनां वा यूथान्यवस्कन्दकालेषु परेषां मोहस्थानेषु प्रमुंचेयुः । अश्वखरोष्ट्रमहिषादीनां दुष्टांश्च तद्व्यंजना वा चुचुन्दरीशोणिताक्षान्, लुब्धकव्यंजना वा व्यालमृगान् पंजरेभ्यः प्रमुंचेयुः, सर्पग्राहा वा सर्पानुग्रविषान्, हस्तिजीविनो हस्तिनः, अग्निजीवीनो वा अग्निमवसृजेयुः । गूढपुरुषा वा विमुखान् पत्त्यश्वरथद्विपमुख्यानभिहन्युः, आदीपयेयुर्वा मुख्यावासान् । दूष्यामित्राटविकव्यंजनाः प्रणिहिताः पृष्ठाभिघातमवस्कन्दप्रतिग्रहं वा कुर्युः । वनगूढा वा प्रत्यन्तस्कन्धमुपनिष्कृष्याभिहन्युः । एकायने वीवधासारप्रसारान् वा ।

ससंकेतं वा रात्रियुद्धे भूरि तूर्यमाहत्य ब्रूयुः—'अनुप्रविष्टाः स्मो, लब्धं राज्यम्' इति । राजावासमनुप्रविष्टा वा संकुलेषु राजानं हन्युः । सर्वतो वा प्रयातमेनं म्लेच्छाटविकदण्डचारिणः सत्रापाश्रयाः स्तम्भवाटापाश्रया वा हन्युः । लुब्धकव्यंजना वावस्कन्दसंकुलेषु गूढयुद्धहेतुभिरभिहन्युः । एकायने वा शैलस्तम्भवाटखंजनान्तरुदके वा स्वभूमिवलेनाभिहन्युः । नदीसरस्तटाकसेतुबन्धभेदवेगेन वाप्लावयेयुः । धान्वनवननिम्नदुर्गस्थं वा योगाग्निधूमाभ्यां नाशयेयुः । संकटगतमग्निना, धान्वनगतं धूमेन, निधानगतं रसेन, तोयावगाढं दुष्टग्राहैरुदकचरणैर्वा तीक्ष्णाः साधयेयुः । आदीप्तावासान्निष्पतन्तं वा–

योगवामनयोगाभ्यां योगेनान्यतमेन वा ।
अमित्रमतिसन्दध्यात्सक्तमुक्तासु भूमिषु ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे आबलीयसनाम्नि द्वादशेऽधिकरणे
शस्त्राग्निरसप्राणिधयो वीवधासारप्रसारवधश्चेति चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण १६६

शस्त्र, आगो र विषको प्रयोग

प्रकरण १६७

अन्न-घास-पात आउन रोक्नु

(यस प्रकरणमा शस्त्र, आगो, विषका गुप्त प्रयोग र अन्न आउन, इन्धनहरू ल्याउन रोकाउने विषय बताइन्छ ।)

शत्रुको किल्लामा बनियाको वेष लिएका, गाउँमा गृहस्थको वेष लिएका, देशको सीमानामा गोठाला तपस्वीको वेष लिएका गुप्तपुरुषहरू सामन्त, जङ्गली, कुलीन, थुनिएकाहरूकहाँ बिक्रीका वस्तुहरू पठाउँदै गरेर शत्रुको यो देश सजिलैसँग लिनसकिन्छ आओ भन्ने समाचार पठाउनू। किल्लामा आएका तिनका गुप्तपुरुषहरूलाई धन र मानले विशेष सत्कार गरेर शत्रुका अमात्य आदि प्रकृतिवर्गमा भएका परस्पर क्रोध भय आदि छिद्र देखाइदिनू। ती छिद्र पाएका ठाउँमा तिनीहरूसँग मिलेर प्रहार गराउनू ।

शत्रको छाउनीमा भट्टीवालको रूप लिएको गुप्तीले कुनै ज्यानसजाय पाउने भएको मानिसलाई पहिले छोरो भनि प्रसिद्ध गराएर छापा मार्ने बखतमा विष दिएर मारी मरेको आत्माको तृप्तिका निमित्त भन्ने बहानाले विष मिसाएका मद्यका शयकड़ौ घड़ा छाउनीमा बाँड़िदिनू। अथवा पहिले एक दिनमा नमिसाएको शुद्ध मद्य, किंवा एकचौथाइमात्र विष मिलाएको मद्य बाँड़ेर आर्को दिनदेखि विष मिसाएको मद्य बाँड्नू, अथवा शत्रुसेनाका मुख्यपुरुषहरूलाई पहिले खाली मद्य दिएर तिनलाई नसा लागेको वेलामा विषालु मद्य दिनू ।

अथवा फौजीको मुख्यपुरुषको भेष गरेको गुप्तीले माथि भनेझैं कुनै वध्य पुरुषलाई छोरो बनाएर गुप्तगरेर मारी त्यसको नाउँमा विषालु मद्य बाँड़िदिनू ।

अथवा पकाएको मासु-अन्न-मिठाइ-रक्सी बेच्ने बनेका गुप्तीहरूले आफ्नो-आफ्नो मालको बयान फिजाई आफूसमा ईखाईखले उधारो पनि दिने,

तौल घटाएर पनि दिने भनेर शत्रुदलका मानिसहरूलाई खिंची आफ्नो वस्तुमा विष मिलाएर दिऊन्। अथवा मद्य-दूध-दही-घ्यू-तेलहरू त्यसैका बेपारीका हातबाट लिएर गुप्तीपुरुषका स्त्रीहरू-केटाकेटीहरूद्वारा विष परेका भाँड़ामा मिसाउनलाएर, यो मोलमा देऊ फेरि पनि देऊ, भन्दै तिनीहरूका भाँड़ामा हालिदिऊन्। अथवा बनियाको वेष गरेका गुप्तीले उनै मद्य-दूध-दही-घ्यू-तेलहरू बिक्रीगर्दै गरी मौका पारेर विष मिसाई हात्ती-घोड़ाका दानाघासमा हालिदिऊन्।

अथवा काम गर्ने ज्यामीको रूपमा रहेका गुप्तीपुरुषहरूले विष मिसाएको धान्य-पानी बेचून्। अथवा धेरै समयदेखि पत्यार पारिरहेको गोठालाको वेस भएका गुप्तीपुरुषहरूले शत्रहरू सावधान भएको मौका पारी गाई-बाख्रा-भेड़ाका बथानका बथान यताउति छोड़िदिएर खलबल मचाइदिऊन्। दुष्ट घोड़ा, गधा, ऊँट, राँगा दल अथवा घोड़ा-गधा-ऊँट-राँगो बेच्नेजस्ता बनेका गुप्तीपुरुषहरूले बदमास घोड़ा-गधा-ऊँट-राँगाहरूलाई आँखामा विषालु छुचुन्द्राको रगत छर्केर असावधान भइरहेका शत्रुदलमा छोड़िदिऊन्। अथवा गुप्तीपुरुषहरू व्याधाजस्ता बनेर दुष्ट जनावरलाई खोरबाट सर्प समात्ने बनेर चर्को विष भएकाहरूलाई हात्ती पक्रने बनेर दुष्ट हात्तीहरूलाई शत्रुको दलमा छोड़िदिएर हाहाकार पारिदिऊन्। अथवा आगाको काम गर्ने कामी आदि बनेकाले आगो लाइदिऊन्। खलबलिएर काममा नलाग्ने भएका पैदल, घोड़ा, रथ, हात्तीका मुख्य मुख्य दलमाथि गुप्तीपुरुषहरूले प्रहार गर्नू। अथवा बस्ने ठाउँहरूमा आगो लाइदिनू, अथवा विरोधीदल-जङ्गलीदलजस्ता बनेर पछिल्तिरबाट शत्रुदलको हमलामा रोकावट गराउनू, अथवा वनमा लुकीरहेका गुप्तीहरूले देशको छेउमा बचाउ गर्ननिमित्त राखेको शत्रुको सैन्यलाई घिच्याएर मारून्।

वीवधासार प्रसार वध—

साँगुरो गोरेटो बाटोमा बसेर शत्रुदलमा वीवध (अनाजको आयात, मित्रकौ फौज मदत दिनआउनु), प्रसार—धान, दाउराहरूको आयातमा रोकावट गरिदिनू।

किंवा अगिबाटै मतो मिलाएर रातको युद्धमा धेरै बाजाहरू बजाएर हामीहरू शत्रुराज्यभित्र पसीसक्यौं राज्य हात लायौं भन्ने हल्ला फिंजाई शत्रुराजाको वस्तिमा पसेर हूलमूलमा राजालाई मारून्।

अथवा शत्रुराजा भाग्नलागेमा गुप्तीहरूको आड़मा म्लेच्छ र जङ्गलीहरूले-

खम्बा, बाटोको आड़मा बसेर छापा मारून्। हमलाको हुलमुलमा व्याधाजस्ता बनेका गुप्तीहरू गुप्ती हमला गरेर छापा मारून्। साँगुरो बाटोमा पहाड़-खम्बा-बाटो-खाइभित्र पानीभित्र पसेर पनि छापा मारून् नदी-दह-तलाउको बाँधहरू भत्काएर पानीले डुबाइदिनू। मरूभूमि-वन-दुर्ग-गहीरो किल्लाहरूमा रहेको शत्रुदललाई विषालु धूवाँ फिंजाएर मारून्। साँगुरो बाटोमा आगोले, मरूभूमिमा धूवाँले, खाइमा विषले, पानीमा खुट्टा पक्रने ग्राहहरूद्वारा छापामारहरूले काम फत्ते गरून्।

बसेको ठाउँमा आगो लागी भाग्नलागेकालाई अनेक उपाय वामनयोग आदिद्वारा शत्रुलाई छलेर छापा मार्नू।

अथ पञ्चमोऽध्यायः

१६८-१७० प्रकरणे—योगातिसन्धानं दण्डातिसन्धानं एकविजयश्च।

दैवतेज्यायां यात्रायाममित्रस्य बहूनि पूज्यागमस्थानानि भक्तितः तत्रास्य योगमुब्जयेत्। देवतागृहप्रविष्टस्योपरि यंत्रमोक्षणेन गूढभित्तिं शिलां वा पातयेत्। शिलाशस्त्रवर्षमुत्तमागारात्कपाटमवपातितं वा भित्तिप्रणिहितमेकदेशबन्धं वा परिघं मोक्षयेत्। देवतादेहस्थप्रहरणानि वास्योपरिष्ठात्पातयेत्। स्थानासनगमनभूमिषु वास्य गोमयप्रदेहेन गन्धोदकावसेकेन वा रसमतिचारयेत्। पुष्पचूर्णोपहारेण वा गन्धप्रतिच्छन्नं वास्य तीक्ष्णं धूममतिनयेत्। शूलकूपमवपातनं वा शयनासनस्याधस्ताद्यन्त्रबद्धतलमेनं कीलमोक्षणेन प्रवेशयेत्। प्रत्यासन्ने वामित्रे जनपदार्ज्जनमवरोधक्षममतिनयेत्। दुर्गाच्चानवरोधक्षममपनयेत्। प्रत्यादेयमरिविषयं वा प्रेषयेत्। जनपदं चैकस्थं शैलवननदीदुर्गेष्वटवीव्यवहितेषु वा पुत्रभ्रातृपरिगृहीतं स्थापयेत्। उपरोधहेतवो दण्डोपनतवृत्ते व्याख्याताः।

तृणकाष्ठमायोजनाद्दाहयेत् उदकानि च दूषयेदवास्रावयेच्च। कूटकूपावपातकंटाकनीश्च बहिरुब्जयेत्। सुरुङ्गाममित्रस्थाने बहुमुखीं

कृत्वा विचयमुख्यानभिहारयेदमित्रं वा । परप्रयुक्तायां वा सुरुंगायां परिखामुदकान्तिकीं खानयेत् । कूपशालामनुसालं वा अतोयकुम्भान् कांस्यभाण्डानि वा शंकास्थानेषु स्थापयेत् । ज्ञाते सुरुंगापथे प्रतिसुरुंगां कारयेत् । मध्ये भित्त्वा धूममुदकं वा प्रयच्छेत् । प्रतिविहितदुर्गो वा मूले दायादं कृत्वा प्रतिलोमामस्य दिशं गच्छेत् । यतो वा मित्रैर्बन्धुभिराटविकैर्वा संसृज्येत, परस्यामित्रैर्दूष्यैर्वा महद्भिः । यतो वा गतोऽस्य मित्रैर्वियोगं कुर्यात्, पार्ष्णिं वा गृह्णीयात् । राज्यं वास्य हारयेत् । वीवधासारप्रसारान् वा वारयेत् ।

यतो वा शक्नुयादाक्षिकवदपक्षेपेणास्य प्रहर्तुं यतो वा स्वं राज्यं त्रायेत, मूलस्योपचयं वा कुर्यात् । यतः सन्धिमभिप्रेतं लभेत, ततो वा गच्छेत् । सहप्रस्थायिनो वास्य प्रेषयेयुः—'अयं ते शत्रुरस्माकं हस्तगतः पण्यं विप्रकारं वापदिश्य हिरण्यमन्तःसारबलं प्रेषयस्व, एनमर्पयेम बद्धं प्रवासितं वा' इति । प्रतिपन्ने हिरण्यं सारबलं चाददीत । अन्तपालो वा दुर्गसम्प्रदानेन बलैकदेशमतिनीय विश्वस्तं घातयेत् । जनपदमेकस्थं वा घातयितुममित्रानीकमावाहयेत्, तदवरुद्धदेशमतिनीय विश्वस्तं घातयेत् ।

मित्रव्यंजनो वा बाह्यस्य प्रेषयेत्—'क्षीणमस्मिन्दुर्गे धान्यं स्नेहाः क्षारो लवणं वा, तदमुष्मिन्देशे काले च प्रवेक्ष्यति । तदुपगृहाण' इति । ततो रसविद्धं धान्यं स्नेहं क्षीरं वा दूष्यामित्राटविकाः प्रवेशयेयुः, अन्ये वा अभित्यक्ताः । तेन सर्वभाण्डवीवधग्रहणं व्याख्यातम् । सन्धिं वा कृत्वा हिरण्यैकदेशमस्मै दद्यात्, विलम्बमानः शेषम् । ततो रक्षाविधानान्यवस्रावयेत् । अग्निरसशस्त्रैर्वा प्रहरेत्, हिरण्यप्रतिग्राहिणो वास्य वल्लभाननुगृह्णीयात् । परिक्षीणो वास्मै दुर्गं दत्त्वा निर्गच्छेत्सुरुंगया । कुक्षिप्रदरेण वा प्राकारभेदेन निर्गच्छेत् ।

रात्राववस्कन्दं दत्त्वा सिद्धस्तिष्ठेत्, असिद्धः पार्श्वेनापगच्छेत्, पाषण्डच्छद्मना मन्दपरिवारो निर्गच्छेत् प्रेतव्यंजनो वा गूढैर्निर्हि-

येत, स्त्रीवेषधारी वा प्रेतमनुगच्छेत् । देवतोपहारश्राद्धप्रहवणेषु वा रसविद्धमन्नपानमवसज्य कृतोपजातो दूष्यव्यंजनैर्निष्पत्य गूढसैन्योऽभिहन्यात् । एवं गृहीतदुर्गो वा प्राश्यप्राशं चैत्यमुपस्थाप्य दैवतप्रतिमाच्छिद्रं प्रविश्यासीत । गूढभित्तिं वा दैवतप्रतिमायुक्तं भूमिगृहम् । विस्मृते सुरुंगया रात्रौ राजावासमनुप्रविश्य सुप्तममित्रं हन्यात् । यन्त्रविश्लेषणं वा विश्लेष्याधस्तादवपातयेत् । रसाग्नियोगेनावलिप्तं गृहं जतुगृहं वाधिशयानममित्रमादीपयेत् ।

प्रमदवनविहाराणामन्यतमे वा विहारस्थाने प्रमत्तं भूमिगृहसुरुङ्गागूढभित्तिप्रविष्टास्तीक्ष्णा हन्युः, गूढप्रणिहिता वा रसेन । स्वपतो वा निरुद्धे देशे गूढाः स्त्रियः सर्परसाग्निधूमानुपरि मुंचेयुः । प्रत्युत्पन्ने वा कारणे यद्यदुपपद्येत तत्तदमित्रेऽन्तःपुरगते गूढसंचारः प्रयुंजीत । ततो गूढमेवापगच्छेत्, स्वजनसंज्ञां च प्ररूपयेत् ।

द्वाःस्थान् वर्षवरांश्चान्यान् निगूढोपहितान् परैः ।
तूर्यसंज्ञाभिराहूय द्विषच्छेषाणि घातयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे आबलीयसनाम्नि द्वादशेऽधिकरणे
योगातिसन्धानं दण्डातिसन्धानं एकविजयश्चेति पञ्चमोऽध्यायः ॥ ५ ॥
आदितश्चत्वारिंशदधिकतमोऽध्यायः ॥ १४० ॥

समाप्तमिदमाबलीयसं नाम द्वादशमधिकरणम् ।

अध्याय ५

प्रकरण १६८

कपटी उपायले छकाउनु

प्रकरण १६९

शत्रुको फौजलाई छकाउनु

प्रकरण १७०

एकलो राजाको विजय

योगातिसन्धान (कपटी उपायले छकाउनु)—

देवताको पूजा, यात्रा, उत्सवमा पूजा-आजा गर्न भक्ति देखाई शत्रु आउने संभव हुन्छ। त्यस्ता मौकामा शत्रुका उपर अनेक उपाय प्रयोग गर्नू। देवमन्दिरमा पसेको वेलामा अड्याउने चुकुल खोलिदिएर शत्रुमाथि गाह्रो ढुंगा खसालिदिनू। बुर्जाहरूबाट पत्थर शस्त्रहरू वर्षा गर्ने ढोकाको खापा खसालिदिनू, भित्तामा एकातिर मात्र बाँधेर अड्याएको गरालो खसालिदिने काम गराउनू। अथवा देवताको मूर्तिमा रहेका हतियार शत्रुमाथि खसाइदिनू। बस्ने हिंड्ने ठाउँमा गोबर लिपेर सुगन्धी जल छर्केर फूल-पत्तीहरू छरेर पनि त्यसमा मिलाएर विषको प्रयोग गर्नू। सुगन्ध आउने गरी विषालु धूवाँ फैलाउनू। शत्रुको सुत्ने-बस्ने ठाउँको मन्तिर शूली गाड़ेको इनार वा गहोरो खाडल बनाई त्यसमाथि फल्याकहरू कीलामा अड्याएर राखी मौकामा कीला खोलेर खसालिदिनू। शत्रु नजीकमा आएको मौकामा घेरा हाल्नशक्ने मानिसहरू बस्तिबाट ल्याउनू। त्यसमा काम नलाग्नेलाई किल्लाबाट हटाइदिनू। हटाउनुपर्ने मानिसलाई देशमा पठाइदिनू। शत्रुको शासन भएको जनपदमा पहाड़, वन, नदी, किल्ला, जङ्गल भएको ठाउँहरू उसका भाइ-छोराको अधीनमा रहने गराउनू। शत्रुको सेनालाई घेरामा हाल्ने उपाय दण्डोपनयन वृत्त-प्रकरणमा बताइएका छन्।

चार कोशसम्म वरिपरि शत्रुलाई काम लाग्ने घाँस-दाउराहरू डढाइदिनू। पानीहरूमा विष मिलाइदिनू अथवा बाँध भत्काएर बगाइदिनू। शत्रुदल

आउने बाटोमा गुप्ती इनार, घासहरूले छोपिएका गहिरा खाडल बनाइदिनू, काँढ़ेतार घेर्न लाउनू।

शत्रु बस्ने ठाउँमा धेरै मुख भएको सुरुङ्ग बनाउनलाएर त्यहाँ मुख्यपुरुषहरूलाई शत्रुलाई पनि फसाउनू। शत्रुले सुरुङ् बनाएको भए पानी निस्कने गरी खनिदिनू। पर्खालको सँगसँगै इनारहरू खनिदिनू। शत्रुले सुरुङ खाडलहरू खनेको छ कि भन्ने शङ्का लागेको ठाउँमा जनाउदिन रित्ता गाग्रा काँसका भाँडाहरू राख्न लाउनू। शत्रुले सुरुङ् बनाएको थाहा भएका ठाउँमा अर्को सुरुङ् बनाउनलाउनू। सुरुङ्को बाटोमा प्वाल खोपेर विषालु धूवाँ अथवा पानी भराइदिनू।

दुर्बल राजाले भरशक किल्लाको रक्षा गर्ने बन्दोबस्त गरी राजधानीमा छोरालाई आफ्नो शत्रुलाई प्रतिकूल पर्ने ठाउँमा, अथवा जहाँ आफ्ना मित्र-बन्धु-जङ्गलीदलहरूसँग, शत्रुका शत्रु चिढ़िएका मानिसहरूसँग भेट हुने हुन्छ, त्यतातिर आफू जानू। जहाँ जानाले शत्रुको मित्रसँग बिछोट हुने हुन्छ, अथवा पछाड़ि लागेर हान्नपाइन्छ, शत्रुको राज्य हर्नशकिने हुन्छ, अनाजहरूको आयात, मित्रको सहायता घाँस दाउराहरू रोक्न सकिन्छ, कपटी पासा हानेझैं गरी शत्रुलाई हान्नशकिन्छ, आफ्नो राज्यको रक्षा गर्नशकिन्छ, राजधानीलाई बढ़ाउनशकिन्छ, जहाँ गएर मनमाफिकको सन्धि गरेर अड्न पाइन्छ, त्यतैतिर आफू जानू।

दण्डातिसन्धान (फौजलाई छकाउनु)—

अथवा दुर्बल राजा अन्ततिर गएपछि उनको साथमा गएका गुप्तिपुरुषहरूले 'आक्रमण गर्ने शत्रुकहाँ तिम्रा शत्रु हातमा परेका छन, बिक्री गर्ने माल भन्ने बहाना गरी धन र बलियो फौज पनि यहाँ पठाऊ, अनि यसलाई बाँधेर वा मारेर बुझाउनेछौं' भन्ने सन्देश पठाउनू। शत्रुले मानेर त्यसै गरेमा ल्याएको धन बलियो फौज पनि कब्जा गर्नू, अथवा सीमारक्षकले शत्रुलाई किल्ला दिएर उसको केही सेना लिएर दुर्गम ठाउँमा पुऱ्याई मारिदेओस्, किंवा कुनै तह नलागेको विरोधी दबाउन भनि शत्रुको फौजलाई बोलाएर त्यसलाई उम्कन नशकिने अनकण्टार ठाउँमा पुऱ्याएर विश्वासमा परेको शत्रुलाई मराओस्।

अथवा दुर्बल विजिगीषु राजाको मित्रजस्तो बनेको गुप्तीपुरुषले शत्रुकहाँ 'यहाँ किल्लामा अन्न-घ्यू-तेल-शखर-नूनहरू लुटिनेभयो, अब यो ठाउँ यो बखतमा पसेर लेऊ' भन्ने समचार पठाउनू र विष मिलाइराखेको अन्न-

चिल्लो-नून-दूधहरू लिन विरोधी, शत्रु, जङ्गली दल, वध-सजाय पाउनेहरू त्यस ठाउँमा पठाउनू र तिनको नाश गराउनू ।

यही किसिमसँग सबै किसिमका अनाजहरू दिलाएर शत्रुदललाई नाश गराउनू । अथवा सन्धि गरेर केही नगद शत्रुलाई दिई, बाँकि दिन विलम्ब गर्दै विश्वासमा परेको शत्रुको घेरा उठाउन लाउनू , र आगो, विष, शस्त्रद्वारा शत्रुमाथि प्रहार गर्नु ; शत्रुका प्यारा जनहरूलाई घूस दिएर आफूतिर मिलाउनू ।

दुर्बल राजा आफ्नो बचाउ गर्न नशक्ने भएपछि शत्रुलाई किल्ला छोड़िदिएर आफू सुरुङ्को बाटोबाट अथवा कुनै छिद्रबाट वा पर्खाल फोरेर पनि बाहिर निस्कनू ।

अथवा राति शत्रुमाथि हमला गरेर काम पर्‍यो भने त्यहाँ बसी रहनू , नभए दायाँ-बायाँबाट बाहिर निस्कनू । थोरै परिवार समेत जोगीहरुको वेष लिएर निस्कनू । अथवा आफू मरेजस्तोभएर गुप्तीपुरुषद्वारा बाहिर आओस् । अथवा मर्नेको स्वास्नीजस्तो बनेर निकालिन लागेको मुर्दाको पछि लागेर बाहिर जाओस् ।

अथवा देवताको पूजा, श्राद्धको भोज गरी विष मिसाएको खानेकुरा दिएर विरोधी दलजस्ता बनेका गुप्तीहरूसँग बाहिर निस्केर शत्रुदलमा फूट गराई, लुकाएर राखेका सैन्यहरू लिएर शत्रुमाथि हमला गर्नू ।

एक विजय (एक्लैले शत्रुलाई दबाउनु)—

दुर्बल राजाको किल्ला शत्रुले लियो भने कुनै देव-मन्दिरमा खानेकुरा प्रशस्त राखेर त्यहाँ आफू देवता मूर्तिमन्तिर प्वाल पारेर पसी, अथवा गुप्तिभित्तामा वा देवताको मूर्तिमन्तिरको भूईँघरमा पसी बस्नू । शत्रुले आफ्नो हाल केही थाहा नपाएर निर्धक्क भएपछि राति सुरुङ्को बाटोबाट राजा बस्ने ठाउँमा पसेर आनन्दसँग सुतीरहेको शत्रुलाई मार्नू । अथवा त्यहींको चुकुल खुस्काएर शत्रुलाई तल खसाल्नू अथवा जुरुक्क उठाएर विष, आग्नेयवस्तु (आगो सल्काउने बम) मिसाएर लिपेको सो घरमा वा लाहाको घरमा सुतीरहेको शत्रुलाई आगो लाइदिनू ।

विहार गर्ने वन-बगैंचा आदि विनोद गर्न ठाउँमा गएर लहड़ गर्नलागेको शत्रुलाई भूइँघर-सुरुङ-गुप्तीभित्ताहरूमा लुकीरहेका तीक्ष्ण (घातक) दलले हानून, किंवा लुकेर विषको प्रयोग गरून् , अथवा एकान्तमा सुतीरहेका शत्रुलाई लुकीरहेका स्त्रीजनहरूले सर्प-विष-आगो-विषालुधूवाँ आदि माथि-

बाट छोड्नू, शत्रु अन्तःपुरमा रहेको वेलामा केही कारण पर्नआएमा जे-जे हुनशक्तछ, त्यो-त्यो प्रयोग आफू लुकी-लुकी गर्नू, आफू लुकी-लुकी बाहिर निस्कनू, आफू निस्केपछि आफ्ना मानिसहरूलाई बोलाउने सङ्केत गर्नू।

ढोकामा रहने, नपुंसक अरु पनि लुकीरहेकालाई बाजाको इसाराले बोलाएर बाँकि बक्यौता दुश्मनहरूलाई पनि मराउनू।

बाऱ्हौं आबलीयस अधिकरण पूर्ण।

अथ दुर्गलम्भोपायः त्रयोदशमधिकरणम् ।

प्रथमोऽध्यायः ।

१७१ प्रकरणे—उपजापः ।

विजिगीषुः परग्राममवाप्तुकामः सर्वज्ञदैवतसंयोगख्यापनाभ्यां स्वपक्षमुद्धर्षयेत्, परपक्षं चोद्वेजयेत् । सर्वज्ञख्यापनं तु गृहगुह्यप्रवृत्तिज्ञानेन प्रत्यादेशो मुख्यानां कण्टकशोधनापसर्पागमेन प्रकाशनं राजद्विष्टकारिणां, विज्ञाप्योपायनख्यापनमदृष्टसंसर्गविद्यासंज्ञाभिः, विदेशप्रवृत्तिज्ञानं तदहरेव गृहकपोतेन मुद्रासंयुक्तेन ।

दैवतसंयोगख्यापनं तु—सुरुङ्गामुखेनाग्निचैत्यदैवतप्रतिमाच्छिद्रानुप्रविष्टैरग्निचैत्यदैवतव्यंजकैः सम्भाषणं पूजनं च, उदकादुत्थितैर्वा नागवरुणव्यंजनैः सम्भाषा पूजनं च, रात्रावन्तरुदके समुद्रवालुकाकोशं प्रणिधायाग्निमालादर्शनम्, शिलाशिक्यावगृहीते प्लवके स्थानम्, उदकबस्तिना जरायुणा वा शिरोऽवगूढनासः पृषतान्त्रकुलीरनक्रशिशुमारोद्रवसाभिर्वा शतपाक्यं तैलं नस्तः प्रयोगः । तेन रात्रिगणश्चरति इत्युदकचरणानि, तैर्वरुणनागकन्यावाक्यक्रियासम्भाषणं च, कोपस्थानेषु मुखादग्निधूमोत्सर्गः ।

तदस्य स्वविषये कार्तान्तिकनैमित्तिकमौहूर्तिकपौराणिकेक्षणिकगूढपुरुषसाचिव्यकरास्तद्दर्शिनश्च प्रकाशयेयुः । परस्य विषये दैवतदर्शनं दिव्यकोशदण्डोत्पत्तिं च अस्य ब्रूयुः । दैवतप्रश्ननिमित्ता वायसांगविद्याः स्वपनमृगपक्षिव्याहारेषु चास्य विजयं ब्रूयुः, विपरीतममित्रस्य । सदुन्दुभिमुल्कां च परस्य नक्षत्रे दर्शयेयुः । परस्य मुख्यान्मित्रत्वेनापदिशन्तो दूतव्यंजनाः स्वामिसत्कारं ब्रूयुः । स्वपक्षबलाधानं परपक्षप्रतिघातं च तुल्ययोगक्षेमममात्यानामायुधीयानां च कथयेयुः । येषु व्यसनाभ्युदयावेक्षणमपत्यपूजनं प्रयुंजीत ।

तेन परपक्षमुत्साहयेद्यथोक्तं पुरस्तात् । भूयश्च वक्ष्यामः—साधारणगर्दभेन दक्षान्, लकुटशाखाहननाभ्यां दण्डचारिणः, कुलैडकेन चोद्विग्नान्, अशनिवर्षेण विमानितान्, विदुलेनावकेशिना वायसपिण्डेन कैतवजनितमेघेन वा विहताशान्, दुर्भगालंकारेण द्वेषिणेति पूजाफलान्, व्याघ्रचर्मणा मृत्युकूटेन चोपहितान्, पीलुविखादनेन करकयोष्ट्र्या गर्दभीक्षीराभिमन्थनेनेति ध्रुवापकारिण इति । प्रतिपन्नानर्थमानाभ्यां योजयेत् । द्रव्यभक्तच्छिद्रेषु चैतान्द्रव्यभक्तदानैरनुगृह्णीयात् । अप्रतिगृह्णतां स्त्रीकुमारालंकारानभिहरेयुः । दुर्भिक्षस्तेनाटव्युपघातेषु च पौरजानपदानुत्साहयन्तः सत्रिणो ब्रूयुः—'राजानमनुग्रहं याचामहे, निरनुग्रहाः परत्र गच्छामः' इति ।

तथेति प्रतिपन्नेषु द्रव्यधान्यपरिग्रहैः ।
साचिव्यं कार्यमित्येतदुपजापाद्भुतं महत् ॥१॥

इति कौटिलीये अर्थशास्त्रे दुर्गलम्भोपाये त्रयोदशेऽधिकरणे
उपजापो नाम प्रथमोऽध्यायः ॥ १ ॥

१३ अधिकरण दुर्गलम्भोपाय किल्ला हातलाउने जुक्ति

अध्याय १

प्रकरण १७१

भेदनीति

(यो तेन्हौं अधिकरणमा विजिगीषुले शत्रुको किल्ला आफ्नो हातमा लिनानिमित्त गर्नुपर्ने भेदनीति आदि उपायहरूको निरूपण गरिन्छ ।

शत्रुको किल्ला लाभ गर्ने उपायका निमित्त उपजाप(भेदनीति)को प्रयोग गर्ने कुरा यस प्रकरणमा कहिन्छ ।)

विजय चाहने राजाले शत्रुको गाउँ-सहर आदि लिने इच्छा गरेर आफ्नो सर्वज्ञता, देवताको दर्शन पाएको महिमा जतातते फिंजाएर आफ्नो दललाई उत्साह बढाउने, शत्रुपक्षलाई त्रास गराउने काम गर्नू ।

सर्वज्ञपना प्रसिद्ध गर्न राजाले मुख्यपुरुषको घरका गुह्य (गुप्ती) कुराहरू गुप्तीचालबाट पत्ता लाएर हप्काउने, कण्टकशोधन प्रकरणमा भनेअनुसार चेवाहरूबाट पत्ता लाएर यो-यो राजद्रोही भन्ने कुरा प्रकाश गर्ने, अरूले नजानेको संसर्गविद्या(नृत्य-गीत-वाद्य विद्या)को संकेतबाट र गुप्तचरबाट पनि पत्ता लाएर यसले राजाकहाँ नजराना चढ़ाउन आउनेछ भन्ने कुरा अगिबाटै भन्ने, मुद्राले चिह्नित पालुवा परेवाहरूद्वारा विदेशमा भएका विशेष खबर उही दिनमा पत्ता लाएर सबै जनालाई सताउने आदि काम गर्नुपर्दछ ।

देवताको दर्शन पाएको कुरा देखाउन—सुरुङबाट देवतामूर्तिको छिद्रमा पसेर आफूलाई अग्नि-देवता आदि अमुक देवता हूँ भन्ने कुनै गुप्तिजनसँग राजाले प्रत्यक्ष सुनिने गरी कुरा गर्ने, पानीबाट निस्केका नाग वरुणको रूप लिएकासँग कुरा गर्ने, पूजा गर्ने, तलाउहरूको पानीभित्र राजाको छाप लाएको बालुवा भरेको थैलोमा राख्नलगाई राति गुप्तीपुरुषहरूद्वारा त्यहाँ अग्निज्वालाको माला देखाउने, भेल आएको खोलाहरूमा तलबाट डोरी लाएर पत्थर बाँधिएको नाउ नचल्ने तुल्याई त्यसमा आफू उभिएर देखाउने, जलमा वस्तिक्रिया गरेर अथवा पानी नपस्ने गरी बनाएको कपड़ाको गर्भ थैलीले नाकसंम टाउको ढाकी पृषत जातको मृगको आन्द्रा, गंगटो, गोही, शिशुमार(ऊँट)को बोसो मिसाएर सयपल्ट पकाएको तेल नाकमा हालेर, राती धेरै मानिस पानीमा हिंड़ेको देखाउने, यस्ता पानीमा हिंड्ने गुप्तीपुरुषहरूको वरुण, नागकन्याको जस्ती बोली गराई तिनीहरूसंग राजाले कुराकानी गर्ने, रिसाउनु पर्ने कारण परेमा गुप्त औषधहरूको प्रयोगले मुखबाट आगाको ज्वाला धूवाँ निकास्ने आदि कामले पत्यार पार्नुपर्दछ ।

अनि सामुद्रिक जान्ने, शकुन हेर्ने, प्रश्न हेरी भविष्य जान्ने ज्योतिषी, पौराणिक बनेका गुप्तीपुरुषहरूले सहायक भएर हामीले प्रत्यक्ष देखेको भनि राजाको सर्वज्ञपना, देवतासँग कुराकानी गर्नेपना पनि देशमा जताततै प्रचार गरून् । यस्तै गुप्तचरहरू शत्रुदेशमा पनि घुम्दै अमुक राजालाई देवताको दर्शन मिल्दछ, दिव्य धन र फौज पनि मिल्दछ भन्ने कुरा फिंजाउनू । शुभ-अशुभको प्रश्नमा शकुनबाट थाहा पाउने, कागको बोली सुनेर शुभाशुभ थाहा पाउने, शरीरको कुनै अङ्ग छोड़ेर शुभाशुभ थाहा पाउने, सपनाबाट थाहा पाउने, पशु-पक्षीको आवाज सुनेर शुभाशुभ थाहा पाउनेझैं भएर विजीगीषु राजाको विजय, शत्रुराजाको पराजय (हार) हुने कुरा फैलाउनू । शत्रुको राज्यभर यो कुरा प्रचार गरी विश्वास गराउनू । ती गुप्तचरहरूले डुगडुगी पिटाएर राती १४ अधिकरणमा पछि बताइने प्रक्रियाले उल्का खसेको

देखाउनू। कुनै गुप्तीहरू दूतजस्ता बनेर शत्रुका प्रधान पुरुषहरूसँग मित्रताको व्यवहार गर्दै आफ्ना मालिकबाट पाएको अतिथि-सत्कारको खूब बयान गरून्। आफ्ना मालिकको पक्षमा बल बढ़ेको, शत्रुपक्षमा हानि भएको देखाएर परस्पर मित्रता हुनु दुवैलाई कल्याण हुने कुरा भनि शत्रपक्षका अमात्यहरू र सैनिकहरूमा पनि भनून्। आफ्ना स्वामीले आफ्नाहरूलाई सङ्कट परेको समयमा र बिवाह-उत्सव आदि समयमा हेरचाह विशेष गर्ने र सन्तानलाई पनि यादविचार गर्ने कुरा भनून्।

विजिगीषुले शत्रुको दलमा कसलाई कसरी उचाल्नू, कसलाई कसरी फोड्नू भन्ने विषय अगि पनि बताइयो। अब पनि फेरि भनिन्छ—शत्रुपक्षका मानिसहरूमा आफ्नो मालिकको काममा लागिरहने सिपालुलाई मालिकको निमित्त गधा जस्तो भएर परिश्रम गर्ने भनी, सैनिक पुरुषहरूलाई हाँसो-ठट्टा हुने लौरोजस्तो भएर आफूले कमाइदिएको फल आफूले स्वाद नपाई अर्कालाई बुझाउने भनी, शत्रुबाट के होला कसो होला भनि आत्तिएकालाई पालिएका भेड़ाझैं अर्काको बलि हुन तयार भनी, शत्रुबाट हेंलागरिएकालाई वज्रको चोट परेको भनी, शत्रुबाट आशा गर्दागर्दै निराश भएकालाई फल नफल्ने वेतनमा खान नहुने फलामका च्यूराजस्ता, पानी नपर्ने कुहिरोबादलजस्तो भनी, केही कालमा रिझाएर गहनाहरू बकस पाएकालाई यो गहना लक्षण परेको छैन अनिष्ट गर्नेछ भनी, शत्रुराजाले छकाइएकालाई बाघका छाला ओढ़ेको स्याल, कपटी, मृत्युको फेला परेको भनी, सधैं शत्रुराजाको बिगार गर्नेलाई तीतो स्वाद भएको पीलु फल रस लिने, गदहीको दूध मथ्ने भनी शत्रुराजाबाट मन भाँचिने गराउनू।

त्यसै हात्तानि भन्नेलाई धन र आदरले आफ्नो पक्षमा ल्याउनू। तिनलाई द्रव्य-अन्नको सङ्कट परेको मौका-मौकामा द्रव्य-अन्न दिएर उपकार गर्नू। आफू नलिने भएमा उनका स्त्री-केटा-केटीहरूलाई गहना-गुरिया दिनू।

अनिकाल परेमा, चोरले सताएमा, जङ्गलीदलले दुःख दिएमा पनि सहर-देशवासीहरूलाई उचालेर उनीहरूपट्टि लागेजस्ता गुप्तीपुरुषहरूले राजाले हामीलाई अन्न-धन दिएर सहायता दिनुपर्दछ भनि मागदछौं, केही दया-माया नपाए अन्तै जान्छौं भन्नू।

आफूले उत्तेजित पार्ने कुरा गरेकोमा हो भनि सही थाप्नेहरूलाई द्रव्य-अन्न-आश्रय आदि दिएर तिनलाई सहायता गरी हातमा लिनू। यही ठूलो भेदनीति हो।

अथ द्वितीयोऽध्यायः

१७२ प्रकरणे—योगवामनम् ।

मुण्डो जटिलो वा पर्वतगुहावासी चतुर्वर्षशतायुर्ब्रुवाणः प्रभूतजटिलान्तेवासी नगराभ्याशे तिष्ठेत् । शिष्याश्चास्य मूलफलोपगमनैरमात्यान् राजानं च भगवद्दर्शनाय योजयेयुः । समागतश्च राज्ञा पूर्वराजदेशाभिज्ञानानि कथयेत्—'शते शते च वर्षाणां पूर्णेऽहमग्निं प्रविश्य पुनर्बालो भवामि, तदिह भवत्समीपे चतुर्थमग्निं प्रवेक्ष्यामि । अवश्यं मे भवान्मानयितव्यः, त्रीन् वरान् वृणीष्व' इति । प्रतिपन्नं ब्रूयात्—'सप्तरात्रमिह सपुत्रदारेण प्रेक्षाप्रहवणपूर्वं वस्तव्यम्' इति । वसन्तमवस्कन्दयेत् ।

मुण्डो वा जटिलो वा स्थानिकव्यंजनः प्रभूतजटिलान्तेवासी वस्तशोणितदिग्धां वेणुशलाकां सुवर्णचूर्णेनावलिप्य वल्मीके निदध्यादुपजिह्विकानुसरणार्थं, स्वर्णनालिकां वा । ततः सत्री राज्ञः कथयेत्—'असौ सिद्धः पुष्पितं निधि जानाति' इति । स राज्ञा पृष्टः 'तथा' इति ब्रूयात् । तच्चाभिज्ञानं दर्शयेत् । भूयो वा हिरण्यमन्तराधाय ब्रूयाच्चैनम्—'नागरक्षितोऽयं निधिः प्रणिपातसाध्यः' इति । प्रतिपन्नं ब्रूयात्—'सप्तरात्रम्' इति । शेषं समानम् ।

स्थानिकव्यञ्जनं वा रात्रौ तेजनाग्नियुक्तमेकान्ते तिष्ठन्तं सत्रिणः क्रमाभिनीतं राज्ञः कथयेयुः—'असौ सिद्धः सामेधिकः' इति । तं राजा यमर्थं याचेत, तमस्य करिष्यमाणः 'सप्तरात्रम्' इति समानम् । सिद्धव्यञ्जनो वा राजानं जम्भकविद्याभिः प्रलोभयेत् । 'तं राजा' इति समानम् । सिद्धव्यञ्जनो वा देशदेवतामभ्यर्हितामाश्रित्य प्रहवणैरभीक्ष्णं प्रकृतिमुख्यानभिसंवास्य क्रमेण राजानमतिसंदध्यात् । जटिलव्यञ्जनमन्तरुदकवासिनं वा सर्पचैत्यसुरङ्गाभूमिगृहापसरणं वरुणं नागराजं वा सत्रिणः क्रमाभिनीतं राज्ञः कथयेयुः । 'तं राजा' इति समानम् ।

जनपदान्तेवासी सिद्धव्यंजनो वा राजानं शत्रुदर्शनाय योजयेत्। प्रतिपन्नं बिम्बं कृत्वा शत्रुमावाहयित्वा निरुद्धे देशे घातयेत्। अश्वपण्योपयाता वैदेहकव्यंजनाः पण्योपायननिमित्तमाहूय राजानं पण्यपरीक्षायामासक्तमश्वव्यतिकीर्णं वा हन्युः, अश्वैश्च प्रहरेयुः। नगराभ्याशे वा चैत्यमारुह्य रात्रौ तीक्ष्णाः कुम्भेषु नालीन् वा विदलानि धमन्तः–'स्वामिनो मुख्यानां वा मांसानि भक्षयिष्यामः, पूजा नो वर्तताम्' इत्यव्यक्तं ब्रूयुः। तदेवां नैमित्तिकमौहूर्तिव्यंजनाः ख्यापयेयुः।

मंगल्ये वा ह्रदे तटाकमध्ये वा रात्रौ तेजनतैलाभ्यक्ता नागरूपिणः शक्तिमुसलान्ययोमयानि निष्पेषयन्तस्तथैव ब्रूयुः। ऋक्षचर्मकंचुकिनो वा अग्निधूमोत्सर्गयुक्ता रक्षोरूपं वहन्तस्त्रिरपसव्यं नगरं कुर्वाणाः श्वशृगालवाशितान्तरेषु तथैव ब्रूयुः। चैत्यदैवप्रतिमां वा तेजनतैलेनाभ्रपटलच्छन्नेनाग्निना वा रात्रौ प्रज्वाल्य तथैव ब्रूयुः। तदन्ये ख्यापयेयुः। दैवतप्रतिमानामभ्यर्हितानां वा शोणितेन प्रस्रावमतिमात्रं कुर्युः। तदन्ये देवरुधिरसंस्रावे पराजयं ब्रूयुः।

सन्धिरात्रिषु श्मशानप्रमुखे वा चैत्यमूर्ध्वभक्षितैमनुष्यैः प्ररूपयेयुः। ततो रक्षोरूपी मनुष्यकं याचेत। यश्चात्र शूरवादिकोऽन्यतमो वा द्रष्टुमागच्छेत् तमन्ये लोहमुसलैर्हन्युः, यथा रक्षोभिर्हत इति ज्ञायेत। तदद्भुतं राज्ञस्तद्दर्शिनः सत्रिणश्च कथयेयुः। ततो नैमित्तिकमौहूर्तिकव्यंजनाः शान्ति प्रायश्चित्तं च ब्रूयुः—'अन्यथा महदकुशलं राज्ञो देशस्य च' इति। प्रतिपन्नम्—'एतेषु सप्तरात्रमेकैकमन्त्रबलिहोमं स्वयं राज्ञा कर्तव्यम्' इति ब्रूयुः। ततः समानम्।

एतान् वा योगानात्मनि दर्शयित्वा प्रतिकुर्वीत, परेषामुपदेशार्थम्। ततः प्रयोजयेद्योगान्। योगदर्शनप्रतीकारेण वा कोशाभिसंहरणं कुर्यात्। हस्तिकामं वा नागवनपाला हस्तिना लक्षण्येन प्रलोभयेयुः, प्रतिपन्नं गहनमेकायनं वाऽतिनीय घातयेयुः, बद्ध्वा वापहरेयुः। तेन मृगयाकामो व्याख्यातः। द्रव्यस्त्रीलोलुपमाढ्यविधवाभिर्वा परम-

रूपयौवनाभिः स्त्रीभिर्दायादनिक्षेपार्थमुपनीताभिः सत्रिणः प्रलोभयेयुः । प्रतिपन्नं रात्रौ सत्रिच्छन्नाः समागमे शस्त्ररसाभ्यां घातयेयुः । सिद्धप्रव्रजितदैत्यस्तूपदैवतप्रतिमानामभीक्ष्णाभिगमनेषु वा भूमिगृहसुरुंगागूढभित्तिप्रविष्टास्तीक्ष्णाः परमभिहन्युः ।

येषु देशेषु याः प्रेक्षाः प्रेक्षते पार्थिवः स्वयम् ।
यात्राविहारे रमते यत्राक्रीडति वाम्भसि ॥ १ ॥
चाटूक्तकथादिषु कृत्येषु यज्ञप्रवहणेषु वा ।
सूतिकाप्रेतरोगेषु प्रीतिशोकभयेषु च ॥ २ ॥
प्रमादं याति यस्मिन्वा विश्वासात्स्वजनोत्सवे ।
यत्रास्यारक्षिसंचारो दुर्दिने संकुलेषु वा ॥ ३ ॥
विप्रस्थाने प्रदीप्ते वा प्रविष्टे निर्जनेऽपि वा ।
वस्त्राभरणमाल्यानां बेलाभिः शयनासनैः ॥ ४ ॥
मद्यभोजनवेलाभिस्तूर्यैर्वाभिहतैः सह ।
प्रहरेयुररींस्तीक्ष्णाः पूर्वप्रणिहितैः सह ॥ ५ ॥
यथैव प्रविशेयुश्च द्विषतः सत्रहेतुभिः ।
तथैव चापगच्छेयुरित्युक्तं योगवामनम् ॥ ६ ॥

इति कौटिलीये अर्थशास्त्रे दुर्गलम्भोपाये त्रयोदशेऽधिकरणे
योगवामनं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १७२

(कपटद्वारा शत्रुलाई किल्लाबाट निकाल्नु)

(यो प्रकरणमा किल्लामा अड़ेर बसेको शत्रुलाई बाहिरतिर निकाल्ने-भगाउने जाली उपायहरू बताइन्छ ।)

यौटा कोही चतुर गुप्तीपुरुष मुड़िएको वा लट्टा पालेको पहाड़ी गुफामा बस्ने ४०० वर्ष उमेर भएको भनाएर धेरै लट्टावाल चेलाहरू समेत लिएर

सहरको नजीकै आसन जमाएर बस्नु। उनका चेलाहरू यताउती घुम्दै महिमा गाउँदै, फलफूलहरू लिएर महात्माको दर्शनखातिर जानेगर्नालाई अमात्यहरू र शत्रुराजालाई समेत एकोहऱ्याउनू। राजा आएपछि अगिका राजाका पालाका धेरै कुराहरू आफूले देखेको भनेर महात्माले भन्नू। शय-शय वर्ष पुगेपछि म अग्निमा पसेर फेरि बालक बनेर निस्कने गर्दछु। ऐले मेरो यो चौथोपटक अग्निप्रवेश गर्ने वेला भयो, जे चाहिन्छ तीन चोटि माग्नुहोस् भन्नू र लहसिएर केही वर मागेमा हुन्छ, त्यसनिमित्त चारैतिर पालो-पहराको बन्दोबस्त गरेर र गीत-वाद्य आदि मनोरञ्जनका साथ आफ्नो जहान-बच्चाहरू समेत लिएर सात रात यहाँ बस्नुपर्छ, अनि हुन्छ भनि भन्नू। मानेर त्यहाँ बसेको वेलामा मौका पारी चेलाहरूद्वारा छापा मारी खतम पार्नू।

अथवा मुडुलो वा लट्टा पालेको, कोही ठाउँमा बस्ने तपस्वीजस्तो बनेको गुप्तीपुरुष जटा पालेका धेरै शिष्यहरू साथमा लिएर बसी बोकाको रगत लिपेको बाँसको कपट्यारोमा सुनको धुलो घसेर, कुनै धमिराको गोलाभित्र राखेर, ठाउँको चिह्न लगाइराख्नू। अनि गुप्तीपुरुष राजाकहाँ गएर यी महात्मा फल्ने वेलाभन्दा केही अगिको फुल्ने अवस्थाको खानि थाहा पाउनुहुन्छ भन्नू र राजाले सोधेमा हो भन्नू। अनि त्यो धमिराको गोलाभित्र सुनौला कपट्यारो देखाउनू। फेरि पनि त्यसै गरी देखाई यो खानि नागले रखवाली गरेको छ, उनलाई पूजा-आजा गरेर पाइनेछ भन्दा राजाले पत्यार गरेपछि सात रात यहाँ बस्नुपर्दछ भनेर माथि भनेझैं शत्रुराजालाई खतम गर्नू।

अथवा त्यहींको सिद्धरूप लिएको गुप्तपुरुषलाई आफ्नो जीउ बाँध्न शक्ने भन्ने कुरा चलाई, एकान्तमा राजालाई ल्याएर, त्यस्तै धप-धप बलेको देखाएर यी सिद्ध पछिको सबै कुरा जान्नुहुन्छ, जे भने पनि गरिदिनुहुन्छ भनेर राजालाई केही माग्नलाउनू। त्यो गरिदिन यहाँ सात रात बस्नुपर्दछ भनेर यसलाई उस्तै गरी सिध्याउनू।

अथवा कुनै गुप्तीपुरुष सिद्धजस्तो बनेर चटकी-विद्याद्वारा राजालाई लोभ्याउनू र उस्तै गरी मार्नू।

अथवा कुनै गुप्ती सिद्धजस्तो बनेर देशमा खूप मानिएका देवताको आश्रयमा रही पूजा-उत्सव भोजहरू गराएर, अमात्य आदि प्रधान पुरुषहरूलाई वश पारी शत्रुराजालाई पनि अधीन पारेर त्यसै गरी मारिदिनू।

अथवा जटावाल सिद्ध बनेको पानीभित्र बस्नसक्ने, अनि सेतो वर्ण भएको गुप्तीपुरुष तलाउको किनारमा सुरुङ बनाई कहिले पानीमा बसी सुरुङद्वारा बाहिर आउनेलाई अरु गुप्ती साथीहरूले यिनी वरुण देवता,

अथवा नागका राजा हुन् भन्ने कुरा चलाई क्रमैसँग शत्रुराजालाई पनि पत्यार पारी उस्तै गरी मारिदिनू ।

आफ्नो देश र शत्रुदेशको दोसाँधमा बस्ने सिद्धजस्तो बनेको गुप्तीपुरुषले राजालाई उसको शत्रुलाई हेर्ने प्रेरणा गर्नू, हुन्छ भनेर मानेपछि एकान्त कतै पनि भाग्ने बाटो नभएको ठाउँमा लगी बाजाको सङ्केतबाट शत्रुलाई बोलाएर शत्रुद्वारा मराउनू ।

किंवा घोड़ाको व्यापारीजस्तो बनेका गुप्तीपुरुषहरूले घोड़ाको सौगात दिने बहानाले घोड़ाको बजारमा बोलाइएका राजालाई घोड़ाको जाँच गर्न-लाग्दा वा घोड़ाको हुलभित्र घोड़ाले कुल्चाएर मार्नू ।

अथवा सहरको नजीकै राती रूखमा चढ़ेर गाम्रोमा पराल वा दाउराका छेस्का हालेर बाल्दै गरी गुप्तीपुरुषले नचिह्निने स्वरले हाम्रो पूजा गर भन्नू, नत्र मालिकको अथवा मुख्यमानिसहरूको मासु खानेछौं । ज्योतिषी शकुन जान्नेजस्ता बनेका गुप्तीहरूले यो कुरा फैलाउनू ।

अथवा मङ्गल गर्ने दह वा तलाउको बीचमा राती चटकी-तेल घसेर नागको जस्तो रूप लिएका गुप्तीपुरुषहरू फलामे शक्ति र तीनचुच्चे दण्डी मुसलहरू ठटाउँदै त्यसै गरी हाम्रो पूजा गर, नगरे मालिकको वा प्रधानहरूको मासु खानेछौं भन्नू । सो कुरा वरिपरि प्रचार गर्नू ।

अथवा भालूको छालाको चुँगा घुम्लुङ्ग ओढ़ेर राक्षसजस्ता बनेका गुप्ती-पुरुषहरू मुखबाट आगोको मुस्लो धूवाँ निकास्तै सहरलाई तीनपल्ट बायाँ फन्का मार्दै कुकुर-श्यालहरू कराएको आवाजमा हाम्रो पूजा गर, नगरे राजा प्रधानहरूको मासु खानेछौं भन्नू । अथवा कुनै रूखमनि रहेको देवताको मूर्तिमा चटकी-तेल घसेर अमुक धातुले छोपी राती आगो सल्काएर त्यसै भन्नू । त्यो कुरा अर्काचाहींले जताततै फिजाउनू । अथवा कहीं खूप मानिएका देवताको मूर्तिमा रगतको धारा बहाइदिनू, अर्को थरीले देउताको जीउबाट रगत बगेपछि युद्धमा हार हुन्छ भन्नू ।

अथवा गुप्तीपुरुषहरूले औंसी-पूर्णिमाको रातमा प्रसिद्ध श्मशानमा टाउकोतिर खाएका मुर्दाहरू चिताको वरिपरि फिजाइदिनू र कुनै राक्षसको रूपमा निस्केर मलाई मानिस खान देओ भन्नू । त्यस बखत कोही शूरो भएर त्यहाँ हेर्न आयो भने त्यसलाई फलामे मुँग्राले हानेर मारिदिनू । राक्षसले मारेको भन्ने सबैलाई पत्यार परोस् त्यो अनौठा कुरा त्यो देख्ने गुप्तीपुरुष-हरूले शत्रुराजालाई भनून्, अनि शकुन जान्ने ज्योतिषीहरू बनेका गुप्ती-हरूले शान्ति गर्नुपर्दछ, प्रायश्चित गर्नुपर्दछ, नत्र राजालाई र देशलाई पनि ठूलो खराप हुनेछ भन्नू । राजाले हुन्छ भनेपछि यो ठाउँमा सात रात एकेक

मन्त्रले बलि-होम राजा आफैले गर्नुपर्दछ भन्नू, अनि त्यो गर्नलागेमा मौका पारेर शत्रुराजालाई मारिदिनू।

अथवा विजीगीषु राजाले यी बताएका प्रयोगहरू गुप्तीपुरुषद्वारा पहिले आफ्नैमाथि गराएर त्यसको प्रतिक्रिया पनि गर्नू, यसबाट अरु मद्दत दिनेहरूले सीकून् बुझून्। अनि जानेबुझेका ती गुप्तीहरूद्वारा शत्रुपक्षमा ती उपायको प्रयोग गर्नलाउनू। अथवा ती गुप्तीपुरुषहरू खेल-तमाशाको रूपमा सबै साधारणलाई देखाएर त्यसबाट राजाको ढुकुटीमा धन आमदानी बढाऊन्।

अथवा हात्तीको लोभी शत्रुलाई हात्तीवनका पालेहरू असल लक्षण परेको हात्ती आएको छ भनि लोभ्याउनू, र हुन्छ भनी जङ्गलमा आएपछि साँगुरो बाटो भएको घना जङ्गलमा पुर्‍याएर मारिदिनू। अथवा बाँधेर आफ्नो राजाकहाँ ल्याउनू।

यस्तै सिकारको सोख भएको शत्रुलाई गुप्तीले सिकारमा फसाएर मार्ने कुरा पनि बुझनू। धन-स्त्रीको लोभी शत्रुलाई गुप्तीहरूले खूप धनी विधवा वा रूप-यौवनले मस्त युवतीहरू भैयादसंम अंसको मुद्दामा न्याय माग्ने बहानाले राजाकहाँ ल्याएर देखाई राजालाई मोहित पार्नू। राजा लहसिएपछि राती भेट गराएर त्यहाँ गुप्तीहरूले हतियार वा विषको प्रयोग गरेर मार्नू।

अथवा सिद्ध, संन्यासी, चैत्य, स्तूप, देवतामूर्तिको दर्शन गर्न सधैं आउने शत्रुराजालाई त्यहाँ भूईँघर-सुरुङ्-गुप्तभित्ताहरूमा लुकेर रहेका उग्रदलले मारून्।

जुन ठाउँमा जुन खेल-तमासा राजा आफै हेर्दछन्, यात्रा-उत्सवमा रमाउँछन्, जहाँ जलक्रीड़ा गर्दछन्, स्तुति-गानमा, यज्ञ-भोजनोत्सवहरूमा, सुत्केरी भएको, मरेको, रोग लागेको, खुशी-शोक-भय भएको ठाउँमा, बन्धु-वर्गको उत्सवमा पनि, जहाँ विश्वासले असावधान रहन्छन्, जहाँ त्यसका शरीरको रक्षा गर्ने छैनन् त्यहाँ खराब ठाउँमा झरी लागेको दिनमा भीड़ भएको ठाउँमा, आगो लागेको ठाउँमा, एकान्त ठाउँमा पसेको वेलामा, लुगा-गहना-माला-भोजन-शय्या-आसन-मद्यपान आदिले खुसी भएका गुरु गुप्ती-पुरुषहरूले बाजाको इसारामा आएका अगिदेखि सावधान रहेका गुप्ती साथीहरूको मद्दत लिएर शत्रुलाई मार्नू। यी मार्नेहरू जसरी त्यो-त्यो ठाउँमा सावधान भएर अगिबाट बस्तछन्, त्यस्तै सावधान भएर काम भएपछि त्यहाँबाट हट्नन्।

यस प्रकारले शत्रुलाई उपायद्वारा निकाल्ने-मार्ने प्रक्रिया बताइयो।

अथ तृतीयोऽध्यायः

१७३ प्रकरणे—अपसर्पप्रणिधिः

श्रेणीमुख्यमाप्तं निष्पातयेत् । स परमाश्रित्य पक्षापदेशेन स्वविषयात् साचिव्यकरणसहायोपादानं कुर्वीत । कृतोपसर्पोपचयो वा परमनुमान्य स्वामिनो दूष्यप्रायं वीतहस्त्यश्वं दूष्यामात्यं दण्डमाक्रन्दं वा हत्वा परस्य प्रेषयेत् । जनपदैकदेशं श्रेणीमटवीं वा सहायोपादानार्थं संश्रयेत । विश्वासमुपगतः स्वामिनः प्रेषयेत् । ततः स्वामी हस्तिबन्धनमटवीघातं वापदिश्य गूढमेव प्रहरेत् । एतेनामात्याटविका व्याख्याताः ।

शत्रुणा मैत्रीं कृत्वा अमात्यानवक्षिपेत् । ते तच्छत्रोः प्रेषयेयुः—'भर्तारं नः प्रसादय' इति । स्वयं दूतं प्रेषयेत् । तमुपालभेत—'भर्ता ते माममात्यैर्भेदयति, न च पुनरिहागन्तव्यम्' इति । अथैकममात्यं निष्पातयेत् । स परमाश्रित्य योगापसर्पापरक्तदूष्यानशक्तिमतः स्तेनाटविकानुभयोपघातकान् वा परस्योपहरेत् । आप्तभावोपगतः प्रवीरपुरुषोपघातमस्योपहरेत् । अन्तपालमाटविकं दण्डचारिणं वा—'दृढमसौ चासौ च ते शत्रुणा सन्धत्ते' इति । अथ पश्चादभित्यक्तशासनैरेनान्घातयेत् । दण्डबलव्यवहारेण वा शत्रुमुद्योज्य घातयेत् । कृत्यपक्षोपग्रहेण वा परस्यामित्रं राजानमात्मन्यपकारयित्वाभियुंजीत । ततः परस्य प्रेषयेत् । असौ ते वैरी ममापकरोति, तदेहि सम्भूय हनिष्यावः । भूमौ हिरण्ये वा ते परिग्रहः' इति ।

प्रतिपन्नमभिसत्कृत्यागतमवस्कन्देन प्रकाशयुद्धेन वा शत्रुणा घातयेत् । अभिविश्वासनार्थं भूमिदानपुत्राभिषेकरक्षापदेशेन वा ग्राहयेत् । अविषह्यमुपांशुदण्डेन वा घातयेत् । स चेद्दण्डं दद्यात् न स्वयमागच्छेत्, तमस्य वैरिणा घातयेत् । दण्डेन वा प्रयातुमिच्छेत् न विजिगीषुणा, तथाप्येनमुभयतः संपीडनेन घातयेत् । अविश्वस्तो वा प्रत्येकशो यातुमिच्छेत, राज्यैकदेशं वा यातव्यस्य आदातुकामः,

तथाप्येनं वैरिणा सर्वसन्दोहेन वा घातयेत् । वैरिणा वा सक्तस्य दण्डोपनयेन मूलमन्यतो हारयेत् । शत्रुभूम्या वा मित्रं पणेत, मित्रभूम्या वा शत्रुम् । ततः शत्रुभूमिलिप्सायां मित्रेणात्मन्यपकारयित्वाभियुंजीत। इति समानाः पूर्वेण सर्व एव योगाः ।

शत्रुं वा मित्रभूमिलिप्सायां प्रतिपन्नं दण्डेनानुगृह्णीयात् । ततो मित्रगतमतिसन्दध्यात् । कृतप्रतिविधानो वा व्यसनमात्मनो दर्शयित्वा मित्रेणामित्रमुत्साहयित्वा आत्मानमभियोजयेत् । ततः संपीडनेन घातयेत्, जीवग्राहेण वा राज्यविनिमयं कारयेत् । मित्रेणाहूतश्चेच्छत्रुरग्राह्ये स्थातुमिच्छेत्, सामन्तादिभिर्मूलमस्य हारयेत्, दण्डेन वा त्रातुमिच्छेत्, तमस्य घातयेत् । तौ चेन्न भिद्येयातां प्रकाशमेवान्योन्यस्य भूम्यां पणेत, ततः परस्परं मित्रव्यंजनोभयवेतना वा दूतान् प्रेषयेयुः—'अयं ते राजा भूमिं लिप्सते शत्रुसंहितः' इति । तयोरन्यतरो जाताशंकारोषः पूर्ववच्चेष्टेत ।

दुर्गराष्ट्रमुख्यान् वा कृत्यपक्षहेतुभिरविख्याप्य प्रव्राजयेत्, ते युद्धावस्कन्दावरोधव्यसनेषु शत्रुमतिसन्दध्युः भेदं वास्य स्ववर्गेभ्यः कुर्युः, अभित्यक्तशासनैः प्रतिसमानयेयुः । लुब्धकव्यंजना वा मांसविक्रयेण द्वाःस्था दौवारिकापाश्रयाश्चोराभ्यागमं परस्य द्विस्त्रिरिति निवेद्य लब्धप्रत्यया भर्तुरनीकं द्विधा निवेश्य ग्रामवधेऽवस्कन्दे च द्विषतो ब्रूयुः—'आसन्नश्चोरगणः, महांश्चाक्रन्दः, प्रभूतं सैन्यमागच्छतु' इति । तदर्पयित्वा ग्रामघातदण्डस्य सैन्यमितरदादाय रात्रौ दुर्गद्वारेषु ब्रूयुः—'हतश्चोरगणः, सिद्धयात्रमिदं सैन्यमागतं, द्वारमपाव्रियताम्' इति । पूर्वप्रणिहिता वा द्वाराणि दद्युः, तैः सह प्रहरेयुः ।

कारुशिल्पिपाषण्डकुशीलववैदेहकव्यञ्जनानायुधीन् वा परदुर्गे प्रणिदध्यात् । तेषां गृहपतिव्यञ्जनाः काष्ठतृणधान्यपण्यशकटैः प्रहरणवारणान्यभिहरेयुः, देवध्वजप्रतिमाभिर्वा । ततस्तद्व्यंजनाः प्रमत्तवधमवस्कन्दप्रतिग्रहमभिप्रहरणं पृष्ठतः शंखदुन्दुभिशब्देन वा

प्रविष्टमित्यावेदयेयुः । प्राकारद्वाराट्टालकदानमनीकभेदं घातं वा कुर्युः । सार्थगणवासिभिरातिवाहिकैः कन्यावाहिकैरश्वपण्यव्यवहारिभिरुपकरणहारकैर्धान्यक्रेतृभिर्वा प्रव्रजितलिङ्गिभिर्दूतैश्च दण्डातिनयनं सन्धिकर्म विश्वासनार्थम् । इति राजापसर्पाः ।

एत एवाटवीनामपसर्पाः कण्टकशोधनोक्ताश्च । व्रजमटव्यासन्नमपसर्पाः सार्थं वा चोरैर्घातयेयुः । कृतसंकेतमन्नपानं चात्र मदनरसविद्धं वा कृत्वाऽपगच्छेयुः । गोपालकवैदेहकाश्च ततश्चोरा गृहीतलोप्त्रभाराः मदनरसविकारकालेऽवस्कन्दयेयुः । संकर्षणदैवतीयो वा मुण्डजटिलव्यंजनः प्रवहणकर्मणा मदनरसयोगाभ्यामतिसन्दध्यात् । अथावस्कन्दं दद्यात् । शौण्डिकव्यंजनो वा दैवतप्रेतकार्योत्सवसमाजेष्वाटविकान् सुराविक्रयोपायननिमित्तं मदनरसयोगाभ्यामतिसन्दध्यात् । अथावस्कन्दं दद्यात् ।

ग्रामघातप्रविष्टां वा विक्षिप्य बहुधाऽटवीम् ।
घातयेदिति चोराणामपसर्पाः प्रकीर्तिताः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे दुर्गलम्भोपाये त्रयोदशेऽधिकरणे
अपसर्पप्रणिधिर्नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १७३

(गुप्तीपुरुष शत्रुकहाँ राख्नु)

विजिगीषु राजाले कोही वर्गमा मुख्य भरपर्दो मानिसलाई केही निउँ देखाएर देशबाट निकालिदिनू । सो विश्वासी मानिस शत्रुकहाँ गएर आश्रय गरेर रही, उही ननिकालिएका पक्षका हुन् भनि देशबाट निकालिएका अरू मानिसलाई पनि आफ्नो काममा सहायता दिने गरी आफूसँग राख्नू । गुप्तपुरुषहरू धेरै जम्मा गरेपछि आश्रय गरेको शत्रुराजासँग

अनुमति लिएर, हात्ती-घोड़ा पनि गतिलो नभएको, द्रोही अमात्य समेत भएको सैन्य वा पछाड़िपट्टिको मित्रलाई मारेर शत्रुराजाकहाँ पठाइदेओस्। आफूलाई सहायतानिमित्त भनी शत्रुदेशको एक टुक्रा, वा कुनै पेशा गर्ने जाति, वा जङ्गली दललाई आफूले हातमा लिनू। राम्ररी विश्वास परेपछि तिनीहरूलाई आफ्नो मालिककहाँ पठाइदिनू अनि राजाले आफ्नो हात्ती-बाघको जङ्गलको नोक्सानी गरेको निउँ पारी थाहा नदिईकन मार्नू।

यही रीतसँग अमात्य-जङ्गलीदलहरूलाई पनि चीयो बनाएर शत्रुकहाँ पठाउने कुरा बुझ्नू।

अथवा विजिगीषुले शत्रुसँग मित्रता गरेजस्तो देखाएर आफ्नो अमात्यहरूलाई गाली गरी पदबाट ओरालिदिनू। मित्र तुल्याइएको शत्रुकहाँ हामीमाथि रिसाएका मालिकलाई खुसी पारिदिनुहोस् भन्ने सन्देश दिएर दूत पठाउनू।· अमात्यले प्रार्थना गरिएका मित्र बनेका शत्रुले यता खुशी पार्न जुन दूत पठाउँछन्, त्यसलाई विजिगीषुले तिम्रा मालिकले हाम्रा अमात्यहरूलाई ससँग फुटाउन लागिरहेछन्, अब यो कुरा लिएर फेरि यहाँ नआउनू भनि भन्नू। अनि फेरि यौटा अमात्यलाई निकालिदिनू। त्यो अमात्य पनि त्यही शत्रुकहाँ गएर कपटी चेवाहरू लागेर मन भाँचिएका द्रोही-दल विशेष शक्ति नभएका र चोर-जङ्गलीदलहरूलाई शत्रुकहाँ सहायता निमित्त भनेर मिलाइदिनू। आफ्नो भन्ने विश्वास पारेर शत्रुको वीर पुरुष मराउनालाई यो-यो पनि तपाईंका शत्रुसँग मेल गर्दछन् भनी सीमानाका अध्यक्ष वा जङ्गलको अध्यक्ष, वा सैनिकलाई देखाइदिनू। अनि उनीहरूले पठाएका मैत्री बुझाउने जाली लेखोट पठाएर दोषी गराई मराइदिनू।

किंवा अहिले तिमीलाई फौजी सहायता दिनेछु भन्ने कबोल गरेर पछि उसको शत्रु उठाएर हमला गराई, सहायता नदिई शत्रुदलद्वारा मराउनू। अथवा शत्रुबाट विरक्त कृत्य (क्रुद्ध, लुब्ध, भीत आदि) वर्गलाई हात लिएर शत्रुको कुनै शत्रुराजालाई आफूपट्टि केही बिगार गर्न लगाई त्यसमाथि जाइलाग्नू, अनि शत्रुकहाँ तिम्रो शत्रुले मेरो पनि बिगार गरिरहेछ, तिमी हामी दुवै थरी मिलेर त्यसलाई मारौं, त्यसको जमीन वा धन जे हुन्छ, तिम्रो भाग भन्ने सन्देश पठाउनू। हुन्छ भनेर आफ्नो कुरा मानी त्यो शत्रुको शत्रुलाई शत्रुसँग खुला युद्ध गर्न वा छापा मार्न लगाई, त्यसद्वारा शत्रुको नाश गराउनू। अब कबोलबमोजीम शत्रुको भूमि दिने कुरा छोराको राज्यभिषेक वा आफ्नो रक्षा गर्ने निउँ पारेर त्यो शत्रुको शत्रुलाई पक्रनू। यदि शत्रुबहानाले पक्रन नशकिने भएमा गुप्त घात गराएर पनि मार्नू। यदि शत्र-

माथि हमला गर्न आफू नआएर फौजमात्र त्यसले (शत्रुको शत्रुले) पठायो भने त्यसको त्यो फौज शत्रुद्वारा नाश गर्नलाउनू। यदि त्यो आफूसँग मिलेर नलड्ने, किन्तु आफ्नै फौज लिएर शत्रुसँग लड्न आयो भने पनि शत्रुलाई उसले पनि आफूले पनि हानेर दुवैतिरबाट च्यापी मराउनू। यदि आफ्नो विश्वास नगरेर उसले आफै आक्रमण गरी उसको जम्मै अथवा केही भाग भूमि लिनखोज्यो भने शत्रुलाई मद्दत दिएर पनि मराउनू। अथवा शत्रुसँग भिड्निलागेको बखतमा त्यसको मूलस्थान (राज्यको प्रधान भाग)-मा अर्कोपट्टिबाट आफूले हमला गरी त्यसको राजधानीको सर्वस्व लुटी लिनू।

अथवा मित्रराजासँग शत्रुको भूमि जितेर तिमीलाई पनि भाग दिउँला भन्ने गुप्तसन्धि गर्नू। अथवा शत्रुराजासँग मित्रको भूमि जितेर तिमीलाई पनि भाग दिउँला भन्ने गुप्त सन्धि गर्नू। शत्रुको भूमि मित्रले लिन चाहेमा मित्रलाई आफूमाथि बिगार गर्नलगाई त्यसमाथि आक्रमण गर्नू। अरु कुरा अगि भनेझैं सबै मिलाउनू। शत्रुले मित्रको भूमि लिनचाहेमा दुवै मिलेर हमला गर्ने कुरा मिलेको शत्रुलाई केही आफ्नो फौज दिनू। आफ्नो मित्रमाथि आइलाग्ने भनेर मित्रसित मिलेर दुवै थरी भएर त्यो शत्रुलाई नाश गर्नू। अथवा जिउँदै समातेर थुनी उसको राज्यमा परिवर्तन गराएर अर्कोलाई स्थापना गरिदिनू। मित्रले सहायता निमित्त बोलाउँदा विश्वास नमानी शत्रुपट्टि कसैले दबाउन-पक्रन नशकिने ठाउँमा बस्न गयो भने उसका सामन्तहरूलाई उचालेर उसको मूलराजधानी लुटाइदिनू। किंवा सेनाको बलमा अड्नचाह्यो भने त्यसको फौजको नाश गरिदिनू।

ती मित्र र शत्रु दुवैमा गुप्तो भेद-नीति गराउन नशकिने भयो भने खुला नै मित्रको भूमि शत्रुलाई दिने, वा शत्रुको भूमि मित्रलाइ दिने, सन्धि गरेर दुवैतिरको मित्रजस्तो बनेर दूत पठाई यो राजा शत्रुसँग मिलेर तिम्रो भूमि लिन चाहन्छ भन्ने सन्देश दिनू। ती दुइमा एक थरी आफूमाथि शङ्काले रीसको चेष्टा गर्न लाग्यो भने अर्को राजासँग मिलेर पनि त्यसको नाश गर्नुपर्दछ।

अथवा विजिगीषु राजाले किल्लाका, राज्यका, फौजका प्रधानहरूलाई द्रोही-दलपट्टि मिलेको भन्ने कुरा फिंजाई निकालिदिनू। ती निकालिएका-हरू शत्रुकहाँ आश्रय लिएर युद्धको, हमलाको, घेरा परेको, सङ्कट परेको मौकामा धोका दिएर घात गर्ने गरून्, शत्रुका अमात्यवर्गमा परस्पर फूट गराउने गरून्। कल्पित, जाली लेखोटहरूबाट आफूले चलाएका झूटा कुरा-लाई साबित गराऊन्।

व्याधाजस्ता बनेका गुप्तपुरुषहरूले राजाको ढोकामा आएर ढोकेको सहारा लिएर राजासँग एक गाउँनेर चोरहरू आउँछन् भनेर पत्यार परेपछि राजाको सेना दुइतिरबाट सो गाउँमा लुटपीट गर्नलागेमा फेरि शत्रु-राजाकहाँ गएर चोरहरूको दल गाउँनजीकै आएर उपद्रव गर्न लागिरहेछन्, धेरै सैन्य पठाउनुपर्दछ भन्नू र शत्रुपट्टिबाट पाएको फौज लिएर राति किल्लाको ढोकामा ल्याएर चोरहरू पसी यात्रा सफल भयो सैन्य आयो ढोका खोल्नुहोस् भन्नू। अगिबाटैदेखि त्यहाँ राखिएका गुप्तीहरूले ढोका खोलिदिएपछि ती दुइ थरीका सैन्यको भिड़न्त गराउनू।

अथवा कालीगड़, शिल्पी, पाखण्ड, खेल गर्ने, बनिया आदि जस्ता बनेका गुप्ती सैनिकहरूलाई शत्रुको किल्लामा जासूसी गर्न पठाउनू। गृहस्थ जस्ता बनेका अर्को थरी गुप्तपुरुषहरूले काठ-घाँस-अन्नहरू बेच्ने गाड़ाहरूद्वारा वा देवताका मूर्तिका ध्वजाहरूको रूपमा शस्त्र-अस्त्रहरू त्यहाँ पुऱ्याइदिनू। अनि गृहस्थहरूबाट हतियार पाएका कालीगड़ आदि बनेका गुप्ती सैनिकहरूले निःशङ्क भइरहेका मानिसहरूको हत्या-लूटपीट गर्दै शंख नगड़ाहरू बजाएर हल्ला मचाउँदै पछिल्तिरबाट किल्लाभित्र पसून्। अनि राजालाई शत्रुका फौजले दोष नभएका मानिसहरू मारेर चारैतिर घेरेर बाजाहरू बजाउँदै किल्लाभित्र पसे भन्नू। अनि विजिगीषुका सैन्यहरू धेरै संख्यामा त्यहाँ पुगेर पर्खाल-ढोका-बुर्जाहरू भत्काउने शत्रसेनालाई मार्ने गरून्।

अथवा बाटो हिंड्ने, कन्था बोक्ने, मालहरू बेचने, मालसामान बोक्ने, अन्न किन-बेच गर्ने, जोगी-फिरन्ता आदि जस्ता बनेका, दुर्गम बाटोमा हिंड्ने गुप्तीदलले शत्रुको फौजलाई तान्दै अप्ठ्यारो ठाउँमा पुऱ्याएर फसाइदिई सन्धि नगरी नहुने गराइदिनू। यसरी राजाले मानिसहरू शत्रुकहाँ पुऱ्याउने काम हुन्छ।

भित्रीपुरुषकण्टकशोधन-प्रकरणमा भनेबमोजीम तिनमा पनि जङ्गलीदलमा पनि प्रयोग गर्नू। जङ्गलको नजीकमा रहेको गोठ-बटुवा-दलहरूलाई यस्तै जासूसहरूले चोर-डाँकाहरू उठाएर पनि छापा मार्नू। परस्पर मत मिलाएर ती गुप्तीहरू व्यापारीहरूका निमित्त ठाउँ-ठाउँमा अन्न-पानीको बन्दोबस्त मिलाई त्यसलाई लठ्याउने कुरा र विषले दूषित पारेर भाग्नू। गोठालो-बनियाजस्ता बनेका गुप्तीहरूले चोर-डाँकाहरू त्यो अन्न-पानीहरूले लट्ठिएपछि आक्रमण गर्नू। अथवा मद्य प्यारो लाग्ने बलरामको भक्त मुडुलो लट्टा बालहरू पालेकोजस्तो वेष बनाएको गुप्तीले (बलराम) देवताको पूजा-उत्सवको भोज खुवाएर सबलाई लठ्याउनू। अथवा भट्टीवालजस्तो बनेर मद्य बिक्री मर्दा नजराना दिएजस्तो गरी जङ्गली-

दललाई विष मिसाएर दिनू । ती लठ्ठिएपछि सेनाद्वारा तिनमाथि हमला गर्नू ।
गाउँमा लुटपीट गर्न पसेमा जङ्गली-चोर-डाकूहरूलाई अनेक किसिमका उपायले चित्त-मोह गराई मार्नुपर्दछ । यसरी चोरहरूमा अपसर्प (चेवा) पठाउने विषय बताइयो ।

अथ चतुर्थोऽध्यायः

१७४–१७५ प्रकरणे—पर्युपासनकर्म, अवमर्दश्च

कर्शनपूर्वं पर्युपासनकर्म । जानपदं यथानिविष्टमभयं स्थापयेत् । उत्थितमनुग्रहपरिहाराभ्यां निवेशयेदन्यत्रापसरतः, समग्रमन्यस्यां भूमौ निवेशयेदेकस्यां वा वासयेत् । ह्यजनो जनपदो राज्यमजनपदं वा भवतीति कौटिल्यः । विषमस्थस्य मुष्टिं सस्यं वा हन्याद्वीवधप्रसारौ च ।

प्रसारवीवधच्छेदान्मुष्टिसस्यवधादपि ।
वमनाद्गूढघाताच्च जायते प्रकृतिक्षयः ॥ १ ॥

'प्रभूतगुणवद्धान्यकुप्ययंत्रशस्त्रावरणविष्टिरश्मिसमग्रं मे सैन्यमृतुश्च पुरस्तात्, अपर्तुः परस्य व्याधिदुर्भिक्षनिचयरक्षाक्षयः क्रीतबलनिर्वेदो मित्रबलनिर्वेदश्च' इति पर्युपासीत । कृत्वा स्कन्धावारस्य रक्षां वीवधासारयोः पथश्च परिक्षिप्य दुर्गं खातसालाभ्यां दूषयित्वोदकमवस्राव्य परिखाः संपूरयित्वा वा, सुरुंगाबलं कुटिकाभ्यां वप्रप्राकारौ हारयेत् । दारं च बहुलेन निम्नं वा पांसुमालयाऽऽच्छादयेत् । बहुलारक्षं यंत्रैर्घातयेत् । निष्करादुपनिष्कृष्याश्वैश्च प्रहरेयुः । विक्रमान्तरेषु च नियोगविकल्पसमुच्चयैश्चोपायानां सिद्धिं लिप्सेत । दुर्गवासिनः श्येनकाकनप्तृभासशुकशारिकोलूककपोतान् ग्राहयित्वा पुच्छेष्वग्नियोगयुक्तान्परदुर्गे विसृजेयुः ।

अपकृष्टस्कन्धवारादुच्छ्रितध्वजधन्वारक्षा वा मानुषेणाग्निना परदुर्गमादीपयेत् । गूढपुरुषाश्चान्तदुर्गपालका नकुलवानरविडालशुनां

पुच्छेष्वग्नियोगयोगमाधाय काण्डनिचयरक्षाविधानवेश्मसु विसृजेयुः । शुष्कमत्स्यानामुदरेष्वग्निमाधाय वल्लूरे वा वायसोपहारेण वयोभिर्हारयेयुः । सरलदेवदारुपूतितृणगुग्गुलश्रीवेष्टकसरसर्जलाक्षागुलिकाः खरोष्ट्राजावीनां लेण्डं चाग्निधारणम् । प्रियालचूर्णमवल्गुजमषीमधूच्छिष्टमश्वखरोष्ट्रगोलेण्डमित्येष क्षेप्योऽग्नियोगः । सर्वलोहचूर्णमग्निवर्णं वा कुम्भीसीसत्रपुचूर्णं वा पारिभद्रकपलाशपुष्पकेश मषीतैलमधूच्छिष्टकश्रीवेष्टकयुक्तोऽग्नियोगो विश्वासघाती वा । तेनावलिप्तः शणत्रपुसीसवल्कवेष्टितो बाण इत्यग्नियोगः ।

न त्वेव विद्यमाने पराक्रमेऽग्निमवसृजेत् । अविश्वास्यो ह्यग्निर्दैवपीडनं च । अप्रतिसंख्यातप्राणिधान्यपशुहिरण्यकुप्यद्रव्यक्षयकरः । क्षीणनिचयं चावाप्तमपि राज्यं क्षयायैव भवति । इति पर्युपासनकर्म ।

'सर्वारम्भोपकरणविष्टिसम्पन्नोऽस्मि, व्याधितः पर उपधाविरुद्धप्रकृतिरकृतदुर्गकर्मनिचयो वा निरासारः सासारो वा पुरा मित्रैःसंधत्ते' इत्यवमर्दकालः । स्वयमग्नौ जाते समुत्थापिते वा प्रवहणे प्रेक्षानीकदर्शनसंगसौरिककलहेषु नित्ययुद्धश्रान्तबले बहुलयुद्धप्रतिविद्धप्रेतपुरुषे जागरणक्लान्तसुप्तजने दुर्दिने नदीवेगे वा नीहारसम्प्लवे वावमृद्नीयात् । स्कन्धावारमुत्सृज्य वा वनगूढः शत्रुः सत्रान्निष्क्रान्तं घातयेत् ।

मित्रासारमुख्यव्यंजनो वा संरुद्धन मैत्रीं कृत्वा दूतमभित्यक्तं प्रेषयेत्—'इदं ते छिद्रम्, इमे दूष्याः, संरोद्धुर्वा छिद्रमयं ते कृत्यपक्षः' इति । तं प्रतिदूतमादाय निर्गच्छन्तं विजिगीषुर्गृहीत्वा दोषमभिविख्याप्य प्रवास्यापगच्छेत् । ततो मित्रासारव्यंजनो वा संरुद्धं ब्रूयात्—'मां त्रातुमुपनिर्गच्छ, मया वा सह संरोद्धारं जहि' इति । प्रतिपन्नमुभयतः संपीडनेन घातयेत्, जीवग्राहेण वा राज्यविनिमयं कारयेत्, नगरं वास्य प्रमृद्नीयात्, सारबलं वास्य वमयित्वाऽभिहन्यात् । तेन दण्डोपनताटविका व्याख्याताः ।

दण्डोपनताटविकयोरन्यतरो वा संरुद्धस्य प्रेषयेत्—'अयं संरोद्धा व्याधितः, पार्ष्णिग्राहेणाऽभियुक्तः, छिद्रमन्यदुत्थितम्, अन्यस्यां भूमावपयातुकामः इति । प्रतिपन्ने संरोद्धा स्कन्धावारमादीप्यापयायात्, ततः पूर्ववदाचरेत् । पण्यसम्पातं वा कृत्वा पण्येनैनं रसविद्धेनातिसन्दध्यात् । आसारव्यंजनो वा संरुद्धस्य दूतं प्रेषयेत्—'मया वा ह्यमभिहतमुपनिर्गच्छाभिहन्तुम्' इति । प्रतिपन्ने पूर्ववदाचरेत् । मित्रं बन्धुं वापदिश्य योगपुरुषाः शासनमुद्राहस्ताः प्रविश्य दुर्गं ग्राहयेयुः । आसारव्यंजनो वा संरुद्धस्य प्रेषयेत्—'अमुष्मिन् देशे काले च स्कन्धावारमभिहनिष्यामि, युष्माभिरपि योद्धव्यम्' इति । प्रतिपन्नं यथोक्तमभ्याघातसंकुलं दर्शयित्वा रात्रौ दुर्गान्निष्क्रान्तं घातयेत् ।

यद्वा मित्रमावाहयेदाटविकं वा तमुत्साहयेत्—'विक्रम्य संरुद्धे भूमिमस्य प्रतिपद्यस्व' इति । विक्रान्तं प्रकृतिभिर्दूष्यमुख्यावग्रहेण वा घातयेत्, स्वयं वा रसेन । 'मित्रघातकोऽयम्' इत्यवाप्तार्थः । विक्रमितुकामं वा मित्रव्यंजनः परस्याभिसंशेत् । आप्तभावोपगतः प्रवीरपुरुषानस्योपघातयेत् । सन्धिं वा कृत्वा जनपदमेनं निवेशयेत् । निविष्टमन्यजनपदमविज्ञातो हन्यात् । अपकारयित्वा दूष्याटविकेषु वा बलैकदेशमतिनीय दुर्गमवस्कन्देन हारयेत् । दूष्यामित्राटविकद्वेष्यप्रत्यपसृताश्च कृतार्थमानसंज्ञाचिह्नाः परदुर्गमवस्कन्देयुः ।

परदुर्गमवस्कन्द्य स्कन्धावारं वा पतितपराङ्मुखाभिपन्नमुक्तकेशशस्त्रभयविरूपेभ्यश्चाभयमयुध्यमानेभ्यश्च दद्युः । परदुर्गमवाप्य विशुद्धशत्रुपक्षः कृतोपांशुदण्डप्रतीकारमन्तर्बहिश्च प्रविशेत् । एवं विजिगीषुरमित्रभूमिं लब्ध्वा मध्यमं लिप्सेत । तत्सिद्धावुदासीनम् । एष प्रथमो मार्गः पृथिवीं जेतुम् । मध्यमोदासीनयोरभावे गुणातिशयेनारिप्रकृतीः साधयेत् । ततः उत्तराः प्रकृतीः । एष द्वितीयो मार्गः । मण्डलस्याभावे शत्रुणा मित्रं मित्रेण वा शत्रुमुभयतः सम्पीडनेन साधयेत् । एष तृतीयो मार्गः । शक्यमेकं वा सामन्तं साधयेत्, तेन द्विगुणो द्वितीयं,

त्रिगुणस्तृतीयम् । एष चतुर्थो मार्गःपृथिवीं जेतुम् । जित्वा च पृथिवीं विभक्तवर्णाश्रयां स्वधर्मेण भुंजीत ।

उपजापोऽपसर्पो वा वामनं पर्युपासनम् ।
अवमर्दश्च पञ्चैते दुर्गलम्भस्य हेतवः ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे दुर्गलम्भोपाये त्रयोदशेऽधिकरणे
पर्युपासनकर्म अवमर्दश्चेति चतुर्थोऽध्यायः ॥ ४ ॥

अध्याय ४

प्रकरण १७४

(घेरा हाल्नु)

प्रकरण १७५

(छापा मार्नु)

शत्रुलाई फौज-धनको नाश गराएर दुर्बल पारी शत्रुको किल्लावरिपरि सेना राखेर घेरा हाल्ने काम गर्नुपर्दछ । शत्रुलाई पीड़ा दिंदा शत्रुको जनपद–नगर, ग्राम आदिमा जस्ताको तस्तै रहनदिएर नखलबल्याई अभय दिएर राख्नू । खेती-पाती आदि उद्योगधन्धा गर्ने मानिसहरूलाई धन आदिद्वारा दया-माया केही कर-रकमहरू छूट गरिदिएर बसाइराख्नू । बस्नेलाई छोड़ेर यताउति जानेलाई धन दिएर अनुग्रह र करमाफीहरू गर्नुपर्दैन । सबै रैतीहरूलाई बेगलै-बेगलै ठाउँमा, वा एकै ठाउँमा बस्नदिनू । किनभने, मानिस नभएको जनपद वा राज्य हुँदैन भनि कौटल्य भन्दछन् ।

शत्रुलाई सङ्कट परेको बख़तमा विजिगीषु राजाले शत्रुदेशमा रोपने बीउ र बालीको नाश, अरु स्नेह आदिको र घाँस-पात-दाउरा आयातमा रोकावट पनि गराउनू । अन्नपात-घाँस-दाउरा आदिको आयात रोकिदिनाले, बिउ-बालीको नाश गरिदिनाले, बासिन्दालाई अन्त सारिदिनाले, गुप्त हत्या गरिदिनाले पनि अमात्य आदि प्रकृतिवर्गमा हानि हुन्छ ।

धेरै धन, धान्य, जिन्सी, वस्तु, यन्त्र, शस्त्र, कवच, काम गर्ने मजदूर, डोरी नाम्लो आदि भरपूर भएको आफ्नो फौज छ, समय पनि अनुकूल छ, शत्रुकोचाहीं रोग, अनिकाल, सञ्चित धन-सम्पत्तिको रक्षा नभएको, क्रिनुवाभर्ति फौज निरास भई सहायता गर्ने मित्र हो तापनि खिन्न भएको अवस्थामा भने शत्रुलाई घेरा हाल्नू ।

आफ्नो छाउनीको र अनाज-घास-पात-दाउराहरूको आफूपट्टिको आयात गर्ने बाटाको पनि रक्षा गरेर शत्रुको किल्लावरिपरिको खाइ-पर्खाल बिगारेर, पानी खराप पारी, पानीको निकास गराइ, खाइ पूरिदिई, सुरुङ् खनेर, सेनाका छाप्रोहरू बहाइदिएर पनि वरिपरिका ढिस्का-पर्खाल पनि बिगारिदिनू । शत्रुको किल्लामा वरिपरि दरार परेको ठाउँमा पूरेर गहिरो ठाउँमा हीलोले छोपिदिनू, रक्षा गरेर राखेको ठाउँमा ठूला यन्त्रमय अस्त्रद्वारा नाश गरिदिनू । सूँड़ पसारेका हात्तीहरूद्वारा तान्न लाएर घोड़ा हात्तीहरूद्वारा रक्षकहरूको नाश गराउनू । शत्रुले पराक्रम देखाउनलागेमा साम-दान-भेद-दण्ड यी उपायहरूमध्यमा यहाँ यो गर्ने भन्ने नियोग (व्यवस्था), यो वा यो गर्ने भन्ने विकल्प (पक्ष विशेष), यो पनि यो पनि गर्ने भन्ने समुच्चय (समूह), जे गरेर हुन्छ किल्लामा बसेकोमाथि विजय हुने काम गर्नुपर्दछ ।

बाज, काग, नप्ता (पक्षिविशेष) भास, शुगा, मैना, लाटोकोसेरो, परेवाहरू पक्रन लगाएर तिनको पुछरमा आगो लाउने वस्तुहरू बाँधिदिएर, तिनलाई शत्रुको किल्लामा पठाइदिनू ।

शत्रुको किल्लाभन्दा विजिगीषुको किल्ला तल परेको भए ध्वजा-पताका-धनुहरू उचालेर मानुषअग्नि (शत्रुले मारिएको वा शूलीमा हाली मारिएको मानिसको हाड़ घोटेर निस्केको आगो) फ्याँकेर शत्रुको किल्लामा वरिपरि आगो सल्काइदिनू । शत्रुकहाँ सीमा-रक्षक किल्ला-रक्षकजस्ता बनेर रहेका आफ्ना गुप्तीपुरुषद्वारा न्याउरी-वानर-बिरालो-कुकुरहरूका पुच्छरमा आगो लाउने वस्तुहरू बाँधिदिएर तिनीहरूद्वारा बाणहरू जम्मा राख्ने घर रखवाली गर्ने घरहरूमा आगो लगाउने काम गर्नू । सुकेको माछाको पेटमा अथवा सुकेको मासुमा आगो लाउने वस्तु मिलाएर पक्षीहरूलाई आहारा दिएर ती नै पक्षीहरूद्वारा शत्रुको किल्लामा आगो लाउने काम गर्नू । सल्लो, देवदारू (गोब्रेसल्लो), पूतितृण (गन्हाउने झार), गुग्गुल—सल्लाको खोटो, धूप, लाहा, यी वस्तु पिँधेर गोली बनाई गधा, ऊँट, बाख्रा, भेड़ाको लीद पनि मिसाएमा आगो लाग्ने वस्तु बन्दछ । चिरौंजीवृक्षको धूलो अवल्गुडा (बकुची), मषी (समालु), मइन, घोड़ा-गधा-ऊँट-बयलको लीद, मिसाएर फ्याँक्ताखेरि आगो निस्कने

हुन्छ। अथवा आगोको जस्तो रङ्ग भएका धातुहरूको धूलो, कायफल, सीसा, राङ्को धूलो, नीम, पलासको फूल, तेल, मइन, सल्लाको खोटो, यी सबै वस्तु मिसाएपछि आगो नहुने ठाउँमा पनि आगो निकाल्ने अग्नियोग (आगोबाल्ने वस्तु) बन्दछ। यी वस्तुको लेप लाएको सन त्रपुस(राङ)को बोक्राले बेरिएको बाण पनि आगो लाउने हुन्छ।

अरु किसिमको पौरुष देखाउनशकिने अवस्थामा आगो लाउने काम नगर्नू। किनभने, आगोको विश्वास हुँदैन, लागे पनि आगो दैवी पीड़ा हो, त्यसबाट असंख्य प्राणी, अन्न, पशु, नगद, जिनिस द्रव्यको हानि हुने हुन्छ। अन्न आदिको सञ्चय (राश) नष्ट भएपछि राज्य पाए पनि (हानि नै हुन्छ) विशेष लाभ हुँदैन्। यो पर्युपासन अर्थात् घेरा दिएर गर्ने प्रयोग हो।

अवमर्द्—हमला

म सबैथरी फौजी सामानले र कामदार मानिसहरूले पनि परिपूर्ण छु, शत्रु भने रोग-पीड़ित छ, छल-कपटले अमात्य आदि विरोधी बनेका छन्, किल्लाको बन्दोबस्त नभएको छ, किंवा अनाज, घाँस, पात, दाउरा, आदिको आयात रोकिएको छ, त्यो नरोकिएको भए पनि मित्रको सहायता नपाउने छ, भने हमला गर्ने अनुकूल समय हुन्छ। शत्रुकहाँ आफै आगो लागेको, आगो उठाइदिएको वेलामा, भोजको उत्सव-नाच-तमासा हेर्ने, झुट्टा लड़ाइँको खेल आदिमा शत्रुदल व्यग्र भएको वेलामा, मादक वस्तुबाट मस्त भई सेनाभित्र झगड़ा उठेमा, लगातर लामो युद्ध गरेर थाकेको वेलामा, ठूलो युद्धले शत्रुको धेरै मानिस घाइते भएको मरेको वेलामा, बादलले चारैतिर घेरेको दुर्दिन भएको, नदीको भेल बढ़ेको, कुहिरोले व्याप्त गरेको अवसरमा हमला गर्नू।

शत्रुदल छाउनी छोड़ेर भाग्न लागेको र शत्रु वनमा पसेको भए त्यहाँबाट निस्केको वेला पारेमा, आफू गुप्त रहेर पनि हमला गर्नू।

मित्रदलको मुख्यप्रधान वा मित्रजस्तो वेष गरी चारैतिर घेरिएको शत्रुसँग सन्धि गर्ने, दूष्य (त्यस्ता द्रोही मारे पनि हुने गरी छोडेको मानिस) लाई दूत बनाएर तिम्रो यो-यो छिद्र (बिग्रेको कुरा) छ, अमुक-अमुक तिम्रा मानिस तिम्रो विरोधी भएका छन्, फलाना-फलाना तिम्रा द्रोहीहरू शत्रुपट्टि लागेका छन्, घेरा हाल्ने, तिम्रा शत्रुका द्रोहीहरू तिम्रो सहायता गर्न चाहन्छन्, भन्ने सन्देश पठाउनू। उताबाट जवाफी समाचार लिएर आउन लागेको वेलामा विजिगीषुले पक्रेर अपराधीलाई मार्नू। त्यताबाट हट्नू, अनि मित्रदलको मुख्य वा मित्रजस्तो बनेको गुप्तीले घेरिएको शत्रुकहाँ गएर

मेरो रक्षा गर्न तयार हुनुहोस्, कि त म समेत भएर घेरा हाल्ने शत्रुलाई मार्नुहोस् भन्नू। सो कुरा मानी शत्रु बाहिर आएमा दुइतिरबाट च्यापेर मार्नू, अथवा जिउँदै समातेर उसको गद्दीमा अर्कैलाई राखिदिन्, वा त्यसको शहरको नाश गरिदिनू। शत्रुको बलियो फौज किल्लाबाट बाहिर निकाल्न लाएर घात गर्नू।

यसबाट दण्डोपनत—जङ्गलीदलप्रति गर्ने प्रयोग पनि बूझ्नू।

अथवा विजिगीषुले दण्डोपनत वा कुनै जङ्गली भिल्लद्वारा घेरामा परेको शत्रुकहाँ घेरा हाल्नेचाहीं रोगी भएको छ वा पछाड़िको शत्रुले हमला गरिएको छ, यो अर्को संकट परेको हुनाले अन्तै भाग्न आँटेको छ, भन्ने समाचार पठाउनू। त्यो कुरा शत्रुले पत्यार गर्‍यो भने विजिगीषुले आफ्नो छाउनीमा आफैले आगो लगाएर भाग्नू। अनि अगि भनेझैं शत्रु त्यहाँ आक्रमण गर्न आएमा दण्डोपनत जङ्गलीदलको सहायताले शत्रुमाथि निर्धक्क प्रहार गर्नू। अथवा खाने सामान बेच्ने व्यापारीहरू आएको खबर प्रचार गराई ती बिक्रीका मालमा विष मिलाई शत्रुको नाश गराउनू। अथवा कुनै मित्र वा बन्धुको दलजस्तो बहाना गरेर गुप्तीपुरुषहरू कपटी छाप भएको लेखोट लिएर किल्ला हात लिनू।

अथवा मित्र-सेनाको मुख्यजस्तो बनेर गुप्तीपुरुषले शत्रुकहाँ यो ठाउँ, यो समयमा यो छाउनीमा, हामी हान्नेछौं, तपाईहरू पनि त्यहाँ लड्न आउनू भन्ने सन्देश घेरिएको राजाकहाँ पठाउनू र उ यो पत्यार गरी अएमा, चारैतिर हमला गर्नलागेको विश्वास पारी, राति किल्लाबाट भाग्नलागेको शत्रुलाई मार्नू।

अथवा मित्रलाई बोलाएर, वा जङ्गलीदललाई यो घेरिएको शत्रुमाथि हमला गरेर यसको भूमि लेऊ भनि उचाल्नू। उनीहरू आइलाग्नलागेमा अमात्य आदि प्रकृति, द्रोही, मुख्यहरू उठाएर वा आफैले विष प्रयोग गरेर, मित्र र जङ्गलीदल दुवैलाई मराउनू। अनि शत्रुले मेरा मित्रलाई मारिदियो भन्ने हल्ला चलाई त्यसमाथि हमला गर्नू।

अथवा विजिगीषुले तिमीलाई हमला गर्न खोजेको छ भनेर मित्रजस्तो बनेको गुप्तीले शत्रुलाई भनेर उसले पत्यार गरेपछि आप्तजस्तो भएर उसका वीर पुरुषहरूलाई मराउनू। अथवा शत्रुसँग सन्धि गरेर त्यसलाई यौटा अर्कै बस्तीमा बसाउनू। बसेको वेलामा राति छापा मारेर मार्नू। अथवा द्रोहीदल-जङ्गलीदलद्वारा बिगार गराएर त्यही निउँले शत्रुको सेना पर लागेर एक्लै परेको शत्रुमाथि हमला गरेर उसको किल्ला आफूले लिनू।

शत्रुका विरोधीदल, विरोधी जङ्गलीदल, शत्रुसँग अगि फरक पारी मिलेकाहरू, आफूले धन-संमानद्वारा हात लिएकाहरू, आक्रमणको बखत सङ्केत गरेर आफूपट्टि मिलाइएकाहरू पनि आफूले शत्रुमाथि हमला गर्दा सहाय हुने हुन्छन्।

शत्रुको किल्ला-छाउनीमा हमला गरेर सफल भएपछि विजिगीषुराजाका फौजका घाइते भएर लड़ेका, युद्धबाट विमुख भएका, विपत्तिमा परेका, कपाल छरिएका, शत्रुको डरले विरूप भएका, र युद्ध मञ्जूर नगर्नेहरूलाई पनि अभयदानको खातिरजामा दिनू।

शत्रुको किल्ला हातमा परेपछि किल्लामा रहेका शत्रुपक्षका मानिसलाई किल्लाबाट बाहिर निकालिदिनू। तीमध्यमा कड़ा विरोधी देखिएकालाई गुप्तीचालसँग वध गराई विजिगीषुले किल्लाभित्र प्रवेश गर्नू।

यसरी शत्रुको भूमि आफ्नो हातमा परेपछि विजिगीषुले मध्यम (बिचमा पर्ने) राजाको लाभको लागि उद्योग गर्नुपर्दछ। त्यसमा आफू सफल भएपछि, उदासीन (तटस्थ) राज्य लिने इच्छा गर्नू। पृथिवीभर विजय प्राप्त गर्ने यो पहिलो बाटो हो। मध्यम र उदासीन राज्य नभएमा विजिगीषुले आफ्नो गुण-गौरव बढाएर शत्रुका अमात्य आदि प्रकृतिवर्ग आफूमाथि अनुकूल हुने गराउनू। अनि कोश (ढुकुटी) आदि अरु प्रकृतिहरू आफ्नो अधीनमा पार्नू। यो विजय प्राप्ति गर्ने दोस्रो बाटो हो। दश किसिमका राजाहरूको मण्डल नभएमा विजिगीषु आफ्नो शत्रुद्वारा मित्रलाई र मित्रद्वारा शत्रुलाई दुवैतिरबाट च्यापेर आफ्नो अधीनमा राख्ने गर्नू। पृथिवी विजय गर्ने यो तेस्रो बाटो हो। किंवा विजिगीषुले सहजै जितकिने कुनै सामन्तलाई आफ्नो अनुकूल गराउनू। त्यसबाट आफ्नो बल दोबर भएपछि अर्को दोस्रो सामन्तलाई आफ्नो तहमा ल्याउनू। त्यसको समेत बल लिएर, तेबर बल भएपछि तेस्रो सामन्तलाई हातमा लिनू। पृथिवी विजय गर्ने यो चौथा बाटो हो।

पृथिवीको विजय गरेपछि वर्ण-आश्रमको राम्रो व्यवस्था गरेर धर्मपूर्वक यसको उपभोग गर्नुपर्दछ।

उपजाप (शत्रुको पक्षमा फूट गराउनू), अपसर्प (शत्रुपक्षमा गुप्तीचरहरू पठाउनू), वामन (शत्रुलाई आफ्नो किल्लाबाट निकाल्ने काम गर्नु), पर्युपासन (शत्रुको किल्लावरिपरि घेरा हाल्नु), अवमर्द (शत्रुको किल्लामा हमला गरी ध्वस्त पार्नु)—यी ५ पाँच शत्रुको किल्ला आफ्नो अधीन गराउने कारण मानिन्छन्।

अथ पञ्चमोऽध्यायः ।

१७६ प्रकरणे—लब्धप्रशमनम् ।

द्विविधं विजिगीषोः समुत्थानम्, अटव्यादिकमेकग्रामादिकं च । त्रिविधश्चास्य लम्भः——नवो भूतपूर्वः पित्र्य इति । नवमवाप्य लम्भं परदोषान् स्वगुणैश्छादयेत् । गुणान् गुणद्वैगुण्येन । स्वधर्मकर्मानुग्रहपरिहारदानमानकर्मभिश्च प्रकृतिप्रियहितान्यनुवर्तेत । यथासम्भाषितं च कृत्यपक्षमुपग्राहयेत् । भूयश्च कृतप्रयासम् । अविश्वास्यो हि विसंवादकः स्वेषां परेषां च भवति । प्रकृतिविरुद्धाचारश्च । तस्मात्समानशीलवेषभाषाचारतामुपगच्छेत् । देशदैवतसमाजोत्सवविहारेषु च भक्तिमनुवर्तेत ।

देशग्रामजातिसंघमुख्येषु चाभीक्ष्णं सत्रिणः परस्यापचारं दर्शयेयुः । माहाभाग्यं भक्तिं च तेषु स्वामिनः स्वामिसत्कारं च विद्यमानम् । उचितैश्चैनान् भोगपरिहाररक्षणावेक्षणैर्भुञ्जीत । सर्वदेवताश्रमपूजनं च विद्यावाक्यधर्मशूराणां च भूमिद्रव्यदानपरिहारान् कारयेत् । सर्वबन्धनमोक्षणमनुग्रहं दीनानाथव्याधितानां च । चातुर्मासेष्वर्धमासिकमघातं पौर्णमासीषु च चातूरात्रिकं राजदेशनक्षत्रेष्वेकरात्रिकम् । योनिबालवधं पुंस्त्वोपघातं च प्रतिषेधयेत् । यच्च कोशदण्डोपघातिकमधर्मिष्ठं वा चरित्रं मन्येत, तदपनीय धर्मव्यवहारं स्थापयेत् । चोरप्रकृतीनां म्लेच्छजातीनां च स्थानविपर्यासमनेकस्थं कारयेत् । दुर्गराष्ट्रदण्डमुख्यानां च परोपगृहीतानां मंत्रि पुरोहितादीनां परस्य प्रत्यन्तेष्वनेकस्थं वासं कारयेत् । अपकारसमर्थाननुक्षीयतो वा भर्तृविनाशमुपांशुदण्डेन प्रशमयेत् । स्वदेशीयान् वा परेण वावरुद्धानपवाहितस्थानेषु स्थापयेत् ।

यश्च तत्कुलीनः प्रत्यादेयमादातुं शक्तः प्रत्यन्ताटवीस्थो वा प्रबाधितुमभिजातः, तस्मै विगुणां भूमिं प्रयच्छेत् । गुणवत्याश्चतुर्भागं

वा कोशदण्डदानमवस्थाप्य यदुपकुर्वाणः पौरजानपदान् कोपयेत्। कुपितैस्तैरेनं घातयेत्। प्रकृतिभिरुपकृुष्टमपनयेदौपघातिके वा देशे निवेशयेदिति। भूतपूर्वे—येन दोषेणापवृत्तः, तं प्रकृतिदोषं छादयेत्। येन च गुणेनोपावृत्तः, तं तीव्रीकुर्यादिति। पित्र्ये—पितृदोषान् छादयेत्। गुणांश्च प्रकाशयेदिति।

चरित्रमकृतं धर्म्यं कृतं चान्यैः प्रवर्तयेत्।
प्रवर्तयेन्न चाधर्म्यं कृतं चान्यैर्निवर्तयेत् ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे दुर्गलम्भोपाये त्रयोदशेऽधिकरणे
लब्धप्रशमनं नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

आदितः पंचचत्वारिंशदधिकशततमोऽध्यायः ॥ १४५ ॥

समाप्तमिदं दुर्गलम्भोपायनामकं त्रयोदशमधिकरणम्।

अध्याय ५

प्रकरण १७६

(जितेको राज्यमा ब्यवस्था गर्नु)

स्थापन—

विजिगीषुले उद्योग गरेर कमाउने बाटो दुइ हुन्छन्। एक, जङ्गल खानि आदि; दोस्रो, सहर गाउँ आदि। विजिगीषुको लाभ तीन किसिमको हुन्छ- एक, नयाँ आफूले कमाएको; दोस्रो, अगिको आफ्नो शत्रुको हातमा परेकोलाई फेरि फर्काएर आफूले पाएको; तेस्रो, बाबुको पालाको पछि शत्रुको हातमा परेको फेरि आफूले फर्काएर लिएको।

आफूले शत्रुलाई जितेर नयाँ कमाएकोमा शत्रुको दोषलाई आफ्नो गुणले ढाकिदिनू। शत्रुको गुणलाई आफ्नो गुण शत्रुकोभन्दा बढी गराएर बिर्साइदिनू। विजिगीषुले प्रजालाई पालन गर्नु आदि स्वधर्म, राम्रो-राम्रो

काम, प्रजाहरूमाथि दया-माया आदि, खेती आदि काममा धनको सहायता दिनु, पीर-पिराउ भएका करहरू छुटाइदिनु, दान-सम्मान आदि कामले प्रजाहरूलाई निको लाग्ने दिन हुने काममा तत्पर हुनुपर्दछ। पहिले कबोल गरेबमोजीम शत्रुपक्षका कृत्य र रिसाएका-लोभिएका-डराएका आदि विरोधीदलहरूलाई उपकार गरेर हातमा लिनुपर्दछ। परिश्रम गर्नेहरूलाई विशेष कदर गरेर खुस पार्नुपर्दछ। भनेको कुरा नमिलाउने र नहुने कुरा पनि भन्ने र प्रजाको विरुद्ध चालचलन भएकोमा राजा आफन्तको र पराइको पनि विश्वास नगरिने हुन्छ। यस कारण प्रजाहरूसँग शील-स्वभाव-वेष-भाषा-चलन मिल्दो हुनुपर्दछ। देशको देवता, समाजको उत्सव, विहारहरूमा प्रेम गर्ने गर्नुपर्दछ।

विजयीका गुप्तीपुरुषहरूले देश, गाउँ, जाति, सङ्घका मुख्यपुरुषहरूका उपर शत्रुले अगि गरेका बिगारका कुराहरू खोजी वारंवार देखाउने गर्नू। वर्तमान स्वामी (विजयी) राजाको जो सबैमा उदारता, प्रेम, योग्य पुरुषमा आदर भइरहने कुरा पनि तिनले भन्नू। जितेको देशका प्रजाहरूमा मनासीब राजकर, करमाफी, सबैतिर रक्षा, यादविचार गर्दै उपभोग गर्नू। सबै देवताहरूमा पूजा-आजा, ठूला विद्वान्, व्याख्यान गर्ने धर्मात्मा, शूर पुरुषहरूलाई जमीन-धन दिने, करहरू माफी गरिदिने गर्नू। कैदमा परेका-हरूलाई छाड़िदिनू। दीन-दुःखी-अनाथ-रोगीहरूमा दया-उपकार गर्नू। चौमासाभित्र पन्ध्र दिन, पूर्णिमामा चार दिन, राज्याभिषेकको दिन, देश पाएको दिनमा पनि प्राणीहरू मार्ने बन्द गरिदिनू।

स्त्रीजातका पशु-पक्षी, बालक पशु-पक्षीको वध, पुरुष जातिलाई नपुंसक बनाउने र खसी पार्ने काम पनि रोकिदिनू। जुन-जुन काम चाल-चलन, धन-सम्पत्तिको वृथा नाश गर्ने, फौजलाई अहित हुने, धर्मको हानि हुने ठहरिन्छ, त्यो-त्यो हटाएर सबैतिर धर्मसङ्गत व्यवहार चलाउनू। चोर-बदमास-म्लेच्छजाति एकै ठाउँमा नरहने व्यवस्था गरिदिनू। मन्त्री-पुरोहित आदिलाई शत्रुको सीमानानेर भिन्न-भिन्न ठाउँमा रहने गरिदिनू। आफ्ना पुराना मालिकको नाश ननिको मानेकाहरूलाई गुप्तसजाय दिएर शान्त पार्नू। स्वदेशी शत्रुले पदच्युत गरेर कैदमा राखिएकाहरूलाई निकासेर आफ्नो-आफ्नो अधिकारको ठाउँमा राखिदिनू।

जितिएको शत्रुको घरानको मानिस कुनै फेरि फर्काएर लिनशक्ने देखिन्छ, किंवा छेउछाउमा जङ्गली-प्रदेशमा रहेको कोही बाधा दिनशक्ने देखिन्छ, त्यस्तालाई नअसल जमीन दिनू। किंवा असल जमीन पनि चतुर्थांशजति, त्यो पनि फौज र विशेष सम्पत्ति बुझाएरमात्र पाउने गर्नू।

जो बढ्दै गएर शहर देशवासीहरूलाई चिढ़ाउने भयो भने तिनै चिढ़िएकाहरूद्वारा त्यसलाई मराइदिनू । अमात्य आदि प्रकृतिवर्गले नअसल मानिएकोलाई राज्यबाट निकालिदिनू, अथवा त्यसको नाश-बिगार हुने ठाउँमा बस्नदिनू। अगि जुन-जुन दोषले गर्दा शत्रुको हातबाट राज्य उम्कयो त्यस्तो प्रकृतिको दोष छोपिदिनू। जुन गुणले गर्दा आफ्नो हातमा पर्नआयो, त्यो आफ्नो गुणलाई चर्को गराउनू। बाबुको पालाको भूमि बाबुको जुन दोषले गर्दा बाबुको हातबाट गएको, त्यो दोष छोपिदिनू, गुणजति प्रकाश गरिदिनू।

धर्मको व्यवहार अरूले चलाएको भए पनि नचलाएको भए पनि चलाइदिनू। अधर्मको व्यवहार आफूले पनि नचलाउनू, अरुले चलाएको भए पनि हटाइदिनू।

१३ अधिकरण दुर्गलम्भोपाय पूर्ण

अथ औपनिषदिकं चतुर्दशमधिकरणम् ।

प्रथमोऽध्यायः

१७७ प्रकरणे—परघातप्रयोगः

चातुर्वर्ण्यरक्षार्थमौपनिषदिकमधर्मिष्ठेषु प्रयुंजीत । कालकूटादिर्विषवर्गः । श्रद्धेयदेशवेशशिल्पभाजनापदेशैः कुब्जवामनकिरातमूकबधिरजडान्धच्छद्मभिर्म्लेच्छजातीयैरभिप्रेतैः स्त्रीभिः पुंभिश्च परशरीरोपभोगेष्वाधातव्यः । राजक्रीडाभाण्डनिधानद्रव्योपभोगेषु गूढाः शस्त्रनिधानं कुर्युः । सत्राजीविनश्च रात्रिचारिणोऽग्निजीविनश्चाग्निनिधानम् ।

चित्रभेककौण्डिन्यककृकणपंचकुष्ठशतपदीचूर्णमुच्चिटिगकम्बलिशतकन्देध्मकृकलासचूर्णं गृहगोधिकान्धाहिककृकणकपूतिकीटगोमारिकाचूर्णं भल्लातकावल्गुकारसंयुक्तं सद्यः प्राणहरमेतेषां वा धूमः ।

कीटो वान्यतमस्तप्तः कृष्णसर्पप्रियंगुभिः ।
शोषयेदेष संयोगः सद्यः प्राणहरो मतः ॥ १ ॥

धामार्गवयातुधानमूलं भल्लातकपुष्पचूर्णयुक्तमार्धमासिकः । व्याघातकमूलं भल्लातकपुष्पचूर्णयुक्तं कीटयोगो मासिकः । कलामात्रं पुरुषाणां द्विगुणं खराश्वानां चतुर्गुणं हस्त्युष्ट्राणाम् । शतकर्दमोच्चिटिंगकरवीरकडुतुम्बीमत्स्यधूमो मदनकोद्रवपलालेन हस्तिकर्णपलाशपलालेन वा प्रवातानुवाते प्रणीतो यावच्चरति तावन्मारयति । पूतिकीटमत्स्यकडुतुम्बीशतकर्दमेध्मेन्द्रगोपचूर्णं पूतिकीटक्षुद्रारालाहेमविदारीचूर्णं वा बस्तशृङ्गखुरचूर्णयुक्तमन्धीकरो धूमः । पूतिकरंजपत्रहरितालमनःशिलागुंजारक्तकार्पासपलालान्यास्फोटकाचगोशकृद्रसपिष्टमन्धीकरो धूमः । सर्पनिर्मोकंगोश्वपुरीषमन्धाहिकशिरश्चान्धीकरो धूमः ।

पारावतप्लवकक्रव्यादानां हस्तिनरवराहाणां च मूत्रपुरीषं कासीसहिंगुयवतुषकणतण्डुलाः कार्पासकुटजकोशातकीनां च बीजानि गोमूत्रिकाभाण्डीरमूलं निम्बशिग्रुफणिज्जकाक्षीवपीलुकभंगः सर्पशफरीचर्महस्तिनखशृङ्गचूर्णमित्येष धूमो मदनकोद्रवपलालेन हस्तिकर्णपलाशपलालेन वा प्रणीतः प्रत्येकशो यावच्चरति तावन्मारयति । कालीकुष्ठनडशतावरीमूलं सर्पप्रचलाककृकणपंचकुष्ठचूर्णं वा धूमः पूर्वकल्पेनार्द्रशुष्कपलाले वा प्रणीतः सर्वसंग्रामावतरणावस्कन्दकालेषु कृनेनांजनोदकाक्षिप्रतीकारैः प्रणीतः प्राणिनां नेत्रघ्नः । शारिकाकपोतबकबलाकालेण्डमर्काक्षिपीलुकस्नुहीक्षीरपिष्टमन्धीकरणमंजनमुदकदूषणे च ।

यवकशालिमूलमदनफलजातीपत्रनरमूत्रयोगः प्लक्षविदारीमूलयुक्तो मूकोदुम्बरमदनकोद्रवक्वाथयुक्तो हस्तिकर्णपलाशक्वाथयुक्तो वा मदनयोगः । शृङ्गिगौतमवृक्षकण्टकारिमयूरपदीयोगो गुंजालांगलीविषमूलिकेङ्गुदीयोगः करवीराक्षिपीलुकार्कमृगमारणीयोगो मदनकोद्रवक्वाथयुक्तो हस्तिकर्णपलाशक्वाथयुक्तो वा मदनयोगः । समस्ता वा यवसेन्धनोदकदूषणाः ।

कृतकण्डककृकलासगृहगोधिकान्धाहिकधूमो नेत्रवधमुन्मादं च करोति । कृकलासगृहगोधिकायोगः कुष्ठकरः । स एव चित्रभेकान्त्रमधुयुक्तः प्रमेहमापादयति, मनुष्यलोहितयुक्तः शोषम् । दूषीविषं मदनकोद्रवचूर्णमुपजिह्विकायोगः । मातृवाहकांजलिकारप्रचलाकभेकाक्षिपीलुकयोगो विषूचिकाकरः । पंचकुष्ठककौण्डिन्यकराजवृक्षपुष्पमधुयोगो ज्वरकरः । भासनकुलजिह्वाग्रन्थिकायोगः खरीक्षीरपिष्टो मूकबधिरकरो मासार्धमासिकः । कलामात्रं पुरुषाणामिति समानं पूर्वेण । भङ्गक्वाथोपनयनमौषधानां चूर्णं प्राणभृताम् । सर्वेषां वा क्वाथोपनयनम्, एवं वीर्यवत्तरं भवति । इति योगसम्पत् ।

शाल्मलीविदारीधान्यासिद्धो मूलवत्सनाभसंयुक्तश्चुन्दरीशोणितप्रलेपेन दिग्धो बाणो यं विध्यति, स विद्धोऽन्यान्दश पुरुषान्दशति, ते

दृष्टा दशान्यान्दशन्ति पुरुषान् । भल्लातकयातुधानापामार्गबाणानां पुष्पैरेलकाक्षिगुग्गुलुहालाहलानां च कषायं बस्तनरशोणितयुक्तं दंशयोगः । ततोऽर्धधरणिको योगः सक्तुपिण्याकाभ्यामुदके प्रणीतो धनुःशतायाममुदकाशयं दूषयति, मत्स्यपरम्परा ह्येतेन दष्टाऽभिमृष्टा वा विषीभवन्ति, यश्चैतदुदकं पिबति स्पृशति वा । रक्तश्वेतसर्षपैर्गोधा-त्रिपक्षमुष्ट्रिकायां भूमौ निखातायां निहिता वध्येनोद्धृता यावत्पश्यति, तावन्मारयति । कृष्णः सर्पो वा । विद्युत्प्रदग्धोऽङ्गतरोऽज्ज्वालो वा विद्युत्प्रदिग्धैः काष्ठैर्गृहीतश्चानुवासितः कृत्तिकासु भरणीषु वा रौद्रेण कर्मणाभिहुतोऽग्निः प्रणीतश्च निष्प्रतीकारो दहति ।

कर्मारादग्निमाहृत्य क्षौद्रेण जुहुयात्पृथक् ।
सुरया शौण्डिकादग्निं भार्ग्यायोऽग्निं घृतेन च ॥ २ ॥

माल्येन चैकपत्न्यग्निं पुंश्चल्यग्निं च सर्षपैः ।
दध्ना च सूतिकास्वग्निमाहिताग्निं च तण्डुलैः ॥ ३ ॥

चण्डालाग्निं च मांसेन चिताग्निं मानुषेण च ।
समस्तान्बस्तवसया मानुषेण ध्रुवेण च ॥ ४ ॥

जुहुयादग्निमन्त्रेण राजवृक्षकदारुभिः ।
एष निष्प्रतिकारोऽग्निर्द्विषतां नेत्रमोहनः ॥ ५ ॥

ॐ अदिते ! नमस्ते, अनुमते ! नमस्ते, सरस्वति! नमस्ते, देव ! सवितर्नमस्ते, अग्नये स्वाहा, सोमाय स्वाहा, भूः स्वाहा, भुवः स्वाहा ।

इति कौटिलीये अर्थशास्त्रे औपनिषदिके चतुर्दशेऽधिकरणे
परघातप्रयोगो नाम प्रथमोऽध्यायः ॥ १ ॥

चतुर्दश अधिकरण—गोप्य विषय

अध्याय १

प्रकरण १७७

शत्रु मार्ने औषधिहरूको प्रयोग

(यो १४ अधिकरणमा शत्रुको नाश गर्ने औषधिहरू र तन्त्र-मन्त्र र, आफूपट्टि त्यस्तो पर्नआएमा शमन गर्ने उपायहरूको निरूपण गरिन्छ ।)

विजिगीषु राजाले चार वर्णको रक्षाका निमित्त औपनिषद् प्रयोग—मन्त्र-तन्त्र-औषधिद्वारा शत्रुलाई मार्ने प्रयोग अधर्मीहरूमा मात्र गर्नू ।

कालकूट आदि विषवर्ग, श्रद्धा लाग्ने देश-वेष-शिल्प-सत्पात्रपना देखाउने, कूजा, बाउन्ने, किराती, लाटा, बहिरा, ग्वाङ्ग्री, अन्धाजस्ता बनेका म्लेच्छ जातका आफ्नो अनुकूल स्त्री-पुरुषहरूद्वारा शत्रुको जिउ, उपभोग गर्ने वस्तुहरूमा प्रयोग गर्नू । शत्रुको खेलने सामान, रहने ठाउँ, गहनाहरू राख्ने ठाउँ, अरु पनि शत्रुको उपभोग्य वस्तु रहने ठाउँमा, गुप्तीपुरुषहरूले हतियार राखिछोड्ने मौका पारेर हतियार चलाउने, राति हिंडने गुप्तपुरुषहरू र कामी आदि आगोको जीविका गर्नेहरूले राजनिवासमा आगो लुकाएर ल्याइदिने काम गर्नू ।

चित्रभेक (रङ्गीचङ्गी भ्यागुतो), कौण्डिन्य (मल-मूत्रमा विष हुने कीरा), कृकणक (जङ्गली तित्रो), पञ्चकुष्ठ (कूटको पात फूल फल बोक्रा जरा), शतपदी (कनसुत्लो), यिनको धूलो, उच्चिटिङ्ग (बर्रो), कम्बली (कुनै कीरा), शतद्रु (शतावरी), कन्द (ओल), पलासको दाउरा, कृकलास (छेपारो)को धूलो र गृहगोधिका (माउसुली), अन्धाहिक (दुइमुखे सर्प) कृकणक (जंगली तित्रो), पूतिकीट (गन्हाउने कीरा), गोमारिका (विषविशेष)को धूलो, भल्लातक (भलायो), अवल्गुका(बकुची)को रस मिलाएपछि तुरुन्तै प्राण निस्कने हुन्छ ।

माथि भनिएका कीरामध्ये कुनैलाई कालो सर्प र कागुनासँग मिसाई आगोमा राखेर धूवाँ दिएमा शरीर तत्काल सुक्ने र तत्काल मर्ने पनि हुन्छ ।

धामार्गव (कोशातकी), यातुधान(राक्षसी औषधि)को जरा कुटीपिंधी भलायोको फूलको धूलोमा मिसाएर खान दिएमा त्यो मानिस १५

दिनमा मर्दछ, व्याघातक(कमलतासा)को रूखको जरा कुटी-पींधी भलायोको फूलको धूलो, माथि भनेको कीरामध्ये कसैको धूलोमा मिसाएको यो कीटयोग खान दिएमा १ महिनामा प्राण जाने हुन्छ। यो कीटयोग थोरै मात्रा दिएमा पनि मानिसलाई, त्यसको दुगुना गधा-घोडालाई, चौगुना हात्ती-ऊँटलाई दिएमा प्राण हर्दछ।

शतं (शतावरी), कर्दम (पक्षकर्दम), उच्चिटिङ्क (बिछी), करवीर, कटुतुम्बी (तीतो लौका), माछा, यतिलाई धतुरो, कोदोको दाठ, हस्तिकर्ण (धनियाँ), पलासको पात मिसाएर सल्काएमा त्यसको धूवाँ हावामा मिलेर जस-जसलाई लाग्दछ ती सबैलाई मार्ने हुन्छ। पूतिकीट (गन्धेकीरा), माछा, कटुतुम्बी (तीतो लौका), शत (शतावरी), कर्दम, इन्द्रगोप (वर्षाको कीरा) यिनको धूलोलाई बोकाको सीङ्-खुरको धूलोमा मिसाएर आगो लाइदिएमा त्यसको धूवाँ जुन-जुन प्राणिलाई लाग्दछ, त्यो अन्धो हुन्छ। पूतिकरञ्ज (काढ़े करौंजा)को पात, हरिताल, मनःशिला, राती गेड़ी, रातो कपास, पराल, यति आस्फोट (आँक), काँच (पागानून), गाइको गोबरको रसमा पिंधेर आगो लाएको धूवाँ लागेको अन्धो हुन्छ। सर्पको काचुली, गाइको गोबर, घोड़ाको लीदी, गन्धाहिक(माछा विशेष)को टाउको मिसाएर आगो सल्काएको धूवाँ पनि अन्ध गराउँछ।

परेवा—प्लव (हाँस), गिद्ध, हात्ती, मानिस, बनेलको मूत र विष्ठा, कासीस, हिङ्, जौको भूस, कनिका र कपास, कुटज (कुटकी), कोशतकीको बीउ, गोमूत्रिका (गन्धेमार), भण्डिर(मजिठा)को जरा, नीम, शिग्रु (सैंहजन), फणाज्जका (नागफणी), अक्षीव (सेतो सहैंजन), पीलुक (तेंदू)—यिनको बोका सर्प वा माछोको छाला, हात्तीको नङ्, दाँतको धूलो, मदन (धतुरो), कोदोको डाँठको आगोमा, किंवा हस्तिकर्ण (धनिया), पलासको पात, यिनको धूलो आगो सल्काएमा त्यसको धूवाँ जहाँसम्म पुग्दछ त्यहाँसम्म सबै प्राणी मर्दछन्। काली (चखेत्रो) कूट, नउ, शतावरी (कुरिलो)को जरा, सर्प मुजुरको पुच्छर, कृकण (जङ्गली तित्रो) पञ्चकुष्ठ, (कटकीको पत्र, पुष्प, फल, त्वक्, जरा), शतपदी (कनसुतलो) यिनको धूवाँ वा कोदाको (मल) धनियाँ, पलासको पातसँग पोलेर निस्केको धूवाँ युद्धमा उत्रने हमला गर्ने हुलमुलमा पछि यही अधिकरणको चौथो अध्यायमा भनिने तेजनोदक विधिले आफ्नो आँखाको बचाउ गरेर शत्रुसैन्यमा फैलाहँदा सबै प्राणीको आँखा अन्धो हुन्छ।

शारिका (मैना), परेवा, बकुल्लो, बलाकाको विष्ठा, आँक, अक्ष (वर्शे),

पीलु (तेंदू), सिउढ़ी को दूधमा पिंधेर अञ्जन लाएमा अन्धो गराउने, पानी पनि खराब तुल्याउने हुन्छ ।

यवक (जौ), मार्सिघानको जरा, धतुराको फल, जूहीको पात, मानिसको मूत मिसाएर पाखी विदारीकन्दको जरा मिसाई मूक (विशेषमाछा), डुम्री मदन (धतुरो फल), कोदोको काढ़ामा मिसाए अथवा हस्तिकर्ण (धनियाँ), पलासको काढ़ामा मिलाएमा मदनयोग बन्दछ । यसले चित्त-विभ्रम गराउँछ । शृङ्गि-गौतम (सिंगे माछाको पित्त), गौतम, कष्टकारी मयूरपदीको योग, राति गेडी, लाङ्गली, विषमूली, इङ्गुदी(च्यूनी)को योग, करवीर, अक्ष (वर्रो), पीलु आँक, मृग मारणी(औषधिविशेष)को योग, धतुरो कोदोको काढ़ामा मिसाएमा वा हस्तिकर्ण (धनियाँ), पलाशको काँढ़ामा मिसाएमा मदनयोग (चित्त-विभ्रम गराउने) हुन्छ । यी सबै भूसा, दाउरा, पानीलाई दूषित पार्ने पनि हुन्छन् ।

नसाहरू पाको भएको छेपारो, माउसुली, गोहोरो किंवा अन्धाहिक, दुइमुखे सर्प पोलेको धूवाँले आँखा अन्धो गर्ने, उन्माद गराउने हुन्छ । छेपारो र माउसुलीको धूवाँले कुष्ठ पैदा गर्दछ । त्यसमाथि छिरबिरे भ्यागुताको आन्द्रा मह समेत मिलाएमा प्रमेहरोग पैदा गर्दछ । मानिसको रगत समेत मिलाएमा क्षयरोग पैदा गर्दछ । दूवीविष औषधिको प्रयोगले शक्ति कम भएको मदन (धतुरो) कोदोको धूलो उपजिह्वकायोग (धमिरो), मातृवाहक (पक्षिविशेष), अञ्जलिकार (औषधिविशेष), प्रचलाक (मुजुरको प्वाँख), भ्यागुताको आँखा, पीलु (तेंदू) मिसाएको योगले हैजा पैदा गर्दछ। पञ्चकुष्ठक (कूटको पञ्चाङ्ग), कौण्डिन्यक (कीराविशेष), राजवृक्ष महुआको योगले ज्वर गराउन्छ । भास (पक्षिविशेष), न्याउरीका, जिह्वा (मजिठां), ग्रन्थिका (पिप्पलमूल)को योग गधीको दूधमा पींधेपछि महिना-पन्ध्र दिनमा लाटो-बंहिरो गराउँछ । यी औषधहरू मानिसलाई सानो मात्रामा, गधा-घोड़ालाई डबलमात्रा, हात्ती-ऊँटलाई चौगुना मात्रामा प्रयोग गर्ने कुरा अगि लेखेजस्तै बुझ्नु । अगि लेखिएका औषधिहरू कुटेर काढ़ा बनाउनू र प्राणीको धूलो बनाउनू, अथवा प्राणी सबैको काढ़ा बनाउनू। त्यसो गरेमा ज्यादै शक्ति हुने हुन्छ । योग औषधिहरूको निरूपण गरियो ।

सिमल, विहारीकन्द, धान्य(धनिया)सँग पिप्पलीमूल (पीपलको जरा), वत्सनाग (विष) छुछुन्द्राको रगतमा मिलाई बनाएको लेपले लिपेको बाण जुन प्राणीको जीउमा बिझ्दछ, त्यो घायलले अरू दश जनालाई दाँतले टोक्तछ, ती टोकिएका १० जना प्रत्येकले अरू १०-१० जनालाई दाँतले टोक्तछ । भल्लातक (भलायो), यातुधान (राकस), अपामार्ग, बाण (वृक्ष

विशेष)को फूल, एलक (अलैंची), अक्षि (बर्रो), गुग्गुल, हालाहल (विष) यिनको काढ़ामा बोकाको मानिसको रगत मिसाएपछि अगि भनेझैं टोक्ने योग बन्दछ। यसको प्रयोग गरिएको मानिसले अरू १० जनालाई दाँतले टोक्तछ। यो काढ़ाको आधा धरणी (८ रूप्यमाषा) जति माषा सत्तु तिलको पिना मिसाएर पानीमा प्रयोग गरेमा ४०० हात लामो तलाउको पानीलाई पनि दूषित पार्दछ। यसले गर्दा दूषित भएको माछोले टोके पनि छोए पनि माछाको जाति नै विषालु हुन्छ। यो पानी जस्ले पिउँछ त्यो पनि विषालु हुन्छ।

रातो-सेतो सर्सिउ, गोधा (गोहदोरो) ४५ दिनसम्म माटाको हाँड़ीमा राखेर भूइँमा गाड़ेर कुनै प्राण-दण्ड पाउने व्यक्तिद्वारा जमीनबाट झिकेपछि त्यो देख्नेबित्तिकै त्यसको मृत्यु हुन्छ। यसै गरी रातो-सेतो सर्सिउँसँग कालो सर्प माटाको भाँड़ामा हालेर ४५ दिन भूइँमा गाड़ेर वध्य मानिसले झिकेर देख्नासाथ मराउँछ।

अथवा आकाशको बिजुलीको आगाको तेज लाएको, ज्वाला नउठेको कोइला बिजुलीले नै जलाएका काठ दाउरा हालेर बाली कृत्तिका भरणी परेको समयमा रुद्रदेवताको होम गरेर सो आगो शत्रुको किल्लामा हालिदिए निभाउन नशकिने गरी जलाउँछ। कर्मार (कुमालेकहाँको आगो वा बाँस घोटिएर निस्केको आगो) लिएर महले होम, भट्टीको आगो लिएर रक्सीले होम, लोहारको आगो ल्याएर भार्गी (औषधिविशेष) समेत घिउको होम, पतिव्रताकहाँबाट ल्याएको आगोमा फूलमालाको होम, व्यभिचारिणी-स्त्रीकहाँको आगोमा सस्यूँको होम, सुत्केरीको आगोमा दहीको होम, अग्निहोत्रको आगोमा चामलको होम, चण्डालको घरको आगोमा मासुको होम, चिताको आगोमा मानिसको मासु होम र ती सबै आगो जम्मा गरी बोकाको बोसो, मानिसको मासु र बरको दाउरा होम, अग्निको मन्त्रले राजवृक्षको दाउराको होम गरेको आगो देख्नासाथ शत्रुको आँखा लठ्िने हुन्छ।

होम गर्ने मन्त्र—

अदिते नमस्ते, अनुभवे नमस्ते, सरस्वति नमस्ते, देवसवितः नमस्ते,
अग्नये स्वाहा, सोमाय स्वाहा, भूः स्वाहा, भुवः स्वाहा।

अथ द्वितीयोऽध्यायः

१७८ प्रकरणे—प्रलम्भने अद्भुतोत्पादनम्

शिरीषोदुम्बरशमीचूर्णं बिसदूर्वाक्षीरघृतजाण्डसिद्धो पाक्षिकः। माषयवकुलत्थदर्भमूलसर्पिषा संहृत्य मासिकः क्षुद्योगः। कशेरुकोत्पलकन्देक्षुमूलचूर्णं वा क्षीरघृताभ्यां, वल्लीक्षीरघृतं वा समसिद्धं सालपृश्निपर्णीमूलकल्कं पयसा पीत्वा पयो वा तत्सिद्धं मधुघृताभ्यामशित्वा मासमुपवसति। श्वेतबस्तमूत्रे सप्तरात्रोषितैः सिद्धार्थकैः सिद्धं तैलंकटुकालाबौ मासार्धमासस्थितं चतुष्पदद्विपदानां विरूपकरणम्। तक्रयवभक्षस्य सप्तरात्रादूर्ध्वं श्वेतगर्दभस्य लेण्डयवैः सिद्धं गौरसर्पतैलं विरूपकरणम्। एतयोरन्यतरस्य मूत्रलेण्डरससिद्धं सिद्धार्थकतैलमर्कतूलपतंगचूर्णप्रतिवापं श्वेतीकरणम्।

श्वेतकुक्कटाजगरलेण्डयोगः श्वेतीकरणम्। श्वेतबस्तमूत्रे श्वेतसर्षपाः सप्तरात्रोषितास्तक्रमर्कक्षीरमर्कतूलकटुकमत्स्यविडंगाश्च। एष पक्षस्थितो योगः श्वेतीकरणम्। समुद्रमण्डूकीशंखसुधाकदलीक्षारतक्रयोगः श्वेतीकरणम्। कदल्यवल्गुजक्षाररसयुक्ताः सुरायुक्तास्तक्रार्कतूलस्नुहीलवणं धान्याम्लं च पक्षस्थितो योगः श्वेतीकरणम्। कटुकालाबौ वल्लीगते नगरमर्धमासस्थितं गौरसर्षपपिष्टं रोम्णां श्वेतीकरणम्।

अर्कतूलोऽर्जुने कीटः श्वेता च गृहगोलिका।
एतेन पिष्टेनाभ्यक्ताः केशाः स्युः शंखपाण्डराः ॥ १ ॥

गोमयेन तिन्दुकारिष्टकल्केन वा मर्दिताङ्गस्य भल्लातकरसानुलिप्तस्य मासिकः कुष्ठयोगः। कृष्णसर्पमुखे गृहगोलिकामुखे वा सप्तरात्रोषिता गुञ्जाः कुष्ठयोगः। शुकपित्ताण्डरसाभ्यङ्गः कुष्ठयोगः। कुष्ठस्य प्रियालकल्ककषायः प्रतीकारः। कुक्कुटीकोशातकीशतावरीमूलयुक्तमाहारयमाणो मासेन गौरो भवति। वटकषायस्नातः सहचरकल्क-

दिग्धः कृष्णो भवति। शकुनकंगुतैलयुक्ता हरितालमनःशिलाः श्यामीकरणम्। खद्योतचूर्णं सर्षपतैलयुक्तं रात्रौ ज्वलति।

खद्योतगण्डूपदचूर्णं समुद्रजन्तुनां भृङ्गकपालानां खदिरकर्णिकाराणां पुष्पचूर्णं वा शकुनकंगुतैलयुक्तं तेजनचूर्णं पारिभद्रत्वङ्मषीमण्डूकवसया युक्ता गात्रप्रज्वालनमग्निना ज्वलति। पीलुत्वङ्मषीमयः पिण्डो हस्ते ज्वलति। मण्डूकवसादिग्धोऽग्निना ज्वलति। तेन प्रदिग्धमङ्गं कुशाम्रफलतैलसिक्तं समुद्रमण्डूकीफेनकसर्जरसचूर्णयुक्तं वा ज्वलति। मण्डूकवसासिद्धेन पयसा कुलीरादीनां वसया समभागं तैलं सिद्धमभ्यङ्गो गात्राणामग्निप्रज्वालनम्। मण्डकवसादिग्धोऽग्निना ज्वलति। वेणुमूलशैवललिप्तमङ्गं मण्डूकवसादिग्धमग्निना ज्वलति। परिभद्रकप्रतिबलावंजुलवज्रकदलीमूलकल्केन मण्डूकवसादिग्धेन तैलेनाभ्यक्तपादोऽङ्गारेषु गच्छति।

उपोदिका प्रतिबला वंजुलः पारिभद्रकः।
एतेषां मूलकल्केन मण्डूकवसया सह ॥ २ ॥
साधयेत्तैलमेतेन पादावभ्यज्य निर्मलौ।
अङ्गारराशौ विचरेद्यथा कुसुमसंचये ॥ ३ ॥

हंसक्रौंचमयूराणामन्येषां वा महाशकुनीनामुदकप्लवानां पुच्छेषु बद्धा नलदीपिका रात्रावुल्कादर्शनम्। वैद्युतं भस्माग्निशमनम्। स्त्रीपुष्पपायिता माषा व्रजकुलीमूलं मण्डूकवसामिश्रं चुल्ल्यां दीप्तायामपाचनम्। चुल्लीशोधनं प्रतीकारः। पीलुमयो मणिरग्निगर्भः। सुवर्चलामूलग्रन्थिः सूत्रग्रन्थिर्वा पिचुपरिवेष्टितो मुखादग्निधूमोत्सर्गः। कुशाम्रफलतैलसिक्तोऽग्निर्वर्षप्रवातेषु ज्वलति। समुद्रफेनस्तैलयुक्तोऽम्भसि प्लवमानो ज्वलति। प्लवङ्गानामस्थिषु कल्माषवेणुना निर्मथितोऽग्निर्नोदकेन शाम्यति, उदकेन च ज्वलति।

शस्त्रहतस्य शूलप्रोतस्य वा पुरुषस्य वामपार्श्वपर्शुकास्थिषु कल्माषवेणुना निर्मथितोऽग्निः, स्त्रियाः पुरुषस्य वास्थिषु मनुष्यपर्शुकया

निर्मथितोऽग्निर्यत्र त्रिरपसव्यं गच्छति, न चात्रान्योऽग्निर्ज्वलति ।

चुचुन्दरी खंजरीटः खारकीटश्च पिष्यते ।
अश्वमूत्रेण संसृष्टा निगडानां तु भंजनम् ॥ ३ ॥

अयस्कान्तो वा पाषाणः ।

कुलीराण्डदर्दुरखारकीटवसाप्रदेहेन द्विगुणो दारकगर्भः कंकभासपार्श्वोत्पलोदकपिष्टश्चतुष्पदद्विपदानां पादलेपः, उलूकगृध्रवसाभ्यामुष्ट्रचर्मोपानहावभ्यज्य वटपत्रैः प्रतिच्छाद्य पंचाशद्योजनान्यश्रान्तो गच्छति । श्येनकंककाकगृध्रहंसक्रौंचवीचिरल्लानां मज्जानो रेतांसि वा योजनशताय । सिंहव्याघ्रद्वीपिकाकोलूकानां मज्जानो रेतांसि वा, सार्ववर्णिकानि गर्भपतनान्युष्ट्रिकायामभिषूय श्मशाने प्रेतशिशून् वा तत्समुत्थितं मेदो योजनशताय ।

अनिष्टैरद्भुतोत्पातैः परस्योद्वेगमाचरेत् ।
अराज्यायेति निर्वादः समानः कोप उच्यते ॥ १ ॥

इति कौटिलीये अर्थशास्त्रे औपनिषदिके चतुर्दशेऽधिकरणे
प्रलम्भनेऽद्भुतोत्पादनं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अध्याय २

प्रकरण १७८ (क)

शत्रुलाई छकाउने अद्भुत प्रयोग

(यस प्रकरणमा शत्रुलाई छकाउन अनेक आश्चर्य गराउने प्रयोगको वर्णन गरिन्छ ।)

शिरीष, डुम्री, शमीको बोक्राको धूलो घ्यूमा मिलाएर खाएमा (१५ पन्ध्र दिनसम्म) भोक लाग्दैन । कसेरुक (कसेरू), कमलगट्टा र उखुको जरा, कमलको डाँठ, दूबो यत्ति घ्यू र दूध माडमा मिलाएर खाएमा १ महिना-

सम्म भोक लाग्दैन। माष, जौ, गहत, कुशको जराको चूर्ण दूध, घ्यूसंग, अथवा वल्ली (अजमोदा) बराबर दूध, घ्यूमा मिसाएर खाएमा, अथवा सालपर्णी (सरिवन), पृष्णिपर्णी(पिठवन)को जराको कल्क (कुटेको झोल) दूधमा मिसाएर खाएमा, किंवा त्यो दूधमा पकाएर मह र घ्यू मिसाएर खाएमा महिनाभर भोकै बस्न शकिन्छ ।

सेतो बोकाको मूतमा सात रातसम्म भिजाएको सस्यूँको तेल पेलेर त्यो तेल तीतो तुम्बाको काढ़ामा महिनाभर राखेर मनुष्य वा पशुलाई लाइदिएमा त्यसको अनुहार बदलिने हुन्छ। सात दिनसम्म मही र जौमात्र खुवाएको गधाको लीद र जौ मिसाएर पकाएको सस्यूँको तेल लाउनाले पनि अनुहार बदलिने हुन्छ। सेतो बोका अथवा सेतो गधाको मलमूतमा पकाएको सस्यूँको तेलमा आँकको भूवा पतङ्गको चूर्ण हालेर लाउँदा मानिस सेता वर्णको हुन्छ। सेतो कुखुरा र अजिंगरको विष्ठा मिसाएर लाएमा पनि सेतो वर्ण हुन्छ।सेतो बोकाको मूतमा सेतो सस्यूँ सात रात भिजाएर मही, आँकको दूध, आँकको भुवा, कटुक (कुटकी), माछा, वायुविडङ्ग मिसाएर पन्ध्र दिनसम्म राखी त्यो सर्स्यूँको तेल पेलेर लाएमा पनि सेतो वर्ण हुन्छ। समुद्रको भ्यागुती, शङ्ख, सुधा (मुरहरी), केरा, जवाखार मिसाएर लाएमा पनि सेतो हुन्छ। केरा, अवल्गुन (सोमराजी), जवाखार, पारो, शुक्र (मही) मदिरामा मिसाएर मही, आँकको भुवा सिउढ़ी नून समेत हालेर काँजीमा १५ दिन राखेर लाएपछि सेतो वर्ण हुन्छ।

आफ्नै लहरामा रहेको तीतो तुम्बामा सुठो १५ दिन राखेर त्यो सर्सिउसँग मिसाई पिंधेर लाएमा जिउको रौं सबै सेतो हुन्छ।

आँकको भुवा र अर्जुन (खरी) वृक्षको कीरा, सेतो माउसुली मिसाएर पिंधी केशमा लगाएमा कपाल सेतो हुन्छ।

गोबर, तेंदू, रिट्ठाको कल्क(पिंधेको लेदो)ले आँङ मलेर भलायोको रस लिपेपछि एक महिनामा कुष्ठ रोग हुन्छ। कालो साँपको मुखमा, वा माउसुलीको मुखमा सात रात राखेको रातोगेडीले कुष्ठ गराउँछ। सुगाको पित्त त्यसैको अण्डको रसमा मिलाई घसेमा कुष्ठ गराउने हुन्छ।

प्रियाल(चिरौंजी)को झोलको काढ़ा लगाएमा कुष्ठको निवारण हुन्छ। कुखुरी, चिचिंडो र कुरिलोको जरा मिसाएर खाने गर्दा १ महिनामा गोरो हुन्छ। वरको काढ़ाले नुहाएर सहचर(औषधि)को रस लिपेमा कालो हुन्छ।

गिद्धको मासु, कंगु (कागुनु), हरिताल र मनःशिला तेलमा पकाएर लाएमा कालो हुन्छ। जूनकिरीको धूलो सर्सिउको तेलमा मिलाएर लगाएमा रातिमा चम्कन्छ।

जूनकिरी र गड्यौलाको धूलो, समुद्रका ससाना कीरा, भृङ्ग (पक्षिविशेष) पक्षीको खप्परको धूलो, खयर, कर्णिकार(कनेर)को फूलको धूलो, अथवा गिद्धको मासु, कागुन हालेर पकाएको तेल, तेजन(बाँस)को धूलो नीमको बोक्राको-मसीमा भ्यागुताको बोसो मिसाई आङमा लाएमा शरीरमा पीड़ा नहुने गरी आगो बले जस्तो हुन्छ। त्यसले जीउमा लिपेपछि कुश, आपको फल पकाएको तेल लाएमा अथवा समुद्रको भ्यागुतो, समुद्रफेन, सर्जरस—साल-धूपको धूलो घसेमा जीउ बल्ने हुन्छ।

भ्यागुताको बोसो हालेर पकाएको दूध र गँगटाको बोसो सम भाग गरी हाली पकाएको शरीरमा लिपेमा जीउमा आगो बल्दछ। बाँसको जरा र सिवाली घसेको जिउमा भ्यागुताको बोसो लिपेमा आगो बल्दछ।

नीम, प्रतिबला (खरेटी), बेत, वज्र (थूहर), केराको जराको झोल र भ्यागुताको बोसो मिसाएको तेल मिलाएर गोड़ामा घसेदेखि आगाको रासमा पनि फूलको थुप्रोमा झैं हिँड्न शकिन्छ।

हाँस, कन्याङकुरुङ्, मुजुर, अथवा अरु ठुला-ठुला जलचर पक्षीहरूको पुच्छरमा बाँधेको नर्कटमा बनाएको चिराकले राति उल्का जस्तै देखिने हुन्छ।

मेघको बिजुलीले डढ़ाएको काठको खरानीले बल्दो आगो निभाउँछ।

स्त्रीको रजमा मुछेको माष, गाईगोठमा उम्रेको कुली(कटोरी)को जरा भ्यागुताको बोसो मिसाएर बल्दो चुलोमा हालेमा जति पकाए पनि नपाक्ने हुन्छ। त्यो चुलोबाट ओरालेर सफा गरी धोएपछि पकाउँदा पाक्ने हुन्छ।

पीलु (तीजू) काठको बनाएको गाग्रोभित्र आगो हुन्छ। सुवर्चला (आलस)को जराको गाँठो, वा क्षुमा(सन)को धागाको गाँठो कपासमा बेरेर मुखभित्र हालेमा मुखबाट आगो र धूवाँ निस्कने हुन्छ। कुश, आँपको कोयाको तेल, आगोमा हालेदेखि त्यो आगो आँधी-वर्षामा पनि निभ्दैन। समुद्रको फींजलाई तेलमा भिजाएर जलाई पानीमा हालिदिएमा बगदै बलीरहन्छ। बाँदरको हाड़मा छिरबिरे बाँस रगड़ेर निकासेको आगो पानी हाले पनि निभ्दैन, उल्टो जति पानी हाल्यो उति बल्दछ।

शस्त्रले मारिएको वा शूलीमा हाली मारिएको मानिसको बायाँपट्टिको करङ्को हाड़मा छिरबिरे बाँस रगड़ेर निकासेको आगो जुन ठाउँमा तीनपल्ट बायाँ घुमाइन्छ त्यहाँ अर्को आगो बल्दैन ।

छुछुन्द्रो, खञ्जनपक्षी, उखर जमीनको कीरा, यी तीन थोक पिंधेर घोड़ाको मूतमा मिसाएर लाएमा फलामको नेल भाँचिन्छ । अयस्कान्त (चुम्बक) पत्थर पनि नेल भाच्ने हुन्छ ।

गंगटाको अण्डामा भ्यागुताको बोसो र उखर (क्षार) भूमिको कीराको-बोसो लीपेर दोबर खदीलो भएको सुगुरको गर्भ, कंकपक्षी, भास (गिद्ध)-को पार्श्वभाग, कमलको पात पिंधेर बनाएको लेप मनुष्य वा पशुको खुट्टामा लाइदिएमा र लाटोकोसेरो र गिद्धको बोसोले ऊँटको छालाको जुत्तामा घसेर. वरको पातले छोपी त्यो जुत्ता लाएर पनि ५० योजनसम्म नथाकीकन हिंड्न शक्छ । बाज, कङ्क, काग, गिद्ध, हाँस, क्र्याङकुरुङ, वीचिरल्ल(तरङ्गको रेखा भएको कुनै पक्षी)को बोसो वा रेत (वीर्य) खुट्टामा घसे १०० योजन हिंड्न शकिन्छ । सिंह, बाघ, चितुवा, काग, लाटोकोसेराको बोसो वा रेत (वीर्य) सबै वर्ण (जात)का गिराएको गर्भ माटाको हाड़ीमा हाली गुम्स्याएर, अथवा श्मशानका बालक-मुर्दा हाँड़ीमा उसीनेर निकासेको बोसो खुट्टामा लिपे १०० योजन हिंड्न शकिने हुन्छ ।

यस किसिमका अचम्मलाग्दा अनिष्ट उपायले शत्रुलाई अत्याउनू ।

यस किसिमको प्रयोग शत्रुदेशमा अराजकता बढ़ाउनालाई हुन्छ । यी काम खराप भए पनि शत्रु वा विजिगीषु दुवै थरीलाई बदलादिन काम लाग्ने हुन्छ ।

अथ तृतीयोऽध्यायः

१७८ प्रकरणे—प्रलम्भने भैषज्यमन्त्रप्रयोगः

मार्जारोष्ट्रवृकवराहश्वाविद्वागुलीनप्तृकाकोलूकानामन्येषां वा निशाचराणां सत्त्वानामेकस्य द्वयोर्बहूनां वा दक्षिणानि वामानि वाक्षीणि गृहीत्वा द्विधा चूर्णं कारयेत् । ततो दक्षिणं वामेन वामं दक्षिणेन समभ्यज्य रात्रौ तमसि च पश्यति ।

एकाम्लकं वराहाक्षि खद्योतः कालशारिवा ।
एतेनाभ्यक्तनयनो रात्रौ रूपाणि पश्यति ॥ १ ॥

त्रिरात्रोपोषितः पुष्ये शस्त्रहतस्य शूलप्रोतस्य वा पुंसः शिरःकपाले मृत्तिकायां यवानावास्याविक्षीरेण सेचयेत्, ततो यवविरूढमालामाबध्य नष्टच्छायारूपश्चरति । त्रिरात्रोपोषितः पुष्येण श्वमार्जारोलूकवागुलीनां दक्षिणानि वामानि चाक्षीणि द्विधा चूर्णं कारयेत् । ततो यथास्वमभ्यक्ताक्षो नष्टच्छायारूपश्चरति । त्रिरात्रोपोषितः पुष्ये पुरुषघातिनः काण्डस्य शलाकामंजनीं च कारयेत्, ततोऽन्यतमेनाक्षिचूर्णेनाभ्यक्ताक्षो नष्टच्छायारूपश्चरति ।

त्रिरात्रोपोषितः पुष्येण कालायसीमंजनीं शलाकां च कारयेत् । ततो निशाचराणां सत्त्वानामन्यतमस्य शिरःकपालमंजनेन पूरयित्वा मृतायाः स्त्रिया योनौ प्रवेश्य दाहयेत् । तदञ्जनं पुष्येणोद्धृत्य तस्यामञ्जन्यां निदध्यात्, तेनाभ्यक्ताक्षो नष्टच्छायारूपश्चरति । यत्र ब्राह्मणमाहिताग्निं दग्धं दह्यमानं वा पश्येत्, तत्र त्रिरात्रोपोषितः पुष्येण स्वयंमृतस्य वाससा प्रसेवं कृत्वा चिताभस्मना पूरयित्वा तमाबध्य नष्टच्छायारूपश्चरति । ब्राह्मणस्य प्रेतकार्ये या गौर्मार्यते तस्या अस्थिमज्जाचूर्णपूर्णाहिभस्त्रा पशूनामन्तर्धानम् ।

सर्पदष्टस्य भस्मना पूर्णा प्रचलाकभस्त्रा मृगाणामन्तर्धानम् । उलूकवागुलीपुच्छपुरीषजान्वस्थिचूर्णपूर्णाहिभस्त्रा पक्षिणामन्तर्धानम् । इत्यष्टावन्तर्धानयोगाः ।

बलिं वैरोचनं वन्दे शतमायं च शम्बरम् ।
भण्डीरपाकं नरकं निकुम्भं कुम्भमेव च ॥ २ ॥
देवलं नारदं वन्दे वन्दे सावर्णिगालवम् ।
एतेषामनुयोगेन कृतं ते स्वापनं महत् ॥ ३ ॥
यथा स्वपन्त्यजगराः स्वपन्त्यपि चमूखलाः ।
तथा स्वपन्तु पुरुषा ये च ग्रामे कुतूहलाः ॥ ४ ॥

भण्डकानां सहस्रेण रथनेमिशतेन च ।
इमं गृहं प्रवेक्ष्यामि तूष्णीमासन्तु भाण्डकाः ॥ ५ ॥

नमस्कृत्वा च मनवे बद्ध्वा शुनकफेलकाः ।
ये देवा देवलोकेषु मानुषेषु च ब्राह्मणाः ॥ ६ ॥

अध्ययनपारगाः सिद्धा ये च कैलासतापसाः ।
एते च सर्वसिद्धेभ्यः कृतं ते स्वापनं महत् ॥ ७ ॥

अतिगच्छति च मय्यपगच्छन्तु संहताः ।
अलिते पलिते मनवे स्वाहा ।

एतस्य प्रयोगः—त्रिरात्रोपोषितः कृष्णचतुर्दश्यां पुष्योगिन्यां श्वपाकीहस्ताद्विलखावलेखनं क्रीणीयात् । तन्माषैः सह कंडोलिकायां कृत्वा असंकीर्णे आदहने निखानयेत् । द्वितीयस्यां चतुर्दश्यामुद्धृत्य कुमार्या पेषयित्वा गुलिकाः कारयेत् । तत एकां गुलिकामभिमंत्रयित्वा यत्रैतेन मंत्रेण क्षिपति, तत्सर्वं प्रस्वापयति ।

एतेनैव कल्पेन श्वाविधः शल्यकं त्रिकालं त्रिश्वेतमसंकीर्णे आदहने निखानयेत् । द्वितीयस्यां चतुर्दश्यामुद्धृत्यादहनभस्मना सह यत्रैतेन मंत्रेण त्रिर्जपति, तत्सर्वं प्रस्वापयति ।

सुवर्णपुष्पीं ब्राह्मणीं ब्रह्माणं च कुशध्वजम् ।
सर्वांश्च देवता वन्दे वन्दे सर्वांश्च तापसान् ॥ ८ ॥

वशं मे ब्राह्मणा यान्तु भूमिपालाश्च क्षत्रियाः ।
वशं वैश्याश्च शूद्राश्च वशतां यान्तु मे सदा ॥ ९ ॥

सुखं स्वपन्तु शुनका ये च ग्राम्ये कुतूहलाः ।
श्वाविधः शल्यकं चैतत्त्रिश्वेतं ब्रह्मनिर्मितम् ॥ १० ॥

प्रसुप्ताः सर्वसिद्धा हि एतत्ते स्वापनं कृतम् ।
यावद्ग्रामस्य सीमान्तः सूर्यस्योद्गमनादिति ॥ ११ ॥ स्वाहा ॥

एतस्य प्रयोगः। श्वाविधः शल्यकानि त्रिश्वेतानि सप्तरात्रोपोषितः कृष्णचतुर्दश्यां खादिरादिभिः समिधाभिरग्निमेतेन मंत्रेणाष्टशतसम्पातं कृत्वा मधुघृताभ्यामभिजुहुयात्। तत एकमेतेन मंत्रेण ग्रामद्वारि गृहद्वारि वा यत्र निखन्यते, तत्सर्वं प्रस्वापयति।

बलि वैरोचनं वन्दे शतमायं च शम्बरम्।
निकुम्भं नरकं कुम्भं तन्तुकच्छं महासुरम्॥ १२॥

अमालवं प्रमीलं च मण्डोलूकं घटोबलम्।
कृष्णकंसोपचारं च पौलोमीं च यशस्विनीम्॥ १३॥

अभिमंत्रयित्वा गृह्णामि सिद्धार्थं शवसारिकाम्।
जयतु जयति च नमः शलकभूतेभ्यः स्वाहा।

सुखं स्वपन्तु शुनका ये च ग्राम्ये कुतूहलाः।
सुखं स्वपन्तु सिद्धार्था यमर्थं मार्गयामहे॥ १४॥
यावदस्तमयादुदयो यावदर्थं फलं मम॥ १५॥ स्वाहा।

एतस्य प्रयोगः—चतुर्नक्तोपवासी कृष्णचतुर्दश्यामसंकीर्ण आदहने बलिंकृत्वा एतेन मंत्रेण शवशारिकां गृहीत्वा पोत्रीपोट्टलिकां बध्नीयात्। तन्मध्ये श्वाविधः शल्यकेन विद्ध्वा यत्रैतेन मंत्रेण निखन्यते, तत्सर्वं प्रस्वापयति।

उपैमि शरणं चाग्निं दैवतानि दिशो दश।
अपयान्तु च सर्वाणि वशतां यान्तु मे सदा॥१६॥ स्वाहा।

एतस्य प्रयोगः—त्रिरात्रोपोषितः पुष्येण शर्करा एकविंशतिसम्पातं कृत्वामधुघृताभ्यामभिजुहुयात्। ततो गन्धमाल्येन पूजयित्वा निखानयेत्। द्वितीयेन पुष्येणोद्धृत्यैकां शर्करामभिमंत्र्य कवाटमाहन्यात्। अभ्यन्तरं चतसृणां शर्कराणां द्वारमपाव्रियते।

चतुर्नक्तोपवासी कृष्णचतुर्दश्यां भग्नस्य पुरुषस्यास्थ्ना वृषभं कारयेत्। अभिमंत्रयेच्चैतेन द्विगोयुक्तं गोयानमाहृतं भवति। ततः

परमाकाशे विक्रामति । सदा रविरविः सगण्डपरिघाति सर्वं भणाति । चण्डालीकुम्भीतुम्बकटुसारीघः सनारीभगोऽसि स्वाहा । तालोद्घाटनं प्रस्वापनं च ।

त्रिरात्रोपोषितः पुष्येण शस्त्रहतस्य शूलप्रोतस्य वा पुंसः शिरःकपाले मृत्तिकायां तुवरीरावास्योदकेन सेचयेत् । जातानां पुष्येणैव गृहीत्वा रज्जुकां वर्तयेत् । ततः सज्यानां धनुषां यन्त्राणां च पुरस्ताच्छेदनं ज्याच्छेदनं करोति । उदकाहिभस्त्रामुच्छ्वासमृत्तिकया स्त्रियाः पुरुषस्य वा पूरयेत्, नासिकाबन्धनं मुखग्रहश्च । वाराहबस्तिमुच्छ्वासमृत्तिकया पूरयित्वा मर्कटस्नायुनावबध्नीयात्, आनाहकरणम् । चतुर्दश्यां शस्त्रहताया गोः कपिलायाः पित्तेन राजवृक्षमयीममित्रप्रतिमामञ्ज्यात्, अन्धीकरणम् ।

चतुर्नक्तोपवासी कृष्णचतुर्दश्यां बलिं कृत्वा शूलप्रोतस्य पुरुषस्यास्थ्ना कीलकान्कारयेत् । एतेषामेकः पुरीषे मूत्रे वा निखात आनाहं करोति । पादेऽस्यासने वा निखातः शोषेण मारयति । आपणे क्षेत्रे गृहे वा वृत्तिच्छेदं करोति । एतेन कल्पेन विद्युद्ग्धस्य वृक्षस्य कीलका व्याख्याताः ।

पुनर्नवमवाचीनं निम्बः काकमधुश्च यः ।
कपिरोम मनुष्यास्थि बद्ध्वा मृतकवाससा ॥१७॥

निखन्यते गृहे यस्य पिष्ट्वा वा यं प्रपाययेत् ।
सपुत्रदारः सधनस्त्रीन्पक्षान्नातिवर्तते ॥१८॥

पुनर्नवमवाचीनं निम्बः काकमधुश्च यः ।
स्वयंगुप्ता मनुष्यास्थि पदे यस्य निखन्यते ॥१९॥

दारे गृहस्य सेनाया ग्रामस्य नगरस्य वा ।
सपुत्रदारः सधनस्त्रीन् पक्षान्नातिवर्तते ॥२०॥

अजमर्कटरोमाणि मार्जारनकुलस्य च ।
ब्राह्मणानां श्वापाकानां काकोलूकस्य चाहरेत् ॥२१॥
एतेन विष्ठावक्षुण्णा सद्य उत्सादकारिका ।
प्रेतनिर्मालिका किण्वं रोमाणि नकुलस्य च ॥२२॥
वृश्चिकाल्यहिकृत्तिश्च पदे यस्य निखन्यते ।
भवत्यपुरुषः सद्यो यावत्तन्नापनीयते ॥२३॥

त्रिरात्रोपोषितः पुष्येण शस्त्रहतस्य शूलप्रोतस्य वा पुंसः शिरःकपाले मृत्तिकायां गुंजा आवास्योदकेन च सेचयेत् । जातानाममावास्यायां पौर्णमास्यां वा पुष्पयोगिन्यां गुंजावल्लीर्ग्राहयित्वा मंडलिकानि कारयेत् । तेष्वन्नपानभाजनानि न्यस्तानि न क्षीयन्ते । रात्रिप्रेक्षायां प्रवृत्तायां प्रदीपाग्निषु मृतधेनोः स्तनानुत्कृत्य दाहयेत् । दग्धान् वृषमूत्रेण पेषयित्वा नवकुम्भमन्तर्लेपयेत् । ते ग्राममपसव्यं परिणीय तत्र न्यस्तं नवनीतमेषां तत्सर्वमागच्छतीति । कृष्णचतुर्दश्यां पुष्ययोगिन्यां शुनो लग्नकस्य योनौ कालायसीं मुद्रिकां प्रेषयेत्, तां स्वयं पतितां गृह्णीयात् । तया वृक्षफलान्याकारितान्यागच्छन्तीति ।

मंत्रभैषज्यसंयुक्ता योगा मायाकृताश्च ये ।
उपहन्यादमित्रांस्तैः स्वजनं चाभिपालयेत् ॥२४॥

इति कौटिलीये अर्थशास्त्रे औपनिषदिके चतुर्थेऽधिकरणे प्रलम्भने भैषज्यमंत्रप्रयोगो नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अध्याय ३

प्रकरण १७८ (ख)

(शत्रुलाई छकाउने औषधि र मन्त्रको प्रयोग)

बिरालो, ऊँट, ब्वाँसो, बनेल, दुम्सी, बागुली (पक्षिविशेष), नप्ता (पक्षिविशेष), काग, लाटोकोसेरो, अथवा अरु राति हिंड्ने प्राणीको एक

वा दुइ वा घेरैको दाहिने आँखा र बाँया आँखा बेगलै बेगलै धूलो पार्नू। बायाँको धूलोले आफ्नो दायाँ, दाँयाको धूलोले आफ्नो बायाँ आँखामा लेप लाएर घसेर राति अँध्यारोमा पनि देख्न शकिन्छ।

बडहर, बनेलको आँखा, जूनकिरी, कालोचाहीं सारिवा (औषधि), यिनको अञ्जन बनाएर लाएमा राति अँध्यारोमा पनि मानिसहरूको अनुहार देखिने हुन्छ।

तीन रात उपवास गरी, शस्त्रले मरेको वा शूलीपरी मरेको पुरुषको टाउकाको खप्परमा माटो हालेर, पुष्यनक्षत्र भएको दिनमा जौ रोपेर, भेड़ीको दूधले सिच्नू, र त्यो जौ उम्रेपछि जमराको माला लाएर हिंड़नेको अनुहार पनि, छाया पनि, कसैले नदेखिने भएर हिंडदछ। तीन रात उपवास गरी पुष्यनक्षत्र पारी कुकुर-बिरालो-लाटोकोसेरो-बगुली(पक्षिविशेष)हरूको दायाँ र बायाँ आँखा अलग अलग गरी पिंधेर त्यो धूलोले दाहिनेपट्टिको धूलोले आफ्नो दाहिनो, बायाँपट्टिको धूलेको आफ्नो बायाँपट्टिको आँखामा लाएर छाया-अनुहार नदेखिने गरी हिंड्न शकिन्छ।

तीन रात उपवास गरी पुष्य नक्षत्र पारेर मानिस मार्ने बाणको सिन्काले गाजल लाउने सिन्का बनाई कुकुर-बिरालो आदिमा यौटाको आँखाको धूलो आफ्नो आँखामा गाजल लाएझैं लाएमा छाया,रूप नदेखिने भई हिंडने हुन्छ।

तीन रात उपवास गरेर पुष्यनक्षत्र पारी कालो फलामले गाजल लाउने सिन्का बनाई राति हिंडने कुकुर बिरालो आदि प्राणिमध्ये यौटाको टाउकाको खप्परमा गाजल हालेर कुनै स्त्रीको योनिमा राखेर उठाउनू। सो अञ्जन पुष्यनक्षत्र पारेर झिकी गाजलको भाँड़ामा हाल्नू। त्यो गाजल आँखामा लाएपछि त्यसको छाया र रूप कसैले नदेखिने गरी हिड्न हुन्छ।

अग्निहोत्री ब्राह्मण डढ़ेको वा डढ्नलागेको जहाँ देखिन्छ, त्यस श्मशानमा तीन रात उपवास गरी पुष्यनक्षत्रमाआफै मरेका मानिसको कात्रोको थैलो बनाएर, त्यसमा चिताको खरानी भरेर, आफ्नो जीउमा बाँधेर हिंडेको मानिसको अनुहार, छाया, कसैले पनि देख्तैन। ब्राह्मणको प्रेतक्रियामा जुन गाई मारिन्छ (पूर्वयुगमा यस्तो थियो) त्यसको हाड़ भासोको धूलो सर्पको छालामा भरेर जुन पशुको घाँटीमा बाँधिदियो त्यसलाई कसैले पनि देख्तैन

सर्पले टोकेर मरेकाको खरानी मुजुरको छालाको थैलोमा भरेर पशुको घाँटीमा बाँधिदिएमा त्यसलाई कसैले पनि देख्तैन।

लाटोकोसेरो, बागुली(पक्षी)को पुच्छर, विष्ठा, घुँड़ाको हाड़को धूलो, सर्पको काँचुली बाँधिदिएमा पक्षिहरू नदेखिने हुन्छन् ।

यी आठ किसिमका अन्तर्धान गराउने योग (औषधिको प्रयोग) हुन् ।

१ प्रयोग—

विरोचनका छोरा बलिलाई, शय्यन् माया जान्ने शम्बरलाई, भण्डीर पाक, नरक, निकुम्भ, कुम्भलाई नमस्कार गर्दछु । देवल, नारद, सावर्णि, गालवलाई नमस्कार छ । सब देवता-दानवहरूको सहारा लिएर म ठूलो लठ्याउने प्रयोग गर्दछु । अजिगरहरू जसरी सुत्तछन्, सेनाका मूर्ख सैनिक जसरी सुत्तछन्, गाउँमा खलबल गर्ने सबै मानिस त्यसै गरी सुतून् । हजारन् गाड़ा शयन् रथका पांग्रा लिएर पस्तछु, यी भाडाहरूले अवाज नदिऊन् । मनुलाई नमस्कार गरेर दुष्ट कुकुरहरूलाई बाँधेर देवलोकमा रहने देवताहरू, मनुष्यलोकमा रहने ब्राह्मण र कैलासमा रहने अध्ययनमा पार भएका सिद्ध तपस्वीहरू, जो-जो छन् सबैलाई नमस्कार गरेर निद्राले लठ्ठ गराउने ठूलो प्रयोग गरिएको छ । म गएपछि सबै संघ बनेकाहरू पनि जाइहालून् । हे अलिते हे बलिते स्वाहा मनवे स्वाहा, तीन रात उपवास गरेर पुष्यनक्षत्र परेको कृष्णचतुर्थीमा चाण्डालीको हातबाट भूइँ खन्ने मूसाको मासुको टुक्रा किन्नू । त्यो मासु माष समेत गरी यौटा पेटारोमा हालेर एकान्त श्मशानमा गाड़िदिनू । त्यसपछिको अर्को चतुर्दशीमा त्यो झिकेर कुनै कन्यालाई पिँध्न लाएर गोलीहरू बनाउनू, अनि यौटा गोली यो मन्त्रले मन्त्रेर यो मन्त्र पढ़ेर जहाँ फ्याँक्यो त्यहाँ सबै लठ्ठ परेर निदाउँछन् ।

२ प्रयोग—

यसै गरी तीन रात उपवास गरेर पुष्यनक्षत्र भएको चतुर्दशीमा तीन ठाउँमा सेतो तीन ठाउँमा कालो भएको ढुंसीको काँढ़ा कुनै खुला श्मशानमा गाड़िदिनू । दोस्रो चतुर्दशीमा झिकेर मसानको खरानी समेत गरी त्यो काँढ़ा जहाँ फ्याँक्यो त्यहाँ सबै गाढ़ निद्रामा पर्दछन्...। (योनमन्त्रेपढेर)

३ प्रयोग—

सुवर्ण पुष्पी, ब्रह्माणी, ब्रह्मा, कुशध्वज, र अरु सबै देवता सबै तपस्वीहरूलाई नमस्कार गर्दछु । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र सबै सधैं मेरो वशमा पर्छन् ।

"स्वाहा अमिले किमिले वसु[1]जारे प्रयोगे फके वयु[2]ह्वे विहाले दन्तकटके स्वाहा" ।

सबै कुकुरहरू र खलबल गर्नेहरू जो-जो छन् सबै सुतून्, तीन ठाउँमा सेतो भएको यो दुंसीको काँढ़ा ब्रह्माले बनाएको हो, सबै सिद्धहरू सुतेका छन्, तिमीहरूलाई सुताउने यो ठूलो प्रयोग गरेको छु, यो गाउँको सीमा जहाँसम्म छ यहाँ देखि सूर्य उदाउँछ त्यहासंम यसको प्रभाव छ स्वाहा ।

यो मन्त्रको प्रयोग—तीन ठाउँमा सेतो भएका दुंसीका काँढ़ा तीन मसानमा गाड़िदिनू । अनि ७ रात उपवास गरेर कृष्णपक्षको चतुर्दशीका दिन यो मन्त्र पढ़ेर खयरका समिधा मह र घ्यूमा भिजाई त्यसले १०८ आहुति दिनू । अनि एकेक मन्त्र पढ़दै गाउँको द्वार वा घरको ढोकामा यौटा दुंसीको काँढ़ा गाडिदिनू । त्यो गाड्नेब्रित्तिकै त्यहाँ सबै निदाउने हुन्छन् ।

४ प्रयोग—

विरोचनका पुत्र बलि र शयन् माया जान्ने शम्बरलाई निकुम्भ नरक, कुम्भ, महान असुर तन्तुकछ, अर्मालव, प्रमील, मण्डोलूक, पटोवल, कृष्ण, कंसोपचार, यशस्विनी, पौलोमीलाई, म नमस्कार गर्दछु । आफ्नो कार्यसिद्धिका निमित्त मन्त्र पढ़ेर शव सारिकालाई लिन्छु । जयतु जयति च नमः शलक भूतेभ्यः स्वाहा । कुकुरहरू र अरु खलबल गर्नेहरू पनि आनन्द सुतून् । सूर्योदयदेखि सूर्यास्तसम्म जुन फल चाहन्छौ त्यो नपाउञ्जेल सबै सिद्धार्थ सुखसँग सुतीरहून् स्वाहाः ।

यसको प्रयोग—चार रात उपवास गरेर कृष्णचतुर्दशीका दिन कुनै फराकिलो श्मशानमा बलि दिएर, मरेको सारिका (मैना) लिएर यौटा सानो पोको पारेर बाँधनू । अनि दुंसीको काँढ़ाले बिचमा घोचेर त्यो पोको माथिको मन्त्र पढ़ेर जहाँ गाड़िदियो, त्यहाँ सबै लठ्ठ भएर निदाउँछन् ।

र दश दिशाका देवताको शरण पर्दछु, सबै विघ्न हटून्, सबै मेरो सदा वशमा पारून् स्वाहा ।

यसको प्रयोग—

तीन रात उपवास गरेर पुष्यनक्षत्रमा शर्करा, ढुंगाका साना-साना टुक्रा किंवा टाउकाका हाड़हरू लिएर अग्निको पूजा गरी यो मन्त्रले २१ बाजी मह र घ्यू होम गर्नू । त्यसको संपात (आहुति दिएर चुहेको शेष) ती शर्करामा चुहाउनू ।

---

[1] वयुजारे, इति पाठ भेदः । [2] वयुभ्वे इत्यपि पाठः ।

अनि ती शर्कराहरूलाई पूजा गरेर भूइँमा गाड्दिनू। दोस्रो पटक पुष्यनक्षत्र परेको दिनमा झिकेर यौटा शर्करालाई सो मन्त्रले मन्त्रेर त्यसले ढोकामा हानिदिनू । यसरी ४ वटा शर्कराले हानेपछि ती शर्कराहरू अटाउने प्वाल ढोकामा परेर उध्रन्छ ।

यसैको अर्को प्रयोग—

चार दिन उपवास गरेर कृष्ण चतुर्दशीको दिनमा मरेको मानिसको हाड़ लिएर बहरको मूर्ति बनाउनू र उपैमि शरणं आदि मन्त्रले मन्त्रनू। यति गरेपछि दुइ बहर लागेको गाड़ा त्यहाँ आउँछ। अनि त्यो मानिस गाड़ामा चढ़ेर आकाशमा घुम्दछ।

अर्को प्रयोग—तालोद्‌घाटन = प्रस्वापन गराउने—

सदारविरवि: सगण्ड परिधाति सवँ भणाति। चाण्डाली कुम्भी तुम्बकटुक सारीध सनारी भगोसि स्वाहा। यो मन्त्र उघार्ने, लठ्याउने काम गर्दछ।

तीन रात उपवास गरी पुष्यनक्षत्र भएको दिनमा शस्त्रले मारिएको वा शूलीमा उनिएको पुरुषको खप्परमा माटो हालेर तुवरी (रहर) रोपेर बासी पानीले सिंच्नू। त्यो उम्रेर निकै ठूलो भएपछि पुष्यनक्षत्र भएकै दिनमा त्यो बोट काटेर, त्यसैको पाट डाँठले बाँटेर धनुको डोरी बनाउनू। यो डोरीको ताँदो बनाएको धनुमा बाण चढ़ाएर हानेमा शत्रुको धनु र ताँदो पनि काट्तै अगाड़ि बढ्दछ। नाक मुख बन्द गर्दै पानीमा रहने सर्पको काँचुली लिएर त्यसमा कुनै स्त्री वा पुरुषको चिताको खरानी भरेर पोको पार्नू। त्यो जसलाई सुँघाए पनि नाक मुख बन्द हुन्छ।

पेटफुलाउने प्रयोग—यस्तै सुँगुरको गुदा लिएर त्यसमा स्त्री वा पुरुषको चिताको खरानी भरेर वानरको नसाले बाँध्नू। यो प्रयोगबाट शत्रुको मल (दिशा) रोकिन्छ।

अन्धो बनाउने प्रयोग—कृष्णपक्षको चतुर्दशीमा शस्त्रघातले मरेकी कैली गाईको पित्तले राजवृक्षको काँठले बनाएको शत्रुको मूर्तिका आँखामा गाजल लाइदिएमा शत्रु अन्ध हुन्छ।

अर्को प्रयोग—

चार दिन उपवास गरेर कृष्ण पक्षको चतुर्दशीमा भूतबलि दिएर, शूलीमा परी मरेका मानिसको हाड़को कीलाहरू बनाउनू। तिनमध्ये यौटा कीला सो जुन मानिसको मल-मूत्रमा गाड़िदियो, त्यसको दिशा-सुचि रोकिन्छ।

कीला जुन मानिसको पाइलामा वा आसनमा गाड़िदियो, त्यो मानिस शुक्कै गएर मर्दछ, अथवा सो कीला जसको पसलमा वा खेतमा वा घरमा गाड़िदियो, त्यसको जीविका नष्ट हुन्छ । यसै गरी मेघको बिजुली परेर डढ़ेको रूखको काठको कीला बनाएर गाड़ेमा पनि माथि लखेबमोजिम फल हुन्छ ।

अर्को योग—

(मार्ने जुक्ति)—दक्षिणदिशामा उम्रेको वा घोप्टे मुख भएको पुनर्नवा, कागलाई मीठो लाग्ने नीम, वानरको रौं मानिसको हाड़, कात्रो कपड़ामा बाँधेर जसको घरमा गाड़िदियो, किंवा पिंधेर जसलाई पिलाइदियो, त्यो मानिस स्वास्नी-धन-छोरा समेत तीन पक्षभित्रै नष्ट हुन्छ । माथिको जस्तै पुनर्नवा, नीम, स्वयंगुप्ता (काउछो), मानिसको हाड़ यति जसको पाइलामा, घरको ढोकामा, सेनाको वा गाउँको सहरको ढोकामा गाड़िदियो, त्यो मानिस स्वास्नी-छोरा-धन-सम्पत्ति समेत तीन पक्षभित्रैमा नष्ट हुन्छ ।

(नपुंसक बन्ने)—बोकाको, वानरको, बिरालाको, न्याउरीको रौं, बिच्छी र सर्पको छाला, यति मिसाएर जसको पाइलामा गाड़िदियो, त्यो नझिकुन्जेल त्यो मानिस नपुंसक हुन्छ ।

तीन रात उपवास गरेर पुष्यनक्षत्र पारी शस्त्रले वा शूलीमा परी मरेको पुरुषको खप्परमा माटो हालेर रातीगेड़ी रोपी पानीले सिंची, त्यो उम्रेर फलेपछि, पुष्यनक्षत्र परेको पूर्णिमा वा औंसीमा त्यो रातिगेड़ीको माला बनाएर घेरा हाल्नू । सो घेराभित्र राखेको खाने-पिउने वस्तु जति खर्च गरे पनि सकिंदैन ।

नौनी खिच्ने—राति नाच-तमासा हुनलागेमा बत्तीको ज्वालामा मरेकी दुहुनी गाईको कलचौंडो काटेर पोल्नू, त्यो डढ़ेपछि बहरको मूत हालेर पिंध्नू, र नयाँ गाग्रोको भित्रपट्टि वरिपरि त्यसैले लिपीदिनू । अनि त्यो गाग्रो लिएर गाउँलाई देब्रे घुम्नू । यति गरेपछि गाउँभरिको नौनी त्यो गाग्रोमा भरिन्छ ।

पुष्यनक्षत्र परेको कृष्ण चतुर्दशीको दिनमा कुनै कामातुर कुकुर्नीको योनिमा कालो फलामको औंठी हालिदिनू । त्यो औंठी आफै खसेपछि टिप्नू र त्यो औंठीको प्रभावले जुन-जुन वृक्षको फल चाहा गर्दछ त्यो फल आफै आउने हुन्छ ।

मन्त्र-औषधिबाटहुने र मायाबाट हुने पनि योगहरू यस अध्यायमा जो-जो बताइएका छन्, ती शत्रुलाई नाश गर्ने र आफ्ना मानिसलाई रक्षा गर्ने काममा गर्नू ।

अथ चतुर्थोऽध्यायः

१७९ प्रकरणे—स्वबलोपघातप्रतीकारः

स्वपक्षे परप्रयुक्तानां दूषीविषगराणां प्रतीकारे श्लेष्मांतककपित्थदन्तिदन्तशठगोजीह्वा शिरीषपाटलीबलास्योनाकपुनर्नवाश्वेतावरणक्वाथयुक्तं चन्दनसालावृकीलोहितयुक्तं तेजोदनकं राजोपभोग्यानां गुह्यप्रक्षालनं स्त्रीणां सेनायाश्च विषप्रतीकारः। पृषतनकुलनीलकण्ठगोधापित्तयुक्तं मषीराजिचूर्णं सिन्दुवारितवरणवारुणीतण्डुलीयकशतपर्वाग्रपिण्डीतकयोगो मदनदोषहरः। सृगालविन्नामदनसिन्दुवारितवरणवारुणीवल्लीमूलकषायाणामन्यतमस्य समस्तानां वा क्षीरयुक्तं पानं मदनदोषहरम्। कैडर्यपूतितिलतैलमुन्मादहरं नस्यकर्म। प्रियंगुनक्तमालयोगः कुष्ठहरः। कुष्ठलोध्रयोगः पाकशोषघ्नः। कट्फलविडंगचूर्णं नस्यकर्म शिरोरोगहरम्।

प्रियङ्गुमंजिष्ठातगरलाक्षारसमधुकहरिद्राक्षौद्रयोगो रज्जूदकविषप्रहारपतननिःसंज्ञानां पुनः प्रत्यानयनाय। मनुष्याणामक्षमात्रं, गवाश्वानां द्विगुणं चतुर्गुणं हस्त्युष्ट्राणाम्। रुक्मगर्भश्चैषां मणिः सर्वविषहरः। जीवन्तीश्वेतामुष्ककपुष्पवन्दाकानामक्षीबे जातस्याश्वत्थस्यमणिः सर्वविषहरः।

तूर्याणां तैः प्रलिप्तानां शब्दो विषविनाशनः।
लिप्तध्वजं पताकां वा दृष्ट्वा भवति निर्विषः॥ १॥
एतैः कृत्वा प्रतीकारं स्वसैन्यानामथात्मनः।
अमित्रेषु प्रयुंजीत विषधूमाम्बुदूषणान्॥ २॥

इति कौटिलीये अर्थशास्त्रे औपनिषदिके चतुर्दशोऽधिकरणे
स्वलोपघातप्रतीकारो नाम चतुर्थोऽध्यायः॥ ४॥

आदित एकोनपञ्चाशदुत्तरशततमोऽध्यायः॥ १४९॥

समाप्तमिदमौपनिषदिकं चतुर्दशमधिकरणम्।

अध्याय ४

प्रकरण १७९

आफ्नै फौजलाई शत्रुले गराएको हानि शमन गर्ने उपाय

आफ्नो फौजमा शत्रुले दूषित विषहरूको प्रयोग गरेमा, त्यसबाट हानि नहुने गर्नालाई––श्लेष्मान्तक (लप्सी), कैथ, दत्ती (जमालगोटा), दन्तशठ ज्यामीर, गोभी (गोजिह्वा), शिरीष, पाटली, वला, स्योनाक, पुनर्नवा, श्वेता, पीठाको रक्सी, वरण (सेतु), यिनको काथमा श्रीखण्ड र शालावृकी (ब्वाँसो)-को रगत मिसाएर तेजनञ्जल तयार गर्नू। कसैले राजालाई विषकन्या पठाएको भए यही जलले तिनको गुप्तस्थान धोएपछि विषको दोष हराउँछ। (सिपाहीहरूमा पनि यही प्रक्रिया जान्नू।)

चित्रभृत (चित्तल), न्याउरी, मुजूर, गोहोरो, यी ४-को पित्त, मषी (कालो) र रायोको धूलो मिसाएर सिन्दुवार, सिउंडी, वरण, दूबो, तण्डुलीयक (लुडे), शतपर्वाग्र (बाँसको मुना), पिण्डीतक (मैनफल)—यति मिसाएको योगले मदन(धतुरो)को दोषलाई शमन गर्दछ।

श्रृगालविन्ना (कुनै औषधि), धतुरो,सिन्दु वारित, वरण, गजपिप्पली यी सबैको, अथवा यिनमा कुनै एकको जराको काढ़ा दूध मिसाएर पिएमा धतुराको विष हराउँछ। कैडर्य (कट्फल), पूति (गन्हाउने), तिलको तेलमा मिसाएर नस लिएमा उन्माद हराउँछ। प्रियङ्गु (कागनु) नक्तमाल र चिरविल्वयोगले कुष्ठ नाश गर्दछ। कुष्ठ (कुट) लोध्र(लोध)को योगले कपालको सेतोपन र क्षय रोग नाश गर्दछ। कट्फल, द्रुवन्ती, शम्बरी, वायुविडङ्गको धूलोले नस लिएमा शिराको रोग नाश गर्छ।

प्रियङ्गु (कागनु), मजिठो र तगर लाक्षा (लाहा), मधुक (महुआ), हलेदो, मह मिसाएको औषधिले डोरीले बाँधेर पानीमा डुबेर, विष परेर, चोट लागी लड़ेर बेहोश भएकालाई होश दिलाउने हुन्छ।

यी माथि भनिएका औषधिहरू मानिसलाई १ तोलाको मात्रा, गाई-घोड़ालाई त्यसको दोबर २ तोला, हात्ती-ऊँटलाई चौबर ४ तोला दिनू।

प्रियङ्गु आदि औषधिको गोली सुनको यन्त्रमा राखेर पहिरेमा सबै किसिमका विषको दोष शमन हुन्छ।

जीवन्ती (गुर्जो), श्वेता (शंखिनी), मुष्क, पुष्य, वन्दाक (वाँदा) र अक्षीव (नीम) रूखमा उम्रेको पिपल—यी औषधि मिसाएर बनाएको गोळी सुनको जन्तरमा हालेर पहिरेमा सबै किसिमको दोष शमन हुन्छ ।

यी औषधि लिपेका बाजाको अवाजले पनि विषको नाश गर्दछ । यिनले लिपेका ध्वजा पताका देखेर पनि विष शमन हुन्छ । फौजको दोष शमन गरी विषालु धूवाँ, विषालु पानीको प्रयोग शत्रु-दलमा गर्नू ।

१४ अधिकरण औपनिषद पूर्ण

अथ तन्त्रयुक्तिः पंचदशमधिकरणम् ।

प्रथमोऽध्यायः ।

१८० प्रकरणे—तन्त्रयुक्तयः ।

मनुष्याणां वृत्तिरर्थः, मनुष्यवती भूमिरित्यर्थः । तस्याः पृथिव्या लाभपालनोपायः शास्त्रमर्थशास्त्रमिति । तद्द्वात्रिंशद्युक्तियुक्तम्—अधिकरणं, विधानम्, योगः, पदार्थः, हेत्वर्थः, उद्देशः, निर्देशः, उपदेशः, अपदेशः, अतिदेशः, प्रदेशः, उपमानम्, अर्थापत्तिः, संशयः, प्रसङ्गः, विपर्ययः, वाक्यशेषः, अनुमतम्, व्याख्यानम्, निर्वचनम्, निदर्शनम्, अपवर्गः, स्वसंज्ञा, पूर्वपक्षः, उत्तरपक्षः, एकान्तः, अनागतावेक्षणम्, अतिक्रान्तावेक्षणम्, नियोगः, विकल्पः, समुच्चयः, ऊह्यमिति ।

यमर्थमधिकृत्योच्यते तदधिकरणम्—'पृथिव्या लाभे पालने च यावन्त्यर्थशास्त्राणि पूर्वाचार्यैः प्रस्थापितानि प्रायशस्तानि संहृत्यैकमिदमर्थशास्त्रं कृतम्' (अधि० १, अध्या० १) इति । शास्त्रस्य प्रकरणानुपूर्वी विधानम्—'विद्यासमुद्देशः, वृद्धसंयोगः, इन्द्रियजयः, अमात्योत्पत्तिः' (अधि० १, अध्या० १) इत्येवमादिकमिति । वाक्ययोजना योगः—'चतुर्वर्णाश्रमो लोकः' (अधि० १ अध्या ४) इति । पदावधिकः पदार्थः—'मूलहरः' इति पदम् । 'यः पितृपैतामहमर्थमन्यायेन भक्षयति स मूलहरः' (अधि० २, अध्या० ९) इत्यर्थः ।

हेतुरर्थसाधको हेत्वर्थः—'अर्थमूलौ हि धर्मकामौ' (अधि० १, अध्या० ७) इति । सशासवाक्यमुद्देशः—'विद्याविनयहेतुरिन्द्रियजयः' (अधि० १, अध्या० ६) व्यासवाक्यं निर्देशः—'कर्णत्वगक्षिजिह्वा-

घ्राणेन्द्रियाणां शब्दस्पर्शरूपरसगन्धेष्वविप्रतिपत्तिरिन्द्रियजयः' (अधि० १, अध्या० ६) इति । एवं वर्तितव्यमित्युपदेशः—'धर्मार्थाविरोधेन कामं सेवेत न निःसुखः स्यात्' (अधि० १, अध्या० ७) इति । एवमसावाहेत्यपदेशः—'मन्त्रिपरिषदं द्वादशामात्यान् कुर्वीतेति मानवाः, षोडशेति बार्हस्पत्याः, विंशतिमित्यौशनसाः, यथासामर्थ्यमिति कौटिल्यः' (अधि० १, अध्या० १५) इति ।

उक्तेन साधनमतिदेशः—'दत्तस्याप्रदानमृणादानेन व्याख्यातम्' (अधि० ३, अध्या० १६) इति । वक्तव्येन साधनं प्रदेशः—'सामदानभेददण्डैर्वा यथापत्सु व्याख्यास्यामः' (अधि० ७, अध्या १४) इति । दृष्टेनादृष्टस्य साधनमुपमानम्—'निवृत्तपरिहारान् पितेवानुगृह्णीयात्' (अधि० २, अध्या० १) इति । यदनुक्तमर्थादापद्यते सार्थापत्ति—'लोकयात्राविद्राजानमात्मद्रव्यप्रकृतिसम्पन्नं प्रियहितद्वारेणाश्रयेत(अधि० ५, अध्या० ४) । नाप्रियहितद्वारेणाश्रयेतेत्यर्थादापन्नं भवतीति ।

उभयतो हेतुमानर्थः संशयः—'क्षीणलुब्धप्रकृतिमपचरितप्रकृतिं वा' (अधि० ७, अध्या० ५) इति । प्रकरणान्तरेण समानोऽर्थः प्रसंगः—'कृषिकर्मप्रदिष्टायां भूमाविति समानं पूर्वेण' (अधि० १, अध्या० ११) इति । प्रतिलोमेन साधनं विपर्ययः—'विपरीतमतुष्टस्य' (अधि० १, अ० १६) इति । येन वाक्यं समाप्यते स वाक्यशेषः—छिन्नपक्षस्येव राज्ञश्चेष्टानाशश्चेति' (अधि० ८, अध्या० १)। तत्र शकुनेरिति वाक्यशेषः । परवाक्यमप्रतिषिद्धमनुमतम्—'पक्षावुरस्यं प्रतिग्रह इत्यौशनसो व्यूहविभागः' (अधि० १०, अध्या० ६) इति ।

अतिशयवर्णना व्याख्यानम्—'विशेषतश्च संघानां संघधर्मिणां च राजकुलानां द्यूतनिमित्तो भेदः तन्निमित्तो विनाश इत्यसत्प्रग्रहः पापिष्ठतमो व्यसनानां तंत्रदौर्बल्यात्' (अधि० ८, अध्या० ३) इति ।

गुणतः शब्दनिष्पत्तिर्निर्वचनम्—'व्यस्यत्येनं श्रेयस इति व्यसनम्' (अधि० ८, अध्या० १) इति । दृष्टान्तो दृष्टान्तयुक्तो निदर्शनम्—'विगृहीतो हि ज्यायसा हस्तिनः पादयुद्धमिवाभ्युपैति' (अधि० ७, अध्या० ३) इति । अभिप्लुतव्यपकर्षणमपवर्गः—'नित्यमासन्नमरिबलं वासयेदन्यत्राभ्यन्तरकोपशंकायाः' (अधि० ९, अध्या० २) इति ।

परैरसंज्ञितः शब्दः स्वसंज्ञा—'प्रथमा प्रकृतिस्तस्य भूम्यनन्तरा द्वितीया भूम्येकान्तरा तृतीया' (अधि० ९, अध्या० २) इति । प्रतिषेद्धव्यं वाक्यं पूर्वपक्षः—'स्वाम्यमात्यव्यसनयोरमात्यव्यसनं गरीयः' (अधि० ८, अध्या० १) इति । तस्य निर्णयनवाक्यमुत्तरपक्षः–'तदायत्तत्वात्, तत्कूटस्थानीयो हि स्वामी' । (अधि० ८, अध्या० १)। सर्वत्रायत्तमेकान्तः—'तस्मादुत्थानमात्मनः कुर्वीत' (अधि० १, अध्या० १९) इति । पश्चादेवं विहितमित्यनागतावेक्षणम्—'तुलाप्रतिमानं पौतवाध्यक्षे वक्ष्यामः' (अधि० २, अध्या० १३) इति । पुरस्तादेवं विहितमित्यतिक्रान्तावेक्षणम्—'अमात्यसम्पदुक्ता पुरस्तात्' (अधि० ६, अध्या० १) इति ।

एवं नान्यथेति नियोगः—'तस्माद्धर्ममर्थं चास्योपदिशेन्नाधर्ममनर्थं च' । (अधि० १, अध्या० १७) इति । अनेन वानेन वेति विकल्पः—'दुहितरो वा धर्मिष्ठेषु विवाहेषु जाताः' (अधि० ३, अध्या० ५) इति । अनेन चानेन चेति समुच्चयः—'स्वसंजातः पितृबन्धूनां च दायादः' (अधि० ३, अध्या० ७) इति । अनुक्तकरणमूह्यम् 'यथावद्दाता प्रतिग्रहीता च नोपहतौ स्यातां तथानुपशयं कुशलाः कल्पयेयुः' (अधि० ३, अध्या० १६) इति ।

एवं शास्त्रमिदं युक्तमेताभिस्तंत्रयुक्तिभिः ।
अवाप्तौ पालने चोक्तं लोकस्याय परस्य च ॥ १ ॥
धर्ममर्थं च कामं च प्रवर्तयति पाति च ।
अधर्मानर्थविद्वेषानिदं शास्त्रं निहन्ति च ॥ २ ॥

येन शास्त्रं च शस्त्रं च नन्दराजगता च भूः ।
अमर्षेणोद्धृतान्याशु तेन शास्त्रमिदं कृतम् ॥ ३ ॥
दृष्ट्वा विप्रतिपत्तिं बहुधा शास्त्रेषु भाष्यकाराणाम् ।
स्वयमेव विष्णुगुप्तश्चकार सूत्रं च भाष्यं च ॥ ४ ॥

इति कौटिलीये अर्थशास्त्रे तन्त्रयुक्तौ पंचदशेऽधिकरणे
तन्त्रयुक्तिर्नाम प्रथमोऽध्यायः ॥ १ ॥

आदितः पंचाशदुत्तरशततमोऽध्यायः ॥ १५० ॥

समाप्तोऽयं ग्रन्थः

पञ्चदश अधिकरण—तन्त्रयुक्तिः

अध्याय १

प्रकरण १८०

अर्थशास्त्रका उपपत्तिहरू

(अगिका १४ अधिकरणबाट पृथ्वी कमाउने र पालन गर्ने सम्बन्धका अर्थशास्त्रका सबै विषयहरूको निरूपण गरेर यो शास्त्रका विषयको निर्णय गर्न देखाइएका शास्त्रीय युक्ति-उत्पत्तिहरूको निरूपण यो अन्तिम अधिकरणमा गरिन्छ ।)

(यसरी १४ अधिकरणद्वारा पृथ्वीको लाभ र पालनसम्बन्धी अर्थशास्त्रीय विषयहरू विस्तारसाथ बताएर यो शास्त्रमा अर्थनिर्णय गर्न उपयोगी उपपत्तिहरू उदाहरणसमेत दिएर देखाउन यो १५ औं तन्त्रयुक्ति नामक अधिकरण बताइन्छ ।)

अर्थ—भनेको मनुष्यहरूको जीविका अर्थात् व्यावहारिक जीवन हो। मनुष्यहरूको निवास भएको भूमि पनि 'अर्थ' हो। यस्तो भूमि कमाउने र

कमाएको रक्षा गर्ने उपायहरूको उपदेश गर्ने शास्त्रलाई 'अर्थशास्त्र' भन्दछन् ।

यस अर्थशास्त्रमा तल लेखिएका ३२ किसिमका युक्ति (उक्तिविशेष) छन्-

१. अधिकरण
२. विधान
३. योग
४. पदार्थ
५. हेत्वर्थ
६. उद्देश
७. निर्देश
८. उपदेश
९. अपदेश
१०. अतिदेश
११. प्रदेश
१२. उपमान
१३. अर्थापत्ति
१४. संशय
१५. प्रसङ्ग
१६. विपर्यय
१७. वाक्यशेष
१८. अनुमत
१९. व्याख्यान
२०. निर्वचन
२१. निदर्शन
२२. अपवर्ग
२३. स्वसंज्ञा
२४. पूर्वपक्ष
२५. उत्तरपक्ष
२६. एकान्त
२७. अनागतावेक्षण
२८. अतिक्रान्तावेक्षण
२९. नियोग
३०. विकल्प
३१. समुच्चय
३२. ऊह्य

१. **अधिकरण**—भनेको जुन मुख्य विषय लिएर भनिएको छ, सो हो । जस्तै—पृथिवीको लाभ र पालनका निमित्त जति अर्थशास्त्र पहिलेका आचार्यहरूले प्रसिद्ध गराएका छन् प्रायः ती सबै एकत्र गरेर यो अर्थशास्त्र बनाइएको छ (अधि० १—अध्याय १) ।

२. **विधान**—भनेको शास्त्रका प्रकरणहरूको क्रम (अनुक्रमणिका) देखाउनु हो । जस्तै—विद्यासमुद्देश, वृद्धसंयोग, इन्द्रियजय, अमात्योत्पत्ति, मन्त्रिपुरोहितोत्पत्ति इत्यादि (अधि० १—अध्या० ।)

३. **योग**—भनेको क्रिया, कारक, विशेष्य, विशेषण, आदि स्वरूपले पदहरूको वाक्यमा योजना गर्नु हो । जस्तै—चतुर्वर्णाश्रमो लोकः (अधि० १—अध्याय ४) इत्यादि ।

४. **पदार्थ**—भनेको एक पद लिएर गरेको अर्थ हो । जस्तै—'मूलहरः' यो पद लिएर जसले बाबु-बराज्यूको पालादेखिको सम्पत्ति अन्यायसँग खाएर सिद्धयाउँछ, त्यो 'मूलहर' हो (अधि० २, अध्या० ९) ।

५. **हेत्वर्थ**—भनेको केही कुरा सिद्ध गर्न देखाएको कारण उपपत्ति हो । जस्तै—किनभने—धर्म र काम दुवै अर्थको आधारमा रहन्छन् । (अधि० १, अध्याय ६) इत्यादि ।

६. **उद्देश**—भनेको छोटकरीमा देखाएको वाक्य हो । जस्तै—विद्या र सभ्यताको कारण इन्द्रिजय हो (अधि० १—अध्याय ६) ।

७. **निर्देश**—भनेको विस्तारसाथ भनेको वाक्य हो। जस्तै-कर्ण, त्वक्, चक्षु, जिह्वा, घ्राण, यी इन्द्रियको शब्द, स्पर्श, रूप, रस, गन्ध, यी विषयको यथार्थ ज्ञान हुनु नै इन्द्रियको जय हो (अधि० १ अ० ६)

८. **उपदेश**—भनेको यस किसिमसँग रहनुपर्दछ भनि भन्नु हो। जस्तै-धर्म र अर्थमा विरोध नपर्ने गरी काम (विषयको उपभोग) गर्ने गर्नू, बिलकुलै सुखरहित नहुनू (अधि० १ अ० ७)।

९. **अपदेश**—भनेको फलानाले यसो भन्दछन् भन्नु हो। जस्तै—बाह्र अमात्य भएको मन्त्रिपरिषद् बनाउनू भनि मनुका अनुयायीहरू भन्दछन् (अधिकरण १—अध्याय १५)।

१०. **अतिदेश**—भनेको भनिसकेको कुरा देखाएर भन्नुपर्ने कुरा बुझाउनु हो। जस्तै-दिने कबोल गरेको वस्तु नदिनु। ऋणको विषयमा भनेको कुराजस्तै बुझ्नू (अधि० ३—अध्याय १६) इत्यादि।

११. **प्रदेश**—भनेको पछि कहिने कुराबाट यो यो कुरा बुझ्नुपर्छ भन्नु हो। जस्तै—सङ्कटपरेमा साम, दान, भेद, दण्ड, जस्तो गर्नुपर्दछ त्यो पछि भनिनेछ (अधि० ७—अध्याय १४) इत्यादि।

१२. **उपमान**—भनेको लोकमा देखिएको कुराबाट नदेखिएको नयाँ कुरा सिद्ध गर्नु हो। जस्तै—फरमाफीको समय पुगेपछि प्रजालाई राजाले बाबुले झैं दया-माया गर्नुपर्दछ (अधि० २ अध्या० १)।

१३. **अर्थापत्ति**—भनेको गरेको कुराबाट नभनेको कुरा पनि अर्थात् आउनु हो। जस्तै-लोकको व्यवहार जान्ने मानिसले आफ्नो गुण र अमात्य आदिको गुणले पूर्ण राजालाई उनका प्रिय र हितैषी मानिसद्वारा आश्रय गर्नुपर्दछ (अधि० ५ अ० ४)। भनेकोबाट अप्रिय अहित मानिसद्वारा आश्रय नगर्नू भन्ने कुरा अर्थात् आउने हुन्छ।

१४. **संशय**—भनेको दुवैतिर कारण भएकोले यसो कि उसो भन्ने अनिश्चय हुनु हो। जस्तै—शत्रुपट्टिका अमात्य आदि प्रकृतिवर्ग दुर्भिक्ष आदिले दुर्बल र लोभी भएकोमा अभियान गर्नू कि चरित्रहीन भएकोमा अभियान गर्नू। (अधिकरण ७—अध्याय ५) इत्यादि।

१५. **प्रसङ्ग**—भनेको अर्को प्रकरणसँग मिल्दो कुरा हुनु हो। जस्तै—

खेतीको कामलाई तोकिएको भूमिको विषयमा भनेको बराबर बुझ्नू (अधि० १—अध्याय ११)।

१६. **विपर्यय**—भनेको उल्टो गरेर कुरा देखाउनु हो। जस्तै—मालिक खुसी भएको लक्षण बताएपछि, बेखुसी भएमा उसको उल्टो लक्षण हुन्छ। (अधि० १—अध्याय १६)।

१७. **वाक्यशेष**—भनेको वाक्य टुङ्ग्याउन थपेको कुरा हो। जस्तै—अमात्यहरू नभएमा पखेटा काटिएकाको झैं राजाको सबै चेष्टा—चहल-पहल हराउँछ भनेकोमा 'पक्षीको' पनि थप्नुपर्दछ (अधिकरण ८—अध्याय १)।

१८. **अनुमत**—भनेको अर्काको कुरा आफूले नकाटेर मञ्जूर गरेको हो। जस्तै—फौजी व्यूह दुइ पखेटा, बीचको भाग, पछाड़िको भाग, यस्तो चार अंश भएको हुन्छ भनि शुक्राचार्यको उक्ति छ (यो कुरा आफूले काटेको छैन) (अधि १०—अध्या ६)।

१९. **व्याख्यान**—भनेको सिद्ध गरिएको विषयलाई धेरै युक्ति दिएर समर्थन गर्नु हो। जस्तै—मद्यभन्दा जूवा खराब हो भन्ने विषयमा विशेष गरेर सङ्घमा र सङ्घ बनेर रहने राजघरानामा जूवाबाटै परस्पर फूट र त्यसैबाट नाश पनि हुन्छ। कोही भने राजतन्त्रलाई फितलो पार्ने व्यसनहरूमध्यमा दुर्जनको सङ्गत अत्यन्त खराब हो भन्दछन् (अधि० ८—अध्याय ३)।

२०. **निर्वचन**—भनेको भित्री अवयवको अर्थ देखाएर शब्दको अर्थ गर्नु हो। जस्तै—कल्याणबाट व्यसन गर्ने—गिराउने हुनाले 'व्यसन' भनिन्छ (अधि. ८—अध्याय १)।

२१. **निदर्शन**—भनेको दृष्टान्त मिलाएर दृष्टान्त दिनु हो। जस्तै—बलियोसँग निर्धो भिड़ियो भने हात्तीसँग पैदलझैं नष्ट हुन्छ (अधि. ७—अध्याय ३)।

२२. **अपवर्ग**—भनेको बढ्ता चाप्ने कुरा घटाएर सानो गराउनु हो। जस्तै—बलियो शत्रुको फौज नचिढ़ियोस् भनेर सँधै नजीकमा राख्नू, तर त्यो नजीक भएर आफ्ना भित्रीवर्गमा फूट गराउने हुँदैनन् भने मात्र (अधि० ९—अध्याय २)।

२३. **स्वसंज्ञा**—भनेको अरुले सङ्केत नगरिएको आफ्नो सङ्केत हो। जस्तै—पहिलो प्रकृति आफ्नो, दोस्रो प्रकृति छिमेकी, तेस्रो प्रकृति छिमेकीभन्दा

पल्लो (अधिकरण ९—अध्याय २)।

२४. पूर्वपक्ष—भनेको जुन कुरा पछिबाट काटिने हुन्छ त्यो हो। जस्तै–मालिक र अमात्यको सङ्कटमध्ये अमात्यसङ्कट ठूलो हो यो उक्ति (अधिकरण ९—अ. १)।

२५. उत्तरपक्ष—भनेको पूर्वपक्षलाई काटेर निर्णय गरेको पक्ष हो। जस्तै—स्वामीको अधीनमा अमात्य हुन्छ, स्वामी नै केन्द्रजस्तो हो (अधिकरण ८—अ. १) इत्यादि।

२६. एकान्त—भनेको जुनसुकै देश-कालमा पनि छोड्न नहुने कुरा हो। जस्तो—त्यसकारण आफू उठ्ने, उद्योगी हुने, काम गर्नुपर्दछ (अधि. १-अध्याय १९)।

२७. अनागतावेक्षण—भनेको पछि आउने कुरा अगिबाट जनाउनु हो। जस्तै—नाप-तौलसम्बन्धी कुरा पौतवाध्यक्ष प्रकरणमा भनिनेछ (अधि. २-अ. १३)।

२८. अतिक्रान्तावेक्षण—भनेको अगि भनिसकेको कुरा जनाउनु हो। जस्तै—अमात्यमा हुनुपर्ने गुण अगि नै भनियो। (अधि. ६ अ. १)

२९. नियोग—भनेको यो यसै गर्नुपर्दछ अरु थोक गर्न हुँदैन भन्ने अठोट हो। जस्तै—त्यस कारण राजकुमारलाई धर्म र अर्थको उपदेश दिनू, अधर्म, अनर्थको होइन (अधि. १ अ. १७)।

३०. विकल्प—भनेको यो वा यो भनि दोहरै देखाउनु हो। जस्तै—छोरा हुनेको छोरा, नहुनेको धर्मसङ्गत विवाहबाट जन्मेकी छोरी अँश पाउने हुन्छन् (अधि. ३—अध्याय ५)।

३१. समुच्चय—भनेको यो पनि यो पनि भनि जोरिनु हो। जस्तै—औरस छोरा बाबुको र उनका भैयादको पनि धनमा अधिकारी हुन्छ (अधि. ३—अध्याय ७)।

३२. ऊह्य—भनेको नभने पनि कल्पना हुने विषय हो। जस्तै—दिने-लिने दुवैलाई बाधा नपर्ने तजबीज सिपालु जनले गर्नुपर्दछ (अधि. ३—अध्याय १६)।

यस किसिमसँग यी लोक र परलोकको योग (नपाएको पाउनु) र क्षेम (पाएको रक्षा गर्नु)का निमित्त उपदेश गरियो। यो अर्थशास्त्रले धर्म-

अर्थ-काम यी तीनै पुरुषार्थलाई अगाड़ि बढ़ाउँछ, रक्षा पनि गर्दछ, अधर्म-अनर्थ-विरोधलाई शमन पनि गर्दछ।

जसले असहन भएर शास्त्र, शस्त्र, नन्दको हातमा परेको भूमि पनि उद्धार गरियो, उनै चाणक्य विष्णुगुप्तले यो शास्त्र बनाइएको हो।

घेरैजसो अर्थशास्त्रका विषयमा शास्त्रकारहरूको विभिन्न मत देखेर विष्णुगुप्तले सूत्र (छोटकरी वाक्य) र भाष्य (अर्थविस्तार) पनि बताएका हुन्।

जम्मा १५ अधिकरण, १५० अध्याय, १८० प्रकरणमा
यो अर्थशास्त्र परिपूर्ण भयो।

चाणक्य सूत्रावली नेपाली भाषानुवाद सहिता

(आत्मसम्पद्)

१ सुखस्य मूलं धर्मः । २ धर्मस्य मूलमर्थः । ३ अर्थस्य मूलं राज्यम् । ४ राज्यमूलमिन्द्रियजयः । ५ इन्द्रियजयस्य मूलं विनयः । ६ विनयस्य मूलं वृद्धोपसेवा । ७ वृद्धसेवाया विज्ञानम् । ८ विज्ञानेनात्मानं सम्पादयेत् । ९ सम्पादितात्मा जितात्मा भवति । १० जितात्मा सर्वार्थैः संयुज्येत ।

१ सुखको मूलकारण धर्म हो। २ धर्मको मूल अर्थ हो। ३ अर्थको मूल राज्य हो । ४ राज्यको मूल इन्द्रिय जित्नु हो। ५ इन्द्रियजयको मूल विनय (सुशिक्षा-सदाचार) हो। ६ विनयको मूल वृद्धजनको सेवा हो । ७ वृद्ध सेवाको मूल विज्ञान (विवेक दृष्टि) हो। ८ विज्ञानले आत्मालाई निर्मल बनाउनु पर्छ। ९ आत्मा निर्मल हुने जन आत्माको विजय गर्ने हुन्छ। १० आत्माको विजिय गर्नेले सबै स्वार्थ (इच्छा) पूर्ण गर्दछ।

(प्रकृतिसम्पद्)

११ अर्थसम्पत् प्रकृतिसम्पदं करोति। १२ प्रकृतिसम्पदा ह्यनायकमपि राज्यं नीयते। १३ प्रकृतिकोपः सर्वकोपेभ्यो गरीयान्। १४ अविनीतः स्वामिलाभादस्वामिलाभः श्रेयान् ।

११ धनसम्पत्तिले अमात्य, सेना, मित्र आदि प्रकृतिको सम्पत्ति जोर्दछ । १२ प्रकृतिवर्ग सम्पन्न भएमा राम्रो नेता नभए पनि राज्यको व्यवस्था हुन्छ। १३ प्रकृतिवर्गको कोप अरु सबै कोपभन्दा चर्को हुन्छ। १४ अशिक्षित-दुःशील स्वामी पाउनुभन्दा स्वामी नै नहुनु वेस हुन्छ।

(सहायसम्पद्)

१५ सम्पाद्यात्मानमन्विच्छेत्सहायवान् । १६ नासहायस्य

१५ आफूलाई सुयोग्य बनाएपछि सहाय जोर्नुपर्छ। १६ सहाय

मन्त्रनिश्चयः । १७ नैकं चक्रं परिभ्रमयति । १८ सहायः समदुःखसुख। १९ मानी प्रतिमानिनमात्मानं द्वितीयं मन्त्रमुत्पादयेत्। २० अविनीतं स्नेहमात्रेण न मन्त्रे कुर्वीत । २१ श्रुतवन्तमुपधाशुद्धं मन्त्रिणं कुर्वीत ।

राम्रो नभई मन्त्रणा (विचार) स्थिर हुँदैन । १७ यौटा मात्र पांग्राले रथ घुमाउँदैन । १८ सुख र दुःखमा एकनास रहने नै सच्चा सहाय हुन्छ । १९ आत्मगौरव भएकाले आत्मगौरव मान्ने नै दोस्रालाई मन्त्रणामा साथ लिनू । २० अशिक्षित (दुःशीललाई) स्नेहले मात्र मन्त्रणामा लिन हुँदैन । २१ सुने जानेको जाँची चोखो चरित्र ठहरिएकालाई नै मन्त्री बनाउनुपर्दछ ।

(मन्त्रसम्पद्)

२२ मन्त्रमूलाः सर्वारम्भाः । २३ मन्त्ररक्षणे कार्यसिद्धिर्भवति । २४ मन्त्रविस्रावी कार्यं नाशयति । २५ प्रमादाद्द्विषतां वशमुपयास्यति । २६ सर्वद्वारेभ्यो मन्त्रो रक्षितव्यः । २७ मन्त्रसम्पदा राज्यं वर्धते । २८ श्रेष्ठतमां मन्त्रगुप्तिमाहुः । २९ कार्यान्धस्य प्रदीपो मन्त्रः । ३० मन्त्रचक्षुषः परछिद्राण्यवलोकयन्ति । ३१ मन्त्रकाले न मत्सरः कर्तव्यः । ३२ त्रयाणामेकवाक्ये सम्प्रत्ययः । ३३ कार्याकार्यतत्वार्थदर्शिनो मन्त्रिणः । ३४ षट्कर्णाद् भिद्यते मन्त्रः ।

२२ मन्त्रणा(सहविचार)कै भरमा सबै कामका उठान हुन्छन् । २३ मन्त्रणा गुप्त राखेमा कार्यसिद्धि हुन्छ । २४ मन्त्रणा चुहुनु (खुल्नाले) काम बिगार्दछ । २५ मन्त्रणाप्रति असावधान भएमा शत्रुको वशमा पर्ने हुन्छ । २६ सबै बाटोबाट मन्त्रणलाई गुप्त राख्नुपर्छ । २७ मन्त्रणाको महिमाले राज्यको बढति हुन्छ । २८ मन्त्रणा गुप्त राख्नु सर्वोत्तम भन्दछन् । २९ काममा आँखा नदेख्नेलाई मन्त्रणा बत्ती जस्तो हुन्छ । ३० मन्त्रणारूप आँखाले शत्रुका छिद्रहरू देखाउँछ । ३१ मन्त्रणा गर्दाखेरि रीस इवी लिन हुँदैन । ३२ मन्त्रणा गर्ने तीन जनाको एक राय भएमा पूरा विश्वास हुन्छ । ३३ मन्त्रणा गर्नेहरू कर्तव्य अकर्तव्य वास्तव विषय देख्ने हुन्छन् ।३४मन्त्रणा गर्नेभन्दा अर्को तेस्रो व्यक्तिको कानमा पुगेपछि मन्त्रणा फुटेर खुल्दछ ।

(मित्रसम्पद्)

३५ आपत्सु स्नेहसंयुक्तं मित्रम् । ३६ मित्र सङ्ग्रहणे बलं सम्पद्यते । ३७ बलवानलब्धलाभे प्रयतते । ३८ अलब्धलाभो नालसस्य । ३९ अलसस्य लब्धमपि रक्षितुं न शक्यते । ४० न चालसस्य रक्षितं विवर्धते । ४१ न भृत्यान्पोषयति ।

३५ विपत्तिमा पनि प्रेमले साथ दिने मित्र हुन्छ । ३६ मित्रहरू जोरिएसा आफ्नो बल बढ्दछ । ३७ बल बढेपछि अप्राप्तको प्राप्ति गर्न यत्न गर्दछ । ३८ अलसीलाई अप्राप्त-प्राप्ति हुँदैन । ३९ अलसीले पाइसकेको पनि जोगाउन सकिन्न । ४० अलछीको जोगिए पनि बढ्दैन । ४१ त्यसले भरण पोषण गर्नुपर्नेलाई भर्न पोष्न सक्तैन ।

(राजतन्त्र)

४२ अलब्धलाभादिचतुष्टयं राजतन्त्रम् । ४३ राजतन्त्रायत्तं नीतिशास्त्रम् । ४४ राजतन्त्रेष्वायत्तौ तन्त्रावापौ । ४५ तन्त्रं स्वविषयकृत्येष्वायत्तम् । ४६ आवापो मण्डलसन्निविष्टः । ४७ सन्धिविग्रहयोनिर्मण्डलः । ४८ नीतिशास्त्रानुगो राजा । ४९ अनन्तरप्रकृतिः शत्रुः । ५० एकान्तरितं मित्रमिष्यते । ५१ हेतुतः शत्रुमित्रे भविष्यतः । ५२ हीयमानः सन्धिं कुर्वीत । ५३ तेजो हि सन्धानहेतुस्तदर्थानाम् । ५४ नातप्तलोहो लोहेन सन्धीयते । ५५ बलवान् हीनेन

४२ अप्राप्तप्राप्ति, प्राप्तरक्षा, रक्षितको वृद्धि, विवृद्धको योग्य काममा लाउनु यी चार थोक राजतन्त्र (राजकाज) हो । ४३ राजतन्त्रको आधारमा नीतिशास्त्र चल्दछ । ४४ तन्त्र (आफ्नो राज्यको सुप्रबन्ध) आवाप (परराष्ट्रसँग व्यवहार) यी दुइ राजतन्त्रका अधीन छन् । ४५ तन्त्र (स्वराज्यको प्रबन्ध) आफ्नो देशमा गर्नुपर्ने कामको आधारमा छ । ४६ आवाप (परराष्ट्र सम्बन्ध) राजमण्डलको आधारमा छ । ४७ राजमण्डल नै सन्धि (मेल) र विग्रह (विरोध)को उत्पत्ति स्थान हो । ४८ नीतिशास्त्रको अनुसारमा काम गर्ने नै राजा हुनुपर्छ । ४९ आफ्नो देशसँग साँध जोरिएको स्वभावतः शत्रु हुन्छ । ५० एक राज्य बिचमा भएर त्यसभन्दा पल्लो मित्र हुन्छ ।

विगृह्णीयात् । ५६ न ज्यायसा समेन वा । ५७ गजपादयुद्धमिव बलवद् विग्रहः । ५८ आमपात्रामामेन सह विनश्यति । ५९ अरिप्रयत्नमभिसमीक्षेत । ६० सन्धायैकतो वा । ६१ अमित्रविरोधादात्मरक्षामावसेत । ६२ शक्तिहीनो बलवन्तमाश्रयेत् । ६३ दुर्बलाश्रयो दुःखमावहति ।

५१ कारण केही भएर नै शत्रु वा मित्र हुन्छन् । ५२ आफू निर्धो हुँदै गएकाले सन्धि गर्नुपर्दछ । ५३ सन्धि चाहनेलाई प्रभावले नै सन्धि गराउँछ । ५४ नपोलिईकन फलाम अर्को फलामसंग जोरिंदैन । ५५ बलियाले निर्धोसँग विरोध गर्नुपर्दछ । ५६ आफूभन्दा बलियोसँग वा बराबरसँग पनि विरोध गर्नु हुँदैन । ५७ बलियोसँग विरोध गर्नु हात्तीसँग लात्ती उठाएर जुध्नु जस्तो हुन्छ । ५८ काँचो माटाको घडा अर्को भाँडासँग ठोकिंदा चकनाचूर हुन्छ । ५९ शत्रुले गर्ने लागेको प्रयत्न हेर्दै गर्नुपर्दछ । ६० धेरै शत्रु भएमा एकातिर सन्धि गर्नुपर्दछ । ६१ शत्रुले विरोध गर्ने लागेमा आफ्नो बचाउ गर्नुपर्दछ । ६२ आफ्नो सामर्थ्य नहुनेले बलियाको आड लिनुपर्दछ । ६३ निर्धाको आड लिनेले दुःख पाउँछ ।

(राजासँग व्यवहार)

६४ अग्निवद्राराजानमाश्रयेत् । ६५ राज्ञः प्रतिकूलं नाचरेत् । ६६ उद्धतवेषधरो न भवेत् । ६७ न देवचरितं चरेत् । ६८ द्वयोरपीर्ष्यतोद्वैधीभावं कुर्वीत् । ६९ न व्यसनपरस्य कार्यावाप्तिः । ७० इन्द्रियवशवर्ती चतुरङ्गवानपि विनश्यति । ७१ नास्ति कार्यं

६४ आगाको झैं राजाको आश्रय टाढैबाट गर्नुपर्छ । ६५ राजाको विपरीत कसैले गर्नु हुँदैन । ६६ राजाका अगाडि उर्लेको भेष गर्ने हुँदैन । ६७ देवता आदि ठूलाको चरित्रको अनुकरण गर्ने हुन्न । ६८ दुइ राजा परस्पर ईख गर्ने लागेमा दोधारे नीति लिनुपर्दछ । ६९ व्यसनमा लम्पट हुनेको काम सिद्ध हुँदैन । ७० इन्द्रियको वशमा रहने राजा

द्यूतप्रवृत्तस्य । ७२ मृगयापरस्य धर्मार्थौ विनश्यतः । ७३ अर्थैषणा न व्यसनेषु गण्यते । ७४ न कामासक्तस्य कार्यानुष्ठानम् । ७५ अग्निदाहादपि विशिष्टं वाक्पारुष्यम् । ७६ दण्डपारुष्यात् सर्वजनद्वेष्यो भवति । ७७ अर्थतोषिणं श्रीः परित्यजति । ७८ अमित्रो दण्डनीत्यामायत्तः । ७९ दण्डनीतिमधितिष्ठन् प्रजाः संरक्षति । ८० दण्डः सम्पदा योजयति । ८१ दण्डाभावे मन्त्रिवर्गाभावः । ८२ न दण्डादकार्याणि कुर्वन्ति । ८३ दण्डनीत्यामायत्तमात्मरक्षणम् । ८४ आत्मनि रक्षिते सर्वं रक्षितं भवति । ८५ आत्मायत्तौ वृद्धिविनाशौ । ८६ दण्डो हि विज्ञाने प्रणीयते । ८७ दुर्बलोऽपि नावमन्तव्यः । ८८ नास्त्यग्नेर्दौर्बल्यम् । ८९ दण्डे प्रतीयते वृत्तिः ।

चार अङ्ग भएको सेनाले सम्पन्न भए पनि बिग्रन्छ । ७१ जूवामा लग्गू हुनेको काम बन्दैन । ७२ सिकारमा आसक्त हुनेको धर्म अर्थ दुवै नष्ट हुन्छन् । ७३ धनको चाहना व्यसनमा गनिंदैन । ७४ कामुकजनले काम गर्दैन । ७५ कडा बोलीले आगाले पोलेभन्दा पनि बढ्ता पोल्दछ । ७६ चर्को दण्ड गर्नाले सबैजनाको ननिको बन्दछ । ७७ धनमा सन्तोष गर्नेलाई लक्ष्मीले छोड्छिन् । ७८ शत्रु दण्डनीतिको वशमा रहन्छ । ७९ दण्डनीतिको भरमा राजाले प्रजालाई रक्षा गर्दछन् । ८० दण्डशक्तिले ऐश्वर्य दिलाउँछ । ८१ दण्डशक्ति (फौजीबल) नभए मन्त्रीदल पनि हुँदैन । ८२ दण्डको भयले जनहरू अकर्तव्य गर्दैनन् । ८३ राजाको आत्मरक्षा पनि दण्डनीतिकै आधारमा हुन्छ । ८४ राजा आफू सुरक्षित भएमा सबै थोक सुरक्षित हुन्छ । ८५ बढ्नु र बिग्रनु आफ्नै अधीन छन् । ८६ राम्ररी जानी बुझी दण्डको प्रयोग गर्नुपर्दछ । ८७ राजालाई दुर्बल भए पनि हेला गर्न हुँदैन । ८८ आगो निर्धो कहिल्यै हुँदैन । ८९ लोकको व्यवहार राजदण्डकै भरमा छ ।

(धन प्रयत्नहरू)

९० वृत्तिमूलमर्थलाभः । ९१ अर्थमूलौ धर्मकामौ । ९२ अर्थमूलं कार्यम् । ९३ यदल्पप्रयत्नात्कार्यसिद्धिर्भवति । ९४ उपायपूर्वं न दुष्करं स्यात् । ९५ अनुपायपूर्वं कार्यं कृतमपि विनश्यति । ९६ कार्यार्थिनामुपाय एव सहायः । ९७ कार्यं पुरुषकार्येण लक्ष्यं सम्पद्यते । ९८ परुषकार्यं अनुवर्तते दैवम् । ९९ दैवं विनाऽतिप्रयत्नं करोति यत्तद् विफलम् । १०० असमाहितस्य वृत्तिर्न विद्यते । १०१ पूर्वं निश्चित्य पश्चात् कार्यमारभेत् । १०२ कार्यान्तरे दीर्घसूत्रता न कर्तव्या । १०३ न चलचित्तस्य कार्यावाप्तिः । १०४ हस्तगतावमाननात्कार्यव्यतिक्रमो भवति । १०५ दोषवर्जितानि कार्याणि दुर्लभानि । १०६ दुरनुबन्धं कार्यं नारभेत् । १०७ कालातिक्रमात् काल एव फलं पिबति । १०८ क्षणं प्रति कालविक्षेप न कुर्यात्सर्वकृत्येषु । १०९ देशकालविभागौ ज्ञात्वा कार्यमारभेत् । ११० दैवहीनं कार्यं सुसाध्यमपि दुःसाध्यं भवति ।

९० जीवननिर्वाहको आधार धनलाभ हो । ९१ धर्म र कामको मूल अर्थ (धन) हो । ९२ सबै कामकाजको मूल अर्थ (धन) हो । ९३ धन भएमा थोरै प्रयत्नबाट कार्य सिद्ध हुन्छ । ९४ उपाय (युक्तिसाथ) गरेदेखि कुनै पनि काम गर्न नशकिने हुँदैन । ९५ उपाय (युक्ति) नपुर्‍याई काम गरे पनि बिग्रन्छ । ९६ काम गर्न चाहनेलाई उपाय नै सहाय हुन्छ । ९७ पुरुषार्थ (प्रयत्न)ले काम सफल हुन्छ । ९८ दैव पनि पुरुषार्थको पछि लाग्छ । ९९ दैव (भाग्य) अनुकूल नभए जतिसुकै प्रयत्न गरे पनि विफल हुन्छ । १०० चित्त नसमाल्नेको व्यवहार चल्दैन । १०१ पहिले अठोट गरीकन काम थाल्नुपर्दछ । १०२ काम थालेपछि बिचमा अलमल गर्न हुँदैन । १०३ चित्त स्थिर नहुनेको काम बन्दैन । १०४ हातमा परेकोलाई हेलचेक्र्याइ गर्नाले काम बिग्रन्छ । १०५ दोष नभएको काम दुर्लभ हुन्छ । १०६ खडबड परिआउने काम थाल्न हुँदैन । १०७ बेला गुज्रेपछि कालले नै फल खाइदिन्छ । १०८ जुनसुकै काममा पनि क्षणभर पनि समय खेर नहाल्नू । १०९ देशकालको बाँडफाट गरेर काम थाल्नुपर्दछ । ११० भाग्य नभए सजिलो काम पनि सिद्ध गर्न नसकिने हुन्छ ।

(कार्यमा विचार)

१११ नीतिज्ञो देशकालौ परीक्षेत । ११२ परीक्ष्यकारिणी श्रीश्चिरं तिष्ठति । ११३ सर्वाश्च सम्पदः सर्वोपायेन परिग्रहेत । ११४ भाग्यवन्तमपरीक्ष्यकारिणं श्रीः परित्यजति । ११५ ज्ञानानुमानैश्च परीक्षा कर्तव्या । ११६ यो यस्मिन्कर्मणि कुशलस्तं तस्मिन्नेव योजयेत । ११७ दुःसाध्यमपि सुसाध्यं करोत्युपायज्ञः । ११८ अज्ञानिना कृतमपि न बहु मन्तव्यम् । ११९ यादृच्छिकत्वात्कृमिरपि रूपान्तराणि करोति । १२० सिद्धस्यैव कार्यस्य प्रकाशनं कर्तव्यम् । १२१ ज्ञानवतामपि दैवमानुषदोषात्कार्याणि दुष्यन्ति । १२२ दैवं शान्तिकर्मणा प्रतिषेद्धव्यम् । १२३ मानुषीं कार्यविपत्तिं कौशलेन विनिवारयेत् । १२४ कार्यविपत्तौ दोषान वर्णयन्ति बालिशाः । १२५ कार्यार्थिना दाक्षिण्यं न कर्तव्यम् । १२६ क्षीरार्थी वत्सो मातुरूधः प्रतिहन्तिः । १२७ अप्रयत्नात्कार्यविपत्तिर्भवेत् । १२८

१११ नीति जान्नेले देश र काल अनुकूल भए-नभएको विचार गर्नुपर्दछ । ११२ विचार गरेर काम गरेमा धेरै कालसंम लक्ष्मी रहन्छिन् । ११३ सबै किसिमका सम्पत्तिहरू हरकिसिमको उपायले जम्मा गर्नुपर्दछ । ११४ भाग्यवान् भए पनि विचार नगरेर काम गर्नेलाई लक्ष्मीले छोड्दछिन् । ११५ प्रत्यक्ष ज्ञान र अनुमानद्वारा विचार गर्नुपर्दछ । ११६ जो जुन काममा सिपालु छ, त्यसलाई त्यही काममा लाउनुपर्दछ । ११७ उपाय जान्ने मानिसले दुःखसंग हुने काम पनि सजिलोसंग सिद्ध पार्दछ । ११८ नजान्नेले काम गरे पनि त्यसको आदर हुँदैन । ११९ अकस्मात् कुनै कीराले पनि रूप बदल्छ । १२० काम सिद्ध भएपछि मात्र थाहा दिनुपर्दछ । १२१ जान्ने मानिसको पनि दैव वा मनुष्यको दोषले काम बिग्रन्छ । १२२ दैव प्रतिकूल भएमा शान्ति-स्वस्तिले समाल्नुपर्दछ । १२३ मनुष्यबाट काम बिग्रनलागेमा चतुर्‍याँइले काम बिग्रन दिन हुँदैन । १२४ मूर्खहरू काम बिग्रेपछि दोष देखाउँछन् । १२५ काम होस् भन्नेले ज्यादा सोझोपना गर्न हुँदैन । १२६ बाछोले दूध पीउन खोज्दा माऊको कल्चौंडोमा धक्का दिन्छ । १२७ मेहनत नगर्नाले काम बिग्रन्छ । १२८ दैवकै भर

न दैवप्रमाणानां कार्यसिद्धिः ।
१२९ कार्यबाह्यो न पोषयत्याश्रितान्।
। १३० यः कार्यं न पश्यति
सोऽन्धः । १३१ प्रत्यक्षपरोक्षानुमानैः
कार्याणि परीक्षेत । १३२
अपरीक्ष्यकारिणं श्रीः परित्यजति।
१३३ परीक्ष्य तार्या विपत्तिः ।
१३४ स्वशक्तिं ज्ञात्वा कार्यमारभेत्।
। १३५ स्वजनं तर्पयित्वा
यः शेषभोजी सोऽमृतभोजी ।
१३६ सर्वानुष्ठानादायमुखानि
वर्धन्ते। १३७ नास्ति भीरोः कार्यचिन्ता ।
। १३८ स्वामिनः शीलं
ज्ञात्वा कार्यं साधयेत् । १३९
धेनोः शीलज्ञः क्षीरं भुंक्ते ।
१४० क्षुद्रे गुह्यप्रकाशनमात्मवान्न
कुर्यात् । १४१ आश्रितैरप्यवमन्यते
मृदुस्वभावः। १४२तीक्ष्णदण्डः
सर्वैरुद्वेजनीयो भवति।
१४३ यथार्हदण्डकारी स्यात् ।
१४४ अल्पसारं श्रुतवन्तमपि न
बहु मन्यते लोकः । १४५ अतिभारः
पुरुषमवसादयति । १४६
यः संसदि परदोषं शंसति स
स्वदोषं प्रख्यापयति । १४७
आत्मानमेव नाशयत्यनात्मवतां

मान्नेको काम सिद्ध हुँदैन। १२९
कामबाट विमुख हुनेले आश्रय
गर्नेलाई पाल्नपोष्न शक्तैन।
१३० काम विचारसाथ नहेर्ने
मानिस अन्धो हो। १३१ प्रत्यक्ष
(आफ्नो दृष्टि), परोक्ष (अर्काको
दृष्टि), र अनुमानबाट कामको
जाँच गर्नुपर्दछ। १३२ विचार
नगरी काम गर्नेलाई लक्ष्मीले
छोड्छिन्। १३३ विचार गरेर विपत्ति
पार गर्नुपर्छ। १३४ आफ्नो सामर्थ्यं
बुझेर मात्र काम थाल्नुपर्दछ।
१३५ जो आफ्ना मानिसलाई तृप्त
पारेर बचेको खान्छ, त्यो अमृत
खाने हुन्छ। १३६ सबै योग्य काम
गर्नाले आमदानीको द्वार बढ्दछ।
१३७ डराउनेलाई कामको विचार
हुँदैन। १३८ मालिकको स्वभाव
बुझेर त्यो मिल्दो काम गर्नुपर्दछ।
१३९ गाईको बानी बुझ्नेले दूध
पीउँछ। १४० आफ्नो विचार राख्नेले
क्षुद्रजनलाई आफ्नो गोप्य कुरा थाहा
नदिनू। १४१ ज्यादै नरम प्रकृति
हुनेलाई आफ्नो आश्रय गर्नेले पनि
टेर्दैनन्। १४२ चर्को दण्ड गर्ने
राजाबाट सबै आत्तिन्छन्। १४३
यसैले राजाले उचित दण्ड दिने हुनुपर्दछ।
। १४४ विद्वान् भए पनि
फितलोलाई लोकले आदर गर्दैन।
१४५ ठूलो भारले मानिसलाई
लतार्दछ। १४६ जसले सभामा
अर्काको दोष बखान्दछ, त्यसले
आफ्नो दुष्टपना देखाउँछ। १४७

कोपः । १४८ नास्त्यप्राप्यं सत्यवताम् । १४९ साहसेन न कार्यसिद्धिर्भवति । १५० व्यसनार्तो विस्मरत्यप्रवेशेन । १५१ नास्त्यनन्तरायः कालविक्षेपे । १५२ असंशयविनाशात्संशयः श्रेयान् । १५३ अपरधनानि निक्षेप्तुः केवलं स्वार्थम् ।

आफूलाई समाल्न नशक्नेको कोपले आफैलाई बिगार्दछ । १४८ सत्यव्यहार गर्नेले नपाइने कुरा केही छैन । १४९ जबर्दस्ती गरेर काम बन्दैन । १५० दुःखले पीडित मानिस भित्र पस्न नशकेर बिर्सने हुन्छ । १५१ समय खेर हालेपछि विघ्न नपर्ने हुँदैन । १५२ पक्कै नाश हुने कामभन्दा नाशको सन्देह हुने काम बेस हुन्छ । १५३ अर्काको धन नासो लिनेको स्वार्थ केही हुँदैन ।

(धर्म अर्थ काम)

१५४ दानं धर्मः । १५५ नार्थगतोऽर्थवद्विपरीतोऽनर्थभावः । १५६ यो धर्मार्थौ न विवर्धयति स कामः । १५७ तद्विपरीतोऽनर्थसेवी । १५८ ऋजुस्वभावपरो जनेषु दुर्लभः । १५९ अवमानेनागतमैश्वर्यमवमन्यते साधुः । १६० बहूनपि गुणानेकदोषो ग्रसति । १६१ महात्मना परेण साहसं न कर्तव्यम् । १६२ कदाचिदपि चारित्रं न लङ्घयेत् । १६३ क्षुधार्तो न तृणं चरति सिंहः । १६४ प्राणादपि प्रत्ययो रक्षितव्यः । १६५ पिशुनः श्रोता पुत्रदारैरपि त्यज्यते ।

१५४ दान ठूलो धर्म हो । १५५ अनर्थ उपायबाट आएको अर्थ झैं दान-धर्म नगर्नु पनि अनर्थ हो । १५६ धर्म वा अर्थलाई जो बढाउने हुँदैन त्यो कामपदार्थ होइन । १५७ धर्म र अर्थको उल्टो काम गर्ने मानिस अनर्थको सेवा गर्ने ठहर्दछ । १५८ मानिसहरूमध्यमा सोझो स्वभाव मात्र भएको मानिस दुर्लभ हुन्छ । १५९ हेलाबाट पाएको सम्पत्तिलाई सज्जन तिरस्कार गर्छैन् । १६० धेरै गुणलाई पनि यौटा दोषले खाइदिन्छ । १६१ ठूलो मानिसले शत्रुसंग जबर्दस्ती काम गर्न हुँदैन । १६२ असल चरित्रलाई कहिल्यै नाघ्नु हुँदैन । १६३ सिंह भोकले व्याकुल भए पनि घाँस खाँदैन । १६४ प्राणभन्दा पनि भरपत्यारलाई बचाउनुपर्दछ । १६५ चुक्ली हाल्ने सुन्नेलाई छोरा स्वास्त्रीले पनि छोड्दछन् ।

(सदुपदेशः)

१६६ बालादपि अर्थजातं शृणुयात् । १६७ सत्यमप्यश्रद्धेयं न वदेत् । १६८ नाल्पदोषाद् बहुगुणा त्यज्यन्ते । १६९ विपश्चित्स्वपि सुलभा दोषाः । १७० नास्ति रत्नमखण्डितम् । १७१ मर्यादातीतं न कदाचिदपि विश्वसेत् । १७२ अप्रिये कृतं प्रियमपि द्वेष्यं भवति । १७३ नमन्त्यपि तुलाकोटिः कूपोदकक्षयं करोति । १७४ सतां मतं नातिक्रमेत् । १७५ गुणवदाश्रयान्निर्गुणोऽपि गुणी भवति । १७६ क्षीराश्रितं जलं क्षीरमेव भवति । १७७ मृत्पिण्डोऽपि पाटलिगन्धमुत्पादयति । १७८ रजतं कनकसङ्गात् कनकं भवति । १७९ उपकर्तर्युपकर्तुमिच्छत्यबुधः । १८० न पापकर्मणामाक्रोशभयम् । १८१ उत्साहवतां शत्रवोऽपि वशीभवन्ति । १८२ विक्रमधनाः राजानः । १८३ नास्त्यत्यसस्य ऐहिकामुष्मिकम् । १८४ निरुत्साहात् दैवं पतति । १८५ मत्स्यार्थीव जलमुपयुज्यार्थं गृह्णीयात् । १८६ अविश्वस्तेषु

१६६ बालकको पनि कामलाग्ने कुरा सुन्नुपर्छ । १६७ साँचै भए पनि विश्वास नपर्ने कुरा बोल्नु हुँदैन । १६८ धेरै दोष छ भनेर धेरै गुण भएको कुरा छाड्नु हुँदैन । १६९ विद्वान्हरूमा पनि दोष नपाइने हुँदैन । १७० रत्न पनि काटकुट नगरिएको हुँदैन । १७१ हद्भन्दा बढ्ता कुरा कहिले पनि विश्वास नगर्नू । १७२ मन नपर्नेले गरेको पियारो कुरा पनि मन नपर्ने हुन्छ । १७३ नुहुने भए पनि ढिकुलीको पल्ला, कूवाँको पानी घटाउने हुन्छ । १७४ सज्जनले भनेको कुरा ननाघ्नू । १७५ गुणीको आश्रय गर्नाले गुण नभएको पनि गुणी बन्दछ । १७६ दूधमा हालेको पानी पनि दूध नै बन्दछ । १७७ माटोको डल्लो पनि फूलको सम्बन्धले सुगन्धी हुन्छ । १७८ चाँदी पनि सुनको संसर्गमा सुन सरह बन्दछ । १७९ मूर्ख मानिस उपकारीमाथि पनि उपकार गर्न चाहन्छ । १८० पापी काम गर्नेलाई निन्दाको डर हुँदैन । १८१ उत्साही मानिसले शत्रुलाई पनि वशमा पार्दछन् । १८२ राजाहरूको पराक्रम नै धन हुन्छ । १८३ अल्छी मानिसले यस लोकको स्वार्थ र परमार्थ पनि साध्न शक्तैन । १८४ उत्साह नगर्नाले भाग्य पनि गिर्दछ । १८५ माछा पक्रनेले पानीमा गोता लाएझैं गोता खाएर धन

विश्वासो न कर्तव्यः। १८७ विषं विषमेव सर्वकालम्।

बटुल्नुपर्दछ। १८६ विश्वास नगर्ने मानिसमा विश्वास गर्न हुँदैन। १८७ विष सँधै विषै हुन्छ।

(आर्थिक सम्बन्ध)

१८८ अर्थसमादाने वैरिणां सङ्ग एव न कर्त्तव्यः। १८९ अर्थसिद्धौ वैरिणं न विश्वसेत्। १९० अर्थाधीन एव नियतसम्बन्धः। १९१ शत्रोरपि सुतः सखा रक्षितव्यः। १९२ यावच्छत्रोश्छिद्रं पश्यति तावद्धस्तेन वा स्कन्धेन वा वाह्यः। १९३ शत्रुं छिद्रे प्रहरेत्। १९४ आत्मछिद्रं न प्रकाशयेत्। १९५ छिद्रप्रहारिणः शत्रवः। १९६ हस्तगतमपि न विश्वसेत्।

१८८ धन कमाउँदाखेरि वैरीको सङ्ग गर्न हुँदैन। १८९ कार्यको सिद्धिमा वैरीमाथि विश्वास गर्न हुँदैन। १९० कसैसंग दृढ सम्बन्ध स्वार्थकै वशमा हुन्छ। १९१ शत्रुको छोरो भए पनि आफ्नो मित्र साथी भए त्यसको रक्षा गर्नुपर्दछ। १९२ शत्रुको छिद्र फेला नपारुञ्जेल शत्रुलाई हातले वा काँधले बोक्नु पनि पर्दछ। १९३ छिद्र पाएको वेलामा शत्रुमाथि प्रहार गर्नुपर्दछ। १९४ आफ्नो छिद्र प्रकाश गर्न हुँदैन। १९५ शत्रुहरू छिद्र पाएमा प्रहार गर्ने हुन्छन्। १९६ आफ्ना वशमा परिसकेको भए पनि शत्रुमा विश्वास नगर्नू।

(आफन्त र दुर्जनसँग व्यवहार)

१९७ स्वजनस्य दुर्वृत्तं निवारयेत्। १९८ स्वजनावमानोऽपि मनस्विनां दुःखमावहति। १९९ एकाङ्गदोषः पुरुषमवसादयति। २०० शत्रुं जयति सुवृत्तता। २०१ निकृतिप्रिया नीचाः। २०२ नीचस्य मतिर्न दातव्या। २०३ तेषु विश्वासो न कर्तव्य।

१९७ आफ्ना मानिसको नअसल चरित्र हराइदिनुपर्दछ। १९८ आफन्तेले गरेको अपमान पनि असल मन हुनेलाई दुःख लाग्ने हुन्छ। १९९ एक अङ्गमा भएको दोषले पनि मानिसलाई खिन्न गराउँछ। २०० असल चरित्रले शत्रुलाई पनि विजय गर्दछ। २०१ क्षुद्र मानिसहरू बिगार नै निको मान्दछन्। २०२ छोटालाई बुद्धि दिनु हुँदैन। २०३ तिनीहरूमा

२०४ सुपूजितोऽपि दुर्जनः पीडयत्येव। २०५ चन्दनादीनपि दावोऽग्निर्दहत्येव। २०६ कदाऽपि पुरुषं नावमन्येत। २०७ क्षन्तव्यमिति पुरुषं न याचेत। २०८ भर्त्राधिकं रहस्युक्तं वक्तुमिच्छन्त्यबुद्धयः। २०९ अनुरागस्तु फलेन सूच्यते। २१० दातव्यमपि बालिशः परिक्लेशेन दास्यति २११ महदैश्वर्यम् प्राप्याप्यधृतिमान् विनश्यति। २१२ नास्त्यधृतेरैहिकामुष्मिकम्।

(छोटाहरूमा) विश्वास गर्न हुँदैन। २०४ बेसरी पूजा गरिए पनि दुर्जनले दुख दिन छोड्दैन। २०५ डढेलाको आगोले श्रीखण्ड जस्ता शीतल वृक्षलाई पनि डढाउँछ। २०६ मान्यमानिसहरूलाई कहिल्यै अनादर गर्न हुँदैन। २०७ क्षमा गर भनि मानिससँग प्रार्थना नगर्नू। २०८ बुद्धि कम हुनेहरू मालिकले एकान्तमा भनेको गोप्यकुरा पनि भन्न सकसकाउँछन्। २०९ प्रेम भएको नभएको ता फलबाट जानिन्छ। २१० मूर्ख मानिस दिनै पर्ने पनि गाह्रो मानेर दिन्छ। २११ धैर्य नभएको मानिस ठूलो ऐश्वर्य पाएर पनि तल गिर्दछ। २१२ धैर्य नभएका मानिसको यस लोक परलोक दुवै हुँदैन।

(कुसङ्ग)

२१४ न दुर्जनैः सह संसर्गः कर्तव्यः। २१५ शौण्डहस्तगतं पयोऽप्यवमन्येत। २१६ कार्यसङ्कटेष्वर्थव्यवसायिनी बुद्धिः। २१७ मितभोजनं स्वास्थ्यम्। २१८ पथ्यमपथ्यं वाऽजीर्णे नाश्नीयात्। २१९ जीर्णशरीरे वर्धमानं व्याधिं नोपेक्षेत। २२० जीर्णभोजिनं व्याधिर्नोपसर्पति। २२१ शत्रोः अपि विशिष्यते व्याधिः। २२२ दानं निधान-

२१४ दुर्जनको सङ्ग गर्न हुँदैन। २१५ भट्टीवालको हातमा परेको दूध पनि हेला गरिन्छ। २१६ कामको सङ्कट परेको वेलामा पनि यसै गर्नु पर्दछ भनि ठेगान लाउने बुद्धि बेस हो। २१७ परिमित खानु स्वास्थ्यकर हुन्छ। २१८ पथ्य होस् चाहे अपथ्य होस् अजीर्ण भएको बखत नखानू। २१९ बूढो भएर थोत्रो भएको शरीरमा बढ्दो रोगलाई उपेक्षा गर्नु हुँदैन। २२० खाएको पचिसकेपछि खानेलाई रोग लाग्दैन। २२१ रोग शत्रुभन्दा पनि मापाको हुन्छ। २२२ दान दिनु पछि काम

मनुगामि । २२३ पटुतरे तृष्णापरे सुलभमतिसन्धानम् । २२४ तृष्णया मतिश्छाद्यते । २२५ कार्यबहुत्वे बहुफलमायतिकं कुर्यात् । २२६ स्वयमेवावस्कन्नं कार्यं निरीक्षेत । २२७ मूर्खेषु साहसं नियतम् । २२८ मूर्खेषु विवादो नैव कर्तव्यः । २२९ मूर्खेषु मूर्खवत् कथयेत् । २३० आयसैरायसं छेद्यम् । २३१ नास्त्यधीमतः सखा ।

लाग्ने खानि जस्तो हो । २२३ बाठै भए पनि ज्यादा तृष्णा गर्नेलाई ठग्न सजिलो हुन्छ । २२४ तृष्णाले बुद्धि ढाकिन्छ । २२५ काम धेरै परिआएमा धेरै फायदा हुने पछिलाई काम लाग्ने चाहीं झट्ट गर्नु । २२६ बिग्रेको काम आफैले हेर्नुपर्दछ । २२७ मूर्खहरू साहसी काम गर्ने हुन्छन् । २२८ मूर्खसँग झगड़ा गर्नु हुँदैन । २२९ मूर्खसंग मूर्खै जस्तो बनेर कुरा गर्नु । २३० फलामलाई फलामकै भाडाले काट्नु । २३१ बुद्धि नभएकाको मित्र हुँदैन ।

(धर्म अधर्म)

२३२ धर्मेण धार्यते लोकः । २३३ प्रेतमपि धर्माधर्मावनुगच्छतः । २३४ दया धर्मस्य जन्मभूमिः । २३५ धर्ममूले सत्यदाने । २३६ धर्मेण जयति लोकान् २३७ मृत्युरपि धर्मिष्ठं रक्षति । २३८ धर्माद्विपरीतं पापं यत्र प्रसज्यते तत्र धर्मावमतिर्महती प्रसज्यते । २३९ उपस्थितविनाशानां प्रकृत्या कार्येण लक्ष्यते । २४० आत्मविनाशं सूचयत्यधर्मबुद्धिः । २४१ पिशुनवादिनो न रहस्यम् । २४२ पररहस्यं नैव

२३२ धर्मले नै संसार अड्याएको छ । २३३ धर्म र अधर्म मरेका मानिसको पछि पछि लाग्दछन् । २३४ धर्मको जन्मभूमि दया हो । २३५ सत्य र दान धर्मका मूल आधार हुन् । २३६ धर्मले तीनै लोकमा विजय मिल्दछ । २३७ धर्मात्मा पुरुषलाई मृत्युले पनि रक्षा गर्दछ । २३८ धर्मको उल्टो पाप जहाँ परिआउँछ त्यहाँ धर्मको ठूलो अनादर हुन्छ । २३९ स्वभावले र कामले नाश हुने वेला भएको जनाउँछ । २४० अधर्मको बुद्धिले आफ्नो नाश हुने कुरा जनाउँछ । २४१ चुक्ली हाल्ने बानी भएकाको गोप्य कुरा केही हुँदैन । २४२ अर्काको

श्रोतव्यम् । २४३ वल्लभस्य कारकत्वमधर्मयुक्तम् । २४४ स्वजनेष्वतिक्रमो न कर्तव्यः । २४५ माताऽपि दुष्टा त्याज्या । २४६ स्वहस्तोऽपि विषदिग्धश्छेद्यः । २४७ परोऽपि च हितो बन्धुः । २४८ कक्षादप्यौषधं गृह्यते । २४९ नास्ति चोरेषु विश्वासः । २५० अप्रतीकारेष्वनादरो न कर्तव्यः । २५१ व्यसनं मनागपि बाधते ।

गोप्य कुरा केही सुन्न हुँदैन । २४३ प्रिय मानिसले काम गर्दाखेरी अधर्मको सम्बन्ध हुन्छ । २४४ आफन्तलाई लङ्घन गर्न हुँदैन । २४५ दुष्ट भए आमालाई पनि छोड्नुपर्छ । २४६ आफ्नै हात पनि विष लेपिएको भए काट्नुपर्दछ । २४७ पराइ भए पनि हित गर्ने भए बन्धु ठहर्दछ । २४८ सुकेको घाँसबाट पनि औषधि छानेर लिइन्छ । २४९ चोरहरूमा विश्वास हुँदैन । २५० समाल्न नशकिने कुरामा हेलचक्र्याइ गर्न हुँदैन । २५१ व्यसन थोरैले पनि बाधा गर्छ ।

(धन सम्पत्ति)

२५२ अमरवदर्थजातमर्जयेत । २५३ अर्थवान् सर्वलोकस्य बहुमतः २५४ महेन्द्रमप्यर्थहीनं न बहुमन्यते लोकः । २५५ दारिद्र्यं खलु पुरुषस्य जीवितं मरणम् । २५६ विरूपोऽर्थवान् सुरूपः । २५७ अदातारमप्यर्थवन्तमर्थिनो न त्यजन्ति । २५८ अकुलीनोऽपि धनी कुलीनाद्विशिष्टः । २५९ नास्त्यवमानभयमनार्यस्य । २६० न चेतनवतां वृत्तिभयम् । २६१ न जितेन्द्रियाणां विपद्भयम् । २६२ न कृतार्थानां मरणभयम् ।

२५२ कहिल्यै नमर्ने जस्तो भएर धन कमाउनुपर्दछ । २५३ धनीमानिस सबैले मानिने हुन्छ । २५४ इन्द्रजस्तोलाई पनि धन नभए लोकले आदर गर्दैन । २५५ गरीब हुनु मानिसको जिउँदै मर्नु हो । २५६ धनी मानिस विरूप भए पनि राम्रो रूप भएको मानिन्छ । २५७ नदिने भए पनि धनीलाई माग्नेहरूले छोड्दैनन् । २५८ कुलीन नभए पनि धनी मानिस कुलीनभन्दा श्रेष्ठ मानिन्छ । २५९ नीच मानिसलाई अपमान होला भन्ने डर हुँदैन । २६० बुद्धिमान मानिसलाई जीविकाको भय हुँदैन । २६१ इन्द्रिय जित्नेलाई विषय वासनाको भय हुँदैन । २६२ कर्तव्य पूरा गरिसकेकालाई मृत्युको

२६३ कस्यचिदर्थं स्वमिव मन्यते साधुः। २६४ परविभवेष्वादरो न कर्तव्यः। २६५ परविभवेष्यादरोपि नाशमूलम्। २६६ पलालमपि परद्रव्यं न हर्तव्यम्। २६७ परद्रव्यापहरणमात्मद्रव्यनाशहेतुः। २६८ न चौर्यात्परं मृत्युपाशः। २६९ यवागूरपि प्राणधारणं करोति काले। २७० न मृतस्यौषधं प्रयोजनम्। २७१ समकाले स्वयमपि प्रभुत्वस्य प्रयोजनं भवति।

भय हुँदैन। २६३ सज्जन मानिस अरु कसैको धन पनि आफ्नै जस्तो मानी रक्षा गरिदिन्छ। २६४ अर्काको सम्पत्तिमा चाहा गर्न हुँदैन। २६५ अर्काको सम्पत्तिमा लोभ लालच गर्न हुँदैन। २६६ परालै भए पनि अर्काको वस्तु चोर्न हुँदैन। २६७ अर्काको वस्तु चोर्नु आफ्नो वस्तुको नाशको कारण हुन्छ। २६८ चोरीभन्दा ठुलो मृत्यु गराउने पाशो अर्को छैन। २६९ उस्तै समयमा जौंको खोलेले पनि प्राण अड्याइदिने हुन्छ। २७० मरिसकेकालाई औषधिको काम छैन। २७१ बखतमा आफ्नो प्रमुख काम लाग्ने हुन्छ।

(गुणमा दोष)

२७२ नीचस्य विद्याः पापकर्मणि योजयन्ति। २७३ पयःपानमपि विषवर्धनं भुजंगस्य नामृतं स्यात्। २७४ न हि धान्यसमो ह्यर्थः। २७५ न क्षुधासमोहि शत्रुः। २७६ प्रकृतेर्नियता क्षुत्। २७७ नास्त्यभक्ष्यं क्षुधितस्य। २७८ इन्द्रियाणि जरावशं कुर्वन्ति। २७९ सानुक्रोशं भर्तारमाजीवेत। २८० लुब्धसेवी पावकेच्छया खद्योतं धमति। २८१ विशेषज्ञं स्वामिनमाश्रयेत्। २८२ पुरुषस्य मैथुनं जरा। २८३ स्त्रीणाममै-

२७२ नीचपुरुषको विद्याले पापी काममा लगाउँछन्। २७३ सर्पलाई दुध पियाउनु पनि विष बढाउने हुन्छ, अमृत बन्दैन। २७४ अन्न बराबर काम लाग्ने धन केही छैन। २७५ भोक बराबर शत्रु केही छैन। २७६ भोक स्वभावसिद्ध हुन्छ। २७७ भोकले व्याकुल भएकालाई अभक्ष्य केही हुँदैन। २७८ इन्द्रियहरू बुढेसकालमा वश पार्ने हुन्छन्। २७९ दया गर्ने मानिसको सेवा गरेर जीविका चलाउनु। २८० लोभीको सेवा गर्ने मानिस आगो ताप्न खोजेर जूनकिरीलाई फुक्तछ। २८१ विशिष्ट विद्वान् मालिकको आश्रय गर्नुपर्दछ। २८२ ज्यादा स्त्रीभोग

थुनं जरा। २८४ न नीचोत्तमयोर्विवाहः। २८५ अगम्यागमनादायुर्यशःपुण्यानि क्षीयन्ते। २७६ नात्स्यहंकारसमः शत्रुः। २८७ संसदि शत्रु न परिक्रोशेत्। २८८ शत्रुव्यसनं श्रवणसुखम्। २८९ अधनस्य बुद्धिर्न विद्यते। २९० हितमपि अधनस्य वाक्यं न गृह्यते। २९१ अधनः स्वभार्ययाऽप्यवमन्यते। २९२ पुष्पहीनं सहकारमपि नोपासते भ्रमराः।

गर्नाले पुरुषलाई कमजोर बनाइदिन्छ। २८३ स्त्रीलाई भोग्न पाउनाले बुढ्याई ल्याउँदछ। २८४ नीच र उत्तम जातिको विवाह सम्बन्ध उचित हुँदैन। २८५ अगम्य स्त्री गमन गर्नाले आयु, यश, पुण्यको नाश हुन्छ। २८६ अहङ्कार बराबरको शत्रु छैन। २८७ सभामा शत्रुलाई निन्दा नगर्नु। २८८ शत्रुलाई दुःख परेको सुन्दा आनन्द हुन्छ। २८९ धन नहुनेको बुद्धि हुँदैन। २९० निर्धनले बोलेको कुरा हित हुने भए पनि लिइँदैन। २९१ धन नभएको मानिस स्त्रीले पनि हेला गरिन्छ। २९२ फूल नभएको आँपमा पनि भवँरा घुम्दैनन्।

(विद्या महिमा)

२९३ विद्याधनमधनानाम्। २६४ विद्या चौरैरपि न ग्राह्या। २९५ विद्यया ख्यापिता ख्यातिः। २९६ यशःशरीरं न विनश्यति। २९७ यः परार्थमुपसर्पति स सत्पुरुषः। २९८ इन्द्रियाणां प्रशमं शास्त्रम्। २९९ अशास्त्रकार्यवृत्तौ शास्त्रांकुशं निवारयति। ३०० नीचस्य विद्या नोपेतव्या। ३०१ म्लेच्छभाषणं न शिक्षेत। ३०२ म्लेच्छानामपि सुवृत्तं ग्राह्यम्।

२९३ दरिद्रको धन विद्या हो। २९४ विद्या चोरले पनि हरिँदैन। २९५ विद्याले ख्याति फैलाउँछ। २९६ यश रूपी शरीर कहिल्यै नष्ट हुँदैन। २९७ जो अर्काको काममा अगि सर्दछ त्यो सत्पुरुष हो। २९८ इन्द्रियहरूलाई उर्लन नदिने शास्त्र हो। २९९ शास्त्र विरुद्ध काम गर्न खोज्नेलाई शास्त्ररूप अङ्कुशले रोक्तछ। ३०० नीचजातिको विद्या नलिनू। ३०१ म्लेच्छको भाषा नसिक्नू। ३०२ म्लेच्छहरूको पनि असल कुरा लिन हुन्छ। ३०३ गुणमा रिस गर्ने

३०३ गुणे न मत्सरः कार्यः । ३०४ शत्रोरपि सुगुणो ग्राह्यः । ३०५ विषादपि अमृतं ग्राह्यम् । ३०६ अवस्थया पुरुषः सम्मान्यते । ३०७ स्थान एव नराः पूज्यन्ते ।

हुँदैन । ३०४ शत्रुको पनि असल गुण लिनुपर्दछ । ३०५ विषबाट पनि अमृत लिनुपर्दछ । ३०६ अवस्थाले पुरुष मानिन्छ । ३०७ ठाउँमा रहे मनिस मानिन्छन् ।

(सदाचारः)

३०८ आर्यवृत्तमनुतिष्ठेत् । ३०९ कदापि मर्यादां नातिक्रमेत् । ३१० नास्त्यर्घः पुरुषरत्नस्य । ३११ न स्त्रीरत्नसमं रत्नम् । ३१२ सुदुर्लभं रत्नम् । ३१३ अयशोभयं भयेषु । ३१४ नास्त्यलसस्य शास्त्रागमः । ३१५ न स्त्रैणस्य स्वर्गाप्तिधर्मकृत्यञ्च । ३१६ स्त्रियोऽपि स्त्रैणमवमन्यन्ते । ३१७ न पुष्पार्थी सिञ्चति शुष्कतरुम् । ३१८ अद्रव्यप्रयत्नो बालुकाक्वथनादनन्यः । ३१९ न महाजनहासः कर्तव्यः । ३२०कार्यसम्पदं निमित्तानि सूचयन्ति । ३२१ नक्षत्रादपि निमित्तानि विशेषयन्ति । ३२२ न त्वरितस्य नक्षत्रपरीक्षा ।

३०८ श्रेष्ठ जनको चालचलन लिनुपर्दछ । ३०९ कहिले पनि मर्यादा नाघ्न हुँदैन । ३१० रत्न जस्ता पुरुष अमूल्य हुन्छन् । ३११ स्त्रीरत्न (उत्तम स्त्री) जस्तो रत्न कुनै छैन । ३१२ रत्न झट्ट पाइने हुँदैन ३१३ सबै भयमध्येमा बदनामको भय चर्को छ । ३१४ अलसीलाई शास्त्रको लाभ हुँदैन । ३१५ स्त्रीमा लम्पट हुनेलाई स्वर्ग प्राप्ति पनि हुँदैन, धर्म-कर्म पनि मिल्दैन । ३१६ स्त्रीमा लम्पट हुनेलाई स्त्रीहरूले पनि अनादर गर्दछन् । ३१७ फूल चाहनेले सुकेको बोटमा पानी हाल्दैन । ३१८ धन नभैकन कुनै काम गर्नु बालुवा पेल्नुजस्तै हुन्छ । ३१९ ठूला मानिसहरूसँग ठट्टा गर्न हुँदैन । ३२० असल शकुनले कार्यसिद्धि हुने जनाउँछ । ३२१ नक्षत्रभन्दा पनि शुभ शकुनले बढी सूचना दिन्छन् । ३२२ हतपत परेकाले नक्षत्रको विचार गर्दैन ।

(स्थिति)

३२३ परिचये दोषा न छाद्यन्ते
३२४ स्वयमशुद्धः परानाशङ्कते ।
३२५ स्वभावो दुरतिक्रमः ।
३२६ अपराधानुरूपो दण्डः ।
३२७ कथानुरूपंप्रतिवचनम् ।
३२८ विभवानुरूपमाभरणम् ।
३२९ कुलानुरूपं वृत्तम् । ३३० कार्यानुरूपं प्रयत्नः । ३३१ पात्रानुरूपं दानम् । ३३२ वयोऽनुरूपो वेषः । ३३३ स्वाम्यनुकूलो भृत्यः । ३३४ भर्तृवशवर्तिनी भार्या । ३३५ गुरुवशानुवर्ती शिष्यः । ३३६ पितृवशानुवर्ती पुत्रः । ३३७ अत्युपचारः शङ्कितव्यः । ३३८ स्वामिनमेवानुवर्तेत । ३३९ ताडितो वत्सो मातरमेवानुरोदिति । ३४० स्नेहवतः स्वल्पो हि रोषः । ३४१ आत्मछिद्रं न पश्यति परच्छिद्रमेव पश्यति बालिशः । ३४२ सोपचारः कैतवः । ३४३ काम्यैर्विशेषैरूपचरणमुपचारः । ३४४ चिरपरिचितानामत्युपचारः शङ्कितव्य । ३४५ गौर्दुष्करा श्वसहस्रादेवाकिनी प्रशस्या । ३४६ श्वो मयूरादद्य कपोतो वरः ।

३२३ जान पहिचान भएमा दोष ढाकिने हुँदैन । ३२४ आफ्नू नराम्रो विचार भएकाले अर्कोमाथि शङ्का गर्दछ । ३२५ स्वभाव बदलिन गाहारो छ । ३२६ अपराधमाफिकको दण्ड हुनुपर्दछ । ३२७ कुराअनुसारको जवाफ हुनुपर्दछ । ३२८ सम्पत्ति अनुसारको गहना हुनुपर्दछ । ३२९ कुल अनुसारको चालचलन हुनुपर्दछ । ३३० काम अनुसारको प्रयत्न हुनुपर्दछ । ३३१ पात्र अनुसारको दान हुनुपर्दछ । ३३२ उमेर अनुसारको पहिरन हुनुपर्दछ । ३३३ मालिकको अनुकूल सेवक हुनुपर्दछ । ३३४ पतिको वशमा रहने स्त्री हुनुपर्दछ । ३३५ गुरुको वशमा रहने शिष्य हुनुपर्दछ । ३३६ बाबुको वशमा रहने छोरो हुनुपर्दछ । ३३७ बढता मान गुन गरेमा शङ्का मान्नु पर्दछ । ३३८ सेवकले मालिककै पछि लाग्नु पर्छ । ३३९ आमाले पिटिएको बालक आमाकै पछि लागेर रुन्छ । ३४० स्नेह गर्नेको रीस छोटो हुन्छ । ३४१ मूर्ख मानिस आफ्नो छिद्र (दोष) देख्तैन अर्काको दोषमात्र देख्तछ । ३४२ छलकपटमा बढी आदर हुने हुन्छ । ३४३ विशेष कामनाले आदर गर्नु उपचार हो । ३४४ धेरै समयदेखि चिन्हिएकाको ज्यादा आदरमा शङ्का मान्नुपर्दछ । ३४५ दुच्छर गाई एउटै पनि हजार कुकुरभन्दा असल मानिन्छिन् । ३४६ भोलि पाइने मजूरभन्दा आज पाइने परेवा बेस हुन्छ ।

(गुण दोष)

३४७ अतिसङ्गो दोषमुत्पादयति । ३४८ सर्वं जयत्यक्रोधः ३४९ यद्यपकारिणि कोपः कोपे कोप एव कर्तव्यः । ३५० मतिमत्सु मूर्खमित्रगुरुवल्लभेषु विवादो न कर्तव्यः । ३५१ नास्त्यपिशाचमैश्वर्यम् । ३५२ नास्ति धनवतां शुभकर्मसु श्रमः । २५३ नास्ति गतिश्रमो यानवताम् । ३५४ अलौहमयं निगडं कलत्रम् । ३५५ यो यस्मिन् कुशलः स तस्मिन्योक्तव्यः । ३५६ दुष्कलत्रं मनस्विनां शरीरकर्शनम् । ३५७ अप्रमत्तो दारान्निरीक्षेत । ३५८ स्त्रीषु किञ्चिदपि न विश्वसेत् । ३५९ न समाधिः स्त्रीषु लोकज्ञता च । २६० गुरूणां माता गरीयसी । ३६१ सर्वावस्थासु माता भर्तव्या । ३६२ वैदुष्यमलङ्कारेणाच्छाद्यते । ३६३ स्त्रीणां भूषणं लज्जा । ३६४ विप्राणां भूषणं वेदः । ३६५ सर्वेषां भूषणं धर्मः । ३६६ भूषणानां भूषणं सविनया विद्या । ३६७ अनुपद्रवं देशमावसेत् । ३६८ साधुजनबहुलो देशः ।

३४७ ज्यादा सहवासले दोष पैदा गर्दछ । ३४८ क्रोध नभएकाले सबैलाई जित्दछ । ३४९ अपकार गर्नेमाथि कोप गर्दा पनि उसले कोप गरेपछि मात्र कोप गर्नू । ३५० बुद्धिमान् मूर्ख मित्र गुरु प्रियजनसँग झगडा गर्न हुँदैन । ३५१ ऐश्वर्यमा पिशाच नबसेको हुँदैन । ३५२ धनीहरूलाई शुभ काममा श्रम पर्दैन । ३५३ सवारीमा चढ्नेलाई हिंडाइको श्रम पर्दैन । ३५४ स्त्री भनेको विनाफलामको नेल हो । ३५५ जो जुन काममा सिपालु छ त्यसलाई त्यो काममा खटाउनुपर्दछ । ३५६ खराप स्वास्नी श्रेष्ठ पुरुषलाई दुबलो पार्ने हुन्छे । ३५७ सावधान भएर स्त्रीहरूको हेरचाह गर्नुपर्दछ । ३५८ स्त्री जातिमा अलिकति पनि विश्वास गर्न हुँदैन । ३५९ स्त्री जातिमा समझ र लोकव्यवहारको ज्ञान पनि हुँदैन । ३६० मान्यजनहरूमध्यमा आमा सबभन्दा श्रेष्ठ छन् । ३६१ जस्तोसुकै हालतमा पनि आमालाई पाल्नुपर्दछ । ३६२ विद्वत्तालाई गहनाले छोपिदिन्छ । ३६३ स्त्रीहरूको गहना लज्जा हो । ३६४ ब्राह्मणको गहना वेद (ज्ञान) हो । ३६५ सबैको गहना धर्म हो । ३६६ गहनामाथिको पनि गहना नम्रता सहित विद्या हो । ३६७ उपद्रव नभएको देशमा बस्नुपर्दछ । ३६८ सज्जन धेरै भएको ठाउँ बेस हो ।

(राजमहिमा आदि)

३६९ राज्ञो भेतव्यं सर्वकालम् । ३७० न राज्ञः परं दैवतम् । ३७१ सुदूरमपि दहति राजवह्निः । ३७२ रिक्तहस्तो न राजानमभिगच्छेत् । ३७३ गुरुञ्च देवञ्च । ३७४ कुटुम्बिनो भेतव्यम् । ३७५ गन्तव्यं च सदा राजकुलम् । ३७६ राजपुरुषैः सम्बन्धं कुर्यात् । ३७७ राजदासी न सेवितव्या । ३७८ न चक्षुषाणि राजानं निरीक्षते । ३७९ पुत्रे गुणवति कुटुम्बिनः स्वर्गः । ३८० पुत्रा विद्यानां पारं गमयितव्याः । ३८१ जनपदार्थं ग्रामं त्यजेत् । ३८२ ग्रामार्थं कुटुम्बस्त्यज्यते । ३८३ अतिलाभः पुत्रलाभः । ३८४ दुर्गतेः पितरौ रक्षति स पुत्रः । ३८५ कुलं प्रख्यापयति पुत्रः । ३८६ नानपत्यस्य स्वर्गः । ३८७ या प्रसूते सा भार्या । ३८८ तीर्थसमवाये पुत्रवतमीनुगच्छेत् । ३८९ सतीर्थगमनाद्ब्रह्मचर्यं नश्यति । ३९० न परक्षेत्रेषु बीजं निक्षिपेत् । ३९१ पुत्रार्थी हि स्त्रियः । ३९२ स्वदासीपरिग्रहो हि दासभावः ।

३६९ राजादेखि सँदै डराउनुपर्दछ । ३७० राजाभन्दा ठूलो देवता हुँदैन । ३७१ राजारूप आगोले टाढासम्म पोल्दछ । ३७२ रित्तोहात लिएर राजाकहाँ नजानू । ३७३ गुरु र देवताकहाँ पनि रित्तो हातले नजानू । ३७४ जहानियाँसँग दहसत राख्नुपर्छ । ३७५ राजदरबारमा सँदै जाने गर्नू । ३७६ राजपुरुषहरूसँग सम्बन्ध राख्नुपर्दछ । ३७७ राजदासीसँग सम्बन्ध राख्न हुँदैन । ३७८ राजालाई आँखाभिडाएर नहेर्नू । ३७९ छोरो गुणी भएमा कुटुम्बीलाई स्वर्ग पाए झैं हुन्छ । ३८० छोराहरूलाई विद्याको पार पुऱ्याउनुपर्दछ । ३८१ देशको हित हुन्छ भने गाउँ छोड्नुपर्दछ । ३८२ गाउँको हितका निमित्त जहान पनि छोडूनुपर्दछ । ३८३ पुत्र लाभ ठूलो लाभ हो । ३८४ दुर्गतिबाट आमा-बाबुलाई बचाउने नै असल पुत्र हो । ३८५ आफ्नो कुलको नाम चलाइदिने नै सत्पुत्र हो । ३८६ सन्तान नहुनेलाई स्वर्गसुख मिल्दैन । ३८७ जसले सन्तान पैदा गर्दछ सो असल स्त्री हुन्छे । ३८८ अनेक स्त्री रजस्वला भएमा छोरा हुनेपट्टि पहिले जानू । ३८९ रजस्वला स्त्रीमा जानाले ब्रह्मचर्य नष्ट हुन्छ । ३९० परस्त्रीमा बीज रोप्न हुँदैन । ३९१ छोरा पाउनाकै निमित्त स्त्री चाहिन्छन् । ३९२ दासीको संग्रह गर्नु आफै दास बन्नु हो ।

(हित उपदेश)

३९३ उपस्थितविनाशः पथ्यवाक्यं न शृणोति । ३९४ नास्ति देहिनां सुखदुःखाभावः । ३९५ मातरमिव वत्सा सुखदुःखानि कर्तारमेवानुगच्छन्ति । ३९६ तिलमात्रमप्युपकारं शैलवन्मन्यते साधुः । ३९७ उपकारोऽनार्येष्व कर्तव्यः । ३९८ प्रत्युपकारभयादनार्यः शत्रुर्भवति । ३९९ स्वल्पमप्युपकारकृते प्रत्युपकारं कर्तुमार्यो न स्वपिति । ४०० न कदापि देवताऽवमन्तव्या । ४०१ न चक्षुषा समं ज्योतिरस्ति । ४०२ चक्षुर्हि शरीरिणां नेता । ४०३ अचक्षुषा किं शरीरेण । ४०४ नाप्सु मूत्रं कुर्यात् । ४०५ न नग्नो जलं प्रविशेत् । ४०६ यथा शरीरं तथा ज्ञानम् । ४०७ यथा बुद्धिस्तथा विभवः । ४०८ अग्नावग्निं न निक्षिपेत् । ४०९ तपस्विनः पूजनीयाः । ४१० परदारान्न गच्छेत् । ४११ अन्नदानं भ्रूणहत्यामपि मार्ष्टि । ४१२ न वेदबाह्यो धर्मः । ४१३ कदाचिदपि धर्मं निषेवेत ।

३९३ नाशहुनेवेला भएकोले हित कुरा सुन्दैन । ३९४ देहधारीलाई सुखदुख नहुने हुँदैन । ३९५ बाछाले गाईको पछिलागेझैं सुखदुःखहरू कर्ताको पछि लाग्छन् । ३९६ सज्जनले अर्काले गरेको तिलभर उपकारलाई पर्वत झैं ठूलो मान्दछ । ३९७ दुर्जनलाई उपकार गर्न हुँदैन । ३९८ दुष्ट मानिस उपकारको सट्टामा प्रत्युपकार गर्नुपर्ला भन्ने डरले उल्टो शत्रु बन्दछ । ३९९ सज्जन थोरै उपकार गर्नेलाई पनि प्रत्युपकार गर्न जामा रहन्छ । ४०० देवतालाई कहिल्यै पनि अपमान गर्न हुँदैन । ४०१ आँखा समान ज्योति अर्को छैन । ४०२ देहधारीलाई आँखाले हिडाउँछ । ४०३ आँखा नभएको शरीर काम दिँदैन । ४०४ पानीमा मुत्न हुँदैन । ४०५ नाङ्गै पानीभित्र नपस्नू । ४०६ जिउ अनुसारको ज्ञान हुन्छ । ४०७ बुद्धि अनुसारको सम्पत्ति हुन्छ । ४०८ आगोमा आगो नहाल्नू अर्थात् तेजस्वीमाथि क्रोध गर्न हुँदैन । ४०९ तपस्वीहरू पूज्य हुन्छन् । ४१० परस्त्री गमन नगर्नू । ४११ अन्न दानले भ्रूणहत्याको पाप पनि पखाल्दछ । ४१२ वेदविरुद्ध कुरा धर्म हुँदैन । ४१३ जैलहेसुकै वेलामा पनि धर्मको पालन गर्नुपर्दछ ।

(सत्यप्रियहित)

४१४ स्वर्गं जयति सूनृतम् ।
४१५ नास्ति सत्यात्परं तपः ।
४१६ सत्यं स्वर्गस्य साधनम् ।
४१७ सत्येन धार्यते लोकः ।
४१८ सत्याद्देवो वर्षति । ४१९
नानृतात्पातकं परम् । ४२० न
मीमांस्या गुरवः । ४२१ खलत्वं
नोपेयात् । ४२२ नास्ति खलस्य
मित्रम् । ४२३ लोकयात्रा दरिद्रं
बाधते । ४२४ अतिशूरो दानशूरः ।
४२५ गुरुदेवब्राह्मणेषु भक्तिर्भूषणम्
। ४२६ सर्वस्य भूषणं
विनयः । ४२७ अकुलीनोपि
विनीतः कुलीनाद्विशिष्टः । ४२८
आचारादायुर्वर्धते कीर्तिश्च । ४२९
प्रियमप्यहितं न वक्तव्यम् । ४३०
बहुजनविरुद्धमेकं नानुवर्तेत ।
४३१ न दुर्जनेषु भागधेयः कर्तव्यः ।
४३२ न कृतार्थेषु नीचेषु सम्बन्धः ।
४३३ ऋणशत्रुव्याधिष्वशेषः
कर्तव्यः । ४३४ भूत्यानुवर्तनं
पुरुषस्य रसायनम् । ४३५ नार्थिष्ववज्ञा
कार्या । ४३६ दुष्करं
कर्म कारयित्वा कर्तारमवमन्यते
नीचः । ४३७ नाकृतज्ञस्य नरका-

४१४ सत्यले स्वर्ग जित्तछ ।
४१५ सत्यभन्दा ठूलो तप छैन । ४१६
सत्य स्वर्ग दिलाउने साधन हो ।
४१७ सत्यले नै लोक अड्याइराखेको
छ । ४१८ सत्यकै आधारमा देवताले
वर्षा गर्दछन् । ४१९ झूटो बोल्नुभन्दा
ठूलो पातक छैन । ४२० मान्य जनहरूमा
तर्क वितर्क गर्न हुँदैन । ४२१
दुष्टपना गर्न हुँदैन । ४२२ दुष्टको मित्र
हुँदैन । ४२३ दरिद्रलाई लोक व्यवहारले
बाधा गर्दछ । २२४ दान वीर
नै सबभन्दा ठूलो वीर हो । ४२५ गुरु
देवता ब्राह्मणहरूमा भक्ति गर्नु भूषण
हो । ४२६ नम्रता सबैको भूषण हो ।
४२७ अकुलीन भए पनि नम्र मानिस
कुलीनभन्दा बढ्ता हुन्छन् । ४२८
सदाचारले आयु र यश पनि बढदछ ।
४२९ प्रिय भए पनि अहित कुरा भन्न
हुँदैन । ४३० धेरै जनासंग विरोध
गर्ने एउटाको पछि लाग्न हुँदैन । ४३१
दुर्जनसंग आफ्नो भाग्य जोर्न हुँदैन ।
४३२ कृतकृत्य भइसकेको दुर्जनसंग
सम्बन्ध गर्न हुँदैन । ४३३ ऋण शत्रु
रोगलाई बेमाख पार्नुपर्छ । ४३४
कल्याणको बाटोमा पछि लाग्नु
मानिसलाई टिकाइराख्ने रसायन
हो । ४३५ माग्नेहरूलाई हेंला गर्न
हुँदैन । ४३६ नीच मानिस गाह्रो
काम गर्न लगाएर गर्नेलाई हेंला
गर्दछ । ४३७ कृतघ्न मानिस नरक-

न्निवर्तनम् । ४३८ जिह्वायत्तौ वृद्धिविनाशौ । ४३९ विषामृतयोराकरी जिह्वा । ४४० प्रियवादिनो न शत्रुः । ४४१ स्तुता अपि देवतास्तुष्यन्ति । ४४२ अनृतमपि दुर्वचनं चिरं तिष्ठति । ४४३ राजद्विष्टं न वक्तव्यम् । ४४४ श्रुतिसुखात्कोकिलालापात्तुष्यन्तिः । ४४५ स्वधर्महेतुः सत्पुरुषः । ४४६ नास्त्यर्थिनो गौरवम् । ४४७ स्त्रीणां भूषणं सौभाग्यम् । ४४८ शत्रोरपि न पातनीया वृत्तिः । ४४९ अप्रयत्नोदकं क्षेत्रम् । ४५० एरण्डमवलम्ब्य कुञ्जरं न प्रकोपयेत् । ४५१ अतिप्रवृद्धा शाल्मली वारणस्तम्भो न भवति । ४५२ अतिदीर्घोपि कर्णिकारो न मुसली । ४५३ अतिदीप्तोपि खद्योतो न पावकः । ४५४ न प्रवृद्धत्वं गुणहेतुः । ४५५ सुजीर्णोपि पिचुमन्दो न शङ्कुलायते । ४५६ यथा बीजं तथा निष्पत्तिः । ४५७ यथा श्रुतं तथा बुद्धिः । ४५८ यथा कुलं तथाऽऽचारः । ४५९ संस्कृतः पिचुमन्दः सहकारो न भवति ।

बाट फर्कदैन । ४३८ आफ्नो उन्नति अवनति आफ्नै जिभ्रोको अधीन छ । ४३९ जिभ्रो विष र अमृत दुवैको खानि हो । ४४० प्रिय बोल्ने मानिसको कोही पनि शत्रु हुँदैन । ४४१ स्तुति गरे पनि देवताहरू खुसी हुन्छन् । ४४२ झूटो भएपनि दुर्वचन धेरै कालसंम नविर्सिने भई रहन्छ । ४४३ राजद्रोही कुरा बोल्न हुँदैन । ४४४ कानलाई आनन्ददिने कोइलीको बोलीबाट सबै खुसी हुन्छन् । ४४५ स्वधर्ममा रहनाले नै सज्जन बन्दछ । ४४६ माग्ने मानिस हलुका हुन्छ । ४४७ स्त्रीजातिको गहना सौभाग्य हो । ४४८ शत्रुको पनि जीविका नाश गरिदिन हुँदैन । ४४९ सहजै पानी लाग्ने नै खेत बेस हुन्छ । ४५० अरिडको बोटको आडलिएर हात्तीलाई चिढ्याउन हुँदैन । ४५१ खूप सप्रेको भए पनि सीमलको रूख हात्ती बाध्ने खम्भा बन्दैन । ४५२ धेरै लामो भए पनि कनेरको बोट मुसल बनाउन हुँदैन । ४५३ ज्यादै चहकीलो भएपनि जुनकिरीले आगाको काम दिंदैन । ४५४ बढ्नु गुण बढाउने हुँदैन । ४५५ जतिसुकै पुरानो भए पनि नीमको बोट सरौतो जस्तो हुँदैन । ४५६ जस्तो बोट उस्तै फल हुन्छ । ४५७ जति जाने सुनेको छ उस्तै बुद्धि हुन्छ । ४५८ जस्तो कुल उस्तै आचार हुन्छ । ४५९ जतिसुकै सुधार गरे पनि नीमको रुख आँप बन्दैन ।

(व्यवहार)

४६० न चागतं सुखं त्यजेत् । ४६१ स्वयमेव दुःखमधिगच्छति । ४६२ रात्रिचारणं न कुर्यात् । ४६३ न चार्धरात्रं स्वपेत् । ४६४ तद्विद्वद्भिः परीक्षेत । ४६५ परगृहमकारणतो न प्रविशेत् । ४६६ ज्ञात्वापि दोषमेव करोति लोकः । ४६७ शास्त्रप्रधाना लोकवृत्तिः । ४६८ शास्त्राभावे शिष्टाचारमनुगच्छेत् । ४६९ नाचरिताच्छास्त्रं गरीयः । ४७० दूरस्थमपि चारचक्षुः पश्यति राजा । ४७१ गतानुगतिको लोकः । ४७२ यमनुजीवेत्तं नापवदेत् । ४७३ तपःसार इन्द्रियनिग्रहः । ४७४ दुर्लभः स्त्रीबन्धनान्मोक्षः । ४७५ स्त्रीनाम सर्वाशुभानां क्षेत्रम् । ४७६ न च स्त्रीणां पुरुषपरीक्षा । ४७७ स्त्रीणां मनः क्षणिकम् । ४७८ अशुभद्वेषिणः स्त्रीषु न प्रसक्ताः । ४७९ यज्ञफलज्ञास्त्रिवेदविदः । ४८० स्वर्गस्थानं न शाश्वतं यावत् पुण्यफलम् । ४८१ न च स्वर्गपतनात्परं दुःखम् । ४८२ देही देहं त्यक्त्वा ऐन्द्रं पदं न

४६० आइपरेको सुख छोड्न हुँदैन । ४६१ आफैले गर्दा दुःख पाइन्छ । ४६२ राति विनाकाम हिँडिरहन हुँदैन । ४६३ आधीरातमा मसक्क सुत्न हुँदैन । ४६४ त्यो परमात्मालाई विद्वान्हरूसँग मिलेर विचार गर्नुपर्छ । ४६५ विनाकाम अर्काको घरमा नपस्नू । ४६६ लोकले जानीबुझीकन पनि दोषी काम गर्दछ । ४६७ लोकको व्यवहारशास्त्र मुख्य मानेर हुनुपर्दछ । ४६८ शास्त्र नपाएकोमा शिष्टका आचारको पछि लाग्नुपर्छ । ४६९ शिष्टको आचारभन्दा शास्त्र ठूलो छैन् । ४७० राजाले चेवारूप आँखाद्वारा टाढाका कुरा पनि देख्तछन् । ४७१ लोक अर्कोले हिंडेको बाटो हिंड्दछ । ४७२ जसबाट आफ्नो जीविका भइरहेछ उसको निन्दा गर्न हुँदैन । ४७३ इन्द्रियलाई दमन गर्नु नै तपस्याको सार हो । ४७४ स्त्रीरूप बन्धनबाट छुट्टी पाउनु दुर्लभ छ । ४७५ स्त्रीभनेको सबै किसिमका अशुभ पैदा हुने खेत हो । ४७६ स्त्रीहरू पुरुषको परीक्षा गर्दैनन् । ४७७ स्त्रीहरूको मन क्षणक्षणमा बदलिन्छ । ४७८ अकल्याण नहोस् भन्नेहरू स्त्रीमा आसक्त हुँदैनन् । ४७९ तीन वेद जान्नेहरू नै यज्ञको फल जान्ने हुन्छन् । ४८० स्वर्गमा रहनु पुण्यको फल नसकियून्जेल मात्र हो, पछिसम्म रहने हुँदैन । ४८१ स्वर्गबाट गिर्नुभन्दा अर्को ठूलो दुःख हुँदैन । ४८२

वाञ्छति । ४८३ दुःखानामौषधं निर्वाणम् । ४८४ अनार्यसम्बन्धाद्वरमार्यशत्रुता । ४८५ निहन्ति दुर्वचनं कुलम् । ४८६ न पुत्रसंस्पर्शात्परं सुखम् । ४८७ विवादे धर्ममनुस्मरेत् । ४८८ निशान्ते कार्यं चिन्तयेत् । ४८९ प्रदोषे न संयोगः कतव्य । ४९० उपस्थितविनाशो दुर्नयं मन्यते । ४९१ क्षीरार्थिनः किं करिण्या । ४९२ न दानसमं वश्यम् । ४९३ परायत्तेषूत्कण्ठां न कुर्यात् । ४९४ असत्समृद्धिरसद्भिरेव भुज्यते । ४९५ निम्बफलं काकैरेव भुज्यते । ४९६ नाम्भोधिस्तृष्णामपोहति । ४९७ बालुका अपि स्वगुणमाश्रयन्ते । ४९८ सन्तोऽसत्सु न रमन्ते । ४९९ हंसः प्रेतवने न रमते ।

देहधारीले देह छोडेर इन्द्रको पद पनि चाहँदैन । ४८३ सबै दुःख हटाउने औषधि मोक्ष । ४८४ नीचसंग मित्रताभन्दा उत्तमपुरुषसंग शत्रुभाव पनि बेस हुन्छ । ४८५ दुर्वचनले कुलको नाश गर्दछ । ४८६ पुत्रको स्पर्शभन्दा ठूलो सुख अर्को छैन । ४८७ झगडा परिआएमा धर्मलाई संझनुपर्दछ । ४८८ बेहानपख पछि गर्नुपर्ने कामको विचार गर्नू । ४८९ सन्ध्याकालमा स्त्रीसंग नगर्नू । ४९० नाश हुने वेला आएकाले खराप नीति निको मान्दछ । ४९१ दूध चाहनेलाई हत्तिनी पाएर के काम । ४९२ दान जस्तो अर्कोलाई यशपार्ने केही छैन । ४९३ पराइको अधीन भएको विषयमा लालच नगर्नू । ४९४ दुर्जनको सम्पत्ति दुर्जनले नै खाइन्छ । ४९५ नीमको फल कागैले खाइन्छ । ४९६ समुद्रले प्यास हटाउँदैन । ४९७ बालुवा पनि आफ्नो गुण लिने हुन्छन् । ४९८ सज्जनहरू दुर्जनमा रमाउँदैनन् । ४९९ हाँस श्मशानमा रमाउँदैनन् ।

(प्रकृतिमा गुणदोष)

५०० अर्थार्थं प्रवर्तते लोकः । ५०१ आशया बध्यते लोकः । ५०२ न चाशापरैः श्रीः सह तिष्ठति । ५०३ आशापरे न धैर्यम् । ५०४ दैन्यान्मरणमुत्तमम् । ५०५ आशा लज्जां व्यपोहति । ५०६

५०० सारा लोक धनकै निमित्त दौडन्छ । ५०१ लोक आशाले बाँधिएको छ । ५०२ आशामै लागिरहनेसँग लक्ष्मी बस्तिनन् । ५०३ आशा गरी रहनेमा धैर्य हुँदैन । ५०४ दरिद्र हुनुभन्दा मर्नु बेस छ । ५०५ आशाले लाज शरम हटाइदिन्छ । ५०६

न मात्रा सह वासः कर्तव्यः ।
५०७ आत्मा न स्तोतव्यः । ५०८
न दिवा स्वप्नं कुर्यात् । ५०९ न
चासन्नमपि पश्येत्यैश्वर्यान्धो न
शृणोतीष्टं वाक्यम् । ५१० स्त्रीणां
न भर्तुः परं दैवतम् । ५११
तदनुवर्तनमुभयसुखम् । ५१२
अतिथिं अभ्यागतं पूजयेत् यथाविधि ।
५१३ नास्ति हव्यस्य
व्याघातः । ५१४ शत्रुर्मित्रवत्
प्रतिभाति । ५१५ मृगतृष्णा
जलवद् भाति । ५१६ दुर्मेधसामसच्छास्त्रं
मोहयति । ५१७
सत्सङ्गः स्वर्गवासः । ५१८ आर्यः
स्वमिव परं मन्यति । ५१९ रूपानुवर्ती
गुणः । ५२० यत्र सुखेन
वर्तते तदेव स्थानम् । ५२१
विश्वासघातिनो न निष्कृतिः ।
५२२ दैवायत्तं न शोचेत् । ५२३
आश्रितदुःखमात्मन इव मन्यते
साधुः । ५२४ हृद्गतमाच्छाद्यान्यद्
वदत्यनार्यः । ५२५
बुद्धिहीनः पिशाचतुल्यः । ५२६
असहायः पथि न गच्छेत् । ५२७
पुत्रो न स्तोतव्यः ।

आमासँग पनि एकान्तमा नबस्नू ।
५०७ आफूले आफैलाई नसह्राउनू ।
५०८ दिउँसो सुत्नु हुँदैन । ५०९
ऐश्वर्यले अन्धो भएको मानिसले
नजीकको कुरा पनि देख्तैन भलो
वचन पनि सुन्दैन । ५१० स्त्रीहरूको
पतिभन्दा अर्को देवता छैन । ५११
पतिको इच्छानुसार चल्नु दुवै लोकमा
सुख दिने हुन्छ । ५१२ आफूकहाँ
आएका अतिथिलाई विधिपूर्वक
सत्कार गर्नू । ५१३ होम गरिने वस्तु
नष्ट हुँदैन । ५१४ शत्रु पनि अज्ञानीलाई
मित्रजस्तो लाग्दछ । ५१५ मृगतृष्णा
(निर्जल देशमा ढलपल गर्ने
किरण) पानी जस्तो भान हुन्छ ।
५१६ विशेष बुद्धि नभएकालाई खराप
शास्त्रले लट्ठ पार्दछ । ५१७ सज्जनहरूसँग
बस्नु स्वर्गमा बस्नु जस्तो हो ।
५१८ सज्जनले अर्कालाई पनि आफ्नो
जस्तो ठान्दछ । ५१९ अनुहारअनुसारको
गुण हुन्छ । ५२० जहाँ
आनन्दसँग बस्न पाइन्छ त्यही असल
ठाउँ हो । ५२१ विश्वासघात गर्ने
मानिसको पापबाट प्रायश्चित्त छैन ।
५२२ दैवको अधीन विषयमा शोच
विचार गर्न हुँदैन । ५२३ सज्जनले
आफ्नो आश्रयमा रहनेको दुःखलाई
आफ्नै दुःख जस्तो ठान्दछ । ५२४
दुर्जनमानिस मनमा भएको कुरा
छोपेर अर्कै कुरा भन्दछ । ५२५ बुद्धि
नभएको मानिस पिशाच जस्तो
हुन्छ । ५२६ साथी नलिई बाटो नलाग्नू ।
५२७ आफ्नो छोरालाई
'आफूले प्रशंसा नगर्नू ।

(स्वामिसेवा)

५२८ स्वामी स्तोतव्योऽनुजीविभिः । ५२९ धर्मकृत्येष्वपि स्वामिन एव घोषयेत् । ५३० राजाज्ञां नातिलङ्घयेत् । ५३१ यथाज्ञप्तं तथा कुर्यात् । ५३२ नास्ति बुद्धिमतां शत्रुः । ५३३ आत्मच्छिद्रं न प्रकाशयेत् । ५३४ क्षमावानेव सर्वं साधयति । ५३५ आपदर्थं धनं रक्षेत् । ५३६ साहसवतां प्रियं कर्तव्यम् । ५३७ श्वः कार्यमद्य कुर्वीत । ५३८ आपराह्णिकं पूर्वाह्ण एव कर्तव्यम् ।

५२८ सेवकहरूले आफ्ना मालिकहरूको प्रशंसा गर्नु पर्दछ । ५२९ आफूले गरिने धर्म-कर्ममा पनि मालिककै कृपा बताउनू । ५३० राजाको आज्ञालाई कहिल्यै लङ्घन नगर्नू । ५३१ मालिकले अह्राए अनुसार काम गर्नू । ५३२ बुद्धिमान मानिसको कुनै शत्रु हुँदैन । ५३३ आफ्नो छिद्र—मर्म कुरा प्रकाश नगर्नू । ५३४ सहनशील मानिस आफ्नो सबै काम सिद्ध गर्दछ । ५३५ आपत्ति समयका निमित्त धन जोगाउनु पर्दछ । ५३६ साहसी मानिसलाई काम प्यारो लाग्दछ । ५३७ भोलि गर्ने भनेको काम आजै गर्नू । ५३८ बेलुकापख गर्नु भनेको काम बेहानपखै गर्नू ।

(धर्म र शास्त्र)

५३९ व्यवहारानुलोमो धर्मः । ५४० सर्वज्ञता लोकज्ञता । ५४१ शास्त्रज्ञोऽप्यलोकज्ञः मूर्खतुल्यः । ५४२ शास्त्रप्रयोजनं तत्त्वदर्शनम् । ५४३ तत्त्वज्ञानं कार्यमेव प्रकाशयति । ५४४ व्यवहारे पक्षपातो न कर्तव्यः । ५४५ धर्मादपि व्यवहारो गरीयान् । ५४६ आत्मा हि व्यवहारस्य साक्षी । ५४७ सर्वसाक्षी ह्यात्मा ।

५३९ व्यवहार अनुसारको धर्म हुन्छ । ५४० व्यवहार राम्रो जान्नु नै सर्वज्ञपना हो । ५४१ शास्त्र जान्ने पनि लोकव्यवहार नजान्ने भए मूर्ख जस्तो हुन्छ । ५४२ जस्ताको त्यस्तै देख्नु नै शास्त्र जान्नाको प्रयोजन हो । ५४३ यथार्थज्ञानले कर्तव्यलाई नै प्रकाश गर्छ । ५४४ व्यवहार हक कुरामा पक्षपात गर्न हुँदैन । ५४५ धर्मभन्दा पनि व्यवहार ठूलो छ । ५४६ यथार्थ व्यवहारमा आफ्नै आत्मा साक्षी हुन्छ । ५४७ आत्मा नै

५४८ न स्यात् कूटसाक्षी । ५४९ कूटसाक्षिणो नरके पतन्ति। ५५० प्रच्छन्नपापानां साक्षिणो महाभूतानि। ५५१ आत्मनः पापमात्मैव प्रकाशयति । ५५२ व्यवहारेऽन्तर्गतमाचारः सूचयति। ५५३ आकारसंवरणं देवानामशक्यम् । ५५४ चोरराजपुरुषेभ्यो वित्तं रक्षेत् । ५५५ दुर्दशना हि राजानः प्रजाः नाशयन्ति । ५५६ सुदर्शना हि राजानः प्रजा रञ्जयन्ति । ५५७ न्याययुक्तं राजानं मातरं मन्यन्ते प्रजाः । ५५८ तादृशः स राजा इह सुखं ततः स्वर्गमाप्नोति ।

सबै कुरामा साक्षी हुन्छ । ५४८ कपटी साक्षी हुनु हुँदैन । ५४९ कपटी साक्षी हुनेहरू नरकमा गिर्दछन् । ५५० लुकी लुकी पाप गर्नेहरूका पञ्चमसहाभूतहरू साक्षी हुन्छन् । ५५१ आफ्नो पाप आफ्नै आत्माले प्रकाश गर्दछ । ५५२ व्यवहारमा मनभित्र लुकाएको कुरा आकारले नै जनाउँछ । ५५३ मनोभाव बुझाउने आकार दबाउन देवताले पनि शक्तैनन । ५५४ चोर र राजपुरुषहरूबाट धन जोगाउनु पर्दछ । ५५५ प्रजाले राजाको दर्शन पाउन गाहारो भएमा त्यस्ता राजाले प्रजाको नाश गर्छन् । ५५६ सहजै दर्शन दिने राजाहरू प्रजाको रक्षा गर्दछन् । ५५७ न्यायी राजालाई प्रजाले आमा जस्तै ठान्दछन् । ५५८ न्यायी राजाले यो लोकमा सुख र पछि पनि स्वर्ग पाउँछन् ।

(अहिंसा र ज्ञान)

५५९ अहिंसालक्षणो धर्मः । ५६० स्वशरीरमपि परशरीरं मन्यते साधुः । ५६१ मांसभक्षणमयुक्तं सर्वेषाम् । ५६२ न संसारभयं ज्ञानवताम् । ५६३ विज्ञानदीपेन संसारभयं निवर्तते । ५६४ सर्वमनित्यं भवति । ५६५ कृमिशकृन्मूत्रभाजनं शरीरं पुण्यपापजन्महेतुः । ५६६ जन्म-

५५९ अहिंसा (परपीडा नगर्नु) नै मुख्य धर्म हो । ५६० सज्जनले आफ्नो शरीरलाई पनि अर्काको शरीर जस्ता ठान्दछन् । ५६१ मासु खानु सबैलाई अनुचित छ । ५६२ ज्ञानीलाई संसारको डर हुँदैन । ५६३ विज्ञान—(परमात्माको ज्ञान)—ले संसारको भय हट्तछ । ५६४ सबै यो जगत् अनित्य छ । ५६५ कीरा, मलमूत्रको भाडो भएको शरीर नै पुण्य र पापको उत्पत्ति स्थान हो । ५६६ जन्म मरण आदिमा दुःखै·दुःख

मरणादिषु दुःखमेव । तेभ्यस्तर्तुं प्रयतेत । ५६७ तपसा स्वर्गमाप्नोति । ५६८ क्षमायुक्तस्य तपो विवर्धते । ५६९ तस्मात् सर्वेषां कार्यसिद्धिर्भवति ।

छ । यो जन्म मरणको परम्पराबाट पार जाने प्रयत्न गर्नु पर्दछ । ५६७ तपस्याले स्वर्ग पाइन्छ । ५६८ सहनशील पुरुषको तप बढ्दै रहन्छ । ५६९ तपबाटै सबैको कार्य सिद्ध हुन्छ ।

चाणक्यसूत्रावली भाषानुवादसहित सम्पूर्ण

कौटलीय सूक्तिरत्नमाला र भाषानुवाद

अधिकरण १

प्रकरण—१

आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्चेति विद्याः ।

विचारशास्त्र, वेद, वार्ता (कृषि, पशुपालन, वाणिज्य, दण्डनीति) यी चार विद्या हुन् ।

ताभिर्धधर्माधर्मौ यद्विद्यात्तद्विद्यानां विद्यात्वम् ।

यिनबाट धर्म र अधर्मको ज्ञान हुने हुनाले यिनलाई विद्या भनेको हो ।

प्रदीपः सर्वविद्यानामुपायः सर्वकर्मणाम् ।
आश्रयः सर्वधर्माणां शश्वदान्वीक्षिकीमता ॥

आन्वीक्षिकी (विचारशास्त्र) सबै विद्याहरूलाई प्रकाश गर्ने बत्ती, सबै कार्यको साधन, सबै धर्मको आधार मानिएको छ ।

सर्वेषा महिंसासत्यं शौचमनसूया नृशंस्य च ।

अहिंसा, सत्य, पवित्रता, अनसूया (अर्काको द्रोह नगर्नु), आनृशंस्य (दयालुता), क्षमा यी सबै वर्ण सबै आश्रमका साधारण धर्म हुन् ।

स्वधर्मः स्वर्गाया नन्त्याय च, तस्यातिक्रमेलोकः सङ्करादुच्छिद्यैत ।

स्वधर्मले स्वर्ग र अनन्त सुख (मोक्ष) पनि गराउँछ, धर्म मर्यादाको लङ्घन गरेमा वर्ण-वर्ग-धर्ममा सङ्कर भएर लोकको सर्वनाश हुन्छ ।

व्यवस्थितार्यमर्यादः कृतवर्णाश्रम स्थितिः ।
त्रय्या हि रक्षितो लोकः प्रसीदति न सीदति ।

आर्यको मर्यादामा रहेर वर्णाश्रमको स्थितिमा रही वैदिक धर्मले सुरक्षित भएको लोक प्रसन्न रहन्छ, दुःखी हुँदैन ।

तस्यामायत्ता लोकयात्रा, तस्माल्लोकयात्रार्थी नित्यमुद्यतदण्डः, स्यात् ।

दण्डनीतिकै आधारमा लोकव्यवहार चल्दछ, अतः लोकव्यवहार राम्ररी चलाउन चाहने राजाले सदा राजदण्ड उठाइराख्नुपर्छ ।

सुविज्ञातप्रणीतोहि दण्डः प्रजाः धर्मार्थकामैर्योजयति । बलीयान बलं ग्रसते दण्डधराभावे ।

राम्ररी जानी बुझी प्रयोग गरिएको दण्डविधानले प्रजालाई धर्म अर्थ काम दिलाउँछ, दण्डधारी नभएमा बलियाले निर्धोलाई निल्ने हुन्छ ।

प्रकरण—२

क्रिया हिं द्रव्यं विनयति नाद्रव्यम् ।

सुधारको कामले योग्य पात्रलाई शिक्षित पार्दछ, कुपात्रलाई होइन ।

श्रुताद्धि प्रज्ञोपजायते, प्रज्ञया योगो, योगादात्मवत्तेति विद्या सामर्थ्यम् ।

शास्त्र-श्रवणबाट बुद्धिको सुधार हुन्छ, बुद्धि सुध्रेपछि सत्कर्ममा अनुराग हुन्छ, कर्मानुरागले आत्माको सुधार हुन्छ, यही विद्याको शक्ति हो ।

प्रकरण—३

कृत्सनं हि शास्त्रमिन्द्रिय जयः ।

सम्पूर्ण शास्त्र इन्द्रियलाई आफ्नो वशमा राख्ने विषय बताउँछ ।

धर्मार्थाविरोधेन कामं सेवेत; समं वा त्रिवर्ग मन्योन्यानुबन्धनम् । अर्थमूलौ हि अर्थकामौ ।

धर्म र अर्थ(व्यावहारिक हित)लाई विरोध नपारेर विषयसुख पनि लिनुपर्दछ; अथवा धर्म अर्थ काम तीनै वटालाई परस्परमा सम्बन्ध पारेर बराबर यात्रामा सेवा गर्नुपर्दछ । अर्थको आधारमा धर्म र काम रहन्छनू ।

**सहाय्यसाध्यं राजत्वं, चक्रमेकं न वर्तते ।
कुर्वीत सचिवाँतस्मात्तेषां च शृणुयान्मतम् ॥**

राजकार्य सहायक लिएरै चल्दछ, यौटा मात्र पाङ्ग्रो गुर्रिंदैन, अतः राजाले मन्त्री सचिवहरू पनि लिनुपर्दछ, तिनको मत पनि सुन्नुपर्दछ ।

**यावद्भ्यो गुह्यमाचष्टे जनेभ्यः पुरुषाधिपः ।
अवशः कर्मणा तेन वश्यो भवति तावताम् ॥**

राजाले जस-जसलाई आफ्नो गुह्य कुरा भन्दछ, त्यस कामले त्यतिको वशमा रहनुपर्दछ ।

गावो हि असगन्धं गोगणमतिक्रम्य सगन्धेष्वेवावतिष्ठन्ते।

गाईहरू पनि आफूले नचिनेजानेको बथान छोडेर चिनेजानेकै बथानसँग रहन्छन्।

शास्त्रविदऽदृष्टकर्मा कर्मसु विषादं गच्छेत्।

शास्त्र जाने पनि कामको अनुभव नभएको मानिस काम गर्दाखेरि अलमलिने हुन्छ।

कार्यसामर्थ्याद्धि पुरुषसामर्थ्यं कल्प्यते।

कामको योग्यताबाट मानिसको शक्ति जानिन्छ।

प्रकरण—५

प्रत्यक्षपरोक्षानुमेया हि राजवृत्तिः।

राजकार्य कुनै आफै देखिने, कुनै अर्कोद्वारा थाहा पाइने, कुनै अनुमान गरिने पनि हुन्छ।

प्रकरण—६

सर्वोपधाशुद्धान्मन्त्रिणः कुर्वीत।

हर तरहको जाँचमा चोखा ठहरिएकालाई मन्त्री बनाउनुपर्दछ।

न दूषणमदुष्टस्य विषेणेवाम्भसश्चरेत्।
कदाचिद्धि प्रदुष्टस्य नाधिगम्येत भेषजम्॥

चोखो मानिसलाई दोष लाउनु पानीमा विष मिलाउनु जस्तो हुन्छ। चोखो मानिस कदाचित चिढिएमा त्यसलाई समाल्ने औषधि नै पाइँदैन।

प्रकरण—८

त्रयाणामेकवाक्ये संप्रत्ययः।

तीन थरीबाट यौटै कुरा आएमा पत्यार हुन्छ।

प्रकरण—१०

यथा मदान्धो हस्ती मत्तेनाधिष्ठितो यद्यदा सादयति तत्सर्वे प्रमृद्नाति एव मयमशास्त्र चक्षुरन्धो राजा।

जस्तो मदले अन्धो हात्ती नसा चढेकोले हाँकिएको छ भने जे जे पाउँछ त्यो सबै माडमुड पार्दछ, त्यस्तै शास्त्रको दृष्टि नभएको अन्धो बनेको राजा पनि यस्तै हुन्छ।

प्रकरण—११

मन्त्रपूर्वाः सर्वारम्भाः ।

सबै कामको उठान मन्त्रणा (भित्री विचार) पहिले गरेर गर्नुपर्दछ।

न कश्चिदवमन्येत सर्वस्य शृणुयान्मतम् ।
बालस्याप्यर्थवद्वाक्यमुपयुञ्जीत पण्डितः ॥

मन्त्रणा गर्दा कसैलाई पनि अनादर गर्न हुँदैन, सबैको मत सुन्नुपर्दछ, बुद्धिमानले केटाकेटीको पनि उपयोगी कुरा कामलाउनुपर्दछ ।

नास्य गुह्यं परे विद्युश्छिद्रं विद्यात् परस्य तु ।
गूहेत्कूर्म इवाङ्गानि यत्स्याद्विवृतमात्मनः ।

आफ्नो गोप्य कुरा अर्काले नजानोस् , अर्काको छिद्र आफूले जान्नुपर्दछ। आफ्नो केही कुरा खुल्नलागे पनि कछुवाले जिउ लुकाएझैं गुप्त राख्नुपर्दछ ।

प्रकरण—१२

सुप्तमत्तयो र्हि भावज्ञानं दृष्टम् ।

सुतेको र नसाचढेको वेलामा मानिसको भित्री आशय थाह पाइने हुन्छ।

प्रकरण—१३

कर्कटक सधर्माणो जनक भक्षा राजपुत्राः ।

राजकुमारहरू गँगटाजस्तै बाबुलाई खाने हुन्छन् ।

वत्सेनेव हि धेनुं पितरमस्य सामन्ता दुह्यात् ।

बाछो लाएर गाई दुहेझैं सामन्तले राजपुत्रद्वारा राजालाई दुहुने हुन्छ।

सुखोपरुद्धा हि पुत्राः पितरं नाभि द्रुह्यन्ति ।

सुखमा अलमलिएका छोराहरू बाबुलाई द्रोह नगर्ने हुन्छन् ।

महादोषमबुद्ध बोधननम् ।

थाहा नपाउनेलाई थाहा दिनु ठूलो दोष हुन्छ ।

नवं हि द्रव्यं येन येनार्थ जातेनोपदिह्यते तत्तदाचूषति ।

नयाँ माटाको भाडामा घ्यूतेल आदि जे जे लेपिन्छ त्यो त्यो त्यसले चुस्तछ ।

प्रकरण—१६

राजानमुत्तिष्ठमानमनूत्तिष्ठन्ते भृत्याः, प्रमाद्यन्त मनु प्रमाद्यन्ति ।

राजा उमेदी भएमा कर्मचारीहरू पनि उमेदी हुन्छन्, राजा असावधान भएमा कर्मचारीहरू पनि असावधान हुन्छन् ।

प्रजा सुखे सुखं राज्ञः प्रजानां च हिते हितम् ।
नात्म प्रिय हितं राज्ञः प्रजानां तु प्रियं हितम् ।

प्रजा सुखी भएमा राजा सुखी हुन्छ, प्रजाको हित भएमा राजाको हित हुन्छ, राजालाई आफ्नो प्रिय हित बेग्लै हुँदैन, प्रजाको प्रिय हित नै राजाको प्रिय हित हो ।

सर्वमात्ययिकं कार्यं शृणुयान्नातिपातयेत् ।
कृच्छ्रसाध्यमतिक्रान्तमसाध्यं वा विजायते ॥

राजाले आवश्यक काम तुरुन्त सुन्ने गर्नुपर्दछ, हेलचेक्र्याइ गरेर बेला गुजार्न हुँदैन, बेला बितेपछि त्यही काम कष्टसाध्य, कि त असाध्यै पनि बन्दछ ।

तस्मान्नित्योत्थितो राजा कुर्यादर्थानुशासनम् ।
अर्थस्य मूलमुत्थानमनर्थस्य विपर्ययः ॥

अतः राजाले सर्वदा उद्योगी भएर कर्तव्यको सञ्चालन गर्नुपर्दछ । उद्योग नै स्वार्थ सिद्धिको मूल हो, अनुद्योग अनर्थको मूल हो ।

अनुत्थाने ध्रुवो नाशः प्राप्तस्या नागतस्य च ।
प्राप्यते फलमुत्थानाल्लभते चार्थ सम्पदम् ॥

उद्योगशील नभएमा पाइसकेको र पछि पाइने पनि नष्ट हुन्छ, उद्योगले नै कार्यसिद्ध हुन्छ, फल पनि पाइन्छ ।

प्रकरण—१७

स्वभूमौ च वसेत्सर्वः परभूमौ न सञ्चरेत् ।
न च बाह्येन संसर्गं कश्चिदाभ्यन्तरो व्रजेत ॥

राजकुल र राजकर्मचारी वर्ग सबैले आफ्नै ठाउँमा बस्नुपर्छ, अर्काको ठाउँमा घुम्ने गर्न हुँदैन, भित्रिया मानिसले बाहिरियासँग विशेष सम्बन्ध राख्न पनि हुँदैन ।

अधिकरण २

प्रकरण—१९

अल्पकोशो हि राजा पौर जानपदानेव ग्रसते ।

ढुकुटी दुर्बल भएको राजाले सहर-देशवासीलाई नै चुस्तछ ।

परचक्राटवीग्रस्तं व्याधिदुर्भिक्षपडितम् ।
देशं परिहरेद्राजा व्ययक्रीडाश्च वर्जयेत् ॥

शत्रुदलले जङ्गलीदलले पीडित भएको, रोग र अनिकालले पीडित भएको पनि ठाउँमा राजाले नबस्नू। खर्च मात्र हुने खेलवाड पनि नगर्नू ।

प्रकरण—२२

प्रवीरे वास्तुनि राजनिवेशः ।

वीर पुरुष धेरै भएको ठाउँमा राजाको निवास हुनुपर्दछ ।

न च बाहिरिकान्कुर्यात्पुरराष्ट्रोपघातकान् ।
क्षिपेज्जनपदे चैतान्सर्वान्वा दापयेत्करान् ॥

राजाले राष्ट्र, जनपदलाई हानि गर्ने धूर्त, ठग आदिलाई नगरहरूमा नराख्नू, राखे पनि बस्तिको छेउमा राख्नू, ती सबैलाई कर पनि तिराउनू।

प्रकरण—२३

रूपदर्शक विशुद्धं हिरण्यं प्रतिगृह्णीयात्, अशुचं छेदयेत् ।

सिक्का जाच्नेले चोखो ठहऱ्याएका सिक्काहरू लिनू, खोटो ठहरिएको चाहीं काटिदिनू ।

बाह्यमाभ्यन्तरं चायं विद्याद्वर्षशतादपि ।
यथा पृष्टो न सज्जेत व्ययशेषञ्च दर्शयेत् ॥

सन्निधाता(राजस्व ढुकुटी दाखिल गर्ने अधिकारी)ले नगर र जानपदहरूबाट आउने राजस्व यति यति भनि सय वर्षसम्म पनि, सोधेमा न लकपर्वाह भन्न सक्ने बचत यति भनि देखाउन शक्ने पनि हुनुपर्दछ ।

प्रकरण—२५

अपराधं सहेताल्पं तुष्येदल्पेऽपि चोदषे ।
महोपकारं चाध्यक्षं प्रग्रहेणाभिपूजयेत् ॥

अध्यक्ष अधिकारीले सानोतिनो कसूर गरेमा राजाले सहनू, थोरै पनि फायदा गराएमा खुसी हुनू, ठूलो भलाई गर्नेलाई सत्कार सम्मान पनि गर्नू ।

प्रकरण—२६

कोशपूर्वाः सर्वारम्भाः, तस्मात्पूर्वं कोशमवेक्षेत ।

सबै कामको उठान ढुकुटीकै आधारमा हुन्छ, अतः सबभन्दा पहिले धनको कोश हेर्नुपर्दछ ।

प्रकरण—२७

सर्वाध्यक्षाः शक्तितः कर्मसु नियोज्याः, कर्मसु चैषां नित्यं परीक्षां कारयेत्, चित्तानित्यत्वान्मनुष्याणाम् । अश्व सधर्माणो हि मनुष्या नियुक्ताः कर्मसु विकुर्वते ।

सबै विभागका अध्यक्षहरूलाई योग्यता-सामर्थ्यअनुसारको काममा नियुक्त गरी यिनको काममा सधैं निगरानी राख्नुपर्दछ । किनकि मानिसको चित्त अस्थिर हुन्छ । घोडाजस्तै नियुक्त मानिस काम गर्दा गर्दै बिग्रने हुन्छन् ।

नचातिवेद्य भर्तुः किञ्चिदारम्भं कुर्यु रन्यत्रापत्प्रतीकारेभ्यः ।

कर्मचारीहरूले आकस्मिक दैवो आपत्ति समाल्ने कामबाहेक मालिकलाई नभनीकन कुनै काम नउठाउनू ।

यथा ह्यनास्वादयितुं नशक्यं
जिह्वातलस्थं मधु वा विषं वा ।
अर्थ स्तथा ह्यर्थचरेण राज्ञः
स्वल्पोऽप्यनास्वादयितुं न शक्यः ॥ १ ॥

मत्स्या पथान्तः सलिले चरन्तो,
ज्ञातुं न शक्याः सलिले पिबन्तः ।
युक्तास्तथा कार्यविधौ नियुक्ता,
ज्ञातुं न शक्या धनमाददानाः ॥ १ ॥

जस्तो मह होस् वा विष होस् जिभ्रामा परेपछि अवश्य स्वाद लिइन्छ, त्यस्तै राजद्रव्यसम्बन्धी काम गर्नेले थोरै भए पनि धनको स्वाद नलिने हुन शक्दैन ।

जस्तो पानीभित्र चल्ने माछाहरूले पानी पिएको थाहा पाइँदैन, त्यस्तै काममा नियुक्त भएका राजकर्मचारीहरूले धन खाएको पनि थाहा पाइँदैन।

अपि शक्या गतिर्ज्ञातुं पततां खे पतत्रिणाम् ।
न तु प्रच्छन्न भावानां युक्तानां चरतां गतिः ।
आस्रावयेच्चोपचितान् विपर्यस्येच्च कर्मसु ।
यथा न भक्षयन्त्यर्थं भक्षितं निर्वमन्ति वा ।

आकाशमा उड्ने चराहरूको गति बरु जान्न शकिन्छ । पेट पाउन नशकिने भएका नियुक्त कर्मचारीहरूको गतिविधि थाहा पाइँदैन । राजाको धन चोरेर मोटाएका कर्मचारीबाट खाएको धन खिचेर त्यस्तालाई त्यस्ता कामबाट खारेज गरिदिनू । त्यसो गर्नाले तिनीहरू पछि राजधन नखाने, खाएको पनि उकेल्ने हुन्छन् ।

यथा न भक्षयन्त्यर्थां न्यायतो वर्धयन्ति च ।
नित्याधिकाराः कार्यास्ते राज्ञः प्रियहितेरताः ॥

राजाको धन नखाने, नीतिपूर्वक् राजकोश बढाउने, राजाको प्रिय र हितमा लागी रहने कर्मचारीलाई चिरस्थायी पदमा राख्नू ॥

प्रकरण—२८

शासन प्रधाना हि राजानः, तन्मूलत्वात्सन्धिविग्रहयोः ।

सरकारी आज्ञा लेख राजाको मुख्य हुन्छ, त्यसैका आधारमा सन्धि-(मेल) र विग्रह(विरोध) हुन्छन् ।

जातिं कुलं स्थान-वयः-श्रुतानि कर्मर्द्धि-शीलान्यथ देशकालौ ।
यौनानुबन्धं च समीक्ष्यकार्यं लेखं विदध्यात्पुरुषानुरूपम् ॥

जाति, कुल, ठाउँ, उमेर, विद्या, काम, सम्पत्ति, स्वभाव, देश, काल, नाता-गोता, काम यी सबै कुरा विचार गरेर मानिस-सुहाउँदो लेखोट हुन्छ ।

प्रकरण—३०

सर्वधातूनां गौरववृद्धौ सत्ववृद्धिः ।

सबै धातुहरूको ओजन बढेमा सार भाग बढी हुन्छ ।

आकरः प्रभवः कोशः, कोशाद्दण्डः प्रजायते ।
पृथिवी कोशदण्डाभ्यां, प्राप्यते कोशभूषणा ॥

खानिबाट कोश-सम्पत्ति, कोशबाट दण्ड (फौज) बढ्दछ, कोश र दण्डको आधारमा पृथिवी पाइन्छिन् ।

प्रकरण—३१

अक्षशालामनायुक्तो नोपगच्छेत् । अभिगच्छन्तुच्छेद्यः ।

टकसारमा अधिकार नभएको मानिस जान हुँदैन, विनाआज्ञा जानेलाई विशेष सज़ाय गर्नू ।

प्रकरण—३३

अखण्डपरिशुद्धानां तण्डुलानां प्रस्थः, चतुर्भागः सूपः, सूप षोडशो लवणस्यांशः, चतुर्भागः सर्पिषस्तैलस्य वा एकमार्यभक्तम् । प्रस्थ षड्भागः सूपः, अर्धस्नेहमवराणाम् । पादोनं स्त्रीणाम्, अर्धं बालानाम् ॥

नकाटिएका सफा चामल १ प्रस्थ (१२॥ पल), त्यसको चौथाइ दाल, दालको सोह्रौं भाग नून, दालको चतुर्थांश (४ भागको १ भाग) घ्यू, तेल, यो एक भलादमी खाना हो । तल्लो तहका मानिसको खानामा चामलको छैठौं भाग दाल, चिल्लो आधा हुन्छ, स्त्रीहरूको खाना चौथाइ कम, बालकहरूको आधा हुन्छ ।

प्रकरण—३४

नदीपथे च विज्ञाय व्यवहारं चरित्रतः ।
यतो लाभस्ततो गच्छेदलाभं परिवर्जयेत् ॥

व्यापार गर्दा जलमार्ग, स्थलमार्ग, व्यवहार, चरित्र सबै बुझेर जता फायदा हुन्छ, उतैतिर जानू । फायदा नहुनेपट्टि छोड़िदिनू ।

प्रकरण—४१

यथाकालं च सस्यादि जातं जातं प्रवेशयेत् ।
नक्षेत्रे स्थापयेत्किञ्चित्पलालमपि पण्डितः ॥

बखत बखतमा अनाजहरू जति तयार हुन्छ उति भित्र्याउँदै गर्नुपर्दछ । बुद्धिमान्‌ले खेतमा पराल पनि नछोड्नू ।

प्रकरण—४३

वत्सो वृषो धेनुश्चैषामवध्याः ।

मृगपशुहरूमा, बालक (बाच्छो), बिउको सांढे, दुहुन यिनीहरूलाई मार्न हुँदैन ।

अधिकरण ३

प्रकरण—५८

चतुर्वर्णाश्रमस्यायं लोकस्याचाररक्षणात् ।
नश्यतां सर्वधर्माणा राजधर्मः प्रवर्तकः ॥

चार वर्ण चार आश्रम भएको लोकको आचारलाई रक्षा गर्ने हुनाले राजधर्मले सबै धर्मलाई बिग्रन नदिएर रक्षा गर्दछ ।

धर्मश्च व्यवहारश्च चरित्रं राजशासनम् ।
विवादार्थश्चतुष्पादः पश्चिमः पूर्वबाधकः ॥

सबै विषयमा विवादको निर्णयलाई आधार हुने धर्म (धर्मशास्त्रीय विधिनिषेध), व्यवहार-अर्थशास्त्रको पद्धति, चरित्र (देश कुलाचार), राजशासन यी चार पाउ छन् । तिनमा पछिल्लो (राजशासन) अगिल्ला तीन आधारभन्दा बलियो हुन्छ ।

अत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु ।
चरित्रं संग्रहे पुंसां राज्ञामाज्ञा तु शासनम् ॥

धर्म सत्यको आधारमा, व्यवहार साक्षीको आधारमा, चरित्र सामाजिक जीवनको आधारमा, शासन राजाको आज्ञाका आधारमा रहन्छ ।

राज्ञः स्वधर्मः स्वर्गाय प्रजा धर्मेण रक्षितुः ।
अरक्षितु र्वा क्षेप्तु र्वा मिथ्या दण्डमतोन्यथा ॥

धर्मपूर्वक प्रजाको रक्षा गर्ने राजालाई स्वधर्म पालन नै स्वर्ग दिलाउने हुन्छ । प्रजालाई रक्षा नगरी मिथ्या दण्ड दिनेलाई उल्टो फल हुन्छ ।

दण्डो हि केवलो लोकं परं क्षेमं च रक्षति ।
राज्ञा पुत्रे च शत्रौ च यथा दोषं समं धृतः ॥

राजाले दोषअनुसार छोरा वा शत्रुमा बराबर गरी उठाइएको दण्डले यो लोक र परलोक दुवैमा कल्याण गर्दछ ।

अनुशासद्धि धर्मेण व्यवहारेण संस्थया ।
न्यायेन च चतुर्थेन चतुरन्तां महींजयेत् ॥

धर्म, व्यवहार, लोकाचार, न्याय, यी चारको आडमा राज्य-शासन गर्ने राजा चतुः समुद्रान्त पृथिवीको विजय गर्दछ ।

संस्थया धर्म शास्त्रेण शास्त्रं वा व्यावहारिकम् ।
यस्मिन्नर्थे विरुद्धयेत धर्मेणार्थं विनिर्णयेत् ॥

धर्मशास्त्रसंग व्यवहार-आचारको विरोध भएको विषयमा धर्मशास्त्रकै आधारमा कर्तव्यको निर्णय गर्नुपर्दछ ।

शास्त्रं विप्रतिपद्येत धर्म न्यायेन केनचित् ।
न्यायस्तत्र प्रमाणं स्यात्तत्र पाठो हि नश्यति ॥

धर्मसंगत न्यायसँग शास्त्रवाक्यमा विरोध परेमा न्याय नै प्रमाण हुन्छ । शास्त्र-वाक्य गौण बन्दछ ।

दृष्ट दोषः स्वयंवादः स्वपक्ष परपक्षयोः ।
अनुयोगार्जवं हेतुः शपथश्चार्थ साधकः ॥

अपराध देखिनु, आफूले अपराध मंजुर गर्नु, बहस गर्दा सरल उत्तर दिनु, शपथ गर्नु मतिवादी वा प्रतिवादीका पक्षको सिद्धिमा साधक हुन्छ ।

पूर्वोत्तरार्थ व्याघाते साक्षि वक्तव्य कारणे ।
चारहस्ताच्च निष्पाते प्रदेष्टव्याः पराजयः ॥

वादी र प्रतिवादीको कुरा बाझिएमा, कुनै पक्षको साक्षीमा दोष लाग्ने कारण परेमा, गुप्तचरद्वारा यथार्थ कुरा बुझिएमा पनि दोषीले हे निर्णय हुन्छ ।

प्रकरण—५९

विवाहपूर्वो व्यवहारः ।

व्यवहार (मुद्दा) विषयमा सबभन्दा पहिलो विवाहसम्बन्धी हुन्छ ।

वृत्तिरावन्ध्यं स्त्रीधनम् । परद्विसाहस्रा स्थाप्या वृत्तिः । आवन्ध्या नियमः ।

वृत्ति (जीविकाका निमित्त दिएको नगद जिनिस) र आवन्ध्य (जिउमा लाउन दिएका गहनाहरू) स्त्रीधन हुन्छ । उपल्लो दुइ हजारसंमको उचित वृत्ति (जीविका) हुन्छ । आवन्ध्य-गहनामा यति भन्ने नियम छैन ।

द्वादशवर्षा स्त्री प्राप्तव्यवहारा भवति षोडशवर्षः पुमान् ।

बाह्र वर्ष पुगेकी स्त्री सोह्र वर्ष पुगेको पुरुष-व्यवहारमा योग्य (बालिग) हुन्छन् ।

प्रकरण—५८

राजद्विष्टातिचाराभ्यामात्मापक्रमणेन च ।
स्त्रीधनानीत शुल्कानामस्वाम्यं जायते स्त्रियः ॥

राजद्रोह, अत्याचार, पतिको घर छोड़ेर भाग्नु गर्नाले स्त्री-धन-शुल्क-हरूमा स्त्री-जातिको हक रहँदैन ।

प्रकरण—६०

अनीश्वराः पितृमन्तः स्थितपितृमातृकाः पुत्राः ।

बाबु आमा दुवै वा बाबु जीवित भएका छोराहरूको पैतृक सम्पत्तिमा अधिकार हुँदैन ।

ऋण रिक्थयोः समो विभागः ।

सतोऽर्थस्य विभागो नासतः ।

ऋण धन दुवैको समान भाग लाग्दछ । भएको धनको भाग लाग्छ, नभएको वस्तु भाग लाग्दैन ।

पौराणिकस्त्वन्यः सूतो मागधः ब्रह्मक्षत्राद्विशेषतः ।

पुराणमा आउने सूत र मागध ता ब्राह्मणकन्यामा क्षत्रियबाट जन्मेको सूत, क्षत्रियकी कन्यामा वैश्यबाट जन्मेको मागधभन्दा वेग्लै ब्राह्मण-क्षत्रियभन्दा श्रेष्ठ हुन् ।

देशस्य जात्या सङ्घस्य धर्मो ग्रामस्य वापि यः ।
उचितस्तस्य तेनैव दाय धर्मं प्रकल्पयेत् ।

देश-जाति-सङ्घ-ग्रामहरूको उचित व्यवहारअनुसार अंशभाग लाउनू ।

कोष्ठकाङ्गण वर्जानामग्नि कुट्टनलालयोः ।
विवृत्तानां च सर्वेषां सामान्यो भोग इष्यते ।

कोठा (बैठक), आँगन, मलमूत्र स्थान, अग्नि-शाला, ढिकीजाताको घर, खुला ठाउँ—हरूमा एकघरमा रहने सबै अंसियारको समान अधिकार हुन्छ ।

प्रकरण—६१

सर्व एव विवादाः सामन्त प्रत्ययाः ।

सबैजसो झगडामा सँधियारहरू प्रमाण हुन्छन् ।

राजा देशहितान् सेतून् कुर्वतां पथिसंक्रमान् ।
ग्रामशोभाश्च रक्षाश्च तेषां प्रियहितं चरेत्—

राजाले देशलाई, समाजलाई हित हुने गरी पूल सडक गाउँको सुधार, रक्षा गर्नेहरूको प्रिय र हित गर्ने गर्नु पर्दछ ।

प्रकरण—६५

म्लेच्छानामदोषः प्रजां विक्रेतुमाधातुं वा नत्वेवार्यस्य दासभावः ।

म्लेच्छ जातिलाई आफ्नो सन्तान बेच्न बाँधा राख्न दोष छैन, आर्यजाति अर्काको दास हुनशक्तैन ।

आत्मविक्रयिणः प्रजामार्यां विद्यात् ।

आर्यजाति कसैले आफूलाई आफैलै बिक्री गरे पनि त्यसका सन्तान आर्य (चोखा) नै हुन्छन् ।

प्रकरण—६६

कृतस्य वेतनं नाकृतस्यास्ति, सचेदल्पमपि कारयित्वा न कारयेत् कृतमेवास्य विद्यात् ।

गरेको कामको वेतन दिनुपर्दछ, नगरेका कामको दिनुपर्दैन । कसैले थोरै पनि काम गराएर बाँकी पर्दैन भनि रोकेमा पूरा वेतन दिनुपर्दछ ।

सामान्या हि पथि सिद्धिश्चासिद्धिश्च ।

कामको बाटोमा हिंड्दा सिद्धि हुनु वा नहुनु बराबरै हुन्छ ।

प्रकरण—७०

प्रव्रज्यासु वृथाचारान् राजा दण्डेन वारयेत् ।
धर्मो ह्यधर्मोपहतः शास्तारं हन्त्युपेक्षितः ॥ १ ॥

संन्यासी भएर खराप आचार गर्नेलाई राजाले दण्ड दिएर रोक्नुपर्दछ । धर्मलाई अधर्मले घात गरेको देखी-देखी उपेक्षा गरेमा शासकलाई नाश गर्दछ ।

प्रकरण—७२

स्वदेशग्रामयोः पूर्वं मध्यमं जाति सङ्घयोः ।
आक्रोशाद्देवचैत्यानामुत्तमं दण्डमर्हति ॥ १ ॥

आफ्नो देश वा गाउँको निन्दा गर्नेलाई प्रथमसाहस, जाति वा सङ्घको निन्दा गर्नेलाई मध्यमसाहस, देवता वा देवमन्दिरको निन्दा गर्नेलाई उत्तमसाहस दण्ड गर्नुपर्दछ ।

प्रकरण—७३

नास्त्यपकारिणो मोक्षः ।
अक्षममाणो हि प्रधावति ।

अपराधीले ढीलो भए पनि छुट्टी पाउँदैन, सहन नसकिने भएमा कराउन दगुर्दछ ।

प्रकरण—७४

प्रायशो हि कितवाः कूटदेविनः ।

धेरैजसो जुवारीहरू छलसँग खेल्ने हुन्छन् ।

प्रकरण—७५

एवं कार्याणि धर्मस्थाः कुर्युरच्छतदर्शिनः समाः सर्वेषु भावेषु विश्वास्या लोक संप्रियाः ।

न्यायाधीशहरू छलकपट नगरेर, सबैमाथि समान दृष्टि राखेर, शुद्धभावले निर्णय गर्ने भएमा, विश्वासपात्र लोकप्रिय बन्दछन् ।

अधिकरण ४

प्रकरण—७६

एवं चोरानचोराख्यान् वणिकारु कुशीलवान् ।
भिक्षुकान् कुट्टकांश्चान्यान् वारयेद्देशपीडनात् ॥

चोर नकहलाए पनि चोरको जस्तो काम गर्ने, व्यापारी कालीगढ़ नट भिक्षुक चटकीहरूलाई देशलाई पीडागर्ने गर्न नदिनू ।

प्रकरण—७७

प्रक्षेपं पण्य निष्पत्तिं शुल्कं वृद्धिमवक्रयम् ।
व्ययानन्यांश्च संख्याय स्थापयेदर्थमर्थवित् ॥

हालेको मूलधन माल तयारगर्ने खर्च, महशूल, साहुको व्याज, भाड़ा भरोट र अरु खर्च पनि हिसाब गरेर, अर्थशास्त्र जान्नेले मालको मोल राख्नुपर्दछ ।

प्रकरण—७८

दैवान्यष्टौ महाभयानि अग्निरुदकं व्याधि दुर्भिक्षं मूषिका व्यालाः सर्पाः रक्षासि, एतेभ्यो जनपदं रक्षेत् ।

दैवी विपत्ति गराउने, आगो, पानी, रोग, अनिकाल, मूसा, हिंसक सर्प, राक्षस, यी ८ छन्, यिनबाट देशको रक्षा गर्नुपर्दछ ।

प्रकरण—७९

आरब्धारस्तु हिंसायां गूढाजीवास्त्रयोदश ।
प्रवास्या निष्क्रयार्थं वा दद्युर्दोष विशेषतः ॥

१ धर्मस्थ (न्यायाधीश), २ प्रदेष्टा (भ्रष्टाचार रोक्ने अधिकारी), ३ ग्रामकूट (गाउँको मुखिया), ४ ग्रामाध्यक्ष (गाउँको मुख्य), ५ कूट साक्षी (कपटी साछी), ६ कूटश्रावक (झुट्टा खबर दिने), ७ वशीकरणकारी (मोहनी लाउने), ८ कृत्या गर्ने (टूना गर्ने), ९ मार्ने प्रयोग गर्ने, १० विषालु प्रयोग गर्ने, ११ लठ्याउने, १२ जाली सिक्का बनाउने, १३ सूनको व्यापार गर्ने यी १३ थरी गूढाजीवी (गुप्त जीविका गर्ने) देशका घातक हुन्छन् । यस्ता दुष्टहरूलाई देशबाट निकालिदिनू किंवा दोषअनुसार धन दण्ड गर्नू ।

प्रकरण—८१

चतुष्पदानामपि हि रूपलिङ्ग सामान्यं भवति, किमङ्ग पुनरेकयोनि द्रव्यकर्तृ प्रसूतानां कुप्याभरणभाण्डानाम् इति ।

चौपायामा पनि रूप, चिह्नहरू मिल्ने हुन्छन् भने यौटै कर्ताले बनाएका जिन्सी-माल-गहना-भाडाहरू उस्तै किन हुँदैनन् ।

अधिकरण ५

प्रकरण—९०

पक्वमिवारामात्फलं राज्यादवाप्नुयात् ।
आत्मच्छेदभयादामं वर्जयेत्कोपकारकम् ॥

जस्तो बगैचाबाट पाके-पाकेको फल टिपिन्छ काँचो टिपिंदैन, त्यस्तै राजाले पनि यथार्थ दुष्ट मात्रको धन लिनुपर्दछ। आफ्नो नाश हुने भयले अदोषीको धन लिनाले प्रजामा कोप हुने हुन्छ।

प्रकरण—९२

अनात्मवान् हि नीतिशास्त्रद्वेषामनर्थ्यं ।
संयोगाद्वा प्राप्यापि महदैश्वर्यं न भवति ।
आत्मवति लब्धावकाशः शास्त्रानुयोगं दद्यात् ।

आत्मा नसमालिएको मानिस, नीतिशास्त्रमा द्वेष र खरापको संगले पनि ठूलो ऐश्वर्य पाए पनि नष्ट हुन्छ।

आत्मा सह्मालिएकोमा शास्त्रको उपदेशले ठाउँ पाउँछ।

अहीनकालं राजार्थं स्वार्थं प्रियहितैः सह ।
परार्थं देशकाले च ब्रूयाद्धर्मार्थं संहितम् ॥

पृष्टः प्रियहितं ब्रूयान्नब्रूयादहितं प्रियम् ।
अप्रियं वा हितं ब्रूयाच्छृण्वतोऽनुमतो मिथः ॥

आत्मरक्षा हि सततं पूर्वं कार्या विजानता ।
अग्नाविव हि संप्रोक्ता वृत्ती राजोपजीविनाम् ॥

एकदेशं दहेदग्निः शरीरं वा परं गतः ।
सपुत्रदारं राजा तु घातयेद्वर्धयेत वा ॥

राजाका अनुजीवी(सेवक)ले राजाको कामको कुरा तुरन्त भन्नुपर्दछ। आफ्नो स्वार्थको कुरा राजाका प्रिय र हितैषीद्वारा गराउनुपर्दछ, अर्काको निमित्तको कुरा देशकालको मौका पारेर भन्नुपर्दछ ॥ १ ॥

राजाले सोधेमा पियारो लाग्ने र हित हुने कुरा भन्नू, प्रिय भए पनि अहित हुने कुरा नभन्नू, सुन्ने र अनुमति दिने भएमा अप्रिय भए पनि हित हुने कुरा भन्नू।

विशेष गरी जान्ने मानिसले सबै तरहले आफ्नो रक्षा हुने काम गर्नुपर्दछ। राजसेवकहरूको वृत्ति आगाको सेवा जस्तै हुन्छ। आगाले एक अंग अथवा उपल्लो सिंगै शरीरसंम डढाउँछ, राजाले ता जहान-बच्चा समेतलाई खुसी भए बढाउने, रिसाए नाश गर्ने हुन्छ।

प्रकरण--९४

स्वयमुपस्थितं नावमन्येत स्वयमारूढा हि स्त्री त्यज्यमाना भिशयतीति लोकप्रवादः।

आफै आइपरेको श्रीलाई अनादर गर्न हुँदैन, आफै आएकी स्त्रीलाई छोड़ेमा त्यसले शाप दिन्छे भन्ने लोकको भनाइ छ।

कालश्च सकृदभ्येति यं नरं कालकांक्षिणम्।
दुर्लभः स पुनस्तस्य कालः कर्म चिकीर्षतः॥

मौका पर्खने मानिसलाई एक बखत मौका आउँदछ। काम गर्न चाहनेलाई त्यस्को मौका फेरि आउन गाह्रो हुन्छ।

प्रकरण--९६

स्वाम्यमात्य जनपद दुर्ग कोश दण्ड मित्राणि प्रकृतयः।

मालिक, मन्त्री, देश, किल्ला, सम्पत्ति, फौज, मित्र, यी सात राज्यका प्रकृति कहलाउँछन्।

आत्मवाँस्त्वन्यदेशोपि युक्तः प्रकृति सम्पदा।
नयज्ञः पृथिवीं कृत्स्नां जयत्वेव न हीयते॥

जितेन्द्रिय, प्रकृतिले सम्पन्न भएको, नीति जान्ने राजा सानै देशको स्वामी भए पनि समस्त पृथिवी जित्न शक्तछ, हीन हुँदैन।

प्रकरण—९७

शमव्यायामौ योगक्षेमयो र्योनिः।

योग(अलब्ध लाभ)मा, व्यायाम (उद्योग), क्षेम(लब्धको रक्षा)मा शम (शान्ति) मूल कारण हुन्।

दैव मानुषं हि कर्म लोकं यापयति । अदृष्ट कारितं दैवम् । तस्मिन्निष्टेन फलेन योगोऽयः । दृष्टकारितं मानुषम् । तस्मिन् योगक्षेम निष्पत्तिर्नयः । विपत्ति रपनयः । तच्चिन्त्यम् , अचिन्त्यं दैवमिति ।

दैव र मानुष कर्मबाट लोकको जीवन-यात्रा हुन्छ, अदृष्टले गराएको दैव हो, त्यसबाट इष्ट फल पाउनु अयः, अनिष्ट फल पाउनु अनय हो । दृश्य काम मानुष हो, त्यसबाट योग र क्षेम हुनु नय, त्यसको विपरीत हुनु अनय हो । मानुषचाहींमा शोच विचार हुन्छ, दैवमा शोच विचार हुन शक्तैन ।

बलं शक्तिः सुखं सिद्धिः । ज्ञानबलं मन्त्रशक्तिः, कोशदण्डबलं प्रभुशक्तिः विक्रमबलमुत्साहशक्तिः ।

शक्ति भनेको बल, सिद्धि भनेको सुख हो । ज्ञानको बल मन्त्रशक्ति, सम्पत्ति र फौजको बल प्रभुशक्ति, पराक्रमको बल उत्साहशक्ति हो ।

अधिकरण ७

प्रकरण—१००

प्रियो यस्य भवेद्यो वा प्रियोस्य कतरस्तयोः ।
प्रियो यस्य स तं गच्छेदित्याश्रयगतिः परा ॥

जो आफ्नो प्रिय छ, आफू जसको प्रिय छ, यी दुइमा आफू जसको प्रिय छ उसकै आश्रय गर्नु बेस छ ।

प्रकरण—१०१

विगृहीतो ज्यायसा हस्तिना पादयुद्धमिवाभ्युपैति । समेन चामं पात्र मामेनाहत मिवोभयतः क्षयं करोति, कुम्भेनेवाश्मा हीनेनैकान्तसिद्धिमवाप्नोति ।

आफूभन्दा बलियासग युद्ध गर्नु, हात्तीसंग लात्तीले भिडिनु जस्तो हुन्छ । बराबरसंग युद्ध गर्नु काँचोमाटोका दुइ भाडाको ठक्करभै दुवैतिर हानि गराउँछ । आफूभन्दा निर्धोसंग युद्ध काचोमाटाको भाडामा ढुंगो हानेमा झैं पक्का सिद्धि गराउँछ ।

तेजो हि सन्धान कारण्यम्, नातप्तं लोहं लोहेन सन्धत्त इति।

तेजले नै मिलाइदिने हुन्छ, नेपोलीकन फलामसँग फलाम जो डिंदैन।

हीनश्चेत्सर्वत्रानुप्रणतस्तिष्ठेत् सन्धिमुपेयात्। आरण्योऽग्निरिव हि दुःखामर्षजं तेजो विक्रमयति।

निर्धो भएपछि सबैसँग नुहेर रही मेल गर्नुपर्दछ, नभए दुःख र रीसबाट उठेको तेजले डढेलोले झैं फूर्ति गराउँछ।

प्रकरण—१०८

विरक्ता बलवन्तमप्युच्छिन्दन्ति। अनुरागे सार्वं गुण्यम्।

चिढिएका प्रजाले बलियो राजालाई पनि उखेल्दछन्। अनुरागमा नै सबै गुण रहन्छन्।

राज्ञः प्रमादालस्याभ्यां योगक्षेम वधेन च।
प्रकृतीनां क्षयो लोभो वैराग्यं चोपजायते।

राजाको असावधानी र आलस्य, योग-क्षेमको नाशबाट पनि प्रकृति-वर्गको नाश-लोभ-वैराग्य पैदा हुन्छ।

प्रकरण—१०९

क्षीणाः प्रकृतयो लोभं लुब्धा यान्ति विरागताम्। विरक्ता यान्त्यमित्रं वा भर्तारं घ्नन्ति वा स्वयम्।

प्रकृतिहरू क्षीण भएपछि लोभी हुन्छन्, लोभी भएमा विरक्त हुन्छन्, विरक्त प्रकृति शत्रुपट्टि लाग्दछन्, किंवा आफैले मालिकलाई मार्दछन्।

प्रकरण—११३

यतः श्रेयस्ततो व्रजेत्।

जता लाग्नाले आफ्नो कल्याण हुने हुन्छ उतैतिर लाग्नू।

प्रकरण—११४

स्थिरकर्मा नासमाप्य कर्मोपरमते।

काममा अटल रहने मानिस काम नसिध्याईकन चूपलाग्दैन।

प्रकरण—११५

कृतार्थश्च शत्रुर्वैगुण्यमेति ।

मिलेको पनि शत्रु आफ्नो मतलब पूरा भएपछि आफै विपरीत हुन्छ ।

प्रकरण—११६

मित्रहिरण्यभूमिलाभानामुत्तरोत्तरो लाभः श्रेयान् ।

मित्रको लाभ, द्रव्य लाभ, भूमि लाभ—मध्यमा पहिलोभन्दा दोस्रो, दोस्रोभन्दा तेस्रो लाभ बेस हुन्छ ।

आपद्धि सौहृदस्थैर्यमुत्पादयति । यावदुपकरोति तावन्मित्रं भवत्युपकारलक्षण मित्रमिति ।

आपत्तिले मित्रता स्थिर गराउँछ, जहाँसम्म उपकार गर्दछ त्यहींसम्म हुन्छ । उपकार गर्नु नै मित्रको लक्षण हो ।

लघुसमुत्थमल्पं श्रेयः ।

हलुका चालबाट पाएको थोरै पनि बेस हुन्छ ।

चिरादविनिपाती बीज सधर्मा महान् लाभः श्रेयान् ।

धेरै समयमा पाइए पनि पछि नबिग्रने, बीउ जस्तो धेरै फूल्ने, ठूलो लाभ उत्तम हुन्छ ।

नित्यश्च शत्रुरूपकृते च शत्रुरेव भवति । अनित्यश्च शत्रुरूपकारादनपकाराद्वा शाम्यति ।

सँधैको शत्रु उपकार गरिए पनि शत्रु नै हुन्छ, अनित्य शत्रु ता उपकार गरेमा वा अपकार नगरेमा शान्त हुने हुन्छ ।

अल्पा प्रत्यासन्ना श्रेयसी ।

थोरै भए पनि नजीकको भूमि बेस हुन्छ ।

धान्यमूलाहि दुर्गादीनां कर्मणामारम्भाः ।

किल्ला बनाउने आदि कामको उठानमा मूल आधार अन्न हुन्छ ।

पुरुषवद्धि राज्यम् । अपुरुषागौर्वन्ध्येव किं दुहीत ।

मानिस प्रशस्त भएको राज्य हुनुपर्दछ । मानिसै नभएको भूमि बाँझी गाईझैं केही दुहिंदैन ।

दैवप्रमाणो मानुषहीनो निरारम्भो विपन्नकर्मारम्भो वावसीदति। यत्किञ्चनकारी न किञ्चिदासादयति।

दैवको भरपरी उद्योग नगर्ने मानिसले केही काम पनि उठाउँदैन, उठाइहाले पनि विफल भएर बिग्रन्छ, विना विचारी जेपायो उही गर्ने मानिसले केही पनि पाउँदैन।

महासारमल्पं श्रेयः।

गहकिलो कुरा थोरै भए पनि वेस हुन्छ।

प्रकरण—११७

धार्मिकाभियोगी हि स्वेषां च द्वेष्यो भवति। अधार्मिकाभियोगी सम्प्रियः।

धर्मात्मामाथि आक्रमण गर्ने मानिस आफ्नैको पनि मन नपर्ने हुन्छ, अधर्मीमा आक्रमण गर्ने पियारो हुन्छ।

सुकरो हि मित्रेण सन्धिर्नामित्रेण।

मित्रसँग सन्धि गर्नु सजिलो हुन्छ, अमित्रसंग हुँदैन।

प्रकरण—११८

बलं हि चित्तं विकरोति।

बलले चित्त बिगार्दछ।

मन्त्रशक्तिहीनः प्राज्ञपुरुषोपचयं विद्या वृद्धसंयोगं वा कुर्वीत। प्रभावहीनः प्रकृतियोगक्षेमसिद्धौ यतेत।

मन्त्रणागर्ने शक्ति नभएकाले, विद्वान् पुरुष जम्मा गर्ने वा विद्वान् पुरुषहरूको सङ्गत गर्ने गर्नुपर्दछ। प्रभुशक्ति कम भएकाले अमात्य आदि प्रकृति वर्गको योग क्षेम गराउन यत्न गर्नुपर्दछ।

सेतुबन्धः सस्यानां योनिः।

बाँध बाँध्नु अन्नहरूको उत्पादनमा मूल कारण हो।

प्रकरण—११९

दुर्बलो राजा बलवताभियुक्तस्तद्विशिष्टबलमाश्रयेत।

दुर्बल राजाले बलवान्बाट आक्रान्त भएमा उभन्दा बढ्ता बलियाको आश्रय गर्नुपर्दछ।

प्रकरण—१२१

न च हतस्य भूमिद्रव्यपुत्रदारानभिमन्येत ।

गुप्तवध गरिएकाको भूमि-द्रव्य-जहान-बच्चाहरू अपहरण नगर्नू ।

प्रकरण—१२२

सत्यं शपथो वा परत्रेह च स्थावरः सन्धिः ।

सत्य हो भनि वा किरियाहाली गरेको सन्धि दुवै लोकमा काम दिने स्थायी हुन्छ ।

अधिकरण ८

प्रकरण—१२७

व्यस्यत्येनं श्रेयस इति व्यसनम् ।

कल्याणबाट हटाइदिने हुनाले व्यसन भनेको हो ।

स्वयं यच्छीलस्तच्छीलाः प्रकृतयो भवन्ति ।

राजा आफू जुन स्वभावको छ उसका अमात्यादि प्रकृतिहरू पनि उही स्वभावका हुन्छन् ।

अमात्यमूलाः सर्वारम्भाः ।

अमात्यकै मूल आधारमा सबै कामका उठान हुन्छन् ।

कोशमूलो हि दण्डः ।

धन-बलकै आधारमा फौजी बल हुन्छ ।

प्रकरण—१२८

राजा राज्यमिति प्रकृति संक्षेपः ।

सात किसिमको प्रकृतिवर्गलाई छोटकरी गर्दा राजा र राज्य यी दुई विभाग हुन्छन् ।

अहिभयादाभ्यन्तरः कोपो बाह्यकोपात्पापीयान् ।

बाहिरियाको चीढभन्दा भित्रियाको चीढ घरभित्र बसेको सर्पझैं डरलाग्दो हुन्छ ।

अशास्त्रचक्षुरन्धो यत्किंचनकारी दृढाभिनिवेशी परप्रणेयो वा राज्यमन्यायेनोपहन्ति ।

शास्त्रीय ज्ञानको दृष्टि नभएर अन्धो बनेको राजा, मनपर्दो गर्ने, हटी भएर वा अर्कोले डोऱ्याइने भएर अन्यायले राज्यको नाश गर्दछ ।

प्रकरण—१२९

अविनीतो हि व्यसनदोषान्नपश्यति ।

अशिक्षित मानिसले व्यसनमा हुने दोष देख्तैन ।

परिभूतः स्वैः परैश्चावगृह्यते ।

तिरस्कृत भएको मानिसलाई आफन्त र पराइले पनि दबाउँछन् ।

परुषमुक्तो हि तेजस्वी तेजसा प्रत्यारोहति ।

तेजस्वी पुरुषलाई कठोर बोली गरेमा तेजले सहन नसकेर कठोर बोल्नेमाथि चढ्नआउँछ ।

दुरुक्तशल्यं हृदि निखातं तेजः सन्दीपनमिन्द्रियो पतामिच ।

दुर्वचनको काँढा मुटुमा गडेपछि भित्रको तेज बढाएर सबै इन्द्रियलाई रन्थन्याउने हुन्छ ।

सुमदनाप्यर्थेन नकश्चन शरीर विनाशमिच्छेत् ।

जतिसुकै धेरै धन पाएर पनि आफ्नो शरीरको नाश कोही चाहँदैन ।

सातत्येन हि निशि प्रदीपेमातरि च मृतायां दीव्यत्येव कितवः ।

जुवारी मानिस राति बत्ती बालेर पनि आमा नै मरेकी भए पनि खेली रहन्छ ।

प्रकरण—१३०

अग्निर्ग्राममर्धग्रामं वा दहति उदकवेगस्तु ग्रामशतप्रवाहीः ।

आगो लागेमा गाउँ आधा गाउँसंम डढाउँछ, पानीको बाढले ता शय गाउँ पनि बगाउँछ ।

एकदेशपीडनो व्याधिः शक्यप्रतीकारश्च, सर्वदेशपीडनं दुर्भिक्षं प्राणिनामजीवनायेति ।

रोगले एक कुनामा पीडा गर्दछ, त्यसलाई समाल्ने उपाय पनि छ; अकालले ता सबै देशलाई पीडा दिन्छ, प्राणीलाई मार्दछ पनि ।

सहस्रेषु मुख्यो भवत्येको न वा ।

हजारमा एक पनि मुख्य होला वा होवैन ।

वैदेहकास्तु सम्भूय पण्यानामुत्कर्षापकर्षं कुर्वाणा; पणे पणाशतं कुम्भे कुम्भशतमित्याजीवन्ति ।

बनियाहरू आफूसमा मिलेर विक्रीका वस्तुको भाउ घटबढ पार्दै एक पैसाको सय पैसा एक घडाको सय घडा फायदा लिएर जीविका गर्दछन् ।

प्रकरण—१३२

पीडनानामनुत्पत्तावुत्पन्नानां च वारणे ।
यतेत देशवृद्ध्यर्थं नाशे च स्तम्भसंगयोः ॥ १ ॥

राजाले देशमा पीरबाधा हुन नदिन, भइहाले पनि हटाउन, देशलाई सम्पन्न गराउन, आयको रोकावटहरू हटाउन पनि यत्न गर्नुपर्छ ।

प्रकरण—१३४

यतो निमित्तं व्यसनं प्रकृतीनामवाप्नुयात् ।
प्रागेव प्रतिकुर्वीत तन्निमित्तमतन्द्रितः ॥ १२ ॥

जुन जुन कारणले राज्यका प्रकृतिहरूमा सङ्कट परिआउने हो अगिबाटै त्यस्तो कारण परिनआउने गर्न आलस्य गर्न हुँदैन ।

अधिकरण ९

प्रकरण—१३५

स्थलगतो हि श्वानः नक्रं विकर्षति निम्नगतो नक्रः श्वानम् ।
दिवा काकः कौशिकं हन्ति रात्रौ कौशिकः काकम् ।

जमीनमा कुकुरले गोहीलाई, गहीरोमा भए गोहीले कुकुरलाई घिच्याउँछ । दिउँसो कागले लाटोकोसेरालाई, राति लाटोकोसेराले कागलाई मार्दछ ।

प्रकरण—१४०

सूचीमुखा ह्यनर्था इति लोकप्रवादः ।

अनर्थहरू मुखमा सियो जस्तो भई पछि बढ्ने गरी आउँछन् भन्ने लोकको भनाइ छ ।

प्रकरण—१४१

परे परेभ्यः स्वे स्वेभ्यः स्वेपरेभ्यः स्वतः परे।
रक्ष्याः स्वेभ्यः परेभ्यश्च नित्यमात्मा विपश्चिता॥ १॥

जान्ने मानिसले पराइलाई पराइबाट, आफन्तलाई आफन्तबाट, आफन्तलाई पराइबाट, पराइलाई आफन्तबाट र आफूलाई आफन्त पराइ सबैबाट रक्षा गर्नुपर्दछ।

प्रकरण—१४२

युग्यपुरुषापचयः क्षयः हिरण्यधान्यापचयोव्ययः।

मानिस बयलहरूको घटी हुनु क्षय, धन धान्यको घटी हुनु व्यय कहिन्छ।

नक्षत्रमतिपृच्छन्तं बालमर्थोऽतिवर्तते।
अर्थो ह्यर्थस्य नक्षत्रं किं करिष्यन्ति तारकाः।

साइतको नक्षत्र सोधिरहने केटाकेटी जस्तो मूर्खलाई कार्यसिद्धिले नाघेर जान्छ, कार्यसिद्धिलाई प्रयोजन परिआउनु नै नक्षत्र हो, आकाशका ताराले के गर्दछन्।

नाधनाः प्राप्नुवन्त्वर्थान्नरा यत्नशतैरपि।
अर्थैरर्थाः प्रबध्यन्ते गजाः प्रतिगजैरिव॥ २॥

मानिसले धन नभए शयन् यत्नले पनि स्वार्थ सिद्ध गर्न शक्तैनन्। हात्तीलाई हात्तीले बाँधेझैं स्वार्थलाई अर्थ(धन)ले नै बाँद्धछन्।

प्रकरण—१४३

संध्यादीनामयथोद्देशावस्थापनमपनयः, तस्मादापदः संभवन्ति।

सन्धि-विग्रह आदिलाई बेमौकामा प्रयोग गर्नु अपनय हो। त्यसबाट आपत्तिहरू परिआउँद्छन्।

स्थानमानकर्म सान्त्वम्। अनुग्रहपरीहारौ कर्मस्वायोगो वा दानम्।

विशेष अधिकारको पदमा नियुक्त गर्नु वा संमान गर्नु सान्त्वना हो, धन आदि दिएर अनुग्रह गर्नु वा केही रकमहरू माफी गरिदिनु वा कुनै काम दिएर पूरा फल पाउने गरिदिनु दान हो।

दोषशुद्धौ हि दूष्या न विद्यन्ते ।
दूष्यशुद्धौ हि दोषः पुनरन्यान्दूषयति ॥

दोषको बाटो रोकिदिएमा दोषीहरू हुँदैनन् । दोषीलाई मात्र शुद्ध पारेमा त्यो दोषले फेरि अरुलाई गराउँछ ।

प्रकरण—१४४

सुकरो हि मित्रेण सन्धिर्नामित्रेणेति ।

मित्रसँग सन्धि सहजै हुन्छ, शत्रुसँग सन्धि सहजै हुँदैन ।

प्रकरण—१४५

कामादिरुत्सेकः स्वाः प्रकृतीः कोपयति, अपनयो बाह्योः ।

काम क्रोध आदि भित्री दोषले आफ्नै भित्रिया प्रकृति वर्गलाई चिढाउँछ; अपनय(कुनीति)ले बाहिरिया प्रकृति—राष्ट्रका मुख्यपुरुष आदिलाई चिढाउँछ ।

प्रकरण—१४६

शत्रोः शङ्कितामात्येषु सान्त्वं प्रयुक्तं शेषप्रयोगं निवर्तयति । दूष्यामात्येषु दानम् । संघातेषु भेदः, शक्तिमत्सु दण्डः ।

शत्रुबाट झस्केका अमात्यहरूमा सान्त्वनाले मात्र काम हुन्छ, शत्रुले फुटाइने दूष्य अमात्यमा दानले, गुटबन्धी भएकामा भेद(कुटाउनु)ले काम हुन्छ । बलिया अमात्यहरूमा दण्ड नै गर्नु उचित हुन्छ ।

धर्ममूलत्वात्कामफलत्वाच्चार्थस्य धर्मार्थ कामानुबन्धा याऽर्थस्य सिद्धिः सा सर्वार्थ सिद्धिः ।

धर्मको मूलकारण धर्म फल काम हुनाले धर्म अर्थ काम समेत मिलेको स्वार्थको सिद्धि नै स्वार्थसिद्धि हो ।

अवृष्टिरतिवृष्टिर्वा सृष्टिर्वा यासुरी भवेत् ।
तस्या माथर्वणं कर्म, सिद्धारम्भाश्च सिद्धयः ॥ १ ॥

वृष्टि नहुनु, ज्यादा वृष्टि हुनु, र आसुरी सृष्टिरूप आपत्ति जेजेहरू त्यसमा अथर्ववेदीय सिद्ध पुरुषहरूले गरिएका विधानहरू सिद्धिकारक हुन्छन् ।

अधिकरण १०

प्रकरण—१५०

यान् यज्ञसंघै स्तपसा च विप्राः स्वर्गैषिणः पात्रचायैश्च यान्ति क्षणेन तामप्यति यान्ति शूराः प्राणान् सुयुद्धेषु परित्यजन्तः ।

यज्ञहरू र तपस्याद्वारा, स्वर्ग चाहने ब्राह्मणहरू यज्ञीय पात्रका साथ दग्ध भएर जुन लोकमा पुग्दछन्, ती लोकलाई पनि नाघेर धर्मयुद्धमा प्राण त्याग गर्ने शूराहरू एकै क्षणमा उत्तमलोकमा जान्छन् ।

नवं शरावं सलिलस्य पूर्णं सुसंस्कृतं दर्भकृतोत्तरीयम् । तत्तस्य माभून्नरकं च गच्छेद् यो भर्तृपिण्डस्यकृते न युद्धयेत् ।

(पुरानो श्लोक)

मालिकको अन्न खाएर त्यसको निमित्त नलड्ने मानिसले, नयाँ घडामा भरेको मन्त्रले संस्कार गरिएको माथितिर कुश हालेको जल परलोकमा पिउन पाउँदैन, नरक पनि जानुपर्दछ ।

प्रकरण—१५

एकं हन्यान्नवा हन्यादिषुः क्षिप्तो धनुष्मता ।
प्राज्ञेन तु मतिः क्षिप्ता हन्याद् गर्भगतानपि ॥ १ ॥

धनुर्धारीले हानेको वाणले यौटासंमलाई पनि मारोस् वा नमारोस, बुद्धिमान्ले प्रयोग गरेको बुद्धिले गर्भमा रहेकालाई पनि मार्न शक्तछ ।

अधिकरण ११

प्रकरण—१६०

संघलाभो दण्डमित्रलाभानामुत्तमः । संघा हि संहतत्वादधृष्णाः परेषाम् ।

फौज वा मित्रको लाभभन्दा संघको लाभ वेस हुन्छ । संघमा धेरै जना मिलेका हुन्छन् अतः शत्रुले दबाउन शक्तैन ।

विशिष्टानां चैक पात्रं विवाहं हीनेभ्यो वारयेयुः ।

उत्तम श्रेणीका मानिसको हीनहरूसंग सहभोजन र वैवाहिक सम्बन्ध रोकिदिनू ।

संघ मुख्यश्च संघेषुन्यायवृत्तिर्हितः प्रियः ।
दान्तो युक्तजनस्तिष्ठेत्सर्वं चित्तानुवर्तकः ॥

संघको मुख्यमानिसले संघको सबैसंग न्याय गर्ने, हित गर्ने, प्रिय, अनुद्धत, सबैसंग मनमिल्दो भएर रहनुपर्दछ ।

अधिकरण १२

प्रकरण—१६२

इन्द्रस्य हि स प्रणमति यो बलीयसो नमति ।

आफूभन्दा बलियासंग नुहुनु इन्द्रसंग नुहुनु जस्तो हुन्छ ।

पराक्रमो हि व्यसनमपहन्ति ।

पराक्रमले सङ्कट टार्दछ ।

स्वधर्मश्चैष क्षत्रियस्य युद्धे जयः पराजयो वा ।

युद्धमा जीत हुनु वा हार हुनु क्षत्रियको स्वधर्म हो ।

सर्वत्रानुप्रणतः कुलैडक इव निराशो जीविते वसति ।

सबैतिर नुहुने मानिस बलिको भेडो झैं जीवनबाट निराश हुन्छ ।

युध्यमानश्चाल्पसैन्यः समुद्रमिवाल्पवोऽवगाहमानः सीदति ।

थोरै सेनाको भरमा युद्ध गर्ने मानिस नाउविना समुद्रमा पसेर डुबेर मर्दछ ।

जयोऽभियोक्तारो धर्मलोभासुर विजयिनः ।

आक्रमण गर्नेहरू, धर्मपूर्वकको विजय चाहने, लोभले विजय चाहने, दानवी चालबाट विजय चाहने यस्ता तीन किसिमका हुन्छन् ।

यत्प्रसह्य हरेदन्य स्तत्प्रयच्छेदुपायतः । रक्षेत् स्वदेहं न धनं का ह्यनित्ये धने दया ।

जुन कुरा अर्काले खोसेर लिन्छ त्यो वस्तु आफैले जुक्तिसंग दिनु वेस छ । धन छोडेर पनि आफ्नो जीउ जोगाउनु पर्दछ, अस्थिर धनको के माया ।

अधिकरण १३

प्रकरण--१७४

न ह्यजनो जनपदो राज्यमजनपदं वा ।

मानिस नभएको जनपद, जनपद नभएको राज्य कहलाउँदैन ।

प्रसार वीवधच्छेदान्मुष्टि सस्य वधादपि ।
वमनाद् गूढ घाताच्च जायते प्रकृतिक्षयः ॥

निर्यात आयात बन्द हुनाले सञ्चित अन्न र तयारी फसलको हानिले पनि प्रकृतिहरूको नाश हुन्छ ।

प्रकरण—१७६

नवमवाप्य लम्भं परदोषान्स्वगुणैश्छादयेत्, गुणान् गुणद्वैगुण्येन ।

शत्रुबाट नयाँ भूमि जितेर पाएपछि शत्रुका दोषलाई आफ्ना गुणले र शत्रुका गुणलाई पनि आफ्ना दोबर गुणले ढाकिदिनुपर्दछ ।

अविश्वास्यो हि विसंवादकः स्वेषां परेषां च भवति ।

कुरा बदल्ने मानिसलाई आफन्तले पराइले पनि विश्वास गर्दैनन् ।

चरित्रमकृतं धर्म्यं कृतश्चान्यैः प्रवर्तयेत् ।
प्रवर्तयेन्न चाधर्म्यं कृतश्चान्यैर्निवर्तयेत् ॥

नया पाएको राज्यमा नगरेको धर्मको चलन चलाइदिनृ, अरुले गरिराखेको धार्मिक व्यवहार चालू राखिदिनू, अधर्मको कुरा भने आफूले पनि नचलाउनू, अरुले गरेको भए पनि हटाइदिनू ।

अधिकरण १४

प्रकरण—१७७

चातुर्वर्ण्यस्य रक्षार्थमौपनिषदिकमधार्मिकेषु प्रयुञ्जति ।

चार वर्णाश्रमको रक्षाका निमित्त मन्त्र औषधिहरूद्वारा मारण मोहन आदि खराब औपनिषद् (गोप्य) प्रयोग अधार्मिक मानिसप्रतिमात्र गर्न हुन्छ ।

अधिकरण १५

प्रकरण—१८०

मनुष्याणां वृत्तिरर्थः मनुष्यवती भूमिरित्यर्थः ।
तस्याः पृथिव्या लाभरक्षणोपायः शास्त्रमर्थशास्त्रमिति ॥

मनुष्यहरूको जीवनवृत्ति भई मनुष्यहरूको निवास बनेको भूमि अर्थ कहलाउँछ। यस्तो मनुष्यहरूको सुख जीवन गराउने निवास भएको भूमि अप्राप्तलाई प्राप्त गर्ने र प्राप्तको संरक्षण गर्ने उपायहरू बताउने शास्त्र नै अर्थशास्त्र हो ।

यमर्थमधिकृत्योच्यते तदधिकरणम् ।

जुन मुख्य विषयलाई लिएर निरूपण गरिएको छ सोही अधिकरण कहलाउँछ ।

धर्ममर्थं च कामं च प्रवर्तयति पाति च ।
अधर्मानर्थविद्वेषानिदं शास्त्रं निहन्ति च ॥

यो अर्थशास्त्रले धर्म-अर्थ-काम तीनैवटालाई चलाउँछ रक्षा पनि गर्दछ; अधर्म अनर्थहरूलाई द्वेषले नाश पनि गर्दछ ।

येन शस्त्रं च शास्त्रं च नन्दराजगता च भूः ।
अमर्षेणोद्धृतान्याशु तेन शास्त्रमिदं कृतम् ॥

जसले असहन भएर शस्त्र, शास्त्र, नन्दराजाहरूको हातमा रहेको भूमि पनि झिकेर उद्धार गरियो उनैले यो अर्थशास्त्र बनाइएको हो ॥

कौटल्यार्थशास्त्रीय
विशिष्ट शब्दकोश

सम्पादक

सोमनाथ शर्म्मा

पण्डितराज

सानो वक्तव्य

समयको परम्पराले अरू वस्तुहरूमा झैं शब्दको व्यवहारमा पनि परिवर्तन गराउने रहेछ। वैदिक वाङ्मयमा पाइने कतिकसा संस्कृत शब्द उत्तरकालमा अप्रचलित हुँदै आई दुर्वोध हुन आएका छन्। यसपछिका प्राचीन ग्रन्थमा व्यवहार गरिएका शब्दहरू पनि प्रचलन कम भएर पछिकालाई क्लिष्ट र दुर्वोध पनि भइरहेछन्। प्राचीन आचार्य ग्रन्थकारहरूले व्यवहार गरिएका धेरैजसो संस्कृत शब्दको अर्थज्ञानमा पछिकाले क्लेश उठाउनुपर्दछ। कति पूर्वप्रचलित व्यवहारोपयोगी शब्दहरू पछि-पछि अप्रचलित भएर विर्सिनगई तिनका सट्टा अरु शब्द बनाउने र अन्यत्रबाट खोजी ल्याउने प्रयत्न पर्दछ। आफ्नो भण्डारमा भएकै पनि वस्तु आफूलाई याद नभए अरुसंग माग्ने बनाउने अवस्था पर्दछ। आफ्नो भइभइकन पनि यस्तो प्रयत्न गर्नु आफैलाई जिल्ल पार्नु हो।

अतः प्राचीन ग्रन्थहरूको अध्ययनबाट आफ्ना पूर्वजहरूले व्यवहार गरी राखेका शब्दहरूको अनुसंधान अन्वेषण गर्नाले व्यवहारलाई सजिलो सहारा गर्दछ। जति जति प्राचीन ग्रन्थहरूमा दृष्टि दियो उति उति विर्सिएका उपयोगी शब्दहरू फेला पर्दछन्। प्राचीन ग्रन्थहरूको अध्ययन गर्दा प्रतिपादित विषयमा झैं पूर्वप्रचलित पछि प्रचलनमा नआएका शब्दमा पनि दृष्टि दिने बानीले शब्द अर्थ दुवैतर्फको लाभ हुन्छ। त्यस्ता विशिष्ट शब्दको अप्रचलनले अर्थ दुर्वोध भई प्राचीन ग्रन्थमा क्लिष्टताको लाञ्छन लगाउने बाटो भइरहेछ। यस्ता प्राचीन व्यवहारमा पाइएका विशिष्ट शब्दको सञ्चय गरी वर्तमानमा व्यवहार गर्नु प्राचीन र नवीनको समन्वय गर्ने एक मार्ग बन्दछ।

कौटलीय अर्थशास्त्रको अध्ययन गर्दा त्यस समयका व्यावहारिक विषयहरू झैं त्यस समयमा प्रचलित ऐले विर्सिएका कति शब्दहरू देखिनाले त्यस उद्यानबाट राम्रा व्यावहारिक शब्दपुष्पहरूको सञ्चय गरेर माला रूपमा ग्रथनले सहृदयको हृदयमा शोभा दिन उपयोगी होला भन्ने लागी त्यसमा पाइएका व्यावहारिक विशिष्ट शब्दहरूको यो कोश लेखिएको छ।

यसमा सञ्चयन गरिएका शब्दहरूलाई अकारादि वर्ण क्रमले विन्यास गरेमा खोज्न सुविधा हुने भए पनि वर्ग-वर्ग गरी एकेक विषयका शब्दहरू एकै ठाउँमा देखाइने गरेमा विषय-विषयका शब्दको कोशमात्र हेर्दा पनि

सो सो विषयमा यस किसिमको व्यवस्था रहेछ भन्ने केही रूपरेखा बुझिने हुनाले यो पनि फायदा होला भनि वर्ग-वर्गको कल्पना गरी एकेक विषयका शब्दको एकत्र सङ्ग्रह गरी भाषामा तिनको अर्थ समेत देखाइएको छ ।

प्राचीन कोशकारहरूले मेदिनीकोशादिमा वर्णक्रमानुसार शब्द-विन्यास गरेका भए पनि अमरकोशादिमा वर्गक्रमानुसार शब्दको निर्देशन पनि गरिएको हुनाले विषय-विषयका शब्दको परिज्ञानमा उपयोग भएको देखिन्छ ।

यसरी वर्ग वर्ग गरी यहाँ शब्द देखाउँदा वर्गको अनुरोधले उही शब्द भिन्न भिन्न वर्गमा पर्न गएको हुनाले कुनै शब्द दोहरिन गएका पनि छन् । यसबाट वर्गका विषयको आकाङ्क्षा पूर्ण हुनेछ ।

अर्थशास्त्रीय व्यावहारिक शब्दहरू ग्रन्थान्तरमा अझ पनि केही पाइन्छन् तापनि यसमा कौटलीय अर्थशास्त्रभित्र परेका विशिष्ट शब्दहरू मात्र समाविष्ट छन् । यस शब्दकोशमा देखाउन योग्य पनि कुनै शब्द छुटेका हुनन् । तिनलाई पाठकहरूले प्रवेश गराए पनि अपूर्ण पूरण हुनेछ ।

यसमा विभाग गरिएका वर्गहरू—

१—विद्यावर्ग
२—विज्ञवर्ग
३—जनपद्वर्ग
४—भूमिवर्ग
५—जलवर्ग
६—नगरवर्ग
७—मार्गवर्ग
८—गहवर्ग
९—उपस्करवर्ग
१०—खाद्यवर्ग
११—जनवर्ग
१२—परिवारवर्ग
१३—गवादिवर्ग
१४—कृषिवर्ग
१५—धातुवर्ग
१६—रत्नवर्ग
१७—सारवर्ग
१८—फल्गुवर्ग
१९—भूषणशिल्पवर्ग
२०—पण्यवर्ग
२१—शुल्कवर्ग
२२—मानवर्ग
२३—सिक्कावर्ग
२४—प्रकृतिसम्पद्
२५—अधिकारिवर्ग
२६—चरवर्ग
२७—व्यवहारवर्ग
२८—कण्टकशोधनः
२९—शासनवर्ग
३०—क्षेत्रविभाग
३१—राजमण्डल
३२—दुर्गवर्ग
३३—शस्त्रास्त्रवर्ग
३४—नैतिकवर्ग
३५—व्यसनवर्ग
३६—सैनिकवर्ग
३७—हात्तिवर्ग
३८—अश्ववर्ग
३९—रथवर्ग
४०—पत्रिवर्ग
४१—व्यूहवर्ग
४२—सङ्ग्रामवर्ग
४३—औपनिषद्वर्ग
४४—तन्त्रयुक्तिवर्ग

कौटिलीय परिशिष्ट २

अर्थशास्त्रीय विशिष्ट शब्दकोश

१. विद्यावर्ग—

त्रयी—ऋक् यजु साम यी ३ वेद ।

(क) **ऋक्वेद**—छन्दोबद्ध भएका अग्नि आदि देवताका स्तुति-मन्त्र हरूको संहिता ।

(ख) **यजुर्वेद**—छन्द नभएका यज्ञसम्बन्धी मन्त्रहरूको संहिता ।

(ग) **सामवेद**—छन्दोबद्ध सङ्गीतमय मन्त्रहरूको संहिता ।

(घ) **अथर्ववेद**—शान्ति पुष्टि आदि कर्मसम्बन्धी मन्त्रहरूको संहिता ।

षडङ्ग—वेदको ज्ञानमा उपयोगी ६ अङ्ग ।

(क) **शिक्षा**—वर्ण स्वर उच्चारण आदिको निर्देशन गर्ने ।

(ख) **कल्प**—वैदिक यज्ञहरूको क्रमिक विधान प्रकियाहरूको निर्देशन गर्ने ।

(ग) **व्याकरण**—शब्दहरूको प्रकृति प्रत्यय आदि देखाएर शुद्ध प्रयोगको मार्ग-प्रदर्शन गर्ने ।

(घ) **निरुक्त**—वैदिक शब्दको अवयव विभाजन आदि गरेर अर्थको निर्देशन गर्ने ।

(ङ) **ज्यौतिष**—ज्योतिर्मण्डलका नक्षत्र तारा आदि देखाएर यज्ञ कर्मोपयोगी समयको निर्देशन गर्ने ।

(च) **छन्दोविचित्ति**—वैदिक र लौकिक छन्दको निरूपण गर्ने ।

आन्वीक्षिकी—सांख्य योग आदि आध्यात्मिक र लोकायत न्याय आदि लौकिक विद्याको विचार-शास्त्र ।

वार्ता—खेतीसम्बन्धी विज्ञान, पशुपालनसम्बन्धी विज्ञान, वाणिज्यसम्बन्धी विज्ञानको निरूपण गर्ने शास्त्र ।

भैषज्यशास्त्र—वैद्यकसम्बन्धी विषयको निरूपण गर्ने शास्त्र ।

गान्धर्वशास्त्र—सङ्गीतको निर्देशन गर्ने शास्त्र ।

कला—इलम ।

- **नृत्य**—नाच्नु ।
- **गीत**—गाउनु ।
- **वाद्य**—बजाउनु ।
- **शिल्प**—कालीगडी ।

वृक्षायुर्वेद—वृक्षहरूको औषधि बताउने शास्त्र ।

धातुशास्त्र—धातु विषयको विज्ञान गराउने शास्त्र ।

खरपट्ट—चौर्य शास्त्र ।

शुल्वशास्त्र—भूमिको नसाहरूको विज्ञान गराउने वा तामाको सुन बनाउने विज्ञान गराउने शास्त्र ।

अर्थशास्त्र—भूमिको प्राप्ति र प्राप्त भूमिको संरक्षण व्यवस्थाको निरूपण गर्ने शास्त्र ।

दण्डनीति—व्यावहारिक नीति र दण्ड आदिको व्यवस्था गर्ने शास्त्र ।

जम्भकविद्या—मायाजाल गर्ने विद्या ।

कृषितन्त्र—खेतीका विद्या ।

२. विज्ञवर्ग—

त्रैविद्य—तीनै वेद जान्ने विद्वान् ।

श्रोत्रिय—वेदको अध्ययन गर्ने ।

सहाध्यायी—सँग पढ्ने, सहपाठी ।

कार्तान्तिक—सामुद्रिक आदि शारीर लक्षण शास्त्र जान्ने ।

नैमित्रिक—शुभाशुभ शकुन विद्या जान्ने ।

मौहूर्तिक—ज्यौतिषविद्या जान्ने ।

ईक्षणिक—प्रश्नविद्या जान्ने ।

पौराणिक—पुराण जान्ने भन्ने ।

जाङ्गलीविद्—विष र त्यसको प्रतीकार गर्ने विद्या जान्ने ।

आचार्य—उपदेश गर्ने गुरु ।

पुरोहित—शान्ति स्वस्तिक कर्म गराउने गर्ने ।

ऋत्विक—यज्ञसम्बन्धी कर्म गर्ने ।

याजक—यज्ञ गराउने ।

यजमान—यज्ञ गर्ने ।

आहिताग्नि—अग्निहोत्री ।

साप्तेधिक—भविष्य कुरा जान्ने सिद्ध ।

३. जनपदवर्ग—

जनपद—बस्ति भएको प्रदेश।
जनपदसन्धि—जनपद प्रदेशको सीमा।
स्थानीय, निगम—८०० गाउँको मुख्य नगर।
द्रोणमुख—४०० गाउँको सदर उपनगर।
का(खा)र्वटिक—२०० गाउँको सदर उपनगर।
संग्रहण—१० गाउँको मुख्य ठूलो गाउँ।
ग्राम—गाउँ
ग्रामाग्र—गाउँको लगत।
क्षेत्राग्र—खेतको लगत।
जङ्घाग्र—दोपाया चौपायाको लगत।
जानपद—देशवासी।
नागरिक, पौर—नगरवासी।
स्थानिक—जनपदको ४ भागको १ भागमा हेरचाह गर्ने अधिकारी।
गोप—स्थानिकभन्दा मनिको १०।५ गाउँको हेरचाह गर्ने अधिकारी।
प्रदेष्टा—गाउँका कण्टक-दुष्टहरूलाई दबाउने, कर नतिर्नेलाई पक्री तिराउने अधिकारी।
रक्षी—पुलिस।
पालक—पालो बस्ने।
शून्यपद—एकलास ठाउँ।
ग्रामवृद्ध—गाउँको बूढोपाको।

४. भूमिवर्ग—

कृष्ट—जोतिएको जमीन।
अकृष्ट—नजोतिने नीवार-नाभोहरू हुने जमीन।
नदीमातृक—खोलाकुलाको पानी लाग्ने जमीन।
देवमातृक—आकाशे टार।
केदार—धान हुने खेत।
स्थल—पट बाँझो।
आराम—बगैंचा।
षण्ड—केराहरूको घारी।
वाट—उखुबारी
वन—रूखहरू भएको ठाउँ।

वास्तु—गाउँहरूको वस्ति भएको ठाउँ ।

चैत्य—कहलाएको रूख ।

सामन्त—संधियार ।

तपोवन—तपस्या गर्ने वन ।

विवीत—वनजर भूमि ।

प्रक्रयोपभोक्ता—जमीन किनेर भोग गर्ने ।

अवक्रयोपभोक्ता—घटी वा बढी फलोस् तापनि यति स्वामीलाई दिनेछु भन्ने कबोल गरेर भोग गर्ने ।

आध्युपभोक्ता—बन्धकी जमीनको भोग गर्ने ।

भगाभोगीपभोक्ता—उब्जाको यति खण्ड लिने भनेर भोग गर्ने ।

चक्रवर्तिक्षेत्र—हिमालयदेखि समुद्रसंमको पूर्व पश्चिम १००० योजन भएको भूमि ।

५. जलवर्ग—

उदक, जल—पानी ।

नदी—नदी ।

कुल्या—कुलो ।

समुद्र—सागर ।

अनूप—पानी धेरै भएको धाप ।

सर, तडाग—तलाउ ।

देवसर—ताल ।

ह्रद—दह ।

विसर—सानो तलाउ ।

कूप—कुवा, इनार ।

उत्स—सानो कूवा ।

उदपान—पनेरो ।

तीर्थ—घाट ।

निपान—जलाशय ।

पूरास्राव—पानीको धार ।

जलावतर—पानीघाट ।

नदीतर—नदी तर्ने घाट ।

सेतु—पूल वा बाँध ।

दृतिप्लव—छालाको तर्ने थैलो—मशक ।

गण्डिका—तर्न समातिने रूखको हाँगा ।

अलावू—तुम्बा ।

६. नगरवर्ग—

नगर, पुर, पत्तन, पुटभेदन—सहर ।

नागरिक—स्थानीय सहरको हेरचाह गर्ने अधिकारी ।

पत्तनाध्यक्ष—सहरको मुख्य अधिकारी ।

स्थानीय—मूल सहर राजधानी ।

स्थानिक—स्थानीयको ४ भागको १ भागमा हेरचाह गर्ने अधिकारी ।

गोप—उत्तम १० घर, वा मध्यम २० घर, वा निम्न खालका ४० घरको देखरेख गर्ने अधिकारी ।

जङ्घाग्र—नगरवासीहरूको मूठ गिन्ति लागत ।

राजपरिग्रह—सरकारी भवन, राज भवन ।

देवगृह—देवालय ।

धर्मावसथ—धर्मशाला ।

पुण्यस्थान—धार्मिक स्थान ।

धर्मावसथी—धर्मशालाको अधिकारी पुरुष ।

पाखण्डावास—पाखण्डमार्गीहरू बस्ने ठाउँ ।

द्यूतावास—जूवा खेल्ने घर ।

श्मशान—मसान ।

बन्धनागार—जेलखान ।

चारक—थुन्ने खोर ।

सत्र—सदावर्त धर्मशाला ।

प्रपा—पौशाला ।

पुष्पवाट—फूलबारी ।

फलवाट—फलवारी ।

७. मार्गवर्ग—

राजमार्ग—मूल सड़क २२ हात चौड़ा ।

रथ्या—रथ चल्ने सड़क २२ हात चौड़ा ।

स्थानीय पथ—मुख्य सहरको बाटो २२ हात चौड़ा ।

द्रोणमुखपथ—उपनगरको बाटो २२ हात चौड़ा ।

राष्ट्रपथ—जनपदमा आउने जाने बाटो २२ हात चौड़ा ।

संयानीयपथ—विक्रीका माल जंमा हुने बजारको बाटो २२ हात चौड़ा ।

व्यूहपथ—शत्रुले घेरा दिएमा किल्लाको पर्खालवरिपरि फौज घुम्ने बाटो २२ हात चौड़ा।
ग्रामपथ—गाउँमा आउने जाने बाटो २२ हात चौड़ा।
श्मशानपथ—मसान घाटमा जाने बाटो २२ हात चौड़ा।
विवीतपथ—गौचर वन्जर प्रदेशमा जाने बाटो २२ हात चौड़ा।
सेतुपथ—बाँधको बाटो १६ हात चौड़ा।
वनपथ—वनमा जाने बाटो १६ हात चौड़ा।
हस्तिपथ—हात्ती हिंड्ने बाटो ८ हात चौड़ा।
क्षेत्रपथ—खेतमा जाने बाटो ८ हात चौड़ा।
रथपथ—रथ चल्ने बाटो ५ हात चौड़ा।
पशुपथ—गाई-भैंसीहरू हिंड्ने बाटो ४ हात चौड़ा।
क्षुद्रपशुपथ—भेड़ा बाखा आदि हिंड्ने बाटो २ हात चौड़ा।
मनुष्यपथ—मानिस हिंड्ने गोरेटो २ हात चौड़ा।
चतुष्पथ, शृङ्गाटक—चौबाटो।
स्थलपथ—जमीनको बाटो।
वारिपथ—पानीको बाटो।
अक्षपथ—काँधमा भारी बोकेर हिंड्ने बाटो।

८. गृहवर्ग—

शाला, भवन, गृह—घर।
राजोपग्रह, राजपरिग्रह—सरकारी घर।
चतुःशाल—चौघरा घर।
मण्डप—राम्रो घर।
प्रासाद—महल।
अन्तःपुर, निशान्त—स्त्रीहरू रहने भित्री घर।
कुमारीपुर—अविवाहित राजकुमारीहरू रहने घर।
आवेशन—कालीगडी गरिने—शिल्पगृह।
कोशगृह—ढुकुटी-घर।
मोहनगृह—अलमल्याउने घर, जहाँ भित्र पस्नेहरू बाटो अलमलिने हुन्छन्।
भूमिगृह—भुइँभित्रको घर—तहखाना।
प्रतोली—बुर्जाघर।
वासगृह—बस्ने घर—कोठा।
कक्षा—खण्ड।

तोरण—बाहिरी ढोका ।
गोपुर—सहर-किल्लाहरूको ठूलो ढोका ।
आणिद्वार—सानो ढोका ।
वातायत—बारदली, झ्याल ।
अलिन्द—पोटी ।
निश्रेणी, सोपान—भरेङ ।
कुड्य—भित्ता, गाह्रो ।
कोष्ठक—कोठा ।
अङ्गण—आँगन ।
वनलटी—बरन्दा ।
भ्रम—पानीको निकास, डूँड ।
प्रणाली—पनालो ।
नीध्र—बलेसी ।
अवस्कर—मलमूत्रहरू फ्याँक्ने ठाउँ—रछान ।
परिघ—गजबार ।
अर्गला—अग्लिम ।
वास्तु—घडेरी ।
प्राक्षिप्तिक—जोरिएका अनेक घर ।
समारूढक—खप्टिएको ।
गृहपति, गृहस्वामी—घर-धनी ।
अवक्रयी—भाडामा बस्ने ।
अवक्रेता—भाडामा घर दिने घर-धनी ।
अवक्रीत—भाडामा लिएको ।
प्रतिवेशी—छिमेकी ।

९. उपस्करवर्ग--

उपस्कर—घरको सामान ।
सूर्प—नाङ्लो, सूपा ।
द्रोणी—पानी भर्ने डूड ।
कुट, कुम्भ—घड़ा ।
भाजत, भाण्ड—भाँड़ा ।
अंकुश—अंकुशी ।
सन्दंश—सडासु ।

परशु—बनचरो ।
ठति—छालाको थैलो ।
कचग्रहणी—पराल तान्ने टाँगो ।
तूर्यभाण्ड—बाजाहरू राख्ने बाकस पेटी ।
कट—चटाइ ।
उदञ्जर—पानी हाल्ने ठूलो भाँड़ा ।
रोचनी—जाँतो ।
कुट्टनी—ढिकी ।
अवकर—कसिंगर ।
उलूखल—ओखल ।
अग्निष्ठ, चुल्ली—चुलो ।

१०. खाद्यवर्ग—

अन्न—अनाज ।
धान्य—धान ।
व्रीहि, शालि—अगहनी धान ।
पुलाक—भुस्याहा धान, फोगटा ।
तण्डुल—चामल ।
उदारक—मोटो चामल ।
वरक—कालो धान ।
यवस—दाना ।
माष—मास ।
मुद्ग—मूग ।
यव, भरुज—जौ ।
चणक—चना ।
मसूरिका—मुसुरो ।
कलाय—केराउ ।
प्रियङ्गु—मालकागुनु ।
कुल्माष—बोड़ी ।
कुलत्थ—गहत ।
तिल—तिल ।
पिष्ठ—पीठो ।
घृत—घीउ ।

तैल—तेल।
लवण—नून।
क्षार—गुड़।
फाणित—खुदो।
पिप्पली—पिपला।
अजाजी—जीरा।
कुस्तुम्बुरु—धनिया।
शाक—शाग, तर्कारी।
पिष्ट—पिँधेको।
क्षुण्ण—दगल्च्याएको, दलेको।
घृष्ट—फलेको।
भृष्ट—भुटेको।
आर्द्र, स्तिमित—भिजाएको।
शुष्क—सुकेको।
सिद्ध, राद्ध—पकाएको।
विरूढ—उम्रेको।

११. (क) जनवर्ग—

जन, मनुष्य—मानिस।

वर्णविशेष—

ब्राह्मण—ब्राह्मण।
क्षत्रिय—क्षत्रिय।
वैश्य—वैश्य।
शूद्र—शूद्र।

आश्रमविशेष—

ब्रह्मचारी—ब्रह्मचर्य आश्रममा रहने।
गृहस्थ—घरबार गरेर बस्ने।
वानप्रस्थ—वनमा बस्ने।
संन्यासी, परिव्राजक—संन्यास लिएका।
तापस—तपस्वी।
भिक्षु—भिक्षा माग्ने।

अनुलोम—सुल्टो—उच्च वर्णको पतिबाट तल्लो वर्णकी स्त्रीमा उत्पन्न ।

सवर्ण—ब्राह्मणबाट ब्राह्मणी वा क्षत्रियामा जन्मेको ।
अम्बष्ठ—ब्राह्मणबाट वैश्यामा जन्मेको ।
निषाद—ब्राह्मणबाट शूद्रामा जन्मेको ।
सवर्ण—क्षत्रियबाट क्षत्रिया वा वैश्यामा जन्मेको ।
उग्र—क्षत्रियबाट शूद्रामा जन्मेको ।
व्रात्य—असंस्कृतबाट जन्मेको ।

प्रतिलोम—उल्टो—तल्लो वर्णको पतिबाट माथिल्लो वर्णकी स्त्रीमा उत्पन्न ।

आयोगव—शूद्रबाट वैश्यामा जन्मेको ।
क्षत्ता—शूद्रबाट क्षत्रियामा जन्मेको ।
चाण्डाल—शूद्रबाट ब्राह्मणीमा जन्मेको ।
मागध—वैश्यबाट क्षत्रियामा जन्मेको ।
वैदेहक—वैश्यबाट ब्राह्मणीमा जन्मेको ।
सूत—क्षत्रियबाट ब्राह्मणीमा जन्मेको ।
कुक्कुटक—उग्रबाट निषादीमा जन्मेको ।
पुल्कस—निषादबाट उग्रामा जन्मेको ।
वैज, रथकार—अम्बष्ठबाट वैदेहकामा जन्मेको ।
कुशीलव—वैदेहकबाट अम्बष्ठामा जन्मेको ।

शवर—भिल्ल ।
पुलिन्द—वनमा बस्ने निम्नजाति ।
किरात—किराती ।
सुजात—राजा र राज्यको भलो गर्ने जनसमूह ।
दुर्जात—राजा र राज्यको कुभलो गर्ने जनसमूह ।

११. (ख) विशेष पेशा गर्ने जनवर्ग—

कर्षक, कृषक—खेती गर्ने ।
कर्मकर—मजदूर ।
गोरक्षक—गाईको रक्षा पालन पोषण गर्ने ।
पिण्डारक—भैंसी पाल्ने ।
मणिकार—जुहारातको काम गर्ने, जौहरी ।

सुवर्णकार—सुनको काम गर्ने—सुनार ।
लोहकार, कर्मार, अयस्कार—फलामको काम गर्ने लोहार ।
चर्मकार—छालाको काम गर्ने—चमार ।
तन्तुवाय—लुगा बुन्ने ।
तुन्नवाय—लुगा सीउने—सूचीकार ।
रजक—धोबी ।
कारु—मोटा काम गर्ने कालीगड ।
शिल्पि—मिहीन काम गर्ने कालीगड ।
कल्पक—हजाम ।
शौण्डिक—भट्टीवाल ।
वैदेहक—बनिया ।
आपूपिक—हलुवाइ ।
पाक्वमांसिक—पकाएको मासुवेच्ने ।
औदनिक—भात बेच्ने ।
माहानसिक—भान्से ।
सूद—तर्कारी पकाउने ।
चिकित्सक—औषधि गर्ने ।
भिषक्—वैद्य ।
कुहक—चटकी ।
कुशीलव—अभिनय गर्ने—स्वांगी ।
नट—नटुवा ।
नर्तक—नाच्ने ।
वादक—बजाउने ।
गायक—गाउने ।
तालवचर—तालमा नाच्ने ।
वाग्जीवन—कत्थक ।
प्रसाधक—श्रृङ्गार गराउने ।
आस्तरक—बिछाउना लाउने ।
मालाकार—माली ।
स्नापक—स्नान गराउने ।
कुहक—चटकी ।
धान्यव्यावहारिक—अन्नको खेलो गर्ने ।
यामिक—पहरा दिने ।

परिचारक—टहलुवा ।
रूपाजीवा, गणिका—वेश्या ।
विष्टि—भारी बोक्ने ।

११. (ग) दुःशीलवर्ग—

स्तेन—चोर ।
माणवक, पुराणचोर—पुरानो चोर ।
प्रसभस्त्रीपुरुषघातक—बलात्कार गरेर स्त्री-पुरूषहरू मार्ने ।
प्रसभाभिसारक—परस्त्रीमाथि बलात्कार गर्ने ।
प्रसभनिग्राहक—जबर्दस्ती गरेर देशवासीहरूको नाक-कान काट्ने ।
अवघोषक—लुट्छु मार्छु भनि फलाक्ने ।
अवस्कन्दक—जबर्दस्ती गरी सहर गाउँको धन लुट्ने ।
उपवेधक—भित्ता फोरेर चोरी गर्ने ।
डामरक—राष्ट्रमा बलवा उपद्रव मच्चाउने ।
दूष्य—राजद्रोही ।
अवरुद्ध—नजरबन्द गरि थुनिएको ।
उत्पथिक—कुबाटो हिंड्ने ।
अभित्यक्त—प्राणदण्ड पाउने ठहरिएको ।
गूढाजीवी—लुकीछिपी ठगेर जीविका गर्ने ।

१२. परिवारवर्ग

कुटुम्ब—एक जहान ।
कुल—एक घरान ।
परिवार—जहान ।
गृहपति—घरको मालिक ।
गृहावसथी—घरबार गरेर बस्ने ।
भार्या—स्त्री ।
पत्नी—धर्ममा साथदिने स्त्री ।
अवरुद्धा—रखौटी ।
पुत्र—छोरो ।

पुत्रभेद—

१. **औरस**—विवाहित सवर्ण स्त्रीमा उत्पन्न ।
२. **पुत्रिकापुत्र**—छोरी नै छोरो मानिएकी, अथवा आफ्नो कुलमा ल्याइएको छोरीको छोरो ।

३. **क्षेत्रज**— नियोग गरेर पैदा गरिएको।
४. **गूढज**—माइतीकै घरमा छोरीले गुप्त पैदा गरिएको।
५. **उत्सृष्ट**—बन्धुहरूले मिल्काएको बालक संस्कार गरेर छोरो तुल्याइएको।
६. **कानीन**—कन्याअवस्थामा नै पैदा भएको।
७. **सहोढ**—गर्भिणी विवाह गरेर पैदा भएको।
८. **पौनर्भव**—दोस्रो विवाह गरिएकी स्त्रीबाट जन्मेको।
९. **दत्तक**—बाबुआमाले विधिपूर्वक दिइएको।
१०. **उपगत**—आफै आएर छोरो बनेको।
११. **कृतक**—छोरो भयौ भनि बनाएको।
१२. **क्रीत**—किनिएको।

पुत्रविशेष—

(१) **बुद्धिमान्**—धर्मशास्त्र अर्थशास्त्र जानेर त्यसअनुसार काम गर्ने।
(२) **आहार्य बुद्धि**—शास्त्रसंम पढेको भए पनि त्यो अनुसार काम नगर्ने।
(३) **दुर्बुद्धि**—धर्म अर्थ दुवैको विरोध गर्ने मूर्ख।

भृत्य— चाकर।
भृतक—ज्यालदार।
कर्मकर—काम गर्ने।
वैतनिक—जागीरदार।
आहितक—बाँधा।
आहितिका—बधितिनी।
दास—कमारो।
दासी—कमारी।
गर्भदास—गर्भे कमारो।
आधाता—बाँधा राख्ने।
ध्वजाहृत—युद्धमा पक्रिएर ल्याएको।
प्रातिवेशिक—छिमेकी।

१३, (क) गवादिवर्ग—

गोध्यक्ष—गाई भैंसी आदिका विभागको प्रमुख अधिकारी।
व्रज—गोठ।

गोपालक—गाई पाल्ने ।

दोहक—दुहुने ।

मन्थक—मथ्ने ।

लुब्धक—वनमा चराउँदा रक्षा गर्ने ।

धेनु—दुहुनी गाई ।

जरद्गु—बूढी गाई ।

गर्भिणी—गाभिन ।

प्रष्ठौही—साँढे खोज्ने ।

वत्सतरी—दूध छुटेकी बाछी ।

अनन्यदोही - एकहाते ।

दुर्दोही—दुहुन गाह्रो हुने ।

पुत्रघ्नी—बच्चा मरिरहने ।

वशा—बैला, बाँझी ।

पुङ्गव—गोरू ।

वत्स—दूध पीउने बाछो ।

वत्सतर—दूध छुटेको बहर ।

दम्य—सधाइने ।

वही—भारी बोक्ने ।

वृष—साँढे ।

उक्षा—बूढो गोरू ।

रूप्यग्र—गाई-गोरूको लगत ।

महिषी—भैंसी ।

महिष—राँगो ।

पिण्डारक—भैंसी पाल्ने ।

सूनामहिष—काटिने राँगो ।

दोहक—दुहुने ।

मन्थक—मथ्ने

व्रजपर्यग्र—गोठमा रहने पशुको लगत ।

नस्यकर्म—नाक छेड्ने काम ।

युगपिङ्गन—साथी-जोडा लाएर सधाउनु ।

पिण्याक—पिना ।

उदश्वित्—मही ।

कूर्चिका—कुराउनी।
किलाट—
अङ्कचर्म—छाप लागेको छाला।
अवि, मेष—भेडा।
आषिक—राडीपाखी।
नष्ट—हराएको।
विनष्ट—मरेको।
भग्नोत्सृष्टक—भागे हटाएको।
भामानुप्रविष्टक—अर्को स्थानमा पसेको।

१३. (ख) जीववर्ग—

१. पशु—

हस्ती—हात्ती।
अश्व—घोड़ा।
अश्वतर—खच्चड़।
गर्दभ—गधा।
गो—गाई गोरु।
महिष—राङ्गो भैंसी।
उष्ट्र—उँट।
मृग—मृग।
रुरु—रतुवा मृग।
पृषत—थोप्लेमृग—चित्तल।
श्वा—कुकुर।

२. क्षुद्र—

नकुल—न्याउरी।
गोधा—गोहोरो।
मत्स्य—माछा।
कीट—कीरा।
झिल्ली—झ्याँउकिरी।

३. पक्षी—

हंस—हाँस।
कपोत—परेवा।

गृहकपोत—घरपरेवा ।
मयूर—मजूर ।
चकोर—च्याखुरो ।
शुक—शुगा ।
शारिका—मैना
कोकिल—कोइली ।
क्रौञ्च—कन्याङकुरुङ ।

१४. कृषिवर्ग—

कृषि—खेती ।
कर्षक, कृषक—खेती गर्ने, किसान ।
सीता—खेतीबाट आएको अनाज ।
सीताध्यक्ष—खेतीविभागको हेरचाह गर्ने प्रमुख अधिकारी ।
कृषितन्त्र—वृद्धपराशर आदिले बनाएको कृषिशास्त्र ।
वाप—रोप्नु ।
राशिमूल—अन्नको राशको मन्तिरको बाँकी ।
अर्धसीतिक—अधिया कमाउने ।
हस्तप्रावर्तिम—हातले बोकेर पानी लाउने ।
स्कन्धप्रावर्तिम—बयलहरूले काँधमा बोकेर पानी लाउने ।
स्रोतोयन्त्रप्रावर्तिम—मन्त्रद्वारा पानी लाउने ।
नदीसरः कूपोद्घाट—नदी तलाउ इनारहरूको पानी लाउने ।
कर्मफलविनियात—खेतीबाट हुनुपर्ने लाभको हानि ।
कर्षणयन्त्र—खेतीका उपकरणहरू ।
कुल्या वाप—कुलोले रोपिने ।
पूर्व वाप—पहिले रोपिने धान कोदो आदि ।
मध्य वाप—बिचमा रोपिने माष मुगी आदि ।
पश्चाद्वाप—पछि रोपिने गहत जौ गहुँ आदि ।
सस्य, धान्य—अनाज
पलाल—पराल ।
तुषारपायन—शीत पिलाउनु ।
उष्णशोषण—घाममा शुकाउनु ।
फेनाघात—पानीको फींजले भेट्टाउने जमीन ।
परीवादान्त—पानीको धारको नजदीकको जमीन ।

हरणिपर्यन्त—कुलोको नजीकको जमीन ।
कूपपर्यन्त—इनारको नजीकको जमीन ।

१५. धातुवर्ग—

धातु—खानिबाट निस्केको शोधन नभएको धाउ ।
आकर—खानि ।
आकरकर्मान्त—खानिसम्बन्धी कारखाना ।
सुवर्ण—सुन ।

सुनका प्रकार—

(क) जम्बूनद—जम्बूनदीबाट निस्केको जामुन फलको जस्तो रङ भएको ।
(ख) शातकुम्भ—शतकुम्भ पर्वतबाट निस्केको कमलको केशरको जस्तो रङ भएको ।
(ग) हाटक—हाटक खानिबाट निस्केको पहेंलो कटसरैया फूलको जस्तो रङ भएको ।
(घ) वैणव—वेणु पर्वतबाट निस्केको कर्णिकार फूलको जस्तो रङ भएको ।
(ङ) शृङ्गिशुक्तिज—शृङ्गिशुक्ति भूमिबाट निस्केको मनःशिलाको जस्तो रङ भएको ।

अरु तीन किसिम—

(१) जातरूप—खानिबाट शुद्ध रूपमा निस्केको ।
(२) आकरोद्गत—खानिबाट अशुद्धरूपमा निस्केको ।
(३) रसविद्ध—पारो मिलाएर शोधिएको ।

वर्णक—सुनको रङअनुसारको दाग । यी दाग १६ मानिएका छन् ।
वर्णिका—चासनी ।
रूप्य, तार—चाँदी ।

चाँदीका प्रकार—

(क) तुत्थोद्गत—तुत्थ पर्वतबाट निस्केको जूहीको फूलको जस्तो रङ भएको ।
(ख) गौडिक—गौडदेशमा उत्पन्न तगरको फूलको जस्तो रङको ।

(ग) **चाक्रवालिक**—चक्रवाल खानिबाट निस्केको कुन्दपुष्पको जस्तो रङ भएको ।

(घ) **काम्बुक**—कम्बु पर्वतबाट निस्केको कुन्दपुष्पको रङ भएको ।

ताम्र, शुल्व—तामा ।

तीक्ष्ण, कालायस—कालो फलाम ।

वैकृन्तक—इस्पात फलाम ।

सीस—सीसा ।

त्रपु—राङ ।

आरकूट—पित्तले ।

वृत्रक—डल्लो फलाम ।

आकर, खनि—खानि ।

आकर कर्मान्त—खानिको कार्यालय ।

१६. रत्नवर्ग—

मौक्तिक—मोती ।

(१) **ताम्रपर्णिक**—पाण्डदेशको ताम्रपर्णी नदीको समुद्र-सङ्गम हुने ठाउँमा ।

(२) **पाण्ड्यकवाटक**—मलयकोटि पर्वतमा उत्पन्न हुने ।

(३) **पाशिक्य**—पाटलिपुत्रनेरको पाशिका-नदीमा उत्पन्न हुने ।

(४) **कौलेय**—सिंहलद्वीपको मयूर ग्रामको कुला नदीमा उत्पन्न हुने ।

(५) **चौर्णेय**—केरल देशको मुरच्चिपत्तननेरको चूर्णी-नदीमा उत्पन्न हुने ।

(६) **माहेन्द्र**—महेन्द्रपर्वतनेरको समुद्रमा उत्पन्न हुने ।

(७) **कार्दमिक**—पारसीक देशको कर्दमा-नदीमा उत्पन्न हुने ।

(८) **स्रोतसीय**—बर्बरसमुद्रतटमा स्रोतसी-नदीमा उत्पन्न हुने ।

(९) **ह्रादीय**—बर्बरसमुद्रतटको श्रीघण्ट-ह्रदमा उत्पन्न हुने ।

(१०) **हैमवत**—हिमालयमा उत्पन्न हुने ।

शङ्ख सिपी हात्तीको गण्डस्थल वनेल सिंहको दाह्रा बाँस सर्पको टाउको आदिबाट मोतीको उत्पत्ति हुन्छ ।

मोतीका यष्टि—लुङहरू—

(क) **शीर्षक**—माझमा यौटा ठूलो, दायाँ-बायाँ साना-साना बराबर भएको ।

(ख) **उपशीर्षक**—माझमा यौटा ठूलो दायाँ-बायाँ एकेक साना भई तीन-तीनको गुच्छा पारेको ।

(ग) **प्रकाण्ड**—माझमा यौटा ठूलो, दायाँ-बायाँ दुइ-दुइ साना भई पाँच-पाँचको गुच्छा पारेको ।

(घ) **अवघाटक**—यौटा ठूलो माझमा भई दायाँ-बायाँ साना झन् साना हुँदै गएको ।

(ङ) **तरलप्रतिबन्ध**—जंमै एकनासका दाना भएको ।

मोतीका हारहरू—

(१) **इन्द्रच्छन्द**—१००८ लुङ भएको ।
(२) **विजयच्छन्द**—५०४ लुङ भएको ।
(३) **देवच्छन्द**—१०० लुङ भएको ।
(४) **अर्धहार**—६४ लुङ भएको ।
(५) **रश्मिकलाप**—५४ लुङ भएको ।
(६) **गुच्छ**—३२ लुङ भएको ।
(७) **नक्षत्रमाला**—२७ लुङ भएको ।
(८) **माणवक**—२० लुङ भएको ।
(९) **अर्धमाणवक**—१० लुङ भएको ।

हार—

एकावली—१ लुङ भएको मोतीको माला ।
यष्टि—बिचमा यौटा माणिक भएको मोतीको माला ।
रत्नावली—सुनगेड़ी र मोती मिसाएको माला ।
अपवर्तक—सुनगेड़ी माणिक मोती क्रमैसंग उनिएको माला ।
सोपानक—सुनको चक्की र मोती एकान्तर गरी उनेको माला।
मणिसोपानक—सोपानकमा माणिकसमेत मिलाएको ।

माणिक्य—मानिक ।

(क) **सौगन्धिक**—रातो कमलको जस्तो अलि नीलो परेको रातो रङको।
(ख) **पद्मराग**—कमलको फूलको जस्तो रङ भएको ।
(ग) **अनवद्यराग**—कुङ्कुम फूलको जस्तो रङ भएको ।
(घ) **पारिजातपुष्पक**—पारिजातफूलको जस्तो रङ भएको ।
(ङ) **बालसूर्यक**—उदाउन लागेका सूर्यको जस्तो रङ भएको ।

वैदूर्य—लसुने ।

(क) **उत्पलवर्ण**—रातो कमलको जस्तो रङ भएको ।
(ख) **शिरीषपुष्पक**—शिरीषको फूलको जस्तो रङ भएको ।
(ग) **उदकवर्ण**—पानीजस्तो निर्मल ।
(घ) **वंशराग**—बाँसको पातको जस्तो रङ भएको ।
(ङ) **शुकपत्रवर्ण**—शुगाको प्वाँखको जस्तो रङ भएको ।
(च) **पुष्पराग**—हलेदोजस्तो पहेंलो रङ भएको ।
(छ) **गोमूत्रक**—गहुतको जस्तो रङ भएको ।
(ज) **गोमेदक**—गोरोचनको जस्तो रङ भएको ।

नील—नीर ।

(क) **नीलावलीय**—सेतोमा नीला छिर्का भएको ।
(ख) **इन्द्रनील**—मुजूरको पुछरको जस्तो रङ भएको ।
(ग) **कलायपुष्पक**—केराउको फूलको जस्तो रङ भएको ।
(घ) **महानील**—भमराको जस्तो रङ भएको ।
(ङ) **जाम्बवाभ**—जम्बूफल(फनीर)को जस्तो रङ भएको ।
(च) **जीमूतप्रभ**—मेघको जस्तो रङ भएको ।
(छ) **नन्दक**—भित्र सेतो बाहिर नीलो रङ भएको ।
(ज) **स्रवन्मध्य**—पानीको छहरा जस्तो किरण भएको ।

स्फटिक—स्फटिक ।

(क) **शुद्धस्फटिक**—अति सेतो रङ भएको ।
(ख) **मूलाटवर्ण**—मूलाट—मखन झिकेको दहीको जस्तो रङ भएको ।
(ग) **शीतवृष्टि**—चन्द्रकिरण पर्दा पानी रसाउने—चन्द्रकान्त ।
(घ) **सूर्यकान्त**—सूर्यकिरण पर्दा आगो निकास्ने—सूर्यकान्त ।

अरु मणि—विमलक सस्यक अञ्जनमूल पित्रक इत्यादि १८ ।

वज्र—हीरा ।

(क) **सभाराष्ट्रक**—विदर्भ देशको सभाराष्ट्र भन्ने ठाउँमा उत्पन्न हुने ।
(ख) **मध्यमराष्ट्रक**—कोसल देशको मध्यमराष्ट्र भन्ने ठाउँमा उत्पन्न हुने ।
(ग) **कास्मीरराष्ट्रक**—कास्मीर देशमा उत्पन्न हुने ।
(घ) **श्रीकटनक**—श्रीकटन भन्ने पर्वतमा उत्पन्न हुने ।
(ङ) **मणिमन्तक**—उसरानेरको मणिमन्त पर्वतमा उत्पन्न हुने ।
(च) **इन्द्रवानक**—कलिङ्ग देशको इन्द्रवान पर्वतमा उत्पन्न हुने ।

खानि जलप्रवाह हात्तीको दाँतको फेद आदिबाट हीराको उत्पत्ति हुन्छ ।

प्रबाल—मूगा ।

(क) **आलकन्दक**—बर्बरसमुद्रको तट अलकन्द-भन्ने ठाउँमा उत्पन्न हुने ।
(ख) **वैवर्णिक**—यूनानको विवर्ण-भन्ने समुद्रीप्रदेशमा उत्पन्न हुने ।

मूगा गाढ़ा रातो वा कमलको फूलको जस्तो फीका रातो पनि हुन्छ ।

१७. सारवर्ग—

चन्दन—श्रीखण्ड ।

(१) **सातन**—सातन देशमा हुने, रातो, माटोको गन्ध आउने ।
(२) **गोशीर्षक**—गोशीर्ष देशमा हुने, कालोरातो, माछाको गन्ध आउने ।
(३) **हरिचन्दन**—हरि देशमा हुने, शुगाको पाखको रङ्ग भएको, आँपको जस्तो गन्ध आउने।
(४) **तार्णस**—तृणसा नदीनेर हुने, हरिचन्दनकै जस्तो रङ गन्ध हुने ।
(५) **ग्रामेरुक**—ग्रामेरु देशमा हुने, रातो वा रातोकालो, बोकाको मूतको जस्तो गन्ध आउने ।
(६) **दैवसभेय**—देवसभा प्रदेशमा हुने, रातो कमलको गन्ध आउने ।
(७) **जावक**—जावक देशमा हुने, रातो कमलको गन्ध आउने ।
(८) **जोङ्गक**—जोङ्ग देशमा हुने, रातो वा रातोकालो चिल्लो कमलको गन्ध आउने ।
(९) **तौरूष्व**—तुरुष्व देशमा हुने, जोङ्गकको जस्तै वर्ण गन्ध भएको ।
(१०) **मालेयक**—मलय देशमा हुने, फुस्रोरातो, कमलको गन्ध-आउने ।
(११) **कुचन्दन**—कालो रङ भएको, गहुतको जस्तो गन्ध आउने ।
(१२) **कालपर्वतक**—कालपर्वतमा हुने रूखो, कालो रातोकालो, वा रातो ।
(१३) **कोशकारपर्वतक**—कोशकार भन्ने पर्वतमा हुने, कालो वा कालो छिरबिरे ।
(१४) **शीतोदकीय**—शीतोदक देशमा भएको, कमलको जस्तो वा कालो चिल्लो रङ भएको ।

(१५) नागपर्वतक—नागपर्वतमा हुने, रुखो, झ्याउको जस्तो रङ हुने।

(१६) शाकल—शाकल देशमा हुने, कैलो रङ हुने।

अगुरु—धूपी।

जोङ देशमा हुने कालो वा छिरबिरे, झोङ्ग देशमा हुने कालो, सिंहल द्वीपमा हुने छिरबिरे, उशीरको वा नवमालिकाको जस्तो गन्ध आउने।

तैलपर्णिक—चन्दनविशेष।

अशोकग्रामको मासुको रङ्ग हुने कमलको गन्ध आउने, जोङदेशको रातोपहेंलो कमलको वा गहुतको गन्ध आउने, ग्रामेरु देशको चिल्लो गहुतको गन्ध आउने, सुवर्णकुण्डन भन्ने कामरूपको प्रदेशमा हुने रातोपहेंलो विमिराको जस्तो गन्ध आउने, पूर्ण द्वीपको कमल वा नौनीको जस्तो गन्ध आउने हुन्छ।

भद्रश्रीय—चन्दनविशेष।

कामरूपको लौहित्यनदको पारि हुने जाईको फूलको रङ हुने, कामरूपको अन्तरवती भन्ने नदीको तीरमा हुने उशीर(खस)को रङ हुने, यी दुवै कुटको जस्तो आउने हुन्छ।

कालेयक—काष्ठविशेष।

भर्मदेशको सुवर्ण भूमिमा हुने चिल्लोपहेंलो, उत्तरपर्वतमा हुने रातोपहेंलो हुन्छ।

१८. फल्गुवर्ग—

(१) चर्म—छाला।

(क) कान्त नावक—उत्तरपर्वतको कान्त नाव देशमा हुने मजूरको घाँटीको जस्तो रङ भएको ८ अङ्गुल लामो।

(ख) प्रैयक—उत्तरको प्रियक-देशमा हुने, नीलोपहेंलो वा सेतो, धर्सा र थोप्ले बुट्टा भएको ८ अङ्गुल लामो।

(ग) विसी—द्वादशग्राममा हुने छेपारोको झैं रङ यही भनि नछुट्टिने दुहिलिका-झ्यापुल्ले वा बुट्टे, १२ अङ्गुल लामो।

(घ) महाविसी—द्वादशग्राममा हुने खस्रो सेतो १२ अङ्गुल लामो।

(ङ) **श्यामिका**—आरोह भन्ने हिमालय प्रदेशमा हुने कैलो थोप्ले बुट्टे ८ अङ्गुल लामो।

(च) **कालिका**—आरोह भन्ने हिमालय प्रदेशमा हुने कैलो वा परेवाको रङ हुने, ८ अङ्गुल लामो।

(छ) **कदली**—आरोह पर्वतमा हुने खस्रो १ हात लामो।

(ज) **चन्द्रोभरा**—आरोह पर्वतमा हुने खस्रो १ हात लामो चन्द्र बुट्टासमेत भएको।

(झ) **शाकुला**—आरोह पर्वतमा हुने ३ हात लामो रातो चछता वा घुमेको गाँठो बुट्टा भएको।

(ञ) **सामूर**—हिमालयको वाल्हव प्रदेशमा हुने, गाजलको जस्तो रङ, ३६ अङ्गुलको।

(ट) **चीनसी**—हिमालयको वाल्हव प्रदेशमा हुने, रातोकालो वा फुस्रो कालो ३६ अङ्गुलको।

(ठ) **सामूली**—हिमालयको वाल्हव प्रदेशमा हुने, गहुको जस्तो रङ हुने, ३६ अङ्गुलको।

(ड) **सातिना**—ऊँद-जलबिरालोको कालो रङ।

(ढ) **नलतूला**—ऊँद-जलबिरालोको, मूँजको भुवाजस्तो रङ हुने।

(ण) **वत्रपुछा**—ऊँद-जलबिरालोको, कैलो पुछर घुंग्रिएको।

(२) **आविक**—भेडाको रौंको कम्बल।

खालि सेतो, खालि रातो, एक पाखा रातो पनि हुन्छ।

बुनोट—

(क) **खचिन**—सियो लाएर बुनेको।

(ख) **वानचित्र**—बुट्टापारी बुनेको।

(ग) **खण्डसंघात्य**—टुक्रा टुक्रा जोरेको।

(घ) **तन्तुविच्छिन्न**—जाली पारी बुनेको।

बुनोट—

(क) **कम्बल**—काम्लो।

(ख) **फेचलक**—बनैयाँ टोपी।

(ग) **कलमितिका**—हात्तीको पीठमा बिछ्याउने वा झूल।

(घ) **सौमितिका**—हात्तीको पीठमा बिछ्याउने कालो।

(ङ) **तुरगास्तरण**—घोडाको पीठमा बिछ्याउने।

(च) **वर्णक**—रङ्गीन कम्बल।

(छ) **तलिच्छक**—बिछाउने कम्बल।

(ज) **वारवाण**—लाउने बक्खु ।
(झ) **परिस्तोम**—बिछाउने गलैचा ।
(ञ) **समन्तभद्र**—चारखाने चारपाटे ।
नैपालक—नेपालमा बनेको ।
(क) **भिङ्गिसी**—८ पाटा जोडेको, कालो, पानीको वर्षा रोक्ने, घुमराडी ।
(ख) **अपसारक**—छेका पर्दा गराउने, पानी रोक्ने, ठूलो राडी ।

(३) **मृगरोमज**—मृगको रौंबाट बनेको ।
(क) **सम्पुटिका**—जाँघिया ।
(ख) **चतुरश्रिका**—बेलबुटा भएको ऊनी दोसल्ला ।
(ग) **लम्बरा**—ऊनी ओढ्ने ।
(घ) **कटवानक**—मोटो धागाको बनेको ।
(ङ) **प्राषरक**—चद्दर ।
(च) **सत्रलिका**—बिछाउने ।

(४) **दुकूल**—रेशमी वस्त्र ।
(क) **वाङ्गक**—वङ्गदेशमा हुने सेतो मसिनो ।
(ख) **पौण्ड्रक**—पुण्ड्र देशमा हुने कालो हरीयो ।
(ग) **सौवर्णकुड्यक**—सुवर्णकुड्य देशमा भएको सूर्यकिरणको जस्तो रङ ।

बुनोट—
(क) **मणिस्निग्धोदकवान**—धागो पानीमा भिजाई नारीमा रगेटी बुनेको ।
(ख) **चतुरस्रवान**—ताना र बाना एकै धागाको भएको ।
(ग) **व्यामिश्रवान**—रेशमी सुती धागो मिसाएर बुनेको ।
यी सबै एकांशुक—एकसुते, द्वांशुक–दुइसुते, त्र्यंशुक–तीनसुने, चतुरंशुक–चारसुते पनि हुन्छन् ।
काशिक—काशीको, पौण्ड्रक–असामको, क्षौम–रेशमी पनि यस्तै १।२।३।४ सुते हुन्छ ।

(५) **पत्रोर्णा**—वृक्षको पातमा कीराको रालबाट बनेको रेशमको वस्त्र ।
(क) **मागधिका**—मगधदेशमा बनेको ।
(ख) **पौण्ड्रिका**—आसाममा बनेको ।

(ग) **सौवर्णकुड्यक**—सुमात्राको सुवर्णकुड्यप्रदेशमा बनेको । नागकसेर वृक्षमा बनेको रेशम पहेंलो, बडहर वृक्षमा बनेको रेशम गहुको जस्तो रङ भएको, बकुल वृक्षमा बनेको रेशम सेतो, वर वृक्षमा बनेको रेशम नौनीको जस्तो रङ भएको हुन्छ। चीन देशमा हुने रेशमी वस्त्र पनि पत्रोर्णाकै किसिमको हुन्छ ।

(६) **कार्पासिक**—कपासको धागोबाट बनेको वस्त्र ।

(क) **माधुर**—पाण्ड्यको राजधानी मधु(दु)रामा बन्ने ।
(ख) **आपरान्तक**—कोङ्कण प्रदेशमा बन्ने ।
(ग) **कालिङ्गक**—कलिङ्ग देशमा बन्ने ।
(घ) **काशिक**—काशी देशमा बन्ने ।
(ङ) **वाङ्गक**—वङ्गदेशमा बन्ने ।
(च) **वात्सक**—वत्स देशमा बन्ने ।
(छ) **माहिषक**—कुन्तल देशको माहिष्मतीमा बन्ने ।

१९. अलङ्कारादि निर्माणवर्ग—

सुवर्णाध्यक्ष—सुन-चाँदीको कामको रेखदेख गर्ने विभागाध्यक्ष ।

सौवर्णिक—विशिखा–सुनारको बजारमा सुनको काम गर्ने कालीगडहरूलाई काम लगाउने जिंमा लिने नायक ।

काञ्चनकारु—सुनको कालीगड ।

पृषतकारु—गेडीहरू बनाउने कालीगड ।

त्वट्टकारु—गहनामा कट गर्ने कालीगड ।

त्वष्टा—पालिस गर्ने, ताछ्ने ।

ध्मायक—खलाती चलाउने ।

चरक—बढार्ने ।

पांसुधावक—धूलो धुने ।

पाकपत्र—शोधन गर्न पिटेको पाता ।

वास्तुक—जड्ने आधार ।

परिभाण्ड—जंडान गर्ने घर ।

पुञ्जल—तयारी माल ।

भाण्डोपधि—माल बनाउँदा गरेको कपट ।

गण्डिका—पाताहरू पिट्ने ठेउको ।
भण्डिका—पोलेको माल चिस्याउने पानीको भाँडा ।
मूषा—पगाल्ने कटौरी ।
निकष—कसी ।
भस्त्रा—खलाती ।
घन—खदुवा ।
सुषिर—खोक्रो ।
पृषतादियुक्त—गेडीहरू जोडिएको ।
संयूह्य—तामाहरूमा सुन-चाँदीको पाता जोरेर बनाइने माल ।
अवलेप्य—सुनको तपक टाँसिने वा सुनको मुलम्बा गरिने माल ।
संयाठ्य—टुक्रा टुक्रा जोरेर बनाइने माल ।
क्षेपणकर्म—जडाउ गर्नें काम ।
गुणकर्म—तार सिग्री आदि बनाउने काम ।
क्षुद्रकर्म—खोक्रों खदुवा गेडी आदि बनाउने काम ।
काचकर्म—मणिहरू जडाउने काम ।
रागयोग—रङ चढाउने काम ।

२०. पण्यवर्ग—

पण्य—विक्री गरिने वस्तु ।
प्रतिपण्य—कुनै किनिने वस्तुको सट्टामा विक्री गरिने वस्तु ।
पण्यशाला—विक्री गरिने मालहरू राखिने घर ।
पण्याध्यक्ष—बजारको रेख-देख हरहिसाब गर्ने प्रमुख अधिकारी ।
विपणि—बजार ।
विशिखा—सुन-चाँदी आदिको बजार ।
संमानीय—विक्री हुने अन्नहरू जंमा हुने मूल-बजार ।
क्रय—किन्नु ।
विक्रय—वेच्नु ।
पैयापृत्य विक्रय—फुटकर विक्री गर्नु ।
वैयापृत्य कर—खुद्रा-फुटकर विक्री गर्ने ।
वणिक्—व्यापारी ।
वैदेहक—बनियाँ ।
प्रवहषिक—विदेशी व्यापारी ।
सार्थं, वणिक्सार्थ—व्यापारीहरूको जमात—जत्था ।

सार्थवाह—जमात भएर हिंड्ने बनियाँ ।
एकमुख—एकहट्टी गरी बेच्नु ।
अर्घ—भाउ ।
मूल्य—मोल ।
नीवी—मूलधन ।
उदय—नाफा ।
लाभ—फायदा ।
काष्ठद्रोणी—काठको बाकस ।
पिधान—ढकनी ।
शुल्क—महशूल, भन्सार ।
वर्तनी—सीमानाको अन्तपाललाई दिइने कर ।
आतिवाहिक—डरलाग्दो बाटोमा रक्षा गरी पार गराउन दिइने कर ।
गुल्मदेय—चौकीमा दिइने चुङ्गी ।
तरदेय—डुङ्गा-नाउद्वारा नदी पार गर्दा दिइने कर ।
भाटक—भाडा ।
भक्तव्यय—खानाखर्च ।
आतिपातिक—झट्टै बेच्नुपर्ने, राख्न नहुने वस्तु ।
सम्भूयसमुत्थान—धेरै जना मिलेर काम उठाउनु ।
सम्भूय क्रय—धेरै जना मिलेर किन्नु ।
जात्य—असल जातको वस्तु ।
अजात्य—नअसल वस्तु ।
सारभाण्ड—असल मालको पेटी ।
वानवेतन—बुनाइको ज्याला ।

२१. शुल्कवर्ग—

शुल्कशाला—भन्सारअड्डाको भवन ।
शुल्काध्यक्ष—भन्सार लिने विभागको अध्यक्ष ।
गुल्म—चौकी ।
शुल्क—शुल्काध्यक्षले लिने महशूल ।
वर्तनी—दुर्गम बाटो पार गराएर अन्तपालले लिने कर ।
आतिवाहिक—व्यापारिदललाई बाटो पार गराएर विवीताध्यक्षले लिने कर ।
गुल्मदेय—रक्षा गरेबापत पुलिस-चौकीले लिने कर ।

तरदेय—पानी पार गराए बापत नावध्यक्षले लिने कर ।

पिण्डकर—गाउँबाट उठाइने सामूहिक कर ।

षड्भाग—राजाले लिने छैटौं भाग ।

सेनाभक्त—फौजी तयारीको समयमा सेना निमित्त दिनुपर्ने रसद ।

वलि—छैटौं भागभन्दा बढी लिइने कर ।

उत्सङ्ग—राजाले छोरा-छोरी पाएमा दिनुपर्ने कर ।

पार्श्व—फर्मायसी कर ।

औपायनिक—नजराना चढाएको ।

कौक्षेणक—सरकारी बगैचा-तलाउहरूबाट लिइने कर ।

पारिहीणक—बाली नोक्सानीको भर्ना लिइने ।

परिहार—कर माफी ।

सार्थातिवाह्य—व्यापारीदललाई डरलाग्दो ठाउँ पार गराएर लिइने वेतन ।

चोररक्षण—चोरबाट रक्षा गर्ने बापत लिइने कर ।

प्रतिकर—नियत भइरहेको कर ।

करविशेष—

१. **धान्यप्रतिकर**—यति लिने भनि नियत भएको अन्न आउने कर ।

२. **पशुप्रतिकर**—यति लिने भनि नियत भएको पशु बुझाउने कर ।

३. **हिरण्यप्रतिकर**—यति लिने भनि नियत भएको नगद आउने कर ।

४. **कुप्यप्रतिकर**—यति लिने भनि नियत भएको जिनिस आउने कर ।

५. **विष्टिप्रतिकर**—यति लिने भनि नियत भएको झारा वेठी आउने कर ।

२२. (क) मानवर्ग

(१) सुनको तौल—

सुवर्णमाषक—माषको गेडा १० बराबर किंवा राती गेडी ५ बराबर सुन (५ रतीको माषा)।

अर्धमाषक—आधा माषा (२॥ रति बराबर)।

द्विमाषक—२ माषा बराबर (१० रति बराबर)।

चतुर्माषक—४ माषा बराबर (२० रति बराबर)।

१ सुवर्ण—५ रतीको माषाले १६ माषा बराबर सुन (१० रतिको माषाले ८ माषा)।

२ सुवर्ण—१ सुवर्णको दोब्बर ।

४ सुवर्ण—१ सुवर्णको चौब्बर ।

८ सुवर्ण—१ सुवर्णको आठबर।

१० सुवर्ण—१ सुवर्णको दशगुना।

२० सुवर्ण—१ सुवर्णको बीसगुना।

३० सुवर्ण—१ सुवर्णको तीसगुना।

४० सुवर्ण—१ सुवर्णको चालीसगुना।

१०० सुवर्ण—१ सुवर्णको सयगुना ।

पल वा कर्ष—१० रतीको माषाले ३२ माषा (३ तो. २ माषा)।

(२) चाँदीको तोल—

माष—८८ सर्स्यूँ दाना बराबर चाँदी।

१ धरण—१६ माषा वा २० सिमीको गेडा बराबर चाँदी।

२ धरण—१ धरणको दोब्बर चाँदी।

४ धरण—१ धरणको चौबर चाँदी।

८ धरण—१ धरणको आठगुना चाँदी।

१० धरण—१ धरणको दशगुना चाँदी।

२० धरण—१ धरणको बीसगुना चाँदी।

४० धरण—१ धरणको चालीसगुना चाँदी।

१०० धरण—१ धरणको सयगुना चाँदी।

(३) अरु वस्तुको तौल—

१ धरण—१० सिमीको गेडा बराबर।

१ पल—१० धरण (१०० सिमीगेडा) बराबर।

आयमानी वा तुला—१०० पल (१०० धरण) बराबर।

भार—२० तुला (२००० धरण) बराबर।

(४) हीराको तौल—

वज्र-धरण—सगला मझौला चामलका दाना २० बराबर।

२२. (ख) मानवर्ग वस्तुको मान—

द्रोण—

(क) आयमानी द्रोण—२०० पल माष अटाउने भाँडा भरिको।

(ख) व्यावहारिक द्रोण—१८७॥ पल अटाउने भाँडां भरिको ।
(ग) भाजनी द्रोण—१७५ पल अटाउने भाँडा भरिको ।
(घ) अन्तःपुरभाजनी द्रोण—१६२ पल अटाउने भाँडा भरिको ।

आढक—द्रोणको चतुर्थांश ।

प्रस्थ—आढकको चतुर्थांश ।

कुडुव—प्रस्थको चतुर्थांश ।

खारी—१६ द्रोण ।

कुम्भ—२० द्रोण ।

वह—१० कुम्भ (२०० द्रोण) ।

वारक—८४ कुडव—घ्यूतेल अटाउने भाँडा ।

घटिका—वारकको चतुर्थांश अटाउने घैंटी ।

२२. (ग) मानवर्ग तुलामान—

तुला—तराजू । ५ पलदेखि १।१ पल बढी १० पलसंम फलामको ६ अङ्गुलदेखि ८।८ अङ्गुल बढी लामा १० थरी ।

शिक्य—सीक ।

तुलाविशेष—

समवृत्ता—३५ पल फलामले बनाएको ७२ अङ्गुल लामो ।
परिमाणी—७० पल फलामले बनाएको ९६ अङ्गुल लामो ।
आयमानी—१०० पल फलामले बनाएको ७२ अङ्गुल लामो ।
व्यावहारिकी—९५ पल फलामले बनाएको ।
भाजनी—९० पल फलामले बनाएको ६० अङ्गुल लामो ।
अन्तःपुरभाजनी—८५ पल फलामले बनाएको ५४ अङ्गुल लामो ।
काष्ठतुला—काठको बनेको ८ हात लामो ।

२२. (घ) मानवर्ग कालमान—

तुट—१ निमेषको चौथाइ भाग ।

लव—२ तुट, निमेषको आधा भाग ।

निमेष—२ लव ।

काष्ठा—५ निमेष ।

कला—३० काष्ठा (१५० निमेष) ।

नाडिका—४० कला (६००० निमेष) किंवा ४ माषा सुनको ४ अङ्गुल लामो तारले छेडेको घडा १ आढक पानीमा डुब्ने समय ।

मुहूर्त—२ नाडिका।

दिन र रात—१५ मुहूर्त चैत्र र आश्विन महिनामा हुन्छन्। त्यसपछि छ महिनामा ३ मुहूर्त दिन वा रात यौटा घट्ने आर्को बढ्ने हुन्छ।

पक्ष—१५ अहोरात्र। चन्द्रमाको कला बढ्दै जाने शुक्लपक्ष, घट्तै जाने कृष्णपक्ष हुन्छ।

मास—२ पक्ष। कामकाजको महिना ३० दिन, सौर महिना ३०॥ दिनको, चान्द्र महिना २९॥ दिनको, नाक्षत्र महिना २७ दिनको, मलमास ३२ दिनको, घोडाको काममा ३५ दिनको, हात्तीको काममा ४० दिनको महिना हुन्छ।

ऋतु—२ महिनाको। श्रावण र भाद्र वर्षा, आश्विन र कार्त्तिक शरद्, मार्ग र पौष हेमन्त, माघ र फाल्गुन शिशिर, चैत्र र वैशाख वसन्त, ज्येष्ठ र आषाढ ग्रीष्म ऋतु हुन्छ।

अयन—शिशिर-वसन्त-ग्रीष्म उत्तरायण, वर्षा-शरद्-हेमन्त दक्षिणायन।

संवत्सर—२ अयन–उत्तरायण दक्षिणायन।

युग—५ संवत्सर।

अधिकमास—सूर्यले प्रतिदिन दिनको साठीयौं भाग हर्दैजाँदा ६० अहोरात्र(१ ऋतु)मा १ दिन बढेर २॥ वर्षमा १५ दिन बढ्ने, यस्तै चन्द्रमाले प्रतिदिनको साठियौं भाग कम गर्दैजाँदा ६० अहोरात्रमा १ दिन बढेर २॥ वर्षमा १५ दिन कम हुन्छ। यसबाट २॥ वर्षमा माघ आदि ३० महिना बित्ता प्रथम अधिमास, ५ वर्षमा श्रावण आदिमा दोस्रो अधिमास सूर्य-चन्द्रबाट हुन्छ।

अरूपवेला—अनुहार नदेखिने वेला।

व्युष्ट—राज्याभिषेकदेखि उठेको वर्ष-मास-पक्ष-दिन।

२२. (ङ) मानवर्ग देशमान—

विप्रुट्—८ परमाणु।

लिक्षा—८ विप्रुट।

यूका—८ लिक्षा।

यव—८ यूका।

अङ्गुल—माझिऔंलाका माझको आँख्ला बराबर।

धनुर्ग्रह—४ अङ्गुल।

धनुर्मुष्टि—८ अङ्गुल ।
वितस्ति, शङ्कु—१२ अङ्गुल ।
शम, शल, परिश्य, पद—१४ अङ्गुल ।
अरत्ति, हस्त—२ वितस्ति, (२४) अङ्गुल) ।
व्याम, रज्जु, खातपौरुष—८४ अङ्गुल (३॥ हात) ।
दण्ड—४ अरत्ति (४ हात) ।
धनु—१०८ अङ्गुल (४॥ हात) ।
रज्जु—१० दण्ड (४० हात) ।
परिदेश—२ रज्जु (८० हात) ।
निवर्तन—३ रज्जु (१२० हात) ।
बाहु—३२ दण्ड (१२८० हात) लामो ३० दण्ड (१२०० हात)चौडा ।
गोरुत—२००० धनु (१२००० हात) ।
योजन—४ गोरुत (४८००० हात) ।
किष्कु—३ पाइला ।
अन्तरिका—१ हात ८ अङ्गुल ।

२३. सिक्कावर्ग—

(१) **हिरण्य**—सरकारी छापको निस्सा लागेको नगद द्रव्य ।
सुनको सिक्का (असर्फी) वा चाँदीको सिक्का (रुपियाँ) ।

(२) **रूप्यरूप**—चाँदीको सिक्का ।

पण—५ रत्तीको माषाले ४ माषा तामा, १ माषा फलाम वा राङ वा सीसा वा अंजन (सुरमा) मिसाएको ११ माषा चाँदीको जंमा १६ माषा(१० रतिको माषाले ८ माषा)को सिक्का (रुपियाँ) ।

अर्धपण—पणको आधा (अठन्नी) ।
पादपण—पणको चौथाइ (चौअन्नी) ।
अष्टमांशपण—पणको अष्टमांश (दुअन्नी) ।

(३) **ताम्ररूप**—तामाको सिक्का ।

माषक—चाँदीको सिक्काको चौथाइ सरहको ।

तामा ११ भाग, चाँदी ४ भाग, फलाम राङ सीसा अञ्जन मध्ये एक १ भाग मिसाई बनाएको माषका गेडा १६ बराबरको ।

अर्धमाषक—माषकको आधा बराबर ।

काकणी—माषकको चौथाइ बराबर ।

अर्धकाकणी—माषकको आठौं भाग बराबर ।

(४) **कूटरूप**—नकली (खोटो) सिक्का ।

कूटरूपकारक—नकली सिक्का बनाउने ।

रूपदर्शक—सिक्का ठीक-बेठीक जाँच्ने जाँचकी ।

अक्षशाला—सिक्का ढाल्ने टकसार-भवन ।

अक्षशालाध्यक्ष—टकसारको प्रधान अधिकारी ।

लक्षणाध्यक्ष—पण-माषक आदि सिक्का-ढकहरू बनाउने विभागको अध्यक्ष ।

प्रतिमान—फलाम वा साऱ्हो पत्थरको बनाएको तौल गर्ने ढक ।

तुलाभाण्ड—तराजू ।

प्रतिमानभाण्ड—ढक हाल्ने भाँडा ।

पौतव—नाप-तौलको काम ।

पौतवाध्यक्ष—नाप-तौलको ढक-तराजूहरूको रेख-देख गर्ने नियुक्त प्रमुख अधिकारी ।

२४. प्रकृतिसम्पद्वर्ग—

प्रकृति—राज्यरूप शरीरका अङ्गहरू यी सात छन् :—

१. **स्वामी**—राज्यका सर्वप्रमुख अधिपति राजा ।

२. **अमात्य**—स्वामी-राजालाई सहायता दिने मन्त्री-सचिवहरू ।

(क) **धीसचिव**—बुद्धिद्वारा मन्त्रणा-विवेक-विचारमा सहायता दिने मन्त्रीहरू ।

(ख) **कर्मसचिव**—कामद्वारा राज-कार्यमा सहायता दिने सचिवहरू ।

३. **जनपद**—राष्ट्र, देश ।

४. **दुर्ग**—किल्ला ।

५. **कोश**—ऐश्वर्य, ढुकुटी ।

६. **दण्ड**—फौज, सेना ।

७. **मित्र**—सुहृद्, सहायता दिने ।

१. **स्वामिसम्पद्**—स्वामी-राजामा हुनुपर्ने गुण-गौरव-महत्त्व ।

(क) **आभिगामिक गुण**—स्वाभाविक गुण—

कुलीन, भाग्य-बुद्धि-धैर्य हुनु, बूढापाकालाई मान्नु,

धार्मिक हुनु, सत्य बोल्ने, बोलेको फरक नपार्ने, कृतज्ञ हुनु, ठूलो उमेद ठुलो उत्साह हुनु, झुंसो नहुनु, सामन्तहरू तह लाउने दृढ बुद्धि हुनु, सभासद्‌हरू क्षुद्र नहुनु, विजय चाहनु ।

(ख) प्रज्ञागुण—बुद्धिका गुण—

असल कुरा सुन्न चाहनु, सुन्नु, बुझ्नु, मनमा लिइराख्नु, विवेक ज्ञान हुनु, तर्कवितर्क गर्नु, असल कुरा पक्का गर्नु ।

(ग) उत्साहगुण—उमेदबाट हुने गुण—

शूरता, अर्काले गरेका अपकारहरू सहन नशक्नु, काममा छीटो हुनु, सबै विषयमा सिपालु हुनु ।

(घ) आत्मसम्पद्—

बोलक्कड, धृष्ठ, अगिको कुरा संझने, पछिको कुरा देख्ने, उदार हृदय, नकामबाट सहजै हट्ने, हात्ती-घोडा-हतियारको विद्यामा सिपालु, शत्रुलाई सङ्कट पर्दा आफ्नो फौज खटाउने, कसैले उपकार अपकार गरेमा राम्रो प्रतिक्रिया गर्ने, अकृत्य गर्न लाज मान्ने, दुर्भिक्ष-सुभिक्षको कुप्रयोग-उपयोग जान्ने, पछिसंम टाढ़ासंम देख्ने, देश-कालअनुसार कार्य मुख्य मान्ने, सन्धि-विरोध-त्याग-सञ्चय-शत्रुको छिद्रान्वेषण गर्न जान्ने, मन्त्रणा गुप्त राख्ने, दुःखी-दरिद्रलाई ठट्टा नगर्ने, कपट-टेढोहेराइ नभएको, काम-क्रोध-लोभ-पक्कपर्नु-चकचक-पीर-छुद्र-पन नभएको, पियारो बोल्ने, मुसुक्क हाँसिर राम्रो बोल्ने, जान्ने वूढापाकाको उपदेशअनुसार चल्ने—हुनु ।

२. अमात्यसम्पद्—अमात्यहरूमा हुनुपर्ने गुण—

स्वदेशमा जन्मेको, कुलीन, आफूलाई र अरुलाई पनि खराब कुराबाट रोक्न शक्ने, अर्थशास्त्र-शिल्प-सङ्गीतहरु जान्ने, तीखो बुद्धि-संझने शक्ति भएको, छीटो काम गर्ने, बोल्न जान्ने, साहसी, प्रभाव भएको, बखतमा दुःख सहन शक्ने, पवित्र आचार-विचार भएको, स्नेही, राजभक्त,

बलियो, नीरोगी, धैर्य भएको, घमण्ड-चञ्चलता नभएको, सौम्य आकार भएको, बिगार नगर्ने हुनु ।

यी सबै गुणले युक्त उत्तम, चौथाइ गुण कम भएका मध्यम, आधा गुण भएका अधम मानिन्छन् ।

३. **जनपद्सम्पद्**—जनपद-देशमा हुनुपर्ने गौरव—

किनारामा र माझमा दुर्ग-किल्ला भएको स्वदेशकालाई र परदेशबाट आउनेलाई पनि खान-पिन दिन शक्ने अन्न आदिले सम्पन्न, सङ्कट पर्नआएमा बचाउ हुने, सबैको जीविका निर्वाहु हुने, शत्रु-सामन्त-हरूलाई दबाउन शक्ने मानिस भएको, धाप-पत्थर-उषर-उबड-खाबड-काढे झाडी-हिंसक जन्तु-चोर-डाँकुहरू नभएको, मनोहर, खेतीको जमीन, द्रव्यवन-हात्ति-वन-गौचरहरू भएको, मानिसलाई हित हुने, दोपाया चौपाया प्रशस्त भएको, आकाशे टारमात्र नभएको, जलमार्ग स्थलमार्ग दुवै भएको, अनेक असल पण्यवस्तुले बजार भरिएको, दण्ड र राज-कर तिर्नशक्ने, खेतीगर्नेहरू परिश्रमी भएको, बुद्धिमान् मानिस भएको, तल्लो खालका मानिस धेरै भएको, प्रजाहरू राजा र देशका भक्त इमानदार भएको—हुनु ।

४. **दुर्गसम्पद्**—किल्लामा हुनुपर्ने गौरव—

जनपदको किनारामा चारैपट्टि बनाइने दुर्गवरि नदी-पहाड-मरुभूमि-जङ्गलले घेरिएर सहजै पस्न नशकिने, बिचमा स्थानीय-बस्ने सबै सामानहरूले भरपूर सहर, त्यसको चारैतिर बन्द खोल्न हुने ठूला ढोकाबाट ओर्लेर बाहिर आउनुपर्ने, त्यसबाहिर ठूलो फराकिलो ढिस्कामाथि ठूलो पर्खालले घेरिएको, पर्खालमाथि ठाउँ-ठाउँ बुर्जा-अटाली आदि भएको, पर्खालबाहिर तीन तह परेका पानी भरिएका खाइले घेरेको, खाइभन्दा बाहिरपट्टिको जमीन ठाउँ-ठाउँमा शत्रुलाई धोका दिने-अस्त्र-शस्त्रहरू राखेको भएर शत्रुले आक्रमण गर्न नशकिने अगम दुर्भेद्य गरी बनेको ।

५. **कोशसम्पद्**—धन-सम्पत्तिको ढुकुटीमा हुनुपर्ने महत्त्व—

पुरुखाहरूले वा आफैले धर्मपूर्वक आर्जन गरी राखेको सुन-चाँदी धेरैजसो भएको, थरीथरी बहुमूल्य-रत्न-नगद-सिक्काहरू प्रशस्त भएको हुनु ।

६. **दण्डसम्पद्**—फौजमा हुनुपर्ने महत्त्व—

बाबु-बराज्यूका पालादेखिको, सदै स्थायी भएर रहने, राजाको

वशमा रहने, जहान-छोरा-छोरीहरू समेत पालिएर प्रसन्न रहीरहने, परदेश जान पनि तयार, कहीं पनि नरोकिने, दुःख खप्न शक्ने, धेरै युद्ध गरेको, सबै तरहका युद्ध र अस्त्र-शस्त्रहरू चलाउन कुशल, स्वामीको संगसंगै वृद्धि वा क्षय मान्ने भई कहिल्यै नडग्ने क्षत्रियजाति धेरै भएको हुनु।

७. **मित्रसम्पद्**—मित्रमा हुनुपर्ने सद्गुण —

बाबु-बराज्यका पालादेखि मित्रता भएको, कहिलै नडग्ने स्थिर, आफूले भनेको मान्ने, प्रभु-मन्त्र-उत्साह तीनै शक्तिले सम्पन्न, मौकामा छीटो सहायता दिन उठ्ने हुनु।

८. **अमित्रसम्पद्**—शत्रुमा हुनुपर्ने दुर्गुण—

राजघराना नभएको, लोभी, सभासद्हरू पनि क्षुद्र छोटो प्रकृतिका भएको, अमात्य आदि प्रकृतिवर्ग विरक्त–प्रेम नगर्ने भएको, अन्यायी-व्यसनी उत्साहरहित, भाग्यको भरोसा गर्ने, विवेक नगरी मनपर्दो गर्ने, आड-सहाय नभएको, धैर्य नभएको, आफन्त र पगह सबैको विगार गर्ने हुनु। यस्तो दुर्गुण भएको शत्रु सहजै उखेलिने हुन्छ।

२५. (क) अधिकारिवर्ग—

राष्ट्रका १८ तीर्थ—मुख्य पुरुषहरू—

१. **मन्त्री**—राजालाई बौद्धिक सहायता दिने प्रधान अमात्य।
२. **पुरोहित**—राजालाई दैवी बल दिने शान्ति-स्वस्तिको कर्म गर्ने।
३. **सेनापति**—सेनाविभागको बन्दोवस्त-देखरेख गर्ने प्रधान अधिकारी।
४. **युवराज**—राजाका उत्तराधिकारी।
५. **दौवारिक**—राजद्वारको रक्षा-निरीक्षण गर्ने प्रधान अधिकारी।
६. **अन्तर्वंशिक**—अन्तःपुरको हेरचाह गर्ने विश्वासी मुख्य अधिकारी।
७. **प्रशास्ता**—छाउनीको रक्षा गर्ने प्रधान अधिकारी।
८. **समाहर्ता**—राजकर आदि राजस्व तहसील गर्ने-गराउने प्रमुख अधिकारी।
९. **सन्निधाता**—सरकारी आय ढुकुटीदाखिल गरी रक्षा-निरीक्षण गर्ने प्रधान अधिकारी।
१०. **प्रदेष्टा**—दुष्ट-बदमासहरूको विचार गरी तिनलाई तह लाउने फौजदारीको कण्टकशोधन विभागको प्रधान अधिकारी।

११. **नायक**—१०००/२००० पैदल सेनाको नेता ।

१२. **पौरव्यावहारिक**—सहरको हेरचाह गरी बन्दोबस्त गर्ने मुख्य निरीक्षक ।

१३. **कार्मान्तिक**—खानि आदि कारखानाको प्रबन्ध मिलाई निरीक्षण गर्ने प्रमुख अधिकारी ।

१४. **मन्त्रिपरिषद्का अध्यक्ष**—कामअनुसार चाहिने १२।१६।२० जना मन्त्रीका सभाका प्रधान अधिकारी ।

१५. **दण्डपाल**— सेना र सेनामुखहरूका नेता ।

१६. **दुर्गपाल**—किल्लाको रक्षा गर्ने प्रधान अधिकारी ।

१७. **अन्तपाल**—राज्यका सीमान्तको रक्षक प्रधान अधिकारी ।

१८. **आटविक**—जङ्गलीप्रदेशका दलहरूको प्रमुख नेता ।

२५. (ख) अधिकारिवर्ग —

प्रमुख अध्यक्षवर्ग—

समाहर्ता—सम्पूर्ण जनपदको हेरचाह गरी सरकारी भाग बलि कर नदीतर खानि व्यापार गोठ वन आदि सबै आयद्वारबाट आउने सरकारी आमदानीहरू असुल-तहसील गर्ने-गराउने प्रधान अधिकारी ।

सन्निधाता—कोशगृह पण्यगृह कुप्यगृह कोष्ठागार आयुधागार बन्धनागारहरू बनाउन लगाई सरकारी आय भएको नगद जिनिसहरू त्यो त्यो विभागमा दाखिल गराई हेरचाह गर्ने, सबै रकमको जंमाजंमी आय-व्यय-चौकिहरू तुरन्त बनाउन सक्ने प्रधान अधिकारी ।

प्रशास्ता—छाउनीको बन्दोबस्त निरीक्षण रक्षाहरू गर्ने प्रधान अधिकारी ।

प्रदेष्टा—दुष्टबदमासहरूमा निगरानी राखी कण्टकशोधन-दुष्टदमन गर्ने फौजदारी विभागको प्रधान अधिकारी ।

धर्मस्थ—देवानी मुद्दाहरूको निर्णय गरी धर्मस्थापन गर्ने न्यायाधीश ।

पौरव्यावहारिक—सहरको हेरचाह गरी नगरवासीहरूको व्यवहार मिलाइदिने प्रमुख नागरिक अधिकारी ।

कार्मान्तिक—खानिआदि सम्बन्धी कारखानाहरूको देखरेख बन्दोबस्त गर्ने प्रमुख अधिकारी ।

दण्डपाल—सेना र सेनामुखहरूको प्रमुख नेता ।

अन्तपाल—राज्य-सीमानाका चौकीहरूको प्रमुख निरीक्षक अधिकारी ।

दुर्गपाल—किल्लाहरूको रक्षा प्रबन्ध गर्ने प्रमुख अधिकारी ।

विवीताध्यक्ष—वनजर गौचर प्रदेशको रेख-देख गर्दै जनपदमा आउनेहरूलाई छाप निस्साहरू जाँचेर यातायात गर्न दिने अधिकारी।

अक्षपटलाध्यक्ष—राज्यसम्बन्धी आय-व्ययको हरहिसाब बहीखाता तयार गराई जाँच्ने प्रमुख अधिकारी।

कोशाध्यक्ष—राज-ढुकुटीको रक्षा गर्ने अध्यक्ष।

आकराध्यक्ष—खानिविभागको प्रबन्ध रेखदेख गर्ने प्रमुख अधिकारी।

अक्षशालाध्यक्ष—सरकारी सिक्काहरू बन्ने टकसारको प्रमुख अधिकारी।

पौतवाध्यक्ष—सरकारी नियमानुसार माना पाथी तलाजू ढक आदिको निर्माण गराउने र व्यावहारिक नाप-तौलहरूमा देखरेख गर्ने अधिकारी।

सुवर्णाध्यक्ष—सुन-चाँदीका कामका विभागको प्रमुख अध्यक्ष।

सौवर्णिक—सुन-चाँदीका गहना-मालहरू बनाउनलाउने मुख्य नेता।

पण्याध्यक्ष—सरकारी विक्रीविभागका वस्तुहरूको रक्षा र प्रबन्ध गर्ने अध्यक्ष।

संस्थाध्यक्ष—बजारको रेखदेख गरी महशूल-करहरू उठाउने मुख्य अधिकारी।

आयुधागाराध्यक्ष—सरकारी अस्त्र-शस्त्रहरू रहने भवनको देखरेख प्रबन्ध गर्ने प्रमुख अधिकारी।

कोष्ठागाराध्यक्ष—सरकारी अन्नआदि रहने गोदाम घरको देखरेख प्रबन्ध गर्ने मुख्य अधिकारी।

कुप्याध्यक्ष—सरकारी जिन्सिसामानहरू रहने जिन्सी भण्डारको देखरेख प्रबन्ध गर्ने मुख्य अधिकारी।

देवताध्यक्ष—राष्ट्रका किल्लाका देवताहरूको धनसम्पत्तिको रक्षा र पूजा यात्रा उत्सवहरूको प्रबन्ध गर्ने।

शुल्काध्यक्ष—शुल्क उठाउने ठाउँहरूको देखरेख गर्दै ठाउँठाउँबाट लिनुपर्ने सरकारी भन्सार-शुल्कहरू असुल गर्ने-गराउने प्रमुख अधिकारी।

नावध्यक्ष—नाउ-डुङ्गाहरूको सञ्चालन व्यवस्था गर्दै नाउहरूबाट तरी रकम आउने सरकारी महशूलहरू उठाउने अधिकारी।

लवणाध्यक्ष—नून बनाउने खरीद-विक्री गर्ने विषयको विभागाध्यक्ष।

सीताध्यक्ष—खेती विभागको रेखदेख प्रबन्ध गर्ने प्रमुख अधिकारी।

सूत्राध्यक्ष—धागो कात्ने-बुन्ने आदि विभागको अध्यक्ष।

सुराध्यक्ष—मद्यविषयको निरीक्षण प्रबन्ध गर्ने मुख्य अधिकारी।

सूनाध्यक्ष—पशुवध हुने ठाउँको देखरेख गर्ने अधिकारी।

गणिकाध्यक्ष—वेश्यासम्बन्धी विषयको रेखदेख प्रबन्ध गर्ने अधिकारी।

द्यूताध्यक्ष—जूवा खेल्ने-खेलाउने ठाउँको रेखदेख प्रबन्ध गर्ने अधिकारी।

मुद्राध्यक्ष—सरकारी छाप निस्सा दिने विभागको मुख्य अधिकारी।

गोध्यक्ष—गोरू गाई राङा भैंसी भेड़ा बाखा आदिका विभागको देखरेख प्रबन्ध गर्ने प्रमुख अधिकारी।

सेनातर्फका—

सेनापति—सेनाविभागको प्रबन्ध निरीक्षण अनुशासन गर्ने प्रमुख अधिकारी।

नायक—१।२ हजार पैदल सैनिकको नेता।

हस्त्यध्यक्ष—हात्तीहरूको देखरेख प्रबन्ध गर्ने विभागको प्रमुख अधिकारी।

अश्वाध्यक्ष—घोड़ाहरूको देखरेख प्रबन्ध गर्ने विभागको प्रमुख अधिकारी।

रथाध्यक्ष—रथविभागको प्रमुख अधिकारी।

पत्त्यध्यक्ष—पैदल सैनिकहरूको प्रमुख अधिकारी।

२५. (ग) अधिकारिवर्ग—

मन्त्री—सर्वगुणसम्पन्न धीसचिव प्रधानमन्त्री।

अमात्य—चाहिने गुणले सम्पन्न कार्यसचिव।

अधिकरण—अड्डा।

युक्त—नियुक्त भएको प्रधान अधिकारी।

उपयुक्त—नियुक्त भएको प्रधानको सहकारी।

तत्पुरुष—प्रधानको अधीन-मनिको कर्मचारी।

अध्यक्ष—विभागीय प्रधान अधिकारी।

उत्तराध्यक्ष—प्रधानमनिको अध्यक्ष।
हस्त्यारोह, अश्वारोह, रथारोहहरू बूढ़ो भएर युद्धको काममा असमर्थ भएपछि उत्तराध्यक्ष बनाइन्छन्।

महामात्र—प्रधान अधिकारी पुरुष वा हात्तीविभागको प्रमुख माहुते।

गणक, संख्यायक—हिसाब गर्ने।

लेखक—लेख्ने।

निबन्धक—बहीखातामा चढ़ाउने।

प्रतिग्राहक—मालहरू बुझिलिने।

विधायक—ढुकुटी-भँडारहरूमा राख्ने—तहबीलदार, भँडारे।

दायक—दिने बुझाउने।

दायक—दिलाउने, उठाउने, जिम्मावाल ।
मन्त्रक—सल्लाह दिने ।
वैयावृत्यकर—काममा सहायता दिने ।
कर्मकर—कामदार ।
रूपदर्शक—मालहरू जाच्ने ।
शोधक—झाड़-बहार गर्ने ।
पालक—पाले ।
रक्षक—पहरा दिने ।
आस्तरक—बिछाउनाहरू लाउने ।

२६. चरवर्ग—

चर, गूढ़पुरुष—गुप्तचर, चेवा ।
चर-संस्था—गुप्तचर-विभाग ।
अपसर्प—चेवा गर्नु ।
चर-संस्थाध्यक्ष—चरविभागको प्रमुख अधिकारी ।
सत्र—गुप्तचरहरू रहने मठजस्तो ।
तापस—चरहरूलाई संचालन गर्ने, सत्रको प्रधान, मठाधीश जस्तो ।
सत्री—तापसको अधीनमा रही सर्बैतिर घुमफिर गरी खबर ल्याउने, नाना शास्त्र पढ्ने छात्रको रूपमा रहेका, चलाक गुप्तचरहरू ।
कापटिक—चलाक धृष्ट छात्र जस्तो बनेको चर ।
उद्यास्थित—चलाक संन्यासी जस्तो बनेको चर ।
गृहपति—चलाक गृहस्थ जस्तो बनेको चर ।
वैदेहक—चलाक बनियाँ जस्तो बनेको चर ।
कर्षक—चलाक खेती गर्ने जस्तो बनेको चर ।
मुण्ड—चलाक मुडुलो जस्तो बनेको चर ।
जटिल—चलाक लट्टे जस्तो बनेको चर ।
भिक्षुकी—चलाक जोगिनी जस्ती बनेकी चर ।
परिव्राजिका—चलाक संन्यासिनी जस्ती बनेकी चर ।
तीक्ष्ण—गुप्त वध गर्ने निडर लड्नभिड्न शक्ने शूरो उग्र चर ।
रसद—गुप्त विषप्रयोग गर्ने, कसैको माया नगर्ने उग्र चर ।

विभिन्न रूपका चर—

सूद—भान्से बनेको चर ।
अरालिक—खानेकुरा बनाउने रूपमा रहेको चर ।

स्नापक—स्नान गराउने रूपमा रहेको चर।
संवाहक—मसाज गर्ने रूपमा रहेको चर।
आस्तरक—बिछाउना लाउने रूपमा रहेको चर।
प्रसाधक—शृङ्गार गराउने रूपमा रहेको चर।
कल्पक—हजाम रूपमा रहेको चर।
उदकपरिचारक—पानी बोक्ने रूपमा रहेको चर।
कुब्ज—कूँजो रूपमा रहेको चर।
वामन—बाउन्ने रूपमा रहेको चर।
किरात—किराती रूपमा रहेको चर।
मूक—लाटो रूपमा रहेको चर।
बधिर—बहिरो रूपमा रहेको चर।
वाग्जीवन—पुरानो कुरा गर्ने रूपमा रहेको चर।
कुशीलव—खेलाड़ी रूपमा रहेको चर।
नट—नटुवा रूपमा रहेको चर।
नर्तक—नाच्ने रूपमा रहेको चर।
चारण—आङ्नचाउने रूपमा रहेको चर।
गायन—गाउने रूपमा रहेको चर।
वादक—बजाउने रूपमा रहेको चर।

दूतवर्ग—
दूत—प्रकाश भएर सन्देशहरू ओहोर दोहोर गर्ने राजपुरुष।
निसृष्टार्थ—अमात्यको जस्तो गुण भएको देश-काल·विषयअनुसारको।

२७. व्यवहारवर्ग—

व्यवहार—मुद्दा।
कलहविवाद—झगड़ा।
विवादपद—झगड़ाको विषय।
धर्मस्थ—मुद्दाको निर्णय गर्ने न्यायाधीश।

मुद्दाका विभेद—
(देवानी)
१. **विवाहसंयुक्त**—विवाह र स्त्रीपुरुषको नियमसन्बन्धी।
२. **दायविभाग**—अंशबण्डासम्बन्धी।
३. **वास्तुक**—घरघडेरी-बारी-जगासम्बन्धी।
४. **समयानपाकर्म**—रीतिस्थिति पालन नगरेको विषयको।

५. **ऋणादान**—ऋण लिनेदिनेसम्बन्धी।
६. **औपनिधिक**—नासो धरोट विषयको।
७. **दासकर्मकरकल्प**—मालिक र नोकरचाकरसम्बन्धी।
८. **सम्भूयसमुत्थान**—धेरै जना मिलेर गरेको कामसम्बन्धी।
९. **क्रीतविक्रीतानुशय**—किने बेचेको बदर गर्न हुने नहुने विषयको।
१०. **दत्तानपाकर्म**—दिन कबोल गरी नदिएको विषयको।
११. **अस्वामिविक्रय**—हक नहुनेले विक्री गरेको विषयको।
१२. **स्वस्वामिसम्बन्ध**—मालिकको हक हुने नहुने विषयको।

(फौजदारी)

१३. **साहस**—चोरी डाँका जबर्दस्ती।
१४. **वाक्पारुष्य**—गाली-गोफ्ता हप्की-दप्की।
१५. **दण्डपारुष्य**—कूट पीट बध।
१६. **कन्याप्रकर्म**—कन्यामा बलात्कार।
१७. **द्यूतसमाह्वय**—जूवा र बाजी थप्नु।
१८. **अतिचार**—अनाचार।

अभियोग—बात लाउनु, मुद्दा लाउनु।
अभियोक्ता—बात लाउने, मुद्दा लाउने।
अभियुक्त—बात लाइएको, मुद्दा लागेको।
प्रत्यभियोग—आफूलाई बात लाउनेउपर उल्टो बात लाउनु।
अर्थी—यसो गरिपाऊँ भन्ने वादी।
प्रत्यर्थी—वादीउपर जवाफ दिने प्रतिवादी।
सम्प्रतिपत्ति—मंजूर गर्नु।
प्रतिभू—जमानी।
प्रातिभाव्य—जमानी दिनु।
स्त्रीधन—स्त्रीको हक हुने दाइजो पेवा।
शुल्क—विवाहका निमित्त माइतीलाई दिइने धन।
परिवाप, परिच्छद—ज्यथा सामान।
साक्षी—साक्षी
कूटसाक्षी—झूटा साक्षी।
दाय—अंश भाग।

दायाद—अंशियार ।
प्राप्तव्यवहार—उमेर पुगेको, बालिग ।
अप्राप्तव्यवहार—उमेर नपुगेको, नाबालिग ।
सन्निविष्ट—घरबार गरेको, विवाहित ।
असंन्निविष्ट—घरबार नगरेको, अविवाहित ।
संस्कृत—संस्कार गरिएको, कर्म चलेको ।
असंस्कृत—संस्कार नगरिएको, कर्म नचलेको ।
निष्क्रय—निखन्ने द्रव्य ।
ग्रासाच्छादन—खानलाउन ।
सोदर्य—सहोदर एकै मुँड़िको ।
समुत्थानव्यय—उठ्ने खर्च ।
जय—जीत ।
पराजय—हार ।
न्याय—निसाप ।
अन्याय—बेनिसाप ।
धारणक—असामी ।
उपनिधि—नासो ।
निक्षेप—धरोट ।
स्वपक्ष—आफ्नो पक्ष ।
परपक्ष—अर्काको पक्ष ।
अनुयोग—सोधपूछ, बन्दसवाल ।
शपथ—किरिया हाल्नु ।
रूप, लोत्र—दसी ।
रूपदर्शक—माल जाच्ने ।
जैवेशिक—पुरुषको विवाहखर्च ।
प्रादानिक—स्त्रीको विवाहखर्च ।
अधिवेदन—सौताहाल्नु ।
विभक्त—छुट्टिएको ।
अविभक्त—नछुट्टिएको ।
संसृष्ट—छुट्टिएको पनि फेरि मिसिएको ।
ज्येष्ठांश—जेठाक ।
कितव—जूवारी ।
कूटदेवी—कपट गरेर खेल्ने ।

अत्यय, दण्ड—जरिवाना, दण्ड ।
याचितक—मगनीको ।
आधि—धीतो ।
आदित—धीतो राखिएको ।
उपह्वर—एकान्त ।
अन्तरगार—घरभित्र ।
अधिकरण—अड्डा ।
उपधि—छल, कपट ।
चारक—खोर
भर्मण्या—घरमा खानपिन दिने काममा लगाइएकी स्त्री ।
आधिवेदनिक—सौता हाल्दाखेरि स्त्रीलाई दिएको धन, उत्कोच, लञ्च, घूस ।
अन्वाधि—स्त्रीधनको जिंमा लिई रक्षा गर्ने पुरुष ।
धर्मविवाह—धर्मपूर्वकको विवाह ।
अदायाद—अंशियार नभएको ।
परिवाप, परिच्छद—ज्यथा, उपकरण, सामान ।
अनन्तरापुत्र—एक तहमनिको छोरो ।
पूर्व-प्रथमसाहस—२५० पण ।
मध्यमसाहस—५०० पण ।
उत्तमसाहस—१००० पण ।
उपनिपात—राजा-चोर-आगो-पानीबाट भएको बाधा ।
अनुशय—पछितो मान्नु ।
नाष्टिक—हराएको वस्तु वा हराउने मानिस ।
स्वकरण—आफ्नो प्रमाण ।

२८. कण्टकशोधनीयवर्ग—(फौजदारी)

कण्टकशोधन—काढाझैं प्रजालाई पीड़ा दिने दुष्टहरूलाई दमन गर्नु ।
प्रदेष्टा—कण्टकशोधन गर्ने प्रमुख अधिकारी (फौजदारी विभागाध्यक्ष ।)
चोररज्जुक—चोर पक्रन नियुक्त डोरी लिएर हिंड्ने ।
नागरिक—नगरको रक्षा गर्ने पुलिस ।
ग्रामकूट—गाउँको मुखिया ।
सन्धिच्छेद—भित्ता फोर्नु ।
ग्रन्थिभेद—गाँठो फुकाउनु, बगली मार्नु ।

संचनन—मोहनी टुना लाउनु ।
कन्याप्रकर्म—कन्यालाई बलात्कार गर्नु ।
तुलामानान्तर—नाप तौल फरक पार्नु ।
विमांसविक्रय—अभक्ष्य मासु वेच्नु ।
कूटशासन—जाली लेखोट ।
कूटमुद्रा—जाली छाप निस्सा ।
शङ्काभिग्रह—शङ्काले पक्रनु ।
रूपाभिग्रह—दसीले पक्रनु ।
कर्माभिग्रह—कामले पक्रनु ।
समुद्गपरिवर्तिम—मालको वाकस पेटी वदल्नु ।
कालातिपातन—म्याद नघाउनु ।
निष्पातन—भगाउनु ।
मिथ्याभिशंसन—झुट्टा वात लाउनु ।
दण्डापचार—वेहिसाबसँग दण्ड गर्नु ।
अतिचार—अत्याचार, अनाचार गर्नु ।
हतोद्बद्ध—मारेर झुण्ड्याएको ।
कुलनीवीग्राहक—कुलको ज्यथा जिंमा लिने ।
चारक—थुन्ने खोर ।
बन्धनागार—झ्यालखान ।
अभिसारक—स्त्रीजनलाई उड़ाउने ।
संरुद्धिका—थुनिएकी स्त्री ।
आशुमृतक—अकस्मात् मरेको लास ।
उद्बन्धनहत—झुन्डाएर मारेको ।
अवरोपित—छुरी धसिएको ।
अवक्षिप्त—खसालिएको ।
मदनयोगहत—लठ्याएर मारिएको ।
अभिशस्त—अपराधमा पोलिएको ।
उपरिनिबन्ध—दुइ हात पछिल्तिर ठाड़ो पारी वाँध्नु ।
वृश्चिकबन्ध—वाँयाँ घुँड़ा र हात जोरेर वाँध्नु ।
उद्यम्बन—दुइ हात वाँधेर लट्काउनु ।
कशाघात—कोर्रा लाउनु ।
कुम्भीपाक—आगोमा पिल्स्याउनु ।
संदंशवध—चोर्नी र बुढ़ी औंला काट्नु ।

शुद्धवध—ज्यान मात्र लिनु।
चित्रघात—शास्ति दिएर मार्नु।
केशाकेशिक—लुछाचुडी गर्नु।
शङ्कितक—शङ्का लागेको।
राजगामी—सरकार लाग्ने।

२९. शासनवर्ग—

शासन सरकारी आज्ञा आदि सम्बन्धी लेखोट।

(क) लेखका विषय—

१. **प्रशंसा**—यो काम बेस गऱ्यौ भनि सऱ्हाउनु।
२. **निन्दा**—यो काम नराम्रो गऱ्यौ भनि निन्दा गर्नु।
३. **पृच्छा**—यो कसो हो भनि सोधनी गर्नु।
४. **तथाख्यान**—यो यसो भनि भएको भन्नु।
५. **अर्थना**—यो कुरा चाहियो भनि माग्नु।
६. **प्रत्याख्यान**—यो यसो होइन भनि निषेध गर्नु।
७. **उपालम्भ**—यो काम ठीक भएन भनि गाली गर्नु।
८. **प्रतिषेध**—यसो नगर भनि रोक्नु।
९. **चोदना**—यसो गर भनि प्रेरणा गर्नु।
१०. **सान्त्वन**—संझाउनु फुल्याउनु।
११. **अभ्यवपत्ति**—दुःख परेकोमा सहायता दिनु।
१२. **भर्त्सन**—हप्काउनु।
१३. **अनुनय**—दुःख सङ्कट परेकोमा भरोसा दिनु।

(ख) लेखका विभेद—

१. **प्रज्ञापना**—जनाउ दिने लेख।
२. **आज्ञा**—सरकारी आज्ञाको लेख।
३. **परिदान**—कसैको आदर संमान गर्ने लेख।
४. **परिहार**—कुनै जन वा ठाउँलाई कर आदि केही माफी दिने लेख।
५. **निसृष्टि**—अमुकले गरे-भनेको मैले नै गरे-भनेको हो भन्ने लेख।
६. **प्रावृत्तिक**—दैवी मानुषी विपत्ति आदि विषयको वास्तविक खबर दिने लेख।
७. **प्रतिलेख**—कुनै लेखोटको जवाफ दिने लेख।

८. **सर्वत्रग**—सबै जनता सबै प्रदेश सबै अधिकारीहरूलाई दिएको आज्ञा लेख ।

(ग) लेखमा हुनुपर्ने गुण—

१. **अर्थक्रम**—कुराको सिलसिला मिल्नु ।
२. **सम्बन्ध**—अगाड़िको पछाड़िको कुरा नत्राझिनु ।
३. **परिपूर्णता**—अक्षर-पद-वाक्यहरू घटी बढ़ी नभई चाहिने जति मात्र हुनु ।
४. **माधुर्य**—सहजै अर्थ बुझिने राम्रो शब्द हुनु ।
५. **औदार्य**—ग्राम्य शब्दको प्रयोग नहुनु ।
६. **स्पष्टता**—सबैले बुझ्ने शब्दको प्रयोग हुनु ।

(घ) लेखमा बचाउनुपर्ने दोष—

१. **अकान्ति**—कागत-मसी-अक्षरहरू फोहर नहुनु ।
२. **व्याघात**—पूर्वापरमा विरोध ।
३. **पुनुरुक्त**—उही कुरा शब्द दोहरिनु ।
४. **अपशब्द**—लिङ्ग-वचन-कारक आदिमा अशुद्धि ।
५. **संप्लव**—अक्षर-पद-वाक्यहरू अलग्ग अलग्ग नहुनु ।

३०. निबन्धवर्ग—स्रेस्ताविभागीय वर्ग—

निबन्ध, निबन्धपुस्तक—बहीखाता ।
अक्षपटल—हिसाब जाच्ने लेखा-परीक्षाको अड्डा ।
आय—आमदानी ।
व्यय—खर्च ।
संस्थान—सरकारी आयको लगत ।
शरीरावस्थापन—आय-व्ययको रूप खड़ा गर्नू ।
समुदय—जंमा उठती ।
समुदयपिण्ड—प्रत्येक ठाउँ-रकमबाट उठेको जंमाजंमी ।
सञ्जात—सबै रकमबाट उठेको कुल जंमा ।
आयमुख—सरकारी आयका द्वार ।

१. **मूल्य**—अन्न आदि बिक्रीबाट आउने ।
२. **भाग**—अन्न आदिबाट राजाले लिने छैटौं भाग ।
३. **व्याजी**—नाप-तौल पछि कम नहुने गर्ने सयकड़ा ५ बढ़ी लिएको ।
४. **परिघ**—नदीघाटको तराइमा लिने रकम ।

५. **क्लृप्त**—यहाँबाट यति आउने भनि लगत भइरहेको ।
६. **रूपिका**—नून विक्रीमा लिइने सयकड़ा ८ रकम ।

व्ययशरीर—खर्च हुने विषय ।

१. **धार्मिक**—देवपूजा श्राद्ध दान पुण्य अनाथ-रक्षा ।
२. **स्वस्तिवाचन**—शान्ति-स्वस्तिको काम ।
३. **अन्तःपुर** - महारानी-रानी-राजकुमारहरूमा जाने ।
४. **महानस**—राजदरबारको खानापिनासम्बन्धी ।
५. **दूतप्रावर्तिम**—राजदूत पठाउनेसम्बन्धी ।
६. **कोष्ठागार**—भण्डारसम्बन्धी ।
७. **आयुधागार**—शस्त्रहरू रहने भवनसम्बन्धी ।
८. **पण्यगृह**—विक्री हुने वस्तु रहने घरसम्बन्धी ।
९. **कुप्यगृह**—जिन्सी भण्डार-घरसम्बन्धी ।
१०. **कर्मान्त**—खेती आदि कामसम्बन्धी ।
११. **निधि**—बेठी बेगारी मजदूरी कामसम्बन्धी ।
१२. **सैनिक**—हात्ती-घोड़ा-रथ-पैदल सेनासम्बन्धी ।

पुरव्यय—भवनहरू बनाउने खर्च ।

आदान—समय-समयमा मालपोत-नगद-अन्नहरू उठाउनु ।

वेतन—ज्याला मजूरी जागीर ।

वृद्धि—नाफा ।

लाभ—फायदा ।

नीवी—मूल धन वा बचत ।

करणीय—गर्नुपर्ने काम ।

सिद्ध—काम भइसकेको ।

प्रविष्ट—आइसकेको ।

कोशार्पित—ढुकुटी दाखिल ।

आपातवीय—जमामा कटाइने ।

परसंवत्सरानुवृत्त—साबिकबाट सरेको ।

शासनमुक्त—राजाज्ञाले माफी भएको ।

मुखाज्ञप्त— राजाको मौखिक आज्ञा भएको ।

राजहार—कामको निम्ति राजाको बाहुली दाखिल ।

शेष— बक्यौता ।

दण्डशेष—फौजी खर्चको बचत ।

सिद्धिप्रकर्मयोग—उठाउनुपर्ने पोत कर ।

प्रातिभाव्य—ठूलाबड़ाले रोकी राखेको।

अवसृत—नगरको मुख्यपुरुषले नबुझाइराखेको।

स्तम्भ—राजकरहरू नउठनु।

सङ्ग—उठेका राजकरहरू कर्मचारीको पेटमा रहनु।

प्राप्त—ढुकुटीमा पुगिसकेका।

अनुवृत्त—ढुकुटी दाखिल हुने अवस्थामा पुगेको।

हरणोपाय—चोर्ने बाटो।

उत्कोच, लञ्च—घूस।

अवक्रय—भाड़ामा लिनु।

क्रय—किन्नु।

विक्रय—बेच्नु।

उपनिपात—दैवी विपत्ति।

गाणनिक—हिसाब गर्ने।

लेखक—लेख्ने।

कार्मिक—ठूलो कर्मचारी।

कारणिक—अधीनस्थ कर्मचारी।

सूचक—सूचना दिने।

३१. राजमण्डल—१२ थरी राजाको वर्ग—

१. **विजिगीषु**—आत्मगुणपूर्ण, नीतिवेत्ता, उत्साही, प्रभावशाली, विजय चाहने नेता राजा।

२. **शत्रु, अरि**—विजिगीषुको देशसंग जोरिने देशको स्वामी। विजिगीषुको विरोधी।

शत्रुका विभेद—

(क) **सहज**—साथ जोरिएको हुँदा स्वभावैले विरोधी बन्ने राजा र, आफ्नो समान कुलको अँसियार भैयाद आदि।

(ख) **कृत्रिम**—आफूले विरोध गरिएको र आफ्नो विरोध गर्ने भई कामबाट बनेको शत्रु।

(ग) **अरिभावी**—सदै बिगार गरी रहने स्थायी शत्रु।

३. **मित्र**—विजिगीषुको देश जोरिएको शत्रु देशभन्दा पल्लो देशको राजा, शत्रुको शत्रु हुनाले विजिगीषुको अनुकूल मित्र हुने।

मित्रका विभेद—

(क) **सहज**—आफ्नो देशसंग एकान्तर दोस्रो देशको राजा आफ्नो अनुकूल हितैषी हुने र आफ्ना आमा-

बाबुका नाताले अनुकूल हुने मामा फुफूका छोराहरू ।

(ख) **कृत्रिम**—धनभूमि आदि लाभको निमित्त आफूले आधार मानिएको वा आफ्नो आधार मान्ने भई अनुकूल सहाय हुने ।

(ग) **मित्रभावी**—कहिलै नडगी सदैं मित्र भइरहने स्थायी मित्र ।

४. **शत्रुको मित्र**—विजिगीषुको देशसंग बिचमा १ अन्तर परेको विजिगीषुको शत्रु देशभन्दा पल्लो देशको आफ्नो मित्रभन्दा पल्लो, शत्रुको एकान्तर हुनाले उसको मित्र बनेको विजिगीषुको विरोधी ।

५. **मित्रको मित्र**—विजिगीषुको देशसंग विचमा २ अन्तर परेको, चौथो देशको राजा, विजिगीषुको एकान्तर मित्रको पनि एकान्तर मित्र हुनाले विजिगीषुको मित्रको मित्र भई अनुकूल हुने ।

६. **शत्रुको मित्रको मित्र**—विजिगीषुको देशसंग बिचमा ३ अन्तर परेको पाँचौ देशको राजा विजिगीषुको शत्रुको एकान्तर मित्रको एकान्तर मित्र हुनाले विजिगीषुको प्रतिकूल हुने ।

७. **पार्ष्णिग्राह**—विजिगीषुको अगाड़िपट्टिको शत्रुमाथि अभियान गरेको मौकामा पछाड़िबाट आक्रमण गर्ने पछाड़िपट्टि देश जोरिएको पृष्ठशत्रु ।

८. **आक्रन्द**—पार्ष्णिग्राहभन्दा पछाड़िको देशको राजा, पार्ष्णिग्राहको शत्रु हुनाले विजिगीषुको अनुकूल मित्र हुने ।

९. **आसार**—आक्रन्दभन्दा पछाड़िको देशको राजा, पार्ष्णिग्राहको एकान्तर मित्र हुनाले विजिगीषुको विरोधी हुने ।

१०. **आक्रन्दासार**—आसारभन्दा पछाड़िको देशको राजा, विजिगीषुको पछाड़िको एकान्तर मित्र आक्रन्दको एकान्तर मित्र हुनाले विजिगीषुको अनुकूल हुने ।

यसरी विजिगीषुको अगाड़ि-अगाड़िका ५, पछाड़ि-पछाड़िका ४ गरी विजिगीषुसमेत १० हुन्छन् ।

विजिगीषुका अगाड़िपट्टिका २ मित्र, पछाड़िपट्टिका २ मित्र भई जंमा ४ मित्र र अगाड़िपट्टिका ३ शत्रु, पछाड़िपट्टिका २ शत्रु भई जंमा ५ शत्रु र आफू समेत १० हुन्छन्—

११. **मध्यम**—विजिगीषु उसको सामुन्नेको शत्रुसंग देश जोरिएको कुनापट्टिको विदिशाको राजा, विजिगीषु र शत्रु दुवै मिलेमा दुवैको भलाइ गर्ने, दुवै फुटेमा दुवैको बिगार गर्न शक्ने, बलियो भई दुवैलाई मिलाउन दबाउन शक्ने ।

१२. **उदासीन**—विजिगीषु शत्रु मध्यम यी सबैदेखि अलग्ग रहेको यी दुवै र मध्यमभन्दा पनि सेनाबल धनबल बढ़ी भएको, यिनीहरू मिलेमा अनुग्रह गर्न र नमिलेमा दबाउन पनि शक्ने, कतैपट्टि पनि नलाग्ने तटस्थ ।

—यी समेत मिलाउँदा जंमा द्वादशराजमण्डल बन्दछ ।

३२. दुर्गवर्ग—

दुर्ग—जनपदको माझ राजधानीमा र राज्यको सीमान्तनेर चारैतिर बनाएको किल्ला ।

विभेद—

दैवकृत—प्रकृतिबाटै बनेको—

१—औदक (पानीको)	(क) अन्तर्द्वीप—वरिपरि पानी बिचमा टापू परेको । (ख) निम्नावरुद्ध—वरिपरि तालहरू भएको ।
२—पार्वत (पहाड़ी)	(क) प्रास्तर—पत्थरै पत्थर भएको । (ख) गुहा—ओडार परेको ।
३—धान्वन (मरु)	(क) निरुदक—पानी घाँस पात केही नभएको । (ख)
४—वनदुर्ग (जङ्गलको)	(क) खञ्जनोदक—छिपछिपे पानी भएको धाप । (ख) स्तम्बगहन—ढड्डी झाड़ी भएको ।

कृत्रिम—बनाएको—

परिखा—पानी भरिएको खाइ ।

परीवाह—पानीको निकास ।

वप्र—वरिपरि उठाएको ढिस्को ।

प्राकार—ढिस्कोमाथि बनेको पर्खाल ।

हस्तिनख—किल्लाको ढोकाबाट ओर्लने ओरालो ।

गोपुर—ठूलो ढोका ।

तोरण—बाहिरी ढोका ।

प्रतोली—पर्खालसंगको गृहविशेष ।

इन्द्रकोश—गुप्तीघर ।

देवपथ—गुप्त बाटो ।

निस्कुटद्वार—टोड्का अस्तो प्वाल।

मण्डपक—सानो घर।

३६. शस्त्रास्त्रवर्ग--

आयुधागारमा रहने शस्त्रास्त्र आदि।

(क) **स्थित**—एक ठाउँमा रहने यन्त्रहरू—

१. **सर्वतोभद्र**—किल्लाको गाह्रोमा हातजस्तो निकासेर अड्याउने गाड़ाको पांग्राको आकार भएको चलाउँदा घुमेर वरिपरि पत्थर वर्षाउने।

२. **जामदग्न्य**—भित्रपट्टि धेरै वाण भरिएर वाण छोड़िरहने।

३. **बहुमुख**—किल्लाको पर्खालमा बनाएको अटालीजस्तो, छालाले ढाकेको, ३।४ खण्ड भएको, जहाँ बसेर धनुर्धारीले चारैतिर वाण हान्दछन्।

४. **विश्वासघाती**—सहरको बाहिर तेर्स्याएको ठूलो गदा जस्तो, जहाँ छुनेबित्तिकै शत्रुको टाउकामा प्रहार पर्दछ।

५. **संघाटी**—लामो टाँगामा जड़िएको, अग्लो ठाउँमा पनि आगो सल्काउन हुने अग्नियन्त्र।

६. **यानक**—पांग्रामाथि अड्याएको दण्डजस्तो लामो यन्त्र।

७. **पर्जन्य**—आगो निभाउने पानी भरिएको वारुणास्त्र।
कसैको मतमा—पर्खालबाहिर राखेको ५० हात लामो दण्डा, शत्रु नजीकै आएमा आफै चलेर हिर्काउने, विश्वासघातीभन्दा लामो।

८. **बाहुयन्त्र**—पर्जन्यभन्दा आधा छोटो, २ खम्भा भएको, चुकुल खोलिदिनासाथ शत्रुमाथि खस्ने।

९. **ऊर्ध्वबाहु**—ठाड़ो ठूलो खम्भा, चुकुल खोल्दा खसेर शत्रुलाई मार्ने।

१०. **अर्धबाहु**—ऊर्ध्वबाहुभन्दा आधा छोटो।

(ख) **चल**—हिंड़ाउन हुने यन्त्रहरू—

१. **पाञ्चालिका**—साह्रो काठको तीखो मुख भएको, पर्खालबाहिर, खाइको पानीमा लुकाएर राख्ने।

२. **देवदण्ड**—किल्लाको पर्खालमा राखिने कीला नभएको ठूलो खंभा।

३. **शूकरिका**—धागो र छालाले बनाइएको रुवा भरेको थैलो, बाहिरबाट ढुंगा वर्षाएमा रोक्ने।

कसैको मतमा—वनेल जस्तो आकारको बाँसको यन्त्र बाहिरबाट गरेको पत्थर-वर्षा रोक्ने पर्खाललाई बचाउने ।

४. **मुसलयष्टि**—भाला जस्तो खयरको दण्डा ।

५. **हस्तिवारक**—हात्तीलाई रोक्ने २।३ मुख भएको दण्डा ।
कसैको मतमा—हात्तीलाई हिर्काउने मुंग्रो ।

६. **तालवृन्त**—हावा लाउने, घुम्ने पंखा जस्तो ।

७. **मुद्गर**—मुंग्रो ।

८. **दुघण**—मुंग्रो जस्तो काठको दण्डा ।

९. **गदा**—मुद्गल ।

१०. **स्पृक्तला**—वरिपरि काँढ़ा भरिएको गदा ।

११. **कुद्दाल**—कोदालो ।

१२. **आस्फोटिम**—छालाले बेरिएको ४ खम्भा भएको पत्थर फ्याक्ने ।

१३. **उद्घाटिम**—मुंग्रो जस्तो यन्त्र ।

१४. **उत्पाटिम**—खंबा उखेल्ने यन्त्र ।

१५. **शतघ्नी**—वरिपरि मोटा लामा कीला भरिएको ठूलो खम्भा गाड़ाको पांग्रा लाएको ।

१६. **त्रिशूल**—तीनचुच्चे भाला ।

१७. **चक्र**—घुमाएर हान्ने ।

(ग) हलमुख—तीखो चुचा भएका यन्त्रहरू—

१. **शक्ति**—४ हात लामो करवीरको पात जस्तो फलामको ।

२. **प्रास**—२४ अंगुल लामो दुइतिर मुख भएको काठ र फलामको ।

३. **कुन्त**—७-६-५ हात लामो भाला ।

४. **हाटक**—भाला जस्तो तीनचुच्चा भएको ।

५. **भिण्डियाल**—ठूलो फाली भएको भाला ।

६. **शूल**—एकमुखे तीखो भाला ।

७. **तोमर**—४, ४।।, ५ हातको मुखमा वाण लागेको ।

८. **वराहकर्ण**—वनेलको कान जस्तो मुख भएको प्रास जस्तो ।

९. **कणप**—दुवैतिर तीनचुचे मुख भएको माझमा समातिने फलामको ।

१०. **कर्षण**—तोमरको नापको हातले फ्याँकिने पखेटा भएको बाण ।

११. **चासिका**—प्रासको नापको टाउको भएको फलामको ।

(घ) धनु—

१. **ताल**—तार वृक्षको बनेको ।
२. **चाप**—बाँसविशेषको बनेको ।
३. **दारव**—धन्वन आदि काठको बनेको ।
४. **शार्ङ्ग**—सीङको बनेको ।

(ङ) ज्या-ताँदो—

मूर्वा आँक शन गवेधु—बाँसको नसाको बनेको ।

(च) वाण—

बाँस सर बलियो काठको बनेको ।
१. **अर्धनाराच**—आधामात्र फलामको वाण भएको ।
२. **नाराच**—जंमै फलामको बनेको ।

(छ) खड्ग—

१. **निस्त्रिंश**—३० अङ्गुलभन्दा बढ़ी लामो, टुप्पा बाङ्गो भएको ।
२. **मण्डलाग्र**—टुप्पा मण्डलाकार भएको ।
३. **असियष्टि**—पातलो लामो ।

(ज) त्सरु—खड्गहरूको मूठ—

गैंडा राङ्गोको सीङ वा हात्तीको दाँतले बनेको ।

(झ) क्षुरकल्प—छुरा जस्तो हतियार—

१. **परशु**—२४ अंगुल लामो फलामको फर्सा ।
२. **कुठार**—दुवैतिर धार भएको ।
३. **पट्टिश**—दुवैतिर त्रिशूल भएको ।
४. **खनित्र**—खन्ति ।
५. **कुद्दाल**—कोदालो ।
६. **क्रकच**—करौंती ।
७. **काण्डच्छेदन**—हाँगा काट्ने ।

(ञ) पत्थरका आयुधहरू—

१. **यन्त्रपाषाण**—यन्त्रले फ्याँकिने पत्थर ।
२. **गोष्पणपाषाण**—गोष्पण नामको लट्ठीले हुत्याइने पत्थर ।
३. **मुष्टिपाषाण**—मुट्ठिले फ्याँकिने पत्थर ।
४. **रोचनी**—सानो पत्थर ।
५. **दृषद्**—ठूलो पत्थर ।

(ट) कवचहरू—

१. **लोहजाल**—टाउको छोप्नेसमेत भएको फलामको जाली ओढने।
२. **लोहजालिका**—टाउको नछोप्ने आङ ढाक्ने फलामको जाली।
३. **लोहपट्ट**—हातबाहेक अरु जिउ छोप्ने फलामे।
४. **लोहकवच**—हात नभएको छाती र पिठ्यूँ छोप्ने फलामे।
५. **सूत्रकङ्कट**—धागाको बनेको जाली।
६. **शिशुमारक**—जलचर प्राणिविशेषको छालाको बनेको।
७. **खङ्गी**—गैंडाका छालाको बनेको।
८. **धेनुक**—अर्नाका छालाको बनेको।
९. **हस्तिक**—हात्तीको छालाको बनेको।
१०. **गो**—गोरूको छालाको बनेको।
११. **शिरस्त्राण**—टाउको बचाउने फलामको कवच।
१२. **कण्ठत्राण**—गर्दन बचाउने फलामको कवच।
१३. **कूर्पास**—आधाबाहुले फलामको कवच।
१४. **कञ्चुक**—घुँडासंम छोप्ने फलामको कवच।
१५. **वारत्राण** - गोलीगाँठासंम छोप्ने फलामको कवच।
१६. **पट्ट**—हात नभएको, फलामबाहेकको कवच।
१७. **नागोदरिका**—हातको औंला मात्र बचाउने पंजा कवच।

(ठ) हातमा लिइने—

१. **पेटी**—काठको जाली ढाल।
२. **चर्म**—ढाल।
३. **हस्तिकर्ण**—हात्तीको कान जस्तो।
४. **तालमूल**—काठको ढाल।
५. **धमनिका**—धागाको बनेको ढाल।
६. **कपाट**—काठको फल्याक।
७. **किटिका**—बाँसको चोयाको वा छालाको ढाल।
८. **अप्रतिहत**—हात बचाउने कवच।

(ड) किल्लाबाहिरका शस्त्रास्त्र आदि—

जानुभञ्जनी—काठको यन्त्र घुँडा फोर्ने।
त्रिशूलप्रकर—काठका चुच्चे त्रिशूलहरू जस्तै।
कूप—गहिरा इनारहरू।
कूट—फलामे सुइराहरू।

अवपातन—घाँसहरूले छोपिएका गहिरा खाडल ।
कण्टकप्रतिसर—काढेतार ।
अहिपृष्ठ—सर्पको डँडाल्नो जस्तो फलामे ।
तालपत्र—फलामे तारको पात जस्तो ।
शङ्काटक—तीनचुच्चे ।
श्वदंष्ट्रा—कुकुरको दाह्रा जस्तो ।
अर्गला—गजबार ।
उपस्कन्दन—चिप्लिने काठ (चिप्लेटी) ।
पादुका—एक पायलामात्र राख्न हुने हीलो भरिएको खाडल ।
अम्बरीष—आगो बालिएका खाडल ।
उदपानक—खराब पानी भरिएको तलाउ आदि ।
पाषाण—पत्थर ।
कुद्दाल—कोदालो ।
कुठार—बंचरो ।
काण्ड—बाण ।
भुसुण्डी—फलामको कीला भएको काठको गदा ।
मुद्गर—मुंग्रो ।
दण्ड—दण्डा ।
चक्र—बाटुलो हतियार ।
शतघ्नी—फलामका कीलाहरू भरिएको ठूलो लामो गदा ।
कार्मारिक—फलामे घत आदि ।
उष्ट्रग्रीवी—ऊँटको गर्दन जस्तो ।

३४. नैतिकवर्ग—

नीति—स्वार्थसिद्धि रूप लक्ष्यमा पुऱ्याइदिने बाटो ।
योग—अप्राप्त विषयको प्राप्ति ।
क्षेम—प्राप्त विषयको संरक्षण ।
लब्धप्रशमन—पाएको राज्य भूमि आदिको राम्रो व्यवस्था ।
व्यायाम—क्षेममा कारण बनेको कार्यारम्भ उद्योग ।
कर्म—उदय-वृद्धि वा क्षय-हानि गराउने अदृष्ट वा दृष्ट मूल कारण ।
(क) **दैव**—दैवी शक्तिरूप अदृष्ट; सो राम्रो नराम्रो दुइ किसिमको छ—
१. **अय**—भाग्य ।
२. **अनय**—दुर्भाग्य ।

(ख) **मानुष्य**—मनुष्यको दृष्ट कार्य; सो पनि राम्रो नराम्रो दुइ किसिमको छ—

१. **नय**—सुनीति रूप सदुपाय ।

२. **अनय**—दुर्नीति रूप असदुपाय ।

षड्गुण, षाड्गुण्य—स्वार्थसिद्धिका निमित्त छ किसिमका नैतिक चालहरू—

१. **सन्धि**—बलहीन हुनेले धन फौज भूमि आदि केही दिएर वा नदिईकन बोल कबोल गरेर मेल गर्नु ।

सन्धिका विभेद—

समसन्धि—बराबर कक्षाका दुइ थरीको सन्धि ।

विषमसन्धि—बलिया र निर्धाको कारणवश भएको सन्धि ।

अतिसन्धि—आफूलाई बढ्ता फायदा हुने सन्धि ।

हिरण्यसन्धि—केही नगद द्रव्य दिएर गरेको सन्धि ।

भूमिसन्धि—केही जमीन दिएर गरेको सन्धि ।

मित्रसन्धि—परस्परको मित्रता बढ़ाउने सन्धि ।

कर्मसन्धि—दुवै थरी मिलेर केही काम गर्ने विषयको सन्धि ।

दण्डसन्धि—सेना लिएर गरेको सन्धि ।

कोषसन्धि—धनसम्पत्ति लिएर गरेको सन्धि ।

पुरुषसन्धि—मानिसहरू लिएर गरेको सन्धि ।

सर्वस्वसन्धि—सर्वस्व लिएर गरेको सन्धि ।

२. **विग्रह**—दुर्बल संझिएको शत्रुको विरोधमा अपकार गर्नु ।

३. **आसन**—दुवै थरी बल बराबर संझी उपेक्षाभारले मौका पर्खेर चूप लागिरहनु ।

(क) **सन्धायआसन**—सन्धि गरेर चूप लाग्नु ।

(ख) **विगृह्यआसन**—विरोध गरेर चूप लाग्नु ।

४. **द्वैध**—बाहिरी देखौवा सन्धि गरेर भित्री विरोध गर्दै दोधारमा रहनु ।

५. **यान**—आफ्नो बल बढ़ी संझेर शत्रुप्रति जाइलाग्नु ।

(क) **विगृह्ययान**—विरोध गरेर अभियान गर्नु ।

(ख) **सन्धाययान**—सन्धि गरेर पनि मौका पर्दा निउ खोजेर अभियान गर्नु ।

(ग) **सम्भूययान**—अर्कोसंग पनि मिलेर सामूहिक अभियान गर्नु ।

६. **आश्रय**—निर्बलले आफ्नो रक्षा खातिर बलियाको आड़ लिनु ।

चार उपाय—फायदा उठाउने युक्ति ।

- १. **साम**—प्रिय-हित कुरा गरेर थुमथुम्याउनु, सम्हाल्नु ।
  - (क) **गुणसङ्कीर्तन**—कुल शरीर कार्य स्वभाव विद्या साधनहरू विषय गरी प्रशंसा गर्नु ।
  - (ख) **सम्बन्धोपाख्यान**—नाता-गोता वैवाहिक सम्बन्ध बोली वचन हृदय मित्रहरूको बयान गर्नु ।
  - (ग) **परस्परोपकारप्रदर्शन**—परस्परले गरेका उपकारहरू देखाउनु ।
  - (घ) **आयतिप्रदर्शन**—पछि यस्तो हुनेछ भनि पछिको आशा देखाउनु ।
  - (ङ) **आत्मोपनिधान**—तपाईं हामी दुवै एकै हौं भनि आत्मा मिलाउनु ।
- २. **दान**—नगद द्रव्य भूमि आदि दिएर उपकार गर्नु ।
- ३. **भेद**—यसले केके त गर्दछ भन्ने शङ्का गराउनु र यसो गर्नेछु भनि तर्साउनु, फूट गराउनु ।
- ४. **दण्ड**—दुःख दिनु, धन हर्नु, शारीरिक क्षति गराउनु ।

तीन शक्ति—आत्मबल ।

- १. **प्रभुशक्ति**—धन र फौजी बलको प्रभाव ।
- २. **मन्त्रशक्ति**—मन्त्रणा विचार ज्ञानको आन्तरिक बल ।
- ३. **उत्साहशक्ति**—जाँगर उमेद पराक्रम स्फूर्तिको बल ।

त्रिवर्ग—तीन मुख्य लक्ष्य-उद्देश्य ।

- १. **धर्म**—अदृश्य दैवी शक्ति ।
- २. **अर्थ**—व्यावहारिक प्रिय-हित स्वार्थ ।
- ३. **काम**—वैषयिक सुखको इच्छापूर्ति ।

तीन उदय—तीन किसिमको फलपरिणाम ।

- १. **क्षय**—पहिलेभन्दा घट्नु ।
- २. **स्थान**—जस्ताको त्यस्तै रहनु ।
- ३. **वृद्धि**—पहिलेभन्दा बढ्नु ।

तीन सिद्धि—तीन किसिमको लाभ ।

- १. **प्रभुसिद्धि**—प्रभुशक्तिको लाभ ।
- २. **मन्त्रसिद्धि**—मन्त्रशक्तिको लाभ ।
- ३. **उत्साहसिद्धि**—उत्साहशक्तिको अभिवृद्धि ।

तीन लाभ—तीन किसिमको फायदा।

1. **द्रव्यलाभ**—नगद धनको प्राप्ति।
2. **भूमिलाभ**—भूमिको प्राप्ति।
3. **मित्रलाभ**—मित्र-मित्रताको प्राप्ति।

सिद्धिका अरु विभेद—

प्रधानसिद्धि—स्वामीकै तजवीजबाट हुने सिद्धि।

अमात्यसिद्धि—मन्त्रीकै भरमा हुने सिद्धि।

उभयायत्तसिद्धि—राजा मन्त्री दुवैको तजवीजबाट हुने सिद्धि।

सर्वार्थसिद्धि—धर्म अर्थ काम तीनै कुराको सिद्धि।

३५. व्यसनवर्ग—

व्यसन—अकस्मात् परिआएको सङ्कट वा खराब विषयमा आसक्ति।

प्रकृतिव्यसन—स्वामी अमात्य सुहृद् कोश राष्ट्र (जनपद) दुर्ग बल (फौज) यी ७ राज्यका प्रकृतिहरूमा चाहिनेजस्तो नभई हुन आएको दोषबाट परिआउने बाधा-पीड़ा-दुःखहरू।

उपनिपात—दैवी विपत्ति।

व्यसनका भेद—

(क) **दैवी-व्यसन**—अनय-दुर्भाग्यले गर्दा दैवी घटनाबाट पर्नआएको सङ्कट।

1. **अग्नि**—आगोबाट भएको उत्पात।
2. **जल**—नदीहरूको जलप्रवाहबाट भएको उत्पात।
3. **व्याधि**—रोगको अधिक प्रसारले भएको बाधा।
4. **दुर्भिक्ष**—अन्नादि दुर्लभ भएर भएको सङ्कट।
5. **मरक**—महामारी आदि फैलिएर पर्न आएको सङ्कट।

(ख) **मानुष-व्यसन**—अपनय-कुनीतिले गर्दा मनुष्यको बुद्धिदोषले पर्न आएको सङ्कट।

यसका उपभेद—

(अ) **कोपज**—भित्रीवर्गमा उठेको कोप-चीढ़बाट पर्नआएको सङ्कट।

1. **वाक्पारुष्य**—कड़ा बोली तिरस्कार आदिको प्रयोग।
2. **अर्थदूषण**—राम्रै भएको कुरामा पनि खोट लाग्नु।
3. **दण्डपारुष्य**—मार-पीट आदि हुनु।

(आ) **कामज**—कामना बढेर कुनै दुर्विषयमा हानिकारक आसक्ति।

1. **मृगया**—सिकारमा आसक्त हुनु।

२. **द्यूत**—जूवामा आसक्त हुनु ।
३. **स्त्री**—स्त्रीहरूमा आसक्त हुनु ।
४. **पान**—मद्यपानमा आसक्त हुनु ।

आपद्—दैवी विपत्तिहरू ।

१. **अग्नि**—आगो लाउनु ।
२. **उदक**—पानीको प्रवाह बढ्नु ।
३. **व्याधि**—रोग फैलिनु ।
४. **प्रमार**—महामारीले धेरै मर्नु ।
५. **विद्रव**—देशमा विप्लव भएर भागाभाग हुनु ।
६. **दुर्भिक्ष**—अनिकाल पर्नु ।
७. **आसुरीसृष्टि**—मूषा आदि धेरै बढ्नु ।
८. **अवृष्टि**—पानीको वर्षा नहुनु ।
९. **अतिवृष्टि**—ज्यादा वर्षा हुनु ।

मरक—महामारी ।
अहिभय—राज्यका भित्री प्रकृतिहरू चिढ़िएर राजालाई हुनआउने भय ।
कोशव्यसन—खजानामा परिआउने सङ्कट ।

(क) **स्तम्भ**—सरकारी आय आउने ठाउँबाट नउठी रोकिनु ।
(ख) **सङ्ग**—सरकारी आय आउने ठाउँबाट उठेपनि उठाउने कर्मचारीहरूको हातमा रहेर ढुकुटी दाखिल नहुनु ।

बलव्यसन—फौजहरू चिढ़िएर राजाको अनुकूल नहुनु ।
वैराज्य—राज्यको नियन्ता राजा नहुनु ।
द्वैराज्य—एक राष्ट्रमा दुइ स्वामीको नियन्त्रण हुनु ।
राजव्यसन—राजाको शरीर अस्वस्थ भएर हुने कार्यमा सङ्कट अथवा राजाको दोषले परिआउने सङ्कट ।

(क) **अन्धता**—राजालाई नीतिशास्त्रको ज्ञान नभएर मनपर्दो गर्नु।
(ख) **चलितशास्त्रता**—नीतिशास्त्रको ज्ञान भए पनि त्यसको अनुसरण नगरी राजाले मनपर्दो गर्नु ।

आभ्यन्तरकोप—राज्यका अमात्य आदि भित्री जनहरू चिढ़िनु ।
वाह्यकोप—राष्ट्रका बाहरिया मुख्य जनहरू चिढ़िनु ।
उपजाप—भेदनीतिको प्रयोग ।
प्रतिजाप—शत्रुको भेदनीतिको प्रतिक्रियारूप भेदनीति ।

मुष्टिवध—अन्नका बीउहरू नष्ट हुनु।
सस्यवध—अन्नहरू नष्ट हुनु।

३६. सैनिकवर्ग—

सेना—फौज।

विभेद—
1. **मौल**—राजधानीको रक्षा गर्ने स्थायी मुख्य सेना।
2. **भृतक**—भर्ती गरिएको सेना।
3. **श्रेणी**—जनपदभित्रका शस्त्रधारीहरूको दल।
4. **मित्रदल**—मित्रको सेना।
5. **अमित्रदल**—शत्रुको सेना।
6. **आटविक**—किरात आदि जङ्गली जातिको दल।

सेनाङ्ग—
1. **हस्ती**—हात्ती।
2. **अश्व**—घोड़ा।
3. **रथ**—रथ।
4. **पादात, पत्ति**—पैदल।

पदिक—१० रथ १० हात्तीमाथि अधिकार भएको प्रमुख।
सेनापति—१० पदिकमाथिको प्रधान अधिकारी।
नायक—१० सेनापतिमाथिको प्रधान अधिकारी।
प्रधान सेनापति—सबै सेनाविभागको प्रधान अधिकारी।
योग्या—अभ्यास, कवाज।
व्यायाम—कसरत परिश्रम।
ध्वज—ध्वजा।
पताका—झण्डा।
तूर्य—बाजा।
व्यूहसंज्ञा—सङ्केत इसारा।

३७. हस्तिवर्ग—

हस्ती, गज—हात्ती।
हस्तिवन, नागवन—हात्ती हुने वन।
हस्तिशाला—हात्तीसार।
हस्तध्यक्ष—हात्तीविभागको प्रधान अधिकारी।

हस्तियक, आधोरण—माहुते ।
महामात्र—प्रधान माहुते ।
अनीकस्थ—हात्तीलाई तालीम गर्ने, हस्तिशास्त्र जान्ने ।
पादपाशिक—खुट्टामा बाँध्ने ।
पारिकर्मिक—टहलुवा ।
औपशायक—सुत्ने ठाउँको हेरचाह गर्ने ।
यावसिक—दाना खुवाउने ।
वनपाल—वनपाले ।
हात्तीविशेष—
  (क) **भद्र**—उत्तम ।
  (ख) **मन्द**—मध्यम ।
  (ग) **मृग**—निकृष्ट ।
हस्तिपर्यग्र—हात्तीको लगत ।
हस्तिवन्धकी—हात्ती फसाउन सधिएका हत्तिनीहरू ।
धेनुका—सुत्केरीढोई ।
यूथचर—बथान लिएर हिंड्ने ।
यूथचर—बथानको मुख्य ।
एकचर—एकलै हिंड्ने ।
निर्यूथ—बथानबाट फुटेको ।
यूथपति—बथानको मुख्य ।
व्याल—दुष्ट ।
साङ्ग्रामिक—युद्धसम्बन्धी ।
सान्नाह्य—युद्धमा काम दिने ।
औपवाह्य—सवारीको काम दिने ।
पोत—बच्चा छावा ।
विक्क—दूधपीउने बच्चा ।
मूढ—हत्तिनीको बराबर दाँत भएको ।
मत्कुण—दाँत नभएको मकुना ।
बद्धमुक्त—बाँधिएर उम्केको ।
विधा—खानेदाना ।
आयाम—लमाइ ।
उत्सेध—उचाइ ।
विष्कम्भ—मोटाइ ।

आत्वान—मौलो।
वैजयन्ती—झण्डा।
परायण—चढ्दा समातिने डोरी।
परिक्षेप—गोडाको फाद।
अङ्कुश—अङ्कुशी।
क्षुरप्रमाला—घुघुराको माला।
आस्तरण—गद्दा।
कुथ—हौदा।

३८. अश्ववर्ग—

अश्वशाला—तबेला।
अश्वाध्यक्ष—घोड़ाविभागको प्रधान अधिकारी।
अश्व—घोड़ा।
    विभेद—
    (क) पण्यागारिक—बजारमा रहेको।
    (ख) क्रयागत—किनेर ल्याएको।
    (ग) आहवलब्ध—युद्धमा लुटेको।
    (थ) आजान—घरैमा जन्मेको।
वडवा—घोड़ी।
वृष—साढ घोड़ा।
किशोर—बछेड़ा।
रथ्य—रथको घोड़ा।
प्रयोग्य—सधिएको।
नारोष्ट्र—इसराअनुसार चल्ने।
यवस—आधा पाकेको दाना।
यवस—घाँस।
पुञ्जील—वाँहा भर घाँस।
विधा—दाना।
विधापाचक—दाना पकाउने।
सूत्रग्राह—सयस।
अश्वबन्धक—घोड़ा बाँध्ने।
अश्ववाह—घोड़सवार।
सूत—सवार।

नीराजना—आरती ।
मार्ग—घोड़ाको हिंडाइ ।
धारा—गतिविशेष ।
अश्वपर्यग्र—घोड़ाको लगत ।
सान्नाह्य—युद्धमा काम दिने ।
औपवाह्य—सवारीको काम दिने, चढ्ने घोड़ा ।
अश्वतर—खच्चर ।
ऋषभ—सीढ ।

३९. रथवर्ग—

रथाध्यक्ष—रथविभागको प्रधान अधिकारी ।
रथकर्मान्त—रथ बनाउने कारखाना ।
रथ—५ हात ऊचो, ६ हात चौड़ा मुख्य रथ ।

यसभन्दा १।१ बित्ता उचाइ चौड़ाइ कम भएका ६ बित्ता तीन हातसंमका साना साना रथ ६ थरी हुन्छन् ।

रथविशेष—
(क) **देवरथ**—देवतामूर्तिको यात्राउत्सव गराउने रथ ।
(ख) **पुष्परथ**—विवाहादि मङ्गलउत्सवमा चढ्ने रथ ।
(ग) **सांग्रामिक**—युद्धमा काम दिने रथ ।
(घ) **पारियाणिक**—बाटामा घुमफिर गर्दा चढ्ने रथ ।
(ङ) **परपुराभियानिक**—शत्रुमाथि हमला गर्दा काम दिने रथ ।

वैनयिक—अभ्यास तालीम गराउने रथ ।
सारथि—रथ हाँक्ने ।
रथिक—रथमा चढ्ने ।
रथ्य—रथका घोड़ा ।
रथ्या—रथ चल्ने बाटो ।

४०. पत्तिवर्ग—

पत्ति, पदाति—पैदल सैनिक ।
सेनानी—फौजको अधिकारी ।
नायक—नाइके ।
सेनापति—फौजको प्रधान मुख्य अधिकारी
व्यायाम—कवायत ।
तूर्य—बाजा ।

ध्वजा—झण्डा ।
पताका—झण्डा ।
व्यूहसंज्ञा—संकेत इसारा ।

४१. व्यूहवर्ग—

व्यूह—सेनाको सामूहिक विशेष विन्यास ।

व्यूहमा २ पक्ष–पखेटा, २ कक्ष–कोखा, १ उरस्य–छाती, १ पुच्छ–पुछर–यी ६ अङ्ग हुन्छन् । कुनैमा ५ मात्र पछि हुन्छन् ।

प्रकृतिव्यूह—मूल व्यूह ।
(क) **दण्डव्यूह**—तेर्सो लहर लागेको ।
(ख) **भोगव्यूह**—सर्पको फणा झैं घुमाएको ।
(ग) **मण्डलव्यूह**—गोलाकार भई सबैतिरबाट शत्रुमाथि आक्रमण गर्ने ।
(घ) **असंहतव्यूह**—६ वटा अङ्ग–भाग छुट्टाछुट्टै रहेको ।

दण्डव्यूह—पखेटा-कोखा-छातीका भागहरू एकनास गरी हिंड्ने ।

दण्डव्यूहविशेष—
(क) **प्रदरव्यूह**—२ कोखाको भाग शत्रु दलपट्टि अगाड़ि बढ्ने ।
(ख) **दृढकव्यूह**—२ पखेटाद्वारा आइलाग्ने शत्रुमाथि जाइलाग्ने ।
(ग) **असह्यव्यूह**–२ पखेटाको भाग वेगसंग शत्रुदलभित्र पसाएको ।
(घ) **श्येनव्यूह**—पखेटाहरू ठाउँ-ठाउँमै रही छातीको भागमात्र शत्रुदलमा अगाड़ि बढ़ाएको ।

अरु भेद—
(क) **चापव्यूह**—२ कोखा बाहिर निस्केर अगाड़ि बढ़ेको ।
(ख) **चापकुक्षिव्यूह**—२ पखेटा बाहिर निकासेको ।
(ग) **प्रतिष्ठव्यूह**—२ पखेटा बाहिर निकासी अगाड़ि बढ़ाएको ।
(घ) **सुप्रतिष्ठव्यूह**—२ पखेटा र छातीको भाग अगाड़ि बढ़ाएको ।
(ङ) **सञ्जयव्यूह**—२ तिरका पखेटा धनुको आकार पारेको ।
(च) **विजयव्यूह**—छातीको भाग शत्रुसेनाभित्र पसाएको ।
(छ) **स्थूलकर्णव्यूह**—२ पखेटा ठूलो कान जस्तो तुल्याएको ।
(ज) **विशालविजयव्यूह**—विजयव्यूहको भन्दा दुवै पखेटा मोटा गराएको ।
(झ) **चन्द्रमुखव्यूह**—२ पखेटा २ कोखा १ छाती अगाड़ि बढ़ाएको ।
(ञ) **झषास्यव्यूह**—सबै भाग समान गतिमा हिंड्ने ।

(ट) सूचीव्यूह—तीखो भएर शत्रुसेनाभित्र पसेको।

(ठ) वलयव्यूह—६ वटै भाग घुमाएर राखेको।

(ड) दुर्जयव्यूह—४ दिशामा चारवटा दण्डव्यूह बनाई राखेको।

भागव्यूहविशेष—

(क) सर्पसारी, (ख) गोमूत्रिका, (ग) शकट, (घ) मकर, (ङ) पारिपन्नक।

मण्डलव्यूहविशेष—

(क) सर्वतोमुख, (ख) सर्वतोभद्र, (ग) आर, (घ) दुर्जय।

असंहतव्यूहविशेष—

(क) गोधा, (ख) काकणी, (ग) अर्धचन्द्र।

४२. साङ्ग्रामिकवर्ग—

संग्राम, युद्ध—लडाइँ।

स्कन्धावर—छाउनी।

सांग्रामिक—युद्धसम्बन्धी।

सान्नाह्य—युद्धमा काम दिने।

समुदानकाल—फौज जंमा गर्ने समय।

बलसमुत्थान—फौज उठाउनु।

अभियान—शत्रुमाथि आक्रमण गर्ने यात्रा।

सम्भूययान—धेरै जना मिलेर अभियान गर्नु।

वीवध—अन्न आदि रसदको प्राप्ति।

आसार—मित्रको फौज।

प्रसार—घाँस-पात-इन्धनहरूको प्राप्ति।

विजय—जीत।

पराजय—हार।

धर्मविजयी—धर्मपूर्वक विजय गर्ने।

लोभविजयी—धन-भूमिहरूको लोभले विजय गर्ने।

आसुरविजयी—छल कपट आदि गरेर विजय गर्ने।

योद्धा—लड्ने।

प्रतियोद्धा—बदला दिन लड्ने।

मूल—मुख्य राजधानी।

सारबल—मुख्य फौज।

शून्यपाल—राजा बाहिर गएमा राजधानीको रक्षा गर्ने।

परग्राम—शत्रुको गाउँ सहर देश ।
सुरुङ्गा—सुरुङ ।
यातव्य—अभियान गरिने शत्रु ।
सत्र—साँगुरो खोच बाटो ।
दूष्य, कृत्य—शत्रुले फुटाइने ।
अदूष्य, अकृत्य—शत्रुले फुटाउन नशकिने ।
प्रकाशयुद्ध—फलानो ठाउँ-समयमा युद्ध गर्ने भनि अगिबाटै हाक दिएर गरेको युद्ध ।
मन्त्रयुद्ध—विचार मन्त्रणाको बढ्तीले शत्रुलाई दबाउनु ।
कूटयुद्ध—छल-कपटको युद्ध ।
रात्रियुद्ध—रातमा गरेको युद्ध ।
तूष्णीयुद्ध—गुप्तपुरुषहरूद्वारा शत्रुमाथि गुप्तघात प्रयोग गर्नु ।
सौप्तिक—सुतेको वखतमा छापा मार्नु ।
पर्युपासन—घेरा हाल्नु ।
अवस्कन्द—जमात भएर हमला-धावा गर्नु ।
अवमर्द—शत्रुको किल्ला हातमा लिनु-दखल गर्नु ।
अभ्यवपत्ति—शरण पर्नु ।
अवपातन—खसाल्नु ।
परकर्शन—शत्रुलाई पीड़ा दिनु ।
सङ्कुल—घमासान युद्ध ।
उत्तिष्ठमान—युद्ध गर्न उठेको—तयार भएको ।
योग—कपटी उपाय ।
योगातिसन्धान—कपटी उपायले शत्रुलाई छकाउनु ।
वामन—शत्रुलाई किल्लाबाट बाहिर निकाल्नु ।
रसावेद्ध—विष मिलाएको ।
दण्डोपनत—फौजी बलले वशमा पारिएको विरोधी ।
दण्डोपनायी—फौजी बलले विरोधीलाई वशमा पार्ने ।
अग्नियोग—आगो लाउनु ।
लब्धप्रशमन—पाएको राज्य भूमि स्थिर गराउने बन्दोबस्त ।

४३. औपनिषदवर्ग—

औपनिषद—औषध मन्त्र आदिको गोप्य प्रयोग ।
प्रलम्भन—छकाउनु ।
मन्त्रयोग—मन्त्रविशेषको प्रयोग ।

भैषज्ययोग—औषधविशेषको प्रयोग ।
अद्भुतोत्पादन—अनौठा दृश्यहरू खड़ा गर्नु ।
अग्निनिधान—आगो लाउनु ।
अन्धीकरण—अन्धो तुल्याउनु ।
उदकदूषण—पानी विषालु बनाउनु ।
मदनयोग—चित्त विभ्रम गराउने उपाय ।
नेत्रमोहन—आँखा लट्ठयाउनु ।
क्षुद्योग—भोक नलाग्ने गराउनु ।
विरूपकरण—विकृत रूप गराउनु ।
श्वेतीकरण—सेतो तुल्याउनु ।
श्यामीकरण—कालो तुल्याउनु ।
निगडभञ्जन—नेलहरू भाँच्नु ।
उल्कादर्शन—राँको देखाउनु ।
नष्टछायारूप—अनुहार र छाया पनि नदेखिने ।
अन्तर्धान—नदेखिने हुनु ।
प्रस्वापन—निद्राले लट्ठ पार्नु ।
तालोद्घाटन—ढोकाका चुकुलहरू उघार्ने उपाय ।
नलदीपिका—ढड्डीहरूमा बत्ती बाल्नु ।
अग्निधूमोत्सर्ग—मुखबाट आगाको ज्वाला धूवाँ निकाल्नु ।
प्रतीकार—विष आदि शमन गर्ने उपाय ।
निष्प्रतीकार—शमन गर्ने उपाय नभएको ।
परबलोपघात—शत्रुदलमा हानि बाधा गराउनु ।
स्वबलोपघात—आफ्नो पक्षमा शत्रुले गराएको हानि बाधा शमन गराउनु ।
प्रतीकार—बचाउ गर्ने प्रतिक्रिया ।

४४. तन्त्रयुक्तिवर्ग—(अर्थशास्त्रीय उक्तिविशेषहरू)

१. **अधिकरण**—अर्थशास्त्रसम्बन्धी अवान्तर विषयको प्रकरण ।
२. **विधान**—शास्त्रीय प्रकरणहरूको क्रमिक सम्बन्ध ।
३. **योग**—चाहिने पदहरू मिलाएर वाक्यको निर्माण ।
४. **पदार्थ**—एकेक पदको अर्थ देखाउनु ।
५. **हेत्वर्थ**—कुनै कुरा सिद्ध गर्ने कारण देखाउनु ।
६. **उद्देश**—छोटगरी तुल्याएको वाक्य ।

७. **निर्देश**—विस्तार गरी देखाएको वाक्य ।
८. **उपदेश**—यसो गर्नुपर्छ भनि बाटो देखाउनु ।
९. **अपदेश**—अरुले यसो भनेका छन् भनि देखाउनु ।
१०. **अतिदेश**—भनिसकेको कुराबाट भन्नुपर्ने कुरा सिद्ध पार्नु ।
११. **प्रदेश**—पछि भनिनेछ भनि भन्नु ।
१२. **उपमान**—लौकिक दृष्टान्त देखाएर नयाँ कुरा सिद्ध गर्नु ।
१३. **अर्थापत्ति**—अर्थात् आउने कुरा देखाउनु ।
१४. **संशय**—दुवैतिर उपपत्ति भएको दोधारे कुरा ।
१५. **प्रसङ्ग**—अर्को प्रकरणमा भने जस्तै भनि देखाउनु ।
१६. **विपर्यय**—भनेको कुराभन्दा उल्टो कुरा देखाउनु ।
१७. **वाक्यशेष**—केही थपेर कुरा टुङ्गिनु ।
१८. **अनुमत**—अरुले भनेको कुरा आफूले स्वीकार गर्नु ।
१९. **व्याख्यान**—विस्तारसाथ त्यो विषय भन्नु ।
२०. **निर्वचन**—कुनै शब्दको अवयवार्थ देखाउनु ।
२१. **निदर्शन**—दृष्टान्त देखाएर भन्नु ।
२२. **अपवर्ग**—सबैतिर लाग्ने जस्तो कुरालाई एकातिर लगाउनु ।
२३. **स्वसंज्ञा**—आफूले नयाँ सङ्केत गरिएको शब्द ।
२४. **पूर्वपक्ष**—खण्डन गरिने पक्ष ।
२५. **उत्तरपक्ष**—निर्णय गरिएको पक्ष ।
२६. **एकान्त**—विचारबाट निचोर निस्केको कुरा ।
२७. **अनागतावेक्षण**—पछि आउने कुरा अगिबाट जनाउनु ।
२८. **अतिक्रान्तावेक्षण**—भनिसकिएको कुरा पछि संझाएर देखाउनु ।
२९. **नियोग**—यसै हो, अर्को होइन भनि निर्धारण गर्नु ।
३०. **विकल्प**—यसो कि यसो भनि भन्नु ।
३१. **समुच्चय**—यो पनि यो पनि भनि भन्नु ।
३२. **ऊह्य**—भनेको कुराबाट नभनेको कुराको तर्कना गर्नु ।